भवानी भिक्षुका कथामा द्वन्द्वविधान

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
नेपाली विषयमा विद्यावारिधि उपाधिको
प्रयोजनका निम्ति
प्रस्तुत

शोधप्रबन्ध

शोधकर्ता
गणेशप्रसाद शर्मा
क्रमाङ्क : ६०/०७२ माघे सत्र
२०८१

शोधप्रबन्ध समितिको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधिका निमित्त *भवानी भिक्षुका कथामा द्वन्द्वविधान* शीर्षकको प्रस्तुत शोधप्रबन्ध शोधकर्ता गणेशप्रसाद शर्माले हाम्रा निर्देशन र सुपरीवेक्षणमा तयार गर्नुभएको हो । आवश्यक परिष्कार एवम् परिमार्जन गरेर तयार गरिएको यस शोधप्रबन्ध कार्यबाट हामी सन्तुष्ट छौँ र यसको आवश्यक मूल्याङ्कन प्रक्रियाका निमित्त मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयसमक्ष सिफारिस गर्दछौँ ।

प्रा.डा. लक्ष्मणप्रसाद गौतम
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

सहप्रा.डा. दुर्गाबहादुर घर्ती
सहशोधनिर्देशक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

मिति : २०८१/६/२

TRIBHUVAN UNIVERSITY
FACULTY OF HUMANITIES & SOCIAL SCIENCES
Office of the Dean
Kirtipur, Kathmandu

Ref. No.:.....

APPROVAL LETTER

This dissertation entitled "भवानी भिक्षुका कथामा द्वन्दविधान" was submitted by **Mr. Ganesh Prasad Sharma** of Humanities and Social Sciences, Tribhuvan University, in fulfillment of the requirements for the **Degree of Doctor of Philosophy in Nepali.** I hereby, certify that the Research Committee of the Faculty has found this dissertation satisfactory in scope and quality. Therefore, it has been accepted for the degree.

.....
Prof. Dubi Nanda Dhakal, PhD
Acting Dean and Chairperson
Research Committee

Date:

प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत *भवानी भिक्षुका कथामा द्वन्द्वविधान* शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोधनिर्देशक र सहशोधनिर्देशकका निर्देशनमा रही सम्पन्न गरेको हुँ । यो शोधप्रबन्ध मेरो पूर्णतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धका कुनै पनि पाठ वा अंश कुनै पनि प्रयोजनका लागि अन्यत्र कतै उपयोग गरेको छैन भन्ने प्रतिबद्धता व्यक्त गर्दछु । मैले यहाँ व्यक्त गरेको प्रतिबद्धताविरुद्ध कुनै प्रमाण भेटिएमा म त्यसप्रति पूर्ण उत्तरदायी हुनेछु ।

मिति : २०८१/६/२

गणेशप्रसाद शर्मा
शोधकर्ता

कृतज्ञताज्ञापन

भवानी भिक्षुका कथामा द्वन्द्वविविधान शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले शोधनिर्देक आदरणीय गुरु प्रा.डा. लक्ष्मणप्रसाद गौतमको कुशल निर्देशनमा तयार पारेको हुँ । विद्यावारिधि शोधकार्यजस्तो गहन, सूक्ष्म र विस्तृत अध्ययन विद्वान् गुरुको उचित मार्गनिर्देशनबिना मेरा लागि सम्भव थिएन । आदरणीय गुरुको पथप्रदर्शन एवम् आवश्यक सल्लाहसुझाबले यो शोधकार्य पूरा भएको हो । यस शोधकार्यको प्रारम्भदेखि अन्त्यसम्मका विभिन्न चरणमा मलाई आफ्नो अत्यन्त व्यस्त समयका बिच पनि फुर्सद निकालेर आवश्यक निर्देशन, परामर्श, सुझाब र सल्लाहका साथै अध्ययन र खोजअनुसन्धान कार्यमा उत्प्रेरित गर्नुहुने शोधनिर्देशक आदरणीय गुरुप्रति उच्च आदरसहित हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधकार्यले यो स्वरूप प्राप्त गर्नुमा सहशोधनिर्देशक आदरणीय गुरु सहप्रा.डा. दुर्गाबहादुर घर्तीको कुशल निर्देशन महत्त्ववपूर्ण रहेको छ । आफ्नो व्यस्त समयका बिच पनि अत्यन्त रुचिका साथ शोधकार्यका हरेक चरणमा आधुनिक प्रविधिका माध्यमबाट समेत मार्गनिर्देशन गर्दै उचित सल्लाह र परामर्श दिनुका साथै शोधकार्यका लागि आवश्यक पर्ने दुर्लभ शोधसामग्री उपलब्ध गराएर मलाई शोधकार्यमा उत्प्रेरित गर्नुहुने सहशोधनिर्देशक आदरणीय गुरुप्रति उच्च आदर र आभार प्रकट गर्दै हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधकार्यको शीर्षक जुराइदिएर यसैमा शोधानुसन्धान गर्न हौसला दिई शोधप्रस्तावलाई आवश्यक सुधार र परिमार्जन गर्न आफ्नो अमूल्य समय दिएर मार्गदर्शन गर्नुहुने आदरणीय गुरु प्रा.डा. दयाराम श्रेष्ठप्रति म आभारी छु । शोधप्रस्तावलेखनदेखि लिएर शोधकार्यका विभिन्न चरणमा आवश्यक परामर्श, सल्लाह, सुझाव र मार्गनिर्देशन गर्नुहुने आदरणीय गुरु प्रा.डा. महादेव अवस्थी, प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल, प्रा.डा. सीताराम विष्ट, प्रा.डा. नारायणप्रसाद गड्तौला, सहप्रा. डा. गोविन्दप्रसाद शर्मा, सहप्रा. डा. साधना पन्तलगायत सम्पूर्ण गुरुजनप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अध्ययन कार्यका लागि मलाई प्रोत्साहन र उत्प्रेरित गर्नुका साथै आवश्यक सहयोग र सुझाव एवम् मार्गनिर्देशन गर्नुहुने धवलागिरि बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष प्रा.डा. दिनबहादुर थापा, क्याम्पस प्रमुख प्रा.डा. रामप्रसाद उपाध्याय, सहप्रा. आदरणीय गुरु हरिप्रसाद पराजुली र सहप्रा. हरिप्रसाद गौतमका साथै शोधसामग्री सङ्कलनमा सक्दो सहयोग गर्नुहुने उपप्रा. विश्वबन्धु अधिकारीप्रति पनि म हृदयदेखि नै आभारी छु । विषयगत सामग्री सङ्कलनमा सक्दो सहयोग गर्नुहुने धवलागिरि बहुमुखी क्याम्पसको नेपाली विभागका सहकर्मी एवम् विभागीय प्रमुख उपप्रा. आनन्दराज सिलवाललगायत सम्पूर्ण विभागीय सदस्य मित्रहरूप्रति पनि म आभार प्रकट गर्दछु ।

अध्ययनमार्गमा मलाई सधैँ प्रोत्साहन गर्ने र शुभाशीर्वाद दिनुहुने अनि मेरो सफल र उज्ज्वल जीवन र भविष्यको कामना गर्नुहुने परमपूज्य बुबा स्व. कृष्णराज शर्मा र आमा लक्ष्मीकुमारी शर्माप्रति म ऋणी छु र नतमस्तक भएर कृतज्ञता प्रकट गर्दछु । मैले विद्यावारिधि शोधकार्य गर्न प्रारम्भ गरेदेखि नै घरायसी सम्पूर्ण जिम्मेवारी आफै वहन गरेर अध्ययन कार्यमा मलाई एकचित्त भई लाग्न हौसला प्रदान गरी सहयोग गर्ने श्रीमती इन्दिरा गौतम शर्मालाई

हृदयदेखि नै धन्यवाद प्रकट गर्न चाहन्छु । मेरो विद्यावारिधि अध्ययन छिटो सकिएको सुन्न उत्साहित भएर सक्दो सहयोग गर्ने जेठो छोरा राजीव, बुहारी दीपा, कान्छो छोरा रोहित र छोरी रश्मिप्रति अनन्त माया र आशीर्वाद प्रकट गर्दछु ।

विद्यावारिधि शोधकार्य गर्न मलाई अवसर प्रदान गर्ने त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालय; शोधकार्यका विभिन्न चरणमा आवश्यक सुधार र परिमार्जन गरेर अघि बढ्न मार्गप्रशस्त गरिदिने त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग; विद्यावारिधि अध्ययनका लागि बिदाको उचित प्रबन्ध गरिदिने त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, समन्वय महाशाखा; शोधमूलक सामग्री उपलब्ध गराएर सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय; धवलागिरि बहुमुखी क्याम्पस पुस्तकालय, वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय, विद्यामन्दिर पुस्तकालय, नेपाल प्रज्ञाप्रतिष्ठान, साझा प्रकाशन, अन्य स्वदेशी र विदेशी पुस्तक प्रकाशन संस्थाहरूप्रति पनि कृतज्ञता प्रकट गर्दछु । मेरो विद्यावारिधि शोधकार्यका लागि सहयोगी हुने पुस्तक एवम् अनुसन्धान कार्यका लेखक, सर्जक, समालोचक, अनुसन्धानकर्तालगायत सबैप्रति आभारसहित कृतज्ञता प्रकट गर्दछु । यस शोधकार्यको टङ्कनकार्यसम्बन्धी केही प्राविधिक पक्ष मिलाउन सहयोग गर्ने सन्तोष आचार्यलाई हार्दिक धन्यवाद दिन्छु ।

अन्त्यमा म यस शोधकार्यको आवश्यक मूल्याङ्कन प्रक्रियाका लागि यसलाई त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०८१/६/२

गणेशप्रसाद शर्मा
शोधकर्ता

विषयसूची

शीर्षक	पृष्ठसङ्ख्या
शोधप्रबन्ध समितिको सिफारिस	क
अनुमोदनपत्र	ख
प्रतिबद्धता	ग
कृतज्ञताज्ञापन	घ
विषयसूची	च

पहिलो परिच्छेद
शोधपरिचय

१.१ विषयपरिचय	१
१.२ समस्याकथन	२
१.३ शोधकार्यको उद्देश्य	३
१.४ पूर्वकार्यको समीक्षा	३
१.५ शोधकार्यको औचित्य र महत्त्व	२१
१.६ शोधको सीमाङ्कन	२२
१.७ शोधविधि	२३
१.७.१ सामग्री सङ्कलनविधि	२३
१.७.२ विश्लेषणविधि	२३
१.८ शोधप्रबन्धको रूपरेखा	२४

दोस्रो परिच्छेद
भवानी भिक्षुका कथामा फ्रायडीय मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधान

२.१ विषयप्रवेश	२६
२.२ सिग्मन्ड फ्रायडको द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता	२६
२.३ विश्लेषणको ढाँचा	३१
२.३.१ इदम् र अहम्का बिच द्वन्द्वविश्लेषणको ढाँचा	३१
२.३.२ इदम् र पराहम्का बिच द्वन्द्वविश्लेषणको ढाँचा	३२
२.३.३ जीवन र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्वविश्लेषणको ढाँचा	३२
२.४ भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधान	३३
२.४.१ इदम् र अहम्का बिच आन्तरिक द्वन्द्वविधान	३३
२.४.२ इदम् र पराहम्का बिच आन्तरिक द्वन्द्वविधान	४८

२.४.३ जीवन र मृत्यु मूलप्रवृत्तिका बिच आन्तरिक द्वन्द्वविधान ७०
२.५ निष्कर्ष ९२

तेस्रो परिच्छेद
भवानी भिक्षुका कथामा फ्रायडोत्तर मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधान

३.१ विषयप्रवेश ९५
३.२ द्वन्द्वसम्बन्धी फ्रायडोत्तर सैद्धान्तिक मान्यता ९५
३.२.१ अल्फ्रेड एडलरको द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता ९६
३.२.२ कार्ल गुस्ताफ युङ्गको द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता ९८
३.३ विश्लेषणको ढाँचा १००
३.३.१ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्वविश्लेषणको ढाँचा १००
३.३.२ पुरुषपन नारीपनका बिच द्वन्द्वविश्लेषणको ढाँचा १०१
३.३.३ अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्वविश्लेषणको ढाँचा १०१
३.४ भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधान १०२
३.४.१ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच आन्तरिक द्वन्द्वविधान १०३
३.४.२ पुरुषपन र नारीपनका बिच आन्तरिक द्वन्द्वविधान १८०
३.४.३ अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच आन्तरिक द्वन्द्वविधान २०९
३.५ निष्कर्ष २३२

चौथो परिच्छेद
भवानी भिक्षुका कथामा म्याक्स वेबरका मान्यताका आधारमा बाह्य द्वन्द्वविधान

४.१ विषयप्रवेश २३५
४.२ म्याक्स वेबरको द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता २३५
४.३ विश्लेषणको ढाँचा २४०
३.१ सम्पत्तिका लागि सिर्जित द्वन्द्वविश्लेषणको ढाँचा २४०
४.३.२ शक्तिका लागि सिर्जित द्वन्द्वविश्लेषणको ढाँचा २४१
४.३.३ प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविश्लेषणको ढाँचा २४१
४.४ भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधान २४२
४.४.१ सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधान २४२
४.४.२ शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधान २६१
४.४.३ प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधान २८०
४.५ निष्कर्ष ३१३

पाँचौँ परिच्छेद
भवानी भिक्षुका कथामा द्वन्द्वविधानको प्रयोजन

५.१ विषयप्रवेश	३१६
५.२ कथामा द्वन्द्वविधानको प्रयोजन	३१६
५.३ भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको प्रयोजन	३१७
५.३.१ इदम् र अहम्का बिच द्वन्द्वविधानको प्रयोजन	३१८
५.३.२ इदम् र पराहम्का बिच द्वन्द्वविधानको प्रयोजन	३२०
५.३.३ जीवन र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्वविधानको प्रयोजन	३२२
५.३.४ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्वविधानको प्रयोजन	३२४
५.३.५ पुरुषपन र नारीपनका बिच द्वन्द्वविधानको प्रयोजन	३२६
५.३.६ अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्वविधानको प्रयोजन	३२९
५.४ भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधानको प्रयोजन	३३१
५.४.१ सम्पत्तिका लागि सिर्जित द्वन्द्वविधानको प्रयोजन	३३१
५.४.२ शक्तिका लागि सिर्जित द्वन्द्वविधानको प्रयोजन	३३४
५.४.३ प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको प्रयोजन	३३७
५.५ निष्कर्ष	३४०

छैटौँ परिच्छेद
सारांश तथा निष्कर्ष

६.१ सारांश	३४२
६.२ प्राप्ति	३४४
६.३ निष्कर्ष	३४६
६.४ भावी अनुसन्धानका लागि सम्भावित शोधशीर्षकहरू	३४९
परिशिष्ट	३५०
सन्दर्भ सामग्रीसूची	३५३

पहिलो परिच्छेद
शोधपरिचय

१.१ विषयपरिचय

द्वन्द्वको सैद्धान्तिक मान्यतालाई आधार बनाएर भवानी भिक्षुका कथाको अध्ययन गर्नु यस शोधप्रबन्धको विषय रहेको छ । भिक्षु (१९६६-२०३८) नेपाली साहित्यका स्थापित सर्जक हुन् । उनले, कथा, उपन्यास, कविता, निबन्ध, एकाङ्कीलगायत साहित्यिक विधामा कलम चलाएका छन् । यी विभिन्न साहित्यिक विधामध्ये कथासिर्जना उनको सर्वाधिक प्राप्तिपूर्ण क्षेत्र हो । कथा गद्यभाषामा लेखिने आख्यानात्मक सौन्दर्ययुक्त साहित्यिक विधा हो । यो एकै बसाइमा पढेर सकिने र मनोरञ्जनपूर्ण हुन्छ । थोरै पात्रको उपयोग गरी जीवनको कुनै विशिष्ट पक्षसँग सम्बन्धित परिवेशमा केन्द्रित भएर सिर्जना गरिएको श्रव्यपाठ्य साहित्यिक विधा हुनु कथाको पहिचान मानिन्छ । यही विधामा कलम चलाएर भिक्षु नेपाली कथासाहित्यका क्षेत्रमा आफ्नो विशिष्ट स्थान बनाउन सफल भएका छन् ।

भिक्षु १९९५ मा *शारदा* साहित्यिक पत्रिकामा 'मानव' कथा प्रकाशित भएपछि नेपाली कथाका क्षेत्रमा सार्वजनिक भएका हुन् । उनका *गुनकेशरी* (२०१७), *मैयाँसाहेब* (२०१७), *आवर्त* (२०२४) र *अवान्तर* (२०३४) गरी चारओटा कथासङ्ग्रह प्रकाशित छन् । यी कथासङ्ग्रहमध्ये *गुनकेशरी*मा पन्ध्रओटा कथा, *मैयाँसाहेब*मा एघारओटा कथा, *आवर्त*मा दसओटा कथा र *अवान्तर*मा आठओटा कथा गरी चारओटा कथासङ्ग्रहमा चवालीसओटा कथा सङ्गृहीत छन् । उनका फुटकर रूपमा दुईओटा कथा 'विधाताको शिल्प' *मधुपर्क* (२०३३) मा र 'स्वार्पण' *मधुपर्क* (२०३४) मा प्रकाशित छन् । यीसमेत भिक्षुका प्रकाशित कथाको सङ्ख्या छयालीस रहेको छ । भिक्षुका 'गुनकेशरी', 'व्यर्थता', 'मानव', 'सैतानको सैतानी', 'मालिकको छोरो', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट', 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ', 'हारजित', 'माऊजङ बाबुसाहेबको कोट', 'सावित्रीको बाखो', 'बाबुसाहेबचा', 'भ्रष्ट-यज्ञ', 'नयाँ इतिहासको प्रारम्भ' आदि धेरै पाठकले मन पराएका लोकप्रिय कथा हुन् । यी कथामा युवायुवतीका प्रेम सम्बन्ध र विविध मानसिक मनोदशा, पारिवारिक बेमेल, घरायसी झैझगडा, विश्वसन्दर्भ, ऐतिहासिक तथा राजनीतिक घटना, धनी र गरिबका असन्तुष्टि, सम्पत्ति, शक्ति र प्रतिष्ठाका विषयमा भएका विवादलगायत विविध सन्दर्भलाई विषयवस्तु बनाइएको छ । स्वच्छन्दतावादी प्रवृत्तिलाई आफ्ना कथामा उपयोग गर्न रुचाउने भिक्षु पात्रका मनोदशाको चित्रण र विश्लेषणमा बढी रुचि राख्ने कथाकार भएकाले उनका कथामा मनोविश्लेषण सशक्त रूपमा प्रस्तुत भएको छ । समाजका विविध यथार्थ घटना र विषयवस्तु कथामा संयोजन गर्ने क्रममा उनका कथामा सामाजिक यथार्थको पनि सघन रूपमा उपयोग गरिएको छ । यसैले गर्दा भिक्षुका कथामा मनोविश्लेषणात्मकता र सामाजिकता दुवै पक्षको समुचित प्रस्तुति पाइन्छ । अवधी मातृभाषा भएका र हिन्दीमा शिक्षा हासिल गरेका भए पनि नेपाली भाषामा कथा लेखेका भिक्षुले आफ्ना कथामा विविधतायुक्त विषयवस्तु, पात्रविधान, परिवेश, उद्देश्यका साथै मौलिक प्रकृतिको भाषाशैलीको प्रयोग गरेका छन् । उनले द्वन्द्वको समुचित उपयोग गरी कथा लेखेर नेपाली

कथाका क्षेत्रमा पुऱ्याएको योगदान उल्लेखनीय रहेको छ । त्यसैले भिक्षुका कथामा प्रस्तुत द्वन्द्वमा केन्द्रित भई शोधमूलक अध्ययन गर्नु आवश्यक देखिन्छ ।

व्यक्तिका दुई विपरीत मनोभावका साथै व्यक्ति र व्यक्ति, व्यक्ति र समूह, समूह र समूह आदिका बिचमा हुने विवाद र असहमति नै द्वन्द्व हो । द्वन्द्वका बारेमा पूर्वीय परम्परामा वैदिक सन्दर्भ, रामायण, महाभारतलगायत ग्रन्थमा चर्चा गरिएको पाइन्छ । भरत मुनिले बाह्य नाट्य र आभ्यन्तर नाट्यका सन्दर्भमा बाह्य द्वन्द्व र आन्तरिक द्वन्द्वको सन्दर्भ उठाएका छन् । उनले मन र इन्द्रियसँग सम्बद्ध द्वन्द्व आन्तरिक र तीबाहेक अरू बाह्य द्वन्द्व हुने सङ्केत गरेका छन् । पाश्चात्य परम्परामा फ्रायड, एडलर, युङ्ग आदि मनोवैज्ञानिकहरूले आन्तरिक द्वन्द्वका विविध सैद्धान्तिक मान्यता प्रतिपादन गरेका छन् । त्यसैगरी मार्क्स, वेबर आदि समाजशास्त्रीहरूले बाह्य द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता प्रतिपादन गरेका छन् । यसमा पाश्चात्य परम्परामा स्थापित सैद्धान्तिक मान्यतालाई अध्ययनको आधार बनाएर भिक्षुका कथामा द्वन्द्वको खोजी गरिएको छ ।

द्वन्द्वविधान कथाको अध्ययन गर्ने महत्त्वपूर्ण सैद्धान्तिक आधारको रूपमा स्थापित भएको छ । आधुनिक कथामा यसलाई उच्च महत्त्व दिइएको पाइन्छ । कथामा व्यक्तिका विपरीत मानसिक भाव, व्यक्ति र व्यक्ति, व्यक्ति र समूह, समूह र समूह आदिका बिचको प्रतिस्पर्धा, असहमति, वा सङ्घर्षलाई देखाएर द्वन्द्वलाई प्रस्तुत गरिएको हुन्छ । यस किसिमको द्वन्द्व दुई किसिमको देखिन्छ । व्यक्तिको मनका विपरीत मानसिक भावका बिचमा उत्पन्न हुने द्वन्द्व मनोवैज्ञानिक प्रकृतिको हुन्छ । यसलाई आन्तरिक द्वन्द्व भनिन्छ । व्यक्ति र व्यक्ति, व्यक्ति र समूह, समूह र समूह आदिका बिचमा हुने द्वन्द्व सामाजिक प्रकृतिको हुन्छ । यस्तो द्वन्द्व सम्पत्ति, शक्ति र प्रतिष्ठामा केन्द्रित भई सिर्जना हुने गर्दछ । यसलाई बाह्य द्वन्द्व भनिन्छ । मनोवैज्ञानिक र सामाजिक यथार्थलाई प्रभावकारी रूपमा प्रस्तुत गरी सशक्त र कलापूर्ण बनाउन आन्तरिक एवम् बाह्य द्वन्द्वलाई विधिसम्मत र व्यवस्थित किसिमले प्रस्तुत गरेर कथा साहित्यमा द्वन्द्वविधानको आयोजन गरिएको हुन्छ । यस किसिमको द्वन्द्वविधानका आधारमा भिक्षुका कथा अध्ययनीय छन् । त्यसो भए तापनि उनका कथामा हालसम्म आन्तरिक एवम् बाह्य द्वन्द्वविधानका आधारमा केन्द्रित भई अध्ययन भएको पाइँदैन । यही नै यस शोधकार्यको शोध रिक्तता हो । यसै रिक्तताको परिपूर्तिका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

१.२ समस्याकथन

भवानी भिक्षुका कथामा द्वन्द्वविधानको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको मुख्य समस्या हो । विभिन्न अध्येताहरूले विविध कोणबाट भिक्षुका कथाको अध्ययन गरेका छन् । ती अध्ययनमा भिक्षुका कथामा पाइने द्वन्द्वका बारेमा सामान्य चर्चा भए पनि तिनमा द्वन्द्वको विस्तृत, गहन र सूक्ष्म अध्ययन भएको पाइँदैन । त्यसकारण शोधकार्य गर्नका लागि यस विषयको चयन गरिएको हो । यस शोधकार्यमा मुख्य समस्याको समाधानका लागि निम्नलिखित शोधप्रश्नको निर्माण गरिएको छ :

(१) भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधान केकसरी प्रस्तुत गरिएको छ ?
(२) भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधान केकसरी प्रस्तुत गरिएको छ ?
(३) भवानी भिक्षुका कथामा द्वन्द्वविधानको प्रयोजन के हो ?

१.३ शोधकार्यको उद्देश्य

भवानी भिक्षुका कथालाई द्वन्द्वविधानका आधाारमा अध्ययन गर्नु प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य हो । यसका लागि अन्य निम्नलिखित उद्देश्य निर्धारण गरिएका छन् :

(१) भवानी भिक्षुका कथामा पाइने आन्तरिक द्वन्द्वविधानको विश्लेषण गर्नु;
(२) भवानी भिक्षुका कथामा पाइने बाह्य द्वन्द्वविधानको विश्लेषण गर्नु;
(३) भवानी भिक्षुका कथामा पाइने द्वन्द्वविधानको प्रयोजनको मूल्याङ्कन गर्नु ।

१.४ पूर्वकार्यको समीक्षा

भवानी भिक्षु नेपाली कथासाहित्य क्षेत्रका चर्चित स्रष्टा हुन् । उनका चारओटा कथासङ्ग्रहमा र फुटकर रूपमा प्रकाशित भएका समेत छयालीसओटा कथा प्राप्त छन् । भिक्षुका कथा कथात्मक प्रवृत्ति र रचनाविधानका दृष्टिले मौलिक र कलात्मक देखिन्छन् । उनका कथाका बारेमा द्वन्द्वविधानमा केन्द्रित भएर शोधकार्य गरिएको नदेखिए पनि कथाका अध्येताहरूले विभिन्न सैद्धान्तिक मान्यता, रचनाविधान र प्रवृत्तिकेन्द्रित आधारमा शोध एवम् समालोचनात्मक कार्य गरेका छन् । यस क्रममा भिक्षुका कथामा पाइने द्वन्द्वको चर्चा पनि भएको पाइन्छ। उनका कथामा पाइने द्वन्द्वविधानको अध्ययनसँग प्रत्यक्षपरोक्ष रूपमा सम्बन्धित देखिने पूर्वकार्यहरूलाई कालक्रमिक रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

ईश्वर बराल (२००६/२०३३) ले *भ्यालबाट* पुस्तकमा भिक्षुको कथाकारिताको चर्चा गरेका छन् । उक्त चर्चामा भिक्षुलाई विशिष्ट मनोदशाका चापमा परेका पात्रका मनोभावको व्याख्या गर्दै कथा लेख्ने कथाकार भनेर चिनाइएको छ । यसमा भिक्षुका कथामा साहित्यको मनोरमता, शिल्पसंयोग, गम्भीर चिन्तन, बुद्धिवादी व्याख्या, भावप्रवणता, जीवनबोधको सूक्ष्म तथा तीक्ष्ण निरीक्षण पाउन सकिन्छ भनिएको छ। त्यस्तै उनका कथामा मनोवैज्ञानिक सङ्घर्ष, रतिरागको आकर्षण र विकर्षण, पात्रका अनेकबली मानसिक आन्दोलन र द्वन्द्व, कुण्ठा अनि दार्शनिकताको चित्रण पाइने चर्चा पनि गरिएको छ । बरालले यसमा भिक्षुका कथाहरूलाई सामाजिक, रतिरागकेन्द्रित र दाम्पत्यजीवनसँग सम्बन्धित गरी तीन प्रकारमा वर्गीकरण गर्दै उनी रतिरागकेन्द्रित कथालेखनबाट नै बढ्ता प्रसिद्ध भएको टिप्पणी पनि गरेका छन् । यो पूर्वकार्य भिक्षुका कथामा पाइने द्वन्द्वमा केन्द्रित भएको नदेखिए पनि आन्तरिक द्वन्द्वको प्रयोग भएको पाइने सङ्केत भने यसमा गरिएको छ। यसबाट उनका कथामा आन्तरिक द्वन्द्वको प्रयोग भएको छ भन्ने जानकारी प्राप्त भए पनि त्यसको विश्लेषण नगरिएकाले शोधपरक अध्ययनको रिक्तता देखिन्छ ।

रत्नध्वज जोशी (२०२१) को *आधुनिक नेपाली साहित्यको झलक* पुस्तकमा उनका केही कथाहरूका बारेमा चर्चा गरिएको छ । यसमा जोशीले भिक्षुका अनेक कथाहरूमा प्रेम र वियोगको दुःख, पतिसितको संयोगमा पनि वियोगको अशान्ति, डाह, छटपटी र प्रेमीसितको वियोगमा पनि संयोगको आशामा झुल्ने संवेदनाको उल्लेख गरिएको छ । भिक्षुका अधिकांश कथाहरूमा कथावस्तुको समानताभित्रको विविधताले एउटै वस्तुलाई अनेक दृष्टिकोणले हेर्ने विशेषता गहिराइमा आएको देखिएको हुँदा पन्ध्रौं वर्षसम्म एउटै किसिमका विषयवस्तुमा कथाकारको विशेष झुकावले कुनै यथार्थ घटना वा कुण्ठा विशेषको सहज प्रस्तुतिको अनुमान गर्न सकिन्छ भन्ने विचार पनि यस अध्ययनमा प्रस्तुत गरिएको छ । यसमा भिक्षुका कथामा द्वन्द्वविधानको आयोजनका विषयमा खास चर्चा गरिएको नदेखिए पनि भिक्षुका कथामा पात्रका संयोग र वियोग, अशान्ति, डाह, छटपटी आदि पाइने चर्चा गरेर उनका कथामा आन्तरिक द्वन्द्वको उपयोग भएको पाइने सङ्केत भने गरिएको छ । यो अध्ययन प्रस्तुत शोधकार्यमा आन्तरिक द्वन्द्वको अध्ययनमा सामान्य सहयोगी बनेको छ ।

मुरारीप्रसाद रेग्मी (२०३८) ले *मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना* (कथा खण्ड) पुस्तकमा भिक्षुको 'त्यो फेरि फर्कला ?' कथाको विश्लेषण गरेका छन् । यसमा उल्लिखित कथाका प्रमुख घटनावस्तुको चर्चा गर्दै एउटा यात्रीको पर्खाइमा सैकडौं अन्य यात्रीहरूका पर्खाइलाई बिर्सेर बसेकी कथाकी नारी पात्र सानीको मनोदशाको विश्लेषण गरिएको छ । यसमा सानीको यौवनसंवेदनाको निरपेक्ष अनुभूतिको मनोभौतिक परिप्रेक्ष्य खडा गरेर उसको आशावान् दीर्घ पर्खाइ एवम् निराशावान् चरम विछोडले पीडित कौमार्य मन एवम् वृद्धत्वभावको थकित मनको अनुभूतिलाई चित्रण गरिएको भनिएको छ । रेग्मीले यसमा स्वको निरपेक्ष सन्दर्भमा मानवमन कहिल्यै पनि वृद्ध हुँदैन; केवल स्थितिको भिन्नताबोध मात्र हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् । यो पूर्वकार्य भिक्षुका कथामा पाइने द्वन्द्वमा केन्द्रित देखिँदैन तर पनि आन्तरिक द्वन्द्वको प्रयोग भएको पाइने अप्रत्यक्ष सङ्केत भने यसमा गरिएको छ । त्यसैले यो पूर्वकार्य प्रस्तुत शोधकार्यका लागि द्वन्द्वसम्बन्धी आंशिक सूचना प्राप्त गर्न र आवश्यक रिक्तता पहिल्याउन सहयोगी देखिएको छ । यही पुस्तकमा भिक्षुद्वारा लिखित 'गुनकेशरी' कथाको विश्लेषण पनि रेग्मीले गरेका छन् । यसमा नायिका गुनकेशरीको अन्तरङ्ग स्वका विविध पक्षहरूको प्रदर्शन गर्दै उसको बहिरङ्गीय प्रतिक्रियात्मकताको दिग्दर्शन गराएका भए पनि पात्रका चारित्रिक विशेषताहरू कथानकको वास्तविक प्रवाहमा नपरेर कथाकारको भाषिक बुनोटभित्र गुम्फित हुन गएका छन् भनिएको छ । यसमा 'गुनकेशरी' कथाका प्रमुख घटनावस्तुको समीक्षा गर्दै सुभद्रालाई बिहेका लागि रोजिँदा गुनकेशरीभित्र उसको यथार्थ स्व र आदर्श स्वका बिचमा भयङ्कर सङ्घर्ष मच्चिएको देखाइएको छ । गुनकेशरीको आदर्श स्वलाई अपमानित गरिएकोमा उसभित्र पुरुष जातिप्रति नै अपकर्षण र घृणा उदय भएको अनि उसलाई बिहेका लागि नचुनेर बहिनीलाई चुन्दा उसभित्र तिरस्कारले विद्रोह जन्मिएको चर्चा रेग्मीले गरेका छन् । यस पूर्वकार्यबाट कथामा आन्तरिक द्वन्द्वको प्रयोग भएको सङ्केत पाइन्छ । त्यसैले यस पूर्वकार्यले प्रस्तुत शोधकार्यमा गरिएको सम्बद्ध पक्षको अध्ययनमा आंशिक सहयोग पुऱ्याएको भए पनि यसमा उल्लिखित कथामा पाइने द्वन्द्वको विश्लेषण भने गरिएको छैन । तसर्थ यी दुवै पूर्वकार्यबाट द्वन्द्वको गहन अध्ययन गर्नका लागि रिक्तता प्राप्त भएको देखिन्छ ।

तारानाथ शर्मा (२०३९) ले *नेपाली साहित्यको इतिहास* पुस्तकमा भिक्षुका प्रकाशित कथासङ्ग्रहहरूको विवरण प्रस्तुत गर्दै उनका कथामा मुटु छुने तत्त्व समावेश भएको र यौनवृत्तिजन्य व्यथाको उद्घाटनमा उनी सचेत भएको तर्क गरेका छन् । पात्रहरूको अन्यौललाई देखाएर अनि नारीका सुकोमल हृदयको तन्तु छुने मार्मिक कथा लेखेर भिक्षुले नेपाली कथाक्षेत्रमा अमरत्व पाएको विचार शर्माले आफ्नो उल्लिखित पुस्तकमा प्रस्तुत गरेका छन् । यसमा भिक्षुका कथामा यौनवृत्तिजन्य व्यथा र पात्रहरूका बिचमा अन्यौलको स्थिति पाइने चर्चा गरेर द्वन्द्वको सङ्केत गरिएको छ । यसमा भिक्षुका कथामा पाइने द्वन्द्वविधानमा केन्द्रित भएर खास विवेचना भने गरिएको देखिँदैन । द्वन्द्व पाइने कुराको सङ्केत गरिएकोले यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित देखिँदा उपयोगी रहेको भए पनि यसमा द्वन्द्वविधानका कोणबाट शोधपरक अध्ययन गर्ने कार्यको भने कमी देखिन्छ ।

वनमाली निराकार (२०३९) ले 'लुम्बिनी अञ्चलका केही कथा र कथाकारहरू' शीर्षकको लेखमा उक्त अञ्चलका कथाकारहरूको उल्लेख गर्ने क्रममा भवानी भिक्षुको पनि चर्चा गरेका छन् । उक्त लेखमा भिक्षुलाई कथाकार, उपन्यासकार र कविको रूपमा चिनाउँदै उनको कथाकारितामा केन्द्रित भएर चर्चा गरिएको छ । उल्लिखित लेखमा भिक्षुलाई रतिरागात्मक र सामाजिक पक्षलाई पनि विषयवस्तु बनाएर कथा लेख्ने कथाकारका रूपमा चिनाउँदै उनले लेखेका कथासङ्ग्रहहरूका बारेमा पनि चर्चा गरिएको छ । यस लेखमा द्वन्द्वमा केन्द्रित भएर अध्ययन गरिएको भने देखिँदैन तर पनि यसमा भिक्षुका कथामा रतिरागात्मक वृत्ति र सामाजिक विषयवस्तु पाइने उल्लेख गरेर द्वन्द्वको सङ्केतसम्म गर्न खोजेको देखिन्छ । यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सूच्य रूपमा सम्बन्धित देखिए यसमा उनका कथामा पाइने द्वन्द्वका विषयमा खास चर्चा गरिएको देखिँदैन । त्यसैले यो पूर्वकार्य शोधकार्यका लागि रिक्तताको खोजीमा सहयोगी देखिएको पाइन्छ ।

दयाराम श्रेष्ठ (२०३९) ले 'आधुनिक कथा : पाँच दशकको याात्रा' शीर्षकको लेखमा १९९२ मा गुरूप्रसाद मैनालीको 'नासो' कथा *शारदा* पत्रिकामा प्रकाशित भएदेखि २०१९ सम्मको आधुनिक नेपाली कथाको युगलाई यथार्थवादी युग र त्यसपछि २०२० देखि २०३९ सालसम्मको युगलाई नवयुगको रूपमा चिनाउँदै आधुनिक नेपाली कथाका पाँच दशकको उपलब्धिको विश्लेषण गरेका छन् । उक्त समालोचनामा भिक्षुलाई आधुनिक नेपाली कथाको यथार्थवादी युगको मनोवैज्ञानिक धाराका कथाकारका रूपमा चिनाउँदै उनले आफ्ना कथामा यथार्थवादमा स्वच्छन्दतावादको सम्मिश्रण गरेर पात्रको आन्तरिक चरित्रको चित्रणलाई सजीव रूपमा प्रस्तुत गरेका छन् भनिएको छ । यसमा मानिसको अचेतन मनको अध्येताका रूपमा उनको कथाकारिता सजग छ भन्ने विचार पनि व्यक्त गरिएको छ । यस लेखमा द्वन्द्वमा केन्द्रित भएर भिक्षुका कथाको समीक्षा भने गरिएको देखिँदैन तर पनि यसमा भिक्षु मनोवैज्ञानिक धाराका कथाकार, मानिसको अचेतन मनको अध्येता र पात्रका आन्तरिक चरित्रको चित्रण गर्ने कथाकार हुन् भन्ने उल्लेख भने गरिएको छ । यी कुरा द्वन्द्वात्मक सन्दर्भसँग जोडिएर आउने र यिनबाट भिक्षुका कथामा द्वन्द्वको प्रयोग भएको छ भन्ने बुझ्न सकिने हुँदा यस पूर्वकार्यले भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या समाधानमा रिक्तता देखाएर आंशिक सहयोग पुऱ्याएको देखिन्छ ।

प्रतापचन्द्र प्रधान (२०४०) ले *नेपाली कथाको अवलोकन* पुस्तकमा भिक्षुको कथागत प्रवृत्ति र विशेषताको चर्चा गरेका छन् । यसमा प्रधानले नौलो प्रवृत्तिका साथ देखापरेका भिक्षुले नेपाली साहित्यमा नयाँपन थप्नुका साथै कथारचनाका क्रममा क्षीण कथावस्तुको प्रस्तुतिबाट पात्रको मनोदशाको चित्रण गरेका छन् र रतिरागात्मक चित्रणका माध्यमबाट उनले नेपाली कथाविधामा निजत्व हासिल गरेका छन् भन्ने धारणा प्रस्तुत गरेका छन् । खासमा पात्रलाई यौनजनित तथा मानसिक दुर्घटनामा पारी तिनको अन्तर्वृत्तिको प्रस्तुतीकरण गर्नु भिक्षुको मूल कथाकारिता हो भन्ने विचार यसमा प्रस्तुत भएको छ । यो समीक्षा द्वन्द्वको अध्ययनमा लक्षित भने देखिँदैन तर पनि यसमा प्रसङ्गवश भिक्षुका कथामा रतिरागात्मक मनोदशाको चित्रणका साथै पात्रलाई मानसिक दुर्घटनामा पारी तिनका अन्तर्वृत्तिको प्रस्तुतीकरण गरिएको पाइने उल्लेख गरेर यसकै माध्यमबाट उनका कथामा आन्तरिक द्वन्द्वको प्रयोग भएको कुरा देखाउन खोजिएको छ । त्यसैले यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित देखिँदा न्यून रूपमा सहयोगी हुनुका साथै शोध रिक्तताको खोजीमा उपयोगी देखिन्छ ।

बिनुबाबा अर्याल (२०४३) ले 'मैयाँसाहेब कथासङ्ग्रहका सामाजिक चित्रकार भवानी भिक्षु' शीर्षकको लेखमा उक्त कथासङ्ग्रहभित्रका कथाहरूमा प्रयोग भएका सामाजिक सन्दर्भहरूलाई आधार बनाएर भिक्षुलाई सामाजिक चित्रकारका रूपमा चिनाउने प्रयास गरेका छन् । अर्यालले आफ्नो लेखमा २००७ साल अघिपछि सामाजिक आरोह र अवरोहमा क्षतविक्षत भएको मानसिक द्वन्द्वको शब्दचित्र प्रस्तुत गर्दै मानवहृदयका आन्तरिक मूल्य र मर्मलाई दार्शनिक किसिमले खोतल्ने प्रयास उल्लिखित कथासङ्ग्रहका कथामा गरिएको विश्लेषण गरेका छन् । यसमा भिक्षुले आफ्ना कथाका पात्रहरूलाई सामाजिक प्रभावमा हुर्काउने प्रयास गर्नुका साथै सामाजिक र पारिवारिक सन्दर्भहरूलाई कथामा जोडेर आफ्ना कथाका माध्यमबाट नेपाली समाजको चित्र उतार्न सफल भएका छन् भनिएको छ । यो लेख भिक्षुका कथामा पाइने द्वन्द्वविधानमा केन्द्रित नभए पनि उल्लिखित कथासङ्ग्रहका कथामा मानसिक द्वन्द्वको शब्दचित्र पाइन्छ भन्ने उल्लेख गरिएकोले शोधको समस्यासँग सम्बन्धित भई आंशिक रूपमा सहयोगी देखिएको छ । यसो भए पनि यस पूर्वकार्यमा भिक्षुका कथामा पाइने द्वन्द्वको तथ्यपरक अध्ययनको भने अभाव रहेको पाइन्छ ।

नरहरि आचार्य, महादेव अवस्थी र देवीप्रसाद गौतम (२०४६) ले *नेपाली कथा* (भाग १) पुस्तकमा भिक्षुलाई आधुनिक नेपाली कथाको पहिलो चरणको मनोवैज्ञानिक धाराका कथाकारको रूपमा चिनाएका छन् । यस धाराका कथामा चेतन र अचेतन मनका बिचको द्वन्द्व, अचेतन मनमा दमित यौनद्वारा उत्पन्न हुने कुण्ठा, नैराश्य, आक्रोश, असन्तोष, विकृति आदिको उद्घाटन गरिएको हुने विचार प्रस्तुत गरेर यस धाराका कथामा द्वन्द्वको प्रबलता पाइने चर्चा गरेका छन् । यसै पुस्तकमा भिक्षुको परिचय दिएर उनलाई कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा आरम्भ गरिएको मनोवैज्ञानिक कथालेखनको परम्परालाई नयाँ शैली र कथ्यका आधारमा सम्बर्द्धन गर्ने कथाकार भनेर चिनाइएको छ । २००७ सालको क्रान्तिले ल्याएको राजनीतिक परिवर्तनले प्रत्यक्ष रूपमा प्रभावित वर्गका द्विविधा र द्वन्द्वलाई भिक्षुले आफ्ना कथामा अत्यन्त सजीव र प्रभावकारी रूपमा आयोजन गरेका छन् भन्ने विचार पनि यसमा प्रस्तुत गरिएको छ । यसमा भिक्षु मनोवैज्ञानिक कथाकार भएको उल्लेख गर्दै

उनका कथामा द्वन्द्वविधानको प्रयोग भएको पाइन्छ भन्ने चर्चा गरिएकाले यो पूर्वकार्य यस शोधकार्यको समस्यासँग सम्बन्धित देखिएको छ । यसो भए पनि यसमा भिक्षुका कथामा पाइने द्वन्द्वको गहन र वस्तुनिष्ठ अध्ययन नगरिएको हुँदा यस शोधकार्यका लागि रिक्तता पहिचान गर्न सहयोगी बनेको देखिन्छ ।

ईश्वर बराल (२०४८) ले 'भिक्षु कथाकारका रूपमा' शीर्षकको लेखमा भवानी भिक्षुका कथागत प्रवृत्तिको उल्लेख गर्दै उनका कथाहरूको सङ्क्षिप्त चर्चा गरेका छन् । उक्त लेखमा नेपाली साहित्य निर्माणकालबाट विकासकालतर्फ अग्रसर हुँदै गर्दा देखापरेका भिक्षुले साहित्यिक सम्वृद्धिमा महत्त्वपूर्ण योगदान दिएका छन् भन्ने चर्चा बरालले गरेका छन् । यसमा उनलाई १९९५ देखि कथालेखनका क्षेत्रमा देखिएका वरिष्ठ प्रतिनिधि लेखकका रूपमा चिनाइएको छ । भिक्षुले आफ्ना कथाहरूमा सामाजिक, राजनीतिक र आर्थिक सञ्चेतना तथा सङ्घर्षले उद्बुद्ध भावाभिव्यञ्जनलाई प्रशस्त ठाउँ दिएर निर्बन्ध र निर्भीक भई सामाजिक यथार्थको अबाध चित्रण गरेका छन् भन्ने विचार पनि बरालले लेखमा व्यक्त गरेका छन् । यसमा भिक्षुका कथामा पाइने द्वन्द्वविधान विषयक खास चर्चा गरेको नदेखिए पनि सामाजिक, राजनीतिक र आार्थिक सञ्चेतना तथा सङ्घर्ष पाइने उल्लेख गरेर यसकै माध्यमबाट उनका कथामा बाह्य द्वन्द्व पाइने सङ्केत भने गरिएको छ । यसबाट यो पूर्वकार्य उनका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित देखिए पनि द्वन्द्वको खास अध्ययन नगरिएकोले शोधकार्यको रिक्तता पहिल्याउन उपयोगी देखिन्छ ।

घनश्याम कँडेल (२०४९) ले 'गुनकेशरी : नारी चरित्रका विविध पक्षको अभिव्यक्ति' शीर्षकको लेखमा कथाकी पात्र गुनकेशरीको चारित्रिक विश्लेषण गरेका छन् । यसमा उनले गुनकेशरीलाई सुन्दरी, कोमल, उदार, भद्र, सोझी तर नम्र हुन र दब्न नजानेकी प्रधान स्त्री पात्रका रूपमा देखाएका छन् । बहिनीलाई अत्यन्त माया गर्ने र बहिनीको विवाहपछि पनि उसको बारेमा सोधपुछ र हेरविचार गरिरहने गुनकेशरीको चरित्रको एउटा पाटो देखिन्छ भने अर्को पाटो आत्मरत अनि आफू हुँदाहुँदै बहिनीलाई रोजेर विवाह गरिएको घटनाबाट अपमान महसुस गरेर कुण्ठित बनेको देखिन्छ भन्दै त्यसैले कथामा उसको चरित्र दुई पाटोबाट विश्लेषणीय छ भन्ने विचार उक्त लेखमा कँडेलले प्रस्तुत गरेका छन् । कथामा गुनकेशरी ईर्श्यालु, परपीडक, अपमानित अहम् बोकेकी, क्षोभ र घृणाभाव आत्मसात् गरेर निर्मित चरित्र हो भन्ने टिप्पणी पनि यसमा गरिएको छ । यसबाट उल्लिखित कथामा आन्तरिक द्वन्द्वको आयोजन भएको छ भन्ने परोक्ष सङ्केतलाई बुझ्न सकिन्छ । यसैले यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित देखिए पनि यसमा द्वन्द्वविधानको अध्ययन र विश्लेषण भएको पाइँदैन । त्यसैले यो पूर्वकार्य शोधकार्यका लागि रिक्तताको प्राप्तिमा सहयोगी बनेको पाइन्छ ।

चूडामणि रेग्मी (२०४९) ले 'माऊजङ बाबुसाहेबको कोट कथाको छोटो विश्लेषण' शीर्षकको लेखमा कोटको चित्रणका माध्यमबाट तत्कालीन राणा हैकम, राणाहरूको सामाजिक र राजनीतिक परिवेशको गिर्दो अवस्थाको सजीव चित्र कथामा उतारिएको छ भनेका छन् । यसमा रेग्मीले २००७ सालतिरको बदलिँदो सामाजिक तथा राजनीतिक परिवेशमा कुनै जमानाको अत्याचारी, क्रूर माऊजङ बाबुसाहेब कसरी निरीह हुन गयो र उसको मनोदशा बदलिँदो परिवेशमा केकस्तो छ भन्ने कुरालाई कथामा देखाइएको टिप्पणी गरेका छन् ।

राणाकालमा हैकम देखाउने माऊजङजस्ताको समाप्ति भएर काङ्ग्रेसी हैकम प्रारम्भ भएको सन्देश कथामा पाइने विचार पनि रेग्मीले आफ्नो समालोचनात्मक लेखमा प्रस्तुत गरेका छन् । यसमा राणाहरूको हैकम र पछि तिनीहरूको गिर्दो अवस्था अनि पहिलेको क्रूर माऊजङ निरीह भएको सन्दर्भको चर्चा गरेर कथामा द्वन्द्व पाइने सङ्केत गरिएको छ । यसैले यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित रहेको छ । यसो भए पनि यसमा प्रत्यक्षतः कथामा पाइने द्वन्द्वविधानको विश्लेषण गरिएको भने छैन । त्यसैले यसमा गहन अध्ययनको अभाव रहेको देखिन्छ ।

जया पाठक (२०४९) ले 'भिक्षुको कथाकारिता र हारजित कथामा प्रतिबिम्बित तराई समाज' शीर्षकको लेखमा आधुनिक नेपाली कथा साहित्यका अग्रणी र सशक्त कथाकार भिक्षुको आगमनलाई नेपाली साहित्यको ठूलो सौभाग्य मान्नुपर्ने विचार व्यक्त गरेकी छन् । यसमा भिक्षुको कथाकारिताको चर्चा गर्दै उनका कथामा यौनभावना र रतिरागात्मकतालाई बढी महत्त्व दिएर मानव मनस्तात्त्विक पक्षको चित्रण गर्दा शिष्टता, श्लीलता र मर्यादाको परिधिलाई स्थापित गरिएको पाइने विचार प्रस्तुत गरिएको छ । उल्लिखित लेखमा 'हारजित' कथाको विश्लेषण गर्दै पश्चिम तराईको तौलिहवा क्षेत्रको जीवनशैली, मर्यादा र गरिमाको चित्रण गरिएको अनि समाजमा आफ्नो मानमर्यादा र प्रतिष्ठालाई स्थापना गर्ने मूल लक्ष्य मानी उभिने कट्टरपन्थी व्यक्तिहरूको मनोवैज्ञानिक हारजितको प्रश्न खडा गराइएको टिप्पणी पाठकले गरेकी छन् । पाठकले यसमा उल्लिखित कथामा मानिसभित्रको अहम् र त्यसको संरक्षण गर्ने प्रवृत्ति, नैतिकता र सामाजिक प्रतिष्ठाको बचाउको लागि गरिने निरन्तर सङ्घर्षजस्ता मानवमूल्यका जटिल प्रश्नहरूलाई कथाका माध्यमबाट रोचकताका साथ प्रस्तुत गरिएको सन्दर्भलाई पनि औल्याएकी छन् । यसमा भिक्षुको 'हारजित' कथामा पाइने द्वन्द्वको सामान्य चर्चा गरिएको छ । कथामा पाइने द्वन्द्वमा केन्द्रित भएर गहन विश्लेषण भने यसमा गरिएको देखिँदैन । त्यसैले यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित भएर रिक्तता पहिल्याउन सहयोगी बनेको देखिन्छ ।

ज्योति खड्का (२०४९) ले 'भवानी भिक्षुको कथाकारिता र माधुरी नानी कथाको सङ्क्षिप्त विवेचना' शीर्षकको लेखमा भिक्षुको परिचय दिएर उनको व्यक्तित्वमाथि प्रकाश पार्दै 'माधुरी नानी' कथाको सङ्क्षिप्त विवेचना गरेकी छन् । यसमा भिक्षु नेपाली कथा साहित्यमा प्रवेश गर्दाका बखतको परिस्थितिको चर्चा गर्दै उनका कथागत प्रवृत्ति र कथायात्राको पनि विश्लेषण गरिएको छ । उल्लिखित लेखमा 'माधुरी नानी' कथाको सङ्क्षिप्त सार प्रस्तुत गरेर कथाको विवेचना पनि गरिएको छ । कथामा माधुरी नानीका मनस्थितिको उतारचढावलाई मुख्य विषय बनाइएको र माधुरी नानीलाई निरीह पात्रको रूपमा प्रस्तुत गरिएको विचार खड्काले यसमा व्यक्त गरेकी छन् । यसमा आफ्नो सारा यौवन, परिश्रम र उत्साह सबै दरबारमा खर्चिएर अभिशापपूर्ण स्थितिको दरबारी मुक्तिपछि आत्मबलको सिर्जना गर्न नसक्ने अवस्थामा माधुरी नानी पुगेकी भनिएको छ । एउटा गम्भीर संवेदनामूलक सामाजिक समस्या भोग्न बाध्य भएकी माधुरीको अवस्थालाई देखाएर कथालाई वियोगान्त बनाइएको धारणा पनि खड्काले यसमा व्यक्त गरेकी छन् । यसमा भिक्षुका कथामा मनोवैज्ञानिक प्रवृत्ति पाइने र 'माधुरी नानी' कथामा माधुरी नानीका मनस्थितिको उतारचढावलाई मुख्य विषय बनाइएको उल्लेख गरेर द्वन्द्वको सङ्केत गरिएको भए पनि खासमा द्वन्द्वविधानका कोणबाट कथाको गहन

विश्लेषण भने गरिएको छैन । अतः यस पूर्वकार्यमा द्वन्द्वविधानका कोणबाट सम्बन्धित पक्षको गहन अध्ययनको अभाव रहेको देखिन्छ ।

डिल्लीराम रिमाल (२०४९) ले 'मानवीय उच्च अहम्को द्वन्द्वका रूपमा हारजित' शीर्षकको लेखमा मनोवैज्ञानिक, सामाजिक, समस्यामूलक, यथार्थवादी, स्वच्छन्दतावादी र आञ्चलिक खालका कथाहरूको रचना गर्ने कथाकार भनेर भिक्षुलाई चिनाएका छन् । यसमा भिक्षुको 'हारजित' कथालाई द्वन्द्वविधानका कोणबाट विश्लेषण गरिएको छ । रिमालले उक्त लेखमा यस कथाको द्वन्द्व अध्यात्मवाद र भौतिकवादका बिचको नभई सामाजिक मूल्य, मानक र प्रतिष्ठाका बिचको द्वन्द्व हो भनेका छन् । कथामा घुरहू सामाजिक प्रतिष्ठा र आवश्यकताले उच्च अहम् स्थापना गर्न प्रेरित भएको छ र मनोहरमा यस्तै अहम्का बिच यौनेच्छाप्रतिको आग्रह पनि देखिन्छ भन्दै द्वन्द्वको बीज सोनवालाई बनाएर कथामा मूलतः घुरहू र मनोहरका बिच उच्च अहम्को द्वन्द्व प्रस्तुत गरिएको पाइन्छ भन्ने निष्कर्ष रिमालले उक्त लेखमा प्रस्तुत गरेका छन् । 'हारजित' कथाको द्वन्द्वमा केन्द्रित भई विश्लेषण गरिएकोले यो पूर्वकार्य शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित देखिए पनि द्वन्द्वका उपयुक्त उपकरण निर्धारण गरेर त्यसका आधारमा गहन अध्ययनको अभाव यसमा देखिएको छ । यसो भए पनि यो पूर्वकार्य शोधकार्यको रिक्तताको खोजीमा भने सहयोगी बनेको देखिन्छ ।

द्रोणकुमार उपाध्याय (२०४९) ले 'मैयाँसाहेबका भिक्षुलाई खोजी गर्दा' शीर्षकको लेखमा *मैयाँसाहेब* कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूका बारेमा सङ्क्षिप्त रूपमा प्रवृत्तिगत समीक्षा गरेका छन् । उक्त लेखमा भिक्षुलाई मूलतः मनोविश्लेषक कथाकार भनेर चिनाइएको छ । *मैयाँसाहेब* कथासङ्ग्रहमा सङ्गृहीत भएका कथाहरूमा रतिरागको सूक्ष्म र स्वाभाविक विश्लेषणले गर्दा उनी नेपाली कथाको फाँटमा छुट्टै पहिचान स्थापित गर्न सफल देखिन्छन् भन्ने धारणा पनि उपाध्यायले यसमा व्यक्त गरेका छन् । उपाध्यायले उक्त समालोचनात्मक लेखमा उल्लिखित सङ्ग्रहका कथाका पात्रहरू बौद्धिक, भलादमी, मर्यादा सम्पन्न, सभ्य एवम् शालीन देखिन्छन् भन्दै मनोविश्लेषणद्वारा चरित्रको अन्तर्मनको उत्खनन गर्न तल्लीन भिक्षुका कथाको कथानक पनि स्वभावतः क्षीण र कम महत्त्वपूर्ण बनेको देखापर्छ अनि यो प्रवृत्ति उनको *मैयाँसाहेब* कथासङ्ग्रहका कथाहरूमा पनि स्पष्ट देखिन्छ भनेका छन् । भिक्षुको उल्लिखित सङ्ग्रहका कथाहरूमा सङ्क्रमणकालीन नेपाली समाजको घतलाग्दो चित्रण पनि प्रस्तुत गरिएको पाइन्छ भन्ने विचार उपाध्यायले आफ्नो उक्त लेखमा व्यक्त गरेका छन् । यसमा भिक्षु मनोविश्लेषक कथाकार भएको र उनका कथामा रतिरागको सूक्ष्म एवम् स्वाभाविक विश्लेषण गरिएको पाइने भनिएको छ । यसमा भिक्षु मनोविश्लेषणद्वारा चरित्रको अन्तर्मनको उत्खनन गर्ने कथाकार भएको भनेर उल्लेख गरिएबाट ती पक्षसँग द्वन्द्व जोडिएर आउने सङ्केत गरिएको अर्थ्याउन सकिन्छ तर द्वन्द्वविधानमा नै केन्द्रित भएर यसमा खास चर्चा भने केही पनि गरिएको देखिँदैन । त्यसैले यस पूर्वकार्यले शोधकार्यको रिक्तताको खोजीमा सहयोग पुऱ्याउने देखिन्छ ।

नरेन्द्र चापागाई (२०४९) ले 'भिक्षुको कथाकारिता' शीर्षकको लेखमा भिक्षुको कथाकारितामाथि प्रकाश पारेका छन् । यसमा भिक्षुलाई मानवमनका अन्तर्तहसम्म डुबुल्की मारी त्यहाँ रहेका उज्याला तथा अँध्यारा पक्षहरूको सूक्ष्मातिसूक्ष्म निरीक्षण गर्न समर्थ एक विशेष मनोवेत्ता कथाकार भनेर चिनाइएको छ । यसमा चापागाईले भिक्षुले आफ्ना कथाहरूमा जेजति पात्रहरूको प्रतिष्ठापन गरेका छन् तिनका आभ्यन्तरिक मनस्तत्त्वको समुद्घाटन गर्ने

कार्यमा सफलता प्राप्त गरेका छन् भन्ने विचार व्यक्त गरेका छन् । यसमा भिक्षुले आफ्ना कथाका लागि पात्र चयन गर्दा मनोद्वन्द्वशील, तर्कसाध्य, बौद्धिक प्रखरतायुक्त तथा मनका चेतनपक्षको मुखरता रहेका पात्रहरूको चयन गरेका छन् भनिएको छ । चापागाईले यसमा भिक्षुले आफ्ना कथामा पात्रका मनोदशासँग सम्बन्धित घातप्रतिघात, द्वन्द्वप्रतिद्वन्द्व, आरोहअवरोह, सङ्घर्षविघर्ष, आकर्ष र अपकर्ष आदिको सम्यक् निरीक्षणपरीक्षण गर्नमा मुख्य ध्यानकेन्द्रित गरेको बुझिन्छ भनेका छन् । उनको कथाकारितालाई हेर्दा पहिलो श्रेणीमा रतिरागको प्रधानता, दोस्रो श्रेणीमा रतिराग र मनोद्वन्द्वको समन्वय एवम् तेस्रो श्रेणीमा रतिरागको गौणता र मनोद्वन्द्वको प्रधानता पाउन सकिन्छ भन्ने धारणा पनि चापागाईले उक्त लेखमा औँल्याएका छन् । भिक्षुका कथा द्वन्द्वविधानका दृष्टिले अध्ययनीय छन् भन्ने जानकारी पाइने हुँदा यो पूर्वकार्य शोधको समस्या क्षेत्रसँग सम्बन्धित रहेको छ । यसो भए पनि यसमा द्वन्द्वविधानकेन्द्रित गहन अध्ययनको अभाव रहेको छ । त्यसैले यसबाट शोधकार्यका लागि रिक्तता पहिल्याउन सहयोग पुग्ने देखिन्छ ।

पद्मप्रसाद देवकोटा (२०४९) ले 'दुईवटी गुनकेशरीहरू' शीर्षकको लेखमा 'गुनकेशरी' कथाकी पात्र गुनकेशरीका चरित्रको मनोवैज्ञानिक विश्लेषण गरेका छन् । यसमा एकातिर गुनकेशरी आदर्श र अनुशासित जीवनढाँचामा चलिराखेकी र अर्कोतिर यही आदर्श र अनुशासित जीवनढाँचा अँगालेकै कारणबाट दुःखी बनेकी भनिएको छ । उसले जतिजति आफ्नो बुद्धिको उपयोग गरेर आफूभित्रको नारित्वले रुचाएका भावना र आकाङ्क्षाहरू दमन गर्छे त्यतिकै रूपमा ऊभित्रका नारित्वका चाहनाहरू झन् प्राकृतिक निकासका लागि आतुर बनेका देखिन्छन् भन्ने धारणा देवकोटाले प्रस्तुत गरेका छन् । उक्त लेखमा आदर्श र अनुशासित देखिने एउटी गुनकेशरी र आफूभित्रको नारित्वले रुचाएको यौनाकाङ्क्षाको उचित निकास नहुँदा छट्पटाएकी अर्की गुनकेशरी गरी कथामा दुईटी गुनकेशरी देखिएका भनिएको छ । यसमा गुनकेशरीका बाहिर देखिने अनुशासित रूप र यौनाकाङ्क्षाको उचित निकास नभएर छटपटाएकी गुनकेशरीको भित्री रूप एवम् अवस्थाको उल्लेख गरेर मनोविश्लेषणका क्रममा उसको चरित्रमा द्वन्द्वात्मक स्थिति बन्न गएको सङ्केत गरिएको छ । त्यसैले यो पूर्वकार्य शोधको समस्या क्षेत्रसँग सम्बन्धित रहेको छ । यसो भए पनि यसमा द्वन्द्वविधानका दृष्टिले गहन अध्ययन केही पनि भएको देखिँदैन । त्यसैले यसबाट प्रस्तुत शोधकार्यका लागि आवश्यक रिक्तता पहिल्याउन मद्दत पुग्ने देखिन्छ ।

पुष्कर लोहनी (२०४९) ले 'त्यो फेरि फर्कला ? : यौनमूलक सफल कथा' शीर्षकको लेखमा उक्त कथालाई यौनमनोविश्लेषणको एउटा सफल कथाको नमूना मान्न सकिने धारणा प्रस्तुत गरेका छन् । पुष्कर समशेर र विश्वेश्वरप्रसाद कोइरालाले यौनमूलक कथालेखनको थालनी सतह रूपमा मात्र गरेका र त्यसलाई भिक्षुले गहिराइमा पुगेर मान्छेको इच्छालाई प्रतीकात्मक तथा व्यावहारिक यौनजन्य प्रवृत्तिका रूपमा देखाउँदै नेपाली आधुनिक कथालेखनका फाँटमा अगुवा कथासिर्जना गरेको टिप्पणी लोहनीले यसमा गरेका छन् । यसमा 'त्यो फेरि फर्कला ?' कथाभित्रको यौनप्रकरणले सम्पूर्ण चरित्रहरूको यौनातृप्तिलाई बुझाएको र यौनप्रतीकको माध्यमबाट चरित्रको इच्छालाई व्यक्त गरेको भनिएको छ । उल्लिखित कथामा यौनावेगले यौनेच्छाप्रति आशक्त भएकी एउटी नारीको यौनजन्य चरित्रलाई अघि सारिएको हुँदा यो एउटा सफल यौनमूलक कथा बनेको छ भन्ने विचार लोहनीले उल्लिखित लेखमा

व्यक्त गरेका छन् । यसमा 'त्यो फेरि फर्कला ?' कथा यौनमनोविश्लेषणात्मक कथा भएको र कथामा नारीको यौनजन्य चरित्रलाई अघि सारिएको उल्लेख गरेर यसैका माध्यमबाट कथामा आन्तरिक द्वन्द्वको सङ्केत त गरिएको छ तर प्रत्यक्षतः उक्त कथामा पाइने द्वन्द्वविधानको चर्चा र उल्लेख भने यसमा गरिएको देखिँदैन । त्यसैले यसमा द्वन्द्वविधानका कोणबाट सम्बद्ध पक्षको गहन अध्ययनको अभाव देखिन्छ ।

मोहनराज शर्मा (२०४९) ले 'पाइपमा पात्रको बनोट : समकालीन समालोचना' शीर्षकको लेखमा भिक्षुको 'पाइप' कथाको विश्लेषण गरेका छन् । उल्लिखित कथामा आयोजित द्वन्द्वविधानको चर्चा गर्दै कथामा आएका युवक र युवती दुवै अनुकूल पात्र भएकाले यी दुईका बिचमा द्वन्द्व नभएको र युवती र दाजु पात्रका बिचमा अनुकूल र प्रतिकूल पात्रको सम्बन्ध रहेकोले यी दुई पात्रका बिचमा परस्पर द्वन्द्वात्मक सम्बन्ध रहेको धारणा शर्माले व्यक्त गरेका छन् । 'पाइप' कथामा द्वन्द्वको प्रत्यक्ष कारकको रूपमा सारी देखिएको छ अनि सारी प्राप्त गर्ने क्रममा युवती आफ्नो देह सम्भोगका लागि समर्पित हुन दिन्छे भने सारी प्रदान गर्ने क्रममा दाजु पर्नेले धूर्ततापूर्वक उसको समर्पण प्राप्त गर्दछ भन्दै यस प्रसङ्गमा नारीको शृङ्गारिकताको प्रवृत्ति र पुरुषको अवसरवादिताको प्रवृत्तिमा द्वन्द्व देखिएको छ भन्ने विचार शर्माले उल्लिखित लेखमा प्रस्तुत गरेका छन् । यसमा 'पाइप' कथामा पात्र बनोटको चर्चा गर्ने क्रममा उक्त कथामा प्रयुक्त द्वन्द्वविधानका विषयमा सामान्य चर्चा र उल्लेख गरिएको भए पनि यसमा द्वन्द्वका आधार दिएर द्वन्द्वविधानमा केन्द्रित भई खास अध्ययन र विश्लेषण भने गरिएको छैन । त्यसैले यो पूर्वकार्य शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित भई रिक्तताको खोजी गर्न मात्र उपयोगी देखिन्छ ।

मोहन सिटौला (२०४९) ले 'कथाकार भवानी भिक्षु र उनको माऊजङ्ग बाबुसाहेबको कोट' शीर्षकको लेखमा भिक्षुका कथात्मक प्रवृत्तिको चर्चा गर्दै उल्लिखित कथाको विश्लेषण गरेका छन् । यसमा चरित्रको भित्री प्रदेशलाई कुशलतासाथ उधिनेर पाठकसामु छर्लङ्ग पार्न सक्ने भिक्षुले 'माऊजङ्ग बाबुसाहेबको कोट' कथामा प्रजातन्त्रको सङ्क्रमणकालीन अवस्थामा सामन्ती अहङ्कारको ढल्दो परिस्थिति, रुग्ण आर्थिक विपन्नताजस्ता सामाजिक एवम् मानसिक धरातलमा देखिएका यथार्थ पक्षहरूलाई देखाएका छन् भनिएको छ । भौतिक परिवेश र बाबुसाहेबको मानसिक धरातलका बिचमा भएका द्वन्द्व र अन्तर्द्वन्द्वका विश्लेषणात्मक र समन्वयात्मक अध्ययनबाट कथाकारले उल्लिखित कथामा रसात्मक र कलात्मक सिद्धि प्राप्त गरेको धारणा सिटौलाले यसमा प्रस्तुत गरेका छन् । यसमा तत्कालीन भौतिक परिवेश र बाबुसाहेबको मानसिक धरातलका बिचमा भएका द्वन्द्व एवम् अन्तर्द्वन्द्वको उल्लेख गरेर उक्त कथामा पाइने द्वन्द्वको प्रसङ्गवश चर्चा गरिएको देखिए पनि निश्चित आधार निर्माण गरेर द्वन्द्वमा नै केन्द्रित भई कथाको विश्लेषण भने गरिएको देखिँदैन । त्यसैले यस पूर्वकार्यले शोधको समस्या क्षेत्रसँग सम्बन्धित भएर रिक्तता पहिल्याउन मात्र सहयोग पुऱ्याउने देखिन्छ ।

रञ्जुश्री पराजुली (२०४९) ले 'कथाकार भवानी भिक्षुको गुनकेशरी कथा' शीर्षकको लेखमा कथाकार भवानी भिक्षुको सङ्क्षिप्त परिचय दिएर उल्लिखित कथाको समीक्षा गरेकी छन् । यसमा बाह्य वस्तुस्थितिभन्दा आन्तरिक सङ्घर्षलाई कथामा केलाएर देखाउन सिपालु कथाकार भिक्षुले प्रमुख नारी पात्र गुनकेशरीको अन्तर्मनका घातप्रतिघातहरूलाई खोतलखातल गरेर देखाएका छन् र स्वयम् आफैले आफैलाई चिन्न नसक्ने नारी पात्रको अन्तर्मनको केन्द्रीय

भावलाई तस्बिर खिचेजस्तो गरी खिचेर प्रस्तुत गरेका छन् भनिएको छ । यौनजन्य तनावबाट ग्रस्त नारी पात्रको मनस्थिति केलाएर तरुनी नारीमा भएको यौनेच्छाले तृप्ति हुने उचित बाटो पाएन भने बाङ्गो तरिकाले त्यसले तृप्तिको बाटो खोज्छ अनि त्यो बाटोबाट पनि तृप्ति प्राप्त हुन सकेन भने गुनकेशरीको जस्तै नारी पात्रको जीवन नै दुर्घटनाको सिकार बन्न जान्छ भन्ने विचार पराजुलीले उक्त लेखमा प्रस्तुत गरेकी छन् । यसमा आन्तरिक सङ्घर्ष, घातप्रतिघात, यौनजन्य तनाव आदिको उल्लेख गरेर कथामा द्वन्द्व पाइने सङ्केत प्रसङ्गवश गरिएको भए पनि कथालाई द्वन्द्वविधानका कोणबाट विश्लेषणका खास आधारसहित विवेचना भने गरिएको देखिँदैन । त्यसैले यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बद्ध अध्ययन रिक्तता पहिल्याउन उपयोगी रहेको देखिन्छ ।

राजेन्द्र सुवेदी (२०४९) ले 'शाश्वत् यथार्थताको कथा भिक्षुको नयाँ इतिहासको प्रारम्भ' शीर्षकको लेखमा भिक्षुको 'नयाँ इतिहासको प्रारम्भ' कथाको चर्चा गरेका छन् । यसमा सुवेदीले कथामा २००७ साल आसपासको अवधिमा मानवचेतनामा जन्मिएका सान्दर्भिक घटनाहरूलाई देखाउनुका साथै वर्तमानलाई पनि पाठकहरूले कथामा प्राप्त गर्न सक्ने टिप्पणी गरेका छन् । यसमा मुक्ति आन्दोलनमा जुटेका युवाचेतहरू तथा नेपाली राष्ट्रिय गरिमा र नेपाली संस्कारलाई उच्च राख्न चाहने त्यस समयका समस्त मनस्थितिलाई आन्दोलनको समर्थनमा सरिक रहने फाँट र प्रतिकारमा सरिक रहने फाँट गरी दुई प्रकारमा छुट्टाएर दोस्रो कित्ताका व्यक्तिहरूको हुलले गाउँ र सहरलाई आतङ्कित तुल्याई परिवर्तनप्रति वितृष्णा फैलाउने काम गरेको तत्कालीन यथार्थको प्रस्तुति कथामा पाइन्छ भनिएको छ । यसमा कथाका सान्दर्भिक घटना औंल्याएर उक्त कथामा उल्लिखित आन्दोलन, प्रतिकार, गाउँसहरलाई आतङ्कित पार्ने प्रयास र त्यसबाट सिर्जना भएको वितृष्णाको उल्लेख गरेर प्रसङ्गवश द्वन्द्वविषयक सामान्य चर्चा त गरिएको छ तर उल्लिखित कथामा केकस्तो द्वन्द्वलाई केकसरी प्रस्तुत गरिएको छ भन्ने विषयमा कुनै चर्चा गरिएको भने देखिँदैन । त्यसैले यस पूर्वकार्यमा शोधकार्यको समस्या क्षेत्रसँग सम्बद्ध द्वन्द्वसम्बन्धी अध्ययनको अभाव रहेको देखिन्छ ।

रामचन्द्र गौतम (२०४९) ले 'भिक्षुको सुन्दर कथा फूलबारीमा डुल्दा' शीर्षकको लेखमा भिक्षुका कथाहरूमा पात्रका मानसक्षेत्रमा रहेका रतिरागात्मक समस्याहरूलाई विस्तृत रूपमा विश्लेषण गरिएको टिप्पणी गरेका छन् । यसमा पहिले लेखिएका कथाका तुलनामा पछिल्ला कथाहरूमा भिक्षु सामाजिकतातर्फ उन्मुख भएको चर्चा पनि गरिएको छ । अझ २०२४ पछिका कथाहरूमा त भिक्षु सामाजिक, सांस्कृतिक परिवेश र जीवनजगत्का विविधतातर्फ उन्मुख हुन पुगेको तर्क गौतमले उक्त लेखमा गरेका छन् । उनले अन्तर्मुखी मूलप्रवृत्तिभित्रै समाज र संसारप्रति सचेत भएर जीवनजगत्का विविधतालाई आत्मसात् गरिएकाले भिक्षुको कथा फूलबारीमा डुल्दा सुगन्ध र सौन्दर्यबोधको पारख गर्न पाइने विचार यस लेखमा व्यक्त गरेका छन् । यसमा भिक्षुका कथामा पात्रभित्रको मानसक्षेत्रमा रहेका रतिरागात्मक समस्यालाई देखाइएको उल्लेख गरेर उनका कथामा द्वन्द्व पाइने सङ्केत त गरिएको देखिन्छ तर द्वन्द्वविधानको सन्दर्भ अघि सारेर खास चर्चा र विश्लेषण गरिएको भने देखिँदैन । त्यसैले यो पूर्वकार्य शोधकार्यको समस्या क्षेत्रसँग सम्बद्ध रिक्तताको खोजीका लागि सहयोगी रहेको देखिन्छ ।

वासुदेव त्रिपाठी (२०४९) ले 'भवानी भिक्षुको समष्टि कथायात्रा : एक रेखाङ्कन' शीर्षकको लेखमा भिक्षुको साहित्यिक पृष्ठभूमि, कथायात्राका विभिन्न चरणका विशेषता र

उपलब्धिको समीक्षा गरेका छन् । यसमा उनको कथायात्रालाई तीन चरणमा वर्गीकरण गरेर प्रत्येक चरणअन्तर्गतका कथाको सङ्क्षिप्त विश्लेषण पनि गरिएको छ । यस क्रममा त्रिपाठीले भिक्षुका प्रेम र कामवृत्तिलाई विषय बनाएर लेखिएका कथामा यौनातृप्तिका कारणले र पात्रका मानसिक तहमा प्रतिस्पर्धाग्रन्थिको स्थितिले गर्दा मानसिक द्वन्द्वको सिर्जना भएको चर्चा गरेका छन् । भिक्षुका कथामा पाइने मानसिक द्वन्द्व नरनारीगत आकर्षण र विकर्षणको कारणले सिर्जना भएको तर्क त्रिपाठीले गरेका छन् । भिक्षुका कथामा मालिक र नोकर, दाजु र भाइ, पति र पत्नी, धर्म र गरिबीसम्बन्धी दृष्टिभेदका कारणले पात्रहरूका बिचमा द्वन्द्वको स्थिति सिर्जना भएको उल्लेख गरेर बाह्य द्वन्द्वका दृष्टिले पनि उनका कथा अध्ययनीय छन् भन्ने जानकारी त्रिपाठीले गराएका छन् । यस पूर्वकार्यबाट शोधको समस्या क्षेत्रसँग सम्बन्धित विषयमा केन्द्रित आन्तरिक र बाह्य द्वन्द्वका दृष्टिले भिक्षुका कथा सशक्त छन् भन्ने सूचना पाइने भए पनि यसमा उनका कथाको द्वन्द्वमा आधारित भएर गहन विश्लेषण गरिएको भने देखिँदैन । यसले गर्दा यो पूर्वकार्य शोधको रिक्तताको खोजीमा उपयोगी देखिन्छ ।

वासु रिमाल 'यात्री' (२०४९ख) ले 'भवानी भिक्षुका केही कथा : एक चिन्तन' शीर्षकको लेखमा भिक्षुले लेखेका 'त्यो फेरि फर्कला ?', 'पाइप' र 'नयाँ इतिहासको प्रारम्भ' तीनओटा कथाको चर्चा गर्दै उनको कथाकारिताको विश्लेषण गरेका छन् । यस लेखमा कथाकारले आफ्ना कथामा मनोजगत्को अतिसूक्ष्म तर चहकिलो झिल्का प्रस्तुत गरेका छन् भनिएको छ । यसमा भिक्षुले उदात्त हृदयले कथा लेखेका र नारी पात्रप्रति निकै सहानुभूतिशील एवम् स्नेहालु भएका छन् भनेर टिप्पणी पनि गरिएको छ । यस लेखमा भिक्षुले आफ्ना कथामा पात्रको शक्तिशाली मानसिक अवस्था, मानसिक शक्ति र ऊर्जाको सूक्ष्म एवम् प्रभावशाली ढङ्गबाट चित्रण गर्न सकेकाले गर्दा नै कथाकार भिक्षुको प्रशंसा समालोचकहरूले गर्ने गरेका भन्ने टिप्पणी पनि 'यात्री' ले गरेका छन् । भिक्षुका कथामा मनोजगत्को अतिसूक्ष्म प्रस्तुति भएको पाइने उल्लेख गरिएकाले यसबाट मनोद्वन्द्वको सङ्केत भएको देखिए पनि प्रत्यक्ष रूपमा द्वन्द्वविषयक सामान्य चर्चासमेत यसमा गरिएको देखिँदैन । त्यसैले यस पूर्वकार्यमा शोधक्षेत्रसँग सम्बन्धित अध्ययनको अभाव रहेको देखिन्छ ।

हरिभक्त नेउपाने (२०४९) ले 'कथाकार भवानी भिक्षुको एक मार्मिक दृष्टिकोण' शीर्षकको लेखमा भिक्षुको परिचय दिएर उनलाई मनोविश्लेषणात्मक नेपाली कथासाहित्यको अग्रपङ्क्तिमा उभिएका कथाकार हुन् भनेका छन् । यसमा *गुनकेशरी* कथासङ्ग्रहमा यौनजन्य विवशतामा आधारित कामुक मर्मका कथा र *मैयासाहेब* कथासङ्ग्रहमा सामाजिक समस्यामा अल्झिएका पात्रहरूको यौनकुण्ठित कामावेग एवम् त्यसकै विसङ्गतिका चक्रव्यूहमा परेर भौंतारिएको अवस्थाका मर्मबोधी कथा लेख्ने कथाकार भनेर भिक्षुलाई चिनाइएको छ । यसमा उनले *आवर्त* कथासङ्ग्रहमा नेपाली समाज, गाउँ र कुनाकाप्चा ठाउँमा पाइने नेपाली जनजीवनका प्रचलनसम्बद्ध मर्म बोकेका कथा लेखेका छन् भनिएको छ । भिक्षुका कथामा यौनजन्य विवशता, कामुक मर्म, यौनकुण्ठित कामावेग र त्यसकै विसङ्गतिका चक्रव्यूहमा परी भौतारिएका पात्र प्रयोग भएका उल्लेख गरेर अप्रत्यक्ष रूपमा उनका कथामा पाइने द्वन्द्वको सङ्केत यसमा गरिएको देखिन्छ । द्वन्द्वविधानकेन्द्रित भएर खास अध्ययन गरिएको नभए पनि शोधको समस्या क्षेत्रसम्बद्ध रिक्तताको पहिचान गर्न भने यो पूर्वकार्य सहयोगी हुने देखिन्छ ।

उत्तम कुँवर (२०५०) ले *स्रष्टा र साहित्य* पुस्तकमा भिक्षुलाई छायावादी स्कुलका अगुवा भनेर चिनाएका छन् । उनले यसमा पशुपतिप्रसाद पुरीसँगको सहवास र लालनपालन अनि ऋद्धिबहादुर मल्ल र सिद्धिचरण श्रेष्ठको बाध्यता एवम् प्रेरणाले भिक्षु नेपाली साहित्यमा प्रवेश गर्न सफल भएको विचार पनि व्यक्त गरेका छन् । उक्त पुस्तकमा कुँवरले डिल्ली बजारको भिक्षुको डेरा, डेराको परिवेश आदिको चर्चा गर्दै त्यहाँ चिया पकाउँदै गरेकी सावित्रीको पनि उल्लेख गरेका छन् । अन्तर्वार्ता पनि समेटिएको उक्त लेखमा कुँवरले भिक्षुसँग प्रश्न गरेर कतिपय कुराहरू भिक्षुले दिएको उत्तरको रूपमा समेटेका छन् । कथामा घातसङ्घात गराउन सक्यो भने मात्रै कथा सफल हुन्छ नत्र भने कथा लेखकको आफ्नो धारणा, विश्वास वा इच्छाको आग्रह मात्र रहन्छ भन्ने भिक्षुको विचारलाई पनि कुँवरले यसमा उद्धृत गरेका छन् । भिक्षु लोकप्रिय हुँदै गर्दा उनीप्रति डाह गर्नेहरूले उनलाई होच्याउन थालेको र त्यसबाट उनी चिन्तित बनेको विचार पनि उक्त पुस्तकमा कुँवरले प्रस्तुत गरेका छन् । यसमा भिक्षुले घातसङ्घात गराउन सकेमा मात्रै कथा सफल हुने भनेको कुरा उल्लेख गरेर उनी कथामा द्वन्द्वकला हुनुपर्ने कित्ताका कथाकार भएको देखाएका छन् । यसबाट उनका कथामा द्वन्द्वको प्रस्तुति गरिएको छ भन्ने सङ्केत पाइन्छ । यसमा भिक्षुका कथामा पाइने द्वन्द्वसम्बद्ध पक्षको भने खास अध्ययन गरिएको देखिँदैन । त्यसैले यस पूर्वकार्यमा शोधकार्यको समस्या क्षेत्रसँग सम्बद्ध अध्ययनको अभाव रहेको देखिन्छ ।

अच्युतरमण अधिकारी (२०५१) ले 'भवानी भिक्षु आफ्नै दर्पणभित्र' शीर्षकको लेखमा भिक्षुले साहित्यका कविता, कथा र अन्य विधाका बारेमा व्यक्त गरेका धारणाहरूको चर्चा गर्ने क्रममा उनका कथासम्बन्धी धारणाहरूको पनि समीक्षा गरेका छन् । यसमा अधिकारीले भिक्षु जीवनको विविधतामा सारा चित्र देख्ने कथाकार हुन् भन्दै उनले कथामा पनि काव्यनिर्माण कलाको दान प्राप्त प्राणान्विति हुनुपर्छ भनेर मानेको उल्लेख गरेका छन् । यसमा वस्तुतथ्य र पात्रको दुर्निवार आकाङ्क्षाको मसिनो मर्ममा समन्वय राखी उसको प्राणमा चियाएर तत्सम्बन्धी विभिन्न मनोवैज्ञानिक अल्झोहरू चित्रण गरेर मानवको सुखदुःखको गम्भीर चित्रण गर्नमा कथा प्रयोग हुने कुरा भिक्षुको ठम्याइ रहेको छ भनिएको छ । भिक्षुका कथामा मनोवैज्ञानिक अल्झोहरू र मानवका सुखदुःखको गम्भीर चित्र पाइने उल्लेख गरेर उनका कथामा द्वन्द्वको उपयोग भएको पाइने सङ्केत यसमा गरिएको छ । यसो भए पनि यसमा शोधको समस्या क्षेत्रसँग सम्बन्धित खास अध्ययनको अभाव रहेको देखिन्छ ।

गोपाल भण्डारी (२०५१) ले *भिक्षुका कथामा मनोविज्ञान* शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा भिक्षुका कथाविषयक विशिष्ट अध्ययन गरेका छन् । यस शोधप्रबन्धमा मनोविज्ञानका सैद्धान्तिक प्रतिमान प्रस्तुत गर्दै साहित्यमा मनोविश्लेषणको औचित्य र आवश्यकतामाथि प्रकाश पारिएको छ । यसमा भण्डारीले भिक्षुपूर्वको आधुनिक नेपाली कथाको परम्पराको चर्चा गर्दै उनका कथाको ऐतिहासिक चरण विभाजन पनि प्रस्तुत गरेका छन् । यसमा भिक्षुका कथालाई यौनमनोवैज्ञानिक कथा र यौनेतर मनोवैज्ञानिक कथामा विभाजन गरेर विश्लेषण गरिएको छ । उल्लिखित शोधप्रबन्धमा भण्डारीले भिक्षुका कथामा पाइने शिल्पविधानको पनि विश्लेषण गरेका छन् । भिक्षुका कथामा प्रयुक्त मनोविज्ञानमा केन्द्रित भएर अनुसन्धान गर्दा त्यससँग द्वन्द्वको सन्दर्भ प्रसङ्गवश जोडिन आएर उल्लेख भएको देखिए पनि यसमा उनका कथामा पाइने द्वन्द्वकै बारेमा भने खास चर्चा गरिएको देखिँदैन । यसैले

गर्दा प्रस्तुत पूर्वकार्यमा यस शोधकार्यको समस्या क्षेत्रसम्बन्धी अध्ययनको अभाव रहेको देखिन्छ ।

राजेन्द्र सुवेदी (२०५१) ले *स्नातकोत्तर नेपाली कथा* पुस्तकमा भवानी भिक्षु र उनका कथात्मक प्रवृत्तिको उल्लेख गरेका छन् । सुवेदीले यसमा विश्वेश्वरप्रसाद कोइरालासँगै भवानी भिक्षुको नाम पनि जोडेर उनले लेखेका यस अवधिका कथामा मान्छेमा निहित यौनवृत्ति र विपरीत प्रवृत्तियुक्त मनोभावनाका आकर्षण र विकर्षणलाई कथात्मक रूपमा प्रस्तुत गरिएको पाइने टिप्पणी गरेका छन् । यसमा भिक्षुका कथामा यौनवृत्ति र विपरीत प्रवृत्तियुक्त मनोभावनाका आकर्षण र विकर्षण पाइने उल्लेख गरेर द्वन्द्व पाइने सङ्केत गरिएको भए पनि खास रूपमा द्वन्द्वविधानका कोणबाट समीक्षा गरिएको भने देखिँदैन । सुवेदीले यसै पुस्तकको परिशिष्टमा पनि भिक्षुको कथाकारिताको चर्चा गरेका छन् । यसमा उनले भिक्षुका कथामा महत्ताबोधी, उच्च र कुलीनवर्गका पात्रहरूको मनोव्यापारलाई प्रयोग गरेर बाल, युवा, युवतीजन्य मनोप्रतिक्रिया, उच्च र कुलीनवर्गका पात्रदेखि सामान्यवर्गका पात्रहरूको जैविक लिप्सा र तिनले मानसिक जगत्को दमित विन्दुसम्म आइपुग्दा ब्यहोर्नुपर्ने मानसिक प्रतिक्रयालाई देखाइएको छ भनेका छन् । यसमा भिक्षुका कथामा जैविक लिप्सा र मानसिक प्रतिक्रिया प्रस्तुत गरिएको पाइने उल्लेख गरेर उनका कथामा द्वन्द्वको उपयोग भएको सङ्केत गरिएको भए पनि प्रत्यक्षतः द्वन्द्वविधानको चर्चा भने गरिएको देखिँदैन । त्यसैले यी दुवै पूर्वकार्यमा भिक्षुका कथामा पाइने द्वन्द्वको व्यवस्थित अध्ययनको अभाव रहेको देखिन्छ ।

भोजराज भट्ट (२०५३) ले 'भिक्षुको साहित्यिक यात्रा र कथाकारिता' शीर्षकको समालोचनात्मक लेखमा भिक्षुका कथागत प्रवृत्ति र साहित्यिक यात्राको चर्चा गर्दै कथाकारिताको विश्लेषण गरेका छन् । यसमा भिक्षुलाई विश्वमनोविज्ञानको सिद्धान्तअनुसार एउटा एकाइको मात्र अध्ययन गर्ने कथाकार भएको टिप्पणी गरिएको छ । भट्टले यसमा उनका कथाहरू मनोवैज्ञानिक धरातलमा उभिएर लेखिएका र कथामा पनि कविताकै प्रवृत्ति पाइने भनेका छन् । उनले यसमा आफ्नै वैयक्तिक शिल्पपद्धतिबाट निजत्व कायम गरेर अन्तर्मुखी यौनप्रवृत्तिबाट प्रभावित भई अनमेल सामाजिक द्वन्द्व र यौनातृप्तिबाट उत्पन्न हुने सामाजिक पारिवारिक समस्यालाई आफ्ना कथामा प्रस्ट रूपमा देखाउन भिक्षु सफल भएका छन् भन्ने विचार पनि व्यक्त गरेका छन् । यसमा भिक्षुका कथामा आन्तरिक र बाह्य द्वन्द्व पाइने सङ्केत गरिएको भए पनि उनका कथामा पाइने द्वन्द्वमा केन्द्रित भएर खास अध्ययन गरिएको भने देखिँदैन । त्यसैले यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित रिक्तता पहिचानमा उपयोगी रहेको देखिन्छ ।

घनश्याम न्यौपाने 'परिश्रमी' (२०५५) ले *साहित्य सन्दर्भ* पुस्तकमा भिक्षुको कथाकारिताको चर्चा गर्दै उनले लेखेको 'गुनकेशरी' कथाको समीक्षा गरेका छन् । यसमा 'परिश्रमी' ले *गुनकेशरी* कथासङ्ग्रहको पहिलो कथा 'गुनकेशरी' मा नारीको अन्तर्मनका राम्रा नराम्रा विविध सोचाइलाई विश्लेषण गरिएको टिप्पणी गरेका छन् । बहिनीको खुसीमा दिदी जलेको देखाएर कथामा अन्तर्द्वन्द्व सिर्जना गरिएको विचार पनि उनले यसमा व्यक्त गरेका छन् । यसमा भिक्षुको उल्लिखित कथामा अन्तर्द्वन्द्वको सिर्जना गरिएको उल्लेख गरेर उक्त कथामा पाइने आन्तरिक द्वन्द्वको सङ्केत गरिएको देखिए पनि द्वन्द्वमा केन्द्रित भएर कथाको अध्ययन र विश्लेषण भने गरिएको छैन । त्यसैले यो पूर्वकार्य भिक्षुका कथामा गरिएको

शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित भए पनि उनका कथामा पाइने द्वन्द्वको गहन अध्ययनको अभावले गर्दा शोधको रिक्तताको पहिचानमा मात्रै उपयोगी हुने देखिन्छ ।

दयाराम श्रेष्ठ र व्रतराज आचार्य (२०५५) ले *नेपाली साहित्य सञ्चय* (भाग १) पुस्तकमा भिक्षुको परिचय दिएर उनको कथाकारिता र कथात्मक प्रवृत्तिका बारेमा चर्चा गरेका छन् । यसमा भिक्षुले सार्वजनिक रूपमा गरेका सेवाको उल्लेख गर्नुका साथै उनले प्राप्त गरेका सम्मान र पुरस्कारको विवरण पनि दिइएको छ । भिक्षुलाई आफ्ना कथाहरूमा यौनलाई सामान्य रूपमा हेर्नुका सट्टा उच्च गरिमायुक्त मानवीय मूल्यका रूपमा देखाउने कथाकार भनेर यसमा चिनाइएको छ । यसमा 'हारजित' कथाको सङ्क्षिप्त विश्लेषण गर्दै उक्त कथा नेपालको तराई खण्डको सामाजिक पृष्ठभूमिमा लेखिएको अहम्को मनोविज्ञानलाई प्रस्तुत गरिएको कथा भएको र यस कथामा घुरहू र मनोहर दुई व्यक्तित्वका बिचको मनोवैज्ञानिक द्वन्द्वलाई देखाइएको भनिएको छ । यसमा उल्लिखित कथामा पाइने द्वन्द्वको चर्चा गरिएको देखिए पनि कथामा आयोजित द्वन्द्वविधानका विविध पक्षको गहन र शोधपरक अध्ययन भने गरिएको छैन । त्यसैले यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित भएकोले रिक्तताको प्राप्तिका दृष्टिले मात्र सहयोग पुऱ्याउने प्रकृतिको देखिन्छ ।

ईश्वर बराल (२०५६) ले शरदचन्द्र शर्मा भट्टराईद्वारा सम्पादित *छरिएका समीक्षा* पुस्तकमा *गुनकेशरी, मैयाँसाहेब* र *आवर्त*का सैतीसओटा कथामध्ये एक दर्जन जति कथाको उपजीव्य प्रेम भएको टिप्पणी गरेका छन् । यसमा मनको मानिस पाउने अभिलाषा अर्थात् मन मतमत्याउने पुरुषप्रतिको आकर्षण युवतीसुलभ स्वभाव भएको चर्चा गर्दै भिक्षुका प्रेम कथा युवतीका आकृति, आसक्ति, तीव्र र सूक्ष्म संवेदना, मानसिक द्वन्द्व र द्विधा, चिन्ता एवम् औडाहा आदिको वाङ्मय भएको भनिएको छ । यसै पुस्तकमा बरालले भिक्षुको परिचय दिएर उनको कथाकारिताको चर्चा गर्दै उनले लेखेका कथाहरूलाई चरणगत आधारमा समेत वर्गीकरण गरेर प्रवृत्तिगत र कथामूल्यअन्तर्गत रही विश्लेषण गरेका छन् । बरालले यसमा भिक्षुलाई आधुनिक नेपाली कथाका कुशल शिल्पीका रूपमा समेत चिनाएका छन् । यसमा भिक्षुका प्रेमकथामा युवतीका मानसिक द्वन्द्व र द्विधा, चिन्ता एवम् औडाहा आदि पाइने उल्लेख गरेर उनका कथामा पाइने द्वन्द्वको सामान्य चर्चा गरिएको देखिए पनि द्वन्द्वविधानमा केन्द्रित भएर उनका कथाको खास अध्ययन र विश्लेषण भने गरिएको देखिँदैन । तसर्थ यस पूर्वकार्यमा भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित पक्षको गहन अध्ययनको अभाव रहेको देखिन्छ ।

चूडामणि रेग्मी (२०५७) ले *बाईस समालोचना* पुस्तकमा भिक्षुको कथाकारिताका बारेमा प्रकाश पारेका छन् । यसमा भिक्षुका कथामा मनका घातप्रतिघात, यौनको सम्मानित चित्रण र प्रेमको मार्मिक प्रस्तुतिका साथै शान्त परिस्थितिको चित्रणबाट बिस्तारै आँधीबेरीले आक्रमण गर्दा त्यसै वातावरणमा कथा शिथिल भई सकिएको पाइने भनिएको छ । रेग्मीले यसमा भिक्षुका कथामा मनका घातप्रतिघात र आँधिबेरीले आक्रमण गर्दा त्यसै वातावरणमा कथा शिथिल भएर सकिएको पाइने उल्लेख गरेर उनका कथामा द्वन्द्वको प्रस्तुति गरिएको सङ्केत गरेका छन् । रेग्मीले यही पुस्तकमा कथाको जतातै ठूलो हाहा र आँधीबेरी खडा गरेर त्यसैमा भीमकाय ओभरकोट लाउने माऊजङको अजङ्गको व्यक्तित्व फँसेको टिप्पणी पनि गरेका छन् । यसमा राणाहरूको दुर्दिन आइसकेको तर दुर्दिन आइसकेको पूर्वस्वीकार नगर्ने

माऊजङको हठको उपयोग गरेर उसको इतिहास कोट्याउने चित्रण भिक्षुले यस कथामा गरेका छन् भनिएको छ । प्रस्तुत अध्ययनमा भिक्षुको 'माऊजङ बाबुसाहेबको कोट' कथामा माऊजङको व्यक्तित्व आफ्नै हठमा फँसेको देखाएर द्वन्द्वात्मक पक्षको सङ्केत गरिएको छ । यी दुवै पूर्वकार्यमा भिक्षुका कथामा द्वन्द्व पाइने उल्लेख गरिएको भए पनि यिनमा द्वन्द्वकेन्द्रित भएर गहन अध्ययन भने गरिएको देखिँदैन । त्यसैले यी दुवै पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित रिक्तताको खोजीका लागि मात्रै सहयोगी देखिन्छन् ।

भानुभक्त पोखरेल (२०५९) ले *सिद्धान्त र साहित्य* पुस्तकमा भवानी भिक्षुलाई विश्वेश्वरप्रसाद कोइरालाको शिविरका वरिष्ठ कथाकार भनेका छन् । यसमा भिक्षुले आफ्नो कथाकारितामा मनग्य नवीन आयाम पनि थप्नुका साथै आफ्ना कथामा विभिन्न मनोदशाको चित्रण गरेर मूलतः रतिरागजन्य आन्तरिक जलन र उत्पीडनका ज्यादै मार्मिक बिम्ब उतारेका छन् भनिएको छ । पोखरेलले मानसिक घातप्रतिघात एवम् अन्तर्व्यथाको मर्मस्पर्शी र संवेदनशील चित्र उतार्नमा भिक्षुलाई उछिन्ने अर्को कथाकार बिरलै पाइएला; सम्भवतः नपाइएला भन्ने तर्क यसमा गरेको देखिन्छ । यसमा भिक्षुका कथामा मानसिक घातप्रतिघात, विविध मनोदशाको चित्रण, रतिरागजन्य आन्तरिक जलन पाइने उल्लेख गरेर उनका कथामा प्रस्तुत द्वन्द्वविधानको सङ्केत गर्न खोजिएको छ । यसमा भिक्षुका कथाको द्वन्द्वकेन्द्रित गहन अध्ययन र विश्लेषणको अभाव रहेको देखिन्छ ।

हरिप्रसाद शर्मा (२०५९) ले *कथाको सिद्धान्त र विवेचन* पुस्तकमा भिक्षुको कथाकारिताको परिचय गराई उनका कथामा आयोजित द्वन्द्वविधानको पनि उल्लेख गरेका छन् । यसमा पात्रमा मानसिक द्वन्द्वको उपस्थापन र विकास गराएर तिनका मानसिक तहमा द्वन्द्वको सिर्जना र विस्तार गरी मानसिक गहिराइको अध्ययन भिक्षुका कथामा गरिएको पाइने भनिएको छ । शर्माले भिक्षुका कथा द्वन्द्वविधानका कोणबाट विश्लेषणीय छन् भन्ने सङ्केत गरेका भए पनि उनका कथामा पाइने द्वन्द्वविधानको खास अध्ययन र विश्लेषण भने यसमा गरेका छैनन् । त्यसैले यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित रिक्तताको पहिचानका लागि सहयोगी हुने देखिन्छ ।

गोपाल भण्डारी (२०६१) ले *समालोचनाका केही बान्कीहरू* पुस्तकमा भिक्षुको 'गुनकेशरी' कथामा दिदी गुनकेशरी र बहिनी सुभद्रा दुवै जना विवाह गर्ने उमेर पुगेका र केटी माग्न आउनेले दिदीलाई नभई बहिनीलाई छनोट गर्दा दिदी र बहिनीका बिचमा प्रतिस्पर्धा जन्मिएको चर्चा गरेका छन् । यसमा बहिनीको विवाहको घटनाले दिदी गुनकेशरीका मनमा अन्तर्द्वन्द्वको सिर्जना भएको भनिएको छ । भण्डारीले कथामा गुनकेशरीका आन्तरिक वेदना र अचेतनमा लुकेका कामनाहरू विभिन्न परिस्थितिका साँघुरा छिँडीहरूबाट अगाडि बढिरहेका र स्पष्ट रूपले उसको आकाङ्क्षा विजयी पनि हुन नसकेको र पराजित पनि हुन नसकेको तर्क गरेका छन् । यसरी उल्लिखित कथा द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय रहेको सङ्केत भण्डारीले गरेको देखिए पनि यसमा उक्त कथाको द्वन्द्वविधानमा केन्द्रित भएर गहन अध्ययन र विश्लेषण भने गरिएको छैन । त्यसैले यस पूर्वकार्यमा द्वन्द्वविधानका कोणबाट सम्बद्ध पक्षको अध्ययनको अभाव रहेको देखिन्छ ।

महादेव अवस्थी (२०६५) ले *नेपाली कथा* (भाग २) पुस्तकमा भवानी भिक्षुका कथात्मक विशेषताको चर्चा गर्दै 'सावित्रीको बाख्रो' कथाको सङ्क्षिप्त विवेचना गरेका छन् । यसमा

भिक्षुको परिचय दिएर उनका कथामा स्वच्छन्दतावादी रहस्य र भावुकता, सामाजिक यथार्थता अनि मनोविज्ञानको सङ्गम पाइए पनि उनका कथाको मुख्य विषय भने सामाजिक यथार्थता र मानवमनोविज्ञान नै हो भन्ने विचार व्यक्त गरिएको छ । भिक्षुले आफ्ना कथामा पात्रका सामाजिक समस्या एवम् अवचेतन मनका अन्तर्द्वन्द्व र रुमलोको मनोवैज्ञानिक परिवेश प्रस्तुत गरेका छन् भन्दै यसमा अवस्थीले भिक्षुको 'सावित्रीको बाख्रो' कथाको सङ्क्षिप्त चर्चा पनि गरेका छन् । यसमा भिक्षुका कथामा सामाजिक समस्या एवम् अवचेतन मनका अन्तर्द्वन्द्व र रूमलो प्रस्तुत गरिएको उल्लेख गरेर उनका कथामा पाइने द्वन्द्वात्मक पक्षको सामान्य चर्चा गरिएको छ । द्वन्द्वविधानमा केन्द्रित भएर भिक्षुको कथाकारिता र उनका कथाको विश्लेषण भने यसमा गरिएको देखिँदैन । यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित भएकाले शोधको रिक्तताको प्राप्तिमा उपयोगी रहको छ ।

किसन थापा 'अधीर' (२०६७) ले 'त्यो फेरि फर्कला ? कथाको विश्लेषण' शीर्षकको लेखमा भिक्षुको कथालेखनको प्रारम्भ र उनका प्रकाशित कथासङ्ग्रहहरूको विवरण प्रस्तुत गर्दै 'त्यो फेरि फर्कला ?' कथाको सन्दर्भ, कथाको शीर्षक, कथाले दिन खोजेको सन्देश, कथाको सारांश, मूलभाव, परिवेश, प्रमुख चरित्र र उपसंहारसमेतका उपशीर्षक योजनासहित कथाको विश्लेषण गरेका छन् । यसमा नारी कोमलतालाई मनोवैज्ञानिक ढङ्गमा केलाइएको र नवयौवनको खुड्किला टेक्न लागेकी नारीको अधबैँसे अवस्थासम्मको प्रेममय क्रियाकलापलाई रोचकतापूर्वक चित्रण गरिएको पाइने भनिएको छ । 'अधीर' ले यसमा यौवनको सुरुआतमा आफ्नो नजिक आइपुगेको यात्रीप्रति आकर्षित भएर एकोहोरो रूपमा उसलाई प्रेम गर्न थालेकी सानीले विवाहित अवस्थामा पनि यात्री फर्किंयो कि भनेर प्रेममय रूपमा सम्झिरहेकी र धेरै पछि यात्रीसँग भेट हुँदा उसले बूढी भइछौ भनेपछि छानाबाट खसेझैँ अनुभव गरेकी भनेका छन् । यसबाट प्रेमसम्बन्धी हार्दिकताका कारण सानी सम्वेदनशील बनेकी र उसको मानसिकतामा द्वन्द्वको स्थिति सिर्जना भएको परोक्ष रूपमा देखाउन खोजिएको छ । यसमा प्रत्यक्षतः द्वन्द्वविधानका दृष्टिले कथाको अध्ययन र विश्लेषण भने गरिएको छैन । त्यसैले यस पूर्वकार्यमा द्वन्द्वविधानगत दृष्टिले सम्बद्ध पक्षको गहन अध्ययनको अभाव देखिन्छ ।

दुर्गाबहादुर घर्ती (२०६७ख) ले 'भवानी भिक्षुको टाइपिस्ट कथामा मनोविज्ञान' शीर्षकको लेखमा आधुनिक नेपाली कथाको उठान र त्यससँग देखापरेको मनोवैज्ञानिक यथार्थवादी धाराको पृष्ठभूमि प्रस्तुत गर्दै भिक्षुको 'टाइपिस्ट' कथाको मनोवैज्ञानिक आधारमा विश्लेषण गरेका छन् । यसमा नैसर्गिक इच्छा र परिस्थितिको द्वन्द्वमा पिल्सिएका पात्रहरूलाई उभ्याई तिनको मनोवृत्तिलाई सूक्ष्म ढङ्गले देखाउनु यस कथाको उल्लेखनीय पक्ष हो भनिएको छ । घर्तीले यसमा भिक्षुको प्रतिभा र लेखनको यो एउटा उत्कृष्ट रचना हो र मनोवैज्ञानिक कथापरम्परालाई सम्मृद्ध तुल्याउन यसले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ भन्ने तर्क पनि गरेका छन् । यसमा भिक्षुको 'टाइपिस्ट' कथामा नैसर्गिक इच्छा र परिस्थितिको द्वन्द्वमा पिल्सिएका पात्रका मनोवृत्तिलाई देखाइएको उल्लेख गरेर कथामा द्वन्द्वको आयोजन भएको सामान्य चर्चा गरिएको छ । द्वन्द्वविधानमा केन्द्रित भएर उल्लिखित कथाको गहन विश्लेषण भने यसमा गरिएको छैन । त्यसैले यो पूर्वकार्य भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित अन्तरालको खोजी गर्न उपयोगी देखिन्छ ।

पुष्कर्राज भट्ट (२०६७) ले 'भिक्षुको टाइपिस्ट कथामा द्वन्द्वविधान' शीर्षकको लेखमा भिक्षुलाई नेपाली कथाको फाँटमा मनोवैज्ञानिक यथार्थवादी धाराका सिद्धहस्त प्रतिभाका रूपमा चिनाएका छन् । यसमा 'टाइपिस्ट' कथाका पात्रका मानसिक उतारचढाव एवम् क्रियाकलापको विश्लेषण गर्दै नारीमनका संवेदनालाई उजागर गरिएको पाइने भनिएको छ । भट्टले उल्लिखित कथामा बाह्य द्वन्द्वका तुलनामा पात्रहरूको मनोद्वन्द्वले सशक्तता पाएको तथ्यलाई पनि औँल्याएका छन् । उनले यथार्थताको सामना गर्न पुग्दा कथाका नारी पात्रहरू शान्ति, मीना र युवककी श्रीमतीमा द्वन्द्वात्मक स्थिति देखिएको पाइन्छ भनेका छन् । भट्टले पुरुष पात्रहरू शान्तिको लोग्ने र युवकमा पनि द्वन्द्वात्मक स्थिति विद्यमान भएकोले यो कथा आन्तरिक र बाह्य दुवै द्वन्द्वविधानका कोणबाट विश्लेषणीय रहेको तर्क गरेका छन् । यसमा द्वन्द्वविधानमा केन्द्रित भएर भिक्षुको उल्लिखित कथाको अध्ययन त गरिएको छ तर यसरी अध्ययन गर्दा द्वन्द्वसम्बन्धी आवश्यक आधार निर्धारण गरेर गहन र शोधपरक अध्ययन र विश्लेषण भने गरिएको छैन । त्यसैले यो पूर्वकार्य शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित हुँदाहुँदै पनि यसमा द्वन्द्वविधानगत आधारमा सम्बद्ध पक्षको अध्ययनका दृष्टिले अपर्याप्तता देखिन्छ ।

रामदयाल राकेश (२०६७ख) ले 'भवानी भिक्षु' शीर्षकको लेखमा कथाकार, कवि र उपन्यासकारको रूपमा भवानी भिक्षुलाई चिनाएका छन् । यसमा 'कथाकारको रूपमा भवानी भिक्षु' उपशीर्षकमा उनको कथाकारिताको चर्चा गरिएको छ । राकेशले उक्त लेखमा भिक्षुका *गुनकेशरी, मैयाँसाहेब, आवर्त* र *अवान्तर* कथासङ्ग्रहका कथामा पाइने विशेषताको चर्चा पनि गरेका छन् । उनले भिक्षुका कथामा तरुणी नारीको मनस्थिति, रतिरागात्मकता, मनोविज्ञान र मनोदशाको मृदुल अनि मनोरम एवम् असन्तुष्ट कामवासनाको कमनीय चित्रण, सामाजिक जनजीवनको कलात्मक प्रस्तुति आदि प्रवृत्तिगत विशेषताहरू पाइन्छन् भनेका छन् । यस लेखमा चर्चामा आएका नारीका मनस्थिति, रतिरागात्मकता, मनोविज्ञान, मनोदशा र असन्तुष्ट कामवासनाको चित्रण आदिले भिक्षुका कथामा द्वन्द्व पाइने परोक्ष सङ्केत गरेका छन् । यसमा उनका कथामा पाइने द्वन्द्वविधानगत पक्षका विषयमा भने प्रत्यक्षतः गहन अध्ययन केही पनि गरिएको देखिँदैन । त्यसैले यस पूर्वकार्यमा शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित पक्षमा गरिने अध्ययनको अभाव रहेको देखिन्छ ।

विष्णु प्रभात (२०६७) ले 'भवानी भिक्षुको कथाकारिता : सङ्क्षिप्त आँकलन' शीर्षकको लेखमा भिक्षुको जीवनीमूलक परिचय, उनको नेपाली साहित्यमा प्रवेश, उनका प्रकाशित साहित्यिक कृति र सङ्ग्रहहरूको विवरण प्रस्तुत गरेका छन् । यसमा भिक्षुको कथाकारिताको चर्चा गर्दै मैनाली, देवकोटा र कोइरालाको कथायात्रामा उनी कोइरालाको प्रवत्तिसँगै पछि लागेका भनिएको छ । प्रभातले यसमा उनका कथामा वैयक्तिक यौनकुण्ठा, सामाजिक वर्गहरूको पृथक् यौनप्रवृत्तिको विश्लेषण, नारीमनको अन्तर्दशाको मात्र नभई त्यससँगै पुरुषमनका अनुरागको विश्लेषण, तराईको लोकजीवनमा पाइने सामाजिक यथार्थ तथा विसङ्गतिहरूको चित्रण, भाषिक क्लिष्टताजस्ता प्रवृत्तिगत विशेषताहरू पाइन्छन् भनेका छन् । यसमा बहुविचारको प्रयोग गर्दै मनोवैज्ञानिक, राजनीतिक र सामाजिक द्वन्द्वलाई अङ्कित गर्नु भिक्षुको कथात्मक विशेषता हो भनिएको छ । प्रभातले यसमा उनका कथामा पाइने आन्तरिक र बाह्य द्वन्द्वका विषयमा सामान्य चर्चा गरेका छन् । यसमा भिक्षुका कथामा पाइने द्वन्द्वविधानमा नै केन्द्रित भएर वस्तुनिष्ठ किसिमले गहन अध्ययन र विश्लेषण भने गरिएको

देखिँदैन । त्यसैले यस पूर्वकार्यमा भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित पक्षको गहन अध्ययनको अभाव रहेको पाइन्छ ।

लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी (२०६९) ले *नेपाली कथाको इतिहास* पुस्तकमा कथाकार भवानी भिक्षु र उनको कथाकारिताको चिनारी गराएका छन् । गौतम र अधिकारीले उनका कथामा नारी समस्या तथा मानसिक नैतिक समस्याबाट उत्पन्न विभिन्न जटिल परिस्थितिको चित्रण गरिनुका साथै सामाजिक तथा राजनीतिक विषयवस्तुलाई पनि अँगालेर सामाजिक परिवेशबाट मध्यम तथा उच्चवर्गीय पात्रहरूको चयन गरी तिनीहरूको मानसिक अन्तर्द्वन्द्व, व्यथा र पीडालाई सूक्ष्म रूपमा केलाएर प्रस्तुत गरिएको छ भनेका छन् । लेखक द्वयले भिक्षुका कथामा द्वन्द्व पाइने सङ्केत गरेका भए पनि उनका कथामा पाइने द्वन्द्वविधानमा नै केन्द्रित भएर यसमा अध्ययन र विश्लेषण भने गरेका छैनन् । त्यसैले यस पूर्वकार्यमा भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रलाई सङ्केत गरिएको भए पनि त्यससम्बन्धी गहन अध्ययनको अभाव देखिन्छ ।

दयाराम श्रेष्ठ (२०७०) ले *नेपाली कथा र कथाकार* पुस्तकमा भिक्षुलाई मनोविज्ञानवादी कथाधाराका एक बलिया स्तम्भका रूपमा चिनाएका छन् । यसमा श्रेष्ठले भिक्षु भावलोकको अमूर्त चेतनालाई प्रस्तुत गर्न रुचाउने, अनुभूति तथा भावनाको स्वच्छन्द आत्मप्रकाशनमा विश्वास गर्ने र घटनालाई भन्दा मनोलोकभित्रका यथार्थलाई अभिव्यक्त गर्न बढी रुचाउने कथाकार हुन् भनेका छन् । श्रेष्ठले यसमा भिक्षुले यौनभावनालाई नगण्य मूल्ययुक्त इच्छा मात्रका रूपमा नलिएर गरिमायुक्त मानवीय वृत्तिमूलक उच्च मूल्यका रूपमा लिँदै जीवनको एउटा शक्तिको रूपमा स्वीकार गरी अनुरागप्रकाशन र मानवीय सम्बन्धजस्ता पवित्र कुराहरूसँग जोडेर सम्मान प्रदान गर्न चाहेको तर्क गरेका छन् । यसमा उनले आफ्ना कथामा मानिसको मानसिक जीवनको उद्घाटन गर्ने सन्दर्भमा मनभित्रका द्वन्द्व, घातप्रतिघात र प्रतिक्रियालाई रोचक किसिमले प्रस्तुत गरेका छन् भनिएको छ । श्रेष्ठले यसमा भिक्षुका कथाका पात्र सामाजिक व्यवहारअनुसारका गुणदोषयुक्त संसारी प्रकृतिका कृतार्थी तथा कृतघ्नी, क्रूर तथा दयावान्, कोमल तथा कठोर प्रकृतिका भएको टिप्पणी पनि गरेका छन् । श्रेष्ठले यसमा भिक्षुका कथामा आन्तरिक र बाह्य द्वन्द्वको आयोजन गरिएको पाइने सङ्केत गरेका छन् । उनको यो अध्ययनबाट भिक्षुका कथामा पाइने द्वन्द्वविधानको अध्ययन र विश्लेषणमा मार्गदर्शन प्राप्त हुने देखिए पनि यसमा उनका कथामा पाइने द्वन्द्वविधानको खास अध्ययन र विश्लेषण भने गरिएको छैन । त्यसैले यस पूर्वकार्यमा भिक्षुका कथामा गरिएको शोधकार्यको समस्या क्षेत्रसँग सम्बन्धित पक्षमा केन्द्रित अध्ययनको अभाव रहेको देखिन्छ ।

कृष्णप्रसाद कोइराला (२०७३) ले *भवानी भिक्षुका कथामा सीमान्तीयता* विषयक अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धमा भिक्षुका कथामा निहीत सीमान्तीय स्थितिका वर्गको खोजी र विश्लेषण गरेका छन् । यसमा छनोट गरिएका कथाहरूमा सीमान्तीय स्थितिका वर्गको वर्गीय, लैङ्गिक, जातीय आधारमा पहिचान, ज्ञानशक्ति र सीमान्तीयताको सम्बन्ध, सीमान्तवर्गको आवाज वा प्रतिरोधचेतना केकसरी प्रस्तुत भएको छ भन्ने कुराको अध्ययन र विश्लेषण गरिएको छ । कोइरालाले यसमा भिक्षुका कथाको आख्यानयोजना, सीमान्तीयताको पहिचान र त्यसको विश्लेषण गरेका छन् । सीमान्तवर्ग र जातिका पात्रको आवाज र प्रतिरोधका विषयमा गरिएको विश्लेषणमा बाह्य द्वन्द्वको सन्दर्भ आएको भए पनि यसमा भिक्षुका कथामा

पाइने द्वन्द्वका विषयमा केन्द्रित भएर अध्ययन भने गरिएको देखिँदैन । त्यसैले यस पूर्वकार्यमा निर्दिष्ट शोधकार्यको समस्याको समाधानमा सहयोग पुग्ने किसिमको खास अध्ययनको अभाव रहेको देखिन्छ ।

भवानी भिक्षुका कथामा द्वन्द्वविधानका विषयमा समालोचनात्मक र अन्य पुस्तक, साहित्यिक पत्रिका, फुटकर रूपमा प्रकाशित समालोचनात्मक लेख, विद्यावारिधि र दर्शनाचार्यका शोधप्रबन्ध आदिमा कार्यहरू भएका छन् । ती प्रायः पूर्वकार्यहरूमा भिक्षुका कथामा आन्तरिक र बाह्य द्वन्द्व पाइने तथ्यलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सङ्केत गरिएको छ । तिनमा भिक्षुका कथा द्वन्द्वविधानका दृष्टिले सबल छन् भन्ने सूचना दिइनुका साथै प्रसङ्गवश चर्चा गरिएको छ । ती पूर्वकार्यहरू लेखक, समालोचक एवम् शोधकर्ताहरूका फरकफरक उद्देश्यअनुसार अध्ययन गरिएका सामग्री उपयोग गरी तयार गरिएकाले तिनले लिएका उद्देश्यअनुरूप आआफ्नो स्थानमा उपयोगी भए पनि यस शोधकार्यको उद्देश्यका दृष्टिले हेर्दा तिनले मूल समस्याको समाधान गरेका छैनन् । एकाध पूर्वकार्यमा भिक्षुका कथामा पाइने द्वन्द्वमा केन्द्रित भएर अध्ययन गरिएको देखिए पनि तिनमा भिक्षुका कथामा पाइने आन्तरिक र बाह्य द्वन्द्वविधानका साथै द्वन्द्वविधानको प्रयोजनका विषयमा गहन शोधमूलक अध्ययन हुन सकेको छैन । त्यही नै यस शोधकार्यको शोध अन्तराल हो । त्यसैको पूर्तिका लागि प्रस्तुत शोधकार्यमा इदम् र अहम्, इदम् र पराहम्, जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति, हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपन एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच भिक्षुका कथामा पाइने आन्तरिक द्वन्द्वविधानका साथै आन्तरिक द्वन्द्वविधानको प्रयोजनको अध्ययन गरिएको छ । त्यसैगरी सम्पत्तिका लागि, शक्तिका लागि र प्रतिष्ठाका सिर्जित बाह्य द्वन्द्वविधानका साथै बाह्य द्वन्द्वविधानको प्रयोजनको अध्ययन गरिएको छ । यस किसिमको अध्ययनद्वारा निर्धारित उद्देश्य र सीमामा रही पूर्वकार्यको समीक्षाबाट प्राप्त रिक्ततालाई परिपूरण गर्ने कार्य प्रस्तुत शोधकार्यमा सम्पन्न गरिएको छ ।

१.५. शोधकार्यको औचित्य र महत्त्व

भवानी भिक्षुका कथामा द्वन्द्वविधानकेन्द्रित भएर गरिएको अध्ययन आफैमा एउटा महत्त्वपूर्ण अनुसन्धानको विषय हो । मनोवैज्ञानिक एवम् सामाजिक यथार्थलाई स्वाभाविक किसिमले प्रस्तुत गरी कथालाई जीवन्त बनाउन द्वन्द्वको प्रयोग प्रभावकारी रहेको हुन्छ । भवानी भिक्षुले पनि आफ्ना कथामा यसको उपयोग गरेका छन् । उनका कथामा केन्द्रित भएर गरिएका विभिन्न समालोचनात्मक एवम् शोधमूलक कार्यहरूमध्ये केहीमा मात्र सामान्य र प्रसङ्गवश द्वन्द्वविषयक चर्चा गरिएको छ । यसले गर्दा अहिलेसम्म द्वन्द्वका सैद्धान्तिक मान्यतालाई उपयोग गरेर भिक्षुका कथाको अनुसन्धानमूलक अध्ययनको अभाव रहेको देखिन्छ । यही अभावको परिपूर्तिमा केन्द्रित भएर गरिएको यस शोधकार्यको औचित्य महत्त्वपूर्ण हुने स्पष्ट छ । यस शोधकार्यमा इदम् र अहम्, इदम् र पराहम्, जीवन र मृत्यु मूलप्रवृत्ति, हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपन एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच आयोजित आन्तरिक द्वन्द्वविधानलाई फ्रायड, एडलर र युङ्गका द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा एवम् सम्पत्तिका लागि, शक्तिका लागि र प्रतिष्ठाका लागि सिर्जना गरिएको बाह्य द्वन्द्वविधानलाई वेबरको द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा अध्ययन गरिएको छ ।

यसमा आन्तरिक र बाह्य द्वन्द्वविधानको प्रयोजनको अध्ययन पनि गरिएको छ । भिक्षुका कथामा पाइने द्वन्द्वको खोजीमा केन्द्रित रहेको भए पनि यही ढाँचामा अरू कथाका साथै साहित्यका अन्य विधा र गैरसाहित्यिक पक्ष एवम् समसामयिक घटनासन्दर्भको अध्ययन र विश्लेषणका लागि भावी अनुसन्धानकर्ताहरूलाई मार्गदर्शन गर्न पनि उपयोगी हुने भएकाले यो शोधकार्य शोधक्षेत्रका लागि नवीन प्राप्ति बन्ने देखिन्छ । यसैले प्रस्तुत शोधकार्यले द्वन्द्वको अध्ययनमा थप आयाम थप्न सक्ने देखिएको छ । यस शोधकार्यबाट आन्तरिक र बाह्य द्वन्द्वसम्बन्धी सिद्धान्तका साथै भिक्षुका कथामा प्रयुक्त द्वन्द्वकलाका बारेको जिज्ञासा शमन गर्न सहयोग पुग्नेछ । यो शोधकार्य साहित्यका पाठक, सर्जक, साहित्य र गैरसाहित्य क्षेत्रका अनुसन्धानकर्ता, समालोचक र यस क्षेत्रका विद्यार्थीहरूका लागि समेत उपयोगी हुने देखिन्छ । यसले गर्दा प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व स्थापित हुने स्पष्ट हुन्छ ।

१.६ शोधको सीमाङ्कन

भवानी भिक्षुका कथामा द्वन्द्वविधानको खोजी र विश्लेषणमा यो शोधकार्य सीमित रहेको छ । यस शोधकार्यमा भिक्षुका चारओटा कथासङ्ग्रहमा प्रकाशित चवालीसओटा कथामध्ये *गुनकेशरी* कथासङ्ग्रहबाट 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि...?', 'त्यही सात दिन', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'मानव', 'रक्सीबाज', 'सैतानको सैतानी', 'उधारो सम्मान', 'साहुको सम्पत्ति', 'मालिकको छोरो' र 'त्यो फेरि फर्कला ?' गरी पन्ध्रओटा कथा; *मैयासाहेब* कथासङ्ग्रहबाट 'मैयाँसाहेब', 'टाइपिस्ट', 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ', 'हारजित', 'वन्दना', 'माधुरी नानी', 'माऊजङ बाबुसाहेबको कोट' गरी सातओटा कथा; *आवर्त* कथासङ्ग्रहबाट 'सावित्रीको बाख्रो', 'बन्दोबस्त', 'मीना', 'दुई अनुभूत सत्य', 'मिस्त्री', 'बाबु-साहेबचा' र 'रानीसाहेब' गरी सातओटा कथा र *अवान्तर* कथासङ्ग्रहबाट 'एक पैसा', 'भ्रष्ट-यज्ञ', 'ईश्वर खुदा गाडका कान', 'पाइप', 'ज्ञात भए जति' र 'नयाँ इतिहासको प्रारम्भ' गरी छओटा कथासमेत जम्मा पैतीसओटा कथा द्वन्द्वविधानका दृष्टिबाट अध्ययन गर्नका लागि छनोट गरिएको छ । यी कथा पूर्वकार्यको समीक्षाबाट देखिएका रिक्ततालाई समेत मनन गरी बाह्य र आन्तरिक द्वन्द्वविधानका दृष्टिले अध्ययन गर्न उपयुक्त देखिएका आधारमा सोद्देश्यमूलक रूपमा छनोट गरिएको हो । प्रस्तुत शोधकार्यको समस्याकथनमा निर्धारण गरिएको 'भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधान केकसरी प्रस्तुत गरिएको छ ?' भन्ने पहिलो शोध्य प्रश्नको समाधानका लागि फ्रायड, एडलर र युङ्गका द्वन्द्वसम्बन्धी मान्यता उपयुक्त देखिएकाले इदम् र अहम्, इदम् र पराहम्, जीवन र मृत्यु मूलप्रवृत्ति, हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपन एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको आन्तरिक द्वन्द्वविधानको अध्ययन छनोट गरिएका कथामा केन्द्रित भई गरिएको छ । त्यसैगरी 'भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधान केकसरी प्रस्तुत गरिएको छ ?' भन्ने दोस्रो शोध्य प्रश्नको समाधानका लागि वेबरको द्वन्द्वसम्बन्धी मान्यता उपयुक्त देखिएकाले सम्पत्तिका लागि सिर्जित, शक्तिका लागि सिर्जित र प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको अध्ययन पनि छनोट गरिएका कथामा केन्द्रित भई गरिएको छ । यसका साथै 'भवानी भिक्षुका कथामा द्वन्द्वविधानको प्रयोग किन गरिएको छ ?' भन्ने तेस्रो शोध्य प्रश्नको समाधानका लागि आन्तरिक द्वन्द्वविधानको प्रयोजन र बाह्य द्वन्द्वविधानको प्रयोजनको अध्ययन गरिएको छ । यतिमै सीमित भएर भिक्षुका

कथामा केन्द्रित भई द्वन्द्वविधानको शोधमूलक अध्ययन गर्नु नै यस शोधकार्यको सीमाङ्कन हो ।

१.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलनविधि र सामग्री विश्लेषणविधि पर्दछन् । तिनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यद्वारा गरिएको छ । तीमध्ये भवानी भिक्षुका कथा प्राथमिक सामग्री हुन् । सोद्देश्यमूलक नमुना छनोटका आधारमा भवानी भिक्षुका कथाहरूको चयन गरिएको छ । आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्वको प्राधान्य भएका कथाहरूलाई अध्ययनका लागि छनोट गरिएको छ । ती कथाहरूसँग सम्बन्धित सैद्धान्तिक मान्यता एवम् प्रायोगिक पूर्वकार्य द्वितीयक सामग्री हुन् । ती सामग्रीलाई टिपोट विधिद्वारा सङ्कलन गरिएको छ ।

१.७.२ विश्लेषणविधि

प्रस्तुत शोधकार्य गुणात्मक पद्धतिमा आधारित रहेकोले यसमा सङ्कलित सामग्रीको वर्णन, व्याख्या र विवेचना गर्दै निष्कर्षमा पुग्ने कार्य गरिएको छ । यसमा सामग्री विश्लेषणका लागि विषयवस्तु विश्लेषणविधि अवलम्बन गरिएको छ ।

प्रस्तुत शोधकार्यको सैद्धान्तिक आधार फ्रायड, एडलर र युङ्गको मनोद्वन्द्व र म्याक्स वेबरको सामाजिक द्वन्द्वसम्बन्धी मान्यतामा आधारित छ । आन्तरिक द्वन्द्वको विश्लेषण फ्रायड, एडलर र युङ्गको मनोद्वन्द्वसम्बन्धी मान्यताका आधारमा र बाह्य द्वन्द्वको विश्लेषण म्याक्स वेबरको सामाजिक द्वन्द्वसम्बन्धी मान्यताका आधारमा गरिएको छ । फ्रायडले इदम् र अहम्, इदम् र पराहम् एवम् जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्व; एडलरले हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्व अनि युङ्गले पुरुषपन र नारीपनका बिचको द्वन्द्व एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वसम्बन्धी मान्यता प्रस्तुत गरेका छन् । म्याक्स वेबरले सम्पत्तिका लागि सिर्जित, शक्तिका लागि सिर्जित र प्रतिष्ठाका लागि सिर्जित सामाजिक द्वन्द्वसम्बन्धी मान्यता प्रस्तुत गरेका छन् । तिनै मान्यतालाई यस अध्ययनमा सामग्री विश्लेषणको आधार बनाइएको छ ।

प्रस्तुत शोधकार्यमा सैद्धान्तिक मान्यता र विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । यस अध्ययनका लागि शोधप्रश्नअनुसार निर्माण गरिएका अवधारणा र तिनका सूचक निम्नानुसार छन् :

शोधप्रश्न	अवधारणा	सूचक
१. भवानी भिक्षुका कथामा	१.भवानी भिक्षुका	१. इदम् र अहम्का बिच द्वन्द्व २. इदम् र पराहम्का बिच द्वन्द्व

आन्तरिक द्वन्द्वविधान केकसरी प्रस्तुत गरिएको छ ?	कथामा आन्तरिक द्वन्द्वविधान	३. जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्व ४. हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्व ५.पुरुषपन र नारीपनका बिच द्वन्द्व अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्व
२.भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधान केकसरी प्रस्तुत गरिएको छ ?	२. भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधान	१.सम्पत्तिका लागि सिर्जित द्वन्द्व २. शक्तिका लागि सिर्जित द्वन्द्व ३. प्रतिष्ठाका लागि सिर्जित द्वन्द्व
३.भवानी भिक्षुका कथामा द्वन्द्वविधानको प्रयोजन के हो ?	३. भवानी भिक्षुका कथामा द्वन्द्वविधानको प्रयोजन	१. इदम् र अहम्का बिच द्वन्द्वको प्रयोजन २. इदम् र पराहम्का बिच द्वन्द्वको प्रयोजन ३. जीवन र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्वको प्रयोजन ४. हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्वको प्रयोजन ५. पुरुषपन र नारीपनका बिच द्वन्द्वको प्रयोजन ६. अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्वको प्रयोजन ७. सम्पत्तिका लागि सिर्जित द्वन्द्वको प्रयोजन ८. शक्तिका लागि सिर्जित द्वन्द्वको प्रयोजन ९. प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको प्रयोजन

शोधविधिअन्तर्गतको सामग्री सङ्कलनविधिको प्रयोग पुस्तकालयकार्यबाट प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलनका लागि गरिएको छ । त्यसपछिको विश्लेषणविधिको प्रयोग विषयवस्तुको वर्णन, विश्लेषण र विवेचनाका लागि गरिएको छ। त्यसैगरी शोधप्रश्न, अवधारणा र त्यस आधारमा निर्धारित सूचकका आधारमा अध्ययनकार्यलाई व्यवस्थित किसिमले अघि बढाउनका लागि अवधारणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

१.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि छओटा परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न उपशीर्षकहरूमा पनि विभाजन गरिएको छ । तिनको परिच्छेदगत रूपरेखा निम्नलिखितअनुसार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : भवानी भिक्षुका कथामा फ्रायडीय मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधान

तेस्रो परिच्छेद : भवानी भिक्षुका कथामा फ्रायडोत्तर मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधान

चौथो परिच्छेद : भवानी भिक्षुका कथामा म्याक्स वेबरका मान्यताका आधारमा बाह्य द्वन्द्वविधान

पाँचौं परिच्छेद : भवानी भिक्षुका कथामा द्वन्द्वविधानको प्रयोजन

छैटौं परिच्छेद : सारांश तथा निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

दोस्रो परिच्छेद
भवानी भिक्षुका कथामा फ्रायडीय मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधान

२.१ विषयप्रवेश

भवानी भिक्षु मनोवैज्ञानिक कथाकार हुन् । उनका कथामा पात्रका मानसिकतामा उत्पन्न विपरीत मनोभावका बिचमा मनोद्वन्द्वको स्थिति देखाइएको पाइन्छ । एउटै व्यक्तिका विपरीत भाव, विचार र इच्छाका बिचमा हुने मनोद्वन्द्व नै आन्तरिक द्वन्द्व हो । यसलाई व्यक्ति पात्रका मनोयथार्थको कलात्मक झल्को दिने गरी प्रस्तुत गरेर भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको हुँदा यस दृष्टिले उनका कथा सशक्त छन् । यसर्थ प्रस्तुत परिच्छेदमा भिक्षुका कथामा आयोजित आन्तरिक द्वन्द्वविधानको अध्ययन र विश्लेषण गरिएको छ । यसका लागि सिग्मन्ड फ्रायडका मनोवैज्ञानिक द्वन्द्वसम्बन्धी मान्यतालाई आधार बनाएर निर्धारण गरिएको विश्लेषणको ढाँचा उपयोग गरी अध्ययन कार्यलाई अघि बढाइएको छ । भिक्षुका *गुनकेशरी, मैयाँसाहेब, आवर्त* र *अवान्तर* गरी चारओटा कथासङ्ग्रहबाट अध्ययनका लागि छनोट गरिएका पैतीसओटा कथामध्ये फ्रायडीय मान्यताका दृष्टिले आन्तरिक द्वन्द्वविधानको अध्ययन गर्न बढी उपयुक्त देखिएका चौधओटा कथालाई इदम् र अहम्का बिच द्वन्द्वविधान, इदम् र पराहम्का बिच द्वन्द्वविधान एवम् जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्वविधान गरी तीनओटा आधारमा अध्ययन गरिएको छ । यस क्रममा निर्धारित कथामा प्रस्तुत घटना सन्दर्भका कारण पात्रका मानसिकतामा सिर्जना भएको मनोद्वन्द्वको खोजी गर्ने कार्य यसमा गरिएको छ । यसरी अध्ययन गर्दा अध्ययन गरिएका कथामा निर्धारित तीनवटै आधारअनुसारको द्वन्द्वको प्रस्तुति भएको नपाइएकाले कथामा प्रस्तुत द्वन्द्वको प्रकृतिअनुसार उचित र सान्दर्भिक रूपमा उपयोग हुन सक्ने विश्लेषणीय आधारलाई उपयोग गरेर भिक्षुका कथामा फ्रायडीय मान्यताका आधारमा आयोजित आन्तरिक द्वन्द्वविधानको अध्ययन र विश्लेषण गरी निष्कर्ष प्रस्तुत गर्ने कार्य यसमा गरिएको छ ।

२.२ सिग्मन्ड फ्रायडको द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता

सिग्मन्ड फ्रायड (सन् १८५६–१९३९) मनोवैज्ञानिक द्वन्द्वसम्बन्धी मान्यताका स्थापक हुन् । उनले मनलाई शरीरका अङ्गहरूको प्रक्रिया मान्दै यसलाई परस्पर विरोधी आवेगको सङ्घर्षका लागि अखडा हो र यो विरोधी र विरोधी वस्तुको जोडीले बनेको हुन्छ भनेका छन् (फ्रायड, २०६९, पृ. ६७) । उनको यस विचारले व्यक्तिका मनमा हुने आन्तरिक द्वन्द्वलाई दर्साएको देखिन्छ । फ्रायडले मनका आकारात्मक र गत्यात्मक गरी दुई पक्षको चर्चा गरेका छन् । यी दुई पक्षमध्ये पहिलो आकारात्मकअन्तर्गत चेतन, अवचेतन र अचेतन गरी मनका तीन प्रकार देखाइएको छ । त्यस्तै दोस्रो गत्यात्मकअन्तर्गत इदम्, अहम् र पराहम् गरी यसका पनि तीन प्रकार नै देखाइएको छ (भण्डारी, २०५८, पृ. ३०) । यहाँ मनसँग सम्बन्धित गत्यात्मक पक्षअन्तर्गतका इदम्, अहम् र पराहम्केन्द्रित द्वन्द्वसम्बन्धी फ्रायडद्वारा प्रतिपादित

मान्यताको चर्चा गरिएको छ । त्यस्तै उनले मूलप्रवृत्तिको सिद्धान्त पनि प्रतिपादन गरेका छन् । व्यक्तित्वको मूलाधार मानिने यो उनको पछिल्लो अवधारणा हो (फ्रायड, सन् १९६०, पृ. ३७) । उनले यसका जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति गरी दुई प्रकार छुट्टाएका छन् । तिनको पनि यहाँ चर्चा गरिएको छ ।

फ्रायडले इदम्लाई व्यक्तिको समग्र इच्छाहरूको मूलस्रोत मानेका छन् । उनका अनुसार यो व्यक्तिको जन्मजात एवम् शरीरसँग सम्बन्धित गुणहरूको आधारस्रोत हो । उनले इदम्लाई सुख सिद्धान्तमा आधारित मनको ठूलो क्षेत्र ओगटेर बसेको कामवृत्ति मानेका छन् (फ्रायड, सन् २०१८, पृ. १०) । इदम् सधैँ कामवासनाको तृप्तिमा क्रियाशील रहन्छ । यसले सधैँ सुखको खोजी गर्दछ र व्यक्तिलाई त्यसतर्फ लाग्न उत्प्रेरित गरिरहन्छ । फ्रायडका अनुसार इदम् आफै नष्ट हुने भए पनि आनन्दतिर प्रेरित हुन्छ । अरूको त के आफ्नै सुरक्षाको पनि यसलाई मतलब हुँदैन । यो धेरै हदसम्म राक्षसजस्तै हुन्छ (बराल, २०७२, पृ. १७) । यसको प्रकृति अचेतन, अतार्किक, असङ्गत र अस्थिर हुन्छ । यो मानिसभित्रको पशु हो । उनका अनुसार सम्पूर्ण नैतिक र अनैतिक इच्छाहरू यसकै कारणले उत्पन्न हुन्छन् (भण्डारी, २०५८, पृ. ४६–४७) । यसरी फ्रायडले इदम्लाई मानिसभित्रको अनैतिक, आक्रामक, अस्थिर अनि सधैँ कामवृत्तिजन्य सुखको खोजीमा लाग्ने मनको गत्यात्मक पक्ष मानेका छन् ।

फ्रायडले अहम्लाई गत्यात्मक मनको सामाजिक पक्ष मानेका छन् । उनका दृष्टिमा व्यक्तिको मानसिक क्रियाकलापमा हुने एउटा सुसङ्गत सङ्गठन अहम् हो (फ्रायड, सन् १९६०, पृ. ८) । यसैले गर्दा अहम्ले मनका गतिविधिलाई सामाजिक मूल्यमान्यतासँग समन्वय गर्न चाहन्छ । सामाजिक वातावरणसँग सिधा सम्पर्कमा रहने हुनाले सामाजिक मूल्यमान्यता, ऐन, कानुन, सामाजिक चिन्तन र विचारसँग अहम्को नजिकको सम्बन्ध रहेको हुन्छ । समय र वास्तविकताको ज्ञान रहने र भौतिक र सामाजिक वास्तविकताहरूकै आधारमा निर्धारित भएको हुनाले अहम्को सञ्चालक शक्ति वास्तविकताको नियम नै हुने गर्दछ (भण्डारी, २०५८, पृ. ५१) । यही कारणले गर्दा अहम् गत्यात्मक मनको सामाजिक चेतनाको वाहक मानिन्छ । यसले सधैँ सामाजिक अनुशासनको अपेक्षा गर्दछ । यसले बाह्य संसारको प्रभावलाई ग्रहण गरेर इदम्का प्रवृत्ति र कामनालाई प्रकट हुन दिने कुरा खोजिरहेको हुन्छ भन्ने फ्रायडको मत रहेको छ । यस सन्दर्भमा फ्रायड (सन् १९६०) ले इदम् र अहम्को सम्बन्धको चर्चा गर्दै लेखेका छन् :

> इदम् र अहम्को परस्परको सम्बन्धलाई हेर्दा अहम् घोडाको पीठमा बसेको मानिस हो । उसले उच्च तागतका साथ घोडालाई नियन्त्रण गरिरहेको हुन्छ । यहाँ घोडा इदम् हो । यस भिन्नताले के देखाउँछ भने घोडाको पीठमा बसिरहेको मानिसले यो कार्य आफ्नै क्षमताले गरिरहेको छ । त्यसो नगर्दो हो त घोडा अनियन्त्रित हुन्थ्यो । प्रायः त्यो मानिस घोडादेखि अलग हुन पनि सक्तैन । ऊ आफू जान चाहेको गन्तव्यमा पुग्नको लागि घोडालाई परिचालन गर्न बाध्य छ । त्यसैले समान मार्ग हेर्दा के देखिन्छ भने अहम् भनेको त्यस्तो बानी हो जसले इदम्का इच्छा र कार्यहरूलाई आफूअनुकूल हिँडाउँछ । (पृ. १९)

उल्लिखित उद्धरणले इदम् र अहम्का बिचको द्वन्द्व र दुईका बिचको परस्परको सम्बन्धलाई स्पष्टसँग देखाएको छ । यसमा घोडालाई इदम्को प्रतीक मानिएको छ । अर्कोतर्फ घोडाको पीठमा लगाम समातेर बसेको मानिसलाई अहम्को प्रतीकको रूपमा देखाइएको छ । यहाँ इदम् अनियन्त्रित भएर छाडा किसिमले कुद्न चाहन्छ । अहम्ले भने इदम्लाई नियन्त्रण गर्न खोजेको देखिन्छ । यति हुँदाहुँदै पनि अहम्ले इदम्लाई छोड्न पनि सक्दैन किनभने आफू गन्तव्यमा पुग्नको लागि अहम्लाई इदम्को साथ पनि चाहिएको छ । त्यसैले अहम्ले इदम्लाई आफ्नो अनुकूल हिँडाउन खोज्दछ । अर्कोतर्फ इदम्ले भने अहम्को नियन्त्रणलाई रुचाउँदैन । यसले गर्दा इदम् र अहम्का बिचमा खटपटको अवस्था बन्दछ र दुईका बिचमा द्वन्द्वको सिर्जना हुन्छ । इदम् र अहम्का बिचमा सँगै यात्राका क्रममा सम्बन्ध देखिए पनि अहम् सामान्य धारणा र कारणबाट इदम्को विरुद्धमा रहेको देखिन्छ किनभने अहम्ले समाज र इदम्का बिचमा मध्यस्थता गर्नुपर्ने हुन्छ । यसले इदम्लाई समाजप्रति लचिलो बनाउनुपर्ने हुन्छ । यसको तात्पर्य के हो भने इदम्को मसल र शक्तिपूर्ण क्रियाकलापबाट समाजलाई बिग्रनबाट बचाउनको लागि इदम्का इच्छाहरूलाई रोक्नुपर्ने हुन्छ (फ्रायड, सन्, १९६०, पृ. ५८) । यस तथ्यबाट इदम्ले समाजलाई बेवास्था गरेर मसल र शक्तिका बलमा आफ्ना यौनजन्य इच्छालाई पूरा गर्न चाहने र अहम्ले भने इदम्लाई समाजप्रति लचिलो र जवाफदेही बन्न दबाब दिने गर्दा यी दुईका बिचमा मानसिक तहमा विरोधको स्थिति देखिन्छ । फ्रायडका अनुसार अहम् व्यक्तिको त्यो भाग हो जसको सम्बन्ध वास्तविक जगत्सँग हुन्छ (भण्डारी, २०५८, पृ. ४८) । यसले गर्दा अहम्लाई इदम्का चाहनाहरू नियन्त्रण गर्नुपर्ने वाध्यता रहन्छ । यसर्थ अहम् इदम्का यौनजन्य र अन्य कुण्ठित चाहनालाई नियन्त्रण गर्नका लागि सजग रहने गर्छ । इदम् भने जिद्दीवाल हुने भएकोले अहम् निर्देशित सामाजिक यथार्थ र मूल्यमान्यतालाई तोड्न चाहन्छ (फ्रायड, सन् १९६०, पृ. ५८) । यसबाट इदम्ले अहम्को नियन्त्रण नरुचाउने र अहम्ले भने समाजप्रति जवाफदेही बनाउन र गलत प्रवृत्ति रोक्नका लागि इदम्लाई नियन्त्रण गर्न चाहन्छ भन्ने देखिन्छ । परिणामतः दुईका बिचमा विमति सिर्जना हुन पुग्दछ । यस्तो मनोयथार्थलाई देखाएर फ्रायडले इदम् र अहम्का बिचमा द्वन्द्व सिर्जना हुने मान्यता प्रस्तुत गरेका छन् ।

पराहम् व्यक्ति मनको गत्यात्मक पक्षअन्तर्गतको आदर्श र उच्च नैतिकताको प्रतिनिधित्व गर्ने मनको प्रकार हो । फ्रायडले पराहम्लाई उच्च नैतिक हुन्छ भनेका छन् (फ्रायड, सन् १९६०, पृ. ५६) । उच्च र नैतिक गुणले युक्त हुने भएकोले पराहम् आदर्शको वाहकको रूपमा रहेको हुन्छ । यसले सधैँ आदर्शको मार्गदर्शन गर्दछ । यसले आदर्श मानवले अपेक्षा गरेका सबै कुराको उत्तर दिन्छ । यो बाबुआमाको अन्तःक्षेपित रूप हुनुका साथै हाम्रो समाजको परम्पराको वाहकका रूपमा रहेको हुन्छ (भण्डारी, २०५८, पृ. ५२) । यसो भएको हुनाले पराहम्ले समाजको आचरण, मर्यादा, बाबुआमाले सिकाएको कर्तव्य, नैतिकता र आदर्श एवम् मर्यादाको प्रतिनिधित्व गर्दछ । धार्मिक चेतनासहितको नम्रता दर्साएर नैतिक नियन्त्रण एवम् अवरोधको कार्यलाई पराहम्ले अवलम्बन गर्दछ भन्ने मत फ्रायडको रहेको छ । (फ्रायड, सन् १९६०, पृ. ३३) । यसबाट पराहम्ले जहिले पनि उच्च आदर्शवादी मानवका धर्म, नैतिकता, कर्तव्य, सामाजिक चेतनाजस्ता कुराहरू अनुपालन गर्नुपर्ने कुरामा जोड दिन्छ भन्ने कुरा स्पष्ट हुन्छ । यसले गर्दा पराहम् इदम्विरोधी रहेको देखिन्छ । फ्रायडले इदम् अर्थात् कामवृत्तिको

प्रकृति अचेतन, अतार्तिक, असङ्गत र अस्थिर हुन्छ भनेका छन् (भण्डारी, २०५८, पृ. ४६)। यही कारणले गर्दा सम्पूर्ण नैतिक र अनैतिक आकाङ्क्षाहरूको स्वाभाविक तृप्ति इदम्ले चाहेको हुन्छ र यसले सधैँ कामोत्तेजक स्वभाव देखाउँछ। यो निर्दयी र आक्रामक हुन्छ। यस्तो निर्दयी र आक्रामक स्वभावबाट निर्देशित इदम्का कामोत्तेजक गतिविधिलाई आदर्श र नैतिकताको बाटो देखाउने पराहम्ले रुचाउँदैन। यसैले गर्दा स्वाभाविक रूपमा पराहम्ले इदम्का कार्यलाई रोक्न चाहन्छ। पराहम्ले इदम्को आक्रामकतालाई रोक्दा आक्रामकताको दमन हुन्छ (फ्रायड, सन् १९६०, पृ. ५६)। पराहम्ले इदम्को आक्रामक व्यवहार र गतिविधिको दमन गर्दा इदम्को कामना अवरुद्ध हुन पुग्दछ । यसले गर्दा इदम् र पराहम्का बिचमा विरोधको स्थिति बन्दछ। पराहम् धर्म, नैतिकता, सामाजिक चेतना आदिलाई आधार बनाएर इदम्का पराहम् विरोधी चाहनाहरूलाई प्रकट हुन नदिनको लागि नैतिक अवरोध सिर्जना गर्ने कार्यमा सक्रिय रहन्छ । पराहम्को यस्तो अवरोधबाट इदम् असन्तुष्ट भएर दुईका बिचमा द्वन्द्वको स्थिति सिर्जना हुने मान्यता फ्रायडले प्रस्तुत गरेका छन् ।

उल्लिखित प्रामाणिक तथ्यहरूका आधारमा कामवासनाको तृप्तिमा क्रियाशील रहने मानिसभित्रको अनैतिक, आक्रामक, अस्थिर अनि सुखको खोजीमा लाग्ने स्वभाव इदम्को रहेको देखिन्छ। अर्कोतिर अहम् वास्तविकताको नियममा सामाजिक मूल्यमान्यतासँग समन्वय गर्न चाहने मनको पक्ष भएकोले यसले इदम्लाई समाजप्रति जबाफदेही बन्न दबाब दिन चाहन्छ। यसले गर्दा यी दुईका बिचमा परस्पर विरोधी सम्बन्ध रहने देखिन्छ। त्यस्तै पराहम्ले कर्तव्य, नैतिकता, आदर्श, मर्यादा, धार्मिक मूल्यसमेतलाई पालन गर्न जोड दिने र इदम्ले भने यी कुराहरूलाई मतलब नगर्ने भएकोले यी दुईका बिचको सम्बन्ध पनि विरोधपूर्ण रहने स्पष्ट देखिन्छ। यसैले गर्दा इदम् र अहम् एवम् इदम् र पराहम्का बिचमा मनोद्वन्द्वको स्थिति रहने स्पष्ट हुन्छ।

फ्रायडले प्रतिपादन गरेको मूलप्रवृत्तिको सिद्धान्तका जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति गरी दुई प्रकार छन् । यीमध्येको पहिलो जीवन मूलप्रवृत्ति हो । उनले यसलाई यौनप्रवृत्ति पनि भनेका छन् । यसलाई एरोस पनि भनिएको छ । एरोसको तात्पर्य प्रेमका देवता भन्ने हुन्छ । उनले एरोस शब्द ग्रीक पौराणिक कथा साहित्यबाट लिएका हुन् । यसलाई उनले जीवन, प्रेम, प्रजनन, अनुराग, आकर्षण, मैत्री, आशक्ति, प्रीति एवम् रचनात्मक कार्य आदिको प्रतीक मानेका छन् । यो धेरै भन्दा धेरै टाढा पुग्ने संयोजन हो । यसले तितरबितर भएका जीवित पदार्थलाई र जटिल जीवनलाई संरक्षण गर्ने कार्य गर्दछ भन्ने फ्रायडको मत रहेको देखिन्छ (फ्रायड, सन् १९६०, पृ. ३८) । यस तथ्यबाट जीवन मूलप्रवृत्ति जीवनवादी हुन्छ भन्ने देखिन्छ । प्रेम, अनुराग, मैत्री आदिप्रतिको अपेक्षाले गर्दा यसले जीवनप्रतिको आशक्तिलाई महत्त्व दिन्छ । फ्रायडका अनुसार प्रायः जीवनको चहलपहल एरोसको अंशबाट नै प्राप्त हुन्छ । उनले जीवन मूलप्रवृत्तिका अहम् प्रचालन र यौन प्रचालन गरी दुई स्तर देखाएका छन् । पहिलो अहम् प्रचालनले व्यक्तिको पोषण र आत्मसंरक्षणको कार्य गर्दछ र दोस्रो यौन प्रचालनले व्यक्तिलाई अन्य व्यक्तिको सामीप्य प्राप्त गर्नका लागि प्रेरित गर्दछ । जीवनलाई सुरक्षित राख्नका लागि भोक, प्यास आदि आवश्यकता पूरा गर्न प्रेरित गर्नेदेखि लिएर मित्रता कायम राख्न, साहित्य सिर्जना गर्न, ठूलाठूला अनुसन्धान गर्न अनि राष्ट्रका लागि जीवन बलिदान गर्न पनि जीवन मूलप्रवृत्तिले नै प्रेरित गर्छ (बराल, २०७२, पृ.३३) । यस तथ्यबाट

जीवन मूलप्रवृत्ति जीवन, प्रेम र अनुरागतर्फ उन्मुख मात्र नभई मित्रता, सिर्जना, अनुसन्धानजस्ता कार्यका लागि पनि उत्प्रेरक प्रवृत्तिको हुन्छ भन्ने देखिन्छ ।

फ्रायडले प्रतिपादन गरेको मूलप्रवृत्तिको सिद्धान्तमध्येको दोस्रो मृत्यु मूलप्रवृत्ति हो । उनका अनुसार यसले दुःखको प्रतिनिधित्व गर्दछ । यसले जीवनलाई निर्जीव अवस्थातर्फ फर्काउन प्रयत्न गर्ने कुरा फ्रायडले प्रस्तुत गरेका छन् (फ्रायड, सन् १९६०, पृ. ३८) । जीवनलाई निर्जीव अवस्थातर्फ फर्काउन प्रयत्न गर्ने भएकोले यो जीवन मूलप्रवृत्तिका विपरीत स्वभावको हुन्छ भन्ने देखिन्छ । मृत्यु मूलप्रवृत्ति घृणा, क्रोध, झैझगडा, पृथकता, विनाश र मृत्यु आदिका रूपमा अभिव्यक्त हुने कुरा फ्रायडले बताएका छन् । युनानी पौराणिक कथाहरूमा मृत्युका देवतालाई थोनाटस नामले सम्बोधित गरिने हुँदा यो मूलप्रवृत्तिलाई मृत्यु मूलप्रवृत्ति भनिएको देखिन्छ (भण्डारी, २०५८, पृ. २२) । यस तथ्यबाट पश्चिमा जगत्मा धार्मिक सन्दर्भसँग पनि मृत्यु मूलप्रवृत्तिलाई जोडेर हेर्ने गरिएको देखिन्छ । फ्रायडका अनुसार मानिसलाई आक्रमणशील वा झगडालु बनाउँदै ध्वंसात्मक प्रवृत्तिप्रति उन्मुख गराउन मृत्युन्मुखी प्रवृत्तिकै भूमिका छ (बराल, २०७२, पृ. ३४) । मृत्यु मूलप्रवृत्तिले व्यक्तिलाई शत्रुतापूर्ण आक्रामक व्यवहारतर्फ निर्देशित गर्दछ । यस प्रवृत्तिले आफ्नै प्रजातिलाई विनाशतर्फ लैजाने गर्छ । मृत्यु मूलप्रवृत्तिका सेल विशेष अङ्गको साधनउपकरण बनेर त्यसबाटै विनाशकारी आवेगहरू बाह्य संसारमा दिशान्तरण हुन आइपुग्दछन् । यो विशेष अङ्ग मांशपेशीय उपकरणको रूपमा देखिन्छ र मृत्यु मूलप्रवृत्ति त्यससँगै आफै अभिव्यक्त हुन्छ (फ्रायड, सन् १९६०, पृ. ३९) । व्यक्तिलाई शत्रुता र आक्रामक व्यवहारतर्फ निर्देशित गर्ने, आफ्नै प्रजातिलाई विनाशतर्फ लैजाने र विनाशकारी आवेग प्रस्तुत गर्ने मृत्यु मूलप्रवृत्तिको खास पहिचान आक्रामक र विनाशतर्फ लक्षित हुन्छ भन्ने फ्रायडको मान्यता रहेको छ ।

फ्रायडले जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचमा विरोधी भाव रहने कुरा स्पष्टसँग देखाएका छन् । यस्तो विरोधी भाव भनेको दुई प्रवृत्तिमा देखिने द्वन्द्वात्मक स्थिति हो । फ्रायडका अनुसार जीवनको आकस्मिकतामा यी दुईमध्ये एउटाले जीवन र प्रेम अनि अर्कोले मृत्युतर्फ प्रयास गरेर द्वन्द्व सिर्जना गर्दछन् (फ्रायड, सन् १९६०, पृ. ३८) । यसबाट जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति परस्पर द्वन्द्वात्मक स्थितिमा रहन्छन् भन्ने तथ्यलाई स्पष्ट देखाउन खोजेको पाइन्छ । यसो भए पनि कतिपय अवस्थामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति एकसाथ देखिने गर्छन् । एकातिर द्वन्द्व सिर्जना गर्दै र अर्कोतिर मिलेर सँगसँगै अघि बढ्ने स्वभाव यी दुई प्रवृत्तिका बिचमा देखिन्छ । फ्रायडले जीवनको प्रारम्भिक चरणमा जीवनमुखी प्रवृत्ति सक्रिय भए पनि यसको शक्ति कम हुँदै जाँदा मृत्युन्मुखी प्रवृत्तिको भूमिका बढ्दै जाने बताएका छन् (बराल, २०७२, पृ. ३४) । यस्तो प्रवृत्ति बढ्दा मानिस बदला, शत्रुता, हत्याजस्ता कार्यमा अग्रसर हुने फ्रायडको मान्यता रहेको देखिन्छ । वास्तवमा जीवनको उत्पत्तिसम्बन्धी र जीवनको लक्ष्य र उद्देश्यसम्बन्धी उत्तर दोहोरो हिसाबबाट नै प्राप्त हुने हुँदा जीवन र मृत्यु दुई मूलप्रवृत्तिका बिच समन्वय र सहमति गर्दै अघि बढ्ने गरेको देखिन्छ (फ्रायड, सन् १९६०, पृ. ३८) । जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति परस्पर विपरीत स्वभावका भए पनि यी दुवै प्रकारका मूलप्रवृत्तिहरू जीवित वस्तुका प्रत्येक अंशमा सक्रिय रहने हुँदा एकापसमा समन्वय हुने र कतिपय अवस्थामा सँगसँगै अघि बढ्ने गरेको पाइने तथ्य फ्रायडले प्रस्तुत गरेका छन् । उनका अनुसार यी समान अनुपातमा नभई असमान अनुपातमा

रहन्छन् । यसबाट जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिको तौरतरिका एकापसमा मिश्रण भएको हुन्छ भन्ने पनि देखिन्छ । फ्रायडले अप्रत्याशित रूपमा प्रेम अर्थात् जीवन मूलप्रवृत्ति नियमित किसिमले घृणा अर्थात् मृत्यु मूलप्रवृत्तिसँगै भएको द्वन्द्वात्मक स्थितिलाई प्रयोगशालीय परीक्षणले देखाएको उल्लेख गरेका छन् । उनले मानवीय सम्बन्धका क्रममा घृणा पटकपटक प्रेमको अग्रज भएको र कतिपय परिस्थितिमा घृणा प्रेममा र प्रेम घृणामा परिवर्तन भएको देखिन्छ भनेका छन् । कसैले कसैलाई पहिला प्रेम गर्ने र अनि त्यही व्यक्तिलाई पछि घृणा गर्न थालेको विपरीत स्थिति अत्यन्त द्वन्द्वात्मक देखिने गरेको फ्रायडले उल्लेख गरेका छन् (फ्रायड, सन् १९६०, पृ. ४१) । यसबाट व्यक्तिको मानसिकतामा कहिले जीवन मूलप्रवृत्ति र कहिले मृत्यु मूलप्रवृत्ति प्रबल बन्ने स्पष्ट हुन्छ । जबसम्म जीवन मूलप्रवृत्तिको शक्ति धेरै रहन्छ तबसम्म त्यसले मृत्यु मूलप्रवृत्तिलाई दबाएर राख्दछ । व्यक्तिको जीवनकालमा आफन्तको मृत्यु, अथाह आर्थिक हानि, लगातार विफलता, कुण्ठा अनि तीव्र चिन्ता एवम् अन्तर्द्वन्द्वको कारणले व्यक्ति हतास एवम् निराश हुन जान्छ तब उसको जीवन सुखरहित, आकर्षणरहित र नीरस बन्न पुग्दछ (भण्डारी, २०५८, पृ. २४) । यस्तो स्थिति मृत्यु मूल प्रवृत्तिको लक्षण मानिन्छ । जे भए पनि फ्रायडले मूलप्रवृत्तिको सिद्धान्तका माध्यमबाट कतिपय अवस्थामा समन्वय देखिए पनि खासमा मानव मनलाई जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वको रूपमा देखाएका छन् ।

२.३ विश्लेषणको ढाँचा

भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको अध्ययनका लागि सिग्मन्ड फ्रायडका सैद्धान्तिक मान्यताअनुसार विश्लेषणको ढाँचा निर्धारण गरी त्यसअनुरूप अध्ययनलाई अघि बढाइएको छ । आन्तरिक द्वन्द्वविधानको अध्ययन र विश्लेषणका लागि यस परिच्छेदमा निर्धारित इदम् र अहम्, इदम् र पराहम् एवम् जीवन र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्व विश्लेषणको ढाँचालाई तल क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

२.३.१ इदम् र अहम्का बिच द्वन्द्वविश्लेषणको ढाँचा

भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको अध्ययनका लागि इदम् र अहम्का बिच द्वन्द्व विश्लेषणको ढाँचालाई उपयोग गरिएको छ । फ्रायडले इदम्लाई व्यक्तिको समग्र इच्छाको मूल स्रोत, मनको सबैभन्दा ठूलो क्षेत्र ओगटेर बसेको कामवृत्ति, सुखको सिद्धान्तमा आधारित एवम् अचेतन, अतार्किक र अस्थिर मनको तह मानेका छन् । कामोत्तेजनाको तृप्तिमा केन्द्रित हुने मनको यस तहलाई उनले व्यक्तिभित्रको पशु मान्दै सम्पूर्ण नैतिक अनैतिक इच्छाहरू उत्पन्न गर्ने र व्यक्तिभित्रको मूलतः अनैतिक र आक्रामक पक्ष भनेका छन् । अर्कोतर्फ सामाजिक वातावरणसँग सिधा सम्पर्कमा रहने, सामाजिक मूल्यमान्यता, ऐनकानुन, सामाजिक चिन्तन र विचारअनुरूप हुने सुसङ्गत सङ्गठनलाई उनले अहम् भनेका छन् । यसले सामाजिक अनुशासनको परिधिमा रहेर बाह्य संसारको प्रभावलाई ग्रहण गर्दै इदम्का प्रवृत्ति र कामनालाई प्रकट हुन दिने कुरामा सचेत रहन्छ भन्ने फ्रायडको मत रहेको देखिन्छ । उनका अनुसार अहम् इदम्का इच्छा र कार्यलाई आफूअनुकूल हिँडाउन चाहेर त्यसको मसल र शक्तिपूर्ण

क्रियाकलापबाट समाजलाई बिग्रनबाट बचाउन क्रियाशील रहने गर्छ । यसका लागि अहम् इदम्का इच्छालाई रोक्ने र यौनजन्य एवम् अन्य कुण्ठित चाहनालाई नियन्त्रण गर्ने कार्यमा सधैँ चनाखो रहन्छ । इदम् भने अहम्निर्देशित सामाजिक यथार्थ र मूल्यमान्यतालाई तोडेर प्रकट हुन चाहन्छ । यसले गर्दा व्यक्तिको अन्तर्मानसिकतामा इदम् र अहम्का बिचमा द्वन्द्व भइरहन्छ भन्ने फ्रायडको मान्यता रहेको छ । यही मान्यतालाई आधार बनाएर भिक्षुका कथामा इदम् र अहम्का बिच आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ भन्ने अवधारणा निर्धारण गरी शोधमूलक अध्ययन कार्य गरिएको छ ।

२.३.२ इदम् र पराहम्का बिच द्वन्द्वविश्लेषणको ढाँचा

भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको अध्ययनको लागि इदम् र पराहम्का बिचको द्वन्द्व विश्लेषणको ढाँचालाई उपयोग गरिएको छ । फ्रायडले पराहम्लाई व्यक्ति मनको आदर्श र उच्च नैतिकताको प्रतिनिधित्व गर्ने, आदर्श मानवले अपेक्षा गरेका सबै कुराको उत्तर दिने र धार्मिक चेतनासहितको नम्रता दर्साएर नैतिक नियन्त्रण एवम् अवरोधको कार्य गर्ने मनको तह मानेका छन् । यसले उच्च आदर्शवादी मानवका धर्म, नैतिकता, सामाजिक चेतना आदिको अनुपालन गर्नुपर्ने कुरामा जोड दिन्छ भन्ने उनको मत रहेको देखिन्छ । अर्कोतर्फ इदम्लाई उनले अतार्किक, असङ्गत अस्थिर स्वभावको हुने र कामोत्तेजनापूर्ण नैतिक अनैतिक आकाङ्क्षाहरूको स्वाभाविक तृप्तिमा केन्द्रित हुने मनको तह मानेका छन् । उनका अनुसार यो मानिसभित्रको पशुजस्तै हुने भएकोले यसले पराहम्का धर्म, नैतिकता, आदर्श, मर्यादा, उच्च सामाजिक मूल्य, आदि केहीलाई पनि मान्दैन । उता पराहम् भने इदम्का यस्ता आक्रामक गतिविधिलाई रोक्नका लागि नैतिक अवरोध सिर्जना गर्ने कार्यमा सधैँ सक्रिय रहन्छ । यसले गर्दा व्यक्तिको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा द्वन्द्व भइरहन्छ भन्ने फ्रायडको मान्यता रहेको छ । फ्रायडको यही मान्यतालाई उपयोग गरेर भिक्षुका कथामा इदम् र पराहम्का बिच आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ भन्ने अवधारणा निर्धारण गरी शोधमूलक अध्ययनकार्य गरिएको छ ।

२.३.३ जीवन र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्वविश्लेषणको ढाँचा

भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको अध्ययनको लागि जीवन र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्व विश्लेषणको ढाँचालाई उपयोग गरिएको छ । सिग्मन्ड फ्रायडले यसलाई व्यक्तित्वको मूलाधार मानेका छन् । यसका जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति गरी परस्पर विरोधी दुई प्रकार छन् । यीमध्येको जीवन मूलप्रवृत्तिले सुख र आनन्दको प्रतिनिधित्व गर्दछ । यो जीवन, प्रेम, प्रजनन, अनुराग, आकर्षण, मैत्री, आशक्ति, प्रीति एवम् रचनात्मक कार्य आदिका रूपमा अभिव्यक्त हुने गर्छ । यसले तितरबितर भएका जीवित पदार्थलाई र जटिल जीवनलाई संरक्षण गर्नुका साथै जीवनको चहलपहललाई दर्साउँछ भन्ने उनको मत रहेको छ । फ्रायडले जीवन मूलप्रवृत्तिका अहम् प्रचालन र यौन प्रचालन गरी दुई स्तर देखाएर पहिलो अहम् प्रचालनले व्यक्तिको पोषण र आत्मसंरक्षणको कार्य गर्ने र दोस्रो यौन प्रचालनले व्यक्तिलाई अन्य व्यक्तिको सामीप्य प्राप्त गर्नका लागि प्रेरित गर्ने मान्यता प्रस्तुत गरेका

छन् । अर्कोतर्फ मृत्यु मूलप्रवृत्तिले दुःखको प्रतिनिधित्व गर्दै जीवनलाई निर्जीव अवस्थातर्फ फर्काउन प्रयत्न गर्ने र यो घृणा, क्रोध, झैझगडा, पृथकता, विनाश र मृत्यु आदिका रूपमा अभिव्यक्त हुने कुरा उनले बताएका छन् । यस प्रवृत्तिले व्यक्तिलाई शत्रुतापूर्ण आक्रामक व्यवहारतर्फ निर्देशित गर्ने र आफ्नै प्रजातिलाई विनाशतर्फ प्रेरित गर्ने भएकोले व्यक्तिको अन्तर्मानसिकतामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचमा द्वन्द्व भइरहन्छ भन्ने फ्रायडको मान्यता रहेको देखिन्छ । फ्रायडले प्रस्तुत गरेको यही द्वन्द्वसम्बन्धी मान्यताका आधारमा भिक्षुका कथामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिच आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ भन्ने अवधारणा निर्धारण गरी अध्ययनकार्यलाई अघि बढाइएको छ ।

२.४ भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधान

एउटै व्यक्तिका मानसिकतामा उत्पन्न विपरीत इच्छा, भाव वा विचारका बिचमा देखिने द्विविधात्मक स्थिति नै आन्तरिक द्वन्द्व हो । यस किसिमको द्वन्द्वका सन्दर्भमा फ्रायडको मनोविश्लेषणमा चर्चा गरिएको छ । उनले आफ्नो मान्ययता प्रस्तुत गर्दै इदम् र अहम्, इदम् र पराहम् एवम् जीवन मूलप्रवृत्ति र मृत्य मूलप्रवृत्तिका बिच व्यक्तिको मानसिकतामा द्वन्द्वको स्थिति उत्पन्न हुने देखाएका छन् । भवानी भिक्षुका कथा फ्रायडको उक्त मनोद्वन्द्वसम्बन्धी मान्यताका आधारमा अध्ययनीय छन् । उनका कथामा विभिन्न परिस्थितिको सिर्जना गरी पात्रलाई इदम् र अहम्, इदम् र पराहम् एवम् जीवन मूलप्रवृत्ति र मृत्य मूलप्रवृत्तिका बिचको द्वन्द्वका चापमा परेका देखाएर द्वन्द्वविधानको कलात्मक आयोजन गरिएको छ । त्यसैले यसमा भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि ...?', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट', 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'त्यही सात दिन', 'रक्सीबाज', र 'सैतानको सैतानी' गरी चौधओटा कथाको फ्रायडीय मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधानको अध्ययन गरिएको छ ।

२.४.१ इदम् र अहम्का बिच आन्तरिक द्वन्द्वविधान

फ्रायडले मनोविश्लेषण सिद्धान्तमा व्यक्तिको इदम् र अहम् मनका बिचमा द्वन्द्वको स्थिति सिर्जना हुने चर्चा गरेका छन् । उनले इदम्लाई समग्र इच्छाको मूल स्रोत, मनको सबैभन्दा ठूलो क्षेत्र ओगटेर बसेको कामवृत्ति, सुखको सिद्धान्तमा आधारित एवम् अचेतन, अतार्किक र अस्थिर मनको तह मानेका छन् । फ्रायडले यसलाई कामोत्तेजनाको तृप्तिमा केन्द्रित हुने, नैतिक अनैतिक इच्छाहरू उत्पन्न गर्ने र पशुवत् एवम् आक्रामक पक्ष भनेका छन् । अहम्लाई भने उनले सामाजिक वातावरणसँग सिधा सम्पर्कमा रहने, सामाजिक मूल्यमान्यता, सामाजिक अनुशासन, ऐनकानुन, सामाजिक चिन्तन र विचारका परिधिमा रही अघि बढ्न चाहने मनको तह मानेका छन् । एउटै व्यक्तिका इदम् र अहम् मनमा उत्पन्न हुने यस किसिमको विपरीत इच्छा र विचारका कारणले गर्दा व्यक्ति मनोद्वन्द्वमा पर्दछ भन्ने फ्रायडको मान्यता देखिन्छ । भवानी भिक्षुका कथा फ्रायडको यस मान्यताका आधारमा अध्ययनीय रहेका छन् । उनका कथामा विविध परिस्थितिको सिर्जना गरी पात्रलाई इदम् र

अहम्का बिचको मनोद्वन्द्वमा परेको देखाएर कथालाई द्वन्द्वविधानका दृष्टिले कलापूर्ण बनाउने प्रयत्न गरिएको छ । त्यसैले यसमा भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि ...?', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट', र 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ', गरी सातओटा कथाको इदम् र अहम्का बिचको आन्तरिक द्वन्द्वविधानका आधारमा अध्ययन गरिएको छ ।

(१) गुनकेशरी

'गुनकेशरी' कथामा गुनकेशरीको मानसिकतामा इदम् र अहम्का बिच द्वन्द्वको स्थिति देखाएर आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । कथामा गुनकेशरी र सुभद्रा दुई बहिनी नै विवाह गर्न योग्य भइसकेका देखिन्छन् । यसैबिच केटी माग्न आउनेले दिदी छाँदाछाँदै बहिनीलाई रुचाएको छ । यस सन्दर्भमा कथामा "केटी माग्न आउनेले दिदी छाँदाछाँदै बहिनीलाई रुचायो । तरुणी भएका दुवै दिदी बहिनीका बाबुआमा मनमनै आत्तिरहेका थिए । केटीको माग आएपछि चाहे बहिनी, चाहे दिदी कसैलाई खस्काउनु नै बेस बुझेर सुभद्राकै बिहा स्वीकार गरिहाले" (भिक्षु, २०५२, पृ. २) भनिएको छ । यस उद्धरणले दिदीको भन्दा पहिले बहिनीको विवाह हुन लागेको स्थिति देखाएको छ । आफ्नो विवाह नभई पहिले बहिनीको विवाह हुन लागेको घटनालाई गुनकेशरीको अहम्ले सामान्य रूपमा लिए पनि उसकै इदम्ले भने असामान्य ठानेको छ । उसको अहम्ले अहिले रोज्नेले बहिनीलाई रोजे पनि पछि आफूलाई मन पराउने केटो पनि आइहाल्ला नि भन्ने ठानेको हुनुपर्छ । उसको इदम् भने केटी रोज्नेले आफूलाई नरोजी बहिनीलाई रोजेकोमा असन्तुष्ट भएको बुझ्न सकिन्छ । यसले गुनकेशरीको मानसिकतामा इदम् र अहम्का बिचको द्वन्द्वात्मकतालाई सङ्केत गरेको छ ।

सुभद्राको विवाह भएर ऊ पतिको घर गएकी छ । यसपछिको सन्दर्भका बारेमा कथामा "अनि सुभद्राको बिहा भयो । त्यो लोग्नेको घर गएपछि गुनकेशरीलाई दुःखले खानपिनपर्यन्त केही दिनसम्म छोडिदिनुपऱ्यो; र धेरै दिनसम्म त्यो बिरामी पनि भई" (भिक्षु, २०५२, पृ. ३) भनिएको छ । यस उद्धरणले सुभद्रा विवाह भएर गएपछिको गुनकेशरीको अवस्थालाई देखाएको छ । बहिनी घर गएपछि गुनकेशरीले दुःख मानेर खानपिनपर्यन्त छोडेकी छ र ऊ बिरामी पनि भएकी देखिएको छ । सामान्यतः यसलाई उसको अहम्को स्वाभाविक प्रतिक्रियाको रूपमा लिनुपर्ने हुन्छ । यसैलाई उसको इदम्को चाहनाको पक्षबाट हेर्दा आफू दिदी हुँदाहुँदै बहिनी पतिको घरमा हिँडेकी र ऊ भने माइतीमै बस्नुपर्दा उसको इदम्को इच्छा बाधित भई दुःख महसुस गरेर उसले त्यस्तो गरेकी हो भन्ने देखिन्छ । कथामा आएको यस तथ्यले आफ्नो विवाह हुनुपर्नेमा बहिनीको भएपछि गुनकेशरी इदम् र अहम्का बिचको द्वन्द्वमा परेकी देखिएको छ ।

कथामा गुनकेशरीले बहिनीको विवाह भएपछि नारीलाई माया गर्ने र उसले माया गर्नुपर्ने कोही हुनुपर्छ भन्ने कुरालाई मानेर आफूले माया गर्न र उसबाट माया पाउन विजयलाई आधार बनाउन चाहेकी छ । उसको इदम्को आकाङ्क्षाले विजयलाई रुचाएको देखिए पनि उसकै अहम्ले भने यसलाई स्वीकार गर्न चाहेको देखिँदैन । यस सन्दर्भमा कथामा "आफूलाई गुकेशरीभित्रै मिसाइदिने विजयलाई किन प्यार गर्न सकिँदैन ?' तर दुःखको कुरा-गुनकेशरीभित्रैको यो सचेतनालाई उसले मान्नुको त के कुरा, बुझ्नपर्यन्त पनि चाहिन्न" (

भिक्षु, २०५२, पृ. ५) भनिएको छ। यस उद्धरणले गुनकेशरीको मानसिकतामा इदम् र अहम्का बिचको द्वन्द्वात्मक स्थितिलाई देखाएको छ । गुनकेशरीको इदम्ले विजयसँग नजिक हुन र उसलाई आफ्नो माया गर्ने मान्छे बनाउन चाहेको भए पनि उसकै अहम्ले भने विजयलाई स्वीकार गर्न चाहेको छैन । गुनकेशरीले यसो गर्नुमा ऊ नाता पर्ने व्यक्ति भएकोले पनि हुन सक्छ। यस सन्दर्भमा कथामा "एक दिन उसको कुनै नाता-साइनो पर्ने एउटा युवक 'विजय' भन्नेसित उसको भेट, परिचय भयो" (भिक्षु, २०५२, पृ. ५) भनिएको छ । यस उद्धरणबाट विजय गुनकेशरीको नाता पर्ने व्यक्ति हो भन्ने देखिन्छ । सायद विवाह गर्न नमिल्ने नातेदार पनि हुन सक्छ । यो कुरा भने कथामा खुलेको देखिँदैन । यही भएर गुनकेशरीको इदम्ले यौनतृप्तिको लागि विजयलाई योग्य ठानेको र अहम्ले भने उसलाई नरुचाएको देखिन्छ । इदम्ले विजयलाई चाहने र अहम्ले भने नरुचाउने देखिएबाट कथामा गुनकेशरीका अन्तर्मानसिकतामा इदम् र अहम्का बिचको द्वन्द्वको स्थिति सिर्जना भएको छ ।

कथामा समयक्रमसँगै गुनकेशरीको पनि सम्पन्न परिवारमा विवाह भएको देखाइएको छ। उसको पतिघरमा कुनै कुराको कमी देखिँदैन। यस सन्दर्भमा कथामा "घरगृहस्थी, सम्पत्ति जेथा, स्वामित्व पतित्त्व सबै थोक दिएर पनि पतिदेवताले लिन चाहेको एउटा लिनुपर्ने कुरा गुनकेशरीबाट लिनै सकेनन्" (भिक्षु, २०५२, पृ. ११) भनिएको छ। यस उद्धरणबाट सबै कुराले सम्पन्न भएर पनि उसका पतिले जुन कुराले अहिलेसम्म गुनकेशरी छटपटाएकी छ त्यही कुरालाई पूर्ति गर्न नसकेको देखिएको छ । अहम्का दृष्टिले सबै ठीक देखिए पनि इदम्को कामना पूरा नहुँदा उसको मानसिकतामा इदम् र अहम्का बिच द्वन्द्वात्मक स्थिति देखिएको छ । यसैबिच सुभद्राले दुई पुत्र जन्माएको सूचना पतिबाट पाएपछि सूचना दिने पतिप्रति नै क्रुद्ध भएर गुनकेशरी माइतमा गएर बस्न थालेकी छ। यस सन्दर्भमा कथामा "माइतमा पनि उसलाई चैन थिएन, रही-रहीकन कुनै भयानक कुत्सा, एउटा नजाने कस्तो अज्ञात ईर्ष्या उसमा उम्लिनै रह्यो" (भिक्षु, २०५२, पृ. १३) भनिएको छ। यस उद्धरणले पतिसँग ठुस्किएर माइतमा गएकी गुनकेशरीले त्यहाँ बस्दा पनि शान्ति र चैन अनुभूत गर्न सकेकी छैन भन्ने देखाएको छ। चाहेजस्तो गरी पतिले इदम्को चाहना पूरा नगरिदिएको महसुस गरेर माइतमा पुगेकी ऊ झन् छटपटाएकी छ । पतिसँग रहँदा त असन्तुष्ट इदम्बाट प्रभावित भएकी गुनकेशरी पतिलाई छोडेर माइतमा गएर बस्दा सन्तुष्ट हुने आधार देखिँदैन ।

गुनकेशरीले इदम्को सन्तुष्टिका लागि विजयसँग सम्पर्क बढाउन चाहेकी छ। यसैका लागि उसले विजयलाई पत्र पनि लेखेकी छ । पत्रमा "तिमीले पत्रपर्यन्त पनि लेख्न बन्द गऱ्यौ । यद्यपि यस्तो गर्ने कुनै विशेष आवश्यकता थिएन । हाल खबर त लेख्नैपर्ने हो । भो, जे भयो भयो; तर आजभोलि म यहाँ बुबाकहाँ छु। दुई-एक दिनका निम्ति आउन सक्छौ भने आइदिए बेस हुने थियो" (भिक्षु, २०५२, पृ. १४) भनिएको छ । यस उद्धरणबाट गुनकेशरीले इदम्को कामनाबाट प्रेरित भएर चिठी लेखेकी देखिएको छ। चिठीमा उसले विजय सम्पर्कमा नरहेर आफूदेखि टाढिएकोमा मन दुखाएकी छ। उसले यस्तो गर्नुपर्ने आवश्यकता थिएन पनि भनेकी छ । पतिघर छोडेर माइतमा आएर बसेकीले पुरुषसँगको सान्निध्यताको चाहनाबाट प्रेरित भएर उसले विजयलाई चिठी लेखेकी स्पष्ट छ । उसले चिठीमा एकदुई दिनका लागि आउन सक्छौ भने आइदिए बेस हुने थियो भन्दै विजयलाई आमन्त्रण गरेकी छ। विवाह पनि भइसकेकी गुनकेशरीको अहम्ले विजयलाई सोच्न नचाहे पनि उसको इदम्ले भने उसलाई

डाकिरहेको कथामा देखिन्छ । यसले गुनकेशरीको इदम् र अहम्का बिचको द्वन्द्वात्मक मानसिकतालाई देखाएको छ ।

'गुनकेशरी' कथामा प्रमुख नारी पात्र गुनकेशरीको अन्तर्मानसिकतामा देखिएको पुरुषप्रतिको रुचि, आफ्नो विवाह होस् भन्ने चाहना, विवाहपछि पनि विजयप्रति देखाएको लगाव आदिले उसको इदम्को कामनालाई देखाएका छन् । अर्कोतिर बहिनीको विवाह हुने भएपछि त्यसलाई सामान्य रूपमा लिनु, बहिनीको राम्रो हुँदै गएकोमा खुसी प्रकट गर्नु, विजयलाई चाहेर पनि निश्चित सीमामा रोक्नुजस्ता कार्यले गुनकेशरीको अहम् भने उसैको इदम्सँग असहमत देखिन्छ । यसले गर्दा उसको अन्तर्मानसिकतामा इदम् र अहम्का बिचमा द्वन्द्वात्मक स्थिति देखिएको पाइन्छ । यसरी कथामा इदम् र अहम्का बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ ।

(२) प्रेमको एउटा कथा

'प्रेमको एउटा कथा' कथामा गोमती इदम् र अहम्का बिच आन्तरिक द्वन्द्वविधानको आयोजनका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ कलिलो उमेरमै इदम्को कामनाबाट प्रेरित भएर त्यसकै प्राप्तिमा केन्द्रित हुन थालेकी देखाइएको छ । उसले वकिल पात्रसँगको कुराकानीका क्रममा "वकिल साहेब ! मेरो तेह्र वर्ष उमेरदेखि नै मानसिंहसित बन्धुत्व र लेखापढी भयो । पारस्परिक आत्मीयता अत्यन्त मोहममताभित्र बढिरहेर उहाँसम्म फल्दैफुल्दै आयो जहाँ मलाई सबैले तरुनी भन्न लागे; र मसित पुरुष मात्रको कुनै प्रकारको सम्पर्कलाई 'गर्न नहुने' कुरा निरूपण गर्न लागे " (भिक्षु, २०५२, पृ. १८) भनेकी छ । यस उद्धरणबाट गोमतीले तेह्र वर्षको उमेरमै पुरुषको खोजी गर्न थालेकी देखिन्छ । इदम्बाट निर्देशित भएर ऊ मानसिंह नाम गरेको पुरुष पात्रसँग प्रेम गर्न क्रियाशील भएकी छ । उससँग गोमतीको बन्धुत्वका साथै लेखापढी पनि सुरु भएको कथामा देखाइएको छ । गोमती र मानसिंहको आत्मीयता अत्यन्त मोहममताभित्र बढिरहेको समयमा समाजको अनुशासनले भने यसलाई अनुचित ठान्ने भएकोले गोमतीको अहम्ले उसैको इदम्को कामनालाई रुचाएको देखिँदैन । समाजले उसको इदम्निर्देशित क्रियाकलापलाई गर्न नहुने ठान्ने भय उसमा देखिएको पाइन्छ । यसले गर्दा उसको अहम् सतर्क भएको छ । यस स्थितिले गोमतीका मानसिकतामा उत्पन्न इदम् र अहम्का बिचको द्वन्द्वात्मक मानसिकतालाई देखाएको छ ।

कथामा गोमतीका बाआमाले पनि उसको मानसिंहसँगको प्रेमलाई रुचाएका छैनन् । यसले गर्दा उसले इदम्को कामनापूर्ति गर्ने विकल्पको बाटो खोजिरहेकी कथामा देखाइएको छ । यसै क्रममा उसले सहज बाटो खोजिरहेका बेला आफ्नै उमेरको मामाको छोरो दाइ नाता पर्ने गोपाललाई इदम्को कामना पूरा गर्ने साधनका रूपमा उपयोग गर्न अग्रसर भएकी छ । यस सन्दर्भमा कथामा "निकै दिनसम्म त उसलाई म पतित पार्छु भन्ने उसलाई त के, मलाई नै आभास थिएन; बरु अलिअलि आभास पाएकै दिनदेखि उसले भाग्ने चेष्टा पनि गर्न थाल्यो, तर क्यै गरे पनि मैले भाग्न दिइनँ । म आखिर नारी नै थिएँ, नारी हुँ" (भिक्षु, २०५२, पृ. २४) भनिएको छ । यस उदाहरणबाट गोमतीको इदम्को कामना पूरा गर्ने कार्यका लागि गोपाल आकर्षित नभए पनि गोमती भने आवेगपूर्ण रूपमै क्रियाशील देखिएकी छ । अन्ततः उसले गोपालबाट आफ्नो इदम्को कामनालाई परिपूरण गर्न समर्थ भएकी छ र यसलाई उसले

आफैलाई नाश पार्ने कार्यको रूपमा लिएकी देखिन्छ । यस्तो नाश पार्ने कार्य अहम्का विरुद्ध लक्षित कार्य हो । यसले गर्दा ऊ आफूले नचाहिँदो कार्य गरेँ भन्ने पश्चातापमा परेकी छ । यसबाट गोमतीका मानसिकतामा इदम् र अहम्का बिचमा द्वन्द्वको स्थिति बनेको देखिन्छ । गोमतीको इदम्ले नाताले मामाको छोरो अनि आफैसँग तिहारको टीका लगाउन आएको गोपालसँग यौनतृप्ति हासिल गरेर सुखानुभूति प्राप्त गरेको र सामाजिक अनुशासनलाई इदम्ले तोड्दा अहम् भने आहत भएको कथामा देखाइएको छ । यसरी कथामा गोमतीका मानसिकतामा इदम् र अहम्का बिचमा विमति देखाएर आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

'प्रेमको एउटा कथा' कथामा गोमती इदम्को कामनाबाट प्रेरित भएर पुरुषको सामीप्य खोज्ने कार्यमा लागेकीमा अहम्निर्देशित समाजको अनुशासनले भने यसलाई अनुचित ठान्दा उसको मानसिकता इदम् र अहम्का बिचको मनोद्वन्द्वमा परेको देखिन्छ । गोमतीलाई इदम् र अहम्का बिचको द्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजनलाई कलापूर्ण बनाइएको छ ।

(३) अनि....?

'अनि....?' कथाकी रत्नमाया इदम् र अहम्का बिच आन्तरिक द्वन्द्वविधानको प्रस्तुतिका दृष्टिले विश्लेषणीय पात्र हो । दसएघार वर्षकी हुँदा आमा स्वर्गवास भएपछि उसलाई बाबु रामध्वजले नै हुर्काउने र पढाउने गरेर ऊ परिपक्व भएकी कथामा देखाइएको छ । समयक्रममा बैँस चढ्दै गएपछि उसको इदम्ले पुरुषको खोजी गर्न थालेको छ । यस सन्दर्भमा कथामा "त्यही रत्नमायाँकै कुरा ! बुझ्नुभएन के ? त्यही युवक; रत्नध्वजको पल्लोपट्टिको घरमा बसेको । उसैसित रत्नमायाँको प्रेम रहेछ" (भिक्षु, २०५२, पृ. २९) भनिएको छ । यस उद्धरणबाट रत्नमायाले आफ्नै घरदेखि पल्लोपट्टिको घरमा बस्ने युवकसँग प्रेम गर्न थालेकी भन्ने देखिएको छ । त्यो युवक रत्नमायाँको घरमा बराबर आउनेजाने गर्ने गरेको पनि कथामा देखाइएको छ । यसबाट ती दुवैले एकअर्कालाई प्रेम गर्न थालेका रहेछन् भन्ने देखिन्छ । अर्कोतिर रामध्वजको घरको अनुशासन र मर्यादा एउटा साँचोमा व्यवस्थित छ । यस सन्दर्भमा कथामा "त्यहाँ त अक्सिजनजस्तो प्राण वृद्धि गर्ने वायु पनि त्यस ठाउँको परिमाणभन्दा बढ्ता आउन दिने कुनै प्रकारको चेष्टा रहेनछ" (भिक्षु, २०५२, पृ. २९) भनिएको छ । यस उद्धरणबाट रत्नमायाको घरको अनुशासनको प्रभाव उसको मानसिकतामा परेको देखाउन खोजिएको पाइन्छ । यसले गर्दा रत्नमायाँको इदम्ले युवक गोविन्दलाई भित्रभित्रै चाहेको भए पनि घरको कडा अनुशासनमा बाँधिएर बसेकी उसको सामाजिक एवम् पारिवारिक अनुशासनको प्रतिनिधित्व गर्ने अहम्ले भने प्रेमपूर्वकका गतिविधि अघि बढाउन अवरोध सिर्जना गरेको छ । यसले गर्दा रत्नमायाको अन्तर्मानसिकतामा इदम् र अहम्का बिचमा मनोद्वन्द्वात्मक स्थिति सिर्जना भएको देखिन्छ ।

टोलछिमेकको युवक गोविन्दसँग प्रेमसम्बन्धमा रहेकी रत्नमायाको प्रेम पवित्र देखिन्छ र त्यसमा शारीरिक सम्बन्धको कल्पना गर्न मिल्ने देखिँदैन । यसो भए पनि उसले प्रेम गरेपछि भावी पतिको रूपमा त्यही युवकलाई देख्न चाहेकी हुनुपर्छ तर बाबुको दबाबको कारणले गर्दा उसको विवाह अर्कै व्यक्तिसँग हुन लागेको छ । यस सन्दर्भमा कथामा "रत्नमायाको बिहा

पनि त्यही नरदेवी टोलतिरका कुनै ठाउँको मानिससित हुने निश्चित भएको छ । यो कुरा पनि ठीकै जस्तो लाग्छ कि बाबुकी छोरी रत्नमाया, बाबुले सँगालेको परिधिलाई नाघ्नको त के कुरा, नाघ्ने कल्पनापर्यन्त पनि गर्न सक्तिन" (भिक्षु, २०५२, पृ. २९-३०) भनिएको छ । यस उद्धरणबाट रत्नमायाको इदम्को कामनाले प्रेमी युवक गोविन्दलाई रुचाएको र उसले आफ्नो विवाह गोविन्दसँगै होस् भनेर चाहेकी भए पनि उसको बाबुले भने छोरीको विवाह नरदेवी टोलतिरको कुनै मानिससित गरिदिने निर्णय गरेको छ । रत्नमायाको बाबु रामध्वजले अनुशासनको एउटा परिधि निर्माण गरेको छ । त्यसलाई रत्नमायाले उल्लङ्घन गर्ने कल्पना पनि गर्न सक्तिन । यसले गर्दा उसले बाबुले विवाह गरिदिन चाहेका मानिससँग विवाह गर्ने सम्भावना बढेर गएको देखिन्छ । अर्कोतिर उसको इदम्ले भने प्रेम गरेकै युवक गोविन्दलाई चाहिरहेको छ । यस्तो परिस्थितिले गर्दा कथामा रत्नमायाको अन्तर्मानसिकतामा इदम् र अहम्का बिचमा द्वन्द्वको सिर्जना भएको देखापर्छ ।

कथामा गोविन्दसँगको प्रेमप्रसङ्ग र उसको अर्कै मानिससँग हुन लागेको विवाहको कारणले गर्दा रत्नमायाँ मनोद्वन्द्वमा परेकी छ । उसको प्रेमप्रसङ्गलाई जोडेर कथामा "हृदयप्रति चरितार्थ भएर फल्नुफुल्नु प्रेमको स्वभाव हो । यो कुरा हुन पाए सुख, हुन नपाए दुःख भन्ने कुराहरू यसका अविचल नियम हुन्" (भिक्षु, २०५२, पृ. ३०) भनिएको छ । यस उद्धरणमा युवक गोविन्दसँगै प्रेम गर्दागर्दै पनि अर्कै मानिससँग विवाह हुन लागेकामा रत्नमायाको प्रेमले फल्न र फुल्न पाउने वातावरण नपाउने स्थिति बन्दै गएको देखाउन खोजिएको छ । युवक गोविन्दसँग मायाप्रेममा रमाएर अघि बढ्न पाउँदा उसलाई सुखको अनुभूति हुने थियो तर प्रेमीलाई छोडेर अर्कै मानिससँग विवाह गर्ने तारतम्य हुँदै गर्दा उसमा दुःखको अनुभूति हुने निश्चित छ । यस्तो स्थितिमा रत्नमायाको इदम्ले युवक गोविन्दलाई चाहने र उसको अहम्चाहिँ बाध्य भएर अर्कै मानिससँग विवाह भएर लाग्नुपर्दा रत्नमायाको अन्तर्मानसिकतामा इदम् र अहम्का बिचमा विपरीत सम्बन्ध भएको पाइन्छ । यस सन्दर्भमा कथामा "जसलाई मन दिइएथ्यो, शरीरलाई पनि सहजभावले सुम्पिदिएकी भए सायद रत्नमायालाई प्रवञ्चनाले छुन सक्तैनथ्यो" (भिक्षु, २०५२, पृ. ३१) भनिएको छ । यस उद्धरणबाट मन अर्थात् इदम् युवक गोविन्दलाई समर्पण गर्न चाहेकी भएपछि अहम्ले पनि तगारो नहाली स्वाभाविक किसिमले बाटो खोलिदिएको भए रत्नमाया इदम् र अहम्का बिचको द्वन्द्वमा पर्ने सम्भावना हुँदैनथ्यो । हुन त अझै विवाह भई नै सकेको त छैन; हुने निश्चित भएको मात्र हो । उसले हुन लागेको विवाहलाई अस्वीकार गरेर युवक गोविन्दसँग जान चाहेमा त्यो सम्भावना छँदै छ तर रत्नमायाले घरको अनुशासनको साँचोलाई भत्काएर त्यसो गर्न सक्ने स्थिति नै देखेकी छैन । यस्तो अवस्थामा ऊ इदम् र अहम्को तानातानीमा परेकी छ । गोविन्द रत्मायाको घरमा नआएको सन्दर्भमा कथामा "गत पाँचसात दिनदेखि त्यो छिमेकी युवक त्यसकहाँ आउँदै आएन । आउनु नपर्ने पनि हो ! तर रत्नमायाँको मनमा त्यो नआएकै कारणले उसमाथि क्रोध, रीस किन उठिरहेछ ?" (भिक्षु, २०५२, पृ. ३२) भनिएको छ । यस उद्धरणमा सधैँ आइरहने रत्नमायाँको प्रेमी गोविन्द उसकहाँ आउन छोडेको देखाइएको छ । रत्नमायाँको अर्कै व्यक्तिसँग विवाह हुने निश्चित भएपछि गोविन्द आउन छोडेको छ । रत्नमायाको इदम्को कामनाले भने ऊ आफ्नो घरमा आओस् भन्ने चाहेको छ । अहम्को परिस्थिति भने ऊ आएर पनि केही गर्न

सक्ने किसिमको देखिँदैन । यसले गर्दा कथामा रत्नमायाको अन्तर्मानसिकता इदम् र अहम्का दृष्टिले द्वन्द्वात्मक बनेको देखिन्छ ।

कथामा रत्नमायाको विवाह सबै शास्त्रीय रीति र क्रिया पूरा गरेर सम्पन्न भएको छ । ऊ पतिको घरमा पुगेकी छ । यसो भइरहँदा रत्नमायाले बाध्यताले यी सबै कृत्य गरिरहेको महसुस गरेकी छ । यस सन्दर्भमा कथामा "पतिले रत्नमायालाई अङ्कमाल गऱ्यो । रत्नमाया पानीझैँ उसको काखमा ढल्किन गई । पतिले चुम्बन गऱ्यो; रत्नमायाका ओठ जल्न थाले । ... त्यो युवक जस्तो प्रेमदृष्टिको एउटा झल्को चिन्नलाई रत्नमायाका स्निग्ध आँखा अलि खुले" (भिक्षु, २०५२, पृ. ३४) भनिएको छ । यस उद्धरणमा विवाह भएर अनि पति मानेर पतिगृह प्रवेश गरेपछि पतिले अङ्कमाल गर्दा अहम्बाट वशीभूत भएर रत्नमाया पतितिर ढल्किएकी भए पनि पतिले चुम्बन गर्दा नगर्दै उसका ओठ जल्नु उसको इदम्ले पतिलाई अस्वीकार गरेकाले हो भन्ने देखाइएको छ । विवाह भएर पतिसँग रहिरहँदा पनि उसले युवकको जस्तै प्रेमदृष्टिको एउटा झल्को चिन्नलाई आफ्ना स्निग्ध आँखा खोलेकी छ । यसबाट के सङ्केत पाइन्छ भने इदम्जन्य उसका आँखाले प्रेमी गोविन्दलाई खोजिरहेको छ तर अहम्जन्य परिस्थितिले गर्दा ऊ विवाहित पतिसँग रहेकी छ । रत्नमायाको इदम्ले प्रेमी युवक गोविन्दलाई चाहने र अहम्को परिस्थितिले गर्दा विवाहित पतिसँग बस्नुपर्दा उसको अन्तर्मानसिकता इदम् र अहम्का बिचको मनोद्वन्द्वको चापमा परेको छ ।

'अनि....?' कथाकी रत्नमायाले बैँस चढ्दै गएपछि इदम्को कामनाबाट प्रेरित भएर आफ्नै टोलछिमेकमा बस्ने युवक गोविन्दसँग प्रेम गर्न थालेकी छ । घरपरिवार र बाबुले निर्माण गरेको अनुशासनको साँचोबाट प्रभावित उसको अहम्ले भने यसलाई नरुचाउँदा ऊ अर्कै व्यक्तिसँग विवाह गरेर पतिगृह गएकी देखिन्छ । त्यहाँ अहम्को बाध्यतामा परेर विवाहित पतिसँग रहेकी भए पनि उसको इदम्ले भने प्रेमी युवकलाई खोज्दै गरेको देखिएको छ । कथामा देखिएको रत्नमायाको यस्तो अन्तर्मानसिक परिस्थितिले गर्दा ऊ इदम् र अहम्का बिचको द्वन्द्वमा परेकी छ । यसरी रत्नमायालाई इदम् र अहम्का बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानलाई कलात्मक रूपमा प्रस्तुत गरिएको देखिन्छ ।

(४) त्यो फेरि फर्कला ?

'त्यो फेरि फर्कला ?' कथाकी सानी इदम् र अहम्का बिचको आन्तरिक द्वन्द्वविधानको प्रस्तुतिका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा यौवनमा प्रवेश गरिसकेकी सानीले मधेश र पहाड ओहोदोहोर हुने खोलानजिकको पहाडको खोँच मार्खूको बाटोमा रहेको आफ्नै भट्टी पसलमा बास बस्न आउने यात्रीको प्रतीक्षा गरिरहेकी छ । साँझको समयमा त्यहाँ मधेशबाट आएको यात्री बास खोज्दै आइपुगेको देखिन्छ । उक्त यात्री र सानीका बिचमा आमाको उपस्थितिमा कोठा बासको सफाइ र सुबिधा इत्यादिका बारे कुराकानी भएको छ । यस सन्दर्भमा कथामा "कोठासोठा हेरिसकेपछि यात्रीले त्यहीँ बास बस्ने निश्चय गऱ्यो र सानी पनि अलि स्वस्थझैँ भई" (भिक्षु, २०५२, पृ. १३४) भनिएको छ । यस उद्धरणबाट यात्री सानीकै भट्टी पसलमा बास बस्ने निश्चयमा पुगेको देखिन्छ । यात्री त्यहीँ बस्ने भएपछि सानी अलि स्वस्थझैँ भई भनिएको छ । सतही रूपमा बुझ्दा कोही बास बस्ने मानिस नआएकाले खिन्न

भएकी सानी यात्री उसकै भट्टीमा बास बस्ने भएपछि व्यापार हुने भयो भनेर खुसी भएकीले ऊ स्वस्थ देखिनुमा व्यावसायिक कारण हुन सक्छ। यसैलाई मनोवैज्ञानिक दृष्टिले हेर्दा इदम्को कामनाजन्य कारणले गर्दा ऊ स्वस्थ देखिएकी स्पष्ट हुन्छ।

सानीले आफ्नो भट्टीमा बास बसेको यात्रीलाई खुब महत्त्व दिएकी छ। रात पर्दै गएकाले सानीले यात्रीलाई सोधेर उसका लागि चाहिने पकाउने भाँडालगायतका सबै सामग्री उपलब्ध गराएकी छ। चाहिने सामग्री सोध्ने र उपलब्ध गराउने क्रममा सानी र यात्रीका बिचमा कुराकानी भएको र दुवैका आँखा जुधेको कथामा देखाइएको छ। यस सन्दर्भमा कथामा "युवकलाई कुन्नि किन फेरि एकपल्ट त्यस सानीको अनुहारमा दृष्टि फेर्ने आवश्यकताको अनुभव भयो। दुवैका आँखा जुधे बालिका लजावनत भएर माथि उक्लन लागी" (भिक्षु, २०५२, पृ. १३६) भनिएको छ। यस उद्धरणले सानी इदम्का कामनाबाट प्रेरित भएर युवकतर्फ तानिएकी देखाएको छ। यात्रीलाई चाहिने सामग्री सोध्ने र दिने क्रममा आँखा जुध्न जाँदा लज्जाबोध गरेकी सानीको इदम्ले यात्रीसँगै बसिरहन चाहेको भए पनि उसकै अहम्ले भने त्यसो गर्न नरुचाउँदा उसले माथि उक्लेर खाना खाई रातिको साढे सात बजे नै कोठाको ढोका थुनेर सुत्ने तरखर गरेकी छ। सुत्नलाई ओछ्यानमा पल्टिएकी सानीको इदम्ले उसलाई निदाउन दिँदैन। ऊ यात्रीका बारेमा मधुर कल्पना गरेर लोभिएकी छ। यस सन्दर्भमा भिक्षु (२०५२) ले चर्चा गर्दै कथामा लेखेका छन् :

> ओछ्यानबाट जुरुक्क उठेर सलाई कोरी र सिरानतिरको खोपामा राखेको टुकी बाली धूम्रयुत क्षीण प्रकाशले अन्धकारमा छाम्न थाल्यो। टुकी लिएर त्यो बिस्तारै तल ओर्ली। त्यसको छाती हान्न लागेको थियो–'बूढी सुतिरहेकी छे कि ?' एउटा अव्यक्त र क्षीण डरले अन्तरको धेरै टाढा चिहाउनेजस्तो प्रयत्न पनि गऱ्यो। त्यो तल पुगी। 'तर ...किन ओर्लेकी हुँली ! केही काम त छैन।' यात्रीको कोठामा लालटिनको नीरव मन्द प्रकाश थियो। त्यसतर्फ यसो झट्ट एकपल्ट हेरी आँखा फर्के। (पृ. १३७)

उल्लिखित उद्धरणबाट यात्रीका बारेमा अनेक किसिमका कल्पना गरेर ओछ्यानमा पल्टिरहेकी सानी थामिन नसकेर टुकी बाली यात्री सुतेको कोठातर्फ ओर्लिएकी देखिएको छ। यसरी ओर्लिदै गर्दा आफ्नी आमाले थाहा पाउने हुन् कि भनेर ऊ तर्सिएकी पनि देखिन्छ। डराईडराई तल पुगेकी सानीले म काम नै केही नभई किन ओर्लेकी हुँली भनेर आफैलाई प्रश्न गरेकी छ। उसले तल पुगेर सुतिरहेको यात्रीलाई एकपटक हेरेर आँखा फर्काएकी छ। यहाँनेर इदम्को कामनाबाट लोभिएर यात्रीको कोठामा जान लागेकी सानीलाई उसको अहम्ले आमाले थाहा पाउलिन् नि भनेर तर्साएको र काम नै केही नभई किन तल ओर्लेकी भनेर उसको इदम्को कामनामाथि तगारो हालेको देखिएको छ। यसले गर्दा सानी यात्रीको कोठामा बलिरहेको लालटिनको प्रकाशमा सुतिरहेको यात्रीलाई हेरेर तत्कालै फर्की आफ्नो ओछ्यानमा आएर लडेकी छ। इदम्ले जान लगाएर यात्री सुतेको कोठातर्फ ओर्लेकी सानीलाई उसैको अहम्ले यात्रीको कोठामा पस्नै नदिएर फर्काइदिएको छ। कथाको यस सन्दर्भमा देखिएको सानीको अन्तर्मानसिक अवस्था इदम् र अहम्का बिचको मनोद्वन्द्वको चापमा परेको देखिन्छ।

'त्यो फेरि फर्कला ?' कथाकी सानी आफ्नो भट्टीमा बास बस्न आइपुगेको यात्रीप्रति इदम्को कामनाबाट आकर्षित भएकी छ । इदम्बाटै प्रेरित भएर यात्रीसँग कुरा गर्न र उसले भनेका सबै सामग्री उपलब्ध गराउन उत्सुक भएकी ऊ राति सुतिसकेपछि टुकी बालेर यात्रीको कोठासम्म पुगेको बेला उसकै अहम्ले निरुत्साहित गरेपछि फर्किनुपर्दा उसको अन्तर्मानसिकतामा इदम् र अहम्का बिच मनोद्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी सानीलाई इदम् र अहम्का बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(५) मैयाँसाहेब

'मैयाँसाहेब' कथाका मैयाँ र अजय इदम् र अहम्का बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथाको प्रारम्भमै मैयाँलाई दरबारको कम्पाउन्डभित्र साइकल सिक्दै गरेकी देखाइएको छ । त्यति नै बेला बाहिरबाट आउँदै गरेको अजयको नजिक पुग्दा नपुग्दै उसको साइकल ढल्पलाएर लड्न लाग्दा अजयले मैयाँलाई अँगालो हाली समातेर उसलाई लड्नबाट जोगाएको छ । यस सन्दर्भमा कथामा "त्यसै बखत कुन्नि के भएर सहानुभूति, प्रसन्नता र मैयाँलाई बचाउने अचेत पौरुषको गर्वमा अनयास नै उसले मैयाँको म्वाइँ खायो । किन्तु तत्क्षणै स्वाभाविक सतर्कता आएर ती दुवैले यताउति हेरे" (भिक्षु, २०६३, पृ. २) भनिएको छ । यस उद्धरणले मैयाँ र अजयलाई एकापसमा नजिकिँदै गरेका देखाएको छ । साइकल सिक्दै गरेकी मैयाँ ढल्पलाएर लड्नै लाग्दा बाहिरबाट मैयाँको नजिक आइपुगेको अजयले लड्नबाट बचाएको छ । पन्ध्रसोह्र वर्षीय उमेरका दुई युवायुवतीका बिचमा भएको यस्तो जम्काभेटमा अजयले मैयाँलाई अँगालो हालेको छ र म्वाइँ पनि खाएको छ । साइकलबाट लड्न लागेकी मैयाँलाई बचाउने कार्य सामान्य भए पनि अँगालो हाल्ने र म्वाइँ खाने कार्य भने स्पष्ट रूपमा यौनाकाङ्क्षाकेन्द्रित इदम्को प्रभाव र आकर्षणले गर्दा हो भन्ने देखिन्छ । तत्क्षणै फेरि त्यस घटनालाई कसैले देखेकी भन्ने भय ती दुवैका मनमा उत्पन्न हुन गएको छ र ती दुवै पात्र एकाएक यताउति हेरेर सतर्क भएका छन् । अजयले मैयाँलाई अँगालो हालेको र म्वाइँ खाएको अनि मैयाँले पनि त्यसलाई स्वाभाविक रूपमा ग्रहण गरेकी देखिएबाट दुवै पात्र इदम्को कामनाबाट प्रेरित भएका देखिन्छन् । तत्कालै अहम् क्रियाशील भएर कसैले देखेकी भन्ने भय सिर्जना गरी ती दुईको इदम्को कामनालाई अवरोध पुऱ्याइएबाट कथामा मैयाँ र अजयका अन्तर्मानसिकतामा इदम् र अहम्का बिचको मनोद्वन्द्वात्मक स्थिति सिर्जना भएको पाइन्छ ।

धेरै दिनपछिको अर्को कथात्मक घटनामा मैयाँ र अजयको जम्काभेट भएको छ । यस सन्दर्भमा भिक्षु (२०६३) ले कथामा लेखेका छन् :

> सिँढीको मध्यमा उभिएर अजयले अनयासै मैयाँको च्यूँडो समाती अलिक उचालेर हेर्न लाग्यो । उसको नसानसामा लोभ उम्ल्यो– यस ईश्वरीय रचनाकलालाई प्राणैमा आत्मसात् गर्न सकिन्छ कि ? मैयाँसाहेबले कुनै प्रतिरोध गरिनन्, हतपताउन पनि हतपताइनन्, ठिङ्ग उभिइ नै रहिन् । पलभरिमा नै अव्यक्त तृप्तिबोध पाएर माथि उक्लन अघिल्लो सिँढीमा खुट्टा राख्ने सचेतनता अजयमा आएपछि उसले देख्यो कि

> माथिल्लो भागमा सिँढी ओर्लन सागरी महारानी महारानी सरकारकी ठूली छोरी आउन लागेकी छिन् । सागरी महारानीले देख्नुभयो कि ? देखे पनि कसैसित भन्नुहुन्न, किन भन्नुहुन्थ्यो, त्यस्ती उत्ताउली उहाँ हुनुहुन्न । (पृ. २-३)

उल्लिखित उद्धरणले मैयाँ र अजय दुवै पात्र एकापसमा गाढा रूपमा नजिक हुँदै गरेका देखाएको छ । मैयाँ भर्‍याङ ओर्लदै गरेकी र अजय भर्‍याङ उक्लदै गर्दा सिँढीको मध्यभागमा दुवै सँगसँगै पर्न गएपछि अजय माथि जानुको सट्टा त्यहीँ उभिएर मैयाँतर्फ नजिकिन खोजेको छ । यस कथात्मक घटनामा अजय इदम्को कामनाबाट प्रेरित भएर मैयाँको च्यूँडो समातेर हेर्न लाग्दा मैयाँले कुनै प्रतिरोध नगरी हतपताउन पनि नहतपताई सहर्ष स्विकारेर ठिङ्ग उभिइनै रहेकी कथामा देखाइएको छ । यसबाट दुवै इदम्को यौनजन्य कामनाबाट प्रेरित देखिएका छन् । ठीक त्यही समयमा आउँदै गरेकी सागरी महारानीले देखिन् कि भनेर अजय डराएको छ र सशङ्कित भएको देखिन्छ । देखे पनि कसैसित उनले नभन्लिन् भन्नेमा आशावादी भए पनि भनिन् भने के हुने होला भन्ने भय उसको मनमा उत्पन्न भएको छ । यहाँनेर उसको अहम् क्रियाशील भएर इदम्को कार्यमाथि अवरोध सिर्जना गरेको देखिएबाट अजयको अन्तर्मानसिकतामा इदम् र अहम्का बिचमा मनोद्वन्द्वको स्थिति उत्पन्न भएको कथामा देखिन्छ ।

कथामा स्वाभाविक किसिमले अजयको विवाह भएको छ । त्यसपछि दुलहा र दुलही दरबारमा पुगेर मैयाँसाहेबसँग भेट गरेका छन् । मैयाँले दुलहीलाई अत्यन्त स्नेहभाव देखाएकी छ । उसले "कत्तिकी राम्री, सुधी दुलही ! तिमी अजयकी दुलही; अजयले तिमीलाई धेरै माया गर्नेछ है, धेरै माया गर्छ ! ... म तिम्री यस दुलहीलाई झन् माया गर्नेछु" (भिक्षु, २०६३, पृ. ५-६) भनेकी छ । यस उद्धरणमा अजय आफ्नी दुलहीसहित आफूलाई भेट्न आएकामा मैयाँ खुसी भएकी छ । उसले दुलहीलाई सुधी र राम्री भन्दै अजयले आफ्नी दुलहीलाई धेरै माया गर्नेछ र आफूले पनि झन् माया गर्ने भनेकी छ । यहाँनेर मैयाँको अहम्ले अजयले उसकै पत्नीलाई माया गरोस् भनेको भए पनि उसैको इदम्ले भने अजयको माया आफैले पाउन चाहेकी सङ्केत पाइन्छ । मैयाँले अजयलाई आफ्नी दुलहीलाई धेरै माया गर्न भनेकी छ । उसको अहम्ले यसो भनिरहँदा इदम्ले भने अजयले आफूलाई नै माया गरोस् भन्ने चाहेको छ । उसको अहम्ले विजयकी पत्नीप्रति माया दर्साए पनि उसैको इदम्ले भने त्यो माया अजयलाई नै गर्न चाहेको छ । मैयाँको मानसिकतामा देखिएको यस्तो द्विविधात्मक परिस्थितिले गर्दा ऊ इदम् र अहम्का बिचको मनोद्वन्द्वमा परेकी देखिन्छ ।

समयक्रममा मैयाँको अर्कै व्यक्तिसँग बिहे भएको छ । बिहे भइसकेकी मैयाँले अजयलाई लेखेको चिठीमा "तिमीलाई प्यार (जो नगरी सुखै भएको थिएन) गरेकी छु र आज जतिसुकै ठूलो हाहाकार वरण गर्नुपरे पनि त्यसबाट मुक्त हुने बाटो छैन र मुक्त हुने चेष्टा गर्ने दम्भ पनि गर्दिनँ" (भिक्षु, २०६३, पृ. ९) भनेकी छ । यस उद्धरणबाट मैयाँले आफ्नो बिहेपछि पनि अजयलाई माया गर्न चाहेकी देखिएको छ । उसले नगरी सुखै नभएर अजयलाई गर्दै आएको माया बिहे भइसकेपछि पनि छोड्न चाहेकी छैन । यस तथ्यबाट अहम्को परिस्थितिले गर्दा बिहेपछि पतिसँगै रहनुपरेको भए पनि उसको इदम्ले भने अजयलाई नै पछ्याइरहेको छ ।

अहम्को परिस्थितिका विपरीत मैयाँको इदम्ले अजयलाई अझै चाहेको देखिएबाट ऊ इदम् र अहम्का बिचको मनोद्वन्द्वमा परेकी स्पष्ट हुन्छ ।

राणाशासनको पतनपछि घरको आर्थिक अवस्था दयनीय भएर सपरिवार परदेशतर्फ बसाइँ सरी जान लागेकी मैयाँलाई भेट्न अजय उसको घरमा गएको छ । यस भेटमा दुई पात्रका बिचमा भएको संवादमा मैयाँले "अजय धेरै सहँ अब सहने शक्ति नै नभएर सोधिरहेकी छु, के तिमीले पनि मलाई माया नै गरेका थियौ ?" (भिक्षु, २०६३, पृ. १०) भनेकी छ । यस उद्धरणमा मैयाँले अजयलाई माया गरिनै रहेको भनेकी छ । उसले आफूले जस्तै गरी अजयले माया गर्ने नगर्ने स्पष्ट हुन चाहेकी पनि देखिएको छ । उसको अहम्को परिस्थिति अजयलाई माया गरेर सँगै बस्न मिल्ने खालको नभए पनि इदम्ले भने अजयलाई छोड्न नचाहेको देखिन्छ । यस सन्दर्भमा अजय र मैयाँका बिचमा भएको संवाद यस्तो छ- "माया गरेको थिएँ भन्नु पर्दैन; के त्यही लिएर अझसम्म सम्पूर्णत: व्यर्थै हुन गएको, जन्म लिनु नै असफल हुन गएको होइन र !"..."हरे ! त्यसो भए मलाई किन पाएनौ, किन प्राप्त गरेनौ ? पुरुष भएर पनि ... बल गरेर किन खोसिलिएनौ ?" (भिक्षु, २०६३, पृ. १०) । यस उद्धरणमा अजयले माया गरेर पनि मैयाँसाहेबलाई पाउन नसक्दा जन्म लिनु नै असफल भएको भनेको छ भने मैयाँले पुरुष भएर पनि मलाई किन छोड्यौ; अधिकारपूर्वक बल गरेर किन खोसिलिएनौ भन्ने प्रश्न गरेकी छ । यहाँनेर आयोजित मैयाँ र अजयका बिचको संवादमा इदम्को चाहनाले अझै पनि दुवैले एकअर्कालाई चाहिरहेका तर अहम्केन्द्रित परिस्थिति भने प्रतिकूल देखिएको स्पष्ट हुन्छ । यसबाट मैयाँ र अजय दुवै पात्र इदम् र अहम्का बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

'मैयाँसाहेब' कथाका मैयाँ र अजय दुवै पात्र इदम्को कामनाले गर्दा एकापसमा आकर्षित भएका देखिए पनि अहम्जन्य परिस्थितिको कारणले गर्दा दुई पात्रका इदम्का अपेक्षा बाधित भएका देखिन्छन् । यसले गर्दा दुवै पात्र इदम् र अहम्का बिचको मनोद्वन्द्वमा परेको देखिएका छन् । यसरी मैयाँ र अजयलाई इदम् र अहम्का बिचको मनोद्वन्द्वको चापमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(६) टाइपिस्ट

'टाइपिस्ट' कथाका शान्ति र मीना इदम् र अहम्का बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । सुखसयलमा बाँच्न चाहने चाहना र जीवनका भौतिक आवश्यकताको परिपूर्ति नहुँदा शान्तिमा मानसिक प्रभाव परेको छ (भट्ट, २०६७, पृ. १३२) । त्यसैले गर्दा उसले सुखसयलको प्राप्तिका लागि उपाय खोज्दै गरेकी छ । यस क्रममा उसले कथाको प्रारम्भमै टाइपराइटिङ सिक्दै गरेकी देखाइएको छ । यस सन्दर्भमा कथामा "केवल उसले चाहिएजति पैसा खर्च गर्न नपाएर टाइपिङ सिकी कतै कुनै नोकरी भेट्टाए पचास-साठी रूपयाँ महिनाको आम्दानी हुन सक्थ्यो" (भिक्षु, २०६३, पृ. १२) भनिएको छ । यस उद्धरणमा शान्तिले आफूलाई चाहिने पैसा कमाउन सक्ने क्षमता हासिल गर्न टाइपिङ सिक्न थालेकी देखाइएको छ । टाइपिङ सिकेर कतै पचास-साठी रूपयाँ महिनाको आम्दानी हुने जागिर खोज्ने र आफूलाई चाहिने पैसा कमाउने उद्देश्यमा केन्द्रित भएकी शान्ति सुखसिद्धान्तबाट परिचालित भएकी छ । मीठो खाने, राम्रो लाउने, सिनेमा हेर्ने र रमाउने उसको तीव्र इच्छा छ । इदम्को

कामनाबाट वशीभूत भएर उत्पन्न हुने यस्तो इच्छा शान्तिको अन्तर्मानसिकतामा देखिएको छ । घरको आर्थिक अवस्था भने उसको इदम्का कामनाको विपरीत देखापर्छ । यस सन्दर्भमा कथामा "पतिगृहमा एउटी बूढी सासू मात्र थिइन् र एउटा बच्चो देवर ! लोग्नेचाहिँ कुनै अड्डामा पचास-साठी रूपैयाँ मासिकको ल्कर्क थियो" (भिक्षु, २०६३, पृ. १२) भनिएको छ । यस उद्धरणबाट शान्तिका पतिको कमाइले उसका सबै इच्छा पूरा गर्न नसक्ने स्थिति देखिएको छ । उसको घरमा एउटी बूढी सासू र बच्चो देवर छन् । पतिले अड्डामा पचाससाठी रूपैयाँको ल्कर्कको जागिर खाएको छ । यति कमाइले मुस्किलले घरको दैनिक खर्च चलाउन मात्र पुग्ने देखिन्छ । घरको आर्थिक दुर्बलता र एउटा पतिको कमाइले घरको सबै व्यवहार धान्नुपर्ने बाध्यताले गर्दा शान्तिले मज्जासँग रमाएर दाम्पत्य जीवनको सुख र आनन्द भोग्न पाएकी छैन । यसले गर्दा उसका इदम्का चाहनाहरू कुण्ठित बनेका छन् । उसको इदम्ले सुख र आनन्दमा रमाउन खोज्ने तर अहम्केन्द्रित परिस्थिति भने इदम्को ठीक विपरीत देखिँदा कथाको प्रारम्भमै शान्ति इदम् र अहम्का बिचको मनोद्वन्द्वको स्थितिमा देखिएकी छ ।

शान्तिले चार-पाँच महिना टाइपराइटिङ सिकेर प्रमाणपत्र प्राप्त गरेपछि जागिरको कोसिस गर्दै गर्दा सचिवालयको एउटा विभागमा ऊ जागिर पाउन सफल भएकी छ । त्यहीँ नजिकै अर्को विभागमा काम गर्ने टाइपिस्ट मीनासँग उसको दोस्ती बनेको देखिन्छ । कथामा मीना अविवाहिता युवतीको भूमिकामा उपस्थित भएकी छ । शान्ति र मीना यी दुवै टाइपिस्ट दिउँसो दुई-तीन बजेतिर सँगै होटेलमा चिया खान जाने गरेका देखिन्छन् । त्यस होटेलमा चिया खाँदै गर्दा तिनीहरूबिच मोज र प्रेमसम्बन्धी गफगाफ पनि हुने गरेका छन् । त्यही होटेलमा एउटा युवक पनि चिया खान आइपुगेको छ । यसपछि शान्ति र मिना त्यही युवकलाई आलम्बन बनाएर प्रेमसम्बन्धी गफमा रत्तिन थालेका देखिन्छन् । हट्टाकट्टा युवकलाई देखेपछि अविवाहित युवती मीनाको इदम् मनमा दमित भएर बसेको यौनजन्य एषणा एकाएक उत्दीप्त हुन थालेको तथ्य उसले उत्साहित भएर प्रेमसम्बन्धी कुरालाई अघि बढाउँदै गरेकीबाट स्पष्ट हुन्छ । मीनाले "हामीले हाँसेका कुरा ऊ अब सम्झी नै रहन्छ; मलाई थाहा छ नि ! ... दिनहुँ आई यहाँ बस्न थाल्यो; बोल्न केही नबोल्ने तर यसो छड्के तँलाई हेरिहाल्ने ! माया गर्न थालेको पक्कै भयो । अब तँ के गर्छेस् ?" (भिक्षु, २०६३, पृ. १६) भनेकी छ । यस उद्धरणले मीनाको ध्यान युवकतिर तानिएको देखाएको छ । उसले युवक आफूहरू आउने समयमै दिनहुँ चिया खान आउने र केही नबोली छड्के आँखा लगाएर हेर्ने गरेको भनेकी छ । यस्तो व्यवहारले कतै उसले आफूलाई माया गर्न चाहेको हो कि भन्ने मीनालाई परेको छ । यो कुरा मीनाले शान्तिलाई सङ्केत गरेर भनेकी भए पनि यो मानसिक स्थिति मीनाकै मनमा उब्जेको हो भन्ने देखिन्छ । यस कुराले मीनाको इदम्ले युवकलाई चाहेको देखाउँछ । यसो भए पनि तत्कालीन समयका नारीको सामाजिक परिस्थिति आदिबाट प्रभावित उसको अहम्ले भने चाहेको कुरा बोल्न अवरोध गरेकाले उसले युवकसँग बोल्न सकिरहेकी छैन । अहम्कै दबाबले गर्दा युवकले आफूलाई हेरेको भन्न पनि नसकी उसको हेराइलाई शान्तितिर पन्छाउने चेष्टा गरेकी छ । इदम्ले चाहने र अहम्ले इदम्ले चाहेको कुरा व्यक्त गर्न नदिने देखिएबाट मीनाको अन्तर्मानसिकतामा इदम् र अहम्का बिचमा द्वन्द्वात्मक स्थिति देखिएको पाइन्छ ।

कथामा शान्ति पनि युवकलाई आलम्बन बनाएर गम्भीर सोचाइमा परेकी छ । यस सन्दर्भमा कथामा "उसले मलाई माया गर्न खोज्छ होला त ? तर प्रश्न मनमा नै उठे पनि

उसलाई लाज लाग्यो ... उसले फेरि बल लगाएर बिर्सन खोजी; क्रम भरदिन चली नै रह्यो" (भिक्षु, २०६३, पृ. १७) भनिएको छ । यस उद्धरणबाट शान्तिको मन युवक कर्मचारीको हेराइलाई लिएर बिथोलिएको देखिन्छ । उसले आफूलाई युवकले माया गर्न खोजेको होला त भनेर सोच्न थालेकी छ । फेरि घरमा पति भएकी विवाहिता उसले युवकका बारेमा यस्तो कुरा सोच्दा पनि लाज मानेकी छ । इदम्को कामनाले गर्दा ऊ युवकको आकर्षक व्यक्तित्वबाट खिचिएकी देखिए पनि विवाहित शान्तिको अहम्ले भने यस्तो सोच्दा पनि लाज मानेको छ । यसले गर्दा ऊ इदम् र अहम्का बिचको मनोद्वन्द्वमा परेकी देखिन्छ ।

कथामा अर्को दिन पनि शान्ति र मिना त्यही होटेलमा चिया खान गएका देखिन्छन् । यस दिनमा भने शान्ति नै मीनालाई चिया खान जाऔं भन्न आएकी छ । दुवै जना होटेलमा पुगेर होटले केटोलाई भनेर चिया मगाएका छन् । चिया ल्याउन ढिला गरेको भनी शान्ति हतारिएकी छ । यस सन्दर्भमा कथामा "चिया ल्याउन धेरै अबेला नभए पनि उसले- छिः कति अबेला गरेको चिया ल्याएन भन्दै ऊ बाहिर गई । चिया ल्याउनै लागेकोले फर्की । फर्कदा एकपटक जम्मै हलमा उसको नजर घुम्यो । कुनै सिटमा त्यो युवक थिएन" (भिक्षु, २०६३, पृ. १७) भनिएको छ । यस उद्धरणमा शान्ति होटेलको चिया खाने हलमा युवक कर्मचारीलाई नदेखेर हडबडाएकी देखिन्छ । ऊ चिया ल्याउन ढिलो गरेकोले होटले केटोलाई छिटो ल्याउन भन्नको लागि सिटबाट उठेर गएकी देखिए पनि उसले आँखा घुमाएर युवक कर्मचारीलाई खोजेकी छ । यसबाट ऊ चिया ल्याउन ढिलो गरेकोले नभई युवक नआइपुगेकोले गर्दा हडबडाएकी हो भन्ने देखिएको छ । इदम्ले युवकको खोजी गरिरहेको भए पनि उसको अहम्को परिस्थिति भने भिन्न छ । ऊ विवाहिता छे र घरमा उसको पति छ । त्यसैले गर्दा अहम्ले भने उसलाई त्यो युवकसँग नजिक हुनबाट स्वाभाविक रूपमा अवरोध पुऱ्याइरहेको देखिन्छ । यी तथ्यबाट कथामा शान्ति र मीना दुवै पात्र इदम् र अहम्का बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

'टाइपिस्ट' कथाकी शान्ति घरमा पति भएर पनि मोजमज्जासँग रमाउन नपाएर युवक कर्मचारीसँग आकर्षित भएकी छ । मीना अविवाहित कुमारी भएकीले गर्दा उसको इदम् पनि युवक कर्मचारीलाई देखेर लोभिएको छ । यसो भए पनि दुवैले तत्कालीन सामाजिक परिस्थितिले सिर्जना गरेको अहम्को दबाबले गर्दा युवकसँग खुलेर कुरा गर्न सकेका छैनन् । यसले गर्दा दुवै पात्र इदम् र अहम्का बिचको मनोद्वन्द्वमा परेका देखिन्छन् । यसरी शान्ति र मीनालाई इदम् र अहम्का बिचको मनोद्वन्द्वमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(७) अब म त्यस पसलमा सिगरेट किन्दिनँ

'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथाका पुरुष पात्र म र नारी पात्र पसल्नी युवती इदम् र अहम्का बिचको आन्तरिक द्वन्द्वविधानको प्रस्तुतिका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथामा म पात्र आफू बस्ने डिल्ली बजारबाट कामको सिलसिलामा पाटन जानेआउने गर्दा बागमती पुलवारिको पसलमा सिगरेट किन्ने गरेको कथामा देखाइएको छ । त्यो पसल तरुणी युवतीले सञ्चालन गरेकी छ । त्यस पसलका वरिपरि त्यस्तै अरू पसल पनि छन् तर

म पात्रले त्यही युवतीको पसलबाट सिगरेट किन्ने गरेको देखिन्छ । उसलाई पसल्नी युवती राम्री पनि लागेकी छ । भिक्षु (२०६३) ले कथामा पसल्नी युवतीको चर्चा गर्दै लेखेका छन् :

> त्यसै दिन मात्र सम्झँ कि केटी साँच्चीकै राम्री छ । लगभग सत्रअठार वर्षको बैँसमा नैनसुत कपडाभैँ उराठिलो सेतो गोरो त होइन, तर, तर खुब सफा रङ्गमा आङभरि रगतैरगत छचल्किन लागेको ! उदाएको सूर्यको रातो आभा मात्र त्यो हो कि भनेभैँ भान पर्ने उसको सृष्टि थियो । हातका हत्केला र औँला पोटिला, तर नरम पाउको मांसल आकृति, त्यसका औँला र कुर्कुच्चापर्यन्त रातै, भरिला र कोमल, अनौठोको बेपर्वाह हिस्सी ! सन्तुष्ट, किञ्चित्, लज्जालु नेत्रदृष्टि र बेचबिखन गर्दा हिसाबकिताबमा सीपालु भएर सहज र प्रकृत्या राम्रो ! (पृ. २४)

उल्लिखित उद्धरणमा म पात्रले पसल्नी युवतीको रूपसौन्दर्यको वर्णन गरेको छ । उसले युवतीलाई साँच्चीकै राम्री देखेको छ । उसले युवतीको उमेर, बैँस, शरीरको रङ, औँला, पाउ, हातका हत्केला, कुर्कुच्चा, उसको हिस्सी परेको अनुहार, लजालु हेराइ, व्यापार गर्ने सीप आदिको खुलेर प्रशंसा गरेको देखिन्छ । यसबाट म पात्र उसको पसलमा अरू नजिकका पसलमा भन्दा कम मूल्यमा राम्रो गुणस्तरको सिगरेट किन्न पाइने भएर नभई त्यस तरुणीको सुन्दरताबाट तानिएर जानेगरेको बुझ्न सकिन्छ । यसबाट म पात्रको इदम् पसल्नी युवतीतर्फ आकर्षित भएको देखिन्छ । यसो भए पनि सामाजिक मूल्यमान्यता र चिन्तन आदि अहम्जन्य कारणले गर्दा उसले युवतीसँग प्रेमविषयक कुरा गर्न सकिरहेको भने देखिँदैन । यसैले उसले युवतीलाई पढ्नुपर्छ भनेर सम्झाएको छ र एउटा सजिलो कथाको किताब पनि ल्याएर दिएको छ । यसबाट उसले युवतीप्रति फरक किसिमले माया दर्साउन खोजेको स्पष्ट हुन्छ । युवतीले पनि म पात्रलाई राम्रो दृष्टिले हेर्न थालेकी छ । यस सन्दर्भमा म पात्रले "क्रमशः त्यसमा मप्रति आदर, सम्मान र प्रतिष्ठाका साथै विश्वासको भावना पनि सृजित हुन गयो । ... उसले मलाई देख्नेबित्तिकै हात जोडी नमस्कार गर्न लागेकी थिई" (भिक्षु, २०६३, पृ. २५) भनेको छ । यस उद्धरणमा युवतीको व्यवहार म पात्रप्रति मायालु बन्दै गएको देखाइएको छ । उसले म पात्रलाई आदर सम्मान गर्नुका साथै विश्वासको दृष्टिले हेर्न थालेकी छ र देख्नेबित्तिकै हात जोडी नमस्कार गर्ने गरेकी पनि देखिन्छ । अरू ग्राहकलाई भने उसले यसरी सम्मान र आदर दर्साएकी देखिँदैन । यस तथ्यले उसको इदम् म पात्रतर्फ तानिदै गएको देखाएको छ । यसो भए पनि अहम्जन्य सामाजिक अनुशासनको परिधिले गर्दा उसले म पात्रसँग इदम्को कामना खुलेर व्यक्त गर्न सकेकी भने छैन । कथामा आएको यहाँसम्मको घटनासन्दर्भबाट दुवै पात्र इदम् र अहम्का बिचको मनोद्वन्द्वको स्थितिमा देखिएका छन् ।

एकदिन म पात्र आफ्नो अधिकारीलाई भेटी पाटनबाट फर्कदै गर्दा युवतीको पसलमा आइपुगेको देखिन्छ । त्यहाँ उसले सिगरेट किनेको छ र पहिलाको बाँकी पैसा पनि तिरेको छ । उसले युवतीलाई दुब्लाएकी आजकल सन्चो छैन र भनेर पनि सोधेको छ । त्यही क्रममा युवतीले म पात्रको घर, बस्ने ठाउँसमेत सोधेकी र भोलि यतातिर आउनुहुन्छ ? पनि भनेकी छ । म पात्रले पनि आफू जागिरे भएको अनि आफ्नो घर र अरू कुरा पनि बताएको छ । यस सन्दर्भमा कथामा म पात्रले "उसको मुखमा मैले एक पटक यसो नजर घुमाएँ । अलि सन्तुष्ट

भएको र आश्वस्तजस्तो ऊ देखा परी । ... फेरि बिदा लिने सङ्केतसूचक शब्दमा मैले- "जाऊँ है अब, भोलि सायद फेरि आउँला कि ?" उत्तरमा उसले नमस्ते गरी" (भिक्षु, २०६३, पृ. २७-२८) भनेको छ । यस उद्धरणबाट म पात्र र पसल्नी युवतीका बिचमा आत्मीयता बढ्दै गएको देखिएको छ । युवतीले राखेको जिज्ञासाका बारेमा म पात्रबाट उचित जवाफ पाएपछि ऊ अलि सन्तुष्ट भएकी र आश्वस्त बनेकी छ । यसबाट युवती इदम्को कामनाले म पात्रप्रति आशक्त भएकी देखिए पनि अहम्जन्य परिस्थितिले गर्दा खुलेर प्रकट भने हुन सकेकी देखिँदैन । अर्कोतर्फ सिगरेट किनेर कुराकानी समाप्त गरिसकेपछि पनि म पात्र इदम्को कामनाले प्रेरित भएर पसल्नी युवतीको अगाडि उभिइरहन रुचाएको देखिन्छ । यहींनेर फेरि उसको अहम्ले त्यसरी उभिइरहनु उचित देखेको छैन । त्यसैले गर्दा म पात्रले जानको लागि युवतीसँग बिदा मागेको छ । तत्कालै इदम्बाट प्रभावित भएर ऊ फेरि भोलि आउनको लागि आश्वस्त हुन चाहेको देखिन्छ । भोलि आउने गरी कार्यालय हुँदै घरमा आइपुगेको म पात्रले "भोलि उसको पसलमा ऊनजिक नगई हुँदैन, ऊ एक्ली छे, ... तर भोलिपल्ट म गइनँ । राति सम्झेँ कि म गइनँ" (भिक्षु, २०६३, पृ. २८) भनेको छ । यस उद्धरणबाट म पात्रले भोलि युवतीको पसलमा जानुपर्ने निश्चय गरेको देखिएको छ । उसले युवती एक्ली भएकी हुँदा उसलाई सहारा दिन आवश्यक भएकोले भोलि उसको पसलमा जाने मन गराएको देखिन्छ । उसमा यस्तो इच्छा जागरित हुनुमा उसकै इदम्को कामनाको प्रभाव देखापर्छ । उसले भोलि युवतीको पसलमा जाने अठोट गरेको भए पनि अहम्को अवरोधले गर्दा भोलि, पर्सि र अरू धेरै दिनसम्म पनि युवतीको पसलमा गएको भने देखिँदैन । यसबाट म पात्र इदम् र अहम्का बिचको मनोद्वन्द्वमा परेको देखिएको छ ।

करिब डेढ महिनापछि म पात्र युवतीको पसलमा पुग्दा युवतीको बाबु बसेको देखिन्छ । यस सन्दर्भमा म पात्रले "मनमा आयो सोधूँ तिम्री छोरी कहाँ छिन् ? तर हिम्मत आएन, अनिच्छा पनि थियो । सिगरेट सल्काई बाटो लागेँ" (भिक्षु, २०६३, पृ. २९) भनेको छ । यस उद्धरणबाट म पात्र युवतीको बारेमा सोधपुछ गर्ने विषयमा द्विविधामा परेको देखिएको छ । एक मन त उसलाई पसलमा बसेका बाबुसँग युवतीका बारेमा तिम्री छोरी कहाँ छिन् भनेर सोध्ने इच्छा लागेको देखिन्छ । तत्कालै फेरि त्यसरी सोध्ने हिम्मत नआएर सोधपुछ गर्न अनिच्छुक भएको छ र सिगरेट सल्काएर आफ्नो बाटो लागेको छ । यहाँनेर म पात्रको इदम्ले युवतीको बारेमा सोधपुछ गर्न प्रेरित गरेको भए पनि उसकै अहम्ले भने त्यसरी सोध्न अवरोध गर्दा उसलाई सोध्ने हिम्मत नआएको र अनिच्छा पनि लागेको देखिएको छ । यसबाट म पात्र इदम् र अहम्का बिचको मनोद्वन्द्वको चापमा परेको देखिएको छ ।

'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथाका म पात्र र पसल्नी युवती इदम्को कामनाले गर्दा एकले अर्कालाई मन पराउने र आदरसम्मान गर्ने गरेका देखिए पनि अहम्को अवरोधका कारणले नजिक हुनबाट तर्किएका देखिन्छन् । अहम्कै अवरोधले गर्दा नै दुवैका इदम्का कामना बाधित भएका छन् । यसैले गर्दा दुवै पात्रको अन्तर्मानसिक स्थिति इदम् र अहम्का बिचको मनोद्वन्द्वको चापमा परेको देखिएको छ । यसरी पसल्नी युवती र म पात्रलाई इदम् र अहम्का बिचको मनोद्वन्द्वमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

२.४.२ इदम् र पराहम्का बिच आन्तरिक द्वन्द्वविधान

फ्रायडले मनोविश्लेषणसम्बन्धी सिद्धान्तमा व्यक्तिको इदम् र पराहम् मनका बिचमा हुने द्वन्द्वको चर्चा गरेका छन् । उनले इदम्लाई अतार्किक, असङ्गत अस्थिर स्वभाव भएको र कामोत्तेजनापूर्ण नैतिक अनैतिक आकाङ्क्षाहरूको स्वाभाविक तृप्तिमा केन्द्रित रहने मनको पशुवत् तह मानेका छन् । पराहम्लाई भने उनले उच्च आदर्श, धर्म, नैतिकता, कर्तव्य र सामाजिक चेतना आदिलाई पालन गर्नुपर्ने कुरामा जोड दिने र इदम्का अवाञ्छित कार्यलाई अवरोध र नियन्त्रण गर्न अग्रसर हुने स्वभाव भएको व्यक्ति मनको तह मानेका छन् । मनका यी दुई विपरीति स्वभावका इच्छा वा विचारका कारणले व्यक्ति मनोद्वन्द्वमा पर्छ भन्ने उनको मान्यता रहेको छ । भवानी भिक्षुका कथा फ्रायडको यस मान्यताका दृष्टिले अध्ययनीय छन् । उनका कथामा अनेक किसिमका घटना परिस्थितिको उपयोग गरेर पात्रलाई इदम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेको देखाई कथालाई कलापूर्ण बनाइएको पाइन्छ । त्यसैले यसमा भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि ...?', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'मैयाँसाहेब', 'टाइपिस्ट', र 'अब म त्यस पसलमा सिगरेट किन्दिन', गरी दसओटा कथाको इदम् र पराहम्का बिचको आन्तरिक द्वन्द्वविधानका आधारमा अध्ययन गरिएको छ ।

(१) गुनकेशरी

'गुनकेशरी' कथामा विवाह गर्नका लागि उमेर पुगिसकेका गुनकेशरी र उसकी बहिनी सुभद्रालाई दुई वर्ष उमेर अन्तरका देखाइएको छ । यसैबिच केटी माग्न आउनेले बहिनी सुभद्रालाई रुचाएपछि बैँस चढिसकेकी गुनकेशरीको इदम् कुण्ठित भएको छ (भिक्षु, २०५२, पृ. २) । एकातिर उसको इदम्ले आफूलाई रोजिदिओस् भन्ने चाहेको देखिन्छ भने अर्कोतिर उसको पराहम्ले बहिनीकै राम्रो भएको देख्नुलाई आदर्श ठानेको छ । यस सन्दर्भमा कथामा "गुनकेशरीले सम्पूर्णतः साबित गरी- ऊ स्त्रीभन्दा बाबुकी, आमाकी छोरी बढ्ता हो, ऊ नारीभन्दा सुभद्राकी दिदी अधिक हो" (भिक्षु, २०५२, पृ. ३) भनिएको छ । यस उद्धरणले विवाहलाई सामाजिक परम्परासँग जोडेर हेर्न खोजेको छ । हाम्रो समाजमा दिदीको भन्दा पहिले बहिनीको विवाह हुनुलाई स्वाभाविक रूपमा लिने गरेको पाइँदैन । समाजको यही दृष्टिकोणको प्रभाव गुनकेशरीको मानसिकतामा परेको देखिन्छ । ऊ सुभद्राकी दिदी भएकीले उसैको विवाह पहिले हुनुपर्ने हो तर केटी हेर्न आउनेले दिदीलाई छोडेर बहिनीलाई रोजेको छ । गुनकेशरीको इदम्ले आफूलाई रोजिदिओस् भन्ने चाहेकोमा त्यसो नहुँदा उसको इदम् आहत भएको छ । यहींनेर उसको पराहम्ले भने सुभद्राको विवाह हुन लागेको घटनालाई स्वाभाविक रूपमा लिन चाहेको छ । यसले गर्दा गुनकेशरीले बाबुआमाको निर्णयलाई सहर्ष स्वीकार गरेकी छ । उसले आफ्नो इदम्निर्देशित नारीगत चाहनालाई भन्दा पराहम्निर्देशित बाबुआमाकी छोरी बढ्ता भएकी र सुभद्राकी दिदी भएर कर्तव्य पूरा गर्नुलाई नै बढी महत्त्व दिन चाहेकी छ । एकातिर उसको इदम् आफ्नो भन्दा पहिले बहिनी सुभद्राको विवाह हुन लाग्दा असन्तुष्ट भएको देखिनु र अर्कोतिर उसकै पराहम् भने कर्तव्यशील बनेर यस घटनालाई सामान्य रूपमा लिई सन्तुष्ट भएको देखिनुले गुनकेशरीको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचको द्वन्द्वको स्पष्ट सङ्केत भएको छ ।

कथामा सुभद्राको विवाह भएको छ र ऊ पतिको घरमा गएकी छ । यसपश्चात् गुनकेशरीले खानपिन छोडेकी छ र बिरामी पनि भएकी छ । यस सन्दर्भमा कथामा "अनि सुभद्राको बिहा भयो । त्यो लोग्नेको घर गएपछि गुनकेशरीलाई दुःखले खानपिनपर्यन्त केही दिनसम्म छोडिदिनुपऱ्यो; र धेरै दिनसम्म त्यो बिरामी पनि भई" (भिक्षु, २०५२, पृ. ३) भनिएको छ । यस उदाहरणले इदम् र पराहम्का बिचको द्वन्द्वलाई देखाएको छ । पराहम्का दृष्टिबाट हेर्दा दिदी भएको पक्का आदर्श स्थापित गर्न गुनकेशरीले खानपिन नै छोडेकी छ र बिरामी पनि भएकी छ । अर्कोतर्फ केटी रोज्नेले बहिनीलाई रोजेर आफ्नोभन्दा पहिले बहिनीको विवाह हुँदा उसको इदम्ले अपमान र आहत महसुस गरेर उसलाई खान मन नलागेको र बिरामी भएकी हो भन्ने देखिएको छ । यसबाट गुनकेशरी इदम् र पराहम्का बिचको द्वन्द्वको चापमा परेकी देखिन्छ । कथामा केटी हेर्न आउनेले आफू छँदाछँदै बहिनी सुभद्रालाई रुचाएर उसको विवाह भएपछि गुनकेशरीले इदम्को कुण्ठित कामनापूर्ति गर्ने विकल्पको रूपमा विजयसँगको निकटता खोज्न थालेकी छ । यस सन्दर्भमा भिक्षु (२०५२) ले लेखेका छन् :

> के विजयलाई माया गर्न सकिँदैन ? किन नसक्ने ? आफूलाई यत्तिको आदरको दृष्टिले हेर्ने, आफूले भनेको, चाहेको सबै थोक आँखा चिम्लेर मानिदिने, आफूलाई गुनकेशरीभित्रै मिसाइदिने विजयलाई किन प्यार गर्न सकिँदैन ? तर दुःखको कुरा– गुनकेशरीभित्रैको यस सचेतनालाई उसले मान्नुको त के कुरा, बुझ्नपर्यन्त पनि चाहिन । ... उ चारैतिरबाट शुद्ध थिई, उ चारैतिरबाट पूर्ण थिई । कुनै एउटा 'शुद्ध', एउटै 'पूर्णले–यसैले–उसमा स्थान पाएन' ... र उ...उ मलाई माया पनि गर्छ । त्यो आफ्नो हो, नातेदार हो, आफन्त हो; माया किन नगर्ने । (पृ. ५-६)

यस उद्धरणबाट गुनकेशरीले बहिनी सुभद्राको विवाह भएर ऊ पतिघर गएपछि आहत भएको इदम्लाई सान्त्वना दिन विजयलाई माया गरेर अघि बढ्ने विचार गरेकी देखिएको छ । आफूलाई आदरको दृष्टिले हेर्ने, भनेको र चाहेको सबै थोक आँखा चिम्लेर मान्ने विजयलाई माया गर्न सकिने उसको ठम्याइ रहेको छ । यो उसको इदम्बाट प्रेरित मनोकामना हो । अर्कोतर्फ उसको पराहम्ले आफैलाई पूर्ण र शुद्ध ठानेको छ । फेरि तत्काल इदम्को कामनापूर्ति गर्नलाई विजय सहयोगी हुने भए पनि लामो समयसम्म प्रेम गरेर जीवन बिताउन भने नातेदार भएकोले ऊ उपयुक्त पात्र नहुनेमा गुनकेशरी सचेत देखिएकी छ । यो उसको पराहम्को निर्देशन भन्ने देखिन्छ । सायद ऊ विवाह गर्न नमिल्ने नजिकको नातेदार भएकोले गर्दा गुनकेशरीको पराहम् सक्रिय भएर नैतिकता र कर्तव्यका दृष्टिले सचेत गराएको पनि हुन सक्छ । परिणामस्वरूप गुनकेशरीको अर्कै पुरुषसँग विवाह सम्पन्न भएको छ । गुनकेशरीको इदम्को कामनाले विजयलाई चाहेको भए पनि उसैको पराहम्को प्रतिनिधित्व गर्ने बुद्धिमानी र कर्तव्यशीलताको अवरोधले गर्दा विजयलाई माया गर्न चाहेको उसको इदम्को चाहना कुण्ठित भएको छ । पराहम्को तगारोले गर्दा उसको आफैभित्रकी नारी अठिएकी छ । ऊ स्त्री भएकीले उसभित्र स्त्रीत्व हुने नै भयो । स्त्रीत्व इदम् गुण हो अनि बुद्धिमानी र कर्तव्यशीलता आफैमा पराहम् गुण हो । स्त्रीत्वले प्रकट हुन चाहनु र बुद्धि र कर्तव्यले तगारो हाल्नु इदम् र पराहम्का बिचमा देखिएको द्वन्द्वात्मक स्थिति हो ।

'गुनकेशरी' कथामा गुनकेशरीको अन्तर्मानसिकतामा देखिएको पुरुषप्रतिको रुचि, आफ्नो विवाह होस् भन्ने चाहना, विवाहपछि पनि विजयप्रति देखाएको लगाव आदिले उसको इदम्को कामनालाई देखाएका छन् । अर्कोतिर आदर्श, मर्यादा र कर्तव्यको प्रतिनिधित्व गर्ने पराहम्को प्रभावले गर्दा उसले बहिनीको विवाहलाई स्वाभाविक रूपमा लिएकी छ । उसको इदम्ले विजयलाई चाहँदा पनि पारिवारिक मर्यादा, कर्तव्य, नातासम्बन्ध आदि पराहम्जन्य आधार देखाएर रोकेकी छ । यसले गर्दा उसको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा द्वन्द्वात्मक स्थिति देखिएको छ । यसरी कथामा इदम् र पराहम्का बिचमा आन्तरिक द्वन्द्वविधानको कलात्मक आयोजन गरिएको पाइन्छ ।

(२) प्रेमको एउटा कथा

'प्रेमको एउटा कथा' कथाकी गोमती इदम् र पराहम्का बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । ऊ तेह्र वर्षकी पुग्दा नपुग्दै इदम्केन्द्रित यौनकामनाबाट प्रेरित भएकी छ । यस उमेरमै उसले आफ्नो इदम्को आलम्बनको रूपमा मानसिंहलाई आत्मसात् गरेकी देखिन्छ । उसले "वकिल साहेब ! मेरो तेह्र वर्ष उमेरदेखि नै मानसिंहसित बन्धुत्व र लेखापढी भयो । पारस्परिक आत्मीयता अत्यन्त मोहममताभित्र बढिरहेर उहाँसम्म फल्दैफुल्दै आयो जहाँ मलाई सबैले तरुनी भन्न लागे; र मसित पुरुषमात्रको कुनै प्रकारको सम्पर्कलाई 'गर्न नहुने' कुरा निरूपण गर्न लागे" (भिक्षु, २०५२, पृ. १८) भनेकी छ । यस उद्धरणले गोमती र मानसिंहका बिचको पारस्परिक आत्मीयता बढ्दै र फल्दैफुल्दै गइरहेको देखाएको छ । इदम्जन्य यौनकामनाबाट प्रेरित भएर गोमती र मानसिंह नजिकिएका देखिन्छन् । यसमा मानसिंहभन्दा पनि गोमती नै बढी क्रियाशील देखिएकी छ । गोमतीका बाआमाले भने उसको र मानसिंहका बिचको प्रेमसम्बन्धलाई रुचाइरहेका छैनन् । एक साँझ त उनीहरूले मानसिंहले पठाएको पत्र आफैले खोलेर गोमतीलाई सम्झाएका छन् । यस सन्दर्भमा कथामा "बाले प्रष्ट र आमाले कुरा चपाउँदै आज्ञा दिइन्– 'अब उप्रान्त मानसिंहसित लेखापढी नगर्नू; उसैसित मात्र किन कसैसित पनि के काम ? हवस् भनेर म त्यहाँबाट उठेर गएँ" (भिक्षु, २०५२, पृ. २१) भनिएको छ । यस उद्धरणबाट गोमतीलाई उसका बाआमाले मानसिंह र कसैसँग पनि लेखापढी र सम्पर्क नगर्न आदेश दिएका देखिएको छ । यसपछि ऊ हवस् भनेर त्यहाँबाट उठेर गएकी कथामा देखाइएको छ । गोमतीको इदम्ले मानसिंहलाई छोड्नै नचाहेको भए पनि बाआमाको आदेश उसका लागि आफ्नै पराहम्को आदेश भएपछि ऊ प्रेमी मानसिंहलाई सदाका लागि त्याग्ने निर्णयमा पुगेकी छ । यसले गर्दा कथामा गोमतीको इदम्ले मानसिंहलाई चाहेको र पराहम्ले भने त्यसलाई अस्वीकार गर्दै गरेकोले उसको मानसिकतामा द्वन्द्वात्मक स्थिति बनेको देखापर्छ ।

मानसिंहसँग गोमतीको प्रेमसम्बन्धमा सङ्कट आएपछि उसको इदम् चुप लागेर नबसी विकल्पको खोजीमा क्रियाशील हुन थालेको कथामा देखिन्छ । यसका लागि उसले आफ्नै मामाको छोरो गोपाललाई देख्न थालेकी छ । तिहारमा टीका लगाउन आएको र आफैले दाइ मानेर टीका लगाइदिएको गोपालसँग उसको इदम् पछि लागेको छ । टीका लगाएपछि घर फर्किन हतारिएको गोपाललाई जबरजस्ती रोकेर उसैलाई इदम्को कामना पूर्ति गर्ने आलम्बनको रूपमा उपयोग गर्न ऊ अग्रसर भएकी छ । आफ्नै मामाको छोरो नाता पर्ने

गोपालसँग गोमतीको लगाव बढ्दै जान लागेको कुरालाई भिक्षु (२०५२) ले चर्चा गर्दै लेखेका छन् :

> उसलाई लिएर अक्सर म बाहिर डुल्न जान लागेँ । पर्व पर्वमा देउताहरूको दर्शन गर्न जाँदा भीडबाट बचाउने उसैलाई आफ्नो रक्षक बनाउन लागेँ; र भीडमा आग्रहपूर्वक जाने बेलामा उसकै बाहुपाशमा सुरक्षित भएर म अरू देवदर्शकहरूबाट बच्थेँ । तर ..... ओहो ! ..... यही गर्दागर्दै उसको अङ्गको स्पर्शको परिचयले मलाई छोयो । बिस्तार-बिस्तारै उसलाई लिएर म बढ्दै गएँ; र एक दिन आफूलाई नाश पनि नपारी मलाई आफैबाट छुट्टी मिलेन" । (पृ. २३)

कथामा गोमतीले वकिललाई सुनाउँदै गरेको घटना वृत्तान्तको रूपमा प्रस्तुत भएको यस उद्धरणबाट उसले गोपाललाई उपयोग गरेर आफ्नो इदम्को यौनकामना पूरा गर्न अग्रसर भएकी छ र त्यसको लागि तयारी पनि गरिरहेकी छ भन्ने स्पष्ट भएको छ । उसले दिदी मानेर तिहारको टीका लगाउन आएको मामाको छोरा भाइलाई घर जानबाट रोकी आफैसँग रत्याएर सँगै डुल्नेघुम्ने गर्न थालेकी छ । उसले मेलापर्वमा जाँदा पनि गोपाललाई साथमा लगेर जाने र उसकै बाहुपाशमा टाँसिएर आफू सुरक्षित हुन खोज्ने प्रयास गरेकी छ । यति मात्र नभएर उसले गोपालको अङ्ग स्पर्श गर्न पाएर आफूलाई त्यसले छोएको पनि भनेकी छ । गोमतीले भनेका यी कुराहरूबाट उसले आफू सुरक्षित हुनका लागि नभई गोपाललाई उपयोग गरेर इदम्को कामना पूर्तिका लागि उससँगै हिँड्ने, डुल्ने र रत्तिने गर्न लागेकी भन्ने थाहा हुन्छ । यसप्रकार बिस्तारैबिस्तारै अघि बढ्दै गएर एक दिन त उसले गोपालबाट आफ्नो इदम्ले चाहेको यौनकामना पूरा गर्न सफल पनि भएकी छ । यसरी इदम्को कामना पूरा गरेको कार्यलाई उसले आफैलाई नाश पारेको ठानेकी छ । यसो भनेर उसले आफ्नो नैतिकता र आदर्शले मामाको छोरो भाइ नाता पर्ने अझ तिहारको टीका पनि आफैसँग लगाउन आएको व्यक्तिबाट इदम्को कामना पूरा गर्नु ठूलो पाप ठानेकी भन्ने देखिन्छ । यस घटनाबाट एकातिर ऊ इदम्का दृष्टिले सन्तुष्ट भएकी भए पनि पराहम्का दृष्टिबाट हेर्दा भने असन्तुष्ट बनेकी देखिएको छ । यस्तो असन्तुष्टिबाट कर्तव्य, अनुशासन, मर्यादा र नैतिकताविरोधी काम गरेँ भन्ने महसुस उसलाई भएको छ । यो उसको पराहम् निर्देशित कामना हो । यसबाट गोमतीको इदम् सन्तुष्ट भएको र उसैको पराहम् भने असन्तुष्ट बनेको सङ्केत यहाँनेर पाइन्छ । यसरी गोमतीका अन्तर्मानसिकतामा इदम् र पराहम्का बिच द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखापर्छ ।

'प्रेमको एउटा कथा' कथाकी गोमती कलिलै उमेरमा पुरुष पात्रको सामीप्यता पाउन मानसिँहसँग प्रेम गर्न थालेकी छ । त्यस्तो प्रेमलाई बाबुआमाले नरुचाएपछि पराहम्बाट निर्देशित भएर प्रेमीलाई नै त्यागेकी भए पनि उसको इदम्को कामनाले मामाको छोरो नाताले भाइ पर्ने गोपाललाई विकल्पको रूपमा रोजेको छ । यसपछि उससँग लहसिएर यौनतुष्टि प्राप्त गरेपछि आफूले आफैलाई नाश पार्ने काम गरेको भनेर पश्चाताप गरेकीले उसमा नैतिकता र आदर्शविपरीत काम गरेँ भन्ने महसुस भएको देखिन्छ । यसबाट उसको इदम्का विरुद्ध उसकै पराहम् असहमत र असन्तुष्ट भएको देखिएको छ । यसबाट गोमतीको मानसिकतामा

इदम् र पराहम्का बिचमा द्वन्द्वात्मक स्थिति सिर्जना भएको देखापर्छ । यसरी कथामा प्रमुख पात्र गोमतीलाई केन्द्रक बनाएर इदम् र पराहम्का बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(३) अनि....?

'अनि....?' कथाकी रत्नमाया इदम् र पराहम्का बिच द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । उसले दसएघार वर्ष उमेरकी हुँदा नै आमा गुमाएकीले बाबु रामध्वजले रेखदेख अनि लालनपालन गरेर हुर्काएबढाएको र उसकै संरक्षकत्वमा रत्नमायाले आफ्नो पढाइलाई अघि बढाउँदै गरेकी कथामा देखाइएको छ । समयक्रममा उमेर बैंसालु हुँदै गएपछि उसले आफ्नै घरको पल्लोपट्टिको घरमा बस्ने युवकसँग प्रेम गर्न थालेकी छ (भिक्षु, २०५२, पृ. २९) । यसबाट उसको इदम् विपरीत लिङ्गतर्फ आकर्षित हुन थालेको स्पष्ट हुन्छ । युवक पनि उसको घरमा बराबर आउनेजाने गरेको कथामा देखाइएको छ । कथामा रत्नमायाको बाबु रामध्वजलाई आचारविचार र धर्मकर्ममा पक्का व्यक्ति भनेर चिनाइएको छ । उसले आफ्नो आचरणअनुसार घरको वातावरणलाई धर्मकर्म, आचारविचार, अनुशासन, कर्तव्य र नैतिकताको साँचोमा व्यवस्थित गरेको छ । घरको वातावरण र बाबुको प्रभाव रत्नमायामा पनि परेको छ । यसैबिच युवक गोविन्दसँग प्रेममा रहेकी उसको इदम्ले आफ्नो प्रेमीलाई छोड्न नचाहेको भए पनि उसका बाबुले भने नरदेवी टोलतिरका मानिससँग रत्नमायाको विवाह गर्ने तारतम्य मिलाइसकेको कथामा देखिएको छ । रत्नमायाको प्रेम र हुन लागेको विवाहको प्रसङ्गमा उसको मानसिकतामा देखिँदै गरेको इदम् र पराहम्को प्रभावका विषयमा भिक्षु (२०५२) ले चर्चा गर्दै कथामा लेखेका छन् :

> उपन्यास पढ्न सक्ने रत्नमाया, एउटा किताबको पत्र पल्टाउँदै, उसमा भएकी कुनै आदर्शवादिनीसित आफ्नो चरित्रलाई सामञ्जस्य दिने चेष्टा गरिरहेकी छे । बाबु रामध्वजको साँचा नै उसको बाह्य र आन्तरिक रूपरेखा, आकारप्रकार सबै हो । त्यस परिधिलाई अतिक्रमण गरेर विचार गर्न सक्ने त कुरा, त्यस्तो वृत्तिकै निर्माण त्यहाँ रहेनछ । यता प्रेम स्वभाव हो, त्यसले राम्ररी आफ्नो डेरा जमाइसकेको छ । (पृ. ३२)

उल्लिखित उद्धरणबाट रत्नमायाले उपन्यास पढ्दै त्यसमा आदर्श पात्रको भूमिकामा रहेकी नारी पात्रको चरित्रसँग आफ्नो चरित्रलाई सामाञ्जस्य गर्ने चेष्टा गर्न लागेकी देखिएको छ । उसको आदर्श चरित्र उसको बाबु रामध्वजले निर्माण गरेको घरको अनुशासनको साँचो र मर्यादा अनि कर्तव्यको प्रभाव पनि हो भन्ने देखिन्छ । यसैबाट रत्नमायाको बाह्य र आन्तरिक स्वभाव र चरित्र निर्माण भएको हो भन्ने कुरा यहाँ देखाउन खोजिएको छ । यसरी निर्माण भएको आदर्श र कर्तव्यको परिधिलाई उसले उल्लङ्घन गर्न सक्ने देखिँदैन । यसैले ऊ प्रेम गरेको युवक छँदाछँदै अर्कै व्यक्तिसँग विवाह गरेर पतिगृह जान अग्रसर भएकी छ । यसबाट रत्नमायाको मानसिकतामा पराहम्को परिधि निर्माण भएको देखिन्छ । अर्कोतर्फ उसले आफ्नै टोलछिमेकमा बस्ने युवक गोविन्दसँग प्रेम गरेकी छ । उसको इदम्ले गोविन्दबाहेक अर्को पुरुषसँग विवाह गर्ने भन्ने कुरा कल्पनासम्म पनि गर्न सक्दैन । यसले गर्दा उसको

मानसिकतामा इदम् र पराहम्ले परस्पर विपरीत मार्ग अवलम्बन गरेकाले ऊ मनोद्वन्द्वको चापमा परेकी देखिन्छ ।

कथामा रत्नमायाको विवाह हुने दिन नजिकिँदै गएको छ । तीन दिन मात्र बाँकी रहँदा चारैतिर विवाहको चाँजोपाँजोको धुमधाम छ । सधैँ आइरहने युवक गोविन्द रत्नमायाको विवाह हुने भएपछि उसको घरमा आउन छोडेको छ । यस सन्दर्भमा कथामा "गत पाँच सात दिनदेखि त्यो छिमेकी युवक त्यसकहाँ आउँदै आएन । आउनु नपर्ने पनि हो ! तर रत्नमायाको मनमा त्यो नआएकै कारणले उसमाथि क्रोध, रीस किन उठिरहेछ ?" (भिक्षु, २०५२, पृ. ३२) भनिएको छ । यस उद्धरणमा रत्नमायाको इदम्ले प्रेमको आलम्बन बनाएको व्यक्ति युवक गोविन्द पाँचसात दिनदेखि उसको घरमा आउन छोडेको र त्यसले गर्दा रत्नमायाको मनमा रिस उठेको देखाइएको छ । ऊ यसरी रिसाउनुमा कर्तव्य, अनुशासन, नैतिकता र मर्यादाको दबाबमा परेर अर्कै मानिससँग विवाह गर्न लागेकी देखिए पनि सम्भव भएसम्म उसको इदम्को चाहना भने विवाह नहुँदै आफ्नो प्रेमी गोविन्द आफ्नो घरमा आओस् र प्रेमकामना पूरा गरोस् भन्ने मुख्य कारण रहेको देखिन्छ । यसो भए पनि यहाँनेर के भन्न सकिन्छ भने पराहम्को आदेश र निर्देशनमा रत्नमायाको इदम् दबिएर यो कामना अत्यन्त झिनो रूपमा मात्र प्रकट हुन खोजिरहेको अनि असन्तुष्ट पनि देखिएको छ । यसले गर्दा ऊ इदम् र पराहम्का बिचको मनोद्वन्द्वको चापमा परेकी छ ।

कथामा रत्नमाया प्रेम र आदर्शको चापमा परेकी छ । यस सन्दर्भमा "रत्नमायाको सामुन्ने आयो- बाबु, इज्जत, गृहस्थी र स्वयम् सद् रत्नमाया ... तर–रत्नमायाले रोक्ने चेष्टा गर्दा-गर्दै पनि आएको– 'तर', के यी सबै हुनाले नै रत्नमायाको स्वयम्को आफ्नो केही पनि छैन ? रत्नमाया स्वयम् आफ्नो होइन ?" (भिक्षु, २०५२, पृ. ३३) भनिएको छ । यस उद्धरणबाट रत्नमायाको मानसिकतामा इदम् र पराहम् परस्पर विपरीत मार्गमा देखिएका छन् । उसको पराहम्ले बाबुको इज्जत, गृहस्थी र आफ्नै सत्लाई अनुपालन गरेर कर्तव्य एवम् आदर्शबाट विचलित नभई बाबुले गरिदिन लागेको विवाहलाई मानेर अघि बढ्न निर्देश गरेको छ । यही नै उसको धर्म र नैतिकता हुन्छ भन्ने पराहम्को आग्रह देखिन्छ । लोकपरलोक, समाज, धर्म सबैको सफलता यसैमा छ भन्ने पराहम्ले देखाइरहेको छ । रत्नमायाको इदम्ले भने पराहम्का विपरीत दृष्टि राखेको छ । इदम्ले रत्नमायालाई पराहम्का पछि नलागेर आफ्नो स्वयम्को खोजी गर्न सम्झाएको छ । उसको स्वयम्ले युवक गोविन्दलाई चाहेको भए पनि पराहम्को दबाबले गर्दा स्वयम्को प्रतीक इदम् बन्धक भएको छ । उसको स्वयम् वा स्वत्व भनेको इदम्को कामना हो । त्यसले प्रेमी युवक गोविन्दलाई मात्र चाहन्छ तर आदर्श, मर्यादा, कर्तव्य र अनुशासन आदिको पक्षमा उभिएको पराहम् गोविन्द युवकबाहेक अर्को मानिससँग रत्नमायाको विवाहलाई स्वीकार गरेर अघि बढिरहेको छ । यसले गर्दा कथामा रत्नमायाको मानसिकतामा इदम् र पराहम्का बिचमा द्वन्द्वात्मक स्थिति सिर्जना भएको छ ।

कथामा रत्नमायाका इदम् र पराहम् निरन्तर विपरीत ध्रुवमा क्रियाशील देखिन्छन् । यसलाई सङ्केत गर्दै कथामा "आदर्श छ, मर्यादा छ, नियम (साँचा) छ तर साथै आकाङ्क्षा छ, इच्छा छ, लोभ छ, ममता पनि छ । के यी दुवैको निरन्तर द्वन्द्वकै प्रतिफल रत्नमायाको भविष्य हुन जानेछ ?" (भिक्षु, २०५२, पृ. ३३) भनिएको छ । यस उद्धरणबाट रत्नमायाका इदम् र पराहम् परस्पर विपरीत मार्गमा अग्रसर भएका छन् भन्ने देखाउन खोजिएको छ । उसका

आकाङ्क्षा, इच्छा, लोभ, ममता आदिले इदम्को प्रतिनिधित्व गरेर युवक गोविन्दसँगको प्रेमका पक्षमा उभिन भनेका छन् भने आदर्श, मर्यादा र नियमले पराहम्को प्रतिनिधित्व गरेर रत्नमायालाई आफ्नो नियन्त्रणमा राखी उसको विवाह अर्कै मानिससँग गराउन चाहेका छन् । परस्पर विपरीत वृत्ति अँगालेका यी पक्षले रत्नमायाको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिच द्वन्द्वात्मकताको स्थिति निर्माण गरेका छन् । यस सन्दर्भमा कथामा "रत्नमायाको निम्ति कुनै उत्तर छैन । बिहा हुने तर्खर चलिरहेको छ । चर्मचक्षुको अगाडि उत्साह छ, आमोद छ, सफलता छ, ... केही उत्तर छैन" (भिक्षु, २०५२, पृ. ३३) भनिएको छ । यस उद्धरणबाट रत्नमायाको मानसिक अवस्था बेचैन भएको देखिन्छ । उसको बाह्य हेराइमा हरप्रकारको शुभको विधान छ किनभने उसको विवाह हुँदै छ तर उसकै लागि भनेर जोरिन आएका समस्त शुभ र आदर्शका विधानले उसभित्रको स्वत्व, पवित्र प्रेमका साथै उसको इदम्को आकाङ्क्षालाई समेत आत्मसात् गर्न सकेका छैनन् । यसले गर्दा आदर्श, मर्यादा, कर्तव्यको धार्मिक अनुष्ठानरूपी पराहम्बाट रत्नमायाको इदम्को मनोकामना कुण्ठित हुन गएकाले ऊ इदम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेकी छ ।

कथामा रत्नमाया विवाह भएर पतिगृह गएकी छ । यो उसको पराहम् निर्देशित मार्ग नै हो भन्ने देखिन्छ । अर्कोतिर उसको इदम्ले भने यसलाई स्वीकार गरेको देखिँदैन । यस सन्दर्भमा कथामा "रत्नमायाको प्राणले भन्यो, चिच्चायो- 'धोखा, छल, दम्भ । एकदम ठग्ने कुरा" (भिक्षु, २०५२, पृ. ३४) भनिएको छ । यस उद्धरणमा रत्नमायाको इदम्ले आफ्नै विवाहलाई धोका, छल र दम्भका रूपमा लिएको छ । यसलाई उसको इदम्ले एकदम ठग्ने कुरा ठानेको छ । अर्कोतर्फ पराहम्ले भने उसलाई विवाहको आदर्श मार्गमा अग्रसर गराएको छ । उसको इदम्ले युवक गोविन्दबाहेक अर्कै व्यक्तिसँग भएको विवाहलाई धोका र छल मानेको र उसकै पराहम्ले भने अर्कै व्यक्तिसँग भएको विवाहलाई स्वीकार गरेको देखिँदा यसबाट उसको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा मनोद्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

'अनि....?' कथाकी रत्नमायाको इदम् प्रेमी युवकसँग प्रेममा रत्तिएकाले उसले उसैसँग विवाह गर्न चाहेकी छ । अर्कोतिर उसको पराहम्ले भने घरपरिवारको आदर्श, मर्यादा, इज्जत र कर्तव्यलाई आधार बनाएर बाबुले अर्कै मानिससित गरिदिन लागेको विवाहलाई मान्न र विवाह गरेर पतिगृह जान बाध्य पारेको छ । यसलाई उसको इदम्ले भने धोखा, छल, दम्भ एवम् एकदम ठग्ने कुरा ठानेको छ । यसबाट रत्नमायाको इदम् र उसकै पराहम् परस्पर असहमत भई विरोधमा देखिएका छन् । कथामा देखिएको रत्नमायाको यस्तो अन्तर्मानसिक परिस्थितिले गर्दा ऊ इदम् र पराहम्का बिचको द्वन्द्वमा परेकी स्पष्ट हुन्छ । यसरी रत्नमायालाई इदम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(४) रमा

'रमा' कथाकी रमा इदम् र पराहम्का बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ अनौठो ढङ्ग र संस्कार भएका शिक्षित र आदर्श बाबु एवम् बाबुको जस्तै संस्कार र आदर्श आत्मसात् गरेकी आमाकी छोरी बनेर देखिएकी छ । उसको उमेर बीस वर्ष

भइसकेकाले बाबुआमा छोरीको विवाह गर्न उत्सुक देखिएका पाइन्छन् तर जहाँत्यहीँ नभएर कुनै शिक्षित र सम्पन्न परिवारमा छोरीको विवाह गर्न पाए बेस हुन्थ्यो भन्ने रमाका बाबुआमाको विचार रहेको छ । रमा पढेलेखेकी र व्यवहारमा पनि निपुण हुनुका साथै टिकट बटुल्ने र अन्य शिक्षामूलक कार्यमा पनि क्रियाशील रहेकी कथामा देखाइएको छ । उसले विवाहका सम्बन्धमा आफ्नो छुट्टै आदर्श विचारको परिकल्पना गरेकी छ । यस सन्दर्भमा कथामा "बिहा गर्नु बन्धन हो; आफ्नो जीवन, यौवन, सौन्दर्य र सुखको दुरूपयोग" (भिक्षु, २०५२, पृ. ४२) भनिएको छ । यस उद्धरणमा आएको रमाको यस्तो विचारले पराहम्को आदर्शतर्फको अभिरुचिलाई दर्साउन खोजेको छ । यौवन भरिदै गएकी रमाले कल्पनामय आदर्श विचार जेजस्तो बनाएकी भए पनि उमेरजन्य इदम्को कामना भने त्यसबाट सन्तुष्ट हुन सम्भव देखिँदैन । यसैले गर्दा टिकट बटुल्ने क्रममा उसले देशविदेशका लोग्नेमान्छेहरूसित चिनजानी बढाउन थालेकी कथामा यसरी देखाइएको छ- "दृश्यहरूको र मनुष्यहरूको फोटोसमेत बटुल्ने; फेरि कताकता पठाउने र कुन्नि कताकताबाट त्यस्तै आउने । सबैभन्दा ठूलो कुरा के त कहाँकहाँका देशविदेशका लोग्नेमान्छेहरूसित टिकट-सिकट लिएर चिनजानी पनि राख्ने !" (भिक्षु, २०५२, पृ. ४२) । रमाको पराहम्ले विवाहलाई बन्धन, जीवन, यौवन, सौन्दर्य र सुखको दुरूपयोग मानेको भए पनि यस उद्धरणमा ऊ इदम्बाट प्रेरित भएर हुलाक टिकट बटुल्ने क्रममा देशविदेशका लोग्ने मान्छेहरूसित चिनजानी र सम्पर्क बढाउने कार्यमा उत्सुकतापूर्वक लागेकी देखिएको छ । उसको यो कार्य इदम्को कामनाबाट प्रेरित विपरीत लिङ्गतर्फको आकर्षणको परिणाम हो । एकातिर घरको वातावरण, बाबुआमाको संस्कार, परम्परा, आदर्श र नैतिक कर्तव्यबोधको प्रभाव परेकाले उसको अन्तर्मानसिकता पराहम्बाट निदेर्शित भएको छ । फेरि अर्कोतिर इदम्को कामनाबाट ऊ विपरीत लिङ्गप्रतिको आकर्षणतर्फ उत्प्रेरित भएकी देखिन्छ । यसबाट रमा इदम् र पराहम्का बिचको मनोद्वन्द्वात्मक चापमा परेकी स्पष्ट हुन्छ ।

कथामा रमाको बाबुको कारिन्दाको छोरो कलकत्ताबाट आई.ए. पास गरेर छुट्टीमा आएको बेला रमाको घरमा भेटघाटको लागि आएको देखाइएको छ । आफ्नो घरमा आएको पढेलेखेको युवकलाई देखेपछि रमाको इदम् त्यस युवकप्रति आकर्षित भएको छ । दुवैबिच पढाइलेखाइ, रमाइलो, सिनेमा, सङ्गीत, फोटाग्राफी, टिकट सङ्कलन, आआफ्नो रुचि इत्यादिका बारेमा कुराकानी भएको देखिन्छ । यसपछि रमा र युवकका बिचमा सम्बन्ध बढ्दै गएको कथामा यसरी देखाइएको छ- "युवक कहिलेकाहीँ आफै दर्शन गर्न आउने र कहिलेकाहीँ मैयाँसाहेबले कुनै पढ्नेलेख्ने विषयमा आफै डाक्ने अथवा पूर्जी लेखिपठाएर सोध्ने" (भिक्षु, २०५२, पृ. ४४) । यस उद्धरणमा रमा र युवकका बिचमा सम्बन्ध घनिष्ठ हुँदै जान थालेको देखाइएको छ । दुई युवती र युवकका बिचको यो सम्बन्धको विस्तार पढाइलेखाइ र अन्य सरसहयोगकेन्द्रित नभएर यौनजन्य कामनाबाट प्रेरित इदम्निर्देशित भएको देखिन्छ । यसपछिका दिनमा दुवैबिच प्रेमसम्बन्ध गाढा बन्दै गएको छ । यस सम्बन्धमा कथामा "अनि दुवै एउटा रमाइलो जूनको तल, वासन्ती वायुको स्पर्शमा तातोतातो सासभित्र दुवैले परस्पर समर्पणका अनेकौँ प्रतिज्ञा गरे; अनेकौँ आश्वासन, अनेकौँ पवित्र सहानुभूति । दुवैले आफूभित्र आफूलाई आदर्श प्रेमी निर्धारित गरे" (भिक्षु, २०५२, पृ. ४४) भनिएको छ । कथाको यस उद्धरणमा रमा र युवकका बिचमा परस्पर प्रेम समर्पणका विषयमा कुराकानी भएका देखाइएको

छ । एकअर्काबिच अनेक प्रतिज्ञा, आश्वासनका साथै पवित्र सहानुभूतिका कुरा गरेर दुवैले प्रेमलाई गाढा बनाउने प्रयास गरेका छन् । रमा र युवकका बिचको यस किसिमको आत्मीयता इदम्को चेतनाबाट निर्देशित भएको देखिन्छ ।

कथामा रमाको इदम्ले युवकलाई चाहेको भए पनि उसैको पराहम्ले भने इदम्को चाहनामा तगारो हाल्न अग्रसर हुन थालेको छ । यसपछि त अनेकौँ हृदयव्यथा, समर्पण पोखेका पत्रहरू, प्रतीज्ञा, हृदयको अतीत सबैसबैलाई लत्याएर रमाले आमाबाबुको भक्ति, आफ्नो मुक्त र पवित्र जीवनका लागि युवकसँगको प्रेमसम्बन्धलाई तोड्ने घोषणा गरेकी छ । यस सन्दर्भमा कथामा भनिएको छ- "कुरा गरी आमाको भक्ति, बाबुको मर्यादामा ओतप्रोत भई युवकलाई लेखिदिई- हाम्रो परिवारको मर्यादा-विरुद्ध छ, आमाबाबुको आज्ञा छैन, अबउप्रान्त केही सम्बन्ध राखेर के लाभ ?" (भिक्षु, २०५२, पृ. ४५) । यस उद्धरणमा रमाले युवकसँग गरेको प्रेम उसका बाबुआमाको भक्ति, आस्था र विश्वासविपरीत भएको उल्लेख गरेकी छ । उसका बाबुआमाको इज्जत र मर्यादाअनुसार पनि उसको र युवकका बिचको प्रेमसम्बन्ध प्रतिकूल रहेको भन्ने रमाको तर्क देखिन्छ । त्यसैले बाबुआमाको आज्ञा प्राप्त नभएको कारण देखाएर रमा युवकसँगको प्रेमसम्बन्धबाट टाढिन चाहेकी छ । उसको इदम्ले युवकसँगको प्रेमलाई रुचाएको भए पनि घरपरिवारको परम्परा र संस्कारका कारण उसको मानसिकतामा निर्माण भएको पराहम्ले भने इदम्का कामनामाथि तगारो हालेको छ । पराहम्को यस्तो अवरोधबाट रमाको इदम् भने असन्तुष्ट बनेको देखिन्छ । यस सन्दर्भमा कथामा "सामुन्ने एउटा सानो जातको कुकुर थियो । उसलाई उठाएर र छातीमा च्यापी प्यारो गरेर म्वाई खाई–'मेरो लूसी, मेरो लूसी" (भिक्षु, २०५२, पृ. ४५) भनिएको छ । यस उद्धरणमा रमाले असन्तुष्टिको प्रतिक्रियास्वरूप आफ्नो सामुन्ने रहेको सानो कुकुर लूसीलाई उठाएर मेरो लूसी भन्दै प्यारो गरेर म्वाई खाएकी छ । रमाले देखाएको यस्तो प्रतिक्रिया उसको असन्तुष्ट इदम्बाट प्रेरित देखिएको छ । कथामा रमाको इदम्ले युवकलाई अँगाल्न, प्रेम गर्न र सँगै रहन प्रयास गर्दागर्दै पनि उसको पराहम्ले भने युवकसँगको सम्बन्ध र प्रेमलाई तिरस्कार गर्दै प्रेमसम्बन्ध निरन्तर विकसित हुनबाट अवरोध सिर्जना गरेको देखिन्छ । यसले गर्दा कथामा रमा इदम् र पराहम्का बिचको मनोद्वन्द्वको चापमा परेकी देखिएको छ ।

'रमा' कथामा रमाको पराहम्ले विवाह नगर्न उक्साइरहेको भए पनि देशविदेशका लोग्ने मानिससँग सम्पर्क बढाउने प्रयत्नबाट उसको इदम्को कामना प्रकट भएको देखिन्छ । यसपछि रमाले आफ्नै घरमा आइपुगेको बाबुको कारिन्दाको छोरो युवकसँग प्रेमसम्बन्ध गाढा बनाएकी भए पनि केही समयपछि बाबुआमाको भक्ति र मर्यादाको कुरा अघि सारेर युवकसँगको प्रेमबाट अलग्गिने उद्घोष गरेकी छ । इदम्को कामनाले युवकसँग नजिकिएकी भए पनि पराहम्को सङ्केतक बाबुआमाको आज्ञा नभएको भनेर उससँग टाढिएकी रमाको इदम् भने उसको यस कार्यबाट असन्तुष्ट बनेको छ । यसले गर्दा कथामा रमा अहम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेकी छ भन्ने स्पष्ट हुन्छ । यसरी रमाको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचको मनोद्वन्द्व सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(५) व्यर्थता

'व्यर्थता' कथाकी करुणा इदम् र पराहम्का बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ दुई वर्षको उमेरमै आमा गुमाएर टुहुरी भएकी कप्तान कृष्णबहादुरकी छोरीको भूमिकामा प्रारम्भमै आएकी छ । उसलाई बाबु र सौतेनी आमाले हुर्काएर ठूली बनाएका छन् । समयक्रमसँगै उसको विवाह पनि सम्पन्न भएको कथामा देखाइएको छ । विवाह भए पनि कप्तानले छोरी र ज्वाइँलाई आफ्नै घरमा बस्ने सबै प्रबन्ध मिलाएका छन् । यसले गर्दा विवाहपछि पनि करुणालाई जन्मघर छोड्नुपरेको छैन । कप्तानले आफ्नो सम्पत्तिको जिम्मा पनि छोरी ज्वाइँलाई सुम्पेकाले करुणालाई अपूर्णता भन्ने केही पनि देखिँदैन तर पनि उसको भित्री मनमा शून्यता लुकेको छ । उसमा देखिएको शून्यता उसको इदम्को कामजन्य एषणाले उचित तृप्ति नपाएर हो कि भन्ने देखिन्छ । यस सन्दर्भमा कथामा "आफ्नो कोठामा गएर करुणा ओछ्यानमा मुख छोपेर लडिन् । ज्वाइँ साहेब रेकर्ड बजाइरहेका थिए- 'प्रीतम प्रेमको माला ।' दोलाईंभित्र करुणाको आँसुका थोपा बगिरहेका थिए 'केही न केही-' का निम्ति !" (भिक्षु, २०५२, पृ. ५१) भनिएको छ । यस उद्धरणले करुणा पतिबाट सोचेजति सन्तुष्ट भएकी छैन भन्ने देखाएको छ । उसले आफ्ना पतिले आफूलाई माया गरून्, कामजन्य इच्छा तृप्ति गराउन मनग्य सक्रिय होऊन् भन्ने चाहेकी भए पनि पति भने रेकर्ड बजाएर त्यसैमा भुलेको देखिन्छ । यसले गर्दा करुणाको यौनकामनाले पतिबाट चाहेजति तृप्ति प्राप्त गर्न नसक्दा उसले शून्यता महसुस गरेकी छ र पतिले उसको इदम्ले चाहेको यौनतृप्ति नपुऱ्याउँदा ऊ निराश भएकी देखिन्छ ।

घरमै पति भएर पनि उपयुक्त यौनसुख प्राप्त गर्न नसकेकी करुणा अनेक श्रृङ्गार गरेर घरबाहिरको वातावरणमा निस्किएकी छ । यस सम्बन्धमा भिक्षु (२०५२) ले कथामा लेखेका छन् :

> अन्तमा दिनहरूको निरानन्दता सह्य नभएकोले– श्रृङ्गार-सज्जाहरू समातिइन थाले । करुणा अब पाउडर, सेन्ट, लाली, बनाउ-बुनाउको अति प्रचुरतासँग खेल्न थालिन् । आफूलाई राम्ररी सुसज्जित पारी अक्सर पशुपतिनाथको दर्शन गर्ने, सहरमा भएका देवीदेउताको पूजा गर्ने माध्यम लिई आफूलाई प्रदर्शित गर्न लागिन्- कसैले त हेरोस्, हेरिरहोस् । यो यौवन, यो रूप, यो सौन्दर्य, यो श्रृङ्गार प्रदर्शित भएरै अलि खिइऊन् । मान्छेहरू उनलाई हेर्दथे र सम्मानको प्रेरणाले आँखा तल गर्दथे । मनमनै करुणा रिसाइहाल्दथिन् । यहाँ पनि त्यही निःसारता, त्यही मिथ्यापन ! केको सम्मान ! कस्तो भय ? मान्छे विस्फारित नेत्रले टककटी लगाएर किन हेर्दैनन् ? (पृ. ५३)

उल्लिखित उद्धरणमा करुणा आफ्नै पतिबाट उचित यौनतृप्ति नपाएर इदम्का कामनालाई तृप्त पार्न विकल्पको खोजीमा बाहिरी वातावरणमा निस्किएकी देखाइएको छ । ऊ श्रृङ्गार-सज्जाबाट सजिएर पशुपतिनाथ र सहरका अरू देवीदेवताको पूजा गर्ने बहाना बनाएर डुल्न थालेकी छ । यसरी ऊ बाहिर डुल्न निस्कनुको मुख्य कारण देवीदेवताको दर्शनभन्दा पनि आफ्नो रूप, यौवन र सौन्दर्यको प्रदर्शन नै देखिन्छ । यसो गरेर उसले मान्छेहरू आफूलाई हेरेर मजा लिऊन् र आफूलाई पनि सन्तुष्टि प्राप्त होस् भन्ने चाहेकी छ तर मान्छेहरूले

उसलाई हेरे पनि सम्मानको प्रेरणाले आँखा तल गर्दा सोचेजस्तो सन्तुष्टि भने पाउन सकेकी छैन । यसले गर्दा उसको इदम्को चाहना बाहिरी घुमफिरबाट पनि कुण्ठित बन्न गएको स्पष्ट हुन्छ । श्रृङ्गारले सुसज्जित भएर मन्दिर र देवीदेवताको दर्शन र पूजा गर्न निस्किएकी करुणाले आफै सक्रिय भएर कुनै पुरुष मान्छेलाई आफ्नो नजिक आउन र रूप, यौवन र सौन्दर्यको आनन्द लिन आव्हान गर्न पनि सकेकी छैन । यसो गर्नबाट उसलाई आफ्नै पराहम्केन्द्रित नैतिकताले अवरोध पुऱ्याएको देखिन्छ । यसले गर्दा कथामा करुणाको अन्तर्मानसिकता इदम् र पराहम्का बिचको द्वन्द्वको चापमा परेको छ ।

करुणाकी सौतेनी आमाको भाइ दिदीलाई भेट्न आएको कथामा देखाइएको छ । कलकत्तामा बी.ए. पढ्दै गरेको नाताले मामा पर्ने युवकसँग बसेर सङ्गीत, वाद्य, फेसन आदिका विषयमा कुराकानी गर्दै जाँदा बढ्दै गएको घनिष्ठताले करुणालाई एउटा नयाँपनको अनुभव भएको देखिन्छ । यस सन्दर्भमा कथामा "गत दसबाह्र दिनमा मामासँग निकै कुराकानी भएर निकै सान्निध्य भइसकेको थियो । ... करुणा जम्मै फुर्सदको समय मामासँगै बिताउँदथिन् । र ती कुराहरूले अज्ञात भावको नारित्वको अन्तर्सत्यलाई कहाँसम्म तानिसकेको थियो यो कुरा तिनलाई थाहा पनि थिएन" (भिक्षु, २०५२, पृ. ५४) भनिएको छ । कथाको यस उद्धरणबाट करुणाको इदम्ले मामालाई उसका पतिबाट अतृप्त रहेको चाहना तृप्त पार्ने आधारका रूपमा ग्रहण गर्न चाहेको देखिन्छ । यसैले गर्दा ऊ पतिसँग बिताउनुपर्ने समय पनि मामासँग गफिएर बिताइरहेकी छ । उसको इदम्को चाहना यो हदसम्म पुग्न लागेको देखेपछि उसैको पराहम्केन्द्रित नैतिकताले दबाब सिर्जना गर्दा उसले एकाएक मामा तिमी अब पढ्न जान्नौ ? भनेकी छ । फेरि उसले "मामा अब तिमी जाऊ । आजपर्यन्त स्वागत सत्कारमा केही कमी भएको छैन, यो कुरामा म निर्विवाद भन्न सक्छु । तर आदरश्रद्धाको धेरै लोभ गर्नाले मनुष्यलाई सर्वनाशतिर धकिलिदिन्छ । यो कुरा मैले पनि राम्ररी थाहा पाइसकेँ" (भिक्षु, २०५२, पृ. २५) भनेकी छ । यस उद्धरणले करुणाको इदम्ले युवक मामा अझै त्यहीँ बसोस् भनिरहेको भए पनि उसको पराहम्ले भने नाताले मामा, घरमा पति भएकी स्त्रीको नैतिकता र आदर्श एवम् मर्यादा डुब्न सक्ने देखेर मामालाई छिटोभन्दा छिटो त्यहाँबाट लखेट्न चाहेको देखिन्छ । कथामा देखिएको यो परिस्थिति इदम् र पराहम्का बिचको द्वन्द्वात्मकताको परिणाम भएको स्पष्ट हुन्छ ।

करुणाको आशय बुझेर उसको मामा घर फर्किन लागेको देखिन्छ । यस सन्दर्भमा कथामा "अलि केही घण्टाअगाडि नै यस मनुष्यलाई आफ्नो सान्निध्यदेखि पर भगाइदिने यस्तो प्रबल आग्रहभित्र जाने बेलामा यतिको रुदन, यतिको आँसु किन ? हृदयले भन्यो- जम्मै व्यर्थ" (भिक्षु, २०५२, पृ. ५६) भनिएको छ । यस उद्धरणले करुणाको द्विविधामा परेको मानसिकतालाई देखाएको छ । केही समयअघि उसले मामालाई आफ्नो घरबाट छिटो भगाउन चाहेकी थिई । यसो गर्न उसको पराहम् नै सक्रिय भएर लागेको थियो । अहिले मामा उसको घरबाट निस्केर जान लागेको छ । पतिबाट पर्याप्त यौनसन्तुष्टि प्राप्त गर्न नसकेकी उसको इदम् भने मामा जान लाग्दा दुःखी भएको छ । त्यसैले करुणा आँसु झारेर रोएकी छ । उसलाई जम्मै कुरा व्यर्थ लागेको देखिन्छ । उसको पराहम्ले मामा चाँडो गएको देख्न चाहेको र इदम् भने ऊ जाँदा दुःखी र निराश बनेको देखिएकाले कथामा करुणाको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा द्वन्द्वको स्थिति सिर्जना भएको छ ।

'व्यर्थता' कथामा करुणाको इदम्ले घरमा पति हुँदाहुँदै पनि चाहेजस्तो यौनसन्तुष्टि प्राप्त गर्न सकेको छैन । त्यसैले उसले घरदेखि बाहिरको परिवेशमा आफ्नो यौवन र रूप प्रदर्शन गरेर अनि घरमै आएका युवक मामालाई आलम्बन बनाएर यौनसन्तुष्टि प्राप्त गर्ने प्रयास गरेकी छ । यसो भए पनि उसको पराहम्ले भने त्यस्तो प्रयासलाई नरुचाएर तिरस्कार गर्दै अवरोध सिर्जना गरेको छ । यसले गर्दा उसको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा मनोद्वन्द्वात्मक स्थिति बनेको छ । यसरी करुणाको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(६) स्वामी

'स्वामी' कथाकी कृष्णा इदम् र पराहम्का बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ केशवकी पत्नी भएर सुरुमै देखिएकी छ । केशवसँग विवाह भएपछि घरको सम्पन्नता र प्यारो पति पाएर ऊ निकै सन्तुष्ट भएकी छ । यसैबिच देहरादूनमा पढ्दै गरेको र गर्मीको तीन महिना छुट्टीमा नेपाल आएको आनन्द आफ्नो साथी केशवलाई भेट्न उसको घरमा आइपुगेको छ । पाहुना बनेर आएको साथीसँग शिष्टाचार र भलाकुसारी हुँदै गर्दा कृष्णा आनन्दका मृदु र सम्यत धीर कुराबाट आकर्षित भएकी छ । उसका कुराबाट उसले नवीन प्रकारको रसस्वाद प्राप्त गर्दै गरेकी देखिन्छ । आनन्द आउनुभन्दा पूर्व पतिबाहेक अर्को कोही पाऊँ भन्ने कल्पना पनि नगरेकी पतिभक्त आदर्शवादी कृष्णा आनन्दलाई देखेपछि उसप्रति लोभिएकी छ । यस सन्दर्भमा कथामा "किन्तु एकनासको त्यही सारहीन दाम्पत्य- न त जसमा बाधा आएको थियो न कुनै झगडा गरुङ्गोजस्तो हुनै लागेको अवस्थामा आयो आनन्द र आउँदा नआउँदै अलि केही बाधा, व्यतिक्रम र जिज्ञासासमेतको प्रादुर्भाव भइदिएको हुनाले त्यो कृष्णा एक नयाँ प्रकारको सुख पाउन लागी" (भिक्षु, २०५२, पृ. ६०) भनिएको छ । यस उद्धरणमा बाधारहित एकनासको दाम्पत्य जीवन सारहीन लाग्नै थालेको समयमा आइपुगेको आनन्दको व्यक्तित्वबाट कृष्णा आकर्षित भएकी देखाइएको छ । कृष्णाको इदम्ले पतिको विकल्पको रूपमा उसलाई ग्रहण गरेर एक प्रकारको नवीन सुख पाउन थालेको छ । यसबाट कृष्णाको इदम् आनन्दप्रति तानिएको देखिन्छ । यस्तो अवस्थामा उसको पराहम् एकाएक सतर्क भएर पति केशवतर्फ आकर्षित भएको छ । यस सन्दर्भमा कथामा "त्यसले आफ्नो पतिलाई फेरि नयाँझैं तुल्याएर द्विगुण प्यारले, द्विगुण-तिगुण आकर्षणले र अनेकौं दोब्बर मीठोपनाले स्वीकार गरी" (भिक्षु, २०५२, पृ. ६०) भनिएको छ । यस उद्धरणमा कृष्णा फेरि पतितर्फ नै मायालु बनेकी देखिएको छ । घरमा पाहुना बनेर आएको आनन्दप्रति आकर्षित भएको कृष्णाको इदम्को कामनालाई पराहम्ले स्त्रीको पतिव्रता चरित्र, विवाहित स्त्रीको आदर्श, मर्यादा र नैतिकतालाई मनमनै सम्झन लगाएर हुन सक्छ कृष्णाले आफ्नो पति केशवलाई झन् बढी माया गर्न अग्रसर भएकी छ । इदम् आनन्दतर्फ तानिने र पराहम्ले पति केशवलाई माया गर्न लगाएको देखिएबाट कृष्णाको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा द्वन्द्वात्मक स्थिति उत्पन्न भएको देखिन्छ ।

कृष्णाले पति केशवलाई माया र सम्मान गर्दै आनन्दलाई पनि सम्झिरहेकी छ । आफ्नै घरमा बस्दै आएको आनन्दप्रति ऊ सोचमग्न भएकी छ र उसलाई निद्रा लागेको छैन ।

दाम्पत्य जीवनमा के कुराले जहर हाल्दै छ भन्ने उसलाई लागेको छ । यस सन्दर्भमा कथामा "त्यहाँ पुजारी, दुब्लो, पवित्र, देशबाट आएको मानिस आउनजान थाल्यो । एउटा लामो सास छोडी त्यो त्यहाँबाट उठेर आफ्नो कोठाको ओछ्यानमा गएर लडी" (भिक्षु, २०५२, पृ. ६५) भनिएको छ । यस उद्धरणमा कृष्णाको इदम्ले आनन्दलाई छोड्न नचाहेको देखिन्छ । यसकै परिणामस्वरूप कृष्णा छटपटाएकी छ र उसलाई बेचैनी भएको छ । आनन्दका हरेक कुराबाट ऊ लोभिएकी छ । कृष्णाले पाहुना बनेर आएको आनन्दलाई महान् देख्न थालेकी छ । यस सन्दर्भमा उसले कथामा "उसको लेखाइ, उसको कुरा गर्ने शैली, भाषाको नियन्त्रण, आचारको संयतपना कुनै काममा अलिकति पनि विघ्नसम्म पर्दैन । के त्यो यत्तिको महान् छ, यतिको ठूलो छ अथवा यत्तिको ...?" (भिक्षु, २०५२, पृ. ६५) भनेकी छ । कथाको यस उद्धरणमा कृष्णाले आनन्दमा सर्वत्र भव्यता र महानता पाएकी देखाइएको छ । उसलाई आनन्दको लेखाइ, कुरा गर्ने शैली, बोल्ने तरिका, उसको आचरण, उसको संयम प्रकृतिको स्वभाव र व्यवहारका साथै कुनै पनि काम कत्ति पनि नबिगारिकन गर्ने तरिका सबै मन परेको छ । यसबाट उसको रुचि आफ्नो पतिभन्दा आनन्दलाई राम्रो देख्न प्रेरित भएको देखिन्छ । यसरी उसको मन आनन्दतर्फ लोभिएको देखिनु र आफ्नै पतिप्रतिको आकर्षण घटेको देखिनु इदम्को प्रभाव हो ।

कथामा कृष्णाको इदम् आनन्दतर्फ आकर्षित भइरहेको बेला एकाएक उसमा पराहम्को प्रभाव बढ्न थालेको छ । यसले गर्दा बिहानबिहानै आफ्ना पति केशवसँग उसले "हजुरले यो मेरो एउटा कुरा मानिबक्सेर, आफ्नो आनन्दलाई यहाँबाट बिदा गरिबक्सियोस्, यही कुरा भन्न आएकी हुँ" (भिक्षु, २०५२, पृ. ६६) भनेकी छ । यस उद्धरणमा कृष्णाले पतिसँग भनेर आनन्दलाई आफ्नो घरबाट पठाउन चाहेकी देखिएको छ । उसले भनेको यो कुरा उसैको पराहम्को आदेश हो भन्ने देखिन्छ । उसको पराहम्ले छिटोभन्दा छिटो आनन्दलाई टाढा पठाउन चाहेको छ । यस विषयमा उसका पतिले त्यति उत्सुकता नदेखाएपछि पतिको समेत सम्मति लिएर कृष्णाले आनन्दलाई "आनन्द दाइ तपाईं मेरो एउटा बिन्ती मान्नुहुन्छ भने, नेपालमा भएको यो घर तपाईंको वासस्थान होइन, यतिका दिनसम्म बस्नुभयो तर अब यहाँबाट आफ्नो घर जानुभए बेस !" (भिक्षु, २०५२, पृ. ६७) भनेकी छ । यस उद्धरणमा कृष्णाले आनन्दलाई दाइ भनेर सम्बोधन गर्दै आफ्नो घर छोड्न भनेकी देखिन्छ । उसको इदम्ले आनन्दलाई पतिको विकल्पको रूपमा प्राप्त गर्न चाहिरहेको देखेपछि प्रतिरोधमा उत्रिएको उसैको पराहम्ले आनन्दलाई दाइ भन्न लगाएको छ र तत्काल घर छोडेर जान आग्रह पनि गरेको छ । कृष्णाले अनुरोध गरेकै दिन आनन्दले उसको घर छोडेर निस्किएको कथामा देखिन्छ । आनन्द गएपछि कृष्णाले घरमा सुनोपना र कालो आवरण ढाकिएको अनुभूत गरेकी छ । उसले "प्रभु ! तिमीले दिन ल्याएको ग्रहण सकिनँ, कुन्नि आफ्नो पापले वा अर्कैको पापले; किन्तु भगवान्, अन्तर्यामी ! अब यो मैले सँभाल्नुपर्ने वस्तु पनि रहन गएन र फाल्ने सामर्थ्य पनि यस मुटुमा छैन" (भिक्षु, २०५२, पृ. ६८) भनेकी छ । यस उद्धरणमा कृष्णाले एकातिर आनन्दलाई आफ्नो घरमा राख्न नचाहेकी र अर्कोतिर फिर्ता पठाउँदा पनि पछुतो मानेकी देखिएको छ । उसको इदम्ले आनन्दलाई ग्रहण गर्नुपर्ने र सँभाल्नुपर्ने वस्तु मानेको छ । उसलाई आफ्नो घर छोडेर जान भनेकोमा कृष्णालाई पाप गरेको महसुस भएको देखिन्छ । त्यसैले त आनन्दलाई चटक्क बिर्सने सामर्थ्य आफूमा नभएको भन्दै उसले

भगवान्सँग रोइलो गरिरहेकी छ । यो उसको इदम्को कामनाको रूपमा कथामा प्रकट भएको छ । उसैको पराहम्ले भने आनन्दलाई सँभाल्न, ग्रहण गर्न र प्रेम गर्न तगारो हालेको छ । यसले गर्दा कथामा कृष्णाको अन्तर्मानसिकतामा अहम् र पराहम्का बिचमा द्वन्द्वात्मक स्थिति बनेको स्पष्ट हुन्छ ।

'स्वामी' कथामा कृष्णाको इदम्ले घरमा पति हुँदाहुँदै पतिभन्दा सबै कुराले राम्रो देखेर आफ्नै घरमा पाहुना बनेर आएको पतिको साथी आनन्दलाई चाहेको छ । फेरि उसैको पराहम्ले भने त्यस्तो प्रयासलाई अनुचित ठहऱ्याएर तिरस्कार गर्दै इदम्को कामनामाथि अवरोध सिर्जना गर्न अग्रसर भएको छ । यसले गर्दा कृष्णाको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा मनोद्वन्द्वको स्थिति बनेको स्पष्ट हुन्छ । यसरी कथामा कृष्णाको मानसिकतामा मनोद्वन्द्वको स्थिति सिर्जना गरेर इदम् र पराहम्का बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(७) तपस्या

'तपस्या' कथाकी भामा इदम् र पराहम्का बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ गुरूप्रसादकी बहिनी भएर देखिएकी छ । उसको बाह्र वर्ष उमेर हुँदा विवाह भएको र चौध वर्ष उमेर हुँदा नहुँदै ऊ विधवा भएकी छ । ऊ कथामा सत्र वर्ष लागिसकेकी यौवना पात्र हो । विधवा भएपछि भामा माइतीमा आश्रय लिएर दाइको संरक्षणमा बसिरहेकी छ । यसैबिच कलकत्तामा बस्दै आएको श्रीनाथ आफ्नो साथी गुरूप्रसादलाई भेट्न उसको घरमा आइपुगेको छ । हेर्दैमा आकर्षक, पढेलेखेको, तर्कबुद्धिले सम्पन्न दाइको साथीलाई आफ्नै घरमा नजिकै रहेर देख्न पाएकी भामाको इदम् भित्रभित्रै उसप्रति आकर्षित हुन थालेको देखिन्छ । यस सन्दर्भमा कथामा "यति टाढादेखि आएको, जानपहिचान हाता न नाता, त्यस्ताका प्रति रातिदन केही विचार गर्ने एउटा बानीजस्तै भइसकेको छ" (भिक्षु, २०५२, पृ. ६९) भनिएको छ । यस उद्धरणमा भामाले श्रीनाथलाई मन पराउन थालेकी देखिएको छ । विधवा भएपछिका तीन वर्ष अस्तित्वहीन रूपमा व्यतीत गरेकी भामाले गत केही दिनदेखि श्रीनाथको आगमनसँगै अलिकति सुखजस्तो महसुस गर्न थालेकी छ । उसले रातिदन उसकै बारेमा विचार गर्ने र मनमा अनेक कुरा खेलाउन थालेकी छ । टाढादेखि आएको र पहिले कहिल्यै नचिनेको भए पनि दाइको साथी भएकोले भामालाई श्रीनाथसँग चिनजान गर्न सजिलो भएको देखिन्छ । आफ्नै घरमा पाहुना भएर बसिरहेको श्रीनाथका बारेमा भामाले रातदिन अनेक कुरा मनमा खेलाइरहेकी र यस्तो गर्नु उसको बानीजस्तै भइसकेको देखिन्छ । यस तथ्यले उसको इदम् श्रीनाथप्रति आकर्षित हुँदै गएको देखापर्छ ।

कथामा भामाले श्रीनाथको प्रशंसा गर्न थालेकी छ । यस सन्दर्भमा उसले "श्रीनाथ बाबु पढेलेखेका छन् । उनको हृदयमा सद्भावना छ । फेरि उनी धेरै प्रकारसित सोच्न सक्छन् । उनका कुरा कस्ता दृढ तथा निश्चयसम्म पुगेका हुन्छन्" (भिक्षु, २०५२, पृ. ७२) भनेकी छ । यस उद्धरणले पनि भामाको रुचि श्रीनाथप्रति बढ्दै गएको देखाएको छ । पति मरेर वैधव्य जीवन बिताइरहेकी भामा पतिबिनाको जीवन शून्य र सारहीन ठानेर अस्तित्वहीन महसुस गरिरहेका बेला घरमा आइपुगेको दाइको साथी श्रीनाथको व्यक्तित्वबाट आकर्षित भएकी छ । पढेलेखेको, हृदयमा सद्भावना भएको र धेरै प्रकारसित सोच्न सक्ने क्षमता भएको व्यक्तिका

रूपमा भामाले श्रीनाथलाई बुझ्न थालेकी देखिन्छ । यसबाट भामाको इदम्ले श्रीनाथलाई हार्दिक रूपमा आत्मसात् गर्न चाहेको स्पष्ट हुन्छ । श्रीनाथको व्यक्तित्वबाट आकर्षित भएकी भामाले मनमनै सोचेको कुरालाई कथामा "जुन सुख मिलिरहेछ, कताबाट आयो त्यो सुख ? सुख हो ? हो त नि ! यस एक्लोमा पनि यस्तो भान हुन लागिरहेछ मानो कोही साथी सँगसँगै बसिरहेछ । कताबाट हो कुन्नि अलिकति तृप्ति पाइयो, केही अलिकति सन्तुष्टि पनि !" (भिक्षु, २०५२, पृ. ७२) भनिएको छ । यस उद्धरणबाट भामाले श्रीनाथलाई आफ्नो घरमा पाउँदा आनन्द मानिरहेकी देखिएको छ । यस्तो सुख र आनन्द कहाँबाट आयो भनेर ऊ आश्चर्यमा परेकी छ । एक्लो जीवन बिताइरहेकी उसलाई कोही साथी सँगसँगै बसिरहेको भान हुन थालेको छ । श्रीनाथसँग एउटै घरमा बस्न पाउँदा उसलाई तृप्ति र सन्तुष्टि प्राप्त हुँदै गएको छ । यसबाट उसको इदम्को आकाङ्क्षा श्रीनाथप्रति निकै आकर्षित भएको देख्न सकिन्छ । एकाएक फेरि ऊ सतर्क भएकी छ । यस सन्दर्भमा उसले "के म यत्तिकी परवश रहिछु, के म यस्तो बन्धनमा रहिछु ? अलिकति आत्मतोष पनि मेरा निमित्त अपराध बनेर तर्साउने हो क्यारे भन्नझैँ देखिन लागिरहेछ" (भिक्षु, २०५२, पृ. ७२) भनेकी छ । यस उद्धरणबाट भामा श्रीनाथसँग नजिक हुने कुरा सम्झिँदा पनि तर्सिएकी छ । वैधव्य जीवनको आदर्श, मर्यादा र नैतिकता उसका लागि बन्धनजस्तो लागेको छ । यसैले गर्दा उसले श्रीनाथसँग आफ्नो इदम्को कामनालाई दोहोरो कुराकानीमा सहभागी भएर खुलस्तसँग प्रस्तुत गर्न सकेकी छैन । यस्तो हुनुमा उसको इदम्को कामनाविरुद्ध पराहम्को अवरोध नै मुख्य कारण हो भन्ने देखिन्छ । यसले गर्दा कथामा भामा इदम् र पराहम्का बिचको मनोद्वन्द्वको चापमा परेकी देखिएको छ ।

कथामा एकतर्फी रूपमा श्रीनाथप्रति आकर्षित भएकी भामा र श्रीनाथका बिचमा एकदिन चिया खाँदै गर्दा कुराकानी भएको छ । त्यस सिलसिलामा उसले भामालाई "तिम्रो बिहा कुन सालमा भएको थियो रे ?" (भिक्षु, २०५२, पृ. ७४) सोधेको छ । यस उद्धरणमा श्रीनाथले भामासँग कुराकानीको प्रयास गरेको देखिएको छ । कुराकानी हुनु राम्रो पक्ष भए पनि भामा भने आफ्नो विवाहका बारेमा श्रीनाथले राखेको जिज्ञासाबाट दुःखी बनेर सोधाइको जवाफ नदिई एकाएक टोलाउन पुगेकी छ । उसको मनमा दुःख लागेको बुझेर श्रीनाथले क्षमा माग्दा पनि ऊ सन्तुष्ट हुन सकेकी देखिँदैन । बरु श्रीनाथको कुराबाट भामाले बिर्सिसकेको वैधव्यलाई सम्झिन पुगेकी छ । यस सन्दर्भमा उसले "वैधव्य मेरो कष्ट होइन, मेरो साधना हो । यसैमा मेरा निमित्त कुनै शाश्वत् वरदान निहित छ । मलाई यसका निमित्त कुनै दुःख छैन" (भिक्षु, २०५२, पृ. ७५) भनेकी छ । यस उद्धरणमा भामाको मानसिकतामा एकाएक बिर्सिसकेको वैधव्यको साधना जागरित भएको देखाइएको छ । उसले आफ्ना लागि वैधव्य साधना भएको उद्घोष गरेकी छ । उसको अभिव्यक्तिमा आएको साधनाले अनुशासन, कर्तव्य, तपस्या, नैतिकता र आदर्शसमेतलाई सङ्केत गरेको छ । भामाको अन्तर्मानसिकतामा इदम् जागरित भई श्रीनाथप्रति आकर्षित भएकै समयमा श्रीनाथकै प्रश्नबाट एकाएक भामाको वैधव्यको साधना र अनुशासन क्रियाशील भएर यसैलाई शाश्वत् वरदान ठान्दै पराहम्को रूपमा व्यक्त भएको छ । यसको परिणामस्वरूप भामाको इदम्को आकाङ्क्षामाथि अङ्कुश लाग्न गएको देखिन्छ । कथामा श्रीनाथ बिदा भएर जाँदै गर्दा भामाले "श्रीनाथ बाबु विधाताले वैधव्य दिएका थिए र तपाईंले सहृदय सान्त्वना दिनुभयो, यस लोकमा जर्जर हृदय भएकी अवला भामाका

निम्ति दुवै कस्ता ठूला साधना हुन्, कसरी भनूँ ? तर अब आशीर्वाद दिनुहोस् यो निरीह भामा यी दुवै तपस्यामा उत्तीर्ण होओस्, हुन्छ त जानुहोस् !" (भिक्षु, २०५२, पृ. ८१) भनेकी छ । यस उद्धरणले भामाको पराहम्को तागतलाई प्रोत्साहन गरेको देखिन्छ । श्रीनाथ जान लाग्दा उससँगको बिदाइका क्रममा भामाले आफूले प्राप्त गरेको वैधव्यलाई आफ्नो जीवनको तपस्या बताएकी छ । उसले श्रीनाथसँग इदम्को कामनाबाट पछि हटेर बरु आफूलाई उक्त तपस्यामा उत्तीर्ण होओस् भनी आशीर्वाद दिन अनुरोध गरेकी छ । इदम्बाट श्रीनाथप्रति आकर्षित भएकी भामा पराहम्बद्ध साधनाबाट वशीभूत भएर श्रीनाथलाई हुन्छ त जानुहोस् भन्दै बिदा गरेकी छ । भामाको इदम्ले श्रीनाथलाई त्यहीँ बसोस् भन्ने चाहेको भए पनि पराहम्ले जान आदेश दिएकोबाट भामाका अन्तार्मानसिकतामा इदम् र पराहम्का बिचको द्वन्द्वात्मक स्थिति प्रबल बन्न गएको स्पष्ट देखिन्छ ।

'तपस्या' कथामा भामाको इदम्ले वैधव्यप्राप्तिपछि कुण्ठित हुन पुगेको क्षतिलाई पुनः प्राप्त गर्ने आधारको रूपमा श्रीनाथलाई आत्मसात् गर्न खोजिरहेकोमा पराहम् अग्रसर भएर इदम्को कामनामाथि अवरोध सिर्जना गरेको छ । भामाको इदम्ले श्रीनाथलाई नजिक चाहने र पराहम्ले जान आदेश दिएको देखिएबाट भामाको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिच मनोद्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी भामालाई इदम् र पराहम्का बिचको मनोद्वन्द्वको चापमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(८) मैयाँसाहेब

'मैयाँसाहेब' कथाका मैयाँ र अजय इदम् र पराहम्का बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । यी दुई पात्रका बिचमा घनिष्ठ आत्मीयता बढ्दै गएको देखिन्छ । यस सन्दर्भमा कथामा "बाहिरबाट आउन लागेको अजयको नजिक उनको साइकल ढलमलाएर लड्न लाग्दा अजयले उनीलाई अँगालो हाली समात्यो, लड्न दिएन । त्यसै बखत कुन्नि के भएर सहानुभूति, प्रसन्नता र मैयाँलाई बचाउने अचेत पौरुषको गर्वमा अनयास नै उसले मैयाँको म्वाइँ खायो" (भिक्षु, २०६३, पृ. २) भनिएको छ । यस उद्धरणमा अजय मैयाँसँग इदम्को कामनाले प्रेरित भएको देखिन्छ । कथाको प्रारम्भमै अजयले साइकल सिक्दै गरेकी मैयाँलाई साइकल ढलमलाएर लड्न लाग्दा देखेर लड्नबाट जोगाउने बहानामा अँगालो नै हालेको र म्वाइँ पनि खाएको देखिएको छ । अजय र मैयाँको आत्मीय प्रेम गाढा हुँदै गएको सन्दर्भमा कथामा "सिँढीको मध्यमा उभिएर अजयले अनयासै मैयाँको च्यूँडो समाती अलिक उचालेर हेर्न लाग्यो । उसको नसानसामा लोभ उम्ल्यो... मैयाँसाहेबले कुनै प्रतिरोध गरिनन्, हतपताउन पनि हतपताइनन्, ठिङ्ग उभिइ नै रहिन्" (भिक्षु, २०६३, पृ. २-३) भनिएको छ । यस उद्धरणमा प्रस्तुत घटनामा अजयले मैयाँलाई घरको सिँडीमा एकाएक भेट्दा मैयाँको च्यूँडो समाएर अलिक उचालेर हेरेको छ । मैयाँ त्यसमा कुनै प्रतिरोध नगरी नहतपताई ठिङ्ग उभिइनै रहेकी छ । यसबाट समवयका दुई युवायुवतीको इदम्को कामनाले ती दुईलाई एकापसमा भावुक बनाएको अनि इदम्मा गुम्फित रहेको यौनकामनाले दुवै जागरुक हुन गएका देखिन्छन् ।

कथाका प्रमुख दुई पात्रमध्ये मैयाँ घरानियाँ राणाकी छोरी र अजय उसकै दरबारमा काम गर्ने सामान्य कर्मचारीको छोरो भएर देखिएका छन् । यही कारणले गर्दा इदम्को कामनाले यी दुई एकअर्काप्रति आकर्षित भए पनि मानिसलाई नैतिक, सामाजिक संस्कारजन्य परम्परित आदर्श र आचरणभित्र रहन अभिप्रेरित गर्ने अनि व्यक्तित्वको निर्धारक मानिने मैयाँको पराहम्ले भने अजयसँग आत्मीय रूपमा निकट हुँदै गरेको प्रेमसम्बन्धलाई रुचाएको छैन । यसैले गर्दा हुन सक्छ मैयाँ बिरामी भएकी भन्ने थाहा पाएर उसलाई भेट्न ऊ बसेको कोठामा पुगेको अजयले बोलेका वाक्य र तिनमा प्रयोग भएका शब्दमा पनि मैयाँले असन्तुष्टि जनाएकी छ । यस सन्दर्भमा कथामा मैयाँ र अजयका बिचमा भएको संवादलाई भिक्षु (२०६३) ले यसरी प्रस्तुत गरेका छन् :

> कोही थिएन; मैयाँसाहेबलाई सन्चो छैन भन्ने सुनेर उनको कोठामा त्यो पुग्यो । बसेर सोध्यो- "यहाँलाई सञ्चो छैन ? के भयो ?" क्लान्त आँखाले अजयतिर हेर्दै अलि खिन्नतासाथ हाँसेर मैयाँसाहेबले भनिन्- "अजय, यसरी सोध्न सुहाउँदैन, दरबारको यति आवतजावत भएर कुरा गर्ने ढङ्ग थाहा पाउनै पर्ने थियो । सोध न- हजुरलाई आराम छैन कि ?" ... अजयले भन्यो- "मलाई माफ गर्नुहोस्, हजुरसँग धेरै हेलमेल भएर दरबारी काइदामा चुकेँ । तर ... ।" "तर फेरि पनि त त्यस्तै बिर्स्यौ"- कुरा काट्दै मैयाँसाहेबले भनिन्- मलाई माफ गरिदिबक्सियोस् भन्नु पर्दैनथ्यो ?" र यति भनेर मैयाँ अलिक हाँसिन् । (पृ. ३)

उल्लिखित उद्धरणमा मैयाँप्रतिको प्रेमसम्बन्धबाट तानिएर अजय उसलाई भेट्न गएको देखाइएको छ । मैयाँका कोठामा पुगेर उसले मैयाँलाई के भयो भन्दै सन्चो भएन कि भनेर सोधेकोमा उसको यस्तो सोधाइलाई मैयाँले भने दरबारिया काइदा र मर्यादाविपरीत ठानेकी देखिन्छ । अजयको सोधाइबाट खिन्न भएर उसले दरबारको काइदाअनुसार यसरी सोध्न सुहाउँदैन भन्दै यत्रो आवतजावत भएर कुरा गर्ने ढङ्ग थाहा पाउनै पर्ने थियो भनेर बोल्ने ढङ्ग पनि सम्झाएकी छ । मैयाँको कुरा सुनेपछि अजयले धेरै हेलमेल भएर दरबारी काइदामा चुकेँ भन्दै माफी मागेकोमा त्यसमा पनि मैयाँले खोट देखाएकी छ । यस तथ्यबाट इदम्को आशक्तिका प्रभावले गर्दा मैयाँ र अजय एकापसमा नजिकिएका भए पनि मैयाँको पराहम्ले भने ती दुईको निकटतालाई नचाहेको स्पष्ट हुन्छ । त्यस्तै अजयले पनि इदम्को कामनाबाट प्रेरित भएर मैयाँलाई समकक्षी ठानी आत्मीयता दर्साउन प्रयोग गरेको भाषिक प्रस्तुतिबाट दरबारी काइदामा चुकेको स्वीकार गर्दै माफी मागेबाट उसको इदम्का विरुद्ध पराहम् क्रियाशील देखिएको छ । यसले गर्दा मैयाँ र अजय दुवै पात्र इदम्ले चाहने र पराहम्ले नचाहने मनोद्वन्द्वात्मक स्थितिमा देखिएका छन् ।

कथाको अर्को घटनामा मैयाँ र अजय भेट भएका देखाइएको छ । उक्त भेटमा मैयाँले अजयलाई "अजय, म तिमीलाई माया गरेको अस्वीकार गरेर आज दोस्रो भूल गर्न चाहदिनँ; माया गरेकी छु; गरिनै रहनेछु तर यो हो भूल नै !" (भिक्षु, २०६३, पृ. ४) भनेकी छ । यस उद्धरणले मैयाँ अजयलाई माया गर्ने र नगर्ने विषयमा द्विविधामा परेकी देखाएको छ । उसको इदम् अजयलाई पाउन लोभिएकोले उसले अजयलाई माया गरेको अस्वीकार गर्न चाहन्न ।

फेरि दरबारिया संस्कार, नैतिकता र आदर्शको प्रतिनिधित्व गर्ने पराहम्ले भने आफ्नै दरबारमा काम गर्ने सामान्य कर्मचारीको छोरासँग उसले गर्दै गरेको मायालाई भूल ठानेको छ र त्यस्तो माया नगर्न निर्देश गरेको देखिएको छ । मैयाँको इदम्ले अजयलाई माया गर्न चाहेको तर पराहम्ले भने अजयसँग मायामा बाँधिनु हुँदैन भन्ने सम्झाएको देखिएबाट ऊ इदम् र पराहम्का बिचको द्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ । समयक्रमसँगै अजयको बिहे उसको कुलपरम्परानुसार सम्पन्न भएको छ । उसले माया भने आफ्नी दुलहीलाई नगरेर मैयाँलाई गरिरहेको कथामा देखाइएको छ । मैयाँको पनि रक्तपरम्परानुकूल श्रेणीका प्रौढ राणाज्यूसँग बिहे भएको छ । उसले आफ्ना श्रीमान्लाई गर्ने मायाका बारेमा केही नखुलाएकी भए पनि अजयलाई भने बिहेपश्चात् पनि उत्तिकै माया गर्ने गरेकी कुरा सुनाउँदै कथामा "तिमी स्वयंभित्र जति छौ, जहाँ छौ, त्यस स्थानमा मेरो आस्था छैन, तर 'माया' ... त्यो मेरो मुटुको उब्जा हो, मेरो प्रेय हो; त्यसलाई आदर नगरी म रहनै सकिनँ; म तिमीलाई माया गर्छु, प्यार गर्छु साथै त्यसकै माध्यमले तिम्रो पनि आदर गर्छु" (भिक्षु, २०६३, पृ. ७) भनेकी छ । यस उद्धरणमा मैयाँले अजयलाई माया नगरी रहनै नसक्ने भनेकी छ । उसले अजयलाई गर्ने मायालाई मुटुको उब्जा, आफ्नो प्रेय वस्तु ठानेकी छ । माया गर्ने भएकोले अजयलाई आदर गर्छु पनि भनेकी छ । उसले अजयलाई गर्ने माया इदम्को कामनाका रूपमा व्यक्त भएको देखिन्छ । अर्कोतर्फ मैयाँले अजयको स्थिति, उसको कुलपरम्परा आदिप्रति भने कुनै आस्था नभएको सङ्केत गरेकी छ । यो उसको पराहम्को अभिव्यक्ति हो । इदम्को चाहनाले माया गर्ने र पराहम्को दबाबमा परेर अजयको स्थिति र कुलपरम्पराप्रति आस्था नदेखाउने मैयाँको मनोदशा इदम् र पराहम्बिचको द्वन्द्वका चापमा परेको देखिन्छ ।

कथामा २००७ सालको क्रान्तिपछि राणाहरूको स्थिति ओरालो लागेको देखाइएको छ । मैयाँको घरको आर्थिक स्थिति पनि बिग्रँदै गएको छ । ऊ र उसका श्रीमान् भएको सबै चलअचल सम्पत्ति बेचेर बिदेसिने तरखरमा देखिन्छन् । यस्तो अवस्थामा अजय मैयाँसाहेबलाई भेट्न उसको घरमा गएको कथामा देखाइएको छ । त्यही क्रममा दुवै पात्रले एकअर्कालाई माया गरिनै रहने भनेका छन् । यस सन्दर्भमा कथामा "दु:ख लिनु र उद्विग्न हुनु पर्दैन, अजय । यति मात्र भन; के तिमीले माया गरेका थियौ ?" ... "माया गरेको थिएँ भन्नु पर्दैन; के त्यही लिएर अझसम्म सम्पूर्णत: व्यर्थ नै हुन गएको; जन्म लिनु नै असफल हुन गएको होइन र !" (भिक्षु, २०६३, पृ. १०) भनिएको छ । यस उद्धरणले मैयाँ र अजय दुवै पात्रले एकअर्कालाई औंधी माया गर्छन् भन्ने देखाएको छ । मैयाँले आफूले अजयलाई भित्रैदेखि माया गरिरहेकी भए पनि उसले आफूलाई त्यही किसिमले माया गर्छ कि गर्दैन भनेर परीक्षण गर्न खोजेकी छ । मैयाँको जिज्ञासामा अजयले आफूले पनि उसलाई निकै माया गर्ने दर्साएको छ । उसले मैयाँको मायालाई आत्मसात् गरेर बाँचिरहेको भने पनि भनेजस्तो गरी उसलाई पाउन नसक्दा सबै कुरा व्यर्थ हुन गएको र आफ्नो जन्म नै असफल भएको भनेको छ । अजयको कुरा सुनेपछि मैयाँले त्यसो भए मलाई किन पाएनौ; किन प्राप्त गरेनौ ? भनेकी छ । आफूलाई अधिकारपूर्वक बल गरी खोसेर लिनुपर्नेमा कायर भएर लिन नसकेको आरोप पनि मैयाँले अजयलाई लगाएकी छ । यी कथात्मक सन्दर्भहरूलाई मनन गर्दा उनीहरू दुवैको इदम्को कामनाले एकअर्कालाई चाहेको तर कुलपरम्पराको आदर्श, वर्गीय र जातीय नैतिकताको प्रतिनिधित्व गर्ने पराहम्को अवरोधले गर्दा चाहेर पनि दुवैले एकअर्कालाई अँगाल्न नसकेका

हुन् भन्ने देखिएको छ। यसप्रकार मैयाँ र अजय दुवै पात्र इदम् र पराहम्का बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

'मैयाँसाहेब' कथाका मैयाँ र अजय दुवै पात्र परस्परको प्रेमसम्बन्धले गर्दा इदम्को कामना जागरित भएर एकले अर्कालाई माया गर्ने गरेका देखिए पनि पराहम्जन्य कुलपरम्पराको आदर्श र मर्यादाले गर्दा सिर्जना भएको परिस्थितिको कारण सँगै विवाह गर्न सकेका छैनन् । आआफ्नो किसिमले छुट्टाछुट्टै विवाह गरेका भए पनि एकले अर्कालाई चटक्क माया मार्न पनि सकेका छैनन्। इदम्ले माया गर्न अग्रसर गराउने र पराहम्ले भने कुलपरम्परा, वर्ग, जात, विवाहित नारी पुरुषका धर्म र कर्तव्य आदिको स्मरण गराएर इदम्को कामनामाथि अवरोध पुऱ्याउने गरेकाले दुवै पात्र इदम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेको देखिएका छन्। यसरी मैयाँ र अजयलाई इदम् र पराहम्का बिचको मनोद्वन्द्वको चापमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(९) टाइपिस्ट

'टाइपिस्ट' कथाका शान्ति र मीना इदम् र पराहम्का बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । यी दुई पात्र भेट र चिनजान भएको लगत्तैदेखि पुरुषलाई आलम्बन बनाएर प्रेम र मोजका कुरा गरी आनन्दित हुन चाहने स्वभावका देखिएका छन् । दुवै एउटै कार्यालयमा टाइपिस्ट पदमा सरकारी सेवामा कार्यरत देखिन्छन् । दिउँसोको दुई-तीन बजेतिर कार्यालय परिसरभित्रको होटेलमा चिया खान आउने यिनीहरूको समयतालिका नै बनेको छ । कथामा शान्ति विवाहित भए पनि उसका सन्तान भई नसकेका देखाइएको छ। घरको व्यावहारिक परिस्थितिले गर्दा खुम्चिएर सुख सिद्धान्तजन्य इदम्का कामना दबाएर बस्न परिरहेकी शान्तिको चाहना घुम्ने, रमाउने, सिनेमा हेर्ने र पतिको मीठो माया पाउने रहेको देखिए पनि उसले पतिबाट यी सबै कुरामा सन्तुष्टि पाउन सकेकी छैन। त्यसैले उसको इदम्ले धनी र खाइलाग्दो युवकको कामना गरेको देखिन्छ। यसैबिच गफगाफको सिलसिलामा मीनाले शान्तिलाई तिमीलाई कुनै धनी मानिसले माया गर्न थालेको छ र उसले सिनेमा हेर्न जान निम्त्यायो भने के गर्छौ भन्ने प्रश्न गरेकी छ । मीनाको यस भनाइ र विचारबाट शान्ति लोभिएकी भए पनि बाह्य रूपमा भने उसको विचारलाई नकारेकी छ। शान्तिले "धत्, यस्तो पनि हुन्छ ? किन कसैसित सिनेमा जाने ? जानै परे तिमी साथी छ्यौ, सँगै जाऔंला नि ... ?" (भिक्षु, २०६३, पृ. १४) भनेकी छ । यस उद्धरणबाट शान्ति पतिबाहेक अन्य पुरुषसँग सिनेमा हेर्न जाने कुरामा असहमत देखिएकी छ। उसले मीनालाई सिनेमा जानै परे पनि तिमी साथी छौ; सँगै जाऔंला नि भनेकी छ। यस भनाइबाट ऊ नैतिक, सामाजिक संस्कारजन्य परम्परित आदर्श र आचरणभित्र रहन प्रेरित गर्ने व्यक्तित्वको निर्धारक पराहम्को प्रभावमा परेकी देखिएको छ। इदम्ले अपेक्षा गरेको कुरा पराहम्ले नकार्दा शान्तिको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिच द्वन्द्वात्मक स्थिति देखिएको पाइन्छ ।

कथाकी पात्र मीना अविवाहित युवती भएकीले प्रेम र मोजका कुरा गर्न ऊ नै बढी अग्रसर हुने गरेकी छ । होटेलमा बसेर चिया खाँदै गर्दा मीनाले "लौ, कल्पना गर कि तिम्रो बिहा भएको छैन । केटाकेटी भएकै छैनन् ... उसले तिमीलाई सिनेमा जान निम्त्यायो भने तिमी के गछ्यौं ? भन त ...!" (भिक्षु, २०६३, पृ. १४) भनेकी छ । यस उद्धरणबाट मीना

युवक पुरुषका साथमा सिनेमा हेर्ने र रमाउने कुरामा उत्सुक देखिएकी छ । तैपनि उसले आफ्नो इच्छा आफैलाई आरोपित गरेर नभनी पुरुषको कल्पना गरेर उक्त पुरुषले शान्तिलाई भनेको रूपमा व्यक्त गरेकी छ । सतहमा हेर्दा उसको भनाइको अभिप्राय शान्तितर्फ लक्षित देखिन्छ तर गहिरिएर हेर्दा उसको भनाइ आफ्नै इदम्को कामनाबाट प्रेरित भएको स्पष्ट हुन्छ । तत्कालीन समयका युवतीहरू सामाजिक नैतिकता, आदर्श, मर्यादा, सामाजिक मूल्य आदिका चापमा परेर युवक पुरुषका अगाडि यस्तो विचार व्यक्त गर्ने परिस्थिति देखिँदैन तर शान्तिसँग भने उसले इदम्का चाहनाहरू खुलेर व्यक्त गरेकी छ । यहाँनेर इदम्ले चाहेका कुरा पराहम् प्रभावी भएर पुरुषसँग व्यक्त गर्न नसक्ने परिस्थितिले गर्दा मीनाको अन्तर्मानसिकतामा पनि इदम् र पराहम्का बिचको द्वन्द्वात्मक स्थिति देखिएको पाइन्छ ।

कथामा एकदिन शान्ति र मीना कार्यालयनजिकको होटेलमा चिया खाइरहेका देखिन्छन् । त्यही समयमा एउटा युवक कर्मचारी पनि त्यसै होटेलमा चिया खान आइपुगेको छ । अब ती दुई युवतीको प्रेमप्रसङ्गको आलम्बन पनि युवक कर्मचारी नै बन्न पुगेको छ । यस सन्दर्भमा कथामा मीनाले "हामीलाई सम्झँदै उसले हामीमा तुलना गर्छ- हामी दुवैमा को राम्री ? बिहा भइसके पनि राम्री तैँ छेस् ! ..." (भिक्षु, २०६३, पृ. १६) भनेकी छ । यस उद्धरणबाट मीना युवक कर्मचारीप्रति आकर्षित भएकी देखिएको छ । अविवाहित मीनाले हामीले हाँसेका कुरा उसले सम्झिरहन्छ भनेकी छ । उसले हामी दुईमा कुन राम्री भनेर तुलना गर्ने र अन्तमा तँलाई नै राम्री मान्ने पनि भनेकी छ । कथामा मीनाले व्यक्त गरेको यस भनाइबाट ऊ शान्तिलाई सुनाएर स्वयम् आफू नै त्यस युवक कर्मचारीसँग लोभिएको सङ्केत गरेकी छ । उसको इदम्को चाहनाले चिया खान होटेलमा आएको युवकलाई चाहेको भए पनि तत्कालीन समयका नारीको नैतिकता र आदर्शको प्रतिनिधित्व गर्ने पराहम्को अवरोधका कारण उसले आफ्नो इदम्को चाहना युवकसँग व्यक्त गर्न भने सकेकी छैन । यसबाट मीनाको मनोदशा इदम् र पराहम्का बिचको द्वन्द्वका चापमा परेको देखिन्छ ।

कथाकी अर्की पात्र शान्ति पनि होटेलमा चिया खान आएको युवकलाई देखेपछि आकर्षित भएकी छ । यस सन्दर्भमा कथामा "उसले मलाई माया गर्न खोज्छ होला त ? तर मनमा नै उठे पनि उसलाई लाज लाग्यो । ... उसले फेरि बल लगाएर बिर्सन खोजी; ... " (भिक्षु, २०६३, पृ. १७) भनिएको छ । यस उद्धरणमा शान्ति पनि युवक कर्मचारीबाट लोभिएकी देखिन्छ । उसले आफूलाई माया गर्ने नगर्ने बारेमा शान्तिले मनमा कुरा खेलाउन थालेकी छ । फेरि यस्तो कुरा सोच्दा पनि उसलाई लाज लागेको छ । यस्तो कुरा मनमा नआओस् भनेर बल गरे पनि यही कुरा उसको मनमा नाचिरेहको देखिन्छ । शान्तिको मनमा उब्जेको यस्तो विचारलाई हेर्दा उसको इदम् ठाँटिलो र खाइलाग्दो युवक कर्मचारीप्रति आकर्षित भएको देखिन्छ तर घरमा उसको पति छ । सामाजिक मूल्यमान्यता, आदर्श, नैतिकतालाई आत्मसात् गर्ने पराहम्ले भने यसलाई रुचाउने कुरै भएन । यसैले गर्दा यस्तो कुरा सम्झँदा मात्र पनि शान्तिलाई लाज लागेको देखिन्छ । पराहम्को चापमा परेर युवकलाई माया गर्ने कुरामा उसलाई लाज लागेको भए पनि इदम्को कामनाले प्रेरित भएकी हुँदा बल गरेर बिर्सन खोज्दा पनि उसलाई बिर्सन सकेकी छैन । यस्तो मानसिक परिस्थितिले गर्दा ऊ इदम् र पराहम्का बिचको द्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ ।

कथामा अर्को दिन पनि शान्ति र मीना त्यही होटेलमा चिया खान आइपुगेका छन् । युवक कर्मचारी पनि त्यही होटलमा बसेर चिया खाइरहेको देखिन्छ । त्यति नै बेला युवक कर्मचारीकी श्रीमती उसलाई खोज्दै होटेलमा आएकी छ । आफूलाई खोज्दै आएकी श्रीमतीसँग उसले शान्ति र मीनाका विषयमा नराम्रो टिप्पणी गरेको छ । यस सन्दर्भमा कथामा "छि : चुप लाग न, यी टाइपिस्ट पो त ... यिनीहरूको खाल नै यस्तै हुन्छ ... । तुरुन्तै उठेर उसले भनी- उठ् मीना जाऔं" (भिक्षु, २०६३, पृ. २१) भनिएको छ । यस उद्धरणमा युवक कर्मचारीले आफ्नी श्रीमतीसँग शान्ति र मीनालाई नराम्रो आचरणका भनेर देखाउन खोजेको छ । आफूप्रति लक्षित उसको कुरा सुनेपछि शान्ति र मीनाको युवकप्रति आकर्षित भएको इदम्को चाहनामा धक्का लागेको छ । त्यसपछि शान्तिले तुरुन्तै उठेर उठ् मीना, जाऔं भनेकी र दुवै जना त्यस होटेलबाट उठेर गएका देखिन्छन् । उनीहरू त्यसरी गएबाट शान्ति र मीनाको पराहम्ले विजय प्राप्त गरेको छ भने युवकप्रति आकर्षित भएको इदम्को कामना पराजित भएर मनोद्वन्द्वको स्थिति बन्न गएको छ । यी विविध घटनासन्दर्भबाट कथामा शान्ति र मीना दुवै पात्र इदम् र पराहम्का बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

'टाइपिस्ट' कथाकी शान्ति घरमा पति भएर पनि उमेरको चाहनाअनुसार रमाउन नपाएर युवक कर्मचारीसँग आकर्षित भएकी छ । यसो भए पनि ऊ विवाहित भएकीले पतिव्रता धर्मको मर्यादाको दबाबमा परेकी देखिन्छ । अर्की पात्र मीना अविवाहित कुमारी भएकीले पुरुषको कल्पना गरेर रमाउन चाहेकी र युवक कर्मचारीसँग लोभिएकी भए पनि तत्कालीन समयका नारीको सामाजिक आदर्श र नैतिकताको दबाबले गर्दा खुल्न सकेकी छैन । यसले गर्दा दुवै पात्र इदम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेका देखिन्छन् । यसरी शान्ति र मीनालाई इदम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ ।

(१०) अब म त्यस पसलमा सिगरेट किन्दिनँ

'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथाको म पात्र इदम् र पराहम्का बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय रहेको छ । ऊ आफू बस्ने डिल्ली बजारबाट कामको सिलसिलामा पाटन जानेआउने गर्दा बागमती पुलवारिको एउटा पसलमा सिगरेट किनेर खाने गरेको छ । त्यस पसलको नजिकमा सिगरेट पाइने अरू पसल हुँदाहुँदै पनि तरुणी युवतीले सञ्चालन गरेको त्यही पसल उसको रोजाइमा परेको देखिन्छ । उसलाई पसल्नी युवती राम्री लागेकी छ । यस सन्दर्भमा म पात्रले "त्यसै दिन मात्र सम्झैं कि केटी साँच्चीकै राम्री छ । लगभग सत्रअठार वर्षको बैंसमा नैनसुत कपडाझैं उराठिलो सेतो गोरो त होइन, तर, तर खुब सफा रङ्गमा आङभरि रगतैरगत छचल्किन लागेको !" (भिक्षु, २०६३, पृ. २४) भनेको छ । यस उद्धरणमा म पात्र पसल्नी युवतीको रूपसौन्दर्यबाट लोभिएको देखाइएको छ । उसले युवतीको उमेर, बैंस, शरीरको रङ आदिको खुलेर वर्णन गरेको छ । बागमती पुलवारिको नजिकमा अरू पसल हुँदाहुँदै पनि म पात्र बैंसालु युवतीको रूपलावण्यबाट आकर्षित भएर उसको पसलमा सिगरेट किन्न जाने गरेको छ । यसबाट उसको इदम् युवतीतर्फ आकर्षित भएको देखिन आउँछ ।

कथामा तरुणी युवतीको त्यो पसलमा टोलछिमेकका युवक र ड्यूटीमा रहेका सिपाहीसमेत आएर झुल्ने गरेका देखिन्छन् । यस सन्दर्भमा म पात्रले "आँखाले यो पनि देखेँ कि टोलछिमेकका केही युवकहरू, पुलको ड्युटीमा रहने सिपाही, लगभग दिनभरि नै आलोपालोजस्तै क्रममा त्यस पसलवरिपरि पेटीमा, बाटोमा लहसिरहन्थे र ग्राहकहरू नभएका खाली समयमा हाँसख्याल पनि चल्दै रहन्थ्यो" (भिक्षु, २०६३, पृ. २४) भनेको छ । यस उद्धरणले युवती हेर्दामा राम्री भए पनि उसको आचरण राम्रो छैन भन्ने देखाएको छ । उसको पसलमा झुल्ने मानिसहरू र आफ्नो आदर्श र मर्यादा अनुकूल नभएकाले म पात्र इदम्को कामनाले युवतीप्रति आकर्षित भएको भए पनि उसैको परामहम्ले भने अस्वीकार गरेको छ । अर्कोतर्फ युवती पढेलेखेकी पनि छैन । यो कुरा म पात्र सिगरेट किन्न जाँदा एउटा पत्रिकाको पाना पल्टाउँदै गरेकी युवतीलाई उसले सोद्धा युवतीले दिएको उत्तरबाट थाहा हुन्छ । यस सन्दर्भमा कथामा "पढेकी छ्यौ ? लाज मान्दै टाउको निउराई भनी- पढेकी छैन, कहाँ पढ्नु, यो तस्बिरहरू पो हेर्न लागेकी" (भिक्षु, २०६३, पृ. २५) भनिएको छ । यस उद्धरणबाट पसल्नी युवती पढेलेखेकी छैन भन्ने देखिएको छ । उसले हातमा पत्रिका समातेर हेरेकी भए पनि पढ्न नजान्ने भएकीले तस्बिर मात्र हेरेको भनेकी छ । युवतीको यस्तो निरक्षर अवस्था थाहा पाएपछि म पात्रले उसलाई पढ्नको लागि प्रोत्साहन पनि गरेको देखिन्छ । उसले कथाको पुस्तकसमेत ल्याएर युवतीलाई दिएको छ । म पात्रले युवतीलाई सम्झाउँदै "पढ्नुपर्छ है, नपढी राम्रो केटोले बिहा नै गर्दैन" (भिक्षु, २०६३, पृ. २५) भनेको छ । यस उद्धरणमा म पात्रले युवतीलाई पढाइको महत्त्वका बारेमा सम्झाउँदै गरेको देखाइएको छ । उसले नपढेसम्म तिमीसँग राम्रो केटाले विवाह गर्दैन पनि भनेको छ । यहाँनेर राम्रो केटो भनेर पढेलेखेको, असल आचरण भएको, आदर्श र उच्च नैतिकवान् सायद आफूजस्तै केटो भनेर उसले बुझाउन खोजेको हुन सक्छ । कथामा म पात्र पढेलेखेको र सिंहदरबारको सरकारी कार्यालयमा जागिर खाएको छ । यसैले उसको इदम् युवतीको रूपसौन्दर्यबाट तानिएको भए पनि उसैको उच्च नैतिकता, आदर्श र मर्यादाको प्रतिनिधित्व गर्ने पराहम्ले भने इदम्को आकर्षणलाई अवरोध पुऱ्याएको छ । यसले गर्दा म पात्र इदम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेको देखिन्छ ।

कथामा म पात्र पाटन पुगेर अधिकारीलाई भेटी तरुणी युवतीको पसलमा आएर सिगरेट किन्दै गर्दा दुवैबिच कुराकानी भएको देखाइएको छ । युवतीले उसको घरठेगाना पनि सोधेकी र भोलि यतातिर आउनुहुन्छ ? पनि भनेकी छ । म पात्रले उसले सोधेको कुराको जवाफ दिएर हिँड्नै लागे पनि त्यहीँ युवतीको नजिक उभिइरहेर "जाऊँ है अब, भोलि सायद फेरि आउँला कि ?" (भिक्षु, २०६३, पृ. २७) भनेको छ । यस उद्धरणमा म पात्रलाई द्विविधामा परेको देखाइएको छ । कार्यालय पुग्न ढिलो भइसकेको भए पनि युवतीको नजिक उभिइरहनु र जानको लागि बिदा मागेको देखिनु इदम्का दृष्टिले अर्थपूर्ण देखापर्छ । सायद युवतीले बस्नु न एकछिन भनेमा बस्न पनि सक्ने मनस्थितिमा म पात्र पुगेको हो कि जस्तो देखिन्छ । युवतीले बिदा दिइहालेमा भोलि आउँछु भनेर ऊ आफै निम्तिएको देखिएबाट उसको इदम्ले युवतीको निकटता चाहेको प्रस्ट हुन्छ । युवतीबाट बिदा पाएर कार्यालय हुँदै घर पुगेपछि उसले भोलि युवतीको पसलमा जानुपर्छ भनेको भए पनि गएको भने छैन । यस सन्दर्भमा उसले "भोलि उसको पसलमा ऊनजिक नगई हुँदैन, ऊ एक्ली छे, समस्त थू थूको बिचमा मैले जानु छ .... ! तर– तर भोलिपल्ट म गइनँ । राति सम्झेँ कि म गइनँ" (भिक्षु, २०६३,

पृ. २८) भनेको छ । यस उद्धरणमा म पात्रले भोलि युवतीको पसलमा जानैपर्ने आवश्यकता देखेको भए पनि नगएको देखाइएको छ । उसले अघिल्लो दिन छुट्टिदा भोलि आउँछु भनेर बिदा भएबमोजिम भोलि युवतीलाई भेट्न जाने उत्सुकता देखाएको र अप्ठेरो परेकी युवतीलाई सहारा दिन पनि जानुपर्ने महसुस गरेकोमा भोलिपल्ट ऊ गएको देखिँदैन । भोलि मात्र होइन एकडेढ महिनासम्मै ऊ युवतीको पसलमा गएको छैन । सायद उसको पराहम्ले सिपाही, टोलका युवकमण्डली र रातिराति मोटरमा पनि पुरुषसँग हिँड्ने युवती एक्लै भएकी बेला नजान निर्देश दिएबाट ऊ युवतीको पसलमा नगएको भन्ने देखिन आउँछ । यहाँनेर म पात्रको इदम्ले युवतीलाई भेट्न जान चाहेको भए पनि उसैको पराहम्ले नचाहँदा ऊ युवतीको पसलमा उसलाई भेट्न जानबाट पछि हटेको छ । म पात्रको इदम्ले युवतीलाई भेट्न चाहने र पराहम्ले नचाहने स्थिति सिर्जना भएकोले गर्दा उसको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा मनोद्वन्द्वको स्थिति बन्न गएको प्रस्ट हुन्छ । कथामा आएका यी घटना सन्दर्भबाट म पात्र इदम् र पराहम्का बिचको मनोद्वन्द्वको चापमा परेको देखिएको छ ।

'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथाको म पात्र पसल्नी युवतीको रूपसौन्दर्यले गर्दा इदम्बाट तानिएर पाटन जानेआउने क्रममा उसको पसलमा रोकिई सिगरेट किन्ने र उससँग कुराकानी गरेर भुल्न र अप्ठेरो परेको बेलामा उसलाई सहारा दिन उत्सुक देखिएको पाइन्छ । फेरि पसल्नी युवती राम्री भए पनि उसले लेखपढ नगरेकी र उसको पसलमा अनेक किसिमका पुरुषहरू आएर झुल्ने गरेकाले म पात्रको पराहम्ले उससँग नजिक हुनबाट अवरोध पुऱ्याउँदा ऊ युवतीबाट टाढिएको देखापर्छ । यसले गर्दा म पात्र इदम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेको देखिएको छ । यसरी म पात्रलाई इदम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेको देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ ।

२.४.३ जीवन र मृत्यु मूलप्रवृत्तिका बिच आन्तरिक द्वन्द्वविधान

फ्रायडले मनोविश्लेषणसम्बन्धी सिद्धान्तमा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको विपरीत स्वभावका कारणले व्यक्ति मानसिक द्वन्द्वमा पर्ने चर्चा गरेका छन् । जीवन मूलप्रवृत्तिले सुखको प्रतिनिधित्व गर्ने र आनन्द, जीवन, प्रेम, प्रजनन, अनुराग, आकर्षण, मैत्री, आशक्ति, प्रीति एवम् रचनात्मक कार्य आदिका रूपमा अभिव्यक्त भई जीवनलाई संरक्षण गर्नुका साथै यसको चहलपहललाई दर्साउँछ भन्ने फ्रायडको मान्यता रहेको छ । मृत्यु मूलप्रवृत्तिले भने दुःखको प्रतिनिधित्व गर्ने र घृणा, क्रोध, झैझगडा, पृथकता, विनाश र मृत्यु आदिका रूपमा अभिव्यक्त भई व्यक्तिलाई शत्रुतापूर्ण आक्रामक व्यवहारतर्फ निर्देशित गर्नुका साथै आफ्नै प्रजातिलाई विनाशतर्फ प्रेरित गर्दछ भन्ने उनको मान्यता देखिन्छ । उनले यी विपरीत स्वभावका दुई मूलप्रवृत्तिका इच्छा र विचारका कारणले गर्दा व्यक्ति मनोद्वन्द्वमा पर्ने देखाएका छन् । भवानी भिक्षुका कथा फ्रायडको यस मान्यताका आधारमा अध्ययनीय छन् । उनका कथामा अनेक घटना र परिस्थितिको आयोजन गरेर पात्रलाई जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वमा परेको देखाइएको छ । त्यसैले यसमा भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि ...?', 'त्यही सात दिन', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'रक्सीबाज', 'सैतानको सैतानी' र 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ', गरी एघारओटा

कथाको जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवत्तिका बिचको आन्तरिक द्वन्द्वविधानका आधारमा अध्ययन गरिएको छ ।

(१) गुनकेशरी

'गुनकेशरी' कथाकी गुनकेशरी नै जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको आन्तरिक द्वन्द्वविधानको आयोजनका दृष्टिले विश्लेषणीय पात्र हो । कथाको सुरुमै उसलाई अत्यन्त उदार, भद्र, सोझी र भोला हृदय भएकी पात्र हो भनेर चिनाइएको छ । यस सन्दर्भमा कथामा "ऊ अत्यन्त उदार, भद्र, सोझी, भोला हृदयकी थिई; ...कसैको बिगार्न चाहन्नथी र सकेदेखि सबैको उपकार गर्न चाहन्थी" (भिक्षु, २०५२, पृ. १) भनिएको छ । कथाको यस उद्धरणमा गुनकेशरीलाई अत्यन्त उदार, भद्र, पवित्र हृदय भएकी, कसैलाई दु:ख दिन नचाहने र सबैको उपकार गर्न चाहने पात्रका रूपमा देखाइएको छ । उसमा देखिएको यस्तो गुण जीवन मूलप्रवृत्तिबाट निर्देशित छ । केटी हेर्न आउनेले बहिनीलाई नछानी आफैलाई छानेको भए हुन्थ्यो भन्ने उसको कामना रहेको छ । केटाले बहिनीलाई छानेर आफ्नो विवाह नभएपछि ऊ विजयसँग आकर्षित भएकी छ र भित्रभित्रै उसलाई माया गर्न थालेकी छ । कथानकको विकाससँगै पछि विजयलाई छोडेर अर्को पुरुषसँग विवाह गर्नु र विवाहित पतिलाई छोडेर माइतमा आई बसेका बेला फेरि विजयलाई नै बोलाउनुजस्ता सन्दर्भहरू कथामा आएका छन् । उसले चिठी लेखेर विजयलाई "भो, जे भयो भयो; तर आजभोलि म यहाँ बुबाकहाँ छु । दुईएक दिनका निम्ति आउन सक्छौ भने आइदिए बेस हुने थियो" (भिक्षु, २०५२, पृ. १४) भनेकी छ । यस उद्धरणमा गुनकेशरीलाई जीवन र प्रेमप्रति आकर्षित भएकी देखाइएको छ । जीवन रागप्रतिको आकर्षणको प्रभावमा परेर नै उसले विजयसँग सम्बन्ध बढाउन चाहेकी भन्ने देखिन्छ । यसबाट उसमा जीवन मूलप्रवृत्ति सशक्त रहेको स्पष्ट हुन्छ ।

गुनकेशरीमा जीवन मूलप्रवृत्तिसँगै मृत्यु मूलप्रवृत्ति पनि क्रियाशील रहेको देखिन्छ । उसले आफ्नै बहिनी सुभद्रा र उसका परिवारलाई घृणा गरेकी छ । आफूलाई नछानी सुभद्रालाई विवाह गर्ने बहिनीका पतिप्रति त उसले अतिघृणा देखाएकी छ । विवाह भएर गएकी सुभद्राले पठाएको पहिलो पत्र पाएपछि बाहिर प्रसन्न देखिए पनि भित्रभित्रै ऊ क्षोभ र त्रस्त देखिएकी छ । यस सन्दर्भमा चर्चा गर्दै भिक्षु (२०५२) ले कथामा लेखेका छन् :

> तर राति सुत्ने बेलामा एउटा कुन्नि कस्तो अज्ञात अभाव उसको हृदयमा घुम्न थाल्यो । एउटा अनौठो किसिमको क्षोभले ऊ त्रस्त हुन लागी । धेरै बेरसम्म ऊ निदाउन सकिन । भित्तामा सुभद्रा र उसको लोग्नेसमेतको एउटा फोटो टाँगिराखेको थियो, त्यसैमा उसको दृष्टि बारम्बार पर्दथ्यो एकाएक ओछ्यानबाट जुरुक्क उठी त्यो फोटो झिकेर कोठाबाट बाहिर एउटा कुनामा घुसारिदिई । (भिक्षु, पृ. ७)

उल्लिखित उद्धरणमा गुनकेशरीले आफूमा केही नभएको अभाव महसुस गर्न थालेकी भन्ने देखिएको छ । उसमा डाह, रिस, क्षोभ र त्रास बढ्न गएको छ । धेरै बेरसम्म उसलाई निद्रा पनि लागेको छैन । उसमा देखिएका यस्ता लक्षणहरू मृत्यु मूलप्रवृत्तिबाट निर्देशित भएका देखिन्छन् । यसैबाट प्रभावित भएर उसले आफ्नो कोठामा झुन्डाइराखेको सुभद्रा र उसका

पतिको फोटो कोठाबाहिर निकालेर एउटा कुनामा घुसारिदिएकी छ । क्रमशः उसले मृत्यु मूलप्रवृत्तिअनुकूलका अरू आचरण पनि देखाएकी छ । मन पराइराखेको विजयलाई त्याग्नु, विवाह गरेको पतिलाई छोडेर माइतमा आएर बस्नु, सुभद्राका पतिलाई घृणित कुकुर ठान्नु आदि कथामा आएका सन्दर्भहरूले गुनकेशरी मृत्यु मूलप्रवृत्तिबाट निर्देशित चरित्रका रूपमा देखिएकी छ । माइतमा आएर बसेका बेलामा गुनकेशरीले पत्र लेखी विजयलाई बोलाएकीमा उसले आउन नमान्दा गुनकेशरीभित्र हाहाकार मच्चिएको छ र ऊ मूर्च्छित भएकी छ । उसको अन्तर्मानसिकता र व्यवहारमा देखिएका यी सबै सन्दर्भहरू मृत्यु मूलप्रवृत्तिका सूचक हुन् ।

'गुनकेशरी' कथामा प्रमुख नारी पात्र गुनकेशरीको अन्तर्मानसिकतामा देखिएका आदर्श, मर्यादा, कर्तव्य, मायाप्रेमप्रति लगावका कुराहरू जीवन मूलप्रवृत्तिका सूचक हुन् भने उसमा देखिएका घृणा, तिरस्कार, त्याग, हाहाकार र मूर्च्छना आदि कुराहरू मृत्यु मूलप्रवृत्तिका सूचक हुन् । कथामा आएका यी विविध कथात्मक परिस्थितिसँगै गुनकेशरीका मानसिकतामा जीवन र मृत्यु परस्पर विपरीत मूलप्रवृत्तिका बिचमा द्वन्द्वात्मक स्थिति देखिएको छ । यसरी गुनकेशरीका अन्तर्मानसिकतामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचमा द्वन्द्वको स्थिति देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२) प्रेमको एउटा कथा

'प्रेमको एउटा कथा' कथाकी गोमती जीवन र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्वविधानको आयोजनका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ तेह्र वर्षको उमेरमै तरुणी बनेर प्रेमपत्र लेख्न थालेकी छ । यस सन्दर्भमा उसले "मेरो तेह्र वर्ष उमेरदेखि नै मानसिंहसित बन्धुत्व र लेखापढी भयो" (भिक्षु, २०५२, पृ. १८) भनेकी छ । यस उद्धरणबाट गोमती तेह्र वर्षकै उमेरमा प्रेमसिँहसँग प्रेम गर्न अग्रसर भएकी देखिएको छ । उसको यस्तो प्रेमप्रतिको अनुरागले जीवन मूलप्रवृत्तिलाई दर्साएको छ । यस स्थितिमा उसकी आमाले मानसिंहसँगको सम्बन्धलाई लिएर गोमतीलाई अपमानपूर्ण व्यवहार गर्दा उसले "हरे संसारमा फेरि आफ्नो को छ र ?" (भिक्षु, २०५२, पृ. ८) भनेकी छ । यस उद्धरणमा गोमतीले व्यक्त गरेको विचारबाट जीवनप्रति निराशाको सङ्केत भएको देखिन्छ । उसले यस संसारमा आफ्नो भन्ने कोही नभएको खुलाएकी छ । यसो भनेर उसले जीवनप्रतिको निराशा व्यक्त गर्न खोजेकी छ । यस्तो निराशा आफैमा मृत्यु मूलप्रवृत्तिको सूचक हो । यसबाट गोमतीको मानसिकतामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति परस्पर द्वन्द्वात्मक रूपमा देखिएका पाइन्छन् ।

कथामा एक दिन साँझ गोमतीका बाआमाले बोलाएर मानसिंहले लेखेको पत्र देखाउँदै अब ऊसँग लेखापढी पत्रव्यवहार नगर्न आदेश दिएका छन् । यसपछि गोमतीले लेखापढी र सम्पर्क बन्द गरेर मानसिंहसँग टाढिन कोसिस गरेकी छ । उसले "मानसिंहसँगको लेखापढी बन्द गरेर मैले आफ्नो समस्त हाँसख्याल र मनको प्रसन्नतासमेत बन्द गरिदिएँ । मलाई केही रुच्दैनथ्यो । ... मेरो आत्मा नै कुनै शक्तिद्वारा मानसिंहतिर प्रेरित हुन गएको छ; र अब उनी नभई मेरो कुनै तारतम्यै बस्तैन" (भिक्षु, २०५२, पृ. २१) भनेकी छ । यस उद्धरणमा गोमतीले बाबुआमाको आदेशमा मानसिंहसँगको लेखापढी बन्द गरेपछि आफ्नो समस्त हाँसख्याल र मनको प्रसन्नता समाप्त भएको खुलाएकी छ । यसले उसको मानसिकतामा निराशा बढ्न गएको देखिन्छ । केही पनि नरुच्ने अवस्थामा ऊ पुगेकी छ । गोमतीमा देखिएका यस्ता लक्षणले

मृत्यु मूलप्रवृत्तिको सङ्केत गरेका छन् । अर्कोतिर मानसिंह बिना उसले आफ्नो सास नै थामिने ठानेकी छ र ऊ नभएमा आफ्नो कुनै तारतम्य बस्तैन भन्ने विचार प्रकट गरेकी छ । उसको यो विचार जीवन र प्रेमप्रतिको अनुरागका रूपमा देखिएको छ । यसबाट गोमतीको जीवन मूलप्रवृत्तिप्रतिको आकाङ्क्षा व्यक्त भएको छ । यस प्रकार गोमतीका अन्तर्मानसिकतामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति परस्पर द्वन्द्वात्मक रूपमा उपस्थित भएका देखिन्छन् ।

परिस्थितिवश गोमती बाआमाको दबाबका कारण बाध्य भई मानसिंहबाट अलग भएकी कथामा देखाइएको छ । यसो भए पनि उसको जीवन मूलप्रवृत्तिको आकाङ्क्षा बाआमाले चाहेजस्तो गरी स्थिर हुन भने सकेको देखिँदैन । उसको त्यो आकाङ्क्षाले विकल्पको खोजी गर्न थालेको छ । विकल्प खोजीको परिणामस्वरूप ऊ आफ्नै मामाको छोरो दाइ नाता पर्ने गोपालतर्फ आकर्षित भएकी छ । उसले "गत कैयौँ दिन गोपालको साथमा रहनुपर्दा मलाई एउटा साथी नभएको कमीको पूर्ति त भयो" (भिक्षु, २०५२, पृ. २३) भनेकी छ । यस उद्धरणमा गोमतीले गोपालसँगको सामीप्यताबाट साथीको पूर्ति भएको ठानेकी छ । नारीको पुरुषतर्फको आकर्षण आफैमा जीवन मूलप्रवृत्तिबाट निर्देशित आचरण हो । गोपाललाई आफूनजिक पाउँदा ऊ सन्तुष्ट र प्रफुल्ल देखिएकी छ । अर्कोतर्फ उसले गोपाललाई आफ्नो इदम्को तृष्णा तृप्त पार्ने साधनको रूपमा उपयोग गरेर आफूलाई र उसलाई समेत नाश पार्ने आधार बनाएकी छ । गोपालबाटै ऊ गर्भवतीसमेत भएकी छ । यस घटनापछि विवाह भएर ऊ पतिको घर गएकी भए पनि घरमा बस्ने उसको आधार कमजोर बनेको देखिन्छ । समयक्रममा गोपालको गर्भबाट जन्मेको छोरालाई वकिलको जिम्मा लगाएर ऊ सदाका लागि नदेखिने गरी अलप भएकी कथामा देखाइएको छ । गोमतीले "आज यो बच्चा- आफ्नो छातीको टुक्रालाई तपाईंको सेवामा सुम्पिन आएकी हुँ । अब मेरो कथा सकियो" (भिक्षु, २०५२, पृ. २५) भनेकी छ । यस उद्धरणमा व्यक्त कथनमा गोमतीले आफ्नो बच्चालाई छातीको टुक्रा भनेर माया दर्साएकी छ । यसले उसको मानसिकतामा रहेको जीवन मूलप्रवृत्तिलाई देखाएको छ । अर्कोतर्फ काखको सानो बच्चालाई खर्चसहित वकिलको जिम्मा लगाएर ऊ आफ्नो कथा सकियो भन्दै अलप भएकी देखिन्छ । यसले फेरि उसको मानसिकतामा रहेको मृत्यु मूलप्रवृत्तिलाई देखाएको छ । कथामा आएका यी तथ्यले गोमती जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वको चापमा परेकी देखिएको छ ।

'प्रेमको एउटा कथा' कथाकी गोमती मायाप्रेम र स्नेहलाई अँगालेर जीवन मूलप्रवृत्तिबाट प्रेरित भएकी छ । अर्कोतर्फ उसले संसारमा आफ्नो कोही नभएको, गोपाललाई नाश पारेको र आफू पनि नाश भएको अभिव्यक्ति दिएकी छ । उसले आफ्नो सानो छोरालाई पनि वकिलको जिम्मा लगाएर अलप भएकी छ । यी कुराले ऊ निराशा, विछोड र त्यागको मार्गमा अग्रसर भएर मृत्यु मूलप्रवृत्तिबाट प्रेरित भएकी भन्ने देखाएका छन् । यसले गर्दा ऊ जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वमा परेकी छ । यसरी कथामा गोमतीको मानसिकतामा केन्द्रित भई जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(३) अनि ....?

'अनि ....?' कथाकी रत्नमाया जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । उसले बैँस चढ्दै गएपछि आफ्नो घरको पल्लोपट्टिको घरमा बस्ने युवक गोविन्दसँग प्रेम गर्न थालेकी छ । यस सन्दर्भमा कथामा "त्यही रत्नमायाकै कुरा ! बुझ्नुभएन के ? त्यही युवक; रामध्वजको घरको पल्लोपट्टिको घरमा बसेको । उसैसित रत्नमायाको प्रेम रहेछ । ऊ पनि अक्सर गरेर रामध्वजकहाँ आउने गर्दछ" (भिक्षु, २०५२, पृ. २९) भनिएको छ । यस उद्धरणले रत्नमायाको जीवन मूलप्रवृत्तिप्रतिको रुचिलाई देखाएको छ । बैँसालु उमेरमा प्रवेश गर्न थालेपछि ऊ विपरीत लिङ्गप्रति आकर्षित भएर मायाप्रेम गर्न उत्सुक भएकी छ । कथामा रत्नमायाको प्रेमी युवकका बारेमा कथामा "युवक, सौम्य र निकै पढेलेखेको साथै भलाद्मी पनि छ– यो त सबैलाई थाहै छ" (भिक्षु, २०५२, पृ. २९) भनिएको छ । यस उद्धरणमा युवकलाई निकै असल, पढेलेखेको र भलाद्मी भनेर चिनाइएको छ । त्यसैले उसको व्यक्तित्वबाट रत्नमाया आकर्षित भएकी छ । जीवन मूलप्रवृत्ति यौनप्रवृत्ति पनि भएकाले सायद रत्नमायामा उमेरअनुसारको यौनाकाङ्क्षाले गर्दा गोविन्दसँग आकर्षित भएकी हो भन्ने देखिन्छ । यसले उसको जीवन मूलप्रवृत्तिप्रतिको अभिरुचिलाई देखाएको छ ।

कथामा रत्नमायाले युवक गोविन्दसँग प्रेम गरेकी भए पनि उसको बाबुले भने छोरीको अर्कै मानिससँग विवाह गरिदिने तारतम्य मिलाएको छ । अर्कै मानिससँग विवाह हुने भएपछि सधैँ आइरहने युवक गोविन्द पाँचसात दिनदेखि नै रत्नमायाको घरमा आउन छोडेको छ । यस सन्दर्भमा कथामा "गत पाँचसात दिनदेखि त्यो छिमेकी युवक त्यसकहाँ आउँदै आएन । आउनु नपर्ने हो ! तर रत्नमायाको मनमा त्यो नआएकै कारणले उसमाथि क्रोध, रिस किन उठिरहेको छ ?" (भिक्षु, २०५२, पृ. ३२) भनिएको छ । यस उद्धरणले युवक गोविन्द नआएकामा रत्नमाया निराश भएकी भन्ने देखाएको छ । उसको मनमा क्रोध र रिस उत्पन्न भएको कथामा देखाइएको पाइन्छ । मृत्यु मूलप्रवृत्ति घृणा, क्रोध आदिका रूपमा अभिव्यक्त हुने भएअनुसार गोविन्द युवक नआएकै कारणले गर्दा रत्नमायाको मानसिकतामा मृत्यु मूलप्रवृत्तिको प्रभाव बढ्न गएको छ । यसले गर्दा ऊ जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी छ ।

कथामा रत्नमायाको विवाह धुमधामसँग गर्ने तयारी भइरहेको छ । एकातिर विवाह जीवन मूलप्रवृत्तिको द्योतक हुँदै हो । अर्कोतिर रत्नमायाको आफ्नो केही पनि देखिँदैन । उसको सृष्टि नै किन भन्ने प्रश्न उठिरहेको छ । यस सन्दर्भमा कथामा "के यी सबै हुनाले नै रत्नमाया स्वयम् आफ्नो छैन ? फेरि रत्नमायाको सृष्टि किन ? त्यो बिहा कस्तो होला, जसभित्र पत्नीको स्थान छ, किन्तु रत्नमायाको स्थान छैन" (भिक्षु, २०५२, पृ. ३३) भनिएको छ । यस उद्धरणले हुन लागेको आफ्नो विवाहप्रति रत्नमाया निराश भएकी छ भन्ने देखाएको छ । उसले सबै नियम असफल भएको ठानेकी छ । सबै आदर्श र मर्यादा अत्यन्त हीन र निर्जीव बनेका भन्ने उसको बुझाइ रहेको देखिन्छ । उसले आफ्नो सृष्टि नै केका लागि भनेर प्रश्न गरेकी छ । आफ्नो विवाहमा खुसी र आनन्दको अनुभूति हुनुपर्नेमा त्यसको विपरीत उसको मानसिकतामा निराशा र पीडा महसुस भइरहेको छ । विवाहबाट आफ्नो कुनै स्थान स्थापित नहुने उसले ठानेकी छ । यसले युवक गोविन्दबाट आफूलाई छुटाएर अर्कै मानिससँग विवाह गरिदिन लागिएकोमा रत्नमायाको मानसिकतामा मृत्यु मूलप्रवृत्तिको प्रभाव बढ्दै गएको देखाएको छ ।

यस सन्दर्भमा कथामा "बिहा हुने तरखर चलिरहेको छ। चर्मचक्षुको अगाडि उत्साह, आमोद, सफलता र सबप्रकारको शुभको विधान छ। किन्तु रत्मायाकै लागि जोरिन आएका यी समस्त शुभले उसलाई अँगालो हाल्न सक्ने महत्ता किन पाएनन्" (भिक्षु, २०५२, पृ. ३३) भनिएको छ। यस उद्धरणले रत्नमाया बाहिर हेर्दामा विवाह भएर जान तयार भएकीले जीवन मूलप्रवृत्ति उन्मुख देखिएकी भए पनि भित्रभित्रै ऊ विवाहप्रति असन्तुष्ट छ भन्ने देखाएको छ। यसले गर्दा ऊ मृत्यु मूलप्रवृत्तिबाट पिल्सिइरहेकी छ भन्ने देखिन्छ। यसबाट कथामा उसको मानसिकतामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचमा परस्पर मनोद्वन्द्वात्मक परिस्थिति बनेको स्पष्ट हुन्छ ।

कथामा रत्नमायाको विवाह सम्पन्न भएर ऊ पतिगृह पुगेकी छ। बाहिरबाट ऊ दुलही भएर सिँगारिएकीले उसमा जीवन मूलप्रवृत्तिको छनक पाउन सकिएला तर भित्रभित्रै उसले पीडा महसुस गरेकी छ। उसले स्निग्धता महसुस गर्न पाएकी छैन। विवाहको दिन पतिसँगको सहवासबाट उसले जीवनको उच्चताबोध गर्नुपर्ने हो तर पतिले चुम्बन गर्दा उसले जलन महसुस गरेकी छ। यस सन्दर्भमा कथामा "यहाँ त त्यो स्निग्धता त्यो- त्यो उत्सर्ग र मोहको पुण्यप्रद नम्रदृष्टिको सट्टा; यहाँ त .....। रत्नमायाको प्राणले भन्यो, चिच्चायो - धोका, छल, दम्भ। एकदम ठग्ने कुरा" (भिक्षु, २०५२, पृ. ३४) भनिएको छ। यस उद्धरणले विवाहपछि रत्नमाया अत्यन्त दुःखी भएकी छ भन्ने देखाएको छ। उसले आफ्नो प्रेमी गोविन्दलाई छोडेर अर्कै मानिससँग भएको विवाहलाई धोका, छल, दम्भ र ठग्ने कुरा मात्र अनुभव गरेकी छ। यसले गर्दा कथाकी रत्नमाया सतहमा जीवन मूलप्रवृत्ति र भित्रभित्रै मृत्यु मूलप्रवृत्तिका चापमा परेको अवस्थामा देखिएकी स्पष्ट हुन्छ।

'अनि....?' कथाकी रत्नमाया आफ्नै प्रेमी गोविन्दसँग विवाह गर्न चाहेकी छ। यसले उसको जीवन र प्रेमप्रतिको आशक्ति र अनुरागलाई देखाउँछ। उसको बाबुले भने अर्कै मानिससित विवाह गरिदिएर छोरीलाई बिदाइ गरेको छ। यस घटनाले ऊ निराश र दुःखी भएकी छ। उसले नचाहेको व्यक्तिसँग भएको आफ्नो विवाहलाई धोखा, छल एवम् एकदम ठग्ने कुरा ठानेकी छ। रत्नमायाको मानसिकतामा देखिएको यस्तो निराशा, दुःख, धोखा र छल भएको भन्ने बुझाइले ऊ मृत्यु मूलप्रवृत्तिको चापमा परेकी देखिएको छ। कथामा देखिएको रत्नमायाको यस्तो अन्तर्मानसिक परिस्थितिले गर्दा ऊ जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वमा परेकी स्पष्ट हुन्छ। यसरी रत्नमायालाई जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ।

(४) त्यही सात दिन

'त्यही सात दिन' कथाकी आनन्दकुमारी जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो। ऊ कथामा गरिब परिवारकी छोरी भएर देखिएकी छ। मीठो खाने, राम्रो लाउने र रमाइलो ठाउँमा घुमेर आनन्द लिन रुचाउने बैँसालु उमेरकी आनन्दकुमारीको अन्तर्मानसिकतामा घरको नाजुक अवस्थाले नैराश्यता बढाएको हुनुपर्छ। यसैबिच उसलाई बाबुआमाकै सम्मतिमा दरबारमा पुऱ्याइएको छ । त्यहाँ पुगेपछि आनन्दकुमारीले गरेको अनुभवलाई कथामा यसरी देखाइएको छ- "आफूलाई हरतरहबाट

अबोधजस्तो अनुभव गरिरहेकी थिइन् । साधारण समाजको उपयुक्त संस्कारकी भए पनि त्यहाँका उत्कृष्ट सबै थोकका निम्ति अयोग्य अक्षम ! मनमा ल्याइएका हरप्रकारका साहसहरूले जबजब उनलाई थाम्न सकेनन् अनि केही नपाएर डर मान्दै एउटा मखमली कौचमा लडिन्" (भिक्षु, २०५२, पृ. ३७) । यस उद्धरणले दरबारमा पुऱ्याइएपछि आनन्दकुमारीले अनुभव गरेका कुरालाई देखाएको छ । दरबारमा पुग्दा नपुग्दै उसले आफूलाई कुनै भारबाट आक्रान्त भएको, सङ्कोच, लाज, अबोध, अक्षम र उत्कृष्ट सबै थोकका निम्ति अयोग्य ठानेकी छ । उसलाई आफ्नो मनमा आएको साहससमेत पराजित भएको र डर लागिरहेको महसुस भएको छ । उसले आफू सबै कुराबाट रित्तिएको ठानेकी छ । आनन्दकुमारीको मानसिकतामा देखिएको यो स्थिति आफैमा मरणोन्मुख वृत्तिको सङ्केत हो । अर्कोतिर आनन्दकुमारीलाई साधारण समाजका लागि उपयुक्त संस्कार भएकी अनि उसका मनमा हरप्रकारका साहस रहेको देखाइएबाट यी कुराहरूले जीवन मूलप्रवृत्तिलाई दर्साएका छन् । यहाँनेर आनन्दकुमारीको मानसिकतामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति परस्पर विरोधात्मक रूपमा सँगसँगै देखिएर ऊ मनोद्वन्द्वमा परेकी छ ।

दरबारको कोठामा बसिरहेकी आनन्दकुमारीलाई बिस्तारै वैभवको मादकताले तान्न थालेको छ । यस सन्दर्भमा कथामा "कुन्नि कताबाट के भएछ र एक घण्टापछि कौचबाट जुरुक्क उठेर एउटा स्प्रिङ्गदार मेचमा बसिन् । कस्तो लचकदार, कस्तो नरम, स्निग्ध र सुखद् ! बिस्तारबिस्तारै वैभवको मादकताले तान्न थाल्यो" (भिक्षु, २०५२, पृ. ३७) भनिएको छ । यस उद्धरणले आनन्दकुमारीलाई बिस्तारै दरबारको भव्यताबाट आकर्षित हुन थालेकी देखाएको छ । त्यहाँको वातावरण स्निग्ध र सुखद् लाग्दा उसमा मादकता जागरित भएको छ । यी कुराहरूले ऊ जीवन मूलप्रवृत्तितर्फ उन्मुख भएकी देखाएका छन् । दरबारको भव्यता, सुन्दर वस्तुहरू, विविध श्रृङ्गारसामग्री आदिबाट ऊ आकर्षित भएकी छ । सामुन्नेको अग्लो ऐनामा आफ्नो रूप हेरेर ऊ आफूभित्रै लोभिएकी छ । उसलाई आफूमाथि गर्व र ममता पैदा भएको देखिन्छ । यसै सन्दर्भमा आनन्दकुमारीले "राम्ररी सिँगारिए यहाँ भएजति भन्दा बढ्ता रूप आओइन र ? अनि सिनेमाका चलचित्रझैँ आँखाहरूका सामुन्ने ती हरिया निला, पहेँला फिक्का गाढा रङ्गका चमचम सारीहरूको कल्पना चम्कन थाल्यो" (भिक्षु, २०५२, पृ. ३८) भनेकी छ । यस उद्धरणले पनि दरबारिया वातावरणमा पुगेकी आनन्दकुमारी आफ्नो रूप र सौन्दर्य बढाउनमा क्रियाशील भएकी देखाएको छ । ऊ आफूलाई सिँगारेर राम्री बन्ने धुनमा लागेकी छ । उसले हरिया, निला, पहेँला अनेक रङ्गका सारीहरू लगाउने हो भने आफू निकै राम्री देखिने कल्पना गर्न थालेकी छ । आनन्दकुमारीमा देखिएको यो वृत्ति आफैमा जीवन मूलप्रवृत्तिको सूचक हो । आनन्दकुमारीका दरबार बसाइका सात दिनका बारेमा कथामा "अत्यन्त प्रत्यक्ष र प्रदीप्त सात दिन सात प्रकारका आँधी हुरीझैँ चरितार्थ हुन थाले, प्रचण्ड र मदमय !" (भिक्षु, २०५२, पृ. ३८) भनिएको छ । यस उद्धरणमा सात दिनसम्म दरबारमा बसेकी आनन्दकुमारीलाई त्यहाँको बसाइ अत्यन्त प्रचण्ड र मदमय लागेको देखाइएको छ । यसबाट उसको जीवन मूलप्रवृत्तिअनुरूपको स्वभाव प्रदीप्त हुन पुगेको स्पष्ट हुन्छ ।

सात दिन दरबारमा बसेपछि उसलाई घरमा फर्काइन्छ । यस घटनापछि आनन्दकुमारीको मानसिकतामा देखिएको अवस्थाको बारेमा कथामा "सामुन्ने आयो त्यही अन्धकार, उदास, आफ्नो विपन्न कोठा ! त्यही घर, त्यही समाज, त्यही दुःखसुख, छिमेकीहरूको

सहानुभूति र विरोध इत्यादि । रुचिकर, अरूचिकर स्वाभाविकता !" (भिक्षु, २०५२, पृ. ३८) भनिएको छ । यस उद्धरणमा आनन्दकुमारीले आफ्नो सबै कुरा सकिएको र विनाश भएको अनुभव गरेकी छ । ऊ उदास बनेकी छ र आफ्नो अगाडि अन्धकार देख्न थालेकी छ । उसले आफ्नो त्यही विपन्न कोठा, घर, गाउँ, समाज, त्यहाँका सुखदुःख, छिमेकीहरूको सहानुभूति र विरोध, रुचिकर, अरूचिकर स्वाभाविकता आदि कुराहरू देखिरहेकी छ । यी सबै कुराहरूले उसलाई सताइरहेका छन् र उसलाई दिक्क लागेको छ । यी तथ्यहरूले आनन्दकुमारी मृत्यु मूलप्रवृत्तितर्फ उन्मुख भएकी देखाएका छन् । उसले आफूले सबै गुमाएको महसुस गरेकी छ । धनपैसाका लागि दरबारमा पठाउने बाबुआमाप्रति पनि उसले घृणा व्यक्त गरेकी छ । यस सन्दर्भमा उसले कथामा "बाबुआमाहरू खुसी छन् । तिनीहरूलाई कल्पनातीत सफलता प्राप्त भएको छ; घरद्वार बन्दोबेपारलाई केही पूँजीसमेत !" (भिक्षु, २०५२, पृ. ३९) भनेकी छ । कथाको यस उद्धरणले घरको नाजुक आर्थिक स्थितिबाट माथि उठ्नका लागि आफूलाई दरबारमा भोग्या बनाएर पठाउने आमाबाबुप्रति आनन्दकुमारी वितृष्ण देखिएकी छ । सात दिन दरबार बसाइले आफूलाई केही उपलब्धि नभएको उसले ठानेकी छ । उसको विचारमा बाबुआमाले आफ्नो फाइदाका लागि मात्र आफूलाई दरबारमा पठाएका हुन् भन्ने लागेको देखिन्छ । यी तथ्यले आानन्दकुमारीको मानसिकता मृत्यु मूलप्रवृत्तिबाट प्रभावित भएको देखाएका छन् ।

कथामा दरबारबाट फर्किएर घरमा आइपुगेपछि सरलालाई लेखेको चिठीमा आनन्दकुमारीले "भयानक अन्धकार । सरला ! आँखाको सामुन्ने यस्तो रमाइलो संसार छरिएको छ; त्यो हेरेर आत्ममा प्रसन्नता पनि आउँछ तर हृदयको भित्री तहमा केही पनि बिउँझदैन । त्यँहा त त्यही छ भयानक अन्धकार !" (भिक्षु, २०५२, पृ. ४०) भनेकी छ । दरबारबाट घर फर्किएपछि उसलाई भयानक अन्धकार महसुस भएको यस उद्धरणले देखाएको छ । उसलाई आफ्नो हृदयको भित्री तहमा केही पनि नभएको र त्यो भयानक अन्धकारले भरिएको लागेको छ । उसको मानसिकतामा देखिएको यस्तो लक्षण जीवन मूलप्रवृत्तिका विपरीत देखापर्छ । अर्कोतिर सँगसँगै आँखाको सामुन्नेको रमाइलो संसार हेरेर आत्ममा प्रसन्नता आउने भनाइ पनि आनन्दकुमारीले व्यक्त गरेकी छ । यहाँनेर ऊ एकातिर मृत्यु मूलप्रवृत्ति र अर्कोतिर जीवन मूलप्रवृत्तिको मनोद्वन्द्वात्मक स्थितिमा देखिएकी छ ।

कथामा आनन्दकुमारीले सरलालाई लेखेको चिठीमा दरबारमा रहँदाका खास कुरा खुलाएकी छ । उसले "आफ्नो साथमा भएको आकाङ्क्षा, उत्साह, उल्लास, जीवन, गति र अवला नारी जातिको सर्वस्वसमेत त्यहीँ छ" (भिक्षु, २०५२, पृ. ४०) भनेकी छ । यस उद्धरणमा भनिएका कुराबाट उसले आफूसँग भएका सबै कुरा दरबारमा सुम्पेर सबैतिरबाट रित्तो भएर आफू फर्किएको सङ्केत गरेकी छ । केही नहुनु भनेको एक किसिमले शुष्क हुनु वा समाप्त हुनु भन्ने हुन्छ । यसले मृत्यु मूलप्रवृत्तिलाई दर्साएको स्पष्ट हुन्छ । आनन्दकुमारीले सरलालाई लेखेको चिठीमा दरबारको चर्चा गर्दै "बडो मादकता थियो, सरला ! के भनूँ, भनेर साध्य छैन । वैभवमा यति विलास हुन्छ, विलासमा यति मस्ती हुन्छ र मस्तीमा यस्तो आत्मविस्मृति पनि हुन सक्तो रहेछ, यो कल्पनै थिएन" (भिक्षु, २०५२, पृ. ४०) भनेकी छ । यस उद्धरणले आनन्दकुमारी दरबारको मादकता, वैभव, विलास र मस्तीबाट लोभिएकी भन्ने देखाएको छ । ऊ आफू पनि दरबारिया सुखसयलमा रमेर बस्न इच्छुक थिई भन्ने पनि यसबाट खुलेको

देखिन्छ । यसबाट ऊ जीवन मूलप्रवृत्तिप्रति इच्छुक र आशावादी छे भन्ने सङ्केत पाइन्छ । एकातिर मृत्यु मूलप्रवृत्तिको प्रभावमा परेर निराश बनेकी र अर्कोतिर जीवन मूलप्रवृत्तिको प्रभावले गर्दा सुखसयलपूर्ण जीवनप्रति आशावादी पनि देखिएकीले कथामा आनन्दकुमारीको मनोदशा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएको छ ।

'त्यही सात दिन' कथाकी आनन्दकुमारी दरबारमा पुग्दा उसले आफू सबै थोकबाट अयोग्य र रित्तो भएको महसुस गरेकी छ । फेरि ऊ दरबारको सुन्दरता, भव्यता र मादकताबाट लोभिएकी छ अनि आफूलाई सिँगारेर राम्री हुने प्रयत्नमा लागेकी छ । दरबारको बसाइ आनन्ददायक लागिरहेकै बेला घर फर्किनुपरेको घटनाबाट ऊ निराश र दुःखी बनेकी अनि सबै समाप्त भएको कुरा सरलालाई लेखेको पत्रमा खुलाएकी छ । फेरि त्यही पत्रमा उसले दरबारको भव्यता र सुखसयलको वर्णन पनि गरेकी छ । खासमा जीवन मूलप्रवृत्तिको प्रभावमा पर्दा उसलाई दरबार र त्यहाँका सबै कुरा आनन्ददायक लागेका छन् भने मृत्यु मूलप्रवृत्तिको प्रभावमा पर्दा तिनै कुरा निराशाजनक र बेतुकका लागेका देखिन्छन् । यसले गर्दा कथामा ऊ जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वमा परेकी स्पष्ट हुन्छ । यसरी आनन्दकुमारीलाई जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(५) रमा

'रमा' कथाकी रमा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा उसलाई सम्पन्न परिवारकी छोरीको भूमिकामा देखाइएको छ । यस सन्दर्भमा कथामा "रमा सम्मानित बाबुकी सम्पन्न र मर्यादाशील कुलपरिवारकी छोरी । पढेकी, लेखेकी, गृहकार्यमा निपुण । उमेर बीस वर्ष, बिहा भएको थिएन" (भिक्षु, २०५२, पृ. ४२) भनिएको छ । यस उद्धरणबाट रमा सम्पन्न मात्र नभएर उच्च सम्मान प्राप्त बाबु र उच्च कुलपरिवारकी छोरी हो भन्ने पनि देखिएको छ । ऊ राम्रो लेखपढ गरेकी र गृहकार्यमा पनि निपुण छ । उसको उमेर बीस वर्ष भइसकेको छ र विवाह भने भएको छैन । विवाहको बारेमा उसले आफ्नो छुट्टै आदर्श विचार बनाएकी छ । यस सन्दर्भमा कथामा उसले "बिहा गर्नु बन्धन हो; आफ्नो जीवन, यौवन, सौन्दर्य र सुखको दुरूपयोग" (भिक्षु, २०५२, पृ. ४२) भनेकी छ । यस उद्धरणले रमाको उमेर बीस वर्ष भइसकेको भए पनि ऊ विवाह गर्न इच्छुक छैन भन्ने देखाएको छ । यो कथा लेखिएको समय सन्दर्भलाई हेर्दा त्यस समयमा विवाह प्रेमको प्रतीक, जीवनको आधार अनि जीवनगतिको निरन्तरताको पद्धति हो भन्ने सामाजिक मान्यता रहेको पाइन्छ । यस दृष्टिबाट हेर्दा विवाहले जीवन मूलप्रवृत्तिलाई आत्मसात् गरेको हुन्छ । रमा भने विवाहप्रति असहमत देखिएकी अनि जीवन, यौवन, सौन्दर्य र सुखको दुरूपयोग ठानेकीले गर्दा कथामा उसको स्वभाव मृत्यु मूलप्रवृत्तितर्फ उन्मुख देखिएको स्पष्ट हुन्छ । उसले आफूलाई हेर्ने छुट्टै दृष्टिकोण बनाएकी छ । यस सन्दर्भमा कथामा "आफ्नो विचारमा अलि-अलि दम्भ पनि सञ्चित गरिराखेकी थिई गर्व थियो म जान्ने हुँ, म पवित्र हुँ, म आदर्शशील हुँ !" (भिक्षु, २०५२, पृ. ४२) भनिएको छ । यस उद्धरणले राम्रो लेखपढ गरेकीले रमाको मानसिकतामा आफ्नो क्षमताप्रति दम्भ बढेको भन्ने देखाएको छ । उसले आफूलाई धेरै जानेकी, पवित्र र आदर्शशील ठान्ने गरेकी छ । उसले आत्मसात् गरेको यस्तो आत्मगौरवले

उसको चरित्रमा जीवन मूलप्रवृत्तिको सङ्केत गरेको छ। यसबाट उसको अन्तर्मानसिकता जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वमा परेको देखिन्छ ।

रमाको रुचि हुलाक टिकट सङ्कलन गर्ने, दृश्य र मनुष्यका फोटोसमेत सङ्कलन गर्नेतर्फ आकर्षित भएको छ । यस सन्दर्भमा कथामा "पोष्ट अफिसका थरी-थरीका टिकट बटुल्ने । दृश्यहरूको मनुष्यहरूको फोटोसमेत बटुल्ने; फेरि कता-कता पठाउने र कुन्नि कता-कताबाट त्यस्तै आउने । सबैभन्दा ठूलो कुरा के त कहाँ कहाँका देशविदेशका लोग्नेमान्छेहरूसित टिकट-सिकट लिएर चिनजानी पनि राख्ने !" (भिक्षु, २०५२, पृ. ४२) भनिएको छ । यस उद्धरणले रमाको जीवन र प्रेममममताप्रतिको रुचि र चासोलाई दर्साएको छ । एकातिर रमा विवाहलाई बन्धन ठान्दै आफ्नो जीवन, यौवन, सौन्दर्य र सुखको दुरूपयोग ठानेकी छ भने अर्कोतर्फ टिकट सङ्कलनलाई माध्यम बनाएर त्यसकै सहयोगबाट टाढाटाढाका लोग्नेमान्छेहरूसित सम्बन्ध बढाउन चाहने उसको रुचिले उसमा जीवन मूलप्रवृत्तिप्रतिको झुकाव बढ्दै गएको दर्साउँछ । यसरी हेर्दा कथामा रमा एकातिर मृत्यु मूलप्रवृत्ति र अर्कोतिर जीवन मूलप्रवृत्ति दुवै परस्पर विरोधी स्वभाव बोकेर हिँडिरहेकी देखिन्छ ।

कथामा रमाको घरमा उसकै बाबुको कारिन्दाको छोरो आइपुगेको देखाइएको छ । कलकत्ताबाट आई.ए. पास गरेर छुट्टीमा आएको त्यस युवकलाई आफ्नो घरमा आएको देखेपछि रमा उसप्रति आकर्षित भएकी छ । यस सम्बन्धमा कथामा "मैयाँसाहेबले पनि सोधिन्-पढाइलेखाइको कुरा, कलकत्ताको रमाइलो, सिनेमाहरूको आलोचना, नयाँनयाँ रेकर्डहरूको सङ्गीत-उत्तमता इत्यादि" (भिक्षु, २०५२, पृ. ४३) भनिएको छ । यस उद्धरणमा रमालाई युवकप्रति प्रेमभावले तानिएकी देखाइएको छ । उसले पढाइलेखाइ, कलकत्ताको रमाइलो, सिनेमा, सङ्गीत आदिमा केन्द्रित भएर युवकसँग कुराकानी गरेकी छ । उसको कुराकानीको लक्ष्य कलकत्ताको बारेमा बुझ्नेभन्दा पनि युवकसँग सम्बन्ध बढाउनमा केन्द्रित देखापर्छ । यसबाट उसले युवकसँग खुब चासो लिएर गरेको कुराकानी कलकत्ताबाट आकर्षित भएर नभई त्यो युवकबाट आकर्षित भएर गरेकी हो भन्ने कुरा कथामा देखिएको छ । रमाले युवकप्रति देखाएको चासो र आकर्षण जीवन मूलप्रवृत्तिको लक्षण हो भन्ने स्पष्ट छ । रमा र युवकका बिचमा बढ्दै गरेको प्रेमसम्बन्धका बारेमा कथामा यसरी चर्चा गर्दै "प्रेमको सोख थियो, प्रेमको उमेर, प्रेमको आकाङ्क्षा । गर्न थाले दुवै परस्परमा प्रेम । पत्रहरू र दर्शनभेटहरूमा अब कुनै अर्कै चेतना बग्न थाल्यो" (भिक्षु, २०५२, पृ. ४४) भनिएको छ । यस उद्धरणले रमा र युवकका बिच भेटघाट, पत्राचार इत्यादि हुँदै जाँदा दुवैबिचको प्रेमसम्बन्ध घनिष्ठ बन्न गएर दुवैले एकअर्कालाई आदर्श प्रेमीको रूपमा स्थापित गर्न अग्रसर भएका छन् भन्ने देखाएको छ । युवकसँग प्रेमसम्बन्ध बढाउँदै गरेकीबाट रमा स्पष्टतः जीवन मूलप्रवृत्तिबाट निर्देशित भएकी देखिएको छ ।

कथामा युवकसँग प्रेमसम्बन्ध बढाउँदै गरेकी रमाले आफूलाई आमाबाबुको भक्त, आफ्नो मुक्त जीवन, पवित्र जीवन इत्यादि तर्क गर्दै उससँगको प्रेमसम्बन्धबाट एकाएक अलग्गिने सङ्केत गरेकी छ । यसबारेमा कथामा "कुरा गरी आमाको भक्ति, बाबुको मर्यादामा ओतप्रोत भई युवकलाई लेखिदिई- हाम्रो परिवारको मर्यादा-विरुद्ध छ, आमाबाबुको आज्ञा छैन, अबउप्रान्त केही सम्बन्ध राखेर के लाभ ?" (भिक्षु, २०५२, पृ. ४५) भनिएको छ । यस उद्धरणमा रमा र युवकका बिचको प्रेमसम्बन्ध अन्त्य हुने मोडमा पुगेको देखाइएको छ । यहाँ

उसले सतहमा हेर्दा बाबुआमाको आज्ञा नभएकोले गर्दा युवकसँगको प्रेमसम्बन्ध तोड्न चाहेकी जस्तो देखिए पनि भित्री तहबाट नियाल्दा उसले यसो गर्नुको पछाडि उसमा देखिएको मृत्यु मूलप्रवृत्तिको प्रभाव नै हो भन्ने देखिन आउँछ । एकातिर युवकसँग प्रेममा अग्रसर भएर जीवन मूलप्रवृत्तिबाट आकर्षित भएकी र अर्कोतर्फ उससँगको प्रेमबाट विकर्षित भएर मृत्यु मूलप्रवृत्तिबाट प्रेरित भएकी रमाको मनोदशा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वको चापमा परेको देखिन्छ ।

'रमा' कथाकी रमा विवाहप्रति वितृष्ण देखिएकी भए पनि देशविदेशका लोग्ने मानिससँग सम्पर्क बढाउने बाटोमा लागेकी छ । ऊ आफ्नो घरमा आएको युवकसँग आकर्षित भएर उसैसँग प्रेम गरेकी र एकाएक प्रेमसम्बन्धलाई त्याग्ने उद्घोष गर्न पनि ऊ नै अग्रसर भएकी छ । जीवन मूलप्रवृत्तिको प्रभावमा पर्दा लोग्ने मानिससँग सम्पर्क बढाउने र प्रेम गर्ने बाटो अँगालेकी भए पनि मृत्यु मूलप्रवृत्तिको प्रभावमा पर्दा भने उसले विवाहलाई बन्धन ठान्ने र बढ्दै गरेको प्रेमसम्बन्धलाई त्याग्ने मार्ग अँगालेकी छ । जीवन मूलप्रवृत्तिले रमालाई विवाह र प्रेमसम्बन्धतर्फ निर्देशित गर्ने गरेको र मृत्यु मूलप्रवृत्तिले विवाह र प्रेमलाई तिरस्कार गर्दै त्यसबाट विच्छेदतर्फ निर्देशित गर्ने गरेको कथामा देखिन्छ । यसले गर्दा रमा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वमा परेकी देखिएको छ । यसरी नारी पात्र रमाको अन्तर्मानसिकतामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्व सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(६) व्यर्थता

'व्यर्थता' कथाकी करुणा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा उसको प्रवेश कप्तान कृष्णबहादुरकी टुहुरी छोरीको रूपमा भएको छ । दुई वर्ष हुँदा नहुँदै आमा गुमाएकी उसको लालनपालन बाबु र सौतेनी आमाले गरेका छन् । समयक्रमसँगै उमेर पुगेपछि उसको विवाहसमेत सम्पन्न भएको देखिन्छ । उमेर पुगेपछि बाबुले छोरी करुणाको विवाह गरिदिएको सन्दर्भलाई औल्याउँदै कथामा "एउटा सेकेन्ड क्लाससम्म पढिसकेका, शुद्ध कुलका, स्वजातीयलाई सारै नै खोजी र परिश्रमपूर्वक बल्ल भेट्टाएर उसैसँग पुत्रीको पाणिग्रहण संस्कार सम्पन्न गरी घरमा नै राखे" (भिक्षु, २०५२, पृ. ४८) भनिएको छ । यस उद्धरणमा करुणाको विवाह सम्पन्न भएको देखाइएको छ । बाबुले करुणाको विवाह गरिदिँदा त्यस विषयमा करुणाले कुनै किसिमको फरक प्रतिक्रिया देखाएकी छैन । यसले ऊ विवाहका लागि सहमत भएकी भन्ने देखाएको छ र उसको इच्छाअनुसार नै विवाह सम्पन्न भएको देखिन्छ । विवाह आाफैमा जीवन र प्रेमप्रतिको आस्थाको प्रतीक हो । यसबाट ऊ जीवन मूलप्रवृत्तिद्वारा प्रेरित भएकी छ भन्ने देखिन्छ । विवाह सम्पन भएपछि कृष्णबहादुरले ज्वाइँलाई पनि आफ्नै घरमा राखेका छन् । सौभाग्यवती, सुन्दर वस्त्रका साथै अनेक रेशमी जारजेटको झकमक परिधानमा प्रसन्न खेलिरहेकीले करुणालाई हरप्रकारको सुख र आनन्द छ भन्ने देखिन्छ । यसले पनि उसमा भएको जीवन मूलप्रवृत्तिलाई दर्साएको छ ।

करुणाले आफ्ना बाबु कृष्णबहादुरलाई सारै माया गर्ने गरेकी छ । यस सन्दर्भमा उसले "केही मीठो तरकारी मासु पकाएर हजुरलाई खुवाउने कोही भएनन् । मलाई सिकाउनुभएकै छैन । यही लुगा, सारी, रातो, पहेँलो मात्रैले न कर्तव्यै समाप्त हुन्छ, न दिनै बित्दछ । हजुरको

यस अवस्थामा केही सेवासुसार गर्न पाए अलिकति मलाई पनि त सुख हुन्थ्यो" (भिक्षु, २०५२, पृ. ५०) भनेकी छ। यस उद्धरणबाट करुणाले आफ्ना बाबुप्रति माया र प्रेम दर्साएकी देखिएको छ। उसले बाबुलाई मीठो परिकार बनाएर खुवाउने इच्छा प्रकट गरेकी छ। बाबुको सेवासुसार गर्न पाए आफ्नो कर्तव्य पूरा हुने उसको अभिलाषा रहेको देखिन्छ। उसले बाबुप्रति देखाएको यस्तो प्रेम ममता जीवन मूलप्रवृत्तिकै प्रतिरूप भएको स्पष्ट हुन्छ।

कथामा करुणा धनसम्पत्ति, सुखआनन्द, नोकरचाकर, साथमा पति हरेक कुरा सुलभ हुँदाहुँदै पनि कताकता निराश भएकी देखाइएको छ। यसबारेमा कथामा "तैपनि भित्री मनमा यतिको शून्यता किन ? कुन कुनामा सजीव खोक्रोपना बसेर करुणाको यो जम्मै खानु, लाउनु, हाँस्नु र सुखविलासका प्रचुर सामग्रीको प्रति यति घनघोर व्यर्थता बताइरहेको छ ?" (भिक्षु, २०५२, पृ. ५१) भनिएको छ। यस उद्धरणबाट करुणाले आफ्नो मनमा शून्यता र खोक्रोपना महसुस गर्न थालेकी देखिएको छ। घरमा खाने, लाउने, हाँस्ने सबै कुरा पर्याप्त हुँदाहुँदै पनि उसले ती सबैलाई व्यर्थता मात्र ठानेकी छ। सबै कुरामा निराशा, शून्यता र व्यर्थता महसुस हुनु मृत्यु मूलप्रवृत्तिको कारण हो। यसबाट ऊ मृत्यु मूलप्रवृत्तिको प्रभावमा पर्दै गएकी भन्ने देखिन्छ। एकातिर मायाप्रेम र कर्तव्यप्रतिको झुकाब अर्कोतिर शून्यता र व्यर्थताजस्ता पक्षहरू करुणामा सँगसँगै देखिएबाट ऊ जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वमा परेकी भन्ने स्पष्ट हुन्छ।

कथामा करुणाको अवस्थाका बारेमा खुलाइएको छ। यसबारेमा कथामा "महान् विश्वमा चारैतिरबाट एक्लै ! यो किन ?- को कतैबाट कुनै पनि उत्तर पाइँदै पाइन्न। अन्धकार थियो। भित्र पनि त्यही, बाहिर पनि त्यही" (भिक्षु, २०५२, पृ. ५१) भनिएको छ। यस उद्धरणले करुणाको निराश स्थितिलाई देखाएको छ। उसले विश्वमै आफूलाई एकदम एक्लो देख्न थालेकी छ। उसको अगाडि भित्र र बाहिर चारैतिर अन्धकार मात्र छाएको छ। यसबाट करुणालाई कतै पनि आराम, शान्ति र चैन नभएको र उसले चारैतिर अतृप्ति महसुस गरेकी देखिन्छ। उसका मनमा आएका यस्ता एक्लोपन, अन्धकार, अतृप्ति र अशान्तिजस्ता कुराहरू निश्चित रूपमा विनाशजन्य सङ्केतका रूपमा देखिएका छन्। उसका मनमा यी कुराहरू मृत्यु मूलप्रवृत्तिले नै जन्माएको हो। यसैबिच करुणा कुनै काम गर्नुपर्छ भनेर अग्रसर हुन थालेकी भिक्षु (२०५२) ले कथामा यसरी प्रस्तुत गरेका छन् :

> उनी भान्सामा पुगिन्। अरू ढङ्ग नभए पनि बाहुनीको मद्दतले हाँसका दुई-तीनओटा फुल पकाइन् र चिया तयार पारिन्। ज्वाइँसाहेब पनि फर्के। खाने कुरा आफै लिएर उनी कोठामा पुगिन्। पतिका सम्मुख जम्मै थोक व्यस्ततापूर्वक राखेर उनको मुखमा हेर्छिन् ता त्यहाँ प्रचुर सन्तुष्टि विराजमान थियो। (पृ. ५२-५३)

उल्लिखित उद्धरणबाट करुणा पतिलाई आफै बनाएर खुवाउनका लागि क्रियाशील भएकी देखिएको छ। उसले भान्से बाहुनी हुँदाहुँदै आफै भान्सामा गएर हाँसका फुल र चिया तयार गरी पतिलाई खुवाउन कोठामा लिएर गएकी छ। आफूले तयार गरेको खानेकुरा पतिको अगाडि राखेर उसको मुखमा हेर्दा करुणाले निकै आनन्द र सन्तुष्टि प्राप्त गरेकी देखिन्छ। करुणाको यस्तो कार्य र प्राप्ति जीवन मूलप्रवृत्तिबाट प्रेरित देखिएको छ। यसैबिच घरको एउटै

प्रकृतिको वातावरणबाट मुक्त भएर फरक किसिमले आनन्द र खुसी प्राप्त गर्नका लागि करुणा श्रृङ्गारपटार गरेर बाहिर घुमफिर गर्न निस्किएकी छ । यसलाई भिक्षु (२०५२) ले कथामा यसरी प्रस्तुत गरेका छन् :

> अन्तमा दिनहरूको निरानन्दता सह्य नभएकोले– श्रृङ्गार-सज्जाहरू समातिइन थाले । करुणा अब पाउडर, सेन्ट, लाली, बनाउ-बुनाउको अति प्रचुरतासँग खेल्न थालिन् । आफूलाई राम्ररी सुसज्जित पारी अक्सर पशुपतिनाथको दर्शन गर्ने, सहरमा भएका देवीदेउताको पूजा गर्ने माध्यम लिई आफूलाई प्रदर्शित गर्न लागिन्- कसैले त हेरोस्, हेरिरहोस् । यो यौवन, यो रूप, यो सौन्दर्य, यो श्रृङ्गार प्रदर्शित भएरै अलि खिइऊन् । मान्छेहरू उनलाई हेर्दथे र सम्मानको प्रेरणाले आँखा तल गर्दथे । मनमनै करुणा रिसाइहाल्दथिन् । यहाँ पनि त्यही निःसारता, त्यही मिथ्यापन ! केको सम्मान ! कस्तो भय ? मान्छे विस्फारित नेत्रले टककटी लगाएर किन हेर्दैनन् ? (पृ. ५३)

उल्लिखित उद्धरणमा केही गर्दा पनि आनन्द र खुसी महसुस नभई मनमा निराशा मात्र बढ्न थालेपछि करुणा श्रृङ्गारले सुसज्जित भएर सहरका देवीदेवताको दर्शन गर्ने बहानामा बाहिर घुम्न निस्किएकी देखाइएको छ । यसरी घुमेर उसले आफ्नो रूप, सौन्दर्य र यौवन प्रदर्शन गर्न चाहेकी र त्यसलाई सबैले टकटकी हेरून् भन्ने अभिलाषा राखेकी छ । उसको यस्तो अभिलाषा जीवन मूलप्रवृत्तिबाट प्रेरित भएको देखिन्छ । यसो भए पनि मान्छेहरूले उसलाई चाहेअनुरूप नहेरिदिँदा त्यसलाई उसले अभिशाप ठानेकी छ । यसबाट उसलाई जतातै असफलता मात्र प्राप्त भइरहेको महसुस भएको छ । यस्तो हुनु आफैमा मृत्यु मूलप्रवृत्तिबाट प्रेरित लक्षण हो भन्न सकिन्छ । यसबाट करुणा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वमा परेकी देखिएको छ ।

कथामा करुणाकी सौतेनी आमाको भाइ नाताले उसको मामा आइपुगेको देखाइएको छ । उससँग करुणा आकर्षित भएकी छ र छलफल कुराकानी गरेकी छ । यसबाट उसमा नयाँपनको अनुभव भएको कथामा देख्न सकिन्छ । करुणाको मामासँग बढ्न थालेको सान्निध्यतालाई कथामा चर्चा गर्दै "गत दसबाह्र दिनमा मामासँग निकै कुराकानी भएर निकै सान्निध्य भइसकेको थियो । उनका सकिदै नसकिने कलकत्ताका कुराहरू त्यतिकै रुचिकारक भइरहेका हुनाले करुणा जम्मै आफ्नो फुर्सदको समय मामाकै निकट बिताउँदथिन्" (भिक्षु, २०५२, पृ. ५४) भनिएको छ । यस उद्धरणमा मामासँग करुणाको आत्मीयता बढ्न थालेको देखाइएको छ । उसलाई मामाका सकिदै नसकिने कलकत्ताका कुराहरू अत्यन्त रुचिकारक लागेका छन् । उसले आफ्नो फुर्सदको समय मामासँगै बसेर बिताउन थालेकी छ । साँच्चै भन्दा ऊ मामासँग प्रेममय रूपमा आकर्षित भएकी छ । नाताले मामा भए पनि पढेलेखेको र हेर्दैमा सुन्दर युवक उसप्रति करुणा यसरी आकर्षित हुनु आफैमा जीवन मूलप्रवृत्तिको प्रभाव हो भन्ने देखिन्छ । दसबाह्र दिनको बसाइपछि मामा कलकत्ता जाने भएपछि करुणाले "जम्मै व्यर्थताभित्र अझसम्म एउटा शुष्क नारित्व मात्र बाँचिरहेको थियो; आज उसको पनि सार भाग गएर केवल नारी देहको व्यर्थ भारी मात्र शेष रहेको छ । यसैलाई बोकेर जीवन समाप्त गर्नुपर्छ" (भिक्षु, २०५२, पृ. ५६) भनेकी छ । यस उद्धरणमा मामा घर छोडेर जान लागेपछि

करुणाले व्यर्थता अनुभव गरेकी देखिएको छ । मामाप्रति आकर्षित भएकी उसले ऊ जाने भएपछि अब शुष्क नारित्व मात्र बाँकी रहेको ठानेकी छ । सार भाग गएर नारी देहको व्यर्थ भारी मात्र शेष रहन गएको उसको ठम्याइ छ र यसैलाई बोकेर जीवन समाप्त गर्नुपर्छ भनेर उसले भनेकी छ । यसबाट ऊ अत्यन्त निराश अनि दुःखी भएकी र मृत्यु मूलप्रवृत्तिलाई आत्मसात् गरेकी देखिएको छ । करुणा मामासँग रहँदा जीवन मूलप्रवृत्ति र मामा जाँदा मृत्यु मूलप्रवृत्तिको चापमा परेकीले कथामा उसको मानसिकता जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वमा परेको स्पष्ट हुन्छ ।

'व्यर्थता' कथामा करुणाको सहमतिमै विवाह भएकाले उसले पतिबाट पर्याप्त मायाप्रेम चाहेकी छ । उसले आफ्ना बाबुलाई पनि माया र ममता देखाएकी छ । यसले उसको जीवन र प्रेमप्रतिको रुचिलाई देखाएको पाइन्छ । करुणाले आफ्ना पतिबाट पर्याप्त माया चाहेकी भए पनि मनग्य माया नपाउँदा अन्धकार महसुस गरेकी छ र उसको मानसिकतामा निराशा छाएको देखिन्छ । यसबाट उसमा मृत्यु मूलप्रवृत्तिको प्रभाव बढेको देखापर्छ । पतिलाई खाने कुरा बनाएर खुवाउने र सिँगारिएर बाहिर घुमफिरमा निस्केर जीवनप्रतिको आकाङ्क्षा प्रदर्शन गर्दा पनि ऊ सन्तुष्ट भएकी छैन । आफ्नो घरमा आएको मामासँग नजिक भएर पनि उसले आफूमा भएको जीवन र प्रेमप्रतिको भावलाई जगाउन खोजेकी छ । यसो गर्दा पनि मामाको बहिर्गमनसँगै उसको मानसिकतामा मृत्यु मूलप्रवृत्तिको प्रभाव झन् बढ्न गएको छ । यसले गर्दा करुणाको अन्तर्मानसिकतामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचमा मनोद्वन्द्वको स्थिति देखिएको छ । यसरी करुणाको अन्तर्मानसिकतामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(७) स्वामी

'स्वामी' कथाकी कृष्णा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथाको प्रारम्भमै ऊ केशवकी पत्नी भएर देखिएकी छ । विवाह भएर पतिगृह प्रवेश गरेपछि कृष्णा भौतिक सुखसमृद्धि र पतिसुखबाट सम्पन्न भएकी छ । पतिसँग रहन पाउँदा ऊ उत्फुल्ल पनि देखिएकी छ । यस सन्दर्भमा कथामा "उसको सान्निध्य हाँसिरहेको छ । कृष्णाले पाई–संसार सुनौला, दिनहरू रङ्गीन, रात्रि आकर्षक र उषा र बिहान अत्यन्त उत्फुल्ल र लहलहाउँदो" (भिक्षु, २०५२, पृ. ५७) भनिएको छ । यस उद्धरणमा आएको तथ्यबाट कृष्णालाई सबै थोक आनन्ददायक लागेको बुझ्न सकिन्छ । उसलाई संसार सुनौला, दिनहरू रङ्गीन, रात्रि आकर्षक र उषा र बिहान अत्यन्त उत्फुल्ल र लहलहाउँदो लागेका छन् । अझ पतिको माया उसलाई अत्यन्त तुष्टिदायक लागेको छ । यी सबै कुराबाट कृष्णामा जीवन मूलप्रवृत्तिको प्रक्षेपण भएको देखिन्छ । यसैबिच कथामा आनन्दको प्रवेश भएको छ । केशवले आफ्नो साथी आनन्दसँग कृष्णाको परिचय गराउँदै गर्दा उसले साथी भन्ने जीवको आवश्यकता नभएको महसुस गरेकी छ । यस सन्दर्भमा कथामा "उसको जीउमा आगोझैँ लाग्यो र त्यस अपरिचित युवकको प्रति अकारण नै एउटा विद्रोह-भावना उसको हृदयमा उम्लन थाल्यो" (भिक्षु, २०५२, पृ. ५८) भनिएको छ । यस उद्धरणबाट घरमा आइपुगेको युवक आनन्दप्रति कृष्णाको क्रोध र घृणा प्रदर्शित भएको देखिएको छ । उसले आफ्नो शरीरमा आगो

लागेझैँ ठान्दै युवक आनन्दप्रति विद्रोहको भावना प्रकट गरेकी छ। पाहुना बनेर आएको आफ्नै पतिको साथी आनन्दलाई देख्दा कृष्णाको अन्तर्मानसिकतामा देखिएको यस्तो लक्षण मृत्यु मूलप्रवृत्तिको उपज भएको स्पष्ट हुन्छ।

कथामा केशव र आनन्द कुराकानी गर्दै गर्दा आनन्दको हेराइबाट र कुराको सिलसिलामा कृष्णाका बारेमा कुनै चर्चा नभएको पाएपछि ऊ क्रुद्ध भएकी छ। आनन्दलाई पहिले देख्दासाथ उसको मानसिकतामा उम्लेको विद्रोहको भावना झन् तीव्र हुन पुगेको छ। यसबारेमा कथामा "मानो कहीँ पनि उसको महत्ता छैन, मानो कहीँ पनि उसको प्रभाव छैन; ऊ अत्यन्त नगण्य जीव हो" (भिक्षु, २०५२, पृ. ५९) भनिएको छ। यस उद्धरणमा कृष्णाका मानसिकतामा देखिएको निराशाको भाव प्रस्तुत भएको छ। उसले आफ्नो कहीँ पनि महत्ता र प्रभाव नभएको र आफू नगण्य जीव भएको ठानेकी छ। कृष्णामा देखिएको यस्तो सोचाइबाट उसले आफ्नो मानसिकतामा स्वयम्को मूल्य ह्रास भएको ठानेकी छ। यो आफैमा विनाशको सङ्केत हो। कथामा कृष्णाको अन्तर्मानसिकतामा देखिएको यस प्रकृतिको लक्षण मृत्यु मूलप्रवृत्तिको प्रवर्द्धक बनेको पाइन्छ। समयक्रमसँगै आनन्दलाई घृणा र तिरस्कार गर्दै गरेकी कृष्णा बिस्तारै उससँग प्रभावित हुन थालेकी छ। उसको अभिरुचि आनन्दप्रति आकर्षित हुँदै गरेको देखिन्छ। फेरि आफ्नो पति केशवलाई पनि उसले पहिलेभन्दा दोब्बर तेब्बर माया गर्न थालेकी छ। सँगसँगै कृष्णा आनन्दबाट पनि झन् बढी प्रभावित हुँदै गइरहेकी देखिन्छ। यसबारेमा कथामा "उसको लेखाइ, उसको कुरा गर्ने शैली, भाषाको नियन्त्रण, आचारको संयतपना कुनै काममा अलिकति पनि विघ्नसम्म पर्दैन। के त्यो यत्तिको महान् छ, यतिको ठूलो छ अथवा यत्तिको ...?" (भिक्षु, २०५२, पृ. ६५) भनिएको छ। यस उद्धरणमा कृष्णाले आनन्दका हरेक कुरालाई राम्रो देख्दै उसलाई महान् ठानेकी देखिएको छ। उसले आनन्दलाई आफ्ना लागि मन पर्ने पात्र ठानेकी छ। कृष्णामा देखिएको यो किसिमको आनन्दप्रतिको मोह र माया जीवन मूलप्रवृत्तिको सूचक भएको देखिन्छ।

आनन्दबाट मोहित भएकी कृष्णाले एकाएक पतिसँग उसलाई छिटो आफ्नो घरबाट जान भन्नको लागि आग्रह गरेकी छ र तत्कालै आफै अग्रसर भएर आनन्दलाई आफ्नो घर छोड्न भनेकी छ। यस सन्दर्भमा कथामा "आनन्द दाइ तपाईं मेरो एउटा बिन्ती मान्नुहुन्छ भने, नेपालमा भएको यो घर तपाईंको वासस्थान होइन, यतिका दिनसम्म बस्नुभो तर अब यहाँबाट आफ्नो घर जानुभए बेस !" (भिक्षु, २०५२, पृ. ६७) भनिएको छ। यस उद्धरणबाट कृष्णाले पुनः आनन्दलाई घृणा र तिरस्कार गर्न थालेकी देखिएको छ। उसले आनन्दलाई आफ्नो नजिक देख्न चाहेकी छैन। सिद्धान्ततः जीवन मूलप्रवृत्तिले नजिक चाहने र मृत्यु मूलप्रवृत्तिले टाढा र पृथक रहन चाहने भएअनुरूप कृष्णाले आनन्दलाई घर छोड्न भनेको कुरा मृत्यु मूलप्रवृत्तिको द्योतक हो भन्ने देखिन आउँछ। अर्कोतिर फेरि आनन्द गइसकेपछि कृष्णालाई पश्चाताप महसुस भएको छ। यसबारेमा कथामा "देउताको सामुन्ने उसले भुइँमा टाउको टेकेर भनी- प्रभु ! तिमीले दिन ल्याएको ग्रहण गर्न सकिनँ, कुन्नि आफ्नो पापले वा अर्कैको पापले" (भिक्षु, २०५२, पृ. ६८) भनिएको छ। यस उद्धरणमा कृष्णाले आनन्दलाई ग्रहण नगरेर आफूले ठूलो पाप गरेको ठानेकी छ। यसबाट कृष्णा आनन्दप्रति विरक्त नभएर अझै अनुरक्त नै छे भन्ने सङ्केत पाइन्छ। आनन्द गएपछि उसको जीवन मूलप्रवृत्तिजन्य प्रेम पतितर्फ केन्द्रित हुन गएको छ। यस सन्दर्भमा कथामा "पूजाबाट निस्केर गएर उसले पतिलाई दर्शन गरी" (भिक्षु, २०५२,

पृ. ६८) भनिएको छ । यस उद्धरणबाट कृष्णाको जीवनप्रतिको कामना र प्रेमभाव आफ्नै पतितर्फ केन्द्रित भएको देखिएको छ । यसले कृष्णाको जीवन मूलप्रवृत्तिप्रतिको अभिरुचिलाई दर्साएको छ । यसरी कथाको अन्त्यसम्मै कृष्णाको अन्तर्मानसिकतामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिच मनोद्वन्द्वात्मक स्थिति देखिएको पाइन्छ ।

'स्वामी' कथामा कृष्णा विवाहपछि प्रफुल्ल भएकी छ। यसैबिच उसको घरमा आइपुगेको उसकै पतिको साथी आनन्दलाई उसले घृणा र तिरस्कार गरेकी छ । फेरि एकाएक उसले आफ्नो पतिलाई भन्दा आनन्दलाई राम्रो र आफ्ना लागि उपयुक्त पात्रको रूपमा देख्न थालेकी छ । केही समय त उसले पति र आनन्द दुवैलाई माया र ममता दर्साएकी पनि छ । समयक्रमसँगै कृष्णा आफै अग्रसर भएर आनन्दलाई आफ्नो घर छोड्न भनेकी छ। यस लगत्तै उसले त्यसो गरेर आफूले ठूलो भूल गरेको ठानेकी कथामा देखाइएको छ । जीवन मूलप्रवृत्तिबाट प्रेरित हुँदा कृष्णाले प्रेम, सद्भाव, ममता र निकटता चाहेकी र मृत्यु मूलप्रवृत्तिबाट प्रेरित हुँदा भने उसले घृणा, असद्भाव, निष्ठुरता, दूरताको भाव देखाउने गरेकी छ । यसले गर्दा कृष्णा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको स्थितिमा देखिएकी छ । यसरी कथामा कृष्णाको मानसिकतामा मनोद्वन्द्वको स्थिति सिर्जना गरेर जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(८) तपस्या

'तपस्या' कथाकी भामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा गुरूप्रसादकी बहिनी भएर देखिएकी उसको विवाह बाह्र वर्षकै उमेरमा भएको छ र त्यसको दुई वर्षपछि ऊ विधवा भएकी छ। विधवा भएको पनि तीन वर्ष भइसकेकोले कथामा ऊ सत्र वर्षकी यौवना पात्र भएर देखिएकी छ । विवाह भएपछि भामा माइतीमा आश्रय लिएर दाइको संरक्षणमा बसिरहेकी कथामा देखिन्छ । चौध वर्षकै उमेरमा पति मरेर तीन वर्ष वैधव्य जीवन व्यतीत गरिसकेकी भामालाई सबै कुरा अस्तित्वहीन र शून्य लागेको छ । यसलाई भिक्षु (२०५२) ले कथामा यसरी प्रस्तुत गरेका छन् :

> त्यसपछि यताका तीन एकान्त वर्ष विचार र मिथ्या तरङ्गका थिए; जसको न कुनै रूपरेखै थियो न अस्तित्व ! शून्यताका सारा विभूतिहरूले कल्पनाको प्रधानत्वमा उसको साहचर्य गरिरहेका थिए, उसको सारा समाज, सारा दुनियाँ केवल शून्यको अस्तित्वसम्म सीमित थिए । सारा कुरा शून्य थिएँ । (पृ. ७१)

उल्लिखित उद्धरणमा भामाले निराशाले भरिएको शून्यबोध गरेकी देखिएको छ। समाज, दुनियाँ सबै कुरा शून्यकै अस्तित्वमा सीमित भएको उसलाई लागेको छ । उसले वैधव्य भोग्न परेपछिका एकान्त तीन वर्षलाई विचारका दृष्टिले कुनै निश्चित रूपरेखा र अस्तित्व नभएका मिथ्या ठानेकी छ । वैधव्यपछि उसमा विकसित यस्तो वृत्तिले उसलाई मृत्यु मूलप्रवृत्तितर्फ उन्मुख गराइरहेको भन्ने देखिन्छ। यसैबिच उसको घरमा दाइको साथी श्रीनाथ कलकत्तादेखि आएको छ र केही दिनदेखि त्यहीँ बसिरहेको छ । श्रीनाथको उपस्थितिले भामालाई कताबाट हो कुन्नि अलिकति सुख अनुभव भएको छ । यस सन्दर्भमा कथामा भामाले "श्रीनाथ बाबु

पढेलेखेका छन् । उनको हृदयमा सद्भावना छ । फेरि उनी धेरै प्रकारसित सोच्न सक्दछन् । उनले बोलेका कुरा कस्ता हृदयग्राही हुन्छन्" (भिक्षु, २०५२, पृ. ७२) भनेकी छ । यस उद्धरणबाट भामा श्रीनाथप्रति आकर्षित भएकी भन्ने थाहा हुन्छ। यही भएर उसले श्रीनाथलाई पढेलेखेको, हृदयमा सद्भावना भएको, हरेक कुरालाई धेरै प्रकारसित सोच्न सक्ने र हृदयग्राही कुरा गर्ने क्षमता भएको व्यक्ति भनेर प्रशंसा गरेकी छ । यस्तो राम्रो मान्छे आफ्नो घरमा पाउँदा उसलाई सन्तुष्टि प्राप्त भएको छ र उसले सुखको महसुस गरेकी छ । यसरी भामाले श्रीनाथलाई एकतर्फी रूपमा मन पराउन थालेकी देखिन्छ । यसबाट उसको मानसिकतामा जीवन मूलप्रवृत्तिको प्रभाव बढ्दै गरेको देखापर्छ। वैधव्यपछि मृत्यु मूलप्रवृत्तिको चापमा परेकी र श्रीनाथको आगमनसँगसँगै उसको व्यक्तित्वबाट प्रभावित भएर जीवन मूलप्रवृत्तितर्फ आकर्षित हुन थालेकीले ऊ जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ ।

कथामा श्रीनाथ बाहिर निस्कन लागेका बेलामा भामाले उसलाई चिया खाएर जान अनुरोध गरेकी छ । यसैबिच चिया खाने क्रममा भएको कुराकानी र प्रतिक्रियालाई कथामा यसरी देखाइएको छ- "तिम्रो बिहा कुन सालमा भएको थियो रे ? ... यस अप्रत्यासित प्रश्नको उत्तर दिनुको ठाउँमा हतबुद्धिझैं भएर विस्फारित नेत्रले भामा उनको मुखतिर टोल्हाएर हेर्न थाली ... एकाएक श्रीनाथलाई भूल गरेछु भन्ने लागेछ र फेरि भन्न थाले––क्षमा गर दुःखी पनि नभए" (भिक्षु, २०५२, पृ. ७४) । यस उद्धरणमा श्रीनाथले भामाको विवाहसँगै उसको वैधव्य जीवनका बारेमा बुझ्न चाहेको देखिन्छ । कुराकानीका सिलसिलामा यसरी भामाको दुःख र वेदनाका बारेमा वास्तविकता थाहा पाउन चाहनु उचित नै भए पनि भामा भने आफ्नो विवाहका बारेमा श्रीनाथले राखेको जिज्ञासाबाट दुःखी भएकी र सोधाइको जवाफ नदिई एकाएक टोलाउन पुगेकी छ । उसको मनमा दुःख लागेको बुझेर श्रीनाथले क्षमा माग्दा पनि ऊ सन्तुष्ट हुन सकेकी देखिँदैन । बरु श्रीनाथको कुराबाट भामाले बिर्सिसकेको वैधव्यलाई सम्झिएकी छ । यसरी भामाको मानसिकतामा एकाएक बल्झिन पुगेको वैधव्यको व्यथा र पीडाले ऊ मृत्यु मूलप्रवृत्तिको चापमा परेकी देखिन्छ ।

कथामा भामाले आफू सबैको कष्टसूत्र भएको कुरा व्यक्त गरेकी छ । यस सन्दर्भमा कथामा "अहो ! म सबैको कष्टसूत्र हुँ । इच्छा तथा कुनै चेष्टा नहुँदा नहुँदै पनि, म सबै ठाउँमा दुःखकै सृष्टि गर्दै जान लागिरहिछु । कस्तो विधान हो !" (भिक्षु, २०५२, पृ. ७६) भनिएको छ । यस उद्धरणमा वैधव्यको पीडाले गर्दा भामा सारै दुःखी बनेकी देखिएको छ । उसले आफूलाई सबै ठाउँमा दुःखको सृष्टि गर्दै जाने कारक ठानेकी छ । नचाहँदा नचाहँदै पनि दुःखको सृष्टिकर्ता बन्न परेकामा ऊ निराश भएकी छ । यसले गर्दा ऊ जीवनप्रति नै शून्य र उदासीन भएकी छ। भामाको मानसिकतामा देखिएको यस्तो लक्षण मृत्यु मूलप्रवृत्तिको सूचक हो । यसैबिच कथामा श्रीनाथ आफ्नो घर फर्किन लागेको बेलामा भामा उसको मुखमा हेरेर टोलाएकी छ । यस सन्दर्भमा कथामा "एकछिनसम्म भामा स्तम्भितझैं भएर श्रीनाथको मुखमा हेरी टोलाएको टोलाएकै भई" (भिक्षु, २०५२, पृ. ८१) भनिएको छ । यस उद्धरणबाट आफ्नो घर जान लागेको श्रीनाथलाई भामाले बिदा दिन नचाहेकी जस्तो देखिन्छ । उसको मनले श्रीनाथ यही बसोस् भन्ने चाहेको हुन सक्छ । भित्रभित्रै जीवनका लागि आलम्बन ठानेको पात्रलाई आफ्नो नजिकमै चाहनु जीवन मूलप्रवृत्तिको सूचक हो । यस तथ्यले भामालाई

जीवन मूलप्रवृत्तिबाट प्रेरित बनेकी देखाएको छ । लगत्तै भामाले श्रीनाथलाई बिदा दिएकी पनि छ । यस सन्दर्भमा कथामा "हुन्छ त जानुस्" (भिक्षु, २०५२, पृ. ८१) भनिएको छ । कथामा आएको यस उद्धरणबाट भामाले श्रीनाथलाई जानुहोस् भन्ने आदेशात्मक कथनका माध्यमबाट आफूदेखि टाढा पठाउन चाहेकी देखिएको छ । यस्तो विछोड वा पृथकताको सूचक कथनले फेरि मृत्यु मूलप्रवृत्तिको सङ्केत गरेको देखिन्छ । यसरी उल्लिखित विविध सन्दर्भबाट कथामा भामाका अन्तर्मानसिकतामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वात्मक स्थिति सिर्जना भएको स्पष्ट हुन्छ ।

'तपस्या' कथाकी भामा वैधव्य भोग्न परेर त्यसबाट सिर्जना भएको अस्तित्वहीनता र शून्यताले गर्दा मृत्यु मूलप्रवृत्तितर्फ उन्मुख हुँदै गएकीमा श्रीनाथको आगमनसँगै उसबाट आकर्षित भएर ऊ जीवन मूलप्रवृत्तितर्फ उन्मुख भएकी देखिएको छ । फेरि श्रीनाथ उसको घर छोडेर जान लाग्दा ऊ मृत्यु मूलप्रवृत्तिको प्रभावमा परेकी छ । यसरी भामालाई जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(९) रक्सीबाज

'रक्सीबाज' कथाका तारानाथ र मञ्जेश्वरी जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथामा यी दुई पात्रलाई सौतेनी नालतर्फका दाइ र बहिनी भनेर देखाइएको छ । तारानाथको लत रक्सीसेवनमा बसेको छ । दाइको त्यस्तो बानी छुटाउन बहिनी मञ्जेश्वरी लागिपरेकी छ । उसले "होइन दाइ यस्तो पनि हो ! दिनरात बाआमा सबैको गाली कसरी खप्नुहुन्छ तपाईं ? मेरो बिन्ती मान्नुस् यो रक्सी त खान पनि नहुने, फेरि यसले जीउ पनि बिगार्ने !" (भिक्षु, २०५२, पृ. ९६) भनेकी छ । यस उद्धरणमा मञ्जेश्वरीले दाइको लागि हितपरक कुरा गरेर उसलाई सम्झाउन लागेकी छ । दाइ तारानाथको रक्सी खाने बानी छुटाएर ऊ सबैका अगाडि राम्रो मानिस भएर हिँडेको देख्ने सुभेच्छा मञ्जेश्वरीको देखिन्छ । उसले दाइलाई रक्सीसेवन गर्दै हिँड्दा बाबुआमाले पनि गाली गर्ने र शरीरलाई पनि बेफाइदा गर्ने भएकोले त्यसो नगर्न भनेकी छ । यस कुराले उसको दाइप्रतिको माया र ममतालाई दर्साएको छ । यो आफैमा जीवन मूलप्रवृत्तिको सूचक हो ।

तारानाथ आफ्नो नालतर्फको एक्लो भएकाले गर्दा ऊ घरपरिवारमा हेपिएको छ । यस सन्दर्भमा कथामा "हेला, अपमान, व्यङ्ग्य र तिरस्कारहरूले गर्दा पढ्नु लेख्नु जम्मै छोडी खाली बोतल वारुणीको सेवन नै तारानाथको एक मात्र उपासना हुन गयो" (भिक्षु, २०५२, पृ. ९७) भनिएको छ । यस उद्धरणबाट तारानाथ घरपरिवारको नराम्रो व्यवहारबाट पीडित भएको भन्ने देखिएको छ । घरका सदस्यहरूले उसलाई हेला, अपमान र तिरस्कार गर्ने गरेका छन् । यसले गर्दा ऊ पढ्नेलेख्ने काम छोडेर रक्सीसेवनको लतमा लागेको छ । असल र सिर्जनात्मक बाटो छोडेर रक्सीसेवन गर्दै बिग्रने बाटोमा लागेको तारानाथ मृत्यु मूलप्रवृत्तिबाट प्रेरित भएको देखिन्छ । अर्कोतर्फ उसले बहिनी मञ्जेश्वरीलाई हार्दिक माया गर्ने गरेको छ । यस सन्दर्भमा उसले कथामा "एउटा तेरो माया लाग्छ, तर खोइ तँ पनि त ..., अब तेरो बिहा पनि त हुने भइसक्यो, अर्का घरमा गइहाल्छेस् खोइ ..." (भिक्षु, २०५२, पृ. ९९) भनेको छ । यस उद्धरणमा तारानाथले बहिनी मञ्जेश्वरीलाई मायालु व्यवहार देखाएको पाइन्छ ।

बहिनी विवाह भएर जाने भएकीले ऊ गएपछि कसलाई माया गर्ने भनेर तारानाथ सोचमग्न भएको छ । यसरी बहिनीप्रति तारानाथले दर्साएको माया र ममताको भावले जीवन मूलप्रवृत्तिको सङ्केत गरेको छ ।

कथामा मञ्जेश्वरीको इयरिङ हराएको घटना देखाइएको छ । त्यसको दोषारोपण दाइ तारानाथलाई लगाइनेछ भन्ने कुराले बहिनी चिन्तित भएकी छ । यस सन्दर्भमा कथामा "इयरिङ हराउनुमा त्यसले आफैलाई अपराधी मानेकी थिई र त्यो अपराध कतै यताउति फाल्ने लोभ पनि उसमा थिएन" (भिक्षु, २०५२, पृ. १०१) भनिएको छ । यस उद्धरणबाट मञ्जेश्रीले आफ्नो इयरिङ हराउनुमा आफैलाई अपराधी ठानेकी देखिएको छ । त्यसको दोष कसैमाथि लगाउने आकाङ्क्षा पनि उसले राखेकी छैन । आफूले आफैलाई अपराधी र दोषी देख्नु, दुःख अनुभव गर्नु आदि मृत्यु मूलप्रवृत्तिअनुकूलका सङ्केत मानिन्छन् । यसले गर्दा मञ्जेश्वरी मृत्यु मूलप्रवृत्तिबाट प्रेरित देखिएकी छ । इयरिङ हराएकोले मञ्जेश्वरी चिन्तित भएकी छ । बहिनीको चिन्तित अवस्था देखेर तारानाथले "भोलि नै ल्याइदिउँला । रातभरिमा नै तेरो रित्तो कान कतै उडेर त जाने होइन !" (भिक्षु, २०५२, पृ. १०२) भनेको छ । यस उद्धरणमा तारानाथले बहिनीप्रति सहृदयता एवम् ममता दर्साएको छ । उसले इयरिङ हराएर चिन्तित भएकी बहिनीलाई भोलि नै ल्याइदिउँला भनेर सान्त्वना दिएको छ । बहिनीले पनि रक्सीबाज दाइलाई रेखदेख र माया गरिरहेकी छ । यस सन्दर्भमा कथामा "बल्ल मञ्जेश्वरीले आँसु पुछी, बोतल, गिलाँस उठाएर आल्मारीमा राखी । फेरि ताल्चा मारेर साँचो आफूसितै राखेर भनी 'दाजु अब सुत्नुहोस् बिहान कपाल दुख्ला !" (भिक्षु, २०५२, पृ. १०३) भनिएको छ । यस उद्धरणबाट मञ्जेश्वरीले रक्स्याहा दाइ तारानाथलाई मायालु व्यवहार गर्ने गरेकी देखिएको छ । परिवारका अरू सबैबाट हेपिएको दाइलाई उसले सम्झाउने बुझाउने गर्नुका साथै रेखदेख गर्ने गरेकी छ । दाजु र बहिनीमा देखिएको यस्तो परस्परको माया र ममता जीवन मूलप्रवृत्तिको कारक हो । कथामा आएका यी सन्दर्भले तारानाथ र मञ्जेश्वरी दुवै पात्र जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

कथामा तारानाथका बाबु कालगतिले स्वर्गे भएका छन् । क्रियाकर्मको काम पनि सम्पन्न भइसकेको छ । कानुन र परम्पराअनुसार अंशबन्डाको कार्य पनि सम्पन्न भएको छ । यसपछिको एक दिन राति सबै खाना खाएर सुतिसकेपछि तारानाथ बडबडाउन थालेको कथामा देखाइएको छ । उसले बहिनीलाई सङ्केत गर्दै "अब त कहिले पनि आउँदिन; लौ त, हालोस् यहाँ पाइलो थाप्लो नफोरी कहाँ छोड्छु र ?" (भिक्षु, २०५२, पृ. १०६) भनेको छ । यस उद्धरणमा तारानाथ आफूले माया र ममता गर्दै आएकी बहिनीप्रति अकस्मात् यसरी घृणामा उत्रिएको देखाइएको छ । उसले बहिनीलाई आफ्नो कोठामा पाइलो हालेमा थाप्लो फोर्छु भनेर बम्किएको छ । अर्कोतर्फ दाइलाई माया गर्ने बहिनी पनि तारानाथसँग देखिन छोडेकी भन्ने सङ्केत तारानाथको कथनबाट खुलेको छ । पहिले परस्पर माया गर्ने दाइबहिनीका बिचमा पछि आएर दूरी बढेको अनि घृणाको स्थिति देखिएकाले गर्दा तारानाथ र मञ्जेश्वरी दुवै पात्रका अन्तर्मानसिकतामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिच मनोद्वन्द्वको स्थिति देखिएको छ ।

'रक्सीबाज' कथामा तारानाथ र मञ्जेश्वरी दाइ र बहिनी एकातिर एकले अर्कालाई हार्दिकतापूर्वक माया र ममता दर्साएर जीवन मूलप्रवृत्तिबाट निर्देशित भएका छन् । अर्कातिर परस्परको बढ्दो दूरीले गर्दा मृत्यु मूलप्रवृत्तिबाट प्रभावित भएका देखिन्छन् । यसरी दुई पात्रका

अन्तर्मानसिकतामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(१०) सैतानको सैतानी

'सैतानको सैतानी' कथाकी रजिया जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा वाहिदकी पत्नी भनेर चिनाइएकी ऊ घरगृहस्थी चलाएर बसेकी छ । उसका छओटा छोराछोरी छन् । उसको पति वाहिद सहरमा सुइङ्ग मेसिन राखी दर्जीको काम गर्दै आएको छ । त्योबाहेक अर्को आम्दानीको स्रोत देखिँदैन । वाहिदले दिनभरि कमाएको पैसा पत्नीको हातमा बुझाउने गरेको छ । त्यही पैसाले रजियाले घर व्यवहार चलाउँदै आएकी छ । यस सन्दर्भमा कथामा "रजिया अलि तेज मिजाज अर्थात् चर्को स्वभावकी स्त्री ... व्यस्ततापूर्वक खानेकुरा तयार गर्थी र कसैलाई कुट्दै, कसैमाथि रिसाउँदै तेजीसाथ तलमाथि गर्ने केटाकेटीहरूलाई र लोग्नेलाई खुवाउने काममा लागिहाल्थी" (भिक्षु, २०५२, पृ. ११०) भनिएको छ । यस उद्धरणबाट घरको सबै चाँजोपाँजो र व्यवस्थापनमा रजियाको क्रियाशीलतालाई बुझ्न सकिन्छ । उसको पति वाहिदले आफूले कमाएर ल्याएको जम्मै पैसा रजियाकै हातमा थमाउने गरेको छ । त्यसैबाट उसले घर चलाउने गरेकी छ । केटाकेटी र पतिलाई खुवाउने पिवाउने सबै काममा उसको सक्रियता देखिन्छ । उसको सक्रियतालाई हेर्दा कथामा ऊ जीवन मूलप्रवृत्तिबाट निर्देशित देखिएकी छ ।

कथामा रजियाको स्वभाव फरक प्रकृतिको छ । उसको स्वभावको बारेमा कथामा "छोराछोरी सबैलाई ख्वाउनु र आएको पैसामा केही गरेर केही बचत गर्ने चेष्टामा नै उसका सारा सोचाइ र चिन्ताहरू व्यस्त रहन्थे । ... खुदामाथि वाहिदझैँ उ निर्भर रहन सक्तिनथी; आफ्नो कार्यदक्षताबाहेक अरू कसैमा उसको विश्वास थिएन " (भिक्षु, २०५२, पृ. ११०) भनिएको छ । यस उद्धरणबाट रजिया छोराछोरी घरपरिवारका सबैलाई खुवाएर बाँकी रहेको पैसा राम्ररी वचत गर्न रुचाउने स्वभावकी छ । उसलाई उसको पति वाहिदको जस्तो खुदामाथि विश्वास देखिँदैन । बरु उसले आफ्नो कार्यदक्षतामा बढी विश्वास गर्ने गरेकी छ । यसले उसलाई जीवन मूलप्रवृत्तिबाट निर्देशित देखाएको छ । यसैबिच कथामा रजियाको बूढो भएको बाबु मरेको खबर आएको छ । बूढाका हकवाला कोही नभएकोले उसको सम्पत्तिको अधिकारिणी रजिया देखिएकी छ । यस सन्दर्भमा कथामा "दोस्रो दिन वाहिदले देख्यो कि उसको अगाडि राम्रा राम्रा खाने कुरा पस्किएर आए" (भिक्षु, २०५२, पृ. १११) भनिएको छ । यस उद्धरणमा रजियालाई खुसी भएकी देखाइएको छ । उसका बाबुका ऊबाहेक कोही सन्तान नभएकाले बाबु मरेपछि सबै सम्पत्ति आफ्नो नाममा आउने भयो भनेर उत्साहित भई उसले घरमा मीठामीठा परिकार बनाएर खुवाएकी छ । रजियाको यस किसिमको क्रियाशीलतालाई जीवन मूलप्रवृत्तिले नै उत्प्रेरित गरेको छ ।

कथामा बाबुको सम्पत्ति आफूलाई आउने भयो भन्ने भएपछि उसले पतिको कमाइलाई तुच्छ देख्दै घृणावृत्ति आत्मसात् गर्ने लक्षण देखाएकी छ । वाहिदले दिनभरि काम गरेर कमाएको पैसा लिई साँझ घर पुगेर रजियाको हातमा हालिदिँदा उसले त्यो पैसा हुऱ्याएकी छ । रजियाले "यति जाबो पैसा लिएर काम चल्दैन; यसरी कहाँसम्म चिच्चाईचिच्चाई मरुँ ! यी यतिका औलाद लिएर अब यस रोजीको कमाइमा गुजारा हुन सक्ने छैन है ! म त सफा

भनिरहिछु ।" (भिक्षु, २०५२, पृ. ११२) भनेकी छ । यस उद्धरणमा रजियाले पतिको कमाइलाई घृणा गर्दै तुच्छ ठानेकी देखाइएको छ । उसले हाँकका साथ यति जाबो पैसाले काम चल्न सक्तैन पनि भनेकी छ । उसका अनुसार यति ठूलो परिवार चलाउन बाहिदको कमाइले पुग्ने सम्भावना नै छैन । पतिको कमाइलाई र पतिलाई मात्र होइन छोराछोरीप्रति पनि रजियाले घृणात्मक वृत्ति आत्मसात् गर्न थालेकी छ । यस सन्दर्भमा कथामा "रजियाले एक पटक लोग्नेतिर हेरी; वाहिदको आकृतिमा उसलाई एउटा जिउँदो दरिद्रीको रूप देखा पर्न गयो । ... एकाएक रजियामा ती आफ्नै छोराछोरीहरूमाथि विकट घृणाको प्रादुर्भाव भयो । ती बच्चाहरू फोहोर नालीमा चल्मलाइरहेका कीराहरूझैं स्याऊँस्याऊँ गरिरहेका जस्ता लागे" (भिक्षु, २०५२, पृ. ११३) भनिएको छ । यस उद्धरणमा रजियाले पति र छोराछोरीलाई पनि तुच्छ व्यवहार गर्न थालेकी देखिएको छ । उसलाई बाबुको दौलत प्राप्त भए पनि दरिद्र वाहिदले सबै स्वाहा पार्नेछ भन्ने चिन्ता लागेको छ । छोराछोरीप्रति पनि उसको घृणाभाव सुरु भएको छ । उसले आफैले जन्माएका छोराछारीहरूलाई फोहोर नालीमा चल्मलाइरहेका कीराहरूझैं स्याऊँस्याऊँ गरिरहेका जस्ता देख्न थालेकी छ । वाहिद पति हो र छोराछोरी उससँगको संसर्गबाट आफूले जन्माएका हुन् भन्ने सोच्दा रजियाले आफैलाई पनि घृणा गर्दै गरेकी देखिएको छ । उसलाई वाहिदका अल्लाह, शान्ति शब्द, घरको वातावरण आदि सबै कुरा अनुपयुक्त लाग्न थालेका छन् र पति वाहिदको अनुहार हेर्न पनि मन लाग्न छोडेको छ । रजियाको यस्तो चारित्रिक स्थिति मृत्यु मूलप्रवृत्तिबाट निर्देशित देखिएको छ ।

कथामा रजियाको मरेको बाबुले आफू नमर्दै धर्मपुत्र बनाएको र उसको सबै सम्पत्ति त्यही धर्मपुत्रको हक लाग्ने भन्ने खबर प्राप्त भएको छ । बाबुको सम्पत्ति पाउने भएँ भनेर परिवारप्रति घृणात्मक वृत्ति आत्मसात् गरेकी रजिया यस खबरबाट झन् आहत भएकी छ । उसले चिच्चाउँदै कथामा पतिलाई "तैँ बेकूफ, दरिद्रीले गर्दा यस्तो भएको हो ! मैले त पहिले नै जान खोजेथेँ, तर तेरो दरिद्रपनाले किन जान दिन्थ्यो" (भिक्षु, २०५२, पृ. ११५) भनेकी छ । यस उद्धरणले रजियामा पतिप्रति झन् बढी घृणाभाव बढ्न थालेको देखाएको छ । उसले पतिकै कारणले गर्दा समयमै बाबुको घर नगएको हुनाले प्राप्त हुनै लागेको दौलत गुमेको ठानेकी छ । घृणा र रिसको आवेगमा आएर उसले पतिलाई बेकूफ भन्दै गाली गरेकी देखिन्छ । कथामा उसले पतिलाई आफ्ना घिनलाग्दा छोराछोरीलाई आफै पाल; म केही गर्न सक्दिनँ भन्दै कराएकी पनि छ । रजियामा देखिएको घृणा र रिसको आवेगका बारेमा कथामा "क्रोध असहनीय भएको बेलामा खाना पकाउने माटोको पुरानो हन्डीलाई उसले बाहिर हुर्च्याएर फुटालिदिई" (भिक्षु, २०५२, पृ. ११५) भनिएको छ । यस उद्धरणमा रजियाको मानसिकतामा रिसको मात्रा बढ्न गएकोले ऊ तोडफोडमा उत्रिएकी देखिएको छ । उसले पति र छोराछोरीप्रति रिस र घृणा व्यक्त गर्न खाना पकाउने माटोको हुन्डी बाहिर फालेर फुटाउनुका साथै यसरी चल्न नसक्ने र छोराछोरीको चाकरी पनि आफूले गर्न नसक्ने भनेकी छ । कथामा बाबु मरेको खबर थाहा पाएदेखि अन्त्यसम्मका क्रियाकलापमा रजिया यस प्रकारसँग घृणा, क्रोध र झैझगडामा उत्रिएकी छ । यसबाट ऊ मृत्यु मूलप्रवृत्तिबाट निर्देशित भएर अघि बढेकी छ भन्ने प्रस्ट हुन्छ । कथाको प्रारम्भमा जीवन मूलप्रवृत्तिबाट निर्देशित भएकी रजिया कथानकको विस्तार हुँदै अन्त्यसम्म आइपुग्दा मृत्यु मूलप्रवृत्तिको चरम प्रभावमा

परेकी देखिएबाट कथामा उसको अन्तर्मानसिकता जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको चापमा परेको स्पष्ट हुन्छ ।

'सैतानको सैतानी' कथाकी रजिया प्रारम्भिक चरणमा घरव्यवहार, छोराछोरीको रेखदेख, लालनपालन, पति र छोराछोरीलाई खुवाउनु पिवाउनुजस्ता कार्यमा क्रियाशील भई जीवन मूलप्रवृत्तिलाई आत्मसात् गरेकी देखिए पनि क्रमशः कथानकको विस्तारसँगैका पछिल्ला घटनामा पति, छोराछोरी, घर एवम् घरको वातावरणप्रति समेत घृणा, तिरस्कार, रिस र आवेगलाई आत्मसात् गरेर मृत्यु मूलप्रवृत्तिबाट निर्देशित भई अघि बढेकी देखिएको छ । यसरी रजियालाई जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(११) अब म त्यस पसलमा सिगरेट किन्दिनँ

'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथाकी पसल्नी युवती जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा उसलाई काठमाडौँबाट पाटनतिर जाने बागमती पुलवारिको बाटोमा पसल गरेर बसेकी देखाइएको छ । उसले पसलमा किन्न आउने र त्यतिकै आउने मानिसलाई पनि प्रेमपूर्ण व्यवहार गर्ने गरेकी छ । त्यसैले उसको पसलमा व्यापार पनि राम्रो हुँदै गएको छ । कथाको म पात्र पाटनतिर कामविशेषले जानेआउने गर्दा उसकै पसलमा सिगरेट किनेर खाने गरेको छ । त्यहाँबाट उसले उधारोमा पनि सिगरेट लिने गरेको देखिन्छ । जानेआउने गर्दै गर्दा पसल्नी युवतीले म पात्रलाई आदरसम्मान र विश्वासको भावनाले हेर्न थालेकी भन्ने कुरा म पात्रले खुलाएको छ । यस सन्दर्भमा उसले "कदाचित् मेरोप्रति उसमा सृजित सम्मानकै यो भावना थियो कि उसले मलाई देख्नेबित्तिकै हात जोडी नमस्कार गर्न लागेकी थिई जो अन्य ग्राहकहरूलाई उसले गरेकी मैले कहिल्यै देखेको थिइनँ" (भिक्षु, २०६३, पृ. २५) भनेको छ । यस उद्धरणले युवतीको व्यवहार प्रेम र सद्भावपूर्ण भएको देखाएको छ । अझ उसको प्रेम र अनुरागपूर्ण आशक्ति म पात्रतर्फ विशेष रूपमा केन्द्रित हुँदै गएकोले गर्दा उसले म पात्रलाई देख्नेबित्तिकै हात जोडेर नमस्कार गर्ने गरेकी छ । यसबाट ऊ जीवन मूलप्रवृत्तिकेन्द्रित चरित्र हो भन्ने देखिन्छ ।

कथाको अन्त्यमा चारपाँच महिनापछि म पात्रले डिल्लीबजारबाट नयाँ सडक जाने बाटोमा एक जना प्रौढा आइमाईसँगै हिँडिरहेकी पसल्नी युवतीलाई भेटेर उसको बारेमा सोधपुछ गर्दा कथामा युवतीले "के रे, किन चाहियो तपाईंलाई म कहाँ थिएँ, के गरिरहेकी छु ...?" (भिक्षु, २०६३, पृ. ३०) भनेकी छ । यस उद्धरणबाट युवतीले म पात्रलाई अपरिचितलाई जस्तो व्यवहार गरेकी देखिएको छ । उसले म पात्रलाई बेवास्था गर्नुका साथै त्यत्रो समयको चिनजान र आत्मीयतालाई पनि बिर्सिएकी छ । म पात्रले धेरै समयसम्म नदेख्दा र एक्कासी बाटोमा भेट भएको बेलामा नराम्रो केही नभनी सन्चो बिसन्चो मात्र सोधेकोमा उसले किन चाहियो तपाईंलाई भन्दै आफ्नो बारेमा केही नसोध्न भनेकी पनि छ । यसो भनेर ऊ म पात्रसँग झर्किएकी र आक्रोशित भएकी देखिन्छ । यस तथ्यले युवतीलाई मृत्यु मूलप्रवृत्तिउन्मुख हुँदै गएकी देखाएको छ । म पात्रको थप जिज्ञासामा कथामा उसले घृणापूर्ण स्वरमा "तपाईंलाई थाहा छैन म कहाँ छु ? जहाँ भए पनि कसैलाई केको चासो ? बडो सोध्ने भएका, कहाँ गएँ,

के गर्छु, कहाँ, वाह ...” (भिक्षु, २०६३, पृ. ३०) भनेकी छ । यस उद्धरणमा युवतीको पारा झन् आक्रोशपूर्ण देखिएको छ । उसले म पात्रलाई आफू जहाँ भए पनि कसैलाई केको चासो भन्दै बडो सोध्ने भएको पनि भनेकी छ । यसबाट उसले आफ्नो बारेमा कसैले केही कुरा सोध्न र बुझ्न आवश्यक नरहेको भन्ने देखाउन खोजेकी छ । यति मात्र होइन पसल्नी युवतीले म पात्रलाई घृणापूर्ण रूपमा लल्कारेकी र एकदम शत्रुतापूर्ण एवम् आक्रामक व्यवहार देखाएकी छ । पहिले म पात्रलाई प्रेमपूर्ण व्यवहार गर्ने युवतीले पछि आएर घृणापूर्ण व्यवहार देखाएकीबाट ऊ जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ ।

‘अब म त्यस पसलमा सिगरेट किन्दिनँ’ कथामा सबैसँग प्रेमपूर्ण र आदरसम्मानयुक्त व्यवहार गरेर आफ्नो पसल व्यवसाय गर्दै गरेकी पसल्नी युवती जीवन मूलप्रवृत्तिबाट निर्देशित चरित्रलाई आत्मसात् गर्दै अघि बढेकी देखिएको छ । उसले म पात्रलाई पनि प्रेमपूर्ण व्यवहार गर्ने गरेकी छ । कथाको अन्त्यको घटनामा भने उसले म पात्रलाई शत्रुतापूर्ण र घृणायुक्त व्यवहार देखाएर लल्कारेकी पाइन्छ । उसको यस्तो व्यवहार मृत्यु मूलप्रवृत्तिबाट निर्देशित भएकाले गर्दा ऊ कथामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको चपेटामा परेकी देखिएको छ । यसरी नारी पात्र पसल्नी युवतीको अन्तर्मानसिकतामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिच मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

२.५ निष्कर्ष

भवानी भिक्षुका कथामा व्यक्ति पात्रका मानसिकतामा विपरीत भाव, विचार र इच्छा जागरित गराएर आन्तरिक द्वन्द्वविधानलाई प्रस्तुत गरिएको पाइन्छ । उनका कथाका पात्र इदम्को यौनजन्य प्रभावमा परेर समाजमा अस्वीकार्य हुने किसिमले प्रस्तुत हुन खोजिरहेकामा तत्काल अहम् क्रियाशील भई सामाजिक शिष्टता र मूल्यलाई बचाउन अग्रसर भएका देखिन्छन् । यसले गर्दा पात्र इदम् र अहम्का बिचको मनोद्वन्द्वको चापमा परेका पाइन्छन् । ‘गुकेशरी’ कथामा विवाहको प्रसङ्ग र केटी हेर्न आउनेले गुनकेशरीलाई मन नपराई बहिनीलाई मन पराएपछिको विकसित घटनाक्रमसँगै उसको मनोदशा इदम् र अहम्का बिचको द्वन्द्वमा परेको छ । ‘प्रेमको एउटा कथा’ कथामा गोमती इदम्को कामनाबाट प्रेरित भएर पुरुषको सामीप्यताको खोजीमा लागेकीमा अहम्बाट निर्देशित समाजको अनुशासनले भने उसको त्यस्तो कार्यलाई अनुचित ठान्दा ऊ इदम् अहम्का बिचको मनोद्वन्द्वमा परेकी छ । ‘अनि ....?’ कथाकी रत्नमाया इदम्बाट प्रेरित भएर टोलछिमेककै युवकसँग प्रेम गरेकी भए पनि उसैको अहम्ले त्यस्तो प्रेमलाई नरुचाउँदा उसको मनोदशा इदम् अहम्का बिचको द्वन्द्वमा परेको देखिन्छ । ‘त्यो फेरि फर्कला ?’ कथाकी सानी इदम्को कामनाले गर्दा यात्रीप्रति आकर्षित भएकी देखिए पनि उसको अहम्ले निरुत्साहित गरेपछि उसको मनोदशा इदम् र अहम्का बिचको द्वन्द्वमा परेको छ । ‘मैयाँसाहेब’ कथाका मैयाँ र अजय इदम्बाट प्रेरित भएर एकले अर्कालाई प्रेम गरेका भए पनि अहम्जन्य परिस्थितिको कारणले गर्दा इदम्को अपेक्षा बाधित भएपछि मनोद्वन्द्वमा परेका छन् । ‘टाइपिस्ट’ कथाका शान्ति र मीना इदम्बाट प्रेरित भएर युवक कर्मचारीसँग आकर्षित भएका छन् । फेरि अहम्को दबाबको कारणले गर्दा युवकसँग खुलेर कुरा गर्न र नजिक हुन सकिरहेका छैनन् । यसले गर्दा दुवै पात्र इदम् र अहम्का बिचको

मनोद्वन्द्वमा परेका देखिन्छन् । भिक्षुका 'प्रेमको एउटा कथा' र 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथाका पात्र पनि इदम् र अहम्का बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

भिक्षुका कथामा इदम्ले समाजको इच्छाभन्दा विपरीत गएर पात्रलाई यौनजन्य क्रियामा प्रेरित गरिरहँदा त्यसका विरुद्धमा आदर्श, नैतिकता, मर्यादालाई उत्साहित गर्ने पराहम्लाई अग्रसर गराएर इदम् र पराहम्का बिचको द्वन्द्वलाई प्रस्तुत गरिएको छ । उनको 'गुनकेशरी' कथामा गुनकेशरीको पुरुषप्रतिको रुचि, आफ्नो विवाह होस् भन्ने चाहना, विवाहपछि पनि विजयप्रति देखाएको लगाव आदिले उसको इदम्को कामनालाई देखाएका छन् । अर्कोतिर पराहम्को प्रभावको कारणले गर्दा उसका सबै इदम्का कामना बाधित भएका देखिन्छन् । यसले गर्दा ऊ इदम् र पराहम्का बिचको मनोद्वन्द्वको चापमा परेकी छ । 'प्रेमको एउटा कथा' कथाकी गोमती इदम्को कामनाबाट प्रेरित भएर पुरुषको सामीप्यता पाउन अग्रसर भएकी देखिए पनि उसको पराहम् भने इदम्का विरुद्ध देखिएको छ । यसले गर्दा ऊ मनोद्वन्द्वमा परेकी छ । 'अनि....?' कथाकी रत्नमायाको इदम् आफ्नै टोलछिमेकमा बस्ने युवक गोविन्दसँग प्रेममा रत्तिएको छ । उता उसको पराहम् भने पारिवारिक आदर्श र मर्यादालाई उलङ्घन गर्न हच्किएकाले ऊ इदम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेकी छ । 'रमा' कथाकी रमा इदम्बाट प्रेरित भएर युवकको खोजीमा लागेकी भए पनि पराहम्को दबाबले गर्दा आफ्नो पारिवारिक आदर्श र मर्यादाको कारण देखाएर पुरुषसँग टाढिएकी छ । यसबाट उसको मनोदशा इदम् र पराहमका बिचको द्वन्द्वमा परेको देखिन्छ । 'व्यर्थता' कथाकी करुणा घरमा पति हुँदाहुँदै इदम्प्रेरित भएर सहर घुम्ने र मामासँग नजिकिने गरेकी छ । उसैको पराहम्ले भने उसको त्यस्तो प्रयत्नलाई अस्वीकार गरेको देखिन्छ । यसले गर्दा ऊ इदम् र पराहम्का बिचको मनोद्वन्द्वमा परेकी छ । 'तपस्या' कथामा भामाको इदम्ले वैधव्यताप्राप्तिपछि कुण्ठित भएको क्षतिलाई पुनः प्राप्त गर्ने आधारको रूपमा श्रीनाथलाई आत्मसात् गर्न खोजेको छ । उसैको पराहम्ले भने इदम्को कामनामाथि अवरोध सिर्जना गरेको छ । यसले गर्दा ऊ इदम् र पराहम्का बिचको मनोद्वन्द्वको चापमा परेकी छ । भिक्षुका 'तपस्या', 'स्वामी', 'मैयाँसाहेब', 'टाइपिस्ट' र 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथाका पात्र पनि इदम् र पराहम्का बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

भिक्षुका कथामा जीवन, प्रेम, आशक्ति र रचनात्मक कार्यको रूपमा प्रस्तुत हुने जीवन मूलप्रवृत्ति र घृणा, क्रोध, झैझगडा, दुःख र विनाशको रूपमा प्रस्तुत हुने मृत्यु मूलप्रवृत्तिका बिचमा पात्रका अन्तर्मानसिकतामा तानातानीको स्थिति सिर्जना गरेर यी दुई मूलप्रवृत्तिका बिचको द्वन्द्वलाई देखाइएको छ । उनको 'गुनकेशरी' कथाकी गुनकेशरीका मानसिकतामा देखिएका आदर्श, मर्यादा, कर्तव्य, मायाप्रेमप्रतिको लगाव आदिबाट ऊ जीवन मूलप्रवृत्तिको प्रभावमा परेकी छ । अर्कोतिर ऊ घृणा, तिरस्कार, त्याग, हाहाकार र मूर्च्छना आदिको दबाबमा पनि परेकी छ । यसबाट ऊ जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी देखिन्छ । 'प्रेमको एउटा कथा' कथाकी गोमती मायाप्रेम र स्नेहलाई अँगालेर जीवन मूलप्रवृत्तिबाट प्रेरित देखिएकी भए पनि निराशा, विछोड र त्यागको मार्गमा अग्रसर भएर मृत्यु मूलप्रवृत्तिबाट पनि प्रभावित भएकी छ । यसले गर्दा ऊ जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिको मनोद्वन्द्वमा परेकी देखिन्छ । 'अनि....?' कथाकी रत्नमायाको जीवन र प्रेमप्रतिको आशक्ति र अनुरागले ऊ जीवन मूलप्रवृत्तिबाट प्रेरित देखिएकी छ । अर्कोतिर ऊ निराशा, दुःख, धोका र

छल भएको भन्ने बुझाइले गर्दा मृत्यु मूलप्रवृत्तिको चापमा परेकी देखिन्छ । 'त्यही सात दिन' कथाकी आनन्दकुमारीलाई जीवन मूलप्रवृत्तिबाट प्रेरित हुँदा दरबार र त्यहाँका सबै कुरा आनन्ददायक लागेका छन् । फेरि ऊ मृत्यु मूलप्रवृत्तिको प्रभावमा पर्दा तिनै कुरा निराशाजनक र बेतुकका लागेका छन् । यसले गर्दा ऊ मनोद्वन्द्वमा परेकी देखिन्छ । 'रमा' कथाकी रमा जीवन मूलप्रवृत्तिबाट प्रेरित हुँदा लोग्ने मानिससँग सम्पर्क बढाउने र प्रेम गर्ने मार्गमा लागेकी छ भने मृत्यु मूलप्रवृत्तिबाट प्रभावित हुँदा विवाहलाई बन्धन ठानेर प्रेमसम्बन्धलाई तिरस्कार गर्न र त्याग्न अग्रसर भएकी छ । यसले गर्दा ऊ जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वमा परेकी देखिन्छ । भिक्षुका 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'रक्सीबाज', 'सैतानको सैतानी' र 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथाका पात्र पनि जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

भिक्षुका कथामा पात्रका मनोदशालाई इदम् र अहम्, इदम् र पराहम् एवम् जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वमा अल्झाएर आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । द्वन्द्वविधानको यस्तो आयोजनले कथा मनोविश्लेषणीय बनेका छन् । व्यक्तिका मनमा उब्जिने विपरीत भाव, विचार र इच्छाले मनोदशा द्वन्द्वात्मक हुने र यसले व्यक्तिको बाह्य क्रियाकलापलाई पनि प्रभावित पार्ने मनोसत्यको कलात्मक उद्घाटन गर्नमा कथामा आयोजित द्वन्द्वविधान अत्यन्त प्रभावकारी देखिएको छ । कथालाई कौतूहलपूर्ण बनाउन, पाठकीय रुचि जगाउन, मनोयथार्थको प्रस्तुति गर्न, सुन्दरता र रोचकता अभिवृद्धि गर्नका लागि भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन प्राप्तिपूर्ण र उपयोगी सिद्ध भएको देखिन्छ ।

तेस्रो परिच्छेद
भवानी भिक्षुका कथामा फ्रायडोत्तर मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधान

३.१ विषयप्रवेश

भवानी भिक्षुले पात्रका मनोदशाको विश्लेषण गरेर कथा लेखेका हुनाले उनी मनोवैज्ञानिक कथाकारका रूपमा चिनिन्छन् । उनले आफ्ना कथामा पात्रका मनोदशामा उत्पन्न विपरीत मनोभावका बिचको द्वन्द्वलाई देखाएका छन् । एउटै व्यक्तिका विपरीत भाव, विचार र इच्छाका बिचमा हुने मनोद्वन्द्व नै आन्तरिक द्वन्द्व हो । यस किसिमको द्वन्द्वको कलात्मक किसिमले उपयोग गरेर उनका कथामा आन्तरिक द्वन्द्वविधानको आयोजनलाई सशक्त तुल्याइएको छ । यो परिच्छेद भिक्षुका कथामा आयोजित त्यही आन्तरिक द्वन्द्वविधानको अध्ययन र विश्लेषणमा केन्द्रित गरिएको छ । यसका लागि अल्फ्रेड एडलर र कार्ल गुस्ताफ युङ्गका मनोवैज्ञानिक द्वन्द्वसम्बन्धी मान्यता र तिनैलाई आधार बनाएर निर्धारण गरिएको विश्लेषणको ढाँचा उपयोग गरी अध्ययन कार्यलाई अघि बढाइएको छ । भिक्षुका *गुनकेशरी, मैयाँसाहेब, आवर्त* र *अवान्तर* गरी चारओटा कथासङ्ग्रहबाट अध्ययनका लागि छनोट गरिएका पैतीसओटा कथामध्ये फ्रायडोत्तर मान्यताका दृष्टिले आन्तरिक द्वन्द्वविधानको अध्ययन गर्न बढी उपयुक्त देखिएका तीसओटा कथालाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपन एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्व गरी तीन आधारमा अध्ययन गरिएको छ । यस क्रममा निर्धारित कथामा प्रयुक्त घटना सन्दर्भ र परिस्थितिका कारण पात्रका मानसिकतामा देखिएको मनोद्वन्द्वको खोजी गर्ने कार्य यसमा गरिएको छ । यसरी अध्ययन गरिएका कथामा उल्लिखित तीनवटै आधारअनुरूपको द्वन्द्वको प्रयोग नपाइएकाले कथामा प्रयोग भएको द्वन्द्वको प्रकृतिअनुसार उचित र सान्दर्भिक रूपमा उपयोग हुन सक्ने विश्लेषणीय आधारलाई उपयोग गरेर भिक्षुका कथामा फ्रायडोत्तर मान्यताका आधारमा प्रस्तुत आन्तरिक द्वन्द्वविधानको अध्ययन र विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य यसमा गरिएको छ ।

३.२ द्वन्द्वसम्बन्धी फ्रायडोत्तर सैद्धान्तिक मान्यता

सिग्मन्ड फ्रायड मनोवैज्ञानिक सिद्धान्तका संस्थापक हुन् । उनीपछिका अल्फ्रेड एडलर, कार्ल गुस्ताफ युङ्ग, ज्याक लकाँ, हर्नी, सलिवन, एरिच फ्रोम, मेलोनी कलाइन, सैन्डर फरेन्जी, विल्हेल्म राइक, फ्रान्ज अलेक्जेन्डर, कार्डिनर, एरिक्सन आदिले मनोवैज्ञानिक सिद्धान्तको प्रतिपादन र मनोविश्लेषणका क्षेत्रमा योगदान पुऱ्याएका छन् । यिनीहरूका मनोवैज्ञानिक कार्यबाट प्रतिपादित सिद्धान्तलाई फ्रायडोत्तर सैद्धान्तिक मान्यता भनिन्छ । यीमध्ये एडलर र युङ्गका मनोद्वन्द्वसम्बन्धी मान्यताको चर्चा यसमा गरिएको छ ।

३.२.१ अल्फ्रेड एडलरको द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता

अल्फ्रेड एडलर (१८७०–१९३७) वैयक्तिक मनोविज्ञानका संस्थापक हुन् । उनले मनोविश्लेषणका लागि हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता प्रतिपादन गरेका छन् । व्यक्तिमा केही कुरामा नपुग हुने र त्यही नपुगले गर्दा हीनत्वको जन्म हुने उनको विचार रहेको छ । उनले आङ्गिक हीनत्व र सामाजिक हीनत्व गरी दुई प्रकारका हीनत्वको चर्चा गरेका छन् । एडलरले प्रारम्भमा आङ्गिक हीनत्वको अध्ययन गरेको देखिन्छ । यस क्रममा उनले आङ्गिक हीनत्वको कुरा शारीरिक र मानसिक विकास एवम् वृद्धिसँग सम्बन्धित हुन्छ भनेका छन् । उनले जुन अङ्गको वृद्धि अवरुद्ध भएको छ र जुन अङ्ग आंशिक वा पूर्ण रूपमा फेरबदल भएको छ; त्यसमा आङ्गिक हीनत्वको कुरा लागू हुने उल्लेख गरेका छन् (अन्स्बाचर र अन्स्बाचर, सन् १९५६, पृ. २४) । यस तथ्यबाट चेतना, पाचन प्रणाली, श्वासप्रश्वास मार्ग, जनमूत्रीय, परिसञ्चरण, स्नायु प्रणाली आदि मानव अङ्गसम्बन्धी कमजोरी नै आङ्गिक हीनत्व हुन्छ भन्ने देखिन्छ । यस्तो हीनत्वको स्थिति सामान्यत: जन्म र भ्रूणावस्थामा नै देखिन्छ भन्ने एडलरको मत रहेको छ ।

एडलरले सामाजिक हीनत्वको सन्दर्भ पछि आएर थपेका हुन् । यो समाजसँग सम्बन्धित रहेको छ । समाज हरेक व्यक्तिका लागि बल वा तागत हो तर यही समाज व्यक्तिका लागि हीनत्वभावको स्रोत पनि बन्दछ । प्रत्येक व्यक्तिले समाजका अन्य व्यक्तिहरूसँग आफूलाई तुलना गर्ने गर्छ । समाजमा व्यक्तिहरूका बिचमा प्रतिस्पर्धा चलिरहन्छ । प्रत्येक व्यक्तिले सामाजिक सोपानमा उच्चतम् स्थान प्राप्त गर्न चाहन्छ तर स्थान सीमित हुने हुँदा चाहेको उच्चतम् स्थान प्राप्त हुन सक्तैन । यसले गर्दा व्यक्तिमा हीनत्वको भाव उत्पन्न हुन्छ भन्ने मान्यता एडलरले प्रस्तुत गरेका छन् (भण्डारी, २०५८, पृ. १५१) । यसले व्यक्तिमा हीनत्वभाव देखिनुको मुख्य आधार समाजलाई बनाउन खोजेको देखिन्छ । व्यक्तिले समाजका अरूसँग आफूलाई तुलना गर्ने, प्रतिस्पर्धा गर्ने, उच्चतम् स्थान प्राप्त गर्न चाहने र आफूले चाहेको कुरा प्राप्त गर्न नसक्दा हीनत्वबोध गर्न पुग्छ । हीनत्वबोधको स्थिति देखिँदा व्यक्तिमा दु:खको अनुभूति हुनु, अपमानित महसुस हुनु, अज्ञानी भएको महसुस हुनु, केही कुरा थाहा नपाएको अनुभूति हुनु, अभाव महसुस हुनु, मस्तिष्कीय क्षमतामा कमी महसुस हुनु, अभिव्यक्ति क्षमताको कमी र यससम्बन्धी अङ्गमा नै कमजोरी भएको महसुस हुनु, हरेक प्रकारका कुरामा सफा नभएको लाग्नु, बिरामी भएको अनुभूति हुनु, मृत्युको डर हुनु, असमान भएको र सन्तुलन नमिलेको लाग्नुजस्ता लक्षणहरू देखिन्छन् (अन्स्बाचर र अन्स्बाचर, सन् १९५६, पृ. ११०) । यस्ता प्रकृतिका लक्षणले व्यक्ति हीनत्वबोधको चपेटामा परेको बुझ्न सकिन्छ । हीनत्वबोधकै बिच व्यक्तिले सधैँ श्रेष्ठत्व र पूर्णत्व प्राप्त गर्न चाहन्छ तर चाहेर पनि उसले चाहेजस्तो श्रेष्ठत्व र पूर्णत्व प्राप्त गर्न सम्भव हुँदैन । यसले गर्दा व्यक्तिमा हीनत्वबोधको भाव सधैँ रहिरहन्छ । कसै कसैमा चाहिँ क्षतिपूर्तिको भावना पटक्कै नहुँदा उनीहरूमा सधैँ हीनता रहिरहन्छ भन्दै हीनताको संवेग शक्तिशाली रह्यो भने हीनताग्रन्थिको विकास हुने तथ्य एडलरले खुलासा गरेका छन् (बराल, २०७२, पृ. ५८) । यसो भए पनि व्यक्तिले श्रेष्ठत्वप्राप्तिको मार्गलाई कहिल्यै छोड्न चाहँदैन । यसैले गर्दा व्यक्तिको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा द्वन्द्वको स्थिति सिर्जना हुन्छ भन्ने एडलरको विचार रहेको छ । उनका अनुसार हीनत्वको भाव भएको व्यक्तिमा नै श्रेष्ठत्वको भाव विकसित हुने गर्दछ (भण्डारी,

२०५८, पृ. १५३) । यसले गर्दा हीनत्व र श्रेष्ठत्वभाव परस्पर विरोधीजस्ता देखिए पनि यी दुई भाव एकापसमा परिपूरक देखिन्छन् । यति हुँदाहुँदै पनि व्यक्ति हीनत्वबाट पूर्णतः मुक्त हुन चाहने र पूर्णतः श्रेष्ठत्व प्राप्त गर्न लागिरहने भए पनि हीनत्वबाट पूर्णतः मुक्त हुन नसक्ने र श्रेष्ठत्व पनि पूर्णतः प्राप्त नहुँदा वैयक्तिक मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्वात्मक स्थिति बन्दछ भन्ने एडलरको मान्यता रहेको देखिन्छ ।

एडलरले श्रेष्ठत्वको खोजीलाई नै जीवनको प्रमुख आधार मानेका छन् । उनले श्रेष्ठत्वको खोजीलाई जन्मजात भन्दै यो जीवनको मुख्य कुरा भएकोले यसको अभावमा जीवन नै असोचनीय बन्ने मान्यता प्रस्तुत गरेका छन् (अन्स्बाचर र अन्स्बाचर, सन् १९५६, पृ. १०४) । उनका अनुसार प्रायः सबै मनोवैज्ञानिक गतिविधिहरूमा श्रेष्ठताको खोजी नै केन्द्रित भएको पाइन्छ । यो व्यक्तिको शारीरिक वृद्धि र जीवनको आन्तरिक आवश्यकतासँगै समानान्तर रूपमा आफै अघि बढ्ने गर्छ । उनले श्रेष्ठत्व प्राप्तिलाई जीवन समस्याको जड नै हो भनेका छन् । समस्याहरू भेटिने बाटोमा यो प्रकट हुने गर्छ र हाम्रा सबै गतिविधिहरू यसैको निर्देशनमा अघि बढ्छन् । विजय, सुरक्षा, वृद्धि चाहे तिनीहरू सही वा गलत दिशामा नै किन नहुन् त्यसबाट प्राप्त हुने प्रेरणा ऋणात्मकबाट धनात्मक दिशातर्फ अघि बढ्ने प्रकृतिको हुन्छ । यो प्रक्रिया कहिल्यै बन्द हुँदैन र तलबाट माथि बढ्ने प्रक्रिया कहिल्यै रोकिँदैन भन्ने एडलरको विचार रहेको देखिन्छ (अन्स्बाचर र अन्स्बाचर, सन् १९५६, पृ. १०३) । उनले यहाँ व्यक्त गरेको ऋणात्मकको तात्पर्य हीनत्व र धनात्मकको तात्पर्य श्रेष्ठत्व भन्ने देखिन्छ । तलले हीनत्व र माथिले श्रेष्ठत्वलाई सङ्केत गरेको पाइन्छ । पढाइमा राम्रो गर्न नसक्ने विद्यार्थी अतिरिक्त क्रियाकलापहरूमा राम्रो गरेर आफूलाई प्रस्तुत गर्ने गर्छ र कहिलेकाहीँ पढाइमा नै बढी शक्ति लगाएर पनि हीनताको भावलाई क्षतिपूर्ति गर्न पुग्छ । ठूला व्यक्तिहरू मात्र होइन साना बच्चाहरूमा नै ठूलाको अनुकरण गर्ने प्रवृत्ति हुन्छ भन्ने विचार एडलरले व्यक्त गरेका छन् (बराल, २०७२, पृ. ५७-५८) । मानवमा देखिने यस्तो प्रवृत्ति हीनत्वको निवारण गरेर श्रेष्ठत्व प्राप्त गर्ने विजयवासनाकै परिणामको रूपमा देखिन्छ । मानव जातिको दौडलाई हेर्दा इच्छा, तत्परता, सोचाइ, बोलाइ, खोजी र कार्यपछिको आराम र आनन्द, पढाइ, बुझाइ सबै कुराहरूको सार तलबाट माथि बढ्ने अर्थात् हीनत्वबाट श्रेष्ठत्वतर्फ बढ्ने आन्तरिक राग हो भन्ने एडलरको विचार रहेको छ । उनले यसबाट मानिस भाग्न नसक्ने र कोही भाग्न खोजे पनि उसले अन्तमा आफूलाई तलबाट माथि बढ्ने प्रयासमा पाउँछ भन्ने विचार अघि सारेका छन् । यो विचारको मौलिक प्रकारको अवस्था मात्र नभएर जीवनको मौलिक तथ्य नै हो भन्ने एडलरको मत रहेको देखिन्छ । वास्तवमा मानवीयताको मूल र सधैँ दोहोरिने बालकका सुरुआतदेखिका प्रत्येक पलसँगैका प्रत्येक मनोवैज्ञानिक कार्यमा प्राप्त गर; माथि उठ र विजय प्राप्त गर भन्ने कुरा नै सधैँ केन्द्रमा रहने गर्छ । यस्तो सोचाइ र लालसा प्रत्येक हीनत्व अर्थात् अपूर्णतामा सधैँ उपस्थित हुने गर्छ भन्ने एडलरको विचार देखिन्छ (अन्स्बाचर र अन्स्बाचर, सन् १९५६, पृ. १०३) । उनका अनुसार व्यक्ति तल भएको महसुस गर्छ अनि ऊ सधैँ माथि बढ्ने प्रयत्नमा लागिरहन्छ र सफलता हासिल गरी श्रेष्ठत्व प्राप्त गर्न चाहन्छ । उनले यसलाई जीवनको मौलिक यथार्थको रूपमा लिएका छन् ।

एडलरले हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वलाई जीवनपर्यन्त चलिरहने प्रक्रिया मानेका छन् । यस किसिमको प्रयासबाट नै व्यक्तिले अप्ठ्याराहरूलाई जित्ने इच्छा

राख्दछ । उसले सोचेजस्तो सबल र पूर्णतामा पुग्ने श्रेष्ठत्वको प्रयास गर्दछ । हीनत्वबाट श्रेष्ठत्वको अवस्था प्राप्त गर्न, पराजयबाट विजय र तल्लो अवस्थाबाट माथिल्लो स्थान प्राप्त गर्नका लागि यो द्वन्द्व केन्द्रित हुने गर्छ । यो प्रक्रिया प्रारम्भदेखि बालककाल हुँदै निरन्तर रूपमा जीवनको अन्त्य नहुन्जेलसम्म चलिरहन्छ भन्ने विचार एडलरले अघि सारेका छन् (अन्स्बाचर र अन्स्बाचर, सन् १९५६, पृ. १०४) । उनका अनुसार मानव आत्मा भनेको जीवनद्वन्द्वको मुख्य भाग भएकोले यसले उत्थान, उचाइ, पूर्णत्व र श्रेष्ठत्व प्राप्तिको प्रयास सधैँ गरिरहन्छ । यस प्रकारसँग एडलरले हीनत्व र श्रेष्ठत्वकेन्द्रित द्वन्द्वसम्बन्धी आफ्नो मान्यतामा व्यक्तिको जीवन र उसको व्यक्तित्व हीनत्व र श्रेष्ठत्वप्राप्तिको द्वन्द्वको परिणाम हो भन्ने कुरा देखाएका छन् ।

३.२.२ कार्ल गुस्ताभ युङ्गको द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता

कार्ल गुस्ताभ युङ्ग (सन् १८७५–१९६१) विश्लेषणात्मक मनोविज्ञानका संस्थापक हुन् । उनले मनका चेतन, व्यक्तिगत अचेतन र सामूहिक अचेतन गरी तीन तह प्रस्तुत गरेका छन् । युङ्गले चेतन मनलाई क्षणभङ्गुर मानेका छन् (युङ्ग, सन् १९८०, पृ. २८६) । उनले चेतन मन व्यक्तिलाई वातावरणसँग समायोजन हुन पनि आवश्यक पर्ने बताएका छन् । उनले प्रस्तुत गरेको मनको अर्को तह व्यक्तिगत अचेतन हो । यसलाई उनले अचेतनको सतही तह मानेका छन् । एकपटक चेतनमा रहेर बिर्सिएका वा दबाएर नदेखिने भएका विषयका सङ्ग्रहबाट वैयक्तिक अचेतनको निर्माण भएको हुन्छ भन्ने युङ्गको मान्यता रहेको छ (युङ्ग, सन् १९८०, पृ. ४२) । युङ्गले व्यक्तिको चेतन क्षणभङ्गुर हुने भएकाले यसमा हरेक कुराहरू क्षणिक समयका लागि मात्र अनुभूत हुन्छन् र समयक्रममा ती बिर्सिन्छन् वा दबिएर नदेखिने हुन्छन् भनेका छन् । उनले विषयवस्तुहरूको निजी सङ्ग्रालयको रूपमा वैयक्तिक अचेतनलाई लिएको देखिन्छ । फ्रायडले अचेतनका तहमा व्याख्या गरेका केही सन्दर्भ युङ्गको व्यक्तिगत अचेतनमा र केही सामूहिक अचेतनमा पर्न जान्छन् (बराल, २०७२, पृ.६७) । यस तथ्यले फ्रायडका मान्यताको केही प्रभाव युङ्गका मान्यतामा पनि परेको देखापर्छ । युङ्गले प्रस्तुत गरेको मनको सर्वाधिक महत्त्वपूर्ण तह सामूहिक अचेतन हो । उनले व्यक्तिगत अचेतनभन्दा पनि अझ भित्री तहमा रहेको सर्वव्यापी मनको तहलाई सामूहिक अचेतन मानेका छन् (युङ्ग, सन् १९८०, पृ. ३) । युङ्गले आफ्नो खोजअध्ययनमा मनका तहमध्येको यही सामूहिक अचेतनलाई बढी जोड दिएको पाइन्छ । उनले यसलाई वंशानुक्रममा प्राप्त हुने लाखौँ वर्षदेखि आर्जित पूर्वजहरूको अनुभवको भण्डार मानेका छन् । युङ्गका अनुसार यो इतिहासपूर्वको विश्वघटनाहरूको प्रतिध्वनि हो जसमा प्रत्येक शताब्दीले विविधता र विभेदीकरणको अतिसूक्ष्म मात्रा जोडेको हुन्छ (भण्डारी, २०५८, पृ. १६२) । कहिल्यै चेतनमा नआएका र कहिल्यै वैयक्तिक रूपमा प्राप्त नभएका अनि आनुवंशिक रूपमा प्राप्त भएका आद्यरूप वा मूल रूपबाट बनेका विषयबाट सामूहिक अचेतनको निर्माण भएको हो भन्ने युङ्गको मान्यता रहेको छ (युङ्ग, सन् १९८०, पृ. ४२) । यसमा यही सामूहिक अचेतनसँग सम्बन्धित पुरुषपन र नारीपनका बिचको द्वन्द्वसम्बन्धी युङ्गको सैद्धान्तिक मान्यताको चर्चा गरिएको छ । त्यस्तै गरी युङ्गले व्यक्तित्वका प्रकारसम्बन्धी सैद्धान्तिक मान्यता पनि प्रतिपादन गरेका छन् । उनले व्यक्तित्वका बहिर्मुखी र अन्तर्मुखी गरी दुई प्रकार प्रस्तुत गरेका छन् । यहाँ तिनको पनि चर्चा गरिएको छ ।

युङ्गले पुरुषपन र नारीपनका सन्दर्भमा प्रत्येक व्यक्ति उभयलिङ्गी हुन्छ भनेका छन् । पुरुषपनलाई उनले एनिमस र नारीपनलाई एनिमा भनेका छन् । उनका अनुसार एनिमस र एनिमा दुवै अचेतनको धेरै गहिरो तहमा बसेर कार्य गर्दछन् । त्यही जातिवृत्तीय मनको तहलाई उनले सामूहिक अचेतन भनेका छन् (युङ्ग, सन् १९८०, पृ. २८६) । यी दुवै मूलरूप हुन् जुन आदिकालदेखि पुरुष र स्त्री एकसाथ रहनाका प्रजातीय अनुभवबाट उत्पन्न भएका हुन् भन्ने युङ्गको मान्यता रहेको छ । उनले प्रत्येक पुरुष मानिसको अचेतनमा नारी व्यक्तित्व लुकेको हुने र नारी व्यक्तित्वको अचेतनमा पुरुष व्यक्तित्व लुकेको हुने तथ्य प्रस्तुत गरेका छन् । नारी र पुरुषको वंशाणुको आधिक्यताबाट लिङ्गको निर्धारण हुने र अर्को लिङ्गमा देखिने न्यून सङ्ख्याको वंशाणु सामान्यतः लुकेको र नदेखिने किसिमको हुने विचार युङ्गको रहेको छ । नारी दृष्टिकोणबाट एउटा पुरुष मानिसलाई र पुरुष दृष्टिकोणबाट एउटी नारी मानिसलाई हेर्न सकिन्छ । यस दृष्टिबाट हेर्दा पुरुष मानिसमा रहेको अचेतनात्मक नारी रूप र नारी मानिसमा रहेको अचेतनात्मक पुरुष रूपका बारेमा भने दुवै अनभिज्ञ रहन्छन् । युङ्गका अनुसार स्त्रीआचरण आद्यबिम्ब पुरुषको सामूहिक अचेतनमा रहन्छ भने पुरुषआचरण आद्यबिम्ब चाहिँ नारीको सामूहिक अचेतनमा विद्यमान रहन्छ (बराल २०७२, पृ. ७४) । यसबाट नारीमा देखिने पुरुष गुण पुरुषपन र पुरुषमा देखिने नारी गुण नारीपन हो भन्ने देखिन आउँछ । युङ्गले पुरुषमा लुकेर रहेको नारी रूपलाई एनिमा र नारीमा लुकेर रहेको पुरुष रूपलाई एनिमस भनेका छन् (युङ्ग, सन् १९८०, पृ. २८४) । यी तथ्यबाट नारीमा पुरुषपन र पुरुषमा नारीपन लुकेर रहेको हुन्छ भन्ने स्पष्ट हुन्छ । उनको मान्यताअनुसार पुरुष मूलरूप एनिमस प्रभुत्व, सामर्थ्य, नायक, प्रतिरक्षक, साहसी, वीर र ओजस्वी गुणले युक्त हुन्छ भने नारी मूलरूप एनिमा अनन्त माता, मोहिनी, सती, बोक्सी, वेश्या र अध्यात्मक निर्देशिकाजस्ता गुणले युक्त हुन्छ (भण्डारी, २०५८, पृ. १६४) । यस प्रकारसँग हेर्दा एनिमस र एनिमाको अर्थात् पुरुषपन र नारीपनको गुण एवम् विशेषता विपरीत प्रकृतिको देखिन्छ । पुरुष र नारीमा लुप्त रूपमा रहने यी दुई भिन्न गुणको प्रभावको कारणले गर्दा व्यक्तिको मानसिकतामा पुरुषपन र नारीपनका बिचमा द्वन्द्वको स्थिति सिर्जना हुन्छ भन्ने मान्यता युङ्गले प्रतिपादन गरेका छन् ।

युङ्गले व्यक्तित्वसम्बन्धी आफ्नो अवधारणामा यसका बहिर्मुखी र अन्तर्मुखी गरी दुई प्रकार देखाएका छन् । मनोवैज्ञानिक घटनामा व्यक्तित्वका यी दुई प्रकारसम्बन्धी फरक स्थिति देखिनुमा चेतन र अचेतनसँग सम्बन्धित कुनै कारण नभएर यो जैविक आधारमा भएको भन्ने युङ्गको मान्यता रहेको छ । बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्व भएका मानिसहरू शिक्षित मात्र नभएर सबै पेसा र वर्गका भेटिन्छन् । लिङ्गगत आधारले पनि यसलाई केही प्रभाव पारेको देखिँदैन । एउटै परिवारमा एउटा सन्तान बहिर्मुखी र अर्को अन्तर्मुखी हुने गरेको युङ्गले उल्लेख गरेका छन् । उनका अनुसार बहिर्मुखी विशेषता भएको व्यक्ति आफ्नो धेरैजसो समय आफ्नो प्रत्यक्षीकरणभन्दा बाह्य जगत् वा व्यक्ति वा अरूका क्रियाकलापमा ध्यान लगाएर बिताउने हुन्छ (बराल, २०७२, पृ. ८०) । यस्ता मानिसहरू आफूलाई बाह्य रूपमा चिनाउन र प्रचार गर्न हरबखत लागिरहने गर्दछन् । यस्ता मानिसहरूको सोचाइ, अनुभूति र कार्य वास्तविक जीवनको बाटोमा प्रत्यक्ष र खुल्ला हुने गर्छ । यस्ता व्यक्तिले आफ्ना भित्री जीवनबाट कुनै पूर्ण कारक भेट्ने अभिलाषा राखेका हुँदैनन् बरु आफूलाई बाहिरका कुरामा केन्द्रित गर्दछन् र तिनीहरूको भित्री जीवन बाह्य आवश्यकताको अधिनस्थ रहने गर्छ भन्ने युङ्गको मान्यता

रहेको छ (युङ्ग, सन् १९७६, पृ. ४७१) । यस तथ्यबाट बहिर्मुखी मानिस आफूलाई खुल्ला रूपमा चिनाउन चाहने र बाहिरका कुरामा बढी रुचि राख्ने स्वभावका हुन्छन् भन्ने देखिन्छ । उनका अनुसार बहिर्मुखी व्यक्ति मिलनसार, अरूमा रुचि राख्ने सामाजिक कार्यमा भाग लिने, भौतिकवादी र उपयोगितावादी प्रवृत्तिका हुने गर्छन् (भण्डारी, २०५८, पृ. १६५) । यसबाट बहिर्मुखी मानिस सबैसँग मिल्न र खुल्न चाहने, सामाजिक चेतनाले युक्त सहयोगी अनि आफ्ना कुरा अरूलाई सुनाउन उत्सुक हुने स्वभावका हुन्छन् भन्ने देखिन्छ । युङ्गका अनुसार अन्तर्मुखी व्यक्तित्व भएका मानिस बहिर्मुखीभन्दा भिन्न देखिन्छन् । यस्ता मानिस आत्मकेन्द्रित हुने गर्दछन् । आफूमै सीमित भएर रमाउन चाहने, खुल्ला रूपमा प्रस्तुत हुन नचाहने र आफ्नो भित्री जीवनबाट नै पूर्ण कारक भेट्ने अभिलाषा अन्तर्मुखी व्यक्तित्व भएका मानिसमा पाइने गर्छ । यस्ता प्रकृतिका मानिसहरू बाहिरका कुराहरूबाट आफूलाई टाढै राख्न चाहन्छन् भन्ने युङ्गको मान्यता रहेको छ (युङ्ग, सन् १९७६, पृ.४६८) । यसबाट अन्तर्मुखी व्यक्तित्व भएका मानिस प्रायः मननशील, कल्पनाशील, आफ्नै विचार, भावना र आदर्शमा धेरै रुचि लिने स्वभावका हुन्छन् भन्ने देखिन्छ । यस्ता व्यक्तिले कुनै वस्तुका विषयमा व्यक्तिपरक दृष्टि राख्दछन् । युङ्गका अनुसार व्यक्तित्वका बहिर्मुखी र अन्तर्मुखी दुई प्रकारका मनोवृत्तिमध्ये एउटा चेतनस्तरमा र अर्को अचेतनस्तरमा सक्रिय रहन्छ । यस कारणले गर्दा व्यक्ति चेतनस्तरमा बहिर्मुखी हुँदा उसको अचेतन अन्तर्मुखी हुने र व्यक्ति चेतनस्तरमा अन्तर्मुखी हुँदा उसको अचेतनस्तर बहिर्मुखी हुने गर्छ । यस आधारमा व्यक्तिका रुचि र कार्यमा भिन्नता पाइन्छ भन्ने युङ्गको मान्यता रहेको छ (भण्डारी, २०५८, पृ. १६५) । यसले एउटै व्यक्तिमा बहिर्मुखी र अन्तर्मुखी दुवै व्यक्तित्व रहेको हुन्छ भन्ने देखाउँछ । यही कारणले गर्दा व्यक्तिमा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचमा द्वन्द्वको स्थिति सिर्जना हुन्छ भन्ने युङ्गको सैद्धान्तिक मान्यता रहेको देखिन्छ ।

३.३ विश्लेषणको ढाँचा

भवानी भिक्षुका कथामा फ्रायडोत्तर मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधानको अध्ययनका लागि अल्फ्रेड एडलर र कार्ल गुस्ताफ युङ्गका सैद्धान्तिक मान्यताअनुसार विश्लेषणको ढाँचा निर्धारण गरेर अध्ययनलाई अघि बढाइएको छ । आन्तरिक द्वन्द्वविधानको अध्ययन र विश्लेषणका लागि यस परिच्छेदमा निर्धारित हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपन एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्व विश्लेषणको ढाँचालाई तल प्रस्तुत गरिएको छ ।

३.३.१ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्वविश्लेषणको ढाँचा

भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको अध्ययनका लागि हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्व विश्लेषणको ढाँचालाई आधार बनाइएको छ । एडलरले आङ्गिक एवम् सामाजिक हीनत्वको चर्चा गरेका छन् । उनले मानव अङ्गसम्बन्धी कमजोरीबाट उत्पन्न हुने हीनत्वलाई आङ्गिक हीनत्व मानेका छन् । प्रत्येक व्यक्तिले समाजका अन्य व्यक्तिहरूसँग आफूलाई तुलना गर्ने, समाजमा व्यक्तिहरूका बिचमा प्रतिस्पर्धा चलिरहने र प्रत्येक व्यक्तिले सामाजिक सोपानमा उच्चतम् स्थान प्राप्त गर्न चाहने तर स्थान सीमित हुने हुँदा चाहेको

उच्चतम् स्थान प्राप्त गर्न नसकेर व्यक्तिमा सामाजिक प्रकृतिको हीनत्वभाव उत्पन्न हुने मान्यता एडलरले प्रस्तुत गरेका छन् । व्यक्ति अनेक प्रयत्न गरेर हीनत्वबोधलाई निवारण गरी श्रेष्ठत्वप्राप्तिको दिशामा अघि बढ्न चाहेको हुन्छ र यो प्रक्रियामा अघि बढ्नु नै प्रत्येक व्यक्तिको जीवनको प्रमुख आधार बनेको हुन्छ भन्ने एडलरको मत रहेको छ । उनले मानव जातिले गर्ने हरेक कार्यको सार नै हीनत्वबोधबाट श्रेष्ठत्वप्राप्तितर्फ अघि बढ्ने आन्तरिक रागलाई मानेका छन् । प्रत्येक व्यक्तिमा प्राप्त गर्ने, माथि उठ्ने र विजयी बन्ने लालसा हीनत्व अर्थात् अपूर्णतामा सधैँ उपस्थित हुने गर्छ र यो प्रक्रिया प्रारम्भदेखि जीवनको अन्त्य नहुन्जेलसम्म चलिरहन्छ भन्ने एडलरको मान्यता रहेको छ । प्रत्येक व्यक्ति हीनत्वबाट पूर्णत: मुक्त हुन चाहने र पूर्णत: श्रेष्ठत्व प्राप्त गर्ने दिशामा लागिरहने भए पनि हीनत्वबाट पूर्णत: मुक्त हुन नसक्ने र श्रेष्ठत्व पनि पूर्णत: प्राप्त गर्न नसक्दा व्यक्तिका मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वको स्थिति निरन्तर चलिरहन्छ भन्ने एडलरको मान्यता रहेको छ । उनको यही मान्यतामा आधारित भएर भिक्षुका कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ भन्ने अवधारणा निर्धारण गरी अध्ययन र विश्लेषण कार्य गरिएको छ ।

३.३.२ पुरुषपन र नारीपनका बिच द्वन्द्वविश्लेषणको ढाँचा

कार्ल गुस्ताफ युङ्गको मान्यताका आधारमा पुरुषपन र नारीपनका बिच द्वन्द्वविधानको विश्लेषण ढाँचा निर्धारण गरेर भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको अध्ययन गरिएको छ । युङ्गले पुरुषपनलाई एनिमस र नारीपनलाई एनिमा भनेका छन् । एनिमस र एनिमा दुवै अचेतनको धेरै गहिरो तहमा बसेर कार्य गर्दछन् । त्यही जातिवृत्तीय मनको तह सामूहिक अचेतन हो । यी दुवै आदिकालदेखि पुरुष र स्त्री एकसाथ रहनाका प्रजातीय अनुभवबाट उत्पन्न भएका मूलरूप हुन् भन्ने उनको मत रहेको छ । प्रत्येक पुरुष मानिसको अचेतनमा नारी व्यक्तित्व र नारी व्यक्तित्वको अचेतनमा पुरुष व्यक्तित्व लुकेको हुने भएकोले नारी दृष्टिकोणबाट एउटा पुरुष मानिसलाई र पुरुष दृष्टिकोणबाट एउटी नारी मानिसलाई हेर्न सकिने युङ्गको मान्यता रहेको छ । उनका अनुसार पुरुष मूलरूप एनिमस प्रभुत्व, सामर्थ्य, नायक, प्रतिरक्षक, साहसी, वीर र ओजस्वी गुणले युक्त हुने र नारी मूलरूप एनिमा अनन्त माता, मोहिनी, सती, बोक्सी, वेश्या र आध्यात्मिक निर्देशिकाजस्ता गुणले युक्त हुने भएकाले यी दुईका गुण एवम् विशेषता विपरीत प्रकृतिका देखिन्छन् । पुरुष र नारीमा लुप्त रूपमा रहने यी दुई भिन्न गुणको प्रभावको कारणले गर्दा व्यक्तिको अन्तर्मानसिकतामा द्वन्द्वको स्थिति सिर्जना हुन्छ भन्ने युङ्गको मान्यताको सार रहेको देखिन्छ । उनको यही द्वन्द्वसम्बन्धी मान्यतालाई आधार बनाई भिक्षुका कथामा पुरुषपन र नारीपनका बिच आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ भन्ने अवधारणा निर्धारण गरी शोधमूलक कार्यलाई अघि बढाइएको छ ।

३.३.३ अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्वविश्लेषणको ढाँचा

भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको अध्ययन गर्नका लागि कार्ल गुस्ताफ युङ्गको मान्यताका आधारमा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्वविधानको विश्लेषण

ढाँचा निर्धारण गरिएको छ । युङ्गले व्यक्तित्वका प्रकारसम्बन्धी मान्यतामा यसका बहिर्मुखी र अन्तर्मुखी दुई प्रकारको चर्चा गरेका छन् । उनले बहिर्मुखी व्यक्तित्व भएका मानिस आफूलाई बाह्य रूपमा चिनाउन र प्रचार गर्न हरबखत लागिरहने प्रकृतिका हुने भनेका छन् । यस्ता मानिसहरूको सोचाइ, अनुभूति र कार्य वास्तविक जीवनको बाटोमा प्रत्यक्ष र खुल्ला हुने; आफ्ना भित्री जीवनबाट कुनै पूर्ण कारक भेट्ने अभिलाषा राखेका नहुने; आफूलाई बाहिरका कुरामा केन्द्रित गर्न चाहने र उनीहरूको भित्री जीवन बाह्य आवश्यकताको अधिनस्थ रहने प्रकृतिको हुने भन्दै युङ्गले बहिर्मुखी व्यक्तित्वलाई चिनाएका छन् । उनका अनुसार बहिर्मुखी व्यक्ति मिलनसार, अरूमा रुचि राख्ने, सामाजिक कार्यमा भाग लिने, भौतिकवादी र उपयोगितावादी प्रवृत्तिका हुन्छन् । युङ्गले चर्चा गरेका अन्तर्मुखी व्यक्तित्व भएका मानिस बहिर्मुखीभन्दा भिन्न देखिन्छन् । यस्ता मानिस आत्मकेन्द्रित हुने; आफूमै सीमित भएर रमाउन चाहने; खुल्ला रूपमा प्रस्तुत हुन नचाहने; बाहिरका कुराहरूबाट आफूलाई टाढा राख्न चाहने; र आफ्नो भित्री जीवनबाट नै पूर्ण कारक भेट्ने अभिलाषा राख्ने प्रकृतिका हुन्छन् । युङ्गका अनुसार अन्तर्मुखी व्यक्तित्व भएका मानिस प्रायः मननशील, कल्पनाशील, आफ्नै विचार, भावना र आदर्शमा धेरै रुचि लिने स्वभावका हुन्छन् र यस्ता मानिस कुनै वस्तुका विषयमा व्यक्तिपरक दृष्टि राख्दछन् । उनका अनुसार व्यक्तित्वका बहिर्मुखी र अन्तर्मुखी दुई प्रकारका मनोवृत्तिमध्ये एउटा चेतनस्तरमा र अर्को अचेतनस्तरमा सक्रिय रहन्छन् । यस कारणले गर्दा मानिस चेतनस्तरमा बहिर्मुखी हुँदा उसको अचेतन अन्तर्मुखी हुने र मानिस चेतनस्तरमा अन्तर्मुखी हुँदा उसको अचेतनस्तर बहिर्मुखी हुने गर्छ । यस आधारमा मानिसको रुचि र कार्यमा भिन्नता हुने भएकोले उसको अन्तर्मानसिकतामा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वसम्बन्धी द्वन्द्वको स्थिति सिर्जना हुन्छ भन्ने युङ्गको यससम्बन्धी मान्यताको सार रहेको देखिन्छ । उनको प्रस्तुत मान्यतालाई मार्गदर्शन बनाएर भिक्षुका कथामा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिच आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ भन्ने अवधारणा निर्धारण गरी शोधमूलक अध्ययन गरिएको छ ।

३.४ भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधान

एउटै व्यक्तिको अन्तर्मानसिकतामा उत्पन्न हुने विपरीत प्रकृतिका मनोभावका कारणले गर्दा व्यक्तिको मनोदशामा देखिने द्विविधाको स्थिति आन्तरिक द्वन्द्वको आधार हो । यसप्रकारको द्वन्द्वका बारेमा एडलर र युङ्गले चर्चा गरेका छन् । एडलरले हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा र युङ्गले पुरुषपन र नारीपन एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचमा व्यक्तिको मानसिकतामा द्वन्द्वको सिर्जना हुने देखाएका छन् । भवानी भिक्षुका कथा एडलर र युङ्गका उल्लिखित मनोद्वन्द्वसम्बन्धी मान्यताका आधारमा विश्लेषणीय रहेका छन् । उनका कथामा पात्रलाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपन एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वात्मक स्थितिमा देखाएर आन्तरिक द्वन्द्वविधानको कलापूर्ण प्रस्तुति गरिएको छ । तसर्थ यसमा भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि...?', 'त्यही सात दिन', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'मानव', 'रक्सीबाज', 'सैतानको सैतानी', 'उधारो सम्मान', 'साहुको सम्पत्ति', 'मालिकको छोरो', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट', 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ', 'हारजित', 'माधुरी नानी', 'माऊजङ बाबुसाहेबको

कोट', 'सावित्रीको बाख्रो', 'मीना', 'दुई अनुभूत सत्य', 'मिस्त्री', 'बाबु-साहेबचा', 'रानीसाहेब', 'एक पैसा', 'भ्रष्ट-यज्ञ', 'पाइप' र 'नयाँ इतिहासको प्रारम्भ' गरी एकतीसओटा कथाको फ्रायडोत्तर मान्यताका आधारमा अध्ययन गरिएको छ ।

३.४.१ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच आन्तरिक द्वन्द्वविधान

एडलरले हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा द्वन्द्वको स्थिति रहने मान्यता प्रस्तुत गरेका छन् । प्रत्येक व्यक्तिले समाजका अन्य व्यक्तिहरूसँग आफूलाई तुलना गर्ने; समाजमा व्यक्तिहरूका बिचमा उच्चतम् स्थान प्राप्त गर्न प्रतिस्पर्धा भइरहने तर स्थान सीमित हुने हुँदा चाहेको उच्चतम् स्थान प्राप्त गर्न नसक्दा व्यक्तिमा हीनत्वबोध उत्पन्न हुन्छ । यस किसिमको हीनत्वबोधलाई निवारण गरी श्रेष्ठत्वप्राप्तिको दिशामा अघि बढ्न प्रत्येक व्यक्तिले निरन्तर प्रयास गरिरहन्छ । यसो गरेर प्रत्येक व्यक्ति हीनत्वबाट पूर्णतः मुक्त हुन र पूर्णतः श्रेष्ठत्व प्राप्त गर्ने दिशामा लागिरहन्छ तर परिणाममा ऊ हीनत्वबाट पूर्णतः मुक्त हुन सक्दैन र श्रेष्ठत्व पनि पूर्णतः प्राप्त गर्न सक्दैन । यसले गर्दा व्यक्तिको मनोदशा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वको चापमा परिरहन्छ भन्ने एडलरको द्वन्द्वसम्बन्धी मान्यताको सार रहेको छ । भवानी भिक्षुका कथा एडलरको उक्त मान्यताका आधारमा अध्ययनीय रहेका छन् । उनका कथाका पात्र विविध घटना र परिस्थितिका कारण हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेका पाइन्छन् । त्यसैले यसमा भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि...?', 'त्यही सात दिन', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'मानव', 'रक्सीबाज', 'सैतानको सैतानी', 'उधारो सम्मान', 'साहुको सम्पत्ति', 'मालिकको छोरो', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट', 'हारजित', 'माधुरी नानी', 'माऊजङ बाबुसाहेबको कोट', 'सावित्रीको बाख्रो', 'मीना', 'दुई अनुभूत सत्य', 'मिस्त्री', 'बाबु-साहेबचा', 'रानीसाहेब', 'एक पैसा', 'भ्रष्ट-यज्ञ', 'पाइप' र 'नयाँ इतिहासको प्रारम्भ' गरी तीसओटा कथाको हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका आधारमा अध्ययन गरिएको छ ।

(१) गुनकेशरी

'गुनकेशरी' कथाको प्रारम्भमै गुनकेशरीले आफूले आफैलाई श्रेष्ठ ठान्ने गरेकी देखाइएको छ । यस सन्दर्भमा कथामा "सबै कुरालाई श्रृङ्खलामा ठीकठाक पारेर राख्नु नै उसको जीवन थिएन ? कतैतिरबाट उसले आफूलाई अपूर्ण कहाँ राखेकी थिई ?" (भिक्षु, २०५२, पृ. २) भनिएको छ । यस उद्धरणबाट गुनकेशरी सबै कुरा श्रृङ्खलित हुनु र ठीकठाक हुनु नै जीवन हो भन्ने स्वभावकी पात्र हो भन्ने देखिन्छ । उसले हरेक कुराबाट आफूलाई पूर्ण बनाउन खोजिरहेकी छ । यस्तो स्वभाव र कार्यबाट उसले श्रेष्ठत्व प्राप्त गर्न चाहेकी छ । ऊ बहिनीलाई माया गरेर अनि आफूलाई आफ्नो बुद्धिले प्रौढत्व प्रदान गरेर श्रेष्ठत्वप्राप्तिको मार्गमा लागेकी देखिन्छ । उसलाई आफू कुनै कुरामा कम छु जस्तो महसुस भएको देखिँदैन । यसैबिच विवाहको लागि केटी हेर्न आउनेले गुनकेशरीलाई नरोजेर उसकी बहिनी सुभद्रालाई रोजेको छ । यस सन्दर्भमा कथामा "केटी माग्न आउनेले दिदी छँदाछँदै बहिनीलाई रुचायो" (भिक्षु, २०५२, पृ. २) भनिएको छ । यस उद्धरणमा केटी हेर्न आउनेले गुनकेशरीलाई नरोजेर उसकी बहिनी सुभद्रालाई रोज्दा उसले आत्मसात् गरेको श्रेष्ठत्वमाथि प्रहार भएको छ । यसले

गुनकेशरीलाई आफू अपमानित भएको महसुस हुन जाँदा उसको मानसिकतामा हीनत्वबोधको स्थिति बनेको देखिन्छ ।

सुभद्राको विवाह भएर ऊ आफ्नो घर गइसकेपछि पनि गुनकेशरीभित्रकी नारीले केटी हेर्न आउनेले आफूलाई नरोजेको कारण भोग्नुपरेको अपमानलाई सहन सकेकी छैन । यस सन्दर्भमा कथामा "सुभद्राको लोग्नेतिरबाट कुन्नि किन एउटा यस्तो अलक्षित घृणा उसभित्र दगुरिरहेको थियो, जसको पत्ता त उसलाई थिएन, किन्तु त्यसको प्रभाव उसमा अवश्य थियो" (भिक्षु, २०५२, पृ. ४) भनिएको छ । यस उद्धरणमा आफ्नो विवाह नभएर बहिनीको विवाह भएको घटनाले गुनकेशरी सारै नै पिरोलिएकी भन्ने देखिएको छ । यसैले गर्दा सुभद्रा र उसका लोग्नेलाई पनि गुनकेशरीले घृणा गर्न थालेकी छ । उसले बाहिर राम्रै देखाउन चाहेकी भए पनि भित्रभित्रै उसको मन बहिनी र आफूलाई नरोज्ने उसका पतिप्रति आक्रोशित भएको छ । यसो गरेर गुनकेशरीले श्रेष्ठत्व हासिल गर्न चाहेकी भए पनि घृणाको नकरात्मक बाटोबाट उसले श्रेष्ठत्व प्राप्त गर्न सक्ने देखिँदैन । यही भएर उसलाई अत्यन्त सुनोपना बिझ्न थालेको छ । आफूलाई पूर्ण ठान्ने उसले सबै कुरा रित्तो देख्न थालेकी छ । यसले गर्दा ऊ हीनत्वबोधबाट पीडित भएकी देखिन्छ ।

कथामा गुनकेशरीको भेट युवक विजयसँग भएको छ । यस सन्दर्भमा कथामा "विजयले पोख्यो–'मेरी' गुनकेसरी, मेरी 'गुनू' मेरी 'गुन'" (भिक्षु, २०५२, पृ. ६) भनिएको छ । यस उद्धरणमा भेटका क्रममा विजयले गुनकेशरीलाई मायालु व्यवहार गरेको देखाइएको छ । आफ्नो विवाह नभएर बहिनीको विवाह भएको कारणले हीनत्वबोध गरेकी गुनकेशरीका लागि विजयको मायालु व्यवहार हीनत्वको क्षतिपूर्ति गरी श्रेष्ठत्व अनुभव गर्ने आधार बनेको छ । समयक्रममा सुभद्राले लेखेको पत्र गुनकेशरीले प्राप्त गरेकी छ । यस सन्दर्भमा कथामा "उसका लोग्ने उसलाई कहिल्यै, केही पनि भन्दैनन्, रिसाउँदैनन् । फेरि उनी अत्यन्त समझदार, दयावान्, उदार-हृदय, सोझा छन् । सुभद्रा उनलाई स्वामीको रूपमा वरण गर्न पाएर एउटी गृहिणी भएकी र केही दिनपछि आमा पनि हुन्छे" (भिक्षु, २०५२, पृ. ७) भनिएको छ । यस उद्धरणमा प्रस्तुत तथ्यबाट विवाह भएकी बहिनी सुभद्राका पति पनि अत्यन्त समझदार, दयावान् र उदार छन् भन्ने गुनकेशरीले थाहा पाएकी छ । अझ बहिनी केही दिनपछि आमा पनि हुँदै छे भन्ने कुराले उसलाई पिरोलेको छ । आफूले सबै कुरा ठीकठाक र पूर्ण चाहँदाचाहँदै पनि केही नभएको र बहिनीको भने सबै राम्रो हुँदै गएको खबर पाएर गुनकेशरीलाई पीडाबोध भएको छ । यस कुराले उसको अन्तर्मानसिकतामा हीनत्वबोध भएको देखिन्छ ।

कथामा गुनकेशरीको विवाहको कुरा चलेको थाहा पाएर विजयले उसलाई पत्र लेखेको छ । पत्रमा "अझ पनि समय छ, धेरै चेष्टा गर्नुपर्दैन । खालि 'गुनकेसरी' र 'विजय'लाई बुझिदिए जीवनको संहारलाई अझ पनि बचारन सकिन्छ" (भिक्षु, २०५२, पृ. ९) सकिन्छ । विजयले लेखेको पत्रमा प्रस्तुत यस भनाइले समय छँदै निर्णयमा पुनर्विचार गर्न गुनकेशरीलाई सम्झाएको छ । पत्र पाएपछि पनि गुनकेशरीले आफ्नो निर्णयलाई परिवर्तन भने गरेकी छैन । बरु उक्त पत्रले गुनकेशरीमा उत्पन्न भएको हीनत्वभावलाई निवारण गर्न र उसको अन्तर्मानसिकतामा श्रेष्ठत्व वृद्धि गर्न सघाएको छ । अझ उसको विजयबाहेक अर्कै पुरुषसँग विवाह हुँदा गुनकेशरीले आफूलाई चाहने अरू पनि छन् भन्ने देखाउन पाएर श्रेष्ठत्वबोध गरेकी छ । गुनकेशरीको विवाह भएपछिको सन्दर्भका बारेमा कथामा "मानो पति पाउँदा

नपाउँदै ऊ कस्तो सम्पूर्ण हुन गई भने उसको स्वयम्मा अब केही बाँकी नै रहन गएन; मानो जता हेऱ्यो जम्मै सम्पूर्ण अर्थात् 'समाप्त' !" (भिक्षु, २०५२, पृ. ११) भनिएको छ । यस उद्धरणमा पति पाएपछि उसले जता हेऱ्यो उतै जम्मै सम्पूर्ण देख्न थालेकी सङ्केत गरिएको छ । बहिनीको विवाह भएर सुखी बनेकी र ऊ आमा पनि बन्न लागेकी खबरबाट स्तब्ध भई हीनत्वबोधमा परेकी गुनकेशरीले आफ्नो पनि विवाह भएपछि श्रेष्ठत्वप्राप्तिको अनुभूति गरेकी छ । उसले यसरी प्राप्त गरेको श्रेष्ठत्व भने क्षणिक भएको छ । सुभद्राले एकै पटकमा दुई पुत्र जन्माएको सूचना पाउँदा गुनकेशरीका मनमा क्रोध उत्पन्न भएको छ र उसलाई आफ्नो कोही नभएको जस्तो लाग्न थालेको छ । आफ्नै पतिबाट समेत पुनः त्यही सूचना पाउँदा उसमा पतिप्रति पनि घृणाको भाव उत्पन्न भएको छ । बहिनीलाई सन्तान हुँदा आफ्नो केही नभएकोमा उसको मानसिकतामा हीनत्वबोध भएको स्पष्ट देखिन्छ । यस सन्दर्भमा कथामा "तर भित्रभित्रै डढ्न गएर पनि उसले केही भनिन; केबल गुनकेशरीलाई प्राप्त गरेको पुरुषको सान्निध्यदेखि पर गइदिने उत्कट आवश्यकताको अनुभव मात्र उसलाई हुन थाल्यो । दोस्रै दिन त्यो आफ्नो माइतमा गई बसी" (भिक्षु, २०५२, पृ. १३) भनिएको छ । यस उद्धरणबाट बहिनीको प्रगति भएको कुराले गुनकेशरी भित्रभित्रै डढ्न गएकी भन्ने देखिन्छ । आफ्नो भने विवाह भएर पनि सन्तान हुने कुनै सङ्केत नदेखिएकामा उसलाई पीडाबोध भएको हुनुपर्छ । उसले यसको दोष पतिलाई दिँदै पतिगृह त्यागेर माइतीघरतर्फ प्रस्थान गरेकी छ । माइतमा पनि उसलाई चैन र शान्ति केही भएको देखिँदैन । एकाएक उसले आफूमा बढ्दै गएको हीनत्वबोधलाई निवारण गरी श्रेष्ठत्व प्राप्त गर्नका लागि विजयलाई पत्र लेखी बोलाएकी छ तर विजयले त्यसलाई अस्वीकार गर्दा गुनकेशरीमा श्रेष्ठत्वप्राप्तिको अपेक्षा हीनत्वकै प्राप्ति भएको कुरा कथाको अन्तमा ऊ मूर्च्छित भएकी देखाएर स्पष्ट पारिएको छ ।

'गुनकेशरी' कथाकी गुनकेशरी प्रारम्भमा आफूलाई पूर्ण ठान्ने र सबै कुरा ठीकठाक भएको देख्न चाहने स्वभावकी भएर श्रेष्ठत्वबोध गरिरहेकी भए पनि कथानकको विकासमा देखिएका विविध घटनाक्रमसँगै हीनत्वबोधमा परेकी छ । श्रेष्ठत्वप्राप्तिका लागि निरन्तर प्रयत्न गर्दा केही सफल भएकी भए पनि अन्ततः उसलाई हीनत्वबोधकै चापमा परेकी देखाइएको छ । यसरी गुनकेशरीलाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२) प्रेमको एउटा कथा

'प्रेमको एउटा कथा' कथाकी गोमती हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । ऊ तेह्र वर्षको उमेरबाट नै मानसिंहसँग माया र पारस्परिक आत्मीयतामा जोडिएर आफ्नो मानसिकतामा सिर्जित हीनत्वलाई निवारण गरी श्रेष्ठत्व प्राप्त गर्ने मार्गमा अग्रसर हुन थालेकी कथामा देखाइएको छ । गोमतीले कथामा "मेरो तेह्र वर्ष उमेरदेखि नै मानसिंहसित बन्धुत्व र लेखापढी भयो । पारस्परिक आत्मीयता अत्यन्त मोहममताभित्र बढिरहेर उहाँसम्म फल्दैफुल्दै आयो जहाँ मलाई सबैले तरुनी भन्न लागे" (भिक्षु, २०५२, पृ. १८) भनेकी छ । यस उद्धरणबाट उसले कलिलै उमेरमा मानसिंहसँग प्रेम गरेर आफ्नो उचाइ बढाउन चाहेकी देखिएको छ । यस्तो चाहना श्रेष्ठत्वभावसँग सम्बन्धित देखापर्छ । गोमती र मानसिंहका बिचको पारस्परिक भित्री मायाप्रेमलाई थाहा पाएकी उसकी

आमाले यस्तो मायाममता हामीलाई उचित छैन; कुलमा कलङ्क लाग्छ; दुनियाँले खिल्ली उडाउँछ भन्दै उसको प्रेम विषयमा विरोधभाव दर्साएकी देखिएबाट गोमती आफ्नो संसारमा को छ र ? भन्ने चिन्तामा परेकी छ । यसबाट उसमा हीनत्वबोधको स्थिति सिर्जना भएको देखिन्छ । यस सन्दर्भमा कथामा "कुन्नि कुन शक्तिले गोमतीलाई एकाएक कस्तो सन्तुष्ट पारिदिन्थ्यो । जस्तो भए पनि कुनै मर्म परेमा आमाबाट आफ्नो पक्षमा समर्थन पाइहाल्छु नि भन्ने आशा उसमा पलाउँछ । यसैले गर्दा उसको प्रेमी मानसिंहले पठाएको चिठी उसले आफैले पढेर सुनाउँछे" (भिक्षु, २०५२, पृ. १९) भनिएको छ । यस उद्धरणले संसारमा आफ्नो कोही नभएको ठानेर हीनत्वबोध गरिरहेकै समयमा एकाएक गोमती आमाको भरोसामा विश्वस्त भएकी देखिएको छ । केही मर्म परेमा आमाको साथ पाइहाल्छु नि भन्ने विश्वास उसमा बढेर आएको छ र ऊ आशावादी भएकी छ । यो उसका लागि श्रेष्ठत्वप्राप्तिको आधार बनेको देखिन्छ ।

गोमतीले प्रेमी मानसिंहले पठाएको चिठी पढेर आमालाई सुनाएकी छ । यस सन्दर्भमा गोमतीले कथामाा "कहिलेकाहीं उनीप्रतिको मेरो उपर्युक्त श्रद्धालुताको करुण र अथाह विश्वासको प्रवाह उम्लन लागेको बेलामा कुनै, एक-दुई दिनभित्रै आएको मानसिंहको चिठ्ठी ल्याएर म आफै आमालाई सुनाउँथे" (भिक्षु, २०५२, पृ. १९) भनेकी छ । यस उद्धरणमा गोमतीले प्रेमीको चिठी आमालाई सुनाउन पाउँदा आफ्नो प्रेममा आमाको पनि स्वीकृति पाउने अपेक्षा गरेकी छ । यसले उसको मानसिकतामा श्रेष्ठत्वप्राप्तिको बोध भएको देखिन्छ । चिठीको व्यहोरा सुनिसकेपछि आमाले देखाएको प्रतिक्रियाका विषयमा कथामा गोमतीले "मानसिंहको चिठी आएछ भनेर मबाटै सुनी–उनको कहिलेकाहीँ यस्तो अवस्था हुन जान्थ्यो जस्लाई 'प्रतिहिंसा'-सम्म भन्न पनि सकिन्छ । म प्रष्टै देक्थें कि त्यस दिन उनको अवस्था अत्यन्त कठिन र विषम हुन जान्थ्यो" (भिक्षु, २०५२, पृ. १९) भनेकी छ । यस उद्धरणमा गोमतीले मानसिंहद्वारा लेखिएको चिठी सुनाएपछि आमाले देखाएको प्रतिक्रिया झल्किएको छ । उनले छोरीको प्रेमसम्बन्धको कुरा सुन्न नचाहेको देखिन्छ । सुनेपछि छोरीप्रति प्रतिहिंसासम्म भन्न सकिने आमाको क्रोध देख्दा गोमती डराउने गरेकी छ । यसबाट गोमतीको मानसिकतामा हीनत्वबोधको सिर्जना गराउने कारण आमाको क्रोधपूर्ण व्यवहार पनि हो भन्ने देखिन्छ । तत्कालै उसलाई बाल्यकाल अनि आफू बस्ने गरेको आमाको काखको चित्र स्मरण भएको छ । यसले उसलाई हीनत्वबोधको निवारणमा सान्त्वना दिँदा उसमा श्रेष्ठत्वको भाव देखापरेको छ । यी तथ्यबाट गोमतीको अन्तर्मानसिकता हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वको तानातानीमा परेको देखिन्छ ।

कथामा एक दिन बेलुकीको समयमा बाआमाको बोलावटपछि जाँदा कोठाको विषादको वातावरण र बाको कुरा सुनेर गोमती आश्चर्यचकित भएकी छ । उसका बाले "हेर, यो मानसिंहको चिठ्ठी ! उसले यसमा तिमीलाई लेखेका आत्मीयताका कुराहरू एउटा बाबुबाहेक कसैले पनि लेख्न सक्तैन । ... तिमीलाई उ केटाकेटीबेलादेखि नै माया गर्छ । तर यत्तिकैले अब उमेर पुगिसकेकी तिमीलाई यस्तो चिठ्ठी लेख्न सक्तैन" (भिक्षु, २०५२, पृ. २०) भनेको छ । यस उद्धरणमा गोमतीका बाले मानसिंहले पठाएको चिठी आफै खोलेर मानसिंहले अब उमेर पुगेकी तिमीलाई यत्तिकै यस्तो चिठी लेख्न सक्तैन भनेपछि उसले एकाएक अन्धकार महसुस गरेकी छ । छोरीका प्रेमीले पठाएको चिठी बाले खोलेर हेरेको यस घटनाले गोमतीको

अन्तर्मानसिकतामा हीनत्वबोध गराएको छ । यसैबिच गोमतीले कुनै यस्तो आफूलाई सम्पूर्णत: चिनेको सत्यको दर्शन पाउन प्रयास गरेकी छ । यसबाट उसलाई कताकता श्रेष्ठत्वप्राप्तिको मार्ग देखेको अनुभव भएको छ । यसैबिच गोमतीका बाआमाले उसलाई सम्झाउँदै "अब उप्रान्त मानसिंहसित लेखापढी नगर्नू; उसैसित मात्र किन कसैसित पनि के काम ?" (भिक्षु, २०५२, पृ. २१) भनेका छन् । यस उद्धरणबाट मानसिँहसँग प्रेममा परेकी गोमतीलाई बाआमाले सम्झाउने क्रममा यस्तो आदेश दिँदा तत्काल उसले हवस् भने पनि यसबाट उसले सबै कुरा खोसिएर शून्य हुन गएको अनुभव गरेकी छ । उसमा निराशा बढेर आएको छ । यसले गोमतीको अन्तर्मानसिकतामा हीनत्वबोधको स्थिति देखिएको छ ।

मानसिंहसँगको घनिष्ठता त्याग्नुपर्ने भएपछि त्यसबाट सिर्जना हुने कमीलाई पूरा गर्न गोमतीले मामाको छोरो दाइ नाता पर्ने गोपाललाई विकल्पको रूपमा ग्रहण गरेर अघि बढ्ने प्रयत्न गरेकी छ । यस सन्दर्भमा उसले कथामा "मानसिंहसितको सम्बन्ध, आत्मिक सोझो बन्धुत्व बलजफतीसित बन्द गरिदिँदा, पहिलो पटक जब मैले आफूलाई एउटा कमीभित्र पाएँ ... गोपाललाई लिएर मेरो मनमा वासनात्मकजस्तो द्वन्द्व मच्चिरहेको थियो; ... तर यो पनि पक्का कुरा हो कि यो द्वन्द्व मेरो कुनै कामुकताले उत्पन्न भएको थिएन" (भिक्षु, २०५२, पृ. २२-२३) भनेकी छ । यस उद्धरणमा बाआमाले मानसिंहसँगको प्रेमसम्बन्ध छुटाएपछि हुन गएको क्षतिलाई पूर्ति गर्नका लागि गोमतीले मामाको छोरा नाताले दाइ पर्ने गोपालसँग आत्मीयता बढाउने चेष्टा गरेकी छ । उसले गोपाललाई उपयोग गरेर आफ्ना बाआमासँग बदला लिई श्रेष्ठत्व हासिल गर्न चाहेकी भए पनि श्रेष्ठत्व प्राप्त गर्ने यो नकरात्मक मार्गले झन् ऊ आफै हीनत्वको चापमा परेकी छ । यसबाट मुक्त हुन गोमती विवाह गर्न तयार भएकी देखिन्छ । यसले उसलाई श्रेष्ठत्वप्राप्तिमा बल पुऱ्याउन सक्ने भए पनि ऊ त्यसभन्दा पहिले नै गोपालबाट गर्भवती भएकी छ । यसले गर्दा विवाह गरे पनि उसमा श्रेष्ठत्वप्राप्तिको लक्षण देखिँदैन । परिणामत: ऊ हीनत्वबोधकै सिकार भएकी छ ।

विवाह भएर पतिगृहमा प्रवेश गरेको केही दिनमै उसले पतिसँग आफू गर्भवती भएको सङ्केत गरेकी छ । यो कुरा उसले श्रेष्ठत्व प्राप्त गर्नका लागि सुनाएको देखिन्छ तर गर्भ पतिको नभएकोले उसलाई हीनत्वबोधले नै च्यापेको छ । उसले श्रेष्ठत्वप्राप्तिका लागि आफ्नो गर्भको सन्तान पतिको हातमा नदिने निश्चय गरेकी छ । यस सन्दर्भमा कथामा उसले "यस बच्चालाई उनको हातमा म दिन्नँ, क्यै गरेर पनि दिन्नँ" (भिक्षु, २०५२, पृ. २४) भनेकी छ । यस उद्धरणबाट गोमतीले पतिलाई माया गर्ने भए पनि आफूले जन्माएको सन्तान उसका हातमा पर्न नदिएर उससँग आत्मसमर्पण गर्न नचाहेकी देखिएको छ । यस्तो अठोट गरेर उसले श्रेष्ठत्व प्राप्त गर्न खोजेकी देखिन्छ । उसले गोपालको प्रश्रयबाट जन्मेको बच्चा आफ्नै आमाबाको कमजोरीको परिणाम भएको पनि ठानेकी छ । यसबाट उसले आफ्नो गल्ती नभएको देखाएर श्रेष्ठत्व प्राप्त गर्न खोजेकी देखिन्छ । यति मात्र होइन बच्चा जन्माएपछि डेढ महिनाको हुँदा नहुँदै त्यसको पालनपोषण एवम् शिक्षादीक्षाको लागि चाहिने रूपयाँ जुटाएर सबै वकिलका जिम्मा लगाएकी छ । यस सन्दर्भमा कथामा गोमतीले "पख्नोस्, मैले सबै कुरा आफै प्रबन्ध गरिसकेकी छु । मेरो साथमा यस बखत पाँचहजार रुपियाँको नोट छ" (भिक्षु, २०५२, पृ. २५) भनेकी छ । यस उद्धरणबाट गोमतीको लक्ष्य स्पष्ट भएको छ । उसले आफ्नो कलिलो सन्तानलाई वकिलको जिम्मा लगाउनुपर्दा हीनत्वबोध गरेकीमा उसको पालनपोषणका लागि

आफ्नै प्रयास र क्षमताले पाँच हजार रूपैयाँ जुटाई वकिलको हातमा थमाएर हीनत्वबोधको निवारण गरी श्रेष्ठत्व हासिल गर्न चाहेकी देखिएको छ । यसपछि घरमै फर्केर जाने कि माइतमा जानेसमेत कुनै बाटो उससँग बाँकी रहेको देखिँदैन । यस्तो अन्यौलले उसमा हीनत्वबोधको स्थिति चरमोत्कर्षमा पुगेको देखाएको छ । यी सबै कथात्मक सन्दर्भहरूबाट कथाकी प्रमुख पात्र गोमतीको अन्तर्मानसिकता हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको स्पष्ट हुन्छ ।

'प्रेमको एउटा कथा' कथाकी गोमती मानसिंहसँग प्रेमसम्बन्धमा रहँदा श्रेष्ठत्वबोध गरेकी र उससँग अलग्गिनुपर्ने परिस्थिति बनेपछि ऊ हीनत्वबोधमा परेकी छ । यसपछि गोपालसँग सम्बन्ध बढाएर अनि विवाह गरेर विजयवासनालाई सुरक्षित गर्न खोजेकी भए पनि उसलाई खास सफलता प्राप्त हुन सकेको देखिँदैन । ऊ उल्टै हीनत्वबोधमा परेकी देखिन्छ । गोमतीले आफूले जन्माएको छोरो वकिलको जिम्मा लगाउने क्रममा पालनपोषणको लागि पाँच हजारसमेत थमाएर श्रेष्ठत्व प्राप्त गर्न चाहेकी छ। यसो भए पनि आफ्नो मुटुको टुक्रालाई अरूको जिम्मा लगाउनुपर्दा र उपायहीन भएर अलप हुनुपर्दा उसमा हीनत्वबोध भएको देखिन्छ । कथामा प्रस्तुत भएका यी सन्दर्भबाट गोमतीको मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वात्मक स्थिति स्पष्टसँग झल्किएको छ। यसरी कथामा गोमतीलाई केन्द्रक बनाएर हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(३) 'अनि ... ?'

'अनि ... ?' कथाकी रत्नमाया हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा उसका बाबु रामध्वजलाई पढेलेखेको शिक्षितका साथै धर्मकर्म, पूजापाठ र आचारविचारको पक्का व्यक्ति भनेर चिनाइएको छ । दसएघार वर्षको उमेरमा आमालाई गुमाएर टुहुरी भएकी छोरीको लालनपालन र शिक्षादीक्षा सबै कार्य बाबु रामध्वजले नै सम्पन्न गरेको छ । उसको घरमा नियमबद्ध साँचोमा बाँधिएको अनुशासन कायम रहेको छ । त्यसलाई उल्लङ्घन गर्ने भन्ने कुरा अत्यन्त असम्भव नै छ । समयक्रममा उमेर बढ्दै गएपछि बैंसालु बनेकी रत्नमायालाई भने घरको त्यस्तो कठोर अनुशासन हीनत्वबोधको आधार बनेको देखिन्छ । त्यसबाट मुक्त हुनको लागि उसले आफ्नै घरको पल्लोपट्टि बस्ने युवक गोविन्दसँग प्रेम गरेकी छ। उसको प्रेमसम्बन्धका बारेमा कथामा "बुझ्नुभएन के ? त्यही युवक, रामध्वजको घरको पल्लोपट्टिको घरमा बसेको उसैसित रत्नमायाको प्रेम रहेछ" (भिक्षु, २०५२, पृ. २९) भनिएको छ । यस उद्धरणले युवक गोविन्दसँगको प्रेमसम्बन्धका माध्यमबाट रत्नमायाले घरको कठोर अनुशासनको साँचोबाट मुक्त भएर स्वतन्त्र जीवन जिउने वातावरणको खोजी गर्न थालेकी देखाएको छ । आफूले मन पराएको युवक गोविन्दसँग विवाह गरेर घरको कठोर नियन्त्रणबाट मुक्त भई श्रेष्ठत्व प्राप्त गरेर आफूले अनुभूत गर्दै आएको हीनत्वबोधको निवारण गर्न सकिने उसले ठानेकी हुनुपर्छ ।

कथामा रत्नमायाले युवक गोविन्दसँग प्रेम गरेकी भए पनि उसको बाबुले भने नरदेवी टोलतिरको अर्कै मानिससँग विवाह गरिदिने चाँजोपाँजो मिलाइसकेको देखिन्छ । यसलाई रत्नमायाले अस्वीकार गर्न सक्ने परिस्थिति देखिँदैन । यस सन्दर्भमा कथामा "लाग्छ कि बाबुकी

छोरी रत्नमाया, बाबुले सँगालेको परिधिलाई नाघ्नको त के कुरा, नाघ्ने कल्पनापर्यन्त पनि गर्न सक्तिन । किन्तु ननाघे पनि प्रेम त छँदै छ" (भिक्षु, २०५२, पृ. ३०) भनिएको छ । यस उद्धरणले बाहिर हेर्दामा रत्नमायाले बाबुले गरिदिन लागेको विवाहलाई मानेको जस्तो देखिए पनि ऊ भित्रभित्रै पिरोलिएकी भन्ने देखाएको छ । उसले प्रेमसम्बन्ध रहेकै युवकसँग विवाह गरी जीवन बिताउन चाहेकी छ तर उसको बाबुले सँगालेको अनुशासनको परिधिलाई उसले उल्लङ्घन गर्न सक्ने देखिँदैन । आफूले प्रेम गरेको युवकसँग विवाह गर्न पाएमा उसले श्रेष्ठत्वको अनुभूति गर्न सक्ने भए पनि बाबुले उसको विवाहको तयारी गरेकाले बाध्य भएर ऊ बाबुले चाहेको मानिससँग विवाह गरेर पतिगृह जानुपर्ने देखिन्छ । यस्तो परिस्थितिले गर्दा उसको अन्तर्मानसिकता हीनत्वबोधको चापमा परेको छ ।

कथामा रत्नमाया युवकसँगको प्रेमसम्बन्ध र विवाहको चर्चाका बिच अप्ठेरोमा परेकी छ । यस सन्दर्भमा कथामा "जसलाई मन दिइएथ्यो शरीर पनि सहजभावले सुम्पिदिएकी भए, सायद रत्नमायालाई प्रवञ्चनाले छुन सक्तैनथ्यो" (भिक्षु, २०५२, पृ. ३१) भनिएको छ । यस उद्धरणबाट रत्नमायाले आफ्नो प्रेमीलाई मन र शरीर दुवै समर्पण गर्न नसकेकै कारणले गर्दा उसका बाबुले अर्कै मानिससँग विवाह गरिदिने प्रबन्ध मिलाएको भन्ने देखिएको छ । उसले मन र शरीर दुवै आफ्नो प्रेमी युवक गोविन्दसँग समर्पित गरेर उसलाई पूर्णरूपमा प्राप्त गर्ने मार्गमा लागेकी भए सायद उसले श्रेष्ठत्वप्राप्तिमा सफलता पाउन सक्दथी भन्ने सङ्केत कथामा गरिएको छ तर उसले त्यस्तो गर्न सकेकी छैन । मन भए पनि शरीर सुम्पदा पारिवारिक अनुशासन र मर्यादाबाट प्राप्त उसको संस्कारले हीन ठान्ने भएकोले उसले त्यस्तो गर्न नसकेकी देखिन्छ । हीनत्वबोधको स्थिति देखिँदा व्यक्तिमा दुःखको अनुभूति हुने, अभाव कमी महसुस हुने आदि लक्षणहरू देखिने भएअनुसार रत्नमायामा पनि त्यस्तै लक्षण देखिन थालेका छन् ।

कथामा रत्नमायाको विवाह नजिकिँदै गएको छ तर उसले हुन लागेको विवाहलाई आफ्नो प्रेमको अपमानको रूपमा लिएकी छ । यस सन्दर्भमा कथामा "गत पाँचसात दिनदेखि त्यो छिमेकी युवक त्यसकहाँ आउँदै आएन । आउनु नपर्ने पनि हो ! तर रत्नमायाको मनमा त्यो नआएकै कारणले उसमाथि क्रोध, रिस किन उठिरहेछ ?" (भिक्षु, २०५२, पृ. ३२) भनिएको छ । यस उद्धरणले आफ्नो प्रेमी गोविन्द नआउँदा रत्नमायाले कमी र अभाव महसुस गरेकी भन्ने देखाएको छ । यस्तो महसुस हुनु आफैमा हीनत्वबोध हुनु नै हो । ऊ आइदिएको भए सायद रत्नमायाले आनन्द, सन्तुष्टि र सुखको अनुभूति गर्न पाउँथी कि भन्न सकिन्छ । यसले उसमा केही मात्रामा भए पनि श्रेष्ठत्वप्राप्ति हुन सक्दथ्यो । यस कथात्मक परिस्थितिमा रत्नमाया हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी देखिन्छ ।

कथामा रत्नमायाको विवाह भएर ऊ पतिगृह प्रवेश गरेकी छ । विवाहको घटनाबाट उसले तलबाट माथि बढ्ने आन्तरिक राग नै गुमाएकी छ । बरु उसले माथिबाट तल खस्नुपरेको देखिन्छ । यो विवाह स्थगित भएर युवक गोविन्दलाई उसले पति वरण गर्न पाएकी भए तलबाट माथि बढ्ने आन्तरिक रागमा सफलता पाएकी हुन्थी । यस्तो हुन सकेको भएमा उसले श्रेष्ठत्व पनि प्राप्त गर्ने थिई तर कथामा उसले हीनत्वबोध गर्नुपर्ने परिस्थिति बनेको देखिन्छ । रत्नमायाको विवाह भएर ऊ पतिगृह गएपछिको सन्दर्भलाई औल्याउँदै कथामा "पतिले रत्नमायालाई अङ्कमाल गऱ्यो । रत्नमाया पानीझैँ उसको काखमा ढल्किन गई ।

पतिले चुम्बन गऱ्यो; रत्नमायाँका ओठ जल्न थाले" (भिक्षु, २०५२, पृ. ३४) भनिएको छ। यस उद्धरणले रत्नमायाको विवाह भएपछि उसका मानसिकतामा देखिएको हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिको स्थितिलाई औंल्याएको छ। विवाह भएर पतिगृह गएपछि पतिसँगको बसाइसँगै पतिले अङ्कमाल गर्दा रत्नमाया उसको काखमा ढल्किएकी भए पनि पतिले चुम्बन गर्दा उसका ओठ जल्न थालेका छन्। यसबाट उसले पतिसँगको सहवासलाई हीनत्वबोधका रूपमा ग्रहण गरेकी देखिन्छ। यही क्रममा त्यो युवकको जस्तो प्रेमदृष्टिको एउटा झल्को चिन्नलाई रत्नमायाका स्निग्ध आँखा अलि खुलेका छन्। यसो गरेर उसको अन्तर्मानसिकताले आफ्नै प्रेमी गोविन्दलाई खोजी गरिरहेको देखिन्छ। उसले यसो गरेर श्रेष्ठत्वको अनुभूति गर्न चाहेकी छ। यस सन्दर्भमा कथामा "त्यो स्निग्धता त्यो- त्यो उत्सर्ग र मोहको पुण्यप्रद नम्रदृष्टिको सट्टा यहाँ त .... । रत्नमायाँको प्राणले भन्यो, चिच्चायो -'धोखा, छल दम्भ । एकदम ठग्ने कुरा ..." (भिक्षु, २०५२, पृ. ३४) भनिएको छ। यस उद्धरणले श्रेष्ठत्वको खोजी गरिरहेकी रत्नमायाले भोग्न परिरहेको हीनत्वबोधको अवस्थालाई देखाएको छ। उसले विवाहित पतिसँगको सम्बन्धलाई धोका, छल, दम्भ र एकदम छल्ने कुराको रूपमा लिएकी छ। विवाहित पतिसँगको सम्बन्धबाट आफू ठगिएको र लुटिएको महसुस उसलाई भएको छ। कथामा आएका यी घटनाक्रमबाट रत्नमाया हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी देखिन्छ।

'अनि....?' कथाकी रत्नमाया घरमा बाबुको कठोर अनुशासनबाट हीनत्वबोधमा परेकी छ। त्यसैले उसले युवक गोविन्दसँग प्रेम गरेर उसैसँग विवाह गरी बाबुको घरको वातावरणबाट स्वतन्त्र भएर श्रेष्ठत्व प्राप्त गर्न चाहेकी छ। रत्नमायाको बाबुले भने उसको विवाह अर्कै मानिससँग गरिदिएको छ। विवाहपछि ऊ पतिको घरमा गएकी भए पनि उसले आफ्नो विवाहलाई धोखा, छल, दम्भ एवम् एकदम ठग्ने कुरा ठानेकी छ। आफ्नै प्रेमीसँग विवाह गरेर श्रेष्ठत्व हासिल गर्न चाहेकीमा त्यसो नभई उसले नचाहेको मानिससँग विवाह हुँदा रत्नमायाको मनोदशा हीनत्वबोधको स्थितिमा पुगेको देखाइएको छ। यसरी रत्नमायालाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ।

(४) त्यही सात दिन

'त्यही सात दिन' कथाकी आनन्दकुमारी हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो। कथामा ऊ आर्थिक रूपमा विपन्न आमाबाबुकी छोरी भएकी सङ्केत गरिएको छ। घरको आर्थिक दुरावस्थाको कारणले गर्दा उमेर पुगेर बैँसालु भएकी उसका सबै आवश्यकता बाबुआमाले पुऱ्याउन सक्ने देखिँदैन। अपुगमा बाँच्न परिरहँदा आनन्दकुमारीले हीनत्वबोध गर्नुपरेको छ। यसैबिच बाबुआमाले निर्णय गरेर उसलाई दरबारमा पुऱ्याएका छन्। यसलाई कथामा "अनि त्यही आनन्ददूतको चमत्कार ! अल्लादीनको जादूको महलझैँ एउटा महलमा खेलिरहेको आनन्दमा आनन्दकुमारीलाई त्यस आनन्ददूतले ल्याएर नै फ्याँक्यो। प्रत्यक्ष नृत्य गर्न थाल्यो" (भिक्षु, २०५२, पृ. ३६) भनेर चर्चा गरिएको छ। यस उद्धरणले गरिबीमा बाँचिरहेकी आनन्दकुमारी दरबारमा प्रवेश पाउँदा सङ्कोच र लाज महसुस गरे पनि त्यहाँको सुख, आनन्द, नाँचगान र नृत्य, त्यहाँको महल आदिका सौन्दर्यबाट आकर्षित

भएकी भन्ने सङ्केत गरेको छ । उसलाई त्यहाँ जादूको महलमा आनन्ददूतले ल्याएको अनुभूति भएको छ । यी कुराहरूले उसको मानसिकतामा श्रेष्ठत्वबोध गराएको छ ।

कथामा आनन्दकुमारी दरबारमा पुगेपछि त्यहाँको सुन्दरताका माझ दासीहरूबाट घेरिएकी छ । ती दासीहरू उसका हरेक इच्छा पूरा गर्न उत्सुक देखिन्छन् । यस बारेमा कथामा "ती थिए दासीहरू; र आनन्दकुमारीको सानोभन्दा सानो इच्छापूर्तिका लागि तयार भए पनि, अनभ्यस्त आनन्दकुमारीलाई उनीहरूको परिचर्याको चेष्टा नै एउटा अत्याचारजस्तो कष्टकर लाग्यो" (भिक्षु, २०५२, पृ. ३७) भनिएको छ । यस उद्धरणबाट आनन्दकुमारी दरबारमा पुग्दा नपुग्दै उसका हरेक इच्छा पूरा गर्न दासीहरू आइपुगेका देखाइएको छ । उनीहरूले त्यसरी आफ्नो अगाडि आएर घेर्दा आनन्दकुमारीलाई भने अत्याचार र कष्टकर लागेको छ । यस्तो कार्यबाट उसले आफूलाई उनीहरूले केही नजान्ने ठानेका भन्ने अनुभूत भएको देखिन्छ । यसले आनन्दकुमारीमा हीनत्वबोध भएको सङ्केत गर्दछ ।

दरबारमा पुगेकी आनन्दकुमारी बिस्तारै त्यहाँको वातावरणमा समाहित हुँदै गएकी छ । यस बारेमा चर्चा गर्दै कथामा "अज्ञात लालसाहरू कुन्नि कताबाट आएर जान्नका निम्ति उन्मुख हुन लालयित थिए । कुनाकुनामा छरिएको सुनौलापन, उनको सामुन्ने आफ्नो अङ्ग खोलेर बसिरेहको थियो । ... बिस्तार-बिस्तारै वैभवको मादकताले तान्न थाल्यो" (भिक्षु, २०५२, पृ. ३७) भनिएको छ । यस उद्धरणले आनन्द कुमारी दरबारको वातावरणमा बिस्तारै घुलमिल हुन थालेकी देखाएको छ । उसले दरबारका कुनाकुनामा सुनौलोपन छरिएको देखेकी छ । ती सबैले आफ्नो काखमा सुख र विश्राम दिन तयार रहेको उसले अनुभूत गरेकी छ । बिस्तारै उसलाई वैभवको मादकताले तान्न थालेको पनि देखिएको छ । यस्तो पाउँदा उसलाई आफू निकै ठूलो स्थानमा आइपुगें भन्ने लागेको छ । यी कुराहरूबाट आनन्दकुमारीलाई श्रेष्ठत्वप्राप्तिको अनुभूति भएको देख्न सकिन्छ ।

कथामा आनन्दकुमारीले आफूलाई अबोध ठानेकी भए पनि हाँक देखाउने प्रयास पनि गरेकी छ । यस सन्दर्भमा भिक्षु (२०५२)ले लेखेका छन् :

> संकोच, लाज उनका मृगीजस्ता आँखाहरूमा सजिलैसित देखिन्थे र तिनीहरू सबैमा उनले आफूलाई हरतरहबाट अबोधजस्तो अनुभव गरिरहेकी थिइन् । साधारण समाजको उपयुक्त संस्कारकी भए पनि त्यहाँका उत्कृष्ट सबै थोकका निम्ति अयोग्य, अक्षम ! मनमा ल्याइएका हर प्रकारका साहसहरूले जब उनीलाई थाम्न सकेनन् अनि केही नपाएर डर मान्दै एउटा मखमली कौचमा लडिन्; फेरि आँखा चिम्लेरै, सबै दासीहरूलाई त्यहाँबाट अन्त जान भनिन् । (पृ. ३७)

उल्लिखित उद्धरणमा आनन्दकुमारीको हृदय भयभित भएको देखाइएको छ । उसलाई सङ्कोच र लाज पनि लागेको छ । उसले आफूलाई साधारण समाजका लागि उपयुक्त संस्कारकी ठाने पनि दरबारका उत्कृष्ट सबै थोकका निम्ति भने अयोग्य र अक्षम ठानेर डराएकी छ । कथामा प्रस्तुत यी तथ्यले आनन्दकुमारीको मानसिकतामा हीनत्वबोध भएको दर्साएका छन् । यसैबिच उसले दरबारको कोठाको मखमली कौचमा बसेर आँखा चिम्लदै दासीहरूलाई आफ्नो कोठाबाट जान भनेकी छ । फेरि केही समयपछि स्प्रिङ्गदार मेचमा बसेकी छ । त्यो उसलाई नरम

स्निग्ध र सुखद् लागेको छ अनि तत्कालै मादकता र वैभवको अनुभव पनि गरेकी छ। यसबाट उसले श्रेष्ठत्वप्राप्तिको अनुभूति गरेकी कथामा देखिएको छ । यी कुराहरूबाट कथामा आनन्दकुमारीको मनोदशा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको पाइन्छ ।

दरबारमा पुऱ्याइएकी आनन्दकुमारी बिस्तारै दरबारिया वातावरणमा भिज्दै गएकी छ । अद्भूत लाग्ने कलापूर्ण सजावट, श्रृङ्गारका वस्तु, सुन्दर कोठा, ओछ्याइएका गलैँचा, चित्रकारी भएका रङ्गीन भित्ताहरूका माझमा बसेकी ऊ कोठामा सजाइएको ऐनामा आफ्नो रूप देखेर आफूबाट आफै लोभिएकी छ । यस बारेमा कथामा "अघि आएको मानसिक दुर्बलतालाई त्यो सुसज्जित कोठाको निरवता र शून्यताहरूले बिस्तार-बिस्तारै साहस दिँदै ल्याए र कल्पना क्रमशः उज्वलतर प्रदीप्त हुँदै आई वैभवको मद पिउन थाल्यो ... प्रचण्ड विकास, हरेक किसिमका उद्दीपक, साधनहरूसाथ तीव्र हुँदै चरितार्थ हुन थाले" (भिक्षु, २०५२, पृ. ३८) भनिएको छ । यस उद्धरणबाट आनन्दकुमारीको अन्तर्मानसिकताबाट दुर्बलताजन्य हीनत्वको भाव हट्दै गएको र साहस बढ्दै गएको भन्ने देखिन्छ । उसको मानसिकतामा कल्पना पनि उज्वलतर एवम् प्रदीप्त बन्दै गएको र उसले वैभवको मद पिउन थालेकी देखिएको छ। हरेक किसिमका उद्दीपकहरूको तीव्र विकास भई दरबारिया सुखसयलका साधन र सम्पन्नतासँग ऊ समायोजित हुन थालेकी छ। एक दिन, दुई दिन गर्दै सात दिन दरबार बसाइको क्रममा उसले सबै कुरा हेर्न, देख्न र भोग्न पाएर उच्च आनन्दको अनुभूति गरेकी छ। यी तथ्यबाट उसले श्रेष्ठत्व प्राप्त गरेकी भन्ने देखिएको छ।

दरबार बसाइको सात दिनपछि फेरि आनन्दकुमारीलाई आफ्नै घरमा फर्किनुपर्ने बाध्यता आइलागेको छ । यसका बारेमा चर्चा गर्दै कथामा "त्यसपछि सामुन्ने आयो त्यही अन्धकार, उदास, आफ्नो विपन्न कोठा, त्यही घर, त्यही समाज, त्यही दुःखसुख, छिमेकीहरूको सहानुभूति र विरोध इत्यादि । रुचिकर, अरूचिकर स्वाभाविकता" (भिक्षु, २०५२, पृ. ३९) भनिएको छ। यस उद्धरणले आफ्नै गाउँघरमा फर्किएपछि आनन्दकुमारीका मनमा दरबारिया वैभव र सुख केवल क्षणिक सपनाजस्तै भएको भन्ने देखाएको छ। उसले अन्धकार र उदास महसुस गरेकी छ । अन्ततः आफ्नै समाजका रुचिकर र अरूचिकर कुराहरूसँगै जिउनुपर्ने अवस्थामा ऊ फर्किएकी देखिन्छ । यसबाट उसका अन्तर्मानसिकतामा हीनत्वबोध उत्पन्न भएको छ । यस प्रकार दरबारको बसाइ र त्यहाँबाट फिर्तीसँगैका कथानकीय घटनामा आनन्दकुमारी हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी देखिन्छ ।

गाउँघरमा फर्किएपछि आनन्दकुमारीले बहिनी नाता पर्ने सरलालाई चिठी लेखेकी छ। त्यसमा उसले दरबारको बसाइको क्रममा आफू बाह्य रूपमा मात्र आनन्दित हुन पाएको तर भित्री रूपमा त्यस्तो केही अनुभूत नभएको जनाएकी छ । आनन्दकुमारीले चिठीमा "बाबुआमाहरू खुसी छन् । तिनीहरूलाई कल्पनातीत सफलता प्राप्त भएको छ; घरद्वार र बन्द बेपारलाई केही पूँजीसमेत ! मलाई जन्माए; यस क्षुद्र तनको कुनै किसिमको उपयोगले तिनीहरूलाई प्रशन्न तुल्याएको छ भने मेरो रचना- शरीरको अस्तित्वसम्म- सार्थक भो" (भिक्षु, २०५२, पृ. ३९) भन्ने कुरा खुलाएकी छ। यस उद्धरणमा आनन्दकुमारी खिन्न देखिएकी छ । उसका बाबुआमाले धनपैसाको लागि दरबारमा पठाएकाले उनीहरूलाई केही प्राप्त भए पनि उसलाई भने केही उपलब्धि भएको देखिँदैन । बरु उसको आकाङ्क्षा, उत्साह, उल्लास र

जीवनगति त्यहीँ लुटिएको छ । उसले आफ्नो नारी जातिको सर्वस्वसमेत दरबारमै छोडेर आएको पनि भनेकी छ । यहाँ प्रस्तुत आनन्दकुमारीको भनाइबाट उसमा निराशा छाएको स्पष्ट देखिन्छ । यसबाट उसले श्रेष्ठत्वलाई गुमाएकी र उसको मानसिकतामा हीनत्वबोध व्याप्त भएको देखिन आउँछ ।

आनन्दकुमारीले सरलालाई लेखेको चिठीमा दरबारमा रहँदाका अनुभवलाई खुलेर उल्लेख गरेकी छ । उसले चिठीमा "अन्तर चक्षुमा झल्याँस्स उदाइहाल्दछ त्यही सात दिन; अतृप्त, अपूर्ण, अगाध ! कहिलेसम्म त्यो त्यस्तै रहिरहन्छ तीव्र, वितृष्ण- ईश्वर जानून्" (भिक्षु, २०५२, पृ. ४१) भनेकी छ । यस उद्धरणमा दरबार बसाइको सात दिनलाई आनन्दकुमारीले बिर्सन नसक्ने भनेकी छ । यस अवधिमा उसले तृप्तता प्राप्त गर्न नसकेकी र भोगाइ अपूर्ण नै रहन गएको खुलाएकी छ । उसले आफू वितृष्ण भएकी र केवल निराशा लिएर घर फर्किएकी भनेकी छ । यी तथ्यबाट उसले आफ्नो अन्तर्मानसिकतामा व्याप्त हीनत्वबोधलाई प्रकट गरेकी देखिन्छ । आनन्दकुमारीले चिठीमा "बिहानदेखि नै भ्यालमा आई बस्छु । मूक र निस्पंद दृष्टिले यी आँखाहरूको सामुन्ने छरिएको सृष्टिको अपार वैभव र त्यसको नृत्य हेर्ने क्रम चल्दछ । ... सातै दिनका अनन्त, सतृष्ण झिलिमिली !" (भिक्षु, २०५२, पृ. ४१) लेखेकी छ । यस उद्धरणमा आएको कथनबाट आनन्दकुमारीले दरबारमा बितेका सात दिनलाई सम्झेर वैभवको अनुभूति गरिरहेकी देखिन्छ । उसको आँखाअगाडि दरबार बसाइका सात दिनमा देखेभोगेका वैभव र त्यहाँको झिललिमिलीको सम्झना आइरहेको छ । यसबाट उसलाई आफ्नो गाउँघरका कसैले कल्पना पनि गर्न नसक्ने आश्चर्यजनक सुख र वैभव भोगेको महसुस भएको स्पष्ट हुन्छ । यो उसका लागि श्रेष्ठत्वबोधको आधार बनेको छ । कथामा प्रस्तुत यी विविध सन्दर्भबाट कथाकी प्रमुख पात्र आनन्दकुमारी हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी देखिएको छ ।

'त्यही सात दिन' कथाकी आनन्दकुमारीलाई दरबारमा पुऱ्याइएपछि प्रारम्भमा उसले आफू सबै थोकबाट अयोग्य र रित्तो भएको महसुस गरी निराश भएकी भए पनि बिस्तारै ऊ दरबारको वैभव, सम्पन्नता र सुखसयलमा रम्न पाएर सन्तुष्ट भएकी छ । सात दिनमै घर फर्किनुपरेपछि ऊ निराश बनेकी कथामा देखिन्छ । घर फर्किएपछि उसले दरबारमा बस्दा आफूले सबै कुरा गुमाएको ठान्नुका साथै दरबारको भव्यता र सुखसयलको वर्णन पनि गरेकी छ । यिनबाट आनन्दकुमारी हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेकी स्पष्ट हुन्छ । यसरी आनन्दकुमारीलाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(५) रमा

'रमा' कथाकी रमा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ सम्पन्न परिवारकी छोरी भएर सुरुमै देखिएकी छ । सबै कुराले पुग्दार, शीलगुणले सम्पन्न र पढेलेखेकी भएर पनि उमेर बीस वर्ष पुग्दासम्म उसको विवाह भने भएको देखिँदैन । यस सन्दर्भमा कथामा "रमा सम्मानित बाबुकी सम्पन्न र मर्यादाशील कुल-परिवारकी छोरी । पढेकी, लेखेकी, गृहकार्यमा निपुण । उमेर बीस वर्ष बिहा भएको थिएन" (भिक्षु, २०५२, पृ. ४२) भनिएको छ । यस उद्धरणमा रमा सुयोग्य युवती

भए पनि उसको बीस वर्ष पुग्दासम्म विवाह नभएको देखाइएको छ । प्रस्तुत कथा लेखिएको समयसन्दर्भलाई हेर्दा त्यस समयमा छोरीको पन्ध्र-सोह्र वर्षको उमेरमै विवाह गर्ने चलन रहेकोले बीस वर्ष उमेर पुग्दा पनि विवाह नहुनुले रमाका मानसिकतामा सामाजिक हीनत्वबोधको स्थिति उत्पन्न भएको हुनुपर्छ । यस किसिमको हीनत्वबोधलाई निवारण गरी श्रेष्ठत्व प्राप्त गर्नको लागि रमा क्रियाशील भइरहेकी कथामा देखिन्छ । उसका बाबु सम्पन्न र सम्मानित छन् । ऊ मर्यादाशील कुलपरिवारकी छोरी हो । यी कुराले गर्दा रमाको पारिवारिक पृष्ठभूमि श्रेष्ठत्वबोध गर्न लायकको छ । लेखपढका साथै घरमा परिआउने हरेक कार्यमा पूर्णता हासिल गरेर सबै कुरामा उसले आफूलाई सम्पन्न तुल्याउन सकेकीले गर्दा उसले श्रेष्ठत्वबोध पनि गरिरहेकी देखिन्छ ।

कथामा रमाले आफूलाई जान्नेसुन्ने, पवित्र र आदर्शशील हुँ भन्ने दम्भ पालेर बसेकी देखाइएको छ । यस सन्दर्भमा कथामा " आफ्नो विचारमा अलि-अलि दम्भ पनि सञ्चित गरिराखेकी थिई गर्व थियो–म जान्ने हुँ, म पवित्र हुँ, म आदर्शशील हुँ" (भिक्षु, २०५२, पृ. ४२) भनिएको छ । यस उद्धरणले रमालाई दम्भी स्वभावकी भनेर चिनाएको छ । उसले आफूलाई निकै जान्ने, पवित्र र आदर्शशील ठानेकी छ । यसो गरेर उसले आफूलाई अरूभन्दा फरक र विशिष्ट श्रेणीकी मानेर आफ्नो क्षमताबाट आफै आत्मगौरव महसुस गरी श्रेष्ठत्वबोध गर्दै गरेकी कथामा देखिन्छ । रमाले आफ्नो विशिष्टता र क्षमता देखाउन हुलाक टिकट सङ्कलन गर्ने, दृश्य आदिका फोटोहरू बटुल्ने अनि अरूलाई पठाउने र अरूबाट आफूले प्राप्त गर्ने गरेकी छ । यसो गरेर उसले आफूलाई विशिष्ट क्षमता भएकी नारीको रूपमा चिनाउन खोजेकी देखिन्छ । उसको यस्तो कार्य समाजमा अरूभन्दा आफूलाई श्रेष्ठ देखाउने प्रयत्नको रूपमा प्रस्तुत भएको छ ।

कथामा रमाको घरमा काम गर्ने कारिन्दाको छोरो कलकत्ताबाट आई.ए. पास गरेको युवकसँग उसको आफ्नै घरमा भेट हुँदा रमाले पढाइलेखाइ, कलकत्ताको रमाइलो, सिनेमाहरूको आलोचना, नयाँनयाँ सङ्गीत इत्यादिका बारेमा विमर्श गरेकी देखाइएको छ । यस सन्दर्भमा कथामा "मैयाँसाहेबले पनि सोधिन्–पढाइलेखाइको कुरा, कलकत्ताको रमाइलो, सिनेमाहरूको आलोचना, नयाँ-नयाँ रेकर्डहरूको सङ्गीत-उत्तमता इत्यादि" (भिक्षु, २०५२, पृ. ४३) भनिएको छ । यस उद्धरणमा रमाले युवकसँग राखेका जिज्ञासाका माध्यमबाट आफूले स्वदेशमै बसेर पनि धेरै किसिमका ज्ञान र क्षमता आर्जन गर्न सकेकी छु भन्ने कुरा देखाउन चाहेकी स्पष्ट हुन्छ । यसरी आफूलाई आधुनिक र पढेलेखेकी देखाउने प्रयत्न गरेर उसले श्रेष्ठत्वप्राप्तिको अभिलाषा राखेकी छ । रमा र युवकका बिचको बढ्दो सम्बन्धका बारेमा कथामा "बिस्तार-बिस्तारै फोटोग्राफी र टिकट सङ्कलनको आधुनिक फेसनले भरिएको आफ्नोआफ्नो रुचि प्रदर्शन पनि भयो । युवक कहिलेकाहीँ आफै दर्शन गर्न आउने र कहिलेकाहीँ मैयाँसाहेबले कुनै पढ्नेलेख्ने विषयमा आफै डाक्ने अथवा पूर्जी लेखिपठाएर सोध्ने" (भिक्षु, २०५२, पृ. ४४) भनिएको छ । यस उद्धरणले रमा र युवकका बिचमा लेखपढ र ज्ञानको आदानप्रदानसँगै सम्बन्ध पनि गाढा बन्दै गएको देखाएको छ । भेटघाट र कुराकानी बढ्दै जाँदा दुईजनाका बिचमा प्रेमसम्बन्ध स्थापित हुन गएको कथामा देखिएको छ । बीस वर्ष उमेर हुँदा पनि विवाह नभएकोले हीनत्वबोध गरिरहेकी पनि हुन सक्ने रमाका लागि युवकसँग बढ्दै गएको हिमचिम र प्रेमसम्बन्ध श्रेष्ठत्वप्राप्तिको लागि उत्तम अवसर बनेको देखिन्छ ।

युवकसँग प्रेम गरेर अघि बढिरहेकी रमाले पारिवारिक इज्जत र प्रतिष्ठाका चापमा परेर आफ्नो र युवकका बिचमा स्थापित प्रेमसम्बन्धलाई एकाएक तोड्ने घोषणा गरेकी छ । यस सन्दर्भमा कथामा "कुरा गरी आमाको भक्ति, बाबुको मर्यादामा ओतप्रोत भई युवकलाई लेखिदिई- हाम्रो परिवारको मर्यादाविरुद्ध छ, आमाबाबुको आज्ञा छैन, अबउप्रान्त केही सम्बन्ध राखेर के लाभ ?" (भिक्षु, २०५२, पृ. ४५) भनिएको छ । यस उद्धरणले रमा र युवकका बिचको प्रेमसम्बन्ध टुट्न लागेको देखाएको छ । रमाले आमाको भक्ति, बाबुको र परिवारको मर्यादालाई ध्यान दिएर उसका बाबुआमाले युवकसँगको प्रेम निरन्तर होस् भन्ने आज्ञा नदिएकै कारणले गर्दा उससँगको सम्बन्ध विच्छेद गर्ने उद्घोष गरेकी देखिन्छ । उसले पारिवारिक श्रेष्ठतालाई विचार गरेर युवक र आफूबिच कायम रहेको प्रेमसम्बन्धलाई विच्छेद गर्ने निर्णय गरेकी छ । उसले यो निर्णयबाट युवकभन्दा आफू श्रेष्ठ भएको देखाउने प्रयत्न गरेकी भए पनि यसबाट उसले श्रेष्ठत्व प्राप्त गर्न सकेकी भने देखिँदैन । बीस वर्ष उमेर हुँदा पनि विवाह नभएर हीनत्वबोध गरिरहेको अवस्थामा युवकसँगको प्रेमसम्बन्धबाट श्रेष्ठत्व प्राप्त गर्दै गरेकीमा उससँगको सम्बन्धविच्छेदबाट रमाको अन्तर्मानसिकतामा झन् हीनत्वबोधको मात्रा बढ्न गएको घटनाक्रमबाट स्पष्ट हुन्छ ।

कथामा रमाले युवकसँग कायम रहेको प्रेमसम्बन्धलाई आफैले तोडिसकेपछि स्वाभाविक रूपमा उसको अन्तर्मानसिकतामा उत्पन्न भएको हीनत्वबोधलाई निवारण गरेर पुग्न गएको क्षतिलाई पूर्ति गर्नका लागि तत्काल उससँग केही उपाय देखिँदैन । स्वाभाविक र उपयुक्त विकल्पको अभावमा ऊ कुकुरतर्फ तानिएकी छ । यस सन्दर्भमा कथामा "सामुन्ने एउटा सानो जातको कुकुर थियो । उसलाई उठाएर छातीमा च्यापी प्यारो गरेर म्वाई खाई- "मेरो लूसी, मेरो लूसी" (भिक्षु, २०५२, पृ. ४५) भनिएको छ । यस उद्धरणबाट रमाले युवकसँगको प्रेमसम्बन्ध विच्छेदबाट हीनत्वबोध भएपछि पुग्न गएको क्षतिलाई पूर्ति गर्ने प्रयास गर्दै गरेकी भन्ने देखिएको छ । यसकै लागि उसले नजिकमा रहेको आफ्नो कुकुर लुसीलाई छातीमा टाँसेकी छ र म्वाई खाएर प्रेम दर्साएकी छ । यस्तो अप्राकृतिक र अस्वाभाविक मार्गलाई अवलम्बन गरेर युवकसँगको प्रेमसम्बन्धको विच्छेदबाट भएको क्षतिलाई पूर्ति गर्न खोजे पनि यस्तो अप्राकृतिक र नकरात्मक मार्गबाट उसले प्रेममा ब्यहोरेको क्षतिपूर्ति हुन सम्भव देखिँदैन । यसबाट उसलाई झन् हीनत्वबोध हुन पुगेको छ । यी विविध कथात्मक सन्दर्भबाट रमा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ ।

'रमा' कथामा सम्मानित र सम्पन्न बाबुकी छोरी, पढेलेखेकी, घरको कार्यमा निपुण र सबै कुराले पुग्दार हुँदा रमाको मानसिकतामा श्रेष्ठत्वबोधको स्थिति देखिन्छ । यसो भए पनि बीस वर्ष उमेर पुग्दासम्म उसको विवाह हुन नसकेकाले उसको मानसिकतामा हीनत्वबोध सिर्जना भएको छ । उसले टिकट सङ्कलनका क्रममा देशविदेशका लोग्ने मानिससँग सम्पर्क बढाउने प्रयत्न गरेर श्रेष्ठत्व प्राप्त गर्न चाहेकी छ । उसले घरमा आएको युवकसँग प्रेम गर्न थालेकी छ । यसैबिच पारिवारिक मर्यादालाई विचार गरेर उसले युवकसँगको प्रेमसम्बन्धलाई एकपक्षीय रूपमा त्याग्ने उद्घोष पनि गरेकी छ । यी सबै कार्य उसले श्रेष्ठत्व प्रदर्शनका लागि गरेकी भए पनि ऊ झन् हीनत्वबोधको स्थितिमा पुगेकी छ । यी सबै कुराबाट रमा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेकी स्पष्ट हुन्छ । यसरी रमाको

अन्तर्मानसिकतामा हीनत्वकोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(६) व्यर्थता

'व्यर्थता' कथाकी करुणा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ सम्पन्न परिवारकी छोरी भएर देखिएकी छ । उसका बाबु कप्तान कृष्णबहादुर हुन् । ऊ दुई वर्ष पुग्दा नपुग्दै आमा मरेर टुहुरी बनेपछि उसका बाबु र सौतेनी आमाले उसलाई लालनपालन गरेर हुर्काएका छन् । हुर्केबढेकी करुणाको शुद्ध कुलको स्वजातीय युवक खोजेर विवाह सम्पन्न गरिएको कथामा देखिन्छ । विवाह भएपछि पनि ऊ पतिसहित माइतीमै बसेकी छ । नोकरचाकर, भान्से बाहुनी, सबै कुराले सम्पन्न, बाबु र सौतेनी आमाको रेखदेख अनि पति पनि साथैमा भएकाले उसलाई कुनै कुराको अपूर्णता भन्ने देखिँदैन । यी सबै कुराले उसको मानसिकता श्रेष्ठत्वप्राप्तिको स्थितिमा देखिन्छ । यसो हुँदाहुँदै पनि करुणाले जीवनमा व्यर्थता र शून्यता महसुस गरेकी छ । यस सन्दर्भमा कथामा "तैपनि भित्री मनमा यत्तिको शून्यता किन ? कुन कुनामा सजीव खोक्रोपना बसेर करुणाको यो जम्मै खानु, लाउनु, हाँस्नु र सुखविलासका प्रचुर सामग्रीको प्रति घनघोर व्यर्थता बताइरहेको छ" (भिक्षु, २०५२, पृ. ५१) भनिएको छ । यस उद्धरणमा करुणाको मन निराश बनेको देखाइएको छ । उसले आफ्ना लागि उपलब्ध खाने, लाउने, हाँस्नेलगायतका सबै सुखविलासका बस्तुहरूलाई व्यर्थ ठानेकी छ । उसलाई हरेक कुरा खोक्रो लागिरहेको देखिन्छ । विवाहपछि पतिगृहतर्फ लाग्नुपर्नेमा माइतीमै बस्नुपरेकाले नयाँ अनुभव गर्न नपाएर अनि सामाजिक दृष्टिले सोधिने किन भन्ने प्रश्नबाट सताइएर उसको मनमा व्यर्थ र खोक्रोपनाको अनुभूति भएको हुन सक्छ । यसले गर्दा करुणाको अन्तर्मानसिकतामा हीनत्वबोध भइरहेको देखिन्छ ।

करुणाको मानसिकता अशान्ति र बेचैनीले गम्भीर देखिएको छ । उसको अवस्थाका बारेमा कथामा "दोलाईंभित्र करुणाको आँसुका थोपा बगिरहेका थिए 'केही न केही'-का निम्ति ! कतै पनि आराम छैन, शान्ति छैन, चैन छैन, चारैतिर अतृप्ति छ; यो किन ?" (भिक्षु, २०५२, पृ. ५१) भनिएको छ । यस उद्धरणले करुणाको अवस्था दुःखित देखाएको छ । ऊ दोलाईभित्र गुम्सिएर आँसु बगाइरहेकी छ । केही न केहीका निम्ति ऊ छट्पटाइरहेकी छ र आफूले चाहेको कुरा नपाउँदा निराश बनेकी छ । पति आफूसँगै हुँदा पनि मनग्य पतिसुख प्राप्त गर्न नसकेको अनुभूति उसले गरिरहेकी जस्तो देखिन्छ । उसको अन्तर्मनले चाहेको केही नपाएर नै ऊ आराम, शान्ति र चैनविहीन भएकी छ । अनि उसले चारैतिर अतृप्ति मात्र देखेकी छ । यसले गर्दा उसमा हीनत्वबोध बढ्दै गएको देखिन्छ । यही सन्दर्भमा कथामा "कोठामा बिजुली बलिरहेको थियो, अनेकथरीका सुन्दर चिजबिज यथास्थान सुसज्जित थिए । किन्तु आँखामा जम्मै पुरानो भइसकेका । कतिपल्ट यही हेरिरहने ? यत्तिकै हेर्नमा त जीवन समाप्त कसरी हुन्छ र ?" (भिक्षु, २०५२, पृ. ५१) भनिएको छ । यस उद्धरणमा करुणाले दिक्दार लाग्दो अनुभूति गरेकी देखाइएको छ । उसलाई सधैँभरिको एकसरता मन परेको छैन । कोठामा बिजुली बलिरहेको र अनेक थरीका सुन्दर चिजबिज सजाएर राखिएको भए पनि आँखाका लागि पुराना भइसकेका त्यस्ता कुराले उसलाई बेचैन बनाएको छ । उसले एउटै प्रकारका

चिज हेरेर बस्ने हो भने जीवन पूर्ण नहुने र उपलब्धि केही पनि प्राप्त गर्न नसकिने ठानेकी छ । यसले गर्दा उसमा हीनत्वबोध भइरहेको देखिन्छ ।

कथामा करुणा आफ्नो मानसिकतामा उत्पन्न बेचैनीको अवस्थाबाट मुक्त हुन अग्रसर भएकी छ । यस सन्दर्भमा भिक्षु (२०५२) लेखेका छन् :

> उनी भान्सामा पुगिन् । अरू ढङ्ग नभए पनि बाहुनीको मद्दतले हाँसका दुई-तीनओटा फुल पकाइन् र चिया तयार पारिन् । ज्वाइँसाहेब पनि फर्के । खाने कुरा आफै लिएर उनी कोठामा पुगिन् । पतिका सम्मुख जम्मै थोक व्यस्ततापूर्वक राखेर उनको मुखमा हेर्छिन् ता त्यहाँ प्रचुर सन्तुष्टि विराजमान थियो । (पृ. ५२-५३)

उल्लिखित उद्धरणमा करुणालाई केही काम गर्न क्रियाशील हुन थालेकी देखाइएको छ । उसले भान्सामा पुगेर बाहुनीको मद्दतबाट हाँसका फुल र चिया तयार गरेकी छ । पति आएपछि उसलाई आफूले तयार पारेको खाने कुरा खुवाउनका लागि कोठामा लिएर गएकी छ । सबै थोक राखेर पतिलाई हेर्दा उसलाई सन्तुष्ट देखेपछि ऊ खुसी भएकी देखिन्छ । पतिले क्या मीठो फुल पकाएकी रहिछौ भन्दा ऊ गद्‌गद् भएकी छ । उसलाई यतिका दिनको नीरव र शुष्क दाम्पत्यले बल्ल बिउँझेर हाँस्ने चेष्टा गर्न लागेको अनुभव भएको छ । यसबाट उसले श्रेष्ठत्व प्राप्त भएको महसुस गरेकी छ । पतिलाई खुवाएर भान्सामा गई आफूले खाँदा फुल निकै चर्को भएको थाहा पाएकी करुणाले पतिलाई आफूले पकाएको फुलमा नुन कस्तो थियो भनेर सोद्धा ठीक थियो भन्ने जवाफ पाएकी छ । यस सन्दर्भमा कथामा "अनि शङ्काकुल स्वरमा उनीले सोधिन्–नुन कस्तो थियो ? एकदम ठिक्क- पतिले भने । व्यङ्ग्यको आभास मात्र पनि नभएको उत्तर सुनेपछि नीच मारेर तिनी ओछ्यानमा लडिन्" (भिक्षु, २०५२, पृ. ५२) भनिएको छ । यस उद्धरणमा करुणा पतिको जवाफ सुनेर निराश भएकी छ । आफूले चाख्दा चर्को भएको थाहा पाइसकेकी उसले पतिबाट व्यङ्ग्य आभास नहुने गरी नुन ठीक छ भन्ने जवाफ पाउँदा त्यसलाई उसले मिथ्या ठानेकी छ । यति नै कामबाट श्रेष्ठत्व प्राप्त गर्न अग्रसर भएकी करुणाको चेष्टा असफल भएको उसलाई महसुस भएको छ । यसले गर्दा उसको अन्तर्मानसिकतामा एकाएक हीनत्वबोध भएको कथामा देख्न सकिन्छ ।

श्रेष्ठत्वप्राप्तिको चाहना हुँदाहुँदै पनि घरभित्रको वातावरणमा हीनत्वबोधको आधिक्यताबाट पीडित करुणा श्रेष्ठत्वप्राप्तिको फरक बाटो अवलम्बन गर्न अग्रसर भएकी छ । ऊ शृङ्गारसज्जाबाट सजिएर पशुतिनाथ एवम् सहरमा भएका देवीदेवताको पूजा गर्ने बहाना बनाएर स्वप्रदर्शनमा निस्किएकी छ । यस सन्दर्भमा कथामा "कसैले त हेरोस् हेरिरहोस् । यो यौवन, यो रूप, यो सौन्दर्य, यो शृङ्गार प्रदर्शित भएरै अलि खिइऊन्" (भिक्षु, २०५२, पृ. ५३) भनिएको छ । यस उद्धरणबाट करुणाले घरभित्र बसेर गरेका कार्यबाट चाहेजस्तो श्रेष्ठत्व प्राप्त गर्न नसकेपछि बाहिर निस्केर आफ्नो यौवन, रूप, सौन्दर्य र शृङ्गार प्रदर्शन गर्न थालेकी छ । यसो गरेर अरूले टकटकी लाएर आफूलाई हेरून् भन्ने उसको चाहना रहेको देखिन्छ । त्यसरी हेरिदिए मात्र उसको मानसिकताले श्रेष्ठत्व प्राप्त गर्न सक्ने देखिए पनि उसले चाहेजस्तो गरी कसैले हेर्दैनन् । यस सन्दर्भमा कथामा "मान्छेहरू उनलाई हेर्दथे र सम्मानको प्रेरणाले आँखा तल गर्दथे" (भिक्षु, २०५२, पृ. ५३) भनिएको छ । यस उद्धरणमा करुणा मान्छेहरूको हेराइबाट सन्तुष्ट नभएकी देखाइएको छ । उसलाई मान्छेहरूले

हेर्न त हेरेका छन् तर त्यो हेराइ सम्मानको हेराइ भएको छ । उसले यस्तो हेराइ नभई आकर्षणको हेराइ चाहेकी छ । आफूले चाहेजस्तो हेराइ अनुभूत नहुँदा उसले चारैतिर असफलता देखेकी छ । यसबाट श्रेष्ठत्वप्राप्तिको लागि शृङ्गार प्रदर्शनमा निस्किएकी करुणाले त्यसको सट्टा झन् हीनत्वबोध गरेकी देखिन आउँछ ।

कथामा करुणाकी सौतेनी आमाको भाइ नाताले मामा पर्ने भेटघाटको लागि कलकत्तादेखि उसको घरमा आइपुगेको देखिन्छ । यस सन्दर्भमा कथामा "त्यसपछि मामासँग निकै घनिष्ठता बढ्दै गयो । क्रमशः सङ्गीत, वाद्य, फेसन, जम्मै प्रदर्शित पनि भए । करुणालाई बल्ल एउटा नयाँपनको अनुभव भयो । केही अलि सुखझैँ तिनको मानसमा उदायो" (भिक्षु, २०५२, पृ. ५४) भनिएको छ । यस उद्धरणबाट करुणालाई हीनत्वबोधले सताइरहनुको मुख्य कारण नयाँपनको अनुभूति गर्न नपाएर रहेछ भन्ने खुलेको छ । उसले पतिबाट सायद चाहेजस्तो नयाँपन अनुभव गर्न पाएकी नै रहिनछ । मामासँग बस्दा र गफगाफ गर्दा उसलाई नयाँपनका साथै उसको मानसमा अलि सुखको अनुभूति पनि भएको छ । त्यसैले मामाको दसबाह्र दिनको बसाइको समयमा करुणाले आफ्नो फुर्सदको समय मामासँग नै बसेर व्यतीत गरेकी छ । यसबाट उसमा हीनत्वको शमन र श्रेष्ठत्वको प्राप्ति हुन गएको देखिन्छ । कथामा करुणाको मामा कलकत्ता फर्किन लागेको छ । त्यस समयमा करुणाले "जम्मै व्यर्थताभित्र अझसम्म एउटा शुष्क नारित्व मात्र बाँचिरहेको थियो; आज उसको पनि सारभाग गएर केवल नारी देहको व्यर्थ भारी मात्र शेष रहेको छ । यसैलाई बोकेर जीवन समाप्त गर्नुपर्छ" (भिक्षु, २०५२, पृ. ५६) भनेकी छ । यस उद्धरणमा मामा जान लागेकामा करुणाको मानसिकतामा नैराश्य छाएको देखिएको छ । उसले अब नारी देहको व्यर्थ भारी मात्र बाँकी रहेको सम्म भनेकी छ । अब यही व्यर्थ भारी लिएर जीवन समाप्त गर्नुपर्ने विचारसमेत उसले व्यक्त गरेकी छ । यसबाट मामाको बहिर्गमनसँगै ऊ साँच्चै निराश भएकी छ । कथाको यस घटनासन्दर्भमा श्रेष्ठत्वको अनुभूति र हीनत्वको बोध सँगसँगै गरिरहेकी करुणाको अन्तर्मानसिकतामा मनोद्वन्द्वात्मक स्थिति देखिएको पाइन्छ ।

'व्यर्थता' कथामा करुणालाई प्रायः सबै कुरा सर्वसुलभ नै भए पनि केही नपुग महसुस भएका कुरालाई प्राप्त गर्न ऊ लागिपरेकीमा भनेजस्तो गरी प्राप्त गर्न नसक्दा उसले हीनत्वबोध गरिरहेकी कथामा देखाइएको छ । अनेक विकल्पको उपयोग गरेर उसले नपुग, अभाव र अतृप्तिलाई परिपूरण गर्ने प्रयास गरेर त्यसबाट महसुस भएको हीनत्वलाई निवारण गर्न र श्रेष्ठत्व प्राप्त गर्न खोजेकी छ । श्रेष्ठत्व प्राप्त गर्ने अनेक प्रयास गर्दा पनि सफल हुन नसकेर ऊ हीनत्वबोधकै चापमा परेकी छ । यसले गर्दा करुणाको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा मनोद्वन्द्वको स्थिति देखिएको छ । यसरी करुणाको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(७) स्वामी

'स्वामी' कथाकी कृष्णा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथाको प्रारम्भमै ऊ केशवकी पत्नी भएर देखिएकी छ । विवाह नहुँदै साधारण गृहस्थीमा रहँदा कतिपय कुराको नपुगका बिच हीनत्वबोध गर्नुपरे पनि विवाह

भएपश्चात् घरको सम्पन्नता र प्यारो पति पाएर कृष्णा निकै सन्तुष्ट भएकी देखिन्छ। यसले गर्दा उसमा श्रेष्ठत्वबोध भएको सङ्केत कथामा गरिएको छ। कथामा कृष्णाको पति केशवको साथी उसको घरमा आइपुगेको देखाइएको छ। सामान्य शिष्टाचारको आदानप्रदानपछि केशव र आनन्द कुराकानीमा व्यस्त देखिएका छन्। त्यस सिलसिलामा कृष्णाका बारेमा केही पनि सोधनी पुछनी नहुँदा उसले आफ्नो महत्ता नभएको ठानेकी छ। यस सन्दर्भमा कथामा "मानो कहीँ पनि उसको महत्ता छैन, मानो कहीँ पनि उसको प्रभाव छैन; ऊ अत्यन्त नगण्य जीव हो" (भिक्षु, २०५२, पृ. ५९) भनिएको छ। यस उद्धरणबाट आफ्नै पति र उसको साथी आनन्दका बिचको कुराकानीमा महत्ताहीन, प्रभावहीन र नगण्य ठानेर आफ्नो चर्चा र सोधपुछ केही नगरिएकोमा कृष्णाको मानसिकतामा हीनत्वबोध भएको देखिन्छ।

कथामा आनन्दका मृदु र धीर कुराबाट कृष्णाले क्षुब्धता शान्त गर्न सहयोग पुगेको महसुस गरेकी छ। यस सन्दर्भमा कथामा "गत कैयौँ दिनभित्र आनन्दको मृदु र संयत धीर कुराहरूले गर्दा कृष्णाको मनको क्षुब्धतालाई शान्तै गराएको मात्र होइन कि उसलाई एउटा नवीन प्रकारको रसस्वादजस्तो पनि प्राप्त हुन गयो" (भिक्षु, २०५२, पृ. ६०) भनिएको छ। यस उद्धरणमा कृष्णाले आनन्दका अनेक थरी कुराबाट नवीन प्रकारको रसस्वाद प्राप्त गर्दै गरेकी देखाइएको छ। उसलाई आनन्दका कुरा अत्यन्त मृदु, संयत र धीर लाग्न थालेका छन् र उसको मनको क्षुब्धतालाई आनन्दका कुराले शान्त बनाएको छ। यससँगै उसले एउटा नवीन प्रकारको रसस्वाद प्राप्त गर्न पाएकी देखिएको छ। यस प्रकार पढेलेखेको विद्वान् युवक आनन्दका कुरा गहिरोसँग बुझ्न सकेकामा कृष्णाले श्रेष्ठत्व महसुस गर्न थालेकी भन्ने देखिएको छ। एकातिर हीनत्व, अपमान र वितृष्णाले गर्दा कृष्णाको मानसिकतामा हीनत्वबोध भएको र अर्कोतिर सम्पन्नता, सुखप्राप्ति, रसस्वाद र ज्ञानात्मक गम्भीर बुझाइले गर्दा उसको मानसिकतामा श्रेष्ठत्वप्राप्तिको अनुभव भएको पाइन्छ। यसले गर्दा कृष्णा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेकी देखिएको छ।

कथामा केशवले कृष्णालाई आनन्दसँग जोडेर यस्तै हो भने जीवनमा दुर्विधान आउन सक्छ भन्दै शङ्काको दृष्टिले हेर्न थालेको छ। उसको यस्तो शङ्कापूर्ण हेराइलाई निवारण गरेर आफ्नो श्रेष्ठत्व जोगाउन पतिको उपेक्षा गर्दै कृष्णाले "आउला भने आउला, के गर्ने" (भिक्षु, २०५२, पृ. ६२) भनेकी छ। यस उद्धरणबाट कृष्णाले आफ्नो साहस र निडरतालाई प्रस्तुत गरेकी देखिन्छ। उसको पति केशवले दाम्पत्य जीवनमा दुर्विधान आउन सक्ने भनेर डर देखाउँदा उसले त्यसलाई सामान्य ठानेकी छ र पतिको कुराबाट विचलित पनि भएकी देखिँदैन। बरु पतिको आशङ्काको जवाफ हाँकका साथ दिएर त्यस्तो दुर्विधान आए आउँछ त के गर्ने भन्ने कुरा कृष्णाले व्यक्त गरेकी छ। यसबाट उसले आफूमा नवीन सामर्थ्यको सृष्टि भएको ठानेकी र श्रेष्ठत्वप्राप्तिको महसुस गरेकी देखिएको छ।

कथामा कृष्णा आनन्दलाई आकर्षक व्यक्तित्व ठानेर उसप्रति मोहित भएकी छ। यसलाई कृष्णाले कथामा "उसको लेखाइ, उसको कुरा गर्ने शैली, भाषाको नियन्त्रण, आचारको संयतपना कुनै काममा अलिकति पनि विघ्नसम्म पर्दैन। के त्यो यत्तिको महान् छ, यतिको ठूलो छ अथवा यत्तिको ...?" (भिक्षु, २०५२, पृ. ६५) भनेकी छ। यस उद्धरणबाट कृष्णाले आनन्दलाई विशेष किसिमले बुझ्न थालेकी देखिएको छ। उसले आनन्दलाई लेखाइ, कुरा गर्ने शैली, बोलीचाली, आचरण हरेक कुरामा महान् देख्न थालेकी र उसलाई अत्यन्त मन पराउन

थालेकी छ । यसो गर्दा पनि आनन्दले भने कृष्णाले चाहेअनुरूपको कुनै प्रतिक्रिया देखाएको पाइँदैन । उसको यस्तो व्यवहारबाट कृष्णाले आफ्नो अपमान भएको ठानेर हीनत्वबोध गरेकी छ । यसको क्षतिपूर्ति प्राप्त गरी श्रेष्ठत्व हासिल गर्ने लक्ष्यका साथ कृष्णाले आनन्दलाई आफ्नो घर छोड्न भनेकी छ । यस सन्दर्भमा कृष्णाले कथामा "आनन्द दाइ तपाईं मेरो एउटा बिन्ती मान्नुहुन्छ भने, नेपालमा भएको यो घर तपाईंको वासस्थान होइन, यतिका दिनसम्म बस्नुभयो तर अब यहाँबाट आफ्नो घर जानुभए बेस !" (भिक्षु, २०५२, पृ. ६७) भनेकी छ । यस उद्धरणबाट आनन्दलाई हाँक दिएर गर्वयुक्त कुरा सुनाउन कृष्णा अग्रसर भएकी देखिएको छ । उसले आनन्दलाई ऊ बस्दै आएको घर आफ्नो भएको र लामो समयसम्म उसलाई बस्न नदिने भन्दै अब आफ्नो घर जान भनेकी छ । पाहुना बनेर बस्दै आएको आनन्दलाई आफ्नो घर छोडाउन सकेकामा कृष्णाले श्रेष्ठत्व महसुस गरेकी छ । यस प्रकारसँग कथामा श्रेष्ठत्वको अवस्थामा हुँदाहुँदै पनि परिस्थितिवश हीनत्वबोधको चपेटामा परेकी कृष्णाले त्यसलाई निवारण गरेर श्रेष्ठत्वप्राप्तिको प्रयत्न गरेकी छ । यस क्रममा उसले आइलागेका हीन भावनालाई हटाउन र श्रेष्ठत्व प्राप्त गर्न गरेका अनेक उपक्रमसँगै उसको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच मनोद्वन्द्वको स्थिति देखिएको पाइन्छ ।

'स्वामी' कथामा कृष्णा सामान्य परिवारमा हुर्केबढेकी भए पनि सम्पन्न परिवारमा विवाह भएर पतिको रूपमा केशवलाई पाउँदा श्रेष्ठत्वप्राप्तिको स्थितिमा देखिएकी छ । उसको पति केशव र पाहुना बनेर आएको आनन्दका बिचमा कुराकानी हुँदा आफ्नो बारेमा कुनै चर्चा नगरिएको पाएपछि कृष्णाले हीनत्वबोध गरेकी देखिन्छ । पतिले आनन्दसँगको बढ्दो लगावलाई जोडेर शङ्काको दृष्टिले हेर्दा कृष्णाले हाँकका साथ जवाफ फर्काएर श्रेष्ठत्वको अनुभूति गरेकी कथामा देखाइएको छ । उसले पतिको साथी आनन्दलाई मन पराउँदा पनि आनन्दले आफूले चाहेअनुकूलको प्रतिक्रिया नदेखाउँदा हीनत्वबोध गरेकीमा त्यसको क्षतिपूर्तिस्वरूप आनन्दलाई आफ्नो घर छोडेर जान भनेर श्रेष्ठत्व देखाएकी पाइन्छ । यी सन्दर्भले गर्दा कृष्णाको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा मनोद्वन्द्वको स्थिति बनेको देखिएको छ । यसरी कृष्णाको मानसिकतामा मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(८) तपस्या

'तपस्या' कथाकी भामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वविधानको प्रस्तुतिका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा उसलाई गुरूप्रसादकी बहिनी भनेर चिनाइएको छ । उसको बाह्र वर्षको उमेरमा विवाह भएको र चौध वर्षकी हुँदा पति मरेर ऊ विधवा भएकी छ । कथामा ऊ सत्र वर्षकी यौवना देखिएकी छ । वैधव्यको व्यथा र विवशतामा जीवनलाई अस्तित्वहीन एवम् शून्य ठानेकी भामा कथामा हीनत्वबोधबाट थिचिएकी छ । यसलाई भिक्षु (२०५२) ले कथामा यसरी प्रस्तुत गरेका छन् :

> त्यसपछि यताका तीन एकान्त वर्ष विचार र मिथ्या तरङ्गका थिए; जसको न कुनै रूपरेखै थियो न अस्तित्व ! शून्यताका सारा विभूतिहरूले कल्पनाको प्रधानत्वमा

> उसको साहचर्य गरिरहेका थिए, उसको सारा समाज, सारा दुनियाँ केबल शून्यको अस्तित्वसम्म सीमित थिए । सारा कुरा शून्य थिएँ (पृ. ७१) ।

उल्लिखित उद्धरणबाट भामाले वैधव्य व्यहोर्नुपरेपछिका तीन वर्षलाई मिथ्या तरङ्गका ठानेकी देखिन्छ । उसले आफ्ना लागि केही कुराको पनि रूपरेखा र अस्तित्व देखेकी छैन । उसका लागि समाज र सारा दुनियाँ शून्य लागेको छ । ऊ एकातिर पतिको देहवसानपछि विधवा भएर पीडामा परेकी र अर्कोतिर समाजले विधवालाई हेर्ने नराम्रो दृष्टिकोणबाट पीडित भएकी छ । यसले गर्दा भामाले आफू अपमानित भएको महसुस गरेकीले उसको मानसिकता हीनत्वबोधको चापमा परेको देखिन्छ ।

कथामा भामाको दाजुको साथी श्रीनाथ उसको घरमा आएको देखाइएको छ । घरमा पाहुना भएर आएको श्रीनाथको व्यक्तित्वबाट प्रभावित भएर भामा एकतर्फी रूपमा उससँग प्रभावित हुँदै गएकी देखिन्छ । उसले श्रीनाथलाई आलम्बन बनाएर वैधव्यबाट पुग्न गएको क्षतिपूर्ति गरी जीवनलाई अघि बढाउने कल्पना गर्न थालेकी छ । यसबाट भामा श्रेष्ठत्वप्राप्तितर्फ उन्मुख हुन थालेकी बुझिन आउँछ । यस सन्दर्भमा कथामा "किन्तु त्यसै शून्यतामा यता गत केही दिनदेखि अलिकति व्यतिक्रमझैँ हुन गएको थियो । नजाने कताबाट अलिकति सुख, त्यसभन्दा पनि अधिक बेचैनी फैलिन गएको थियो" (भिक्षु, २०५२, पृ. ७१) भनिएको छ । यस उद्धरणमा भामाले श्रीनाथको आगमनसँगै सुखको अनुभूति गर्न थालेकी देखिएको छ । विधवा भनेर समाजले हेर्ने नराम्रो दृष्टिकोणबाट पीडित भएर हीनत्वबोध गरेकीमा श्रीनाथ सम्पर्कमा आएपछि उसले वैधव्यलाई बिर्सिएर श्रीनाथलाई पाउन बेचैन भएकी छ । यति नै अनुभूत हुँदा पनि उसले कताकता कुनै ठूलो सफलता पाएजस्तो ठानेर श्रेष्ठत्वप्राप्तिको बोध गरेकी हुनुपर्छ । कथामा देखिएका यी सन्दर्भलाई हेर्दा ऊ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेर अघि बढिरहेकी देखिन्छ ।

कथामा अर्को घटनासन्दर्भ विकसित भएको छ । श्रीनाथ बाहिर निस्कन लागेको समयमा भामाले चिया खाएर जान अनुरोध गरेकी छ । भित्र कोठामा बसेर चिया खाँदै गर्दा श्रीनाथले भामाका बारेमा जिज्ञासा राखेको छ । उसले "तिम्रो बिहा कुन सालमा भएको थियो रे ?" (भिक्षु, २०५२, पृ. ७४) भनेको छ । यस उद्धरणमा श्रीनाथको यत्ति प्रश्नबाट भामा विस्मरण भइसकेको वैधव्यको पीडामा बल्झिन पुगेकी देखिन्छ । श्रीनाथले आफूलाई विधवाका रूपमा हेर्न चाहेको भन्ने लागेपछि यसबाट उसले हीनत्वबोध गरेकी देखिएको छ । यस सन्दर्भमा भामाले "वैधव्य मेरो कष्ट होइन, मेरो साधना हो । यसैमा मेरा निमित्त कुनै शाश्वत् वरदान निहित छ" (भिक्षु, २०५२, पृ. ७५) भनेकी छ । यस उद्धरणमा भामाले वैधव्यलाई कष्ट नभई साधना मानेकी देखिएको छ । साधना भनेर उसले तपस्या, आदर्श, कर्तव्य आदि बुझाउन खोजेकी देखिन्छ । उसले आफ्नो वैधव्य शाश्वत् वरदान हो पनि भनेकी छ । यसो भनेर उसले आफ्नो अन्तर्मानसिकतामा उत्पन्न भएको हीनत्वबोधलाई शमन गरेर श्रेष्ठत्वप्राप्तिको अनुभव गर्न चाहेकी प्रस्ट हुन्छ । वैधव्यलाई साधना मानेकी भामाले "वैधव्य एउटा श्राप रहेछ, यसले विधवालाई मात्र होइन कि सारा संसारलाई पीडा पार्दो रहेछ" (भिक्षु, २०५२, पृ. ७६) भनेकी छ । यस उद्धरणबाट भामाले वैधव्यलाई सम्झेर फेरि पीडा महसुस गर्न लागेकी देखिएको छ । उसले वैधव्यलाई श्रापका रूपमा लिएकी छ र यसले विधवालाई मात्र नभएर

सारा संसारलाई पीडामा पार्ने भनेकी छ । यसबाट भामाको अन्तर्मानसिकतामा हीनत्वबोध प्रक्षेपित भएको देखापर्छ ।

कथामा पाहुना भएर बसिरहेको श्रीनाथ आफ्नो घर जाने तरखरमा देखिएको छ । भामाले के त्यस्तो काम परेर जानुपर्ने भयो ? भन्दै हिजो बेलुकीसम्म त जाने विषयमा केही कुरा नभएको भन्दा उसले बेकाममा किन बस्ने भनेर जवाफ फर्काएको देखिन्छ । यस सम्बन्धमा कथामा "बेकाममा ? भामा झसङ्ग भएजस्ती भई । त्यसको हृदयमा कसैले एउटा भारी बजारिदिए जस्तो भयो । एउटा अथाह पीडा थियो । एकैछिन चूप लागेर त्यसले भनी– हुन्छ त जानुहोस्" (भिक्षु, २०५२, पृ. ८१) भनिएको छ । यस उद्धरणबाट श्रीनाथ बेकाममा किन बस्ने भन्दै आफ्नो घर जान लागेपछि भामा निराश देखिएकी छ । ऊ झसङ्ग भएकी छ र उसको हृदयमा कसैले भारी बजारिदिएजस्तो लागेको छ । उसले अथाह पीडा महसुस पनि गरेकी छ । यसले उसको मानसिकतामा हीनत्वबोध भएको देखिन्छ । फेरि तत्कालै हाँकका साथ श्रीनाथलाई जानुहोस् भनेर बिदा दिएकी भामाले ऊ गए पनि वैधव्यको साधनाबाट आफू अघि बढ्ने सङ्केत गरेर आफू वैधव्य साधना र कर्तव्यमा अडिग रहेको दर्साई श्रेष्ठत्व प्राप्त गर्न चाहेकी देखिन्छ । यसप्रकार कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिको प्रयासका बिच भामाको अन्तर्मानसिकतामा मनोद्वन्द्वात्मक स्थिति सिर्जना भएको स्पष्ट हुन्छ ।

'तपस्या' कथाकी भामा एकातिर पतिको देहवसानपछि विधवा भएर दुःखमा परेकी र अर्कोतिर समाजले विधवालाई हेर्ने नराम्रो दृष्टिकोणबाट पीडित भएकी छ । यसले गर्दा भामाको मानसिकता हीनत्वबोधको चापमा परेको देखिन्छ । श्रीनाथ सम्पर्कमा आएपछि भने उसले वैधव्यलाई बिर्सेर सुखको अनुभव गर्न थालेकी छ । यसबाट उसलाई श्रेष्ठत्वप्राप्तिको बोध भएको देखिन्छ । श्रीनाथले कुराकानीको क्रममा विवाहको बारेमा जिज्ञासा राखेर आफूलाई विधवाका रूपमा हेर्न चाहेको भन्ने लागेपछि हीनत्वबोध गर्न पुगेकी उसले आफ्नो वैधव्यलाई शाश्वत् वरदान भन्दै आफ्नो मानसिकतामा उत्पन्न भएको हीनत्वबोधलाई शमन गरेर श्रेष्ठत्व हासिल गर्ने प्रयास गरेकी छ । श्रीनाथ बेकाममा किन बस्ने भन्दै आफ्नो घर जान लागेपछि भामा निराश भएर हीनत्वबोध गरेकी र तत्कालै हाँकका साथ श्रीनाथलाई जानुहोस् भन्दै बिदा दिएर आफू वैधव्य साधना र कर्तव्यमा अडिग रहने सङ्केत गर्दै श्रेष्ठत्व प्राप्त गर्न चाहेकी देखिन्छ । यी विविध सन्दर्भलाई हेर्दा ऊ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेकी देखिएको छ । यसरी भामालाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ ।

(९) मानव

'मानव' कथाको गोविन्द हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथाको प्रारम्भमै उसलाई तुङ्गनाथको स्कुले साथीको रूपमा चिनाइएको छ । दुवै दरबार स्कुलको म्याट्रिकुलेसन क्लासमा सँगै पढ्दै गरेका छन् । सँगै पढ्ने साथी भए पनि तुङ्गनाथको खाइलाग्दो चहलपहलका अगाडि गोविन्दको अवस्था भने टिठलाग्दो देखिन्छ । यस सन्दर्भमा कथामा "गोविन्दका पत्तालमा धसिएका आँखा, दुब्लो शरीर, साधारण लुगा, चिन्तनशील प्रकृति तथा सङ्कुचित अनुहारले 'उमङ्ग तथा उत्साहले हरदम आनन्द मनाउँदै नाचिरहने दुनियाँ' त्यसको होइन भन्ने प्रस्ट जनाइरहेको थियो" (भिक्षु, २०५२, पृ.

८३) भनिएको छ । यस उद्धरणले गोविन्दको अवस्था नाजुक देखाएको छ । उसका आँखा पत्तालमा धसिएका छन् र शरीर पनि दुब्लो छ । उसले लगाएका लुगाफाटा साधारण छन् । उसको चिन्तनशील प्रकृति र सङ्कुचित अनुहारमा आनन्द र खुसीको कुनै सङ्केत पाइँदैन । आफ्नो यस्तो अवस्थाको कारणले गर्दा गोविन्दले सामाजिक रूपमा आफू कमजोर भएको अनुभूत गरेर हीनत्वबोध गर्ने गरेको कथाको प्रारम्भमै सङ्केत गरिएको देखिन्छ ।

कथामा दसैँको अवसरमा विद्यालयले साहित्यिक प्रतियोगिता आयोजन गरेकोमा गोविन्दले आफूले लेखेको कविता वाचन गरेको छ । यस सन्दर्भमा कथामा "त्यसमा सबैले केही न केही आफ्नो जीवनसित मिल्ने घटना सुने । त्यस कविताको स्वाभाविकतामा सबै मुग्ध भए । फेरि कविताको दोस्रो अंश सुनेपछि सबैको आत्मा तथा हृदयबाट आफै-आफ यही 'जीवन' हो, यही 'सत्य' हो भन्ने ध्वनी निस्क्यो" (भिक्षु, २०५२, पृ. ८४) भनिएको छ । यस उद्धरणमा गोविन्दले कविता वाचन गरेर आफ्नो लेखन र वाचन क्षमता प्रस्तुत गरेको पाइन्छ । त्यस कविताका माध्यमबाट उसले श्रोतालाई जीवन र सत्यका बारेमा बुझाउन खोजेको छ । कविता सुनेपछि श्रोता सबैले गोविन्दलाई प्रोत्साहित गरेका छन् । यसबाट उसले श्रेष्ठत्व प्राप्त गरेको छ । उसको सफलता देखेर विद्यालयमा केही ईर्ष्यालु पनि बनेका छन् । यस सन्दर्भमा कथामा "गोविन्दको उक्त सफलताले स्कूलमा केही ईर्ष्यक पनि पैदा गरिदिएको थियो । अक्सर त्यसलाई अनेक तीक्ष्ण परिहास तथा व्यंग्यको सामना गर्नुपर्दथ्यो" (भिक्षु, २०५२, पृ. ८४) भनिएको छ । यस उद्धरणमा ईर्ष्यकहरूले गोविन्दलाई लक्ष्य गरेर तीक्ष्ण परिहास, व्यङ्ग्य र खिसी गर्दा उसले हीनत्वबोध गर्नुपरेको पनि देखिन्छ ।

कथामा विद्यालयले आयोजना गरेको प्रतियोगिताका सहभागीहरूलाई पुरस्कार वितरण कार्यक्रम आयोजना गरिएकोमा गोविन्द पनि पुरस्कृत हुने भएको छ । उसलाई कविताको पुस्तक उपहार दिने तयारी भएको देखिन्छ । पुरस्कार वितरणको क्रममा किताब हातमा लिएर स्कुलको हेड मास्टरको भूमिकामा रहेका पात्रले "तिम्रो कवित्वपूर्ण भावले तिमी एक दिन अवश्य प्रतिभाशाली कवि होलाउ भन्ने आशा गरेको छु" (भिक्षु, २०५२, पृ. ८५) भनेको छ । यस उद्धरणबाट हेड मास्टरले गोविन्दलाई आगामी दिनमा ऊ प्रतिभाशाली कवि बन्ने उद्घोष गरेको देखिन्छ । उसले पुरस्कार वितरण कार्यक्रममा बोलेका कुराबाट गोविन्द उत्साहित हुनु स्वाभाविक देखिन आउँछ । यसबाट उसले श्रेष्ठत्वप्राप्तिको अनुभूति गरेको छ ।

कथामा बुद्धि र मिहिनेत हुँदाहुँदै पनि अनेक किसिमका कठिनाइले गर्दा गोविन्दले म्याट्रिक पास गर्न भने सकेको छैन । घर परिवारमा दाजुले स्नेह गरे पनि समय समयमा गर्ने व्यङ्ग्य व्यवहारबाट ऊ दिक्क हुने गरेको छ । यिनबाट गोविन्दको अन्तर्मानसिकतामा हीनत्वबोध हुने गरेको छ । यसैबिच घरमा दाजुभाउजूको सल्लाहअनुसार गोविन्दलाई दाजुले पढाइ छोडेर जागिर खान भनेको छ । यस सन्दर्भमा कथामा "यति भनेर दाजुचाहिने अड्डातिर लाग्यो । गोविन्द काठको पुतली हो वा ढुङ्गाको मूर्ति ! ठाउँको ठावैमा उभिएर आकाश पाताल गर्न लाग्यो । 'स्कुल, पढाइ, अङ्ग्रेजी, किताब सबैसित बिदा हुनुपर्नेछ'- यही विचारधारा उसको मस्तिष्कमा फनफनी घुम्न थाल्यो" (भिक्षु, २०५२, पृ. ८८) भनिएको छ । यस उद्धरणबाट दाजुका कुरा सुनेपछि गोविन्द एकाएक सारै दुःखी बनेको देखिएको छ । ऊ अब स्कुल, पढाइ, अङ्ग्रेजी, किताब सबैसित बिदा हुनुपर्ने अवस्था आयो भन्ने चिन्तामा परेको छ । दाजुबाट यस्तो भनिएला भनेर कल्पना पनि नगरेको कुरा सुन्नुपर्दा उसमा चरम निराशा छाएको छ ।

यसले गर्दा गोविन्दको मानसिकतामा हीनत्वबोध भएको छ । कथामा आएका यहाँसम्मका घटनासन्दर्भबाट गोविन्द हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिन्छ ।

कथामा समयक्रमसँगै गोविन्दको जीवनमा फरक मोड आएको छ । उसले पढाइ छोडी नेपालगन्ज पुगेर जागिर खान थालेको र नेपालगन्ज अमिनीमा ऊ नौसिन्दा हुँदै बहिदारसम्म भएको देखाइएको छ । गोविन्दको कार्यालयको हाकिम फेरिने भएको र नयाँ हाकिम भएर सँगै पढ्दाको मिल्ने साथी तुङ्गनाथ आउने भएको छ । यस सन्दर्भमा गोविन्दले कथामा "मेरै मित्र पो रहेछन् । उनले मेरो वचन भुइँमा पर्न दिने छैनन् । कसैलाई पनि खारेज गर्न दिने छैनँ" (भिक्षु, २०५२, पृ. ८९) भनेको छ । यस उद्धरणबाट आफ्नै साथी हाकिम भएर आउने थाहा पाएपछि गोविन्द उत्साहित भएको देखिन्छ । साथी भएकोले हाकिमले आफ्नो भनाइ मान्ने र कार्यालयका कर्मचारीको जागिर खारेज हुन नदिएर आफ्नो हैकम बढाउन सकिने उसले कल्पना गरेको छ । यस्तै अनेक उमङ्ग मनमा उठाएर गोविन्द प्रफुल्ल भएको देखिन्छ । तुङ्गनाथ र गोविन्दको मित्रतालाई थाहा पाएर पहिले बोल्न पनि नचाहने कर्मचारी उसप्रति विनयशील हुन थालेका छन् । यसबाट उसले श्रेष्ठत्व प्राप्त गर्दै गरेको कथामा देखिन्छ । तुङ्गनाथ कार्यालयमा आएर हाजिर भएपछिको सन्दर्भमा कथामा "एक हप्तापछि 'बहाली'-को साइत थियो यसबिचमा गोविन्दले धेरै चोटि लेफ्टेन साहेबसित भेट्यो तर हरेक बाजी लेफ्टेन साहेबले आफ्नै निजत्व सँभाल्ने चेष्टा गरेकै देख्यो । पहिले त उसले शङ्का मात्र हो भन्ने ठान्यो" (भिक्षु, २०५२, पृ. ९२) भनिएको छ । यस उद्धरणबाट तुङ्गनाथको व्यवहार देखेर गोविन्द निराश देखिएको छ । हाकिम भएर आएको भए पनि स्कुलमा पढ्दाको मिल्ने साथी भएकोले उसले तुङ्गनाथलाई साथीकै रूपमा हेर्न चाहेको छ तर तुङ्गले भने भेटका बखतमा उसप्रति त्यति चासो दिएको देखिँदैन । यसबाट गोविन्द हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेको देखिन्छ ।

कथामा एक दिन गोविन्द तुङ्गनाथलाई भेट्न उसको डेरामा गएको बेलामा उसले 'कता ? गोविन्द !' भनेपछि गोविन्द आहत भएको छ । यसैबिच अर्को दिनको भेटमा तुङ्गनाथले गोविन्दलाई कविताको बारेमा सोधेको र कुनै दिन सुनाउन लिएर आऊ भनेकोमा कथामा "हवस्; भ्रमलाई अलिकति बल मिल्यो । उसले प्रसन्नतापूर्वक भन्यो– भोलि यसै बेला हाजिर हुनेछु । ... कविताहरू सुनाइसकेपछि तुङ्गनाथको भूतपूर्व बन्धुत्वलाई उसै रूपमा अवश्य जागरित गराउन सकुँला भन्ने सोचेर उसको मन एक प्रकारले निश्चिन्त भयो" (भिक्षु, २०५२, पृ. ९३) भनिएको छ । यस उद्धरणमा गोविन्दले तुङ्गनाथका बारेमा पालेको भ्रम केही मात्रामा भए पनि निवारण भएको देखिएको छ । उसको मनमा साथीले मलाई बेवास्ता गरेको रहेनछ; बरु ऊ व्यस्त भएर सोचेजस्तो गरी चासो दिन पाएको रहेनछ भन्ने परेको देखिन्छ । हाकिम भएर आएको साथीले आफ्ना कविता सुन्न यति चासो लिइदिँदा पनि गोविन्द प्रशन्न भएको छ । उसलाई अब तुङ्गनाथको उस्तै घनिष्ठ हुने भएँ भन्ने लागेको छ । तुङ्गनाथले कविता सुन्नको लागि आफ्नो निवासमा आमन्त्रण गरेको यस घटनासँगै गोविन्दको मानसिकतामा श्रेष्ठत्वप्राप्तिको अभिलाषा जागरित भएको देखापर्छ ।

कथामा अर्को दिन आफ्ना कविता रचना च्यापेर तुङ्गनाथको डेरामा पुगेको गोविन्दलाई उसले त्यति चासो दिएको भने छैन । एक त उसले गोविन्दलाई आफ्नो कोठासम्म नबोलाई

तलै कुराएको छ । तल झरेपछि पनि ऊ कार्यालयसम्बद्ध चिठी लेख्न व्यस्त भएको देखिन्छ । चिठी पूरा गरिसकेपछि कविता सुनाउन अनुमति दिएर गोविन्दले कवितावाचन सुरु गर्दासाथ एक्कासी त्यहाँ आइपुगेको कम्पाउन्डरलाई महत्त्व दिएर उसको हाकिम साथी तुङ्गनाथले गोविन्दलाई भोलि आउन भन्दै कविता नसुनी फर्काएको छ । यस सन्दर्भमा कथामा "लौ त गोविन्द तिमी ऐले जाऊ है ! –कम्पाउण्डरसित बोल्दा-बोल्दै बीचमै तुङ्गनाथले उसतिर फर्केर भने–'कम्पाउण्डर साहेबसित मेरो धेरै दिनमा भेट भएको छ, यहाँसित केही कुरा पनि छ । तिमी त भोलि आए पनि हुन्छ" (भिक्षु, २०५२, पृ. ९५) भनिएको छ । यस उद्धरणमा गोविन्दको ठूलो अपमान भएको देखाइएको छ । उसले आफूलाई पहिले नै समय दिएर बोलाएपछि पनि एक्कासी आइपुगेको कम्पाउन्डरतिर ध्यान दिएर आफ्नो मतलब नगरेको ठानेको छ । यसबाट गोविन्दलाई आफूमाथि कसैले तातो पानी खनाइदिएको जस्तो महसुस भएको छ । यस सन्दर्भमा कथामा "एक छिनसम्म त्यो बिजुली लागेझैं उभिरह्यो । त्यसपछि आफ्नो कपीलाई काखी च्यापेर बाहिरतिर लाग्यो । त्यसका खुट्टा राम्ररी टेकिन्नथे, शरीरका नसा-नसाको रक्तप्रवाहमा एउटा प्रश्न चाँच्चाँडै बग्न थाल्यो–'मानव ..... ?'" (भिक्षु, २०५२, पृ. ९५) भनिएको छ । यस उद्धरणमा तुङ्गनाथको व्यवहारबाट गोविन्द निकै दुःखी भएको देखाइएको छ । उसको मानसिकतामा तुङ्गनाथ स्कुलमा सँगै पढ्दाको आफ्नो घनिष्ट मित्र हो भन्ने कुरामा पनि द्विविधा उत्पन्न भएको छ । ऊ बिजुली लागेजस्तै भएर कविताको कापी च्यापी बाहिर निस्किएको छ । उसका खुट्टाले राम्ररी टेक्न पनि सकेका छैनन् । कथाको यस सन्दर्भबाट गोविन्दले कल्पना नै नगरेको हीनत्वबोध गरेको देखिन्छ । यसरी कथामा गोविन्दका अन्तर्मानसिकतामा सिर्जना भएको हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वलाई प्रस्तुत गरिएको छ ।

'मानव' कथाको प्रारम्भदेखि अन्त्यसम्मकै कथासन्दर्भमा गोविन्द हीनत्वबोधको चपेटामा पर्दै अनि श्रेष्ठत्व प्राप्त गर्ने प्रयासमा लागेको देखिएको छ । हीनत्वलाई हटाएर श्रेष्ठत्व प्राप्त गर्न खोज्दाखोज्दै पनि चाहेअनुरूप श्रेष्ठत्व प्राप्त गर्न नसकेकाले उसलाई हीनत्वबोधकै स्थितिमा छोडेर कथाको अन्त्य भएको छ । यसरी गोविन्दको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(१०) रक्सीबाज

'रक्सीबाज' कथाका तारानाथ र मञ्जेश्वरी हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथामा यी दुई पात्र सौतेनी नालतर्फका दाइ र बहिनी भएर देखिएका छन् । तारानाथ पारिवारिक हेला, अपमान र तिरस्कारले गर्दा हीनत्वबोधको चपेटामा परेको देखिन्छ । यही पारिवारिक हेपाइको पीडालाई बिर्सेर श्रेष्ठत्व प्राप्त गर्न उसले रक्सीको सहारा लिइरहेको कथामा पाइन्छ । उता तारानाथकी बहिनीको भूमिकामा रहेकी मञ्जेश्वरी दाइले रक्सी खाँदै हिँडेकोले निराश भई हीनत्वबोधमा परेकी छ । यस सन्दर्भमा कथामा "होइन दाइ, यस्तो पनि हो ! दिनरात बाआमा सबैको गाली कसरी खप्नुहुन्छ तपाईं ? मेरो बिन्ती मान्नुस् यो रक्सी त खान पनि नहुने, फेरि यसले जीउ पनि बिगार्ने !" (भिक्षु, २०५२, पृ. ९६) भनिएको छ । यस उद्धरणबाट मञ्जेश्वरीले दाइलाई

सम्झाईबुझाई गरेर रक्सी छोडाउन चाहेकी देखिएको छ । उसले रक्सी खाँदै हिँडेमा बाबुआमाले पनि गाली गर्ने र आफ्नो शरीर पनि बिग्रने भनेर दाइलाई फकाएकी छ। दाइलाई रक्सी छोडाएर राम्रो बाटोमा हिँडाउन सकेमा घरपरिवारको इज्जत बढ्ने उसको अपेक्षा रहेको देखिन्छ । उसको यो प्रयास गुमेको पारिवारिक इज्जत पुनर्स्थापित गरी श्रेष्ठत्व प्राप्त गर्ने उद्देश्यमा केन्द्रित रहेको छ ।

कथामा तारानाथको पारिवारिक घरव्यवहारमा कुनै भूमिका देखिँदैन । उसकी सौतेनी आमा र सौतेनी नालतिरका दुई जना भाइहरूकै वर्चश्व घरमा रहेको छ। घरमा उसले केबल नगण्यता मात्रै पाएको देखिन्छ। यस सन्दर्भमा कथामा "हेला, अपमान र तिरस्कारहरूले गर्दा पढ्नु, लेख्नु जम्मै छोडी खालि बोतल-वारुणीको सेवन नै तारानाथको एक मात्र उपासना हुन गयो" (भिक्षु, २०५२, पृ. ९७) भनिएको छ । यस उद्धरणमा परिवारका सदस्यहरूबाट सारै हेपिनुपरेकोले गर्दा तारानाथ हीनत्वबोधमा परेको देखाइएको छ । हीनत्वबाट मुक्ति पाउने अर्को कुनै विकल्प नभेटेर तारानाथले रक्सीको सहारा लिएको देखिन्छ। त्यसैले ऊ पढ्नेलेख्ने सबै काम छोडेर रक्सीसेवनमै भुलिरहेको छ। रक्सी खाएपछि साहस बढ्दा तारानाथ कड्किने गरेको छ। यस सन्दर्भमा कथामा "हुन्छ देखाइदिन्छु, तँलाई पनि, तेरा आमाबाबु, दाइभाइलाई पनि ! तारानाथलाई कसैको डर छैन" (भिक्षु, २०५२, पृ. ९८) भनिएको छ । कथाको यस उद्धरणमा रक्सीसेवनपछि आँट र साहस प्राप्त गरेर तारानाथ आफूलाई हेप्नेहरूप्रति आक्रोशित भएको छ । उसले आफूलाई माया गर्ने बहिनीलगायत आमाबाबु, दाइभाइ समेतलाई देखाइदिन्छु भन्दै धम्काएको छ। उसले आफूलाई कसैको डर नभएको पनि भनेको छ। यसबाट रक्सीसेवन नै उसको श्रेष्ठत्व अभिव्यक्ति र प्राप्तिको आधार बन्न गएको स्पष्ट हुन्छ ।

कथामा मञ्जेश्वरीको इयरिङ हराएको छ । यस सन्दर्भमा कथामा "इयरिङ हराउनुमा त्यसले आफैलाई अपराधी मानेकी थिई र त्यो अपराध कतै यताउति फाल्ने लोभ पनि उसमा थिएन" (भिक्षु, २०५२, पृ. १०१) भनिएको छ । यस उद्धरणमा मञ्जेश्वरी आफ्नो इयरिङ हराउँदा चिन्तित देखिएकी छ । उसले यसको दोषी र अपराधी आफैलाई मानेकी छ । यस गल्तीको दोष अरू कसैमाथि पन्छाउने लोभ उसले गरेकी छैन । इयरिङ चोरीको यस घटनाले उसको मानसिकतामा हीनत्वबोधको स्थिति सिर्जना गरेको सङ्केत पाइन्छ । यसैबिच इयरिङ चोरी गरेको आरोप तारानाथमाथि लागेको छ । यस सन्दर्भमा कथामा भाइले "मान-इज्जत नै फालिन गएपछि मालताल नै किन बाँच्नु र ! इयरिंग कहाँ गयो, घरभित्रैबाट एक छिनमा देउताले लगेका त होओइनन्, बुझ्न नसकिने कुनै गाहारो कुरा त छैन" (भिक्षु, २०५२, पृ. १००) भनेको छ। यस उद्धरणमा तारानाथको भाइले घुमाउरो तरिकाले इयरिङ चोरीको आरोप तारानाथमाथि लगाएको छ । आफूमाथि असत्य आरोप लगाइएपछि ऊ क्रोधित भएको छ। परिवारमा केही नराम्रो हुँदासाथ त्यसको दोषी आफूलाई नै बनाइने सोचेर ऊ हीनत्वबोधको चापमा परेको देखिन्छ ।

कथामा इयरिङ हराएर चिन्तित भएकी बहिनीलाई तारानाथले सम्झाएको छ। उसले "किन रोइरहिछस् ए, मैले नै चोरेपछि तेरो इयरिङ जान्छ कहाँ र ? एउटाको ठाउँमा दसओटा ल्याउनेछु; ल्याइदिन करै लाग्छ" (भिक्षु, २०५२, पृ. १०२) भनेको छ। यस उद्धरणमा इयरिङ हराएको कारण निराश भएकी बहिनीलाई तारानाथले सान्त्वना दिन खोजेको छ । उसले बहिनीलाई चिन्ता गरेर नरुन भन्दै एउटाको ठाउँमा दसओटा ल्याइदिनेछु पनि भनेको छ ।

यसो भनेर उसले श्रेष्ठत्व प्राप्त गर्न चाहेको देखिन्छ । बहिनी मञ्जेश्वरीले भने इयरिङ आफूलाई नचाहिएको "इयरिङ मलाई चाहिँदैन । त्यस्ता इयरिङ त के, इयरिङ लाउने मजस्ता सैकडौँ अपदार्थ मञ्जुले आफूलाई आफ्नो यस्तो नसाबाज दाजुको पाउको धुलोमा कहिल्यै मिसाउन सकेँ भने जन्म लिएको सार्थक सफल हुन जाला" (भिक्षु, २०५२, पृ. १०३) भनेकी छ । यस उद्धरणबाट मञ्जेश्वरीले इयरिङ हराउँदा आफू चिन्तित नभएको देखाउन खोजेकी छ । उसले आफूलाई दाजुको माया पाउन सके भयो भन्ने बुझाउन चाहेकी छ । यसो भनेर उसले श्रेष्ठत्वप्राप्तिको भाव दर्साएकी छ । यहाँसम्मको कथात्मक परिघटनामा तारानाथ र मञ्जेश्वरी दुवै पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वात्मक स्थितिमा देखिएका छन् ।

कथामा तारानाथ र मञ्जेश्वरीका बाबुको परलोक भएको छ । परलोक हुनुभन्दा अघि बाबुले तारानाथलाई ढुकुटीको साँचो थमाएको देखिन्छ । यस सन्दर्भमा कथामा "मर्ने बेलामा कण्ठावरोध भएर बोल्न नसके तापनि सान गरी तारानाथलाई बोलाउन भने । ऊ ओछ्याननेर आएपछि झिना औँलाले ढुकुटीको साँचो उसैलाई थमाई परलोक भए" (भिक्षु, २०५२, पृ. १०३) भनिएको छ । यस उद्धरणमा परिवारमा सबैबाट हेपिएको भए पनि बाबुले भने तारानाथलाई नै महत्त्व दिएको देखाइएको छ । मर्ने लागेका बेलामा बोली बन्द भएपछि सान गरेर उसलाई बोलाई ढुकुटीको साँचो थमाएर बाबु परलोक भएको छ । परिवारमा आमा, बहिनी र दुई जना भाइहरू हुँदाहुँदै बाबुले तारानाथलाई नै ढुकुटीको साँचो दिएबाट उसले श्रेष्ठत्वप्राप्तिको अनुभूति गरेको बुझ्न सकिन्छ । पछि बाबुको काजक्रिया सकेर अंशबन्डा हुँदा कानुनअनुसार तारानाथ ब्याइतेतर्फको भएकाले सौतेनी नालतर्फका सबैको भन्दा धेरै अंश उसले नै प्राप्त गरेको छ । कथामा यो परिघटना पनि उसका लागि श्रेष्ठत्वप्राप्तिको आधार बनेको देखापर्छ । कथाको अन्त्यमा रक्सी खाएर तारानाथले जथाभावी खुट्टा बजार्दा थामिन नसकेर सँघारमा टाउको बजारिन गई ऊ घाइते भएको छ । दाइको यस क्रियाकलापबाट मञ्जेश्वरी स्तब्ध भएकी छ । यसबाट उसलाई हीनत्वबोध भएको देखिन्छ । घाइते भएको दाजुलाई उसले उद्धार गरेकी कथामा "पाखुरामा समाती बाहिर धारामा टेकाई लगेर मञ्जेश्वरीले तारानाथको टाउको धुन लागी" (भिक्षु, २०५२, पृ. १०८) भन्ने कथनबाट देखाइएको छ । यसले मञ्जेश्वरीको सेवाभावलाई देखाएको छ । उसले घाइते भएको दाजुलाई पाखुरामा समातेर धारामा लगी घाउ धोइदिएर सफा गरेकी छ । सम्भवतः मलमपट्टी पनि गरेकी हुन सक्छे । उसले दाजुलाई उद्धार र सेवा गरेर श्रेष्ठत्व प्राप्त गर्न चाहेकी देखिएको छ ।

'रक्सीबाज' कथाका तारानाथ र मञ्जेश्वरी उल्लिखित सन्दर्भमा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थितिमा देखिएका छन् । यसरी दुई प्रमुख पात्रका अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(११) सैतानको सैतानी

'सैतानको सैतानी' कथाका वाहिद र रजिया हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथामा वाहिद बूढो भइसकेको छ । जीवन चलाउनको लागि उसले सहरमा सानो सुइङ्ग मेसिन राखी दर्जीको काम गर्दै आएको देखिन्छ । यस सन्दर्भमा कथामा "सिलाइद्वारा साँझसम्म आएको पैसाबाट उसको जहान रजिया र छओटा छोराछोरीको छाक टार्ने बन्दोबस्त कुनै तवरले भइरहेको थियो" (भिक्षु, २०१७, पृ. १०९) भनिएको छ । यस उद्धरणबाट वाहिदले दर्जीको काम गरेर गुजारा चलाउँदै आएको देखिएको छ । बिहानदेखि साँझसम्म दर्जी काम गरेर त्यसबाट आएको पैसाले नै उसले जहान र छोराछोरीको छाक टार्ने बन्दोबस्त गर्ने गरेको छ । मेहनतका साथ काम गर्दा पनि छाक टार्ने मेलोदेखि केही हुन नसकेकाले ऊ आर्थिक रूपमा माथि उठ्न सकेको छैन । यसले गर्दा उसको मानसिकतामा हीनत्वबोध भइरहेको देखिन्छ । वाहिदको खुदा र कर्मप्रतिको विश्वासका बारेमा कथामा "जमानाको यस खराब दिनमा पनि उसको परिवार पालन भइरहेको कुरा मालिकको खुसीबाहेक अरू केही पनि थिएन । नमाज पढ्दा आफ्नो समर्पणशील प्रार्थनाभित्र ऊ भक्ति गद्गद् हुन जान्थ्यो" (भिक्षु, २०५२, पृ. १०९) भनिएको छ । कथाको यस उद्धरणमा वाहिद आफ्नो भक्ति र कर्मशीलताबाट सन्तुष्ट देखिएको छ । उसले जमानाले ल्याएको अप्ठेरो परिस्थितिमा पनि निकै परिश्रम गरेर परिवार चलाउन सकेको छ । यसलाई उसले आफ्नो र मालिकको खुसी ठानेको पाइन्छ । धार्मिक आस्थामा उच्च विश्वास राखेर नवाज पढ्ने र अल्लाहको कृपा पाएर आनन्दित हुन चाहने वाहिद नवाज पढ्दा भक्तिले गद्गद् हुने गरेको छ । यसबाट उसले श्रेष्ठत्वप्राप्तिको अनुभूति गर्ने गरेको छ । यसरी कथामा वाहिद हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिन्छ ।

कथामा वाहिदकी पत्नी रजिया घरको गरिबीको कारणले गर्दा हीनत्वबोधको स्थितिमा देखिएकी छ । तैपनि दिनदिनै पतिको कमाइ आफ्नै हातमा थाप्न पाउँदा ऊ खुसी पनि हुने गरेकी छ । यस सन्दर्भमा कथामा "उसकी स्वास्नी रजिया अलि तेज मिजाज अर्थात् चर्को स्वभावकी स्त्री भए पनि साँझसम्ममा आएको जम्मै पैसा उसको लोग्नेले निस्पृह भावसित उसको हातमा राखिदिँदा ऊ सन्तुष्ट हुन जान्थी" (भिक्षु, २०५२, पृ. ११०) भनिएको छ । यस उद्धरणबाट रजिया कडा र पतिले कमाएको रुपैयाँ सबै आफ्नो नियन्त्रणमा राख्न चाहने स्वभाव भएकी पात्र हो भन्ने देखिएको छ । उसले घरपरिवार, छोराछारीको पालनपोषण, रेखदेख र रूपैयाँ पैसाको हिसाबकिताबसमेत आफैले गर्ने गरेकी छ । आफ्नै हातले पैसा नकमाएकी भए पनि पतिको कमाइ आफ्नै हातमा राख्ने र चलाउने गर्न पाएकीले रजियाले श्रेष्ठत्वप्राप्तिको अनुभूति गरेकी छ । यसरी कथामा रजिया हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी देखिन्छ ।

कथामा वाहिदका ससुरा मरेको खबर आएको छ । रजियाबाहेक उसका कोही सन्तान छैनन् । यस सन्दर्भमा कथामा "त्यस बूढाको कोही हकवाला थिएन, यसैले उसको सारा श्रीसम्पत्तिकी अधिकारिणी एक मात्र रजिया नै हुन आउली !' समाचारको खराबी त वाहिदले तुरुन्तै थाहा पाइहाल्यो" (भिक्षु, २०५२, पृ. १११) भनिएको छ । यस उद्धरणबाट रजिया बाबुको सम्पत्तिको हकवाला देखिएकी छ । ससुराको सम्पत्ति पत्नी हुँदै आफ्नो घरमा आउँदा राम्रो कमाइ गर्न नसकेर गरिब हुन परेको वाहिदले पत्नीबाट आफू हेपिनुपर्ने ठानेर चिन्तित भएको

छ । यसबाट उसको मानसिकतामा हीनत्वबोध हुन थालेको छ । अर्कोतर्फ बाबु मरेपछि उसको सबै सम्पत्ति आफूले पाउने ठानेर दुक्क भएकी रजिया भने प्रशन्न भएकी छ । यसकै खुसियालीमा उसले घरमा मीठामीठा परिकार पकाएर पति र छोराछोरीलाई खुवाएकी छ । यसो गरेर उसले श्रेष्ठत्वप्राप्तिको उद्घाटन गर्न चाहेकी देखिन्छ । माइतीबाट धनसम्पत्ति आउने भएपछि रजियाको मानसिकतामा परिवर्तन हुन थालेको सन्दर्भलाई कथामा "साँझखेर घर पुगेर पाए जतिको पैसा सधैँको झैँ रजियाको हातमा राख्दा एकपल्ट यस्सो हेरेर सारा पैसा उसले एकातिर हुर्क्याइदिई" (भिक्षु, २०५२, पृ. ११३) भन्ने कथांशका माध्यमबाट देखाइएको छ । यसले माइतीबाट बाबुको सम्पत्ति आउने भएपछि रजियाले देखाएको प्रतिक्रियालाई सङ्केत गरेको छ । माइतीबाट आउने बाबुको सम्पत्तिको तुलनामा बाहिदले ल्याएर बुझाएको पैसा नगण्य भएकोले त्यसलाई तुच्छ ठानेर उसले सारा पैसा एकातिर हुर्क्याइदिएकी छ । यसो गरेर उसले आफूलाई श्रेष्ठ देखाउन खोजेकी स्पष्ट हुन्छ । अर्कोतिर वाहिद भने पत्नी रजियाले आफ्नो र आफ्नो कमाइको अपमान गरेकी ठानेर हीनत्वबोधमा परेको कथात्मक घटनाबाट देखाउन खोजिएको पाइन्छ ।

कथामा रजिया आउनै लागेको मृत बाबुको धनदौलत पति र उसका छोराछोरीले खाएर नै सकिदिनेछन् भन्ने चिन्तामा परेकी छ । यस सन्दर्भमा कथामा "यो दरिद्री वाहिद ... यसैले गर्दा निश्चय नै आउने सम्पत्तिको कुनै राम्रो उपयोग हुन सक्तैन" (भिक्षु, २०५२, पृ. ११३) भनिएको छ । यस उद्धरणमा रजिया आउन लागेको बाबुको सम्पत्ति दरिद्र पतिबाट जोगाउन नसकिने हो कि भनेर सशङ्कित भएकी छ । उसले पतिकै कारण सम्पत्ति आए पनि गरिब नै भइने ठानेकी छ । यस्तो चिन्ताको कारणले गर्दा रजियाको मानसिक अवस्था हीनत्वबोधको चापमा परेको देखिन्छ । अर्कोतिर पति र छोराछोरीसमेतलाई नगण्य ठानेर यसकै माध्यमबाट उसले श्रेष्ठत्व प्राप्त गर्न चाहेकी छ ।

कथामा वाहिद बाबुको सम्पत्ति नआउँदै रजियाको गतिविधि देखेर डराएको छ । उसले ससुरा नमरेका होऊन् र मरेकै भए पनि श्रीसम्पत्ति केही रहेनछ भन्ने खबर आओस् भनेर अल्लाहसँग प्रार्थना गरिरहेको छ । यस सन्दर्भमा कथामा "यो गरिब यतीमा वाहिदबाट त्यो धनले गर्दा उसका छोराछोरी र स्वास्नी रजियापर्यन्त खोसिन जानेछन्; फेरि त्यो अत्यन्त असहाय हुन जाला" (भिक्षु, २०५२, पृ. ११४) भनिएको छ । यस उद्धरणमा ससुरालीबाट आउने धनको कारणले आफ्नो ठूलो नोक्सानी हुने ठानेर वाहिद डराइरहेको देखिन्छ । उसले त्यो धनले गर्दा छोराछोरी र स्वास्नी रजियापर्यन्त खोसिन जानेछन् भन्ने ठानेको छ । ऊ यस्तो भयो भने आफू अत्यन्त असहाय हुने चिन्तामा परेको देखिन्छ । यस प्रकार ससुरालीबाट आउने धनले ऐश्वर्यभन्दा बर्बादी निम्तने डरले चिन्तित बनेको वाहिद हीनत्वबोधको चापमा परेको देखिएको छ । यसैबिच वाहिदले ससुरालीतिरबाट "वाहिदको ससुरा मर्न त मरेकै हो तर उसले आफ्नो श्रीसम्पत्ति बेहोर्ने आफ्नो टाढाको दाजु पर्नेको एउटा छोरोलाई मुतबन्ना बनाई मरेको छ" (भिक्षु, २०५२, पृ. ११४) भन्ने खबर पाएको छ । यसबाट वाहिद ससुरालीको सम्पत्ति नआउने निश्चित भएको ठानेर बेहद खुसी देखिएको छ । यसबाट उसले आफ्नो अगाडि आउनै लागेको सङ्कट टरेको महसुस गरेको छ र ठूलो सफलता हासिल भएको ठानेको छ । यसले गर्दा वाहिदले श्रेष्ठत्वप्राप्तिको बोध गरेको देखिन्छ । अर्कोतिर बाबुको सम्पत्ति नआउने भएपछि रजिया सारै दुःखी र निराश भएकी छ । यसप्रकार कथाका दुवै पात्र

वाहिद र रजिया हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

'सैतानको सैतानी' कथाको वाहिद गरिब मानिस भएको, उसले दर्जी काम गरेर थोरै कमाउने गरेको, परिवार ठूलो, रजियाको कडा स्वभाव, धनपैसाको कमी, बाहिदको खुदाभक्ति, बाबुको सम्पत्ति आउने देखिएपछि र नआउने भएपछि रजियाले देखाएको प्रतिक्रिया, बाहिदको चिन्ता र प्रसन्नतालगायतका कथात्मक घटनामा दुई पात्र क्रियाशील भएर निर्वाह गरेको भूमिकामा उनीहरू हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेका छन् । यसरी वाहिद र रजियालाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(१२) उधारो सम्मान

'उधारो सम्मान' कथाका हिरामान र उसको मित्र दाइ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथामा हिरामान अठार वर्षीय युवकको रूपमा प्रस्तुत भएको छ । उसले घरमा आमाबाबुको अनुदार कोरा शासन भोग्दै आएको छ । यस सन्दर्भमा कथामा "सन्तानको स्नेह अवश्य थियो; तर स्नेहभित्र स्निग्धता थिएन, रस थिएन । त्यसैले रसहीन भएर त्यो स्नेह एउटा भारी, एउटा दबाई राख्ने बोझबाहेक त्यस युवकका निम्ति अरू केही पनि हुन आएन" (भिक्षु, २०५२, पृ. ११६) भनिएको छ । यस उद्धरणमा हिरामान बाबुआमाको उचित माया नपाएर निराश देखिएको छ । बाबुआमाले उसलाई स्नेह गरे पनि त्यो रसहीन र भारी भएको उसले ठानेको छ । उसले बाबुआमाको स्नेहमा स्निग्धता पाउन सकेको छैन र कुनै बोझले थिचेको जस्तो अनुभूति उसलाई भइरहेको छ । यसले गर्दा हिरामान बाबुआमा र घरको वातावरणबाट निराश भएर हीनत्वबोधको चापमा परेको छ । यसबाट मुक्त हुन ऊ जुवा खेल्ने कर्ममा उद्दत भएको छ । जुवा खेलेर पैसा जित्ने र त्यसबाट श्रेष्ठत्व प्राप्त गर्ने उद्देश्य लिएर ऊ अघि बढेको छ । उद्देश्यविपरीत जुवामा ऊ हारेको छ । हारेको पैसा तिर्न नसकेर भाग्दै हिँडेकामा ऊ उद्दण्ड केटाहरूबाट समातिएको छ । यस सन्दर्भमा कथामा "एक दिन राति आठ बभ्रुन लागेको बेलामा तीनचार जना उद्दण्ड मानिसहरू उसलाई समाती कुन्नी कता घोक्याउँदै लैजान लागेका थिए" (भिक्षु, २०५२, पृ. ११७) भनिएको छ । यस उद्धरणमा जुवामा हारेपछि तिर्ने पैसा नभएर भाग्दै हिँडेको हिरामानलाई उद्दण्ड केटाहरूले पैसा असुल्नको लागि समातेका देखाइएको छ । उससँग जुवामा हारेको पैसा तिर्ने उपाय केही देखिँदैन । पैसा नतिरिकन समात्ने केटाहरूबाट मुक्त हुन नसकिने परिस्थितिमा हिरामान अप्ठ्यारोमा परेको छ । उद्दण्ड केटाहरूले उसलाई समातेर घोक्याउँदै लैजान लागेका छन् । यस्तो अवस्थामा ऊ निरीह बनेर हीनत्वबोधको चापमा परेको देखिन्छ ।

कथामा हिरामान अप्ठेरोमा परेकै बेला त्यहाँ छब्बीस वर्षीय एक जना मानिस आइपुगेको छ । यस सन्दर्भमा कथामा "तर एकाएक आएका मानिसले जम्मै कुरा बुझी जब आफ्नो मनिपर्स झिकेर पूरा चवालीस रुपियाँ ती अनौठो साहूहरूका हातमा गनिदिएर हिरामानको हात समाते, तब मूल सडकको प्रकाशमा आएर आफूलाई छोडाउने मानिसको मुख हेरी हिरामानका आँखा अश्रुपूरित हुन गए" (भिक्षु, २०५२, पृ. ११७) भनिएको छ । यस

उद्धरणमा अप्ठेरोमा परेको हिरामानले कल्पना नै नगरेको सहयोग पाएको देखाइएको छ । त्यो मानिसले हिरामानले उद्दण्ड केटाहरूलाई तिर्नुपर्ने पूरै चवालीस रूपैयाँ तिरिदिएर ठूलो सहयोग गर्नुका साथै उद्दण्ड केटाहरूबाट सहज किसिमले बचाएको छ । कठिन परिस्थितिमा सोच्दै नसोचेको सहयोग पाउन सकेकामा हिरामानले श्रेष्ठत्व अनुभूत गरेको घटनासन्दर्भबाट देखिएको छ । अर्कोतिर एउटा भर्खरैको युवकलाई उद्दण्ड केटाहरूले घेरेको देखेर दुःखको अनुभूति भई हीनत्वबोध गरेको दाइले उसले तिर्नुपर्ने पैसा तिरिदिएर फन्दामा परेको भाइजस्तो हिरामानलाई सहयोग गर्न पाएकामा श्रेष्ठत्वको अनुभूति गरेको हुन सक्ने पनि कथाको सन्दर्भबाट देखिन्छ ।

कथामा दाइ बन्न आएको व्यक्तिले हिरामानकै कारणले गर्दा गुन्डाहरूको सामना पनि गर्नुपरेको छ । उसले भाइ हिरामानको बारेमा चुक्ली लगाउने मानिसबाट सुनेको विषयमा कथामा "अनि एकपल्ट कतै अन्त गएर तीन महिनापछि फर्किंदा जब दाइले सुने- हिरामानले जुवा खेल्यो, रूपैयाँ तिर्न नसकेर हिराको औँठी बन्धक राख्यो, अझ फलानो थोक नगर्ने काम पनि गऱ्यो" (भिक्षु, २०५२, पृ. ११७) भनिएको छ । यस उद्धरणमा भाइ हिरामानका बारेमा सुनेका नराम्रा कुराबाट दाइ बनेको व्यक्ति निराश भएको देखाइएको छ । उद्दण्ड केटाहरूबाट बचाउने क्रममा उसले हिरामानलाई जुवातास नखेल्न भनेको थियो र ऊ त्यसो नगर्न सहमत पनि भएको थियो । अहिले भने तीन महिनापछि बाहिर गएर फर्किदा दाइ चाहिँले भाइका बारेमा अनेक थरी कुरा सुन्नुपरेको छ । उसले जुवातासलाई निरन्तरता दिएको र हिराको औँठी बन्धक पनि राखेको थाहा भएको छ । यहाँनेर आफूले भाइ बनाएको व्यक्तिले अग्राह्य कर्मलाई निरन्तरता दिइरहेको सुन्नुपर्दा दाइलाई निद्रा पनि लाग्न छोडेको र उसले अपमानित पनि महसुस गरेको छ । यसले गर्दा दाइले हीनत्वबोध गरेको देखिन्छ । केही दिनपछि भाइको चुक्ली लगाउनेसित भेट हुँदा दाइले "हिरामानले अब त जुवा खेल्न छोडिसक्यो; बदमाशहरूको संगत पनि छोड्यो; यसपालि म्याट्रिकको टेस्टमा पास पनि भइसक्यो" (भिक्षु, २०५२, पृ. ११८) भनेको छ । यस उद्धरणमा भाइले जुवा खेल्न र बदमासको सङ्गत छोडेको र यसपालि म्याट्रिकको टेस्टमा पास भएको कुरा सुनाउन पाउँदा दाइले श्रेष्ठत्वको अनुभूति गरेको देखिएको छ ।

कथामा हिरामानले म्याट्रिक जाँच दिने भएको छ । उसले बिग्रेको घडी मर्मत गरेर भोलि दुई बजे जाँच दिने घरको ढोकामा ल्याइदिन दाइलाई अह्राएको छ । दाइले पनि भाइको राम्रोको लागि त्यसो गर्न सहमत भएको छ । दाइले भोलिपल्ट भाइ हिरामानले जाँच दिने घरको नजिकै घडी मर्मत गर्न दिएर भाइको प्रतीक्षा गर्दै गरेको देखिन्छ । सबै परीक्षा दिएर निस्किएका छन् । भाइ हिरामान पनि निस्किएको देखिन्छ । दाइले भाइलाई देखे पनि भाइले नदेखेजस्तो गरेको छ । ऊ मोटरमालिक छात्रसँग गफिदै गरेको छ । यस सन्दर्भमा कथामा "भाइ चाहिँले अर्काबाट लिएको लज्जा मात्र दिने सम्मान प्रदर्शित गर्ने लोभ–त्यस्ता अनौठा आफ्नो दाइको अगाडि पनि–संवरण गर्न नसकेर घिन लाग्दो गौरव-गर्वमा फुली दाइकै अगाडिबाट मोटरमा बसेर धुलो उडाउँदै निस्क्यो, उड्यो" (भिक्षु, २०५२, पृ. १२०) भनिएको छ । यस उद्धरणमा हिरामान आफूलाई सहयोग गर्ने दाइप्रति बेमतलब भई अघि बढ्न चाहेको देखिन्छ । उसले दाइलाई घडीको लागि कुराएर आफू भने मोटरमालिक साथीसँग दाइकै अगाडिबाट धुलो उडाउँदै मोटरमा कुदेको छ । यसो गरेर हिरामानले आफ्नो सम्मान बढाउने

लोभ गरेको र श्रेष्ठत्व प्राप्तिको बोध गर्न चाहेको छ । भाइ हिरामानको व्यवहारबाट दाइले भने हीनत्वबोध गरेको देखिन्छ । यसबाट कथामा हिरामान र उसको मित्र दाइ दुवै पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

'उधारो सम्मान' कथाका दुवै पात्र हिरामान र उसको दाइ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वको चापमा परेका छन् । कथामा हिरामानले बाबुआमाको उचित स्नेह नपाएको, जुवातास खेल्ने लतमा लागेको, उद्दण्ड केटाहरूबाट घेरिन पुगेको, दाइको भूमिकामा रहेको पात्रबाट सहयोग पाएर केटाहरूको घेराबाट फुत्किन सकेको, जुवातासलाई निरन्तरता दिएको, दाइ निराश भएको, हिरामानले मेट्रिकको परीक्षा दिएको, दाइलाई बेवास्ता गरेर मोटरमा चढेर कुदेको लगायतका कथात्मक घटनामा हिरामान र दाइ क्रियाशील भएर निर्वाह गरेको भूमिकामा दुई पात्रका अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वका बिचमा मनोद्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी हिरामान र उसका दाइको अन्तर्मानसिकतामा द्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(१३) साहुको सम्पत्ति

'साहुको सम्पत्ति' कथाको साहु हरिमान हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा साहु हरिमान आफ्नो व्यावसायिक जीवनको प्रारम्भिक चरणमा एउटा बीस कोठा भएको काठको बट्टामा बीसपच्चीसओटा गोल्टिन चुरोटका खाली बट्टाहरू सजाएर पसल थापेर बसेको देखिएको छ । यस सन्दर्भमा भिक्षु (२०५२) ले लेखेका छन् :

> उनको सुरुको इतिहासमा उनी साहु हरिमानको ठाउँमा 'हरिचा' थिए । एउटा बीस कोठा भएको काठको बट्टा, त्यस बखतको 'हरिचा'-को पसल; र बीस-पच्चीसओटा गोल्टीन चुरोटका खाली बट्टाहरू त्यस पसलका वरिपरिका सजावट थिए । सबभन्दा मूल्यवान् माल दुईतीनओटा असल असल चुरोटका हरिया, राता कागतका प्याकेटहरू र एक बट्टा सलाई थियो जसलाई उसले आफ्नो पैसा राख्ने सन्दुकमा राखिछोडेको थियो । (पृ. १२१)

उल्लिखित उद्धरणमा हरिमानले प्रारम्भमा थोरै लगानी गरी सानो पसल थापेर व्यापार गर्न थालेको देखिएको छ । उसको पसलमा सामानका खाली बट्टा मात्र सजाएर राखिएको छ । त्यहाँ दुईतीनओटा चुरोटका प्याकेट र एउटा बट्टा सलाई मात्र मूल्यवान् बस्तुका रूपमा रहेका र तिनलाई पनि उसले पैसा राख्ने सन्दुकमा राख्ने गरेको देखिन्छ । पसल गर्दै रहेको भए पनि ग्राहकको मागअनुसारका खासै सामान राख्न नसकेको र चुरोटका खाली बट्टाले पसल भरिलो देखाउन परिरहेकोमा हरिमानको अन्तर्मानसिकतामा हीनत्वबोध भएको छ । केही समयपछि उसले आफ्नो बीस कोठा भएको काठे पसलमा चिनियाँ बदाम, फुलौरा, मकै, भटमास, भुटेको चनालगायतका माल थपेको छ । माल बढाउँदै गर्दा उसको पसलमा जिरा, मरिच, मसला, बिलायती मीठाई इत्यादिदेखि लिएर साबुन, सेन्ट, क्रिम, फलामे किलालगायतका माल देखिन

थालेका छन् । यसले गर्दा हरिचा भनिदै आएको ऊ हरि साहु बनेर उसले श्रेष्ठत्व प्राप्त गर्न थालेको छ ।

कथामा हरिमान आफ्नै परिश्रमले साहु बनेको भए पनि ईर्ष्या गर्नेहरूले उसलाई पक्का ठग भन्ने गरेका छन् । यस सन्दर्भमा कथामा "समाजमा उसले प्रसिद्ध होइन कि कानेखुसीको विशेषण पाएको छ- पक्का ठग" (भिक्षु, २०५२, पृ. १२२) भनिएको छ । यस उद्धरणमा हरिमानले व्यापारमा बिस्तारै प्रगति गर्दै गएको देखेर मानिसहरूले उसलाई नराम्रो दृष्टिले आलोचना गर्न थालेका देखाइएको छ । उसले प्रगति गरेको देख्न नरुचाउनेहरूले उसलाई पक्का ठग भन्न थालेका छन् । ठगी काम केही नगरी परिश्रमका साथ व्यापार गरेर उन्नति गर्दै गएकोमा ठग भनेर नराम्रो नजरले हेर्दा हरिमानले हीनत्वबोध गर्ने गरेको छ । जसले जे भने पनि हरिमानले पसलबाट उन्नति गर्दै गएको छ यस सन्दर्भमा कथामा "उनले एक दिन आफ्नो पसलका दाम राख्ने फलामे सन्दूक (सेफ) पनि ल्याइराखे; ... यसमा भएका लक्कूका लक्कू र थुप्र्याइराखेका दामहरू केही बेरसम्म नियालिसकेपछि त्यसै दिन साँझखेर पशुपतिमा गई एउटा महात्माको निकै बेरसम्म सेवा चाकरी गरी मसलाहरू चढाए । अनि संकोच मान्दै उहाँसित उनले पुत्रप्राप्तिको कामना पनि प्रकट गरे" (भिक्षु, २०५२, पृ. १२२) भनिएको छ । यस उद्धरणमा हरिमानको आर्थिक उन्नति बढ्दै गएको देखाइएको छ । उसले पसलमा दाम राख्नको लागि फलामे सन्दुक पनि ल्याएको छ । बेलाबेलामा उसले सन्दुकबाट दामपैसा झिकेर थुप्रो लगाई नियाल्ने गरेको देखिएको छ । यसबाट उसले श्रेष्ठत्वप्राप्तिको अनुभूति गरेको छ । उसले व्यापारबाट उन्नति गरेको भए पनि सन्तान नहुँदा ऊ निराश भएको छ । त्यसैले उसले साँझ पशुपति गएर एउटा महात्माको निकै बेरसम्म सेवाचाकरी गरेको छ । उसले मसला चढाएको छ र महात्मासँग पुत्रप्राप्तिको कामना पनि गरेको छ । व्यवसायबाट उन्नति गरेको भए पनि सन्तान नहुँदा हरिमान दुःखी भएको यहाँनेर देखिएको छ । यसबाट उसको अन्तर्मानसिकतामा हीनत्वबोध भएको देखिन्छ ।

समयको क्रमसँगै कथामा दृश्य बदलिएर फरक मोड आएको छ । साहु हरिमानका दुई छोरा, विवाह पनि भइसकेकी एउटी छोरी, दुई बुहारी, ठूलो घर, चल्ती भएको व्यवसाय सबै कुराको सम्पन्नता उसलाई प्राप्त भइसकेको छ । यी सबैले गर्दा हरिमानले श्रेष्ठताको उचाइ प्राप्त गरिसकेको देखापर्छ । यी सबै भएर पनि उसको गृहस्थीमा राम्रो वातावरण भने देखिँदैन । यस सन्दर्भमा कथामा "दुवै छोराहरूमध्ये एउटा बाह्रमासे जुवाडे भएको र अर्कोचाहिँले त्यस जुवाडेसित निरन्तर झगडा गरिरहने र जम्मा भएको जम्मै माल आफै मात्र हात पार्ने वृत्ति पनि समात्यो । ... दुवै बुहारीहरू परस्पर अक्सर भनाभन गरिरहनाले घर पनि कम्ती रमाइलो थिएन" (भिक्षु, २०५२, पृ. १२२) भनिएको छ । यस उद्धरणमा बाहिर हेर्दा हरिमानको व्यवसाय राम्रो देखिए पनि घरभित्र भने ईर्ष्याद्वेषको वातावरण देखिएको छ । दुई छोरामध्ये एउटा बाह्रमासे जुवाडे र अर्कोचाहिँ जुवाडे छोरासँग सधैँ झगडा गर्ने गरेको छ । उसले घरको सम्पत्ति आफ्नो हातमा पार्ने कोसिस गर्ने गरेको छ । बुहारीहरू पनि परस्पर झगडा र भनाभन गर्ने गरेका छन् । यस्तो स्थितिले गर्दा सम्पन्न साहु भएर पनि हरिमानको अन्तर्मानसिकतामा श्रेष्ठत्वका विपरीत हीनत्वबोधको मात्रा बढ्दै गएको देखिन्छ ।

कथामा साहु हरिमानका लागि पारिवारिक चिन्ता थपिदै गएको छ । उसका दुई भाइ छोरा एकापसमा घोचपेच र भनाभन हुँदै मारपिटमै उत्रिएका देखिन्छन् । यस सन्दर्भमा कथामा

"यही द्वन्द्वमा पहिले जिब्रोको सङ्घर्ष भयो, अनि हातपात, त्यसपछि घरमा भएका अस्त्र-शस्त्रहरूको प्रयोग । कान्छोले जेठोको टाउको फुटाली रगतपिच्छे गराइदिएर उसलाई पुलिसले समाती लग्यो र घाइते चाहिँ मरणासन्न अवस्थामा अस्पतालमा पुऱ्याइयो" (भिक्षु, २०५२, पृ. १२५) भनिएको छ । यस उद्धरणमा हरिमानका दुई भाइ छोराका बिचमा तनाव उत्कर्षमा पुगेको देखाइएको छ । सुरुमा त दुई भाइका बिचमा भनाभन भएको छ । त्यसपछि त हात हालाहाल नै भएको छ । यतिले नपुगेर घरमा भएका अस्त्रकै प्रयोगसमेत भएको देखिन्छ । कान्छोले जेठोको टाउको फुटाली रगतपिच्छे बनाएको छ । कान्छोलाई पुलिसले समातेर लगेको छ भने घाइते भएको जेठोलाई मरणासन्न अवस्थामा अस्पतालमा पुऱ्याइएको देखिन्छ । यसले गर्दा साहु हरिमानको घरको वातावरण अत्यन्त अशान्त देखिएको छ । पसल व्यवसाय गरेर धन कमाएर श्रेष्ठत्व प्राप्त गर्न सफल हरिमान घरपरिवारको यस्तो बेथिति र अराजकताले गर्दा हीनत्वबोधको चपेटामा पर्न गएको देखिन्छ । अन्तमा उसले आफैलाई "यतिको तपस्या गरेर उपार्जित गरेको यस सम्पत्तिले मलाई सुख दियो कि दुःख ?" (भिक्षु, २०५२, पृ. १२५) भनी सोधेको छ । यस उद्धरणबाट हरिमान सम्पन्न साहु भएर पनि दुःखी बनेको देखिन्छ । उसलाई सम्पत्ति भएर मात्र धनी भइदोरहेनछ भन्ने लागेको छ । जसका लागि ऊ जीवनभर मरिमेट्यो त्यही पाएर पनि हरिमान दुःखी नै रहन गएको छ । यसबाट ऊ हीनत्वबोधको चापमा परेको छ । यस प्रकारसँग कथामा साहु हरिमान प्रारम्भदेखि अन्त्यसम्म नै हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेर थिचिएको देखापर्छ ।

'साहुको सम्पत्ति' कथाको हरिमान पहिले लगानी गर्ने रूपैयाँ नभएर सानो पसल गरी बस्नुपरेको, पछि व्यवसाय बढ्दै गएर धेरै रूपयाँ कमाएको, छोराछोरी, घरपरिवारको राम्रो हुँदै गएको, परिवारका सदस्यहरूका बिचमा मेलमिलाप नभएर झगडा हुन थालेको, छोराहरू उन्नतिको बाटोमा नलागेर एकापसमा मारपिटमा उत्रिएका, धन भएर पनि दुःखी हुन परेको लगायतका कथात्मक घटनामा क्रियाशील भएर निर्वाह गरेको भूमिकाबाट उसको अन्तर्मानसिकता हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थितिमा देखिएको छ । यसरी साहु हरिमानलाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(१४) मालिकको छोरो

'मालिकको छोरो' कथाका रामे र कृष्णे हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथामा रामे गणेशमान साहुको घरमा पालिराखेको काम गर्ने केटो र कृष्णे छोरो भएर देखिएका छन् । कृष्णेलाई रामेले असाध्यै माया गर्छ र कृष्णेले पनि रामेलाई उस्तै माया गर्ने गरेको देखिन्छ । रामेले त कृष्णेबिना आफ्नो अस्तित्व नै नभएको देख्ने गरेको छ । उसले कृष्णेको कुभलो होस् भन्ने कल्पनासम्म पनि गर्न सक्तैन । यसो भए पनि कहिलेकाहीँ रामेबाट ससानो असावधानी हुँदा कृष्णेकी आमाले रामेलाई मेरो छोरालाई के भन्ठानेको छस् र जथाभावी गर्ने भनेर हप्काउँदा रामे निराश हुने गरेको देखिन्छ । यस सन्दर्भमा कथामा "कृष्णे देउता हो, स्वर्गको पुष्प हो, महान् हो ! राममान उसको नोकर, तुच्छ, नगण्य निर्जीव" (भिक्षु, २०५२, पृ. १२७) भनिएको छ । यस उद्धरणमा रामे निराश देखिएको छ । कृष्णेसँग तुलना गर्दा उसले आफूलाई नगन्य जीवको रूपमा पाएको

छ र आफ्नो हैसियत तुच्छ नोकरको मात्र भएको देखेको छ । कृष्णेको भने घर र श्रीसम्पत्ति भएकोले ऊ मालिक हो भन्ने उसलाई लागेको छ । यसले गर्दा रामे र कृष्णेको तुलना कसरी होस् । यस्ता कुराबाट रामेले खिन्नता महसुस गर्ने गरेको देखिन्छ । यस्तै नैराश्यपूर्ण कुराले गर्दा रामेको अन्तर्मानसिकतामा हीनत्वबोध हुने गरेको छ । रामे नोकर भए पनि एकाएक सबै थोक बिर्सेर ऊ फेरि कृष्णेसँग साथी भएर रमाउन थालेको देखिन्छ । यस सन्दर्भमा कथामा "राममान बिर्सन्थ्यो सबै थोक; एकै छिनमा उसको समस्त 'आश्रितको अस्तित्व' लोप भएर राममान उत्फुल्ल, उत्सुक कृष्णेको साथी हुन जान्थ्यो" (भिक्षु, २०५२, पृ. १२७) भनिएको छ । यस उद्धरणमा रामे उत्फुल्ल देखिएको छ । उसले आफूलाई दुःख लागेका कुरा र आश्रितको अस्तित्वसमेत सबै कुरा बिर्सेर कृष्णेको साथी भई रमाउन थालेको छ । यसरी कृष्णेसँग रमाउँदा उसले श्रेष्ठत्वप्राप्तिको बोध गर्न पुगेको देखिन्छ । यसबाट कथामा रामे हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिन्छ ।

कथामा कृष्णेकी आमा उसलाई टुहुरो पारेर परलोक भएकी छ । यस घटनाबाट कृष्णे आहत भएको छ । रामेले पनि निकै पीडाबोध गरेको देखिन्छ । कृष्णेको बाबु पनि पत्नी वियोगको पीडाले गर्दा सारै दुःखी भएको छ । यस सन्दर्भमा रामेले "टुहुरो म हुन दिन्नँ; मालिक हुनुहुन्छ नै, म छँदै छु, अब कृष्णेलाई यताउति त्यसै खेल्न जान दिन्नँ; राम्ररी पढाउनुपर्‍यो" (भिक्षु, २०५२, पृ. १२८) भनेको छ । यस उद्धरणबाट रामे आफूले कर्तव्य निर्वाह गर्ने समय आएको भनेर गम्भीर भएको देखिन्छ । कृष्णेलाई टुहुरो हुन नदिने र राम्ररी पढाउने दायित्वबोध उसले गरेको छ । यसबाट रामेले श्रेष्ठत्व प्राप्त गर्न चाहेको स्पष्ट हुन्छ । यसै क्रममा कृष्णेका बाबु गणेशमानले कृष्णेलाई बरालेको र दिनभरि गुच्चा, चङ्गा र भोगटेमा भुलाएको भन्दै हप्काएर दुईचार थप्पड लगाई रामेलाई घरबाट निक्लन भनेको छ । यस सन्दर्भमा कथामा "जा निक्ली तँ यस घरबाट ! अनि दुईचार थप्पड लगाएर घोक्याइदिए" (भिक्षु, २०५२, पृ. १२८) भनिएको छ । यस उद्धरणमा रामेप्रति साहु गणेशमानको व्यवहार अत्यन्त तुच्छ देखाइएको छ । उसले रामेलाई जा घरबाट निक्ली भन्दै थप्पड लगाएर घोक्याएको छ । यसपछि रामे घरबाट निस्केर नजिकैको रुखमुनि बसिररहेको देखिन्छ । त्यहींबाट उसले कृष्णेका कान निमोठिएको र हप्काइ खाएको देखेको छ । उसलाई कृष्णेको चिन्ता लागेको छ । दिनभरि केही नखाएर भोकै रहेको उसले आफू बसेकै ठाउँबाट कृष्णेको खोजी गरेको छ । साँझ पर्न लागेपछि घरमा गएर उसले ढोका र झ्यालबाट हेर्दै कृष्णेलाई बोलाएको छ अनि ऊ भोकै त थुनिएको छैन भन्ने चिन्ताले पनि उसलाई सताएको देखिन्छ । यी कुराहरूबाट रामेले हीनत्वबोध गरेको स्पष्ट हुन्छ । दिनभरका सबै कुरा बिर्सिएर घरमा पुग्दा मालिकले किन आइस् भनेर हप्काए पनि जा घरमा; भोक लागेको छैन; खा भनेपछि ऊ ढुक्क हुँदै र डर पनि मान्दै भित्र पसेको छ । यस सन्दर्भमा कथामा "कृष्णे बैठकमा किताब लिएर बसिरहेको थियो । ऊ उसको अगाडि पुग्यो । ए रामे, आइस् ? मेरो पालो म पनि दिनभरि निस्कँदै निस्किनँ" (भिक्षु, २०५२, पृ. १२९) भनिएको छ । यस उद्धरणबाट घरमा कृष्णेलाई हँसिलो खुसिलो देखेर रामे ढुक्क भएको छ । कृष्णेले दुःख पायो कि भन्ने चिन्तामा परेको रामे उसलाई केही त्यस्तो नभएको पाउँदा खुसी भएको देखिन्छ । यसबाट उसलाई श्रेष्ठत्वको अनुभूति भएको देखिन्छ ।

कथामा विकसित नयाँ घटनाक्रमसँगै कृष्णेको बाबु गणेशमानले दोस्रो विवाह गरेको छ । घरमा अब कृष्णेको रेखदेख उसकी सौतेनी आमाको हातमा आएको देखिन्छ । यस सन्दर्भमा कथामा "अनेक प्रकारका नियम-उपनियम तयार भए । अनेकौँ 'गर्नू-नगर्नू'-को आज्ञा मिल्यो । किन्तु कृष्णेलाई यी सबैले पलाउन सकेनन् । उसलाई त नियमहरू बन्धन मात्र भए; कृष्णेप्रति उनमा हार्दिकताको अभाव थियो" (भिक्षु, २०५२, पृ. १३०) भनिएको छ । यस उद्धरणले कृष्णेमा निराशा बढ्न थालेको देखाएको छ । सौतेनी आमाबाट उसका लागि अनेक नियम र गर्नू नगर्नूको आज्ञा हुन थालेको छ । यी सबैबाट कृष्णे असन्तुष्ट बनेको छ । कडा अनुशासन र नियमहरूलाई उसले बन्धनको रूपमा लिएको छ । फेरि सौतेनी आमाले उसप्रति हार्दिकता र ममता देखाएकी पनि छैन । यसले गर्दा कृष्णेले आफूलाई असहायझैँ पाउन थालेको छ । यसबाट उसमा हीनत्वबोध भएको देखिन्छ । यस सन्दर्भमा कथामा "हरेक बातमा मालिक्नीलाई कृष्णेले तीखो जवाफ दिन लाग्यो । त्यस्तै मालिक्नीले उसलाई कस्न पनि लागिन् । घरमा झगडाजस्तो गर्ने बाहिर दीन-हीन भीरुझैँ भएर रहने कृष्णेको दशा बिग्रँदै गयो" (भिक्षु, २०५२, पृ. १३०) भनिएको छ । यस उद्धरणले कृष्णेको अवस्था झन् बिग्रँदै गएको देखाएको छ । उसले सौतेनी आमासँग सधैँ हरेक कुरामा तीखो जवाफ लगाउने र झगडा गर्न थालेको छ । बाहिरतिर भने अत्यन्त टिठलाग्दो दीनहीन र भीरुझैँ भएर हिँड्ने गरेको देखिन्छ । सौतेनी आमाले अनेक नियम बनाएर कस्न थाल्दा तीखो जवाफ लगाएर श्रेष्ठत्व प्राप्त गर्न चाहेको देखिए पनि यो नकरात्मक मार्ग भएकोले सफलता प्राप्त गर्न सक्ने देखिँदैन । अर्कोतर्फ उसको बाबुले पनि सौतेनी आमाले भनेको मान्नुपर्ने भन्दै थप हप्काउने र थप्पड लगाउने गर्न थालेपछि कृष्णे झन् बढी हीनत्वको चापमा पर्दै गएको देखिन्छ ।

कथामा कृष्णेले नपढेको, भनेको नमानेको, बदमासी गरेको आदि आरोप लगाएर उसका बाबुले दण्डित गर्दा नोकर रामेले सहन सकेको छैन । उसले "होइन हजुर बाबु त दिनहुँ स्कुल जानुहुन्छ, बदमासी पनि गर्नुहुन्न" (भिक्षु, २०५२, पृ. १३१) भनेको छ । यस उद्धरणबाट रामेले कृष्णेलाई दोषी हुनबाट बचाउन खोजेको देखिन्छ । कृष्णे नियमति रूपमा स्कुल जान्छ र उसले बदमासी पनि केही गरेको छैन भन्ने कुरा मालिकलाई सम्झाएर दण्डित हुनबाट रोक्ने र कृष्णेको पनि झन् प्यारो बनी श्रेष्ठत्व प्राप्त गर्ने उद्देश्यले रामेले यसो भनेको देखिन्छ । रामेको कुरा सुनेपछि तत्कालै मालिक गणेशमानले पाजी, बदमास, भाते भन्दै हप्काउँदा उसले हीनत्वबोध गर्न पुगेको छ । उता बाबुको हप्काइले ममताको सबै बाटो गुमाएर कृष्णे चरम हीनत्वमा परेको छ । अर्कोतिर ऊ सौतेनी आमाप्रति चरम विद्रोही बनेर श्रेष्ठत्व हासिल गर्ने प्रयत्नमा लागेको देखिन्छ । यसले गर्दा कृष्णेले सौतेनी आमाबाट कठोर दण्ड भोग्नुपरेको छ । कृष्णेलाई दण्डित गर्दा रामेले मालिक्नीलाई सम्झाईबुझाई गरी रोक्न प्रयत्न गरेर श्रेष्ठत्व प्राप्त गर्न खोज्दा ऊ पनि मालिक्नीको दण्डको चपेटामा पर्न गएको छ । यस सन्दर्भमा कथामा "उसको कुरा सुनेर दीन-हीन कृष्णेको गालामा दस-पाँच थप्पडको वृद्धि अरू पनि भयो । साथै रामेले पनि सुन्यो–पख्, तँलाई आज यस घरबाट ननिकाली कहाँ छोडौँला ? तँ छुसी मलाई सम्झाउन आउने ! पख्" (भिक्षु, २०५२, पृ. १३१) भनिएको छ । यस उद्धरणमा रामे पनि मालिक्नीको कठोरताको सिकार भएको देखाइएको छ । उसले मालिक्नीबाट थप्पड खाएको छ र घरबाट पनि निकालिएको छ । गाली र कुटाइ खाएर घरबाट निकालिँदा रामे हीनत्वबोधमा परेको देखिएको छ । यस प्रकारसँग कथामा रामे र कृष्णेको

अन्तर्मानसिक अवस्था घरायसी जटिल परिस्थितिले गर्दा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएको छ ।

'मालिकको छोरो' कथामा रामेलाई नोकर भनेर तुच्छ व्यवहार गरिएको, कृष्णेकी आमा स्वर्गे भएपछि उसले कृष्णेप्रति आफ्नो कर्तव्य सम्झेको, मालिकबाट गाली खान परेको, नयाँ मालिक्नीबाट हेपिनु र घरबाटै निकालिनुपरेको, कृष्णे बाबु र सौतेनी आमाबाट गाली, झपार र दण्डित भएको, उसले बाबु र सौतेनी आमालाई अटेरी गरेको र अन्तमा कठोर सजाय भोग्नुपरेको लगायतका कथात्मक घटनामा दुई पात्रले क्रियाशील भएर निर्वाह गरेको भूमिकाबाट तिनका अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी प्रमुख पात्र रामे र कृष्णेका अन्तर्मानसिकतामा द्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(१५) त्यो फेरि फर्कला ?

'त्यो फेरि फर्कला ?' कथाकी सानी हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्रका रूपमा देखिएकी छ । यौवनमा प्रवेश गरिसकेकी सानीलाई मार्खूको बाटो छेउमा रहेको उसकै आफ्नो भट्टी पसलमा देखाइएको छ । साँझ पर्ने बेलासम्म पनि आफ्नो भट्टी पसलमा बास बस्ने कोही ग्राहक नआएकोले सायद ऊ निराश भएर दुःख महसुस गरी हीनत्वबोध गरेर बसेकी छ । यतिकै बेला मधेशबाट एकजना युवक यात्री त्यहाँ आइपुगेको छ । यस सन्दर्भमा कथामा "मधेशबाट आउन लागेको एउटा यात्रीले यौवनको सिँढीमा खुट्टा अढाई घरको द्वारमा उभिएकी सानीसँग सोध्यो- 'यहाँ बास पाइन्छ ?" (भिक्षु, २०५२, पृ. १३३) भनिएको छ । यस उद्धरणबाट ग्राहक कोही नआएर निराश र अस्वस्थ जस्तै देखिएकी सानी यहाँ बास पाइन्छ भन्दै युवक यात्री त्यहाँ आइपुग्दा प्रशन्न र स्वस्थ देखिएकी छ । यसले उसको मानसिकतामा हीनत्व हटेर सुख र श्रेष्ठत्वको अनुभूति भएको देखिन्छ ।

चित्लाङसम्म पुग्ने विचार गरेको यात्री बूढो भरिया हिँड्न नसकेर मार्खूमै बास बस्ने भएको छ । यस सन्दर्भमा युवक यात्रीले कथामा "नत्र आज चित्लाङ पुग्ने विचार गरेको थिएँ । त्यहाँ चिनजानी भएका पसलेहरू पनि छन् । बास पनि राम्रै ठाउँमा पाइन्थ्यो । तर....खोइ ! यो त भट्टी पसल पो हो क्यारे ?" (भिक्षु, २०५२, पृ. १३३-१३४) भनेको छ । यस उद्धरणमा यात्रीले भनेका कुराले सानीको मन दुखेको छ । उसले सानीको भट्टी भएको ठाउँ मार्खूभन्दा चित्लाङ सबै कुराले बस्न राम्रो ठाउँ हो भन्ने देखाउन खोजेको छ । त्यहाँ राम्रा होटल छन् र चिनेका मान्छे पनि छन् भन्ने सङ्केत पनि उसले गरेको छ । उसले यो भट्टी पसल के राम्रो होला खै पनि भनेकाले उसका कुराबाट सानी निराश भएकी छ । यात्रीका कुरा सुनेपछि सानीले उपेक्षामिश्रित स्वरमा आफ्नो भट्टी पसल नै भएको उत्तर दिएकी छ । कथाको यस परिदृश्यमा यात्रीले आफ्नो भट्टी पसललाई राम्रो छैन होला भनेर आशङ्का गर्दा सानीको अन्तर्मानसिकतामा हीनत्वबोध भएको देखिन्छ ।

कथामा सानीले भट्टी पसल भए पनि आफ्नो पसल चित्लाङको भन्दा कम नभएको र सफा पनि भएको भन्दै यात्रीलाई कोठा देखाएकी छ । यात्रीले कोठा सफा छ छैन हेर्न चाहेको देखिन्छ । यस सन्दर्भमा सानीले "किन हुँदैनथ्यो ! हेर्नोस् कोठामा के छ र ? भर्खर लिपिराखेको

कोठा, चाहिए एउटा सुकुल पनि ओछ्याइदिउँला" (भिक्षु, २०५२, पृ. १३४) भनेकी छ । यस उद्धरणबाट सानीले आफ्नो भट्टी पसलको विज्ञापन नै गरेकी छ । उसले सफा कोठा, भर्खरै लिपिराखेको अनि आवश्यक परेमा एउटा सुकुल पनि ओछ्याइदिने भनेर आफ्नो भट्टीमा कुनै कुराको कमी नभएको भन्ने देखाउन खोजेकी छ । अनेक प्रयत्न गरेर युवक यात्रीलाई आफ्नो भट्टीमा आकर्षित गर्न र बास बसाउन सफल भएकी देखिँदा यसबाट सानीले श्रेष्ठत्व प्राप्त गर्न सकेकी देखिन्छ । यात्रीले खोलाबाट पानी ल्याउनको लागि गाग्री मागेको तर गाग्री सफा छ ? भनेर शङ्का गरेकोमा सानीले उसको शङ्काप्रति हीनत्व दर्साउँदै "लौ ! गाग्रीमा के लागेको छ र ? चित्त बुझ्दैन भने खोलामा माझेर पानी ल्याउनू भनेपछि त भइहाल्यो नि" (भिक्षु, २०५२, पृ. १३५) भनेकी छ । यस उद्धरणमा सानीले यात्रीलाई फोहोर भए माझेर ल्याउँदा हुने जवाफ दिएर श्रेष्ठत्वबोध गर्न खोजेकी देखिन्छ । उसले युवक यात्रीलाई खाना बनाउनका लागि चाहिने मागेअनुसारका सबै चिज ल्याइदिएकी छ । यात्रीले चामल राम्रो भएन भन्दा सानीले "तर यसभन्दा राम्रो चामल त यहाँ कतै पनि पाइन्न । भएदेखि त म आफै ल्याइहाल्ने थिएँ । तरकारी पनि आलुबाहेक केही पाइँदै पाइन्न" (भिक्षु, २०५२, पृ. १३५) भनेकी छ । यस उद्धरणमा सानीले यो ठाउँमा पाइने जति सबै दिन सक्ने भनेकी छ । यात्रीले चाहेजस्तो चामल र तरकारी दिन नसक्दा सानीलाई हीनत्वबोध भएको देखिए पनि ठाउँअनुसार पाइने सबै कुरा दिन सक्ने भनेर उसले श्रेष्ठत्व प्रस्तुत गरेकी छ । यात्रीका लागि छुटफुट सामग्री पनि दिएर उसको बसाइको लागि सन्तुष्ट गराउन सकेकामा सानीले सुखको अनुभूति गरेकी छ । यसबाट उसले श्रेष्ठत्व प्राप्त गरेको सङ्केत पाइन्छ ।

रात बढ्दै गएकोले सानी खाना खाई आफ्नो कोठामा गएर यात्रीका बारेमा अनेक कुरा मनमा खेलाउँदै सुतेकी छ । बिहान उज्यालो हुँदासाथ यात्री आफ्नो गन्तव्यतिर लागेकामा ऊ गएपछि पनि सानीको मन भारी भएको देखिएको छ । यस सन्दर्भमा कथामा "कुन्नि केले हो, त्यसको मन भारी हुँदै आयो, हृदयमा आर्द भावनाहरूको गह्रुँगो प्रवाह बग्न थाल्यो र त्यसको भित्र मनमा लगातार एउटा प्रश्न उम्लन थाल्यो- 'त्यो फेरि फर्कला ?" (भिक्षु, २०५२, पृ. १३७) भनिएको छ । यस उद्धरणमा यात्री गएपछि सानीले मन भारी बनाएकी देखाइएको छ । उसको मन त्यो फेरि फर्कला ? भन्ने प्रश्नले उब्जाएको द्वन्द्वमा परेको छ । यात्री त्यहाँ बस्दा व्यापार पनि भएको र युवक यात्री राम्रो पनि भएकाले यात्रीको बसाइ लम्बिए हुन्थ्यो भन्ने चाहेकीमा यात्री बिहानै उठेर गन्तव्यतिर लाग्दा सानीको अन्तर्मानसिकतामा हीनत्वबोध भएको देखिन्छ । पन्ध्र दिनमा फर्कन्छु भन्दै गएको यात्री फर्किने पन्ध्रौँ दिन पनि आएको छ । यस सन्दर्भमा कथामा "अन्ततः त्यो चिर अभीसिप्त पन्ध्रौँ दिन पनि आयो । सानीलाई सम्झना छ, त्यस दिन बिहान हुनभन्दा तीन घण्टाअगाडि राति नै त्यसको निद्रा खुलिहाल्यो । ... पन्ध्र दिनको अत्यन्त उद्विग्न प्रतीक्षाको परिणामस्वरूप सानीले पाई- त्यो आएन" (भिक्षु, २०५२, पृ. १३९) भनिएको छ । यस उद्धरणले पन्ध्र दिनमा फर्किन्छु भनेको यात्री नआउँदा सानी निराश भएकी देखाएको छ । यात्री फर्केर आई आफ्नो भट्टीमा बास बस्दा अनुभूत हुने सुखद् क्षणको कल्पना गरेर सानी सबैरै उठेकी छ । यसबाट उसमा श्रेष्ठत्वबोध हुँदै गरेको देखिन्छ । पन्ध्रौँ दिनमा आउँछु भनेको यात्री अन्ततः आउँदैन । यात्री फर्केर नआउँदा सानीको मनमा हीनत्वबोध भएको छ ।

समयक्रमसँगै कथामा सानीको विवाह भएर ऊ आफ्नो पतिको घर गएकी छ र उसकी आमाको पनि स्वर्गवास भएको छ । यहाँसम्म आइपुग्दा समयको लामो अन्तराल बितिसकेको देखिन्छ । सानीको उमेर पनि घर्कदै गएको छ । यति भएर पनि उसले त्यो यात्रीलाई बिर्सेकी छैन । उसले आमाको मृत्युपछि त्यो भट्टी पसल आफैले चलाउँदै आएकी छ । उसको सम्झनामा यात्री ताजै देखिन्छ । यसैबिच सोच्दै नसोचेको एक दिनको साँझ त्यो यात्री बासको लागि सानीको भट्टीमा आइपुगेको छ । उसले सानीकै अगाडि आएर "नेपाल जान लागेको बखत पनि यसै घरमा बास बसेको थिएँ, आज पनि त्यो घर भएदेखि यसैमा बसुँला भन्ने विचार गरी घरबाट हिँडेको बल्ल आइपुगेँ । खोइ त्यो बूढी ? सानीचाहिँ त तिमी नै हो कि ... ?" (भिक्षु, २०५२, पृ. १४१) भनेको छ । यस उद्धरणबाट सानी आश्चर्यमा परेकी देखिएको छ । आफूले लामो समयदेखि प्रतीक्षा गरेको यात्री आफ्नै अगाडि आएर आफैलाई खोज्दा ऊ अचम्भित पनि भएकी छ । आफूले सम्झनामा साँचेको व्यक्तिलाई आफ्नै भट्टी पसलमा पाएर सानीले श्रेष्ठत्वप्राप्तिको अनुभूति गरेकी छ । आउँदा नआउँदै एकाएक यात्रीले सानीलाई हेरेर मुसुमुसु हाँस्दै भनेको सन्दर्भलाई कथामा भनिएको छ "मैले चिनिसकेकै थिएँ । तर तिमी...तिमी त...बूढी नै भइसकिछौ ! ... सानी शिथिल, क्लान्तझैँ हुन गई उभिइरहनामा शरीर सारै नै गलेको जस्तो भान हुन लाग्यो र त्यही द्वारमा थचक्क बसी" (भिक्षु, २०५२, पृ. १४१-१४२) । यस उद्धरणमा यात्रीको तिमी त बूढी भइसकिछौ भन्ने कुराबाट सानी शिथिल बनेकी देखाइएको छ । यात्री आइपुग्दा श्रेष्ठत्वप्राप्तिको अनुभूति गरिरहेकी सानी उसको एउटै वाक्यले थचक्क परेर उभिनै नसक्नेजस्ती भएकी छ । उसलाई आफ्नो शरीर सारै गलेको र थकित भएको महसुस भएको छ । उसको यस्तो अवस्थालाई हेर्दा ऊ चरम हीनत्वबोधमा परेकी स्पष्ट हुन्छ । यस प्रकारसँग कथाको प्रारम्भदेखि अन्त्यसम्मका घटनाक्रममा सानी हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी देखिएको छ ।

'त्यो फेरि फर्कला ?' कथाकी सानी विभिन्न परिस्थिति र घटनाक्रमसँगै गुज्रदै कतिपय अवस्थामा हीनत्वबोध गर्दै र कतिपय अवस्थामा श्रेष्ठत्वप्राप्तिको प्रयत्न गर्दै कथाको अन्तिमसम्म देखिएकी छ । आफ्नो भट्टी पसलमा ग्राहकको प्रतीक्षा गर्दै गर्दा हीनत्वबोधमा परेकी उसलाई यात्रीको आगमनपछि श्रेष्ठत्वप्राप्ति र हीनत्वबोधको चरणसँगै अघि बढेकी देखाइएको छ । यात्री गन्तव्यतर्फ लाग्दा हीनत्वबोध गर्न पुगेकी ऊ धेरै समयपछि उसको भट्टीमा यात्री फर्किएर बास बस्न आइपुग्दा श्रेष्ठत्वप्राप्ति भएको ठानेकीमा यात्रीले बूढी भइछौ भनेपछि हीनत्वबोधको स्थितिमा पुगेकी छ । यसरी सानीको मनोदशा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेको देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(१६) मैयाँसाहेब

'मैयाँसाहेब' कथाका मैयाँ र अजय पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय देखिएका छन् । मैयाँ राणाकी छोरी भए पनि महारानीकी भित्रिनीपट्टीकी सौताकी छोरी भएकीले गर्दा उसलाई दरबारिया काइदामा महारानीका छोरीहरूलाई भन्दा अलिक भए पनि होचो र तल्लो व्यवहार गर्ने गरेको कथामा देखाइएको

छ । अर्कोतर्फ उसकी आफ्नै आमालाई र अरूहरूलाई भन्दा श्रेष्ठ व्यवहार मैयाँलाई गरिने भएबाट उसका चारित्रिक क्रियामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वात्मक स्थितिको अङ्कुरण कथाको प्रारम्भमै भएको देखिन्छ ।

कथामा मैयाँ र अजय समवयस्क देखिएका छन् । ती दुईका बिचमा भित्री मनदेखि नै प्रेम र आत्मीयताको विकास हुँदै गएको पनि कथामा देखाइएको छ । यसो भए पनि मैयाँ राणाकी छोरी भएकीले उसले आफूलाई श्रेष्ठ ठानेकी छ । अजय उसकै दरबारमा काम गर्ने कर्मचारीको छोरो भएको कारणले गर्दा उसले आफूमा हीनत्वको महसुस गरेको छ । यस सन्दर्भमा दुई पात्रका बिचमा कथामा "यहाँलाई सन्चो छैन ? के भयो ? क्लान्त आँखाले अजयतिर हेर्दै अलि खिन्नतासाथ हाँसेर मैयाँसाहेबले भनिन्- अजय यसरी सोध्न सुहाउँदैन, सोध न- हजुरलाई आराम छैन कि ?" (भिक्षु, २०६३, पृ. ३) जस्ता कुरामा केन्द्रित भई संवाद प्रस्तुत भएको छ । यसबाट मैयाले आफूलाई ठूलो र अजयलाई होचो अनि सानो ठान्छे भन्ने देखिएको छ । उसले आफूलाई सम्बोधन गर्दा र कुराकानीको सिलसिलामा दरबारिया काइदाअनुसारको भाषा र बोलीको चाहना राखेकी छ । अजयले भने भेटका अवसरमा सर्वसाधारणसँग बोल्दा प्रयोग हुने सामान्य भाषाको उपयोग गरेर मैयाँको सन्चोबिसन्चोको जानकारी लिन खोज्दा उसले आफ्नो अपमान भएको ठानेकी देखिन्छ । उसले आफूले भने अजयसँग कुराकानी गर्दा त्यस्तो विशिष्ट भाषाको उपयोग गर्नुपर्ने आवश्यकता देख्दिन । यसबाट मैयाँले आफूलाई अजयका अगाडि श्रेष्ठ ठानेकी छ र उसले अजयलाई आफूभन्दा होचो र तुच्छ देखाउन चाहेकी छ भन्ने स्पष्ट हुन्छ । यस सन्दर्भमा अजयले कथामा "मलाई माफ गर्नुहोस्, हजुरसँग धेरै हेलमेल भएर दरबारी काइदामा चुकेँ" (भिक्षु, २०६३, पृ. ३) भनेको छ । यस उद्धरणबाट अजय निराश भएको देखिन्छ । उसले दरबारिया राणाकी छोरी भए पनि समवयस्क हुनुका साथै मैयाँसँग माया र प्रेम पनि बढ्दै गएको कारणले गर्दा भेटमा सामान्य र समकक्षी भाषाको प्रयोग गरेको छ । यसो गरेर उसले मैयाँकै स्तरको श्रेष्ठत्वको बोध गर्न चाहेको छ । मैयाँले भने भाषाका माध्यमबाट अजयले आफूलाई होच्चाएको र अपमान गरेको ठानेर हीनत्वबोध गरेकी छ । उसको असन्तुष्टि बुझेर अजयले तत्कालै माफी मागेको छ र दरबारी काइदामा चुकेको कुरा व्यक्त गरेको छ । यसो गर्नुपर्दा अजयको अन्तर्मानसिकतामा हीनत्वबोध भएको छ भने मैयाँले अजयलाई माफी माग्न बाध्य बनाएर उसलाई झुकाउन सकेकीले श्रेष्ठत्व प्राप्त गरेकी छ ।

कथामा राणाको दरबारमा काम गर्ने कर्मचारीको छोराको भूमिकामा रहिरहँदा आफ्नो मनले चाहेको श्रेष्ठत्व प्राप्त गर्न नसक्ने महसुस गरेर अजय २००७ सालको प्रजातान्त्रिक क्रान्तिमा होमिएको छ । यस सन्दर्भमा कथामा "साल-डेढ सालपछि एउटा क्रान्ति भएर राणाशासनको समाप्ति भयो, देशमा जनताको प्रजातान्त्रिक शासनको प्रारम्भ भयो । अजय पनि तत्कालीन अधिकारारुढ नेपाली काँग्रेसको एउटा सक्रिय साथै महत्त्वप्राप्त सदस्य भयो" (भिक्षु, २०६३, पृ. ७) भनिएको छ । यस उद्धरणमा अजयले उचाइ प्राप्त गर्ने फरक बाटो अवलम्बन गर्न क्रियाशील भएको देखाइएको छ । राणादरबारमा काम गर्ने कर्मचारीको छोरो र राणाकी छोरी मैयाँसँग भित्री प्रेम पनि गरेको अजय राणाविरुद्धको क्रान्तिमा लाग्नुको पछाडिको मूल कारण नै हीनत्वबोधको क्षतिपूर्ति गरेर श्रेष्ठत्व प्राप्त गर्ने उद्देश्यमा केन्द्रित छ

भन्ने कुरा कथामा स्पष्ट देखिन्छ । प्रजातान्त्रिक क्रान्ति सफल भएपछि उसले प्राप्त गरेको राजनीतिक उचाइ फेरि श्रेष्ठत्वप्राप्तिको रूपमा देखिएको छ ।

कथामा प्रजातान्त्रिक क्रान्ति सफल भएपछि अजयको स्थान श्रेष्ठत्वतर्फ उन्मुख भए पनि मैयाँको स्थान भने हीनत्वतर्फ उन्मुख भएको देखिन्छ । यस सन्दर्भमा कथामा "सामन्तवर्गको हालत सरकारी आर्थिक सहायता, संरक्षक इत्यादि छुटेर तेजीसाथ बिग्रँदै गयो । सरकारी भत्ता र जागिरमा भएकाहरूको अवस्था, दुवैबाट वञ्चित भएर, अझ तिनीहरूको रोब-रवाफको अभ्यासले आयस्रोत नभएका व्ययद्वारा झन् खराब भयो" (भिक्षु, २०६३, पृ. ७-८) भनिएको छ। यस उद्धरणमा अरू सामन्तवर्गको जस्तै गरी मैयाँको पतिगृहको अवस्था पनि राजनीतिक परिवर्तनको चापमा परेको देखाइएको छ । यसकै कारणले गर्दा जागिर, भत्ता र सरकारी आर्थिक सहायता सबै खोसिएको छ । परिणामस्वरूप राणाकी छोरी, पत्नी र बुहारीको हैकम र धाकले आफूलाई श्रेष्ठ ठान्ने मैयाँमा पहिलेको श्रेष्ठत्वको रवाफ यथावत् नै मानसिकतामा बसेको देखिए पनि मान र प्रतिष्ठाका साथै आर्थिक रूपमा समेत गिर्दो अवस्थाले हीनत्वबोधको चक्रमा ऊ फँस्दै गएकी छ । यस्तो स्थितिले गर्दा उसको मानसिकता हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वमा परेको देखिन्छ। स्वदेशमै बसेर अब पहिलेको धाक, रवाफ र श्रेष्ठत्वलाई बचाउन र फर्काउन नसकिने अवस्था महसुस भएपछि आफूसँग भएका चलअचल सबै सम्पत्ति बिक्री गरेर मैयाँ र उसका श्रीमान् प्रवासतर्फ लाग्ने तरखर गरिरहेका देखिन्छन् । यस सन्दर्भमा मैयाँले अजयसँग "अजय, आम्दानी नै सबै थोक होइन, बाँच्नु-मर्नु पनि कुनै खास कुरो होइन, तर बाँच्नु छ भने अन्यत्रै गएर मरौंला, आफ्नो वर्गको पीर खपौंला" (भिक्षु, २०६३, पृ. ११) भनेकी छ। यस उद्धरणमा मैयाँ र उसका श्रीमान् बसिराखेको ठाउँ छोडेर परदेशतर्फ लाग्ने प्रयत्न गर्नुको पछाडि नयाँ ठाउँमा गएर गुमेको श्रेष्ठत्व पुनः प्राप्त गर्ने कामनाबाट प्रेरित भएका भन्ने स्पष्ट हुन्छ । यस प्रकारसँग कथामा मैयाँ र अजय दुवै हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

'मैयाँसाहेब' कथाका मैयाँ र अजय विभिन्न परिस्थिति र घटनाक्रमसँगै गुज्रदै कतिपय अवस्थामा हीनत्वबोध गर्दै र कतिपय अवस्थामा श्रेष्ठत्वप्राप्तिको प्रयत्न गर्दै कथाको अन्तिमसम्म देखिएका छन् । कथामा मैयाँ पारिवारिक रूपमा दोस्रो दर्जाकी भए पनि राणाकी छोरी भएकीले आफूलाई महान् ठानेकी छ र अजयका अगाडि उसको छुट्टै किसिमको सान देखिन्छ । अजय दरबारमा काम गर्ने सामान्य कारिन्दाको छोरो भएको र मैयाँबाट बेलाबेलामा होचिनुपर्दा दुःख महसुस गरे पनि दरबारमा आउनेजाने गर्ने र मैयाँसँग प्रेम गरेकाले श्रेष्ठत्वप्राप्तिको अनुभूति गर्ने गरेको छ। मैयाँले आफ्नो बोलीचालीमा खोट देखाएर होच्याउँदा निराश भएको उसले राजनीतिमा लागेर उचाइ प्राप्त गरेको छ । राजनीतिक पविर्तनपछि आर्थिक स्रोत गुम्दा निराश बनेकी मैयाँ परदेशतिर लागेर नयाँ ठाउँमा केही गरेर श्रेष्ठत्व हासिल गर्न अग्रसर भएकी छ। यसरी मैयाँ र अजयलाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थितिमा देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(१७) टाइपिस्ट

'टाइपिस्ट' कथाका शान्ति र मीना पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय देखिएका छन् । कथाका यी दुई पात्रमध्ये शान्ति कथाको प्रारम्भमै विवाहित गृहिणीका रूपमा देखिएकी छ । विवाह भएपछि परिवारको कमजोर आर्थिक अवस्था र उसका पतिको कमाइ न्यून भएको कारणले चाहिएजति पैसा खर्च गर्न नपाएर उसमा हीनत्वबोध भएको देखिन्छ । यस सन्दर्भमा कथामा "केवल उसले चाहिएजति पैसा खर्च गर्न नपाएर टाइपिङ सिकी कतै कुनै नोकरी भेट्टाए पचास-साठी रुपियाँ महिनाको आम्दानी हुन सक्थ्यो" (भिक्षु, २०६३, पृ. १२) भनिएको छ । यस उद्धरणमा शान्तिलाई आफ्ना लागि चाहिने रूपैयाँ आम्दानी गर्ने मार्गमा अग्रसर भएकी देखाइएको छ । यसका लागि उसले टाइपिङ सिक्न थालेकी छ । यसपछि कतै पचाससाठी रूपैयाँ आम्दानी हुने जागिर खान सकेमा आफ्नो खुट्टामा आफै उभिन सकिने उसको विचार रहेको देखिन्छ । पतिको कमाइ थोरै र घरको आर्थिक अवस्था पनि कमजोर भएकाले गर्दा राम्रो लाउने, मीठो खाने र सिनेमा हेरेर रमाउने उमेरमा उसलाई खुम्चिएर बस्नुपरेको छ । विवाह भएपछि एकातिर भौतिक आवश्यकताको परिपूर्ति भएको छैन भने अर्कोतिर सुखसयलमा बाँच्ने चाहना छ (भट्ट, २०६७, पृ. १३२) । यसले गर्दा उसले हीनत्वबोध गरिरहेकीमा त्यसलाई निवारण गरी श्रेष्ठत्व प्राप्तिको कामनाबाट प्रेरित भएर ऊ टाइपिङ सिक्न जान थालेकी छ । टाइपिङ कोर्स पूरा गरेलगत्तै उसले सरकारी जागिर पाएर तीन महिनाको एकैचोटी तलब पनि बुझेकी छ । यस सन्दर्भमा कथामा "जब तीन महिनाको एकसय असी रूपैयाँ पहिलो पटक उसले एकैमुस्ट सासूका अगाडि लोग्नेका हातमा राखी, ... अझ लोग्नेतर्फबाट ऊ झन् आत्मविश्वस्त भएकी थिई" (भिक्षु, २०६३, पृ. १३) भनिएको छ । यस उद्धरणबाट परिवारमा शान्तिको उच्चता ह्वात्तै बढेको देखिन्छ । उसले आफ्नै पौरखले जागिर खाएर तीन महिनाको तलब एकसय असी रूपैयाँ बुझेर सासूको अगाडि पतिको हातमा थमाएकी छ । आफै कमाइ गर्न सक्ने भएपछि उसमा आत्मविश्वास पनि बढेको र पतिकी प्यारी पनि भएकी छ । यसबाट उसको मानसिकतामा श्रेष्ठत्वप्राप्तिको बोध भएको देखिन्छ ।

कथामा एकदिन शान्ति र मीना आफ्नै कार्यालय परिसरको होटेलमा चिया खान गएका देखिन्छन् । त्यहीँ एउटा युवक कर्मचारी पनि चिया खानकै लागि आइपुगेको छ । होटेलको कोठामा दुईजना केटी मात्र देखेर लगत्तै ऊ फर्किदा शान्ति र मीनाले अपमान महसुस गरेकाले ती दुवैको मानसिकतामा हिनत्वबोध भएको देखिन्छ । त्यसलाई निवारण गर्न ती दुई युवती अट्टहास गरेर हाँसेका छन् । यस सन्दर्भमा मिनाले कथामा "हामी आगो पो त, आगो ! थाहा छ ?" (भिक्षु, २०६३, पृ. १५) भनेकी छ । यस उद्धरणमा शान्ति र मीनाले आफूलाई युवक कर्मचारीका अगाडि उच्च देखाउने प्रयास गरेका स्पष्ट हुन्छ । मीनाले आफूहरू आगो भएकाले त्यसको रापको अघि टिक्न नसकेर युवक कर्मचारी फर्किएको भाव देखाएकी छ । यसबाट टाइपिस्ट जागिर खाएका शान्ति र मीनाले आफूहरूलाई कुनै पुरुषभन्दा कम नभएको ठानेका देखिन्छ । यसले उनीहरू दुवैलाई श्रेष्ठत्व प्राप्तिमा बल पुगेको छ । यसै क्रममा मिनाले "मसित जो पनि माया गर्न चाहन्छ । मेरा वरपरका सारा युवक मलाई माया गर्न पाए गर्छन्, तर म त मिना हुँ मिना ! ... यी मानिसहरूमा छुँदै के छ र ?" (भिक्षु, २०६३, पृ. १६) भनेकी छ । यस उद्धरणबाट मीनाले आफूलाई कुनै पुरुष व्यक्तिभन्दा कम नभएको देखाउन खोजेकी

छ । उसले आफूलाई जसले पनि माया गर्न चाहने भन्दै वरपरका सारा युवक आफूलाई माया गर्न पाएमा तयार भइहाल्ने भनेकी छ । आफू मीना भएकीले त्यस्ता मानिसलाई केही पनि नठान्ने पनि उसले भनेकी छ । यस किसिमको भनाइबाट अविवाहित रहेर हीनत्वको अनुभूति गरेकी उसले त्यसलाई सामान्य तुल्याएर आफूलाई विशिष्ट युवती भएको देखाई श्रेष्ठत्व प्राप्त गर्ने उपाय अपनाएको स्पष्ट हुन्छ ।

कथामा अर्को दिन पनि शान्ति र मीना त्यही होटेलमा चिया खान आइपुगेका देखिन्छन् । कर्मचारी युवक पनि त्यहीँ नै आएको देखिन्छ । यसैबिच युवककी पत्नी उसलाई खोज्दै होटेलमै आइपुगेकी कथामा देखाइएको छ । युवक र उसकी पत्नीलाई देखेर शान्ति र मिना हाँसेकामा युवककी पत्नीले यिनीहरू को हुन् भनी जिज्ञासा राख्दा युवक कर्मचारीले “छिः चुप लाग न, यी टाइपिस्ट पो त ....., यिनीहरूको खाल नै यस्तै हुन्छ” (भिक्षु, २०६३, पृ. २१) भनेको छ । यस उद्धरणबाट युवक कर्मचारीले आफ्नी श्रीमतीसँग भनेको कुरा सुनेपछि शान्ति र मीना रुष्ट भएका छन् । युवकले आफूहरूलाई टाइपिस्टको खाल नै यस्तै हुन्छ भनेर गलत प्रतिक्रिया दिएको सुनेपछि शान्ति र मिनाले अपमान महसुस गरेका छन् । यसबाट ती दुवैमा हीनत्वबोध भएको देखिएको छ । युवकको कुरा सुनेपछि मीनाले देखाएको प्रक्रियाका बारेमा कथामा भनिएको छ- “तुरुन्तै उठेर उसले भनी- “उठ् मीना, जाऔँ” अनि उसको पाखुरा समाती जबरजस्ती उठाएर ऊ गई !” (भिक्षु, २०६३, पृ. २१) । यस उद्धरणमा युवक कर्मचारीको आरोपको प्रतिकार गर्न शान्ति र मीना तुरुन्तै उठेर सानका साथ होटेलबाट निस्किएका देखिन्छन् । यिनीहरूको यो प्रयास हीनत्वलाई लल्कारेर श्रेष्ठत्व प्राप्त गर्ने लक्ष्यमा केन्द्रित रहेको छ । कथामा आएका यी विविध किसिमका द्वन्द्वात्मक परिप्रेक्ष्यले शान्ति र मीना दुवै पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

‘टाइपिस्ट’ कथाकी शान्ति पतिको थोरै कमाइ, घरको कमजोर आर्थिक अवस्था र आफ्नो कुनै आम्दानी नभएकोले हीनत्वबोधमा परेकी र टाइपिङ सिकेर जागिर खाएपछि श्रेष्ठत्वप्राप्तिको बोध गर्दै गरेकी छ । शान्ति र मीना चिया खान आफ्नै कार्यालय परिसरको होटेलमा बसिरहेका बेला युवक कर्मचारीबाट अपमानित भएको महसुस गरेका र उसले श्रीमतीसँग भनेको कुरा सुनेर रुष्ट बनेका देखिन्छन् । यसबाट हीनत्वबोध गरेका ती दुई पात्रले पुरुषभन्दा आफूहरू कम नभएको देखाएर अनि युवक कर्मचारीलाई हाँकका साथ लल्कारेर श्रेष्ठत्वप्राप्तिको भाव देखाएका छन् । यसले गर्दा दुवै पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेका देखिन्छन् । यसरी शान्ति र मीनालाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(१८) हारजित

‘हारजित’ कथाका घुरहू महतो र मनोहर महतो हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । घटना त्यति संवेदनशील नभए पनि कुशल कथाशिल्पी भिक्षुले त्यस घटनालाई द्वन्द्वको सिर्जना गरेर संवेदनशील बनाएका छन् (रिमाल, २०४९, पृ. २५६) । घटनाक्रमलाई हेर्दा कथामा अलगुवाकी बुहारी सोनवा घरपरिवारको अनुमति नलिई भागेर मनोहरको घरमा मजुरी बस्न गएपछि अलगुवाले त्यस

विषयमा गाउँका प्रतिष्ठित व्यक्ति घुरहूसमक्ष बिन्ती बिसाएको कथामा देखाइएको छ । गाउँका बुहारी मजुरीमा बस्न जान नहुने परम्परा रहिआएको त्यस गाउँमा सोनवाको कार्य चर्चाको विषय बनेको छ । यसबाट घुरहू महतोले आफ्नो टाउको निहुरिएको ठानेको छ । यस सन्दर्भमा कथामा "घुरहू महतोको टाउको निहुऱ्यो मानौँ उनैकी छोरीबुहारी अन्त गएकी छ, अघोर लाजले गाउँमा मुख देखाउन महतोलाई नै गाहारो परिरहेको छ जस्तो भई अनुहार कालो भयो" (भिक्षु, २०६३, पृ. ३७) भनिएको छ । यस उद्धरणमा सोनवा मनोहरको घरमा मजुरी बस्न गएको घटनाबाट घुरहू निराश भएको देखिएको छ । उसले आफ्नो टाउको निहुरिएको, लाजले गाउँमा मुख देखाउन गाह्रो भएको र आफ्नै छोरीबुहारी मजुरी बस्न गएका जस्तो महसुस गरेको छ । यसबाट आफ्नो प्रतिष्ठामा समेत धक्का लागेको ठानेर उसले हीनत्वबोध गरेको देखिन्छ ।

कथामा घुरहू धेरै जायजेथा र धेरै खेतबारी एवम् ठूलो घर भएको व्यक्ति नभए पनि गाउँमा आइपरेको कुनै आपत्विपत्मा ऊ नै अन्तिम आधार बन्ने गरेको छ । कसैमाथि सामाजिक अन्याय पर्दा, कसैको घरखेत कसैले दबाउँदा, कोही असाय अवस्थामा पर्दा घुरहू नै विह्वल हुने गरेको कथामा देखाइएको छ । अलगुवाले पनि आफ्नी बुहारी सोनवा घर छोडी मनोहरकहाँ मजुरी बस्न गएकी घटनामा न्याय पाउन घुरहूलाई नै भेटेको छ । यस सन्दर्भमा कथामा "अलगुवाले पनि दुई दिनदेखि मौका छोप्नखोज्दै बल्ल पोखरीको डिलमा एकान्त पारी महतोलाई भेट्टायो । उनीसँग दुःख पोख्यो, रोयो, गयो" (भिक्षु, २०६३, पृ. ३७) भनिएको छ । यस उद्धरणबाट सोनवाको मजुरीसम्बन्धी विवाद समाधान गर्ने दायित्व घुरहूको काँधमा आएको देखिएको छ । अलगुवाले आफ्नी बुहारी घरको अनुमति नलिई भागेर मनोहरको घरमा मजुरी बस्न गएकीबाट देखिएको समस्या समाधान गरी फिर्ता ल्याउन सबै दुःख पोखेर रोईकराई गर्दै घुरहूलाई गुहारेको छ । गाउँसमाजमा तत्काल देखिएको जल्दोबल्दो समस्या समाधान गर्ने दायित्व आफैमाथि आएकोमा घुरहूले श्रेष्ठत्वप्राप्तिको बोध गर्ने अवसर पाएको छ ।

कथामा मनोहरलाई गाउँको घरखेत, बैलगाडा र भैँसीसमेत सबैभन्दा बढ्ता भएको व्यक्ति भनेर चिनाइएको छ । यस सन्दर्भमा कथामा "गाउँको जेठो रैती मनोहर नै हो, घरखेत सबैभन्दा बढ्ता । ...तर भुइँ र गौधनको यति सम्पन्नता भए पनि गाउँका आत्मा घुरहू महतो नै थिए" (भिक्षु, २०६३, पृ. ३७) भनिएको छ । यस उद्धरणमा मनोहरलाई गाउँमा जमिन र गाईभैँसी धेरै भएको सबैभन्दा धनी व्यक्ति भनेर चिनाइएको छ । ऊ गाउँको सम्पन्न व्यक्ति भए पनि समाजमा अन्याय हुँदा, कसैको घरखेत कसैले दबाउँदा र कोही असाय अवस्थामा पुग्दा घुरहू नै अघि सर्ने र सबैले उसैले भनेको मान्ने गरेका छन् । आफू धनी भएर पनि गाउँको आत्मा बन्न नसकेको र त्यो स्थान सधैँ घुरहूले नै पाउने गरेकामा मनोहरले अपमानित महसुस गरेको छ । यसले गर्दा उसको मानसिकतामा हीनत्वबोध भएको देखिन्छ । यस सन्दर्भमा कथामा "उता मनोहर चाहिँ कस्सिएर पनि बसेका थिएँ । गाउँमा ऊ सबैभन्दा ठूलो भएर पनि घुरहूको निस्सन्दिग्ध प्रतिष्ठामा उनको स्पर्धालाई सधैँ निहुरनै परेको इतिहास थियो । मुखले केही नबोले पनि गाउँको नेतृत्व उनको हातमा आउँदै नआउने कुराको पीर क्षोभ उनलाई कम्ति थिएन" (भिक्षु, २०६३, पृ. ३९) भनिएको छ । यस उद्धरणबाट मनोहर चिन्तित भएको देखिन्छ । गाउँलेलाई अन्न, बिउ, आपत्विपत्मा पैसा सापट दिएर सहयोग गर्दै गर्दा पनि घुरहू नै गाउँको प्रतिष्ठित व्यक्ति मानिदै आएको र उसलाई भने सधैँ निहुरिनै

परेको छ । मुखले केही खोलेर नभने पनि गाउँको नेतृत्व आफ्नो हातमा कहिल्यै नआएको पीरले ऊ निराश बनेको छ । यस पटक सोनवाको मजुरीसम्बन्धी विवादमा नझुक्ने गरी दरो अठोट बनाएर बसेको मनोहरको मानसिकतामा श्रेष्ठत्वप्राप्तिको आकाङ्क्षा देखिए पनि के हुने हो भन्ने चिन्ताले गर्दा ऊ हीनत्वबोधको चापमा परेको देखिन्छ ।

कथामा मनोहरले आफ्नो मानसिकतामा बढ्दै गरेको हीनत्वलाई निवारण गरी क्षतिपूर्ति गर्ने अभिलाषा आत्मसात् गरेर सोनवाको कुरामा झुक्दै नझुक्ने अठोट गरेको छ । यस सन्दर्भमा कथामा "मनोहरले यसपालि आँटिसकेकै थिए कि हेरुँ सोनवाको कुरामा मलाई को झुकाउन आउँछ । झुक्नुपर्ने किन ? बेग्लै कोठामा ऊ बस्छे, दस नङ्ग्रा खियाउँछे र खान्छे" (भिक्षु, २०६३, पृ. ३९) भनिएको छ । यस उद्धरणबाट मनोहर जसले जे गरे पनि सोनवालाई फिर्ता नगर्ने अठोट लिएर बसेको देखिन्छ । उसले सोनवाको कुरामा आफूलाई झुक्नुपर्ने कारण केही नभएको देखेको छ । सोनवा बेग्लै कोठामा बसेकी र काम गरेर खाएकीले यसमा आफ्नो कमजोरी केही नदेखिनेमा मनोहर विश्वस्त देखिएको छ । यस्तो अठोट लिएर बसेकोले ऊ अहिलेसम्म झुक्दै आएकोले व्यहोर्नुपरेको हीनत्वबोधको क्षतिलाई परिपूरण गरी श्रेष्ठत्व हासिल गर्ने लक्ष्यमा अडिग बनेको देखिन्छ ।

कथामा सोनवाको मजुरीसम्बन्धी विवादलाई मिलाउन बसेको गाउँको पञ्च भेलामा मनोहरले सोनवा मजुरी बसेकीले काम नसकिइकन उसलाई फिर्ता गर्न नसक्ने अडान राखेको छ । घुरहूले सोनवालाई उसको घरमा फिर्ता पठाइदिन भनी सम्झाउँदा मनोहरले कथामा "घुरहू दाइले कुरा त ठीकै भन्नुभयो, तर मकहाँ बसेर सोनवाको इज्जत जाने र तपाईंकहाँ भए नजाने कुरा मैले बुझिनँ" (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । यस उद्धरणबाट मनोहरले घुरहूको कुरा नमान्ने लक्षण देखाएको छ । उसले आफ्नो घरमा बस्दा सोनवाको इज्जत जाने र तपाईंको घरमा बस्दा नजाने कुरा आफूले नबुझेको भन्दै घुरहूलाई जवाफ फर्काएको छ । यस तथ्यबाट ऊ सोनवालाई नफर्काउने अडानमा अडिग रहेको भन्ने स्पष्ट हुन्छ । यसो गरेर उसले घुरहूलाई असफल बनाई श्रेष्ठत्व प्राप्त गर्न चाहेको देखिन्छ । उता घुरहू मनोहरले सोनवालाई मजुरीबाट फिर्ता नपठाउने अडान लिएको कारणले आफ्नो सर्वमान्यतामा चोट पुग्न गएको महसुस गरी हीनत्वबोधको स्थितिमा देखिएको छ । नारी पात्र तयफवाले मनोहर र उसको छोराले सोनवामाथि आँखा गाडेको आरोप लगाउँदा मनोहरको भएको प्रतिष्ठामाथि पनि प्रश्न उठेबाट उसले हीनत्वबोध गर्नुपर्ने परिस्थिति सिर्जना भएको छ । यसको निवारणको लागि मनोहरले कथामा "तैँले भन्दैमा पठाइने हो र, बढो आइस् इज्जतवाली, आफ्नो कुरा त पहिले हेर् ..."–आँखा राता पार्दै मनोहरले भने" (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । यस उद्धरणमा मनोहर आक्रोशित भएको देखिन्छ । उसले तयफवामाथि आक्रामक व्यवहार देखाएको छ । यसो गरेर उसले सजिलैसँग सोनवालाई घर फर्काउन नचाहेर घुरहूको प्रयासलाई निरुत्साहित बनाउन र श्रेष्ठत्व हासिल गर्न चाहेको छ । यसरी गोटिहवा गाउँका दुई प्रतिष्ठित व्यक्ति घुरहू र मनोहर दुवै पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेका कथामा स्पष्ट देख्न सकिन्छ ।

कथामा सोनवाको मजुरीले उब्जाएको समस्या सजिलै गरी समाधान नहुने देखिएपछि घुरहूले सोनवाको सट्टामा माइत बस्न आएकी आफ्नी छोरी रतियालाई मजुरी बस्नको लागि मनोहरको घरमा पठाउने निर्णय गरेको छ । उसले कथामा "यसको बिहा गर्दा तपाईं र

तपाईंकी महतिनी बुहारीले पनि यसको खुट्टा पखाली पुजेर गोडधुवा, दक्षिणा चढाउनुभएकै हो, यो नासो तपाईंकहाँ छोड्न मलाई कुनै शङ्का छैन" (भिक्षु, २०६३, पृ. ४५) भनेको छ । यस उद्धरणले घुरहू विवादको समाधान गर्न सफल हुने सङ्केत गरेको छ । उसले आफ्नी छोरी रतियाको विवाह गर्दा मनोहर र उसकी पत्नी महतिनीले खुट्टा पखाली जल खाएका र दक्षिणा पनि चढाएकाले उसलाई सोनवाको सट्टामा मजुरीमा पठाउँदा कुनै आपत्ति नहुने भनेको छ । यसपछि रतिया मनोहरको घरमा मजुरीमा गएकी छ र अलगुवाकी बुहारी सोनवा मजुरीबाट मुक्त हुने भएकी छ । यसले गर्दा सोनवालाई मजुरीबाट कसै गरी पनि फिर्ता नगर्ने अठोट लिएर बसेको मनोहर सोनवालाई फिर्ता गर्न बाध्य भएको कथामा देखिन्छ । यसबाट घुरहू महतोले श्रेष्ठत्व प्राप्त गरेको छ र सोनवालाई नफर्काउने अठोट लिएर बसेको मनोहरले उसलाई फर्काउनै पर्ने भएपछि हीनत्वबोध गर्न पुगेको देखिन्छ । फेरि सोनवाको सट्टामा आफ्नै प्रतिस्पर्धी घुरहूकी छोरीलाई मजुरीमा राख्न पाएर मनोहरमा श्रेष्ठताको अनुभूति भएको पनि देखिन आउँछ । त्यस्तै केही गरी पनि मजुरी बसेकी सोनवालाई मनोहरले फिर्ता नगरेबाट बाध्य भई सट्टामा आफ्नै विवाह भएकी र माइत बस्न आएकी छोरी रतियालाई मजुरी बस्नको लागि उसकहाँ पठाउनुपर्ने भएबाट घुरहू महतोलाई पनि हीनत्वबोध भएको देखिन्छ । यी सन्दर्भहरूबाट कथाका पात्र घुरहू र मनोहर दुवै हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

कथामा माइत आएकी र परिस्थितिले गर्दा सोनवाको सट्टामा महोहरकहाँ मजुरी बस्न गएकी रतियाको ससुरो बुहारी लिन आएको देखाइएको छ । यस सन्दर्भमा कथामा "गाउँबाहिरै मनोहरले रतियाका ससुरालाई भेटी आफ्नै घरमा लगिराखेका छन् र भरमग्दुर खरखातिर मानमोलाहिजा सेवासत्कार पनि गर्दै छन् । खबर पाएर घुरहू महतोको मुख झन् कालो भयो" (भिक्षु, २०६३, पृ. ४६) भनिएको छ । यस उद्धरणमा मनोहरले आफ्नो साख माथि उठाउने अन्तिम प्रयास गरेको देखिएको छ । उसले रतियाका ससुरा बुहारी लिन आउने कुरा थाहा पाएर बाटोमै भेटी आफ्नो घरमा पुऱ्याएको छ र भरमग्दुर स्वागतसत्कार गरेको छ । कथामा आएको यस सन्दर्भबाट मनोहरले सोनवाको मजुरीसम्बन्धी विवादको कारणबाट गुमेको प्रतिष्ठा पुनः प्राप्त गर्ने प्रयास गरेको देखिन्छ । मनोहरले रतियाको बिदाइ पनि आफैले गरेको छ । यस सन्दर्भमा कथामा "रतियाको बिदाइ मनोहर महतोले नै गर्न थालेका छन् । ... छिनभरिमा नै गाउँका बूढा-तरुणा, केटाकेटी, सासूबुहारी, छोरीबेटी सबैको मनोहरको आँगनमा भेला हुन गयो । ... अलि बढ्ता समय लगाएरै पर्खे पनि मनस्वी घुरहू त त्यहाँ आउँदै आएनन्" (भिक्षु, २०६३, पृ. ४७) भनिएको छ । यस उद्धरणमा मनोहरले रतियाको बिदाइ आफ्नै घरबाट गरेको देखिन्छ । बिदाइको समयमा गाउँका मानिसहरू भेला भएका देखिन्छन् । घुरहूकी छोरी र ससुरालाई अनेक कोसेली र उपहारसहित बिदाइ गरेर मनोहरले श्रेष्ठत्व बढाउन चाहेको स्पष्ट हुन्छ । घुरहू भने बिदाइ कार्यक्रममा उपस्थित नै भएको छैन । ऊ आफ्ना सन्धीलाई बाटैबाट छेकेर मनोहरले आफ्नो घरमा पुऱ्याएको र छोरी र सम्धीको बिदाइ पनि मनोहरले आफ्नै सक्रियतामा गरेको कुराले स्तब्ध भएको छ । यसबाट घुरहूको मानसिकतामा हीनत्वबोध सिर्जना भएको देख्न सकिन्छ । यस प्रकारसँग कथामा घुरहू र मनोहर महतो दुवै पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

'हारजित' कथाका दुई पात्र घुरहू र मनोहर हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वको चापमा परेका छन् । कथामा सोनवाको मजुरीसम्बन्धी विवाद, विवाद समाधानका लागि घुरहूले देखाएको अग्रसरता, मनोहरको अडान, रतियालाई सट्टामा राखेर सोनवालाई मजुरीबाट मुक्त गरिएको घटना, मनोहरले रतियाका ससुरालाई गरेको स्वागत र बिदाइलगायतका विविध कथात्मक घटनामा दुई पात्रले क्रियाशील भएर निर्वाह गरेको भूमिकाबाट ती दुईको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी घुरहू र मनोहरको अन्तर्मानसिकतामा मनोद्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(१९) माधुरी नानी

'माधुरी नानी' कथाकी माधुरी नानी हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ खाइलाग्दो घरकी भए पनि चाहिएजति मानसम्मान नभएकाले हीनत्वबोध गर्नुपर्दा त्यही पाउने लोभमा आमाबाबुबाट दरबारको चाकरीमा पुऱ्याइएकी युवतीको रूपमा कथाको सुरुमै देखिएकी छ । दरबारमा पुगेर काम गर्दै गर्दा उसको रूप, बोली, बानी र संस्कारबाट दरबारिया मालिक मालिक्नी एवम् अन्य सदस्य र कर्मचारीसमेत प्रभावित भएका देखिन्छन् । यस सन्दर्भमा कथामा "दरबारमा माधुरी नानीको धाक थियो । कहाँसम्म भने मालिकहरूले पनि गर्न थालेको कुनै काम मन नपर्दा 'सरकारबाट यस्तो त गरिबक्सन पाइन्न है !' भन्न सक्ने रवाफ माधुरी नानीको स्वीकृत थियो" (भिक्षु, २०६३, पृ. ९१) भनिएको छ । यस उद्धरणबाट माधुरी नानीले दरबारमा आफ्नो छुट्टै धाक जमाउन सफल भएकी देखिएको छ । उसले मालिकहरूलाई पनि कुन काम कसरी गर्ने र कुन काम गर्न नहुने भनेर सिकाउने गरेकी छ । माधुरी नानी बोलेपछि मालिकहरू पनि नमिल्दो काम गर्ने क्रममा हच्किने गरेका देखिन्छन् । यस्तो रवाफले गर्दा दरबारमा काम गर्ने अरू कर्मचारी तर्सिने गरेका र माधुरी नानीको तागतको सम्मान गर्न थालेका कथामा देखिएको छ । यस कुराबाट दरबारमा पुगेकी माधुरी नानीले श्रेष्ठत्व प्राप्त गर्दै गएकी देख्न सकिन्छ । माधुरी दरबारका भित्री कार्यको सबै परिपाठ र कुशल व्यवस्थापनमा क्रियाशील हुने गरेकी छ । दरबारका मालसामान, भाँडाकुँडालगायत अन्य सजावटका बस्तुलाई यथास्थानमा सजाउने मिलाउने कामका साथै दरबारका बच्चाबच्ची, कुमारकुमारी, किशोरकिशोरी सारालाई सजाउने सिँगार्ने कार्यमा पनि उसको सीपको प्रशंसा हुने गरेको देखिन्छ । दरबारका कर्मचारी, ढोके, पाले, नोकरनोकर्नी सबैलाई अप्ठेरो पर्दा मालिक वर्गसँग अनुरोध गरेर सहयोग गर्न पनि माधुरी अघि सर्ने गरेकी छ । यी सबैतिर उसले देखाएको क्रियाशीलताले गर्दा सबैका माझमा उसको प्रभाव बढ्दै गएको छ ।

माधुरी नानीले दरबारमै बसेर आफ्नो घरको परिपाठ मिलाउन पनि अघि सर्ने गरेकी देखिएको छ । यस सन्दर्भमा कथामा "यो त भएन, यसरी नाश पार्न त पाइँदैन, लौलौ फलानो काम त गर्नैपऱ्यो, घरै सखाप त कहाँ गर्न पाइन्छ –इत्यादि किसिमका निर्देशले दरबारमा नै बसेकी माधुरी नानी घरको पनि शासन-प्रबन्ध मिलाउन, चलाउन सक्षम थिइन्" (भिक्षु, २०६३, पृ. ९२) भनिएको छ । यस उद्धरणमा माधुरी नानीले घरतर्फ पनि हैकम चलाउने गरेकी देखिएको छ । घरका बाबुदाजुहरूलाई दरबारमै बोलाएर गर्नका लागि उपयुक्त हुने र

गर्न नहुने कामका साथै नाश पार्न नहुने र बिगार्न नमिल्ने कुराका बारेमा निर्देशन र सल्लाह दिने काम पनि उसले गर्ने गरेकी छ । दरबारमै बसेर उसले घरको शासनप्रबन्ध मिलाउन क्रियाशीलता देखाउने गरेकीले घरतर्फ पनि माधुरीको विशेष भूमिका स्थापित भएको छ । दरबार र घर दुवैतिरबाट महत्त्वपूर्ण भूमिका प्राप्त गरेकीले माधुरी नानीका मानसिकतामा श्रेष्ठत्वप्राप्तिको उच्च अनुभूति भएको देखिन्छ ।

समयक्रमसँगै देशमा प्रजातन्त्र आएपछि दरबारको हालत ओरालोतिर लागेको छ । परिणामस्वरूप नोकरचाकर, कर्मचारी, केटी, सुसारेहरूको छँटनी गर्नुपर्ने स्थिति बनेको देखिन्छ । तीनचार जनाबाहेक धेरै हटाइन्छन् । माधुरी नानीलाई हटाउने प्रत्यक्ष कुरा आएको नभए पनि ऊ आफैले हट्नुपर्ने ठानेकी छ । यस सन्दर्भमा कथामा "माधुरी नानीले नै यो अनुभूति नलिई रहन सकिनन् कि उनीप्रति मालिकहरूको लोभ छँदाछँदै पनि उनी त्यहाँ बसेर त्यस दरबारको आयसीमा र शक्ति दुवैलाई पिरोलिरहेकी छन्" (भिक्षु, २०६३, पृ. ९३) भनिएको छ । यस उद्धरणमा माधुरी नानीलाई पनि दरबारबाट निस्कनुपर्ने अवस्था आएको देखाइएको छ । राजनीतिक परिवर्तनले गर्दा दरबारको आयस्रोत घट्न गएर नोकरचाकर र सुसारे कर्मचारीलाई पाल्न र जागिर दिन नसक्ने स्थिति आएपछि उसले आफू त्यहाँ बसिरहँदा खर्चले पिरोल्ने भएकोले निस्केर जानु उचित हुने ठानेकी छ । यस्तो महसुस गरेर माधुरीले मालिक सरकारसमक्ष आफै अग्रसर भएर नभए म पनि घरैमा गएर बसूँ कि भन्ने प्रस्ताव गरेकी छ । माधुरीले मालिकबाट तँ त यहीँ बस्नुपर्छ भनिएला भन्ने अभिप्रायले प्रस्ताव राखेकीमा उसले चाहेअनुरूपको प्रतिक्रिया मालिकबाट नआउँदा दरबार छोड्नुपर्ने स्थिति बनेको छ । यसले गर्दा भारी मन बनाएर माधुरी दरबारबाट बाहिरिएकी छ । दस वर्षसम्म बसेको दरबार छोड्नुपर्दा उसको अन्तर्मानसिकतामा चरम हीनत्वबोध भएको देखिन्छ ।

माधुरी नानी दरबारबाट फर्किएर घरमा आएकी छ । आफ्नै घरको वातावरण, केटाकेटीको जमघट, आमाभाउजूहरूको सन्निकटता आदिले गर्दा उसले रमाइलो मानेकी र दरबारिया व्यस्तताको टन्टाबाट मुक्त हुन पाउँदा हलुङ्गो महसुस गरेकी छ । यस सन्दर्भमा कथामा "अनाहकको टन्टा खप्नु अब पर्दैन भन्ने जस्तो एउटा निश्चिन्तताको बोध पनि उनले नलिई रहिनन्" (भिक्षु, २०६३, पृ. ९५) भनिएको छ । यस उद्धरणबाट माधुरीले कसैको खटनपटन नभएकोले स्वतन्त्रताको महसुस गरेकी देखिएको छ । दरबार छोडेर आएपछि अनाहकको टन्टा खप्नु नपर्ने भएर उसलाई निश्चिन्तताको अनुभूति भएको देखिन्छ । यसले गर्दा उसले श्रेष्ठत्वप्राप्तिको अनुभव गरेकी देखिएको छ । एकाएक फेरि उसको मानसिक सोचाइमा फेरबदल आएको छ । यस सन्दर्भमा कथामा "जम्मै रित्तिएको जस्तो लाग्यो । ... भर छुट्तै गयो र बिस्तारै त्यही खोक्रोपनाले फेरि छोप्यो" (भिक्षु, २०६३, पृ. ९५) भनिएको छ । यस उद्धरणले माधुरी नानी निराश बनेकी देखाएको छ । उसले सबै कुरा रित्तिएको ठानेकी छ । भएको सबै भरोसा गुम्दै गएको र खोक्रोपनले सबै कुरा ढाक्दै गएको महसुस उसलाई भएको छ । घरपरिवारको व्यवहार पनि माधुरीलाई निको लागेको छैन । यस सन्दर्भमा कथामा "अघिअघि दरबारबाट आउँदा हुने गरेको स्वागत-सत्कारको ठाउँमा आजभोलि घरका दाजुभाउजूहरू त के आमाबाबुपर्यन्तले उसको यस्तरी अप्रत्यक्ष हेला गर्न थालेका छन्" (भिक्षु, २०६३, पृ. ९६) भनिएको छ । यस उद्धरणबाट माधुरी आमाबाबुका साथै दाजुभाउजूको व्यवहारबाट पनि असन्तुष्ट भएकी देखिन्छ । उनीहरूले पनि अप्रत्यक्ष रूपमा हेलाँ गर्न थालेका

भन्ने उसलाई लागेको छ । दरबारबाट ल्याएका आफ्ना निजी प्रयोगका सामान पनि रित्तिदै गएबाट उसलाई अभावको महसुस पनि हुन थालेको छ । आफूले पहिला तुच्छ ठानेको टोलको युवकले समेत बेवास्ता र उपेक्षाको दृष्टिले हेर्ने गरेकाले गर्दा माधुरीलाई खल्लो अनुभव भएको छ । दरबारभित्रै आफूलाई चाहने हुँदाहुँदै पनि बेमतलब भई बसेकामा पनि उसले पश्चाताप गरेकी छ । आफ्नो अनुकूल पति पाउन नसकिने डरबाट पनि ऊ चिन्तित देखिएकी छ । यी सबै कुराले गर्दा माधुरी नानी हीनत्वबोधको स्थितिबाट गुज्रिरहेकी देखिन्छ ।

घरको बसाइ नियास्रो लाग्न थालेपछि जेजसो भए पनि आफ्ना लागि सबै कुराले दरबार नै उपयुक्त हुन्छ भन्ने ठम्याएर माधुरी दरबारमा पुगेकी कथामा देखाइएको छ । यसलाई भिक्षु (२०६३) ले कथामा यसरी देखाएका छन् :

> निमिष मात्रैमा माधुरी नानी आएको कुरा दरबारका कुनाकुनामा पुग्यो । ... माधुरी नानी पनि आफ्नो गुँडमा पुगेझैँ प्रसन्न हुँदै, सबैसित यथोचित भेट्दै, बिस्तारै मालिक्नीकहाँ पुगिन् । "कहाँ हराएकी बाबै, कति दिनमा आइस्, माया त लाग्नुपर्ने ... ।" भन्ने अर्धवाक्यका साथ मालिक्नीको संयमित स्वागत सुनेर माधुरी नानीको आँखा रसाएर आयो (पृ. ९९) ।

उल्लिखित उद्धरणमा दरबारमा पुग्दा त्यहाँ माधुरीले हार्दिकता पाएकी देखिएको छ । ऊ आएकी कुरा निमिषभरमा दरबारका कुनाकुनामा पुगेको देखिन्छ । मालिक्नीले पनि उसलाई मनैदेखि स्वागत गरेकी छ । त्यहाँ उसलाई कताकता आफ्नै गुँडमा आएको जस्तो लागेको छ । उसले दरबारका सबैलाई भेटेकी छ । दरबारका सबैले आफूप्रति देखाएको हार्दिकताबाट उसका आँखा रसाएका छन् र ऊ प्रसन्न भएकी छ । सबैले माया र स्नेह देखाएको पाएपछि माधुरीले श्रेष्ठत्वप्राप्तिको महसुस गरेकी देखिन्छ । दरबारमा पुगेकी माधुरीले त्यहाँ आफ्नो अनिवार्यता स्थापित गर्ने प्रयत्न गरेकी छ । आराम गरिरहेका सरकार मालिक बिउँझेपछि दरबारमै बस्ने निधो लगाउनुपर्छ भन्ने मालिक्नीसँगको सल्लाह निश्चित भएपछि माधुरी फुरुङ्ग भएर सबै कोठाचोटा सरसफाइ गर्ने मिलाउनेलगायत विभिन्न परिकार खाना बनाउने कार्यमा सक्रिय भएर लागेकीबाट उसमा श्रेष्ठत्वप्राप्तिको अनुभूति भएको देखिन्छ । सरकार मालिकसँग भेटेर कुरा गर्दा उसले कथामा "तँलाई क्यै गरेर राखूँ नै भने पनि अहिले ठाउँ नै भएन, अरूहरू आई बसे" (भिक्षु, २०६३, पृ. १००) भनेको छ । यस उद्धरणबाट माधुरी निराश भएकी देखिएको छ । सरकार मालिकसँग कुरा भएपछि दरबारमै बस्ने व्यवस्था हुन्छ भन्ने भएर फुरुङ्ग देखिएकी ऊ अहिलेलाई अरू आई बसिसकेकाले ठाउँ नभएर राख्न नसकिने भन्ने जवाफ पाएपछि मूर्च्छितजस्तै भएकी छ । उसको मनमा आफ्ना लागि कतै पनि ठाउँ खाली नभएको जस्तो महसुस भएको छ । मनभरि निराशा र पीडा बोकेर ऊ दरबारमा गएको दिनकै साँझ आफ्नै घर फर्किएकी कथामा देखाइएको छ । यसबाट ऊ हीनत्वबोधको चापमा पर्न गएकी देखिन्छ । कथामा प्रस्तुत यी विविध घटनासन्दर्भबाट माधुरी नानी हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ ।

'माधुरी नानी' कथाकी पात्र माधुरी नानीको दरबारको बसाइ, दरबारमा उसले कायम गरेको हैकम र रबाफ, त्यहींबाट उसले घरका बाबुदाजुलाई गर्ने सल्लाह र निर्देशन, दरबारबाट ऊ निस्कन परेको घटना, घरको भेटघाट र रमाइलोसँगैको नियास्रो, फेरि दरबारमै फर्कने

प्रयास र असफलतालगायतका विविध कथात्मक घटनामा माधुरी नानीले क्रियाशील भएर निर्वाह गरेको भूमिकाबाट उसको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति देखिएको छ । माधुरी नानीको अन्तर्मानसिकतामा यस किसिमको मनोद्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२०) माऊजङ बाबुसाहेबको कोट

'माऊजङ बाबुसाहेबको कोट' कथामा माऊजङ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र भएर देखिएको छ । कथामा उसलाई नेपालगन्ज इलाकाको बिर्तावाल राणा बाबुसाहेब भनेर चिनाइएको छ । बेन्सनको ओभरकोट लगाएर रैतीदुनियाँलाई आतङ्कित पार्दै रजगज गरिरहेको राणाशासनको प्रतिनिधि माऊजङ प्रजातन्त्र आएपछि भने थच्चिएको छ । यस सन्दर्भमा कथामा "यता प्रजातन्त्र आएपछि माऊजङ बाबुसाहेबको कोटवृत्त व्यक्तित्व मुरमुरिएको र कोटलाई पनि मैलो, पुरानो, धमिलो भनेर सबैले उपहासटक लगाएर हेर्ने धृष्टता गर्न थालेका थिए" (भिक्षु, २०६३, पृ. १०३) भनिएको छ । यस उद्धरणमा माऊजङको निराशजनक स्थितिलाई देखाइएको छ । प्रजातन्त्र आएपछिको परिवर्तित राजनीतिक परिस्थितिले गर्दा हैकम जमाएर बसेका राणाहरूसँगै ऊ पनि थच्चिएको छ । राणाहरूको प्रतीक उसको कोटलाई सबैले मैलो, पुरानो र धमिलो भनेर धज्जी उडाउन थालेका छन् । आफ्नो कोटको बारेमा पहिले केही बोल्न नसक्नेहरूले पनि प.क.ज. साहेबको छातेको विवाहमा चाकरी गर्न गएको बेलामा पाएको कोट भनेर हाँसोमजाक गर्ने गरेकाबाट माऊजङले कोट र त्यससँग जोडिएको आफ्नो प्रतिष्ठाको अपमान भएको ठानेको छ । यसले गर्दा उसका मानसिकतामा हीनत्वबोध भएको देखिन्छ ।

कथामा अरूले आफ्नो कोटलाई होच्याए पनि माऊजङले आफै आफ्नो कोटको प्रशंसा गर्न भने छोडेको छैन । यस सन्दर्भमा उसले "क्या ग्रायन्ड चिज रहेछ, कट नै कति ठिक्कको, कस्तो एक धर पनि यताउति नपारी त्यस्तरी होसियारीसाथ सिइएको कोट ! ब्रह्माले पनि मानिसको जीउ कुँद्दा यति सावधानी त के राखेका होलान्" (भिक्षु, २०६३, पृ. १०४) भनेको छ । यस उद्धरणमा माऊजङले आफ्नो कोटको प्रशंसा आफै गर्दै गरेको देखिन्छ । उसले आफ्नो कोटलाई एक धर पनि यताउति नपारी ठिक्कको कटमा होसियारीसाथ सिइएको ग्रायन्ड चिज भनेको छ । ब्रह्माले मानिसको जीउ कुँद्दाभन्दा पनि बढी सावधानीका साथ सिइएको आफ्नो कोट सर्वोत्तम गुणस्तरको चिज हो भन्नेमा ऊ विश्वस्त देखिएको छ । यसरी आफ्नो कोटको प्रशंसा गरेर उसले आफ्नै बलले हीनत्वको निवारण गरी श्रेष्ठत्व हासिल गर्ने प्रयास गरिरेहको देखिन्छ । तत्कालै उसले आफ्नो कोटको कलर मैलो भएर केही धसिइसकेको र सिलाइको धागो पनि झुत्रिएको देखेपछि हीनत्वबोध गरेको छ । फेरि एकाएक उसले सबै थोक पुरानो त हुन्छ नै; मानिस पनि त बूढो हुन्छ । यसो हुँदैमा जात, घराना, गौरव र महिमा बिग्रदैन भनेर कोटको उच्चता कायमै रहेको महसुस गर्दै गरेको कथामा देखाइएको छ । यस सन्दर्भमा माऊजङले मनमनै कथामा "खालि भित्री ईखले यस कोटको गौरव खप्न नसकेर मात्र बढेका यी जम्मै काङ्ग्रेसी झुत्रेहरूले बाहिरबाहिर गिजाउन खोजेको, नत्र भने आफै मनमनै त, जम्मै हेर्नपर्यन्त नपाएका त्यस्तो कोटप्रति लोभिरहेकै होलान् नि !" (भिक्षु, २०६३, पृ. १०५) भनेको

छ । यस उद्धरणबाट माऊजङले आफ्नो कोटको गौरवलाई बचाउन खोजेको देखिन्छ । भित्री ईखले कोटको गौरव खप्न नसकेका काङ्ग्रेसीहरूले मात्र उसको कोटलाई नराम्रो दृष्टिले हेर्ने गरेका हुन् भन्ने उसलाई लागेको छ । उसले उनीहरूको यस्तो सोचलाई बदमासी भन्दै आफ्नो कोट चिज भएकाले यसलाई उनीहरूले राम्ररी हेर्न पनि पाएका छैनन् भनेको छ । यसो भनेर माऊजङले कोट र त्यससँग जोडिएको आफ्नो प्रतिष्ठा यथावत् रहेको कल्पना गरी श्रेष्ठत्वप्राप्तिको अनुभूति गर्न खोजेको देखिन्छ ।

कथामा केन्द्रीय सरकारका गृहमन्त्री नेपालगन्जमा आउने भएकाले उनको स्वागतको प्रबन्ध मिलाउने समितिमा माऊजङलाई पनि निम्ता गरिएको छ । बडाहाकिमले बोलाएको उक्त बैठकमा ऊ त्यही बेन्सनको ओभरकोट लगाएर जाने तयारीमा छ । घरमै कोटमा लागेको धुलो झारझुर पारी गुरदिन धोबीको पसलमा ल्याएर राम्ररी स्त्री गरी ऊ घर फर्किएको छ । यस सन्दर्भमा माऊजङले कथामा "जातको चिजबस्तुले झन् स्याहार खोज्ने कुरो । म नै मूर्ख, किलामा झुन्ड्याउनुपर्ने हो र ? के गरूँ, आफ्नो त यही हो नि ! फौज नै पाल्नुपर्छ, आम्दानी भनेको यही जाबो बिर्ता !" (भिक्षु, २०६३, पृ. १०७) भनेको छ । यस उद्धरणबाट माऊजङले आफ्नो कमजोरीप्रति पश्चाताप गरेको देखिन्छ । जातको चिजबस्तु चिनेर स्याहार गर्नुपर्नेमा मूर्ख भएर किल्लामा झुन्ड्याएकाले कोट मक्किएर थोत्रो भएको उसले ठानेको छ । बिर्ताको आम्दानीले धेरैको पालनपोषण गर्नुपर्दा र अरू कुनै आर्थिक जोहोको आधार नभएकामा पनि ऊ निराश भएको छ । यसले गर्दा ऊ हीनत्वबोधको चापमा परेको देखिन्छ । एकाएक उसको मनमा बिर्ता भनेको बिर्तै हो, राजाबाट पाएको गौरव पो त भन्ने कुरा उब्जेको छ । उसले आफूले गर्नु जति गरेको र आम्दानी पनि बढाएकै हो भन्ने सम्झेर श्रेष्ठत्वको अनुभूति पनि गरेको छ ।

मनमा अनेकन कुरा सोच्दै ऊ बेन्सनको ओभरकोट लगाएर बडाहाकिमले बोलाएको बैठकमा पुगेको कथामा देखाइएको छ । उक्त बैठकमा पुगेको एकछिनपछि नै एक जना काङ्ग्रेसी मदिसे पात्रले कथामा "होइन बाबुसाहेब मन्त्रीज्यू आउँदा पनि यही ओभरकोट लगाउने ? गर्मी त चढिसक्यो !" (भिक्षु, २०६३, पृ. १०७) भनेको छ । यस उद्धरणमा प्रस्तुत कथनबाट माऊजङले अपमान महसुस गरेको देखिन्छ । मदिसे पात्रले बैठकमा सबैको सामु गर्मी चढिसकेकाले मन्त्रीज्यू आउँदा यो कोट लगाउन त मिल्दैन होला भन्ने सङ्केत गर्दै भनेको कुराबाट माऊजङले आफूलाई होच्याउन खोजिएको ठानेको छ । यसले गर्दा उसले हीनत्वबोध गरेको बुझ्न सकिन्छ । त्यस काङ्ग्रेसी मदिसे पात्रलेले भनेको कुराका बारेमा माऊजङले मनमनै जवाफ दिँदै "कति बढेको कुजात, गर्मी भन्दैमा चार पैसाको मलमलको कुर्ताधोती लगाएर आउने हुँ र ? नेपालबाट आउने मन्त्री पनि ऊनी कोट लगाएरै आउनेछन्, थाहै छैन" (भिक्षु, २०६३, पृ. १०७) भनेको छ । यस उद्धरणमा माऊजङले आफ्नो आत्मबल बढाउने प्रयास गरेको छ । उसले गर्मी भन्दैमा चार पैसाको मलमलको कुर्ताधोती लगाएर आउने मानिस आफू नभएको भन्दै मन्त्री पनि ऊनी कोट लगाएरै आउने कुरा नबुझ्ने आलोचक पात्रलाई बढेको कुजात भनेको छ । मनमनै यसो भनेर मानसिक रूपमा श्रेष्ठत्व ग्रहण गर्ने प्रयास गरे पनि माऊजङले मुखले प्वाक्क केही नभनी कुरा अर्कैतिर मोडेको छ । बडाहाकिमको नजर बेलाबेलामा उसको गर्धनतिर पर्दा ओभरकोटको मैलो र धस्सिएको कलर हेरेको हो कि भन्ने ठानेर माऊजङ लाजले रातो भएको छ । यसपछि ऊ छिटोछिटो कुरा सकेर निस्किएको

छ । बाहिर निस्कदै गर्दा सबै हाँसेको ध्वनि कानसम्म आइपुगेपछि उसले कथामा "केले यसरी हाँसो उठेको होला, कुनै कुरो त थिएन । पक्का गर्धनमा धस्केको मेरो कोटकै खिल्ली उडाएका हुन् !" (भिक्षु, २०६३, पृ. १०८) भनेको छ । यस उद्धरणबाट माऊजङ निराश भएको देखिन्छ । उसले आफ्नो कोटको गर्धनमा धस्केको देखेर नै खिल्ली उडाएर हाँसेका होलान् भनेर शङ्का गरेको छ । यस कुराले उसको मानसिकतामा हीनत्वबोधको स्थिति सिर्जना भएको देखिन्छ ।

घरमा पुगेर माऊजङले ज्यान गए पनि ह्वाइटवेल लेड्ला कम्पनीद्वारा निर्मित बेन्सनको ओभरकोटको इज्जतमर्यादा लुप्त हुन नदिने प्रतिज्ञा गरेको छ । यसकै लागि ऊ सबै प्रबन्ध मिलाएर कोटको रफू भराउने र ड्राई क्लिनिङ गराउने योजनाका साथ कोट बोकेर लखनऊ पुगेको कथामा देखाइएको छ । त्यहाँबाट कोटको मर्मत गरेर ऊ घर फर्किएको छ र मन्त्री आउँदा त्यही ओभरकोट लगाएर भेट गर्न जाने निर्णयमा पुगेको कथामा देखिन्छ । यसो गरेर माऊजङले श्रेष्ठत्व प्राप्त गर्ने प्रयास गरेको देखिएको छ । कथामा मन्त्री आउने दिन माऊजङ दौरा र सुरुवालका साथमा त्यही बेन्सनको ओभरकोट पहिरिएर तयार भएको छ । बडो मिहिनेतका साथ मर्मत सफाइ गरेर तयार गरेको कोटबाट सजिएर उसले गौरवबोध गर्दै गरेको देखिन्छ । यस सन्दर्भमा कथामा "आज वस्तुतः उनी कुनै यस्तो माथिल्लो मानसिक स्तरमा पुगेका थिए जहाँ यस्ता आवेगहरू स्वयम्मै परिशान्त भएर जान्छन्" (भिक्षु, २०६३, पृ. १११) भनिएको छ । यस उद्धरणमा माऊजङले छुट्टै विशिष्ट व्यक्तित्व प्राप्त गर्न पुगेको देखाइएको छ । कार्यक्रममा पुगेपछि आयोजकले मन्त्रीसँग परिचय गराएर मञ्चमा बसाल्दा र त्यहाँ भएका कुराकानीबाट उसले माथिल्लो मानसिक स्तरमा पुगेको ठानेको छ । यसले गर्दा मनमा उब्जेका हीनत्वजन्य आवेगहरू शान्त हुन जाँदा उसले उच्च श्रेष्ठत्व प्राप्त गरेको देखिन्छ ।

कथामा मन्त्रीसँग बिदा भई फर्किने क्रममा एउटा काङ्ग्रेसी मदिसेसँग माऊजङ कुरा गर्दै गरेको देखिएको छ । त्यस क्रममा संयोगवश उसको ओभरकोट च्यातिएको बारेमा कथामा "पछिल्तिरबाट कुनै एउटाले त्यस काङ्ग्रेसीलाई बोलाउँदा आफ्नो पाखुरा बाबुसाहेबको पाखुरामा अल्झाइरहेर ऊ पछिल्तिर के फर्केको थियो, हत्केला जेबमा भएको बाबुसाहेबको हातमा अलिक झड्का पर्नेबित्तिकै कोटको पकेटको कुनादेखि लिएर तलको अन्तिम छेउसम्म 'झ्यार्र ...' गरी त्यो जीर्ण कोट च्यातियो" (भिक्षु, २०६३, पृ. १११) भनिएको छ । यस उद्धरणमा प्रस्तुत घटनाबाट माऊजङलाई सारै विचलित भएको देखाइएको छ । यसले उसमा सहस्र भूकम्प गएको र भयङ्कर सर्वनाश भएको अनुभूत भई उसको मुटु नै हल्लिएको छ र संसारै भत्केको देखेको छ । यति हुँदा पनि उसले त्यस काङ्ग्रेसी मदिसेलाई केही भन्न सकेको देखिँदैन । घरमा आइपुगेर उसले आफ्नी श्रीमतीसँग केही भएको छैन, बस मन्त्रीज्यूसित भेटेर आएको र राणाज्यूहरूको राज गएको उद्घोष गरेको छ । यसबाट माऊजङको अन्तर्मानसिकतामा चरम हीनत्वबोध भएको देखिन्छ । कथामा प्रस्तुत यी विविध घटनासन्दर्भबाट माऊजङ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेर थिचिएको स्पष्ट हुन्छ ।

'माऊजङ बाबुसाहेबको कोट' कथाको पात्र माऊजङ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वको चापमा परेको पात्र हो । कथामा उसको अजङ्गको व्यक्तित्व, शासकीय

हैकम, प्रजातन्त्र आएपछि खस्किएको उसको प्रतिष्ठा, थोत्रो भएको ओभरकोट, कोटलाई दुरुस्त बनाउन उसले गरेको प्रयास, कोट च्यातिएको प्रसङ्गलगायतका विविध कथात्मक घटनामा माऊजङले क्रियाशील भएर निर्वाह गरेको भूमिकाबाट उसको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी माऊजङको अन्तर्मानसिकतामा मनोद्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२१) सावित्रीको बाख्रो

'सावित्रीको बाख्रो' कथाका म पात्र र सावित्री हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथामा म पात्र घरमै बसिरहेका बेला एक जना उसको मित्र भेट्नको लागि आएको छ र उसले कुराको सिलसिलामा म पात्रको लेखकीय कार्यमाथि खिल्ली उडाउने कोसिस गरेको छ । उसले कथामा "केको लेखक बन्नुभएको ? झुट्टा प्रेम, मोह, ममताको कुरा लेख्नुहुन्छ । स्वास्नी छँदै छैन, प्रेम पनि कतै भए गरेको कतै देखिँदैन, लेखिएका जम्मै कुरा कितापी प्रेम मात्र !" (भिक्षु, २०३२, पृ. १) भनेको छ । यस उद्धरणमा आगन्तुक मित्रले म पात्रलाई होच्याउने कोसिस गरेको देखिन्छ । उसले म पात्रलाई प्रेम कतै नगरेको र स्वास्नी पनि बनाउन नसकेकोले किताबमा झुट्टा प्रेम, मोह र ममताको कुरा लेख्ने गरेको भनेको छ । उसले यसो भनेर म पात्रको लेखकीय क्षमता र औचित्य एवम् पारिवारिक स्थितिप्रति कटाक्ष गरेको छ । म पात्रले आगन्तुक मित्रलाई सम्भव उचित जवाफ दिए पनि उसको कुराले म पात्रमा हीनत्वबोधको सृष्टि गरेको देखिन आउँछ । आगन्तुक मित्र जाँदासाथ कथामा सावित्रीको प्रवेश भएको छ । ऊ म पात्रको घरमा काम गर्ने नोकर्नीको भूमिकामा देखिएकी छ । उसले आफ्ना बारीमा बाख्रो पसेर तरकारी, फूल र बिरुवापात सबै खाइदिएको कुरा लिएर आएकी कथामा देखाइएको छ । सावित्रीले कथामा "लौ हेर्नुस् यो काँक्रो, यो फूल, यो फर्सी, लौका जम्मै खायो । दिनहुँ पानी पाटैं, स्याहारैं, उमारैं, जम्मै सखाप !" (भिक्षु, २०३२, पृ. १ भनेकी छ । यस उद्धरणमा बडो दुःख गरेर हुर्काएका फूल तरकारी सबै बाख्राले सखाप पारेको देखेपछि सावित्री दुःखी बनेकी छ । उसले म पात्रको अगाडि आएर आफूले बारीमा लगाएका तरकारी, फूल र बिरुवापात सबै बाख्रो पसेर खाइदिएको विवरण सुनाएकी छ । निकै दुःख गरेर उमारेर, स्याहार गरेर अनि पानी पाटेर हुर्काएका तरकारी र फलफूल आदि अपरिचित बाख्रो पसेर खाइदिँदा सावित्रीको मानसिकतामा हीनत्वबोध भएको देखिन्छ ।

कथाको म पात्र पनि आफ्ना बारीका फूल र तरकारी आदि अपरिचित बाख्रो आएर खाइदिएकामा दुःखी भएको छ । छिमेकीहरू त्यस्तै भएकाले बोल्दा ठूलै झगडा भइहाल्ने हुँदा मनमा पीडा अँठाएर बस्नुपर्ने स्थितिका बिच उसले पनि हीनत्वबोध गरिरहेको देखिन्छ । आफ्नो बारीमा पसेर फूल र तरकारी सखाप पार्ने बाख्रालाई समातेर छिँडीमा थुनेकी सावित्रीले म पात्रसँग कथामा "छिँडीमा थुन्दिएकी छु । त्यसलाई भोकभोकै नमारी कहाँ छोड्छु र ? जम्मै खाइसिध्यायो, हेर्नुस् न !" (भिक्षु, २०३२, पृ. २) भनेकी छ । यस उद्धरणले सावित्रीलाई क्षतिपूर्तिको प्रयासमा लागेकी देखाएको छ । उसले आफ्ना बारीमा आएर फूल, तरकारी र बिरुवापात सखाप पार्ने बाख्रालाई छिँडीमा थुनेर नोक्सानी असुल्ने सोच बनाएकी छ । बाख्रालाई

उसले भोकभोकै नमारी कहाँ छोड्छु भनेर रिस पनि पोखेकी छ । बाखालाई धम्काएर र गाली गरेर अनि छिँडीमा थुनेर उसले त्यसमाथि आफ्नो स्वामित्व दर्साउन खोजेकी छ । सावित्रीले देखाएको यस्तो प्रतिक्रियाबाट उसले श्रेष्ठत्वप्राप्तिको अनुभूति गर्न चाहेकी देखिन आउँछ । सावित्रीले श्रेष्ठत्व देखाउन गरेको प्रयासप्रति असन्तुष्ट भएर म पात्रले उसको कटाक्ष गरेको छ । उसले कथामा "मेरो अनुभवमा त त्यो आइमाई भए पनि एउटी त्यस्ती हृदयहीन केटी हो, ... वस्तुतः त्यो निम्नकोटीको संस्कारप्राप्त क्षुद्र र कुटिल लोभ, स्वार्थमा खुट्टादेखि टाउकोसम्म मुछिएकी एउटी नोकर्नीबाहेक अरू केही पनि होइन" (भिक्षु, २०३२, पृ. २) भनेको छ । यस उद्धरणमा म पात्रले सावित्रीका बारेमा नकरात्मक आलोचना गरेको देखिन्छ । आफ्नै घरमा काम गर्नका लागि बसेकी सावित्रीलाई निम्नकोटिको संस्कार प्राप्त क्षुद्र र कुटिल लोभ, स्वार्थमा खुट्टादेखि टाउकोसम्म मुछिएकी एउटी नोकर्नीबाहेक ऊ केही नभएकी भन्ने आरोप लगाएर म पात्रले उसलाई हीन देखाई आफूलाई श्रेष्ठ देखाउने प्रयास गरेको छ ।

कथामा छिँडीमा बाँधिराखेको बाखोले घाँटीमा बाँधेको डोरी फुत्काएर बाँकी रहेका बारीका फूल, तरकारी र बिरुवापात खाइदिएको छ । त्यसरी बाखाले खाँदा पनि ऊ रिसाएकी छैन बरु त्यसलाई सामान्य ठानेकी छ । यस सन्दर्भमा एकदिन सावित्रीले म पात्रसँग कथामा "बाखालाई अब त बाँध्नु पर्दैन । फुकाएरै राखे पनि भाग्दैन । अब त ऊ मलाई देख्नेबित्तिकै मेरो पछिपछि लाग्दछ" (भिक्षु, २०३२, पृ. ४) भनेकी छ । यस उद्धरणबाट सावित्रीलाई प्रसन्न भएकी देखाइएको छ । उसले अब बाखालाई नबाँधिकन फुकाएरै राखे पनि नभाग्ने र आफूलाई देख्नेबित्तिकै पछिपछि लाग्न थालेको भनेकी छ । यहाँनेर म पात्रको घरमा नोकर्नी भएर बसेकी भए पनि बाखाकी मालिक्नी हुन पाएकीमा उसले श्रेष्ठत्व प्राप्त भएको महसुस गरेकी छ भन्ने देखिन आउँछ । सावित्रीको बाखोप्रतिको लगाव देखेर म पात्र भने असन्तुष्ट भएको छ । यस सन्दर्भमा म पात्रले कथामा "मेरा काम गर्नु त कहाँ-कहाँ, घरको सेवा-स्याहार गर्नु त कहाँ-कहाँ, कहिले बाखो चराउने धौ-धौ, कहिले उसलाई पानी खुवाउने सतर्कता, कहिले बाखोको गुणवर्णन सुन्दासुन्दै मेरो मालिकत्त्व भने मनमनै भुटभुटिन थाल्यो" (भिक्षु, २०३२, पृ. ४) भनेको छ । यस उद्धरणमा आफ्नो घरेलु कामको लागि राखेकी सावित्रीले गर्नुपर्ने तोकिएको कामलाई भन्दा बाखाको रेखदेख र स्याहारलाई बढी समय दिन थालेकी र बाखो त्यहाँ आएको एक साताभित्रैमा आफू बाखाको तमासा हेरेर बस्ने दर्शक मात्र रहन गएकोमा म पात्र सावित्रीको कार्यप्रति असन्तुष्ट भएको छ । यसबाट ऊ हीनत्वबोधको चापमा परेको देखिन्छ ।

कथामा एउटी आइमाई हराएको बाखो खोज्दै आइपुगेकी देखाइएको छ । उसले सावित्रीले बाँधिराखेको बाखो आफ्नो भएको भनेपछि कथामा नवीन द्वन्द्वात्मक घटना थपिन आएको पाइन्छ । यस विषयमा सावित्रीले कथामा म पात्रसँग "ऊ मूल सटकपारि गल्लीमा बाहुनको छिँडीमा बस्ने केदारकी आमाले भन्छे, बाखो उसको हो । आज दसबाह्र दिनदेखि हराएको थियो रे ! हराएको थियो भने यति नजिकै लिन आउनुपर्दैनथ्यो ? ... तर बाखो भने उसको हुँदै होइन, के लिने ?" (भिक्षु, २०३२, पृ. ५) भनेकी छ । यस उद्धरणबाट सावित्रीले बाखो आफैले राख्ने विचार बनाएकी देखिएको छ । उसले बाखो आफ्नो भनेर लिन आउने आइमाईको नभएकाले लान नसक्ने र दिन पनि नसकिने भनेकी छ । हराएको थियो भने यतिका दिनसम्म लिन नआएर के हेरेर बसेकी भन्ने सङ्केत गर्दै सावित्रीले बाखो अब आफ्नो भएको जस्तो गरेकी छ । यसो गरेर उसले श्रेष्ठत्वप्राप्तिको प्रयास गरेकी भए पनि आखिर

बाख्रो उसकै भएर लैजाने हो कि भन्ने चिन्ताले पनि सावित्रीलाई सताउन थालेको देखिन्छ । यसबाट बाखाकी स्वामिनी बनेकी उसमा हीनत्वबोधले ठाउँ लिन सक्ने देखिएको छ । म पात्रले पनि बाख्रो लिन आएकी आइमाईलाई झपारेको छ । उसले कथामा "तिम्रै बाख्रो भए अर्काको बारी चराउन किन छोडिराखेको त ? मेरो जम्मै तरकारी, फूलका बिरुवापात खाइसिध्याएको नोकसानी कस्ले तिर्ने ?" (भिक्षु, २०३२, पृ. ५) भनेको छ । यस उद्धरणमा आफ्नो बारीका जम्मै तरकारी, फूल र बिरुवापात खाइदिएकोमा म पात्र बाख्रो लिन आउने आइमाईसँग रिसाएको छ । उसले बाख्रोले गरेको नोक्सानी कसले तिर्ने भन्दै आइमाईलाई झपारेर श्रेष्ठत्व देखाउने प्रयत्न गरेको छ । यसपछि म पात्रको समेत समर्थन पाएर सावित्रीले पनि बारीमा पुगेको नोक्सानीका विषयमा अनेकन तर्कसहित बाख्रो लिन आउने आइमाईलाई निरुत्साहित पार्ने प्रयत्न गरेर श्रेष्ठत्व प्राप्त गर्न चाहेकी देखिन्छ ।

कथामा बाख्रो आफ्नैमा राख्ने कि लिन आउने आइमाईलाई दिएर पठाउने भन्ने सन्दर्भमा म पात्रले नै निर्णय दिनुपर्ने स्थिति सिर्जना भएको छ । त्यसपछि उसले कथामा "हेर नोक्सानी धेरै भयो, बाखालाई त अड्डामा नै पुऱ्याउनुपर्ने, लिलाम हुन्थ्यो; तर भो अबदेखि यस्तरी बाख्रो छोडेर कसैको फलफूल केनपातमा चर्न नलगाऊ ! ... जाऊ, बाख्रो लिएर यस पटक जाऊ !" (भिक्षु, २०३२, पृ. ६) भनेको छ । यस उद्धरणबाट म पात्रले बाख्रो विवादका सम्बन्धमा निर्णय सुनाएको देखिन्छ । उसले बाखाले नोक्सानी धेरै गरेकाले अड्डामा नै पुऱ्याएर लिलाम गर्नुपर्ने देखिएको भनेको छ । तैपनि अब आइन्दा यस्तरी बाख्रो नछोड्नु भन्दै उसले खास मालिक्नीलाई आफ्नो बाख्रो लिएर जान अनुमति दिएको छ । बाख्रो विवादसम्बन्धी मुद्दाको न्यायाधीश नै बनी विवादको फैसलासमेत गरेर म पात्रले यहाँनेर श्रेष्ठत्वप्राप्तिको प्रयत्न गरेको छ । उसको निर्णय सुनेर सावित्री मौन भएकी छ । बाखाकी मालिक्नी उसलाई लिएर गइरहँदा सावित्री पनि पछिपछि गएकी छ । बाख्रो भने उसैतिर फर्केर म्याँ म्याँ गर्दै गरेको छ । आफ्नो भइसकेको बाख्रो छिमेकी आइमाईले लिएर गएपछि सावित्री निराश भएकी छ । यस सन्दर्भमा कथामा "अनि बाख्रो आँखाओत भएपछि सावित्री लरखरिँदै रामतोरियाँ र फूलका बिरुवा भएको खेतको आलीमा थचक्क बसी" (भिक्षु, २०३२, पृ. ६) भनिएको छ । यस उद्धरणबाट सावित्रीले सारै पीडाबोध गरेकी देखिन्छ । ऊ बाखालाई बिर्सन नसकेर लरखरिँदै रामतोरियाँ र फूलका बिरुवा भएको खेतको आलीमा थचक्क बसेकी छ । बाखाकी स्वामिनी बन्न पाएर श्रेष्ठत्वप्राप्तिको भाव आत्मसात् गरेकी उसले एकाएक स्वामित्व गुम्न जाँदा स्वाभाविक रूपमा हीनत्वबोध गर्न पुगेकी देखिन्छ । कथामा प्रस्तुत यी विविध घटनासन्दर्भबाट सावित्री र म पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

'सावित्रीको बाख्रो' कथामा आगन्तुक मित्रले म पात्रलाई लगाएको आरोप, बारीमा पसेर बाखाले गरेको नोक्सानी, सावित्री र म पात्रको आक्रोश, सावित्रीप्रति म पात्रको टिप्पणी, बाखाप्रति सावित्रीको लगाव, म पात्रको असन्तुष्टि, बाखाको स्वामित्वका विषयमा उब्जेको विवाद र निर्णयलगायतका विविध कथात्मक घटनामा म पात्र र सावित्रीले क्रियाशील भएर निर्वाह गरेको भूमिकाबाट दुई पात्रका अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच मनोद्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी म पात्र र सावित्रीका अन्तर्मानसिकतामा

मनोद्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२२) मीना

'मीना' कथामा मीना र युवक पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय देखिएका छन् । कथामा मीनालाई पुर्खा घरानले देशको शासन गरेका ठूलो घरपरिवारकी भनेर चिनाइएको छ । ऊ रोयल होटल क्लबमा रक्सी खाई अनेक किसिमका युवा पुरुषहरूसँग रात्रीजीवनमा रमाउन चाहने स्वभावकी छ । पुर्खाले देशको शासन गरेका भए पनि ऊ भने देहव्यापार स्तरकै हीन कर्ममा लागेर हिँडेकामा उसले हीनत्वबोध गरेकी कथाको सन्दर्भबाट देखिन आउँछ । रात्रीको समयमा रोयल होटल क्लबमा युवकसँगै भएका बेला मीनाले उसलाई हकारेकी छ । यस सन्दर्भमा उसले कथामा "चल हट्, बडो प्रेम गर्ने ! तैँजस्ता पच्चीसओटा यही क्याम्पावरिपरि घुम्ति खेल्छन् । प्रेम रे ! प्रेम भनेको हो क्या, भन् त ?" (भिक्षु, २०३२, पृ. २८) भनेकी छ । यस उद्धरणमा मीनाले आफूलाई उच्च देखाउन खोजेकी पाइन्छ । उसले आफूसँग प्रेमको कुरा गर्ने युवकलाई बडो प्रेम गर्ने भएको भन्दै प्रेम भनेको के हो भनेर सोधेकी छ । ऊजस्ता प्रेम गर्न चाहने यही क्याम्पको वरिपरि धेरै भएकाले उसले युवकलाई चल हट् भन्दै हकारेकी छ । यस किसिमसँग दमदार हाँक दिएर उसले आफूलाई कम नआँक्न युवकलाई सचेत गराएकी छ । यसो गरेर उसले श्रेष्ठत्वप्राप्तिको प्रयास गरेकी देखिन्छ । सम्पन परिवारको देखिने अनि त्यो जमानामा आफ्नै निजी कारमा हिँड्ने र घरमा नोकरचाकर राखेर बसेको युवक पात्र मीनाले हाँकका साथ दम्काएपछि खुम्चिएको देखिएबाट उसमा हीनत्वबोधको अनुभूति भएको देखापर्छ ।

कथामा युवती मीनाले युवकलाई प्रेमको बारेमा सम्झाएकी छ । उसले कथामा "तँ के भन्छस्, म भन्छु, सुन् ! प्रेम भनेको त जवानी र जीउ हो !" (भिक्षु, २०३२, पृ. २८) भनेकी छ । यस उद्धरणमा मीनाले युवकलाई प्रेम भनेको जवानी र जीउ हो भनेर बुझाउन खोजेकी छ । यसो भनेर उसले युवकलाई केही थाहा नभएको देखाई आफूलाई सबै कुरा जानेकी देखाउन खोजेकी छ । यो उसको आफूलाई श्रेष्ठ देखाउने प्रयत्न हो भन्ने देखिन्छ । रात्रीको समयमा रोयल होटल क्लबमा बसेका बेला उसले बेरालाई बोलाएर ह्विस्की अर्डर गरी युवकलाई खान प्रेरित गरेकी छ । त्यसपछि आफ्नो सुनको केसबाट थ्री फायबको दुईओटा सिगरेट झिकेर आफूले पनि खाएकी र युवकलाई पनि खुवाएकी छ । यसबाट पनि उसले युवकको अगाडि आफूलाई श्रेष्ठ देखाउने प्रयत्न गरेकी हो भन्ने स्पष्ट हुन्छ । मीनाले युवकलाई मात्र होइन रात्रीको समयमा क्लबमा आउने दाह्रीवाल सिख, हब्सी र अन्य पुरुष व्यक्तिसँग पनि यस्तै व्यवहार गर्ने गरेकी छ । यस्ती युवतीसँग होचिनुपरेकोमा युवकले भने हीनत्वबोध गरेको देखिन्छ । यसैबिच युवकले कथामा मीनालाई "तिम्रो लागि दुर्गन्ध-सुगन्ध, भलादमी-बदमास, देशी-विदेशी, आफन्त-परायी सारा बराबर छन् । भनेकी होइनौ- माया केबल जवानी र जीउ हो ! फेरि केको दुर्गन्ध ? म्वाइँ त खाएकै होला !" (भिक्षु, २०३२, पृ. ३१) भनेको छ । यस उद्धरणमा मीनाको आचरणबाट युवक उससँग असन्तुष्ट भएको देखाइएको छ । उसले माया केवल जवानी र जीउ हो भन्दै भलादमी-बदमास, देशी-विदेशी, आफन्त-परायीलगायत भेटेका सबैलाई म्वाइँ खाँदै हिँड्ने मीनाका लागि दुर्गन्ध र सुगन्ध बराबर भएको

भनेको छ । प्रत्यक्षतः यसो भनेर उसले मीनालाई चारित्रिक रूपमा भ्रष्ट भएकी देखाउन खोजेको छ । युवकले यसो भन्नुको कारण मीनाको व्यवहारबाट आफूमा भइरहेको हीनत्वको क्षतिपूर्ति गरी श्रेष्ठत्व प्राप्त गर्नुरहेको देखिन्छ । कुराकानीको सिलसिलामा मीनाले युवकसँग कथामा "म त तिमीहरूजस्तो हैन ! थाहा छ, कुनै दिन हामीलाई कसैले नजर उठाएर हेर्ने साहस गर्दैनथे, भने अह्राएको त कुकुरजस्तो, हवस् सरकार भन्दै दगुर्दथे, त्यसैमा हुर्केबढेकी अहिले कहाँ बिर्सिएको छ र ?" (भिक्षु, २०३२, पृ. ३५-३६) भनेकी छ । यस उद्धरणमा आएको तथ्यबाट मीनाले उच्चता प्रदर्शन गर्न खोजेकी देखिन्छ । उसले युवक पात्रका अगाडि आफूलाई ऊभन्दा विशिष्ट एवम् शासक वर्गको भएकी र अहिले पनि आफूमा त्यो गुण रहिरहेको भनेकी छ । यसबाट उसले आफूलाई माथिल्लो वर्गको देखाउन खोजेर श्रेष्ठत्व प्रदर्शन गर्न चाहेकी स्पष्ट हुन्छ ।

कथामा रोयल होटल क्लबको एउटा रात्रीको घटनामा मीना युवकसँग बसिरहेकी बेला उसको परवाह नै नगरी दाह्रीवालको मोटरमा बसेर गएपछि युवक अपमानित भएर घर फर्किएको कथामा देखाइएको छ । यस सन्दर्भमा कथामा "मीनाप्रति एक पटक उसमा निकै क्रोध उम्लेर आयो, ... प्रबल घृणा र पराजयबोधको रापले कदाचित सारा अन्तर्वारि सुकेर गएको थियो" (भिक्षु, २०३२, पृ. ३८) भनिएको छ । यस उद्धरणबाट युवक पात्र आक्रोशित देखिएको छ । मीनाले आफूलाई बेमतलव गरी दारीवालसँग गएको घटनालाई युवकले गम्भीर रूपमा लिएर यसबाट आफ्नो सारा अन्तर्वारि सुकेर गएको भन्दै आफू पराजित भएको ठानेको छ । यसपछि युवकले अबदेखि त्यो रोयल होटलको क्लबमा नजाने निर्णयमा पुगी लिखित रूपमै क्लबको सदस्यता त्यागको पत्र लेखेर पठाएको छ । यस्तो निर्णयले युवकको मानसिकतामा हीनत्वबोध भएको देखिन्छ । यसैबिच दाह्रीवालसँग मोटरमा गएकी मीना गम्भीर घाइते भएर वीर अस्पतालमा उपचाररत भएकी कथामा देखाइएको छ । मीनाको बारेमा खबर पाएर अस्पतालमा भेट्न पुगेको युवकसँग उसले कथामा "कम्मरचाहिँ बाङ्गिने भयो.....। त्यति..... त्यति राम्री त रहन सक्तिनँ .....तर अब त राम्री रहेर बस्ने .....मन पनि ..... छैन" (भिक्षु, २०३२, पृ. ४१) भनेकी छ । यस उद्धरणमा मीनालाई जीवनप्रति निराशक्त बनेकी देखाइएको छ । उसले दुर्घटनामा परेर कम्मर नै बाङ्गिने भएपछि अब आफू शारीरिक रूपमा स्वस्थ अनि राम्री रहन नसक्ने र राम्री रहेर बस्ने मन पनि नभएको भनेकी छ । यसबाट जीउ र जवानीलाई नै बढी महत्त्व दिने ऊ आफ्नो शारीरिक अवस्थालाई सम्झेर निराश भएकी छ । यसले गर्दा उसको मानसिकतामा हीनत्वबोधको स्थिति बनेको देखापर्छ । कथामा प्रस्तुत उल्लिखित विविध घटनासन्दर्भबाट युवक र मीना पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

'मीना' कथामा युवक मीनाबाट हेपिएको छ भने मीनाले युवकलाई प्रेमका बारेमा धम्काएर अनि आफू शासकवर्ग र उच्च कुलकी हुँ भनेर होच्याउन खोजेकी छ । युवकले पनि मीनाको चरित्रमाथि प्रश्न उठाएर उसलाई नीच देखाउन खोजेको छ र उसको व्यवहार देखेर आक्रोशित भएको छ । उसले आफूलाई भन्दा दारीवाललाई महत्त्व दिँदा आफू पराजय भएको ठानेको छ । मीना दुर्घटनामा परेर घाइते भएपछि आफ्नो जीउ पहिलेको जस्तो नरहने ठानेर निराश भएकी छ । यी विविध सन्दर्भले गर्दा दुवै पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् । यसरी मीना र युवक दुवै पात्रलाई हीनत्वबोध र

श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२३) दुई अनुभूत सत्य (द्वितीय अनुभूत)

'दुई अनुभूत सत्य' कथाको द्वितीय अनुभूत सत्य खण्डको म पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय देखिएको छ । कथामा पच्चीस वर्ष पहिले काठमाडौँका दुईचार जना हितैषी मित्रहरूले सुनाएका कुराबाट उसको मानसिकतामा मनोद्वन्द्वको प्रारम्भ भएको देखाइएको छ । यस सन्दर्भमा म पात्रले कथामा "फलाना -फलानाहरू मेरो बडो निन्दा भइरहेको छ, ममाथि अनेकन घृणा चरित्रहीनताको प्रचार गर्दै आफ्नो विष बुद्धिको प्रभाव हेर्दै ती चरम तुष्टिलाभ गरिरहेका छन्" (भिक्षु, २०३२, पृ. ४८) भनेको छ । यस उद्धरणमा म पात्रका हितैषीले सुनाएअनुसार केही मानिसहरू उसप्रति घृणा र निन्दा फैलाउँदै हिँडेका छन् । आफूले केही नराम्रो नगरेकामा पनि घृणा र निन्दा गर्ने मानिसका कार्यबाट उसले हीनत्वबोध गरेको देखिन्छ । त्यसपछि कुरा सुनाउने हितैषीसँग म पात्रले "सुनाउनेहरूसित भन्दिएँ– भन्न देऊ, यो दुनियाँ हो, निन्दकहरूसित कुनै व्यस्तता, कुनै काम नै छैन होला, बेकामको टाउकोमा शैतानको सवारी भएको होला' कदाचिद् हितैषीहरूभित्र पनि मेरो निन्दाप्रति कुनै स्वयम्को पनि आकर्षणै भएर होला, कुरा सुनाउने क्रम चाहिँ समाप्त भएन" (भिक्षु, २०३२, पृ. ४८) भनेको छ । यस उद्धरणमा म पात्रले निन्दकहरूको कुराप्रति मतलब गर्न नचाहेको देखाइएको छ । उसले आफ्नो बारेमा घृणा र निन्दा गर्ने निन्दकहरू काम केही नभएका मानिस भएकोले समय बियाँल्न मात्र त्यस्तो कुरा गरेका र त्यस्ताको पछि लाग्ने समय र फुर्सद नभएको जवाफ हितैषीलाई दिएर उसले आफूलाई निन्दकहरूभन्दा विशिष्ट र व्यस्त देखाउन खोजेको छ । यसो गरेर उसले आफ्नो श्रेष्ठत्व स्थापित गर्न चाहेको देखिन्छ ।

कथामा हितैषीलाई दिएको जवाफबाट मात्र म पात्रको मन सन्तुष्ट हुन सकेको छैन । उसले आफूलाई चिन्दै नचिनेका मानिसहरूले व्यर्थका अपवाद किन चलाएका होलान् भन्ने कुरा सोच्न थालेको छ । यस सन्दर्भमा म पात्रले कथामा "आफैलाई छामेँ, 'साँच्चिकै त्यस्तो दुष्चरित्रता मैले गरेको हुँ कि ?' लिएर विपक्षीय तर्कलाई नै बलियो पारी आफूभित्रै आफ्नैमाथि मुद्दा चलाएँ" (भिक्षु, २०३२, पृ. ४८) भनेको छ । यस उद्धरणमा म पात्रले आफैलाई विपक्षी बनाएर आफ्नो कमजोरी खोज्न थालेको देखाइएको छ । उसले आफैलाई छाम्ने र कुनै दुष्चरित्रता आफूबाट भएछ कि भनेर स्वयम्लाई शङ्काको घेरामा राखेकोको छ । यसबाट उसको मानसिकतामा हीनत्वबोध भएको देखिन्छ । जति गर्दा पनि उसले दुष्चरित्र मान्न सकिने कुनै काम आफूले गरेको पाएको छैन । यसबाट निन्दक पक्षले आफूलाई मिथ्या निन्दा गरेको भन्ने कुरामा ऊ प्रस्ट भएको देखिन्छ । यसपछि उसले फेरि श्रेष्ठताको अनुभूति गरेको देखापर्छ ।

कथामा म पात्रलाई निन्दा र घृणा गर्ने निन्दक दलको सदस्यमा एक जना पढेलेखेको बी.एस्सी. डिग्रीधारी सज्जन युवक पनि भएको थाहा पाएर म पात्र उसलाई भेट्न गएको कथामा देखाइएको छ । यस सन्दर्भमा कथामा "विद्याको तेजले हो वा आफ्नैप्रतिको अग्घोर हुल्याइँको आबद्धताले होला, उनको अनुहारमा एउटा अनौठोको असहनीयताको चित्रण प्रस्टै

थियो । मानो सबैलाई, सारालाई र समस्तको अस्वीकार नै उनको अस्तित्व धुरी थियो" (भिक्षु, २०३२, पृ. ५०) भनिएको छ । यस उद्धरणबाट म पात्र आश्चर्यमा परेको देखिन्छ । त्यत्रो पढेलेखेको विद्वान् मानिसमा पनि अरूप्रति असहनीय देखिने, अरूलाई अस्वीकार गर्ने र आफूलाई नै धुरी ठान्ने स्वभाव देखेर म पात्र कुण्ठित भएको छ । यसबाट उसको अन्तर्मानसिकतामा हीनत्वबोध भएको देखिन्छ । कुराकानी अघि बढ्दै जाँदा म पात्रले विद्वान् युवकका बारेमा भित्री कुरा थाहा पाएको छ । यस सन्दर्भमा म पात्रले "मलाई विश्वास भइसकेको थियो कि मेरो सामुन्यको यो युवक 'हा-हा-हु-हु-मा' लाग्ने अनुभवहीन तर यौवनदर्पले उद्दीप्त कोरा युवक मात्रै हो । जसमा होसबाहेक जोस मात्रै थियो" (भिक्षु, २०३२, पृ. ५०) भनेको छ । यस उद्धरणमा युवक कुरा नबुझी निन्दक बनेको रहेछ भन्ने कुरामा म पात्र स्पष्ट भएको देखाइएको छ । युवकका बारेमा यस्तो भित्री तथ्य थाहा पाउन सकेकामा म पात्र सन्तुष्ट भएको छ । यसबाट युवक बुझेर नभई अरूको लहैलहैमा लागेर निन्दक बनेको रहेछ भन्ने महसुस गरी म पात्रले श्रेष्ठत्वको अनुभूति गर्दै गरेको कथामा देखिन्छ ।

कथामा म पात्रले युवकसँग आफूलाई मधिसे भनेर दुर्नाम चलाउने प्रयत्न भएको भनेर पनि असन्तुष्टि व्यक्त गरेको छ । यस सन्दर्भमा उसले "काठमाडौंबाहिरबाट आएका (अझ मधिसे भनाउँदा हेला-प्राप्त) मानिसले काठमाडौं राजधानीमा यतिको नाउँ कमाएको, सम्मान अर्जित गरेको व्यक्ति भएको छु, अब के गरी यस जाबोलाई तल खसाल्न सकिन्छ इत्यादिको लागि दुर्नाम चलाइदिनु मात्रै तिनीहरूको एक मात्र अस्त्र भएको छ" (भिक्षु, २०३२, पृ. ५०-५१) भनेको छ । यस उद्धरणमा म पात्रले काठमाडौँबाहिर अझ मधेशबाट आएर एउटा मधिसेले काठमाडौँमा यत्तिको नाउँ र सम्मान आर्जन गरेको व्यक्ति हुँ भनेर आफूलाई चिनाएको छ । आफ्नो दुर्नाम चलाउनेहरू प्रगति गरेको देखेर खसाल्न चाहनेहरू भएको तर्क पनि म पात्रले गरेको छ । यसो भनेर म पात्रले युवकका अगाडि आफ्नो श्रेष्ठत्व प्रदर्शन गर्न चाहेको स्पष्ट हुन्छ । केही व्यक्तिहरू यसरी आफूले प्राप्त गरेको नाउँ र सम्मान सुपाच्य नभएर खसाल्न र दुर्नाम चलाउन आफ्नो निन्दक बनी हिँडेको कुराबाट म पात्रले हीनत्वबोध गरेको देखिन्छ । म पात्र र विद्वान् युवकका बिच धेरै कुराकानी र विमर्श भएको छ । यसपछि त्यस विद्वान् युवकले "त्यस्तो कुरामा लागेकोमा मलाई धेरै दुःख छ । म लज्जित भएको छु । तपाईं आश्वस्त हुनुहोस्, मतिरबाट तपाईंमाथि कुनै आरोप छैन" (भिक्षु, २०३२, पृ. ५१) भनेको छ । यस उद्धरणमा प्रस्तुत विद्वान् युवकको अभिव्यक्तिबाट म पात्र सन्तुष्ट देखिएको छ । बनारसबाट बी.एस्सी. अध्ययन पूरा गरेर आएको सज्जन युवकले म पात्रप्रति आफू निन्दक बनेर हिँडेकामा दुःख प्रकट गर्दै लज्जित भएको भनेर अब आयन्दा यस्तो कार्यमा नलाग्ने भन्दै उसलाई आश्वस्त तुल्याएको देखिन्छ । यसलाई म पात्रले आफ्नो लक्ष्यअनुसार विजय हासिल गर्न सफल भएको भन्ने ठानेर श्रेष्ठत्वप्राप्तिको अनुभूति गरेको देखिन आएको छ । कथामा प्रस्तुत यी घटनासन्दर्भबाट म पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएको छ ।

'दुई अनुभूत सत्य' कथाको यस द्वितीय अनुभूत सत्य खण्डको म हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वका चापमा परेको पात्र हो । कथामा उसका हितैषीले सुनाएका कुरा, निन्दकहरूले फैलाएको भ्रम, म पात्रको बेवास्ता, उसले आफैलाई जाँच्न गरेको प्रयास, विद्वान् युवकसँगको भेटघाट र छलफल, म पात्रले आफ्नो प्रतिरक्षाका लागि लिएको

अडान, युवक पात्रले म पात्रप्रति देखाएको सद्भावलगायतका विविध कथात्मक घटनामा म पात्रले क्रियाशील भएर निर्वाह गरेको भूमिकाबाट उसको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति देखिएको छ। यसरी म पात्रका अन्तर्मानसिकतामा यस किसिमको मनोद्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ।

(२४) मिस्त्री

'मिस्त्री' कथाका हरिभाइ र हिरामान हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन्। कथामा हरिभाइ मोटरसाइकल मर्मत गर्ने ग्यारेज सञ्चालन गरेर त्यसैलाई आफ्नो पेसा अँगाली जीवन चलाउँदै आएको पात्रका रूपमा देखिएको छ। यही पेसामा लागेर ऊ कुशल मिस्त्री बन्न सफल भएको छ। उसको मर्मत ग्यारेजमा मर्मतका लागि ल्याइएका भरिभराउ मोटरसाइकल छन्। बिहानदेखि बेलुकासम्म मर्मतको काममा उसलाई खटिइरहनुपर्छ। यति अनुभवी मिस्त्री हरिभाइलाई कहिलेकाहीँ आफ्नै सीपले धोका दिने गरेको छ। यस सन्दर्भमा कथामा "सारै दिक्दारीको अनुहारसाथ हरिभाइ ! पूरा तीन घन्टा लगाउँदा पनि एउटा जाबो मोटरसाइकलको बदमासी पत्तै नलाग्ने ! एकाएक त्यसलाई त्यसै उखे्र-पुखेको छोडेर भित्र दलानबाट हरिभाइले ल्यायो–आफ्नो पुरानो, धूसरित, थोत्रो उज्रेको जस्तो अनुहारवाला मोटर साइकिल !" (भिक्षु, २०३२, पृ. ५४) भनिएको छ। यस उद्धरणमा हरिभाइ आश्चर्यमा परेको देखिन्छ। एउटा बिग्रेको मोटरसाइकललाई तीन घण्टा समय दिएर मर्मतमा जुधेको छ तर बिग्रेको समस्या पत्तो लाग्न सकेको छैन। जीवनभरिको लगाव र श्रमसीप मोटरसाइकल मर्मतमै लगाउँदै आएको भए पनि कहिलेकाहीँ मर्मत गर्नको लागि ल्याइएका मोटरसाइकलमा खास के समस्या छ भन्ने कुरा पत्ता लगाउन नसक्दा उसलाई दिक्क लाग्ने गरेको छ। यसले कताकता उसमा हीनत्वबोध सिर्जना गर्ने गरेको देखिन्छ ।

फेरि हरिभाइ मर्मतमा तल्लीन भएको छ। यस सन्दर्भमा कथामा "उसको एउटा पार्टमा बिस्तारै ठोकठाक ! जडान गऱ्यो। 'छिः यति मात्रै अघि नै किन थाहा नपाएको ?' हत्पत्साथ पूरा फिटिङ्ग गर्दा पनि आधा घन्टा त लाग्यो नै !" (भिक्षु, २०३२, पृ. ५४) भनिएको छ। यस उद्धरणमा हरिभाइ प्रसन्न देखिएको छ। मर्मत गर्न थालेको मोटरसाइकलको बिग्रेको भागमा बिस्तारै ठोकठाक पारेर जडान गरेपछि ऊ समस्या समाधान गर्न सफल भएको छ। हतारिदै उसले फुकालेका मोटरसाइकलका पाटपूर्जालाई जोडेको छ। यसै गरी उसले बिग्रेका र मर्मत गर्नका लागि ल्याइएका मोटरसाइकललाई मर्मत गर्ने गरेको छ। मर्मत गर्न सफल भएकोमा उसले श्रेष्ठत्वप्राप्तिको बोध गरेको देखिन्छ। बजारमा नयाँनयाँ रूपका अनेक किसिमका मोटरसाइकल आइसकेका र ती बिग्रेर हरिभाइकै ग्यारेजमा मर्मतको लागि आइपुग्ने गरेका छन्। यसो भए पनि उसले आजित भएको मोटरसाइकलको मालिकसँग पचहत्तर रूपयाँमा किनेको थोत्रो मोटरसाइकललाई निकै रुचाउने गरेको छ। त्यो थोत्रो उसका लागि सीपको ऊर्जाजस्तो छ अनि गौरव र इज्जतको पहिचान बनेको छ। त्यही थोत्रो मोटरसाइकल चढेर बजार घुम्दा हरिभाइले श्रेष्ठत्वप्राप्तिको बोध गर्ने गरेको देखिन्छ।

एक दिन हरिभाइ गुठीको कामले भक्तपुर गएर फर्किएपछि आफ्नो थोत्रो मोटरसाइकल नदेखेर छोरालाई सोद्धा छोरा हिरामानले त्यस्तो थोत्रो गाडी के राख्नु भनेर कार्वोरेटर, चेन, लाइटलगायतका मूल्यवान् पार्टपूर्जा निकालेर राखी गाडी भने पुराना थोत्रा फलाम किन्नेहरूसित बेचिदिएको कुरा सुनाएको छ । यस घटनापछि हरिभाइले छोरासँग "हेर बाबु मलाई केही पनि सुभ्दैन ! जम्मै बिसँ केरे ! मेरो मुटु नै छैन । अब यो रोजगार तँलाई नै सँभाल्नुपर्‍यो । सिकिसकेकै छस् । अब म काम गर्न सक्तिनँ" (भिक्षु, २०३२, पृ. ६२) भनेको छ । यस उद्धरणमा आएको अभिव्यक्तिबाट हरिभाइ निराश भएको देखिन्छ । ऊ नभएको बेलामा छोराले नसोधिकनै उसको निकै प्यारो तर थोत्रो मोटरसाइकल बेचबाच पारेको छ । यही थोत्रो मोटरसाइकल बिक्रीसम्बन्धी घटनाले गर्दा हरिभाइ केही गर्न नसक्ने भएको देखिएको छ । उसले आफ्नो प्रतिष्ठा, इज्जत र सान सबै सकिएको महसुस गरेको छ । ऊ हारेको, अस्तित्वहीन भएको र दीनहीन हुन पुगेको जस्तो देखिएको छ । यसबाट हरिभाइको अन्तर्मानसिकतामा चरम हीनत्वबोधको सिर्जना भएको छ । यसरी ऊ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको कथामा देखिन्छ ।

कथामा हिरामान हरिभाइको छोराको भूमिकामा देखिएको छ । उसले बाबुसँग आफ्नै ग्यारेजमा मोटरसाइकल मर्मतको काम गर्ने गरेको छ । सहरभरिबाट उसको ग्यारेजमा अनेकथरि नयाँनयाँ रूपका मोटरसाइकल मर्मतका लागि ल्याइने गरेका छन् । उसकहाँ भने बाबुले पचहत्तर रूपयाँमा किनेको थोत्रो मोटरसाइकल छ । उसको बाबु त्यो थोत्रो मोटरसाइकललाई औधी माया गर्छ र त्यसलाई बेचेर अर्को नयाँ ल्याउन मान्दैन । यस सन्दर्भमा कथामा "छोरो हिरामानले फेरि एकपल्ट आँखा पुर्‍यायो त्यही हरिभाइको पुरानो झम्पटमा, हेर्दाहेर्दै उसको आँखाको टलक घृणाले झन् चहकिलो भयो । अझ अनुहार भने रिसले मुर्मुरिएको प्रस्टै थियो" (भिक्षु, २०३२, पृ. ५५) भनिएको छ । यस उद्धरणबाट हिरामान मुर्मुरिएको देखिन्छ । उसलाई बजारमा आएको रसियन मोटरसाइकल किन्न मन लागेको छ तर मन भएर पनि उसका बाबु हरिभाइको चाहना नहुँदा त्यही थोत्रो झम्पट हेरेर बस्नुपरेको छ । यसले गर्दा उसमा घृणा र रिस पनि उठ्ने गरेको छ अनि थोत्रो मोटरसाइकल फेर्न नसक्दा उसको मानसिकता हीनत्वबोधको चापमा पर्न गएको देखिन्छ ।

म्याट्रिक पास गरेर रात्रीशालामा पढ्दै गरेको हिरामान रसियन मोटरसाइकल किनेर त्यसैमा दिनदिनै स्कुल जानेआउने गर्न पाए हुन्थ्यो भन्ने सोचमा देखिएको छ । यसैबिच उसले एकदिन रातिको खाना खाने बेलामा "पुरानो मोटरसाइकल बेचेर तीस रूपयाँ महिनावारी तिर्ने गरी एउटा रसियन मोटरसाइकल किन्नै पर्‍यो केरे ! फेरि किस्तामा मोटरसाइकल दिने व्यवस्था बन्द भए पाइँदै पाइँदैन, मौका भेट्टाएको किन छोड्नु ?" (भिक्षु, २०३२, पृ. ५९) भनी कुरा चलाएको छ । यस उद्धरणबाट हिरामान उत्साहित भएको देखिन्छ । उसले बाबु हरिभाइसमेत भएको समयमा पुरानो त्यो थोत्रो मोटरसाइकललाई बेचेर नयाँ किन्ने प्रस्ताव गरेको छ । बाबु हरिभाइ भने छोराको कुरामा केही पनि बोलेको देखिँदैन । छोराको प्रस्तावमा हरिभाइको मौनताबाट हिरामानले बाबुलाई आफ्नो प्रस्ताव मन नपरेको भन्ने थाहा पाइसकेको छ । बजारमा महिनावारी किस्ता तिर्ने गरी रसियन मोटरसाइकल किन्न पाइने भएकाले थोत्रो मोटरसाइकलको सट्टामा नयाँ किन्ने उसको तीव्र चाहना रहेको छ । बाबुसँग यो कुरा पहिले

नै भन्न खोजेको भए पनि आज एकाएक भन्न सकेकामा उसको मानसिकतामा श्रेष्ठत्वप्राप्तिको बोध भएको देखिन्छ ।

हिरामानले बाबुलाई थाहै नदिई रसियन मोटरसाइकल किस्तामा किन्ने प्रक्रिया अघि बढाएको कथामा देखाइएको छ । एक दिन हरिभाइ गुठीको कामले भक्तपुरतिर गएकामा भोलिपल्ट बेलुकी फर्किएर घरमा आएपछि आफ्नो थोत्रो मोटरसाइकल नदेखेर छोरा हिरामानलाई सोद्धा उसले कथामा "त्यस्तो थोत्रो गाडी के राख्नु ! कार्वोरेटर, चेन, लाइट, किक र भित्रका कइयन चक्काहरूयावत् झिकेर राखेको छु। ... गाडी भने पुराना थोत्रा फलाम किन्नेहरूसित बेचिदिएँ !" (भिक्षु, २०३२, पृ. ६१) भनेको छ । यस उद्धरणबाट हिरामान खुसी भएको देखिन्छ । उसले बाबु हरिभाइलाई ढुक्कसाथ त्यस्तो थोत्रो मोटरसाइकल के राख्नु भनेर कार्वोरेटर, चेन, लाइट, किकलगायतका प्रयोगमा आउने पूर्जा राखेर अरू थोात्रा फलाम किन्नेलाई बेचिदिएको भनेको छ । पुरानो मोटरसाइकललाई पन्छाएर नयाँ रसियन मोटरसाइकल किन्नको लागि प्रक्रिया पनि अघि बढाएर हिरामानले आफ्नो मानसिकतामा हीनत्व सिर्जना गरिरहेको मुख्य कारकलाई निवारण गरी श्रेष्ठत्व प्राप्त गर्न चाहेको छ । अर्कोतर्फ श्रेष्ठत्वप्राप्तिको लागि आफूले चालेका कदमकै कारणले गर्दा बाबु हरिभाइ सर्वस्व गुमाई जुवा हारेको जुवाडेझैं दीनहीन, थाकेको र स्वयम् अविश्वस्त हुन पुगेकामा हिरामानका अन्तर्मानसिकतामा बाबुको त्यस अवस्थाले आफूले गल्ती गरेँ कि भन्ने भएर हीनत्वबोधको स्थिति सिर्जना भएको छ । उल्लिखित कथात्मक सन्दर्भबाट हरिभाइ र हिरामान दुवै पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

'मिस्त्री' कथाका बाबु हरिभाइ र छोरो हिरामान थोत्रो मोटरसाइकललाई केन्द्रक बनाएर हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् । थोत्रो मोटरसाइकल नबेचेर घरमै राखिरहँदा हरिभाइले श्रेष्ठत्वप्राप्तिको बोध गर्ने गरेको र हिरामानमा यसले हीनत्वबोध गराइरहेको देखिन्छ भने त्यसलाई बेचेर नयाँ ल्याउने कुरा अघि बढ्दा छोराले श्रेष्ठत्व प्राप्त गरेको र बाबुले हीनत्वबोध गरेको छ । यसरी दुई पात्र हरिभाइ र हिरामानका अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२५) बाबुसाहेबचा

'बाबुसाहेबचा' कथाको बाबुसाहेबचा पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय देखिएको छ । कथामा उसलाई राणा परिवारसम्बद्ध व्यक्ति भनेर चिनाइएको छ । देशमा प्रजातन्त्र आएपछि अन्य राणा परिवारका सदस्यहरूको जस्तै उसको घरको आर्थिक अवस्था पनि निकै दयनीय भएको छ । यसले गर्दा ऊ बाटो सडकमा सुकामोहर मागेर जीविका चलाउनुपर्ने अवस्थामा पुगेको देखिन्छ । सम्पन्न र विलासी जीवन बिताइरहेको ऊ एकाएक यस्तो अवस्थामा पुगेपछि हीनत्वबोधको चपेटामा पर्न गएको स्पष्ट हुन्छ । यस्तो अवस्थाका बिच पनि उसले अरूका अगाडि सम्भव भएसम्म आफ्नो इज्जतलाई बचाउने प्रयास गर्ने गरेको छ । कथाको सुरुमै आफूलाई मोहर दिन खोजेको युवकलाई उसले "फ्याँक् न-फ्याँक्, फाल्देन ! बडो ठूलो बन्न आएको रे ! हुति छ भने फ्याँक् ! यस्ता पैसा कति फ्याँकियो कति ! तेरो पैसा हेर्न म बसेको हुँ र ? फ्याँक् .....

आफ्नो बाटो लाग्" (भिक्षु, २०३२, पृ. ६३) भनेको छ । यस उद्धरणमा बाबुसाहेबले आफ्नो उच्चता देखाउन खोजेको पाइन्छ । उसले युवकलाई ठूलो बन्न मोहोर फ्याक्ने कुरा गरेको आरोप लगाउँदै हिम्मत भए फ्याकेर देखाउन चुनौती दिएको छ । उसले युवकले फ्याक्ने मोहोर पैसा हेर्न आफू नबसेको पनि भनेको छ । युवकले मोहर फ्याँकेर गएपछि त्यसलाई टिपेर खल्तीमा राखेको बाबुसाहेबचाले उसको अगाडि भने यस्ता पैसा कति फ्याँकियो कति भनेर आफ्नो श्रेष्ठत्व देखाउन खोजेको छ ।

कथामा युवकसँग उसले भनेका कुरा सुन्ने र युवकले मोहर फ्याँकेर गएपछि टिपेर खल्तीमा राखेको देख्ने मानिसले बाबुसाहेबचासँग "होइन राजा, जाने मानिसो मोहोर दिंदा हजुर्ले गाली गर्नु भो, तर फालेर हिंडेपछि मोहोर टिपेर खल्तीमा किन राखनु भयो त ?" (भिक्षु, २०३२, पृ. ६३) भनेको छ । यस उद्धरणमा मासिसले राजा भनी सम्बोधन गर्दै सुका मोहोरका विषयमा जिज्ञासा राख्दा सुकामोहर माग्दै र टिप्दै हिँड्ने आफूजस्तो व्यक्तिलाई राजा भनेकोमा बाबुसाहेबचाले हीनत्वबोध गरेको छ । त्यस मानिसको जिज्ञासाको जबाफमा बाबुसाहेबचाले "हामीकहाँ सर्खार-सर्खार भनेर माग्न आउँथे; यो झूठो कुरो त होइन, भन्नुस्न ! अनि आज अलिक हाम्रो रबाफ घटे पनि हाम्रो घरान त त्यही हो नि ! रगत भने त्यही; शासन त हातमा आउँछ-जान्छ" (भिक्षु, २०३२, पृ. ६४) भनेको छ । यस उद्धरणमा बाबुसाहेबचाले आफूहरू पनि सरकार चलाएर माग्न आउनेलाई धेरै बाँडेको घरानको मानिस हौं भनेर सम्झाएको छ । अहिले शासन अर्कैको हातमा भए पनि त्यो आउनेजाने गर्ने हुनाले पछि फेरि आफूहरूको हातमा आउन पनि सक्ने भएकाले यसलाई सामान्य रूपमा लिनुपर्ने उसको विचार देखिन्छ । यसो भनेर उसले जिज्ञासा राख्ने मानिससँग आफ्नो श्रेष्ठत्व प्रदर्शन गर्न चाहेको छ ।

कथामा जिज्ञासा राख्ने मानिससँग छुट्टिएर बाबुसाहेबचा बाटो लागेको छ । अगाडि बढ्दै गर्दा कुनै केटोले सुन्ने गरी भनेको कुरालाई उसले "उः बाबुसाहेबचा !' उसले सम्झ्यो उसको नामबाट हजुर, सरकार हटेर गएको छ । बाबुसाहेब पनि 'बाबुसाहेबचा' हुन गएको छ" (भिक्षु, २०३२, पृ. ६४) भनी सम्झेको छ । यस उद्धरणमा बाबुसाहेबचा निराश देखिएको पाइन्छ । उसको नामबाट हजुर, सरकारजस्ता सम्मानका शब्द हटेर गएका छन् । बाबुसाहेब पनि बाबुसाहेबचा हुन गएको छ । केटोले यसो भनेको सुन्दा देखिने गरी दुःख र झर्को केही नमाने पनि कताकता उसको मन दुखेको छ । यसले उसको मानसिकतामा हीनत्वबोध भएको देखिन्छ । बाहिरको वातावरण बाबुसाहेबचाको अनुकूल नभए पनि घरको वातावरण भने उसका लागि सम्मानयुक्त किसिमको छ । यस सन्दर्भमा कथामा "भात खान बस्ने आसन पुरानो भए पनि सम्मानप्रद नै थियो । ... थाल कचौरा चाँदीकै थिए" (भिक्षु, २०३२, पृ. ६५) भनिएको छ । यस उद्धरणमा खाना खान थाल्दा सम्मानप्रद आसन, चाँदीकै थाल र कटौरा इत्यादिले उसको मानसिकतामा श्रेष्ठत्वबोध गराएको बुझिन आउँछ । खाना खाँदाखाँदै नजिकै बसेकी तरुणी भइसकेकी छोरीलाई हेरेर बाबुसाहेबचाले पहिलेका कुरा सम्झेको छ । यस सन्दर्भमा कथामा "उ छोरीलाई हेरिरह्यो, हेरी रह्यो । उसले संझ्यो- यसको ददा थियो, धाई थिई, यसको पेरेम्बुलेटर थियो । आज केही पनि छैन । ... बच्चा-गाडी पनि अस्ति मात्रै बेंचेको । ..." (भिक्षु, २०३२, पृ. ६५) भनिएको छ । यस उद्धरणमा बाबुसाहेबचा आफ्ना र छोरीका पहिले भएका कुरा सम्झेर निराश भएको छ । उसले छोरीका धाई, ददा आज कोही

छैनन् । पेरेम्बुलेटर र बच्चा गाडी केही छैन । सबैले छोडेर गएका छन् । पहिले तलब नपाए पनि आफ्नोमा मानिस बसिरहन्थे तर अहिले परिस्थिति फेरिएको छ भन्दै मनमा अनेकथरी कुरा खेलाइरहेको छ । अहिलेको परिस्थितिसँग नमिल्ने पहिलेका यी सबै कुरा सम्झिँदा बाबुसाहेबचाको अन्तर्मानसिकतामा हीनत्वबोध भइरहेको देखिन्छ ।

कथामा घरको गरिबीको कारणले गर्दा बाबुसाहेबचाको पेसा माग्ने, टिप्ने र घरमा ल्याई त्यसैबाट व्यवहार चलाउने भइरहेको देखाइएको छ । एक दिन उसले बाहिरबाट छाता ल्याएर आएकोमा रानीसाहेबले हजुरको छाता च्यातिई थोत्रिएर काम नलाग्ने किसिमको भएको थियो, ठीकै भयो भन्दा उसले "अर्काको माल लिएर म बस्ने हुँ र ? यसलाई थोत्राउनु पर्दैन । जस्ताको तस्तै फर्काउनुपर्छ" (भिक्षु, २०३२, पृ. ६६) भनेको छ । यस उद्धरणबाट बाबुसाहेबचाले उच्चता देखाउन खोजेको देखिन्छ । यही भएर उसले त्यो छाता नफर्काउने गरी आफैलाई काम चल्छ भनेर ल्याएको भए पनि आफ्नी रानीसाहेबसँग नथोत्राई जस्ताको त्यस्तै फर्काउनुपर्छ भनेर अहिले भने जोगाइदिने उद्देश्यले ल्याएको भनेको छ । यसरी नै भेट्टाएर, टिपेर अनि खोसेर ल्याएका मालसामान राख्ने उसको छुट्टै आलमारी नै छ । त्यहाँ भएका सबै मालसामान अर्कैका भएकाले फर्काउनुपर्छ, थोत्राउनु हुँदैन भनेर आफूमा लाग्न सक्ने आक्षेप र त्यसबाट उत्पन्न हुन सक्ने हीनत्वलाई निवारण गर्न मिल्ने गरी परिवारलाई सम्झाएर श्रेष्ठत्व प्राप्त गर्ने प्रयत्नमा बाबुसाहेबचा लागिरहेको देखिन्छ ।

समयक्रमसँगै बाबुसाहेबचाको घरको आर्थिक अवस्था चल्नै नसक्ने गरी सङ्कटग्रस्त बन्दै गएको छ । यस सन्दर्भमा कथामा "कुनै बखत निकै रुपियाँको अनिवार्य आवश्यकता परेमा वा नतिरी धरै नपाइने कुनै तमसुक फर्फराउन थाल्दा त्यस भत्किन लागेको घरको कुनै अंशका काठपात, दलिन, टाइल वा इँटा बिक्री गरेर काम भने चलाइन्थ्यो" (भिक्षु, २०३२, पृ. ६८) भनिएको छ । यस उद्धरणमा बाबुसाहेबचाको नाजुक आर्थिक अवस्थालाई सङ्केत गरिएको छ । सापटी लिएको तिर्न नसकी रूपैयाँले चल्नै गाह्रो परेर उसले भत्किन लागेको आफ्नो घरका काठपात, दलिन, टाइल, इँटा आदि बेचेर काम चलाउने गरेको छ । यसरी चल्नुपर्ने अवस्था उसका लागि निकै नै दुःखदायी भएकाले यसबाट उसको मानसिकतामा हीनत्वबोध भएको देखिन्छ । एक दिन उसले रोयल होटलको वास मेसिनमा भेटेर कम्तीमा बीसपच्चीस हजार रूपैयाँ भारु मूल्य पर्ने हिराको औँठी लिएर आएको छ । त्यसलाई राख्न एउटा मखमली केससमेत किनेर यसरी नै प्राप्त भएका मालसामान राख्ने आलमारीमा त्यस औँठीलाई राख्दै उसले "तर जे गरेर पनि त्यसको मालिकको पत्ता नलगाई म छोड्ने हुँ र ? काठमाडौँकै भए त पत्ता लागिहाल्छ । ... कुनै विदेशकै माल भए बरु दसबीस खर्च गरेरै पनि बिलायतको कुनै पत्रिकामा विज्ञापनसमेत छपाई पत्ता लगाउनुपर्छ" (भिक्षु, २०३२, पृ. ६९) भनेको छ । यस उद्धरणबाट बाबुसाहेबचाले उच्चता प्रदर्शन गर्न चाहेको देखिन्छ । यसकै लागि उसले त्यो औँठी आफ्नै बनाउने उद्देश्यले ल्याएको भए पनि जतन होस् भनेर ल्याएको भनेको छ । सहज किसिमले औँठी फिर्ता गर्नको लागि आवश्यक परे पैसा खर्च गरेर विज्ञापन छपाएर पनि माल धनीको खोजी गर्ने कुरा उसले रानीसाहेबलाई सुनाएको छ । यस भनाइबाट उसले इमान्दारिता प्रस्तुत गरेर श्रेष्ठत्व प्राप्त गर्न चाहेको स्पष्ट हुन्छ ।

यता केही दिनदेखि बाबुसाहेबचाले एक पैसा पनि टिप्न नपाएको कथामा देखिन्छ । यस सन्दर्भमा कथामा "तर पैसा टिप्न नपाउने कुरो भने एउटा चिन्तनीय विषय हुन गएको

थियो । यो अभाव चाहिँ घरमा उसको जन्मजात अहङ्कारजन्य प्रवृत्तिको एउटा भयानक क्षति र सहिनसकिने पीरको त्यान्द्रो हुन जान्थ्यो" (भिक्षु, २०३२, पृ. ७०) भनिएको छ । यस उद्धरणले बाबुसाहेबचालाई चिन्तामा परेको देखाएको छ । घर व्यवहार चलाउन माग्दै र सुकामोहर टिप्दै हिँड्नु परेर यसै पनि दीनहीन बनेको बाबुसाहेबचाका लागि त्यही पनि टिप्न नपाउँदा र कतै सुकामोहर नभेट्दा भयानक क्षति र पीडाको स्थिति सिर्जना भएको छ । आर्थिक अभावकै कारणले हुर्केबढेकी छोरीको बिहे गर्न नसक्दा पनि उसले हीनत्वबोध गरिरहेको छ । आफ्नो मानइज्जतसँग मिल्ने खालको व्यक्ति आएको खण्डमा मात्र बल्ल छोरी दिने तर चुत्थोलाई नदिने कुरा गरेर उसले श्रेष्ठत्व दर्साउन पनि चाहेको देखिन्छ । यसैबिच सम्पत्तिवान् बस्नेत खलकको पढेलेखेको युवकसँग रानीसाहेबले छोरीको बिहेको लागि लमीमार्फत कुरा चलाएकी र सबै हेराउँदा चिना पनि मिलेकोले बिहे गर्न मिल्ने भएको कथामा देखाइएको छ । यस सन्दर्भमा बाबुसाहेबचाले कथामा "जात-भात ठीकै छ, पैसावाल पनि हुन्, तर चालामाला भने बेपारीजस्तै हो । घरानियाँको होइन ! ... हामीजस्तै त कहाँ भेट्टाइन्छ र ?" (भिक्षु, २०३२, पृ. ७१) भनेको छ । यस उद्धरणमा बाबुसाहेबचाले छोरीको विवाहको प्रसङ्गमा जातभात ठीकै देखिएको र केटातिरका पैसावाल भए पनि घरानियाँ भने होइनन् भनेको छ । आफूहरूजस्तै घरानियाँ भेटाउन नसकिने तर्क पनि उसले गरेको छ । यसो भनेर उसले श्रेष्ठत्व प्रस्तुत गर्न चाहेको देखिन्छ ।

कथामा छोरीको बिहेको लागि कम्तीमा पनि पन्ध्रबीस हजार चहिने र त्यत्रो रूपयाँ कतैबाट ऋणको रूपमा जुगाड नहुँदा बाबुसाहेबचाका मानसिकतामा हीनत्वबोध भएको छ । बिहे खर्चको लागि रूपयाँको प्रबन्ध हुन नसकिरहेको अवस्थामा दुलाहाले पशुपतिमा माला पहिरिएर पनि बिहे गर्न तयार भएको कुरा रानीसाहेबले सुनाउँदा उसले कथामा "म कुकुर हुँ र, यतिका दाजुभाइ छँदाछँदै यस्तरी छाँक टार्ने काम गरुँ ? बिहा भनेको मामुली कुरा हो र ?" (भिक्षु, २०३२, पृ. ७२) भनेको छ । यस उद्धरणबाट बाबुसाहेबचाले आफ्नी छोरीको बिहे भव्य किसिमले गर्न चाहेको देखिन्छ । जस्तोतस्तो तरिकाले बिहे गरेमा दाजुभाइबाट हेपिनुपर्ने भएकाले उसले छोरीको बिहेलाई मामुली रूपमा नलिन रानीसाहेबलाई सम्झाएको छ । यसबाट विशेष धुमधामका साथ छोरीको बिहे गरेर उसले श्रेष्ठत्व प्राप्त गर्न चाहेको स्पष्ट हुन्छ । पैसा नपुग्ने भएमा बरु मधेसको जग्गा भोगबन्धकमा राखेर त्यसबाट आएको रूपयाँले बिहे सम्पन्न गर्ने कि भन्ने पनि उसले सोचेको छ । अन्ततः पारिवारिक सल्लाहबमोजिम रोयल होटलमा भेटेको हिराको औँठी बन्धक राखेर बिहे खर्चको व्यवस्था गर्ने सहमति भएबमोजिम धुमधामसँग बाबुसाहेबचाकी छोरीको बिहे सम्पन्न भएको छ । यस सन्दर्भमा कथामा "आज छोरीको बिहाकाज जस्तो खँदिला-खर्चालुको परीक्षाका मार्मिक अवसरमा पनि सफल भयो, त्यसले गर्दा त्यो एउटा नैसर्गिक आत्मसन्तृप्ति पनि उपलब्ध भयो" (भिक्षु, २०३२, पृ. ७५) भनिएको छ । यस उद्धरणबाट बाबुसाहेचा सन्तुष्ट देखिएको छ । छोरीको बिहेजस्तो खर्चालु परीक्षामा सजिलो गरी सफल हुन सकेकामा उसले आत्मसन्तृप्ति प्राप्त गरेको छ । यसबाट बाबुसाहेबचाले श्रेष्ठत्वप्राप्तिको अनुभूति गरेको देखिन्छ ।

कथामा बिहे सम्पन्न भएर छोरी कर्मघर पठाएको केही दिनपछि छोरीज्वाइँ आएको बखतमा पारिवारिक कुराकानी भइरहँदा औँठी भेटेको कुरादेखि बिहेमा त्यसको उपयोग भएको सबै विवरण बाबुसाहेबचाले सुनाएपछि ज्वाइँचाहिँले कथामा "आत्तिबक्सनु पर्दैन । औँठी मेरै

थियो, त्यसको सट्टा हजुरले मलाई यस्तो हिरा सुम्पिबक्सेको छ जसको कुनै मोल छैन" (भिक्षु, २०३२, पृ. ७७) भनेको छ । यस उद्धरणमा आएको तथ्यबाट बाबुसाहेबचा झस्किएको छ । कल्पना नगरेको कुरा ज्वाइँको मुखबाट सुनेपछि आफूले छोरीको बिहे भव्य किसिमले सम्पन्न गरेर आर्जन गरेको उचाइ सबै ध्वस्त भएको अनुभूति पनि उसको मानसिकतामा आएको छ । ज्वाइँको कुरा सुनेपछि आफूबाट ठूलो भूल भएको र बाँच्नु बेकार भएको भन्ने पनि उसले ठानेको छ । यसले गर्दा बाबुसाहेबचा हीनत्वबोधको चरम दलदलमा परेको पाइन्छ । उल्लिखित विविध कथात्मक सन्दर्भबाट बाबुसाहेबचा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको स्पष्ट हुन्छ ।

'बाबुसाहेबचा' कथामा देशमा प्रजातन्त्र आएपछि घरको आर्थिक अवस्था दयनीय बन्न जाँदा बाबुसाहेबचा बाटोमा सुकामोहोर मागेर जीविका चलाउनुपर्ने अवस्थामा पुगेको छ । यसपछि इज्जत जोगाउनको लागि उसले गरेको प्रयास, अर्काका सामान टप्काएर ल्याउने वृत्ति र जतनका लागि फर्काउने गरी ल्याएको भन्ने तर्क, खर्च चलाउन पुरानो घरका काठपात र इँटाटायल बेच्न बाध्य भएको अवस्था, छोरीको बिहे, ज्वाइँको कुरा सुनेपछिको मानसिकतालगायत कथामा आएका घटनासन्दर्भमा ऊ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेको छ । यसरी बाबुसाहेबचाको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२६) रानीसाहेब

'रानीसाहेब' कथामा रानीसाहेब र सरकारी अधिकारी हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्रका रूपमा देखिएका छन् । कथामा रानीसाहेब राणा परिवारसम्बद्ध पात्र हो । देशमा प्रजातन्त्र आएपछि राणा परिवारका अरू सदस्यहरूको जस्तै उसको परिवारको आर्थिक अवस्था पनि सारै नै दयनीय भएको छ । रानीसाहेबको पति पनि स्वर्गे भइसकेकाले तरुणी भएका तीन छोरी र ऊसमेत चार जनाको परिवार पाल्न अनि राणावंशीय रबाफलाई धान्नको लागि उसलाई निकै गाह्रो भइरहेको कथामा देखाइएको छ । आर्थिक रूपमा धानिने कुनै उपयुक्त उपाय नपाएर रानीसाहेब भित्री तवरले छोरीहरूको उपयोग गरी आफ्नै घरदरबारमा वेश्यावृत्ति सञ्चालन गर्न बाध्य भएकी छ । राणा परिवारको त्यत्रो सानसौखत र धाकरबाफ सबै भत्किएर सामान्य किसिमले घरव्यवहार चलाउनको लागि पनि वेश्यावृत्तिको बाटो रोज्नुपरेकाले उसमा हीनत्वबोध भएको छ । कथाको अर्को पात्र सरकारी अधिकारी बनेर प्रस्तुत भएको छ । ऊ रानीसाहेबका तरुनी छोरीहरूका लोभले तानिएर गोप्य तवरले त्यहाँ आउने गरेको छ । खल्तीमा केही अतिरिक्त रूपयाँ पर्दासाथ रानीसाहेबकहाँ आउने गरेको अधिकारीलाई रानीसाहेबले तँ भनेर गर्ने सम्बोधन र तुच्छ व्यवहार भने उसलाई मन परेको देखिँदैन । यसले गर्दा उसको अन्तर्मानसिकतामा हीनत्वबोध भएको देखिन्छ ।

कथामा रानीसाहेबले आफूलाई उच्च देखाउँदै अनेक किसिमका कुरा गरेकी र उसका छोरी मैयाँहरूका बारेमा सोद्धा होच्याउने रबाफ देखाएकी छ । यस सन्दर्भमा कथामा सरकारी अधिकारीले कथामा "हजुरसित लाज मर्ने डर पनि त केही छैन नि ! रन्डीकोठी भन्ने नाउँ

काट्न अलिक नराम्रो उच्चारण मात्रै हो, नत्र भने काम त त्यही हो नै ! पैसा लिइयो र मैयाँहरूमध्ये रुचाएकी आई ! चाहे रातभरिलाई, चाहे छिनभरिलाई !" (भिक्षु, २०३२, पृ. १०१) भनेको छ । यस उद्धरणमा सरकारी अधिकारीले रानीसाहेबलाई होच्याउने प्रयत्न गरेको छ । उसले रानीसाहेबलाई पैसा लिएर छोरीहरूको प्रयोग गरी रन्डीकोठी चलाएर बसेको आरोप लगाएको छ । अधिकारीले यसो भनेर आफूलाई होच्याउने रानीसाहेबको प्रतिष्ठामाथि प्रहार गरेको छ र खुब रबाफ देखाउने उसको भित्री वास्तविकता प्रस्ट पारेर अधिकारीले आफूलाई श्रेष्ठ देखाउने प्रयास गरेको छ । सरकारी अधिकारीले छोरीहरू प्रयोग गरेर रन्डीकोठी चलाएको भन्ने जस्तो आरोप लगाई आफ्नो रबाफ र प्रतिष्ठामाथि आक्रमण गरेको ठानेर रानीसाहेबले कथामा "तँजस्ताले त्यस्तो कुरा भनेको छस् भने सुन् पनि ! रिसाउँछस् भने, तेरो कुनै डर छैन । डराउने भन्ने न त हाम्रो जात हो, न त रगत । हामी जो गछौं, जो गर्‍यौं त्यही नै मनासिब मान्नुपर्ने तँजस्ताको जात होला" (भिक्षु, २०३२, पृ. १०१) भनेकी छ । यस उद्धरणमा रानीसाहेबले आफूलाई उच्च देखाउने र सरकारी अधिकारीलाई होच्याउने प्रयास गरेकी देखाइएको छ । उसले सरकारी अधिकारीलाई तँ भनेर सम्बोधन गर्दै आफूलाई उससँग कुनै डर नभएको भनेकी छ । आफूले जे गरे पनि जात र रगतले नै आफू उच्च भएको धाक पनि उसले लगाएकी छ । उसले सरकारी अधिकारीलाई आफूहरूले जे गर्‍यो त्यसैलाई मनासिब मानेर हिँड्नुपर्ने जात र स्तरको भएको भनेर तुच्छ देखाउने प्रयास पनि गरेकी छ । आर्थिक दयनीयताले गर्दा घरमै वेश्यावृत्ति चलाउनुपरेकामा हीनत्वबोध गर्न पुगेकी रानीसाहेबले सरकारी अधिकारीलाई यस्ता कुरा सुनाएर श्रेष्ठत्व हासिल गर्न चाहेकी देखिन्छ ।

कथामा रानीसाहेबको शब्दवाण र होच्याउने व्यवहारबाट अपमानित महसुस गरेको सरकारी अधिकारीले आफूलाई उच्च देखाउने प्रयास गर्दै गरेको देखिन्छ । यस सन्दर्भमा कथामा 'पकेटमा तुरुन्तै हात घुसारी नोटको बाक्लो बिटो झिक्यो र सयको एउटा नोट तानेर रानीसाहेबलाई पक्राउँदै भन्यो- "... आज रातभरि म यहीँ बस्न आएको । केही ड्रिङ्क-स्निङ्क, मासु-सासु होटलबाटै मगाइबक्सियोस्न" (भिक्षु, २०३२, पृ. १०२) भनिएको छ । यस उद्धरणमा सरकारी अधिकारी आफ्ना लागि अनुकूल अवस्था सिर्जना गर्न अग्रसर देखिएको छ । उसले पकेटबाट एक सयको नोट निकालेर रानीसाहेबको हातमा थमाउँदै ड्रिङ्क र मासु मगाउन भनेको छ र आफू आज यहीँ बस्ने गरी आएको कुरा पनि गरेको छ । यसपछि रानीसाहेब मथ्थर भएकी छ र सरकारी अधिकारीसँग नरम र अनुकूल व्यवहार गर्न थालेकी छ । यसबाट अधिकारीले श्रेष्ठत्व भावको महसुस गर्न पाएको देखिन्छ । खानपान सबै भएर सुत्ने बेला भएपछि अधिकारीले आफ्नो सुत्ने व्यवस्थाको लागि सङ्केत गर्दा रानीसाहेबले कथामा "यतिमाको ठूलो दरबारमा तँलाई एउटा कोठा र ओछ्यान दिन नसकिने कुरा कसरी भनेको ? एउटा जन्ती नै बसाल्न सकिँदैन र ?" (भिक्षु, २०३२, पृ. १०३) भनेकी छ । यस उद्धरणमा आएको अभिव्यक्तिबाट रानीसाहेबले आफ्नो रबाफ देखाउन खोजेकी देखिन्छ । उसले आफ्नो घर ठूलो दरबार भएको र त्यसमा जन्ती नै बसाल्न सकिने हुँदा अधिकारीलाई सुत्नका लागि कुनै समस्या नहुने स्पष्ट गरेकी छ । यसो भनेर उसले श्रेष्ठत्व प्रदर्शन गर्न चाहेकी स्पष्ट हुन्छ । कुराकानीकै क्रममा उसले अधिकारीलाई आज यहीँ सुतेर मन पराएकी मैयाँसँग खेले पनि त्यो कुरा बाहिर भन्ने र आफूहरूलाई हेप्ने होच्याउने गर्न पाइँदैन नि भनेर सम्झाएकी पनि छ । यसबाट उसले आफूले बाहिर सुनाउन नहुने काम गरेकीले त्यस्तो कामका बारेमा बाहिर कुरा

खुलेमा अपमान हुन सक्ने भय मनमा पालेकी बुझ्न सकिन्छ । यस कुराबाट उसलाई आफूले अँगालेको कारोबारबाट हीनत्वबोध भइरहेको देखापर्छ ।

कथामा सरकारी अधिकारी रानीसाहेबकै घरदरबारमा आफूले चाहेकी मैयाँसँग रात बिताएर भोलिपल्ट बिहान घर फर्किएको छ । घरमा गएर खाना खाई कार्यालयमा पुगेर केही प्राथमिक काम पन्छाएपछि मात्र उसको सम्झनामा नोटको बिटो आएको छ । त्यो उसले रानीसाहेबकै दरबारमा आफू सुतेको ओछ्यानको तकियामुनि राखेको कुरा सम्झेको छ । कार्यालयमा दाखिला गर्नुपर्ने उक्त रूपयाँको बिटो रानीसाहेबको दरबारमा नै छुटेकाले अब त्यो कसरी ल्याउने भन्ने कुराले सरकारी अधिकारी चिन्तामा परेको छ र ऊ तर्सिएको पनि छ । यस सन्दर्भमा कथामा “जुर्मुराएर र एकपटक तुरुन्तै रानीसाहेबकहाँ पुग्ने उसको चेतना स्फुरित भयो । तर उत्तिखेरै सम्झनामा रानीसाहेबको दृढ अनुहार र सङ्कल्पशील कठोर मनको परिचय उदायो; अनि कुन्नि कस्तो अवशताले ऊ आफ्नो मेचमा झन् टाँसिएर गयो, चल्मलाउनपर्यन्त सकेन” (भिक्षु, २०३२, पृ. १०५) भनिएको छ । यस उद्धरणमा सरकारी अधिकारी तर्सिएको देखिन्छ । उसले जुर्मुराएर रानीसाहेबकहाँ पुगी रूपयाँको बिटो फिर्ता ल्याउनको लागि सोचेको भए पनि रानीसाहेबको दृढ अनि कठोर बानी र स्वभाव सम्झी हच्किएए कुर्चीमै टाँसिएर बसेको छ । अब के हुने हो भन्ने चिन्ताले उसको मानसिकतामा दु:ख एवम् ठूलो अपमान आइलाग्ने अनुभूति भएको छ । यसले गर्दा ऊ हीनत्वबोधको चापमा परेको देखिन्छ । त्यस दिन अधिकारी रानीसाहेबकहाँ जानै सकेको छैन । बरु ऊ कार्यालयबाट छुटेर आफूलाई रूपयाँको बिटो राख्न दिने कन्ट्रेक्टरलाई भेट्न उसको डेरामा पुगेको छ । भेटमा त्यो बिरामी परेकोले तीनचार दिन नआउने बुझेपछि सरकारी अधिकारीले ठूलो राहत र साहस प्राप्त गरेको देखिँदा उसले श्रेष्ठत्वप्राप्तिको अनुभूति गरेको देखिन्छ ।

भोलिपल्ट कार्यालय बिदा भएपछि साँझ त्यो सरकारी अधिकारी रूपैयाँको बिटो फिर्ता गर्ने उद्देश्यले रानीसाहेबकहाँ पुगेको कथामा देखाइएको छ । त्यहाँ उसले रूपैयाँको कुरा गर्दा रानीसाहेबले रूपैयाँ नफर्किने बताएपछि अधिकारीले कथामा “त्यसो भए भन्नु नै के छ र ? हजुरले रूपयाँ दिबक्सिन्न, मलाई बर्बाद हुनुपर्ने नै भयो । भोलिसम्ममा या त घरै बेच्नुपर्छ, या त्यो बन्दोबस्त भएन भने भ्यालखाना पस्नुपर्छ” (भिक्षु, २०३२, पृ. १०६) भनेको छ । यस उद्धरणमा सरकारी अधिकारी चिन्तित देखिएको छ । रानीसाहेबले रूपैयाँ फिर्ता नगरेमा उसको घरखेत नै हुने र जेल जानुपर्ने परिस्थिति देखिन्छ । छिटै आफू सबै कुराबाट बर्बाद हुने कुरा उसले रानीसाहेबलाई सुनाएको छ । यसले गर्दा ऊ सारै आत्तिएको छ र ठूलो अपमान बेहोर्नुपर्ने भयले हीनत्वबोध गरिरहेको छ । उता रानीसाहेबले खर्च भएको दुई सय कम बीस हजार रूपयाँको बिटो हल्लाउँदै र उफार्दै कथामा “अहिले यो मेरो हातमा छ, हातैमा, मेरो हातमा, यी तँलाई खेलाइरहेकी छु, हेर् तेरो पुर्पुरो खेलिरहेको छ, रबाफ खेलिरहेको छ, ठाँटबाँट खेलिरहेको छ, खेलेको यता हेर्न हेर्” (भिक्षु, २०३२, पृ. १०९) भनेकी छ । यस उद्धरणमा आएको अभिव्यक्तिबाट रानीसाहेबले सरकारी अधिकारीलाई पीडामाथि पीडा थप्ने धृष्टता गरिरहेकी देखिन्छ । उसले आफ्नो हातमा सरकारी अधिकारीले छोडेको रूपैयाँको बिटो हल्लाउँदै उसको पुर्पुरो, रबाफ र ठाँटबाँटलाई खेलाइरहेको भनेकी छ । यसो गरेर उसले श्रेष्ठत्वप्राप्तिको बोध गर्न चाहेकी देखिन्छ । उता रानीसाहेबको त्यस्तो व्यवहारबाट अधिकारी भने भय, चिन्ता र शोकमा परेर हीनत्वबोध गरिरहेको छ । रानीसाहेबले पटकपटक त्यसरी नै रूपयाँको बिटो

ब्लाउजको भित्रबाट झिक्दै हल्लाउँदै र अधिकारीलाई दिन खोज्दै अनि नदिएर उसलाई तड्पाउँदै गरेपछि अन्तमा उसले "ले .....लैजा यो रूपयाँको बिटा जसलाई तैंले बीस हजार भनेर ठूलो पारेकै छस् तर जो आज तेरै अगाडि मेरो नजरमा जाबो कागजको थुप्रो बाँधिराखेबाहेक केही पनि हुन सकेको छैन । मेरा लागि परिआएबखत यो केही पनि होइन, सम्झी राख्" (भिक्षु, २०३२, पृ. १११) भनेकी छ । यस उद्धरणबाट रानीसाहेबले आफ्नो सान र रबाफ देखाउन खोजेकी पाइन्छ । उसले रूपैयाँको बिटोलाई जाबो कागतको थुप्रो भन्दै परिआएका बखतमा आफ्ना लागि यो केही पनि नभएको भनेकी छ । यसो भन्दै ब्लाउजभित्रबाट रूपैयाँको बिटो झिकी सरकारी अधिकारीको अनुहारमा जोडसित फालेर बैठक हुँदै आफ्नो सुत्ने कोठातिर लागेकी छ । यसो गरेर उसले श्रेष्ठत्व देखाउन खोजेकी स्पष्ट हुन्छ । उता त्यही रूपैयाँको कारणले चरम हीनत्वमा परेको अधिकारीले पनि रूपैयाँ फिर्ता पाएपछि ठूलो समस्या समाधान भएकोमा श्रेष्ठत्वप्राप्तिको अनुभूति गरेको छ । यी कथात्मक तथ्यबाट रानीसाहेब र सरकारी अधिकारी दुवै पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

'रानीसाहेब' कथामा रानीसाहेब र सरकारी अधिकारी दुवै कथाका विविध घटनाक्रमसँग जुध्दै अघि बढ्ने क्रममा कतिपय अवस्थामा हीनत्वबोध र कतिपय अवस्थामा श्रेष्ठत्व प्राप्त गर्दै अन्तिममा आइपुग्दा दुवैले श्रेष्ठत्व प्राप्त गर्दै गर्दा कथा टुङ्गिएको छ । यसरी यी दुई पात्रलाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२७) एक पैसा

'एक पैसा' कथामा म पात्र र शेर्पा आइमाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथाको म पात्र जागिरे भएकाले गर्दा उसले बिदा र तलबको कुरा गरेको छ । यसले गर्दा ऊ सामान्यतः आवश्यक पर्ने रूपैयाँ पैसाको नपुग नहुने अवस्थाको भएर अरूलाई पनि दुईचार पैसा सहयोग गर्न सक्ने क्षमता भएको पात्र हो भन्ने देखिएको छ । एक दिन ऊ लाजिम्पाटतिर गइरहेको बेला लाजिम्पाट र लैनचौरको दोबाटोको पेटीमा बसेर एकडेढ महिनाको शिशु काखमा लिई उसकै लागि मनभोग खुवाउन एक पैसा भिख मागिरहेकी सुत्केरी शेर्पा आइमाईलाई देखेपछि उसकै अगाडि रोकिएको कथामा देखाइएको छ । यस सन्दर्भमा कथामा "मैलो अनुहार, प्रसूति क्लान्त जीउ, बच्चा जन्माएर संसारकै अपकार गरेकी झैं आँखाको दीनहीन दृष्टिसाथ खुम्चिदै, तर्सिदै, कामेको झन्नै अपराधीजस्तै सुर थियो त्यस सानुकी आमाको" (भिक्षु, २०३४, पृ. ८) भनिएको छ । यस उद्धरणमा सुत्केरी शेर्पिनी आइमाई सानुकी आमाको दीनहीन अवस्थालाई देखाइएको छ । ऊ कामेकी, तर्सिएकी र अपराधीजस्तै देखिएकी छ । मैलो अनुहार, सुत्केरी अवस्थाकी र बच्चा जन्माएर ठूलो अपकार गरेझैं देखिएकी उसलाई देख्दा म पात्र पनि करुणाद्र भएको छ । शेर्पा आइमाईको अवस्था देखेर म पात्रले दुःख र पीडाको अनुभूति गरेको पनि पनि थाहा हुन्छ । यसले गर्दा उसको अन्तर्मानसिकतामा हीनत्वबोधको स्थिति देखिएको स्पष्ट हुन्छ ।

कथामा शेर्पा आइमाई सानुकी आमा एकडेढ महिनाकी सुत्केरी आफूले जन्माएको सानो बच्चालाई मैलो टालोमा बेरेर उसकै आहारका लागि एक पैसा हजुर सानुलाई मनभोगका

लागि भन्दै सडकको पेटीमा बसेर भिख माग्दै गरेको अवस्थामा देखिएकी छ । यस सन्दर्भमा कथामा "लैनभित्र र लाजिम्पाट जाने दोबाटोको बायाँपट्टिको पेटीको कुनामा बसेकी त्सस सानुकी आमाको ममतालु पछ्यौरोबाट त्यस मागले सुर पाएको थियो, 'एक पैसा हुजूर....सानुलाई म....म....न....भोग'...." (भिक्षु, २०३४, पृ. ८) भनिएको छ । यस उद्धरणमा शेर्पिनी आइमाई आफ्नो सानुको लागि एक पैसा भिख मागिरहेकी छ । लामो स्वरमा यसरी भिख मागिरहँदा ऊ अत्यन्त दीनहीन र तर्सिएकी जस्तै देखिएकी छ । यसबाट ऊ दुःख र अभावको कारणले गर्दा हीनत्वबोधमा परेकी देखिन्छ । म पात्रले त्यस सुत्केरी शेर्पिनी आइमाई र कलिलो सानो बच्चोको टिठलाग्दो अवस्था देखेर दुःख महसुस गरी सहयोग गर्न चाहेको छ । उसले खल्तीबाट एक पैसा झिक्दै "यसलाई मोहनभोग किनेर खुवाउछेस् र ? भरदिन यसैको नाउँ बेचेर पैसा माग्ने होइन ? यो खाने नै कति हो ? अनि एक पैसा त्यस आइमाईको अगाडि फालिदिएँ । पैसा भने उसले टिपी पनि, तर मेरो प्रश्नको कुनै उत्तर उसको मुखमा थिएन" (भिक्षु, २०३४, पृ. ९) भनेको छ । यस उद्धरणमा म पात्रले शेर्पिनी आइमाईलाई सहयोग गरेर आफूलाई उच्च देखाउन खोजेको छ । उसले बच्चाले कति पो खाने हो र भन्दै उसको नाउँ बेचेर पैसा माग्ने होइन भन्ने सम्झाएर एक पैसा उसको अगाडि फालिदिएको छ । आफ्नो अगाडि फालेर दिएको त्यो एक पैसा आइमाईले टिपेकी छ । त्यस सुत्केरी आइमाईलाई रबाबका साथ एक पैसा दान सहयोग दिएकोमा म पात्रले श्रेष्ठत्व अनुभूत गरेको कथामा देखिन्छ ।

म पात्रले सुत्केरी शेर्पिनी आइमाईलाई एक पैसा दिँदै गर्दा भरदिन बच्चोको नाउँ बेचेर पैसा माग्ने होइन भनेकोमा जाबो एक पैसाको लागि त्यस्तो वचन भन्ने कुरा सुत्केरी आइमाईको मनमा गढेर उसको मानसिकतामा थप हीनत्वबोध भएको देखिन्छ । म पात्रको प्रश्नको उत्तर उसले मुख खोलेरै नदिए पनि उसको मूक हेराइबाटै यो कुरा व्यक्त भएको छ । उसले मनमनै "जाबो एक पैसाको लागि त्यस्तो वचन । ... आफ्नो छातीको रगतको नाउँमा ठग्ने हुँ म ? सक्ने भए उसको नाउँमा तिमीलाई पो भोज खुवाउने थिएँ । दान, धर्म गर्थेँ" (भिक्षु, २०३४, पृ. ९) भनेकी छ । यस उद्धरणले शेर्पा आइमाई म पात्रको वचनबाट आहत भएकी देखाएको छ । उसले भरदिन बच्चोको नाउँ बेचेर पैसा माग्ने होइन भनी म पात्रले भनेकोमा अपमानित भएको महसुस गरेकी छ । उसले जाबो एक पैसाका लागि त्यस्तो वचन भन्दै आफ्नो छातीको रगतको नाउँमा ठग्ने मानिस आफू नभएको र सक्ने भएको भए आफ्नो बच्चोको नाउँमा म पात्रलाई भोज खुवाउने र अरू दानधर्म गर्ने थिएँ पनि भनेकी छ । मनमनै यसो भन्न सकेर उसले म पात्रको वचनबाट आहत भएर हीनत्वमा परेको आफ्नो मानसिकतामा श्रेष्ठत्वभावलाई स्थापित गर्न चाहेकी छ । बच्चाको नाउँ बेचेर पैसा मागेको भनेकामा म पात्रलाई पछि खल्लो महसुस हुन गएको छ । मागेको पैसाले आमाले पनि नखाए आमा नबाँच्ने र आमा नबाँचे बच्चो बाँच्न नसक्ने परिस्थितिमा बच्चोको लागि मागेर आइमाईले आफ्नो पेट पाल्ने गरेको भनेकामा पनि म पात्रले हीनत्वबोध गरेको देखिन्छ । कथामा शेर्पा आइमाईले म पात्रले लगाएका आरोपको निर्धक्क भएर जवाफ दिएकी छ । उसले "मैले आफ्नो लागि मागेँ भने यो एक पैसा पनि दिने थियौ र ? मलाई खुवाउँछौ त ?" (भिक्षु, २०३४, पृ. ९) भनेकी छ । यस उद्धरणले शेर्पा आइमाईको साहसलाई सङ्केत गरेको छ । उसले बच्चोका लागि नमागेर आफ्ना लागि मागेको भए म पात्रले एक पैसा सहयोग नगर्ने र उसका

लागि खुवाउने प्रबन्ध नगर्ने जवाफ फर्काएकी छ । यसो भनेर त्यस सुत्केरी शेर्पा आइमाईले म पात्रको आक्षेपको तर्कयुक्त जवाफ दिई श्रेष्ठत्वप्राप्तिको प्रयास गरेकी छ । सुत्केरी आइमाईको कुरा सुनेपछि म पात्र लौ खुवाऊ है भोलि पनि यसलाई फेरि म मोहनभोग खानको लागि दिउँला भन्दै बाटो लागेको छ । आफूले भोलि पनि बच्चोलाई मोहनभोग खुवाउने कुरा गरेर म पात्रले श्रेष्ठत्व स्थापित गर्ने प्रयत्न गरेको कथामा देखिन्छ ।

लाजिम्पाटतिरको काममा जानुपर्दासम्म म पात्रले सुत्केरी शेर्पा आइमाई र बच्चाको स्याहारमा सहयोग पुऱ्याउन एक पैसा निरन्तर रूपमा दिँदै गरेको कथामा देखाइएको छ । त्यतातिरको काम सकिएपछि भने ऊ एक पैसा दिनकै लागि त्यो ठाउँमा जान सकेको देखिँदैन । नगए पनि सुत्केरी र सानु बच्चाको सम्झना आइरहँदा एकदिन म पात्रले "एक रूपयाँ त्यसको आमालाई एकैचोटि दिए त सय दिनको लागि सानुलाई मोहनभोग पुग्नेछ । तीन महिना दस दिनसम्म नगए पनि हुन्छ" (भिक्षु, २०३४, पृ. १०) भन्ने कुरा सोचेको छ । यस उद्धरणले म पात्रको दयाभावलाई देखाएको छ । उसले एक पैसाको सट्टा एक रूपयाँ एकैचोटि दिएर सय दिनका लागि मोहनभोग पुग्ने गरी सुत्केरी आइमाई र बच्चोलाई सहयोग गर्ने सोच बनाएको देखिन्छ । यसरी एकमुस्ट सहयोग गरेर उसले श्रेष्ठत्व हासिल गर्ने मनोकाङ्क्षा राखेको छ । यसो भए पनि आफ्नो व्यस्तताले गर्दा त्यसरी एक रूपयाँ दिन भने ऊ पुग्न सकेको देखिँदैन । झन्डै तीन महिनापछि तलब बुझेको दिन दुईचार रूपयाँ नै दिएर आउने सोचका साथ लाजिम्पाटतर्फ हानिएर ऊ सानुकी आमाअगाडि पुग्दा त्यस सुत्केरी शेर्पा आइमाईले सानुले आफूलाई छोडेर गइसकेको सुनाएपछि म पात्र सारै दुःखी भएको छ । सानुकी आमा पनि अत्यन्त दुःखित देखिएकी छ । अझ सानु खानै नपाएर मरेको सुन्दा म पात्रलाई आफूले सहयोग नगरेर बच्चोले खान नपाएको भन्ने मनमा पर्न जाँदा यसबाट उसलाई हीनत्वबोध भएको देखिन्छ । उल्लिखित कथात्मक सन्दर्भबाट शेर्पिनी आइमाई र म पात्र दुवै हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

'एक पैसा' कथामा म पात्र जागिरे भएकोले एक पैसादेखि दुईचार रूपैयाँसम्म आपत्मा परेकालाई सहयोग गर्न सक्ने देखिएर श्रेष्ठत्व प्राप्त गर्न चाहेको छ । सहयोग गरे पनि यसकै नाममा तुच्छ वचन बोलेकामा र समयमा सहयोग गर्न नपुग्दा सानो बच्चो मरेकामा उसले हीनत्वबोध गरेको देखिन्छ । शेर्पिनी आइमाई गरिबीले गर्दा दीनहीन भएर हीनत्वबोधमा परेकी र सक्ने भएको भए आफूले पनि म पात्रजस्तालाई सहयोग गरेर अनि भोजसमेत खुवाएर देखाउने कुरा गरी श्रेष्ठत्वप्राप्तिको प्रयास गरेकी छ । यसबाट दुवै पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेको देखिएका छन् । यसरी शेर्पिनी आइमाई र म पात्रको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२८) भ्रष्टयज्ञ

'भ्रष्टयज्ञ' कथामा म्यानेजर, बुद्धिज्यामी र बोस हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । यी तीन पात्रमध्ये म्यानेजर कथामा भारतको बम्बै सहरमा रहेको मगज पसल भनिएको प्रकाशन गृहको प्रबन्धकको रूपमा सुरुमै देखिएको छ । भुत्तो अनुहार र बेडौल जीउ भएको हुँदा त्यसकै कारणले हीनत्वबोधमा परेको

त्यस म्यानेजरले सम्पादकलगायत अरू कर्मचारीलाई बोलाउनुपर्दा कानै खाने टर्रो घन्काइवाला रबाफिलो भय उब्जाउने र तर्साउने खालको कलबेल बजाउने गरेको छ। यस सन्दर्भमा उसले "मुन्तिरका कर्मचारीका मगजमा स्वरचाहिँ अनुगुञ्जित हुनु हुँदैन, बज्रनु पो पर्दछ ! खालि सुनेर मात्रै घण्टीको पूर्णता ग्राह्य हुने हो र ? त्यसको आवाज बज्रनुपर्छ। मगज म्यानेजरको घण्टा हाँसीठट्टा हो र ?" (भिक्षु, २०३४, पृ. १२) भनेको छ। यस उद्धरणमा प्रस्तुत अभिव्यक्तिका माध्यमबाट म्यानेजरले उच्चता प्रदर्शन गर्न चाहेको देखिन्छ। घण्टीको आवाजबाटै बुद्धिज्यामी र अन्य कर्मचारीहरूमा आफ्नो विशिष्ट रबाफ प्रवाहित गर्नु उसको अभीष्ट देखापर्छ। यसकै लागि उसले बज्रने खालको घण्टी बजाउने गरेको छ। घण्टीको आवाजबाटै आफ्नो हैकम र सान स्थापित गर्ने उसको चाहना देखिएको छ । उसले आफ्नो घण्टीलाई हाँसीठट्टाको रूपमा लिन नहुने पनि भनेको छ। यी कुराबाट ऊ श्रेष्ठत्व प्रस्तुत गर्ने प्रयत्नमा लागेको स्पष्ट हुन्छ।

कथामा पत्रिकाका सम्पादक लेखकलाई बुद्धिज्यामी भनेर चिनाइएको छ। म्यानेजरको कडा रबाफ, भयभित पार्ने र तर्साउने खालको व्यवहारले बुद्धिज्यामीको मानसिकतामा दुःखको अनुभूति हुनुका साथै उसले अपमानित महसुस गरेको छ। यसबाट उसले हीनत्वबोध गरेको देखिन्छ। यसैबिच एक दिन म्यानेजरले काम गर्दै गरेको एक जना बुद्धिज्यामीलाई आफ्नो कक्षमा बोलाएर पत्रिका निस्कन ढिला भएकोले जस्तोतस्तो सम्पादकीय लेखेर भए पनि पत्रिका छिट्टै बजारमा पुऱ्याउन आदेश दिँदा उसले "त्यो, ... त्यो त सर ..... ठीकै हो। तर .....सम्पादकीय लेख पत्रिका सुहाउँदो हुनुपर्छ" (भिक्षु, २०३४, पृ. १३) भनेको छ। यस उद्धरणबाट बुद्धिज्यामी सम्पादकले म्यानेजरलाई सम्पादकीयको मूल्य र महत्त्व बुझाउन खोजेको देखिन्छ। उसले सम्पादकीय लेखेर मात्र हुँदैन; त्यसको गुणस्तर पत्रिका सुहाउँदो हुनुपर्छ भनेर म्यानेजरलाई सम्झाएको छ। हैकम देखाएर तर्साउने म्यानेजरलाई उसको चाहनाभन्दा फरक विचार प्रस्तुत गरेर बुद्धिज्यामीले आफ्नो श्रेष्ठत्व स्थापित गर्न चाहेको स्पष्ट हुन्छ। अर्कोतिर बुद्धिज्यामीको उल्लिखित कुराबाट सम्पादकीयको बारेमा आफूलाई सम्झाउन खोजेको भन्ने परेर म्यानेजरले हीनत्वबोध गरेको देखिन आउँछ। यसको निवारणको लागि उसले बुद्धिज्यामीसँग "छोड्नुस्-छोड्नुस् त्यस्तो सम्पादकीय ..... केही लेखिफाल्नुस् । ... साहित्यमा जम्मा तीन कुरा छन्- पहिलो पैसा, दोस्रो आराम र मोजमज्जा, आइमाई पनि, तेस्रोचाहिँ एउटालाई अर्कोसित जुधाइदिने काम । ... मूल कुरा भने पैसा, पैसाको विचार राख्नैपर्छ" (भिक्षु, २०३४, पृ. १३) भनेको छ। यस उद्धरणबाट म्यानेजरले बुद्धिज्यामीलाई दबाबमा पार्न खोजेको देखिएको छ। उसले बुद्धिज्यामीलाई जस्तोतस्तो सम्पादकीय लेखेर फालिहाल्न भनेको छ। उसले साहित्यमा पैसा, आराम, मोजमज्जा, आइमाई र एउटालाई अर्कोसँग जुधाइदिने काम हुने भए पनि मूल कुरा पैसा नै हुने भएकाले त्यसैलाई हेक्का राखेर काम गर्नुपर्ने पनि भनेको छ। यसो भनेर उसले आफ्नो हैकम देखाएर श्रेष्ठत्व प्रस्तुत गर्न चाहेको देखिन्छ।

कथामा म्यानेजरको विचार सुनेपछि बुद्धिज्यामी अकमक्क परेर लाटोझैँ उभिइरहेको छ। यसपछिको बुद्धिज्यामीको अवस्थालाई कथामा "बुद्धिज्यामी आफ्नो टेबलअगाडि पुग्छ। मेचमा थचक्क बस्छ। टेबलमा रहेको मसिदानी, पेपरवेट, पन्च, आलपिन, डोरी, चक्कु, रबर, बेल जम्मैलाई टुलुटुलु हेर्छ" (भिक्षु, २०३४, पृ. १३) भन्दै देखाइएको छ। यस उद्धरणमा

देखिएको बुद्धिज्यामी सम्पादकको यस्तो मानसिक स्थितिले ऊ दुःखित भएको देखिन्छ । ऊ आफ्नो टेबलअगाडि गएर मेचमा थचक्क बसेको छ र त्यहाँ रहेका मसिदानी, पेपरवेट, पन्च, आलपिन आदि बस्तुलाई टुलुटुलु हेरेर टोलाएको छ । उसको यस्तो निराश अवस्थालाई हेर्दा ऊ हीनत्वबोधको चापमा परेको देखिन आउँछ । यसै क्रममा बुद्धिज्यामी सम्पादकले आफूले जागिर थाल्दा उसको बोसले आफ्नो प्रकाशन गृहलाई ज्ञानको अनुष्ठान भनेको सम्झिएको छ । यता म्यानेजर भने पैसाका लागि थालिएको व्यापार भनिरहेको देखिन्छ । उसले आफूलाई साहित्कार कवि पनि प्रमाणित गर्न खोजेकामा बुद्धिज्यामी सम्पादकलाई दिक्क लागेको छ । उसले "अझ म्यानेजर भएको छ साहित्यकार पनि । त्यो फलाक्छ कविता । भावहीन र दुष्ट अनुहारले कविता सुनाउँछ । कविता जो भावको उब्जा हो । फेरि लगत्तैपछि उसले कस्छ बुद्धिज्यामीहरूको घाँटी" (भिक्षु, २०३४, पृ. १५) भनेको छ । यस उद्धरणमा बुद्धिज्यामी निराश देखिएको छ । सारालाई अँठ्याउने र कस्ने अनि पैसाको मात्र कुरा गर्ने म्यानेजरले भावको उब्जा मानिने कविता फलाक्न थालेकामा ऊ आश्चर्यमा परेको छ । म्यानेजरले आफ्नो दुष्ट अनुहार देखाउँदै भावहीन कविता सुनाएको र बुद्धिज्यामीहरूको घाँटी कस्नमै उसको रुचि देखिएकाले बुद्धिज्यामी सम्पादकलाई आफू अपमानित महसुस भएको छ । यसले गर्दा उसको अन्तर्मानसिकतामा हीनत्वबोधको स्थिति सिर्जना भएको देखिन्छ ।

कथामा प्रकाशन गृहको मालिक बोस आइपुगेको छ । ऊ पत्रिकाको व्यापार चलिरहेको भए पनि ज्ञानकेन्द्रित व्यापारको गरुङ्ग्याइँ अनि महिमा घट्दै गएकामा चिन्तित देखिन्छ । यस सन्दर्भमा उसले "रुखको जरामा नै कीरा लाग्यो र पालुवामा भएको सिञ्चनले रुख उभिरहने होइन । त्यो ढल्ने नै भयो" (भिक्षु, २०३४, पृ. १६) भनेको छ । यस उद्धरणमा प्रकाशन गृह र पत्रिकाको अवस्था देखेर बोस निराश भएको छ । यही स्थिति रहिरहेमा आफ्नो पवित्र उद्देश्यअनुरूप प्रकाशन गृह चल्न नसक्ने र अन्तमा ढल्ने निश्चित भएको मालिक बोसलाई लागेको छ । यही चिन्ताले गर्दा उसको मानसिकतामा हीनत्वबोधको स्थिति सिर्जना भएको देखिन्छ । यसै क्रममा एक दिन मालिक बोसले म्यानेजरसँग प्रकाशन गृह र पत्रिकाको बारेमा विभिन्न कोणबाट जानकारी लिइरहेको कथामा देखाइएको छ । उसले पत्रिकाको व्यापार, व्यापारको जग इत्यादिको बारेमा सोधेको छ । म्यानेजरले व्यापार राम्रै चलिरहेको र जग पनि राम्रो भएको बताएपछि सन्तुष्ट हुन नसकेको मालिक बोसले म्यानेजरलाई "भन्नुस् त यस पब्लिकेसन इन्स्टिच्युटमा लागेका साहित्यधर्मीहरूका चाखबारे तपाईंको मत .....केकस्तो छ .....सुनूँ !" (भिक्षु, २०३४, पृ. १७) भनी सोधेको छ । यस उद्धरणमा मालिक बोसलाई प्रकाशन गृहको अवस्थाका बारेमा सतर्क भएको देखाइएको छ । उसले प्रकाशन गृहमा लागेका साहित्यधर्मीहरूको चाखका बारेमा म्यानेजरलाई सचेत गराउन चाहेको छ । यसो गरेर उसले श्रेष्ठत्व प्रस्तुत गर्न खोजेको देखिन्छ ।

कथामा मालिक बोससँगको छलफलका क्रममा म्यानेजरले साहित्यधर्मीहरूलाई राम्ररी कजाएको, उनीहरूलाई फेदैदेखि समातेको र काम नगरी बस्ने बानी नै हटाउन सकेको भनेको छ । उसका यी कुराबाट सन्तुष्ट हुन नसकी मालिक बोसले यसो गर्दैमा साहित्यधर्मीले घतलाग्दा रचना सिर्जना गर्न नसक्ने सुझाव म्यानेजरलाई दिएको छ । यता म्यानेजरले भने काम नगर्नेलाई खारेज गरिदिने भन्दै गरेको देखिन्छ । खारेज गरे काम कसले गर्ने भन्ने मालिक बोसको सोधाइमा उसले कथामा "त्यो जति भने पनि पाइन्छ । मेरो आँटमा त म एक्लैले

काम चलाइदिन्छु" (भिक्षु, २०३४, पृ. १७) भनेको छ । यस उद्धरणले म्यानेजरको आँटलाई दर्साएको छ । उसले भइराखेका बुद्धिज्यामीले काम नगरे अरू जति पनि पाइने र आफैले एक्लै काम चलाउन पनि सक्ने कुरा सुनाएर बोसलाई आश्वस्त पार्न खोजेको छ । आफूले थुप्रै लेखेको र कविताका थुप्रै पुस्तक पनि छापिएको बताएर उसले मालिक बोसका अगाडि श्रेष्ठत्व प्रस्तुत गर्न चाहेको छ । म्यानेजरले प्रकाशन गृह र पत्रिकाको बारेमा सबै सबल कुरा बताए पनि आफूले लगानी गरेको संस्थाप्रति अपवाद, खिल्ली, अश्रद्धा, उपहास र अनास्था बढ्दै गएको भन्ने बुझेर मालिक बोसले भने हीनत्वबोध गरिरहेको छ । उसले साहित्य तेजपूर्ण एवम् ज्ञानपूर्ण हुनुपर्ने र त्यही तेज र ज्ञानको चोखोपनालाई सुरक्षित राख्न सकेर नै प्रसिद्ध कवि साहित्यकारहरूले सम्पूर्ण र शाश्वत् अस्तित्वस्वरूप प्राप्त गरेको बताएर साहित्यप्रति आफ्नो गम्भीर बुझाइ रहेको देखाउने चेष्टा गरेको छ । यसबाट उसले श्रेष्ठत्वप्राप्तिको प्रयत्न गर्न चाहेको देखिन्छ । बोसका कुरा सुनेपछि म्यानेजर सशङ्कित भएको छ । यस सन्दर्भमा कथामा "बोस फेरि चूप भयो, म्यानेजरले लाटोकोसेरोजस्तै बोसको अनुहार नियाल्दै केही बेरपछि भन्यो, 'त्यसो भए मैले केही बिराएँ कि ?" (भिक्षु, २०३४, पृ. १९) भनिएको छ । यस उद्धरणमा मालिक बोसका कुरा सुनेपछि म्यानेजर तर्सिएको देखिन्छ । उसलाई आफूबाट केही गल्ती भएको रहेछ भन्ने पर्न गएको छ । त्यसपछि बोसले ज्ञानको आत्मामा अहङ्कार मिसाउन खोजेको र साहित्यलाई भ्रष्ट पारेको भनेर म्यानेजरलाई भनेबाट ऊ अझै तर्सिएको छ । यसबाट म्यानेजरको मानसिकतामा हीनत्वबोध भएको देखिन्छ । उल्लिखित कथात्मक सन्दर्भबाट म्यानेजर, बुद्धिज्यामी र मालिक बोस तीनै जना पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

'भ्रष्टयज्ञ' कथाको म्यानेजर पात्र धाक, रबाफ र फोस्रो ज्ञान र क्षमताको हैकम देखाएर श्रेष्ठत्वप्राप्तिको प्रयासमा देखिएको भए पनि बुद्धिज्यामीको तर्क र बोसको सोधाइको कारणले गर्दा हीनत्वबोधमा परेको छ । बुद्धिज्यामी म्यानेजरको हेपाहा प्रवृत्तिबाट आहत भएर हीनत्वबोधमा परेको देखिए पनि लेखनसम्बन्धी सीप र दक्षताका बलमा श्रेष्ठत्वप्राप्तिको प्रयासमा लागेको देखिन्छ । मालिक बोस पात्र प्रकाशन गृह, पत्रिकाको स्तर र म्यानेजरको कार्यशैलीबाट असन्तुष्ट भएर हीनत्वबोधमा परेको र आफ्नो मालिकत्व र ज्ञानको बुझाइ प्रस्तुत गरेर श्रेष्ठत्वप्राप्तिको प्रयासमा लागेको देखिएको छ । यसबाट तीनै पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेको देखिएका छन् । यसरी म्यानेजर, बुद्धिज्यामी र मालिक बोसका अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२९) पाइप

'पाइप' कथाकी युवती हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । तत्कालीन समयमा बी.ए. उत्तीर्ण गरेकी ऊ शिक्षित पात्र पनि हो । उसले आफू वेश्या बनेर हिँड्नुपरेको सन्दर्भका बारेमा वेश्यागामी पात्र युवकलाई बताउँदै गरेकी रूपमा कथा आरम्भदेखि अन्त्यसम्म पुगेको छ । यही क्रममा उसका चारित्रिक क्रियामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वात्मक अभिलक्षण देखिएका छन् । कथामा सम्पर्कमा आएको युवकसँग कामतृप्तिकार्य सम्पन्न भएपछि युवती र युवकका बिचमा

प्रश्नोत्तरकै शैलीमा कुराकानी हुँदै गर्दा पैसा लिएर जीउ सुम्पने आइमाई वेश्या र आवाराको रूपमा समाजमा चिनिने र उसले गर्दै आएको कार्य पनि वेश्यावृत्ति नै भएकाले गर्दा युवतीको मानसिकतामा युवकको अगाडि हीनत्वबोध भएको देखिन्छ । यही हीनत्वलाई शमन गरेर श्रेष्ठत्व प्राप्त गर्नको लागि उसले युवकसँग बौद्धिकतायुक्त प्रश्न र उत्तर पनि त्यस्तै रूपमा दिँदै गरेकी देखिएको छ । कथामा विवाह नगरेर यस्तो काममा किन लागेको भन्ने युवकको प्रश्नको उत्तरमा युवतीले "मलाई आफ्नो सम्पर्कमा पाएर अनि कामतृप्ति गरेपछि हीन मानेर आफूलाई भलादमी सावित पार्ने लोभ पनि तपाईंको यस प्रश्नमा लुकेको छ । वासनापूर्तिपछि तपाईंको आफ्नै हीनत्वको अनुभूति पनि प्रश्नको अर्को कारण हो । होइन ?" (भिक्षु, २०३४, पृ. २८) भनेकी छ । यस उद्धरणबाट युवतीले आफ्नो बौद्धिक क्षमता देखाउन खोजेकी पाइन्छ । उसले युवकसँगको कुराकानीको सिलसिलामा आफूसँग कामतृप्तिमा संलग्न भएर वासनापूर्तिपछि भलादमी देखिनको लागि हीनत्वको महसुस गरेको भनी तर्कपूर्ण जवाफ दिएकी छ । यसबाट युवक आश्चर्यमा परेको छ र उसले युवतीलाई पढेलेखेकी बुद्धिमान् ठानेर आदरको भावले हेरेको छ । यसले युवतीको मानसिकतामा श्रेष्ठत्वभाव बढाएको देखापर्छ ।

युवकसँगको कुराकानीमा कुनै मानिससित शरीरव्यापार चलाएपछि आफूलाई हीन मान्न नै बिर्सिसकेको कुरा युवतीले खुलाएकी छ । उसले "मैले पो तिनीहरूको उपयोग गरी तिनीहरूलाई होच्याएकी छु । यसले गर्दा धेरै सन्तापबाट बाँचें । लोग्ने मानिसहरूमाथि मैले आफूलाई विजयी तुल्याएकी छु" (भिक्षु, २०३४, पृ. २९) भनेकी छ । यस उद्धरणबाट युवतीले आफूलाई सन्तुष्ट देखाउन खोजेकी पाइन्छ । उसले शरीर बेच्ने कामको माध्यमबाट आफूले पुरुषहरूमाथि विजय प्राप्त गर्न सकेको ठानेकी छ । तिनीहरूलाई आफूले उपयोग गरेर होच्याउन सकेको र सन्तापबाट बँच्न सफल भएको पनि खुलाएकी छ । यस्तो शरीर बेच्ने काममा लागेका कतिपय युवतीहरू नराम्रो काम गरेँ भन्ने अनुभूतिमा परेर खुम्चने गरेका हुन्छन् । यसले गर्दा तिनीहरू हीनत्वबोधमा परेका देखिन्छन् तर युवतीले भने यसबाट पुरुषहरूमाथि विजय हासिल गरेको भाव देखाएकी छ । यसबाट युवतीको अन्तर्मानसिकतामा श्रेष्ठत्व प्राप्तिको अनुभूति भएको देखिन्छ ।

कथामा युवकसँगको कुराकानीका क्रममा युवती वर्तमानबाट पछि फर्केर बितेको समयतर्फ लागेकी छ । उसले आफू एक्लो सन्तान रहँदा सुखसयलमै हुर्केकी भए पनि अरू भाइबहिनी थपिदै गएपछि घरको अभाव र कन्जुसीको स्थितिले लवाइखवाइदेखि पढाइसम्मका धेरै कुरा कटौती भएबाट दुःखित हुन परेको कुरा बताएकी छ । उसका काकाकी छोरी दिदीलाई काकाले राम्रो सारी ल्याइदिएका तर उसको घरमा भने पैसाको पुगोस्लाई मनन गरेर साधारण खालका थोरै पैसाले भ्याउने लुगा मात्र ल्याइएकामा उसको मनमा दुःख र अभाव महसुस भएको उसले खुलाएकी छ । यस सन्दर्भमा कथामा युवतीले "दसैँ बिदापछि पुरानै सारी लुगामा कलेज जानुपर्ला, साराका नयाँ राम्रा लुगा हुनेछन्, लाजै मर्नुपर्ने होला कि भन्ने मेरा हरबखतका चिन्तना हुन गए । ... फेरि मनमनै दुःख अभाव तथा हीनत्वको पनि अनुभव गरेकी थिएँ" (भिक्षु, २०३४, पृ. ३०-३१) भनेकी छ । यस उद्धरणले युवतीको विगत आर्थिक समस्याको कारणले निराशामा बितेको देखाएको छ । दसैँपछि कलेज आउँदा सबै साथीहरूले राम्राराम्रा नयाँ सारी र लुगा लगाएर आउने र आफू भने पुरानै सारी र लुगामा जानुपर्दा लाजैले मनुपर्ने होला कि भन्ने चिन्ताले ऊ दुःखी बनेकी छ । दसैँको चाडको समयमा पनि एउटा राम्रो

सारीसम्म किनिदिने घरमा कोही नपाउँदा उसले अभाव र हीनत्वको अनुभव गरेकी देखिन्छ । ऊ सारी नपाएर दुःखी भएकी भन्ने बुझेको दाजुले सारी ल्याइदिने कुरा गरेपछि युवती आश्वस्त भएकी छ । एक दिन युवती दाजुलाई भेट्न उसको घरको कोठामा पुगेर उसको नजिकै बसेका बेला दाइले "तिमीलाई सारी एकान्तमा दिने भनेरै बिरामी भएको छु; सारी हेर । अनि सिरानतिरको डसना अलिक पल्टाएर सारी झिकी उसले मलाई दिँदा खुसीले म एकछिनसम्म आफैलाई नै बिर्सें" (भिक्षु, २०३४, पृ. ३३) भनेको छ । यस उद्धरणले दाजुबाट सारी पाएपछि युवती फुरुङ्ग भएकी देखाएको छ । आफूले सोचेजस्तो सारी पाउँदा उसले आफैलाई बिर्सेकी छ र सारै प्रशन्न भएकी छ । यसबाट उसको अन्तर्मानसिकतामा श्रेष्ठत्वप्राप्तिको बोध भएको देखिन्छ ।

कथामा युवती दाजुबाट सारी पाएर खुसी भएकै बेला दाजुले उसलाई तानेर यौनभोग गरेको छ । दाजुको यस किसिमको कार्यलाई तत्काल उसले प्रतिरोध नगरी त्यसलाई खुसी र आनन्द नै मानेकी भए पनि यो घटना उसको मानसिकतामा हीनत्वबोध गराउने प्रकृतिको देखिन्छ । दाजुसँगको त्यही घटनाबाट सुरु भएको युवतीको यौनवृत्ति कथाको अन्त्यसम्म आइपुग्दा उसका लागि कामेच्छारहित र यान्त्रिक बन्न गएको छ । यस सन्दर्भमा युवतीले "रति र विलास, उमङ्ग वा आवेग साथै त्यो मनको संलग्नता जसबाट मनको सम्भोग प्रक्रियामा आनन्दजनित विव्हलताको सिर्जना हुन्छ, त्यस्तो चेतना नै ममा सखाप र निर्बोध भएका छन् । यसका लागि म कम्ती दुःखित छैन" (भिक्षु, २०३४, पृ. ३५) भनेकी छ । यस उद्धरणले युवतीको यौनजीवन वेदनामय बनेको देखाएको छ । उसले सम्भोग प्रक्रियाबाट प्राप्त हुने रति, विलास, उमङ्ग र आनन्द सबै गुमाइसकेकी छ । यौनकार्यमा संलग्न हुँदा पनि त्यसबाट सुखको अनुभूति गर्न नपाउँदा ऊ दुःखित भएकी छ र अहिले आनन्दरहित रूपमा शरीर बिक्री गरिरहेकी छ । यसो गर्दा उसलाई आफ्नो चेतना नै सखाप भएको महसुस भएको छ । उसले आफू मानिसको कुत्सा प्रवाहित हुने पाइप बन्न गएको ठानेकी छ । यस्तो स्थितिले गर्दा ऊ हीनत्वबोधको चापबाट पिल्सिएकी देखिन्छ । युवकलाई सबै कुरा सुनाइसकेपछि युवती अब केही भन्नु छैन, अब म गएँ भन्दै जुरुक्क उठेर आफ्नो बाटो लागेकी र युवक भने त्यहीँ बसिरहेको देखिएको छ । यसो गरेर फेरि उसले आफ्नो श्रेष्ठत्व प्रदर्शन गर्न चाहेकी स्पष्ट हुन्छ । उल्लिखित कथात्मक सन्दर्भबाट युवती पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ ।

'पाइप' कथाकी युवती पात्र घरको आर्थिक अवस्था कमजोर भएको कारणले राम्रो सारी र लुगा किनिदिने कोही नहुँदा काकाको छोरो दाजुसँग सारीको सट्टा शारीरिक सम्भोगमा संलग्न भएपछि वेश्यावृत्तिमा लागेर हिँड्न परेसँगै मनोद्वन्द्वको चापमा परेकी पात्र हो । वेश्यागामी युवकसँगको शारीरिक सम्भोग, युवकको जिज्ञासामा दिएको बौद्धिकतापूर्ण जबाफ, वेश्यावृत्तिबाट प्राप्त गरेको सन्तुष्टि र निराशा, विगतको घटनाबाट महसुस भएको तनाव, वेदनामय यौनजीवनलगायतका कथामा आएका घटनासन्दर्भमा उसको मनोदशा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थितिमा देखिएको छ । यसरी युवतीको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(३०) नयाँ इतिहासको प्रारम्भ

'नयाँ इतिहासको प्रारम्भ' कथाकी प्रभा पात्र हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय देखिएकी छ । उसलाई कथामा क्रान्तिको अर्थ र सीमा राम्ररी बुझेकी नेपाली काङ्ग्रेसकी अत्यन्त सशक्त र जुझारु महिला नेतृका रूपमा चिनाइएको छ । २००७ सालको क्रान्तिको समयमा वीर विश्वेश्वर जिन्दावाद, नेपाल देश हो आजाद भन्ने नारा लगाउँदै क्रान्तिमा सहभागी भएकी प्रभाले विश्वेश्वरलाई दाइ नाता जोडेकी छ । उसका बाबु र दाइभाइ तत्कालीन राणाशासन समयका सरकारिया जागिरे देखिएका छन् । उसको घरबाट ऊ मात्रै क्रान्तिमा लागेकी छ । त्यसैले उसलाई बाबु, दाइभाइले खाने, बस्ने, सुत्ने, उठ्ने बेलामा लगातार घोच्दै क्रान्तिमा लाग्नबाट निरुत्साहित गर्ने गरेका छन् । यस सन्दर्भमा कथामा "नेपाल स्वतन्त्र गराउने तैँले गर्दा हाम्रो जागिर खोसियो, इज्जत गयो, मालिकहरू रिसाए । तेरो स्वतन्त्र नेपाल कहाँ छ, तेरो विश्वेश्वर किन आउँदैन, तेरो जिन्दावाद मुर्दा कसरी भयो ?" (भिक्षु, २०३४, पृ. ६९) भनिएको छ । यस उद्धरणमा देशमा प्रजातन्त्र ल्याउन सक्रिय भएर लागेकी प्रभालाई घरपरिवारबाट प्रोत्साहित गर्नुको सट्टा बाबु र दाइभाइहरू एकैमुख भएर झन् निरुत्साहित गर्ने प्रयत्न गरेका देखाइएको छ । उनीहरूले प्रभा नेपाल स्वतन्त्र बनाउने क्रान्तिमा लागेकै कारणले गर्दा आफ्नो जागिर खोसिएको, मालिकहरू रिसाएका र इज्जत गएको भनेका छन् । बाबु र दाइभाइका कुरा सुनेर ऊ निराश भएकी छ । यसले गर्दा उसको अन्तर्मानसिकता हीनत्वबोधको चापमा परेको देखिन्छ ।

कथामा प्रभा घरपरिवारको निरुत्साहनका बिच पनि त्यसलाई बिर्सेर विश्वेश्वर दाइको ख्यातिमा आफ्नो सफलता आँक्दै मनमा एकप्रकारको गर्व महसुस गरेर अघि बढ्दै गरेकी छ । यस क्रममा उसले विश्वेश्वरलाई सम्झँदै "उसका दाइ विश्वेश्वर महान् हुन्, उनी देवता हुन्, उनले नेपाल देशलाई आजाद गराउने पवित्र कार्य उठाएका छन्, उनी यस चेष्टामा जेलमा थुनिएका छन्" (भिक्षु, २०३४, पृ. ६९) भनेकी छ । यस उद्धरणमा प्रभा क्रान्तिप्रति आशावादी देखिएकी छ । उसले विश्वेश्वरलाई महान् र देवता जस्तै मानेकी छ । नेपाललाई स्वतन्त्र बनाउने पवित्र कार्यमा लाग्दा जेलमा परेका विश्वश्वरलाई दाइको नातो जोडेर उनको निष्ठा, विश्वास र सम्मानलाई आत्मसात् गर्दै उसले आफूलाई दुःखी पार्ने कुरालाई बिर्सेर खुसीको ऊर्जा प्राप्त गर्न चाहेकी छ । यसबाट उसको मानसिकतामा श्रेष्ठत्वबोध भएको देखिन्छ ।

समयक्रमसँगै प्रभाको विवाह तराईमा भएको कथामा देखाइएको छ । विवाहपछि पनि उसको आस्था र विश्वासमा कुनै परिवर्तन भएको देखिँदैन । हिन्दी भाषामा प्रशारण हुने रेडियोले नेपाली काङ्ग्रेसका सशस्त्र सैनिकले वीरगन्ज सहर कब्जा गरेको समाचार सुनाउँदा ऊ उफ्रिएकी छ । उसको उफ्राइले श्रेष्ठत्वको निर्देश गरेको देखिन्छ । प्रभाको उत्साहमा उसका पतिले भने खासै चासो देखाएको पाइँदैन । नेपालमा स्वतन्त्रता आएपछि हुन सक्ने प्रतिक्रान्तिको डरले गर्दा मानिसहरू स्वतन्त्रताको स्वागत गर्न पनि तयार भएका देखिँदैनन् । एकपछि अर्को गरी काङ्ग्रेसले गाउँसहर कब्जा गर्दै जाँदा प्रभाको गाउँका मानिसहरू तर्सिरहेका देखिन्छन् । यस सन्दर्भमा कथामा "जतातै भयाक्रान्त, भावहीन, सुकेका अनुहार, निश्चल आँखा मात्र अनाश्वस्त, उद्विग्न ! सधैँ प्रफुल्लित आफ्ना गाउँले आमोदप्रमोद र दैनिक परिश्रममा व्यस्त रहने गाउँलेहरूको त्यो गाउँ श्मशान भूमिझैँ उदास, निर्जीव वातावरणले लाटो भएको

थियो" (भिक्षु, २०३४, पृ. ७१) भनिएको छ । यस उद्धरणमा प्रभा निराश बनेकी देखाइएको छ । क्रान्ति सफल भएर देशमा प्रजातन्त्र आउन लाग्दा खुसी हुनुपर्नेमा गाउँका मानिसहरू भयाक्रान्त, भावहीन, सुकेका अनुहार र निश्चल आँखा बनाएर अनाश्वस्त देखिएका छन् । सधैँ प्रफुल्लित भएर आमोदप्रमोद र दैनिक परिश्रममा रमाउने गाउँलेहरूको त्यो गाउँ श्मशान भूमिझैँ उदास र निर्जीव वातावरणले लाटो भएको देख्दा प्रभा पनि दुःखी भएकी छ । यस्तो परिस्थितिले गर्दा प्रभाको अन्तर्मानसिकतामा हीनत्वबोध भएको देखिन्छ ।

कथामा प्रभाले गाउँका भलादमी, वयसप्राप्त आइमाईसमेतलाई भेला पारेर प्रजातान्त्रिक क्रान्तिप्रति उनीहरूलाई आश्वस्त तुलाउने कोसिस गरेकी छ । यस सन्दर्भमा प्रभाले कथामा "हामी छउन्जेल तिमीहरूलाई केही हुने हो र ? काङ्ग्रेसको पल्टनले त राणाहरूको र तिनका सरकारिया पल्टनहरूसित मात्र लडाइँ गर्ने हो । हामीलाई सुबिस्ता होस्, हाम्रो अवस्था सुध्रोस् भनेर नै त काङ्ग्रेसले लडाइँ चलाएको छ !" (भिक्षु, २०३४, पृ. ७२) भनेकी छ । यस उद्धरणमा प्रभा गाउँलेहरूको आत्मबल बढाउन क्रियाशील देखिएकी छ । उसले प्रजातन्त्र आएपछि सुबिस्ता बढ्ने र अवस्थामा सुधार आउने भनेर गाउँलेहरूलाई सम्झाएकी छ । काङ्ग्रेसको पल्टनले राणा र तिनका सरकारिया पल्टनसँग मात्र लडाइँ गर्ने भएकोले गाउँका मानिस डराउन नपर्ने भन्दै आफूहरू छउन्जेल केही पनि नराम्रो हुन नदिने भनी गाउँलेहरूलाई उसले आश्वस्त तुल्याउने कोसिस गरेकी छ । सोझासिधा गाउँले मानिसहरूका अगाडि जान्ने, बुझ्ने र सम्झाउन सक्ने देखिएर प्रभा श्रेष्ठत्वप्राप्तिको प्रयासमा लागेकी देखिन्छ । उसको प्रयासका विपरीत गाउँलेहरू प्रजातान्त्रिक क्रान्तिप्रति विश्वस्त हुन भने सकिरहेका देखिँदैनन् । उसका पतिले समेत घृणाव्यञ्जक दृष्टि राखेर स्वतन्त्रताप्रति शङ्का र अविश्वास दर्साएकाले गर्दा प्रभा निरुत्साहित भएकी छ । यसबाट उसको मानसिकतामा हीनत्वबोधको चाप बढ्न गएको देखिन्छ ।

एक दिन काङ्ग्रेसको नाममा दुई जना सिपाहीले चामल र रूपयाँको माग गर्दै गाउँमा पूर्जी ल्याएर आएकामा प्रभा आफै अघि सरेर त्यसको प्रतिवाद गरेकी छ । यसो गरेर उसले श्रेष्ठत्व प्राप्त गर्न चाहेकी देखिएको छ । भोलिपल्टै उसको गाउँमा हतियारधारी पल्टनियाहरू प्रवेश गरेर क्याम्पको खर्च र रासन रोकेको भन्दै आतङ्क मच्याउँदै धनमाल लुटपाट, हत्या र महिलाहरूको इज्जतसमेत लुट्ने कार्य गरेका छन् । तिनीहरूले प्रभाका पतिको पनि हत्या गर्नुका साथै अरू गाउँलेलाई पनि मारेका छन् । स्वतन्त्रताका नाममा गरिएको यस्तो आपराधिक कार्यबाट प्रभाको मानसिकता विचलित भएको देखिन्छ । यसले गर्दा ऊ हीनत्वबोधको चापमा परेकी छ । यस्तो विषम परिस्थिति सिर्जना भएपछि उसले स्वआश्वस्त हुन चाहेर कथामा "यी पापीहरू सजाय नपाई छुट्ने हुन् र ? कहिल्यै त शान्ति होला ! एकपल्ट विश्वेश्वर दाइलाई भेट्नुपर्छ । नभएर नेपालै गएर पनि भेटी यो जम्मै बयान गर्नपर्छ" (भिक्षु, २०३४, पृ. ७५) भनेकी छ । यस उद्धरणबाट प्रभा आशावादी बनेकी देखिएको छ । उसले गाउँमा पसेर सोझासिधा मानिसलाई लुट्ने र मार्ने पापीहरू सजाय नपाई छुट्न नसक्ने र शान्तिको वातावरण बनेपछि नेपालै गएर विश्वेश्वर दाइलाई भेटी सबै कुरा बयान गर्ने अठोट गरेकी छ । उसले यस्तो अठोट गरेर स्वतन्त्रताको बदनाम गराउने यस्ता डाँकू र गुन्डाहरूलाई सजाय दिलाउन लाग्ने हिम्मत सँगाली आफैमा उत्साह थप्दै गरेकीले यसबाट उसको मानसिकतामा श्रेष्ठत्वबोध भएको देखिन्छ ।

कथामा एक दिन आतङ्क फैलाउने धर्मबहादुर र देवप्रसादको ग्याङ्ग पक्राउ परेको मौखिक खबर सुनेर प्रभा उत्साहित भएकी छ । उसले गाउँलेहरूलाई सम्झाउँदै कथामा "यी डाँकूहरूले सजाय नपाई कहाँ छुट्ने हुन् र ? हरे यिनले के-के गरेनन् ! अब थाहा पाउलान् । हामीहरू जस्तै यी सबैको दुर्गति नभई रहला र ? ... लूटको धन, सम्पत्ति पनि, हेर, नतिरीकहाँ सुख पाउँछन् ?" (भिक्षु, २०३४, पृ.७५) भनेको छ । यस उद्धरणमा प्रभाले त्रसित गाउँलेलाई आश्वस्त पार्न खोजेकी छ । उसले डाँकूहरूले सजाय नपाई नछोड्ने र तिनीहरूको दुर्गति हुने अनि लुटेको सबै धनसम्पत्ति फिर्ता नगरी सुख नपाउने कुरा गाउँलेहरूलाई सम्झाएर आश्वस्त पार्न खोजेकी छ । यसो गरेर उसले श्रेष्ठत्वप्राप्तिको अनुभूति गर्न चाहेकी स्पष्ट हुन्छ । यसैबिच भैरहवाबाट आएका मानिसले प्रभासँग "धर्मबहादुरका दलका केही मानिस त थुनामै छन्, तर मन्त्रीज्यूका आदेशले केही भने छुटेका छन् । उनका सबै साथी मालतालसमेत आफ्नाआफ्ना घरमा गए । केही अब नेपाल जान्छन् कि !" (भिक्षु, २०३४, पृ.७५) भनेको छ । यस उद्धरणबाट उत्साहपूर्ण मन बनाएर बसेकी प्रभा भैरहवाबाट आएका मानिसले भनेको कुराबाट झस्किएकी देखिएको छ । त्यो मानिसले धर्मबहादुरको ग्याङ्गका केही मानिस थुनामै भए पनि अरू भने मन्त्रीज्यूको आदेशबाट मालतालसहित छुटेर घर गइसकेका र केही भावी व्यवस्थाको लागि सरसल्लाह गर्न नेपाल जान लागेका भन्ने कुरा सुनेर निराश भएकी छ । यस सन्दर्भमा कथामा "उसको (प्रभाको) आँखा एक पटक आफ्नो चुरा नभएको रित्तो हातमा गयो र एक पटक उसको दृष्टि श्रृङ्गाररहित आङमा लाएको सेतो सादा लुगामा दगुऱ्यो । संसारभरिको अचम्म आघात एकत्र जस्तो हुन आए । उसको खुट्टा मुनिबाट भुई खस्कन लागेझैं भयो" (भिक्षु, २०३४, पृ.७५) भनिएको छ । यस उद्धरणमा प्रभाले आफूहरूप्रति ठूलो विश्वासघात भएको ठानेकी छ । त्यो मानिसको कुरा सुनेपछि उसको आँखा आफ्नो चुरा नभएको हात, श्रृङ्गाररहित आङ र सेतो साधा लुगामा दगुर्नुका साथै संसारभरिको आघात एकत्र हुन गएको र धर्ती नै खस्कन लागेझैं उसलाई महसुस भएको छ । कुनै विराट सर्वनाश र महाभयङ्कर विश्वासघात हुन गएर ऊ रक्तहीन सेतो अनुहारकी हुन पुगेकी छ । यसबाट प्रभा दुःखित, पीडित र अपमानित भएकीले गर्दा उसको अन्तर्मानसिक स्थिति हीनत्वबोधको प्रभावमा परेको देखिन्छ । उल्लिखित कथात्मक सन्दर्भबाट प्रभा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेकी देखिएको छ ।

'नयाँ इतिहासको प्रारम्भ' कथाकी प्रभा २००७ सालको प्रजातान्त्रिक क्रान्ति र त्यसको सफलतासँगका घटनासँगै जोडिँदा उत्साहित भई श्रेष्ठत्व प्राप्त गरेको स्थितिमा देखिएकी भए पनि क्रान्तिसँगै देखापरेका हत्या, आतङ्क, लुटपाट आदि कुरा अनि त्यस्तो जघन्य अपराध गर्नेहरूले सजाय नपाई छुटेका घटनाबाट निरुत्साहित भई हीनत्वबोधमा परेकी देखिएको छ । यस्तै घटनाश्रृङ्खलाका चापसँगै ऊ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वात्मक परिस्थितिमा रुमलिएकी कथामा देखाइएको छ । यसरी प्रभाको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

३.४.२ पुरुषपन र नारीपनका बिच आन्तरिक द्वन्द्वविधान

पुरुषपन र नारीपनका बिच द्वन्द्वको स्थिति रहने कार्ल गुस्ताफ युङ्गको मान्यता रहेको छ । उनले पुरुषपनलाई एनिमस र नारीपनलाई एनिमा भनेर चिनाएका छन् । पुरुष र नारीमा लुप्त रूपमा रहने यी दुई भिन्न गुणको प्रभावको कारणले गर्दा व्यक्तिको अन्तर्मानसिकतामा द्वन्द्वको स्थिति सिर्जना हुन्छ भन्ने युङ्गको मान्यताको सार रहेको छ । भवानी भिक्षुका कथामा उनको मान्यताको प्रभाव परेको देखिन्छ । उनका कथाका पात्र विभिन्न घटना र परिस्थितिका चापमा परेर पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वमा परेका पाइन्छन् । त्यसैले यसमा भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि...?', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट', 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' र 'मीना' गरी बाह्रओटा कथाको पुरुषपन र नारीपनका बिचको आन्तरिक द्वन्द्वविधानका आधारमा अध्ययन गरिएको छ ।

(१) गुनकेशरी

'गुनकेशरी' कथाकी गुनकेशरी पुरुषपन र नारीपनका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथाको प्रारम्भमै उसको चारित्रिक वर्णन गर्ने क्रममा उसलाई सुन्दरी, कोमल, उदार, भद्र, सोझी र भोला हृदय भएकी युवती भनेर चिनाइएको छ (भिक्षु, २०५२, पृ. १) । यी सबै नारीपनका लक्षण हुन् । यससँगै ऊ कसैसँग दब्न नचाहने स्वभावकी भनेर पनि उल्लेख गरिएको छ । यस सन्दर्भमा कथामा "स्वयम्भित्र कुनै सन्दिग्धता उसले केही पनि राखिछोडेकी त थिइन ! यसैले ऊ आफूलाई अत्यन्त खरो सम्झन्थी; कसैसित नम्र हुनु, दब्नु किन ?" (भिक्षु, २०५२, पृ. १-२) भनिएको छ । यस उद्धरणमा गुनकेशरीलाई अत्यन्त खरो र कसैसँग दब्न नचाहने स्वभावकी देखाइएको छ । यस्तो स्वभाव आफैमा पुरुषपनको लक्षण हो । कथामा उसले आफ्नी बहिनी सुभद्रालाई अत्यन्त माया गर्ने गरेकी देखाइएको छ । मायालु व्यवहार फेरि नारीपनको स्वाभाविक लक्षण मानिन्छ । बहिनीको विवाह हुने र आफ्नो नहुने स्थितिमा उसले आफ्नो सामर्थ्य र प्रभुत्व खस्कन पुगेको ठानेकी छ । सामर्थ्य र प्रभुत्वको आकाङ्क्षा आफैमा पुरुषपन हो । यी कुराहरूले गुनकेशरी पुरुषपन र नारीपन दुवै गुण एकसाथ आत्मसात् गरेर हिँडेकी पात्र हो भन्ने देखिन्छ । यी दुई गुण परस्पर असहमत पक्ष हुने भएकाले यसबाट गुनकेशरीको मानसिकतामा नारीपन र पुरुषपनका बिचमा द्वन्द्वको स्थिति देखिएको पाइन्छ ।

कथामा सुभद्राको विवाहपश्चात् गुनकेशरीले उसका पतिलाई अतिघृणा गरेकी छ । विजयसँग प्रेम गर्न चाहेकी उसले आफू झुक्न चाहेकी छैन । यस सन्दर्भमा कथामा "विजय आफै उसको अगाडि आएको थियो-; झुकेर, नम्रित भएर, टाउको निहुराएर उसलाई आउनुपर्‍यो, उसलाई ठूलो बनाएर गुनकेशरीले ल्याउनुपरेको थिएन" (भिक्षु, २०५२, पृ. ९) भनिएको छ । यस उद्धरणमा विजय गुकेशरीलाई खोज्दै आफै आएको भन्ने देखाउन खोजिएको छ । ऊ गुनकेशरीसँग झुकेर, नम्रित भएर अनि टाउको निहुराएर आएको हो । गुनकेशरीले बल गरेर उसलाई ल्याएकी होइन । यसबाट गुनकेशरी कसैसँग झुक्न नचाहने पात्र हो भन्ने देखिन्छ । आफ्नो नारीपनले रुचाएको विजयसँग र सुभद्राका पतिसँग पनि ऊ झुक्न चाहेकी छैन । उसको चरित्रमा यस्तो प्रवृत्ति पाइनुमा पुरुषपनको प्रभाव नै हो भन्ने देखिन्छ । अर्कोतर्फ

सुभद्राको पति उसको घरमा केटी हेर्न आउँदा गुनकेशरीले आफूलाई रोजिदिओस् भन्ने चाहेकीमा उसले बहिनीलाई मन पराउँदा ऊ दुःखी भएकी छ। बहिनी सुभद्राको विवाहपश्चात् उसले विजयसँग सम्बन्ध बढाएर खुसी हुने उपाय खोजेकी छ । यस सन्दर्भमा कथामा गुकेशरीले "के विजयलाई माया गर्न सकिँदैन ? किन नसक्ने ? आफूलाई यत्तिको आदरको दृष्टिले हेर्ने, आफूले भनेको, चाहेको सबै थोक आँखा चिम्लेर मानिदिने" (भिक्षु, २०५२, पृ. ५) भनेकी छ । यस उद्धरणमा गुनकेशरीले विजयको निकटता चाहेकी देखाइएको छ । यो उसको नारीपनको कामनाको रूपमा प्रकट भएको देखिन्छ । यसले गर्दा गुनकेशरीको अन्तर्मानसिकता एकातिर पुरुषपन र अर्कोतिर नारीपनको तानातानीमा परेर द्वन्द्वात्मक बनेको देखिन्छ ।

कथामा गुनकेशरीको नारीपन पुरुषको खोजीमा लागिरहेको देखाइएको छ । यसो भए पनि उसले प्राप्त पुरुषलाई सहजै त्याग्ने वृत्ति अँगालेकी छ । यही भएर विजयसँग प्रेम गरेर पनि अर्कै पुरुषसँग विवाह गरेकी छ । यस सन्दर्भमा कथामा "गुनकेशरीलाई प्राप्त गरेको पुरुषको सानिध्यदेखि पर गइदिने उत्कट आवश्यकताको अनुभव मात्र उसलाई हुन थाल्यो । दोस्रै दिन त्यो आफ्नो माइतमा गई बसी" (भिक्षु, २०५२, पृ. १३) भनिएको छ । यस उद्धरणमा गुनकेशरीले पुरुषको नजिक हुन चाहने र नजिकमा भएको पुरुषबाट टाढा हुन हतारिने वृत्ति आत्मसात् गरेकी देखाइएको छ । विवाह नभएकाले चिन्तित भएकी ऊ विवाह भएर पतिको घरमा गएपछि पनि स्थिर हुन सकेकी छैन । उसको मानसिकता पतिदेखि टाढिन उत्सुक भएको देखिन्छ । यसैले गर्दा विवाहित पतिलाई पनि सहजै छोडेर माइतमा आएर बस्न थालेकी छ । उसको नारीपन पुरुषको सान्निध्यताको लागि आकर्षित हुने र पुरुषपनले भने अवरोध पुऱ्याउने गरेको देखिँदा ऊ पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वबाट प्रभावित भएकी पाइन्छ ।

'गुनकेशरी' कथाकी नारी पात्र गुनकेशरीको नारीपनले पुरुषको सान्निध्यता खोज्ने गरेको र उसभित्रको पुरुषपनले भने पुरुषसँग प्रतिस्पर्धा र द्वन्द्व चाहने गरेको देखाइएको छ । यस्तो स्थितिले गर्दा गुनकेशरीको मानसिकतामा नारीपन र पुरुषपनका बिचमा द्वन्द्वात्मक स्थिति बनेको छ । यसरी कथामा गुनकेशरीको अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिचमा द्वन्द्वको स्थिति देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(२) प्रेमको एउटा कथा

'प्रेमको एउटा कथा' कथाकी नारी पात्र गोमती पुरुषपन र नारीपनका बिच द्वन्द्वविधानको प्रस्तुतिका दृष्टिले विश्लेषणीय देखिएकी छ । कथाको प्रारम्भमै उसले तेह्र वर्षको उमेरदेखि नै आफूले मानसिंहसँग प्रेम गर्न प्रारम्भ गरेको भनेकी छ । दुईबिच पारस्परिक आत्मीयता अत्यन्त मोहममताभित्र फल्दै र फुल्दै गएर यहाँसम्म आएको भनेर गोमतीले खुलाएकी छ (भिक्षु, २०५२, पृ. १८) । कुरकुरे बैँस प्रारम्भ हुँदासाथ पुरुषप्रति आकर्षित भएबाट एउटी नारी मानिसमा देखिने सहज र स्वाभाविक प्राकृतिक गुणको रूपमा यसलाई लिनुपर्ने देखिन्छ । गोमतीकी आमाले भने छोरीले मानसिंहसँग गरेको प्रेमलाई स्वाभाविक रूपमा नलिएर कुलमा कलङ्क लाग्ने कुरा मान्दा उसले आफूले कुनै गल्ती नगरेको कुरा महसुस

गरेकी छ । उसले "आखिर म गरिनै के रहेछु जसका निम्ति, आमा भएर पनि, यस्तो अपमानपूर्ण सङ्केत गरिरहेकी छिन्" (भिक्षु, २०५२, पृ. १८) भनेकी छ । यस उद्धरणबाट गोमतीले आफूले गरेको प्रेमलाई ठीक ठानेकी देखिएको छ । उसमा बैंस चढ्दै गएकाले उसले पुरुषको सामीप्यता खोज्न थालेकी छ । गोमतीका अनुसार उसले मानसिंहसँग गरेको प्रेमबाट कुलमा कलङ्क लाग्ने केही देखिँदैन । त्यसैले आमाबाट आफ्नो प्रेमसम्बन्धलाई सम्मानपूर्ण रूपमा स्वीकार गरियोस् भन्ने गोमतीको चाहना रहेको देखिन्छ । यो उसको नारीपनको अपेक्षा हो ।

कथामा गोमतीले मानसिंहसँगको आफ्नो प्रेम अत्यन्त गाढा भएको सङ्केत गरेकी छ । यस सन्दर्भमा उसले "मेरो आत्मा नै कुनै शक्तिद्वारा मानसिंहतिर प्रेरित हुन गएको छ; र अब उनी नभई मेरो कुनै तारतम्यै बस्तैन" (भिक्षु, २०५२, पृ. २१) भनेकी छ । यस उद्धरणबाट उसको चेतनगत नारीपन मानसिंहबाट अलग्गिन चाहेको भन्ने कल्पना पनि गर्न सकिँदैन भन्ने देखिन्छ । उसले त आफ्नो आत्मा मानसिंहबाट अलग्गिनै नसक्ने ठानेकी छ । यहाँसम्म कि उसले आफ्नो जीवनको तारतम्य मानसिंहको अभावमा सम्भव नै हुँदैन भनेकी छ । यसबाट उसको नारीपन प्रेमीतर्फ प्रबल रूपमा आकर्षित भएको कथामा देखिएको छ । अर्कोतर्फ बाआमाले बोलाएर अबउप्रान्त मानसिंहसित लेखापढी नगर्नू भनी आदेश दिएपछि हवस् भनेकी गोमतीले मानसिंहसँगको प्रेमसम्बन्धलाई चटक्क छोडेकी छ (भिक्षु, २०५२, पृ. २१) । यो उसको अचेतन पुरुषपन निर्देशित साहस र सामर्थ्यको प्रभावले गर्दा भएको भन्ने देखिन आउँछ । कथामा देखिएको यस्तो स्थिति गोमतीको नारीपन र पुरुषपनका बिचको द्वन्द्वात्मकताको परिणाम हो भन्ने देखिन्छ ।

कथामा गोमतीले मानसिंहसँगको प्रेमसम्बन्धबाट अलग्गिएपछि विकल्पको रूपमा मामाको छोरो नाताले दाइ पर्ने गोपाललाई पछ्याएकी छ । यस सन्दर्भमा उसले कथामा "उसलाई लिएर अक्सर म बाहिर डुल्न जान लागें । पर्व पर्वमा देउताहरूको दर्शन गर्न जाँदा भीडबाट बचाउने उसैलाई आफ्नो रक्षक बनाउन लागें; र भीडमा आग्रहपूर्वक जाने बेलामा उसकै बाहुपाशमा सुरक्षित भएर म अरू देवदर्शकहरूबाट बच्थें" (भिक्षु, २०५२, पृ. २३) भनेकी छ । यस उद्धरणमा मानसिंहबाट अलग्गिएपछि गोमती गोपालसँग नजिक भएर उसैसँग घुम्न डुल्न थालेकी देखाइएको छ । यसरी उससँग नजिक भइसकेपछि उसले गोपालबाट आफ्नो यौनकामना तृप्त पारेर गर्भवती पनि भएकी छ । यसपछि ऊ गोपालसँग पनि गोप्य रूपमा टाढिएकी छ । उसको नारीपनले पुरुषको तीव्र चाहना राख्ने गरेको र उसभित्रको अचेतनमा लुप्त पुरुषपनले भने पुरुषसँग प्रतिस्पर्धा र बदलाका साथै पुरुषलाई तहसनहस पार्न केन्द्रित भएको देखिँदा कथामा गोमतीको अन्तर्मानसिकता नारीपन र पुरुषपनका बिच परस्पर द्वन्द्वात्मकताको स्थितिमा देखिएको पाइन्छ ।

कथामा गोमतीको विवाहको कुरा चलिरहेको र विवाह पनि भएर ऊ पतिगृह पुगेकी छ । यसको केही समयपछि कुरैकुरामा उसले आफू गर्भवती भएको पतिलाई सम्झाउँदै "मैले आफ्नो पतिदेवतासित इसारामा 'म गर्भववती छु' भन्ने कुरा सम्झाइदिएपछि म एकदम निश्चिन्त भएँ" (भिक्षु, २०५२, पृ. २४) भनेकी छ । यस उद्धरणबाट गर्भ पतिको नभएर गोपालको हुँदा पनि गोमतीको साहस र सामर्थ्यमा कुनै कमी नआएको भन्ने देख्न सकिन्छ । उसले ढुक्कसँग पतिलाई आफू गर्भवती भएको कुरा सुनाएर निश्चिन्त भएकी छ । उसले

आफ्नो गर्भबाट जन्मिने सन्तानलाई पतिका जिम्मामा नदिने सोच पनि बनाएकी छ । उसमा देखिएको यस्तो सामर्थ्य पुरुषपनको प्रभाव हो भन्ने देखिन्छ । नारीपनले तानिएर विवाह गर्नु र पतिगृह जानु अनि पतिसित प्रभुत्व देखाउने प्रयत्न पनि गर्नु आफैमा नारीपन र पुरुषपनका बिचको मनोद्वन्द्वात्मक अवस्था हो । उसको नारीपनले पतिलाई आदर्श, रूपवान् विकाररहित देखेको छ भने उसैको अचेतनस्थित पुरुषपनले पतिसँग झुक्न नचाहेको र आत्मसमर्पण गर्न नसक्ने ठानेको छ । यस सन्दर्भमा गोमतीले कथामा "म उनलाई माया पनि गर्छु र मेरो मायामा उनको विश्वास पनि छ; तर यति भए पनि मैले आत्मसमर्पण गर्न सकिनँ" (भिक्षु, २०५२, पृ. २४) भनेकी छु । यस उद्धरणमा गोमतीले आफ्नो विवाहित पतिलाई माया गर्छु भनेकी छ । यसो भए पनि ऊ पतिसँग झुक्न चाहेकी भने छैन । उसको नारीपनले पतिलाई सुन्दर र आदर्श ठानेर मन पराएको अनि माया गर्न चाहेको छ तर उसैको पुरुषपनले भने पतिसँग झुक्न नचाहेको बरु प्रतिस्पर्धा गर्न चाहेको छ । यसले गर्दा उसको अन्तर्मानसिकतामा नारीपन र पुरुषपनका बिचमा द्वन्द्वको स्थिति देखिएको स्पष्ट हुन्छ ।

कथामा गोपालको गर्भधारण गरेकी गोमतीले सुत्केरी भएर छोरो जन्माएकी छ । फेरि सुत्केरी भएको डेढ महिनामै ऊ त्यो बच्चो लिई पतिगृह त्यागेर निस्किएकी छ । छोरालाई वकिलका जिम्मा लगाएर पालनपोषणको खर्चसमेत वकिलका हातमा थमाई उसले आफू टाढिन चाहेको सङ्केत गरेकी छ । गोमतीले "मेरो साथमा यस बखत पाँहजार रुपियाँको नोट छ । पतिगृहबाट चोरेको धन यो होइन । मेरा गहनाहरू बेचेर मैले यसलाई जम्मा पारेकी हुँ । यो बच्चा यस बखत डेढ महीनाको भएको छ । म यसलाई तपाईंको आश्रयमा छोड्छु" (भिक्षु, २०५२, पृ. २५) भनेकी छु । यस उद्धरणमा गोमतीले भर्खरै डेढ महिना भएको छोरालाई पाल्ने खर्चसहित वकिलको जिम्मा लगाउन चाहेकी देखिएको छ । छोरो जन्माएर मातृत्व प्राप्त गरेकीले उसमा नारीपनको प्रभाव देखिन्छ भने सानो छोरालाई अर्कैको जिम्मा लगाएर टाढिन चाहेकी देखिएबाट ऊ पुरुषपनबाट प्रेरित भएकी भन्ने देखिन्छ । यसले गर्दा गोमती पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ । गोमतीले भर्खरै जन्मेको छोरालाई आफ्नो छातीको टुक्रा भनेकी छ र पतिको घरमा फर्केर जाने कुनै बाटो आफूले नछोडेको स्विकारेकी छ । उसले वकिलसँग "त्यस घरमा फर्किजाने कुनै बाटो मैले छोडेकी रहिनछु । ... आज यो बच्चा–आफ्नो छातीको टुक्रा–लाई तपाईंको सेवामा सुम्पिन आएकी हुँ" (भिक्षु, २०५२, पृ. २५) भनेकी छ । यस उद्धरणमा गोमतीको नारीपन पति र पतिगृह छोडेर निस्किएकोमा असन्तुष्ट देखिएको छ । उसले यस्तो कदम चाल्नुमा उसको अचेतनमा रहेको पुरुषपनकै तीव्र प्रभाव जिम्मेवार देखापर्छ । अर्कोतर्फ गोमतीले पतिसँग विद्रोह गरे पनि आफ्ना सबै दुःख, व्यथा र समस्याहरू कुनै नारीलाई नसुनाई पुरुष वकिललाई नै सुनाएकी र आफ्नो छोरालाई पनि उसकै जिम्मा लगाएकी छ । उसले यसो गर्नुमा उसकै नारीपनजनित गुण र नारीपनको प्रभाव हो भन्ने देखिन्छ । यी सन्दर्भहरूले गोमती पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेकी देखिएको छ ।

'प्रेमको एउटा कथा' कथाकी गोमती प्रारम्भमा मानसिंहसँग प्रेमसम्बन्धमा रहेकी छ । पछि बाबुआमाको सहमतिलाई कारण देखाएर उसलाई चटक्क छोडेर आफ्नै मामाको छोरो गोपालसँग नजिकिएकी ऊ एकाएक अर्कै पुरुषसँग विवाह गरेर पतिगृह प्रवेश गरेकी कथामा देखिन्छ । फेरि विवाहित पतिलाई पनि छोडेर आफूले जन्माएको छोरालाई वकिलका

जिम्मा लगाई ऊ अलप भएकी छ । गोमतीले कथामा देखाएको कार्यव्यापारलाई हेर्दा ऊ नारीपनबाट प्रेरित भएर पुरुषसँग नजिकिने र पुरुषपनबाट प्रभावित हुँदासाथ पुरुषसँग टाढिने गरेकी देखिन्छ । यसले गर्दा कथामा ऊ पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वमा परेकी स्पष्ट हुन्छ । यसरी कथामा गोमतीको अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिच आन्तरिक द्वन्द्वको स्थिति सिर्जना गरेर यससम्बन्धी द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(३) अनि ....?

'अनि ....?' कथाकी रत्नमाया पुरुषपन र नारीपनका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ दसएघार वर्षकी हुँदा नै उसकी आमा स्वर्गवास भएपछि उसलाई हुर्काउने, बढाउने र पढाउने सबै जिम्मेवारी उसको बाबु रामध्वजले नै पूरा गरेको छ । समयक्रमसँगै उमेर बढेर बैँसालु भएपछि रत्नमायाले रामध्वजको घरको पल्लोपट्टिको घरमा बस्ने युवक गोविन्दसँग प्रेम गर्न थालेकी छ । उसको प्रेमसम्बन्धको बारेमा कथामा "अब अगाडि सुन्नोस् । थाहा पनि सायद पाउनुभएकै होला । त्यही रत्नमायाकै कुरा ! बुझ्नुभएन के ? त्यही युवक; रामध्वजको घरको पल्लोपट्टिको घरमा बसेको । उसैसित रत्नमायाको प्रेम रहेछ" (भिक्षु, २०५२, पृ. २९) भनिएको छ । यस उद्धरणले रत्नमायाको उसकै टोलछिमेकमा बस्ने युवक गोविन्दसँग प्रेमसम्बन्ध रहेको सङ्केत गरेको छ । गोविन्द पनि उसको घरमा बेलाबेलामा आउनेजाने गर्ने गरेको कथामा देखाइएको छ । यसले गर्दा रत्नमाया र युवक गोविन्दका बिचमा प्रेम क्रमशः गाढा बन्दै गएको कथामा देखिएको छ । ऊ युवक गोविन्दसँग आकर्षित भएर प्रेम गर्न थालेकी देखिनु नारीपनको प्रभाव हो ।

कथामा रत्नमाया रामध्वजकी छोरीको भूमिकामा छे । उसको घरको अनुशासन एउटा साँचोमा व्यवस्थित भएको देखिन्छ । त्यो अनुशासनभन्दा बाहिर गएर रत्नमायाले केही गर्न सक्ने कल्पना पनि गर्न सकिँदैन भन्ने विश्वास सबैमा रहेको छ । यसो भए पनि उसले भित्रभित्रै प्रेम गरेकी छ । प्रेम गरेकी भए पनि उसको प्रेम शारीरिक सम्पर्कको स्तरमा पुगेको भने छैन । यस सम्बन्धमा कथामा "किन्तु पख्नोस्; 'प्रेम' भन्दैमा अर्को शारीरिक सम्बन्धको कल्पनाचाहिँ नगर्नुहोला" (भिक्षु, २०५२, पृ. २९) भनिएको छ । यस उद्धरणले रत्नमायाले युवक गोविन्दलाई प्रेम गरेकी भए पनि त्यो प्रेम आत्मिक स्तरको हो भन्ने देखाएको छ । उसले गरेको प्रेम मनले गरेको प्रेम हो । दुई प्रेमी र प्रेमिकाका बिचमा शारीरिक सम्बन्ध भएको भन्ने कल्पना गर्न नसकिने भए पनि रत्नमायाको नारीपनले भने पुरुषको अपेक्षा गरिरहेको छ । उसले भावी पतिको रूपमा युवक गोविन्दलाई चाहेकी कथामा सूचित भएको छ । यसले गर्दा उसको चेतनगत नारीपनले युवक गोविन्दलाई आत्मसात् गर्दै गरेको देखिन्छ । यसो भए पनि उसले घरको अनुशासन र मर्यादाको साँचोलाई तोडेर प्रेमीसँग समर्पित हुन सकेकी भने देखिँदैन । त्यो साँचोले उसको अचेतनमा लुकेर बसेको पुरुषपनको प्रतिनिधित्व गरिरहेको देखिन्छ । यसैले गर्दा रत्नमायाको नारीपनले गोविन्द युवकलाई चाहँदाचाहँदै पनि अनुशासनको साँचोरूपी पुरुषपन निर्देशित प्रभाव र गुणले गर्दा उसले गोविन्दलाई गर्ने प्रेम वास्तविक प्रेममा रूपान्तरण हुन सकिरहेको भने देखिँदैन । यस सम्बन्धमा कथामा "लाग्छ कि बाबुकी छोरी रत्नमाया, बाबुले सँगालेको परिधिलाई नाघ्नलाई त के कुरा, नाघ्ने कल्पनापर्यन्त पनि गर्न सक्तिन" (भिक्षु, २०५२, पृ. ३०) भनिएको छ । यस उद्धरणमा

बाबुले सँगालेको भनिएको परिधि रत्नमायाको अचेतनमा निहित पुरुषपनको प्रतीकको रूपमा देखिएको छ । उसको नारीपन युवक गोविन्दलाई पाउन इच्छुक देखिएको भए पनि पुरुषपनको प्रभावको कारणले गर्दा उसको नारीपनको अपेक्षा पूरा हुन सकिरहेको देखिँदैन । यसले गर्दा कथामा रत्नमायाको मानसिकतामा नारीपन र पुरुषपनका बिच द्वन्द्वात्मक परिस्थिति बनेको देखिन्छ ।

कथामा युवक गोविन्दसँग प्रेमसम्बन्धमा रहेकी रत्नमायाको विवाह उसका बाबुले नरदेवी टोलतिरका मानिससँग गरिदिने तारततम्य मिलाएको छ । यसको सबै जानकारी प्राप्त गरेकी रत्नमायाले न त त्यसरी हुन लागेको आफ्नो विवाहप्रति रुचि देखाएकी छ न गोविन्द युवकलाई शीघ्र आत्मसात् गरेर विवाहको तारतम्यलाई अस्वीकार नै गर्न सकेकी छ । यो उसको नारीपनले पुरुषको चाहना राखेको र अचेतन पुरुषपनले भने नारीपनको चाहनाविपरीत निर्देश गर्नुको परिणाम हो । रत्नमायाको विवाहको तयारी अघि बढिरहँदा पाँचसात दिनदेखि छिमेकी युवक गोविन्द उसकहाँ आउँदै आएको छैन तर रत्नमायाको मनमा त्यो नआएकै कारणले उसमाथि क्रोध रिस उठिरहेको छ । यस सम्बन्धमा कथामा "गत पाँचसात दिनदेखि त्यो छिमेकी युवक त्यसकहाँ आउँदै आएन । आउनु नपर्ने पनि हो ! तर रत्नमायाका मनमा त्यो नआएकै कारणले उसमाथि क्रोध, रिस किन उठिरहेछ ?" (भिक्षु, २०५२, पृ. ३२) भनिएको छ । यस उद्धरणले रत्नमायाको नारीपनले आफ्नो प्रेमी आओस् भन्ने चाहेको सङ्केत गरेको छ । आएर आफूलाई लगोस् भनेको पनि हुन सक्छ । उसको प्रेमी भने आफ्नी प्रेमिकाको अर्कै मानिससँग विवाह हुने कुरा थाहा पाएपछि पाँचसात दिनदेखि रत्नमायाको घरमा आएको देखिँदैन । रत्नमाया भने गोविन्द उसकहाँ नआउँदा क्रोधित भएकी छ । ऊ यसरी क्रोधित हुनुको पछाडि आफ्नो प्रेमीप्रतिको आकर्षण हो भन्ने देखिन्छ । यो आकर्षण नारीपनकै प्रभावको कारणले देखिएको हो । रत्नमाया युवक गोविन्द नआउँदा क्रुद्ध भएकी भए पनि उसले आफ्नो प्रेमीलाई बोलाउन पठाएकी भने छैन । न त आउन भनेर केही खबर नै गरेकी छ । यसले उसको पुरुषपन गोविन्दको आगमनका विषयमा बेमतलब बनेको देखिन्छ । रत्नमायाको नारीपन प्रेमी गोविन्द नआउँदा रिसाएको देखिनु र पुरुषपन भने बेमतलब बनेको देखिएबाट यहाँनेर रत्नमायाको नारीपन र पुरुषपनका बिचमा मनोद्वन्द्वात्मक परिस्थिति सिर्जना भएको देखापर्छ ।

कथामा नरदेवी टोलतिरका मानिससँग रत्नमायाको विवाह सम्पन्न भएपछि ऊ दुलही बनेर पतिगृह प्रवेश गरेकी छ । यसबाट उसको नारीपनले विवाहलाई स्वीकार गरेको मान्नुपर्ने हुन्छ । यसपछि पतिसँगको सहवासका क्रममा उसले देखाएको प्रतिक्रियाको विषयमा कथामा "पतिले रत्नमायाँलाई अङ्कमाल गऱ्यो । रत्नमाया पानीझैँ उसको काखमा ढल्किन गई । पतिले चुम्बन गऱ्यो; रत्नमायाका ओठ जल्न थाले । ... एकाएक, उसले गरेको विसर्जनको एक दृश्य, त्यो युवकजस्तो प्रेम-दृष्टिको एउटा झल्को चिन्नलाई रत्नमायाका स्निग्ध आँखा अलि खुले । ... धोखा; छल; दम्भ ..." (भिक्षु, २०५२, पृ. ३४) भनिएको छ । यस उद्धरणमा विवाह भएर पतिगृह गएपछि रत्नमायाको पतिले उसलाई अङ्कमाल गरेको छ र ऊ पतिको काखमा ढल्किएकी छ । फेरि पतिको चुम्बनले गर्दा उसका ओठ जल्न थालेका छन् । यहाँनेर आश्रय पाउँदा पतितिर ढल्किनु उसको नारीपनको कामना हो भने चुम्बन गर्दा नगर्दै उसलाई जलन महसुस हुनु उसकै अचेतनस्थित पुरुषपनले नारीपनका विरुद्धमा देखाएको प्रतिक्रिया

हो । पतिको प्रेमआश्रय लिइरहँदा उसले युवकको जस्तो प्रेमदृष्टिको एउटा झल्को चिन्नलाई स्निग्ध आँखा खोलेकी छ । यस क्रममा उसले धोका र छल मात्र पाएकी छ । यसबाट उसको नारीपनले युवक गोविन्दसँग जान हतारिएको भन्ने चाहिँ देखिँदैन । यो त उसभित्रको अचेतन पुरुषपनको नारीपनका विपरीत गुणको प्रभाव मात्र हो भन्ने देखिन्छ । यसबाट रत्नमाया पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वबाट थिचिएकी देखिएको छ ।

'अनि....?' कथाकी रत्नमायाले आफ्नै टोलछिमेकमा बस्ने युवक गोविन्दसँग प्रेम गरेकी छ । प्रेम गरे पनि उसलाई पतिका रूपमा अँगाल्न भने सकेकी देखिँदैन । अझ प्रेमी हुँदाहुँदै अर्कै मानिससँग विवाह गरेर पतिगृह गएकी कथामा देखाइएको छ । फेरि विवाहलाई उसले धोका र छलका रूपमा ग्रहण गरेकी देखिन्छ । विवाहित पतिले अङ्कमाल गर्दा उसैतर्फ ढल्किएकी देखिए पनि चुम्बन गर्दा भने उसका ओठ जल्न थालेका देखिन्छन् । पतिको आश्रयमा रहेकै बेला उसले आफ्नो प्रेमीको झल्को खोजिरहेकी छ तर प्रेमीको खोजीमा निस्कन सकिरहेकी भने छैन । न त उसले विवाहित पतिलाई नै रुचाएकी देखिन्छ । खासमा नारीपनले तानिएर पुरुषको आश्रय चाहने र पुरुषपनको प्रभावको कारणले गर्दा पुरुषप्रति वितृष्ण बन्ने स्वभाव र व्यवहार रत्नमायाको चरित्रमा देखिएको छ । यसले गर्दा कथामा ऊ नारीपन र पुरुषपनका बिचको द्वन्द्वमा परेकी स्पष्ट हुन्छ । यसरी रत्नमायालाई नारीपन र पुरुषपनका बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(४) रमा

'रमा' कथाकी नारी पात्र रमा पुरुषपन र नारीपनका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय देखिएकी छ । उसलाई कथामा सम्पन्न बाबुकी सम्मानित र मर्यादाशील कुलपरिवारकी छोरी भनेर प्रारम्भमै देखाइएको छ । उसका बाबु त्यस जमानाका ग्राजुएट भएर शिक्षित, अनौठौ संस्कार भएका, हिजोआजका सबै थोकलाई नमान्ने र पूजापाठ, धर्म, आचार र परिवारको मर्यादा एवम् नियमित जीवनलाई मात्र ठीक ठान्ने प्रवृत्तिका छन् । उसकी आमामा पनि बाबुको संस्कारको प्रभाव परेको कथामा देखाइएको छ । रमाको बारेमा कथामा "पढेकी, लेखेकी गृहकार्यमा निपुण । उमेर बीस वर्ष, विहा भएको थिएन । ... आफ्नो विचारमा अलि-अलि दम्भ पनि सञ्चित गरिराखेकी थिई गर्व थियो– म जान्ने हुँ, म पवित्र हुँ, म आदर्शशील हुँ !" (भिक्षु, २०५२, पृ. ४२) भनिएको छ । कथाको यस उद्धरणमा रमाले आफ्नो मनमा आफू सबै कुरा जान्ने, पवित्र र आदर्शशील हुँ भन्ने दम्भ र गर्व आत्मसात् गरेकी भन्ने देखाइएको छ । तत्कालीन समयसन्दर्भअनुसार पन्ध्र-सोह्र वर्षमा नै विवाह भइसक्ने भए पनि योग्य, शिक्षित र सबै कुरामा निपुण हुँदाहुँदै पनि समयमै रमाको विवाह हुन सकेको देखिँदैन । उसले आत्मसात् गरेका दम्भ, गर्व, आफू जान्ने, पवित्र र आदर्शशील छु भन्ने कुरा र उसको विवाह नहुनुको कारण पुरुषपनको प्रभावका परिणाम हुन् भन्ने देखिन्छ ।

कथामा रमाको पुरुषपनले विवाहलाई अस्वीकार गर्दै गरेको देखिए पनि उसैको नारीपनले भने पुरुषको खोजी गरिरहेको छ । यसलाई सङ्केत गर्दै "पोस्ट अफिसमा थरी-थरीका टिकट बटुल्ने । दृश्यहरूको र मनुष्यहरूको फोटोसमेत बटुल्ने; फेरि कता-कता पठाउने र कुन्नि कता-कताबाट त्यस्तै आउने । सबैभन्दा ठूलो कुरा के त कहाँ-कहाँका देश-विदेशका

लोग्नेमान्छेहरूसित टिकट-सिकट लिएर चिनजानी पनि राख्ने" (भिक्षु, २०५२, पृ. ४२) भनिएको छ । यस उद्धरणबाट रमा पुरुष साथीको खोजीमा भित्रभित्रै लागेकी भन्ने देखिएको छ । उसले हुलाक टिकट, दृश्य र मानिसका फोटो बटुल्ने अनि अरूलाई पठाउने र अरूबाट आफूले पनि प्राप्त गर्ने एवम् यिनै कुराहरूका माध्यमबाट देशविदेशका लोग्नेमानिसहरूसित चिनजानी बढाउने प्रयत्न गरिरहेकी छ । उसको यो प्रयत्न आफूअनुकूलको पुरुषको खोजीमा केन्द्रित रहेको देखिन्छ । उसको नारीपनले यसरी पुरुषको चाहना र खोजी गरिरहेको भए पनि उसैको अचेतनगत पुरुषपन भने नारीपनको चाहनाविरुद्ध देखिएको पाइन्छ भन्ने कुरा रमाको यस विचारले कथामा "एउटा आदर्श थियो- बिहा गर्नु बन्धन हो; आफ्नो जीवन, यौवन, सौन्दर्य र सुखको दुरूपयोग" (भिक्षु, २०५२, पृ. ४२) भन्ने सङ्केत गरेको छ । यस उद्धरणबाट रमा विवाह गर्ने र पुरुष साथीसँग जीवन बिताउने सोचमा छैन भन्ने देखिन्छ । उसले विवाहलाई बन्धन ठानेकी छ । विवाहबाट जीवन, यौवन, सौन्दर्य र सुखको दुरूपयोग हुन्छ भन्ने उसको मान्यता रहेको छ । सतहमा यो कुरा रमाको आदर्श भन्ने देखिएको भए पनि गम्भीर रूपमा विचार गर्दा उसको यो आदर्श पुरुषको खोजीमा लागेको चेतनगत नारीपनका विपरीत उसैको अचेतनगत पुरुषपनको अवरोध हो भन्ने देखिन आउँछ । रमाको नारीपनले पुरुषको खोजी गरिरहेको र उसैको अचेतनस्थित पुरुषपनले उसको त्यस कार्यमा अवरोध पुऱ्याइरहेका कारणले गर्दा कम उमेरमै विवाह गर्ने परम्परा रहेको त्यस समयमा बीस वर्षसम्म पनि रमाको विवाह हुन नसकेको भन्ने देखिएको छ । यस्तो हुनुको मूल कारण रमाको नारीपन र उसकै अचेतनगत पुरुषपनका बिचको द्वन्द्व नै हो भन्ने स्पष्ट हुन्छ ।

कथामा रमाको बाबुको कारिन्दाको छोरो कलकत्ताबाट आई.ए. पास भएर छुट्टीमा घर आएको युवक भेटघाटका लागि रमाकै घरमा आएको देखाइएको छ । उसलाई देखेपछि रमाको नारीपनले युवकलाई आफूअनुकूल ठानेको छ । यसैले गर्दा रमाले युवकसँग पढाइलेखाइ, कलकत्ताको रमाइलो, सिनेमाहरूको आलोचना, नयाँ-नयाँ रेकर्डहरूको सङ्गीत-उत्तमता इत्यादिका बारेमा उत्साहपूर्वक कुराकानी गरेकी छ (भिक्षु, २०५२, पृ. ४३) । यस उद्धरणले रमा युवकसँग आकर्षित हुँदै गरेकी भन्ने देखाएको छ । उनीहरूका बिचमा फोटाग्राफी, टिकट सङ्कलन, आधुनिक फेसनका साथै आआफ्नो रुचिका बारेमा पनि कुराकानी भएको देखिन्छ । क्रमैसँग युवक रमालाई भेट्न आफै आउने कहिलेकाहीँ रमाले बोलाउने र भेट्न आउने हुँदै जाँदा दुवैबिच प्रेमसम्बन्ध स्थापित भएको छ । रमा र युवकका बिचमा प्रेमसम्बन्ध गाढा बन्दै गरेको विषयमा कथामा "प्रेमको सोख थियो, प्रेमको उमेर, प्रेमको आकाङ्क्षा । गर्न थाले दुवै परस्परमा प्रेम । पत्रहरू र दर्शनभेटहरूमा अब एउटा अर्कै चेतना बग्न थाल्यो" (भिक्षु, २०५२, पृ. ४४) भनिएको छ । यस उद्धरणमा रमाको नारीपनले युवकलाई आफ्नो अनुकूल ठानेर प्रेम गर्न थालेको देखाइएको छ । रमाको प्रेम गर्ने उमेर पनि भएकाले उसले युवकसँग प्रेम गर्ने आकाङ्क्षा देखाएकी छ । उसमा देखिएको युवकसँग प्रेमसम्बन्ध बढाउने यस्तो रुचि नारीपनको प्रभावको परिणाम हो भन्ने देखिन्छ ।

कथामा युवकसँग प्रेम गर्दै गरेकी रमाले कुनै कारण नै नभई एकपक्षीय रूपमा एकाएक युवकसँगको प्रेमसम्बन्ध विच्छेद गर्ने उद्घोष गरेकी छ । यस सन्दर्भमा कथामा "कुरा गरी आमाको भक्ति, बाबुको मर्यादामा ओतप्रोत भई युवकलाई लेखिदिई- हाम्रो परिवारको मर्यादा-विरुद्ध छ, आमा- बाबुको आज्ञा छैन, अबउप्रान्त केही सम्बन्ध राखेर के लाभ ?" (भिक्षु,

२०५२, पृ. ४५) भनिएको छ । यस उद्धरणमा रमा आफैले चाहेर स्थापित भएको प्रेमसम्बन्धबाट पछि हटेकी भन्ने देखाइएको छ। उसले गाढा बन्दै गरेको प्रेमसम्बन्धबाट पछि हट्नुपरेको कारण भने आमाबाबुको भक्ति, आफ्नो मुक्त र पवित्र जीवन भनेकी छ। यसो भए पनि सारमा उसको आफ्नै अचेतनगत पुरुषपनको प्रभावको कारणले गर्दा उसले यस्तो निर्णय गरेकी हो भन्ने देखिन्छ। यसबाट ऊ पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेकी देखिएको छ ।

'रमा' कथाकी रमाले विवाहलाई जीवन, यौवन, सौन्दर्य र सुखको दुरूपयोग ठानेकीले यसबाट उसको मानसिकता पुरुषपनको प्रभावमा परेको देखापर्छ । अर्कोतर्फ देशविदेशका लोग्ने मानिसहरूसँग सम्पर्क बढाउँदै गरेकी अनि आफ्नो घरमा आएको युवकसँग प्रेम गर्न थालेकीले ऊ नारीपनको प्रभावबाट प्रेरित भएकी देखिएको छ । फेरि ऊ गाढा बन्दै गरेको प्रेमसम्बन्धबाट एकपक्षीय रूपमा पछि हटेकी छ र सम्बन्ध विच्छेद गर्ने उद्घोष गरेकी छ । रमाले यसो गर्नुको पछाडि उसकै नारीपनको प्रभावको कारणले हो भन्ने देखिन्छ। पुरुषपनको प्रभावमा पर्दा पुरुष पात्र र विवाह गर्ने कुराको विपरीत आचरण देखाउने र नारीपनबाट प्रेरित हुन पुगेका बेला पुरुषको खोजी गर्ने अनि प्रेमसम्बन्ध बढाउन अग्रसर हुने स्वभाव र आचरण उसले आत्मसात् गरेकी छ। यी सबै कुराहरूबाट ऊ पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वमा परेकी पात्र हो भन्ने स्पष्ट हुन्छ । यसरी रमाको अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्व सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(५) व्यर्थता

'व्यर्थता' कथाकी करुणा पुरुषपन र नारीपनका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ सम्पन्न परिवारकी छोरीका रूपमा देखिएकी छ । उसको बाबु कप्तान कृष्णबहादुर हो । करुणा दुई वर्ष पुग्दा नपुग्दै आमा गुमाएर टुहुरी भएपछि बाबु र सौतेनी आमाले लालनपालन गरी उसलाई हुर्काएका छन् । हुर्केबढेकी करुणाको सबै कुराले अनुकूल युवक खोजेर विवाह पनि सम्पन्न गरिएको कथामा देखाइएको छ । करुणाको पति ससुरालीमै बस्ने गरेको देखिन्छ । उसले आफै पतिको सुन्दर रूपको चर्चा नगरेकी भए पनि उसका बाबुले ज्वाइँको सुन्दरता र व्यक्तित्वको मन खोलेर वर्णन गरेको छ। यसबाट करुणाको पति आकर्षक व्यक्तित्वयुक्त सुन्दर युवक छ भन्ने थाहा हुन्छ । यसो भए पनि करुणाले भित्री मनमा शून्यता साँचेर बसेकी कुरालाई कथामा "आफ्नो कोठामा गएर करुणा ओछ्यानमा मुख छोपेर लडिन् । ज्वाइँ साहेब रेकर्ड बजाइरहेका थिए- 'प्रीतम प्रेमको माला ।' दोलाईंभित्र करुणाको आँसुका थोपा बगिरहेका थिए 'केही न केही'-का निम्ति !" (भिक्षु, २०५२, पृ. ५१) भनेर देखाइएको छ । यस उद्धरणले करुणाको नारीपनले पतिसँग केही न केही चाहेको भए पनि उसले आफूले चाहेको कुरा पतिसम्मुख मुख फोरेर माग्न सकेकी छैन र नमागिकन प्राप्त गर्ने प्रयास पनि गर्न चाहेकी देखिँदैन । उसले पतिसँग चाहेको कुरा नयाँपनले युक्त यौनसुख हो भन्ने कुरा देखिन्छ । त्यसका लागि प्रीतम् प्रेमको माला रेकर्ड गीत बजाएर उसका पतिले बरु आव्हान गरेको छ । करुणा भने दोलाइँले मुख ढाकेर आँसु चुहाएर मुख लुकाएर सुतेकी छ । यहाँनेर उसको नारीपनले पतिबाट केही न केही चाहेको भए पनि उसकै अचेतनस्थित

पुरुषपनले भने नारीपनले चाहेको कुरा प्राप्तिमा तगारो हालेको हो कि भन्ने देखिन आउँछ । यसले गर्दा कथामा करुणाको नारीपन र उसकै अचेतनगत पुरुषपनका बिचमा द्वन्द्वात्मक स्थिति देखिएको पाइन्छ ।

कथामा करुणाले पतिसँग आत्मीयता बढाउन आफै खाजा बनाएर खुवाउने प्रयत्न गरेकी छ । उसले हाँसका फुल र चिया पकाएर पतिको कोठामा आफै लिएर पुगेपछिको अवस्थालाई कथामा "पतिको सम्मुखमा जम्मै थोक व्यवस्तितापूर्वक राखेर उनको मुखमा हेर्दछिन् ता त्यहाँ प्रचुर सन्तुष्टि विराजमान थियो । भित्र कुन्नि कुन प्रश्नले स्पष्टता खोज्न थाल्यो" (भिक्षु, २०५२, पृ. ५२) भन्ने कथांशका माध्यमबाट देखाइएको छ । यसबाट करुणाले आफ्नै हातले खाजा तयार गरेर पतिलाई खुवाउँदा उसको नारीपनले प्रचुर सन्तुष्टिप्राप्तिको अनुभव गरेको देखिएको छ । त्यहींनेर उसकै अचेतनगत पुरुषपनले भने छुट्टै प्रश्न गरेर स्पष्टता माग गर्न थालेको छ । सन्तुष्ट भएको नारीपनलाई भड्काएर द्वन्द्व सिर्जना गर्नमा करुणाको अचेतनस्थित पुरुषपन नै लागेको देखिन्छ । यसबारेमा कथामा "आज कस्तो मीठो म त तृप्त भएँ ।' अनि शङ्काकुल स्वरमा उसले सोधेकी छ- 'नुन कस्तो थियो ?' 'एकदम ठीक्क' पतिले भने । व्यङ्ग्यको आभास पनि नभएको उत्तर सुनेपछि निच मारेर तिनी ओछ्यानमा लडिन्" (भिक्षु, २०५२, पृ. ५२) भनिएको छ । यस उद्धरणमा प्रस्तुत करुणाको पतिसँगको संवादले पुरुषपन र नारीपनका बिचको द्वन्द्वलाई स्पष्ट देखाएको छ । यहाँ नुन कस्तो थियो भनेर करुणाको नारीपनले नभई पुरुषपनले सोधेको छ । पुरुषपनले चर्को थियो भनाउन चाहेको भए पनि उत्तर त्यस्तो नआई एकदम ठीक्क भन्ने आउँदा करुणाको पुरुषपन असन्तुष्ट भएर विरोधस्वरूप ओछ्यानमा लड्न पुगेको देखिन्छ । करुणाको नारीपन पतिसँग नजिक भएर मायालु रूपमा प्रस्तुत हुन चाहने र उसको अचेतनगत पुरुषपन भने त्यसको विरोधमा देखापर्ने गर्नाले उसको मानसिकतामा नारीपन र पुरुषपनका बिचमा मनोद्वन्द्वको स्थिति देखिएको पाइन्छ ।

कथामा करुणा श्रृङ्गार गरेर आफूलाई राम्ररी सुसज्जित पारी देवीदेवताको पूजा र दर्शन गर्ने बहाना बनाएर सहर घुम्न निस्किएकी छ । यस सन्दर्भमा भिक्षु (२०५२) ले कथामा लेखेका छन् :

> अन्तमा दिनहरूको निरानन्दता सह्य नभएकोले– श्रृङ्गार-सज्जाहरू समातिइन थाले । करुणा अब पाउडर, सेन्ट, लाली, बनाउ-बुनाउको अति प्रचुरतासँग खेल्न थालिन् । आफूलाई राम्ररी सुसज्जित पारी अक्सर पशुपतिनाथको दर्शन गर्ने, सहरमा भएका देवीदेउताको पूजा गर्ने माध्यम लिई आफूलाई प्रदर्शित गर्न लागिन्- कसैले त हेरोस्, हेरिरहोस् । यो यौवन, यो रूप, यो सौन्दर्य, यो श्रृङ्गार प्रदर्शित भएरै अलि खिइऊन् । मान्छेहरू उनलाई हेर्दथे र सम्मानको प्रेरणाले आँखा तल गर्दथे । मनमनै करुणा रिसाइहाल्दथिन् । यहाँ पनि त्यही निःसारता, त्यही मिथ्यापन ! केको सम्मान ! कस्तो भय ? मान्छे विस्फारित नेत्रले टककटी लगाएर किन हेर्दैनन् ? (पृ.५२-५३)

उल्लिखित उद्धरणमा घरको वातावरण र पतिसँगको सान्निध्यताबाट सन्तुष्ट हुन नसकेकी करुणा आफूलाई प्रदर्शन गर्न सहरतिर घुम्न निस्किएकी छ । उसले आफ्नो सुन्दरता, रूप र

यौवन बाहिर प्रदर्शन गरेर तृप्ति हासिल गर्न चाहेकी छ । आफूलाई विशेष गरी पुरुष मान्छेहरूले आकर्षणको दृष्टिले टकटकी लाएर हेरून् भन्ने उसको चाहना रहेको देखिन्छ । यो उसको नारीपनको आकाङ्क्षाको रूपमा प्रस्तुत भएको छ । यसो भए पनि उसको पुरुषपनले भने सम्मान दर्साएको, भय मानेर हेरेको र टकटकी लगाएर विस्फारित नेत्रले नहेरेको आदि आरोप लगाएर सन्तुष्ट भएको नारीपनलाई द्वन्द्वमा तान्न अग्रसर भएको देखिँदा कथामा करुणाको नारीपन र उसकै अचेतनगत पुरुषपन परस्पर मनोद्वन्द्वात्मक अवस्थामा पुगेको देखिएका छन् ।

कथामा करुणाको मामा सौतेनी आमाको भाइ कलकत्तामा बी.ए. पढ्दै गरेको युवक भेटघाटको लागि करुणाको घरमा आइपुगेको छ । करुणाको नारीपनले आफ्नो पतिभन्दा उसलाई अनुकूल र उपयुक्त देखेर हुन सक्छ; उसप्रति आकर्षित भएको छ । यसलाई कथामा "गत दसबाह्र दिनमा मामासँग निकै कुराकानी भएर निकै सान्निध्य भइसकेको थियो । उनका सकिँदै नसकिने कलकत्ताका कुराहरू अझसम्म त्यतिकै रुचिकारक भइरहेका हुनाले करुणा आफ्नो जम्मै फुर्सतको समय मामाकै निकट बिताउँदथिन्" (भिक्षु, २०५२, पृ. ५४) भन्ने कथांशका माध्यमबाट देखाइएको छ । यसले करुणा मामासँग आकर्षित भएकी देखाएको छ । ऊ मामाका कलकत्ताका कुराबाट मख्ख परेकी छ । अझ खासमा आफ्नो पतिभन्दा मामालाई आफूअनुकूल सुहाउँदो युवक देखेर उसले फुर्सदको समय पतिसँग भन्दा मामासँग बिताउँदा आनन्द र सन्तुष्टि प्राप्त भएको महसुस गरेकी छ । यसरी करुणाको नारीपन मामाप्रति नजिकिँदै गर्दा उसैको अचेतनस्थित पुरुषपन भने असन्तुष्ट भइरहेको देखिन्छ । यसको परिणामस्वरूप पुरुषपन प्रबल हुन गई करुणाले मामालाई कथामा "अब तिमी पढ्न जान्नौ ?' ... प्रश्नको यथार्थ मतलब नबुझेकोले मामा चुप लागेरै बसिरहे । डढेभैँ भएर करुणाले भनिन्– मामा, तिमी अब पढ्न जाऊ" (भिक्षु, २०५२, पृ. ५४) भनेकी छ । यस उद्धरणबाट करुणाले मामालाई आफ्नो नजिकमा देख्न नचाहेकी भन्ने बुझिन्छ । त्यसैले त उसले मामालाई आफ्नो घरमा धेरै बसेको ठानेर अब पढ्न कहिले जाने भनी सोधेकी छ । उसको भनाइको तात्पर्य मामाले नबुझेपछि सिधै अब तिमी पढ्न जाऊ भन्दै आफ्नो घर छिटो छाड्न निर्देश गरेकी छ । यहाँनेर करुणाको पुरुषपनले मामा अझै बसिरहेमा सर्वनाश निम्तिने ठानेको छ । उसैको नारीपनले भने मामालाई रुचाएको छ । यसले गर्दा करुणा पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको स्थितिमा देखिएकी पाइन्छ ।

कथामा मामा घर छोडेर निस्कन लाग्दा भने करुणा आँसु झारेर रोएकी छ । यस सन्दर्भमा कथामा "अलि केही घण्टाअगाडि नै यस मनुष्यलाई चाँडै नै आफ्नो सान्निध्यदेखि पर भगाइदिने यस्तो प्रबल आग्रहभित्र जानेबेलामा यतिको रुदन, यतिको आँसु किन ?" (भिक्षु, २०५२, पृ. ५६) भनिएको छ । यस उद्धरणमा करुणा मामा जान लाग्दा अत्यन्त निराश र दुःखी बनेकी देखिएको छ । उसले पुरुषपनको प्रभावमा परेर मामालाई खेदाउन चाहेकी भए पनि उसैको नारीपनले भने मामा जाँदा आफ्नो अत्यन्त प्यारो बस्तु खोसिएको ठानेको छ । त्यसैले त केही अघि मामालाई आफ्नो घरबाट छिटो खेदाउन चाहेकी करुणा मामा जानै लाग्दा आँसु झारेर रोहिरहेकी छ । उसले मामा जाने भएपछि अब आफ्नो नारी देहको व्यर्थ भारी मात्र शेष रहेको महसुस गरेकी छ । मामाको बहिर्गमनप्रति उसको यस्तो प्रतिक्रिया नारीपनको प्रभावको रूपमा प्रस्तुत भएको छ । करुणाको पुरुषपनले मामालाई छिटो घरदेखि

भगाउन खोज्ने र नारीपनले भने उसलाई त्यहीँ बसोस् भन्ने चाहेकाले गर्दा उसको अन्तर्मानसिकतामा नारीपन र पुरुषपनका बिच द्वन्द्वात्मक स्थिति बनेको पाइन्छ ।

'व्यर्थता' कथामा करुणा नारीपनबाट प्रेरित भएर पति, घरबाहिरका अरू मानिसहरूका साथै आफ्नो घरमा आएका मामासँग समेत आत्मीयता र सान्निध्यता स्थापित गरेर सन्तुष्टि प्राप्त गर्न चाहेकी छ । अर्कोतर्फ ऊ पुरुषपनबाट प्रेरित भएर आफ्नै पति, बाहिरका मानिसका साथै मामासँगको निकटता, आत्मीयता र हार्दिकतालाई समेत रुचाएकी छैन । यसले गर्दा कथामा करुणाको नारीपन र उसकै पुरुषपनका बिचमा मनोद्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी करुणाको अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिचमा मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(६) स्वामी

'स्वामी' कथामा पुरुषपन र नारीपनका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय देखिएकी नारी पात्र कृष्णालाई प्रारम्भमै केशवकी पत्नीका रूपमा देखाएको छ । साधारण गृहस्थीमा हुर्केबढेकी कृष्णा नोकरचाकर, साजसरजाम, धनसम्पत्ति सबै कुराले सम्पन्न केशवसँग विवाह भएपछि सन्तुष्ट हुनु स्वाभाविक देखिन्छ । यस विषयमा कथामा "कृष्णाले पाई संसार सुनौला, दिनहरू रङ्गीन, रात्री आकर्षक र उषा र बिहान अत्यन्त उत्फुल्ल र लहलहाउँदो" (भिक्षु, २०५२, पृ. ५७) भनिएको छ । यस उद्धरणमा कृष्णालाई केशवजस्तो पति पाएर तृप्त र आनन्दित भएकी देखाइएको छ । उसलाई संसार सुनौलो लागिरहेको छ । दिनहरू रङ्गीन, रात्री आकर्षक र उषा र बिहान अत्यन्त उत्फुल्ल र लहलहाउँदो मानेर उसले आनन्द मानिरहेकी छ । कृष्णाले विवाह भएर पतिगृह प्रवेशसँगै रमाइलो र आनन्दको अनुभूति गरिरहेकी देखिनु उसको चेतनगत नारीपनको कामना हो भन्ने स्पष्ट छ ।

कथामा केशवको साथी आनन्द उसको घरमा आएको छ । आफ्नो पतिसँगै पाहुना बनेर आएको आनन्दलाई देखेपछि भने कृष्णाले फरक किसिमको प्रतिक्रिया देखाएकी छ । त्यसलाई कथामा "उसको जीउमा आगोझैँ लाग्यो र त्यस अपरिचित युवकको प्रति अकारण नै एउटा विद्रोह-भावना उसको हृदयमा उम्लन थाल्यो" (भिक्षु, २०५२, पृ. ५८) भन्ने कथांशका माध्यमबाट देखाइएको छ । यस उद्धरणमा आनन्दलाई देखेपछि कृष्णा आक्रोशित भएकी देखाइएको छ । उसले आफ्नो शरीरमा आगो लागेझैँ भएको महसुस गरेकी छ । आनन्दलाई देखेपछि उसको हृदयमा विद्रोहको भावना उम्लेर आएको देखिन्छ । पतिसँगै युवक आनन्दलाई देख्दासाथ कृष्णाले देखाएको यस्तो प्रतिक्रिया नारीपनका विपरीत अचेतनगत पुरुषपनको प्रभावको कारणले हो भन्ने देखिन्छ । उसको यस्तो प्रतिक्रिया सम्भवतः उसकै पति केशवप्रति पनि लक्षित भएको हुन सक्छ । आनन्द आइपुगेको केही दिनपछि नै फेरि ऊ आनन्दप्रति आकर्षित भएकी छ । पति केशवलाई पनि उसले झन् बढी मायाको दृष्टिले हेर्न थालेकी छ । यस सन्दर्भमा कथामा "आयो आनन्द र आउँदाआउँदै अलि केही बाधा, व्यतिक्रम र जिज्ञासासमेतको प्रादुर्भाव भइदिएको हुनाले त्यो कृष्णा एक नयाँ प्रकारको सुख पाउन लागी । ... त्यसले आफ्ना पतिलाई फेरि नयाँझै तुल्याएर द्विगुण प्यारले द्विगुण तिगुण आकर्षणले र अनेकौँ दोब्बर मीठोपनाले स्वीकार गरी" (भिक्षु, २०५२, पृ. ६०) भनिएको छ । यस उद्धरणमा कृष्णाको चेतनगत नारीपन पाहुना बनेर आएको आनन्द र पति केशवप्रति

प्रेमपूर्ण किसिमले आकर्षित हुन थालेको देखाइएको छ । यस अघि पाहुना बनेर आएको आनन्दलाई देख्दासाथ विद्रोहको भाव देखाउँदै उसलाई घृणाको दृष्टिले उपेक्षा गरेकी थिई । सम्भवतः आफ्नै पति केशवप्रति पनि उसको यस्तै उपेक्षाको दृष्टि प्रस्तुत भएको थियो । यहाँनेर आइपुग्दा भने कृष्णाको स्वभाव र प्रतिक्रियामा परिवर्तन आएको देखिएको छ । उसले आनन्दलाई नजिकमा देख्न पाएर नयाँ प्रकारको सुख अनुभव गर्न थालेकी छ । उसले पति केशवलाई पनि झन् बढी माया गर्न थालेकी छ । आनन्दप्रति पनि आकर्षित हुनु र आफ्नो पति केशवलाई पनि झन् बढी माया गर्न थाल्नु आफैमा कृष्णाको चेतनगत नारीपनको प्रभाव हो भन्ने देखिन्छ । यो कुरा उसको अचेतनगत पुरुषपनको विपरीत देखापर्छ । यसले कृष्णाको अन्तर्मानसिकतामा नारीपन र पुरुषपनका बिच मनोद्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

कथामा कृष्णा आनन्दसँग एकतर्फी रूपमा आकर्षित हुँदै गएकी छ । यस सन्दर्भमा कथामा "उसको लेखाइ, उसको कुरा गर्ने शैली, भाषाको नियन्त्रण, आचारको संयतपना, कुनै काममा अलिकति पनि विघ्नसम्म पर्दैन । के त्यो यत्तिको महान् छ, यतिको ठूलो छ अथवा यत्तिको ...?" (भिक्षु, २०५२, पृ. ६५) भनिएको छ । यस उद्धरणबाट कृष्णाले आनन्दलाई ठूलो र महान् देख्न थालेकी बुझिन्छ । उसलाई आनन्दको लेखाइ, कुरा गर्ने शैली र भाषालगायत हरेक कुरा राम्रो लाग्न थालेका छन् । यस्तो देख्नु उसको चेतनगत नारीपनको आकर्षणको प्रभाव हो भन्ने देखिन्छ । अर्कोतर्फ उसले आफ्नो पतिसमक्ष आनन्दलाई आफ्नो घरबाट बिदा गर्न आग्रह गरेकी छ र पतिको सम्मतिमा आफै अग्रसर भएर आनन्दलाई घर छोड्न भनेकी छ । यस सम्बन्धमा कृष्णाले कथामा "आनन्द दाइ तपाईं मेरो एउटा बिन्ती मान्नुहुन्छ भने, नेपालमा भएको यो घर तपाईंको वासस्थान होइन, यतिका दिनसम्म बस्नुभयो तर अब यहाँबाट आफ्नो घर जानुभए बेस !" (भिक्षु, २०५२, पृ. ६७) भनेकी छ । यस उद्धरणबाट कृष्णा फेरि पुरुषपनबाट प्रेरित भएर आनन्दलाई आफ्नो घरबाट छिटो भगाउन चाहेकी देखिएको छ । उसले आनन्दलाई ऊ अहिले बसिरहेको घर उसको आफ्नो वासस्थान नभएकोले छिटो छोड्न भनेकी छ । यहाँनेर कृष्णाको नारीपनले पहिले आनन्दलाई मन पराएको भए पनि अहिले भने उसैको पुरुषपन प्रबल भएर आनन्दलाई घरदेखि लखेट्न अग्रसर भएको देखिन्छ । यस्तो स्थितिले गर्दा कथामा कृष्णाको अन्तर्मानसिकता नारीपन र पुरुषपनका बिच मनोद्वन्द्वको चापमा परेको देखिएको छ ।

कथामा पाहुना भएर आएको आनन्द फर्किसकेपछि भने कृष्णाले पश्चाताप गरेकी छ । उसले कथामा "प्रभु ! तिमीले दिन ल्याएको ग्रहण गर्न सकिनँ, कुन्नि आफ्नो पापले वा अर्कैको पापले; किन्तु भगवान्, अन्तर्यामी ! अब यो मैले सँभाल्नुपर्ने वस्तु पनि रहन गएन र फाल्ने सामर्थ्य पनि यस मुटुमा छैन" (भिक्षु, २०५२, पृ. ६८) भनेकी छ । यस उद्धरणमा कृष्णाले आनन्द आफ्नो घर छोडेर गएकोमा पछुतो मानेकी देखिएको छ । उसको घरमा आएको आनन्द उसको नारीपनका लागि ग्रहणीय बनेको थियो तर उसकै अचेतनगत पुरुषपनको दबाबले गर्दा उसले आनन्दलाई ग्रहण भने गर्न सकिन । आनन्द गइसकेकाले सँभाल्नुपर्ने वस्तु नरहेको भए पनि चटक्क फाल्ने सामर्थ्य पनि आफूमा नरहेको कृष्णाको विचार प्रकट भएको छ । उसको पुरुषपनले सँभाल्न नदिए पनि नारीपनले भने चटक्क बिर्सन नचाहेको देखिएबाट कृष्णाको अन्तर्मानसिकतामा नारीपन र पुरुषपनका बिचमा मनोद्वन्द्वात्मक स्थिति बन्न गएको स्पष्ट देखिन्छ । यसरी कथामा कृष्णाको नारीपन आफ्नो पति र पाहुना

बनेर आएको आनन्दसँग समेत आत्मीय बनेर सन्तुष्टि प्राप्त गर्न चाहेको देखिए पनि उसैको अचेतनगत पुरुषपनले नारीपनको चाहनामा अवरोध सिर्जना गर्दा उसको मनोदशा नारीपन र पुरुषपनका बिचको मनोद्वन्द्वमा परेको देखिएको छ ।

'स्वामी' कथामा कृष्णा केशवसँग विवाहबन्धनमा बाँधिएर बस्न पाउँदा आनन्दित र सन्तुष्ट भएकी छ । नारीपनको प्रभावले गर्दा ऊ पतिको माया पाउन र पतिलाई पनि माया गर्न पाएर प्रफुल्लित भएकी छ । लगत्तै घरमा पाहुना भएर आएको आनन्दलाई देखेपछि ऊ विद्रोही बनेकी छ र आनन्द र पति केशवलाई समेत उपेक्षा गरेकी छ । फेरि उसले आनन्द र केशवलाई पनि स्नेह र मायालु व्यवहार देखाएकी छ । आनन्दका हरेक कुराबाट कृष्णा आकर्षित हुँदै गएकी कथामा देखाइएको छ । पछि फेरि मन परेको आनन्दलाई आफ्नो घर छोडेर जान भनेकी र ऊ गएपछि भने पश्चातापमा परेकी छ । यी विविध सन्दर्भले गर्दा कृष्णाको अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिचमा मनोद्वन्द्वको स्थिति सिर्जना भएको देखिएको छ । यसरी कथामा कृष्णाको मानसिकतामा मनोद्वन्द्वको स्थिति सिर्जना गरेर पुरुषपन र नारीपनका बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(७) तपस्या

'तपस्या' कथामा पुरुषपन र नारीपनका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय देखिएकी नारी पात्र भामालाई गुरूप्रसादकी बहिनी भनेर चिनाइएको छ । ऊ बाह्र वर्षको उमेरमा विवाह भएर चौध वर्षको उमेर हुँदा विधवा भएकी र कथाको प्रारम्भमा सत्र वर्षीय यौवना भएर देखिएकी छ । विधवा भएपछि ऊ माइतीमा आश्रय लिएर दाजुको संरक्षणमा बस्दै आएकी छ । यसैबिच उसको घरमा कलकत्तादेखि गुरूप्रसादको साथी श्रीनाथ आइपुगेको देखिन्छ । पढेलेखेको र सबै कुरा बुझेको उसलाई देखेपछि पति मरेर विधवा भएपछि अतृप्त रहेको भामाको नारीपन बिस्तारै श्रीनाथप्रति आकर्षित हुन थालेको कथामा देखाइएको छ । यस सन्दर्भमा भामाले कथामा "यति टाढादेखि आएको, जानपहिचान हाता न नाता, त्यस्ताका प्रति रातिदन केही विचार गर्ने एउटा बानीजस्तै भइसकेको छ" (भिक्षु, २०५२, पृ. ६९) भनेकी छ । यस उद्धरणमा भामा श्रीनाथसँग आकर्षित भएकी देखिएको छ । टाढादेखि पाहुना बनेर आएको श्रीनाथलाई देखेपछि उसले रातिदन उसकै बारेमा विचार गर्न थालेकी छ । यसो गर्नु उसका लागि बानीजस्तै भइसकेको देखापर्छ । भामाले देखाएको यस्तो व्यवहारबाट उसको नारीपनले आफ्नो अनुकूलको पुरुषको रूपमा श्रीनाथलाई ग्रहण गर्न चाहेको देखिन्छ ।

कथामा भामाले सबै कुरा शून्य ठानेर बसेकीमा श्रीनाथको आगमन उसका लागि सुखद् हुने लक्षण देखिएको छ । यस सन्दर्भमा कथामा "किन्तु त्यसै शून्यतामा यता गत केही दिनदेखि अलिकति व्यतिक्रमझैं हुन गएको थियो । नजाने कताबाट अलिकति सुख, त्यसभन्दा पनि अधिक बेचैनी फैलिन गएको थियो" (भिक्षु, २०५२, पृ. ७१) भनिएको छ । यस उद्धरणमा भामाको नारीपन श्रीनाथलाई प्राप्त गर्न अत्यन्त उत्सुक भएको देखाइएको छ । विधवा भएपछि शून्य जीवन बाँचिरहेकी उसलाई श्रीनाथ आएपछि अलिकति सुखजस्तो लाग्न थालेको छ । अब के हुने होला र कसो गर्ने होला भन्ने विचार उसको मानसिकतामा घुम्न थालेकाले हुन सक्छ ऊ बेचैन बन्दै गएकी पनि छ । यसो भए पनि उसले आफ्नो मुखले केही बोलेकी भने छैन । यस सन्दर्भमा भामाले कथामा "म के सोचिरहिछु ? के मलाई थाहा छैन ! अवश्य छ ।

परन्तु मुखले बोल्नाको ममा साहस छैन; यस एकान्तमा पनि मेरो मुख सामर्थ्य छैन" (भिक्षु, २०५२, पृ. ७१) भनेकी छ । यस उद्धरणमा भामा आफूले चाहेको कुरा श्रीनाथका अगाडि मुख खोलेर भन्न उत्सुक देखिएकी छ । उसको अन्तर्मनको चाहना पनि यही देखिन्छ । उसले कसरी केके भन्ने होला भनेर सोचिरहेकी पनि देखिएको छ । यसो भए पनि मुख खोलेर खुलस्तसँग ऊ श्रीनाथको अगाडि बोल्न भने सकिरहेकी छैन । एकान्तमा भेट्दा पनि उसले बोल्ने सामर्थ्य देखाउन सकेकी छैन । भामाको नारीपनले श्रीनाथलाई चाहेको र उससँग आफ्ना सबै कुरा बोल्न र खुलाउन उत्सुक देखिएको भए पनि उसकै पुरूषपनले भने मुख फोरेर बोल्न र खुल्नबाट अवरोध पुऱ्याइरहेको देखिन्छ । यसले गर्दा भामाको अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिच द्वन्द्वको स्थिति सिर्जना भएको देखापर्छ । पुरुषपनले अवरोध पुऱ्याएको भए पनि भामाको नारीपन भने श्रीनाथसँग नजिक हुन चाहेको छ । यस सन्दर्भमा भामाले कथामा "श्रीनाथ बाबु पढेलेखेका छन् । उनका हृदयमा सद्भावना छ । फेरि उनी धेरै प्रकारसित सोच्न सक्दछन् । उनका कुरा दृढ तथा निश्चयसम्म पुगेका हुन्छन् । उनले बोलेका कुरा कस्ता हृदयग्राही हुन्छन्" (भिक्षु, २०५२, पृ. ७२) भनेकी छ । यस उद्धरणबाट भामाले श्रीनाथलाई हरेक कोणबाट राम्रो पाएकी छ भन्ने देखिएको छ । उसलाई श्रीनाथको पढाइ, उसको सद्भावनापूर्ण व्यवहार, धेरै प्रकारसँग सोच्न सक्ने क्षमता, दृढ र निश्चयपूर्ण कुरालगायत सबै अत्यन्त मन परेका छन् । भामाले श्रीनाथलाई हरेक कोणबाट राम्रो देख्नु नारीपनकै आकर्षणको परिणाम भएको देखिन आउँछ ।

कथामा श्रीनाथ बाहिर डुल्न जान लागेको छ । त्यही समयमा भामाले श्रीनाथलाई एकैछिन पर्खन लगाएर कथामा "जाडो निकै छ । तर दाजु पनि निस्कनुभएकै छ । तर यस्तो जाडोमा त्यसै यताउति डुल्नु के तपाईंलाई निको लाग्ला ? एकैछिन पर्खनु भए त चिया तयार पारेर ल्याउने थिएँ" (भिक्षु, २०५२, पृ. ७३) भनेकी छ । यस उद्धरणमा भामाले साहसका साथ श्रीनाथसँग मुख खोलेकी देखाइएको छ । उसले श्रीनाथलाई बाहिर जानबाट रोक्न चाहेकी छ । बाहिर जाडो पनि छ र अहिले दाइ पनि बाहिर जानुभएको छ समेत भनेर उसले श्रीनाथलाई आफूसँग रहनका लागि एकान्तको सङ्केत पनि गरेकी छ । उसले श्रीनाथलाई चिया खुवाएर अड्याउन चाहेकी देखिएको छ । यसबाट उसको नारीपनले श्रीनाथलाई आफूसँग रहन आग्रह गरेको देखिन्छ । जानै परे पनि चिया खाएर जानुहोला भन्ने सङ्केत समेत गरेकीबाट भामाको नारीपनले श्रीनाथलाई बाहिर जानबाट रोक्न र पुरुषपनले भने रोक्ने होइन कि बाहिर पठाउन चाहेको छ । यसले गर्दा भामाको अन्तर्मानसिकतामा नारीपन र पुरुषपनका बिचमा मनोद्वन्द्वको स्थिति बनेको देखापर्छ ।

कथामा भामाले श्रीनाथका लागि चिया बनाएर ल्याएकी छ । चिया खाँदै गर्दा श्रीनाथले भामालाई सम्बोधन गर्दै कथामा "तिम्रो बिहा कुन सालमा भएको थियो रे ?" (भिक्षु, २०५२, पृ. ७४) भनेको छ । यस उद्धरणमा श्रीनाथको सोधाइबाट भामाको नारीपन आहत हुन पुगेको छ । उसले बिर्सिसकेको वैधव्यलाई पुनः पीडादायक रूपमा लिन थालेकी छ । भामाले त एकान्तमा बसेर चिया खाँदै गर्दा श्रीनाथले आफूसँग मायालु र प्रेमपूर्ण कुरा गरोस् र त्यही विषयमा खुलेर कुराकानी गर्ने वातावरण बनोस् भन्ने चाहेकीमा यहाँ उसको चाहनाको विपरीत स्थिति देखिएको छ । यसले गर्दा एकाएक पुरुषपन प्रभावी भएर भामाले कथामा "वैधव्य मेरो कष्ट होइन, मेरो साधना हो । यसैमा मेरा निमित्त कुनै शाश्वत् वरदान निहित छ । मलाई

यसका निमित्त कुनै दुःख छैन" (भिक्षु, २०५२, पृ. ७५) भनेकी छ । यस उद्धरणमा भामाले आफू वैधव्यको साधनामा रहने उद्घोष गरेकी देखिएको छ । उसले आफ्नो वैधव्यलाई कष्ट र दुःख नभएर शाश्वत् वरदान पनि मानेकी छ । यहाँनेर उसको यो उद्घोष नारीपनको चाहनाका विपरीत पुरुषपनको आवाज बनेर व्यक्त भएको देखिन आउँछ । भामाको नारीपनले वैधव्यलाई दुःखका रूपमा लिएर त्यस दुःखबाट मुक्त हुन श्रीनाथलाई आलम्बन बनाउन चाहेकोमा उसकै पुरुषपन भने वैधव्यलाई साधना र शाश्वत् वरदान भन्दै यसबाट कुनै दुःख नभएको उद्घोष गरी अघि बढ्न चाहेको कथामा देखिन्छ । यसले गर्दा भामाको अन्तर्मानसिकता पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको स्थितिमा देखिएको छ ।

कथामा श्रीनाथ आफ्नो घरतर्फ फर्किन लागेको बेलामा भामाले किन अहिले नै जाने भनेर सोद्धा उसले बेकाममा धेरै दिन बस्नु पनि त भएन भनेकोमा ऊ आहत भएकी छ । यस सन्दर्भमा कथामा "बेकाममा ? भामा झसङ्ग भएजस्ती भई । त्यसको हृदयमा कसैले एउटा भारी बजारिदिएजस्तो भयो । एउटा अथाह पीडा थियो । एकै छिन चुप लागेर त्यसले भनी-हुन्छ त जानोस्" (भिक्षु, २०५२, पृ. ८१) भनिएको छ । यस उद्धरणमा श्रीनाथ जान लागेकामा भामा सारै दुःखी भएकी देखाइएको छ । उसले श्रीनाथलाई अत्यन्त कामको मानिस ठानेकीमा श्रीनाथले भने आफ्नो बसाइलाई बेकामको ठानेको छ । यसबाट भामालाई आफ्नो हृदयमा कसैले भारी बजारिदिएजस्तो लागेको छ र उसलाई अथाह पीडा महसुस भएको छ । यस्तो पीडा र दुःख उसको नारीपनको चाहनाविपरीत देखिएको छ । तत्कालै फेरि भामाको मानसिकतामा पुरुषपन जागरित भएर उसले श्रीनाथलाई सहजै हुन्छ त जानुहोस् भन्दै बिदा गरेकी छ । श्रीनाथ जान लाग्दा भामाको नारीपन दुःखी हुने र पुरुषपनले सहजै जान अनुमति दिने स्थितिका बिच कथामा भामाको अन्तर्मानसिकतामा नारीपन र पुरुषपनका बिचमा द्वन्द्वात्मक स्थिति सिर्जना भएको स्पष्ट देखिन्छ ।

'तपस्या' कथाकी भामा श्रीनाथको आगमनपछि उसको व्यक्तित्व र स्वभावबाट प्रभावित भएर उसलाई मन पराउन थालेकी छ । भामाको नारीपनले श्रीनाथलाई रुचाएको देखिए पनि पुरुषपनको प्रभावको कारणले गर्दा उसले मुख खोलेर श्रीनाथसँग कुरा गर्न सकिरहेकी छैन । श्रीनाथ बाहिर निस्कन लागेको बेलामा चिया पिएर जान अनुरोध गर्दै भामाको नारीपनले श्रीनाथलाई रोकेर कुरा गर्न चाहेकामा पुरुषपनले भने त्यसो गर्न अवरोध पुऱ्याएको छ । यस क्रममा श्रीनाथले उसको विवाह भएको कुरा उठाउँदा आहत भई भामाले वैधव्यलाई साधना र वरदानको रूपमा अङ्गिकार गर्ने उदघोष गरेकी छ । श्रीनाथ आफ्नो घरतर्फ फर्किन लाग्दा भामाको नारीपन दुःखी भएको देखिए पनि उसैको पुरुषपनले भने सहजै जानुहोस् भन्दै बिदाइ गरेको छ । यी विविध सन्दर्भलाई हेर्दा ऊ पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वमा परेकी भन्ने स्पष्ट हुन्छ । यसरी भामालाई पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(८) त्यो फेरि फर्कला ?

'त्यो फेरि फर्कला ?' कथाकी सानी र युवक यात्री पुरुषपन र नारीपनका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथाको प्रारम्भमा सानी मधेश र

पहाड ओहोरदोहोर हुने मार्खूमा रहेको आफ्नै भट्टी पसलमा देखिएकी छ । मधेशबाट आउँदै गरेको यात्री रात्रीको बास खोज्दै त्यहीँ आइपुगेको देखिन्छ । सानीले आमालाई सोधेर बास दिन सकिने भएपछि यात्रीले कोठा हेरेर त्यहीँ बास बस्ने निश्चय गरेको छ । युवक यात्री आफ्नो भट्टीमा बास बस्ने भएपछि सानीको अनुहारमा छचल्किरहेको जिज्ञासामा अलि आशा, विश्वास र सन्तोष झल्किएको पाइन्छ । यस सन्दर्भमा कथामा "कोठा हेरिसकेपछि यात्रीले त्यहीँ बास बस्ने निश्चय गऱ्यो र सानी पनि अलि स्वस्थझैँ भई" (भिक्षु, २०५२, पृ. १३४) भनिएको छ । यस उद्धरणमा सानी खुसी देखिएकी छ । बास खोज्दै आएको यात्रीले कोठा हेरेर त्यहीँ बास बस्ने निश्चय गरेपछि सानी स्वस्थझैँ पनि देखिनुको मूल कारण भने सानीको नारीपनको कामना हो भन्ने देखिन्छ । साँझ ढल्किदै गर्दा सानीले बडो चासोपूर्वक सोधीसोधी यात्रीलाई चाहिने सामान उसको कोठासम्म ल्याइपुऱ्याएर उसलाई खुसी पार्ने प्रयत्न गर्नुका साथै उससँग खुलेर कुराकानी गर्न पनि उत्सुक भएकी छ । कथामा देखिएको सानीको यात्रीप्रतिको सक्रियतालाई हेर्दा उसको नारीपन युवक यात्रीप्रति आकर्षित हुँदै गरेको भन्ने बुझिन्छ ।

सानीको भट्टीमा बास बस्न आएको युवक यात्री युवती सानीको बैँसालु उमेर देखेर आकर्षित भएको छ । उसले सानीको सुन्दरताको वर्णन गर्दै "गालामा पार्वत्य वायु र परिश्रमको सुन्दर उपहार, स्वाभाविक लाली र यौवनको सिँढीमा उक्लिरहेकी त्यसको बैँस छ । आँखा गोल, उज्ज्वल र भित्रका नानी निकै काला र चञ्चल छन् । तिनीहरूमा अपार जिज्ञासा औ उत्सुकता क्रीडा गरिरहेका थिए" (भिक्षु, २०५२, पृ. १३५) भनेको छ । यस उद्धरणमा सानीको बैँस र सुन्दरताबाट यात्री मोहित भएको छ । यात्रीले सानीको सुन्दरताको वर्णन गर्दै उसका आँखा, गाला, उसको परिश्रम आदिको खुलेर प्रशंसा गरेको छ । यात्रीले गरेको यस्तो वर्णनबाट उसको पुरुषपन सानीप्रति आकर्षित भएको देखिन आउँछ । कथाको अर्को घटनामा युवक यात्रीले सानीको अनुहार हेर्न खोजेको छ । यस सन्दर्भमा कथामा "अब म जाऊँ त ? सानीले सोधी । 'हुन्छ' भन्दा भन्दै युवकलाई कुन्नि किन फेरि एकपल्ट त्यस सानीको अनुहारमा दृष्टि फेर्ने आवश्यकताको अनुभव भयो । दुवैका आँखा जुधे । बालिका लज्जावनत भएर माथि उक्लन लागी" (भिक्षु, २०५२, पृ. १३५-१३६) भनिएको छ । यस उद्धरणमा यात्री र सानी दुवै एकअर्काप्रति लोभिएका देखिन्छन् । यसैले त सानी जान लाग्दा यात्रीले फर्कीफर्की अनुहार हेरेको छ । सानीले म जाऊँ त भन्दा हुन्छ भनिसकेपछि पनि युवक यात्रीले सानीको अनुहारमा हेर्नु र आँखा जुधाउनु यात्रीको पुरुषपनकै कामना हो भन्ने देखिन्छ । उसको पुरुषपन सानीतर्फ आकर्षित भएको देखिए पनि उसकै नारीपनको प्रभावले गर्दा उसले सानीसँग खुलेर कुराकानी समेत गरेको छैन । यसले गर्दा उसको अन्तर्मानसिकता पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वमा परेको देखिन्छ । यात्रीको कोठामा आएकी सानीले जानको लागि यात्रीको अनुमति मागेकी छ । यसो गरेर उसले बस न भनेमा यात्रीसँग बस्न चाहेको सङ्केत गरेकी छ । त्यस्तै ऊ यात्रीसँग आँखा जुध्दा लजाएकी पनि छ । यसले सानीको नारीपन यात्रीतर्फ निकट हुन चाहेको प्रस्ट हुन्छ ।

कथाकी सानी पुरुषपनको प्रभावले गर्दा माथि आफ्नो कोठातर्फ उक्लने र फेरि नारीपनको कामना जागेर यात्रीको कोठामा केही सामान ल्याएर आउने क्रियामा सक्रिय भएकी छ । यस सन्दर्भमा कथामा "एकै छिनपछि सबै थोक ल्याई सानी माथि उक्ली । आफ्नी

आमासँगै केही खानपिन गरेर पन्ध्रबीस मिनेटभित्रै आफ्नो सुत्ने कोठामा पसी भित्रबाट कोठा थुनिहाली" (भिक्षु, २०५२, पृ. १३६) भनिएको छ । यस उद्धरणमा सानी युवक यात्री बास बसेको कोठामा आउने र जाने गर्दै गरेकी देखाइएको छ । यात्रीतर्फ नारीपन आकर्षित हुँदा उसको कोठामा आउने र पुरुषपनको प्रभावमा पर्दासाथ आफ्नो कोठातर्फ उक्लिहाल्ने व्यवहार सानीले देखाएकी छ । यहाँ पनि नारीपनबाट तानिएर यात्रीका लागि चाहिने सामान पुऱ्याउन सानी उसको कोठामा आएकी छ । यात्रीसँग एकैछिन बसी माथि उक्लेर हतारहतार खाना खाई सुत्ने बेला नै नहुँदै साँझको साढेसात बजे नै ऊ कोठामा गएर ढोका थुनेर बसेकी कथामा देखाइएको छ । पुरुषपनको दबाबमा परी ढोका थुनेर कोठामा गएर बसे पनि उसको नारीपनको कामना भने थुनिदैन । यसैले गर्दा सानी नारीपनको प्रभावमा आएर युवक यात्रीका बारेमा अनेक कुरा कल्पना गरिरहेकी छ । सास थामेर सुत्ने प्रयत्न गर्दा पनि सानी सुत्न सकेकी छैन । उसको नारीपन यात्रीतर्फ सारै लोभिएपछि ओछ्यानबाट उठी सलाई कोरेर टुकी बाली टुकी लिएर बिस्तारै युवक यात्रीको कोठातर्फ ओर्लिएकी छ । यात्रीको कोठामा बलेको लालटिनको मन्द प्रकाशको सहायताले सानीले सेतो ओछ्यानमा सुतिरहेको यात्रीलाई हेरेकी छ । यसैबिच तत्कालै सानीको पुरुषपन जागरित भएपछि उसको मनमा द्विविधा उत्पन्न भएको छ । यस सन्दर्भमा कथामा "त्यो तल पुगी । 'तर .. किन ओर्लेकी हुँली ! केही काम त छैन' ... तीव्रताका साथ तानिलिने एउटा भयानक लोभ त्यसको भित्र मुटुको हनाइको साथै हान्न लाग्यो, ... त्यही हलचल, त्यही प्रवाह लिएर त्यो माथि पुगी । आफ्नो मैलो ओछ्यानमा लडी" (भिक्षु, २०५२, पृ. १३७) भनिएको छ । यस उद्धरणमा सानीलाई तल यात्रीको कोठामा आउने र माथि आफ्नो कोठामा उक्लने गर्दै गरेकी देखाइएको छ । खाना खाएर आफ्नो कोठामा गई ओछ्यान लगाएर सुतिसकेकी सानी नारीपनको प्रभावले गर्दा यात्रीको आकर्षणबाट तानिएर ऊ सुतेको कोठामा आइपुगेकी र तत्कालै उसको अन्तस्थ पुरुषपनले काम नभई किन तल ओर्लेकी भनेपछि त्यसकै प्रभावमा परेर ऊ माथि आफ्नो सुत्ने कोठामा पुगेकी छ र ओछ्यानमा पल्टिएकी छ । कथामा आएका यी तथ्यले सानी पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेकी देखिन्छ ।

भोलिपल्ट बिहान उज्यालो हुँदा नहुँदै युवक यात्री उठेर आफ्नो गन्तव्यतर्फ लागेको छ । अघिल्लो दिन साँझ भट्टीमा बास बस्न आएपछि बिस्तारै यात्रीको पुरुषपन सानीतर्फ आकर्षित भएको देखिए पनि जाने बेलामा भने सानीसँग एकछिन बसेर कुराकानी गर्ने रुचिसमेत उसले देखाएको पाइँदैन । यात्रीको सानीप्रतिको यस्तो बेवास्था उसकै नारीपनको प्रभावको कारणले गर्दा देखिएको हो । यात्री निस्केर गएपछि सानीको नारीपन भने निराश भएको छ । कथामा यात्री बिहान सबैरै उठेर आफ्नो बाटो लागेपछि पनि सानीको नारीपनले युवक यात्रीलाई पछ्याइरहेको छ । उसले पन्ध्र दिनमा फर्कन्छु भनेको कुरालाई आत्मसात् गरेर सानी यात्रीको प्रतीक्षा गरिरहेकी छ । पन्ध्रौं दिन बिहानै उठेर सानी युवक यात्रीलाई पर्खेर बसेकी छ । यस सन्दर्भमा कथामा "तर तर ..... पन्ध्र दिनको अत्यन्त उद्विग्न प्रतीक्षाको परिणामस्वरूप सानीले पाई- त्यो आएन" (भिक्षु, २०५२, पृ. १३९) भनिएको छ । यस उद्धरणले आउँछु भनेको पन्ध्रौं दिनमा यात्री नआउँदा सानी निराश भएकी देखाएको छ । यात्रीको प्रतीक्षामा बसेको उसको नारीपन ऊ नआउँदा आहत हुन पुगेको देखिन्छ । आहत नारीपनलाई सन्तुष्टि दिन उसले विवाह गरेकी छ । विवाह भएपछि पनि उसले यात्रीलाई बिर्सन भने

सकेकी छैन । समयको लामो अन्तरालपछि सानीकी आमाको अवसान भएसँगै आफ्नो माइतकै घरमा त्यही पुरानो व्यवसाय भट्टी पसल सँभालेर ऊ बसेकी छ । त्यहाँ पतिसँगै नभएर एक्लै देखिएबाट ऊ पुरुषपनको दबाबमा परेकी रहिछ भन्ने सङ्केत पाइन्छ । अर्कोतर्फ त्यो यात्री कहिल्यै त फर्कला भन्दै प्रतीक्षा गरिरहेकी देखिएबाट उसको नारीपन पुरुषको प्राप्तिमा प्रतीक्षित छ भन्ने देखिएको छ । यी तथ्यबाट सानी नारीपन र पुरुषपनका बिचको मनोद्वन्द्वको चाप परेकी स्पष्ट हुन्छ ।

कथामा सोच्दै नसोचेको एक दिन त्यो यात्री सानीको भट्टीमा आइपुगेको छ । यस सन्दर्भमा कथामा "नेपाल जान लागेको बखत पनि यसै घरमा बास बसेको थिएँ, आज पनि त्यो घर भएदेखि यसैमा बसुँला भन्ने विचार गरी घरबाट हिँडेको बल्ल आइपुगेँ" (भिक्षु, २०५२, पृ. १४१) भनिएको छ । यस उद्धरणबाट बिदा भएर गएको लामो समयपछि यात्री सानीको भट्टी पसल खोज्दै त्यहीँ आइपुगेको छ । सम्भवतः त्यो यात्री पुरुषपनबाट निर्देशित भएर सानीलाई पछ्याउँदै त्यहाँ आइपुगेको हो । अर्कोतर्फ आफूले प्रतीक्षा गरिरहेको यात्रीलाई आफ्नै भट्टी पसलमा पाउँदा सानीको नारीपन पनि प्रफुल्लित हुन पुगेको देखिन्छ । पुरुषपनबाट निर्देशित भएर सानीको भट्टीमा आइपुगेको यात्रीले "तर तिमी .... तिमी त .... बूढी नै भइसकिछौ !" (भिक्षु, २०५२, पृ. १४१) भनेको छ । यस उद्धरणमा यात्रीले सानीलाई बूढी नै भइसकिछौ भनेको देखिन्छ । यात्रीको सानीप्रतिको यो टिप्पणी उसकै नारीपनको निर्देशनअनुरूप प्रकट भएको देखापर्छ । यात्रीको उक्त कथनबाट सानी शिथिल र क्लान्त भएकी छ । उभिन पनि कठिन भएर ऊ द्वारमा थचक्क बसेकी छ । यसबाट उसको यात्रीप्रति आकर्षित नारीपन निष्क्रिय भएको छ । अर्कोतर्फ यात्री पनि बिहान उठ्नेबित्तिकै पहिलेजस्तै गरी आफ्नो गन्तव्यतर्फ लागेको छ । यसबाट उसको पुरुषपन निस्प्रभावी भई ऊ नारीपनबाट निर्देशित भएको देखिन्छ । यस प्रकारसँग कथाका सानी र यात्री दुवै पात्र पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

'त्यो फेरि फर्कला ?' कथाका सानी र यात्री दुवै पात्रमध्ये सानी नारीपनबाट निर्देशित भएर यात्रीतर्फ आकर्षित भएकी देखिए पनि उसकै पुरुषपनको प्रभावले गर्दा विकर्षित पनि भएकी देखिएको छ । त्यस्तै गरी यात्री पुरुषपनबाट निर्देशित भएर सानीतर्फ आकर्षित भएको देखिए पनि उसको आफ्नै नारीपनको प्रभावले गर्दा विकर्षित पनि भएको कथामा देखिन्छ । यसले गर्दा दुवै पात्र पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वमा परेको देखिएका छन् । यसरी सानी र यात्रीलाई पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(९) मैयाँसाहेब

'मैयाँसाहेब' कथाका मैयाँ र अजय पुरुषपन र नारीपनका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथामा मैयाँ दरबारिया राणाकी भित्रिनीपट्टिकी छोरी र अजय उसकै दरबारमा काम गर्ने कारिन्दाको छोरो भएर देखिएका छन् । एक दिनको घटनामा दरबारको कम्पाउन्डभित्र साइकल सिक्दै गरेकी मैयाँको साइकल बाहिरबाट आउँदै गरेको अजयको नजिक ढलमलाएर लड्न लाग्दा अजयले तत्काल मैयाँलाई अँगालो हालेर लड्नबाट बचाएको देखिन्छ । यस सन्दर्भमा कथामा "बाहिरबाट आउन लागेको अजयको

नजिक उनको साइकल ढलमलाएर लढ्न लाग्दा अजयले उनीलाई अँगालो हाली समात्यो, लड्न दिएन । त्यसै बखत कुन्नि के भएर सहानुभूति, प्रशन्नता र मैयाँलाई बचाउने अचेत पौरुषको गर्वमा अनयास नै उसले मैयाँको म्वाइँ खायो" (भिक्षु, २०६३, पृ. २) भनिएको छ । यस उद्धरणबाट मैयाँ र अजय दुवै पात्र एकअर्काप्रति आकर्षित भएको देखिएका छन् । मैयाँको नारीपन अजयतर्फ आकर्षित भएर लड्नबाट बचाई माग्ने बहानामा उसको स्पर्श पाउने कामनाले प्रेरित भई उसले योजनाबद्ध रूपमा साइकल लडाउने अभिनय गरेकी हो जस्तो देखिन्छ । अर्कोतर्फ अजयको पुरुषपन मैयाँतर्फ आकर्षित भएर उसलाई साइकलबाट लड्न लाग्दा लड्नबाट बचाउने क्रममा अँगालो हालेको र म्वाइँ पनि खाएको देखिएको छ । यसबाट मैयाँको नारीपन र अजयको पुरुषपन परस्पर आकर्षित भई निकट हुन चाहेका भन्ने बुझ्न सकिन्छ । यसपछि धेरै समयसम्म दुई पात्रको दूरी अलि टाढिएको जस्तो कथामा देखाइएको छ । यस सन्दर्भमा कथामा "के भएर हो ती दुवै आआफै धेरैजसो परपर नै रहन लागे, कुराकानीमा कुनै अपराधजस्तो भावनाले ठाउँ बनाएर पहिलेको जस्तो त्यो सहज सजिलो रहन गएन र यो पनि ती दुवैको लागि एउटा क्लेसकै उपकरण हुन गयो" (भिक्षु, २०६३, पृ. २) भनिएको छ । यस उद्धरणमा मैयाँ र अजय आआफै परपर भएका देखाइएको छ । यदाकदा भेट हुँदा पनि सहजताको अनुभव नगरी दुवै पात्र परस्पर अपराधजस्तो भावना र क्लेसको उपकरणको दबाबमा परेका कथामा देखिन्छ । यसो हुनुको पछाडि मैयाँमा पुरुषपन र अजयमा नारीपनको प्रभावको परिणाम हो भन्ने देखिन आउँछ ।

कथामा आएको धेरै दिनपछिको अर्को घटनामा राम्ररी सिँगारिएर सिँढी ओर्लन लागेकी मैयाँ र तलबाट माथि उक्लन लागेको अजयका बिचमा जम्काभेट भएको छ । यस सन्दर्भमा कथामा "सिँढीको मध्यमा उभिएर अजयले अनयासै मैयाँको च्यूँडो समाती अलिक उचालेर हेर्न लाग्यो । ... मैयाँसाहेबले कुनै प्रतिरोध गरिनन्, हतपताउन पनि हतपताइनन्, ठिङ्ग उभिई नै रहिन्" (भिक्षु, २०६३, पृ. २-३) भनिएको छ । यस उद्धरणबाट मैयाँ र अजय दुवै पात्र परस्पर आकर्षित भएर नजिकिएको देखिएका छन् । अजयले सिँढीमा एक्कासी भेट हुँदा मैयाँको च्यूँडो समातेर उसलाई हेरेको छ । उसले त्यसो गर्दा मैयाँले कुनै प्रतिरोध गरेकी छैन । बरु ठिङ्ग उभिई नै रहेर सन्चो मानेकी छ । अजयले मैयाँको चिउँडो समातेर हेर्नुको पछाडि मैयाँको नारीपनतर्फ उसको पुरुषपनको आकर्षण नै मूल कारण हो भन्ने देखिन्छ । उसले च्यूँडो समाती उचालेर हेर्दा मैयाँ ठिङ्ग उभिएरै सन्चो मानेर थापिनुको पछाडि उसको नारीपन अजयतर्फ आकर्षित भएर हो भन्ने देखिन्छ । यसपछिका दिनमा पनि दुवैले एकअर्कालाई माया गरिरहेका छन् । एक दिन दरबारमा गएको बेलामा मैयाँ बिरामी भएको थाहा पाएर भेट्न गएको अजयलाई उसले बोलेको भाषालाई कारण बनाएर मैयाँले अपमानपूर्ण व्यवहार गरेकी छ । यस सन्दर्भमा अजयले "मलाई माफ गर्नुहोस् हजुरसँग धेरै हेलमेल भएर दरबारी काइदामा चुकेँ" (भिक्षु, २०६३, पृ. ३) भनेको छ । यस उद्धरणमा अजय मैयाँप्रतिको आकर्षणबाट विकर्षित भएको देखाइएको छ । उसले धेरै हेलमेल भएर आफू दरबारी काइदामा चुकेको भनेको छ र गल्ती महसुस गरेर बाध्य भई उसले मैयाँसँग माफी पनि मागेको छ । यसले गर्दा अजयको पुरुषपन निष्क्रिय भएर नारीपनको प्रभावमा पर्न गएको र मैयाँको नारीपन पनि निष्क्रिय भई पुरुषपनको प्रभावमा पर्न गएको देखिएको छ । यसबाट मैयाँ र अजय दुवै पात्र पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

कथामा एकदिन मैयाँ र अजयको भेट भएको छ । उक्त भेटमा कुराकानीको प्रसङ्गमा मैयाँले अजयसँग "अजय म तिमीलाई माया गरेको अस्वीकार गरेर आज दोस्रो भूल गर्न चाहदिनँ; माया गरेकी छु, गरिनै रहनेछु, तर यो भूल नै हो" (भिक्षु, २०६३, पृ. ४) भनेकी छ । यस उद्धरण मैयाँ अजयसँगको सम्बन्ध र प्रेमका विषयमा द्विविधामा परेकी देखाइएको छ । उसले एकातिर अजयलाई निरन्तर माया गर्न चाहेकी छ । उससँगको माया र प्रेमलाई अस्वीकार गरेर ऊ भूल गर्न चाहन्न । यसले के देखाउँछ भने ऊ नारीपनबाट प्रेरित र प्रभावित भएर अजयसँगको मायाप्रेममा जोडिइरहन चाहन्छे । अर्कोतर्फ उसले आफूले अजयलाई गरेको प्रेमलाई भूल मानेकी छ । उसले मानेको यो मायाप्रेमको भूल उसकै पुरुषपनको प्रभाव र दबाबको कारणले देखिएको प्रतिक्रिया हो । यी तथ्यबाट मैयाँ नारीपन र पुरुषपनका बिचको द्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ । यसैबिच समयको क्रमसँगै कथामा अजयको विवाह भएको छ । यसले उसको पुरुषपन पत्नीको नारीपनतर्फ आकर्षित भएको भन्ने देखाउँछ । यस सन्दर्भमा कथामा "अजयले आफ्नी दुलहीलाई स्वास्नीजस्तो अँगाले पनि माया गर्न भने सकेन" (भिक्षु, २०६३, पृ. ७) भनिएको छ । यस उद्धरणमा मैयाँसँग प्रेम गरेको भए पनि अजय अर्कै युवतीसँग विवाहबन्धनमा बाँधिएको छ । पत्नीसुखको आवश्यकता महसुस गरेर विवाह गरेको उसले आफ्नी पत्नीलाई माया गर्न भने सकेको देखिँदैन । यस्तो स्थिति देखिनुमा उसको आफ्नै नारीपनको दबाब नै हो भन्ने स्पष्ट छ । यस कुरालाई मैयाँले पनि सङ्केत गर्दै कथामा "पत्नीको नारीदेह राम्ररी प्राप्त गरेछौ, प्यार दिन सकेनौ, होइन !" (भिक्षु, २०६३, पृ. ७) भनेकी छ । यस उद्धरणबाट मैयाँले अजयलाई पत्नीलाई माया गर्न सचेत गराएकी देखिएको छ । अजयले पुरुषपनको प्रभावले गर्दा नारीदेह प्राप्त गरेको र उसको नारीपन प्रभावी बन्न गई पत्नीलाई प्यार दिन नसकेको भन्ने देखिएबाट अजयको अन्तर्मानसिक स्थिति उसकै पुरुषपन र नारीपनसम्बद्ध मनोद्वन्द्वको स्थितिमा रहेको देखिन्छ ।

कथामा मैयाँको पनि विवाह भएको देखाइएको छ । विवाहपछि पनि मैयाँले अजयलाई माया गरिरहेकी कुरा सम्झाउँदै "तिमीलाई प्यार (जो नगरी सुखै भएको थिएन) गरेकी छु र आज जत्तिसुकै हाहाकार वरण गर्नुपरे पनि त्यसबाट मुक्त हुने बाटो छैन" (भिक्षु, २०६३, पृ. ९) भनेकी छ । यस उद्धरणमा मैयाँलाई आफूले अजयलाई गरेको प्रेमका सम्बन्धमा द्विविधामा परेकी देखाइएको छ । उसले अजयलाई सारै मन लागेर अनि नगरी सुखै नपाएर प्रेम गर्ने गरेकी छ । फेरि यसरी प्रेम गर्दा उसले नराम्रो काम गरेको महसुस गरेर हाहाकार वरण गरेकी पनि देखिन्छ । यहाँनेर मैयाँको नारीपनले अजयलाई प्रेम गरिरहेको भने पनि उसकै पुरुषपनले अस्वीकार गरेकोले गर्दा उसको मानसिकतामा हाहाकार जस्तो अनुभूति भएको छ । यसले गर्दा मैयाँ नारीपन र पुरुषपनका बिचको द्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ ।

कथामा देशमा क्रान्ति सफल भएर राणाहरूको शासन ढलेपछि पतिगृहको गिर्दो आर्थिक अवस्थाले पिरोलिएर मैयाँ बसाइँ सरेर प्रवासतर्फ जान लागेकी भन्ने थाहा पाएर भेट्न गएको अजयसँग मैयाँले कथामा "पुरुष भएर पनि त्यति कायरता अँगाली प्रेमको दावा गर्ने अपदार्थ, मलाई किन छोड्यौ, अधिकारपूर्वक बल गरेर किन खोसिलिएनौ" (भिक्षु, २०६३, पृ. १०) भनेकी छ । यस उद्धरणबाट मैयाँले अजयलाई अझै पनि प्रेम गरेकी र उससँग प्रेममा बाँधिएर जीवन बिताउन नपाउँदा पछुतो मानिरहेकी देखिन्छ । उसले अजयलाई पुरुष भएर पनि कायर बनी आफ्नी प्रेमिकालाई त्यतिकै छोडेको आरोप लगाएकी छ । जस्तो परिस्थिति

आए पनि आफूलाई बल गरेर आफ्नी बनाउनुपर्थ्यो भन्ने उसको विचार रहेको देखिन्छ । यसबाट उसको नारीपनले अझै पनि अजयलाई चाहिरहेको भन्ने देखिएको छ । फेरि अर्कोतर्फ मैयाँले कथामा "अजय, अब जाऊ, प्रवासको लागि मलाई धेरै काम छ । तिमी मोटरमा आएका छौ, हिँड बाहिरसम्म पुऱ्याइदिऊँ" (भिक्षु, २०६३, पृ. १०) भनेकी छ । यस उद्धरणबाट मैयाँले अजयलाई बिदा गर्न हतारिएकी भन्ने देखिएको छ । उसले प्रवासतर्फ लाग्ने तयारीका लागि धेरै काम भएकाले अजयलाई छिटो पठाउन चाहेकी छ । यसबाट ऊ आफ्नै पुरुषपनको दबाबमा आएर अजयबाट छिटो अलग्गिन चाहेकी भन्ने देखिन्छ । जाऊ भनिसकेपछि फेरि ऊ हिँड बाहिरसम्म पुऱ्याइदिऊँ भन्दै अजयसँगै पछि लागेर बाहिरसम्म आएकी पनि कथामा देखाइएको छ । यसो हुनुमा उसको नारीपन अजयको पुरुषपनतर्फ तानिनु नै मुख्य कारण देखापर्छ । यसले गर्दा मैयाँको अन्तर्मानसिक स्थिति पुरुषपन र नारीपनका बिचको द्वन्द्वको चापमा परिरहेको देखिन्छ । यस प्रकारसँग कथामा मैयाँ र अजय दुवै पात्र पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

'मैयाँसाहेब' कथाका मैयाँ र अजय पात्रमध्ये मैयाँ नारीपनबाट प्रेरित हुँदा अजयसँग नजिकिन चाहेकी र पुरुषपनबाट प्रेरित हुँदा ऊ अजयसँग टाढिएकी छ । त्यस्तै गरी अजय पुरुषपनबाट प्रभावित हुँदा मैयाँसँग सामीप्यता बढाउन चाहेको र नारीपनबाट प्रभावित हुँदा भने मैयाँसँगको सम्बन्धबाट टाढिएको कथामा देखिन्छ । कथामा देखिएको यस्तो परिस्थितिले गर्दा मैयाँ र अजय पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेका छन् । यसरी मैयाँ र अजयलाई पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(१०) टाइपिस्ट

'टाइपिस्ट' कथाका शान्ति र मीना पुरुषपन र नारीपनका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । यी दुई पात्रमध्येकी शान्ति विवाहित युवती भएर प्रारम्भमै देखिएकी छ र उसले टाइपिङ सिक्दै गरेकी छ । विवाह गरेर पतिगृहमा बसिरहेकीबाट उसको नारीपन पति पुरुषतर्फ आकर्षित छ भन्ने देखिन्छ । अर्कोतर्फ टाइपिङ सिकेर आफूलाई चाहिने खर्च जागिर खाई आफै कमाउने सामर्थ्य आर्जन गर्ने बाटोमा लागेकी देखिएबाट शान्तिमा पुरुषपनको प्रभाव देखापर्छ । टाइपिङको प्रमाणपत्र पाएपछि उसले सचिवालयमा जागिर खान थालेकी कथामा देखाइएको छ । शान्तिले जागिरबाट तीन महिनाको तलब एकमुस्ट बुझेकी छ । यस सन्दर्भमा कथामा "तीन महिनाको एक सय असी रूपयाँ पहिलो पटक उसले एकैमुस्ट सासूको अगाडि लोग्नेको हातमा राखी" (भिक्षु, २०६३, पृ. १३) भनिएको छ । यस उद्धरणमा शान्तिको मिहिनेत र पौरखको कमाइ घरमा भित्रिएको देखाइएको छ । यसले उसको सामर्थ्यलाई देखाएकाले यो पुरुषपनको सङ्केत हो । तलब बुझेर ल्याएको रूपयाँ सासूको हातमा नबुझाएर पतिलाई बुझाएकीले उसको नारीपनले पतिलाई महत्त्व दिएको स्पष्ट देखिन्छ । यसो गरेर उसले पतिलाई आफूतर्फ आकर्षित गर्न खोजेकी छ र आफू पनि नारीपनको कामनाबाट प्रेरित भएर पतितर्फ केन्द्रित भएकी देखिएको छ ।

सचिवालयमा जागिर खाँदै गर्दा उसको मित्रता त्यहीँ टाइपिस्टको जागिर खाने मीनासँग भएको देखिन्छ । ऊ पनि शान्तिसँगै टाइपिस्टको पदमा काम गर्ने शान्तिकी साथी

हो (भट्ट, २०६७, पृ. १३२) । दुवै जना दिउँसो दुईतीन बजे सचिवालय परिसरको होटलमा चिया खान जाने गरेका छन् । त्यही क्रममा उनीहरूका बिचमा कुराकानी भएको छ । यस सन्दर्भमा कथामा "कसैले तिमीलाई माया गर्न थालेको छ, अझ त्यो धनी पनि छ, उसले तिमीलाई सिनेमा जान निम्त्यायो भने तिमी के गछ्यौं ? भन त ....! धत्, यस्तो पनि हुन्छ ? किन कसैसित सिनेमा जाने ? जानै परे तिमी साथी छौ, सँगै जाऔंला नि ....?" (भिक्षु, २०६३, पृ. १४) भनिएको छ । यस उद्धरणमा मीनाको मानसिकतामा पुरुषको आकाङ्क्षा बढ्दै गएको देखाइएको छ । उसले पुरुषसँग जोडेर कुराकानीको सन्दर्भ उठाएकीले उसको नारीपनले पुरुषको खोजी गरिरहेको स्पष्ट देखिन्छ । अर्कोतर्फ शान्तिले मीनाको कुराको जवाफ दिँदै कुनै पुरुषसँग सिनेमा जाने कुरालाई सिधै नकारेकी छ र जानै परेमा साथी मीनासँगै जाने कुरा बताएकी छ । यसबाट ऊ पुरुषपनको दबाबमा परेकी भन्ने देखिन्छ ।

कथाको अर्को घटनासन्दर्भमा सचिवालयको चिया पसलमा शान्ति र मीनाले चिया खाइरहेका देखिन्छन् । त्यही बेलामा एउटा युवक कर्मचारी पनि त्यहीँ बस्न आएको छ । यस सन्दर्भमा कथामा "सचिवालय-चियापसलको कोठामा एक दिन जब दुवै चिया खाइरहेका थिए, एउटा युवक पनि त्यहीँ बस्न आयो, तर कोठामा दुई जना केटी मात्र देखेर ऊ लगत्तै फर्क्यो । दुवै अट्टहास गरेर हाँसे । हाँसेको युवकले पनि सुन्यो" (भिक्षु, २०६३, पृ. १५) भनिएको छ । यस उद्धरणमा चियापसलको कोठामा दुई जना केटी मात्र देखेर युवक कर्मचारीलाई लगत्तै फर्केको देखाइएको छ । ऊ फर्केकोमा शान्ति र मीना अट्टहास गरेर हाँसेका छन् । यसो गर्नुको कारण युवकलाई आफूप्रति आकर्षित गर्ने रहेको देखिन आउँछ । यसले ती दुई युवतीको नारीपन युवकतर्फ आकर्षित भएको भन्ने देखिन्छ । यसपछि मीनाले "यहाँ बस्नै सकेन ! हामी आगो पो त आगो ! थाहा छ ?" (भिक्षु, २०६३, पृ. १५) भनेकी छ । यस उद्धरणमा मीनाले आफूलाई साहसी नारीको रूपमा देखाउन खोजेकी छ । उसले आफूलाई पुरुषसँग जुध्न सक्ने क्षमता भएकाले आफू आगो भएको भनेकी छ । उसको यस भनाइले ऊ पुरुषपनको चापमा परेकी भन्ने देखिन्छ । फेरि मीनाले हामी हाँसेको कुरा उसले सम्झिरहन्छ र हामी दुईमा को राम्री भनेर दाँज्न थाल्छ पनि भनेकीबाट मीनाको नारीपनले त्यो युवकलाई चाहेको भन्ने देख्न सकिन्छ । कथाको अर्को सन्दर्भमा मीनाले "आइमाई सधैं माथिल्लो तहका, लोग्नेमानिसले कहिल्यै पनि हेप्न सक्दैन ! लौ त मसँग कसैले बोल्ने, हेप्ने हिम्मत गरोस् त !" (भिक्षु, २०६३, पृ. १६) भनेकी छ । यस उद्धरणबाट मीनाले आफूलाई पुरुषसँग हेपिएर बस्न नसक्ने जुझारु नारीका रूपमा देखाउन खोजेकी छ । उसले आइमाई पुरुषसँग हेपिएर बस्न नसक्ने माथिल्लो तहका हुन् भन्दै आफूसँग त कसैले बोल्ने र हेप्ने हिम्मत नै गर्न नसक्ने भनेकी छ । यस तथ्यका माध्यमबाट उसले पुरुषलाई हाँक दिएर आफ्नो साहस र पौरुष देखाउन खोजेकी भन्ने देख्न सकिन्छ । उसको यस अभिव्यक्तिबाट उसले पुरुषप्रति विद्रोह गर्न चाहेकी देखिएको छ । यसबाट उसको अन्तर्मानसिकता पुरुषपनको दबाब र प्रभावमा परेको देखिन्छ ।

कथाकी पात्र शान्ति पनि पुरुषको विषयलाई लिएर सोचमग्न बनेकी छ । उसले युवकलाई सम्झँदै कथामा "उसले मलाई माया गर्न खोज्छ होला त ? तर प्रश्न मनमा नै उठे पनि उसलाई लाज लाग्यो । उसले भरसक युवकलाई नसम्झने चेष्टा गरी, तर एकैछिनमा उसले फेरि सम्झनुपऱ्यो" (भिक्षु, २०६३, पृ. १७) भनेकी छ । यस उद्धरणमा युवकले आफूलाई माया गर्ने नगर्ने कुरामा शान्ति द्विविधामा परेकी देखाइएको छ । उसले युवकले आफूलाई

माया गर्न के गर्छ होला भनेर सोचेकी छ । यस्तो कुरा सोच्दा उसलाई फेरि लाज लागिरहेको देखिन्छ । युवकको विषयमा आफ्नो मनमा आएको सोचाइबाट पन्छिन खोजे पनि त्यसबाट ऊ मुक्त हुन भने सकिरहेकी छैन । यहाँनेर नारीपनबाट प्रेरित भएर ऊ युवकतिर तानिएकी र तत्कालै पुरुषपन प्रभावी हुँदा उसलाई युवकको बारेमा सोच्दा लाज लागेको छ । फेरि ऊ युवककै सोचाइमा परेकी र उसलाई नसम्झिन खोज्दा पनि सम्झिरहेकी छ । शान्तिको यस्तो मानसिक स्थितिलाई हेर्दा उसको नारीपन युवकतर्फ आकर्षित भएको र पुरुषपनको प्रभावले गर्दा युवकसँग टाढिन चाहेकी भए पनि तत्कालै फेरि नारीपनबाट प्रेरित भएर युवककै सोचाइमा परेकी देख्न सकिन्छ । यी घटनासन्दर्भबाट शान्ति र मीना दुवै पात्र नारीपन र पुरुषपनका बिचको मनोद्वन्द्वको स्थितिमा देखिएका छन् ।

कथामा अर्को दिन पनि शान्ति र मीना सचिवालयको परिसरमा रहेको चिया पसलमा चिया खान पुगेका छन् । त्यहाँ उनीहरूका आँखाले युवक कर्मचारीको खोजी गरिरहेको देखिन्छ । एकैछिनमा ऊ आई पनि पुगेको छ । युवक आएपछि शान्ति र मीना दुवै खुसी भएका देखिन्छन् । यस सन्दर्भमा कथामा मीनाले कथामा "हेर् न हेर् ऊ आइपुग्यो । अब बलजफ्तीसित तँलाई नहेर्ने चेष्टा गर्दै ऊ अर्कोतिर हेरिरहेछ । उसले थाहा त पाइनै सक्यो हामी यहाँ छौँ" (भिक्षु, २०६३, पृ. १८) भनेकी छ । यस उद्धरणमा युवक कर्मचारी होटेलमा चिया खान आएपछि मीना र शान्ति उत्साहित भएका देखिन्छन् । उनीहरू उसले नहेर्ने चेष्टा गरेजस्तो गरी आफूहरूलाई हेर्ने कुरामा ढुक्क भएका छन् । यसले ती दुई पात्रको नारीपन युवक कर्मचारीतर्फ तानिएको देखिन आउँछ । फेरि अर्को दिन त्यही होटलमा शान्ति र मीना चिया खान पुगेका र युवक कर्मचारी पनि त्यहीँ पुगेको देखिन्छ । आफ्ना पतिलाई खोज्दै आएकी युवक कर्मचारीकी पत्नी पनि होटलमै आइपुगेकी छ । शान्ति र मीना हाँसेको देखेर युवककी पत्नीले अपमान महसुस गरेपछि युवकले पत्नीसँग कथामा "छि : चुप लाग न, यी टाइपिस्ट पो त ....., यिनीहरूको खाल नै यस्तै हुन्छ ....." (भिक्षु, २०६३, पृ. २१) भनेको छ । यस उद्धरणबाट युवक कर्मचारीको प्रतिक्रियाले शान्ति र मीनाको अपमान भएको देखिएको छ । उसले आफ्नी श्रीमतीसँग कुरा गर्दै टाइपिस्ट भएकाले यिनीहरूको खाल नै यस्तै हुन्छ भनेकामा उसले भनेको त्यस कुराबाट आफूहरूलाई होच्याउन खोजिएको शान्ति र मीनाले ठानेका छन् । यसले गर्दा युवक कर्मचारीप्रति आकर्षित भएको शान्ति र मीनाको नारीपन एकाएक विकर्षित भई दुवै पात्र पुरुषपनबाट प्रभावित हुन गएका देखिन्छन् । कथामा आएका यी विविध घटनासन्दर्भबाट शान्ति र मीना दुवै पात्र पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

'टाइपिस्ट' कथाकी शान्तिले पतिसँगै रहेकी र टाइपिस्टको जागिर खाएपछि पाएको तलब पतिकै हातमा थमाएकी छ । ऊ युवक कर्मचारीसँग पनि आकर्षित भएकी छ । उसले आफ्ना लागि आफै कमाउने सामर्थ्य देखाउनुका साथै युवक कर्मचारीप्रति विकर्षित भएकी देखिन्छ । अविवाहित मीना पुरुषप्रतिको अभिरुचिका साथै युवक कर्मचारीप्रतिको आकर्षणले गर्दा नारीपनबाट प्रेरित भएकी छ । फेरि पुरुषभन्दा आफू सामर्थ्यशील भएको उद्घोष गर्नुका साथै युवक कर्मचारीलाई गरेको तिरस्कारका कारण पुरुषपनबाट प्रभावित भएकी पनि देखिन्छ । यसले गर्दा कथाका शान्ति र मीना दुवै नारी पात्र पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् । यसरी शान्ति र मीनालाई पुरुषपन र नारीपनका

बिचको मनोद्वन्द्वमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(११) अब म त्यस पसलमा सिगरेट किन्दिनँ

'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथाका म पात्र र पसल्नी युवती नारीपन र पुरुषपनका बिचको आन्तरिक द्वन्द्वविधानको आयोजनका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथामा म पात्र आफ्नो अधिकारीसँग भेट गर्नको लागि दिल्लीबजारबाट पाटनतर्फ जाँदै गर्दा बागमती पुलवारिको युवतीको पसलमा सिगरेट किन्नको लागि अडिएको कथामा देखाइएको छ । यस सन्दर्भमा म पात्रले कथामा "हुस्सु लागेको त्यस जाडोको बिहानै मलाई त्यहाँ पुग्नु थियो । जाडो असाध्यै थियो । घरबाट हिँड्दाखेरि सल्काएको सिगरेट बाटोमा नै सिद्धिसकेकाले बागमती पुलवारिको पसलअगाडि सिगरेट किन्न उभिएँ" (भिक्षु, २०६३, पृ. २३) भनेको छ । यस उद्धरणबाट म पात्र बाटोमा हिँड्दाहिँड्दै युवतीको पसलमा रोकिएको देखिन्छ । हुस्सु लागेको बिहानको जाडोमा घरबाट हिँड्दा सल्काएको सिगरेट सकिएपछि बागमती पुलवारि रहेको युवतीको पसलमा रोकिएर उसले सिगरेट किन्न चाहेको छ । पाटनतिर ओहोरदोहोर गर्दा अरू थुप्रै पसल त्यस ठाउँको वरिपरि भए पनि उसले शारीरिक सौन्दर्यले भरिपूर्ण त्यही युवतीको पसलमा सिगरेट किन्ने गरेको छ । रोजाइमा युवतीकै पसल पर्नुले उसको पुरुषपन युवतीको नारीपनतर्फ आकर्षित भएर नै हो भन्ने थाहा हुन्छ ।

कथाकी पसल्नी युवतीले पनि म पात्रलाई आफ्नो पसलमा देख्नेबित्तिकै उसको हातमा सिगरेट थमाएकी छ । यस सन्दर्भमा म पात्रले "उता मलाई हेर्नेबित्तिकै पसलकी केटीले एक होइन दुइटा क्याप्सटन सिगरेट मेरो हातमा पक्राई सलाईको बट्टा खोज्न लागेकी थिई" (भिक्षु, २०६३, पृ. २३) भनेको छ । यस उद्धरणमा पसल्नी युवती म पात्रलाई देख्नेबित्तिकै सिगरेट दिनका लागि हतारिएकी देखिन्छ । उसले आफ्नो पसलअगाडि आइपुगेको म पात्रलाई दुईओटा क्याप्सटन सिगरेट झिकेर हातमा थमाएकी छ र सल्काउनका लागि सलाई खोज्न लागेकी छ । म पात्रले पैसा ल्याउनै बिर्सेछु भन्दा पनि युवतीले लौ सल्काउनुहोस् भनेर उसलाई उधारोमै सिगरेट दिन तयार भएकी छ । उसले म पात्रसँग आत्मीयता देखाउनका लागि दिने सबैभन्दा मीठो बस्तु सिगरेट नै देखेकीले पैसा नलिएरै भए पनि उधारोमा त्यही दिएर उसलाई खुसी तुल्याएकी देखिँदा युवतीको नारीपन म पात्रतर्फ तानिएको अड्कल गर्न सकिन्छ । यसैबिच म पात्रले कथामा "त्यसै दिन मात्र सम्झैं कि केटी साँच्चीकै राम्री छ । लगभग सत्रअठार वर्षको बैंसमा नैनसुत कपडाझैं उराठिलो सेतो गोरो त होइन, तर, तर खुब सफा रङ्गमा आङभरि रगतैरगत छचल्किन लागेको ! ... " (भिक्षु, २०६३, पृ. २४) भनेको छ । यस उद्धरणमा म पात्रले पसल्नी युवतीको सुन्दरताको वर्णन गरेको छ । बैंसालु उमेर र शरीरको सफा रङ आदिले गर्दा पसल्नी युवती उसलाई साँच्चीकै राम्री लागेकी छ । यही भएर नै म पात्र उसको पसलमा सिगरेट किन्नको लागि जाने गरेको हो भन्ने उसको उल्लिखित कथनबाट स्पष्ट हुन्छ । यसले म पात्रको पुरुषपन युवतीको नारीपनको आकर्षणबाट तानिन गएको देखिएको छ । यसैले गर्दा नै म पात्र पसल्नी युवतीको पसलमा सिगरेट किन्न जाने गरेको देखिन्छ । उसले पसल्नी युवतीलाई पढ्न प्रोत्साहन पनि गरेको छ र पुस्तक पनि ल्याएर दिएको छ । पसल्नी युवतीले पनि उसलाई आदरसम्मान र विश्वास गरेर दुई हात जोडी

नमस्कार गर्न थालेकी छ । युवतीले म पात्रलाई उधारोमा सिगरेट दिँदै गरेकी र उसले उधारो तिर्दै सिगरेट लिँदै गर्दा दुवैका बिचको आत्मीयता व्यवसायभन्दा माथि उठ्दै गएको कथामा देखाइएको छ । कथामा प्रस्तुत यी सन्दर्भहरूले म पात्रको पुरुषपन र पसल्नी युवतीको नारीपन एकअर्काप्रति आकर्षित भएको स्पष्ट हुन्छ ।

कथामा दुई महिनापछिको एकदिन म पात्र युवतीको पसलमा सिगरेट लिन पुगेको देखिन्छ । त्यस क्रममा युवतीले म पात्रलाई "भोलि यतातिर आउनुहुन्छ ? हजुर कहाँ बस्नुभएको छ, घर त नेपालमा होइन कि ?" (भिक्षु, २०६३, पृ. २७) भनेकी छ । यस उद्धरणबाट युवतीले म पात्रप्रति आत्मीयता देखाउन चाहेकी देखिन आउँछ । उसले म पात्रलाई भोलि आफ्नो पसलमा आउनका लागि भन्नुका साथै उसको बसाइ, घर र अरू कुरा बडो रुचिसाथ सोधेकी छ । उसको सोधाइ र रुचिमा म पात्रका प्रति नारीपननिर्देशित आकर्षणको भाव झल्किएको पाइन्छ । युवतीले सोधेका प्रश्नको उत्तर दिएर कार्यालय जान ढिलो भइसकेको म पात्र त्यहीँ युवतीको अगाडि उभिइरहेको देखिन्छ । यस सन्दर्भमा म पात्रको भनाइ र युवतीको प्रतिक्रियाका बारेमा कथामा "उत्तर दिएर पनि दुई मिनेटजति म उभिरहेँ ... तर त्यसै पसलअगाडि उभिइरहन पनि नभएर अन्ततः फेरि बिदा लिने सङ्केतसूचक शब्दमा मैले- 'जाऊँ है अब, भोलि सायद फेरि आउँला कि ?' उत्तरमा उसले नमस्ते गरी" (भिक्षु, २०६३, पृ. २८) भनिएको छ । यस उद्धरणबाट म पात्रलाई छिटै नै जानुपर्ने भए पनि युवतीसँगै बस्न मन भएको देखिएको छ । दस बजे नै कार्यालय पुग्नुपर्ने म पात्र साढे दस बजिसक्दा पनि युवतीको पसलमा उभिरहेको र त्यहाँबाट जानको लागि पनि पसल्नी युवतीसँग बिदा माग्दै गरेको छ । ऊ युवतीले एकछिन बस्न भनेमा बस्ने सोँचमा छ जस्तो पनि देखिएको छ । तत्कालै बस्न नभने पनि उसले आफै भोलि आउँला भनेर निम्तिएको पनि छ । म पात्रका यी सबै चरित्रबाट उसको पुरुषपन युवतीको नारीपनतर्फ आकर्षित भएको देखिन्छ । अर्कोतर्फ युवतीले भने नमस्ते गरेर उसलाई जानको लागि बिदा गरिसकेकी छ । नजिक रहेको आफूप्रति आकर्षित पुरुषलाई जानको लागि बिदा गरेकीबाट युवतीमा पुरुषपन प्रबल भएको देखापर्छ । यसबाट पसल्नी युवती नारीपन र पुरुषपनका बिचको द्वन्द्वात्मक चापमा परेकी स्पष्ट हुन्छ ।

कथामा युवतीसँग भोलि आउँला भनेर बिदा भएको म पात्रले साँझ घरमा पुगेर भोलि युवतीको पसलमा जाने निश्चय गरेको छ । उसले "निश्चय गरेँ, भोलि उसको पसलमा ऊनजिक नगई हुँदैन, ऊ एक्ली छ" (भिक्षु, २०६३, पृ. २८) भनेको छ । यस उद्धरणले म पात्रलाई युवतीको आकर्षणबाट तानिएको देखाएको छ । भोलिपल्ट युवती एक्ली भएकीले गर्दा भेट्नको लागि जाने निश्चय म पात्रले गर्नु उसको पुरुषपन युवतीको आकर्षणमा परेकैले हो भन्ने देखिन्छ । यसो भए पनि भोलिपल्ट ऊ युवतीलाई भेट्नको लागि गएको भने देखिँदैन । यस सन्दर्भमा उसले "मलाई आज कति काम परेको छुट्टी नै कहाँ पाएँ, यसैले त जान भियाइनँ ! किन्तु पर्सिपल्ट पनि गइनँ, निपर्सिपल्ट पनि गइनँ" (भिक्षु, २०६३, पृ. २९) भनेको छ । यस उद्धरणमा अघिल्लो दिन युवतीको पसलमा जानै पर्ने देखेको म पात्र भोलिपल्ट भने उसलाई भेट्न नगएको देखाइएको छ । उसले धेरै काम परेर छुट्टी नै नपाएपछि जान नसकेको भनेको छ । भोलिपल्ट मात्र होइन पर्सिपल्ट, निपर्सिपल्ट र महिनौँसम्म ऊ युवतीको पसलमा गएको देखिँदैन । पुरुषपनले जान चाहने र नारीपनले जान अवरोध पुऱ्याएबाट ऊ भोलिपल्ट र त्यसपछिका अरू दिनमा पनि युवतीको पसलमा जान नसकेको प्रस्टै देखिन्छ । कथामा

आएका यहाँसम्मका घटना परिदृश्यबाट पसल्नी युवती र म दुवै पात्र पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

करिब चारपाँच महिनापछि म पात्र र पसल्नी युवतीको बाटोमा एकाएक भेट भएको कथामा देखाइएको छ । पसल्नी युवती आफूले चिनेकी तरुणीलाई देखेपछि म पात्रको पुरुषपन उसप्रति स्वाभाविक रूपमा आकर्षित भएर सन्चो बिसन्चोको कुरा सोद्धा युवतीले आक्रोशपूर्ण जवाफ दिएकी छ । उसले कथामा "बडो सोध्ने ! तपाईंलाई थाहा छैन कहाँ छु ? जहाँ भए पनि कसैलाई केको चासो ? बडो सोध्ने भएका, कहाँ गएँ, के गर्छु, कहाँ वाह ..." (भिक्षु, २०६३, पृ. ३०) भनेकी छ । यस उद्धरणमा युवतीलाई म पात्रसँग बिच्किएकी देखाइएको छ । उसले म पात्रलाई आफू कहाँ छु भन्ने विषयमा बडो चासो राखेर सोध्ने भएको भन्दै आफ्नो बारेमा कसैले सोध्न आवश्यक नभएको ठाडो जवाफ दिएकी छ । यस्तो रौद्र आक्रोश देखाएर युवतीले म पात्रलाई सिधै लल्कारेकी छ । यसबाट युवतीमा उसको पुरुषपनको प्रभाव बाह्य क्रियामा प्रस्तुत भएको स्पष्ट देखिन्छ । उता युवतीलाई देखेर पुरुषपनको प्रभावबाट आकर्षित भएको म पात्रले युवतीसँग माफी मागेको छ । उसले "म फेरि माफी माग्छु ... बिराएँ, क्षमा गर्नुहोला" (भिक्षु, २०६३, पृ. ३०) भनेको छ । यस उद्धरणले म पात्रलाई युवतीसँग तर्सिएको देखाएको छ । बिराएँ; क्षमा गर्नुहोस् भन्दै माफी मागी ऊ युवतीलाई छलेर छिटो अघि बढ्न खोजेको छ । यसरी म पात्र युवतीसँग ततर्किएर टाढा भाग्न खोजेको देखिएबाट ऊ नारीपनको दबाब र प्रभावमा पर्न गएको देखापर्छ ।

कथामा म पात्रप्रति आक्रोशित भएकी युवती अलिक मथ्थर भएकी छ । उसले "त्यसो भए, त्यसो भए जुन कुरा अहिलेसम्म थाहा पाउनुभएन, फेरिफेरि थाहा नपाउनुहोला; कसैसित नसोध्नुहोला" (भिक्षु, २०६३, पृ. ३१) भनेकी छ । यस उद्धरणमा युवतीले म पात्रलाई आफ्नो कुरा कसैलाई नसोध्न अनुरोध गरेकी छ । उसले म पात्रलाई रोकाएर कुरा लम्बाउन चाहेझैं गरी उसको बारेमा कसैलाई केही नभन्न र उसको बारेमा अरूले भनेको कुनै कुरा नसुन्न भनेकी छ । यसले ऊ नारीपनबाट निर्देशित भएर म पात्रप्रति नरम हुन गएकी देखिन्छ । म पात्रबाट आफूले चाहेको कुरामा आश्वस्त भएपछि मेरो नमस्ते छ; म गएँ भन्दै ऊ आफ्नो बाटो लागेकी छ । यसबाट ऊ फेरि पुरुषपनबाट निर्देशित भएकी छ । यस प्रकारसँग कथाका म पात्र र पसल्नी युवती दुवै पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वात्मक स्थितिमा रहेका देखिन्छन् । यसरी म र पसल्नी युवती दुवै पात्रलाई पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेका देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको कलात्मक प्रस्तुति गरिएको देखिन्छ ।

'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथाको म पात्र युवतीको नारी रूपबाट लोभिएको र बाटोमा जानेआउने गर्दा उसको पसलमा रोकिएर दुईचार खिल्ली सिगरेट किनेर खाने अनि कुराकानी गर्ने गरेकाले ऊ पुरुषपनबाट प्रेरित भएको छ । युवतीलाई आपद् परेका बेला आउँछु भनेर वचन दिएको भए पनि नारीपनबाट प्रभावित भई जानीजानी गएको छैन । पसल्नी युवती नारीपनबाट प्रेरित भएर म पात्रलाई उधारोमा सिगरेट दिनुका साथै माया, सद्भाव र सम्मान गर्ने गरेकी छ । एक्लै हुने दिन आउन म पात्रलाई निम्ताएकी पनि छ । फेरि पुरुषपनबाट प्रभावित भएर उसले बाटोमा एक्कासी भेट हुँदा अपरिचतलाई जस्तो व्यवहार गर्नुका साथै म पात्रलाई लल्कारेकी देखिन्छ । यसले गर्दा कथाका दुवै पात्र पुरुषपन

र नारीपनका बिचको मनोद्वन्द्वमा परेका देखिन्छन् । यसरी म पात्र र युवतीका अन्तर्मानसिकतामा मनोद्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(१२) मीना

'मीना' कथाका मीना र युवक पुरुषपन र नारीपनका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हुन् । कथामा मीनालाई पुर्खा घरानले देशको शासन गरेका ठूलो घरपरिवारकी अविवाहित छोरी भनेर चिनाइएको छ । त्यसैगरी युवक पात्र पनि सम्पन्न परिवारको देखिन्छ । यी दुवै पात्र रोयल होटल क्लबको रात्रीकालीन समयमा भेट हुने गरेका छन् । मीना रक्सी खाने र क्लबमा आएका युवकहरूसँग जीउ र जवानीको उपयोग गरी रमाइलो गर्ने उद्देश्यले त्यहाँ जाने गरेकी र युवकचाहिँ उक्त होटल क्लबमा लगानी पनि गरेको अनि त्यसको सदस्यसमेत भएकोले गर्दा क्लबमा रात्री समयमा पुग्ने गरेको छ । युवती मीना क्लबमा आउने अरू युवकहरूसँग मोजको लागि लाग्ने गरेकी देखिए पनि युवकसँग उसको विशेष रुचि छ । उसले आफ्नो सुनको केसबाट थ्री फायवको सिगरेट झिकेर युवकलाई खुवाएकी र आफूले पनि खाएकी छ । युवकप्रतिको उसको यस्तो लगाव नारीपनको कामनाबाट प्रेरित देखिएको पाइन्छ । उसले तत्कालै युककलाई "उठ्, यो रुम छोड्, उतातिरको खुला कउसीमा जाऔँ, उठ्न उठ् ? त्यहीँ गएर बसौँ" (भिक्षु, २०३२, पृ. २९) भनेकी छ । यस उद्धरणबाट मीना युवकसँग एकान्तमा बस्न चाहेकी देखिएको छ । उसले युवकलाई बसिराखेको कोठा छोडेर कौसीको एकान्तमा जाऔँ भन्दै उठ्न कर गरेकी छ । कोठामा अरू पनि आउन सक्ने भएर उसले त्यसो गरेकी हुनुपर्छ । युवकलाई एकान्त कौसीमा लान खोजेकीबाट मीनाको नारीपन युवकप्रति आकर्षित भएको स्पष्ट देखिन्छ ।

कथामा मीनाले युवकलाई कौसीको एकान्तमा लान खोजेकामा युवक भने अनिच्छुक देखिएको छ । उसले त्यहाँ जाडो लाग्ने कुरा गरेको छ । यस सन्दर्भमा युवकले "जाडो लाग्दैन र रुममा पो हिटर छ, त्यहाँ त गम्केकै जाडो छ होला, जाने त ?" (भिक्षु, २०३२, पृ. २९) भनेको छ । यस उद्धरणमा कौसीको एकान्तमा जाने नजाने कुरामा युवकलाई द्विविधामा परेको देखाइएको छ । ऊ अरू मानिस पनि आउन सक्ने हिटर पनि भएको बसिराखेकै त्यही कोठामा बस्न चाहेको छ । उसले कौसीमा जाडो हुने कुरा गर्दै गरेको देखिन्छ । युवक कौसीको एकान्तमा जान नचाहनु उसकै नारीपनको दबाव हो भन्ने देखिएको छ । उतिखेरै फेरि ऊ जाने त ? भन्दै जाऊँ भने जाऊँको मनस्थितिमा पुगेर मीनाले भनेबमोजिम कौसीको एकान्तमा जान तयार भएको देखापर्छ । यहाँनेर युवक नारीपन र पुरुषपनका बिचको मनोद्वन्द्वमा परेको देखिन्छ ।

रात्रीको समयमा होटल क्लबको कौसीमा पुगेका मीना र युवक एउटै ठाउँमा सँगसँगै बसेर पनि निकै बेरसम्म चुप रहेका देखिन्छन् । यस्तो हुनुमा मीनामा पुरुषपन र युवकमा नारीपनको प्रभाव एवम् दबाव पर्न गएर हो भन्ने देखिन्छ । एकैछिनमा फेरि दुवै पात्र एकापसमा टाँसिदै गएका छन् । यस सन्दर्भमा कथामा "जाडो बिस्तारै बढ्दै आयो र ऊ एकअर्कासित अचेतन प्रेरणामा नै टाँस्सिदै गए । आङको न्यानो, सुखस्पर्शको अनुभूति दिइरहेको थियो" (भिक्षु, २०३२, पृ. ३०) भनिएको छ । यस उद्धरणले मीना र युवकलाई एकापसमा

नजिकिएका देखाएको छ । कौसीमा बस्दै गरेको बेला बिस्तारै जाडो बढ्दै गएपछि तातोको खोजीका लागि दुवै पात्र एकअर्कासँग टाँसिदै गएका र आङको न्यानोले गर्दा सुखस्पर्शको अनुभूति गर्न थालेका देखिन्छन् । कथाको यस सन्दर्भले मीनाको नारीपन र युवकको पुरुषपन एकअर्काप्रति आकर्षित भएको देखापर्छ । यसरी टाँसिएर बस्दा मीनाले युवकलाई उसले चाहेको कुरा गर्नबाट उछिट्टिएर अलग भएकी छ । यसले युवकमा पुरुषपन र मीनामा पनि पुरुषपन नै प्रभावी हुन गएको देखिन्छ ।

कथामा तत्कालै मीना युवकसँग नजिकिन चाहेकी छ । उसले "तानेको सर्को छोड्दै धुवाँ र आसमानतिर हेर्दै मीनाले भनी–मन लागे एउटा म्वाइँ खान सक्छस् । ... नजिकै टाँस्सिएर आ न ! जाडोमा आङ टास्नु मोज लाग्दैन र ?" (भिक्षु, २०३२, पृ. ३०) भनेकी छ । यस उद्धरणमा मीनाले युवकलाई म्याइँ खानदिने कुरा गरेकी छ । उसले युवकलाई नजिकै टाँसिएर बस्न पनि आग्रह गर्दै यसरी बस्दा मोजको अनुभूति हुने पनि भनेकी छ । यसबाट फेरि उसको नारीपनको चाहना प्रकट भएको देख्न सकिन्छ । मीनाको म्वाइँ खान दिने आव्हानपछि युवक पनि उससँग नजिकिएको छ । यस सन्दर्भमा कथामा "यद्यपि म्वाइँको प्रस्ट आव्हानले उसको मस्तिष्क खल्बलिई रहेको थियो, तैपनि यसपटक, उसले मीनाको जीउमा आफ्नो जीउ टाँस्सिइदै ल्याए पनि, आफूलाई म्वाइँ खान भनी थाम्यो" (भिक्षु, २०३२, पृ. ३०) भनिएको छ । यस उद्धरणमा युवकले आफ्नो जीउ युवती मीनाको जीउमा नजिकै लगेर टाँसेको देखिन्छ । यसो भए पनि ऊ मीनाको म्वाइँ खान भने हच्किएको छ । यहाँनेर युवक पुरुषपनबाट प्रेरित भएर युवती मीनासँग नजिकै टाँसिन गएको भए पनि तत्कालै उसैको नारीपनको दबाबमा परेर म्वाइँ खान भने हच्किएको छ । यसले गर्दा उसको मनोदशा पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वात्मक स्थितिमा पुगेको देखिन्छ । तत्कालै मीनाले म्वाइँ खान जोड गरेपछि युवकले म्वाइँ खाएको छ । यसबाट मीनाको नारीपन र युवकको पुरुषपनका बिचको आकर्षण बढेको देख्न सकिन्छ । कथामा आएका उल्लिखित कथात्मक सन्दर्भहरूबाट मीनाको नारीपन र युवकको पुरुषपनका बिचमा कतिपय अवस्थामा हार्दिकता देखिए पनि ती दुईको अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिचमा मनोद्वन्द्वको स्थिति बनेको देखापर्छ ।

कथामा आएको अर्को घटनामा मीना त्यही होटल क्लबको रात्रीकालीन रमाइलोमा दाह्रीवालासँग बस्न गएकी छ । यस सन्दर्भमा उसले "कहाँ यी दाह्रीवालाहरूले त निमोठ्ता पो रहेछन् ! म्वाइँ खान जानेकै छैनन् क्यारे । तान्न खोजेर नजिकै आफ्नो अनुहार ल्याएको त गन्याइहाल्यो ! धक्याएर आएँ" (भिक्षु, २०३२, पृ. ३१) भनेकी छ । यस उद्धरणबाट मीना दाह्रीवालसँग तानिएकी र तत्कालै बिच्किएर फर्किएकी देखिएको छ । नारीपनबाट प्रभावित भएर दाह्रीवालको पुरुषत्व प्राप्त गर्न पुगेकी मीनाले उसलाई म्वाइँ पनि दिएकी छ । फेरि तत्कालै त्यो दाह्रीवाल उसलाई गन्याएको छ । त्यसपछि उसलाई धक्याएर दाह्रीवालबाट ऊ टाढिएकी कथामा देखाइएको छ । मीनाको नारीपनले दाह्रीवाललाई चाहेको र उसलाई म्वाइँ पनि खुवाएको छ । फेरि उसकै पुरुषपनलाई भने त्यो दाह्रीवाल गनाएको छ र उसलाई धक्याएर टाढिन रुचाएको देखिन्छ । यहाँनेर पनि मीनाको अन्तर्मानसिकता नारीपन र पुरुषपनका बिचको मनोद्वन्द्वको चापमा परेको देखिन्छ ।

कथामा मीनाले दाह्रीवालसँग भएका कुरा सुनाएपछि युवक भने द्विविधामा परेको छ । यस सन्दर्भमा कथामा "युवकको मनमा फेरि घृणा उम्लेर आयो । एकछिनलाई त ऊ मीनालाई छोडेर अन्यत्रै गई बस्ने प्रबल अनुभूतिको झोक्का उसले अन्तरालमा नै अनुभव गऱ्यो । तर कुन्नि कुन कमजोरीले हो, त्यो मीनानजिकबाट पर हट्न सकेन" (भिक्षु, २०३२, पृ. ३२) भनिएको छ । यस उद्धरणमा युवकलाई मीनासँग टाढिने र नजिकिने गरेको देखाइएको छ । मीनाले दाह्रीवालसँगको कुरा सुनाउँदासाथ युवकको मनमा घृणा उम्लेर आएको छ र उसलाई त्यो मीना केटीदेखि टाढिन मन लागेको छ । तत्कालै फेरि ऊ मीनादेखि पर हट्न भने सकेको छैन । यहाँनेर युवकको नारीपनको प्रभावले गर्दा उसले मीनालाई घृणा गरेको छ र मीनादेखि अन्यत्रै टाढा गएर बस्न मन लागेको छ । फेरि तत्कालै युवकको पुरुषपन मीनातर्फ खिचिन गएर उसको नारीपनबाट आकर्षित भएको छ । त्यसैले मीनाबाट टाढिन चाहेको देखिँदैन । यस्तो हुनुको पछाडि युवकको आफ्नै नारीपन र पुरुषपनको प्रभाव र दबाव हो भन्ने देखिन्छ । यसले गर्दा युवकको अन्तर्मानसिकता नारीपन र पुरुषपनका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएको छ । कथामा आएका उल्लिखित घटनासन्दर्भबाट युवक र मीना दुवै पात्र पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेको देखिएका छन् ।

'मीना' कथाकी नारी पात्र मीना नारीपनबाट प्रेरित हुँदा युवक र अन्य पुरुषसँग नजिकिन चाहने र पुरुषपनबाट प्रभावित हुँदा युवक र अन्य पुरुष पात्रलाई तिरस्कार र बेवास्ता गर्ने गरेकी छ । त्यसै गरी कथाको पात्र युवकले पनि पुरुषपनबाट प्रेरित हुँदा मीनासँग नजिक हुन चाहने र नारीपनबाट प्रभावित हुँदा टाढिने गरेको छ । यसले गर्दा कथाका दुवै पात्र पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वमा परेका देखिन्छन् । यसरी मीना र युवकका अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिचको द्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

३.४.३ अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच आन्तरिक द्वन्द्वविधान

अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचमा द्वन्द्वको स्थिति रहने कार्ल गुस्ताफ युङ्गको मान्यता रहेको छ । उनका अनुसार बहिर्मुखी व्यक्तित्व भएका मानिस आफूलाई बाह्य रूपमा चिनाउन चाहने; त्यस्ता मानिसको सोचाइ, अनुभूति र कार्य वास्तविक जीवनको बाटोमा प्रत्यक्ष र खुल्ला हुने; आफूलाई बाहिरका कुरामा केन्द्रित गर्न चाहने र उनीहरूको भित्री जीवन बाह्य आवश्यकताको अधिनस्थ रहने प्रकृतिको हुन्छ । यस्ता मानिस मिलनसार, अरूमा रुचि राख्ने, सामाजिक कार्यमा भाग लिने, भौतिकवादी र उपयोगितावादी प्रकृतिका हुन्छन् । युङ्गकाअनुसार अन्तर्मुखी व्यक्तित्व भएका मानिस आत्मकेन्द्रित हुने; आफूमै सीमित भएर रमाउन चाहने; खुल्ला रूपमा प्रस्तुत हुन नचाहने; बाहिरका कुराहरूबाट आफूलाई टाढा राख्न चाहने र आफ्नो भित्री जीवनबाट नै पूर्ण कारक भेट्ने अभिलाषा राख्ने प्रकृतिका हुनुका साथै प्रायः मननशील, कल्पनाशील, आफ्नै विचार, भावना र आदर्शमा धेरै रुचि लिने स्वभावका हुन्छन् । व्यक्तित्वका बहिर्मुखी र अन्तर्मुखी दुई प्रकारका मनोवृत्तिमध्ये एउटा चेतनस्तरमा र अर्को अचेतनस्तरमा सक्रिय रहन्छ । यी दुई विपरीत व्यक्तित्वगत स्वभावका कारणले गर्दा व्यक्तिको अन्तर्मानसिकतामा द्वन्द्वको स्थिति सिर्जना हुन्छ भन्ने युङ्गको यससम्बन्धी मान्यता रहेको छ । भवानी भिक्षुका कथामा युङ्गको यस मान्यताको प्रभाव परेको देखिन्छ । उनका

कथाका पात्र विभिन्न परिस्थितिका कारण बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वमा परेका देखिन्छन् । त्यसैले यसमा भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि...?', 'त्यही सात दिन' 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'मानव' र 'त्यो फेरि फर्कला ?' गरी दसओटा कथाको बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको आन्तरिक द्वन्द्वविधानका आधारमा अध्ययन गरिएको छ ।

(१) गुनकेशरी

'गुनकेशरी' कथाकी गुनकेशरी अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । ऊ उपकारी हुनुका साथै स्वयम्पूजित चरित्रकी भएर देखिएकी छ । उसको चारित्रिक विशेषताका सम्बन्धमा भिक्षु (२०६०) ले चर्चा गर्दै लेखेका छन् :

> ऊ कसैलाई केही गरेर दु:ख दिन चाहन्नथी, कसैसित कुनै लाभ उठाउन चाहन्नथी, कसैको बिगार्न चाहन्नथी र सकेदेखि सबैको उपकार गर्न चाहन्थी । कुनै लुकाउ-छिपाउको कुरा उसमा कहाँ थियो ? ... आफूलाई यत्तिको आदर, ममता, श्रद्धा, पूजा दिएर स्वयम्पूजित गुनकेशरी थिई, उसको बैंस थियो । (पृ. १-२)

प्रस्तुत उद्धरणमा गुनकेशरीलाई सबैको भलो चाहने, उपकारी, उदार, भद्र र लुकाउछिपाउको कुरामा नलाग्ने स्वभावकी भनेर चिनाइएको छ । यसबाट ऊ बहिर्मुखी व्यक्तित्व भएकी पात्र हो भन्ने देखिन्छ । अर्कोतर्फ ऊ आफूले आफैलाई आदर, ममता, श्रद्धा र पूजा दिएर स्वयम्पूजित चरित्रका रूपमा चिनिएकी छ । उसको यो स्वभाव भने अन्तर्मुखी व्यक्तित्वको लक्षण हो । यसबाट ऊ अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वात्मक चापमा परेकी पात्र हो भन्ने देखिन्छ ।

कथामा गुनकेशरी र सुभद्रा दिदी र बहिनीको भूमिकामा छन् । केटी माग्न आउनेले बहिनी सुभद्रालाई रोज्दा बाहिर त गुनकेशरी प्रफुल्ल देखिएकी छ । यसबाट उसको बहिर्मुखी व्यक्तित्व झल्किएको छ । भित्रभित्रै भने उसले अपमान महसुस गरेकी छ र एक्लै पिरोलिएकी छ । यसबाट उसको अन्तर्मानसिकतामा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वगत दृष्टिबाट द्वन्द्वात्मक स्थिति उत्पन्न भएको छ । आदर्श, मर्यादा र नैतिकताका दृष्टिले पूर्ण मानिएकी गुनकेशरी बहिनीको विवाह भएर गएपछि घरको काममा खटिएकी छ । बहिनीले गुनकेशरीलाई पत्र लेखेर आफ्नो सबै राम्रो भएको र आफू आमा बन्ने भएको खबर गरेकी छ । यस सन्दर्भमा कथामा "पत्र पढेर दिनभरि त्यो अत्यन्त प्रशन्न थिई । आमासित, चिनजानकाहरूमा, छिमेकीहरूसित पनि सुभद्राको सुख, सौभाग्यको बखान गर्दै हिँडी" (भिक्षु, २०५२, पृ. ७) भनिएको छ । यस उद्धरणमा गुनकेशरीलाई बहिनीको खुसीको खबर पाएर प्रशन्न भएकी देखाइएको छ । उसले बहिनीको खुसीको खबरलाई आफ्नै खुसी ठानेर आफ्नी आमा, चिनजानका मानिसहरू र छिमेकीहरूसँग भन्दै हिँडेकी छ । यसबाट उसको बहिर्मुखी व्यक्तित्व झल्किएको छ । राति सुत्ने बेलामा उसको मानसिकतामा एकाएक परिवर्तन आएको छ । ऊ निदाउन सकेकी छैन । उसलाई अनौठो किसिमको क्षोभले तर्साउन थालेको देखिन्छ । यस सन्दर्भमा कथामा भिक्षु (२०५२) ले लेखेका छन् :

धेरैबेरसम्म उ निदाउन सकिन । भित्तामा सुभद्रा र उसको लोग्नेसमेतको एउटा फोटो टाँगिराखेको थियो, त्यसैमा उसको दृष्टि बारम्बार पर्दथ्यो । एकाएक ओछ्यानबाट जुरुक्क उठी त्यो फोटो झिकेर कोठाबाहिर एउटा कुनामा घुसारिदिई अनि सुभद्राको पत्रको उत्तर लेख्न बसी–'नारी जातिका निम्ति पति नै देवता हुन् । चाहे माया गरून्, चाहे रिसाऊन्; पति नै हाम्रा सर्वस्व हुन् । सासू-ससुरालाई नै आमा बाबु ठान्नुपर्छ । घर-गृहस्थीको कर्तव्य पूरा गर्नुपर्छ -। आफ्नो जीउको पनि हेरविचार गर्नू ...यस्तो अवस्थामा सँभालेर बस्नुपर्छ इत्यादि' (पृष्ठ ७) ।

प्रस्तुत उद्धरणमा गुनकेशरीले आफ्नो कोठामा अत्यन्त एकान्त चाहेकी देखाइएको छ । यही भएर उसलाई सुभद्रा र उसको लोग्नेको भित्तामा टाँगिएको फोटोले पनि पिरोलेकाले उसलाई निद्रा परेको छैन । यसैले गर्दा उसले एकाएक ओछ्यानबाट जुरुक्क उठेर त्यो फोटो झिकेर कोठाबाहिर एउटा कुनामा घुसारिदिएकी छ । कोठामा एकान्त वातावरण निर्माणका लागि उसले गरेको यस कार्यबाट ऊ अन्तर्मुखी व्यक्तित्वबाट निर्मित स्वभावकी देखिएकी छ । उसले बहिनी सुभद्राको पत्रको जवाफमा भने घरगृहस्थीको कर्तव्यदेखि लिएर पति र सासूससुराप्रति गर्नुपर्ने व्यवहार एवम् आफ्नो ख्याल राम्ररी गर्ने कुरामा ध्यान दिन सम्झाएकी छ । यसबाट ऊ बहिर्मुखी स्वभावकी देखिएकी छ । यसरी कथामा गुनकेशरी बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका दृष्टिले भिन्न देखिएकीले यस दृष्टिमा ऊ द्वन्द्वात्मक चरित्र हो भन्ने स्पष्ट हुन्छ ।

बहिनी सुभद्राको विवाहपछि गुनकेशरीले विजय नाम गरेको युवकसँग प्रेम गरेकी छ । उक्त प्रेम यथावत् रहेकै अवस्थामा उसले अर्कै पुरुषसँग विवाह गरेकी कथामा देखाइएको छ । पछि विवाहित पतिलाई समेत छोडेर ऊ माइतमा आएर बस्न थालेकी र त्यही समयमा उसले पुनः विजयलाई भेटको लागि आउन आग्रह गर्दै पत्र लेखेकी छ । पत्रमा उसले "आजभोलि म यहाँ बुबाकहाँ छु । दुई-एक दिनका निम्ति आउन सक्छौ भने आइदिए बेस हुने थियो" (भिक्षु, २०५२, पृ. १४) भनेकी छ । यस उद्धरणबाट गुनकेशरीले आफ्नो सुख र सन्तुष्टिको लागि अरूको खोजी गरेकी छ । पत्रमा उसले विजयलाई आफू बुबाकहाँ भएकीले एकदुई दिनको लागि आए बेस हुन्थ्यो भनी लेखेकी छ । माइतीमा बसेका बेला एक्लो महसुस भएर उसले विजयको साथ खोजेकी देखिन्छ । अरूप्रति चासो राखेर नजिकिन चाहने यो रुचिले उसलाई बहिर्मुखी चरित्रकी देखाएको छ ।

कथामा गुनकेशरीले आफू एक्लो भएको भनेकी छ । यस सन्दर्भ कथामा "उसको कोही पनि छैन । न बुबा, न आमा, न बहिनी, न पति कसैसित उसको प्यार छैन, कसैमा उसप्रति ममता छैन । ऊ केबल एक्ली छे" (भिक्षु, २०५२, पृ. १२) भनिएको छ । यस उद्धरणले गुनकेशरी एक्ली छ भन्ने देखाएको छ । उसको आफ्नो भन्ने कोही छैन । बुबाआमा, बहिनी, पतिलगायत कसैप्रति पनि उसको खास ममता देखिँदैन । ऊ केबल एक्ली छ र एक्लै बाँचिरहेकी छ । उससँग कुनै गहनतम् एकान्त स्वार्थ मात्र बाँकी रहेको भन्ने देखिन्छ । अन्तर्मानसिकतामा यस्तो विचार बनाएर अघि बढेकी गुनकेशरी व्यक्तित्वका दृष्टिले अन्तर्मुखी स्वभावकी देखिएकी छ । एकातिर अरूको साथ खोजिरहेकी र अर्कोतिर एक्लै एकान्तमा बाँचिरहेकी गुनकेशरीको अन्तर्मानसिकता बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्व र प्रवृत्तिका दृष्टिबाट

द्वन्द्वात्मक किसिमले निर्मित भएको देखिन्छ । यसैले गर्दा कथामा ऊ बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको आन्तरिक द्वन्द्वको चापमा परेकी छ । यसरी गुनकेशरीको चारित्रिक क्रियामा देखिएका सबैको भलो चाहने, उपकारी, उदार, भद्र र लुकाउछिपाउको कुरामा नलाग्ने स्वभावका साथै अरूप्रतिको रुचि र लगावले गर्दा ऊ एकातिर बहिर्मुखी व्यक्तित्वगत चरित्रकी देखिएकी छ । अर्कोतिर आफूले आफैलाई आदर, ममता, श्रद्धा र पूजा दिएर स्वयम्पूजित चरित्रलाई आत्मसात् गर्नुका साथै आफैमा केन्द्रित भएकी देखिएबाट ऊ कथामा अन्तर्मुखी व्यक्तित्व भएकी पात्र हो भन्ने देखिन्छ । यस प्रकार कथामा दुवै व्यक्तित्वलाई सँगसँगै आत्मसात् गर्न लगाएर गुनकेशरीको अन्तर्मानसिकतामा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचमा द्वन्द्वको स्थिति सिर्जना गरिएको छ ।

'गुनकेशरी' कथाकी गुनकेशरी बहिनी, आमाबाबु र अरूप्रति पनि उदार देखिनुका साथै आफ्ना कुरा खुलेर बोल्ने र सबैको भलाइको लागि पनि अघि सर्ने स्वभावकी भएकीले बहिर्मुखी देखिएकी छ । अर्कोतिर स्वयम्पूजित, सबैबाट एक्लै भएर बाँच्न चाहने स्वभाव पनि देखिएकाले उसको व्यक्तित्व अन्तर्मुखी देखापर्छ । अरूको साथ पनि खोज्ने र एक्लै एकान्तमा बाँच्न रुचाउने स्वभावले गर्दा उसको अन्तर्मानसिकता बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वगत दृष्टिले द्वन्द्वात्मक बनेको छ । यसरी गुनकेशरीको मानसिकतामा मनोद्वन्द्वको स्थिति सिर्जना गरेर कथामा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२) प्रेमको एउटा कथा

'प्रेमको एउटा कथा' कथाकी गोमती अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका दृष्टिले मनोद्वन्द्वात्मक स्थितिमा देखिएकी पात्र हो । उसले तेह्र वर्षको उमेर पुग्दा नपुग्दै प्रेम गर्न थालेकी छ । गोमतीले कथामा "मेरो तेह्र वर्ष उमेरदेखि नै मानसिंहसित बन्धुत्व र लेखापढी भयो । पारस्परिक आत्मीयता अत्यन्त मोहममताभित्र बढिरहेर उहाँसम्म फल्दैफुल्दै आयो" (भिक्षु, २०५२, पृ. १८) भनेकी छ । यस उद्धरणबाट ऊ सानै उमेरमा प्रेम गर्न थालेर आफूलाई बाह्य रूपमा प्रकट गर्न खुलेर लागेकी भन्ने देखिन्छ । उसले मानसिंहसँग चलिरहेको आफ्नो प्रेमसम्बन्धका बारेमा आमालाई पनि जानकारी गराएकी छ । मानसिंहले आफूलाई लेखेको पत्र उसले आमालाई समेत पढेर सुनाउने गरेकी छ । यसैबिच बाआमाले बोलाएर अबउप्रान्त मानसिंहसँग लेखापढी नगर्नू र अरू कसैसित पनि नगर्नू भन्ने आदेश दिँदा उसले हवस् भनेकी छ । यस सन्दर्भमा कथामा "अबउप्रान्त मानसिंहसँग लेखापढी नगर्नू; उसैसित मात्र किन कसैसित पनि के काम ? 'हवस्' भनेर म त्यहाँबाट उठेर गएँ" (भिक्षु, २०५२, पृ. २१) भनिएको छ । यस उद्धरणबाट मानसिंहसँग प्रेमसम्बन्धमा रहेकी गोमती बाबुआमाको आदेशलाई पालना गर्दै उसलाई त्याग्न सहमत भएकी भन्ने देखिन्छ । प्रेम पनि गर्दै हिँड्ने अनि बाआमाले भनेपछि सजिलै आफ्नो प्रेमसम्बन्धलाई त्याग्न पनि तयार भइहाल्ने गोमतीको व्यक्तित्व कथामा बहिर्मुखी प्रवृत्तिको पाइन्छ ।

कथामा गोमती सामाजिक कार्यमा भाग लिने स्वभावकी देखिँदैन । आफ्नो लक्ष्य प्राप्त नहुँदा भित्रभित्रै काम्ने र रुने अनि भित्रभित्रै द्वन्द्वमा छट्पटाउने उसको स्वभावगत प्रवृत्ति देखिन्छ । आफ्नो स्वभावको बारेमा गोमतीले कथामा "मेरो भित्रको द्वन्द्व अभूतपूर्व थियो । मेरो

कोमल मुटु, मेरो आँखा चारैतिर यस्तो सत्यको दर्शन पाउन खोजिरहन्थ्यो जसमा मलाई सम्पूर्णतः चिनेको सच्चाइ होस्" (भिक्षु, २०५२, पृ. २१) भनेकी छ । यस उद्धरणमा गोमतीले आफ्नो भावुक र कल्पनाशील स्वभावलाई खुलाएकी छ । उसले आफ्नो कोमल मुटु र आँखा चारैतिर कुनै सत्यको दर्शन पाउनको लागि खोजिरहन्छन् भनेकी छ । यसबाट उसको व्यक्तित्व अन्तर्मुखी प्रवृत्तिको देखिन्छ । यी कुराबाट ऊ अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका दृष्टिले मनोद्वन्द्वात्मक अवस्थामा रहेकी स्पष्ट हुन्छ । कथामा गोमतीले वकिलसँग भनेको कुरालाई भिक्षु (२०५२) ले यसरी लेखेका छन् :

> "मेरो आत्मा कुनै शक्तिद्वारा मानसिंहतिर प्रेरित हुन गएको छ; र उनी नभई मेरो कुनै तारतम्य बस्तैन सबभन्दा ठूलो कुरा के त–आमाबाबुहरूप्रति श्रद्धा, माया, ममता र मानसिंहप्रति मेरो आदर गर्न लायकको प्रेमबन्धुत्वले नै अझसम्म ममा भएका सबै प्रकारका वृत्तिहरूलाई आच्छादित पारिराखेका थिए; तर ती सबै खोस्सिएर म एकदम यस्ती शून्य हुन गएँ कि त्यस शून्यतामा जस्तै राम्रा-नराम्रा कुरा पनि सजिलैसित मेरो अबलम्ब हुन सक्थे र भए पनि" (पृ. २१)

उल्लिखित उद्धरणमा गोमतीले आफ्नो आत्मा त्यस्तो कुनै शक्तिद्वारा प्रेमी मानसिंहतिर प्रेरित भएको र अब ऊ नभई आफ्नो जीवन नै चल्न नसक्ने कुरा व्यक्त गरेकी छ । यस कुराबाट उसले आफ्नो प्रेमीलाई अत्यन्त माया र आदर गर्छे भन्ने देखिन्छ । अर्कोतर्फ उसले आफ्ना बाबुआमालाई पनि माया, श्रद्धा र ममता दर्साएकी छ । गोमतीले आफ्ना बाआमा र प्रेमी मानसिंहप्रति देखाएको रुचि, प्रेम, माया, ममता र आदर उसको अरूप्रतिको सद्भाव र चाहनाको रूपमा प्रस्तुत भएको छ । यसबाट उसको व्यक्तित्व बहिर्मुखी प्रकृतिको देखिएको छ । यहींनेर फेरि उसले आफूमा शून्यभाव छाएको पनि सङ्केत गरेकी छ । यस्तो शून्यभाव अन्तर्मुखी व्यक्तित्वको सूचक मानिन्छ । यी कुराले गोमतीको व्यक्तित्वमा बहिर्मुखी र अन्तर्मुखी परस्पर विपरीत स्वभाव सँगसँगै देखिएकाले ऊ मनोद्वन्द्वात्मक अवस्थामा रहेकी स्पष्ट हुन्छ ।

कथामा परिस्थितिवश मानसिंहसित टाढिएपछि गोमती मामाको छोरो गोपाललाई नजिक ल्याएर रमाउन र सन्तुष्ट हुन खोजेकी छ । यसपछि पुनः विवाह गरेर पतिगृहतर्फ लागेकी छ । यी दुवै कथात्मक घटनाले उसमा बहिर्मुखी व्यक्तित्वको प्रभाव परेको देखाउँछन् । सुख, आनन्द र सन्तुष्टि प्राप्त गर्ने गोमतीको आफ्नै भावना र विचार देखिन्छ । ऊ त्यसमा कसैले हस्तक्षेप गरेको कतै निको मान्दिन । पतिगृह गएर उसले गोपालको गर्भ हुर्काएकी छ । सन्तान जन्मेपछि त्यसलाई आफ्ना पतिका हातमा पर्न नदिने उसको अठोट देखिएको छ । यस विषयमा गोमतीले "के गरेर यस आउने सन्तानलाई यस पतिदेवताको हातबाट बचाउन सकिन्छ ? ... मेरो लोग्ने उस्तै छन् ... उनमा कुनै विकार छैन ... एउटी स्त्रीप्रति लोग्नेले गर्नुपर्ने कर्तव्यमा उनलाई आदर्श पनि म भन्न सक्छु ... यति भएर पनि मैले आत्मसमर्पण गर्न सकिनँ" (भिक्षु, २०५२, पृ. २४) भनेकी छ । यस उद्धरणमा गोमती आफूले जन्माउने सन्तान आफ्नै पतिलाई पनि नदिने र पालनपोषण गर्ने व्यवस्था आफ्नै किसिमले मिलाउने योजनामा देखिएकी छ । उसको यस्तो विचार र अठोट स्वकेन्द्रित भएको देखिन आउँछ । यस्तो स्वकेन्द्रित अठोट र विचार आफैमा अन्तर्मुखी व्यक्तित्वको सूचक मानिन्छ ।

कथामा गोमती पतिगृहमा बसिरहेकी छ र पतिलाई माया र आदर पनि गरिरहेकी छ । पतिका बारेमा गोमतीले "उनमा कुनै विकार छैन, दोष छैन; र उनी एक हदसम्म रूपावान् पनि छन् । उनको उदारता र एउटी स्त्रीप्रति लोग्नेले गर्नुपर्ने कर्तव्यमा उनीलाई आदर्श पनि म भन्न सक्छु" (भिक्षु, २०५२, पृ. २४) भनेकी छ । यस उद्धरणमा गोमतीले आफ्ना पतिलाई कुनै विकार नभएको र एउटी स्त्रीका लागि पतिले गर्नुपर्ने सबै कर्तव्य पूरा गर्न चाहने आदर्श पति मानेकी छ । अरूप्रतिको यस्तो अभिरुचिले ऊ बहिर्मुखी व्यक्तित्व र स्वभावकी देखिएकी छ । फेरि पतिलाई माया गरे पनि उसलाई विश्वास नगर्ने र उससँग आत्मसमर्पण नगर्ने बताएबाट उसको व्यक्तित्व अन्तर्मुखी देखिएको छ । छोरो जन्माएको डेढ महिनापछि ऊ पतिगृह छोडेर निस्किएकी छ । आफूले जन्माएको छोरालाई वकिलको जिम्मा लगाउने उसको प्रयत्न सफल भएको कथामा देखाइएको छ । आफ्नो सन्तानलाई उसले छातीको टुक्रा मानेकी छ । कथामा उसले आफ्नो सबै कथा केही बाँकी नराखी वकिललाई सुनाएकी छ । यी सबै सन्दर्भमा उसको व्यक्तित्व बहिर्मुखी देखिएको छ । गोमतीले एकान्तमा हराउन गरेको प्रयासलाई दर्साउँदै कथामा "भो, यस बालकलाई सँभाल्नुहोला । अब तपाईंको दया, धर्मकै आश्रय यसलाई शेष रह्यो । यति भनेर गहीरो अन्धकारमा उनी विलीन भइन्" (भिक्षु, २०५२, पृ. २५) भनिएको छ । यस उद्धरणबाट गोमती आफ्नो छोरालाई वकिलको जिम्मा लगाएर जिम्मेवारीबाट मुक्त हुन चाहेकी देखिएको छ । हुन पनि उसले छोराको रेखदेख र पालनपोषणको लागि खर्चसमेत वकिलका हातमा थमाएर यस बालकलाई सँभाल्नुहोला भन्दै एकान्तमा अलप भएकी छ । सबैबाट अलग्गिएर एकान्तमा हराउन चाहने उसको यस्तो कार्यव्यापारबाट ऊ अन्तर्मुखी व्यक्तित्वबाट निर्देशित पात्र देखिएकी छ । कथामा प्रस्तुत उल्लिखित तथ्यबाट गोमतीको अन्तर्मानसिक स्थिति बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका दृष्टिले द्वन्द्वात्मक भएको स्पष्ट हुन्छ ।

'प्रेमको एउटा कथा' कथाकी गोमतीले सानै उमेरमा मानसिंहसँग प्रेम गरेकी र बाबुआमालाई पनि यस कुराका बारेमा जानकारी गराएकी छ । गोपालसँगको निकटता र विवाहपछि पतिसँगको सामीप्यता हुँदै वकिलसँग उसले आफ्ना सबै कुरा स्पष्ट खुलाएकी देखिन्छ । उसको यस्तो चरित्र बहिर्मुखी स्वभावको देखापर्छ । अर्कोतिर ऊ आफ्नो लक्ष्य प्राप्त नहुँदा भित्रभित्रै काम्ने र रुने अनि भित्रभित्रै द्वन्द्वमा छट्पटाउने गरेकी छ । अन्तमा ऊ वकिललाई छोरो सुम्पेर एकान्तमा अलप भएकी छ । यसबाट ऊ अन्तर्मुखी व्यक्तित्वको प्रभावमा परेकी स्पष्ट हुन्छ । यसरी गोमतीलाई बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(३) अनि ... ?

'अनि ... ?' कथाकी रत्नमाया अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा ऊ कुरकुरे बैंसमा प्रवेश गर्दा नगर्दै प्रेम गर्न हतारिएकी देखाइएको छ । यस सम्बन्धमा कथामा "त्यही युवक; रामध्वजको घरको पल्लोपट्टिको घरमा बसेको । उसैसित रत्नमायाको प्रेम रहेछ" (भिक्षु, २०५२, पृ. २९) भनिएको छ । यस उद्धरणबाट रत्नमायाले आफ्नै टोलछिमेकमा बस्ने युवक गोविन्दलाई आफ्नो प्रेमको आलम्बन बनाइसकेकी भन्ने देखिन्छ । त्यो युवक पनि अक्सर गरेर उसको घरमा आउनेजाने

गरेको छ । यसरी रत्नमाया र युवक गोविन्दका बिचमा प्रेमसम्बन्ध गाढा हुँदै गएको कथाको सन्दर्भले देखाएको छ । बहिर्मुखी व्यक्ति मिलनसार र अरूमा रुचि राख्ने प्रवृत्तिका हुने भएअनुसार रत्नमायाले पनि युवक गोविन्दसँग प्रेम गर्ने रुचि राखेकी छ । यसबाट ऊ बहिर्मुखी व्यक्तित्व हो भन्ने देखिन आउँछ । उसले घरको अनुशासनको परिधिलाई अनुशरण गरेकी छ । यस सन्दर्भमा कथामा "रत्नमायाँको बिहा पनि त्यही नरदेवी टोलतिरका कुनै ठाउँको मानिससित हुने भएको छ । यो कुरा पनि ठीकै जस्तो लाग्छ कि बाबुकी छोरी रत्नमायाँ, बाबुले सँगालेको परिधिलाई नाघ्नको के कुरा, नाघ्ने कल्पनापर्यन्त पनि गर्न सक्तिन" (भिक्षु, २०५२, पृ. २९-३०) भनिएको छ । यस उद्धरणमा बाबुले नरदेवी टोलतिरका मानिससँग विवाहको चाँजोपाँजो मिलाइरहँदा त्यसलाई रत्नमायाले स्वीकार गरेकी छ । ऊ बाबुले निर्माण गरेको अनुशासनको परिधिलाई पालन गर्न पनि सहमत देखिएकी छ । एकातिर युवक गोविन्दसँग प्रेमसम्बन्धमा रहने र अर्कोतिर अर्कै मानिससँग विवाह गर्ने कुरा पनि उसका लागि स्वीकार्य नै भएको छ । रत्नमायाले यस प्रकारसँग अरूप्रति देखाएको रुचि निश्चय नै बहिर्मुखी व्यक्तित्वको सूचक हो भन्ने देखिन्छ ।

कथामा रत्नमाया सामाजिक कार्यमा सक्रिय देखिएकी छैन । उसले उपन्यास र कथा पढ्ने गरेकी देखिन्छ । उसले आफ्नै मनको निर्णयलाई महत्त्व दिन चाहन्छे । यस सम्बन्धमा कथामा "चाहे सुख होस्, चाहे दुःख । 'शरीर' संसारको हो, उसैको नियममा रहला; 'मन' रत्नमायाको हो, उसले त्यसको प्रयोग आफै गरी" (भिक्षु, २०१७, पृ. ३०) भनिएको छ । यस उद्धरणबाट बाहिर जेजस्तो देखिए पनि रत्नमाया भित्री रूपमा आफ्नै मनको सोचाइअनुसार अघि बढ्न चाहने नारी हो भन्ने देखिन आउँछ । ऊ आफैमा रुचि राख्ने र आफ्नै विचारमा केन्द्रित हुन चाहने स्वभावकी छ । यसबाट सुख वा दुःख होस् यसमा उसलाई खास चासो देखिँदैन । यसले उसको व्यक्तित्व अन्तर्मुखी स्वभाव र प्रवृत्तिको भएको देखाउँछ । एकातिर बहिर्मुखी र अर्कोतिर अन्तर्मुखी दुवै प्रवृत्तिका व्यक्तित्वलाई आत्मसात् गरेकी देखिएकाले रत्नमाया अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वको चापमा परेकी पात्र हो भन्ने देखिन्छ । कथामा रत्नमायाँको विवाह हुने दिन नजिकिँदै गर्दा प्रेमी युवक गोविन्द उसको घरमा आउन छोडेको छ । यस सन्दर्भमा कथामा "गत पाँचसात दिनदेखि त्यो छिमेकी युवक त्यसकहाँ आउँदै आएन । आउनु नपर्ने पनि हो ! तर रत्नमायाका मनमा त्यो नआएकै कारणले उसमाथि क्रोध, रिस किन उठिरहेछ ?" (भिक्षु, २०५२, पृ. ३२) भनिएको छ । यस उद्धरणबाट रत्नमाया प्रेमी गोविन्द आफ्नो घरमा पाँचसात दिनदेखि नआउँदा रिसाएकी छ । यो उसको अरूप्रतिको चासो र रुचिको रूपमा देखिएको छ । आफ्नो घरमा गोविन्द आइदिएमा खुसी हुने देखिनु रत्नमायाको बहिर्मुखी व्यक्तित्वको प्रभावका कारणले देखिएको स्वभाव हो भन्ने देखिन्छ ।

कथामा रत्नमायाको विवाह सम्पन्न भएको छ । विवाहपछि ऊ पतिगृहतर्फ लागेकी छ । त्यहाँ उसले देखाएको व्यवहारका बारेमा कथामा "त्यो युवकको जस्तो प्रेमदृष्टिको एउटा झल्को चिन्नलाई रत्नमायाका स्निग्ध आँखा अलि खुले" (भिक्षु, २०५२, पृ. ३४) भनिएको छ । यस उद्धरणले रत्नमायाले पतिसँग देखाएको प्रतिक्रियालाई दर्साएको देखिन्छ । विवाह भएर पतिगृहमा प्रवेश गर्दाको दिन पतिसँगको सहवासका क्रममा ऊ आफ्ना पतिको काखमा ढल्किएकी देखाइएको छ । त्यस बखतमा उसले आफ्नो प्रेमी गोविन्दको जस्तो प्रेमदृष्टिको

एउटा झल्को चिन्नलाई आफ्ना स्निग्ध आँखा खोलेकी छ । यस सन्दर्भले रत्नमायाले विवाहित पतिसँगै रहेर प्रेमी युवक गोविन्दलाई पनि सम्झिरहेकी देखाएको छ । उसले देखाएको यस्तो क्रियाले उसको व्यक्तित्व बहिर्मुखी देखिएको पाइन्छ । यहीनेर फेरि पतिसँगको समागमलाई उसले धोका, छल, दम्भ र एकदम छल्ने कुरा देखेकी छ । यस सम्बन्धमा कथामा "यहाँ त त्यो स्निग्धता त्यो- त्यो उत्सर्ग र मोहको पुण्यप्रद नम्रदृष्टिको सट्टा; यहाँ त .....। रत्नमायाको प्राणले भन्यो, चिच्चायो - 'धोखा, छल, दम्भ । एकदम ठग्ने कुरा ..." (भिक्षु, २०५२, पृ. ३४) भनिएको छ । यस उद्धरणबाट रत्नमायाले पतिको सामीप्यता नरुचाएको देख्न सकिन्छ । यसले गर्दा रत्नमायाको व्यक्तित्व अन्तर्मुखी प्रवृत्तिको देखिन आएको छ । समग्रमा भन्दा उसको बहिर्मुखी व्यक्तित्वले स्वीकार गरेका कतिपय कुराहरू अन्तर्मुखी व्यक्तित्वले अस्वीकार गर्दै गरेको कथामा देखिएको पाइन्छ । परिणामस्वरूप रत्नमायाको अन्तर्मानसिकतामा दुई व्यक्तित्वगत वृत्तिबिच मनोद्वन्द्वात्मक स्थिति सिर्जना भएको देखापर्छ ।

'अनि ...?' कथाकी रत्नमायाले युवक गोविन्दसँग प्रेम गरेकी छ । घरको अनुशासन र बाबुको कुरालाई मानेर अर्को व्यक्तिसँग विवाह गर्न पनि राजी भएकी छ । विवाहपछि पनि उसले आफ्नो प्रेमीलाई सम्झन छोडेकी छैन । उसको यस्तो व्यक्तित्व बहिर्मुखी प्रकृतिको रहेको छ । फेरि ऊ आफैमा रुचि राख्ने आफ्नै विचारमा केन्द्रित हुन चाहने स्वभावकी पनि छ । यसले उसलाई अन्तर्मुखी व्यक्तित्वबाट प्रेरित पात्रका रूपमा देखाएको छ । यी कुराबाट ऊ बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिच मनोद्वन्द्वमा परेकी पात्र हो भन्ने देखिन्छ । यसरी रत्नमायाको अन्तर्मानसिकतामा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिच द्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(४) त्यही सात दिन

'त्यही सात दिन' कथाकी आनन्दकुमारी अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा उसको घरको आर्थिक अवस्था नाजुक देखाइएको छ । त्यसैले उसका बाबुआमाले केही आर्थिक भरथेग होला भनेर उसलाई दरबारमा सुम्पने निर्णय गरेका छन् । बैँसमा प्रवेश गरिसकेकी ऊ आफ्नो घर छोडेर दरबारमा जान तयार भएकी देखिएबाट उसको चरित्रमा बहिर्मुखी व्यक्तित्व सङ्केतित भएको देखिन्छ । कथामा आनन्दकुमारी दरबारमा प्रवेश गरिसकेकी छ । त्यहाँ एउटा सुन्दर कोठामा राखिएकी उसलाई दासीहरू आएर मद्दत गर्न हतारिएका देखिन्छन् । यस सम्बन्धमा कथामा "दासीहरू आनन्दकुमारीको सानोभन्दा सानो इच्छापूर्तिका निम्ति तयार भए पनि, अनभ्यस्त आनन्दकुमारीलाई उनीहरूको परिचर्याको चेष्टा नै एउटा अत्याचार जस्तो कष्टकर लाग्यो" (भिक्षु, २०५२, पृ. ३७) भनिएको छ । यस उद्धरणमा आनन्दकुमारीले आफ्ना लागि कसैको सहयोग चाहेकी छैन भन्ने देखिएको छ । बरु दासीहरू आफ्नो कोठामा नबसून् र त्यहाँबाट निस्केर जाऊन् भन्ने उसले चाहेकी छ । दासीहरू त्यहाँ उसको नजिकमा रहँदा आनन्दकुमारीलाई अत्याचारजस्तो लागेको छ । यसबाट उसले एकान्तमा बस्न रुचाएकी भन्ने देखिन्छ । यहाँनेर ऊ आफूमा सीमित भएर रमाउन चाहेकी छ । यसले उसको अन्तर्मुखी व्यक्तित्वको सङ्केत गरेको छ ।

कथामा आनन्दकुमारी दरबारको सुन्दर कोठामा एक्लै बसिरहेकी छ । यस सन्दर्भमा कथामा "कुन्नि कताबाट के भएछ र एक घण्टापछि कौचबाट जुरुक्क उठेर एउटा स्प्रिङ्गदार मेचमा बसिन् । कस्तो लचकदार, कस्तो नरम, स्निग्ध र सुखद् ! बिस्तार-बिस्तारै वैभवको मादकताले तान्न थाल्यो" (भिक्षु, २०५२, पृ. ३७) भनिएको छ । यस उद्धरणमा आनन्दकुमारीलाई ऊ आफू बसेको कोठामा एक्लै रमाउन चाहेकी भन्ने देखाइएको छ । त्यहाँ राखिएको लचकदार, नरम, स्निग्ध र सुखद् स्प्रिङ्गदार मेचमा बसेर उसले आनन्द लिइरहेकी देखिन्छ । यसले गर्दा उसको मनमा बिस्तारै वैभवको मादकता चढ्न थालेको कथामा देखाइएको छ । यसरी एक्लै एकान्त कोठामा बसेर त्यहाँ राखिएका चिजबस्तुसँगै रमाउन चाहने स्वभाव आनन्दकुमारीले आत्मसात् गरेकी देखिएकाले यस सन्दर्भमा ऊ अन्तर्मुखी व्यक्तित्वको प्रभावमा परेकी भन्ने स्पष्ट हुन्छ । अर्कोतिर लचकदार, नरम, स्निग्ध र सुखद् स्प्रिङ्गदार मेचमा बस्दा ऊ बिस्तारै वैभवको मादकताबाट तानिएकी पनि देखाइएको छ । यस्तो देखिनु भौतिक उपयोगिताले जन्माएको चरित्र हो । यसले गर्दा यहाँनेर ऊ बहिर्मुखी व्यक्तित्वबाट निर्मित चरित्रकी देखिएकी छ । यसबाट आनन्दकुमारीको अन्तर्मानसिकता अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका दृष्टिले द्वन्द्वात्मक देखिएको पाइन्छ ।

कथामा दरबारमा बसिरहेकी आनन्दकुमारीको आँखा नजिकै रहेको आफूजत्तिकै अग्लो ऐनामा परेको छ । उसले त्यस ऐनामा आफ्नो रूप देखेकी छ । यस सन्दर्भमा कथामा "अकस्मात् उनको आँखा, सामुन्नेको आफूजत्तिकै अग्लो बिल्लौरी, निर्मल ऐनामा परेर उनले आफ्नो रूप देख्छिन्– प्रदीप्त, सरल, लोभ्याउने सौन्दर्य ! उनलाई आफूमाथि आफ्नै गर्व र ममता पैदा भयो" (भिक्षु, २०५२, पृ. ३८) भनिएको छ । यस उद्धरणमा आनन्दकुमारीले ऐनामा आफ्नो रूप देखेपछि ऊ आफैसँग मोहित भएकी देखाइएको छ । ऊ आफ्नो रूपसौन्र्य देखेर गर्व गर्न थालेकी छ र उसलाई आफूप्रति माया र ममता पैदा भएको देखिन्छ । यस तथ्यले उसले आत्मकेन्द्रित भएर आफूमै सीमित भई रमाउन र आफ्नो भित्री जीवनबाटै पूर्ण कारकको खोजी गर्न चाहेकी छ भन्ने देखाएको छ । यसबाट ऊ अन्तर्मुखी व्यक्तित्वबाट निर्मित चरित्र हो भन्ने देखिन्छ । अर्कोतिर दरबारको आफू बसेको कोठामा सजाइएका अनेक रङका साडी र लुगाफाटा अनि श्रृङ्गारका वस्तुबाट ऊ आकर्षित भएकी छ । यस सन्दर्भमा कथामा "वैभवको रङ्गले बिस्तार-बिस्तारै मस्तिष्कलाई रङ्गिन गर्न थाल्यो । कुन रङ्गको सारी मेरो यो स्निग्ध, सेतो, सुकुमार आङमा सुहाउला ? रातो ? होइन; आकर्षक भए पनि त्यसले आफ्नो गाढा रङ्गले शरीरको स्वाभाविक सुन्दरता नै छोपिदेला" (भिक्षु, २०५२, पृ. ३८) भनिएको छ । यस उद्धरणमा आानन्दकुमारी भौतिक मोहको आकर्षणमा परेकी देखिन्छ । उसको मस्तिष्क बिस्तार-बिस्तारै वैभवको रङ्गले रङ्गिन थालेको छ । आफ्नो आङमा कुन सारी राम्ररी सुहाउला भनेर ऊ राम्रो सारी छनोट गर्नतिर लागेकी छ । अन्तमा उसले आफ्ना लागि आस्मानी रङ्गको मिहीन सारी रोजेकी छ । यहाँ उसले भौतिक वस्तुको उपयोगका माध्यमबाट सुन्दरता हासिल गर्ने लक्ष्य राखेकी भन्ने स्पष्ट हुन्छ । भौतिक उपयोगप्रतिको मोह आफैमा बहिर्मुखी व्यक्तित्वको प्रकटीकरण हो । यी उल्लिखित तथ्यहरूले आनन्दकुमारी अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका दृष्टिले मनोद्वन्द्वात्मक स्थितिबाट गुज्रिरहेकी स्पष्ट देखाउँछन् ।

दरबारमा सात दिन बिताएकी आनन्दकुमारी त्यहाँको भौतिक विलासबाट प्रदीप्त भएकी छ । यस सन्दर्भमा कथामा "केबल विलास, ज्वाला र एकएक अणुपर्यन्त तप्त पारिदिने

सुख होइन कि प्रमत्तता ! अत्यन्त प्रत्यक्ष र प्रदीप्त सात दिन सात प्रकारका आँधी हुरीझैं चरितार्थ हुन थाले प्रचण्ड र मदमय" (भिक्षु, २०५२, पृ. ३८) भनिएको छ । कथामा आएको यस तथ्यमा सात दिनको दरबारको बसाइबाटै आनन्दकुमारी निकै प्रदीप्त, प्रमत्त र आकर्षित भएकी भन्ने देखाइएको छ । उसमा देखिएको भौतिक विलासप्रतिको मोह आफैमा व्यक्तित्वका प्रकारअन्तर्गतको बहिर्मुखी वृत्ति हो । आनन्दकुमारीले दरबारबाट फर्किएर घरमा पुगेपछिको अन्धकार, उदास, विपन्न कोठा, छिमेकीको सहानुभूति र विरोध इत्यादिको खुलेर उद्घाटन गरेकी छ । घरमा पुगेपछि उसले आफ्नी साथी सरलालाई चिठी लेखेर त्यसमा दरबारमा बस्दाका समयको सबै कुरा खुलस्त पारेकी छ । दरबारमा पठाउने आफ्ना बाबुआमाको उद्देश्य, छिमेकीका व्यवहार, आफ्ना पीडा आदि सबै कुरा सरलालाई चिठीका माध्यमबाट खुलाएर प्रेषित गरेकीबाट आनन्दकुमारीको व्यक्तित्व कथामा बहिर्मुखी रूपमा प्रकट भएको देखिन्छ ।

कथामा सरलालाई लेखेको चिठीमा आनन्दकुमारीको अभिव्यक्ति स्वकेन्द्रित पनि देखिएको छ । उसले चिठीमा "हास्तछन्, हाँसून्, हेर्न चाहन्छन्, हेरून्, व्यङ्ग्य गर्छन्, गरून्, त्यो मेरा निम्ति त होइन ! तिनीहरूकै विकार, तिनीहरूमाथि नै चरितार्थ भइरहेछ" (भिक्षु, २०५२, पृ. ३९) भनी लेखेकी छ । कथाको यस उद्धरणमा आएको आनन्दकुमारीको अभिव्यक्तिबाट अरूले उसका बारेमा हाँसेको, हेरेको र व्यङ्ग्य गरेको कुराले उसलाई केही फरक पर्दैन भन्ने स्पष्ट हुन्छ । अरूको कुराले खासै फरक नपार्ने उसको यस्तो स्वभाव र चरित्रबाट ऊ अन्तर्मुखी व्यक्तित्वबाट निर्देशित पात्र हो भन्ने देखिएको छ । फेरि सरलालाई लेखेको त्यही चिठीमा उसले दरबारमा बस्दा आफूले भोगेका, देखेका सबै कुरालाई किञ्चित नमानी खुलाएकीबाट ऊ बहिर्मुखी चरित्रकी व्यक्ति हो भन्ने देखिन्छ । चिठीको अन्तिमतिर उसले "बिहानदेखि नै भ्यालमा आई बस्दछु । मूक र निस्पन्द दृष्टिले यी आँखाहरूको सामुन्ने छरिएको सृष्टिको अपार वैभव र त्यसको नृत्य हेर्ने क्रम चल्न थाल्दछ" (भिक्षु, २०५२, पृ. ४१) भनेकी छ । कथामा आएको यस उद्धरणमा आनन्दकुमारी एकान्तप्रिय बनेकी भन्ने देखिएको छ । बिहानदेखि नै ऊ भ्यालमा आएर बस्ने गरेकी छ र बाहिरका दृश्य हेरेर मन बहलाउने प्रयत्न उसले गर्दै गरेकी देखिन्छ । एकान्तमा बसेर एक्लै रमाउन चाहने उसको यस्तो स्वभावले ऊ अन्तर्मुखी व्यक्तित्वबाट प्रभावित र प्रेरित चरित्र हो भन्ने स्पष्ट हुन्छ । यसरी अन्तर्मुखी र बहिर्मुखी परस्पर विपरीत व्यक्तित्वलाई आत्मसात् गरेकी आनन्दकुमारीको अन्तर्मानसिकता अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका दृष्टिले मनोद्वन्द्वात्मक देखिएको छ ।

'त्यही सात दिन' कथाकी आनन्दकुमारी बाबुआमाको सल्लाहअनुसार दरबारमा जान सहमत भएकी छ । ऊ दरबारिया वैभवबाट उत्साहित हुनुका साथै त्यहाँ बस्दाका सात दिनका सबै अनुभव सरलालाई लेखेको पत्रमा स्पष्ट खुलाएकी छ । उसको यस्तो खुला व्यक्तित्व बहिर्मुखी प्रकृतिको रहेको छ । दरबारमा पुगेपछि दासीहरूबाट टाढिएर एकान्तमा रही एक्लै रमाउन चाहनुका साथै ऐनामा आफ्नो रूप हेरेर आफै मोहित पनि भएकी छ । उसको यस किसिमको व्यक्तित्व अन्तर्मुखी प्रकृतिको देखापर्छ । यी कुराबाट ऊ बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिच मनोद्वन्द्वमा परेकी पात्रका रूपमा देखिएकी छ । यसरी आनन्दकुमारीलाई बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिच मनोद्वन्द्वको चापमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(५) रमा

'रमा' कथाकी रमा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्रका रूपमा देखिएकी छ । ऊ सम्पन्न र सम्मानित कुलपरिवारकी छोरी भएकी र राम्रो लेखपढ गरेकी अनि गृहकार्यमा पनि निपुण छे भन्ने कुरा कथामा देखाइएको छ । बाह्य रूपमा घुलमिल र परिचित हुन चाहने उसको स्वभावका बारेमा कथामा "पोस्ट अफिसमा थरी-थरीका टिकट बटुल्ने । दृश्यहरूको र मनुष्यहरूको फोटोसमेत बटुल्ने; फेरि कता-कता पठाउने र कुन्नि कता-कताबाट त्यस्तै आउने । सबैभन्दा ठूलो कुरा के त कहाँ-कहाँका देश-विदेशका लोग्नेमान्छेहरूसित टिकट-सिकट लिएर चिनजानी पनि राख्ने" (भिक्षु, २०५२, पृ. ४२) भनिएको छ । यस उद्धरणबाट रमा लेखपढ र गृहकार्यमा मात्र नभई बाह्य क्रियाकलापमा पनि निपुण छे भन्ने देखिन्छ । हुलाक टिकट, दृश्यहरू र मानिसका फोटोसमेत बटुल्ने अनि आफूले बटुलेका त्यस्ता सामग्री अरूलाई पठाउने र अरूबाट पनि उससँग आउने गर्नुका साथै कहाँकहाँका लोग्नेमान्छेहरूसित टिकट आदिको आदानप्रदानका माध्यमबाट चिनजानी र सम्पर्क बढाउने रुचि रमाले देखाएकी छ । बहिर्मुखी व्यक्ति आफूलाई बाह्य रूपमा चिनाउन र प्रचार गर्न लाग्ने स्वभावका हुनुका साथै मिलनसार र अरूमा रुचि राख्ने प्रवृत्तिका पनि हुन्छन् । यस दृष्टिबाट हेर्दा रमा बहिर्मुखी व्यक्तित्व भएकी चरित्र हो भन्ने देखिन्छ ।

टिकटको आदानप्रदानका माध्यमबाट चिनजानी बढाई सामाजिक रूपमा टाढाटाढासम्म चिनिन चाहेर बहिर्मुखी देखिएकी रमामा अर्न्तमुखी व्यक्तित्वअनुरूपको स्वभाव पनि देखिन्छ । यस्तो अन्तर्मुखी व्यक्तित्वअनुरूपको स्वभाव भएका व्यक्तिहरू आफूमै सीमित भएर रमाउन चाहने हुनुका साथै मननशील, कल्पनाशील, आफ्नै विचार, भावना र आदर्शमा धेरै रुचि लिने स्वभावका हुन्छन् । यस दृष्टिबाट हेर्दा रमा अन्तर्मुखी स्वभावकी पात्र पनि हो भन्ने देखिन्छ । उसको विचार र स्वभावको बारेमा कथामा "बिहा गर्नु बन्धन हो; आफ्नो जीवन, यौवन, सौन्दर्य र सुखको दुरूपयोग । ... "आफ्नो विचारमा अलिअलि दम्भ पनि सञ्चित गरिराखेकी थिई गर्व थियो- 'म जान्ने हुँ, म पवित्र हुँ, म आदर्शशील हुँ !" (भिक्षु, २०५२, पृ. ४२) भनिएको छ । यस उद्धरणले रमाको विचार र स्वभावलाई प्रस्तुत गरेको छ । उसले विवाहलाई बन्धन ठानेकी छ । विवाह गर्नाले जीवन, यौवन, सौन्दर्य र सुखको दुरूपयोग हुन्छ भन्ने उसको विचार रहेको देखिन्छ । उसले आफ्नो मानसिकतामा म जान्ने हुँ; म पवित्र हुँ र म आदर्शशील हुँ भन्ने दम्भ र गर्व आत्मसात् गरेकी देखिन्छ । उसको यस्तो विचार र स्वभावले उसलाई स्वयम्केन्द्रित हुन प्रेरित गरेको छ । परिणामस्वरूप ऊ आफूमै सीमित भएर रमाउने बाटोमा लाग्न सक्छे भन्न पनि सकिन्छ । रमाले आफ्नो बारेमा बनाएको उल्लिखित विचार र धारणा उसको निजी कल्पना, आत्मगौरव र गर्वको रूपमा कथामा प्रस्तुत भएको छ । उल्लिखित उद्धरणबाट रमा आफैलाई सर्वस्व मानेर अघि बढ्न चाहने व्यक्तिवादी चरित्र भएकी पात्र हो भन्ने देखिएको छ । यस्तो स्वभाव अन्तर्मुखी व्यक्तित्वको परिचायक मानिन्छ । एकातिर बहिर्मुखी देखिनु र अर्कोतिर अन्तर्मुखी चरित्र पनि आत्मसात् गरेकी देखिएबाट रमाको व्यक्तित्व यस आधारमा मनोद्वन्द्वात्मक देखापर्छ ।

कथामा रमाको बाबुको कारिन्दाको छोरो कलकत्ताबाट आई.ए. पास गरेर छुट्टीमा घरमा आएको युवक भेटघाटको सन्दर्भमा रमाको घरमा आएको देखिन्छ । आफ्नो घरमा

आएको उक्त युवकसँग ऊ खुलस्त किसिमले प्रस्तुत भएकी भन्ने कुराको चर्चा गर्दै कथामा "मैयाँसाहेबले सोधिन्- पढाइलेखाइको कुरा, कलकत्ताको रमाइलो, सिनेमाहरूको आलोचना, नयाँ-नयाँ रेकर्डहरूको सङ्गीत-उत्तमता इत्यादि" (भिक्षु, २०५२, पृ. ४३) भनिएको छ । यस उद्धरणबाट रमा युवकसँग खुलेर घुलमिल हुन चाहेकी भन्ने देखिएको छ । पहिले कहिल्यै भेट भएको भनेर नखुलाइएकाले सायद युवकसँग उसको पहिलो भेट हुन सक्छ । यसो भए पनि ऊ युवकसँग खुलेर प्रस्तुत भएकी छ । पढाइ, लेखाइ, रमाइलो, सिनेमा, सङ्गीत आदिका बारेमा ऊ युवकसँग गफिएकी छ । उनीहरूका बिचमा फोटोग्राफी, टिकट सङ्कलन, आधुनिक फेसन र आआफ्नो रुचिका बारेमा पनि कुराकानी भएको छ । यसपछि समयसमयमा भेटघाट गर्ने र रमाले कहिलेकाहीँ पढ्नेलेख्ने विषयमा आफै युवकलाई आफ्नो घरमा डाक्न थालेकी कथामा देखिन्छ । यसरी सम्पर्क बढ्दै गर्दा रमा र युवकले एकअर्कालाई प्रेम गर्न थालेका छन् । दुई युवायुवतीका बिचमा बढ्दै गरेको प्रेमसम्बन्धका बारेमा कथामा "प्रेमको सोख थियो, प्रेमको उमेर, प्रेमको आकाङ्क्षा । गर्न थाले दुवै परस्परमा प्रेम । पत्रहरू र दर्शन भेटहरूमा अब एउटा अर्कै चेतना बग्न थाल्यो" (भिक्षु, २०५२, पृ. ४४) भनिएको छ । यस उद्धरणले रमा र युवकका बिचमा प्रेमसम्बन्ध गाढा हुँदै जान थालेको देखाएको छ । रमाले युवकसँग गरेका कुराकानी, रुचिहरूको आदानप्रदानका साथै उसको युवकसँग बढ्दै गएको प्रेमसम्बन्धसम्मका कथासन्दर्भहरूले ऊ बहिर्मुखी व्यक्तित्व भएकी चरित्र हो भन्ने कुरा स्पष्ट हुन्छ ।

कथामा युवकसँग प्रेमसम्बन्ध गाढा हुँदै गरेको बेला कुनै गम्भीर कारण र आधार नखुलाई उसले एकाएक एकपक्षीय रूपमा सम्बन्ध तोड्ने उद्घोष गरेकी सन्दर्भमा कथामा "कुरा गरी आमाको भक्ति, बाबुको मर्यादामा ओतप्रोत भई युवकलाई लेखिदिई- हाम्रो परिवारको मर्यादा-विरुद्ध छ, आमा-बाबुको आज्ञा छैन, अबउप्रान्त केही सम्बन्ध राखेर के लाभ ?" (भिक्षु, २०५२, पृ. ४५) भनिएको छ । यस उद्धरणमा रमाले आमाबाबुको भक्ति, आफ्नो मुक्त र पवित्र जीवनको कुरा अघि सार्दै युवकसँगको प्रेमसम्बन्ध तोड्ने घोषणा गरेकी छ । सारमा बुझ्दा आमाबाबुको भक्ति र मर्यादाको कारणबाट भन्दा पनि आफ्नै अन्तर्मुखी व्यक्तित्वबाट निर्देशित भएर रमाले युवकसँगको प्रेमसम्बन्ध विच्छेद गर्ने निर्णय गरेकी हो भन्ने देखिन आउँछ । युवकसँग सजिलै घुलमिल हुँदा बहिर्मुखी देखिएकी रमा ऊसँग प्रेमसम्बन्ध तोडेर एक्लिन रुचाएबाट अन्तर्मुखी व्यक्तित्वका प्रभावमा पर्न गएकी छ । यसले गर्दा कथामा उसको स्वभाव बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका दृष्टिले द्वन्द्वात्मक बनेको देखिन्छ । यसरी रमा बाह्य रूपमा चिनिन र सबैसँग मिलनसार भएर सजिलै घुलमिल हुन अग्रसर हुँदा बहिर्मुखी व्यक्तित्व र स्वभावकी देखिएकी छ । फेरि आफैलाई सर्वस्व ठान्ने, आफ्नो कल्पनात्मक विचारबाट निर्देशित हुने र एक्लिन चाहने स्वभावकी पनि देखिएकीले ऊ बहिर्मुखी व्यक्तित्वबाट प्रभावित भएकी देखिन्छ । यसैले गर्दा रमाको स्वभाव अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका दृष्टिले मनोद्वन्द्वात्मक देखिएको पाइन्छ ।

'रमा' कथाकी रमा टिकट र फोटो सङ्कलनका माध्यमबाट सामाजिक सम्पर्क विस्तार गर्न र टाढाटाढाका मानिसहरूसँग चिनजानी बढाउन क्रियाशील भएकी छ । आफ्नो घरमा आएको युवकसँग खुलेर कुरा गरी प्रेम सम्बन्ध स्थापित गर्न पनि अग्रसर भएकी छ । अरूसँग नजिक हुन चाहने उसको व्यक्तित्व बहिर्मुखी देखिन्छ । उसले आफूलाई सबै कुरा जान्ने र आदर्शशील ठानेर आत्मगौरवमा रमाउन चाहेकी छ । प्रेम गरेको युवकसँग एकाएक टाढिएर

एक्लै रहन पनि अग्रसर भएकी छ । उसको यस्तो व्यक्तित्वगत स्वभाव अन्तर्मुखी प्रकृतिको देखापर्छ । यी कुराहरूबाट नारी पात्र रमा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वमा परेकी देखिन्छ । यसरी रमाको अन्तर्मानसिकतलाई बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वमा परेको देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(६) व्यर्थता

'व्यर्थता' कथाकी करुणा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथामा उसलाई सम्पन्न परिवारकी छोरीको रूपमा चिनाइएको छ । ऊ सानी छँदै आमा मरेकीले उसका बाबु र सौतेनी आमाले उसलाई पालनपोषण गरेर उचित समयमा विवाह पनि गरिदिएको कथामा देखाइएको छ । विवाहपछि उसको पति नै ससुराली आएर बस्न थालेकाले उसलाई पतिगृह जानुपरेको छैन । घरमा नोकरचाकर, भान्से बाहुनीलगायत भएका कारणले गर्दा घरको काम गर्नुपर्ने पनि देखिँदैन । तैपनि उसले बाबुको सेवा गर्न उत्सुकता देखाएकी छ । यस सन्दर्भमा करुणाले कथामा "यही लुगा, सारी, रातो, पहेँलो मात्रैले न कर्तव्यै समाप्त हुन्छ, न दिनै बित्दछ । हजुरको यस अवस्थामा केही सेवासुसार गर्न पाए अलिकति मलाई पनि त सुख हुन्थ्यो" (भिक्षु, २०५२, पृ. ५०) भनेकी छ । यस उद्धरणमा करुणाले बाबुको सेवा गरेर आफ्नो कर्तव्य पूरा गर्ने रुचि देखाएकी छ । उसले बाबुको सेवा गर्ने, उसलाई मीठो कुरा खुवाउने अनि उसको इच्छाअनुसारका काम गर्न पाएमा आफूलाई सुखको अनुभूति हुने ठानेकी देखिन्छ । यो उसको अरूप्रतिको रुचि र सेवाको भावना हो । आफूबाहेक अरूमा रुचि र सेवाको भावना राख्नु यो उसको बहिर्मुखी चरित्र हो भन्ने देखिन्छ ।

कथामा करुणा आफ्नै पतिसँग पनि खास रूपमा खुल्न चाहेकी देखिँदैन । यस सन्दर्भमा कथामा 'आफ्नो कोठामा गएर करुणा ओछ्यानमा मुख छोपेर लडिन् । ज्वाइँ साहेब रेकर्ड बजाइरहेका थिए- "प्रीतम प्रेमको माला' । दोलाईंभित्र करुणाको आँसुको थोपा बगिरहेका थिए 'केही न केही'-का निम्ति !" (भिक्षु, २०५२, पृ. ५१) भनिएको छ । यस उद्धरणमा करुणाले आफ्नै पतिसँग पनि खुलेर कुरा गर्ने, प्रेमसम्बन्ध गाढा बनाउने र मनका कुरा साटासाट गर्ने गरेकी छैन भन्ने देखाइएको छ । उसले कोठामा पनि दोलाईंले मुख ढाकेर घुम्लुङ्ग परेर सुत्ने र एक्लै रोएर आँसु झार्ने गरेकी छ र आफ्नो खास कुरा कसैलाई सुनाउन चाहेकी देखिँदैन । उसको यस किसिमको स्वभाव अन्तर्मुखी प्रकृतिको देखिन्छ । एकातिर बहिर्मुखी र अर्कोतिर अन्तर्मुखी दुवै स्वभाव आत्मसात् गरेकीले कथामा करुणाको मनोदशा द्वन्द्वात्मक देखिएको छ ।

कथामा करुणाले बाहुनीको सहायता लिएर पतिका लागि आफै खाजा बनाई खुवाउन अग्रसर भएकी छ । खाजा लिएर ऊ आफै कोठामा पुगेकी देखिन्छ । पतिले खाजा खाइरहेका बेला करुणाले गरेको प्रश्न र उसका पतिले दिएको जवाफको चर्चा गर्दै कथामा "यो मैले पकाएको मीठो भयो कि भएन ? 'खुब मीठो छ ! तिमीले पकाएपछि पनि मीठो होओइन ?" (भिक्षु, २०५२, पृ. ५२) भनिएको छ । यस उद्धरणबाट करुणाले आफूबाहेक अरूमा रुचि राखेकी देखिन्छ । उसले आफ्नै हातले खाजा बनाएर पतिलाई खुवाउन र पतिबाट आफूले

बनाएको खाजाका बारेमा प्रतिक्रिया पनि पाउन चाहेकी छ। यसो गरेर उसले पतिलाई सन्तुष्ट गराएर त्यसबाटै आफ्नो सन्तुष्टि खोज्ने प्रयास गरेकी छ। यस्तो कार्य र व्यवहारबाट उसको बहिर्मुखी चरित्रको उद्घाटन भएको देखिन्छ। फेरि आफूले बनाएको हाँसको फुलमा नुन चर्को भएर पनि पतिले ठीक छ भनेको कुरालाई लिएर अत्यन्त भावुक बनी उसले कथामा "यहाँ आराम छैन; चैन छैन, शान्ति छैन र सत्य पनि छैन" (भिक्षु, २०५२, पृ. ५२) भनेकी छ। यस उद्धरणमा करुणा पतिको कुराबाट असन्तुष्ट भएकी देखाइएको छ। उसले पतिसँग समय बिताउँदा आराम नभएको महसुस गरेकी छ। यसरी रहँदा उसलाई अमनचैन र शान्तिको अनुभूति हुन सकेको देखिँदैन। पतिको कुराबाट क्रुद्ध भएर करुणाले यहाँ सत्य भन्ने केही पनि नभएको ठानेकी छ। यस्तो कुराबाट ऊ अरूप्रति अविश्वस्त देखिएकी छ। आफू र आफ्नो कुरामा मात्र विश्वास गर्ने र अरूको कुरामा विश्वस्त हुन नसक्ने चरित्र आफैमा अन्तर्मुखी वृत्ति हो। पतिलाई आफै खाजा बनाई खुवाएर विश्वास जित्न चाहने र उसको कुरामा विश्वस्त पनि हुन नसक्ने अन्तर्मुखी र बहिर्मुखी प्रवृत्तिका बिच करुणाको अन्तर्मानसिकतामा यहाँनेर द्वन्द्व देखिएको पाइन्छ।

करुणा श्रृङ्गारसज्जाबाट सुसज्जित भएर पशुपतिनाथ र सहरका अन्य देवदेवीको दर्शन गर्ने बहानामा आफूलाई प्रदर्शित गर्न निस्किएकी छ। सिँगारिएर यसरी बाहिर निस्कनुको उसको उद्देश्यका बारेमा कथामा "कसैले त हेरोस् । यो यौवन, यो रूप, यो सौन्दर्य, यो श्रृङ्गार प्रदर्शित भएरै अलि खिइऊन्" (भिक्षु, २०५२, पृ. ५३) भनिएको छ। यस उद्धरणमा करुणा आफ्नो रूप, यौवन र सौन्दर्य प्रदर्शन गर्न बाहिर निस्किएकी देखाइएको छ। यसो गरेर उसले बाहिरी वातारवरणबाट आनन्द लिन चाहेकी छ। उसले आफूलाई मानिसहरूले खुब हेरून् भन्ने चाहना राखेकी देखिन्छ। उसको यो अरूप्रति लक्षित स्वभाव बहिर्मुखी प्रकृतिको भएको स्पष्ट हुन्छ। यहीनेर फेरि उसले अरूसँग बोल्ने, कुराकानी गर्ने, सम्पर्क बढाउनेजस्ता कुनै प्रयत्न गरेकी भने देखिँदैन। मानिसहरूको भिडमा ऊ एक्लै हिँडिरहेकी कथामा देखाइएको छ। आफूलाई सम्मानपूर्वक हेरेका मानिससँग उसले खुलेर आत्मीयता बढाउने प्रयत्न नै गरेकी छैन। यसबाट करुणा अन्तर्मुखी देखिएकी छ। यस प्रकारसँग करुणाको मानसिकता अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका दृष्टिले द्वन्द्वात्मक भएको स्पष्ट हुन्छ।

कथामा सौतेनी आमाको भाइ नाताले करुणाको मामा कलकत्ताबाट भेटघाटका लागि आइपुगेको देखिन्छ। पाहुना बनेर आएको मामासँग ऊ निकै खुल्न थालेकी सन्दर्भका बारेमा कथामा "त्यसपछि मामासँग निकै घनिष्ठता बढ्दै गयो। क्रमशः सङ्गीत, वाद्य, फेसन, जम्मै प्रदर्शित पनि भए। करुणालाई बल्ल एउटा नयाँपनको अनुभव भयो। केही अलि सुखझैं तिनको मानसमा उदायो" (भिक्षु, २०५२, पृ. ५४) भनिएको छ। यस उद्धरणमा जीवनमै पहिलोपटक भेट भएको मामासँग करुणा छिट्टै घुलमिल भएकी देखाइएको छ। मामा र उसका बिचमा सङ्गीत, वाद्य, फेसन आदिका बारेमा कुराकानी भएको छ। उसले मामासँग घनिष्ठता पनि बढाएकी छ। यसले उसलाई नयाँपन र सुखको अनुभव भएको देखिन्छ। यसबाट करुणा चारित्रिक दृष्टिले बहिर्मुखी व्यक्तित्वयुक्त देखिएकी छ। दसबाह्र दिनको बसाइको क्रममा मामासँग खुब आकर्षित भएकी करुणाले एकाएक मामालाई आफ्नो घर छोडेर जान भनेकी छ। यस सन्दर्भमा उसले कथामा "अब तिमी पढ्न जान्नौ ?' ... प्रश्नको यथार्थ मतलब नबुझेकाले मामा चुप लागेरै बसिरहे। डढेझैं भएर करुणाले भनिन्– मामा, तिमी अब पढ्न

जाऊ" (भिक्षु, २०५२, पृ. ५४) भनेकी छ । यस उद्धरणमा करुणालाई मामादेखि टाढा हुन चाहेकी देखाइएको छ । यो चाहना उसको अन्तर्मुखी व्यक्तित्वको लक्षण हो । यसो भनेपछि पनि ऊ मामासँग कुराकानी र छलफलमा सक्रिय भएकी देखिन्छ । केही अघि मामालाई आफ्नो घरबाट छिटो खेदाउन चाहेकी ऊ मामा जानै लाग्दा चिन्तित भएकी छ । यस सन्दर्भमा करुणाले कथामा "जम्मै व्यर्थताभित्र अझसम्म एउटा शुष्क नारित्वमात्र बाँचिरहेको थियो; आज उसको पनि सारभाग गएर केवल नारी-देहको व्यर्थ भारीमात्र शेष रहेको छ" (भिक्षु, २०५२, पृ. ५६) भनेकी छ । यस उद्धरणमा करुणाले मामा जाने भएपछि अब आफ्नो नारी देहको व्यर्थ भारी मात्र शेष रहेको महसुस गरेकी छ । मामाप्रतिको उसको यस्तो रुचि बहिर्मुखी व्यक्तित्वबाट प्रेरित भएको देखापर्छ । यसले गर्दा करुणाको मानसिकता अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका दृष्टिले मनोद्वन्द्वात्मक बन्न गएको स्पष्ट देखिन्छ ।

'व्यर्थता' कथाकी करुणा बाबुको सेवा गरेर छोरी हुनुको कर्तव्य पूरा गर्न र पतिको सेवा गर्न अनि माया पाउन इच्छुक रहेकी छ । घुमफिरमा निस्केर बाहिरका मानिससँग चिनिन खोजेकी छ र आफ्नो घरमा आएको मामासँग कुराकानी गर्न पाउँदा सन्तुष्ट भएकी छ । उसको यस्तो स्वभाव बहिर्मुखी प्रकृतिको छ । फेरि अरूप्रति अविश्वस्त देखिएकी, मामासँग एकाएक टाढिन खोजेकी र भावुक स्वभाव आदिले उसको व्यक्तित्व अन्तर्मुखी देखिएको छ । यी कुराहरूबाट करुणा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ । यसरी नारी पात्र करुणालाई बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(७) स्वामी

'स्वामी' कथाकी कृष्णा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । साधारण गृहस्थीमा हुर्केबढेकी ऊ केशवसँग विवाह भएपछि घरको भौतिक सम्पन्नता र प्यारो पति पाएर फुरुङ्ग भएकी छ । यस सम्बन्धमा कथामा "कृष्णाले पाई संसार सुनौला, दिनहरू रङ्गीन, रात्री आकर्षक र उषा र बिहान अत्यन्त उत्फुल्ल र लहलहाउँदो" (भिक्षु, २०५२, पृ. ५७) भनिएको छ । यस उद्धरणबाट कृष्णा प्यारो पति र भौतिक सम्पन्नता पाएर सन्तुष्ट र उत्फुल्ल देखिएकी छ । पति, घरको भौतिक सम्पन्नता, पतिको प्रेम पाएर ऊ बाहिरका कुराबाट रमाएकी पनि छ । यसबाट ऊ बहिर्मुखी भएर कथाको सुरुमै प्रस्तुत भएकी देखिन्छ ।

कथामा कृष्णाको पतिको साथी आनन्द पाहुना बनेर आएको छ । केशवले हात समातेरै आफ्नो घरमा ल्याएको आनन्दलाई देखेपछि भने कृष्णाले फरक किसिमको प्रतिक्रिया देखाएकी छ । यस सम्बन्धमा कथामा "उसको जीउमा आगोझैँ लाग्यो र त्यस अपरिचत युवकको प्रति अकारण नै एउटा विद्रोह-भावना उसको हृदयमा उम्लन थाल्यो" (भिक्षु, २०५२, पृ. ५८) भनिएको छ । यस उद्धरणबाट आनन्दलाई देख्दा शरीरमा आगो लागेझैँ हुनु र विद्रोहको भावना हृदयमा उम्लनु आफूमै सीमित हुन चाहने वृत्तिको प्रभाव हो भन्ने देखिन्छ । यसबाट कृष्णा बाहिरका कुराबाट आफूलाई टाढै राख्न चाहन्छे र अरूप्रति उसको रुचि छैन भन्ने देख्न सकिन्छ । उसमा देखिएको यो वृत्ति अन्तर्मुखी प्रकृतिको देखापर्छ । एकातिर पति, पतिको प्रेम र भौतिक सम्पन्नताबाट उत्फुल्ल भएकी देखिनु र अर्कोतिर आफ्नो घरमा पतिको साथी

आनन्द आइपुग्दा उसको हृदयमा विद्रोहको भावना देखिनु अन्तर्मुखी र बहिर्मुखी प्रकृतिको मनोद्वन्द्वात्मक स्थिति हो ।

कृष्णाले बिस्तारै पाहुना बनेर आफ्नो घरमा आएको पतिको साथी आनन्दलाई मन पराउन थालेकी छ र उसप्रति आकर्षित हुँदै गएकी छ । यस सम्बन्धमा कथामा "गत कैयौँ दिनभित्र आनन्दको मृदु र संयत धीर कुराहरूले गर्दा कृष्णाको मनको क्षुब्धतालाई शान्तै गराएको मात्र होइन कि उसलाई एउटा नवीन प्रकारको रसस्वाद जस्तो पनि प्राप्त हुन गयो" (भिक्षु, २०५२, पृ. ६०) भनिएको छ । यस उद्धरणमा कृष्णाले आनन्दलाई राम्रो दृष्टिले हेर्न थालेकी भन्ने देखाइएको छ । उसलाई आनन्दका मृदु, संयत र धीर कुरा आनन्ददायक लाग्न थालेका छन् । उसका कुराबाट कृष्णाले मनलाई शान्त पार्न पाएकी र नवीन प्रकारको स्वादको अनुभव गर्न पाएकी देखिन्छ । यहाँनेर ऊ उपयोगितावादी देखिनुका साथै अरूमा रुचि राख्ने स्वभावकी देखिएकी छ । सँगसँगै आफ्नो पतिलाई पनि कृष्णाले राम्रो रूपमा स्वीकार गर्न थालेकी छ । यस सम्बन्धमा कथामा "पतिलाई फेरि नयाँभैँ तुल्याएर द्विगुण प्यारले द्विगुण तिगुण आकर्षणले र अनेकौँ दोब्बर मीठोपनाले स्वीकार गरी" (भिक्षु, २०५२, पृ. ६०) भनिएको छ । यस उद्धरणमा कृष्णाले पति केशवलाई पनि नयाँ रूपमा हेर्न थालेकी देखाइएको छ । आनन्दको आगमनसँगै पतिप्रति समेत आक्रोशित बनेकी उसले यहाँनेर आइपुग्दा पतिलाई धेरै माया गर्न थालेकी देखिन्छ । पति केशव र उसको साथी आनन्द दुवैप्रति प्रेमिल बनेर माया र आकर्षणमा केन्द्रित कृष्णाले अरूमा रुचि राखेकी र अरूलाई सन्तुष्ट गराई त्यसबाटै आफ्नो सन्तुष्टि पनि खोज्ने प्रयासमा देखिएकीले उसको यस्तो स्वभाव र व्यक्तित्व बहिर्मुखी देखिएको पाइन्छ ।

आनन्दप्रति आकृष्ट भएकी कृष्णाले एकाएक उसलाई घर छोडेर जान भनेकी छ । उसले कथामा "आनन्द दाइ तपाईँ मेरो एउटा बिन्ती मान्नुहुन्छ भने, नेपालमा भएको यो घर तपाईँको वासस्थान होइन, यतिका दिनसम्म बस्नुभयो तर अब यहाँबाट आफ्नो घर जानुभए बेस !" (भिक्षु, २०५२, पृ. ६७) भनेकी देखिन्छ । यस उद्धरणमा कृष्णा आनन्दलाई आफ्नो घरबाट भगाउन अग्रसर भएकी देखाइएको छ । आनन्दका सबै कुरा राम्रो ठानेर उसप्रति आकर्षित भइरहेकी कृष्णाले कुनै कारणबिना एकाएक उसलाई आफ्नो घर छोडेर जान भनेकी देखिन्छ । यसो गरेर कृष्णाले आनन्दलाई आफ्नो नजिक देख्न नचाहेको सङ्केत गरेकी छ । यो उसको अन्तर्मुखी व्यक्तित्व निर्देशित वृत्ति हो । आनन्दसँगै सम्बन्धित भएर बहिर्मुखी देखिनु र फेरि उसैसँग सम्बन्धित भएर अन्तर्मुखी पनि देखिएबाट कृष्णा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वको चापमा परेकी पात्र हो भन्ने देखिन्छ ।

'स्वामी' कथाकी कृष्णा केशवसँग विवाह भएपछि प्यारो पति र घरको भौतिक सम्पन्नताबाट सन्तुष्ट देखिएकी छ । ऊ पाहुना बनेर आएको आनन्दका कुराकानी र व्यक्तित्वबाट आकर्षित भएर उसलाई मायालु व्यवहार गरेकी छ । उसको यस किसिमको स्वभाव र व्यवहार बहिर्मुखी प्रकृतिको देखिएको छ । आनन्दलाई घरमा आएको देखेपछि कृष्णा क्रुद्ध भएकी छ । उसले केही समयदेखि पाहुना भएर बसेको आनन्दलाई भावुक भई आफ्नो घर छोडेर जान भनेकी छ । उसको यस्तो स्वभाव बाहिरका कुराबाट टाढै रही आफूमै सीमित हुन चाहने अन्तर्मुखी व्यक्तित्वबाट प्रेरित भएको पाइन्छ । यी तथ्यले नारी पात्र कृष्णा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वको चापमा परेकी स्पष्ट हुन्छ । यसरी कृष्णालाई

बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वको चापमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(८) तपस्या

'तपस्या' कथाकी नारी पात्र भामा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय रहेकी छ । उसलाई कथामा गुरूप्रसादकी बहिनी भनेर चिनाइएको छ । उसको विवाह बाह्र वर्षको उमेरमै भएको र ऊ चौध वर्षको उमेरमा विधवा भएकी छ । ऊ विधवा भएको पनि तीन वर्ष भएकाले ऊ सत्र वर्षकी यौवना भइसकेकी छ । विधवा भएपछि ऊ माइतीमा दाजुको संरक्षणमा बस्दै आएकी देखिन्छ । यसैबिच उसको घरमा कलकत्ताबाट दाइको साथी श्रीनाथ केही समयका लागि पाहुना बनेर आइपुगेको कथामा देखाइएको छ । टाढाबाट आएको दाइको साथीलाई आफ्नो घरमा पाउँदा उसलाई रमाइलो लागेको छ । यस सन्दर्भमा उसले "यति टाढादेखि आएको, जानपहिचान हाता न नाता, त्यस्ताका प्रति रातिदन केही विचार गर्ने एउटा बानीजस्तै भइसकेको छ" (भिक्षु, २०५२, पृ. ६९) भनेकी छ । यस उद्धरणमा पाहुना भएर आएको श्रीनाथप्रति भामाले रुचि र चासो देखाएकी छ । श्रीनाथका बारेमा उसले रातिदन विचार गर्न थालेकी छ । भामा दाइ र उसको साथीलाई सुरुचिसाथ पकाउने खुवाउने सबै काममा सक्रिय भएर लागेकी छ । श्रीनाथबाट त भ्रुन् उसले सुखको अनुभूति पनि गर्न थालेकी देखिन्छ । उसले अरूप्रति रुचि देखाएका यी कुराले गर्दा भामा बहिर्मुखी व्यक्तित्व भएकी पात्र हो भन्ने देखिन्छ ।

भामाले आफ्नो मनमा लागेका कुरा मुख फोरेर बोल्न भने सकेकी देखिँदैन । उसले आफ्ना कुरा मनमै अठ्याएर बस्ने गरेकी छ । यस सन्दर्भमा उसले "म के सोचिरहिछु ? के मलाई थाहा छैन ! अवश्य छ मुखले बोल्नाको ममा साहस छैन; यस एकान्तमा पनि मेरो मुख सामर्थ्य छैन" (भिक्षु, २०५२, पृ. ७१) भनेकी छ । यस उद्धरणबाट भामाले धेरै कुरा सोच्ने र बुझ्ने भए पनि मुख खोलेर ऊ बोल्न भने सकेकी देखिँदैन । अवश्य पनि उसले चाहेको कुरा सबै उसलाई थाहा छ तर पनि आफ्नो कुरा आफूमै लुकाएर राखी ऊ अव्यक्त नै भएकी छ । भामाको यो स्वभाव अन्तर्मुखी व्यक्तित्वबाट प्रेरित देखिएको छ । उसले श्रीनाथ आफ्नो घरमा आएपछि आफूले सुख अनुभव गरेको कुरालाई सम्झँदै "जुन सुख मिलिरहेछ, कताबाट आयो त्यो सुख ? सुख हो ? हो त नि ! यस एक्लोमा पनि यस्तो भान हुन लागिरहेछ मानो कोही साथी सँगसँग बसिरहेछ" (भिक्षु, २०५२, पृ. ७२) भनेकी देखिन्छ । यस उद्धरणमा श्रीनाथ भामाको घरमा रहँदा उसलाई सुखको अनुभूति भएको देखाइएको छ । उसलाई कोही साथी आफ्नै नजिकमा बसिरहेको जस्तो लागेको छ । यसबाट ऊ प्रफुल्ल भएकी देखिन्छ । यसले ऊ बहिर्मुखी चरित्र भएकी पात्र हो भन्ने स्पष्ट हुन्छ ।

कथामा श्रीनाथ घरमा रहँदा भामाले अनुभूत गरेको सुखका विषयमा ऊ अव्यक्त भएकी छ । यस सन्दर्भमा भामाले "यो किन ? सबै अव्यक्त छन् अव्यक्ति नै यसको सुख हो । यसलाई उमाल्ने शक्ति छैन । उमालूँ पनि किन ? के म यत्तिकी परवश रहिछु, के म यस्तो बन्धनमा रहिछु ?" (भिक्षु, २०५२, पृ. ७२) भनेकी छ । यस उद्धरणमा भामाले आफ्ना कुरा कसैलाई व्यक्त गर्न रुचाउँदिन भन्ने देखाइएको छ । आफ्नो सुखको बारेमा कसैलाई नभन्नुमै उसलाई सुखद् लाग्ने गरेको छ । ऊ परवश र बन्धनमा रहन चाहन्न भन्ने पनि

भामाले खुलाएकी छ । यस्तो वृत्ति आफैमा अन्तर्मुखी व्यक्तित्वको द्योतक मानिन्छ । अर्कोतर्फ फेरि भामाले आफ्नो मनका कुरा श्रीनाथलाई भन्न उत्सुक भएकी र द्विविधामा पनि परेकी पाइन्छ । यस सन्दर्भमा कथामा "श्रीनाथलाई प्रत्यक्ष गराउनका निमित्त, त्यसको मन लालयित हुन लाग्यो । ... त्यसलाई ग्रहण गर्नमा भय त छैन, कहीँ द्विविधा त छैन ?" (भिक्षु, २०५२, पृ. ७२) भनिएको छ । यस उद्धरणमा भामा श्रीनाथसँग खुल्न चाहेकी भन्ने देखाइएको छ । फेरि त्यसरी खुल्न पनि ऊ द्विविधामा परेकी छ । खुल्न उसलाई कताकता भय महसुस भइरहेको छ । आफ्नो कुरा प्रकट गर्न चाहनु अनि खुल्न चाहनु बहिर्मुखी व्यक्तित्वको सूचक र प्रकट हुन नचाहनु आफैमा अन्तर्मुखी व्यक्तित्वबाट प्रभावित प्रवृत्ति हो । यस आधारमा हेर्दा भामाको अन्तर्मानसिकता अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वको चापबाट गुज्रिरहेको देखिन्छ ।

कथामा एक दिन श्रीनाथ बाहिर निस्कन लागेको देखिन्छ । यसै क्रममा भामाले उसलाई "जाडो निकै छ । तर दाजु पनि निस्कनुभएकै छ । तर यस्तो जाडोमा त्यसै यताउति डुल्नु के तपाईंलाई निको लाग्ला ? एकै छिन पर्खनु भए त चिया तयार पारेर ल्याउने थिएँ । खाएर बाहिर निस्कनु हुँदो हो" (भिक्षु, २०५२, पृ. ७३) भनेकी देखिन्छ । यस उद्धरणमा भामाले श्रीनाथलाई बाहिर जानबाट रोक्न चाहेकी छ । यसो गरेर उसले दाइ पनि बाहिर गएकाले श्रीनाथ घरमै रहोस्, आफैसँग बसोस् भन्ने कामना गरेकी देखिन आउँछ । त्यसैले चिया खुवाएर भामाले श्रीनाथलाई अल्मलाउन खोजेकी छ । यहाँनेर भामा प्रस्ट बहिर्मुखी व्यक्तित्व भएर देखिएकी छ । अर्कोतिर यहीँनेर चिया खाएर बाहिर निस्कनु हुँदो हो भनेर उसले चिया खाएपछि बाहिर जाँदा हुन्छ भन्ने कुरा खोलेकी छ । नजिकमा रहेकालाई टाढा पठाउन चाहने स्वभाव आफैमा अन्तर्मुखी व्यक्तित्वबाट निर्देशित मानिन्छ ।

कथामा श्रीनाथ आफ्नो घर फर्किने तयारीमा देखिएको छ । ऊ जान चाहेकामा भामाले एकाएक किन भनेर सोद्धा उसले बेकाममा धेरै दिन किन बस्ने भन्ने जवाफ दिँदा यसबाट भामा झसङ्ग भएकी छ । यस सन्दर्भमा कथामा "बेकाममा ? भामा झसङ्ग भएजस्ती भई । त्यसको हृदयमा कसैले भारी बजारिदिए जस्तो भयो । एउटा अथाह पीडा थियो । एकै छिन चुप लागेर त्यसले भनी- "हुन्छ त जानोस्" (भिक्षु, २०५२, पृ. ८१) भनिएको छ । यस उद्धरणमा भामा आश्चर्यमा परेकी देखाइएको छ । श्रीनाथका लागि आफूलाई उपयोगी ठानेकी भामा उसले बेकाममा बस्न नचाहेको भन्दा झस्किएकी छ । उसलाई भारी बजारिएको जस्तो महसुस भएको देखिन्छ । श्रीनाथको साथ चाहेकी भामा ऊ जाने भएपछि नमीठो मानेकीले यहाँनेर ऊ बहिर्मुखी व्यक्तित्व भएर प्रकट भएकी देखिन्छ । अर्कोतर्फ उसले तत्कालै एक्लै बस्न चाहेर ढुक्कसँग हुन्छ त जानुहोस् भनेकीबाट एकाएक ऊ अन्तर्मुखी भएर प्रस्तुत भएकी देखिएको छ । यी विविध तथ्यबाट भामा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका दृष्टिले मनोद्वन्द्वको चापमा परेकी छ भन्ने स्पष्ट हुन्छ ।

'तपस्या' कथाकी भामाले घरमा पाहुना भएर आएको दाइको साथी श्रीनाथप्रति रुचि देखाउनुका साथै उसलाई पकाउने खुवाउने गर्न पाउँदा सुखको अनुभूति गरेकी छ । दाइ नभएको बेला श्रीनाथलाई रोकेर चिया खुवाउने क्रममा कुरा गर्ने प्रयत्न गरेकी छ र ऊ घर फर्किने भएपछि निराश भएकी छ । अरूप्रति यस किसिमको रुचि देखाउने उसको व्यक्तित्व बहिर्मुखी प्रकृतिको रहेको छ । अर्कोतर्फ भामाले आफ्ना सुख र दुःखका कुरा कसैसँग व्यक्त

गर्न चाहेकी छैन । उसलाई अरूको बन्धनको अपेक्षा नै देखिँदैन । श्रीनाथसँग खुलस्त किसिमले व्यक्त हुन चाहेर पनि अव्यक्त नै रहन रुचाएकी छ । श्रीनाथ जाने भएपछि सहर्ष बिदाइ गरेकी छ । अरूप्रति वितृष्ण हुने उसको यस किसिमको व्यक्तित्व अन्तर्मुखी प्रकृतिको रहेको छ । यसले गर्दा ऊ बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वका चापमा परेकी छ । यसरी नारी पात्र भामालाई बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(९) मानव

'मानव' कथाको पुरुष पात्र गोविन्द अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय रहेको छ । कथाको प्रारम्भमै उसलाई तुङ्गनाथको स्कुले साथी भनेर चिनाइएको छ । दुवै जना दरबार स्कुलको म्याट्रिकुलेसन क्लासमा सँगै पढ्दै गरेका छन् । यस सन्दर्भमा कथामा "दुवै मित्र थिए र उनीहरूको अकपट मेलमिलाप सारा छात्र तथा अध्यापक वर्गलाई पनि थाहा थियो" (भिक्षु, २०५२, पृ. ८३) भनिएको छ । यस उद्धरणमा गोविन्द र तुङ्गनाथको गहिरो मित्रतालाई देखाइएको छ । यी दुईको अकपट मेलमिलाप र मित्रताको बारेमा सबै विद्यार्थी र शिक्षकलाई थाहा भएको देखिन्छ । यस तथ्यबाट गोविन्द अरूमा रुचि राख्ने मिलनसार स्वभाव भएको बहिर्मुखी व्यक्तित्वका रूपमा देखिएको छ । यसैबिच स्कुलमा आयोजित कार्यक्रममा जीवन शीर्षकको कविता लेखेर वाचन गरेको गोविन्दले उक्त कवितामा जीवनका बारेमा सबैसँग मिल्ने विचार व्यक्त गरेको छ । उसका अरूमा केन्द्रित विचारले ऊ बहिर्मुखी स्वभावको पात्र हो भन्ने देखिन्छ ।

कथाको प्रमुख पात्र गोविन्दलाई सङ्कोची स्वभावको भनेर चिनाइएको छ । यसबारेमा कथामा "उसको स्वाभाविक सङ्कोची प्रकृतिलाई सबै जना पोइटिक एक्ट भन्दथे, औ उसको एकान्तप्रियताको खिसी गर्दथे" (भिक्षु, २०५२, पृ. ८४) भनिएको छ । यस उद्धरणमा गोविन्दलाई सङ्कोच मान्ने र एकान्त मन पराउने स्वभाव भएको पात्रका रूपमा देखाइएको छ । उसको यस्तो स्वभावलाई सबै जनाले पोइटिक एक्ट भन्दै खिसी गर्ने गरेका छन् । यसबाट ऊ अन्तर्मुखी व्यक्तित्व भएको चरित्र हो भन्ने देखिन्छ । पुरस्कार वितरणको दिन स्कुल आउने क्रममा बाटोमा भेटिएका साथीहरूले गोविन्दलाई खिसी गरेर हाँसोमा उडाउँदा उसले कथामा "भगवान् ! मलाई यस्तो दुनियाँमा लगिदिनोस् जहाँ मैले कसैको मुखै हेर्नु नपरोस्" (भिक्षु, २०५२, पृ. ८५) भनेको छ । यस उद्धरणबाट गोविन्दले एकान्त चाहेको सङ्केत पाइन्छ । उसले कसैको मुख नै हेर्न नपर्ने एक्लो दुनियाँमा जान चाहेको कामना गर्दै भगवान्सँग प्रार्थना गरेको छ । गोविन्दको यस्तो कुराबाट ऊ एकान्त चाहने आत्मकेन्द्रित दिशातर्फ उन्मुख स्वभाव भएको पात्रका रूपमा देखिएको छ । यसले उसको अन्तर्मुखी व्यक्तित्वलाई दर्साएको छ । कथामा स्कुलले आयोजना गरेको पुरस्कार वितरण कार्यक्रममा गोविन्द सहभागी भएको छ । कक्षाका साथीहरूसँगै उसले कवितामा पुरस्कार पनि प्राप्त गरेको छ । यस कुराले ऊ बहिर्मुखी भएको देखिन्छ । पुरस्कार वितरणको कार्यक्रम सकिएलगत्तै गोविन्दको व्यवहारलाई सङ्केत गर्दै कथामा "क्रमशः डिस्ट्रिब्युसनको काम सकिएपछि छुट्टीको घण्टा बज्यो । छात्रहरू आफ्नो-आफ्नो घरतिर लागे । गोविन्द पनि सुटुक्क हिँड्न चाहन्थ्यो परन्तु तुङ्गले 'कता एक्लै कविजी' भन्दै हात समाती हाल्यो" (भिक्षु, २०५२, पृ. ८५) भनिएको छ । यस उद्धरणले गोविन्दको

एक्लै रमाउन चाहने स्वभावलाई देखाएको छ । कवितावाचनमा राम्रो प्रस्तुति गरेर पुरस्कृत भएपछि गोविन्द साथीहरूसँगै नहिँडेर एक्लै सुटुक्क हिँड्न चाहेको छ । यस तथ्यबाट ऊ अन्तर्मुखी स्वभावको व्यक्ति हो भन्ने देखिन्छ ।

कथामा दाजुभाउजूको सल्लाह भएर दाजुले एक दिन गोविन्दलाई पढाइ छोडेर जागिर खान भनेको छ । यसबाट उसको मानसिकतामा परेको प्रभावको बारेमा कथामा "गोविन्द काठको पुतली हो वा ढुङ्गाको मूर्ति ! ठाउँको ठावैमा उभिएर आकाश-पाताल गर्न लाग्यो । स्कुल, पढाइ, अङ्ग्रेजी, किताब सबैसित बिदा हुनुपर्नेछ'- यही विचारधारा उसको मस्तिष्कमा फनफनी घुम्न थाल्यो" (भिक्षु, २०५२, पृ. ८८) भनिएको छ। यस उद्धरणमा दाजुको निर्देशनले गोविन्द गम्भीर चिन्तामा परेको देखिएको छ । ऊ हलचल गर्नै नसक्ने काठको पुतलीजस्तो भएको छ । स्कुलको वातावरण, साथीभाइ, पढाइको रमाइलो, अङ्ग्रेजी, किताब सबैलाई छोड्नुपर्ने भयो भन्ने कुराले ऊ पिरोलिएको छ । यसबाट ऊ बहिर्मुखी चरित्र हो भन्ने देखिन्छ। स्कुल छोड्नुपर्ने भएको दिन गोविन्द स्कुलनजिकको सडकको एकापट्टी रुखमुनि बसेर चिन्तनमग्न भएको कथामा "त्यसले आफ्नो उद्वेगलाई थाम्न सकेन र सडकको एकापट्टी रुखमुनि बसी अनेक सुखदुःख, आनन्दप्रमोद आदिले सङ्घर्षित भएको आफ्नो त्यो बितिसकेको समयको चिन्तामा मग्न हुन थाल्यो" (भिक्षु, २०५२, पृ. ८८) भन्ने कथांशका माध्यमबाट देखाइएको छ । यस उद्धरणमा गोविन्द एक्लै एकान्तमा बसेर गहिरो चिन्तामा मग्न भएको देखिएको छ। उसले आफ्नो उद्वेगलाई थाम्न सकेको छैन। सडकको एउटा छेउमा रुखमुनिको एकान्तमा बसेर सुखदुःख, आनन्द, प्रमोद आदिले सङ्घर्षित भएको आफ्नो विगतको चिन्तामा ऊ मग्न भएको छ । अन्तर्मुखी स्वभावका व्यक्ति चिन्तनशील र मननशील हुने भएअनुरूप चिन्तनशील भएर कथामा देखिएको गोविन्द अन्तर्मुखी स्वभावको भएर यहाँनेर देखिएको छ । फेरि यहीँनेर गोविन्दका बारेमा कथामा "स्कुलका साथी नै उसका दाजुभाइ थिए । लड्नु, झगडा गर्नु, हाँस्यविनोद, मानअपमान सबै आज उसलाई बडो मोहकतासित लोभ्याइरहेका जस्ता भइरहेका थिए" (भिक्षु, २०५२, पृ. ८८) भनिएको छ । यस उद्धरणमा दाजुभाइजस्ता स्कुलका साथी, तिनीहरूसँगको लडाइँ, झगडा, हाँस्यविनोद, मानअपमानलगायतका कुराबाट गोविन्द लोभिएको छ । यसबाट ऊ बहिर्मुखी स्वभावको देखिएको छ । अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वजन्य स्वभाव परस्पर विपरीत गुणका हुन् । यी दुई व्यक्तित्वजन्य गुण गोविन्दको अन्तर्मानसिकतामा सँगसँगै प्रकट भएर मानसिक द्विविधा सिर्जना गरेका छन् । यसले गर्दा कथामा ऊ अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वको चापमा परेको देखिन्छ ।

कथामा गोविन्दको जीवनमा फरक मोड देखापरेको छ। ऊ जागिरे भएर नेपालगन्ज अमिनीमा पुगेको देखिन्छ। उसले स्कुल छोडेको पनि चार वर्ष भइसकेको कथामा देखाइएको छ । सुरुमा नौसिन्दा र पछि ऊ बहिदारसम्म भएको छ । उसको कार्यालयको हाकिम फेरिने भएको छ र नयाँ हाकिम उसकै साथी तुङ्गनाथ आउने निधो भइसकेको छ। यसबाट गोविन्दको मन खुसीले नाच्न थालेको छ । यस सन्दर्भमा कथामा "मेरै मित्र पो रहेछन् । उनले त मेरो वचन भुइँमा पर्न दिनेछैनन् । कसैलाई पनि खारेज गर्न दिनेछैनँ" (भिक्षु, २०५२, पृ. ८९) भनिएको छ । यस उद्धरणबाट गोविन्द फुरुङ्ग भएको देखिन्छ । सँगै पढ्दाको साथी हाकिम भएर आउने भएकाले कार्यालयका अरू साथीहरूको जागिर जोगाउन सकिनेमा ऊ विश्वस्त देखिएको छ । यसबाट आफ्ना लागि भन्दा पनि ऊ अरूतर्फ केन्द्रित भएर बहिर्मुखी चरित्रको

रूपमा प्रस्तुत भएको देखापर्छ । तुङ्गनाथ आउने दिन सबै कर्मचारी हाकिमलाई लिन गएका र गोविन्द मात्र कार्यालयमा बसेर चिन्तन गरिरहेको सन्दर्भलाई कथामा "ऊ आउनेबित्तिकै सधैँको झैँ प्रणाम गर्ने कि सबैले जस्तो सलाम ? विचारधारा अर्कैतिर लाग्यो- के भन्ने ? मित्र ? यसो भन्नाले रिसाउने पो हुन् कि ?" (भिक्षु, २०५२, पृ. ९१) भन्ने कथांशका माध्यमबाट देखाइएको छ । यस उद्धरणले गोविन्दको एकान्तप्रियतालाई देखाएको छ । तुङ्गनाथ आउने दिन सबै कर्मचारी उसलाई लिन बाटो पछ्याउँदै परसम्म गएकामा ऊ भने एक्लै कार्यालयमै बसेको देखिन्छ । उसले तुङ्गनाथलाई के भनेर सम्बोधन प्रणाम आदि गर्ने होला भनेर सोचिरहेको छ । यस किसिमको स्वभाव र व्यवहारले गर्दा ऊ अन्तर्मुखी व्यक्तित्वबाट निर्देशित भएको देखापर्छ । तुङ्गनाथ हाकिममा बहाली भएपछि गोविन्दले उसलाई भेट्ने गरेको सन्दर्भलाई कथामा "एक दिन त त्यो आठै बजे लेफ्टेन साहेबको डेरातिर गयो । संयोगले उनी एक्लै घुम्न लागेका थिए" (भिक्षु, २०५२, पृ. ९२) । भन्ने कथांशका माध्यमबाट सङ्केत गरिएको छ । यस उद्धरणले गोविन्दको मित्रमोहलाई देखाएको छ । उसले पटकपटक हाकिम भएर आएको साथीलाई भेट्ने गरेको छ । एक दिन त ऊ तुङ्गलाई कविता सुनाउने तयारीका साथ उसको डेरामा पुगेको छ । आफ्नो पढ्दाको साथीलाई यसरी भेट्न जानु र भेटिरहन चाहनु उसको बहिर्मुखी स्वभाव हो भन्ने स्पष्ट हुन्छ । यसप्रकार गोविन्द कथामा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वगत वृत्ति आत्मसात् गरेर मनोद्वन्द्वको चापमा परेको देखिएको छ ।

'मानव' कथाको पुरुष पात्र गोविन्दले सँगै पढ्ने तुङ्गनाथलाई आत्मीय साथी बनाएको छ । उसले अरूप्रति चासो राखेर कविता लेख्ने गरेको छ । पढाइ छोडेर जागिर खान जानुपर्ने भएपछि स्कुलका सबै साथीहरूसँग टाढिनुपर्ने भयो भनेर चिन्तित भएको छ । ऊ मिल्ने साथी तुङ्गनाथ आफ्नो कार्यालयको हाकिम भएर आउने भएपछि खुसी भएको छ र उसलाई भेट्न डेरामा जाने गरेको छ । साथीहरूसँगको यस किसिमको लगाव र आत्मीयता देखाउने उसको व्यक्तित्व बहिर्मुखी प्रकृतिको रहेको छ । अर्कोतर्फ ऊ सङ्कोची स्वभावको छ । ऊ साथीहरूदेखि टाढा जान र एक्लै रमाउन चाहेको छ । तुङ्गनाथ हाकिम भएर आउने दिन उसलाई अरूसँगै लिन नगई एक्लै कार्यालयमा बसेको छ । यस किसिमको सङ्कोची र सबैप्रति वितृष्ण रहने उसको व्यक्तित्व अन्तर्मुखी प्रकृतिको देखापर्छ । यसले गर्दा ऊ बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वका प्रभावमा परेको स्पष्ट हुन्छ । यसरी कथाको गोविन्द पात्रलाई बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वमा परेको देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(१०) त्यो फेरि फर्कला ?

'त्यो फेरि फर्कला ?' कथाकी सानी अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको आन्तरिक द्वन्द्वविधानका दृष्टिले विश्लेषणीय पात्र हो । कथाको प्रारम्भमै सानी मधेश र पहाड ओहोरदोहोर हुने मार्खूको बाटोमा रहेको आफ्नै भट्टी पसलमा देखिएकी छ । साँझको समयमा त्यहाँ मधेशबाट आएको युवक यात्री बास खोज्दै आइपुगेको देखिन्छ । आफ्नो भट्टीमा आइपुगेको यात्रीसँग सानी खुलेर कुराकानी गर्न थालेकी छ । यात्रीले भट्टी पसल पो हो क्यारे भन्दा सानीले भट्टी पसल भएर के हुन्छ ? चितलाङमा पनि त त्यही हो नि । छेउको कोठा त सफै छ भनेर यात्रीलाई जबाफ फर्काएकी छ (भिक्षु, २०५२, पृ. १३४) यसमा सानी यात्रीसँग खुलेर

कुराकानी गर्न अग्रसर भएकी देखाइएको छ । उसले आफ्नो भट्टी पसल चितलाङको भन्दा कम नभएको र सफा पनि भएको भनेर युवक यात्रीलाई सम्झाइरहेकी छ । उसको कुराबाट विश्वस्त भएर यात्री त्यहीँ बास बस्ने भएपछि सानीले उसलाई चाहिने सामग्री सोधीसोधी ल्याइदिएकी छ । यात्रीले राम्रो चामल भएन भन्दा सानीले कथामा "तर यसभन्दा राम्रो चामल त यहाँ कतै पनि पाइन्न । भएदेखि त म आफै ल्याइहाल्ने थिएँ । तरकारी पनि आलुबाहेक अरू केही पाइँदै पाइन्न" (भिक्षु, २०५२, पृ. १३५) भनेकी छ । यस उद्धरणमा सानी आफ्नो पसलमा उपलब्ध हुन सक्ने र पाउन नसकिने सामानका बारेमा यात्रीलाई भनिरहेकी छ । उसले आफूले दिएको भन्दा राम्रो चामल यहाँ नपाइने र तरकारी पनि आलुबाहेक पाउन नसकिने भन्दै यसैलाई मीठो मानेर खान यात्रीलाई सङ्केत गरेकी छ । उसले यात्रीका लागि भान्सामा चाहिने सामग्री सोधीसोधी ल्याइदिने र उसँग खुलेर कुराकानी गर्ने अनि माथि उक्लने र फेरि छुटेको सामग्री सम्झाउन तत्कालै यात्रीको कोठामा आउने गर्दै गरेकी देखिन्छ । यात्रीप्रति उसले देखाएको अभिरुचिलाई हेर्दा ऊ अरूप्रति रुचि राख्ने खुल्ला हृदय भएकी बहिर्मुखी स्वभावकी पात्र हो भन्ने देखिन्छ ।

यात्रीको लागि चाहिने सबै कुरा पुऱ्याएर सानी उससँग बिदा भएकी छ । यस सन्दर्भमा कथामा "एकैछिनपछि सबै थोक ल्याई सानी माथि उक्ली । आफ्नी आमासँगै केही खानपिन गरेर पन्ध्रबीस मिनेटभित्रै आफ्नो सुत्ने कोठामा पसी भित्रबाट ढोका थुनी हाली । अहिले साँझको साढे सात मात्रै बजेको थियो" (भिक्षु, २०५२, पृ. १३६) भनिएको छ । यस उद्धरणमा सानी एकान्तमा आराम गर्न हतारिएकी छ । आमासँग मागेर छिटोछिटो खाना खाई साँझको साढेसात बजे नै ऊ ढोका थुनेर कोठामा बसेकी छ । यसले उसको एकान्तको खोजीप्रतिको हतारोलाई सङ्केत गरेको देखिन्छ । सानीको यस्तो व्यवहारले उसको अन्तर्मुखी व्यक्तित्वलाई झल्काएको छ । साँझैमा कोठा थुनेर एक्लै ओछ्यानमा पल्टेकी सानी यात्रीको बारेमा सोचमग्न बनेकी छ । यस सन्दर्भमा कथामा "अहिलेसम्म त्यसले खानपिन गरिसकेको रहेनछ क्यारे । भात पकाउन जान्दो हो कि होओइन; पकाइसकेको तिहुनतरकारी चुलोबाट उतार्दा खसाल्यो पो होला कि !" (भिक्षु, २०५२, पृ. १३६) भनिएको छ । यस उद्धरणमा सानीलाई यात्रीका बारेमा चिन्ता गर्दै गरेकी देखाइएको छ । उसले यात्रीका बारेमा खानपिन गरे नगरेको, खाना पकाउन जाने नजानेको, तिहुनतरकारी चुलोबाट उतार्दा खसाल्यो कि आदि कुरा मनमा सोचेकी छ । यति मात्र होइन उसको सम्पन्नता, पेसा पारिवारिक जीवनलगायतका विषयमा ओछ्यानमा पल्टिएरै सानी कल्पना गरिरहेकी देखिन्छ । ऊ सुत्ने प्रयास गर्दा पनि निदाउन सकेकी छैन । उसले फेरि यात्रीका बारेमा अनेक कल्पना गर्न थालेकी छ । यस सन्दर्भमा कथामा "यात्री भातसात खाई सुत्यो कि ! तलबाट केही आवाज सुनिएन । त्यसो भए त्यो सुत्यो"(भिक्षु, २०५२, पृ. १३७) भनिएको छ । यस उद्धरणमा पनि सानीलाई यात्रीकै बारेमा केन्द्रित भएकी देखाइएको छ । उसले यात्री भात खाएर सुते होला कि के गर्दै होला; उसको तलको कोठाबाट आवाज पनि नआएको र अब त सुते पनि होला कि आदि कुरा सोचिरहेकी छ । यात्रीका बारेमा यावत् कुरा सोचेकीले बहिर्मुखी देखिएकी सानी उसको सोचाइ कल्पनामय देखिँदा अन्तर्मुखी व्यक्तित्वबाट पनि प्रभावित भएकी देखिन्छ ।

कथामा सानी यात्रीले के गर्दै छ होला भन्ने बारेमा कल्पना गरेर मात्र निश्चिन्त हुन सकेकी छैन । यस सन्दर्भमा कथामा "एकै छिनपछि ओछ्यानबाट जुरुक्क उठेर सलाई कोरी

र सिरानतिरको खोपामा राखेको टुकी बाली । धूम्रयुत क्षीण प्रकाशले अन्धकारमा छाम्न थाल्यो । टुकी लिएर त्यो बिस्तारै तल ओर्ली । ... 'तर ...किन ओर्लेकी हुँली ! केही काम त छैन" (भिक्षु, २०५२, पृ. १३७) भनिएको छ । यस उद्धरणमा सानीलाई यात्री सुतेको कोठातर्फ लागेकी देखाइएको छ । ऊ टुकी बालेर यात्री के गर्दै छ भन्ने कुरा हेर्नको लागि बिस्तारै तल ओर्लिएकी छ । यात्रीका बारेमा अनेक थरी कल्पना गरेर मात्र शान्त नभई ऊ यात्री के गर्दै छ भन्ने बुझ्न उसको कोठातर्फ नै लागेकी देखिँदा उसको यो कार्य बहिर्मुखी चरित्रको भएको स्पष्ट हुन्छ । फेरि तल यात्रीको कोठातिर ओर्लिएकी सानी केही काम नै नभई किन ओर्लिएकी हुँला भनेर आफूले आफैसँग प्रश्न गरिरहेकी छ । सानीको यो आत्ममन्थनले ऊ अन्तर्मुखी देखिएकी स्पष्ट हुन्छ । यसपछि ऊ आफ्नो कोठामा आएर ओछ्यानमा पल्टिएकी छ । यहाँसम्मका कथात्मक घटनासन्दर्भबाट सानी अन्तर्मुखी र बहिर्मुखी दुवै व्यक्तित्वलाई आत्मसात् गरेर अघि बढेकी देखिएकाले उसको अन्तर्मानसिक स्थिति व्यक्तित्वगत दृष्टिबाट मनोद्वन्द्वात्मक देखिएको पाइन्छ ।

कथामा सानी यात्री गन्तव्यतर्फ लागिसकेपछि पनि उसले पन्ध्र दिनमा फर्कन्छु भनेको कुरालाई मनमा कल्पेर ऊ फर्किएर आउने समयको प्रतीक्षा गरिरहेकी छ । यात्रीले आउँछु भनेको पन्ध्रौँ दिन सानी व्यग्र भएर उसलाई कुरेर बसिरहेकी देखिन्छ । यस सन्दर्भमा कथामा "बिहान हुनेबित्तिकै त्यो हिँड्छ र सुखको भण्डारझैँ भएर सानीलाई भेट्टाउला । धेरै बेरसम्म त्यो त्यसै विचारमग्न, सुखकल्पनाविभोर भएर बसिरही" (भिक्षु, २०५२, पृ. १३९) भनिएको छ । यस उद्धरणले सानी यात्रीको प्रतीक्षामा रहेकी देखाएको छ । उसले मनमनै यात्री आउला र आफूलाई भेटाउला भनेर सोचिरहेकी छ । ऊ आउने कुरामा विचारमग्न भएर सुखको कल्पना गरी बसेकी सानी पन्ध्रौँ दिनको साँझ परेर रात भएपछि पनि अन्ततः यात्री नआउँदा निराश भएकी देखिन्छ । उसले गरेको यात्रीको प्रतीक्षा बहिर्मुखी व्यक्तित्वको रूपमा देखिएको छ । अर्कोतर्फ सानी ऊ बिहान हिँड्ला र आफूलाई भेटाउला भनेर कल्पनामा डुबेकी छ । उसको यस्तो काल्पनिक र भावुक वृत्तिजन्य स्वभाव अन्तर्मुखी प्रवृत्तिको लक्षण मानिन्छ । यसैबिच सानीको विवाह भएको छ । यस सन्दर्भमा कथामा "त्यो यात्री फर्केन । केही दिनपछि सानीको बिहा पनि भयो, त्यो आफ्नो घरमा गई । घरगृहस्थीको कर्तव्य र लोग्नेको प्रेम, माया, ममता इत्यादि पनि साधरण नियमजस्तै समातिइन थाले । उनीहरूका कार्यमा सानीबाट केही अस्वाभाविकता पनि परेन" (भिक्षु, २०५२, पृ. १३७) भनिएको छ । यस उद्धरणमा सानीलाई विवाहपछि पतिगृहमा स्वाभाविक किसिमले घुलमिल भएकी देखाइएको छ । ऊ घरगृहस्थीको कर्तव्य र लोग्नेको प्रेम, माया, ममता इत्यादिमा व्यस्त भएकी छ । यसबाट उसको बहिर्मुखी व्यक्तित्व प्रकट भएको स्पष्ट हुन्छ । कथामा आएका यहाँसम्मका घटनासन्दर्भमा सानी अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका दृष्टिले मनोद्वन्द्वको चापमा परेकी छ ।

समयको धेरै लामो अन्तराल व्यतीत भइसकेको छ । सानीकी आमा पनि स्वर्गे भइसकेकी छ । सानी माइतीकै घरमा त्यही पुरानो भट्टी पसल सञ्चालन गरेर बसेकी देखिन्छ । उसले त्यहीँ बसेर पन्ध्र दिनमा फर्केर आउँछु भनेको यात्रीलाई पनि सम्झिराखेकी छ । यी सबै कथा सन्दर्भमा सानी बहिर्मुखी नै देखिएकी छ । यसैबिच सोच्दै नसोचेको एक दिन त्यो यात्री सानीको भट्टी पसलमा आइपुगेको कथामा देखाइएको छ । केही कुराकानीपछि यात्रीले सानीलाई सम्बोधन गरेर तिमी त बूढी नै भइसकिछौ भनेपछि सानी यात्रीको कुराबाट

झस्किएकी छ । यस सन्दर्भमा कथामा "आशासमाप्तिको साथै जीवनसन्ध्या पनि आइपुगेको रहेछ । दुनियाँ अर्कै भएको रहेछ, यस वर्तमानसँग त्यस सानीमा कुनै प्रकारको सामान्जस्य रहेनछ !" (भिक्षु, २०५२, पृ. १४२) भनिएको छ । यस उद्धरणमा सानीले आफ्नो सबै सकिएको ठानेकी देखाइएको छ । उसलाई अब आफ्नो केही कुरा पनि बाँकी नरहेको लागेको छ । यसबाट ऊ आफ्नो मानसपटलमा आफैप्रतिको चिन्तन र विचारमा मग्न देखिएकी छ । यहाँनेर उसले अन्तर्मुखी व्यक्तित्वलाई आत्मसात् गरेकी छ । यस प्रकारसँग कथामा सानी अन्तर्मुखी र बहिर्मुखी वृत्ति आत्मसात् गरेर मनोद्वन्द्वका चापमा परेकी देखिन्छ ।

'त्यो फेरि फर्कला ?' कथाकी नारी पात्रसानी यात्रीसँग खुलेर कुराकानी गरेकी छ । उसलाई चाहिने सामग्री सोधीसोधी ल्याइदिएकी छ । राति सुतेको बेलामा, यात्री गएपछि र फर्केर आएपछि पनि उसप्रति सानीले निकै चासो लिएकी छ । यात्रीप्रति यस किसिमको अभिरुचि देखाउने उसको व्यक्तित्व बहिर्मुखी प्रकृतिको रहेको छ । सानी एकान्तमा रहन हतारिएकी छ । ऊ यात्रीका बारेमा अनेक कल्पना गरेर भावुक भएकी छ । आफ्नो कार्य र अवस्थाप्रति आफैसँग आत्ममन्थन गरेकी छ । उसको यस्तो स्वभाव बहिर्मुखी व्यक्तित्वबाट निर्देशित रहेको छ । यसले गर्दा ऊ बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वमा परेकी स्पष्ट हुन्छ । यसरी कथाकी सानीलाई बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वको प्रभावमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

२.५ निष्कर्ष

भवानी भिक्षुका कथामा व्यक्ति पात्रका मानसिकतामा विपरीत भाव, विचार र इच्छा जागरित गराएर आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । उनका कथामा पात्र उच्चतम् स्थान प्राप्त गर्न अग्रसर भएकामा त्यस्तो स्थान प्राप्त गर्न नसकी हीनत्वबोधको चापमा परेका देखाएर हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वविधानको आयोजन गरिएको छ । उनको 'गुनकेशरी' कथाकी गुनकेशरी श्रेष्ठत्व प्राप्त गर्न निरन्तर प्रयत्न गर्दा केही सफल भएकी भए पनि अन्ततः हीनत्वबोधबाटै च्यापिएकी छ । यसले गर्दा उसको मनोदशा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वमा परेको छ । 'प्रेमको एउटा कथा' कथाकी गोमती मानसिंहसँगको प्रेमसम्बन्ध हुँदै वकिललाई छोरो जिम्मा लगाएर गायब भएकी सम्मका कथात्मक घटनासन्दर्भमा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वका चापमा परेकी छ । 'अनि....?' कथाकी रत्नमाया आफ्नै प्रेमीसँग विवाह गरेर श्रेष्ठत्व प्राप्त गर्न चाहेकीमा त्यसो नभई उसले नचाहेको मानिससँग विवाह हुँदा हीनत्वबोधको स्थितिमा देखिएकी छ । यसले गर्दा उसको मनोदशा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वमा परेको छ । 'त्यही सात दिन' कथाकी आनन्दकुमारीले अयोग्य, रित्तो र सबै कुरा गुमाएको ठानेर निराश हुँदा हीनत्वबोध गरेकी छ । फेरि उसले दरबारमा पुगेकामा ठूलै उपलब्धि हासिल भएको ठान्दा र त्यहाँको वातावरणबाट खुसीको अनुभूति गर्दा श्रेष्ठत्वप्राप्तिको बोध गरेकी छ । यसले गर्दा ऊ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिको मनोद्वन्द्वको चापमा परेकी देखिन्छ । 'रमा' कथाकी रमा पढेलेखेकी, घरको सबै कार्यमा निपुण, देशविदेशका मानिससँग सम्पर्क बढाउने बाटोमा लागेकी र कारिन्दाको छोरो युवकसँग प्रेम पनि गर्न थालेकीले श्रेष्ठत्वप्राप्तिको अवस्थामा देखिएकी

छ । फेरि बीस वर्ष उमेर हुँदा पनि विवाह हुन नसकेको र युवकसँगको प्रेमसम्बन्ध पनि आफ्नै कारणबाट विच्छेद भएकाले गर्दा ऊ हीनत्वबोधमा परेकी छ । यसबाट उसको मनोदशा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वमा परेको देखिन्छ । 'मानव' कथाको प्रारम्भदेखि अन्त्यसम्मकै कथासन्दर्भमा गोविन्द हीनत्वबोधको चपेटामा परेको र श्रेष्ठत्व प्राप्त गर्ने प्रयासमा लागेको भए पनि उसले चाहेअनुरूप श्रेष्ठत्व प्राप्त गर्न भने सकेको छैन । यसले गर्दा ऊ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा परेको देखिन्छ । भिक्षुका 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'रक्सीबाज', 'सैतानको सैतानी', 'उधारो सम्मान', 'साहुको सम्पत्ति', 'मालिकको छोरो', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट', 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ', 'हारजित', 'माधुरी नानी', 'माऊजङ बाबुसाहेबको कोट', 'सावित्रीको बाखो', 'मीना', 'दुई अनुभूत सत्य', 'मिस्त्री', 'बाबुसाहेबचा', 'रानीसाहेब', 'एक पैसा' 'भ्रष्टयज्ञ' 'पाइप' र 'नयाँ इतिहासको प्रारम्भ' कथाका पात्र पनि हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

भिक्षुका कथामा पात्रका पुरुषपनका कामनाले नारीपनलाई र नारीपनका कामनाले पुरुषपनलाई अवरोध सिर्जना गरेको देखाएर पुरुषपन र नारीपनका बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । उनको 'गुनकेशरी' कथामा गुनकेशरीको नारीपनले पुरुषको सान्निध्यता चाहेकामा उसभित्रको पुरुषपनले भने पुरुषसँग प्रतिस्पर्धा र द्वन्द्व सिर्जना गर्न चाहेको छ । यसले गर्दा उसको मनोदशा पुरुषपन र नारीपनका बिचको द्वन्द्वको चापमा परेको देखिन्छ । 'त्यो फेरि फर्कला ?' कथाकी सानी नारीपनबाट निर्देशित भएर यात्रीसँग आकर्षित भएकी देखिए पनि पुरुषपनको प्रभावमा परेर विकर्षित पनि भएकी छ । त्यसैगरी यात्री पुरुषपनबाट निर्देशित भएर सानीसँग आकर्षित भएको र नारीपनको दबाबको कारणले गर्दा उससँग विकर्षित भएको छ । यसले गर्दा दुवै पात्र मनोद्वन्द्वको चापमा परेका देखिन्छन् । 'मैयाँसाहेब' कथाकी मैयाँ नारीपनबाट प्रेरित भएर अजयलाई प्रेम गरेकी छ र पुरुषपनको दबाबमा पर्दा उसले अजयलाई अपमानपूर्ण व्यवहार गरेकी छ । त्यसैगरी अजयले पुरुषपनबाट प्रेरित भएका बेला मैयाँसँगको प्रेमसम्बन्धलाई उच्च महत्त्व दिएको छ भने नारीपनको प्रभावमा परेर ऊ मैयाँसँग टाढिएको देखिन्छ । यसले गर्दा कथाका दुवै पात्र पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वमा परेका देखिन्छन् । 'तपस्या' कथाकी भामा नारीपनबाट प्रेरित भएर श्रीनाथसँग आकर्षित भएकी छ र पुरुषपनको प्रभावमा परेपछि भने विकर्षित भएकी छ । यसले गर्दा उसको मनोदशा पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वमा परेको देखिन्छ । भिक्षुका 'प्रेमको एउटा कथा', 'अनि ...?', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'टाइपिस्ट', अब म त्यस पसलमा सिगरेट किन्दिनँ' र 'मीना' कथाका पात्र पनि पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वको तानातानीमा पात्रको मानसिकतालाई अल्झाएर दुई व्यक्तित्वका बिचमा सिर्जित द्वन्द्वलाई देखाई भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । भिक्षुको 'व्यर्थता' कथाकी करुणाले बाबु, पति, मामाका साथै बाहिर घुमफिरमा निस्केर अरू मानिसहरूप्रति चासो देखाएकीले ऊ बहिर्मुखी देखिएकी छ । अर्कोतर्फ ऊ आफ्नै पतिसँग पनि खुलेर कुरा नगर्ने र अरूप्रति अविश्वस्त पनि देखिएकीले अन्तर्मुखी व्यक्तित्वको प्रभावमा परेकी छ । यसले गर्दा ऊ विपरीत व्यक्तित्वका बिचको मनोद्वन्द्वमा परेकी देखिन्छ ।

'स्वामी' कथाकी कृष्णा आफ्नो पति र घरमा पाहुना बनेर आएको आनन्दसँग स्नेहभाव देखाएर अनि खुलेर कुरा गर्न उत्सुक भएर बहिर्मुखी देखिएकी भए पनि पति र आनन्दसँग आक्रोशित भएर आफैमा सीमित हुन पनि अग्रसर भएकीले गर्दा उसको मनोदशा दुई व्यक्तित्वका बिचको द्वन्द्वमा परेको देखिन्छ । 'तपस्या' कथाकी भामाले श्रीनाथप्रति चासो देखाएकी छ तर ऊ खुलेर कुरा गर्न भने सकेकी छैन । उसले आफ्नो कुरा आफूमै सीमित गर्न चाहेकी छ । यसले गर्दा उसको मनोदशा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वमा परेको देखिन्छ । 'मानव' कथाको गोविन्द आफ्ना स्कुले साथी, कार्यालयमा सँगै काम गर्ने कर्मचारी र हाकिम तुङ्गनाथसँग नजिकिन चाहेको देखिए पनि ऊ एकान्त रुचाउने र आफ्ना कुरा अरूलाई सुनाउन नचाहने स्वभावको पनि देखिएको छ । यसबाट उसको मनोदशा दुई विपरीत व्यक्तित्वका बिचको द्वन्द्वमा परेको देखिन्छ । भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि ...?', 'त्यही सात दिन', 'रमा' र 'त्यो फेरि फर्कला ?' कथाका पात्र पनि बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको मनोद्वन्द्वको चापमा परेका देखिन्छन् ।

भिक्षुका कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपन एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचमा पात्रको मनोदशालाई द्वन्द्वमा अल्झाएर आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ । द्वन्द्वविधानको यस्तो आयोजनले कथा मनोविश्लेषणीय बनेका छन् । व्यक्तिका मनमा उब्जिने विपरीत भाव, विचार र इच्छाले मनोदशा द्वन्द्वात्मक रूपमा तरङ्गित हुने र यसले व्यक्तिको बाह्य क्रियाकलापलाई पनि प्रभावित पार्ने मनोसत्यको कलात्मक उद्घाटन गर्नमा कथामा आयोजित द्वन्द्वविधान अत्यन्त प्रभावकारी देखिएको छ । कथालाई कौतूहलपूर्ण बनाउन, पाठकीय रुचि जगाउन, मनोयथार्थको प्रस्तुति गर्न, सुन्दरता र रोचकता अभिवृद्धि गर्नका लागि भिक्षुका कथामा गरिएको आन्तरिक द्वन्द्वविधानको आयोजन प्राप्तिपूर्ण र उपयोगी सिद्ध भएको देखिन्छ ।

चौथो परिच्छेद
भवानी भिक्षुका कथामा म्याक्स वेबरको मान्यताका आधारमा बाह्य द्वन्द्वविधान

४.१ विषयप्रवेश

भवानी भिक्षु मनोवैज्ञानिक कथाकारका साथै सामाजिक कथाकार पनि हुन् । उनका कथामा विभिन्न घटना सन्दर्भ र परिस्थितिको सिर्जना गरेर पात्रहरूका बिचमा बाह्य द्वन्द्वलाई देखाइएको पाइन्छ । व्यक्ति र व्यक्ति, व्यक्ति र समूह, समूह र समूह, विभिन्न क्षेत्र, जाति, धर्म, विचार, सम्प्रदाय आदिका बिचमा हुने द्वन्द्व नै बाह्य द्वन्द्व हो । यसलाई सामाजिक द्वन्द्व पनि भनिन्छ । भिक्षुका कथा बाह्य द्वन्द्वविधानको आयोजनका दृष्टिले पनि विश्लेषणीय देखिन्छन् । त्यसैले यस परिच्छेदलाई उनका कथामा पाइने बाह्य द्वन्द्वविधानको अध्ययनमा केन्द्रित गरिएको छ । यसका लागि म्याक्स वेबरका सामाजिक द्वन्द्वसम्बन्धी मान्यताका आधारमा निर्धारित विश्लेषणको ढाँचा उपयोग गरी अध्ययन कार्य गरिएको छ । भिक्षुका *गुनकेशरी, मैयाँसाहेब, आवर्त* र *अवान्तर* गरी चारओटा कथासङ्ग्रहबाट अध्ययनार्थ चयन गरिएका पैतीसओटा कथामध्ये सत्रओटा कथाको सम्पत्तिका लागि सिर्जित, शक्तिका लागि सिर्जित र प्रतिष्ठाका लागि सिर्जित द्वन्द्व गरी तीनओटा आधारमा अध्ययनलाई अघि बढाइएको छ । यस क्रममा निर्धारित कथामा विविध घटना सन्दर्भ र परिस्थितिले गर्दा पात्रहरूका बिचमा सिर्जना भएको प्रतिस्पर्धा, विवाद र असहमतिका कारण पात्रहरूका बिचमा देखिएको बाह्य द्वन्द्वलाई खोजेर अध्ययन गर्ने कार्य यसमा गरिएको छ । यसप्रकारसँग अध्ययन गर्दा छनोट गरिएका कथामा निर्धारित तीनैओटा आधारअनुसारको बाह्य द्वन्द्वको स्थिति नदेखिएकाले कथामा देखिएको द्वन्द्वको प्रकृतिअनुरूप उचित र सान्दर्भिक किसिमले उपयोग गर्न सकिने विश्लेषणीय आधारलाई उपयोग गरी भिक्षुका कथामा आयोजन गरिएको बाह्य द्वन्द्वविधानको अध्ययन र विश्लेषण गरेर निष्कर्षमा पुग्ने कार्य यसमा गरिएको छ ।

४.२ म्याक्स वेबरको द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता

म्याक्स वेबर (सन् १८६४–१९२०) सम्पत्ति, शक्ति र प्रतिष्ठाका कारण सिर्जना हुने बाह्य द्वन्द्वसम्बन्धी मान्यताका प्रस्थापक हुन् । उनले विभिन्न आर्थिक वर्ग, शक्ति र प्रतिष्ठा समूहहरू एउटै समाजमा रहेका हुने र तिनीहरूका बिचको सामाजिक सम्बन्ध द्वन्द्वसँग सम्बन्धित हुने भनेका छन् । वेवरले यही कारणस्वरूप अभिप्रायगत रूपमै समाजमा एउटा पक्ष अर्को पक्षको विपक्षमा प्रतिरोधमा उन्मुख हुने गर्दछ भनेका छन् (वेबर, सन् १९४७, पृ. १३२) । वेबरको यस भनाइले सामाजिक द्वन्द्वको अपरिहार्यतालाई जोड दिन खोजेको देखिन्छ । समाजमा विभिन्न आर्थिक वर्ग, शक्ति र प्रतिष्ठा समूहहरू हुन्छन् । सम्पन्न र विपन्न, शक्ति भएका र नभएका अनि धेरै प्रतिष्ठा भएका र प्रतिष्ठा प्राप्त गर्न नसकेका व्यक्तिहरू एउटै समाजमा बसेका हुन्छन् । एउटा पक्ष अर्को पक्षसँग असन्तुष्ट हुँदा द्वन्द्वको स्थिति सिर्जना हुन जान्छ । यस क्रममा शारीरिक हिंसा नभएको भएमा शान्तिपूर्ण द्वन्द्वको स्थिति बन्दछ । अरूले पनि चाहेका अवसर र फाइदाहरूलाई प्राप्त गर्ने र नियन्त्रणमा राख्ने मानिसहरूका

प्रयासस्वरूप हुने शान्तिपूर्ण द्वन्द्वलाई वेबरले प्रतिस्पर्धा पनि भनेका छन् (रथ र विटिच, १९७८, पृ. ३८) । उनले सामाजिक द्वन्द्वका विषयमा प्रस्तुत गरेको यस मान्यताबाट समाजमा द्वन्द्व हिंसात्मक र अहिंसात्मक अर्थात् शारीरिक र अन्य बलयुक्त एवम् शान्तिपूर्ण प्रतिस्पर्धाको रूपमा निरन्तर चलिरहन्छ भन्ने देखिन्छ । वेबरले खास गरी सम्पत्ति, शक्ति र प्रतिष्ठामा केन्द्रित भएर समाजमा द्वन्द्वको स्थिति उत्पन्न हुने कुरामा जोड दिएका छन् । यहाँ सम्पत्ति, शक्ति र प्रतिष्ठासम्बद्ध बाह्य द्वन्द्वसँग सम्बन्धित म्याक्स वेबरद्वारा प्रतिपादित मान्यताको चर्चा गरिएको छ ।

वेबरले सम्पत्तिलाई सामाजिक द्वन्द्वका तीन आधारभूत स्रोतमध्ये एक मान्दै यसमा आधारित भएर समाजमा द्वन्द्वको स्थिति सिर्जना हुने मान्यता प्रस्तुत गरेका छन् । उनले सम्पत्तिलाई आधार बनाएर आर्थिक वर्गको निर्धारण पनि गरेका छन् । यसो गर्दा उनले उपभोग्य वस्तु, उत्पादनका साधन, सम्पत्ति, सम्पदा आदिमा रहेको नियन्त्रण र व्यक्तिको सीपलाई आधार बनाएका छन् । यस दृष्टिबाट उनले सम्पत्ति भएका वर्ग, व्यवसायी वर्ग र सामाजिक वर्ग गरी तीन प्रकारका आर्थिक वर्गको परिकल्पना गरेको देखिन्छ (रथ र विटिच, सन् १९७८, पृ. ३०२) । उच्च मूल्य भएका उपभोग्य वस्तु खरिद गर्न सक्ने, आर्थिक वस्तु बिक्री गर्न नीतिगत क्षेत्रमा एकाधिकारपूर्ण नियन्त्रण गर्ने, थुप्रै सम्पत्ति सञ्चय गरेर राख्ने, ऋणको रूपमा व्यवसायमा पूँजी लगानी गर्न सक्ने र सामाजिक रूपमा लाभदायक हुने शिक्षामा सहभागी भएर खर्च गर्न सक्ने क्षमता सम्पत्ति भएका वर्गका मानिसमा रहेको हुन्छ । दासहरू, जमिन, खानी, कारखाना, प्रतिष्ठान, जहाज, ऋण प्रवाह गर्न सक्ने क्षमता र हरेक कुराको सुरक्षा प्रत्याभूति भएका आर्थिक वर्गका मानिसलाई वेबरले सम्पत्ति भएका वर्गमा राखेका छन् (रथ र विटिच, सन् १९७८, पृ. ३०३) । उनका अनुसार यो वर्ग सम्पत्ति र आर्थिक सम्पन्नताका दृष्टिले सबैभन्दा माथिल्लो श्रेणीको वर्ग हो । उनले परिकल्पना गरेको आर्थिक वर्गअन्तर्गत अर्को वर्ग व्यवसायी वर्ग हो । यसअन्तर्गत व्यावसायिक सदस्य र आफ्नो व्यावसायिक हितका निम्ति व्यावसायिक व्यवस्थापनमा एकाधिकार भएका, आफ्नो हितलाई संरक्षण गर्न राजनीतिक र अन्य संस्थामा आर्थिक नीतिनिर्माणमा प्रभाव पार्न सक्ने व्यापारी, जहाज मालिक, औद्योगिक एवम् कृषि व्यवसायीहरू, बैंक र आर्थिक कारोबार क्षेत्रका मानिसहरू, लोकप्रिय विशेषज्ञता भएका पेसाका मानिसहरू एवम् एकाधिकारपूर्ण दक्षता र सीप भएका कामदारहरू पर्दछन् (रथ र विटिच, सन् १९७८, पृ. ३०४) । व्यवसायी वर्ग सम्पत्ति भएका वर्गभन्दा थोरै तल्लो धनाढ्य वर्ग भन्ने वेबरको वर्गीकरणबाट देखिन्छ । आर्थिक कारोबारका दृष्टिले यो वर्ग पनि सम्पत्तिमा सम्पन्नवर्ग नै हो । वेबरले परिकल्पना गरेको आर्थिक वर्गअन्तर्गतको अर्को सामाजिक वर्ग हो । यसलाई उनले कामकाजी र सम्पत्ति नभएको वर्ग पनि भनेका छन् । यस वर्गअन्तर्गत सम्पत्ति नभएका मध्यम वर्गहरू, सीप भएका, अर्ध सीप भएका र सीप नभएका कामदारहरू पर्दछन् । सामाजिक आर्थिक वर्गका मध्यमवर्गीयहरू बौद्धिक स्तरको काम गर्ने मानिसहरू हुन्छन् । उनीहरूले शारीरिक श्रमको काम गर्न पर्दैन । सीप भएका, अर्ध सीप भएका र सीप नभएका सामाजिक वर्गका मानिसहरू शारीरिक श्रमको काम गर्दछन् । सम्पत्ति नभएका आर्थिक वर्ग मानिने यस सामाजिक वर्गका मानिसको जीवनशैलीको बारेमा वेबरले विस्तारमा खास चर्चा गरेका छैनन् (टर्नर र बेघली, सन् २०१२, पृ. १७६) । तैपनि सम्पत्ति भएका आर्थिक वर्गका ऋणात्मक विशेषताको चर्चाका क्रममा उनले

पराधीन, वर्गभ्रष्ट सर्वहारा, ऋणी र गरिब मानिसहरू यसअन्तर्गत पर्ने उल्लेख गरेका छन् । समाजमा आर्थिक वर्गअन्तर्गतका सम्पत्ति भएका र व्यावसायिक वर्गका मानिसहरूको सङ्ख्या न्यून हुने र सामाजिक आर्थिक वर्गका मानिसहरूको सङ्ख्या अधिक हुने गर्छ । थोरै मानिससँग धेरै सम्पत्ति अनि सुविधा भएको र धेरै मानिस श्रमजन्य काम गरेर जीवननिर्वाह गर्न परिरहेको परिस्थितिमा समाजमा सम्पत्तिमा आधारित विभेदीकरणको स्थिति सिर्जना हुन गई यसैले गर्दा समाजमा द्वन्द्वको स्थिति बन्दछ । आर्थिक कुलीनवर्गसँग सम्पत्तिबाट बहिष्कृत भएकाहरू असन्तुष्ट हुन पुग्दछन् । यसले सम्पत्ति कब्जा गरेका र सम्पत्तिबाट वञ्चित भएकाहरूबिच द्वन्द्वको स्थिति सिर्जना हुन्छ भन्ने वेबरको मान्यता रहेको देखिन्छ (टर्नर, सन् १९९५, पृ. १४७) । वेबरले द्वन्द्वको विकास हुनुको अर्को अवस्था सामाजिक गतिशीलताको कम दरलाई मानेका छन् । सामाजिक आर्थिक वर्गका मानिसले माथिल्लो नयाँ श्रेणीमा जाने थोरै मात्र अवसर पाउँदा यसबाट असहमति बढ्छ । स्रोतहरूमा पहुँच नपाउनेहरू बेचैन र अशान्त हुन पुग्दछन् अनि तिनले परम्परित शक्तिले सिर्जना गरेको पद्धतिलाई चुनौती दिन तयार हुन्छन् । यसले गर्दा समाजमा सम्पत्तिका लागि सामाजिक द्वन्द्वको स्थिति सिर्जना हुने सङ्केत वेबरले गरेका छन् । तैपनि यस्तो द्वन्द्व आर्थिक व्यवस्थालाई नै परिवर्तन गर्नतर्फ केन्द्रित गर्न आवश्यक नठानिँदा केवल सम्पत्तिको पुनः वितरणमा मात्रै प्राथमिक रूपमा केन्द्रित हुन पुग्दछ (रथ र विटिच, सन् १९७८, पृ.३०४) । परिणामतः समाजमा सम्पत्तिका लागि द्वन्द्वको स्थिति बन्दछ । सम्पत्तिका दृष्टिले भिन्न अवस्थाका मानिसहरूका बिचमा सिर्जना भएको द्वन्द्वले पनि समाधान निस्कन सक्दैन । परिणामतः समाजमा कायम रहेको सम्पत्तिको असमानता यथावत् रहन्छ । यसले गर्दा मानिसहरूका बिच सम्पत्तिका लागि हुने द्वन्द्व निरन्तर चलिरहन्छ भन्ने वेबरको सम्पत्तिका लागि सिर्जित हुने द्वन्द्वसम्बन्धी मान्यता रहेको छ ।

म्याक्स वेबरले सम्पत्तिलाई जस्तै गरी शक्तिलाई पनि द्वन्द्वको आधारस्रोत मान्दै यसको कारणले गर्दा समाजमा द्वन्द्वको स्थिति सिर्जना हुने मान्यता प्रस्तुत गरेका छन् । इच्छा लागेमा सहभागी अरू मानिसहरूको प्रतिरोध हुँदाहुँदै पनि कुनै सामाजिक कार्य गर्न सक्ने गरी मानिसलाई प्राप्त अवसर नै शक्ति हो भन्ने वेबरको मान्यता रहेको देखिन्छ (वेबर, सन् १९४६, पृ. १८०) । यसबाट अरूको इच्छालाई दबाएर आफ्नो इच्छाअनुसार कार्य गर्न सक्ने क्षमता नै शक्ति हो भन्ने देखिन्छ । शक्तिमा भएका मानिसले शक्ति नभएका मानिसलाई दबाउन र आफ्नो इच्छाअनुसार हिँडाउन कोसिस गर्दा दुई पक्षबिच विवाद र असहमति बढ्न गई द्वन्द्वको सिर्जना हुन्छ भन्ने वेबरको मान्यता रहेको छ । उनले कतिपय स्थानमा शक्तिलाई पार्टी पनि भनेका छन् र यसलाई उनले शक्तिको आश्रयस्थलको रूपमा देखाएका छन् । उनका अनुसार शक्ति समाजका सदस्यलाई सङ्गठित गर्न र नियन्त्रण गर्न प्रयोग गरिन्छ भन्ने रहेको छ (टर्नर र बेघली, सन् २०१२, पृ. १७९) । यसले शक्तिमा रहेको पक्षले शक्तिको उपयोग गरेर मानिसहरूलाई आफ्नो पक्षमा सङ्गठित गर्नुका साथै नियन्त्रणमा राख्ने प्रयत्न पनि गर्न सक्छ भन्ने देखाउँछ । मानिसले आर्थिक रूपमा सम्पन्न बन्न र सामाजिक प्रतिष्ठा आर्जन गर्ने अपेक्षासहित शक्तिको खोजी गर्दछ भन्दै वेबरले सम्पत्ति, शक्ति र प्रतिष्ठाका बिचमा परस्पर नजिकको सम्बन्ध रहने कुरा देखाउन चाहेका छन् । यसो भए पनि सम्पत्ति भएका वर्ग, प्रतिष्ठा समूह र शक्ति अर्थात् पार्टी यी तीन कुरा विभेदीकरणका फरक आधारहरू हुन् भन्ने वेबरको मत रहेको देखिन्छ । समाजमा उच्च प्रतिष्ठा भएका र सम्पत्तिवान् मानिसहरू आफ्नो

सम्पत्ति र प्रतिष्ठाको संरक्षण गर्ने र त्यसलाई अझै उचाइमा पुऱ्याउनका लागि शक्तिमा जान र त्यसमा रहिरहन चाहन्छन् । आर्थिक, राजनीतिक र प्रतिष्ठा समूहमा पर्ने कुलीनवर्गका मानिसहरू निकै सुखदायक जीवन बाँचिरहेका देखिन्छन् । अर्कोतर्फ शक्ति, धन र प्रतिष्ठा नभएका र यी कुराहरू अत्यन्त न्यून रूपमा मात्र प्राप्त भएका मानिसहरू सुखदायक जीवन बाँचिरहेका शक्तिमा रहेका मानिससँग असन्तुष्ट बन्न पुग्दछन् । शक्तिमा पुगेकाहरूले जानेबुझेर नै प्रतिष्ठा प्राप्त र आर्थिक रूपमा सम्पन्नवर्गकै हित र रुचिलाई संरक्षण हुने गरी नीतिनिर्माणको कार्य गर्दछन् (रथ र विटिच, सन् १९७८, पृ. २८५) । यसले गर्दा सम्पत्ति, प्रतिष्ठा र शक्ति नभएका र भए पनि न्यून भएका मानिसहरू उचाइको दिशामा गतिशील हुने र सम्बद्ध विभेदीकरणबाट मुक्त हुने थोरै मात्र अवसर पाउने स्थिति बन्दछ । यसले गर्दा समाजमा परिवर्तन ल्याउने वकालत गर्दै हिँडेका र शक्तिमा पुगेका नेतृत्ववर्गसँग शक्तिमा पुग्न वञ्चित भएका मानिसहरू असन्तुष्ट बन्ने वेबरको मान्यत रहेको देखिन्छ । शक्तिमा रहेकाले अनेक तागतको प्रयोग, सहअनुकूलन, सहायता र संरक्षणको कुरा गरेर, राजनीतिक गठजोडका साथै अनेक किसिमका उपायहरू अपनाएर शक्तिमा रहिरहन चाहन्छन् । यहाँनेर समाजका असन्तुष्ट मानिसहरू भने शक्तिमा रहेको पक्षलाई विस्थापित गर्न खोजिरहेका हुन्छन् । यस्तो द्वन्द्व सिर्जना हुनुका पछाडि भेदभावपूर्ण व्यवहार, शक्तिको दुरूपयोग, अवसरको कमी, सम्पत्ति र आम्दानीको असमानता एवम् समाजलाई विभेदीकृत गर्ने गलत प्रयासलगायतका कारणहरू रहेका हुने उल्लेख वेबरले गरेका छन् (टर्नर र बेघली, सन् २०१२, पृ. १८१) । यी कुराहरूले गर्दा शक्तिमा रहेका र नरहेका मानिसहरूका बिचमा असहमति र विवाद झन् बढेर जान्छ । यस्तो विवाद र द्वन्द्वको परिणामस्वरूप नयाँ नेतृत्वको उदय भएर गुनासाहरूलाई व्यवस्थापन गर्ने प्रयास गरे पनि विभेदीकरणको नयाँ स्रोत प्रकट हुन पुग्छ र समाजमा तनाव एवम् द्वन्द्वको स्थिति निरन्तर चलिरहन्छ भन्ने वेबरको शक्तिका लागि सिर्जित हुने द्वन्द्वसम्बन्धी मान्ता रहेको छ ।

म्याक्स वेबरले सम्पत्ति र शक्तिलाई जस्तै गरी प्रतिष्ठालाई पनि द्वन्द्वको आधार स्रोत मान्दै यसको कारणले समाजमा द्वन्द्वको स्थिति सिर्जना हुने मान्यता प्रस्तुत गरेका छन् । मानिसको जीवनशैली, औपचारिक शिक्षा, उपयोगी तालिम र प्रशिक्षण, विवेकपूर्ण अध्ययन र शिक्षण, तदनुरूपको शिष्टाचारयुक्त व्यवहार, आनुवंशिक एवम् व्यावसायिक आदर र सम्मानजस्ता कुराहरूबाट प्रभावकारी रूपमा सामाजिक प्रतिष्ठालाई बुझ्न सकिने वेबरको प्रतिष्ठा द्वन्द्वसम्बन्धी मान्यता रहेको छ (रथ र विटिच, सन् १९७८, पृ. ३०५–३०६) । यसले प्रतिष्ठाका लागि हुने द्वन्द्व सम्मान एवम् इज्जतसँग जोडिएको देखाउँछ । मानिसले सम्पत्ति कमाएर, शक्ति आर्जन गरेर, राम्रो तालिम र प्रशिक्षण प्राप्त गरेर अनि शिष्टाचारयुक्त व्यवहार प्रस्तुत गरेर पनि प्रतिष्ठा बढाउन चाहन्छ । वेबरले वैवाहिक सम्बन्ध गाँस्ने, सँगै खाने, कुनै कुरा प्राप्तिमा एकाधिकारयुक्त विशेषाधिकारको उपयोग गर्ने एवम् कसैले निश्चित कुरा प्राप्त गरेकोमा गरिने घृणा एवम् प्रतिष्ठापरम्परा र अन्य यस्तै कुराहरूका माध्यमबाट सामाजिक व्यवहारमा प्रतिष्ठाको अभिव्यक्ति हुने गरेको देखाएका छन् (रथ र विटिच, सन् १९७८, पृ. ३०६) । यसले माथिल्लो प्रतिष्ठा भएका र प्रतिष्ठा न्यून भएका मानिसहरू सँगै खानेबस्ने एकले अर्कोलाई सहयोगी र सम्मानजनक व्यवहार गर्ने गरेको देखिँदैन । अझ उच्च प्रतिष्ठा भएका मानिसले प्रतिष्ठाको उचाइ प्राप्त गर्न नसकेका मानिसलाई त्यो स्थानमा जानबाट

रोक्ने प्रयत्न गर्ने गरेको देखिन्छ । यसले गर्दा उच्च र निम्न प्रतिष्ठा भएका मानिसहरूका बिचमा विवाद र असहमति सिर्जना हुन जाने निश्चित हुन्छ । परिणामतः समाजमा मानिसहरूका बिचमा प्रतिष्ठाका लागि द्वन्द्व बढ्न जान्छ । वेबरले विशिष्ट रूपमा प्रतिष्ठा आर्थिक वर्गको स्थितिमा रहन्छ भनिए पनि यो अस्पष्ट छ भन्दै प्रतिष्ठा आर्थिक आधारमा मात्र निर्धारित नहुने बताएका छन् । उनका अनुसार सम्पत्ति र व्यावसायिक स्थिति प्रतिष्ठाको लागि निर्विकल्प योग्यता हुन सक्तैन । यसो भए पनि आर्थिक र व्यावसायिक स्थितिले मानिसलाई प्रतिष्ठाप्राप्तिमा भने सघाउँछ भन्ने वेबरको मत रहेको छ । उनले सम्पत्ति नहुनु नै प्रतिष्ठाप्राप्तिको लागि अयोग्यता भन्ने हुँदैन तर सम्पत्ति प्रतिष्ठाप्राप्तिको कारण भने बन्न सक्छ भनेका छन् (रथ र विटिच, सन् १९७८, पृ. ३०६) । यसले सम्पत्ति नै प्रतिष्ठा प्राप्त गर्ने निर्विकल्प आधार नहुने देखिन्छ । मानिसले सम्पत्ति नभएर पनि राम्रो शिक्षा आर्जन गरेर, राम्रो कलाकार वा यस्तै अन्य ख्यातिप्राप्त कार्य गरेर पनि समाजमा आफ्नो प्रतिष्ठालाई माथि उठाउन सक्ने सङ्केत वेबरले गरेका छन् । यससँगै उनले सम्पत्तिलाई प्रतिष्ठा प्राप्त गर्ने एउटा आधारको रूपमा स्वीकार गरेका छन् । पेसागत प्रकृति, व्यवहारगत रूपमा देखिने मानिसको विशेष जीवनशैली, वंशानुगत प्रतिभा, एकाधिकारपूर्ण राजनीतिक वा उच्चवर्गीय शक्तिलाई प्राप्त राजनीतिक र कुलीन प्रतिष्ठा आदिबाट प्रतिष्ठा समूहको उदय हुने वेबरले सङ्केत गरेका देखिएकोले सामाजिक रूपमा पहिचान गरिने प्रतिष्ठाको अन्तरसम्बन्ध सम्पत्ति र शक्तिसँग जोडिएको देखिन आउँछ । यस प्रकारसँग प्रत्येक निर्दिष्ट राजनीतिक शक्ति र अन्य सम्बद्ध आर्थिक अवसरहरू प्रतिष्ठा समूहको उदयका लागि प्रवृत्त हुने गर्दछन् भन्ने स्पष्ट हुन्छ । स्थापित प्रतिष्ठा समूहहरूले आफ्नो जीवनशैलीलाई संरक्षण गर्नको लागि विशेष उपाय अवलम्बन गर्ने कुरा वेबरको प्रतिष्ठा द्वन्द्वसम्बन्धी मान्यताको समीक्षा गर्ने क्रममा उल्लेख गरिएको पाइन्छ (टर्नर र बेघली, सन् २०१२, पृ. १७९) । टर्नरसमेतका अनुसार आफ्नै सामाजिक प्रतिष्ठासँग समानता भएका मानिसहरूसँग सम्बन्ध बढाउने, एकअर्काको घरमा आउने र जाने गर्ने, साथी बनाउने, आफ्नै प्रतिष्ठा समूहसँग मात्र वैवाहिक सम्बन्ध कायम गर्ने, एकै ठाउँमा बस्ने आफ्ना सन्तानलाई पनि समान प्रतिष्ठाका विद्यालयमा पढाउने, सङ्गसंस्था, ल्कब आदिमा गएर फुर्सदको समय पनि आफ्नो प्रतिष्ठा तह मिल्नेसँग बिताउने, विशेषीकृत रूपमा प्राप्त गरेको कुरालाई एकाधिकारपूर्ण बनाउने लगायतका प्रयासमा प्रतिष्ठा समूहहरू लाग्ने गर्दछन् । यतिसम्म कि आफ्नो पेसागत सम्पत्ति र लगानीलाई संरक्षण र सुरक्षित गर्न आफ्नो समान प्रतिष्ठा समूहबाहेक बाहिरबाट आउनेलाई सामाजिक, आर्थिक आदि अवसरहरूमा प्रवेश गर्न र प्रतिस्पर्धा गर्न अवरोध पुऱ्याउने गरेको पनि देखिन्छ । यसले गर्दा न्यून प्रतिष्ठा भएका मानिसहरूले उच्च प्रतिष्ठाप्राप्तिको तहमा पुग्ने अवसर बिरलै मात्र पाउन सक्छन् । फेरि निम्न प्रतिष्ठा समूहकै सङ्ख्या धेरै हुने गर्छ । यस्तो स्थितिमा उच्चस्तरको प्रतिष्ठा प्राप्त गरेका समूहका मानिसहरू सम्पत्ति, शक्ति र प्रतिष्ठायुक्त लाभ प्राप्त गरेर बस्ने र प्रतिष्ठाबाट वञ्चित भएकाहरू असन्तुष्ट बनी द्वन्द्वलाई आत्मसात् गर्न पुग्ने वेबरको प्रतिष्ठाका लागि सिर्जित हुने द्वन्द्वसम्बन्धी मान्यता रहेको छ ।

वेबरको मान्यताको समीक्षा गर्ने क्रममा टर्नरले उल्लेख गरेअनुसार समाजमा न्यून सङ्ख्यामा रहेका प्रतिष्ठा प्राप्त समूहलाई विशेषाधिकारसहित सम्पत्ति, शक्ति र प्रतिष्ठा कब्जा गर्ने अवसर दिइएबाट अरू बहुसङ्ख्यक मानिसहरू प्रतिष्ठा प्राप्त गर्नबाट अस्वीकृत हुने

गर्दछन् । यसले गर्दा तनाव र असहमतिको स्थिति उत्पन्न हुन्छ । परिणामतः प्रतिष्ठा प्राप्त गरेका र प्रतिष्ठा प्राप्त गर्नबाट वञ्चित भएकाहरूबिच समाजमा द्वन्द्वको स्थिति सिर्जना हुन जान्छ (टर्नर, सन् १९९५, पृ. १४७) । न्यून प्रतिष्ठा प्राप्त समूहमा रहेका मानिसहरूमध्ये सामाजिक गतिशीलताको कम दरको कारणले गर्दा उच्च प्रतिष्ठा स्तरमा प्रवेश गर्न थोरैले मात्र अवसर पाउँछन् । यसले गर्दा उच्च प्रतिष्ठा स्तरमा पुग्नबाट अस्वीकृत भएकाहरू बेचैन र अशान्त हुन पुग्दछन् । तिनीहरूले परम्परित शक्तिले सिर्जना गरेको प्रतिष्ठा पद्धतिलाई चुनौती दिन तयार भएपछि समाजमा द्वन्द्वको स्थिति बन्न पुग्दछ । परम्परित नेतृत्वलाई विस्थापित गरेर नयाँ करिस्मायुक्त व्यक्तित्व नेतृत्वमा आएपछि त्यसले नयाँ पद्धति स्थापना गरेर असन्तुष्टिलाई व्यवस्थापन गर्ने प्रयास गरे पनि असमानता र विशेषाधिकारको नयाँ स्वरूप प्रारम्भ हुन गई असहमति र सम्भावित द्वन्द्वको लहर तीव्र रूपमा बढ्दै गएर समाजमा प्रतिष्ठाका लागि हुने द्वन्द्वको स्थिति निरन्तर चलिरहन्छ भन्ने वेबरको मान्यता रहेको देखिन्छ ।

४.३ विश्लेषणको ढाँचा

भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधानको अध्ययनका लागि म्याक्स वेबरका सैद्धान्तिक मान्यताअनुसार विश्लेषणको ढाँचा निर्धारण गरी त्यसैका आधारमा अध्ययन कार्यलाई अघि बढाइएको छ । बाह्य द्वन्द्वविधानको अध्ययन र विश्लेषणका लागि यस परिच्छेदमा निर्धारित सम्पत्तिका लागि सिर्जित, शक्तिका सिर्जित र प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविश्लेषणको ढाँचालाई तल क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ ।

४.३.१ सम्पत्तिका लागि सिर्जित द्वन्द्वविश्लेषणको ढाँचा

भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधानको अध्ययन गर्नका लागि सम्पत्तिका लागि सिर्जित द्वन्द्वविश्लेषण ढाँचाको उपयोग गरिएको छ । वेबरले सम्पत्तिलाई आधार बनाएर सम्पत्ति भएका वर्ग, व्यवसायी वर्ग र सामाजिक वर्ग गरी तीन प्रकारका आर्थिक वर्गको परिकल्पना गरेका छन् । उनका अनुसार प्रशस्त सम्पत्ति भएका, ठूला व्यवसायी र लोकप्रिय विशेषज्ञता भएका पेसाका मानिसहरू सम्पत्ति भएका वर्ग र व्यवसायी वर्गअन्तर्गत पर्दछन् । सम्पत्ति नभएका मध्यम वर्गहरू, सीप भएका, अर्ध सीप भएका र सीप नभएका कामदारहरूलाई वेबरले सामाजिक वर्गअन्तर्गत राखेका छन् । समाजमा न्यून सङ्ख्यामा रहेका सम्पत्ति भएका र व्यावसायिकवर्गका मानिसहरू अनि अत्यधिक सङ्ख्यामा रहेका श्रमजन्य काम गरेर जीवननिर्वाह गरिरहेका सामाजिक आर्थिक वर्गका मानिसहरूका बिच सम्पत्तिमा आधारित विभेदीकरणको स्थिति बन्दछ । यसले गर्दा आर्थिक कुलीनवर्गसँग सम्पत्तिबाट बहिष्कृत भएकाहरू असन्तुष्ट हुन्छन् । सामाजिक आर्थिक वर्गका मानिसले माथिल्लो नयाँ श्रेणीमा जाने थोरै मात्र अवसर पाउने र यसबाट असन्तुष्टि र विवाद बढ्न गई समाजमा मानिसहरूका बिच सम्पत्तिका लागि द्वन्द्वको सिर्जना हुन्छ भन्ने वेबरको मान्यता रहेको छ । यही मान्यतालाई आधार बनाएर भिक्षुका कथामा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ भन्ने अवधारणा निर्धारण गरी शोधमूलक अध्ययन कार्य गरिएको छ ।

४.३.२ शक्तिका लागि सिर्जित द्वन्द्वविश्लेषणको ढाँचा

भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधानको अध्ययन गर्न शक्तिका लागि सिर्जित द्वन्द्वविधानको विश्लेषण ढाँचालाई आधार बनाइएको छ । वेबरले इच्छा लागेमा सहभागी अरू मानिसहरूको प्रतिरोध हुँदाहुँदै पनि कुनै सामाजिक कार्य गर्न सक्ने गरी मानिसलाई प्राप्त अवसरलाई शक्ति मानेका छन् । उनका अनुसार समाजका सदस्यलाई सङ्गठित गर्न र नियन्त्रण गर्न, आर्थिक रूपमा सम्पन्न बन्न अनि सामाजिक प्रतिष्ठा आर्जन गर्न मानिसले शक्तिको खोजी गर्दछ । समाजमा उच्च प्रतिष्ठा भएका र सुखदायक जीवन बाँचिरहेका सम्पत्तिवान् मानिसहरू आफ्नो सम्पत्ति र प्रतिष्ठाको संरक्षण गर्न र त्यसलाई अझै उचाइमा पुऱ्याउनका लागि शक्तिमा जान र त्यसमा रहिरहन चाहन्छन् । यस्ता मानिसहरूले आफूअनुकूलकै शक्तिको हित हुने गरी नीतिनिर्माणको कार्य गर्दछन् । यसले गर्दा समाजमा भेदभावपूर्ण व्यवहार, शक्तिको दुरूपयोग, अवसरको कमी, सम्पत्ति र आम्दानीको असमानता एवम् समाजलाई विभेदीकरणको दिशातर्फ लैजाने स्थिति बन्दछ । परिणामतः सम्पत्ति, शक्ति र प्रतिष्ठा नभएका अनि भए पनि यी कुराहरू अत्यन्त न्यून रूपमा मात्र प्राप्त भएका मानिसहरू शक्तिमा रहेका मानिससँग असन्तुष्ट हन्छन् । यसबाट शक्तिमा रहेका मानिस अनेक उपाय अपनाएर शक्तिमा रहिरहन चाहने र असन्तुष्ट मानिसहरू भने शक्तिमा रहेको पक्षलाई विस्थापित गर्न खोज्ने परिस्थिति बन्दा शक्तिमा रहेका र शक्तिबाट वञ्चित भएका मानिसहरूका बिचमा द्वन्द्व सिर्जना हुन्छ भन्ने वेबरको शक्तिका लागिका सिर्जित द्वन्द्वसम्बन्धी मान्यताको सार रहेको छ । यही मान्यतालाई आधार बनाएर भिक्षुका कथामा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ भन्ने अवधारणा निर्धारण गरी उनका कथाको अध्ययन गरिएको छ ।

४.३.३ प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविश्लेषणको ढाँचा

भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधानको अध्ययन गर्न प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको विश्लेषण ढाँचालाई आधार बनाइएको छ । वेबरले मानिसको जीवनशैली, औपचारिक शिक्षा, उपयोगी तालिम र प्रशिक्षण, विवेकपूर्ण अध्ययन र शिक्षण, तदनुरूपको शिष्टाचारयुक्त व्यवहार, आनुवंशिक एवम् व्यावसायिक आदर र सम्मान आदिबाट सामाजिक प्रतिष्ठालाई बुझ्न सकिने भनेका छन् । उनका अनुसार वैवाहिक सम्बन्ध गाँस्ने, सँगै खाने, कुनै कुरा प्राप्तिमा एकाधिकारयुक्त विशेषाधिकारको उपयोग गर्ने एवम् कसैले निश्चित कुरा प्राप्त गरेकामा गरिने घृणा एवम् प्रतिष्ठापरम्परा र अन्य यस्तै कुराहरूका माध्यमबाट सामाजिक व्यवहारमा प्रतिष्ठाको अभिव्यक्ति हुन्छ । समाजमा स्थापित प्रतिष्ठा समूहहरू आफ्नो जीवनशैलीलाई संरक्षण गर्नको लागि आफ्नै सामाजिक प्रतिष्ठासँग समानता भएका मानिसहरूसँग सम्बन्ध बढाउने र विशेषीकृत रूपमा प्राप्त भएको कुरालाई एकाधिकारपूर्ण बनाउनेतर्फ क्रियाशील रहन्छन् । यस्ता समूहहरूले आफ्नो पेसागत सम्पत्ति र लगानीलाई संरक्षण र सुरक्षित गर्न आफ्नो समान प्रतिष्ठा समूहबाहेक बाहिरबाट आउनेलाई सामाजिक, आर्थिक आदि अवसरहरूमा प्रवेश गर्न र प्रतिस्पर्धा गर्न अवरोध पुऱ्याउने गर्दछन् । यसले गर्दा न्यून प्रतिष्ठा भएका मानिसहरूले उच्च प्रतिष्ठाप्राप्तिको तहमा पुग्ने अवसर बिरलै मात्र पाउन सक्छन् । यस्तो स्थितिमा उच्च स्तरको प्रतिष्ठा प्राप्त गरेका समूहका मानिसहरू सम्पत्ति,

शक्ति र प्रतिष्ठायुक्त लाभ प्राप्त गरेर अघि बढ्ने र प्रतिष्ठाबाट वञ्चित भएकाहरू असन्तुष्ट बनी द्वन्द्वलाई आत्मसात् गर्न पुग्दछन् । परिणामतः प्रतिष्ठा प्राप्त गरेका र प्रतिष्ठा प्राप्त गर्नबाट वञ्चित भएका मानिसहरूका बिच समाजमा द्वन्द्वको स्थिति सिर्जना हुन जान्छ भन्ने वेबरको प्रतिष्ठाका लागि सिर्जना हुने द्वन्द्वसम्बन्धी मान्यताको सार रहेको छ । यही मान्यतालाई आधार बनाई भिक्षुका कथामा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ भन्ने अवधारणा निर्धारण गरेर उनका कथाको अध्ययन र विश्लेषण गरिएको छ ।

४.४ भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधान

व्यक्ति र व्यक्ति, व्यक्ति र समूह, समूह र समूह, विभिन्न क्षेत्र, जाति, धर्म, विचार, सम्प्रदाय, विभिन्न देश आदिका बिचमा हुने द्वन्द्व नै बाह्य द्वन्द्व हो । यसलाई सामाजिक द्वन्द्व पनि भनिन्छ । वेबरले यस किसिमको द्वन्द्व सम्पत्ति, शक्ति र प्रतिष्ठाका लागि सिर्जित हुने मान्यता प्रस्तुत गरेका छन् । भवानी भिक्षुका कथा वेबरको मान्यताका आधारमा अध्ययनीय रहेका छन् । उनका कथामा विविध घटना र परिस्थिति सिर्जना गरी प्रेमी र प्रेमिका, पति र पत्नी, बाबु र आमा अनि छोरा र छोरी, सम्पन्न र विपन्न, नोकर र मालिक, राजनीतिक विचार आदिका कारण फरक फरक भूमिकामा रहेका पात्रहरूका बिचमा सम्पत्ति, शक्ति र प्रतिष्ठाका लागि प्रतिस्पर्धा, विवाद र असन्तुष्टि देखाएर बाह्य द्वन्द्वविधानको कलात्मक आयोजन गरिएको छ । त्यसैले यसमा भिक्षुका 'प्रेमको एउटा कथा', 'रमा', 'तपस्या', 'मानव', 'रक्सीबाज', 'सैतानको सैतानी', 'साहुको सम्पत्ति', 'मालिकको छोरो', 'मैयाँसाहेब', 'हारजित', 'वन्दना', 'बन्दोबस्त', 'रानीसाहेब', 'भ्रष्टयज्ञ', 'ईश्वर, खुदा, गाँडका कान', 'ज्ञात भएजति' र 'नयाँ इतिहासको प्रारम्भ' गरी सत्रओटा कथाको म्याक्स वेबरका मान्यतालाई आधार बनाएर बाह्य द्वन्द्वविधानको अध्ययन गरिएको छ ।

४.४.१ सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधान

वेबरले मानिसहरूका बिचमा सम्पत्तिका लागि द्वन्द्वको स्थिति सिर्जना हुने चर्चा गरेका छन् । समाजमा सम्पत्ति भएका र व्यावसायिकवर्गका मानिसहरू न्यून सङ्ख्यामा रहेका हुन्छन् । श्रमजन्य काम गरेर जीवननिर्वाह गरिरहेका सामाजिक आर्थिक वर्गका मानिसहरू भने अत्यधिक सङ्ख्यामा रहेका हुन्छन् । यस किसिमका आर्थिक वर्गका मानिसहरूका बिचमा सम्पत्तिमा आधारित विभेदीकरणको कारणले गर्दा सम्पत्तिबाट बहिष्कृत भएकाहरू कुलीनवर्गका मानिसहरूसँग असन्तुष्ट हुन्छन् । असन्तुष्ट मानिसहरू माथिल्लो नयाँ आर्थिक श्रेणीमा जाने थोरै मात्र अवसर पाउने र यसबाट असन्तुष्टि र विवाद बढ्न गई समाजमा मानिसहरूका बिच सम्पत्तिका लागि द्वन्द्वको सिर्जना हुन्छ भन्ने वेबरको मान्यता रहेको छ । भवानी भिक्षुका कथा वेबरको यस मान्यताका आधारमा अध्ययनीय रहेका छन् । उनका कथामा अनेक प्रकृतिका घटना र परिस्थिति सिर्जना गरेर पात्रहरूलाई सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वका चापमा परेका देखाई कथालाई कलात्मक बनाउने प्रयत्न गरिएको छ । त्यसैले यसमा 'मानव', 'रक्सीबाज', 'सैतानको सैतानी', 'साहुको सम्पत्ति', 'मैयाँसाहेब', 'वन्दना', 'बन्दोबस्त', 'रानीसाहेब', 'नयाँ इतिहासको प्रारम्भ' गरी नौओटा कथाको सम्पत्तिका लागि सिर्जित द्वन्द्वविधानका आधारमा अध्ययन गरिएको छ ।

(१) मानव

'मानव' कथामा प्रमुख पात्र गोविन्द र उसको दाइ अनि दाइ र भाउजूका बिचमा परिवारमा सम्बन्धित सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति देखिएको छ । कथामा गोविन्दलाई दरबार स्कुलको म्याट्रिकुलेसन क्लासमा पढ्दै गरेको भनी सुरुमै देखाइएको छ । उसलाई स्कुलका अन्य विद्यार्थीको तुलनामा पत्तालमा धसिएका आँखा, दुब्लो शरीर र साधारण लुगा लगाएको देखाएर उसको घरको गरिबी र सम्पत्ति अभावको स्थितिलाई देखाउन खोजिएको छ । उसको घरमा दाइभाउजू र ऊ गरी तीन जना मात्रै देखिएका छन् । पढ्दै गरेको गोविन्दले आफ्नो पढाइ पूरा गर्न चाहेको छ र दाइ पनि आफूले जागिर गरिरहेकाले भाइले पढिरहोस् भन्ने चाहेको देखिन्छ तर भाउजू भने गोविन्दको पढाइ छोडाएर उसलाई जागिर खान लगाउने र घरमा सम्पत्ति आम्दानीको स्रोत बढाउने पक्षमा देखिएकी छ । यसले गर्दा परिवारमा सम्पत्ति विवादको विषयको रूपमा देखिएको छ ।

कथामा गोविन्दका दाइभाउजू उसको पढाइ र कमाइका विषयमा विवादमा अल्झिएका छन् । यस सन्दर्भमा उनीहरू "सानो बाबुले अब कति पढ्नुहुने हो कुन्नि ? फेरि पढी, कमाएर ल्याउनुभएपछि त राख्ने ठाउँ नै हुनेछैन । उसले पढेर मेरो बिगार पो के भएको छ र ? सरकारी स्कुल, बिहानबेलुका घरमा पाकेको खान्छ, पढ्छ" (भिक्षु, २०५२, पृ. ८६) भन्दै संवाद गरिरहेका देखिन्छन् । यस उद्धरणबाट भाउजू र दाइ गोविन्दको कमाइ र पढाइको विषयलाई लिएर विवादमा उत्रिएका देखिन्छन् । भाउजूचाहिँले गोविन्दलाई पढाइ छोडाएर कमाइ हुने धन्दामा लागोस् भन्ने चाहेकी छ । उसले कति पढ्ने हो र धेरै पढेपछि त धेरै कमाएर ल्याएको पैसा घरमा राख्ने ठाउँ नै नहुने होला भनेर पतिसँग व्यङ्ग्यात्मक रूपमा देवरले अब पढाइ छोडी जागिर खाएर कमाउने मेलोमा लागे हुन्छ भन्ने सङ्केत गरेकी छ । पत्नीको प्रश्नको जबाफ दिँदै दाइचाहिँले आफ्नो भाइले बिहानबेलुका घरमा पाकेको खाएर सरकारी स्कुलमा पढिरहेकाले उसको पढाइबाट केही बिग्रने काम नभएको भनेर पत्नीलाई सहज किसिमले जबाफ दिएको देखिन्छ । यस कुराबाट भाइले आफ्नो पढाइ अघि बढाइरहोस् भन्ने सदीक्षा दाइको रहेको देखापर्छ । गोविन्दकी भाउजू भने आफ्ना पतिको कुरासँग सहमत देखिएकी छैन । यस सन्दर्भमा कथामा उसले "तपाईंले ठीक भन्नुभयो–फन्केर स्वास्नीचाहिँले भनी–लुगालत्ता इत्यादि पनि त स्कूलबाटै मिल्दो हो नि !" (भिक्षु, २०५२, पृ. ८६) भनेकी छ । यस उद्धरणमा भाउजूचाहिँले गोविन्दका लागि लगाउने लुगालत्ता पनि स्कुलबाटै मिल्दो हो नि ! सम्म भनेकी छ । सामान्य निम्नमध्यम वित्तको परिवारमा गोविन्दकी भाउजूको हैकम देखिएको छ । उसको दाइले जागिर खाएर कमाउने भए पनि सम्पत्तिको रेखदेख, परिचालन र नियन्त्रण भाउजूकै हातमा रहेको देखिन्छ । गोविन्दका दाइले आफ्नी श्रीमतीका भनाइमा असहमत हुँदै र पुनः झर्कदै "के त, उसो भए म त्यसलाई खानलाउन पनि नदिऊँ ? के त्यसको अंश लाग्दैन ?" (भिक्षु, २०५२, पृ. ८६) भनेको छ । यस उद्धरणमा दाइचाहिँ घरको सम्पत्ति भाइको पनि हो र अहिले पढ्ने समयमा उसले पढोस् नै भन्ने कुरामा अडिग रहेको देख्न सकिन्छ । घरको सम्पत्तिमा भाइको अंश पनि लाग्ने भएकाले उसले पढेकामा के बिग्रियो त भनेर ऊ पत्नीसँग झर्किएको छ । गोविन्दकी भाउजू भने अब गोविन्दले पढाइ छोडेर कतै जागिर खानुपर्ने नभए दरबारमा चाकरी गर्नुपर्ने भन्ने कुरामा दृढ रहेकी छ । यसले गर्दा गोविन्दका दाइभाउजू उसले कमाउन लाग्नुपर्ने र पढाइमै लागिरहँदा हुने भन्ने विवादमा अल्झिएर

सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् । यसपछि गोविन्दकी भाउजूले आफ्ना पतिलाई दुई जनाको कमाइ घरभित्र पसेपछि अलि सुबिस्ता हुने कुरा सम्झाएकी छ । थप उसले तीन महिनामा नै सन्तान पनि हुने र घरको खर्च बढ्न जाँदा एक्लैको आम्दानीले धान्न कठिन पर्ने कुरा भनेपछि गोविन्दले पढाइ छोडेर सम्पत्ति कमाउन जागिर गर्नुपर्ने भन्ने विषयमा उसका दाइभाउजूका बिचमा चर्किएको सम्पत्ति र आम्दानीमा केन्द्रित द्वन्द्व दाइचाहिँ पछि हटेपछि एकाएक मथ्थर भएको देखिन्छ ।

कथामा भोलिपल्ट बिहान दाइ अड्डा जान र भाइचाहिँ स्कुल जान लागेका बेलामा घरको ढोकैमा दुई भाइको भेट भएको छ । यस क्रममा दाइले भाइलाई पढाइ छोडेर जागिर खान उचित हुने भन्दै सम्झाएको देखिन्छ । यस सन्दर्भमा दाइले "अब कति पढ्छौ भाइ ? ... यो अङ्ग्रेजीले तिमीलाई खान लाउन दिन्न, न म्याट्रिक पास हुनेबित्तिकै पैसा नै बर्सन थाल्छ । यो धनीहरूको शोभाको वस्तु हो" (भिक्षु, २०५२, पृ. ८७) भनेको छ । यस उद्धरणले दाइको आशयलाई स्पष्टसँग देखाएको छ । उसले पत्नीकै लयमा दिशान्तर भई भाइलाई पढाइ छोडेर कमाउने धन्दामा लाग् भन्ने सङ्केत घुमाउरो तरिकाले गरेको छ । उसले अहिलेलाई काम चल्ने पढाइ पूरा गरेकाले म्याट्रिकको आवश्यकता नपर्ने हुँदा घरको काम जुन हिसाबले चल्दछ त्यतै लाग्दा उत्तम हुने भनेर भाइलाई सम्झाएको छ । धनीहरूको शोभा मानिने अङ्ग्रेजी पढाइ र म्याट्रिकको योग्यताले खानलाउन नदिने भएकाले अब पढाइ छोडेर पैसा कमाउने कामकाजमा लाग्दा उत्तम हुने निर्देशन दाइले भाइलाई दिएको देखिन्छ । अर्कोतर्फ पढाइलाई निरन्तर अघि बढाउन चाहेको गोविन्द दाइको कुरा सुनेपछि मूर्तिवत् भएर ठाउँको ठाउँमै उभिएर आकाशपाताल गर्न थालेको छ । उसले मनमनै "स्कुल, पढाइ, अङ्ग्रेजी, किताब सबैसित बिदा हुनुपर्नेछ" (भिक्षु, २०५२, पृ. ८८) भनेको छ । यस उद्धरणमा पढाइ छोडेर जागिर खाने मेलोमा लाग्ने कुराबाट गोविन्द निराश देखिएको छ । उसको मानसपटलमा स्कुल, पढाइ, अङ्ग्रेजी, किताब सबैसित बिदा हुनुपर्ने भयो भन्ने विचारधारा फनफनी घुम्न थालेको छ । यस तथ्यले ऊ पढाइ छोडेर जागिर खान चाहन्न भन्ने देखिन्छ । उसको इच्छा पढाइलाई नै निरन्तरता दिने रहेको छ तर घरको आर्थिक अवस्था र दाइको दबाबका कारणले गर्दा उसलाई पैसा कमाउने बाटोमा लाग्नुपर्ने देखिएको छ । यसले दाइको विचार र सल्लाहबाट ऊ असन्तुष्ट र असहमत एवम् बेचैन भएको देखिन्छ । यसपछि अब गोविन्द पढाइ छोडेर सम्पत्ति आर्जनको बाटोमा लाग्नुपर्ने बाध्यतामा आइपुगेको देखापर्छ । खुलेर दाइको प्रस्तावको विरोध गर्न नतम्सिएको भए पनि उसले सङ्केत गरेको असन्तुष्टिले गोविन्द र उसको दाइका बिचमा पारिवारिक स्तरमा देखापरेको सम्पत्तिसम्बद्ध बाह्य द्वन्द्वको स्थिति उत्पन्न भएको स्पष्ट हुन्छ ।

'मानव' कथामा म्याट्रिक पढिरहेको गोविन्दको घरको आर्थिक अवस्था कमजोर भए पनि उसको दाइले आफूले जागिर खाएर भाइलाई पढाइरहेको छ । उसकी भाउजूले भने देवरले पढाइ छोडेर जागिर खाओस् भन्ने चाहेकी छ । दाइचाहिँले भाइले पढोस् भन्ने र भाउजू भने देवरले पढाइ छोडेर आम्दानीको बाटोमा लागोस् भन्ने विचारमा रहेकी कथामा देखाइएको छ । पत्नीको अडानलाई थेग्न नसकेर गोविन्दको दाइले पनि भाइलाई पढाइ छोड्न र कमाइ हुने जागिर खान दबाब दिँदा भाइचाहिँ दाइको कुराबाट असन्तुष्ट भएको छ । यसरी गोविन्दका दाइ र भाउजू अनि गोविन्द र उसको दाइका बिचमा सम्पत्तिकेन्द्रित द्वन्द्वको स्थिति

सिर्जना गरेर कथामा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२) रक्सीबाज

'रक्सीबाज' कथामा तारानाथलाई रामेश्वरकी स्वर्गे भइसकेकी जेठी श्रीमतीतर्फको एक मात्र सन्तान भनेर चिनाइएको छ । ऊ नजन्मिदै उसको घरको आर्थिक अवस्था सारै नाजुक रहेकामा बाबु रामेश्वरले कठिन परिश्रम गरेर मध्यवृत्त श्रेणीको आर्थिक अवस्थामा पुऱ्याएको कथामा देखिन्छ । तारानाथकी आमा स्वर्गे भएपछि उसका बाबुले सौतेनी आमा भित्राएपछि त्यसतर्फ दुई भाइ र एक बहिनी भएका छन् । समयक्रममा रामेश्वर बूढो भएर केही गर्न नसक्ने भएपछि तारानाथकी सौतेनी आमा र त्यसतर्फका दुई भाइको पारिवारिक सम्पत्तिमा प्रभाव र वर्चश्व बढेको छ । तारानाथलाई भने हेला, तिरस्कार र अपमान गरेर पारिवारिक सम्पत्ति र त्यसको व्यावहारिक उपयोगबाट विमुख गरिएको देखिन्छ । यसले गर्दा हेपिएको तारानाथ असन्तुष्ट भएबाट परिवारमा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति बनेको देखापर्छ । यसैबिच उसले आफ्नो असन्तुष्टि व्यक्त गर्ने तागतको रूपमा रक्सीसेवनको सहारा लिन थालेको छ । उसको यस्तो बानी ठीक भएन भनेर बहिनी मञ्जेश्वरीले भन्दा तारानाथले "तर हेर, त्यस मूर्ख बूढोलाई मुठ्ठीमा पारेर चाहिएजति धनसम्पत्ति थुत, मलाई त्यसको वास्ता छैन, तर मसँग अनाहकमा कलह बेसाउनु राम्रो हुँदैन है !" (भिक्षु, २०५२, पृ. ९८) भनेको छ । यस उद्धरणमा तारानाथ सौतेनी आमातिरका सबैसित उनीहरूले घरको सम्पत्ति सबै हड्पेर उपयोग गरिरहेका र बूढा बाबुलाई मुठ्ठीमा पारेर आफूलाई घरको सम्पत्तिबाट विमुख बनाएका भनेर असन्तुष्ट भएको देखिन्छ । उसले आफूलाई त्यसको वास्ता छैन भनेको भए पनि त्यसकै कारणले ऊ क्रोधित बनेको छ । यसैले गर्दा उसले बहिनीमार्फत सौतेनी नालपट्टिका सबैलाई मूर्ख बूढो बाबुलाई मुठ्ठीमा पारेर घरको सबै धनसम्पत्ति थुतेको आरोप लगाएको छ । बहिनी मञ्जेश्वरीले यस विषयमा विवाद र झैझगडा गर्ने इच्छा भए आमा र माहिला दाइसँग गएर कुरा गरे ठीक हुने जवाफ दाजु तारानाथलाई फर्काएकी छ । कथाको यस सन्दर्भले तारानाथ र सौतेनी नालतर्फका पात्रहरूका बिचमा सम्पत्तिसम्बद्ध भएर बाह्य द्वन्द्वको स्थिति बन्दै गएको देखिन्छ ।

कथामा मञ्जेश्वरीको इयरिङ्ग हराएको घटनाले परिवारमा ठूलै हल्लीखल्ली भएको छ । यसै विषयलाई लिएर राति भात खाने बेलामा कुशेश्वरले "आज त जाबो इयरिङ्ग नै हरायो, तर केही दिनमा हेर्दछु, घरको तृणपर्यन्त बाँकी रहनेछैन" (भिक्षु, २०५२, पृ. १००) भनेको छ । यस उद्धरणमा कुशेश्वरले दाजु तारानाथलाई इयरिङ्ग चोरेको आरोप लगाउन खोजेको छ । उसको यस आरोपमा उसका भाइ र आमा एकै मुख भएका देखिन्छन् । तिनै जना इयरिङ्ग तारानाथले लगेको र यसै गरी केही दिनमा घरको तृणपर्यन्त सबै सम्पत्ति सकिनेछ भन्ने निष्कर्षमा पुगेका छन् । उनीहरूको कुराबाट क्रोधित भएको तारानाथले सहन नसकी खान लागेको थाल अलि पर सारेर उफ्रँदै "के देख्लास् ? जम्मै धनसम्पत्ति थुत्ने, नाश पनि पार्ने, अझ देखौंला रे ! मेरा त कुरा खस्रा छन्, ... कता गएको छ, ... यो मलाई पनि थाहा छ । मैले पनि जान्या छ" (भिक्षु, २०५२, पृ. १००) भनेको छ । यस उद्धरणमा तारानाथ आफूलाई निर्धो देखेर इयरिङ्ग र अन्य सम्पत्ति बर्बाद पार्न थालेको आरोप लगाइएको बुझेर

जङ्गिएको छ । उसले भाइहरू र सौतेनी आमालाई घरको सबै धनसम्पत्ति थुतेको र नाश पारेको भनेको छ । घरको सम्पत्ति हातमा लिएर नाश पार्नेहरूले नै आफूलाई देख्लास् भनेर थर्काउने र धम्काउने गरेकामा उसले यसका लागि आफूले पनि के गर्ने भन्ने जानेको भनेर तर्साएको छ । कथामा देखिएको सम्पत्तिसम्बन्धी यस्तो विवादले पात्रहरू सम्पत्तिका लागि बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् । कथामा आएको पछिल्लो कथात्मक घटनामा रामेश्वर बूढाले ढुकुटीको साँचो तारानाथलाई दिएर स्वर्गे भएको देखाइएको छ । बूढाको काजक्रिया सकिएपछि आफन्त र सुभेच्छुकहरू जम्मा भएर बम्बे ढुकुटीबाहेक एकेक तृणपर्यन्त सम्पत्ति बाँडफाँड गरी छुट्टाइदिँदा कानुनअनुसार सौतेनी नालतर्फका सबैको भन्दा धेरै अंश तारानाथले प्राप्त गरेको देखिन्छ । यसपछि भने कथामा देखिएको सम्पत्तिसम्बन्धी द्वन्द्व मथ्थर हुँदै गरेको देखिए पनि बूढाले दिएको ढुकुटीमा भूतख्याक छ भन्दै तारानाथले विवाद झिक्दै गरेकाले यसबाट तारानाथ र सौतेनी नालतर्फका पारिवारिक सदस्यहरूबिचको सम्पत्तिका लागि सिर्जना भएको बाह्य द्वन्द्वले निरन्तरता पाइरहने सङ्केत पाइन्छ ।

'रक्सीबाज' कथामा तारानाथ पारिवारिक सम्पत्तिको स्वामित्वबाट विमुख गरिएकाले आफू हेपिएको ठानी असन्तुष्ट भएको छ । उसको विरोध र असन्तुष्टि सबै पारिवारिक सम्पत्ति आफ्नो जिम्मामा लिएर सँभालेका सौतेनी नालतर्फका आमा भाइबहिनीहरूसँग केन्द्रित रहेको छ । यसले गर्दा तारानाथ र उसका सौतेनी नालतर्फका परिवारका सदस्यहरू सम्पत्तिकेन्द्रित द्वन्द्वको चापमा पर्न गएका छन् । यसरी पारिवारिक सदस्यहरूका बिचमा सम्पत्तिका लागि सिर्जित द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(३) सैतानको सैतानी

'सैतानको सैतानी' कथामा बूढो वाहिद र उसकी पत्नी रजियाका बिचमा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति देखिएको पाइन्छ । कथामा गरिब वाहिद सहरको एउटा सानो ठाउँमा सिङ्गर सुइङ्ग मेसिन राखेर दर्जीको काम गर्दै गरेको र त्यसबाट साँझसम्म आएको कमाइबाट उसको परिवारको छाक टार्ने बन्दोबस्त हुँदै आएको देखाइएको छ । यस सन्दर्भमा कथामा "लोग्ने वाहिदसित उसको नाता-सम्बन्ध एउटा व्यवसाय र हुने आम्दानीसम्मको भैं मात्र थियो ...फेरि आए जतिको पैसामा कहीं कुनै फजूल खर्च नभएर जम्मै पैसा रजियाले नै पाई कि पाइन भन्ने कुराहरू नै ती दुवै स्वास्नी-लोग्नेका पारस्परिक सम्बन्ध थिए" (भिक्षु, २०५२, पृ. ११०) भनिएको छ । यस उद्धरणमा वाहिदले आफूले दिनभरि कमाएको पैसा आफैले नराखेर सबै पत्नी रजियालाई बुझाउने गरेको देखाइएको छ । पतिको कमाइ सबै आफैले लिएर घरको आर्थिक परिपाट मिलाउने कार्य रजियाले गर्ने गरेकी छ । वाहिद र उसकी पत्नीको नातासम्बन्ध व्यवसाय र आम्दानीमा मात्र सीमित भएको छ । रजियाले वाहिदको दिनभरिको कमाइ, उसले कमाइमा गर्न सक्ने भूलचूक र फजूल खर्च गरे नगरेको कडाइका साथ निगरानी गर्ने गरेकी छ । खर्चमा सकेसम्म कसकास गरेर बचत गर्ने चेष्टा उसको रहँदै आएको देखिन्छ ।

कथामा वाहिदको ससुरा मरेको खबर आएको छ । यस सन्दर्भमा "वाहिदको एकदम बूढो भइसकेको ससुरा मऱ्यो, ... त्यस बूढोको कोही हकवाला थिएन, यसैले उसको सारा

श्रीसम्पत्तिको अधिकारिणी एक मात्र रजिया नै हुन आउली" (भिक्षु, २०५२, पृ. १११) भनिएको छ । यस उद्धरणमा पत्नीका नाममा ससुरालीको सम्पत्ति आउने कुराले वाहिद चिन्तित देखिएको छ । उसको सुसुरो बूढो मरेकै भएर अरू हकवाला नभएकाले गर्दा सम्पत्ति पत्नीका नाममा आएमा त्यही सम्पत्तिको धाक देखाएर पत्नी रजियाले परिवारमा हैकम देखाउन थाल्ने उसले ठानेको छ । यसो भएमा आफू पत्नीबाट अपमानित हुनुपर्ने अवस्था आउन सक्छ भन्ने उसलाई लागेको छ । त्यसैले समाचारको खराबीलाई थाहा पाएर वाहिदले बूढो मरेको दोस्रो दिन नै सपरिवार माइतीतिर हिँडिहाल्ने पत्नी रजियाको प्रस्तावलाई राम्ररी नबुझी धनको लोभमा त्यसै दगुर्न नहुने भन्दै अस्वीकार गरेको छ । माइतमा नगए पनि रजियाले बाबुको सम्पत्ति आफ्नो नाममा आउने भयो भन्ने ठानेर बूढो बाबु मरेको दोस्रो दिन बिहानको खानामा मीठामीठा परिकार बनाई परिवारमा भोज गरेकी छ । उसले वाहिदलाई थाल छोड्न नसकेको देखेर के चाहियो ? भन्दै झर्किएर हैकम देखाएकी पनि छ । यसले वाहिदलाई सशङ्कित बनाएको देखिन्छ । खाना खाएर आफ्नो काममा गई साँझ घरमा आएर दिनभरि कमाएको पैसा रजियाको हातमा राख्दा सारा पैसा एकातिर हुर्च्याएर नाकमुख बङ्ग्याउँदै उसले कथामा "यति जाबो पैसा लिएर काम चल्दैन; यसरी कहाँसम्म चिच्चाई चिच्चाई मरुँ ! यी यतिका औलाद लिएर अब यो रोजीको कमाइमा गुजारा हुन सक्नेछैन है ! म त सफा भनिरहिछु !" (भिक्षु, २०५२, पृ. ११२) भनेकी छ । यस उद्धरणमा माइतीको सम्पत्ति आउने भयो भनेर रजियाले वाहिदलाई धम्कीपूर्ण व्यवहार गर्न थालेकी देखाइएको छ । उसले पति वाहिदसँग यति धेरै औलादको पालनपोषणको लागि उसको यति जाबो कमाइले नपुग्ने भएकाले यसकै लागि आफू चिच्चाई चिच्चाई मर्न नसक्ने भनेकी छ । माइतीको सम्पत्ति आफ्नो नाममा आउने भयो भन्ने विश्वास गरेर उसले पतिलाई यस्तो धम्कीपूर्ण दबाब दिएकी देखिन्छ । उसको यस्तो व्यवहारबाट पति र पत्नीका बिचमा सम्पत्तिसम्बद्ध बाह्य द्वन्द्वले उत्कर्ष रूप लिने सङ्केत देखिएको छ ।

सम्पत्तिको विषयमा देखिएको विवादले उग्ररूप लिँदै गर्दा वाहिदले सम्झाए पनि उसकी पत्नी रजियाले मान्ने अवस्था देखिँदैन । समस्याको जटिलतालाई बुझेर उसले यसलाई परिवारमा पर्न आएको अपवित्र साया ठानेको छ । बिहानको खानामा जस्तै रात्रीको खानामा पनि रजियाले कैयौँ किसिमका परिकार बनाएकी छ । खाना खाने बेलामा रजियाले पतिलाई थप्ने चेष्टा पनि गरेकी छैन । बरु उसले कथामा "यो वाहिद साँच्चिकै धेरै खाने मानिस रहेछ; यसैले गर्दा हाम्रो घरमा बरकत भएन । ... वाहिदको आकृतिमा उसलाई एउटा जीउँदो दरिद्रीको रूप देखा पर्न गयो" (भिक्षु, २०५२, पृ. ११३) भनेकी छ । यस उद्धरणमा रजियाले वाहिदकै कारणले गर्दा आफ्नो परिवार सम्पन्न हुन नसकेको भन्ने ठानेकी देखाइएको छ । उसले वाहिद धेरै खाने मानिस भएको अनि उसले सम्पन्न बन्ने गरी कमाइ नगरेको र उसको आकृति पनि हेर्दैमा दरिद्रीको जस्तो देखिने भनेकी छ । घरमा यस्तो दरिद्री पति भएको कारणले गर्दा मृत बाबुको सम्पत्ति प्राप्त भएपछि त्यो सबै उसका पति र छोराछोरीले सकिदिनेछन् भन्ने डर उसलाई लागेको छ । उसकै कारणले गर्दा आउने सम्पत्तिको राम्रो उपयोग हुन नसक्नेमा रजिया सशङ्कित देखिएकी छ । उता वाहिद भने ससुरालीको सम्पत्ति आएपछि हुन सक्ने परिणामलाई विचार गरेर प्रार्थना गर्दै "ससुरा मरेकै छैनन् भन्ने खबर आओस्; मरेकै छन् भने पनि तिनको कुनै श्रीसम्पत्ति रहेनछ भन्ने होस्" (भिक्षु, २०५२, पृ. ११४) भनेको छ । यस उद्धरणमा वाहिदले आफ्नो घरमा ससुरालीको सम्पत्ति नभित्रियोस् भन्ने चाहेको

देखिन्छ । उसले रजियाको बूढो बाबु आफ्नो ससुरा मरेकै छैनन् र मरेकै रहेछन् भने पनि तिनको श्रीसम्पत्ति केही पनि रहेनछ भन्ने खबर आओस् भनी कामना गरेको छ । कथामा रजिया बाबुको सम्पत्ति आउने भयो भनेर उन्मत्त भएकीमा वाहिद भने त्यो आएपछि परिवार नै विघटन हुने डरले तर्सिरहेको छ । यसले गर्दा पति वाहिद र पत्नी रजियाका बिचमा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति निकै पेचिलो बन्दै गएको देखिन्छ ।

कथामा वाहिदको ससुरालीबाट अर्को खबर आएको छ । यस सन्दर्भमा कथामा "वाहिदको ससुरा मर्न त मरेकै हो तर उसले आफ्नो श्रीसम्पत्ति बेहोर्ने आफ्नो टाढाको दाजु पर्नेको छोरालाई मुतबन्ना बनाई मरेको छ" (भिक्षु, २०५२, पृ. ११४) भनिएको छ । यस उद्धरणमा सङ्केत गरिएको खबरबाट वाहिद सन्तुष्ट हुने र उसकी पत्नी रजिया भने असन्तुष्ट बन्ने देखिन्छ । प्राप्त खबरअनुसार वाहिदको ससुरो मरेको भए पनि उसले आफ्नो सम्पत्ति पाउने गरी टाढाको दाजु पर्नेको छोरालाई मुतबन्ना बनाई मरेको छ । यसबाट वाहिदले आफ्नो अगाडि आउनै लागेको सङ्कट टरेको महसुस गरेको भए पनि रजिया भने यो खबर पाएपछि आफ्नो स्वामित्वमा आउनै लागेको माइतीको सम्पत्ति गुमेको महसुस गरेर क्रुद्ध बनेकी छ । उसले दरिद्र वाहिदकै कारणले गर्दा पहिले नै नगएर बाबुको सम्पत्ति फुत्किएको भनेर पतिसँग चिच्चाएर आक्रोश पनि पोखेकी छ । उल्लिखित कथात्मक सन्दर्भबाट वाहिद र उसकी पत्नी रजियाका बिचमा सम्पत्तिका लागि बाह्य द्वन्द्वको स्थिति उत्कर्षमा पुगेको देखिएको छ ।

'सैतानको सैतानी' कथामा वाहिद र उसकी पत्नी रजिया घरको आर्थिक अवस्था, दैनिक कमाइ र ससुरालीबाट प्राप्त हुने भनिएको सम्पत्तिका विषयलाई लिएर विवादमा अल्झिई असन्तुष्ट बनेका देखिन्छन् । रजियाले पतिको दैनिक कमाइले घर नचल्ने भनिरहेकी छ भने पति वाहिद ससुरालीको सम्पत्ति घरमा भित्रिएमा परिवार नै विघटन हुने त्रासमा रहेको देखिन्छ । यसैबिच रजियाको बाबु मरेको भए पनि उसले आफू मर्नुभन्दा अघि नै मुतबन्ना बनाई मरेकाले ससुरालीको सम्पत्ति नआउने भएपछि वाहिद सन्तुष्ट भएको छ । उता रजिया भने पतिकै कारणले गर्दा माइतीबाट आउन लागेको सम्पत्ति गुमेको भनेर पतिसँग आक्रोशित भएकी छ । यसले गर्दा वाहिद र रजिया सम्पत्तिकेन्द्रित द्वन्द्वको चापमा परेका देखिन्छन् । यसरी पति र पत्नीका बिच सम्पत्तिका लागि सिर्जित द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(४) साहुको सम्पत्ति

'साहुको सम्पत्ति' कथामा साहु हरिमान र उसका छोराबुहारीहरूका बिचमा पारिवारिक सम्पत्तिका विषयमा विवाद भएको छ । कथामा ससानो पसलबाट व्यापार प्रारम्भ गरेको हरिचा भनेर चिनिने हरिमानले निकै परिश्रम गरेर व्यापार बढाउँदै जाँदा हरि साहु भएको र पछिल्लो समय व्यापारमा निकै उन्नति गरेपछि ऊ हरिमान साहु भनेर समाजमा चिनिन थालेको छ । एक्लै लगनशील भएर उसले यस्तो समृद्धि प्राप्त गरेको देखिएको छ । परिवारका अरू सदस्यहरू उसको व्यवसायमा सहयोगी देखिँदैनन् । यस सन्दर्भमा कथामा "दुवै छोराहरूमध्ये एउटा बाह्रमासे जुवाडे भएको र अर्को चाहिँले त्यस जुवाडेसित निरन्तर झगडा गरिरहने र जम्मा भएको जम्मै माल आफै मात्र हात पार्ने वृत्ति पनि समात्यो" (भिक्षु, २०५२, पृ. १२२) भनिएको छ । यस उद्धरणमा पसल व्यवसाय गरेर सम्पत्ति कमाउन साहु हरिमान

एक्लै लागिपरेको देखाइएको छ । उसका दुई भाइ छोराहरूमध्ये जेठो जुवाडे भेटेसम्म बाबुले कमाएको धन जुवा खेलेर फुक्न चाहने र कान्छोचाहिँ दाजुसँग झगडा गर्ने अनि बाबुले जोडेको धनमाल आफैले मात्र हात पार्ने वृत्तिमा लागेको देखिन्छ । बुहारीहरू पनि प्रायः एकापसमा झगडा गरिरहने कथामा देखाइएको छ । परिवारमा देखिएको यस्तो स्थितिले गर्दा हरिमान सम्पत्ति कमाउन र जोड्न तल्लीन भएको देखिए पनि छोराबुहारी भने उसले कमाएको सम्पत्तिका लागि झैझगडा गर्न तम्सिएर घरको वातावरणलाई द्वन्द्वतर्फ धकेल्दै गरेका देखिन्छन् ।

साहु हरिमानलाई घरको परिस्थिति र छोराबुहारीको व्यवहार मन परेको छैन । त्यसैले उसले दुःख गरेर कमाएको सम्पत्ति केही नगरी बस्ने अनि सम्पत्तिमा आँखा गाडिरहने छोराबुहारीलाई दिन चाहेको देखिँदैन । यस सन्दर्भमा कथामा "उनले आर्जित गरेका सम्पत्तिको महत्त्व सम्झे; फेरि यता घरको यो वातावरणलाई विचार गरे । अनि, त्यस उमेरमा पनि उनले कारबार, रोजगारलाई झन् आफ्नो सतर्कता दिएर फलामे सेफको साँचोलाई आफ्नै तनामा राम्ररी बाँधे" (भिक्षु, २०५२, पृ. १२२) भनिएको छ । यस उद्धरणबाट साहु हरिमान छोराबुहारीको चाला देखेर सतर्क भएको छ । उसले आफूले आर्जन गरेको सम्पत्तिको महत्त्व बुझेर धनदौलत राखेको फलामे सेफको साँचोलाई आफ्नै दौराको तुनामा सुरक्षित किसिमले बाँधेर आफ्नो कारोबारलाई सतर्कतासाथ अघि बढाउँदै गरेको देखिन्छ । बूढाको यस्तो चलाखी र सतर्कताबाट सम्पत्तिका लागि जुधिरहेका उसका छोराबुहारी असन्तुष्ट बनेका छन् । यसले गर्दा कथामा सम्पत्तिसम्बद्ध बाह्य द्वन्द्वको स्थिति पेचिलो बनेको छ ।

कथामा कान्छी बुहारीले जेठाजुले घरको मालमत्ता जम्मै जुवामा थाप्न थालेको भनेर आफ्ना पतिसँग भन्दा हरिमानको कान्छो छोराले "पख न पख ! बूढोबाट साँचो फुत्काएपछि दाइ जुवा खेलिरहून् । अचम्मै लाग्छ यो बूढोको पनि चाला देखेर ! यत्तिको उमेर भए पनि कस्तो लोभी होला : तर जे भए पनि अहिले उसको चाकरी नै गर्नुपर्छ" (भिक्षु, २०५२, पृ. १२३) भनेको छ । यस उद्धरणबाट साहु हरिमानको कान्छो छोरो दाइलाई जुवामा भुलाएर बाबुलाई फकाई सेफको साँचो फुत्काएर सम्पत्ति आफ्नो हातमा पार्ने प्रयत्नमा लागेको देखिन्छ । उसका बाबुले यत्रो उमेर हुँदा पनि लोभ गरेर सम्पत्ति दिन नचाहेकामा ऊ असन्तुष्ट भएको छ । तैपनि उसले बाबुको चाकरी गरेर सम्पत्ति फुत्काउन लागिपरेको छ । उता जेठी बुहारीले हातमा एक पैसा नभएको र लुगाफाटाको हबिगत टिठलाग्दो रहेको गुनासो आफ्ना पतिसँग गर्दै गरेकी छ । यसै क्रममा हरिमानको जेठा छोराले "बडो काम गर्ने भएको ! के मलाई पनि काम गर्ने ढङ्ग छैन ? ... मलाई पनि जम्मै कुरा था'छ । बूढोको साँचोको तनामा कसको दृष्टि पुग्या छैन ?" (भिक्षु, २०५२, पृ. १२३) भनेको छ । यस उद्धरणबाट साहुका जेठा छोराले भाइले काम गरेजस्तो गरेर बूढाको तुनाको साँचो फुत्काउन चाहेको कुरा आफूले राम्ररी थाहा पाएको र यसलाई आफूले पनि हेरिरहेको सङ्केत गरेको छ । यसबाट छोराहरूलाई सम्पत्ति दिनै नचाहने हरिमान अनि बाबुको सम्पत्ति कसले कसरी फुत्काउने भनेर तल्लीन भइरहेका उसका छोराहरूका बिच परस्पर सम्पत्तिसम्बद्ध बाह्य द्वन्द्वको स्थिति देखिएको पाइन्छ ।

कथामा साहु हरिमानका दुई भाइ छोराहरू हिंसात्मक द्वन्द्वमा उत्रिएका देखिन्छन् । यस सन्दर्भमा कथामा "साहूको जुवाडेलाई जुवाको मार परेर रुपियाँको जरुरत थियो; र साहूको

तना हेर्नेलाई त्यस जुवाडेको उद्वेगलाई घोचेर त्रस्त पार्ने मनसाय थियो । यही द्वन्द्वमा पहिले जिभ्रोको संघर्ष भयो, अनि हातपात, त्यसपछि घरमा भएका अस्त्र-शस्त्रहरूको उपयोग" (भिक्षु, २०५२, पृ. १२४) भनिएको छ । यस उद्धरणमा सम्पत्तिसम्बन्धी तानातानीले गर्दा परिवारका सदस्यहरूका बिचमा हिंसात्मक द्वन्द्वको स्थिति सिर्जना भएको देखाइएको छ । जुवाडे छोरालाई जुवाको मार परेर रूपैयाँ चाहिएको र साहुको तुनाको साँचो ढुकेर बसेको कान्छो छोरो भने त्यही मौकामा दाजुलाई घोचेर तर्साउने क्रियामा लाग्दा दुई भाइबिच भनाभन, हातपात र मारामारको स्थिति देखिएको छ । परिमाणतः जेठोलाई अस्पताल पुऱ्याइएको र कान्छोलाई पुलिसले समातेर लगेको देखिएबाट सम्पत्तिका विषयमा भएको दुई भाइका बिचको द्वन्द्वले हिंसात्मक रूप लिन पुगेको छ । उल्लिखित कथात्मक सन्दर्भबाट एउटै परिवारका बाबु र छोराबुहारीहरूका बिचमा सम्पत्तिसम्बन्धी विवाद बल्झिएर कथामा बाह्य द्वन्द्वको स्थिति उत्कर्षमा पुगेको पाइन्छ ।

'साहुको सम्पत्ति' कथामा साहु हरिमान सानो लगानीबाट पसल व्यवसाय गरेर त्यसलाई बढाउँदै लगी सम्पत्ति कमाउन सफल भएको छ । उसका दुई भाइ छोरा भने जुवा खेल्ने र बाबुको सम्पत्ति फुत्काउने ध्याउन्नमा लागेका देखिन्छन् । बुहारीहरू पनि धन कमाउने सोचका देखिँदैनन् । यसैले गर्दा साहुले आफ्नो साँचो बलियो पारेर सेफमा आफूले कमाएको सम्पत्तिलाई सुरक्षित गरेको छ । छोरा बुहारीहरू बूढाको सम्पत्ति कसरी हात पार्ने भनेर तानातानीमा लागेकामा साहुका दुई भाइ छोराहरूका बिचमा मारपिट नै भएको छ । यस किसिमको विवादका कारण पात्रहरू बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् । यसरी साहु हरिमान र उसका छोराबुहारीहरूका बिचमा सम्पत्तिको विषयलाई लिएर देखिएको विवादलाई उपयोग गरी त्यसकै माध्यमबाट कथामा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(५) मैयाँसाहेब

'मैयाँसाहेब' कथाका दुई प्रमुख पात्रमध्ये मैयाँ राणा खानदान र कुलीन परिवारकी छोरी अनि अजय भने मैयाँकै दरबारमा काम गर्ने कारिन्दाको छोरो भएर देखिएका छन् । फरक आर्थिक स्थितिले गर्दा मैयाँ र अजयका बिचमा अवरोधक बनेर सम्पत्तिले नापिने छोटो र बडोको छेको देखापरेको छ । अजयले आफूहरूबिचको आर्थिक भिन्नतालाई कथामा सन्दर्भलाई "एकाएक उसलाई आफ्नो साधारण गृहस्थी, घर र रहनसहनको सम्झना भयो; आफूले लगाएको लुगा पहिरनमा पनि उसको दृष्टि गयो । उसले तुरुन्तै आँखा घुमाएर दरबारको सुसज्जित कोठा, मूल्यवान् वस्त्रभूषामा पल्टिरहेकी सुन्दरी मैयाँलाई हेऱ्यो । 'कतै सामञ्जस्य छैन' भन्ने कुरा उसले सम्झ्यो" (भिक्षु, २०६३, पृ. ४) भनी प्रस्तुत गरिएको छ । यस उद्धरणमा अजयले मैयाँ र आफूबिचको आर्थिक भिन्नतालाई आँकलन गर्दै गरेको देखाइएको छ । उसको साधारण गृहस्थी छ । घर, रहनसहन, उसले लगाएको लुगा पहिरन सबै साधारण छ । उता मैयाँको घर दरबार, सुसज्जित मूल्यवान् वस्त्राभूषण, काम गर्ने मानिस सबैतिरबाट ऊ सम्पन्न छे । यसले गर्दा दुई पात्रका बिचमा आर्थिक सम्पन्नता र सम्पत्तिका दृष्टिले केही कुरामा पनि सामञ्जस्यता देखिँदैन । मैयाँसँग प्रेम गरेको भए पनि सम्पत्तिका दृष्टिले देखिने यस्तो फरकले गर्दा अजय बेचैन भएको छ । धेरै कुरा फरक भए पनि

एकअर्कालाई माया गरेका त छौँ भनेर अजयले भन्दा मैयाँले "हेर्दछु, अनुमानभन्दा पनि तिमी साह्रै नै तल्लो श्रेणीका मानिस हौ कि" (भिक्षु, २०६३, पृ. ४) भनेकी छ । यस उद्धरणमा मैयाँले अजयलाई आर्थिक रूपमा होच्याउन खोजेकी देखाइएको छ । उसले अजयलाई आफूले अनुमान गरेभन्दा पनि साह्रै नै तल्लो श्रेणीको मानिस भनी होच्याउन खोजेकी छ । उसले तल्लो श्रेणी भनेर आर्थिक रूपमा विपन्न भन्ने सङ्केत गर्न खोजेकी स्पष्ट हुन्छ । मैयाँको यस कुराबाट उसका र अजयका बिचमा भएको प्रेममा सम्पत्तिको छोटोबडोको नापो बाधक बनेकाले गर्दा दुई पात्रका बिचमा सम्पत्तिमा केन्द्रित भएर द्वन्द्वको स्थिति बढ्न थालेको देखिन्छ ।

कथामा कुराकानीको क्रममा मैयाँले अजयलाई माया गरेकी भए पनि त्यसलाई भूल ठानेकी र माया भने गरिरहने भनेकी छ । उसको यस भनाइप्रति कटाक्ष गर्दै अजयले "कदाचित् प्यारको यो व्याख्या र वर्णन सामाजिक श्रेणी, पद, मर्यादा र सम्पत्ति-वैभवको उब्जा हो" (भिक्षु, २०६३, पृ. ५) भनेको छ । यस उद्धरणमा अजय मैयाँसँग असन्तुष्ट भएको देखिन्छ । उसले प्रेमसम्बन्धलाई सामाजिक श्रेणी, पद, मर्यादा र सम्पत्ति-वैभवको उब्जाको रूपमा व्याख्या गर्न नहुने भन्ने विचार पनि राखेको छ । प्रेम गर्ने अनि त्यसलाई भूल ठान्ने मैयाँको कुरालाई उसले आर्थिक श्रेणी र सम्पत्तिवैभवको घमण्डकै परिणाम भएको ठानेको छ । अजयले प्रेममा सामाञ्जस्य र समता हुनुपर्ने ठानेकामा मैयाँले भने आफू सम्पन्न भएकीले अजयलाई आर्थिक रूपमा हीन देखाएर ठूल्याइँको इज्जत देखाउन चाहेकी छ । यसबाट अजय असन्तुष्ट भएको देखिँदा परस्पर प्रेम गरेका दुई पात्रका बिचमा सम्पत्ति र त्यसले सिर्जना गरेको आर्थिक श्रेणी तगारो बनेको देखापर्छ । यही आर्थिक विभेदकै कारणले गर्दा प्रेम गरेका भए पनि मैयाँ र अजयको बिहे आआफ्नो आर्थिक वर्ग मिल्ने गरी सम्पन्न भएको पनि कथामा देखाइएको छ ।

कथामा मैयाँसँग साम्पत्तिक विभेदले असन्तुष्ट बनेको अजय सत्ताशक्ति हातमा लिएर आर्थिक कुलीनवर्गको रूपमा स्थापित भई सत्तामा रहेको राणाशासनका विरुद्ध देशमा प्रारम्भ भएको प्रजातान्त्रिक क्रान्तिमा संलग्न भएको छ । यो कुरा थाहा पाएर मैयाँले अजयलाई लेखेको चिठीमा "सुन्दछु, तिमी कुनै गुप्त राजनीतिक षडयन्त्रमा पनि उत्रेका छौ" (भिक्षु, २०६३, पृ. ७) भनेकी छ । यस उद्धरणबाट प्रजातान्त्रिक क्रान्ति सफल भएमा आफ्नो सम्पत्तिवैभव सबै खोसिने डरले मैयाँले अजयलाई षडयन्त्रमा लागेको भनेर क्रान्तिप्रति वितृष्णा देखाउँदै असन्तुष्टि व्यक्त गरेकी देखिएको छ । उता क्रान्तिको सफलतासँगै अजयको वैभव र उचाइ बढेको र सरकारी सहायता अनि संरक्षण सबै खोसिएर सबै राणाहरूसँगै मैयाँको पतिगृहको आर्थिक अवस्था पनि अवसानोन्मुख हुन गएको देखिन्छ । यसैले मैयाँ र उसका पति देश नै छोडेर प्रदेशतिर लाग्ने तरखरमा देखिएका छन् । उल्लिखित कथात्मक सन्दर्भले गर्दा मैयाँ र अजय दुई पात्र सम्पत्तिकेन्द्रित द्वन्द्वको चापमा परेको देखिएका छन् ।

'मैयाँसाहेब' कथामा मैयाँ र अजय परस्पर प्रेमसम्बन्धमा रहेका भए पनि मैयाँले अजयलाई आर्थिक रूपमा होचो र तल्लो देखाउन खोजेकीले अजय उसको त्यस्तो व्यवहारबाट असन्तुष्ट भएबाट दुई पात्रका बिचमा विरोधको स्थिति बनेको छ । यसैबिच अजय राणाविरोधी राजनीतिक क्रान्तिमा सक्रिय भएर प्राप्त सफलतासँगै आफ्नो वैभवको स्तरलाई माथि उठाउन अग्रसर भएको छ । उता राजनीतिक क्रान्तिले ल्याएको परिवर्तनले गर्दा मैयाँको घरको आर्थिक

अवस्था नाजुक भएको छ । यसका लागि उसले अजयलाई पनि दोषी देखेकी छ । यसले गर्दा मैयाँ र अजय सम्पत्तिसम्बन्धी द्वन्द्वको चापमा परेका देखिन्छन् । यसरी कथाका प्रमुख पात्र मैयाँ र अजयका बिचमा सम्पत्तिका लागि सिर्जित द्वन्द्वको स्थिति सिर्जना गरेर यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(६) वन्दना

'वन्दना' कथामा कृष्णलाल आर्थिक रूपमा सम्पन्नशाली पात्र र शङ्कर सर्वहारा गरिबको प्रतिनिधित्व गर्ने पात्र भएर देखिएका छन् । वन्दना भने मध्यवित्त परिवारकी भएर शङ्करसँगै कम्युनिस्ट पार्टीमा लागेकी भए पनि सम्पत्तिका विषयमा कृष्णलालको समर्थक देखिएकी छ । एक दिन वन्दना र शङ्कर साँझको समयमा टुँडिखेलको चौरमा बसेर पूँजीपति, सर्वहारा र तिनीहरूसँग सम्पत्ति हुने र नहुने कारणका बारेमा विचारविमर्श गरिरहेका देखिन्छन् । यस क्रममा वन्दनाले भनेका कुराको चर्चा गर्दै भिक्षु (२०६३) ले लेखेका छन् :

> तर यो भन्न सकिँदैन शङ्कर, कि सर्वहारावर्गको क्लेश, दुःख, दरिद्रतामा तिनीहरूको स्वयम्को कसुर छैन । साँच्चै भनौं भने भाग्यवादको भर लिने नै यी दरिद्रीहरू हुन्; हामीले सम्पन्न बुर्जुवा र सामन्त भनिरहेकाहरूमा कोही बन्दबेपार गर्छन्, कोही बुद्धिव्यापार गर्छन्, कोही बलव्यापार गर्छन् । शोषणै भने पनि त्यतैतिर तिनीहरू उद्योगशील त छन् ! तर यी आज कराइरहेका दरिद्रीहरूले 'हामी शोषित भइरहेका छौं, निर्धा छौं भनेर के स्वतः को परिश्रममा अनास्थाशील भइरहेका छैनन् र ? जहाँ भए पनि सँभालिएका सम्पत्ति मात्रमा तिनीहरूको नजर पर्दछ, तर सँभालिनुपर्ने क्रियातिर तिनीहरूको विचार र प्रयत्न कतै पनि त देखिँदैन । (पृ. ६३)

उल्लिखित उद्धरणबाट वन्दना शङ्करसँगै कम्युनिस्ट पार्टीमा लागेकी भए पनि सम्पत्तिका विषयमा उसको फरक धारणा रहेको देखिन्छ । उसले सर्वहारावर्गको क्लेश, दुःख र दरिद्रतामा तिनीहरू स्वयम्कै कसुर बढी देखेकी छ । उसका अनुसार सम्पत्तिसम्पन्न बुर्जुवाहरू बन्दव्यापार र बुद्धिव्यापार गरेर उद्योगशील बनी परिश्रम र प्रयत्नबाट सम्पत्ति कमाइरहेका छन् तर शोषित भनिएका सर्वहाराहरू त्यसरी सम्पत्तिआर्जन गर्ने बाटोमा नलागेर अरूको सँगालिएको सम्पत्तिमा मात्र आँखा गाडेर बसिरहेका देखिन्छन् । उसको यस भनाइबाट सर्वहारा भनिएका मानिसहरू सम्पत्तिहीन गरिब हुनुमा उनीहरू नै जिम्मेवार छन् भन्ने देखिन आउँछ । वन्दनाको विचारसँग शङ्कर भने सहमत देखिएको छैन । उसले कथामा "सर्वहारावर्गलाई परिश्रम गर्ने बाटो नै कहाँ राखिछोडेको छ र ? एउटा नियोजित व्यवस्थाभित्र तिनीहरूको सारा परिश्रमलाई व्यर्थ पारिराखिएको छ । जतिसुकै गरे पनि लाभ पूँजीपति र सामन्तवर्गकै भागमा आउँछ" (भिक्षु, २०६३, पृ. ६४) भनेको छ । यस उद्धरणबाट शङ्कर पूँजीपति र सामन्तवर्गले बढी लाभ लिएकै कारण गरिबहरू सम्पत्तिविहीन भएका हुन् भन्नेमा अडिग रहेको देखिन्छ । उसका अनुसार सर्वहारावर्गले परिश्रम त गरेका छन् तर तिनीहरूको परिश्रमलाई सामन्त र पूँजीपतिहरूले व्यर्थ तुल्याएका छन् । श्रम सर्वहाराले गरेका छन् र लाभ भने पूँजीपतिले लिइरहेका छन् । यसले गर्दा पूँजीपति धनी र सम्पन्नशाली भइरहेका

छन् अनि सर्वहारा गरिब र सम्पत्तिहीन भएर बाँच्न विवश भएका छन् भन्ने विचार शङ्करको रहेको देखिन्छ । उसले वन्दनालाई कम्युनिस्ट भएर पनि सम्पत्तिका विषयमा सामन्तवादबाट लोभिएकी भन्ने आरोप पनि लगाएको छ । वन्दनाले भने पार्टीलाई माने पनि मान्यतामा शङ्का देखिएको कुरामा विचार राख्न पाइने भनेकी छ । शङ्कर र वन्दना सम्पत्तिसम्बन्धी विषयमा परस्पर असहमत देखिएकाले कथामा दुई पात्रका बिचमा यो विषय द्वन्द्वको कारक बनेको देखिन्छ ।

वन्दना र शङ्कर टुँडिखेलको चौरमा बसेर छलफल गरिरहेकै बेलामा कृष्णलाल पनि त्यहीँ आइपुगेको कथामा देखाइएको छ । तीनै जना भएर भद्रकालीतर्फ लाग्दै गर्दा वन्दनाले कृष्णलाललाई यतिका दीनदुःखी भोकै मर्न लागेका र तिमी सम्पत्ति सँगालेर एक्लै यत्तिको सम्पन्न कसरी भएको भनी जिज्ञासा राखेकी छ । यस सन्दर्भमा कृष्णलालले कथामा "यतिका गरिबहरू छन् भन्दैमा म आफूलाई समेत दरिद्री तुल्याउन रुचाउँदिनँ । बरु सबै सम्पन्न होऊन् भन्ने मेरो हार्दिक आकाङ्क्षा अवश्यमेव छ" (भिक्षु, २०६३, पृ. ६५) भनेको छ । यस उद्धरणले वन्दनाको जिज्ञासाबाट कृष्णलाललाई सशङ्कित देखाएको छ । उसले यतिका गरिबहरू छन् भन्दैमा आफू दरिद्री भएर बस्न नचाहेको बरु सबै सम्पन्न होऊन् भन्ने आफ्नो हार्दिक आकाङ्क्षा रहेको विचार प्रस्तुत गरेको छ । वन्दना र शङ्कर दुःख र दरिद्रता हटाएर सबैलाई सम्पन्न पार्न चाहेकामा उसले प्रशंसा गरेको भए पनि शङ्करले सम्पन्नता ल्याउने क्रममा सम्पन्नताप्रति नै आक्रोश र उग्र ईर्ष्या देखाएकामा भने आश्चर्य प्रकट गरेको देखिन्छ । कृष्णलालको कुरा सुनेर वन्दना प्रशन्न देखिएकी भए पनि शङ्कर भने क्रुद्ध भएको छ । उसले कृष्णलालको कुरालाई बुर्जुवाहरूको सफा धुर्त्याइँ भनेको देखिन्छ । यस सन्दर्भमा भिक्षु (२०६३) ले लेखेका छन् :

> सैकडौँ वर्षदेखि तिमीहरूले आफ्नो बचाउको लागि यस्तै कुरा दोहोऱ्याइरहेका छौ, तर यो बताऊ कि सबैको लागि सम्पन्नता ल्याउने बाटो नै तिमीले कहाँ छोडिराखेका छौ ? उत्पादनको एउटा सीमा छ, त्यसमा अनुकूल बाँडफाँट हुनुपर्नेमा तिमीहरूले हजारौँका भाग एक जनाले मात्रै हत्याइराखेका छैनौँ र ? फेरि सबै सम्पन्न कसरी हुन सक्लान् ? (पृ. ६६)

उल्लिखित उद्धरणमा शङ्करले कृष्णलाललाई पूँजीपतिहरूले सबैको लागि सम्पन्नता ल्याउने बाटो नै नछोडेको आरोप लगाएको देखिन्छ । हजारौँको भाग एक्लैले हत्याएर सबै सम्पन्न हुने बाटो छेक्ने काम भएकाले कृष्णलालजस्ता व्यक्तिहरूलाई शङ्करले रङ्ग न ढङ्गको फोस्रो बकवाद मात्र गर्ने ठगहरू भएको आरोप पनि लगाएको देखिन्छ । शङ्करको कुराको प्रतिवादका क्रममा कृष्णलालले कथामा "अहिले उत्पादनको चाहिएजत्तिको पूर्ति छैन–भन्ने कुरा त आफ्नो यस उत्तरमा स्वीकार गर्नैपर्‍यो । ... उत्पादनको लागि श्रम गर्ने परिश्रमतिर तिम्रो कुनै विशेष चेष्टा छैन र कदाचित् प्रयत्नतिर तिम्रो विश्वास पनि छैन" (भिक्षु, २०६३, पृ. ६६) भनेको छ । यस उद्धरणमा कृष्णलालले शङ्करलाई उत्पादन बढाउने बाटोमा लाग्नुपर्ने भनेर सम्झाएको छ । गरिबी निवारण गरेर सम्पन्नता हासिल गर्ने चेष्टा नै नगरेका कारणले गर्दा गरिबीबाट माथि उठ्न नसकिएको हो भन्ने विचार कृष्णलालको देखिन्छ । उसले उत्पादनका विरुद्धमा

कुरा गरेर दरिद्रताको भागबन्डा चाहने गरेकाबाट निदान ननिस्किएकाले अब सम्पन्नतामा आस्था राख्न र परिश्रममा विश्वास गर्न सिक्नुपर्ने सुझाव पनि शङ्करलाई दिएको छ । कृष्णलालको कुरा सुनेर वन्दना खुसीले गदगद भएकी देखिए पनि शङ्कर भने कृष्णलालको कुरामा विश्वस्त हुन सकेको देखिँदैन । उसले कथामा "तर यो जम्मै ट्याक्टिक्स हो, सचेत सर्वहारा आज तिम्रो यस जालमा आउन सक्तैन" (भिक्षु, २०६३, पृ. ६६) भनेको छ । यस उद्धरणबाट शङ्कर कृष्णलालका कुरामा सहमत हुन चाहेको देखिँदैन । उसले कृष्णलालको कुरालाई ट्याक्टिक्स मात्र भएको भन्दै सचेत सर्वहारा यस्तो जालमा आउनै नसक्ने भनिरहेको देखिन्छ । यस प्रकारसँग सम्पत्तिका विषयमा कृष्णलाल र वन्दना अनि शङ्करका बिचमा देखिएको छलफल र वादविवाद अनि परस्परको विरोध एवम् असहमतिजन्य क्रिया र प्रतिक्रियाले गर्दा कथाका प्रमुख पात्रहरू सम्पत्तिविषयक बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् ।

'वन्दना' कथामा कृष्णलाल पूँजीपतिवर्गको धनी पात्र र शङ्कर सर्वहारा गरिबहरूको वकालत गर्ने पात्र भएर देखिएका छन् भने वन्दना कम्युनिस्ट पार्टीकी सदस्य भए पनि सम्पत्तिको विषयमा कृष्णलालको नजिक देखिएकी छ। खास गरी कृष्णलाल र शङ्कर एकअर्काको सम्पत्तिविषयक वैचारिक अडानमा असहमत देखिन्छन्। शङ्करले गरिबहरू सम्पत्तिविहीन हुनुमा धनीलाई दोषी देखेको छ भने कृष्णलालले गरिबहरू सम्पत्ति आर्जन गर्ने बाटोमा नलागकाले गरिबीमै बाँच्नुपर्ने अवस्थामा पुगेका हुन् भन्ने तर्क गरिरहेको छ । यसरी सम्पन्न र विपन्नवर्गको प्रतिनिधित्व गर्ने पात्र कृष्णलाल र शङ्करका बिचमा सम्पत्तिका लागि सिर्जित वैचारिक द्वन्द्वको स्थिति देखाएर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(७) बन्दोबस्त

'बन्दोबस्त' कथामा पिरतीमाया र उसको बाबु सम्पत्तिहीन गरिबवर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा देखिएका छन्। उता पिरतीमायाले काम गर्ने घरको सिंहदरबारिया कारिन्दा र उसकी श्रीमती कारिन्देनी अनि अड्डाको हाकिम सरकारी जागिरको कमाइले गर्दा आर्थिक रूपमा सबल र सम्पन्न पात्रका रूपमा देखिन्छन् । कथामा पिरतीमाया केटाकेटी छँदै आमा मरेर टुहुरी भएकी र उसको गरिब बाबुले दुःखपूर्वक लालनपालन गरेर उसलाई हुर्काएको देखाइएको छ। कमाइ आम्दानीको आसले हुर्केर तरुणी भएकी छोरीलाई बाबुचाहिँले काठमाडौँ सहरतिर पठाएको देखिन्छ। कामको खोजीमा काठमाडौँ आइपुगेकी पिरतीमाया सिंहदरबारिया कारिन्दाको घरमा काममा लागेकी छ। यस सन्दर्भमा कथामा "पिरतिमायाले ठाउँ भेट्टाई एक जना सिंहदरबारिया कारिन्दाकहाँ ! परिवारमा थिए एक जना आइमाई र पाँच-छओटा छोरा-छोरी । जम्मैको स्याहारसुसार पनि गर्नुपर्ने, भान्छाकाम पनि गर्नुपर्ने र भाँडा-बर्तन माझ्ने, पानी वसार्ने यावत् धन्दा पनि पिरतिमायाले नै गर्नुपर्ने !" (भिक्षु, २०३२, पृ. ८-९) भनिएको छ। यस उद्धरणमा पिरतीमाया कारिन्दा कारिन्देनीका छ जना छोराछोरीको स्याहारसुसारदेखि लिएर घरको सबै काम गर्नुपर्ने गरी घरेलु काममा लागेकी देखाइएको छ । यसले उसको विपन्नवर्गीय आर्थिक बाध्यतालाई दर्साएको छ।

कथामा पिरतीमाया काममा लागेको केही महिनापछि उसको बाबु भेट्न भनी आएकामा छोरीले काम गर्ने घरमा बास पनि नपाएर पाटीमा सुत्न जानुपरेको छ । काम गर्ने घरको सबै परिबन्द ठीक रहेनछ भन्ने बुझेपछि आर्थिक शोषण भएको चाल पाएर बाबुचाहिँ छोरीलाई फिर्ता लाने प्रयासमा लागेको देखिन्छ । बाबुले छोरी फिर्ता लाने कुरा गरेपछि कारिन्दा र उसकी श्रीमती कारिन्देनीले जालझेल गर्न खोजेका छन् । यस सन्दर्भमा कथामा "कहाँसम्म भने, त्यति टाढाबाट आएको र जन्माउने बाबुलाई नै, 'यो त यस बाहुनीको बाबु हुँदै होइन' भनेर ... बूढोलाई 'मानिस बेच्ने दलाल' भन्न पनि हच्केनन्" (भिक्षु, २०३२, पृ. १०) भनिएको छ । यस उद्धरणमा सिँहदरबारिया कारिन्दाका बूढाबूढीले पिरतीमायाका बाबुलाई गरिब पैसा नभएको मानिस भनेर हेपाहा व्यवहार गरेका देखाइएको छ । उनीहरूले बूढालाई पिरतीमायाको बाबु नै होइन भन्दै मानिस बेच्ने दलाल भएको आरोप पनि लगाएका छन् । उनीहरूको यस्तो कुराबाट बाबुछोरी नै आक्रोशित भएका छन् । आर्थिक स्थिति कमजोर भएका पात्रलाई नोकरनोकर्नी राख्ने हैसियत भएका कारिन्दा र कारिन्देनीले आर्थिक अवस्थालाई नै आधार बनाएर तुच्छ व्यवहार गरेकाबाट बाबुछोरी असन्तुष्ट बनेका देखिन्छन् । यसले गर्दा कथामा दुई पक्षका बिचमा सम्पत्तिसम्बन्धी बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

कथामा आफूलाई गरिएको तुच्छ व्यवहारबाट क्रुद्ध बनेको पिरतीमायाका बाबुले छोरी लिएर जाने अड्डी कसेको छ । यस सन्दर्भमा उसले कथामा "छोरीलाई अब त छोडी जाने होइन ! गरीपमाराले यतिञ्जेल चाकरी गराएको पैसा मार्ने जुक्ति पो त" (भिक्षु, २०३२, पृ. १०) भनेको छ । यस उद्धरणमा पिरतीमायाको बाबु गरिबलाई मार्न खोजेको भनेर असन्तुष्ट भएको देखिन्छ । बाबुचाहिँको यस भनाइबाट कारिन्दा र कारिन्देनीले बूढालाई छोरी लान दिए पनि पिरतीमायाले छ महिनासम्म चाकरी गरेको रूपैयाँ नदिई गरिबको श्रमको कमाइ मार्न चाहेका खुलेको छ । यो कुरा बुझेको बाबुचाहिँले कारिन्दा र कारिन्देनीलाई गरिबमारा भन्दै क्रुद्ध भएपछि घरभित्रैको सबालजवाफमा पारिश्रमिक सम्पत्तिको विषयमा दुई पक्षका बिचमा द्वन्द्व चर्कन गएको देखिन्छ । यसले गर्दा पिरतीमायाको बाबु र कारिन्दा कारिन्देनी सम्पत्तिसम्बन्धी बाह्य द्वन्द्वको चापमा परेका देखिएका छन् । गरिबमारा भन्ने पिरतीमायाका बाबुको घोषणा घरबाहिर पनि पुग्न सक्ने बुझेर कारिन्दा र कारिन्देनी नरम भएका देखिन्छन् । यस सन्दर्भमा कथामा "चूप लागेर छ महिनाको चौबीस रुपियाँ तलब पाउने हिसाब गरी त्यसमध्ये पुरानो धोती र चोलोको मोल र फुटालेको एउटा चियाकपको दामसमेत बाह्र रुपियाँ कट्टा गरी बाँकी बाह्र रुपियाँ पिरतिमायालाई दिएर गरीपमारा भन्ने विशेषणबाट उम्की ... मालिकचाहिं आफ्नो अड्डातिर लागे" (भिक्षु, २०३२, पृ. १०-११) भनिएको छ । यस उद्धरणमा प्रस्तुत तथ्यबाट पिरतीमायाका बाबु छोरी छ महिना काम गरेको पारिश्रमिक असुल गर्न सफल भएका देखिन्छन् । पाएको पारिश्रमिक पनि महिनाको चार रूपैयाँका दरले छ महिनाको चौबीस रूपैयाँ भएको छ । त्यसैमा पनि धोतीचोलोको र चियाको कप फुटाएको रूपैयाँ कटाएर बाँकी बाह्र रूपैयाँ मात्र बाबुछोरीले बुझेका छन् । बाबुछोरी रूपैयाँ बुझी निस्केर गएपछि दुई पक्षका बिचको सम्पत्तिसम्बन्धी द्वन्द्व मथ्थर भएको कथामा देखाइएको छ ।

कथामा अनेक दुःखकष्ट झेल्दै बाँच्ने कुनै उपाय बाँकी नभएपछि पिरतीमाया पशुपतिमा भिक्षा माग्न बसेकी देखिएको छ । त्यहीँ पहिले उसलाई काशी जान नदिएर

थानकोटबाटै पक्राउ गरी खोरमा बस्ने बन्दोबस्त मिलाएको हाकिम पनि पशुपतिको दर्शन गर्न आएको र उससँग पनि पिरतीमायाले भिक्षाको याचना गर्दै भुत्रे आँचल पसारेकी छ । यस सन्दर्भमा हाकिमले कथामा "सजिलो भीक माग्नु, काम गरेर खानु पर्दैन र ?" (भिक्षु, २०३२, पृ. १६) भनेको छ । यस उद्धरणमा हाकिमले पिरतीमायालाई हकार्दै भिख मागेर खाने होइन काम गरेर खानुपर्छ भनेको छ । उसले उपायहीन भएकी पिरतीमायालाई भिखसमेत दिएको छैन । हाकिमको भनाइको प्रतिवाद गर्दै पिरतीमायाले कथामा "काम गर्न खोजेको त हजुरले काम गर्न जानै दिनुभएन अब भिक त दिनुहोस्" (भिक्षु, २०३२, पृ. १६) भनेकी छ । यस उद्धरणमा पिरतीमायाले हाकिमसँग भिखको लागि अनुनय गरेकी छ । पिरतीमायाको कुरा सुनी उसलाई चिनेर रिसले झनक्क हुँदै केरे भनी अरू केही नबोली हाकिम मन्दिरभित्र पसेको छ । काम गर्न पनि नदिने र भिक्षा पनि नदिने त्यस हाकिमप्रति पिरतीमाया क्रुद्ध भएकी कथामा देखिएको छ । यसबाट कथामा ऊ र पशुपतिमा देखिएको हाकिमका बिचमा आर्थिक चासोमा केन्द्रित द्वन्द्वको सङ्केत भएको देखिन्छ । यी कथात्मक सन्दर्भबाट पात्रहरू सम्पत्तिका लागि सिर्जित द्वन्द्वको चापमा परेका देखिन्छन् ।

'बन्दोबस्त' कथामा पिरतीमाया र उसको बाबु आर्थिक रूपमा कमजोर अवस्थाका पात्र हुन् । सिंहदरबारिया कारिन्दा, उसकी पत्नी कारिन्देनी र अड्डाको हाकिम भने आर्थिक रूपमा सम्पन्न पात्र भएर देखिएका छ । सम्पन्न पात्रले विपन्न अवस्थाका पात्रलाई आर्थिक रूपमा शोषण गर्ने र असहयोग गर्ने गरेबाट विपन्न अवस्थाका पात्रहरू गरिबीको चपेटामा पिल्सिएर बाँच्न विवश भएका देखिन्छन् । यसबाट पिरतीमाया र उसका बाबुजस्ता पात्र पुगिसरी आएका सम्पन्न पात्रसँग असहमत र असन्तुष्ट भई कथामा सम्पत्तिको विषयमा केन्द्रित द्वन्द्वको स्थिति सिर्जना भएको देखापर्छ । यसरी विपन्न र सम्पन्न दुईथरी आर्थिक अवस्थाका पात्रहरूका बिचमा सम्पत्तिका लागि सिर्जित द्वन्द्वको स्थिति देखाएर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(८) रानीसाहेब

'रानीसाहेब' कथामा रानीसाहेब सत्ताबाट बहिर्गमित भएका राणापरिवारकी प्रतिनिधि पात्र हो । उसको घर दरबारै भए पनि प्रजातन्त्रको आगमनपछि सरकारी स्रोत बन्द हुँदा नियमित आम्दानी छुटेर आर्थिक सङ्कटमा परेकी छ । अर्कोतर्फ सरकारी अधिकारी दुनियाँदारको प्रतिनिधि भएर देखिएको भए पनि प्रजातन्त्र आएपछि अड्डाको हाकिम बनेर वैधावैध सम्पत्ति हात पार्न सकेको देखिँदा ठूलो घर, थुप्रै सरसामान, खल्तीमा रूपैयाँको मुठो लिएर मोजमज्जा गर्न हिँड्न सक्ने भएको कथामा देखाइएको छ । यी दुईथरी पात्रका बिचमा सम्पत्तिको विषय परस्पर असहमतिको कारण बन्दा द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ । कथामा सरकारी अधिकारी कार्यालय छुटेपछि घर नगई बीस हजार रूपैयाँको मुठो खल्तीमा हालेर रानीसाहेबको दरबारमा पुगेको छ । त्यहाँ पुग्दा नपुग्दै धेरै दिनपछि देखापरेकाले ल्याएरै आएको होलास् भन्दै कति ल्याएर आएको छस् भन्ने जिज्ञासा राखेर रानीसाहेबले कर्मचारीसँग रूपैयाँको सङ्केत गरेकी छ । यस सन्दर्भमा सरकारी अधिकारीले कथामा "हजुरलाई खाली पैसाको कुरा मात्र सोध्न मन पर्छ, होइन ?" (भिक्षु, २०३२, पृ. ९९) भनेको छ । यस उद्धरणमा रानीसाहेबको कुराबाट सरकारी अधिकारी असन्तुष्ट भएको देखिन्छ । पुगी नसक्दै अरू केही

कुरा नगरी पैसाको कुरा मात्र सोधेकामा ऊ आश्चर्यमा परेको छ । उसलाई कडा र व्यापारी अनुहार देखाएर जवाफ दिँदै रानीसाहेबले अरू कुरासँग कुनै चासो नभएको र आफ्नो मुख्य ध्येय पैसाकै लागि भएर काम गरिरहेको स्पष्ट पारेकी छ । अधिकारीले रूपैयाँ त छैन; नभए पनि आउन मन लागेर आएको भन्दै आज नभए पनि पछि दिन सकिहाल्ने कुरा उसलाई सुनाएको देखिन्छ । अधिकारीको कुरा सुनेपछि उसले "रुपियाँ छैन भने यहाँ आउने कामै छैन । कुरा भने थाहा नपाएको तँ कहाँ होस् र ?" (भिक्षु, २०३२, पृ. १००) भनेकी छ । यस उद्धरणमा रानीसाहेबले अधिकारीलाई रूपैयाँ झिक्न कर गरेकी देखाइएको छ । उसले अधिकारीलाई रूपैयाँ नलिइकन यहाँ आउनुको कुनै अर्थ नभएको भन्दै छिटो झिक्न भनेकी छ । यहाँनेर रानीसाहेबले रूपैयाँ झिक्न भनिरहेकी र अधिकारी भने रूपैयाँको मुठो खल्तीमा लिएर आएको भए पनि झिक्न नचाहिरहेको देखिँदा दुई पात्र रूपैयाँ सम्पत्तिको द्वन्द्वमा परेका देखिन्छन् ।

कथामा रानीसाहेब आर्थिक सङ्कट टार्न आफ्ना तीनवटी तरुणी छोरीलाई उपयोग गरेर गोप्य रूपमा रन्डीकोठीजस्तै चलाएर बसेकी र सरकारी अधिकारी त्यसैबाट तानिएर त्यहाँ पुगेको छ । उसले खल्तीमा राखेको बीस हजारको मुठोबाट सयको एउटा नोट तानेर रानीसाहेबलाई थमाउँदै आफू बस्ने गरी आएकोले खानपान, मासु, ड्रिङ्क आवश्यक सबै प्रबन्ध मिलाउन भनेको देखिन्छ । कुराकानीको क्रममा उसले आफ्नो खल्तीमा भएको रुपैयाँको मुठोका बारेमा "एउटा सरकारी कन्ट्रैक्टको लागि अर्नेस्ट मनी धरौटी राख्न ल्याएको एउटा महाजनको रुपियाँ हो । अफिसको सेफमा नै राख्नुपर्ने रकम ! एकान्टेन्ट भने आज आउँदै नआएर आफुसितै राखिछोड्नुपऱ्यो" (भिक्षु, २०३२, पृ. १०२) भनेको छ । यस उद्धरणमा सरकारी अधिकारीले आफूसँग भएको रुपैयाँको मुठोका बारेमा रानीसाहेबलाई स्पष्टीकरण दिएको छ । यसपछि तीनवटी तरुणी मैयाँ, रानीसाहेब र सरकारी अधिकारी सँगै बसेर रक्सीसँग खानपान र गफगाफमा रमाएका देखिन्छन् । सुत्नको लागि अधिकारीलाई रोजुवा मैयाँको प्रबन्ध मिलाइदिएर उसले रात बिताएको र बिहान घर फर्कंदा सुत्ने बेलामा सिरानीमुनि राखेको रूपैयाँको मुठो भने बिर्सेर आएको कुरा कार्यालयमा पुगेर केही मुख्य काम सकेपछि मात्र उसको स्मरणमा आएको छ । रूपैयाँको मुठो छुटेको घटनासँगै कथाको प्रारम्भमा देखिएर साम्य भएको रूपैयाँ सम्पत्तिसम्बद्ध द्वन्द्वको स्थिति बदलिन गएर यससम्बन्धी द्वन्द्व पुनः चर्किएको देखिन्छ ।

कथामा उसै दिन चाहेर पनि रूपैयाँको खोजीमा जान नसकेको सरकारी अधिकारी भोलिपल्ट साँझ रानीसाहेबको दरबारमा मलीन अनुहार बनाएर पुगेको छ । त्यहाँ पुगेर केही कुरा खोल्न नसकेको उसलाई रानीसाहेबले "त्यो तैँले नभने पनि मलाई थाहा छ । तेरो रुपियाँ, दुई सय गैँडा, मकहाँ छोडेर गएको होइन ? ... त्यो रुपियाँ फर्किने होइन । आखिर घुसकै रुपियाँ त हो नि ! तलबको होइन, घरको होइन, भने जस्तो तेरो त्यस्तै मेरो" (भिक्षु, २०३२, पृ. १०६) भनेकी छ । यस उद्धरणमा प्रस्तुत तथ्यबाट रानीसाहेबले सरकारी अधिकारीको छुटेको रूपैयाँको मुठो फर्काउन नचाहेकी भन्ने देखिएको छ । उसले छुटेको बीस हजार रूपैयाँको मुठोको नामै नलिएर दुई सय गैँडाको कुरा मात्र गर्दै छुटेको रूपैयाँ घुसको भएकाले आफ्नो पनि हक लाग्ने सङ्केत पनि गरेकी छ । यसबाट त्रसित भएको अधिकारीले "त्यसो भए भन्नु नै के छ र ? हजूरले रुपियाँ दिबक्सिन्न, मलाई बर्बाद हुनु पर्ने नै भयो ।

भोलिसम्ममा या त घरै बेच्नुपर्छ, या त्यो बन्दोबस्त भएन भने भ्यालखानै पस्नुपर्छ । ... भोलिदेखि मेरा बालबच्चा बाटोका भिखारी हुने भए" (भिक्षु, २०३२, पृ. १०६) भनेको छ । यस उद्धरणमा सरकारी अधिकारीले रूपैयाँको मुठो फिर्ता नदिएमा आफ्नो सबै बर्बाद हुने भनेको देखिन्छ । घर नै बेच्नुपर्ने र त्यसो हुन नसकेमा भ्यालखानामा बस्नुपर्ने अवस्था आउने पनि उसले भनेको छ । परिणामतः आफ्ना बालबच्चा बाटोका भिखारी हुने कुरा पनि उसले रानीसाहेबलाई सम्झाएको छ । अड्डामा जम्मा गर्नुपर्ने रूपैयाँ एकाउन्टेन्ट नआएकोले खल्तीमा रहन गएको हुँदा रूपैयाँ अड्डामा नबुझाएमा सरकारी अधिकारीका लागि मामिला गम्भीर हुने देखिएको छ । अधिकारीको कुरा सुनेपछि रानीसाहेबले भित्रबाट रूपैयाँको मुठो ल्याएर देखाउँदै भनेकी कुराको चर्चा गर्दै भिक्षु (२०३२) ले कथामा लेखेका छन् :

> तँ छुसीले मेरो खान्दानी ठुल्याइँ हेर्ने, फाल्दिऊँ यी रुपियाँ ? तर हेर्, बरु अरूलाई नै बकस दिउँला, तँलाई यो दिने होइन, बुझिस् ! रुपियाँले मेरा छोरीहरू किनिएका हुन् र ? यत्तिकै वा केही जाबो रुपियाँ तिनीहरूको मोल हो र ? मेरा ठुल्याइँ ..... लौ जा, तँलाई यो रुपियाँ दिँदै दिन्नँ मैले पनि राख्तिनँ यो चोरीको माल !
> (पृ. १०७)

उल्लिखित उद्धरणमा रानीसाहेबले सरकारी अधिकारीलाई उसको रुपैयाँको मुठो फिर्ता गर्न नचाहेकी देखिएको छ । उसले त्यो रुपैयाँ बरु अरूलाई बकस दिने तर अधिकारीलाई नदिने भन्दै आफ्ना छोरीहरू त्यति रुपैयाँले किन्न नसकिने पनि भनेकी छ । अधिकारीको रुपैयाँको मुठोलाई उसले चोरीको माल भएको आरोप पनि लगाएकी छ । रानीसाहेबको यस्तो कुरा सुनेपछि सरकारी अधिकारी असन्तुष्ट र बेचैन भएर कथामा "रुपियाँ हजुरकै हातमा छ र त्यो मेरो हो, म पनि हजुरले भनेजस्तै खोसेर लान सक्छु" (भिक्षु, २०३२, पृ. १०८) भनेको छ । यस उद्धरणमा सरकारी अधिकारी सहज किसिमले आफ्नो छुटेको रूपैयाँ फिर्ता नदिएमा वैकल्पिक उपाय अपनाउने सोचमा पुगेको छ । उसले अहिले रानीसाहेबको हातमा भए पनि त्यो रूपैयाँ आफ्नो भएको र केही उपाय नपाएमा खोसेर पनि लान सक्ने भनेको छ । उसको यस्तो कुरा सुनेपछि रानीसाहेबले रूपैयाँ खोसेर लगेमा घरमा आएर पैसा चोरेर भागेको भनेर कराइदिएपछि हालत खराब हुने भन्दै धम्काएकी छ । यस प्रकार रूपैयाँ फिर्ता गराउन चाहने अधिकारी र फिर्ता गर्न नचाहने रानीसाहेब भएर विवाद चर्किंदा कथामा सम्पत्तिका लागि सिर्जित द्वन्द्व जटिल मोडमा पुगेको देखिन्छ ।

कथामा रानीसाहेबले सरकारी अधिकारीलाई रुपैयाँ फिर्ता नदिएर थप पीडा दिने प्रयत्न गरेकी छ । यस सन्दर्भमा उसले कथामा "तेरो भाग्य-अभाग्य, हाकिम-ढाक्रे ... जम्मै यही बिटा; आहा, अहिले यो मेरो हातमा छ, हातैमा, मेरो हातमा, यी तँलाई खेलाइरहेकी छु, हेर् तेरो पुर्पुरो खेलिरहेको छ, रबाफ खेलिरहेछ, ठाँटबाट खेलिरहेको छ, खेलेको यता हेर्न हेर्" (भिक्षु, २०३२, पृ. १०८) भनेकी छ । यस उद्धरणमा रानीसाहेबले सरकारी अधिकारीलाई निकै हीन र दुःखित बनाएकी देखिन्छ । उसले अधिकारीको भाग्य, रबाफ, इज्जत सबै यही रुपैयाँको मुठो भएकाले ती सबैलाई आफूले हातमा राखेर खेलाइरहेको भनेकी छ । उसले रूपैयाँको मुठो ब्लाउजको भित्रपट्टीबाट झिक्दै हल्लाउँदै र अधिकारीलाई दिन खोज्दै अनि नदिएर

तड्पाउँदै उसलाई बिरालोले मुसो खेलाएझैं गरी खेलाएकी पनि छ । अन्तमा रानीसाहेबले आफूसँग रहेको सरकारी अधिकारीको रुपैयाँको मुठो फिर्ता गर्न उत्सुक भएकी छ । यस सन्दर्भमा उसले कथामा "ले ..... लैजा यो रुपियाँको बिटा, जसलाई तैंले बीस हजार भनेर ठूलो पारेकै छस् तर जो आज तेरैअगाडि मेरो नजरमा जाबो कागतको थुप्रो बाँधिराखेबाहेक केही पनि हुन सकेको छैन । मेरो लागि परिआएबखत, यो केही पनि होइन, संझिराख्" (भिक्षु, २०३२, पृ. १११) भनेकी छ । यस उद्धरणमा रानीसाहेब सरकारी अधिकारीलाई फिर्ता गर्नुपर्ने रुपैयाँको मुठो आफ्ना लागि जाबो कागजको थुप्रो मात्रै भएको भन्दै फिर्ता गर्न सकरात्मक देखिएकी छ । उसले आफ्ना लागि त्यति रुपैयाँ केही पनि नभएको हाँक पनि दिएकी छ । ऊ अधिकारीलाई धम्काउँदै ब्लाउजको भित्रपट्टीबाट रूपैयाँको मुठो झिकी उसको अनुहारमा जोडसँग फालेर बैठक हुँदै सुत्ने कोठातर्फ लागेकी कथामा देखाइएको छ । यस घटनासँगै सरकारी अधिकारी र रानीसाहेबका बिचमा उत्कर्षमा पुगेको सम्पत्ति रूपैयाँको विवाद साम्य हुन गएको देखिन्छ । यी कथात्मक सन्दर्भबाट कथाका दुई पात्र रानीसाहेब र सरकारी अधिकारी सम्पत्तिका लागि सिर्जित द्वन्द्वको चापमा परेका देखिन्छन् ।

'रानीसाहेब' कथामा रानीसोहब खान्दानियाँ राणा परिवारकी सदस्य भए पनि समय परिस्थितिले गर्दा दैनिक खर्च धान्न नसक्ने अवस्थामा पुगेकी पात्र र सरकारी अधिकारी कार्यालयबाट हुने अतिरिक्त कमाइले गर्दा रूपैयाँको मुठो नै लिएर हिँड्न सक्ने हैसियतमा पुगेको पात्र भएर देखिएका छन् । यी दुई पात्रमध्येको अधिकारीले रानीसाहेबको घरमा आउँदा लिएर आएको रूपैयाँको मुठो छुटेपछि फिर्ता लिन चाहेको र रानीसाहेब भने फिर्ता गर्न नचाहेकी देखिएपछि दुई पात्रका बिचमा सम्पत्तिकेन्द्रित द्वन्द्वको स्थिति सिर्जना भएको छ । अन्ततः रानीसाहेबले अनिच्छापूर्वक भए पनि रूपैयाँ फिर्ता गरेपछि भने द्वन्द्वको स्थिति साम्य भएको छ । यसरी कथाका दुई प्रमुख पात्रका बिचमा सम्पत्तिका लागि सिर्जित द्वन्द्वको स्थिति देखाएर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(९) नयाँ इतिहासको प्रारम्भ

'नयाँ इतिहासको प्रारम्भ' कथामा प्रभासमेत गाउँलेहरू र क्याम्पको खर्च रासनको नाममा रूपैयाँ र चामल माग्दै पुर्जी थमाएर नर्दिंदा गाउँमा हत्याहिंसा र लुटपाट मच्चाउने सिपाहीहरूका बिचमा सम्पत्तिसम्बद्ध असहमति र विरोधको स्थिति देखाइएको छ । कथामा प्रभालाई साधारण सम्पन्न जागिरे घरानमा जन्मेहुर्केर तराईको मध्यवित्त परिवारमा विवाह भएकी काङ्ग्रेसप्रति अत्यन्त आशक्त जुझारु महिला भनेर चिनाइएको छ । विवाह नहुँदै पनि बा, दाइभाइको इच्छाविपरीत ऊ विश्वेश्वरको नेतृत्वमा नेपाली काङ्ग्रेसले २००७ सालमा प्रारम्भ गरेको प्रजातान्त्रिक क्रान्तिको निष्ठावान् समर्थक भएकी छ । चलिरहेको क्रान्तिकै बिचमा विवाह भएर तराईमा आफ्नो कर्मघर गएपछि पतिको अरूचि हुँदाहुँदै पनि काङ्ग्रेस, विश्वेश्वर र प्रजातान्त्रिक क्रान्तिप्रतिको उसको विश्वास अनि निष्ठामा कुनै कमी आएको देखिँदैन । तराईमा टिप्ने हिन्दी भाषाको रेडियो समाचारमा काङ्ग्रेसले धेरै ठाउँमा जित्दै गएको समाचार सुनेर ऊ उत्साहित भएकी र गाउँलेहरूलाई पनि प्रजातान्त्रिक क्रान्ति अनि त्यसको महत्त्वप्रति आश्वस्त तुल्याउन लागिपरेकी छ ।

कथामा एक दिन गाउँमा काङ्ग्रेसको नाम लिएर दुई जना सिपाही पुर्जीसहित प्रभाको घरमा आएका छन् । उसको घरमा आएका ती सिपाहीले "क्याम्पको आवश्यकताअनुसार १७ बोरा चामल र १० हजार रुपियाँ जम्मै गाउँवालाले तुरुन्त ल्याइपुऱ्याओ, नत्र सख्तीसाथ फौजी कारबाही हुनेछ" (भिक्षु, २०३४, पृ. ७२) भनेका छन् । यस उद्धरणले पात्रहरूका बिचमा सम्पत्तिसम्बन्धी बाह्य द्वन्द्वको प्रारम्भ भएको देखाएको छ । प्रभाको घरमा पुर्जी लिएर आएका सिपाहीले क्याम्पको आवश्यकताअनुसार सत्र बोरा चामल र दस हजार रूपैयाँ सबै गाउँलेहरू मिलेर दिनुपर्ने उर्दी जारी गरेका छन् । उनीहरूले पुर्जीअनुसारको चामल र रूपैयाँ नदिए फौजी कारवाही गर्ने भनेर धम्की पनि दिएको देखिन्छ । सिपाहीको धम्कीपूर्ण आदेश सुनेपछि घरबाहिर पुर्जी लिँदै गरेको पतिनजिक आएर प्रभाले "कल्ले मागेको यो चामल, १० हजार रुपियाँ किन चाहियो ? हामीसित बडो चामल लिने रे ! परासी मालको रुपियाँ कहाँ गयो ? कहाँ गयो, तहबील कहाँ छ ? विश्वेश्वर दाइले भनेको त काहाँ ....! त्यसै ताके पच्ला र ? तिर्नु परे पो थाहा होला ....!" (भिक्षु, २०३४, पृ. ७२) भनेकी छ । यस उद्धरणमा प्रभाले गाउँमा चामल र रुपैयाँ माग्न आउने सिपाहीको कार्यको विरोध गरेकी छ । ऊ चामल कसले मागेको, दस हजार रुपैयाँ किन चाहियो ? हामीसित बडो चामल लिने रे भन्दै बम्किएकी छ । उसले परासी मालको रूपैयाँ र तहबिल कहाँ गयो ? विश्वेश्वर दाइले यस्तो नभनेको र त्यसै ताके नपच्ने भन्दै सिपाहीको कुराप्रति असहमत भई प्रतिरोध र विवाद पनि गरेकी छ । प्रभाको कुराबाट क्रुद्ध सिपाहीले उसलाई धेरै नकरा नकचरी भन्दै यो धर्मबहादुर र देवप्रसादको आदेश हो भनेको देखिन्छ । खलबल सुनेर प्रभाको घरमा आइपुगेका गाउँलेहरूले पनि कथामा "हाम्रो गाउँबाट केही पनि पाउँदैनौ, ए ....हाम्रो उद्धार गर्न आएका कस्तो पो त ....! हामीलाई सुबिस्ता गराउन आएको त काहाँ .... रुपियाँ देऊ, चामल देऊ, नत्र मारिनेछौ, लुटिनेछौ....मात्र भएको यो क्या हो साहेब ? ....." (भिक्षु, २०३४, पृ. ७३) भनेका देखिन्छन् । यस उद्धरणमा प्रभासमेत गाउँलेहरू र रूपैयाँ र चामल उठाउन आएका सिपाहीका बिचमा असहमति र विवाद बढ्न थालेको देखाइएको छ । यस क्रममा धम्काउँदै चामल र रूपैयाँ माग्न आएका सिपाहीलाई प्रभासमेत गाउँलेहरूले हाम्रो उद्धार र सुबिस्ता गराउने नाममा रूपैयाँ चामल माग्ने र नदिए मार्नेलुट्ने धम्की दिनेलाई गाउँबाट केही पनि पाउँदैनौ भनेर लल्कारेका छन् । गाउँलेले विरोध गरेपछि दिँदैनौ भने फर्कन्छौँ भन्दै पुर्जी लिएर आएका दुई सिपाही फर्किएको कथामा देखाइएको छ । यहाँनेरको कथात्मक घटनामा प्रभासमेत गाउँलेहरू एकातिर र सिपाही अर्कोतिर भई परस्पर चामल र रूपैयाँका विषयमा दुई पक्षबिच विवाद चर्किएर असहमति एवम् विरोधपूर्ण स्थिति सिर्जना भएको देखिन्छ ।

भोलिपल्ट बिहानको अर्को कथात्मक घटनामा हातहतियारसहित बीस जना सिपाही आएर मोर्चा कसी गाउँ घेरेका छन् । अरू सबै गाउँले ढोका थुनेर आफ्नै छाप्रोमा बसे पनि गाउँका दुईचार जना साहसी र बोल्न सक्ने गाउँलेहरू प्रभाको घरमा आइपुगेका देखिन्छन् । यसैबिच एउटा बलियो भीषणाकृति भएको सिपाही र एक जना गाउँलेका बिचमा भएको संवादको चर्चा गर्दै कथामा "क्याम्पको खर्चा रासन किन गएन ? कल्ले रोक्या ? हामले रोक्या हैन, तर दिने काँबाट ? गएको सालमा बालीको उब्जा नै भएन, यस पालि यस्तो आपत् ! हामीकाँ खान पुग्न्यै अन्न छैन भने कसरी दिनु" (भिक्षु, २०३४, पृ. ७३) भनिएको छ । यस उद्धरणमा चामल र रूपैयाँ माग्ने र दिन नसक्ने स्थितिसँगै सिपाही र गाउँलेका

बिचमा विवाद बल्झिएको देखिन्छ । सिपाहीले क्याम्पको खर्चका लागि गाउँलेबाट जसरी पनि रूपैयाँ र चामल उठाउन चाहेका छन् भने गाउँलेहरू गएको साल बाली राम्रो नभएको र आफूहरूसँग खान पुग्नेसम्म अन्न पनि नभएको कारणले गर्दा सिपाहीले मागेअनुसारको अन्न र रूपैयाँ दिन नसक्ने भनिरहेका छन् । आफ्नो मागको विषयमा गाउँका मानिसहरूको कुरा सुनेपछि क्रुद्ध भएका सिपाहीले जवाफ दिने गाउँले मानिस, प्रभाको पति र अरू गाउँले मानिसहरूको पनि गोली हानी हत्या गरेका छन् । यसपछि सिपाहीले गाउँमा लुटपाट मच्चाएका छन् । यस सन्दर्भमा कथामा "फेरि लूटपाट, प्रभाको घर, अरूहरूको घर, अलिकति ठूला देखिएका छाप्रोहरूको पनि ! ... छाप्रोमा घुसारेका, सन्दूकमा राखेका नोट, माटाका 'डहेरी' हरूमा राखिएका अन्न सब थोक !" (भिक्षु, २०३४, पृ. ७४) भनिएको छ । यस उद्धरणमा सिपाहीहरूले ठूला देखिएका घर र छाप्रो पनि बाँकी नराखी छाप्रोमा घुसारेका र सन्दुकमा राखेका नोट एवम् माटाका डेहेरीमा राखेका अन्न सबथोक लुटपाट गरेका देखाइएको छ । यस किसिमको हिंसात्मक घटनासँगै प्रभासमेत गाँउले र सिपाहीहरूका बिचमा अन्न र रूपैयाँ पैसासम्बन्धी विवाद उत्कर्षमा पुगेको देखिन्छ । यी कथात्मक सन्दर्भबाट प्रभासमेत गाउँले र सिपाहीहरू सम्पत्तिकेन्द्रित द्वन्द्वको तानतानीमा परेका देखिन्छन् ।

'नयाँ इतिहासको प्रारम्भ' कथामा प्रभासमेत गाउँलेहरू खेती किसानी गरेर दैनिक जीवन चलाउनुपर्ने अवस्थाका पात्र हुन् । सिपाहीको भूमिकामा रहेका पात्रहरू भने क्रान्तिको लागि स्थापना गरिएको क्याम्पको नाममा गाउँलेहरूसँग चामल र रूपैयाँ पैसा उठाएर ठाँटका साथ हिँडिरहेका देखिन्छन् । उनीहरूले पुर्जी थमाएर मागेअनुसारको रूपैयाँ र चामल गाउँलेहरूले नदिँदा दुई पक्षका बिचमा भनाभन भएको र सिपाहीहरू आक्रोशित भएर गाउँमा हत्याहिंसा र लुटपाट मच्चाएको देखिन्छ । सिपाहीहरूको यस्तो हर्कतप्रति गाउँलेहरूले विरोध गरिरहेकाले दुई पक्षका बिचमा सम्पत्तिकेन्द्रित द्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी प्रभासमेत गाउँले र सिपाही पात्रका बिचमा सम्पत्तिका लागि सिर्जित द्वन्द्वको स्थिति देखाएर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

४.४.२ शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधान

वेबरका अनुसार अरू मानिसहरूको प्रतिरोध हुँदाहुँदै पनि कुनै सामाजिक कार्य गर्न सक्ने गरी मानिसलाई प्राप्त अवसर नै शक्ति हो । उनले समाजका सदस्यलाई सङ्गठित गर्न र नियन्त्रण गर्न, आर्थिक रूपमा सम्पन्न बन्न अनि सामाजिक प्रतिष्ठा आर्जन गर्न मानिस शक्तिको खोजीमा लाग्छ भनेका छन् । शक्तिमा रहेका मानिस अनेक उपाय अपनाएर शक्तिमा रहिरहन चाहने र शक्तिको विभेदीकरणले गर्दा असन्तुष्ट भएका मानिसहरू भने शक्तिमा रहेका पक्षलाई विस्थापित गर्नका लागि अग्रसर हुँदा दुई पक्षका बिचमा शक्तिकेन्द्रित द्वन्द्वको सिर्जना हुन्छ भन्ने वेबरको मान्यता रहेको छ । भवानी भिक्षुका कथा वेबरको यस मान्यताका आधारमा अध्ययनीय छन् । उनका कथामा विविध घटना परिस्थिति सिर्जना गरी पात्रहरूलाई शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वमा परेका देखाइएको छ । त्यसैले यसमा 'प्रेमको एउटा कथा', 'मानव', 'मालिकको छोरो', 'मैयाँसाहेब', 'हारजित', 'वन्दना', 'बन्दोबस्त', 'ईश्वर, खुदा, गाँडका कान' र 'नयाँ इतिहासको प्रारम्भ' गरी नौओटा कथाको शक्तिका लागि सिर्जित द्वन्द्वविधानका आधारमा अध्ययन गरिएको छ ।

(१) प्रेमको एउटा कथा

'प्रेमको एउटा कथा' कथाका पात्र गोमती र उसका बाआमाका बिचमा परस्पर विरोध र असहमतिको स्थिति सिर्जना गरेर शक्तिका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको छ । गोमतीले तेह्र वर्षको उमेरमा नै मानसिंहसँग प्रेम गर्न थालेकी छ । उसको र मानसिंहको बरोबर पत्रव्यवहार हुने गरेको पनि कथामा देखाइएको छ । यसले गर्दा ती दुईको आत्मीयता दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । यो कुरा थाहा पाएकी गोमतीकी आमाले भने छोरीको मानसिंहसँगको प्रेमलाई रुचाएकी छैन । यस सन्दर्भमा उसले छोरीलाई सम्झाउँदै कथामा "त्यस्तो मायाममता हामीलाई उचित छैन; कुलमा कलङ्क लाग्छ; दुनियाँले खिल्ली उडाउँछ" (भिक्षु, २०५२, पृ. १८) भनेकी छ । यस उद्धरणमा आमाचाहिँले छोरी गोमतीलाई नियन्त्रण गर्न खोजेकी देखिएको छ । उसले छोरीलाई मानसिँहसँगको प्रेमसम्बन्ध तोड्न दबाब दिएकी छ । उसले छोरीको त्यस्तो प्रेम कुलमा कलङ्क लाग्ने र दुनियाँले खिल्ली उडाउने खालको भएको हुनाले उचित नभएको भनेकी छ । घरव्यवहार चलाउने हैकम र शक्तिमा रहेकी आमाको अगाडि गोमतीले खुलेर केही भन्न सकेकी देखिँदैन तर उसको मनमा भने आफूले केही गल्ती नगरेकाले आमाबाट यस्तो सोचिनु आफ्नो अपमान भएको भन्ने विरोधको भावना उम्लेको देखिन्छ । यस सम्बन्धमा गोमतीको विचारलाई औल्याउँदै भिक्षु (२०५२) ले लेखेका छन् :

> म, म केही भन्न पाउन्नथेँ । तर मनमा एउटा विरोध-भावना के उम्लन्थ्यो भने– आखिर म गरिनै के रहेछु जसका निम्ति, आमा भएर पनि, यस्तो अपमानपूर्ण सङ्केत गरिरहेकी छिन् ! हरे संसारमा आफ्नो को छ र ? ... उनको सङ्केत गराइमा एउटा चालबाजी नीति र कुत्सित भावको दर्शन मात्र मलाई मिल्थ्यो; र मेरो अन्तर चिच्चाउन थाल्यो- हरे, यिनी मेरी आमा हुन् ! (पृ. १८-१९)

उल्लिखित उद्धरणमा गोमतीले आफ्नी आमालाई छोरीका लागि माया दिन नचाहने पात्रका रूपमा देख्न थालेकी पाइन्छ । केही गल्ती नगर्दा पनि आफ्नो अपमान हुने काम मात्रै आमाबाट हुने गरेकाले उसले आमाको चरित्रमा खाली चालबाजी नीति र कुत्सित भाव अनुभव गरी आमाको गुण नै देख्न सकेकी छैन । यस्तो स्थितिले गर्दा गोमती आमाप्रति असन्तुष्ट भएकी छ । तैपनि उसले आमा हुन् जे भए पनि आफूलाई कुनै मर्म परेमा साथ र समर्थन पाइहाल्छु नि भन्ने आशा गरेकी छ तर आमा भने छोरी गोमतीको उन्नतिको बाटोमा सधैँ तगारो हाल्न नै अग्रसर भएकी भन्ने कुरा उसले मानसिंहले लेखेको चिठी सुनाउने क्रममा थाहा पाएकी छ । यस सन्दर्भमा गोमतीले कथामा "यति मात्रै होइन कि–मानसिंहको चिठी आएछ भनेर मबाटै सुनी– उनको कहिलेकाँही यस्तो अवस्था हुन जान्थ्यो जसलाई 'प्रतिहिंसा'-सम्म पनि भन्न सकिन्छ" (भिक्षु, २०५२, पृ. १९) भनेकी छ । यस उद्धरणमा गोमतीका विरुद्ध उसकी आमा आक्रामक भएर लागेकी देखाइएको छ । छोरीले मानसिंहसँग गरेको प्रेमलाई आमाले स्वीकार गर्न चाहेकी छैन । बरु घरको व्यावहारिक शक्तिको उपयोग गरेर उसले छोरीलाई उसको प्रेमीबाट अलग्याउन चाहेकी छ । गोमतीले भने आमाको यस्तो व्यवहारलाई रुचाएकी छैन । उसले आमाको यस्तो हर्कतलाई प्रतिहिंसाको रूपमा बुझेकी छ । आमा र छोरीका

बिचमा परस्पर देखिएको यस्तो असहमत व्यवहार एवम् विरोधबाट शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

कथामा गोमतीका बाले एक दिन छोरीलाई बोलाएर उसको प्रेमी मामानसिंहले लेखेको चिठीका बारेमा छलफल गर्न चाहेका छन् । यस सन्दर्भमा भिक्षु (२०५२) लेखेका छन् :

> बाको हातमा एउटा चिठीजस्तो कागत थियो, र अगाडि त्यसैको एउटा खाम पडिरहेको थियो । बाले भन्नुभयो– हेर, यो मानसिंहको चिठी ! उसले यसमा तिमीलाई लेखेका आत्मीयताका कुराहरू एउटा बाबुबाहेक अरू कसैले पनि लेख्न सक्तैन । म मान्दछु, तिमी उमेरमा त्यसभन्दा सानी र तिमीलाई ऊ केटाकेटीबेलादेखि नै माया गर्छ । तर यत्तिकैले अब उमेर पुगिसकेकी तिमीलाई यस्तो चिठी लेख्न सक्तैन । (पृ. २०)

उल्लिखित उद्धरणमा गोमतीका बा पनि उसको प्रेमसम्बन्धलाई भत्काउन उद्धत रहेका देखाइएको छ । उसले गोमतीलाई लेखेको प्रेमपत्र आफैले खोलेको छ । उसले छोरीले गोप्य रूपमा पाउनुपर्ने पत्र आफैले खोलेर त्यसको व्यहोरासमेत आफैले पढी उसलाई सम्झाउने बुझाउने काम गरेको छ । केही नभई उसले यस किसिमको पत्र लेख्न नसक्ने कुरा पनि उसले छोरीलाई सुनाएको छ । बाको यस स्तरको आफ्नो प्रेमविरुद्धको शक्तिपूर्ण हस्तक्षेपलाई गोमतीले सहन सकेकी छैन । उसले बलजफ्ती रूपमा आफूलाई मानसिंहबाट अलग गर्ने प्रयासका रूपमा यस घटनालाई लिएकी छ । यस सन्दर्भमा गोमतीले कथामा "किन्तु एउटा अज्ञात घृणा, युगयुगान्तरदेखि नारीहृदयमा सञ्चित भइराखेको एउटा महाप्रतिरोध मेरो नसानसामा दगुर्न थाल्यो" (भिक्षु, २०५२, पृ. २०-२१) भनेकी छ । यस उद्धरणमा गोमती बाआमाको व्यवहारबाट अत्यन्त असन्तुष्ट बनेकी देखाइएको छ । उसले आमाबाप्रति घृणा प्रकट गरेकी छ र आफ्नो नसानसामा महाप्रतिरोधको ज्वार दगुर्न थालेको भनेकी छ । यस तथ्यबाट ऊ आफ्नो लक्ष्यमा अवरोध पुऱ्याउनेका विरुद्धमा जस्तोसुकै प्रतिरोध गरेर अघि बढ्न चाहेकी देखिएको छ । कथामा गोमतीले मानसिंहसँग बिहे गरेर घरजम गरी आफू पनि आमाबाजस्तै गरी शक्तिशाली बन्ने अभिलाषा राखेकी भए पनि उसका आमाबा भने उसलाई त्यसो हुनबाट रोक्ने प्रयत्नमा लागेका देखिन्छन् । यसले गर्दा गोमती र उसका आमाबाका बिचमा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति बनेको स्पष्ट देखापर्छ ।

'प्रेमको एउटा कथा' कथामा मानसिंहसँग प्रेम गरेकी गोमती व्यावहारिक रूपमा घरका शक्तिशाली पात्र बाबुआमाका अगाडि निरीह देखिएकी छ । बाबुआमाले मानसिंहसँगको प्रेमसम्बन्धबाट टाढा हुन दबाब दिएपछि ऊ यसबाट आफ्नो अपमान भएको ठानेर असन्तुष्ट भएकी छ र पारिवारिक दबाबको प्रतिरोध गरेर अघि बढ्न चाहेकी छ । यसले गर्दा गोमती र उसका बाबुआमाका बिचमा शक्तिकेन्द्रित द्वन्द्वको स्थिति देखिएको छ । यसरी कथामा गोमती र उसका बाबुआमाका बिचमा द्वन्द्वको स्थिति सिर्जना गरेर शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२) मानव

'मानव' कथामा गोविन्द र उसको दाइ एवम् गोविन्द र तुङ्गनाथका बिचमा शक्तिको विषय बाह्य द्वन्द्वको कारक बनेको देखाइएको छ । कथामा आफ्नो पढाइलाई निरन्तर अघि बढाउन चाहने गोविन्द र पढाइ छोडेर जागिरमा लाग्नुपर्ने भन्ने उसको दाइका बिचमा र पहिले सँगै पढेको साथी भए पनि समयक्रममा एउटै कार्यालयमा कारिन्दा र हाकिमको भूमिकामा देखिएका गोविन्द र तुङ्गनाथका बिचमा परस्पर असहमति र विरोधको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको प्रस्तुति गरिएको छ । गोविन्द कथाको प्रारम्भमै दरबार स्कुलको म्याट्रिक्युलेसन क्लासको विद्यार्थी भएर देखिएको छ । अतिरिक्त क्रियाकलाप आदिमा मेधावी देखिएको उसले म्याट्रिक पास गर्न भने सकेको छैन । गोविन्दका दाइभाउजू अब उसको पढाइ छोडाएर जागिर खाने मेलोमा लगाउने निष्कर्षमा पुगेका देखिन्छन् ।

कथामा एक दिन बिहान दाइ अड्डा र गोविन्द स्कुल जान लागेका बेला घरको ढोकैमा दुई भाइको भेट हुँदा दाइले कथामा "अब कति पढ्छौ भाइ ? ... यो अङ्ग्रेजीले तिमीलाई खान लाउन दिन्न, न म्याट्रिक पास हुनेबित्तिकै पैसा नै बर्सन थाल्छ । यो धनीहरूको शोभाको वस्तु हो । ... अब त तिमीले कतैतिर चाकरी गरी जागिर खाने बन्दोबस्त गरेको असल होला" (भिक्षु, २०५२, पृ. ८७) भनेको छ । यस उद्धरणमा दाइले गोविन्दलाई पढाइ छोडेर जागिर खान दबाब दिएको देखिन्छ । उसले धनीहरूको शोभाको बस्तु मानिने अङ्ग्रेजीले खानलाउन नदिने र म्याट्रिक पास हुनेबित्तिकै पैसा नबर्सिने भएकाले अब पढाइतिर धेरै बल नगरेर कतैतिर चाकरी गरी जागिर खाने बन्दोबस्तमा लाग्न उचित हुने भनेर भाइलाई सम्झाएको छ । घरको हर्ताकर्ता भएर शक्तिमा रहेको दाइले गोविन्दले पढाइ छोडेर जागिर खानुपर्छ भनेपछि उसैको आश्रयमा बाँचेर पढाइ अघि बढाइरहेको निरीह गोविन्द आहत भएको छ । ऊ बेचैन र असन्तुष्ट हुन पुगेको देखिए पनि प्रत्यक्षतः दाइको कुराको प्रतिरोध भने उसले गर्न सकेको देखिँदैन । बरु उसले आफ्नो असन्तुष्टिलाई साङ्केतिक रूपमा प्रस्तुत गरेको छ । उसले कथामा "स्कुल, पढाइ, अङ्ग्रेजी, किताब सबैसित बिदा हुनुपर्नेछ" (भिक्षु, २०५२, पृ. ८८) भनेको छ । यस उद्धरणबाट गोविन्द दाइको दबाबमा परेको देखिएको छ । दाइले भनेअनुसार पढाइ छोडेर जागिरतिर लाग्दा स्कुल, पढाइ, अङ्ग्रेजी, किताब सबैसित बिदा हुनुपर्ने होला भनेर ऊ दुःखी भएको छ । ऊ दाइको प्रस्तावबाट असन्तुष्ट भएको देखिए पनि पारिवारिक रूपमा शक्तिमा रहेको दाइको अगाडि उसले केही गर्न सक्ने देखिँदैन । यसले गर्दा कथामा परिवारिक दृष्टिले शक्तिशाली भूमिकामा रहेको दाइ र शक्तिहीन स्थितिमा रहेको गोविन्द शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा देखिएका छन् ।

चार वर्षपछिको अर्को कथात्मक घटनामा पढाइ छोडेर जागिर खान थालेको गोविन्द नेपालगन्ज अमिनीमा बहिदार पदको सरकारी जागिरे भएर बसेको देखिन्छ । अब उसको कार्यालयमा दरबार स्कुलमा सँगै पढ्दाको उसैको सबैभन्दा मिल्ने साथी तुङ्गनाथ नयाँ हाकिम भएर आउन लागेको छ । गोविन्दको साथी हो भन्ने थाहा पाएर हाकिमको बारेमा सोध्ने कर्मचारीलाई गोविन्दले कथामा "मान्छे बेसै छन् । नडराओ उनलाई मै सम्झ" (भिक्षु, २०५२, पृ. ९०) भनेको छ । यस उद्धरणमा गोविन्दलाई हाकिम साथीको बलमा शक्तिआर्जन गर्ने अभिलाषामा अग्रसर भएको देखाइएको छ । नभन्दै परिणाममा पनि कार्यालयका खरदारदेखि

सिपाहीसम्मका कर्मचारी उसप्रति विनयशील भएका देखिन्छन् । तुङ्गनाथ कार्यालयमा आएपछि गोविन्दलाई देखेर उसले सोधनी पनि गरेको छ । यद्यपि जुन रूपमा गोविन्दले अपेक्षा गरेको थियो त्यस किसिमको आत्मीयता तुङ्गनाथले गोविन्दप्रति देखाएको भने पाइँदैन । एक दिन पूर्व सल्लाहअनुसार गोविन्द बिहानै हाकिम भएर आएको तुङ्गनाथलाई सुनाउन भनेर आफूले लेखेका कविता पोको पारी उसको डेरामा पुगेको कथामा देखाइएको छ । कविता सुनाएर आफ्नो भूतपूर्व मित्रतालाई पूर्ववत् रूपमा जागरित गराउने अपेक्षा राखेको गोविन्दलाई हाकिम तुङ्गनाथले माथि आफ्नो कक्षमा बोलाएको छैन । तल आएपछि पनि गोविन्दलाई ग्वाङ्ग्रेलाई झैँ कुराएर चिठी लेख्ने आफ्नै काममा ऊ व्यस्त भएको देखिन्छ । आफ्नो काम सकेर गोविन्दलाई कविता सुनाउन भनेपछि गोविन्दले त्यसको लागि तयारी गर्दागर्दै त्यहाँ एक्कासी आइपुगेको कम्पाउन्डरसँग कुराकानीमा लागेर तुङ्गनाथले कथामा "लौ त गोविन्द तिमी ऐले जाऊ है ! - ... कम्पाउन्डर साहेबसित मेरो धेरै दिनमा भेट भएको छ, यहाँसित केही कुरा पनि छ । तिमी त भोलि आए पनि हुन्छ" (भिक्षु, २०५२, पृ. ९५) भनेको छ । यस उद्धरणबाट कार्यालयको हाकिम पदमा रहेको आफ्नो स्कुले साथी तुङ्गनाथसँग पूर्ववत् गाढा मित्रता कायम गरेर सायद कार्यालयभित्रका काममा शक्तिको अभ्यास गर्न चाहेको गोविन्द हाकिम भएर आएको साथीले उसलाई महत्त्व नदिएबाट आहत, बेचैन र असन्तुष्ट भएको छ । उसले कसैले आफूलाई तातो पानी खन्याइदिएको अवस्थामा पुग्न गएको महसुस गरेको छ । यसले गोविन्द र तुङ्गनाथका बिचमा देखिएको शक्तिकेन्द्रित द्वन्द्वलाई सङ्केत गरेको छ । यी कथात्मक सन्दर्भबाट गोविन्द र उसको दाइ अनि गोविन्द र उसको साथी तुङ्गनाथका बिचमा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको सिर्जना भएको देखापर्छ ।

'मानव' कथामा म्याट्रिक पढिरहेको गोविन्दलाई उसका दाइले दबाब दिई पढाइ छोडेर जागिर खान बाध्य बनाएको र ऊ दाइको दबाबका सामु निरीह बनेर झुके पनि असन्तुष्ट भएको छ । यसपछि नेपालगन्ज अमिनीमा जागिर खान गएको गोविन्दलाई हाकिम भएर गएको उसकै स्कुले साथी तुङ्गनाथले आफू माथिल्लो पदमा भएको रबाफ देखाएर बेमतलब गरेको छ । यसबाट पनि गोविन्द असन्तुष्ट भएको छ । यसले गर्दा गोविन्द र उसको दाइ अनि गोविन्द र उसको साथी तुङ्गनाथका बिचमा शक्तिकेन्द्रित द्वन्द्वको स्थिति सिर्जना भएको देखापर्छ । यसरी कथामा उल्लिखित पात्रहरूका बिचमा द्वन्द्वको स्थिति सिर्जना गरेर शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(३) मालिकको छोरो

'मालिकको छोरो' कथामा साहु गणेशमान, उसका दुई पत्नी र कथाको पूर्वार्धमा कृष्णेसमेत परिवारमा शक्तिशाली रहेकामा पछि कृष्णे र रामे शक्तिहीन भएर असन्तुष्ट बनी क्रियाशील भएका छन् । कथाका पात्रमध्ये रामे गणेशमान साहुको घरमा काम गर्ने नोकर र कृष्णे साहुकै छोराको भूमिकामा रहेका छन् । रामे र कृष्णेका बिचमा निकै घनिष्ठता र आत्मीयता रहेको देखिए पनि कृष्णेका बाबु र आमाले भने रामेलाई नोकरकै रूपमा व्यवहार गर्ने गरेको कथामा देखिन्छ । कृष्णेप्रति थोरै असावधानी हुँदा उसकी आमाले कथामा "छोरालाई तैँले कुन्नि के भन्ठानेको छस्; त्यो टुहुरो त होइन- जल्ले पायो जथाभावी गर्ने" (भिक्षु, २०५२, पृ. १२७) भनेकी छ । यस उद्धरणमा कृष्णेकी आमाले रामेलाई तुच्छ र हेपाहा व्यवहार गरेकी

देखाइएको छ । कृष्णेलाई अत्यन्त माया गर्दै गर्दा पनि उसकी आमाको यस्तो भनाइबाट रामे खिन्न भएको देखिन्छ । उसले कृष्णे देउता, स्वर्गको पुष्प र महान् हो अनि आफू भने उसको नोकर, तुच्छ र नगण्य भएको ठानेको छ । रामेलाई तुच्छ ठानेर यस्तो भेदभावपूर्ण व्यवहार र विभेदीकृत गर्ने प्रयासबाट रामे असन्तुष्ट भएको छ । कृष्णेका बाबुले पनि रामेलाई दबाउने गरेको छ । उसले कथामा "ए छुसी ! केटोलाई बिगारी नै दिन आँटिस् ? त्यो तँजस्तो भाते त होइन !" (भिक्षु, २०५२, पृ. १२७) भनेको छ । यस उद्धरणबाट कृष्णेका बाबुको व्यवहार पनि उसकी आमाको जस्तै गरी रामेप्रति तुच्छ र हेपाहा नै रहेको देखिन्छ । यस्तो भनाइबाट रामे आहत भएर आफू छुसी र भाते भए पनि कृष्णे यो घर र श्रीसम्पत्तिको मालिक भएकोले उसका आमाबाबुजस्तै शक्तिशाली छ अनि आफू भने शक्तिहीन नोकर भएको हुँदा हेपिनुपरेको ठानेको छ । यसले गर्दा ऊ असन्तुष्ट भएको छ । अरू मालिक र नोकर रामे आश्रित देखिएको कथात्मक परिस्थितिका बिच रामे असन्तुष्ट देखिएबाट कथामा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको अवस्था बनेको छ ।

कथामा कृष्णेकी आमाको स्वर्गवास भएको देखाइएको छ । घरमा अब साहु गणेशमान, कृष्णे र रामे मात्र छन् । यस्तो अवस्थामा कृष्णेको रखवारी गर्ने जिम्मा रामेमा पनि आएको छ । यस सन्दर्भमा रामेले कथामा "टुहुरो म हुन दिन्न; मालिक हुनुहुन्छ नै, म छँदैछु, अब म कृष्णेलाई यताउति त्यसै खेल्न जान दिन्नँ; राम्ररी पढाउनुपर्‍यो" (भिक्षु, २०५२, पृ. १२८) भनेको छ । यस उद्धरणमा रामेले साहुको घरमा जिम्मेवारी र भूमिकाका साथै शक्ति पनि वृद्धि भएको ठानेको छ । तर कृष्णेका बाबुले रामेलाई खास महत्त्व दिएको देखिँदैन । यस सन्दर्भमा कथामा कृष्णेको बाबु गणेशमानले "तैंले केटालाई बरालिदिनै आँटिस् ए ! दिनभरि गुच्चा, चङ्गा, भोकटे । जा निक्ली तँ यस घरबाट ! अनि दुई-चार थप्पड लगाएर घोक्र्याइदिए" (भिक्षु, २०५२, पृ. १२८) भनेको छ । यस उद्धरणमा कृष्णेका बाबुले छोरालाई बरालिदिनै आँटिस् भन्दै हप्काउनुका साथै यस घरबाट निक्ली जा भनेर थप्पर लगाई रामेलाई घोक्र्याएको देखाइएको छ । यसबाट रामेको शक्ति पूर्ववत् नै निरीह भएको स्पष्ट देखिन्छ ।

कथामा समयको क्रमसँगै कृष्णेका बाबु साहु गणेशमानले दोस्रो बिहे गरेका र घरमा नयाँ मालिक्नी भित्रिएकी कथामा देखिएको छ । यसपछि त कृष्णे र रामेलाई हेर्ने, नियन्त्रण गर्ने र कजाउने दायित्व नौली मालिक्नीमै आएको छ । उसले रामेलाई एकछिन पनि फुर्सद नदिई बेसरी कजाउने र कृष्णेलाई गर्नू-नगर्नूको आज्ञा दिएर नियन्त्रण गर्न थालेकी छ । यसबाट कृष्णे र रामे समान रूपमा निरीह र शक्तिहीन बनेका अनि कृष्णेका बाबु र उसकी सौतेनी आमा गृहशक्तिको केन्द्रक देखिएका छन् । अब कथामा साहु र नौली मालिक्नी शक्तिशाली अनि कृष्णे र रामे शक्तिहीन भएर देखिएपछि शक्तिकेन्द्रित बाह्य द्वन्द्वले फरक मोड लिन पुगेको देखिन्छ । यसपछि कृष्णेको स्वभावमा परिवर्तन देखिएको छ । यस सन्दर्भमा कथामा "उसमा एउटा अकारणको विरोधभावना उम्लन लागेकोले ऊ बातैपिच्छे झगडा गर्ने पनि हुन गयो । ... हरेक बातमा मालिक्नीलाई कृष्णेले तिखो जवाफ दिन लाग्यो" (भिक्षु, २०५२, पृ. १३०) भनिएको छ । यस उद्धरणमा कृष्णे सौतेनी आमाका विरुद्धमा आक्रामक रूपमा क्रियाशील भएको देखाइएको छ । उसले नौली मालिक्नी भएर आएकी सौतेनी आमालाई मतलब नै गर्न छोडेको र हरेक कुरामा झगडा गर्ने अनि तिखो जवाफ लगाउने गर्न थालेको

छ । उता सौतेनी आमाले भने कृष्णेलाई कस्ने र आफ्नो दबाबमा राख्न थालेकी छ । यसले गर्दा कथामा पात्रहरूका बिचमा शक्ति द्वन्द्वको स्थिति सशक्त बनेको देखिन्छ ।

कथामा कृष्णेका बाबुले पनि पत्नीको चुक्ली सुनेर कृष्णेलाई नै हप्काएको छ । कृष्णे निर्दोष भएको र उसको केही बदमासी नभएको भन्दै गरेको रामेलाई पनि साहुले कथामा "अबदेखि तैँले यसलाई साथ लगाइस् त ... ! तैँले नै गर्दा यो यस्तो बिग्रेको; पाजी, बदमास, भाते" (भिक्षु, २०५२, पृ. १३१) भनेको छ । यस उद्धरणबाट कृष्णेका बाबुले रामेलाई तुच्छ प्रकृतिको गाली गरेको देखिएको छ । कृष्णे पनि बाबुबाट दबाबमा परेको छ । यस घटनाले रामे र कृष्णे दुवै जना शक्तिशाली पात्रको दमनमा परेका देखिन्छन् । परिणामत: यी दुवै पात्र झन् असन्तुष्ट भएका छन् । सौतेनी आमाप्रति विद्रोही बनेको कृष्णेलाई रामेले पनि साथ दिएको छ । यसपछि नौली मालिक्नी कृष्णे र रामेप्रति कठोर रूपमा प्रस्तुत भएकी छ । यस सन्दर्भमा कथामा "कृष्णेको नराम्रो कुरा सुनेर मालिक्नीले उसलाई कठोर दण्डको व्यवस्था गरिन् । ... उसको कुरा सुनेर दीन-हीन कृष्णको गालामा दश-पाँच थप्पडको वृद्धि अरू पनि भयो । साथै रामेले पनि सुन्यो–पख्, तँलाई आज यस घरबाट ननिकाली कहाँ छोडौंला ? तँ छुसी मलाई सम्झाउन आउने ! पख् " (भिक्षु, २०५२, पृ. १३१) भनिएको छ । यस उद्धरणमा नयाँ मालिक्नीले कृष्णेलाई कडा दण्ड दिनुका साथै रामेलाई पनि घरबाट निकाला गरेकी छ । यस घटनाले कृष्णे र रामे मिलेर घरमा शक्ति सन्तुलन कायम गर्न असफल देखिएका छन् भने साहु गणेशमान र नौली मालिक्नी कृष्णेकी सौतेनी आमा शक्तिशाली नै रहन गएका छन् । यी कथात्मक सन्दर्भबाट प्रारम्भमा साहु गणेशमान र उसकी जेठी पत्नी एकातिर र नोकर रामे अर्कोतिर अनि पछि गणेशमान र उसकी कान्छी पत्नी एकातिर र अर्कोतिर रामे र कृष्णे भई पात्रहरूका बिचमा शक्तिका लागि सिर्जित विवाद बल्झिएर कथामा बाह्य द्वन्द्वको स्थिति उत्कर्षमा पुगेको देखापर्छ ।

'मालिकको छोरो' कथामा साहु गणेशमान, उसकी जेठी र कान्छी पत्नी शक्तिशाली पात्र अनि रामे र कृष्णे शक्तिहीन पात्र भएर देखिएका छन् । प्रारम्भमा रामे शक्तिशाली पात्रको दबाबमा परेको देखिन्छ भने पछि कृष्णे पनि रामेसँगै दबाबको घेरामा पर्न आएको छ । रामे नोकर भएकाले मालिक मालिक्नीको हेपाइको चापमा परेको अनि कृष्णेचाहिँ आमा मरेपछि बाबुले बिहे गरेर ल्याएकी सौतेनी आमाको हेपाइ र दमनको चापमा परेको छ । शक्तिहीन दुवै पात्रले हेपाइ र दमनलाई चिर्ने सक्दो प्रयत्न गर्दा विवाद र असहमति बढ्न गएको छ । यसले गर्दा कथामा शक्तिकेन्द्रित द्वन्द्वको स्थिति देखिएको छ । यसरी शक्तिमा रहेका र शक्तिहीन पात्रका बिचमा शक्तिका लागि सिर्जित द्वन्द्वको स्थिति देखाएर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(४) मैयाँसाहेब

'मैयाँसाहेब' कथाकी मैयाँ राणा खानदानकी छोरी भएकीले उच्चवर्ग र शक्तिसम्पन्न भूमिकामा देखिएकी छ । अजय भने उसकै दरबारमा काम गर्ने कारिन्दाको छोरो भएकाले सामान्यत: मध्यमवर्गीय अवस्थाको पात्र हो । यही कारणले दुई पात्रका बिचमा शक्तिगत विभेद देखिएको छ । यसैबिच एक दिन अजय महारानी सरकारको दर्शन गर्न भनी दरबारमा गएकामा मैयाँलाई सन्चो नभएको थाहा पाएर उसलाई भेट्ने क्रममा अजयले यहाँलाई सन्चो

छैन ? के भयो ? भनी सोधेकामा मैयाँले कथामा "अजय, यसरी सोध्न सुहाउँदैन, दरबारको यति आवतजावत भएर कुरा गर्ने ढङ्ग थाहा पाउनै पर्ने थियो । सोध न- हजुरलाई आराम छैन कि ?" (भिक्षु, २०६३, पृ. ३) भनेकी छ । यस उद्धरणमा मैयाँलाई शक्तिको दम्भले प्रभावित भएकी देखाइएको छ । अजयले उससँग कुराकानी गर्दा शक्तिमा रहेका शासकवर्गलाई सम्बोधन गर्ने भाषामा त्रुटि भएकोमा मैयाँ अजयको अभिव्यक्तिप्रति असन्तुष्ट देखिएकी छ । उसले भने अजयलाई सामान्य मध्य आदरार्थीको प्रयोग गरेर सम्बोधन गरेकी छ । दुवैले एकापसमा प्रेम गरेका भए पनि मैयाँ शक्तिशाली राणा परिवारकी भएकीले अजय बोल्दा उससँग झुक्नुपर्ने र उसले सामान्य भाषाको प्रयोग गरे हुने भन्ने उसको कुराप्रति अजय सन्तुष्ट देखिँदैन । यसले गर्दा दुई पात्रका बिचमा शक्तिसम्बद्ध द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

मैयाँको उच्च शक्तिको दम्भले असन्तुष्ट भएको अजय शक्ति प्राप्त गर्ने नयाँ बाटो पछ्याएर राणाविरोधी राजनीतिक आन्दोलनमा लागेको छ । यो कुरा थाहा पाएर मैयाँले अजयलाई पठाएको चिठीमा "सुन्दछु, तिमी कुनै गुप्त राजनीतिक षडयन्त्रमा पनि उत्रेका छौ; विरोध छैन, तर भन त, देशभक्तिले विह्वल भएर हो कि यसमा कुनै प्रतिक्रिया छ; प्रतिक्रिया नै हो कि कुनै लालसा ?" (भिक्षु, २०६३, पृ. ७) भनी लेखेकी छ । यस उद्धरणमा मैयाँलाई आफ्नो सत्ता र शक्तिको विरोधमा अजय लागेर हिँडेकामा असन्तुष्ट र बेचैन भएकी देखाइएको छ । उसले अजयको राजनीतिक सक्रियतालाई देशभक्तिले विह्वल भएर नभई लालसाले गर्दा षडयन्त्रमा उत्रेको आरोप लगाएकी छ । उता अजय भने राजनीतिक षडयन्त्रको आरोपमा जेलमा परेको छ र क्रान्ति सफल भएर राणाशासनको समाप्तिसँगै प्रजातान्त्रिक शासनको प्रारम्भ भएपछि ऊ जेलबाट छुटी राजनीतिमा सक्रिय भएको छ । यसैबिच प्रजातान्त्रिक शासनको प्रारम्भ भएपछि राणाहरूको शक्ति सङ्कुचित भएको छ । यस सन्दर्भमा कथामा "सामन्तवर्गको हालत सरकारी आर्थिक सहायता, संरक्षक इत्यादि छुटेर तेजीसाथ बिग्रँदै गयो । सरकारी जागिर र भत्तामा भएकाहरूको अवस्था, दुवैबाट वञ्चित भएर, अझ तिनीहरूको रोब-रवाफको अभ्यासले, आयश्रोत नभएका व्ययद्वारा झन् खराब भयो । मैयाँसाहेबको पतिगृहको अवस्था पनि आर्थिक अवसानतिरै लम्किरहेको थियो" (भिक्षु, २०६३, पृ.७) भनिएको छ । यस उद्धरणमा देशमा प्रजातन्त्रको आगमनसँगै शक्ति क्षय भएर सामन्तवर्गीय राणाहरूले पाइरहेको सरकारी आर्थिक सहायता र संरक्षण सबै छुट्दा उनीहरूको अवस्था दयनीय र शक्तिहीन बनेको देखाइएको छ । यससँगै मैयाँको घरको आर्थिक अवस्था र शक्ति पनि अवसानोन्मुख भएको छ । यसले कुलीन शक्तिमा रहेकी मैयाँसाहेबको शक्ति पनि स्वत: सङ्कुचित भएको देखापर्छ । उता पहिले शक्तिहीन अवस्थामा रहेको अजय भने राजनीतिक परिवर्तन हुँदा शक्तिआर्जन गर्न सफल भएको छ । उल्लिखित कथात्मक सन्दर्भबाट कथाका दुई पात्र मैयाँ र अजय शक्तिकेन्द्रित द्वन्द्वको चापमा परेका देखिन्छन् ।

'मैयाँसाहेब' कथामा मैयाँ राणा दरबारिया सम्भ्रान्त परिवारकी भएकीले ऊ शक्ति सम्पन्न छ । अजय उसकै दरबारमा काम गर्ने कारिन्दाको छोरो भएकाले उसको अवस्था शक्तिका दृष्टिले निरीह देखिन्छ । परस्परमा प्रेमसम्बन्धमा रहेका भए पनि मैयाँले अजयलाई शक्तिको दम्भ देखाएर होचो र तल्लो देखाउने प्रयत्न गरेकी छ । उसको त्यस्तो व्यवहारबाट अजय असन्तुष्ट भएबाट दुई पात्रका बिचमा विरोधको स्थिति बनेको देखापर्छ । समयक्रममा अजय राणाविरोधी राजनीतिक क्रान्तिमा सक्रिय भएर शक्ति हासिल गर्ने प्रयासमा लाग्दा

मैयाँले षडयन्त्रमा लागेको भनेर असन्तुष्टि प्रकट गरेकी छ । क्रान्तिको सफलतासँगै अजयले शक्ति प्राप्त गर्न सफल भएको देखिन्छ । उता राजनीतिक क्रान्तिको सफलताले सबै राणाहरूसँगै मैयाँको शक्ति र रबाफ अत्यन्त नाजुक बन्न गएको छ । यस्तो अवस्थाका लागि ऊ अजयसँग असन्तुष्ट भएकी छ । यसले गर्दा मैयाँ र अजय शक्तिसम्बन्धी द्वन्द्वको चापमा देखिएका छन् । यसरी दुई पात्र मैयाँ र अजयका बिचमा शक्तिका लागि सिर्जित द्वन्द्वको स्थिति देखाए कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(५) हारजित

'हारजित' कथामा अलगुवाकी बुहारी सोनवा घर परिवारको अनुमति नलिई मनोहरको घरमा मजुरी बस्न गएकीमा यही विषयलाई लिएर सारा गाउँ एकातिर र मनोहर अर्कोतिर भई गाउँलेहरू असन्तुष्ट हुँदा कथामा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ । यस कथामा खास गरी गरिब तथा न्यायी र धनी तथा धूर्त व्यक्तिका बिचमा भएका सङ्घर्षलाई देखाइएको छ (रिमाल, २०४९, पृ. २५६) । यसले कथामा शक्ति द्वन्द्वलाई प्रोत्साहन गरेको देखिएको छ । कथामा बुहारी मान्छे अर्काको घरमा मजुरी बस्नको लागि जान नहुने भन्ने गाउँको रीतिपरम्परा रहिआएकाले सोनवालाई मनोहरले सम्झाईबुझाई घरमै फर्काइदिनुपर्नेमा उसले त्यसो गरेको छैन । बरु कटानीको काम नसकिएसम्म मजुरीमा रहेकी सोनवालाई नफर्काउने अड्डी लिएर बसेको छ । धनपैसा, खेतीपाती र पशुधनमा सम्पन्न मनोहरले गाउँलेलाई आवश्यक पर्दा धनपैसा र अन्नपात ऋणको रूपमा सहयोग गर्ने गरेको र पछि पनि सहयोग लिनुपर्ने हुँदा प्रायः गाउँलेहरू उसका विरुद्ध मुख खोल्न सकिरहेका देखिँदैनन् तर भित्रभित्रै सबै असन्तुष्ट भएका देखिन्छन् । अलगुवाले पनि आफ्नी बुहारीलाई फिर्ता पठाइदिन भन्नको लागि मनोहरको घरमा जान सकेको देखिँदैन । उसले गाउँको आत्मा मानिएको घुरहूलाई गुहार्न गएको छ । गाउँका युवायुवती, आइमाई, पुरुष सबैका माझमा यही विषयले चर्चा पाइरहेको देखिन्छ । यस्तो परिस्थितिले गर्दा कथामा सोनवाको मजुरीको विषयमा विवाद चर्किन गएको देखापर्छ ।

सोनवा मनोहरको घरमा मजुरी बस्न गएकीले सिर्जना भएको विवादलाई समाधान गर्न उतराहेको घरमा पञ्चायत बसेको छ । त्यसमा भेला भएका सबैले मुख खोल्न नसके पनि घुरहू, बदरिया र तयफवाले मनोहरले सोनवालाई उसकै घरमा फिर्ता पठाउनुपर्ने कुरा बोलेका छन् । बदरियाले कथामा "मनोहर काका, केको झन्झट ! सोनवालाई भगाउनुहोस्, अलगुवा गरिब तपाईंकै शरणमा छ । उसको त छोरो भने पनि बुहारी भने पनि सोनवा नै रहिछ, फसल काट्ने ताउको बखत आयो, अन्न सँगालिएन भने बिचरा भोकै मर्नेछ । हटाउनुस् यो टैटन्टा, है मनोहर काका !" (भिक्षु, २०६३, पृ. ४२) भनेको छ । यस उद्धरणमा बदरियाले सबै गाउँले शक्तिको आवाज मनोहरलाई सुनाएको देखिन्छ । उसले अलगुवाको घरमा पनि फसल काट्ने ताउको चटारो भएकाले उसकी बुहारी सोनवालाई उसकै घरमा फिर्ता पठाएर बेकारको झन्झट र टैटन्टाबाट मुक्त हुन मनोहरलाई अनुरोध गरेको छ । मनोहर भने बदरियाको अनुरोधलाई मान्न तयार देखिँदैन । उसले "कस्तो कुरा गर्छस् बदरिया- ... यो मजूरको कुरा हो, कटनी, रोपाइँ, निराइँमा साराले जो जहाँ पाए मजूरहरू तसल्ल गर्छन्, ... कटनीको बखत सोनवा मजूरी बसी नाइँ कसरी भन्छस्- पठाइदेऊ !" (भिक्षु,

२०६३, पृ. ४२-४३) भनेको छ । यस उद्धरणमा मनोहर मजुरको कुरा भएकाले कटनीको बखत मजुरी बसेकी सोनवालाई काम नसकी फर्काउन नसक्ने अडानमा अडिग देखिएको छ । सोनवालाई मजुरीबाट फिर्ता गर्नुपर्छ भन्ने गाउँलेहरू र फिर्ता गर्न नचाहने मनोहरका बिचमा शक्ति द्वन्द्वको स्थिति गम्भीर बनेको देखिन्छ ।

कथामा मनोहरको अडान बुझेपछि गाउँको आत्मा मानिएको घुरहूले मनोहरलाई सम्झाउँदै कथामा "मनोहर भाइ, सोनवा मजुर होइन, तपाईंकी, हाम्री छोरीबेटी हो । ... मेरा र तपाईंका पनि छोरीबुहारी छन्, यो बिचार राख्नै पऱ्यो । सोनवालाई पठाइदिनुस्" (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । यस उद्धरणमा घुरहूले सोनवालाई उसकै घरमा फिर्ता पठाइदिन दबाब दिएको देखिन्छ । उसले सोनवा मजुर नभई हामी सबैकी छोरीबेटी भएकीले त्यही किसिमको व्यवहार गर्नुपर्ने भनेको देखिन्छ । घुरहूले सङ्केत गरेअनुसार गोटिहवा गाउँमा छोरीबुहारीहरूको इज्जतमाथि प्रश्न उठ्न सक्ने भएकाले उनीहरूलाई मजुरीमा नराख्ने परम्परा रहिआएको बुझिन्छ । यही भएर उसले मनोहरलाई यस कुरामा विचार राख्न जोड दिएको छ । घुरहूको कुरा सुनेपछि मनोहरको छोरो पनि जङ्गिएको छ । मनोहरले पनि आफ्नो घरमा बस्दा सोनवा सुरक्षित नै रहने भएकीले मजुर फिर्ता गर्न नसकिने सङ्केत गरेको छ । मनोहरको कुरा सुनेपछि तयफवाले ऊ र उसको छोराले सोनवामाथि आँखा गाडेको भन्दै उसलाई फिर्ता पठाउनै पर्छ भनेपछि मनोहर कथामा "तैँले भन्दैमा पठाइने हो र, बडो आइस् इज्जतवाली, आफ्नो कुरा त पहिले हेर ..." (भिक्षु, २०६३, पृ. ४३) भन्दै बम्किएको छ । यस उद्धरणमा मनोहर सोनवालाई नफर्काउने विषयमा कठोर देखिएको छ । उसले तोयफवाको इज्जतमाथि प्रश्न गर्दै सोनवालाई फिर्ता पठाउन नचाहेर उल्टै धम्काएको छ । यसपछि त सोनवालाई फर्काउनुपर्छ भन्ने घुरहूसहित गाउँले शक्ति र मनोहरका बिचमा चर्काचर्की नै भएर शक्तिसम्बन्धी बाह्य द्वन्द्वले उत्कर्ष रूप लिएको कथामा देखिन्छ ।

कथामा मनोहरले सोनवालाई सजिलै मजुरीबाट फिर्ता नगर्ने स्थिति देखेपछि घुरहूले मनोहरको शक्तिलाई निस्तेज पार्ने उपाय खोजेको छ । यस सन्दर्भमा घुरहूले कथामा "मेरी छोरी यो रतिया अर्कै गाउँकी, अर्काकी बुहारी भइसकेकी छे । अहिले माइत आएकी, म यसको हेरचाह गर्ने मात्र हुँ । ... सोनवालाई पठाइदिनोस्, रतियाले तपाईंको मजूरी गरी, कटनी सिद्ध्याइसकेपछि मात्र सम्धीकहाँ बिदा गरी पठाउनेछु" (भिक्षु, २०६३, पृ. ४५) भनेको छ । यस उद्धरणमा घुरहूले बिहे भइसकेकी र केही दिनको लागि माइतमा आएकी आफ्नी छोरी रतियालाई सोनवाको सट्टामा मजुरीमा पठाउने र सोनवालाई मजुरीबाट छुटाउने निर्णयमा पुगेको देखाइएको छ । यसमा मनोहर पनि सहमत देखिएबाट घुरहूसहित गाउँले र मनोहरका बिचमा चर्किएको शक्तिसम्बन्धी द्वन्द्वमा घुरहू र गाउँले सबै सोनवालाई मजुरीबाट छुटाउन सकेर विजयी भएका र मनोहरले पनि मजुरको सट्टामा मजुर पाएपछि कथामा शक्तिका लागि सिर्जित द्वन्द्व मथ्थर भएको देखिन्छ ।

कथामा माइतमा बस्न आएकी रतियालाई उसको ससुरो लिन आएको छ । यस सन्दर्भमा कथामा "घटनाको लगभग पन्ध्र दिनपछि रतियाका ससुरा गाउँमा बुहारी लिन भनी आएका सबैले थाहा पाए । ... गाउँबाहिरै मनोहरले रतियाका ससुरालाई भेटी आफ्नै घरमा राखेका छन् र भरमग्दूर खरखातिर, मानमोलाहिजा, सेवासत्कार पनि गर्दैछन्" (भिक्षु, २०६३, पृ. ४६) भनिएको छ । यस उद्धरणबाट रतिया आफ्नो घरमा मजुरी बसेकीले मनोहरले

रतियाका ससुरालाई गाउँबाहिरै भेटी आफ्नै घरमा पुऱ्याएको देखिन्छ । घरमा लगी सम्धीलाई गर्नुपर्ने सबै सत्कार र सम्मान गरेर रतियाको बिदाइ पनि थुप्रै कोसेलीपातसहित मनोहरले आफ्नै पितृत्वमा सम्पन्न गरेको छ । बिदाइका बेला सबै गाउँलेहरू भेला भएका छन् । घुरहू महतो र उसकी महतिनी भने छोरी र सम्धीको बिदाइमा आएका छैनन् । यस सन्दर्भमा कथामा "तर यस क्रमले अनावश्यक रीतिले अलि बढ्ता समय लगाएरै पर्खे पनि मनस्वी घुरहू त त्यहाँ आउँदै आएनन्; रतियाकी आमा महतिनी पनि आइनन्" (भिक्षु, २०६३, पृ. ४७) भनिएको छ । यस उद्धरणबाट घुरहू र महतिनीको अनुपस्थितिमै रतिया र उसका ससुराको बिदाइ भएको देखिन्छ । यसबाट मनोहरले सोनवाको मजुरी विवाद विषयका कारण गुमेको शक्ति पुनर्प्राप्त गर्न फरक किसिमले शक्ति प्रदर्शन गरेर घुरहूको शक्तिलाई न्यूनीकरण गर्न सफल भएको छ । यी कथात्मक सन्दर्भबाट कथाका प्रमुख पात्रहरू शक्तिका लागि सिर्जित द्वन्द्वको चापमा परेका देखिन्छन् ।

'हारजित' कथामा अलगुवाकी बुहारी सोनवाको मजुरीका विषयमा विवाद चर्किदा पात्रहरू मनोहर एकातिर र अर्कोतिर घुरहू एवम् अरू गाउँले शक्ति एक भएर विवादमा अग्रसर भएका देखिन्छन् । घुरहू एवम् गाउँलेहरूले मनोहरलाई उसको घरमा मजुरीमा राखिएकी सोनवालाई फिर्ता गर्न दबाब दिँदा उसले फिर्ता नगर्ने अडान लिएको र अर्को पक्ष फिर्ता गराउन अग्रसर हुँदा कथामा दुई शक्तिका बिचमा विरोधको स्थिति सिर्जना भएको छ । मनोहर केही गरे पनि फिर्ता गर्न तयार नभएपछि घुरहूले माइत आएकी आफ्नी छोरी रतियालाई सट्टामा राखेर सोनवालाई मजुरीबाट फिर्ता गर्न सफल भएको छ । मनोहरले आफ्नो घरमा मजुरीमा रहेकी रतियालाई लिन आएका उसका ससुरालाई आफ्नै घरमा ल्याई स्वागत गरेको छ । बिदाइ पनि भव्य रूपमा सम्पन्न गरेर उसले गुमेको शक्ति पुनः प्राप्त गर्न खोजेको देखिन्छ । यसरी मनोहर र घुरहू पक्षधर दुई शक्तिका बिचमा शक्तिका लागि सिर्जित द्वन्द्वको स्थिति देखाएर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(६) वन्दना

'वन्दना' कथामा कृष्णलाल अभिजात्य पूँजीपति र विचारधाराका दृष्टिले प्रजातान्त्रिक शक्तिको प्रतिनिधि र शङ्कर कम्युनिस्ट पार्टीको सदस्य भएर सर्वहारा शक्तिको प्रतिनिधि पात्रका रूपमा देखिएका छन् । कथाकी नारी पात्र वन्दना भने कम्युनिस्ट पार्टीकी सदस्य भए पनि कृष्णलाल र उसको विचारप्रति उदार देखिएकी छ । कथामा वन्दना र शङ्कर एउटै पार्टीका सदस्य भए पनि शङ्कर माथिल्लो नेतृत्वमा रहेको र वन्दना भने कार्यकर्ताको श्रेणीकी हो भन्ने कथासन्दर्भबाट देखिएको छ । कार्यकर्ता भएकीले उसको शङ्करसँग शक्तिसम्बद्ध प्रतिस्पर्धा देखिन्छ । शङ्करसँगको कुराकानीमा वन्दनाले प्रस्तुत गरेको विचारलाई भिक्षु (२०६३) ले कथामा लेखेका छन् :

> हामीले सम्पन्न बुर्जुवा र सामन्त भनिरहेकाहरूमा कोही बन्दबेपार गर्छन्, कोही बुद्धिव्यापार गर्छन्, कोही बलव्यापार गर्छन् । शोषणै भने पनि त्यतैतिर तिनीहरू उद्योगशील त छन् । प्रयत्न र चेष्टा गरी गरेको आर्जनलाई उनीहरूले आफ्नो 'कमाइ' भन्छन्; यसरी प्रकारन्तरले कमाइ अथवा परिश्रम, प्रयत्नमा तिनीहरूको विश्वास छ,

> तर यी आज कराइरहेका दरिद्रीहरूले 'हामी शोषित भइरहेका छौं, निर्धा छौं भनेर के स्वत:को परिश्रममा अनास्थाशील भइरहेका छैनन् र ? जहाँ भए पनि सँगालिएका सम्पत्ति मात्रमा तिनीहरूको नजर पर्दछ, तर सँगालिनुपर्ने क्रियातिर तिनीहरूको विचार र प्रयत्न कतै पनि त देखिँदैन । (पृ. ६३)

उल्लिखित उद्धरणमा वन्दनाले शङ्करसँगको कुराकानीका क्रममा सर्वहारा र प्रजातन्त्रवादीका कार्यगत प्रवृत्तिको चर्चा गरेकी छ । उसले सर्वहारा वर्गका मानिसहरू परिश्रम र कमाइको प्रयत्न नगर्ने अनि हामी शोषित भइरहेका छौं; निर्धा छौं भनेर कराई हिँड्ने गरेकाले सर्वहारावर्ग दु:खी र दरिद्री हुन परेको अनि बुर्जुवा सामन्त उद्योगशील भएर परिश्रम र प्रयत्नबाट आर्जनको बाटोमा लागेकाले गर्दा धनी र सम्पन्न भएका भन्ने विचार राखेकी छ । शङ्करले भने उसको विचारमा असहमत हुँदै कथामा "यो पार्टीभित्र र पार्टी कमरेडले गर्ने कुरा होइन । ... तिम्रो विचारधारालाई, तिमीलाई बिस्तारैबिस्तारै सामन्तवादले लोभ्याइरहेको छ" (भिक्षु, २०६३, पृ. ६३) भनेको छ । यस उद्धरणमा शङ्करले वन्दनालाई स्वतन्त्र विचार राख्न पनि रोक्न खोजेको देखिन्छ । उसको भनाइमा पूँजीपति र सामन्तको समर्थन हुने गरी पार्टी कामरेडले कुरा गर्न मिल्दैन भन्ने रहेको छ । उसले वन्दनालाई सामन्तवादी विचारबाट लोभिन थालेकी आरोप पनि लगाएको छ । वन्दनाले प्रतिवाद गर्दै पार्टीको व्यवस्था र मान्यतामा शङ्का लागेमा विचार राख्नसम्म पनि नपाइने र व्यक्तिगत लाञ्छना लगाउने शङ्करको नेतागिरीप्रति असहमति जनाएकी छ । कम्युनिस्ट पार्टीको माथिल्लो नेतृत्वमा रहेको शङ्करलाई उसकै पार्टीको कार्यकर्ताको भूमिकामा रहेकी वन्दनाले विचार र कार्यशैलीप्रति असहमति जनाएर पार्टीमा रहेको उसको शक्तिमाथि चुनौती दिएकी छ । यस तथ्यबाट शङ्कर र वन्दनाका बिचमा शक्तिका लागि सिर्जित द्वन्द्वको स्थिति देखिएको पाइन्छ ।

कथामा आभिजात्य पूँजीपति र प्रजातान्त्रिक शक्तिको प्रतिनिधि पात्र भएर कृष्णलाल देखिएको छ । उसले वन्दना र शङ्करसँगको कुराकानीमा वन्दनाको जिज्ञासामा "यतिका गरिबहरू छन् भन्दैमा म आफूलाई समेत दरिद्री तुल्याउन रुचाउँदिनँ । बरु सबै सम्पन्न होऊन् भन्ने मेरो हार्दिक आकाङ्क्षा अवश्यमेव छ । ... तर सम्पन्नता ल्याउने क्रममा सम्पन्नताप्रति नै यत्तिको आक्रोश उग्र ईर्ष्या कताबाट आयो" (भिक्षु, २०६३, पृ. ६५-६६) भनेको छ । यस उद्धरणबाट सम्पन्नताको ईर्ष्या र विरोध गरेर सम्पन्नता ल्याउन नसकिने भएकाले यसलाई समर्थन गरेर अघि बढ्न सकेमा सबैलाई सम्पन्नताको बाटोमा हिँडाउन सकिन्छ भन्ने कृष्णलालको विचार रहेको देखिन्छ । उसले सबैलाई सम्पन्न बनाउने बाटोमा लाग्नुपर्ने कुरामा जोड दिँदै यतिका गरिबहरू छन् भन्दैमा आफू दरिद्री हुन नचाहेको भनेको छ । कृष्णलालको यस विचारलाई वन्दनाले समर्थन जनाएर खुसी भएकी देखिए पनि शङ्कर भने सहमत देखिँदैन । यस सन्दर्भमा उसले कथामा "उत्पादनको एउटा सीमा छ, त्यसमा अनुकूल बाँडफाँट हुनुपर्नेमा तिमीहरूले हजारौंका भाग एक एक जनाले हत्याराखेका छैनौ र ? फेरि सबै सम्पन्न कसरी हुन सक्लान् ? रङ्ग न ढङ्गको फोस्रो बकवाद मात्र ! तिमी सारा ठग हौ ?" (भिक्षु, २०६३, पृ. ६६) भनेको छ । यस उद्धरणमा शङ्करले कृष्णलाललाई उत्पादनको सीमाको बारेमा सम्झाउँदै उसको विचारलाई बुर्जुवाहरूको धुर्त्याइँ मात्र भएको भनेको छ । उसले कृष्णलालजस्ता मानिसहरू ठग भएको आरोप पनि लगाएको छ । शङ्करको कुरा सुनेर

कृष्णलालले उसलाई सम्पत्ति र उत्पादनको विरुद्धमा उभिएर दरिद्रताको भागबन्डा खोज्दा मूल रोग र त्यसको निदानमै त्रुटि हुन गएको भनेर सम्झाएको छ। कृष्णलालको यस कुरालाई शङ्करले यो उसकै कल्याणको कुरा भएकाले सचेत सर्वहारा उसको जालमा आउन नसक्ने भनेको छ। कथामा दुई पात्र कृष्णलाल पूँजीपति प्रजातान्त्रिक शक्ति र शङ्कर सर्वहारा कम्युनिस्ट शक्तिको प्रतिनिधिको भूमिकामा देखिएकाले ती दुईका बिचको परस्परको विवाद र असहमतिपूर्ण कुराबाट शक्तिका लागि सिर्जित द्वन्द्वको स्थिति प्रस्ट झल्किएको देखिन्छ।

कथामा कृष्णलालको बाबुको रिभल्बर पार्टीका लागि चोरेर ल्याउने आदेशसहितको बन्द खाम बोकेर शङ्कर वन्दनाको घरमा पुगेको देखाइएको छ। खामभित्रको कागज पढेर कुरा बुझेपछि वन्दनाले त्यसलाई च्यातेर फालेकी छ। यसपछि यो काम मलाई नै किन भनेको भन्ने उसको जिज्ञासामा शङ्करले कथामा "तर वन्दना, हाम्रो पार्टीमा मात्र लक्ष्य छ, विकल्प छैन, अन्य वादविवादहरूजस्तो जनकल्याणको पक्षमा उपयोगिताको कुनै अल्टरनेटिभ अथवा पक्षान्तर हामीकहाँ छैन" (भिक्षु, २०६३, पृ. ७०) भनेको छ। यस उद्धरणबाट शङ्करले पार्टीमा रहेको पदीय शक्तिको आडमा वन्दनालाई आफ्नो आदेश मान्न दबाब दिन खोजेको देखिन्छ। उसले आफ्नो पार्टीमा मात्र लक्ष्य हुने र त्यसको विकल्प नहुने भनेको छ। यस तथ्यले पार्टीमा विश्वास भएमा वन्दनाले आदेशानुसारको काम गर्नै पर्ने देखाएको छ। ऊबाहेक अरूले त्यो काम गर्ने भन्ने विकल्प नै नभएको शङ्करको विचार रहेको देखिन्छ।

कथामा शङ्करको कार्यशैलीप्रति वन्दनाले असहमति जनाएकी छ। उसको कार्यशैलीको प्रतिरोध गर्दै वन्दनाले कथामा "तिमी नै यो भन्न सक्तैनौ कि पार्टीभित्र विशेष शक्तिशाली भएर शक्तिका अन्य अङ्गहरूलाई जुनसुकै इच्छित दिशामा तिमी घुमाइदिन्छौ र समस्त कल्याणको लागि आयोजित शक्ति, पार्टीमा तिम्रो अगाडि केवल यसैका निम्ति सधैँ असहाय भएर लुलो हुन जान्छ" (भिक्षु, २०६३, पृ. ७१) भनेकी छ। यस उद्धरणमा वन्दना शङ्करको कार्यशैलीप्रति असहमत भएकी प्रस्ट देखिएको छ। उसले पार्टीमा शक्तिशाली भएर शक्तिका अरू अङ्गहरूलाई आफ्नो अनुकूल घुमाउने गरेको आरोप शङ्करलाई लगाएकी छ। आफ्नो इच्छा लागेको कामका लागि पार्टी र कार्यकर्तालाई असहाय र लुलो बनाउने मार्गमा अग्रसर भएको भनेर शङ्करको कार्यव्यवहारको विरोध पनि उसले गरेकी छ। यसले दुई पात्रका बिचमा शक्तिकेन्द्रित द्वन्द्वको स्थिति देखिएको भए पनि अन्ततः वन्दना पार्टीको आदेशानुसारको काम फत्ते गर्न बाध्य भएकी छ। उसले चोरेर ल्याई पार्टीमा बुझाएको कृष्णलालका बाबुको रिभल्बरको दुरूपयोग गरेर सर्वहारा पार्टी शक्तिको प्रतिनिधि शङ्करले बुर्जुवा शक्तिको प्रतिनिधि भएर कथामा देखिएको कृष्णलाललाई गोली हानी हत्या गरेको छ। यस घटनाबाट दुई शक्तिका बिचमा वैचारिक विवाद बन्दै आएको विषयले हिंसात्मक परिणाम निम्त्याएको र वैचारिक विवादलाई हतियार शक्तिको प्रयोग गरेर समाप्त पार्ने धृष्टता शङ्करले अवलम्बन गरेको देखिएको छ। यी कथात्मक सन्दर्भबाट पात्रहरू शक्तिका लागि सिर्जित द्वन्द्वको चापमा परेको देखिएका छन्।

'वन्दना' कथामा कृष्णलाल प्रजातान्त्रिक शक्तिको प्रतिनिधि पात्र र शङ्कर र वन्दना वामपन्थी कम्युनिस्ट शक्तिका प्रतिनिधि भएर देखिएका छन्। विपरीत धारकी प्रतिनिधि पात्र भए पनि वन्दना कृष्णलालको विचारप्रति सहमत देखिएकी छ। ऊ पार्टीमा शङ्करले देखाएको कार्यशैलीप्रति असन्तुष्ट बनेकी छ। उता कृष्णलाल र शङ्कर फरक विचार र शक्तिको कारणले

परस्पर असहमत देखिएका छन् । यसले गर्दा तीनै जना पात्रका बिचमा असन्तुष्टि बढेको छ । विवाद र असहमतिकै बिच शङ्करले कृष्णलालको हत्या गरेको छ । यसबाट शक्तिकेन्द्रित वैचारिक द्वन्द्वले हिंसात्मक रूप लिएको कथामा देखिएको छ । यसरी प्रजातान्त्रिक र वामपन्थी विचारको प्रतिनिधित्व गर्ने पात्र कृष्णलाल र शङ्करका साथै एउटै पार्टीमा प्रतिबद्ध वन्दना र शङ्करका बिचमा शक्तिका लागि सिर्जित द्वन्द्वको स्थिति देखाएर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(७) बन्दोबस्त

'बन्दोबस्त' कथामा पिरतीमाया र उसका बाबु अत्यन्त गरिब भएकाले शक्तिहीन वर्गको प्रतिनिधित्व गर्ने पात्र भएर देखिएका छन् । पिरतीमायाले काम गर्ने घरका सिंहदरबारिया कारिन्दा र कारिन्देनी अनि अड्डाको हाकिम भने धनको पुग्दार र सरकारी शक्तिको पहुँचले गर्दा शक्तिशाली देखिएका छन् । पिरतीमाया सानैमा आमा मरेर टुहुरी भएपछि बाबुको लालनपालनबाट हुर्किई तरुणी भएकी छ । आफू पनि बूढो भइसकेको र गाउँमा कमाइ आम्दानी केही नभएपछि पिरतीमायाको बाबुले छोरीलाई काम र कमाइको लागि काठमाडौँ सहरमा पठाएको छ । सहर पुगेर ऊ सिंहदरबारिया कारिन्दाको घरमा घरेलु काममा जागिर लागेकी छ ।

सहरदेखि टाढा विकट पहाडको गाउँकी पिरतीमायाको सहरमा कोही नभएको र उपायहीन गरिबकी छोरी भएकीले गर्दा कारिन्दाकी श्रीमती कारिन्देनीले आफूलाई शक्तिशाली र सबै पहुँचबाट सम्पन्न ठानेर उसलाई सबै कामको भारी बोकाउनुका साथै कतै जान र कसैसित कुरा गर्न पनि बन्देज लगाई थुनुवालाई जस्तो व्यवहार गरेर राखेकी छ । कारिन्देनीको यस्तो व्यवहार पिरतीमायालाई मन परेको छैन । यस सन्दर्भमा कथामा "पिरतीमायाले कुन्नि कस्तोकस्तो अनुभव गर्न थाली विवशता, थिच्याट कुनै सहनै नहुने कुरो ! ... पिल्सिएर सास मात्रै फेरिरहनु पर्ने !" (भिक्षु, २०३२, पृ. ९) भनिएको छ । यस उद्धरणबाट पिरतीमाया बाध्यतावश त्यहाँ बसिरहेकी जस्तो देखिन्छ । उसले कारिन्देनीको हैकम र दबाबका बिच घरेलु नोकर्नी भएर काम गर्दा सहनै नसकिने थिच्याट र पिल्सिएर सास मात्रै फेरिरहेको अनुभव गरिरहेकी छ । उसको यस्तो अवस्थाबाट ऊ काम गर्न बसेको घरमा कारिन्देनीको सशक्त दबाबमा देखिएकी छ । यस्तो स्थितिले गर्दा ऊ कारिन्देनीसँग असन्तुष्ट र बेचैन हुन गएकी देखिन्छ ।

कथामा पिरतीमाया काममा लागेको केही महिनापछि उसको बूढो बाबु छोरी भेट्न आएको देखाइएको छ । उसले छोरीलाई भेट्न पाए पनि राति बस्न भने पाटीमा जानुपरेको छ । यस घटनाबाट आहत भएर बूढाले छोरीलाई फर्काएर लान खोजे पनि दरबारिया कारिन्दा र उसकी श्रीमतीले भने बूढालाई पिरतीमायाको बाबु नभएर मानिस बेच्ने दलालको आरोप लगाएका छन् । उनीहरूले यस्तो भन्न सक्नुमा सरकारी शक्तिको आड र पहुँचबाट प्राप्त तागत नै कारण भएको देखिन्छ । उनीहरूको यस्तो व्यवहारबाट भने बूढो क्रुद्ध भएको छ । यस सन्दर्भमा बूढाले कथामा "छोरीलाई अब त छोडी जाने होइन ! गरिबमाराले यतिञ्जेल चाकरी गराएको पैसा मार्ने जुक्ति पो त" (भिक्षु, २०३२, पृ. १०) भनेको छ । यस उद्धरणबाट बूढाले आफ्नी छोरी पिरतीमायालाई काम गर्न बसेको घरबाट फिर्ता लान चाहेको देखिएको

छ । उसले गरिबमाराले यतिन्जेल चाकरी गराएको पैसा मार्ने जुक्ति झिकेको भनी बम्केर तागत देखाएपछि दबाउन खोज्ने कारिन्दाका बूढाबूढी गरिबमारा भन्ने कुरा बाहिर जाने डरले हच्किएर रूपैयाँको हिसाबकिताब गरी बुझाउन बाध्य भएका छन् । यसबाट विवादमा अल्झिएका पात्रहरू शक्तिका बिचको बाह्य द्वन्द्वको चापमा परेका भन्ने देखिन आउँछ । कारिन्दाको घरबाट छुटाएर यतैबाट काशीमा राम्रो काम भेटी त्यता जानका लागि राहदानी बनाउन अड्डामा जाँदा सिंहदरबारिया कारिन्दाको नाता पर्ने कर्मचारी हाकिमले अवरोध सिर्जना गर्न खोजेको छ । यस सन्दर्भमा भिक्षु (२०३२) ले कथामा लेखेका छन् :

> राहदानी गराउन बाबु आफै अड्डामा पुग्दा त त्यस सिंहदरबारिया कारिन्दाको नाता पर्ने एक जना राहदानी अड्डामा पनि थियो । उसले त्यहाँ जाल-झेल झिक्यो । बूढोचाहिँ पिरतीमायाको बाबु नै होइन भन्ने त्यहीँ कुरो उठायो । तर साँच्चिकैको बाबुको कुनै आत्मबल पनि हुन्छ; बूढो जङ्गियो । जाल-झेलले अडेस नपाएर केही लागेन । (पृ.१२)

उल्लिखित उद्धरणमा पिरतीमायाको बाबु अड्डाको कर्मचारी हाकिमसँग सशक्त रूपमा प्रस्तुत भएको देखाइएको छ । ऊ छोरीसँगै राहदानी बनाउन अड्डामा जाँदा सिंहदरबारिया कारिन्दाको नाता पर्ने राहदानी अड्डाको कर्मचारी हाकिमले जालझेल झिकेर बूढालाई पिरतीमायाको बाबु नै होइन भन्ने कुरो उठाएपछि बूढो जङ्गिएको छ । यसपछि बूढाको आत्मबल र शक्तिको कारणले हाकिम कर्मचारीको जालझेल टिक्न नसकेर ऊ राहदानी बनाइदिन बाध्य भएको छ । यस कथात्मक परिदृश्यबाट पिरतीमायाको बाबु र राहदानी अड्डाको कर्मचारी हाकिम शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् । राहदानी बनेको भोलिपल्ट नै छोरीलाई वीरगन्ज जाने बस चढाएर बूढो घरतिर लागे पनि पिरतीमाया काशी जान लागेकी भन्ने थाहा पाएर अड्डाखानामा जागिर खाएको अधिकार र रबाफको उपयोग गरी सिंहदरबारिया कारिन्दाले हाकिमलाई फोन गर्न लगाई काशी हिँडेकी पिरतीमायालाई थानकोटबाटै फर्काएर खोरमा थुन्न लगाएको छ । यस घटनाले शक्तिहीन पिरतीमाया सरकारी कर्मचारीको प्रतिशोधपूर्ण शक्तिको चापमा परेकी देखिएको छ ।

पिरतीमाया खोरबाट निस्केको केही दिनपछि कारिन्दाको घरको छिँडीमा बस्ने बाहुनीलाई भेट्न आएकी छ । उससँग आफ्नो समस्याको बारेमा कुराकानी गरी निस्कँदासाथ करुवा चोरी भागेको हल्लीखल्ली गरेर कारिन्देनीले बिचरा पिरतीमायालाई फेरि भ्यालखानामा पुऱ्याएकी छ । उसलाई थुनाएपछि कारिन्देनीले कथामा "बजिनीले बल्ल थाहा पाई होली हाकिम भनेका कस्ता हुँदा रहेछन्" (भिक्षु, २०३२, पृ. १४) भनेकी छ । यस उद्धरणबाट कारिन्देनी पिरतीमायालाई दबाउन र सताउन अझै पनि लागिरहेकी देखिएको छ । उसले करुवा चोरी भागेको मिथ्या आरोप लगाएर पिरतीमायालाई पुलिस बोलाई भ्यालखानामा पुऱ्याउन सफल भएकी छ । उसले आफ्नो शक्तिको सङ्केत गर्दै बजिनीले बल्ल थाहा पाई होली हाकिम भनेका कस्ता हुन्छन् पनि भनेकी छ । यस तथ्यबाट उसले पिरतीमायालाई शक्तिको प्रयोग गरेर थुनाई प्रतिशोध लिएकी भन्ने स्पष्ट हुन्छ । शक्तिहीन पिरतीमाया भने सफाईको कुनै गवाही नहुँदा निरीह भएर गर्दै नगरेको कसुरमा दण्डित भएकी देखिन्छ । उल्लिखित कथात्मक सन्दर्भबाट पात्रहरू शक्ति द्वन्द्वको चापमा परेको देखिएका छन् ।

'बन्दोबस्त' कथामा पिरतीमाया र उसको बाबु पहाडको विकट गाउँका गरिब र शक्तिहीन अवस्थाका पात्र अनि सिंहदरबारिया कारिन्दा, उसकी पत्नी कारिन्देनी र अड्डाको हाकिम सहरका बासिन्दा र सरकारी शक्तिको पहुँचमा रहेका पात्र भएर देखिएका छन् । शक्तिको पहुँचमा रहेका पात्रले गरिब शक्तिहीन अवस्थाका पात्रलाई सरकारी शक्तिको आडमा शोषण गर्ने, दबाउने, जालझेल गरेर फसाउने र असहयोग गर्ने गरेबाट शक्तिहीन अवस्थाका पिरतीमाया र उसको बाबु प्रतिरोध गर्दागर्दै पनि अप्ठेरोमा परेका छन् । यसले गर्दा शक्तिहीन र शक्तिसम्पन्न पात्रका बिचमा शक्तिकेन्द्रित द्वन्द्वको स्थिति सिर्जना भएको देखापर्छ । यसरी शक्तिहीन र शक्तिसम्पन्न दुईथरी पात्रहरूका बिचमा शक्तिका लागि सिर्जित द्वन्द्वको स्थिति देखाएर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(८) ईश्वर, खुदा, गाँडका कान

'ईश्वर, खुदा, गाँडका कान' कथामा बङ्गलादेशको ढाका सहरमा दुस्मन जातिका मानिसलाई मार्नको लागि सिपाही जर्नेलको आदेश भएर सिपाही परिचालन भएको देखाइएको छ । ती सिपाहीले निर्दोष मानिसका घरघरमा गएर ढोका नै फुटाई हत्या र लुटपाट मच्चाइरहेका देखिन्छन् । यसैबिच सिपाहीहरू मिस्टर खानको घरमा पुगी उसको हत्या गरेका छन् । उसकी श्रीमती सबनमको हत्या नगरे पनि एउटा सिपाहीले उसलाई समातेको छ । यस सन्दर्भमा कथामा "एउटा अर्को सिपाहीले क्रन्दन, रुदन गर्दै गरेकी श्रीमती सबनमलाई समात्दा उनी भुइँमा लडिन् र डाको छोडेर रुन थालिन्" (भिक्षु, २०३४, पृ. २३) भनिएको छ । यस उद्धरणमा शक्ति हातमा लिएर हिँडेका सिपाहीहरू शक्तिहीन निर्दोष नागरिकमाथि क्रूर रूपमा प्रस्तुत भएका देखाइएको छ । उनीहरूले मिस्टर खानको घरमा पसेर उसको हत्या गर्नुका साथै एउटा सिपाहीले उसकी श्रीमती सबनमलाई जबरजस्ती समातेको छ । यसपछि ऊ भुइँमा पल्टिएर डाको छोडी रुन थालेकी छ । यस किसिमको परिस्थितिले कथामा सिपाही शक्तिशाली भएर देखिएका छन् भने सबनम निरीह देखिएकी छ ।

सिपाहीसँग हातहतियार छन् र उनीहरूले चाहँदासाथ सबनमको हत्या गर्न सक्छन् । यही डरले गर्दा उसले सिपाहीसँग बोलेर प्रतिकार गर्न पनि सकेकी छैन । सैन्यशक्तिको विरोध गर्न ऊ भुइँमा लडी डाको छोडेर रोएकी छ । सबनमले रोएर विरोध जनाएको देखेपछि सैनिक अफिसरले कथामा "घिसारेर लगिदे न । हरामजादी बङ्गाल्नी भुइँमा लडेर बाँच्छे ?" (भिक्षु, २०३४, पृ. २३) भनेको छ । यस उद्धरणबाट शक्ति हातमा लिएर हत्या, आतङ्क र लुटपाट मच्चाउँदै हिँडेका सिपाहीले सबनमलाई रोएर र चिच्चाएर विरोध जनाउन पनि दिन चाहेका छैनन् । सिपाही अफिसरको आदेश भएपछि एउटा सिपाहीले सबनमलाई घिसारेर बाहिर उभिइरहेको जिपमा पुऱ्याएको देखिन्छ । कथामा देखिएको यस दुर्दान्त घटनामा शक्तिमा रहेका हतियारबन्द सिपाही र निहत्था र निर्दोष नागरिकको प्रतिनिधित्व गर्ने शक्तिहीन सबनमका बिचमा शक्तिकेन्द्रित हिंसात्मक बाह्य द्वन्द्वको स्थिति देखिएको स्पष्ट हुन्छ ।

मिस्टर खानको हत्या गरेर अनि उसकी पत्नी सबनमलाई बोल्न नसक्ने गरी कब्जामा लिएपछि घरभित्र कोठामा पसेर दामी र अन्त नपाइने बहुमूल्य मालताल छान्दै गरेका सिपाहीको ध्यान बाबुआमाबाट बिछोडिएको सानो बच्चो तुषारकुमुदमा पर्न गएको देखिन्छ । उसलाई देखेपछि एउटा सिपाहीले कथामा "हजुर कत्तिको राम्रो, प्यारो बच्चो छ । गाला

स्याउजस्तै राता खिलेका (प्रफुल्ल रहेका) । म्वाइँ खानै मन लाग्यो । हेरिबक्सियोस्न कत्ति राम्रो छ ? टाउको उठाएर कस्तरी हाँसिरहेको बाबै । काखमा बोकूँ कि ?" (भिक्षु, २०३४, पृ. २४) भनेको छ । यस उद्धरणमा सिपाहीलाई बालक तुषारकुमुदप्रति करुणार्द बनेको देखाइएको छ । स्याउजस्तै राता गाला भएको निकै राम्रो र मीठो हाँसो हाँसिरहेको मायालु बच्चोलाई देखेर ऊ लोभिएको छ । त्यो बच्चोलाई काखमा लिन र उसको म्वाइँ खान ऊ लालयित भएको देखिन्छ । मारकाट र हत्या आतङ्क मच्चाउँदै हिँडेका सिपाहीमध्येको एउटा सिपाहीले बच्चोमाथि दयाभाव देखाउँदा केही नरम बनेको सिपाही अफिसर बच्चो देखेर पग्लिएको सिपाही जवानप्रति एकाएक आक्रोशित भएको देखिन्छ । उसले पाएजतिका दुस्मन जातिका मानिसहरूलाई मार्नैपर्छ भनेर सैनिक जर्नेलबाट आदेश भएको कुरा सिपाही जवानलाई सुनाएर सतर्क गराएको छ । सिपाही अफिसरले सिपाहीलाई आदेश दिँदै कथामा "राइफल सोझ्या काफिरमाथि दर्द लाग्ने ? राम्रो छ, यसैले छोड्ने ?" (भिक्षु, २०३४, पृ. २५) भनेको छ । यस उद्धरणमा सिपाही अफिसर सिपाहीप्रति कठोर रूपमा प्रस्तुत भएको देखिन्छ । उसले राम्रो लाग्यो भन्दैमा कसैलाई नछोड्न र मुसलमानी धर्म नमान्ने काफिरमाथि कुनै दया नदेखाई राइफल सोझ्याउन भनेको छ । आदेश अनुशरण नगरेमा कोर्ट मार्सल हुने र तेरै टाउकोमा गोली बज्रने भन्दै फौजी कानुन सम्झिन उसले सिपाही जवानलाई सम्झाएको छ । सिपाही अफिसर र सिपाहीका बिचमा देखिएको यस किसिमको असहमतिको स्थिति शक्ति द्वन्द्वको परिणाम भएको देखिन्छ ।

कथामा सिपाही अफिसरले आदेश नमानेमा यो बच्चो र तँ पनि मर्नेछस् भन्दै सिपाहीलाई धम्काएको देखिन्छ । सिपाही अफिसरको धम्कीपछि सिपाही जवानले मनमनै सम्झेको कुराको चर्चा गर्दै भिक्षु (२०३४) ले कथामा लेखेका छन् :

> सैनिकले सम्झ्यो, 'उसको पनि तीनओटा छोरा, दुईवटी छोरी छन् । कान्छो छोरो यत्तिकै ठूलो भयो होला । यस्तै बामे सर्दै होला । यस बच्चोलाई मारेको गुनाह (पाप) मेरो बच्चोमाथि पर्दैन र ?' सैनिकको मानिस कुन्नि कसरी बिउँझेको थियो । उसले अझै आई आँखाले असहायताको नजरले अफिसरलाई हेऱ्यो । (पृ. २५)

उल्लिखित उद्धरणमा सिपाही जवानले अफिसरको आदेश भए पनि आमाबाबुबाट बिछोडिएको प्यारो बच्चो तुषारकुमुदलाई आफ्नो हातबाट मार्न नचाहेको देखिन्छ । उसले आफ्ना तीनओटा छोरा र दुईवटी छोरीमध्ये कान्छो छोरो तुषारकुमुद जत्तिकै ठूलो भएको सम्झँदै त्यो बच्चोलाई मारे आफूलाई पाप लाग्ने ठानेर बच्चोलाई बचाउन चाहिरहेको छ । यसपछि आफ्नो आदेश नमान्ने सिपाहीलाई सङ्केत गर्दै सिपाही अफिसरले कथामा "पर्ख नाकिस हरामी (घृण्य खच्चर) पहिले यस काफिरलाई अनि तँ त छँदै छस् ! दुस्मनसित कोअपरेट गर्न खोज्ने !" (भिक्षु, २०३४, पृ. २५) भनेको छ । यस उद्धरणबाट सिपाही अफिसरले आफूभन्दा तल्लो तहको सिपाही जवानलाई पदीय शक्तिको आडमा दबाउन खोजेको देखिन्छ । उसले पहिले यस काफिरलाई अनि तँलाई कारबाही गर्ने भनेर सिपाहीलाई तर्साएको छ । सिपाहीलाई नाकिस हरामी भन्दै दुस्मनसँग सहानुभूति राखेको आरोप पनि उसले लगाएको छ ।

कथामा सिपाही अफिसरले आफै बच्चोतिर राइफल सोझ्याएको छ । यसो भए पनि उसले फाएर खोलेको भने छैन । यस सन्दर्भमा सिपाही जवानले कथामा "हुजूर बहुतै प्यारो, भोलाभाला बच्चा छ, हाँस्तै छ, यो त फूल हो हुजूर, यसलाई छोडौं । बरु मैले पाल्नेछु" (भिक्षु, २०३४, पृ. २६) भनेको छ । यस उद्धरणमा सिपाहीले बच्चो प्यारो भएकाले त्यसलाई नमार्ने र बरु आफैले लगेर पाल्ने कुरा गरेको देखिन्छ । सिपाही जवानको कुरा सुनेपछि अफिसर क्रुद्ध भएको छ । यस सन्दर्भमा कथामा "तैंले मलाई मेरो ड्यूटी सिकाउने, पख् ....! भन्दै उसले आफ्नो रातो चक्षुदृष्टि सिपाहीमाथि पुऱ्याएकै थियो, उ कामेर दुई डेग पछिल्तिर सऱ्यो । यही आवेगमा उसको औंलाले राइफलको लिबलिबी पनि तान्यो । राइफल छुट्यो !!!" (भिक्षु, २०३४, पृ. २६) भनिएको छ । यस उद्धरणमा तैंले मलाई मेरो ड्यूटी सिकाउने भन्दै सिपाही अफिसर सिपाही जवानसँग आक्रोशित भएको देखिन्छ । यसैबिच उसले सिपाही जवानलाई क्रुद्ध रातो आँखाले हेरेर राइफलको लिबलिबी तानी निर्दोष निरीह बच्चो तुषारकुमुदलाई गोली हानी हत्या गरेको छ । सिपाही अफिसरले त्यसरी बच्चोको हत्या गर्दा त्यसो गर्न हुँदैन भनिरहेको सिपाही जवानले भने शक्तिको अगाडि बच्चोलाई बचाउन केही गर्न सकेको देखिँदैन । यहाँनेर तुषारकुमुद बच्चोलाई मार्नैपर्छ भन्ने सिपाही अफिसर र त्यस्तो मायालु प्यारो बच्चोलाई मार्न नहुने भन्ने सिपाही जवानको विचार देखिएबाट आदेश दिने शक्तिशाली सिपाही अफिसर र उसले दिएको आदेश पालन गर्नुपर्ने पदीय हैसियतमा रहेको सिपाही जवान यी दुई पात्र कथामा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् ।

'ईश्वर, खुदा, गाँडका कान' कथामा सिपाही अफिसर र सिपाही जवान शक्तिका प्रतिनिधि पात्र र सबनम शक्तिहीन नागरिकको प्रतिनिधित्व गर्ने पात्रका रूपमा देखिएका छन् । सिपाही अफिसर र सिपाही जवानले सबनमको घरमा पसेर उसका पतिको हत्या गर्नुका साथै सबनमलाई लछारपछार पारेका छन् । उसले केही गर्न नसकी रोएर चिच्चाएर मात्र विरोध गरेकी छ । अर्कोतर्फ सिपाही अफिसर र सिपाही जवानका बिचमा तुषारकुमुदलाई बचाउने कि मार्ने भन्ने विषयमा विवाद भएको छ । अफिसरले पदीय शक्तिको आडमा सिपाही जवानलाई आफ्नो आदेश मान्न दबाब दिएको र तल्लो पदमा रहेको सिपाहीले भने आदेशको पालन गर्न नचाहिरहेको परिस्थितिका बिच दुई पात्र विवादमा बल्झिएका देखिन्छन् । परिणामत: परस्पर विवाद र विरोधमा देखिएका उल्लिखित पात्र बाह्य द्वन्द्वको चापमा परेका छन् । यसरी कथामा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(९) नयाँ इतिहासको प्रारम्भ

'नयाँ इतिहासको प्रारम्भ' कथामा २००७ सालको प्रजातान्त्रिक क्रान्तिको परिप्रेक्ष्यमा क्रान्तिका योद्धा र शासनमा रहेका राणाशक्तिका बिचमा परस्पर शक्तिद्वन्द्व चलिरहेका बेला गाउँमा आई रूपैयाँ र चामल माग्दै र नदिँदा हत्याहिंसा मच्चाउने सिपाही र प्रभासमेत गाउँलेहरूका बिचमा शक्तिसम्बद्ध असहमति र विरोधपूर्ण स्थिति सिर्जना भएको देखिन्छ । कथामा २००७ सालताका विश्वेश्वरको नेतृत्वमा प्रजातान्त्रिक क्रान्ति सुरु भएको देखाइएको छ । राणा शक्तिद्वारा विपी पक्रिएको भए पनि क्रान्ति निरन्तर जारी रहेर वीरगन्ज, भैरहवा र अरू धेरै ठाउँमा शक्तिपूर्ण द्वन्द्व चलिरहेको छ । समयक्रममा क्रान्ति सफल भएर लडाइँबन्दीको

घोषणासँगै प्रजातान्त्रिक राज्यको स्थापाना भई नयाँ मन्त्रीमण्डल बनेको सुनिए पनि गाउँगाउँमा लडाइँ नथामिएको र हत्या, लुटपाट र हिंसाका घटना निरन्तर भइरहेका देखिन्छन् । यसैबिच विश्वेश्वरलाई अत्यन्त श्रद्धा गर्ने काङ्गेसप्रति उच्च निष्ठा भएकी नारी पात्र प्रभाको घरगाउँमा पनि लडाइँको त्रास रहिरहँदा उसले गाउँलेहरूलाई क्रान्तिको महत्त्व सम्झाएर आश्वस्त पार्ने प्रयत्न गर्दै गरेकी छ ।

गाउँलेहरूका मनमा लडाइँको त्रास बाँकी नै रहेको बेला काङ्ग्रेसको नाम लिँदै दुई जना सिपाही प्रभाको घरमा आएर सत्र बोरा चामल र दस हजार रूपैयाँ सबै गाउँले मिलेर दिन र नदिए शक्तिसाथ फौजी कारवाही गर्ने धम्की दिएसँगै कथामा सिपाही र गाउँलेहरूका बिच शक्तिसम्बन्धी बाह्य द्वन्द्वको स्थिति सिर्जना भगएको देखापर्छ । यसैबिच प्रभाको पतिले सिपाहीले थमाएको पुर्जी लिँदै गर्दा बाहिर निस्केर प्रभाले कथामा "कल्ले मागेको यो चामल, १० हजार रूपैयाँ किन चाहियो ? हामीसित बडो चामल लिने रे !" (भिक्षु, २०३४, पृ. ७२) भनेकी छ । यस उद्धरणबाट आफू पनि काङ्ग्रेसकी कार्यकर्ता भएकी र क्रान्तिको नेतृत्व गर्ने विश्वेश्वरलाई उसले प्रिय दाइ मानेकीले ती सिपाहीको भन्दा आफ्नो माथिल्लो शक्तिसँग पहुँच रहेको ठानेकी प्रभाले सिपाहीलाई धम्काएकी देखिएको छ । ऊ सिपाहीसँग चामल कसले मागेको र दस हजार रूपैयाँ किन चाहियो अनि हामीसित बडो चामल लिने भन्दै बम्किएकी छ । प्रभाको कुरा सुनेर हातमा हतियार लिएर हिँड्ने सिपाहीले आफ्नो शक्तिलाई चुनौती दिएको ठानेर प्रभालाई कथामा "धेरै नकरा, कस्ती नकच्चरी ! था छैन र धर्मबहादुर र देवप्रसादको अडार" (भिक्षु, २०३४, पृ. ७२) भनेका छन् । यस उद्धरणमा सिपाहीहरू प्रभासँग रुष्ट भएका देखाइएको छ । एउटा सिपाहीले प्रभालाई धेरै नकरा नकचरी भन्नुका साथै धर्मबहादुर र देवप्रसादको अर्डर भन्दै झर्किएको छ । खलबल सुनेर प्रभाको घरमा आइपुगेका गाउँलेहरूले पनि एकै मुख भएर हाम्रो गाउँबाट केही पनि पाउँदैनौ भन्दै सबै मिली सिपाहीको कुराको प्रतिरोध गरेका छन् । सशस्त्र शक्तिको प्रतिनिधि बनेर गाउँ पसेका सिपाही गाउँले शक्तिको प्रतिरोध देखेर नरम भएका देखिन्छन् । यस सन्दर्भमा कथामा "दुवै सिपाहीले जम्मा भएका गाउँलेहरूको दल देखे, परस्पर सान गरे, र, 'त्यसो हो भने हामी फर्किजानेछौं, दिँदैनौ भने के लाग्छ ....?' भनी गए । गाउँलेहरूमा उत्साह बढ्यो, प्रभाले पनि बल पाई" (भिक्षु, २०३४, पृ. ७३) भनिएको छ । यस उद्धरणमा सिपाहीहरू गाउँलेको शक्ति देखेर पछि हटेका देखाइएको छ । उनीहरू गाउँलेको दल देखेपछि परस्पर सान गरेर केही पनि नदिने हो भने जान्छौं भन्दै फर्किएका छन् । यसपछि सिपाहीलाई तर्साएर फर्काउन सकेकामा आफ्नो शक्तिको प्रभावबाट प्रभासमेत गाउँलेहरू उत्साहित भएका देखिन्छन् ।

कथामा भोलिपल्ट बिहानको अर्को घटनामा अघिल्लो दिन गाउँलेहरूको शक्तिपूर्ण प्रतिरोध देखी फर्केर गएका सिपाहीहरू बीस जनाको सङ्ख्यामा हतियारसहित आई गाउँलाई घेरा हाली मोर्चा कसेर बसेको अवस्थामा देखिएका छन् । ठूलो सैन्यशक्ति देखेर तर्सिएका गाउँलेहरू आफ्नो छाप्रोबाट निस्कन नसकी ढोका थुनेर बसेका देखिन्छन् । यसैबिच गाउँका दुईचार जना साहसी बोल्न सक्ने गाउँले मात्रै प्रभाको घरमा आइपुगेकामा तिनीहरूलाई एउटा डरलाग्दो आकृति भएको सिपाहीले कथामा "क्याम्पको खर्चा र रासन किन गएन ? कल्ले रोक्या ?" (भिक्षु, २०३४, पृ. ७३) भनेको छ । यस उद्धरणमा सिपाहीले गाउँलेलाई धम्काएको देखिन्छ । उसले क्याम्पको खर्च र रासन कसले रोकेर नगएको भन्दै शक्तिसहितको आदेशात्मक

हुङ्कार गरेको छ । त्यस सिपाहीको गर्जन सुनेर सबै गाउँलेको प्रतिनिधित्व गर्दै एक जना गाउँलेले कथामा "हामीले रोक्या हैन, तर दिने काँबाट ? गएको सालमा बालीको उब्जा नै भएन, यस पालिको आपत् ! हामीकाँ खान पुग्न्यै अन्न छैन भने कसरी दिनु ?" (भिक्षु, २०३४, पृ. ७३) भनेको छ। यस उद्धरणमा गाउँलेहरू सिपाहीलाई चामल र रुपैयाँ दिन सक्ने अवस्थामा छैनन् भन्ने देखिन्छ । सिपाही भने शक्तिको आडमा बल प्रयोग गरेर भए पनि आफ्नो मागअनुसारको रूपैयाँ र चामल गाउँलेबाट असुल गर्न अग्रसर भएका देखिन्छन् । गएको सालमा बालीको उब्जा नभएको र यस पालि खान पुग्ने अन्न पनि नभएकाले केही पनि दिन नसकिने भन्दै गाउँलेहरू सिपाहीको कुराको प्रतिरोध गर्ने तयारीमा देखिन्छन् । यही विषयमा दुई पक्षका बिचमा असहमति र विवाद चर्कन गएको देखिन्छ। यसपछि क्रुद्ध भएका सिपाहीले जवाफ फर्काउने गाउँले मानिस, प्रभाका पतिलगायतका गाउँलेहरूको गोली हानी हत्या गरेका छन् । यतिमा मात्र नथामिएर उनीहरूले प्रभाको घर, ठूला देखिएका अरू घर, छाप्रासमेत बाँकी नराखी लुटपाट मच्चाउँदै दामपैसा, अन्नपात, महिलाको इज्जतसमेत बाँकी राखेका छैनन् । यस घटनाले सिपाही र गाउँलेबिचको शक्तिद्वन्द्व उत्कर्षमा पुगेको देखिन्छ । यी कथात्मक घटनासन्दर्भबाट प्रभासमेत गाउँले र सिपाहीहरू शक्तिकेन्द्रित द्वन्द्वको तानतानीमा परेको देखिएका छन् ।

'नयाँ इतिहासको प्रारम्भ' कथामा प्रभासमेत गाउँलेहरू र सिपाहीको भूमिकामा रहेका पात्रहरूका बिचमा चामल र रूपैयाँ पैसा लेनदेनको विषयलाई लिएर विवाद चर्किएको छ । सिपाहीहरू क्याम्पको खर्चको लागि गाउँलेहरूलाई दबाब दिइरहेका छन् र गाउँलेहरू भने सिपाहीको मागको विषयमा असहमत भएर शक्तिका साथ प्रतिरोध गर्न अग्रसर भएका छन् । पुर्जी थमाएर मागेअनुसारको रूपैयाँ र चामल गाउँलेहरूले नदिँदा दुई पक्षका बिचमा भनाभन भएको छ। यसबाट सिपाहीहरू आक्रोशित भएर गाउँमा हत्याहिंसा र लुटपाट मच्चाई शक्तिका बलमा गाउँलेलाई दमन गरेका छन् । सिपाहीहरूको यस्तो कार्यलाई गाउँलेहरूले एकै स्वरमा विरोध गरिरहेकाले दुई पक्षका बिचमा शक्तिकेन्द्रित द्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी प्रभासमेत गाउँले र सिपाही पात्रका बिचमा शक्तिका लागि सिर्जित द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

४.४.३ प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधान

वेबरले मानिसको जीवनशैली, शिष्टाचारयुक्त व्यवहार, व्यावसायिक आदर र सम्मान आदिलाई सामाजिक प्रतिष्ठाका सूचक मानेका छन् । उनका अनुसार समाजमा स्थापित प्रतिष्ठा समूहहरू आफ्नो जीवनशैलीलाई संरक्षण गर्न आफ्नै सामाजिक प्रतिष्ठासँग समानता भएका मानिसहरूसँग सम्बन्ध बढाउने र विशेषीकृत रूपमा प्राप्त भएको कुरालाई एकाधिकारपूर्ण बनाउनेतर्फ क्रियाशील रहन्छन् । यस्ता समूहहरूले आफ्नो पेसागत सम्पत्ति र लगानीलाई संरक्षण र सुरक्षित गर्न आफ्नो समान प्रतिष्ठा समूहबाहेक बाहिरबाट आउनेलाई सामाजिक, आर्थिक आदि अवसरहरूमा प्रवेश गर्न र प्रतिस्पर्धा गर्न अवरोध पुऱ्याउँछन् । यसले गर्दा न्यून प्रतिष्ठा भएका मानिसहरू उच्च प्रतिष्ठाप्राप्तिका तहमा पुग्ने अवसरबाट वञ्चित भएपछि असन्तुष्ट हुन्छन् । परिणामतः प्रतिष्ठा प्राप्त गरेका र प्रतिष्ठा प्राप्त गर्नबाट वञ्चित भएका मानिसहरूका बिच समाजमा द्वन्द्वको सिर्जना हुन्छ भन्ने वेबरको प्रतिष्ठाका लागि

सिर्जना हुने द्वन्द्वसम्बन्धी मान्यताको सार रहेको देखिन्छ । भवानी भिक्षुका कथा वेबरको यस मान्यताका आधारमा अध्ययनीय रहेका छन् । उनका कथामा पात्रहरूका बिचमा देखिएको प्रतिस्पर्धा, विवाद र असन्तुष्टिका माध्यमबाट प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वलाई देखाइएको छ । त्यसैले यसमा 'प्रेमको एउटा कथा', 'रमा', 'तपस्या', 'मानव', 'रक्सीबाज', 'सैतानको सैतानी', 'मालिकको छोरो', 'मैयाँसाहेब', 'हारजित', 'वन्दना', 'बन्दोबस्त', 'रानीसाहेब', 'भ्रष्टयज्ञ', 'ज्ञात भएजति' र नयाँ इतिहासको प्रारम्भ गरी पन्ध्रओटा कथाको प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानका आधारमा अध्ययन गरिएको छ ।

(१) प्रेमको एउटा कथा

'प्रेमको एउटा कथा' कथाका पात्र गोमती र उसका बाआमाका बिचमा परस्पर विरोध र असहमतिको स्थिति सिर्जना गरेर प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको छ । कथामा गोमतीले तेह्र वर्ष पुगेपछि मानसिंहसँग प्रेम गर्न थालेकी देखाइएको छ । दिनहरू बित्दै जाँदा दुवै जनाको प्रेमसम्बन्ध झन् गाढा र आत्मीय बन्दै गएको देखिन्छ । यो कुरा थाहा पाएकी गोमतीकी आमाले आफ्नी छोरी र मानसिंहबिचको प्रेमसम्बन्धलाई रुचाएकी छैन । उसले कथामा "यस्तो मायाममता हामीलाई उचित छैन; कुलमा कलङ्क लाग्छ; दुनियाँले खिल्ली उडाउँछ" (भिक्षु, २०५२, पृ. १८) भनेकी छ । यस उद्धरणमा गोमतीकी आमालाई छोरीले मानसिंहसँग गरेको प्रेमसम्बन्धका विषयमा असन्तुष्ट भएकी देखाइएको छ । उसले छोरीसँग दुनियाँले खिल्ली उडाउने यस्तो मायाममता हामीलाई उचित छैन भनेकी छ । यसो भनेर उसले छोरी गोमतीको प्रेम भएको व्यक्ति पारिवारिक प्रतिष्ठा र मानसम्मान एवम् इज्जतको दृष्टिकोणबाट आफ्नो अनुकूल छैन भन्ने सङ्केत गर्न खोजेकी देखिन्छ । छोरीको बिहे मानसिंहसँग भएको स्थितिमा त्यसबाट कूलमा कलङ्क लाग्ने कुराप्रति पनि आमाले गोमतीलाई सचेत गराएकी छ । आमाको यस कुराबाट गोमतीको प्रेम घरको प्रतिष्ठाका विरुद्ध मात्र नभएर यो समाजकै प्रतिष्ठाका विरुद्ध रहेको भन्ने देखिएको छ ।

कथामा मानसिंहसँग आफ्नो प्रेम सम्बन्धका विषयमा आमाको असहमतिप्रति गोमती असन्तुष्ट भएकी छ । उसले कथामा "म, म केही भन्न पाउन्नथें । तर मनमा एउटा विरोधको भावना के उम्लन्थ्यो भने- आखिर म गरी नै के रहेछु जसका निम्ति, आमा भएर पनि यस्तो अपमानपूर्ण सङ्केत गरिरहेकी छिन् !" (भिक्षु, २०५२, पृ. १८) भनेकी छ । यस उद्धरणमा गोमतीलाई आमाको विचारप्रति असहमत भएकी देखाइएको छ । आमाले जेजस्तो ठाने पनि आफूले मानसिंहसँग प्रेम गरेर कुनै गल्ती नगरेको भन्नेमा ऊ विश्वस्त देखिएकी छ । उसले आफूले गरेको प्रेमलाई प्रतिष्ठाका दृष्टिले स्वाभाविक रूपमा लिएकी भए पनि उसकी आमाले भने अस्वाभाविक ठानेकी छ । तैपनि आमा भएकीले अन्ततः आफूलाई अप्ठ्यारो नै पार्नेसम्मको काम त नहोला नि भन्ने अपेक्षा गरेकी गोमती आमाको प्रतिक्रियाबाट क्षुब्ध भएकी छ । यस सन्दर्भमा कथामा उसले कथामा "मानसिंहको चिठी आएछ भनेर मबाटै सुनी–उनको कहिलेकाहीं यस्तो अवस्था हुन जान्थ्यो जसलाई 'प्रतिहिंसा' -सम्म पनि भन्न सकिन्छ । म प्रस्टै देख्थें कि त्यस दिन उनको अवस्था अत्यन्त कठिन विषम हुन जान्थ्यो" (भिक्षु, २०५२, पृ. १९) भनेकी छ । यस उद्धरणमा मानसिंहले लेखेको चिठी सुनाउने क्रममा देखिएको आमाको प्रतिहिंसाजन्य व्यवहारबाट गोमती निराश भएकी देखाइएको छ । गोमतीले मानसिंहसँगको

आफ्नो प्रेमलाई सफल बनाउने कुरालाई प्रतिष्ठाको विषय बनाएकी छ । उसकी आमा भने छोरी र मानसिंहका बिचको प्रेम आफ्नो प्रतिष्ठाविपरीत भएकाले त्यसलाई असफल बनाउन क्रियाशील भएकी छ । यसबाट कथामा आमा र छोरीका बिचमा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

कथामा एक दिन गोमतीलाई उसको बाले बेलुकी आठ बजेतिर घरमा काम गर्ने केटोमार्फत कुराकानीका लागि बोलाएको छ । उसले छोरीसँग कथामा "हेर यो मानसिंहको चिठी ! उसले यसमा तिमीलाई लेखेका आत्मीयताका कुराहरू एउटा बाबुबाहेक अरू कसैले पनि लेख्न सक्तैन । म मान्दछु, तिमी उमेरमा त्यसभन्दा सानी र तिमीलाई ऊ केटाकेटीबेलादेखि नै माया गर्छ । तर यत्तिकैले अब उमेर पुगिसकेकी तिमीलाई यस्तो चिठी लेख्न सक्तैन" (भिक्षु, २०५२, पृ. २०) भनेको छ । यस उद्धरणमा गोमतीका बालाई पनि उसको र मानसिंहका बिचको प्रेममा अवरोधक बनेको देखाइएको छ । उसले गोमतीलाई सम्झाउँदै उमेर पुगेकी आफ्नी छोरीलाई मानसिंहले यस्तो चिठी लेख्न नसक्ने भनेको छ । छोरीलाई उसका प्रेमीले पठाएको चिठी आफैले खोलेर पढी दुईबिचको प्रेमसम्बन्धलाई स्वीकार नगर्ने सङ्केत पनि उसले गरेको छ । यहाँनेर आमाचाहिँले गोमतीको प्रेम भएको व्यक्ति पारिवारिक प्रतिष्ठा र मानसम्मान एवम् इज्जतका दृष्टिकोणबाट आफ्नो अनुकूल छैन भन्ने सङ्केत पहिले नै गरिसकेकीले सल्लाहबमोजिम नै प्रतिष्ठालाई आधार बनाएर दुवैले मानसिंहलाई छोरीको भावी पतिको रूपमा अस्वीकार गर्ने योजना बनाएका हुन सक्छन् भन्ने पनि देखिन्छ । बाबुले आफ्नो अनुमति केही नलिई प्रेमी मानसिंहले पठाएको चिठी खोलेर पढी आफूलाई सम्झाउनको लागि बोलाएको स्पष्ट भएपछि यसबाट आफ्नो प्रतिष्ठामाथि धावा बोलिएको महसुस गरेर गोमती आमाबा दुवैप्रति क्रुद्ध भएकी छ ।

गोमतीले चिठी र बाको कुनै कुरा आफ्नो अन्तस्करणमा बिझ्न नसकेको पाएकी छ । यस सन्दर्भमा उसले कथामा "किन्तु एउटा अज्ञात घृणा, युगयुगान्तरदेखि नारीहृदयमा सञ्चित भइराखेको महाप्रतिरोध मेरो नसानसामा दगुर्न थाल्यो, मेरो आँखाअगाडि एक छिनका निम्ति अन्धकार जस्तो हुन पुग्यो" (भिक्षु, २०५२, पृ. २१) भनेकी छ । यस उद्धरणमा गोमती बा र आमाका विरुद्धमा प्रतिरोधमा उत्रन चाहेकी देखाइएको छ । उसका नसानसामा नारीहृदयमा सञ्चित महाप्रतिरोधको भावना दगुर्न थालेको छ । उसले आमाबाको हर्कतलाई घृणा पनि गरेकी छ । यी तथ्यबाट गोमतीका आमाबा र ऊ परस्पर प्रतिष्ठाको द्वन्द्वमा परेका देखिन्छन् । आमाबाले मानसिंह र गोमतीका बिचको प्रेमलाई पारिवारिक मर्यादा, कुल, समाज आदिका कारणले गर्दा रुचाएका छैनन् । त्यसैले गर्दा उनीहरू छोरीको प्रेम निरन्तर कायम रहोस् भन्ने पक्षमा देखिँदैनन् । अर्कोतिर गोमती आफ्नो प्रेमलाई प्रतिष्ठाको विषय बनाएर बाबुआमाका इच्छाविपरीत अग्रसर भएकी छ । उसले मानसिंहसँग बिहे गरेर आमाबाजस्तै पारिवारिक प्रतिष्ठा प्राप्त गर्न चाहेकी छ तर उसका आमाबाले भने गोमतीलाई मानसिंहको प्रेमबाट छुटाउन चाहेका छन् । यसले गर्दा कथामा गोमती र उसका आमाबाका बिचमा प्रतिष्ठा द्वन्द्वको स्थिति सशक्त रूपमा प्रस्तुत भएको स्पष्ट हुन्छ ।

'प्रेमको एउटा कथा' कथामा गोमतीले मानसिंहसँगको आफ्नो प्रेमसम्बन्ध सफल बनाउनुलाई प्रतिष्ठाको विषय बनाएकी छ । उसका आमा र बा भने पारिवारिक मानसम्मान र प्रतिष्ठाका दृष्टिले मानसिंहलाई आफ्नी छोरीको भावी पति स्वीकार गर्न चाहेका छैनन् ।

यसले गर्दा दुई पक्षका बिचमा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको स्थिति सिर्जना भएको छ । यसरी गोमती र उसका बाबुआमाका बिचको असहमतिका माध्यमबाट कथामा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(२) रमा

'रमा' कथामा रमालाई पढेलेखेकी, गृहकार्यमा निपुण सम्मानित बाबुकी सम्पन्न र मर्यादाशील कुलपरिवारकी छोरीका रूपमा चिनाइएको छ । उमेर बीस वर्ष पुगिसकेकी र समयअनुसार बिहे गर्नुपर्ने उमेर भइसकेकाले उसका आमाबाबु छोरीको बिहे चाँडो होस् भन्ने चाहेका देखिन्छन् । यस सन्दर्भमा कथामा "उसकी आमा चाहन्थिन्–छोरीको चाँडै बिहा भइहालोस्, गृहस्थी बनोस् । उमेर धेरै भइसक्यो, छोरी यत्तिको पढ्ने, लेख्ने, पोष्ट अफिसका थरी-थरीका टिकट बटुल्ने" (भिक्षु, २०५२, पृ. ४२) भनिएको छ । यस उद्धरणमा रमाकी आमाले छोरीको विवाह चाँडो होस् भन्ने कामना गरेकी छ । उमेर पनि भइसकेको र पढाइलेखाइ पनि राम्रो भएकाले अब छोरीको गृहस्थी बसोस् भन्ने रमाकी आमाको चाहना देखिन्छ । रमाका आमाबाबुले छोरीको बिहे कुनै शिक्षित र सम्पन्न परिवारमा गर्न पाए नाम र यश दुवै मिल्ने थियो भन्ने चाहेका छन् । रमा पनि हुलाक टिकट, दृश्य र मानिसका फोटो बटुल्ने, अरूलाई पठाउने र अरूबाट पनि आफूले प्राप्त गर्ने अनि लोग्ने मान्छेहरूसित टिकट आदिको आदानप्रदान गर्नेजस्ता कार्यमा रुचि राखेर अघि बढेकीले उसका आमाबाबु छोरीको बिहेको लागि चिन्तित भएका देखिन्छन् ।

कथामा रमाका बाबुको घरकाज गर्ने मूल कारिन्दाले कलकत्ताबाट आई.ए. पास गरेर छुट्टीमा घरमा आएको आफ्नो युवक छोरालाई मालिकको दर्शन गराउन भनेर रमाको घरमा ल्याएर आएको देखाइएको छ । त्यही क्रममा रमा र युवकका बिचमा हेराहेर भएसँगै प्रेमको प्रारम्भ भएको देखिन्छ । यसैबिच कारिन्दाको छोरो युवकसँग आफ्नी छोरी रमाको प्रेमसम्बन्ध बढ्दै जान थालेको कुरा आमाले थाहा पाएकी छ । यसपछि उसले छोरीलाई सम्झाउँदै कथामा "मैयाँ ! दुनियाँको चालाचलन अनौठो छ, कसैमाथि छिटो हाल्न बेर लाग्दैनन्, धेरै किसिमका कुरा चाला गरेर के फाइदा ? घरमा बस्नु, खानु, कुरा गर्नु; हामी स्वास्नी मान्छेहरूलाई यति भए त पुग्यो" (भिक्षु, २०५२, पृ. ४४) भनेकी छ । यस उद्धरणमा आमाले रमालाई आफ्नो आदर्श, मर्यादा, सम्मान र प्रतिष्ठाप्रति सचेत तुल्याउन चाहेकी देखिएको छ । रमा सम्पन्न र मर्यादाशील कुलपरिवारकी छोरी भएकीले उसको बिहे पनि त्यस्तै सन्तुलन मिल्ने परिवारमा हुनुपर्ने चाहना आमाको देखिएको हुँदा त्योभन्दा बाहिर गएर छोरीको बिहे नहोस् भनी उसले रमालाई घरमा बस्नु, खानु, कुरा गर्नु यति भए पुग्यो भन्दै सीमा तोकेकी छ । रमाकी आमाले फेरि कथामा "अबउप्रान्त किताबसिताबको लिनुदिनु नगर्नू, कसैसित धेरै चिनजानी बढाउनुपर्दैन, त्यो हाम्रो को हो र ? आफन्त पनि होइन, नातादार पनि होइन" (भिक्षु, २०५२, पृ. ४४) भनेकी छ । यस उद्धरणमा रमाकी आमालाई छोरीसँग असन्तुष्ट भएकी देखाइएको छ । उसले कारिन्दाको छोरो युवकसँग किताबको लेनदेन र सम्पर्क बढाउने उपक्रमसँगै प्रेमको विस्तारमा लागेकी छोरीलाई आफन्त र नातेदार केही सम्बन्ध नभएकाले धेरै चिनजानी बढाउनुपर्दैन भनेर प्रेममा अवरोध पुऱ्याउने प्रयास गरेकी छ । रमा युवकसँग प्रेमसम्बन्धमा बाँधिन चाहने र आमा भने उसको प्रेमसम्बन्धप्रति असन्तुष्ट भएर अवरोध पुऱ्याउन उद्दत

भएकीबाट दुई पात्र प्रतिष्ठाको विषयमा परस्पर विपरीत मार्गमा हिँडेका देखिन्छन् । यसले गर्दा आमा र छोरीका बिचमा प्रतिष्ठाकेन्द्रित द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

छोरीको बिहे भइदियोस् भनेर दिनरात पशुपतिको प्रार्थना गर्ने गरेकी रमाकी आमा बिहे गर्नकै लागि छोरीले अघि बढाएको प्रेमसम्बन्ध सामाजिक प्रतिष्ठाविपरीत भएपछि तोड्न अग्रसर भएकी छ । आमाको सदीक्षालाई बुझेर रमाले पनि आफूले प्रेम गरेको युवकसँग टाढिने निर्णय गरेकी छ । उसले युवकलाई लेखेको पत्रमा "हाम्रो परिवारको मर्यादाविरुद्ध छ, आमाबाबुको आज्ञा छैन, अबउप्रान्त केही सम्बन्ध राखेर के लाभ ?" (भिक्षु, २०५२, पृ. ४५) भनेकी छ । यस उद्धरणमा आमाको प्रभावमा परेर रमा युवकसँगको प्रेमसम्बन्धबाट पछि हट्न चाहेकी देखाइएको छ । उसले मन र हृदयदेखि युवकलाई चाहेकी भए पनि आफ्नै घरमा काम गर्ने कारिन्दाको छोरो भएकाले गर्दा आफूभन्दा न्यून प्रतिष्ठा भएको परिवारमा वैवाहिक सम्बन्ध स्थापित गर्न अवरोध सिर्जना भएबाट ऊ सम्बन्ध तोडेर अघि बढ्न अग्रसर भएकी देखिन्छ । रमाको पत्र पाएपछि युवकले पनि उसलाई पत्र लेखेको छ । यस सन्दर्भमा कथामा "दुई दिनपछि सहन नसकेर फेरि एउटा पत्र विचरा युवकले लेख्यो । दर्दले भरिएको कस्तो पीडापूर्ण थियो त्यो पत्र" (भिक्षु, २०५२, पृ. ४५) भनिएको छ । यस उद्धरणमा युवकले रमालाई दर्दले भरिएको पत्र लेखेर प्रेमसम्बन्धबाट नटाढिन अनुरोध गरेको थियो भन्ने सङ्केत गरिएको छ । उसले पत्रमा आफू र रमाबिचको प्रेमसम्बन्धलाई निरन्तरता दिनुपर्ने अपेक्षा पनि गरेको हुन सक्छ । यसबाट ऊ रमाको निर्णयबाट असन्तुष्ट र दुःखी भएको देखिन आउँछ । रमाले पनि युवकलाई जवाफ दिन पुनः पत्र लेखेर कथामा "अब फेरि यस्तो त के, केही पनि लेख्नुपर्दैन; मेरी आमा, मेरो बाबु ..." (भिक्षु, २०५२, पृ. ४५) भनेकी छ । यस उद्धरणमा रमालाई युवकसँग कुनै प्रकारको सम्पर्क नगरी टाढिन चाहेकी देखाइएको छ । युवकले रमासँगको प्रेमसम्बन्धलाई यथावत् राख्न चाहेको भए पनि रमाले भने आमाबाबुको मर्यादा, कुलपरम्परा आदि र त्यससँग जोडिएको सामाजिक प्रतिष्ठालाई आधार बनाएर अब फेरि प्रेमको बारेमा केही नलेख्न र सम्पर्क नगर्न भनी उसलाई जवाफ दिएकी छ । यसो गरेर उसले युवकसँगको प्रेमसम्बन्धलाई अन्त्य गर्न नै उत्सुक भएकीबाट रमा र युवक परस्पर प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् ।

'रमा' कथामा रमाकी आमाले शिक्षित र सम्पन्न परिवारमा छोरीको विवाह गरेर प्रतिष्ठा बढाउन चाहेकी छ । रमा भने युवकसँग प्रेमसम्बन्ध बढाउन अग्रसर भएकी छ । उसकी आमाले युवकसँगको प्रेमसम्बन्धलाई आफ्नो प्रतिष्ठाप्रतिकूल देखेकी छ । यसले गर्दा रमा र उसकी आमाका बिचमा प्रतिष्ठा द्वन्द्वको सिर्जना भएको छ । रमाले पनि युवकसँगको प्रेमसम्बन्धबाट प्रतिष्ठाका कारण पछि हट्ने निर्णयमा पुगदा युवक असन्तुष्ट भएको छ । यसरी रमा र उसकी आमा अनि रमा र युवकका बिचको असहमतिलाई आधार बनाएर त्यसकै माध्यमबाट कथामा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(३) तपस्या

'तपस्या' कथामा भामा विधवा भएपछि माइतीमा आश्रय लिएर दाइ गुरूप्रसादको संरक्षणमा बसिरहेकी छ । यसैबिच कलकत्तामा बस्दै आएको श्रीनाथ गुरूप्रसादलाई भेट्न

उसको घरमा आइपुगेको छ । दुई जना साथी चिया खाँदै पुर्खादेखि चलिआएको सामाजिक चलन र परम्पराका विषयमा तर्कयुक्त विवादका क्रममा आआफ्नो तर्कलाई प्रतिष्ठाको विषय बनाएर एकको तर्कमा अर्को असहमत हुँदा प्रतिष्ठाकेन्द्रित द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ । छलफल र विवाद गर्दै गर्दा गुरूप्रसादले कथामा "पितापुर्खादेखि चलिआएको सामाजिक रीतिस्थिति नाघ्ने शक्ति ममा छैन, नाघ्यो कि त एक न एक ठक्कर खाइहालिन्छ" (भिक्षु, २०५२, पृ. ६९) भनेको छ । यस उद्धरणमा गुरूप्रसादलाई परम्परादेखि चलिआएको कुराका पक्षमा उभिएको देखाइएको छ । उसकी बहिनी भामा वैधव्य जीवन बिताइरहेकी छ । सम्भवतः उसको वैधव्यको विषयमा समाजको रीतिस्थिति र चलनलाई नाघेर नयाँ कुरा केही गर्न नसकिने भन्ने गुरूप्रसादको विश्वास रहेको छ । समाजमा चल्तीमा रहेको चलनलाई नाघेर केही गर्न खोजेमा ठक्कर खानुपर्ने तर्क र अडानमा ऊ अडिग देखापर्छ । उसको कलकत्ते साथी श्रीनाथ भने उसको तर्क र अडानमा सहमत देखिँदैन । यस सन्दर्भमा उसले कथामा "पहिलेदेखि नै जमिरहेको वर्तमानका निमित्त असुन्दर, फेरि त्यसै असुन्दरलाई अँगालो हालिराख्नु झन् असुन्दर हुन आउँछ । अँगालो हालिराख्नमा जब बाध्य होइन्छ त्यो त्यस बखत असुन्दरमात्रै होइन विषादै हुन आउँछ" (भिक्षु, २०५२, पृ. ७०) भनेको छ । यस उद्धरणमा श्रीनाथले बितिसकेका पहिलेका असुन्दर भावनाहरूलाई वर्तमानमा अँगालो हालिराख्नु झन् असुन्दर हुन आउने र त्यसले विषादलाई निम्त्याउने तर्क गरेको छ । गुरूप्रसाद सामाजिक रीतिस्थिति र चलनको कुरा युगयुगान्तरको कुनै निश्चित सत्यको परिणाम हो भने त्यो विषाद नै भए पनि आफ्नानिमित्त स्तुत्य नै हुने तर्क गर्दै श्रीनाथसँग असहमत हुँदै गरेको देखिन्छ । यसले गर्दा कथामा गुरुप्रसाद र श्रीनाथका बिचमा आआफ्नो तर्कलाई उचित ठान्ने प्रयत्नसँगै प्रतिष्ठा द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

कथामा गुरुप्रसाद र उसको कलकत्ते साथी श्रीनाथका बिचमा तार्किक छलफल भइरहँदा एकको तर्कमा अर्को सहमत हुन नसकिरहको अवस्थामा श्रीनाथले गुरुप्रसादको तर्कलाई भ्रम मान्दै कथा "सत्यको आरोपण आनन्दका निमित्त हो न कि विषादका ! त्यस युगमा यसमा आनन्द थियो, त्यसैले यो सत्य पनि थियो परन्तु यदि आज त्यसमा विषाद छ भने त्यो सत्य हुनै सक्दैन, यो निश्चित छ" (भिक्षु, २०५२, पृ. ७०) भनेको छ । यस उद्धरणमा श्रीनाथले गुरूप्रसादको तर्कको खण्डन गरेको देखिन्छ । उसले सत्यको आरोपण विषादका निमित्त नभई आनन्दका निमित्त हुपर्ने कुरामा जोड दिँदै पहिले सत्य र उपयुक्त भए पनि वर्तमानमा त्यो कुनै कुरा विषादमय छ भने त्यसलाई सत्य मान्न नसकिने तर्क प्रस्तुत गरेको छ । श्रीनाथका अनुसार सत्ययुगको कुनै कुरा त्यो समयमा ज्वलन्त सत्य भए पनि आज त्यो सपनाजस्तै भएको छ । त्यसैले जे कुरा वर्तमान संस्कारअनुकूल छ त्यो नै सत्य हो र बितिसकेको सत्यको तानातानीमा पर्नु जडता एवम् हठ मात्रै हो भन्ने कुरामा उसले जोड दिन चाहेको छ । गुरुप्रसाद भने श्रीनाथको तर्कमा सहमत देखिँदैन । उसले कथामा "तर यदि त्यो युग-युगान्तरको कुनै निश्चित सत्यको परिणाम हो भने त्यही विषाद पनि मेरा निमित्त त स्तुत्य नै छ" (भिक्षु, २०५२, पृ. ७०) भनेको छ । यस उद्धरणमा गुरुप्रसादले युगयुगान्तरदेखि चलिआएको सत्य विषाद नै निम्त्याउने किसिमको भए पनि आफ्ना लागि स्तुत्य नै हुने तर्क गरेको छ । श्रीनाथले भामाको वैधव्यलाई सङ्केत गर्दै कथामा "यस हठले गर्दा यस मनोरम जगत्मा कति असुन्दरता, बेचैनी–वेदना, अभाव तथा आँसु बनेर–प्रवाहित भइरहेछ" (भिक्षु,

२०५२, पृ. ७०) भनेको छ । यस उद्धरणमा श्रीनाथले त्यही जडता र हठले गर्दा नै यस्तो मनोरम जगत्मा कति असुन्दरता, बेचैनी, अभाव र आँसु प्रवाहित भइरहेको छ भन्ने कुरा गुरूप्रसादलाई सम्झाइरहेको छ । यहाँनेर गुरूप्रसाद समाजमा चलिआएको परम्परा र रीतिस्थितिलाई स्वीकार गरी भामाले वैधव्यलाई मानेर बस्नुपर्ने कुरालाई नै आफ्नो प्रतिष्ठाको विषय बनाउन चाहेको देखिन्छ । अर्कोतर्फ श्रीनाथ भने भामाको बिहे गरिदिएर उसलाई बेचैनी र आँसुबाट मुक्त गर्नुपर्ने विचारमा देखिएको छ । यसले गर्दा पुरानो विचारलाई मानेर बस्नुपर्ने भन्ने गुरूप्रसाद र नयाँ सोच अपनाएर अघि बढ्नुपर्ने भन्ने श्रीनाथका बिचमा कथामा प्रतिष्ठाका लागि बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखापर्छ ।

कथामा गुरुप्रसाद बाहिर कतै गएको छ । त्यही बखत भामा र श्रीनाथ दुई जना मात्रै भएर चिया खाँदै गरेका देखिन्छन् । यस क्रममा श्रीनाथले "तिम्रो बिहा कुन सालमा भएको थियो रे ? ... मैले तिम्रो बिहा र विधवा भएको कुरा सुन्नका निमित्त यस्तो प्रश्न गरेको होइन । परन्तु यति दिनदेखि तिम्रो यो विवश सन्ताप एउटा भयानक विडम्बनामा चलिरहेछ भन्ने कुरा थाहा पाउन चाहन्थे" (भिक्षु, २०५२, पृ. ७४) भनेको छ । यस उद्धरणबाट श्रीनाथ भामाको पीडा र सन्ताप निवारणमा सहयोगी बन्न चाहेको देखिन्छ । उसले भामाको विचार र इच्छा बुझ्नको लागि उसको विवाह कुन सालमा भएको थियो रे भनेर सोधेको छ । यो कुरा उसले भामाको वैधव्यताको कुरा खोतल्नका लागि गरेको नभई उसको विवशता र सन्तापका विषयमा वास्तविकता थाहा पाउनको लागि गरेको छ । श्रीनाथको सोधाइको अभिप्रायलाई राम्ररी नबुझी यस्तो कुरा सोधेकामा भामा भने परम्परित विचारबाटै प्रभावित भएकी रूपमा प्रस्तुत भएकी छ । उसले आफ्नो विडम्बना र सन्ताप भनेर के भन्न खोजेको भन्दै श्रीनाथसँग प्रतिप्रश्न गरेकी छ । यस सन्दर्भमा भामाले "वैधव्य मेरो कष्ट होइन, साधना हो । यसैमा मेरानिमित्त कुनै शाश्वत् वरदान निहित छ । मलाई यसका निमित्त कुनै दुःख छैन" (भिक्षु, २०५२, पृ. ७५) भनेकी छ । यस उद्धरणबाट भामा पनि उसको दाजु गुरूप्रसादजस्तै परम्परित सोच र विचारबाट निर्देशित देखिएकी पाइन्छ । उसले वैधव्य आफ्ना लागि कुनै कष्ट नभई साधना भएकाले यसलाई आफूले पाएको शाश्वत् वरदान ठानी अघि बढ्दा आफूलाई कुनै दुःख नहुने भनेकी छ । उसले समाजको बूढीरूढीले वैधव्यलाई चिच्चाई चिच्चाई दुःखमय र घोर कष्टपूर्ण बनाउन चाहेका भए पनि आफूले भने यसलाई साधनाको रूपमा आत्मसात् गरेको भनेकी छ । ऊ श्रीनाथजस्तो पढेलेखेका व्यक्तिले समेत आफूलाई आफन्तको रूपमा ग्रहण नगरी विधवाको रूपमा ग्रहण गर्न चाहेको भनेर असन्तुष्ट भएकी छ । कथाको यस प्रसङ्गमा वैधव्यलाई साधना र शाश्वत् वरदान ठानी आत्मसात् गर्नुलाई नै भामाले सामाजिक प्रतिष्ठाको विषय बनाएकीमा युगअनुसारको नवीन परिवर्तनको अपेक्षा गरेको श्रीनाथ भने उसको विचार र तर्कसँग असहमत देखिएको छ । उसले पनि आफ्नो विचारलाई नै ठीक देखाउन खोजेको छ । यसरी कथामा दुवै पात्र प्रतिष्ठाकेन्द्रित बाह्य द्वन्द्वको चापमा परेका छन् । उल्लिखित कथात्मक सन्दर्भबाट श्रीनाथ र गुरूप्रसाद अनि भामा र श्रीनाथका बिचमा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वको प्रस्तुति भएको देखापर्छ ।

'तपस्या' कथामा गुरूप्रसादले समाजमा चलिआएको पुरातन मान्यतालाई उलङ्घन गर्न नसकिने भनेकोमा श्रीनाथले भने युग र समयअनुसार परिवर्तन भएर अघि बढ्नुपर्ने भनिरहेको छ । दुवै पात्रले आफ्नो तर्कलाई प्रतिष्ठाको विषय बनाएका छन् । अर्कोतर्फ श्रीनाथ

र भामा वैधव्यका विषयमा फरकफरक विचारमा अल्झिएर असहमत देखिएका छन् र उनीहरूले आफ्नो विचारलाई प्रतिष्ठाको विषय बनाएर यससम्बन्धी बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् । यसरी गुरूप्रसाद र उसको साथी श्रीनाथ अनि भामा र श्रीनाथका बिचको वैचारिक असहमतिलाई उपयोग गरेर त्यसकै माध्यमबाट कथामा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(४) मानव

'मानव' कथामा प्रमुख पात्र गोविन्दले पढाइ अघि बढाएर म्याट्रिक पास गरी यसकै माध्यमबाट प्रतिष्ठा हासिल गर्न चाहेकामा दाइभाउजूले पढाइ छोडेर जागिर खानुपर्ने बाध्यतामा पारेपछि नेपालगन्ज अमिनीमा बहिदारको जागिर खाएर बसिरहेको कथामा देखाइएको छ । नयाँ हाकिम आएपछि जागिर खोस्न सक्ने तत्कालीन चलनले गर्दा डराइरहेका कर्मचारीहरू आउने हाकिम गोविन्दका साथी हुन् भन्ने थाहा पाएर उसप्रति विनयशील भई उसलाई आदर गर्न थालेका छन् । यसले गर्दा गोविन्दले आफ्नो प्रतिष्ठा बढेको ठानेको छ । यस सन्दर्भमा कथामा "त्यो अरू कर्मचारीहरूलाई- ऊ लेप्टेन साहेबसित केही पर्दा राख्दैन, 'ऊ' उनको र 'उनको ऊ' भन्ने देखाइदिन चाहन्थ्यो" (भिक्षु, २०५२, पृ. ९१) भनिएको छ । यस उद्धरणले गोविन्दलाई कार्यालयमा आफ्नो प्रतिष्ठा बढाउने प्रयत्नमा लागेको देखाएको छ । उसको आफ्नो स्कुले साथी तुङ्गनाथ हाकिम भएर आएकाले उससँगको मित्रता र निकटताबाट आफूले पनि सम्मान प्राप्त गर्ने उसको मनोकाङ्क्षा रहेको देखिन्छ । यसका लागि उसले कार्यालयका अरू कर्मचारीहरूलाई हाकिम र उसका बिचमा कुनै पर्दा नभएकाले कार्यालयमा उसले जे भन्यो त्यही हुन्छ भन्ने देखाउन चाहेको छ । यस प्रकारसँग प्रतिष्ठा वृद्धिको अभिलाषा राखेको गोविन्दलाई भने तुङ्गनाथले उसले चाहेजस्तो आत्मीयता देखाएको पाइँदैन । यसले गर्दा गोविन्द तुङ्गनाथसँग असन्तुष्ट र बेचैन भएको छ । तुङ्गनाथले आफू आएको कार्यालयमा गोविन्दलाई देखेपछि "ओहो, गोविन्द तिमी यहाँ ?" (भिक्षु, २०५२, पृ. ९१) भनेको छ । यस उद्धरणले सबै कर्मचारीहरूको माझमा हाकिमले गोविन्दको नाम लिएर यति भने पनि सँगै पढ्दाको मिल्ने साथीले भनेको यति कुराले गोविन्द सन्तुष्ट हुन सकेको देखिँदैन । उसले आफ्नै साथीबाट आफू अपमानित भएको ठानेको छ । तैपनि उसले तुङ्गनाथलाई मित्रताको पूर्वावस्थामा फर्काएर कार्यालयमा आफ्नो प्रतिष्ठा बढाउने प्रयास भने छोडेको छैन ।

कथामा एक दिन गोविन्द बिहानै तुङ्गनाथको डेरातिर गएकामा उसले गोविन्दलाई कता ? गोविन्द ! भनेको प्रति गोविन्द असन्तुष्ट देखिएको छ । यस सन्दर्भमा उसले मनमनै "के यो प्रश्न एउटा परिचित मित्रका निम्ति अस्वाभाविक छैन ? त्यसको सट्टामा उनले 'कहाँ बस्दछौ', किन आउँदैनौ' भन्न सक्तैनथे ?" (भिक्षु, २०५२, पृ. ९३) भनेको छ । यस उद्धरणमा गोविन्द हाकिम साथीको कता ? गोविन्द भन्ने सोधाइबाट असन्तुष्ट भएको देखाइएको छ । उसले साथी तुङ्गनाथको सोधाइमा मित्रवत् हार्दिकता पाउन सकेको देखिँदैन । यद्यपि यस भेटमा गोविन्दले लेख्ने कविताको कुरा उठेको र कविता सुनाउन ऊ भोलिपल्ट बिहानै तुङ्गनाथको डेरामा जाने सल्लाह भएको देखिन्छ । यसबाट कविता सुनाएर पूर्ववत् मित्रता स्थापित गरी प्रतिष्ठा प्राप्त गर्ने गोविन्दको अपेक्षा देखिएको छ । यही अपेक्षाका साथ आफूले

लेखेका कविता लिएर उत्साहका साथ ऊ तुङ्गनाथको डेरामा पुगेको कथामा देखाइएको छ । त्यहाँ पुगेपछि खबर पठाएको आधा घण्टासम्म कुराएर माथि आफ्नो कक्षमा नबोलाई तुङ्गनाथ आफै तल झरेको छ । तल झरेर बिछ्याइएको चकटीमा बस्दै उसले "एकै छिन पख है, मलाई एउटा चिठी लेख्नु छ, त्यसलाई सिध्याइहालौँ" (भिक्षु, २०५२, पृ. ९४) भनेको छ । यस उद्धरणबाट तुङ्गनाथले गोविन्दको आगमनलाई खासै महत्त्व नदिएको देखिन्छ । उसले गोविन्दलाई पख है भनेर एउटा चिठी लेखेर सिध्याइहालौँ भन्दै आफ्नो कार्यालयसँग सम्बन्धित चिठी लेख्ने काममा व्यस्त भएको छ र गोविन्दसँग कुराकानी गर्न अनि उसका कविता सुन्न उदासीन बनेको छ । तुङ्गनाथको यस्तो व्यवहारबाट गोविन्दले आफ्नो प्रतिष्ठालाई होच्याएर अपमानित गर्न खोजिएको ठानेको छ ।

कथामा गोविन्दले आफूलाई सँगै पढेको साथी तुङ्गनाथबाट बेमतलब गरिएको ठानेको छ । यस सन्दर्भमा दुई पात्रका बिचमा भएको संवादमा "तपाईंले अझ धेरै लेख्नुछ क्यारे ?– पट्यार मानेर त्यसले सोध्यो । अब सिद्धियो, केवल दश मिनेट, के कहीं जानु छ र ?" (भिक्षु, २०५२, पृ. ९४) भनिएको छ । यस उद्धरणमा गोविन्दले तुङ्गनाथलाई तपाईंले अझै धेरै लेख्नु छ क्यारे ? भनेर सोधेकामा तुङ्गनाथले कहीँ जानु छ र भन्दै दस मिनेटमा सकिइहाल्छ भन्ने जबाफ दिएको देखिन्छ । यसपछि गोविन्द कुन कविता पहिला सुनाएर गहिरो प्रभाव पार्ने त भनेर आफूले लेखेका कविता रोज्दै गर्दा तुङ्गनाथले लौ त केही सुनौँ न त हेरौँ अचेल कस्तो लेख्तछौ ? भनेपछि गोविन्दले कविता सुनाउन प्रारम्भ गर्दासाथ एक्कासी त्यहाँ आइपुगेको कम्पाउन्डरतिर केन्द्रित भएर गोविन्द र उसका कविताप्रति तुङ्गनाथ बेमतलब भएको कथामा देखाइएको छ । यसपछि उसले आफ्नो सामाजिक प्रतिष्ठासँग समानता भएको कम्पाउन्डरलाई महत्त्व दिएर "लौ त गोविन्द तिमी ऐले जाऊ है !' ... 'कम्पाउन्डर साहेबसित मेरो धेरै दिनमा भेट भएको छ, यहाँसित केही कुरा पनि छ । तिमी त भोलि आए पनि हुन्छ" (भिक्षु, २०५२, पृ. ९५) भनेको छ । यस उद्धरणबाट तुङ्गनाथले गोविन्दलाई साथी भए पनि तल्लो तहको कर्मचारी भनेर हेपेको र अपमानपूर्ण व्यवहार गरेको जस्तो देखिएको छ । उसले गोविन्दलाई तिमी त भोलि आए पनि हुन्छ भन्दै कम्पाउन्डरसँग गफिन थालेर गोविन्दलाई अहिले तिमी जाऊ भनेको छ । तुङ्गनाथको यस्तो व्यवहारबाट गोविन्द उससँग झन् निराश भएको देखिन्छ । यी दुई पात्र पहिले एउटै स्कुलको एउटै कक्षामा पढ्दा समान प्रतिष्ठाका व्यक्ति भए पनि अहिले भने तुङ्गनाथ हाकिमको माथिल्लो प्रतिष्ठामा र गोविन्द बहिदारको तल्लो प्रतिष्ठामा देखिएका छन् । गोविन्दले हाकिम भएर आएको तुङ्गनाथसँग पूर्ववत् मित्रता स्थापित गरेर कार्यालयको परिवेशमा आफ्नो प्रतिष्ठा माथि उठाउन चाहेको भए पनि तुङ्गनाथले उसलाई बेमतलब गरिदिँदा गोविन्दको अपेक्षामाथि घात भएर तुङ्गनाथप्रति उसको असन्तुष्टि बढेको देखापर्छ । परिणामत: यी दुई पात्र प्रतिष्ठाकेन्द्रित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् ।

'मानव' कथामा गोविन्द तुङ्गनाथसँग नजिकको सम्बन्धमा रहेर आफ्नो प्रतिष्ठा बढाउन चाहेको छ । तुङ्गनाथले भने उसलाई खास महत्त्व दिन चाहेको छैन । बरु उसले आफ्नो प्रतिष्ठा स्तर मिल्ने कम्पाउन्डरलाई महत्त्व दिएकाले गर्दा गोविन्द उससँग असन्तुष्ट भएको देखापर्छ । यसले गर्दा गोविन्द र तुङ्गनाथका बिचमा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको अवस्था देखिएको छ । यसरी दुई पात्रका बिचमा प्रतिष्ठाकेन्द्रित असन्तुष्टिलाई देखाएर कथामा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(५) रक्सीबाज

'रक्सीबाज' कथामा तारानाथ घरमा आफ्नो केही पनि मर्यादा र प्रतिष्ठा नभएकाले ऊ असन्तुष्ट र बेचैन भई रक्सीसेवन गर्ने मार्गमा लागेको छ । उसको यस्तो बानीप्रति गुनासो गर्दै बहिनी मञ्जेश्वरीले कथामा "होइन दाइ, यस्तो पनि हो ! दिनरात बाआमा सबैको गाली कसरी खानुहुन्छ तपाईं ? मेरो बिन्ती मान्नुस् यो रक्सी त खान पनि नहुने, फेरि यसले जीउ पनि बिगार्ने ! उसमाथि पनि सबैको हेला, सबैको गाली" (भिक्षु, २०५२, पृ. ९६) भनेकी छ । यस उद्धरणबाट मञ्जेश्वरीले घरको इज्जतलाई बचाउनका लागि दाइलाई रक्सी खाँदै नहिँड्न भनेर सम्झाउनेबुझाउने गर्दै गरेकी देखिन्छ । उसले दिनरात रक्सी खाँदै हिँडेको कारणले गर्दा नै बाआमा सबैले गाली गर्ने गरेका र सबैको हेलाको पात्र हुनुपरेको भनेर दाइलाई बुझाउन खोजेकी छ । रक्सीले शरीरलाई पनि नोक्सान गर्ने र सबैले नराम्रो दृष्टिले पनि हेर्ने भएकाले रक्सी खान छोडेर राम्रो लतमा लाग्न दाइलाई अनुरोध पनि गरेकी छ । उसको यस कुराले दिनरात बाआमाको गाली मात्र नभएर परिवारको इज्जत र प्रतिष्ठासमेत तारानाथले रक्सीसेवन गर्दै हिँडेबाट धरापमा परेको सङ्केत गरेको छ । यसबाट तारानाथको रक्सीको लत परिवारको प्रतिष्ठाका विरुद्ध भएकाले यसप्रति ऊ असन्तुष्ट देखिएकी छ । बहिनीको कुरा सुनेपछि तारानाथले "वाह, वाह ! मञ्जु बहिनी क्याबात् यो अर्ती आफ्ना अरू दाइभाइलाई दिए, मलाई चाहिँदैन । ... हेर मञ्जु, तिम्रो यो दाजु जँड्याहा भए पनि मूर्ख छैन । तिमीहरूको चाला मैले नबुझेको होइन; यो अर्तीको भित्री तह मलाई पनि थाहा छ" (भिक्षु, २०५२, पृ. ९६) भनेको छ । यस उद्धरणबाट बहिनी मञ्जुको सम्झाइबुझाइ र अर्तीउपदेशबाट तारानाथ क्रुद्ध बनेको देखिएको छ । उसले बहिनीको अर्तीउपदेश आफ्नो प्रतिष्ठाविरुद्ध भएकाले त्यस्तो अर्ती आफूलाई नचाहिएको भन्ने सङ्केत गर्दै आफू जँड्याहा भए पनि मूर्ख नभएको भनेको छ । यहाँनेर तारानाथ र मञ्जुका बिचमा प्रतिष्ठासम्बद्ध बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखापर्छ ।

कथामा मञ्जेश्वरीको इयरिङ्ग हराएपछि खल्लीबल्ली भएको छ । मञ्जुका आफ्नो नालपट्टिका दाइहरू र आमाले हराएको नभई तारानाथले चोरेको आरोप लगाएका छन् । कान्छो भाइले "मानइज्जत नै फालिन गएपछि मालताल नै किन बाँच्नु र ! इयरिङ्ग कहाँ गयो घरभित्रैबाट एक छिनमा देउताले लगेका त होइनन्, ... एकदम निराधार स्कुलको अल्जेबरा बुझ्न सकिन्छ भने यो किन नबुझिनु" (भिक्षु, २०५२, पृ. १००) भनेको छ । यस उद्धरणबाट तारानाथको सौतेनी नालतिरको कान्छो भाइले आफ्नो परिवारको मानइज्जत र मालतालको बर्बादी हुनुमा तारानाथ नै जिम्मेवार भएको आरोप लगाएको देखिन्छ । उसले गरेको सङ्केतअनुसार इयरिङ्ग तारानाथले नै लगेको छ भन्ने देखिन आउँछ । आमाचाहिँले पनि भाग्य नै यस्तै भएर आमाबाबुको इज्जत फालिने घरमा बस्नुपरेको भनेकी छ । यी भनाइबाट परिवारका सदस्यहरू तारानाथले घरको इज्जत र प्रतिष्ठा गिराएको भनेर उसप्रति असन्तुष्ट देखिएका छन् । सौतेनी नालतर्फका परिवारको यस्तो विचार र असन्तुष्टिको प्रतिवाद गर्दै तारानाथले "म यस्तै रहिरहन्छु; यही पीर, यही रोजिन्दैको चोरी हेर्दै ! इयरिङ्ग कता गएको छ, किन गएको छ, यो मलाई पनि थाहा छ । मैले पनि जान्या छ" (भिक्षु, २०५२, पृ. १००) भनेको छ । यस उद्धरणबाट तारानाथले उसका भाइहरूले नै इयरिङ्ग चोरी गरेका हुन् भन्ने

सङ्केत गरेको देखिन्छ । उसले आफूलाई सबै कुरा थाहा भएको आफूले पनि जानेको भनेको छ । कथामा आएको इयरिङ्ग चोरीसम्बन्धी घटनामा तारानाथले भाइहरूलाई चोरी गरेको ठहऱ्याएर साधु बनी आफ्नो प्रतिष्ठा माथि उठाउन चाहेको छ । अर्कोतर्फ सौतेनी नालतिरका उसका भाइहरू अनि सौतेनी आमासमेतले सम्पत्ति, घरव्यवहारबाट विमुख गरिएको अनि रक्सीसेवन गर्दै हिँडेर कमजोर प्रतिष्ठा तहमा पुगेको तारानाथलाई चोर पनि ठहऱ्याएर उसको सामाजिक प्रतिष्ठालाई शून्यमा पुऱ्याउन चाहेका देखिन्छन् । यसले गर्दा कथामा तारानाथ र सौतेनी नालतर्फका पारिवारिक सदस्यहरूका बिचमा प्रतिष्ठाकेन्द्रित बाह्य द्वन्द्वको स्थिति पेचिलो बनेको देखिन्छ ।

'रक्सीबाज' कथामा तारानाथ रक्सीसेवन गर्दै हिँड्नु परिवारको प्रतिष्ठाविपरीत भएको ठम्याइमा सौतेनी नालतर्फका सबै एकमत देखिएका छन् । उता तारानाथ भने परिवारमा भइरहेको आफ्नो अपमानबाट दुःखित भएर प्रतिष्ठाको खोजी गर्दै गरेको छ । परिवारमा हेपिएर अनि अपमानित भएर असन्तुष्ट बनी बस्न परिरहेको तारानाथले सौतेनी नालतर्फका परिवारलाई दोषी देखाएर आफ्नो प्रतिष्ठालाई माथि उठाउने प्रयत्न गरेको छ । यसरी कथामा पात्रहरूलाई प्रतिष्ठा द्वन्द्वको चापमा परेका देखाएर प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(६) सैतानको सैतानी

'सैतानको सैतानी' कथामा वाहिद र रजिया पति र पत्नीको भूमिकामा देखिएका छन् । उसले सहरको एउटा सानो ठाउँमा सिलाइ मेसिन राखेर दर्जीको काम गरी जहानपरिवारको गुजारा चलाउँदै आएको छ । वाहिदकी पत्नी रजियाले छोराछोरी र पतिलाई पकाउने खुवाउने र घरको अरू काम सँभाल्ने गरेकी छ । वाहिदले दिनभरिको कमाइ साँझमा घर आएर रजियाको हातमा थमाउने गरेको छ । उसले पतिको कमाइको निगरानी गर्ने गरेकी छ । यसो भए पनि रजिया आफ्नो कमाइ नभएको र पतिको कमाइमा आश्रित हुनुपरेकामा प्रतिष्ठाका दृष्टिले सन्तुष्ट देखिँदैन । अर्कोतर्फ वाहिद आफ्नो कमाइमा तजबिजले थोरै खर्च गर्न नपाउँदा पनि त्यसैबाट पारिवारको गुजारा चलिरहेकामा सन्तुष्ट नै रहेको देखिन्छ । यसैबिच वाहिदले "वाहिदको एकदम बूढो भइसकेको ससुरा मऱ्यो; ... त्यस बूढाको कोही हकवाला थिएन, यसैले उसको सारा श्रीसम्पत्तिको अधिकारिणी एक मात्र रजिया नै हुन आउली" (भिक्षु, २०५२, पृ. १११) भन्ने खबर पाएको छ । यस उद्धरणमा वाहिदलाई तर्सिएको देखाइएको छ । आफ्नो कमाइ र धनसम्पत्ति केही नहुँदा त घरमा हैकम र रवाफ उँचो देखाउने उसकी पत्नी बाबुको सम्पत्ति पाएपछि त झन् उर्लिनेछ । त्यसले गर्दा परिवारमा पत्नीको प्रतिष्ठा बढ्न गई आफूचाहिँ निरीह भएर भएको प्रतिष्ठा पनि गुमाई बस्नुपर्ने अवस्था आउने ठानेर वाहिद सशङ्कित भएको देखिन्छ । यसैले गर्दा बाबु मरेको खबर आएको दोस्रै दिन सपरिवार माइततिर हिँडिहाल्ने रजियाको प्रस्तावलाई वाहिदले राम्ररी नबुझी धनको लोभमा त्यसै दगुर्न नहुने भन्दै अस्वीकार गरेको छ । रजिया बाबुको सम्पत्ति पाएपछि आफ्नो प्रतिष्ठा बढ्नेमा विश्वस्त देखिएकी छ । अर्कोतर्फ वाहिद घरमा ससुराको सम्पत्ति भित्रिएमा पत्नीको हैकम बढ्न गई आफू अहिले भएको भन्दा पनि निम्न प्रतिष्ठाको स्थितिमा झर्नुपर्ने कुराबाट तर्सिएको कथाको सन्दर्भबाट देखिन्छ ।

कथामा पतिको अस्वीकृतिले गर्दा बाबु मर्दासाथ माइत जान नपाए पनि बाबुको सम्पत्ति निश्चित रूपमा आफैलाई आउने ठानेर रजियाले घरमा मीठामीठा परिकार पकाएर छोराछोरी र वाहिदलाई खुवाएकी छ । यस सन्दर्भमा कथामा "दोस्रा दिन वाहिदले देख्यो उसको अगाडि राम्रा-राम्रा खाने कुरा पस्किएर आए, जसको मीठो वासले गर्दा उसको मुखमा पानी जम्मा हुन लाग्यो" (भिक्षु, २०५२, पृ. १११) भनिएको छ । यस उद्धरणमा सङ्केत गरिएअनुसार रजियाले बाबुको सम्पत्ति आउने भयो भनेर घरमा मीठा मीठा परिकार बनाएर उत्सव नै मनाएकी छ। उसले वाहिदलाई के चाहियो ? भनी धम्काएकी र छोराछोरीलाई पनि कति घिच्ने हुन् भन्दै हकारेकी छ । दिनभरि काम गरेर साँझ घरमा पुगी कमाएको पैसा हातमा थमाउँदा त्यसलाई एकातिर हुर्च्याएर नाकमुख बङ्ग्याउँदै रजियाले कथामा "यति जाबो पैसा लिएर काम चल्दैन; यसरी कहाँसम्म चिच्चाई चिच्चाई मरुँ ! यी यतिका औलाद लिएर अब यो रोजीको कमाइमा गुजारा हुन सक्नेछैन है ! म त सफा भनिरहिछु !" (भिक्षु, २०५२, पृ. ११२) भनेकी छ । यस उद्धरणमा रजियाले माइतीबाट आउन लागेको सम्पत्तिको रबाफ पतिसँग देखाउन थालेकी छ। उसको यस भनाइबाट बाबुको सम्पत्ति आउने भएपछि वाहिदको कमाइको मूल्य अर्थहीन भएको छ । उसले आउन लागेको बाबुको सम्पत्तिको आडमा आफ्नो प्रतिष्ठा बढ्ने देखेकी छ । यसैले गर्दा कथामा पतिपत्नीका बिचमा प्रतिष्ठाकेन्द्रित बाह्य द्वन्द्वको चाप बढ्न गएको देखिन्छ ।

कथामा बाबुको सम्पत्ति आउने भएर रजियाको हैकम बढेपछि वाहिद सशङ्कित भएको छ । उसले नमाजपछि प्रार्थना गर्दा "ससुरा मरेकै छैनन् भन्ने खबर आओस्; मरेकै छन् भने पनि तिनको कुनै श्रीसम्पत्ति रहेनछ भन्ने होस्" (भिक्षु, २०५२, पृ. ११४) भन्ने गरेको छ । यस उद्धरणमा वाहिदले ससुरालीबाट पत्नीका नाममा आउने श्रीसम्पत्ति नआउने भएको खबर आओस् भनी प्रतीक्षा गरिरहेको देखिन्छ। उसले कि त ससुरा मरेकै छैनन् भन्ने खबर आओस् अनि मरेकै रहेछन् भने पनि सम्पत्ति केही रहेनछ भन्ने खबर आओस् भन्ने चाहेको छ। उसको अपेक्षा रजियाका नाममा कुनै सम्पत्ति प्राप्त नहोस् भन्ने देखिन आउँछ । वाहिद रजियाका हातमा बाबुको सम्पत्ति आएमा त्यसबाट बढेको हैकम र प्रतिष्ठाले आफू छायामा पर्ने र अन्ततः परिवार नै विघटन हुन जाने कुराबाट तर्सिएको देखिन्छ । त्यसै दिन वाहिदले पहिले लेखेको चिठीको जवाफमा उसको ससुरा मरेको भए पनि उसले आफ्नो श्रीसम्पत्ति बेहोर्न दाजु पर्नेको छोरालाई धर्मपुत्र बनाई मरेको खबर आएको कथामा देखाइएको छ । यसबाट बाहिद अब आफ्नो प्रतिष्ठामा थप क्षति नहुने ठानेर सन्तुष्ट भएको छ । त्यही खबर उसले पत्नी रजियालाई सुनाउँदा उसले "तै बेकूफ, दरिद्रीले गर्दा यस्तो भएको हो ! मैले त पैले नै जान खोजेथेँ, तर तेरो दरिद्रीपनाले किन जान दिन्थ्यो" (भिक्षु, २०५२, पृ. ११५) भनेकी छ । यस उद्धरणमा रजिया क्रुद्ध भएकी देखाइएको छ। वाहिदले खबर सुनाएपछि ऊ चिच्चाउन, कराउन र हुन्डी भाँडा फोर्न फाल्न थालेकी छ। वाहिदले सम्झाउँदा पनि उसले मानेकी छैन । उसले खाना पनि नपकाउने र छोराछोरी पनि नहेर्ने अनि आफू नोकर्नी नभएको उद्घोष गरेकी छ। यो उसको आक्रोश बाबुको सम्पत्ति पाएर परिवारमा पतिको भन्दा आफ्नो प्रतिष्ठा माथि उठ्ने ठानेकीमा अब त्यो नहुने भएको कारणले गर्दा देखिएको हो ।

'सैतानको सैतानी' कथामा वाहिदले आफ्नै परिश्रमको कमाइले घरपरिवार चलाउनुलाई प्रतिष्ठाको विषय बनाएको छ । उसकी पत्नी रजिया भने बाबुको शेषपछिको

सम्पत्ति ल्याएर परिवारमा पतिको भन्दा आफ्नो प्रतिष्ठा र हैकम उचाइमा पुऱ्याउन चाहेकी छ । वाहिदले यसलाई आफ्नो प्रतिष्ठाका लागि घातक ठानेको छ । यसप्रकार पति र पत्नीको भूमिकामा रहेका दुई पात्र प्रतिष्ठा द्वन्द्वको चापमा परेका देखिन्छन् । यसरी कथामा दुई पात्रका बिचमा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको स्थिति देखाएर यससम्बन्धी द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(७) मालिकको छोरो

'मालिकको छोरो' कथामा साहु गणेशमान, उसका दुई पत्नी र कथाको पूर्वार्धमा कृष्णेसमेत परिवारमा उच्च प्रतिष्ठा श्रेणीमा रहेका छन् । रामे नोकर भएकाले प्रतिष्ठाहीन भएर असन्तुष्ट देखिएकोमा उत्तरार्धबाट कृष्णे पनि हेपिन र दण्डित हुन थालेपछि ऊसमेत असन्तुष्ट भई कथामा प्रतिष्ठाको विषय द्वन्द्वको कारक बनेको छ । यसैले गर्दा कथामा प्रतिष्ठासम्बन्धी बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ । रामे र कृष्णेमध्ये रामे साहु गणेशमानको घरमा काम गर्ने नोकर र कृष्णे साहुको छोरो भएर कथामा देखिएका छन् । यी दुईका बिचमा गहिरो आत्मीयता रहेको देखिए पनि कृष्णेका बाबु र आमाले भने रामेलाई नोकर भनेर तुच्छ रूपमा हेर्ने गरेका छन् । कृष्णेप्रतिको ससानो असावधानीमा पनि कृष्णेकी आमाले आफ्ना छोरालाई के ठानेको जथाभावी गर्ने भन्दै हप्काउने गरेकी कथामा देखाइएको छ । प्रतिवादमा कृष्णेले "कृष्णे देउता हो, स्वर्गको पुष्प हो, महान् हो ! राममान उसको नोकर, तुच्छ नगण्य निर्जीव !" (भिक्षु, २०५२, पृ. १२७) भन्ने सोचेको छ । यस उद्धरणबाट रामेलाई नोकर भनेर हेप्दा ऊ निराश भएको देखिन्छ । उसले कृष्णेसँग दाँज्दै आफू मालिकको घरमा काम गर्ने नोकर भएर बसेकाले हेपिन परेको महसुस गरेको छ । काम गर्ने घरमा उसलाई तुच्छ र नगण्य रूपमा हेर्ने गरिएको छ । उसले आफ्नो अस्तित्व निर्जीव समान भएको ठानेको छ । साहुको छोरो भएकाले उसको आत्मीय मित्र कृष्णेको स्थान भने उच्च देखापर्छ । यहाँनेर रामेले आफूलाई प्रतिष्ठाहीन देखेकोले ऊ असन्तुष्ट भएको देखिन्छ ।

कथामा रामे कृष्णेको मिल्ने साथी भएको छ । दुई जना मिलेर खेल्ने गर्दछन् । कहिलेकाहीँ खेलेको देख्दा साहु गणेशमानले भने रामेलाई नराम्रो गाली गर्दै "ए छुसी केटोलाई बिगारी नै दिन आँटिस् ? त्यो त तँ जस्तो भाते त होइन" (भिक्षु, २०५२, पृ. १२७) भनेको छ । यस उद्धरणमा साहुलाई रामे आफ्नो छोरासँग खेलेको मन पर्दैन भन्ने देखाइएको छ । यही भएर उसले रामेलाई छुसी र भाते भनेर हप्काएको र छोरालाई बिगार्न आँटेको आरोप लगाएको छ । उसको यस भनाइबाट रामेलाई निकृष्ट र आफू अनि आफ्नो छोरो कृष्णेलाई उच्च मान र प्रतिष्ठा भएको भनी देखाउन चाहेको स्पष्ट हुन्छ । उसले छोरो नोकरसँग खेलेको देख्दा आफ्नो महानता र प्रतिष्ठामा धक्का लागेको महसुस गरेको पनि देखिएको छ । साहुको गाली र तुच्छ भनाइबाट रामेले कृष्णे घर र श्रीसम्पत्तिको मालिक अनि आफू भने भाते मात्र भएर अपमानित हुनुपरेको ठानेको छ । कथामा आएका यी तथ्यले पात्रहरूका बिचमा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्व घनीभूत हुँदै गएको देखिन्छ ।

कथामा अकस्मात् कृष्णेकी आमाको स्वर्गवास भएको छ । यस सन्दर्भमा कथामा रामेले "मेरो कृष्णे टुहुरो छ, मेरो कृष्णे .....।'उसले विचार गऱ्यो–'टुहुरो म हुन दिन्नँ; मालिक हुनुहुन्छ नै, म छँदैछु, अब कृष्णेलाई यताउति त्यसै खेल्न जान दिन्नँ; राम्ररी पढाउनुपऱ्यो" (

भिक्षु, २०५२, पृ. १२८) भनेको छ । यस उद्धरणमा आमा मरेर टुहुरो भएको कृष्णको रखवारी गर्ने दायित्व आफूमा आएको रामेले ठानेको देखाइएको छ । उसले यही बेलामा कृष्णेको राम्रो हेरचाह गरेर साहुको घरमा आफ्नो महत्त्व र भूमिका बढाई प्रतिष्ठा माथि उठाउन चाहेको छ । यसो भए पनि साहुले भने कृष्णेलाई राम्रो बनाउन रामेको कुनै भूमिकाको अपेक्षा गरेको देखिँदैन । त्यसैले गर्दा उसले रामेलाई तैँले केटालाई बरालिदिनै आँटिस् ए ! दिनभरि गुच्चा, चङ्गा, भोकटे । जा निक्ली जा यस घरबाट !' भन्दै दुई-चार थप्पड लगाई घोक्याएर निकालेको छ (भिक्षु, २०५२, पृ. १२८) । यसमा गणेशमान साहुले आफ्नो छोरालाई बरालिदिनै आँटेको भनेर हप्काउने र थप्पराउने अनि घरबाट घोक्याएर बाहिर निकाल्ने गरेको देखाइएको छ । यसले गर्दा घरमा उसको भूमिका बढेको छैन । परिणामतः रामेको भूमिका र प्रतिष्ठा बढाउने प्रयास सफल हुन सकेको देखिँदैन । यसले गर्दा कृष्णे असन्तुष्ट र बेचैन नै भएको देखिन्छ ।

समयको क्रमसँगै साहु गणेशमानले दोस्रो बिहे गरेको छ । घरमा नौली मालिक्नी बनेर भित्रिएकी कृष्णेकी सौतेनी आमाले घर सँभाल्ने अनि कृष्णे र रामेलाई हेर्ने, रखवारी गर्ने एवम् कजाउने जिम्मेवारी पाएकी छ । उसले रामेलाई फुर्सद नै नदिई कजाउन थालेकी छ । कृष्णेलाई पनि अनेक आज्ञाआदेश दिएर नियन्त्रण गर्न थालेकीले ऊ अब रामेसँग खेल्न पनि नपाउने भएको देखिन्छ । यसले गर्दा कृष्णे सौतेनी आमासँग झगडा गर्ने, झर्किने र विरोधको भावना आत्मसात् गरेर असन्तुष्ट बनेको कथामा देखाइएको छ । गणेशमान साहुले पनि छोरो कृष्णेलाई हप्काउन थालेको छ । उसले "आमाले भनेको मान्नुपर्दैन ? बदमासी गर्छस् पाजी !" (भिक्षु, २०५२, पृ. १३०) भन्दै छोरालाई हकारेको छ । यस उद्धरणमा साहु गणेशमानले कान्छी पत्नीको प्रभावमा परेर कृष्णेलाई कठोर व्यवहार गर्न थालेको देखाइएको छ । उसले छोरालाई आमाले भनेको मान्नुपर्दैन पाजी भन्दै बदमासी गर्दै हिँडेको आरोप पनि लगाएको छ । सौतेनी आमासँगै बाबुले पनि यसरी कस्ने र हप्कीदप्की गर्ने गर्न थालेपछि कृष्णे सौतेनी आमाप्रति झन् बढी विद्रोही भएको र बाबुप्रति पनि असन्तुष्ट भएको छ । यसैबिच कृष्णे विद्रोह नै गरेर घरको वातावरणमा आफ्नो प्रतिष्ठा माथि उठाउन क्रियाशील देखिन्छ । यसले गर्दा घरमा न्यून प्रतिष्ठामा रहेका कृष्णे र रामे उच्च प्रतिष्ठामा रहेका साहु गणेशमान र उसकी पछिल्ली पत्नीसँग असन्तुष्ट भएर प्रतिष्ठा द्वन्द्वमा क्रियाशील भएका देखिन्छन् ।

कथामा कृष्णेले सौतेनी आमालाई नराम्रो वचन लगाएको छ । त्यसबाट क्रुद्ध भएकी उसले कृष्णेलाई कठोर सजाय दिन लागेका बेला रामेले "भो भो हजुर, बिचरा बालख ... हरे ! के गर्नुभएको हजुर छोडिबक्स्योस् अब भयो" (भिक्षु, २०५२, पृ. १३१) भनेको छ । यस उद्धरणबाट रामे सौतेनी आमाले दिन लागेको सजायबाट कृष्णेलाई बचाउन अग्रसर देखिएको छ । उसले कृष्णे बालक नै भएकाले कठोर नबन्न र उसलाई छोडिदिन मालिक्नीसँग अनुनय पनि गरेको छ । कृष्णेकी सौतेनी आमाले उसलाई दिन लागेको सजायबाट बचाएर आफ्नो प्रतिष्ठा बढाउन चाहेको रामेले अनेक बिन्ती गर्दा पनि उसलाई दण्डबाट बचाउन भने सकेको देखिँदैन । बरु नौली मालिक्नीले रामेलाई पनि हप्काएकी छ । उसले कथामा "पख्, तँलाई आज यस घरबाट ननिकाली कहाँ छोडौंला ? तँ छुसी मलाई सम्झाउन आउने ! पख्" (भिक्षु, २०५२, पृ. १३१) भनेकी छ । यस उद्धरणमा कृष्णेको पक्ष लिएर उसलाई बचाउन खोज्ने रामेलाई नयाँ मालिक्नीले उल्टै रामेलाई पनि बेसरी गाली गर्दै कुटेर घरबाट निकाल्ने भन्दै धम्काएकी छ । यसले गर्दा कृष्णेको विद्रोहमा साथ दिएको रामे र विद्रोही बनेको कृष्णे दुवै

प्रतिष्ठा द्वन्द्वमा असफल भएर असन्तुष्ट देखिएका छन् । यी कथात्मक सन्दर्भबाट पात्रहरूका बिचमा प्रतिष्ठाकेन्द्रित विवाद बल्झिएर कथामा बाह्य द्वन्द्वको स्थिति उत्कर्षमा पुगेको छ ।

'मालिकको छोरो' कथामा साहु गणेशमान र उसका दुई पत्नी मालिकको भूमिकामा रहेका पात्र हुन् । उनीहरूले घरमा नोकर बनेर बसेको रामेलाई गरेको हेपाहा व्यवहार र रामेको असन्तुष्टि, कृष्णेका बा र उसकी सौतेनी आमाले रामे र कृष्णेप्रति देखाएको कठोरता र ती दुईले गरेको प्रतिरोधलगायतका घटनासन्दर्भबाट क्रियाशील पात्रहरूका बिचमा असहमति र असन्तुष्टि बन्न जाँदा पात्रहरू प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् । यसरी एकातिर प्रतिष्ठाशाली पात्र र अर्कोतिर निम्नस्तरको प्रतिष्ठामा रहेका पात्रहरूका बिचमा असन्तुष्टि र असहमतिलाई देखाएर यसकै माध्यमबाट कथामा प्रतिष्ठाका कारणले सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(८) मैयाँसाहेब

'मैयाँसाहेब' कथामा मैयाँ र अजयको भूमिका शीर्षस्थ रहेको छ । यी दुई पात्र परस्पर प्रेम सम्बन्धमा रहेका छन् । एक दिन अजय दरबारमा गएका बखत मैयाँलाई सन्चो छैन भन्ने थाहा पाएर उसको कोठामा पुगी यहाँलाई सन्चो छैन ? के भयो ? भनेर सोध्दा मैयाँले कथामा "अजय, यसरी सोध्न सुहाउँदैन, दरबारको यति आवतजावत भएर कुरा गर्ने ढङ्ग थाहा पाउनै पर्ने थियो । सोध न- हजुरलाई आराम छैन कि ?" (भिक्षु, २०६३, पृ. ३) भनेकी छ । यस उद्धरणमा मैयाँले आफ्नो रबाफ र उच्चता प्रस्तुत गर्न खोजेकी देखाइएको छ । अजयले आफ्नी प्रेमिका भएकीले समस्तरको भाषामा सन्चो बिसन्चोको बारेमा सोधनी गरेकामा मैयाँले भने दरबारिया प्रतिष्ठाअनुसारको भाषिक व्यवहार र सम्बोधन अजयबाट चाहेकी छ । अजयले दरबारिया काइदामा चुकेकामा माफ गर्नुहोस् भन्दा माफ गरिबक्सियोस् भन्नु पर्दैनथ्यो भनेर मैयाँले सुझाएकी छ र आफूले भने अजयलाई मध्यम आदरार्थी भाषाको प्रयोग गरेकी छ । यसबाट मैयाँले आफूलाई श्रेष्ठ र उच्च प्रतिष्ठाकी देखाउन चाहेकी र अजयलाई भने आफूभन्दा छोटो र तल्लो तहको सामाजिक प्रतिष्ठा भएको देखाउन खोजेकी स्पष्ट हुन्छ ।

अजयले हामीले एकअर्कालाई माया गरेकाले कुराकानी गर्दा पहिलो श्रेणीका सम्मानार्थक शब्दहरू कृतिम हुने भनिरहँदा मैयाँले अजयलाई चुप लाग भनेर अलि झर्कंदै "हेर्दछु; अनुमानभन्दा पनि तिमी साह्रै नै तल्लो श्रेणीका मानिस हौ कि ?" (भिक्षु, २०६३, पृ. ४) भनेकी छ । यस उद्धरणबाट मैयाँले आफूलाई उच्च र अजयलाई नीच देखाउन चाहेकी देखिन्छ । मैयाँको यस कुराबाट उसले यौवनको कामनाले अजयलाई माया गरेकी भए पनि बाहिर देखिने साामाजिक तहमा भने अजयबाट विशिष्ट आदरसम्मानको अपेक्षा गरेकी छ भन्ने थाहा हुन्छ । अजयको अभिव्यक्तिमा आफ्नो प्रतिष्ठाअनुकूलको प्रस्तुति नपाउँदा मैयाँले उसलाई साह्रै नै तल्लो श्रेणीको मानिस भनेर छोटोबडोको विभेद देखाउँदै उसको तुलनामा आफ्नो प्रतिष्ठा उच्च रहेको भन्ने कुरा बुझाउन खोजेकी छ । अजयले पनि संस्कार आदि कुरामा कतै भूल भइरहेको सम्झेको छ । यसै क्रममा मैयाँले अजयलाई सम्बोधन गर्दै कथामा "अजय म तिमीलाई माया गरेको अस्वीकार गरेर दोस्रो भूल गर्न चाहदिनँ; माया गरेकी छु; गरी नै रहनेछु, तर यो हो भूल नै" (भिक्षु, २०६३, पृ. ४) भनेकी छ । यस उद्धरणमा मैयाँले अजयलाई गरेको माया भूल भएको स्पष्ट पारेकी छ । उसले माया गरेर पनि त्यो भूल भएको

भन्नु अर्थपूर्ण देखिन्छ । उसले भनेको भूलबाट त्यो प्रतिष्ठा श्रेणी नमिलेकै कारणले हुन गएको भूल भन्ने प्रस्ट भएको छ । त्यसैले उसले माया गरेको कुराको छनक बाहिर सुनिने कुराकानीमा प्रकट नहोस् भनेर गोप्य तवरमा माया गर्न चाहेकी देखिन्छ । उसको यस्तो मायाको चाहप्रति कटाक्ष गर्दै अजयले "कदाचित् प्यारको यो व्याख्या र वर्णन सामाजिक श्रेणी, पद, मर्यादा र सम्पत्ति-वैभवको उब्जा हो, तर मायाको वास्तविकता यो होइन" (भिक्षु, २०६३, पृ. ५) भनेको छ । यस उद्धरणमा अजय मैयाँसँग असन्तुष्ट भएको देखाइएको छ । उसले मैयाँद्वारा प्रस्तुत मायाप्रेमसम्बन्धी व्याख्यालाई वास्तविक नभई सामाजिक श्रेणी, पद, मर्यादा र सम्पत्ति-वैभवको उब्जा हो भनेको छ । मायाप्रेममा यस्ता कुराहरूका आधारमा भेद हुन नहुने भन्ने उसको विचार रहेको देखिन्छ । आफ्नो प्रतिष्ठा न्यून स्तरको भएकाले मैयाँलाई माया गरेर प्रतिष्ठाको श्रेणीलाई मैयाँको समकक्षी देखाउन चाहेको अजय भने मैयाँको कुरामा सहमत देखिएको छैन । मैयाँ पनि अजयको विचारमा सहमत देखिएकी छैन । यसले गर्दा कथाका दुई पात्रका बिचमा प्रतिष्ठाकेन्द्रित बाह्य द्वन्द्व पेचिलो बन्दै गएको छ ।

अजयको आफ्नै सामाजिक प्रतिष्ठा मिल्ने परिवारमा र मैयाँको पनि राणा खानदानमै बिहे सम्पन्न भएको कथामा देखाइएको छ । बिहेपछि एकान्तमा भएको भेटमा मैयाँले अजय उसको लागि प्राप्य नभएको कुरा सुनाउँदा अजयले कथामा "के सामाजिक माथिल्लो तहमा नै बसेर प्यारको प्राप्य अप्राप्य छुट्टाउने हो र ? प्यारमा भेद कहाँ छ ?" (भिक्षु, २०६३, पृ. ६) भनेको छ । यस उद्धरणमा अजय मैयाँको प्यारसम्बन्धी विचारबाट असन्तुष्ट देखिएको छ । उसले सामाजिक माथिल्लो तहमा बसेर प्यारको प्राप्य अप्राप्य छुट्टाउन नहुने भन्दै प्यारमा भेद हुन नहुने विचार राखेको देखिन्छ । अजयको विचारको प्रतिवाद गर्दै मैयाँले सामाजिक वर्ग, आफ्नो परिवार र वंशको कारणले गर्दा प्यारमा भेद रहेको र अजय जुन श्रेणी र स्थानमा छ त्यसमा आफूलाई आस्था नभएको खुलाएकी छ । यसबाट दुवै पात्र सामाजिक प्रतिष्ठासम्बद्ध द्वन्द्वको कारणले एकअर्काको तर्क र व्यवहारप्रति असन्तुष्ट देखिएका छन् ।

मैयाँसँग असन्तुष्ट भएको अजय देशमा सुरु भएको राणाशासनविरोधी प्रजातान्त्रिक क्रान्तिमा होमिएर त्यसका माध्यमबाट सामाजिक प्रतिष्ठा माथि उठाउने मार्गमा अग्रसर भएको छ । यो कुरा थाहा पाएर मैयाँले अजयलाई लेखेको चिठीमा "सुन्दछु, तिमी कुनै गुप्त राजनीतिक षडयन्त्रमा पनि उत्रेका छौ; विरोध छैन, तर भन त, देशभक्तिले विह्वल भएर हो कि यसमा कुनै प्रतिक्रिया छ; प्रतिक्रिया नै हो कि कुनै लालसा ?" (भिक्षु, २०६३, पृ. ७) भनेकी छ । यस उद्धरणबाट मैयाँ अजयको राजनीतिक क्रान्तिमा सहभागिताप्रति असन्तुष्ट देखिएकी छ । उसले अजयलाई देशभक्तिले विह्वल भएर नभई लालसाका लागि राजनीतिक षडयन्त्रमा लागेको आरोप पनि लगाएकी छ । यसो भनेर उसले आफ्नो प्रतिष्ठाशक्तिका विरुद्धमा विद्रोहमा लागेको भन्न खोजेकी देखिन्छ । अजयले भने मैयाँको प्रतिक्रियाको कुनै जवाफ नदिएरै क्रान्तिमा सक्रियताका साथ लागेको र जेलमा पनि परेको अनि प्रजातान्त्रिक शासनको प्रारम्भ भएपछि जेलबाट छुटेको कथामा देखाइएको छ । तत्पश्चात् नेपाली काङ्ग्रेसको महत्त्व प्राप्त सदस्य बनेर उसले राजनीतिका माध्यमबाट आफ्नो सामाजिक प्रतिष्ठा माथि उठाउन सफल भएको देखिन्छ । उता राणाहरूको अवस्था भने नाजुक बन्दै गइरहेको छ । यस सन्दर्भमा कथामा "तीन वर्षभित्रैमा धेरैजसो मध्यमश्रेणीका सामन्तहरू टाट भएर गए । एक दिन अजयले थाहा पायो कि मैयाँसाहेबका लोग्ने आफ्नो घरपर्यन्त बेची विदेशिन

लागेका छन्" (भिक्षु, २०६३, पृ. ९) भनिएको छ । यस उद्धरणमा मैयासम्बद्ध राणाहरू सबैको सरकारी सुविधा र संरक्षण खोसिँदा भएको सबै सम्मान र प्रतिष्ठा गुम्न गएर मैयाँ र उसका पतिसमेत देश नै छोडेर प्रदेशतिर पलायन हुन लागेका छन् । यसले उच्च प्रतिष्ठामा रहेकी मैयाँको प्रतिष्ठा सङ्कुचित भएको छ । उल्लिखित कथात्मक सन्दर्भबाट कथाका दुई पात्र मैयाँ र अजय परस्पर प्रतिष्ठाकेन्द्रित द्वन्द्वको चापमा परेका देखिन्छन् ।

'मैयाँसाहेब' कथाकी मैयाँ उच्च प्रतिष्ठासम्पन्न र उसको प्रेमी अजय न्यून प्रतिष्ठास्तरका पात्र हुन् । सम्मान र प्रतिष्ठाको असमानताको कारण आफू होचिनु परिरहेकामा अजय मैयाँसँग असन्तुष्ट भएको छ । यसपछि अजयले राजनीतिक क्रान्तिमा लागेर उचाइ प्राप्त गरेको र मैयाँको अवस्था भने नाजुक बनेको छ । आफ्नो अवस्था यस्तो हुनुमा अजयको राजनीतिक षडयन्त्र कारक रहेको ठानेर मैयाँ उससँग असन्तुष्ट भएकी छ । यसले गर्दा दुई पात्र प्रतिष्ठा द्वन्द्वका चापमा परेका छन् । यसरी मैयाँ र अजयका बिचमा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(९) हारजित

'हारजित' कथामा मनोहर धनपैसा, खेतीपाती र पशुधनमा सम्पन्न भएकोले गाउँमा प्रतिष्ठाशाली देखिएको छ । अर्कोतर्फ घुरहू कसैमाथि अन्यायअत्याचार हुँदा न्याय दिन अघि सर्ने गाउँको आत्मा नै मानिएकाले उसको प्रतिष्ठा झन् विशिष्ट रूपमा स्थापित भएको देखिन्छ । कथामा सामाजिक मूल्य, मानक, प्रतिष्ठाको वाहक वा संरक्षकका रूपमा घुरहू महतो देखिएको छ भने सामाजिक परिवेश र पृष्ठभूमिमा एक प्रकारको मर्यादाको वाहकको रूपमा मनोहर महतो देखिएको छ (रिमाल, २०४९, पृ. २५५) । यसले गर्दा कथामा प्रतिष्ठा द्वन्द्वका केन्द्रमा यिनै दुई पात्र रहेका छन् । बदरिया र तयफवालगायतका अरू पात्र गाउँको सामान्य गरिब किसानको भूमिकामा देखिएका छन् । यी पात्रहरूका बिचमा अलगुवाकी बुहारी सोनवाको मजुरीको विषयमा विवाद चर्किदा प्रतिष्ठा द्वन्द्व पेचिलो बन्दै गएको देखिन्छ । यसैबिच अलगुवाकी बुहारी सोनवा मनोहरको घरमा मजुरी बस्न गएकी भन्ने विषयलाई लिएर उतराहेको घरमा बसेको पञ्चायतमा सबैले मुख नखोले पनि घुरहू, बदरिया र तयफवाले मनोहरले सोनवालाई उसको घरमा फिर्ता गर्नुपर्ने कुरा बोलेका छन् । यस सन्दर्भमा तोयफवाले कथामा "आज सोनवा मनोहर दाइकहाँ बसी भने भोलि मेरो र यहाँहरूका छोरीबुहारीले पनि बाटो नसमाती कहाँ छोड्छन् र ? यतिका दिन भइसक्यो गाउँले यसको कुनै निधो गरेन पञ्च, यो क्या हो ?" (भिक्षु, २०६३, पृ. ४२) भनेकी छ । यस उद्धरणबाट तोयफवाले सोनवाको मजुरीको विषय गाउँको प्रतिष्ठासँग जोडिएको सङ्केत गरेकी देखिन्छ । उसले यस विवादलाई सही किसिमले नसुल्झाएमा भोलि अरूका छोरीबुहारी पनि यसरी नै हिँड्ने र यसबाट गाउँको परम्परा टुट्न जाने भनेकी छ । यसो भनेर उसले सोनवा मनोहरको घरमा मजुरी बसेबाट उब्जेको समस्या समाधान गर्न ढिला भएकाले गाउँ र समाज सबैको प्रतिष्ठा र सम्मानमा चोट पुगेको औल्याएकी छ ।

कथामा तोयफवाको कुरालाई पछ्याउँदै बदरियाले पनि बेकारको झन्झटमा नफस्न र सोनवालाई उसकै घरमा फर्काइदिएर टैटन्टाबाट मुक्त हुन मनोहरलाई सम्झाएको छ ।

तयफवा र बदरियाले सबै गाउँलेको प्रतिष्ठासँग जोडिएको चिन्ताको आवाज उठाएपछि मनोहरले देखाएको प्रतिक्रियाको चर्चा गर्दै भिक्षु (२०६३) ले कथामा लेखेका छन् :

> कस्तो कुरा गर्छस् बदरिया- हुक्का अलि पर सार्दै मनोहरले तम्केर भने- "यो मजूरको कुरा हो, कटनी, रोपाइँ, निराइँमा साराले जो जहाँ पाए मजूरहरू तसक्ल गर्छन्, कसैको मजूर कसैले नछुटाउने, हानथाप नगर्ने संसारैका गाउँहरूको चलन नै हो । कटनीको बखत सोनवा मजूरी बसी नाइँ कसरी भन्छेस्–पठाइदेऊ ! (पृ. ४२-४३)

उल्लिखित उद्धरणमा मनोहरले कसैको मजुर कसैले नछुटाउने भन्ने गाउँको चलन नै भएकोले कटनीका बेला मजुरी बसेकी सोनवालाई कसरी पठाउने भन्दै पठाउन नसक्ने अडान लिएको छ । यसलाई उसले आफ्नो प्रतिष्ठाको विषय बनाएको देखिन्छ । यस सन्दर्भमा मनोहरलाई सम्झाउँदै घुरहूले कथामा "मनोहर भाइ सोनवा मजुर होइन, तपाईंकी, हाम्री छोरीबेटी हो । अलगुवाको आफ्नै खेत काट्नुपर्नेछ । ... छोरीबुहारी नक्कचरानक्कचरी नभए तपाईंकहाँ सोनवालाई जानैपर्ने थिएन । मेरा र तपाईंका पनि छोराबुहारी छन्, यो विचार राख्नै पऱ्यो । सोनवालाई पठाइदिनुस्" (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । यस उद्धरणमा घुरहूले सोनवालाई मजुरीबाट फिर्ता गर्न मनोहरलाई दबाब दिएको देखिन्छ । उसले छोरीबुहारीलाई नक्कचरानक्चरी हुनबाट जोगाउनु सबैको कर्तव्य भएकाले समाजको रीतिलाई बिग्रन नदिन सोनवालाई फिर्ता गर्न भनेको छ । घुरहूको भनाइमा सोनवाको मजुरी बसाइको विषय सबै गाउँलेका लागि प्रतिष्ठाको विषय भएको भन्ने देखिन्छ । यसरी सोनवाको बारेमा घुरहूसमेत बोलेपछि मनोहर र उसको छोरो एकै मुख भएर आफूकहाँ बस्दा सोनवाको इज्जत जाने र तपाईंकहाँ बस्दा नजाने भन्दै घुरहूसँग प्रतिप्रश्न गरेका छन् । यसैबिच मनोहरले कथामा "घुरहू दाइले कुरा त ठिक्कै भन्नुभयो, तर मकहाँ बसेर सोनवाको इज्जत जाने र तपाईंकहाँ भए नजाने कुरा मैले बुझिनँ" (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । यस उद्धरणबाट मनोहरले सोनवा आफ्नोमा बस्दा उसको इज्जतमा कुनै अप्ठेरो नपर्ने देखाउन चाहेको छ । यसो भनेर उसले सोनवालाई फिर्ता नगर्ने सङ्केत गरेको छ । यसबाट सोनवालाई फिर्ता गर्नुपर्छ भन्ने घुरहूसमेत गाउँलेहरू र फिर्ता गर्न नसक्ने भन्ने मनोहर भएर प्रतिष्ठाको विषय बनी विवाद चर्किंदा यस विषयले सामाजिक प्रतिष्ठाकेन्द्रित बाह्य द्वन्द्वलाई पेचिलो बनाएको देखिन्छ ।

कथामा तयफवा सोनवालाई मजुरीबाट काम नसकिई फर्काउन नसकिने भन्ने मनोहरको कुराबाट आक्रोशित भएकी छ । उसले मनोहरलाई सङ्केत गर्दै कथामा "मनोहर दाइ, कुरा नबढाउनोस्, तपाईंको छोरो र तपाईंको पनि आँखा सोनवामाथि गडिरेहेको अरूले नबुझे पनि हामी आइमाईले थाहा नपाउने होइनौं । ठूला हुँदैमा अर्काको इज्जत नमान्ने अख्तियार कसैको हुँदैन । सोनवालाई पठाइ नै दिनुपर्छ" (भिक्षु, २०६३, पृ. ४३) भनेकी छ । यस उद्धरणमा तयफवाले आइमाईको इज्जत लुटिन सक्ने भन्दै त्यसका लागि पनि मनोहरलाई दबाब दिएर सोनवालाई फिर्ता गर्न लाग्नुपर्ने सङ्केत गरेकी छ । उसले मनोहर र उसको छोरोसमेत सोनवाको सुन्दरतामा आँखा गाडेर बसिरहेको गाउँका सबै आइमाईहरूले थाहा पाएका पनि भनेकी छ । तोयफवाको आरोपपछि मनोहरले कथामा "तैंले भन्दैमा पठाइने हो

र बढो आइस् इज्जतवाली, आफ्नो कुरा त पहिले हेर्..." (भिक्षु, २०६३, पृ. ४३) भनेको छ। यस उद्धरणमा क्रुद्ध भएको मनोहरले तैँले भनेर पठाइने हो र, बडो आइस् इज्जतवाली भन्दै उल्टै तयफवालाई धम्काएको छ। यस प्रकारसँग भनाभन चर्कंदै गएर विवादको समाधान नहुने देखिएपछि घुरहूले केही दिनको लागि माइत आएकी आफ्नी छोरी रतियालाई पञ्चको अगाडि ल्याएर सोनवाका सट्टामा मजुरीमा पठाई सोनवालाई उसको घरमा फिर्ता पठाउने प्रस्ताव गरेपछि त्यसमा मनोहर पनि सहमत भएर विवादको समाधान हुन गएको देखिन्छ। यसबाट गाउँले र घुरहू पक्ष विजयी भएर प्रतिष्ठा र सम्मान जोगाउन र बढाउन सफल भएका अनि मनोहर भने फर्काउन नचाहँदा नचाहँदै पनि सोनवालाई मजुरीबाट फर्काउन बाध्य भएको देखिँदा ऊ प्रतिष्ठा द्वन्द्वमा पराजित भएको छ।

कथामा घुरहूकी छोरी रतियाको ससुरो बुहारी लिन आएकामा उसलाई गाउँबाहिर नै भेटेर मनोहरले आफ्नो घरमा पुऱ्याएको छ। घरमा लगेर सम्धीलाई गर्नुपर्ने सबै सम्मान र आदर पनि गरेको छ। थुप्रै कोसेलीपातसहित मनोहरले आफ्नै पितृत्वमा रतियाको बिदाइ पनि सम्पन्न गरेको छ। यस सन्दर्भमा कथामा "बिहाबिदाइमा दिइने दाइजोजस्तै कैयौँओटा चिप्ला रेशमी सारी, रातो, पहेँलो चोलो र अन्न तथा मिठाई भरेका चार-पाँच पेटारासमेत पछिपछि लाएर रतियालाई लिई मनोहरकी स्वास्नी महतिनी घरबाट बारिह निस्किन्। चलनअनुसार सम्धी पुऱ्याउन मनोहर पनि गाउँबाहिरसम्म आए" (भिक्षु, २०६३, पृ. ४७) भनिएको छ। यस उद्धरणमा छोरी सम्धीलाई बिदाइका क्रममा गरिने सबै औपचारिकता पूरा गरिएको देखिन्छ। बिदाइको बेला ठूलो सङ्ख्यामा गाउँलेहरू पनि उपस्थित देखिन्छन्। यसो भए पनि घुरहू महतो र महतिनी भने उपस्थित भएका छैनन्। यस सन्दर्भमा कथामा "समय लगाएरै पर्खे पनि मनस्वी घुरहू त त्यहाँ आउँदै आएनन्, रतियाकी आमा महतिनी पनि आइनन् र बाबुआमा नभएरै मनोहरको पितृत्वमा नै रतियालाई बिदा गरी पठाई सबै फर्के" (भिक्षु, २०६३, पृ. ४७) भनिएको छ। यस उद्धरणमा घुरहू महतो र उसकी महतिनी मनोहरको कार्यप्रति असन्तुष्ट देखिएका छन्। यही भएर उनीहरू आफ्नै छोरी र सम्धीको बिदाइमा समेत अनुपस्थित भएका छन्। रतियाको बिदाइको आयोजन गरेर मनोहरले आफ्नो गुमेको प्रतिष्ठा पुनः फर्काउन चाहेको र गाउँलेहरूको मन जितेर घुरहूको प्रतिष्ठालाई टक्कर दिन खोजेको छ। यी कथात्मक सन्दर्भबाट कथाका प्रमुख पात्रहरू प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको चापमा परेका देखिन्छन्।

'हारजित' कथामा मनोहर उच्च प्रतिष्ठा भएको पात्र र गाउँलेहरू न्यून प्रतिष्ठा भएका पात्रका रूपमा देखिएका छन्। घुरहू प्रतिष्ठाशाली व्यक्ति भए पनि ऊ गरिब किसानहरूको पक्षमा उभिएको छ। यी पात्रहरूका बिचमा सोनवाको मजुरीसम्बन्धी विषयमा विवाद र चर्काचर्की नै भएको छ। यही विषयमा विरोधको स्थिति सिर्जना भएर कथाका पात्र प्रतिष्ठाका बिचको द्वन्द्वका चापमा परेका देखिन्छन्। यसरी कथामा घुरहू र गाउँलेहरू एकातिर अनि मनोहर अर्कोतिर भई पात्रहरूलाई प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वका चापमा परेका देखाएर यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ।

(१०) वन्दना

'वन्दना' कथामा कृष्णलाल सम्पन्न पूँजीपति र प्रजातान्त्रिक विचार आत्मसात् गरेको अनि बी.ए. पढ्दै गरेको पात्र भएर देखिएको छ । शङ्कर भने सर्वहारावर्गको प्रतिनिधित्व गर्ने कम्युनिस्ट पार्टीको माथिल्लो नेतृत्वमा क्रियाशील भएको देखिन्छ । उता वन्दना शङ्करसँगै उसकै पार्टीकी कार्यकर्ता भएर पार्टीप्रति प्रतिबद्ध हुँदाहुँदै पनि उसको विचार, कार्यशैली र प्रवृत्तिप्रति असहमत देखिएर कृष्णलालको विचारप्रति उदार देखिएकी छ । कथामा यिनै पात्रहरूका बिचमा वैचारिक छलफलसँगै प्रतिष्ठा द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ । यसैबिच वन्दनाले छलफलका क्रममा सर्वहारावर्ग परिश्रम र कमाइको प्रयत्न नगरेर गरिब भएका र बुर्जुवा र सामन्तहरू उद्योगशील बनी कमाइको बाटोमा लागेकाले धनी र सम्पन्न भएका भन्ने आफ्नो विचार राखेकी छ । उसको विचारमा शङ्कर भने सहमत देखिँदैन । उसले पार्टी कमरेडले यस्तो कुरा गर्न मिल्दैन भन्दै वन्दनालाई सामन्तवादको लोभमा पर्दै गएकी भन्ने आरोपसमेत लगाएको देखिन्छ । यसैबिच वन्दनाले कथामा "पार्टीलाई आफ्नो रगतजस्तो मान्यता दिएर यसमा समर्पित भए पनि पार्टीगत शैली, व्यवस्था, प्रकार र मान्यतामा यदि शङ्का उठ्न आउँछ, बुद्धिलाई कुनै शोधले घोच्छ भने के हामीले निरूपणको कुरा गर्नसम्म पनि हुन्न र ?" (भिक्षु, २०६३, पृ. ६४) भनेकी छ । यस उद्धरणबाट वन्दनाले शङ्करको कार्यशैलीप्रति असन्तुष्टि जनाएकी देखिन्छ । उसले पार्टीको बफादार भएरै यसभित्रको व्यवस्था र मान्यतामा सुधार ल्याउने खालको खोजपूर्ण विचार राख्न पनि नपाउने भन्ने शङ्करको कुरालाई उसको वैचारिक साँघुरोपना भएको भनेकी छ । उसले शङ्करलाई व्यक्तिगत आक्षेपमा लागेको, अरूलाई तुच्छ देख्ने र स्वतन्त्र विचारको विरोधी भएको भन्दै उसको यस्तो प्रवृत्तिप्रति घृणा पनि प्रकट गरेकी छ ।

कथामा वन्दनाको आक्रोश बुझेर उसलाई शङ्करले सम्झाउन चाहेको छ । उसले कथामा "म यो पनि भन्न चाहन्छु कि निश्चय नै विचारधारामा कृष्णलालकै आकर्षणले प्रधानता पाइरहेको छ । सम्पत्ति र आभिजात्यको लोभ अत्यन्त गुलियो हुन्छ; स्वाद बढ्ता तर स्वास्थ्यलाई नाश पार्ने" (भिक्षु, २०६३, पृ. ६४) भनेको देखिन्छ । यस उद्धरणमा शङ्करले वन्दनालाई कृष्णलालको विचारबाट प्रभावित भएकी भन्ने आरोप लगाएको छ । उसले सर्वहारावर्गलाई परिश्रम गर्ने बाटो नदिइएको र परिश्रम गरे पनि लाभ सामन्तवर्गले नै लिने गरेको कुरा नबुझेर आभिजात्यको लोभमा फँस्दै गएकी भनी वन्दनाको आलोचना गरेको छ । एउटै पार्टीमा आस्था राख्ने वन्दना र शङ्करले आआफ्नो विचार तर्कलाई उपयुक्त देखाउनको लागि परस्पर विवाद गरिरहेका र आआफ्नो विचार र तर्क नै ठीक हो भन्ने कुरालाई प्रतिष्ठाको विषय बनाउँदै गरेकाबाट यी दुई पात्र प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको चापमा परेका देखिन्छन् ।

शङ्कर र वन्दना टुँडिखेलको चौरमा बसेर छलफल गर्दै गर्दा कृष्णलाल टुप्लुक्क त्यहीँ आएपछि कथात्मक घटनाले फरक मोड लिएको छ । कृष्णलाल आइपुग्दासाथ यतिका गरिब खान नपाएर भोकभोकै मर्न लागेको स्थितिमा कसरी एक्लै यत्तिको सम्पन्न भएको भनी वन्दनाले जिज्ञासा राखेकी छ । उसको जिज्ञासाको जवाफ दिँदै कृष्णलालले कथामा "यत्तिका गरिबहरू छन् भन्दैमा म आफूलाई समेत दरिद्री तुल्याउन रुचाउँदिनँ । बरु सबै सम्पन्न होऊन् भन्ने मेरो हार्दिक आकाङ्क्षा अवश्यमेव छ" (भिक्षु, २०६३, पृ. ६६) भनेको छ । यस

उद्धरणबाट कृष्णलालले आफू गरिब बनेर धनी र गरिब बराबरी हुने भन्दा पनि गरिबलाई सम्पन्न गराउने बाटो पहिल्याएर अघि बढ्नुपर्ने तर्क गरेको देखिन्छ । यस बाटोमा नलागेर सम्पन्नता ल्याउनको लागि सम्पन्नताकै विरोध र ईर्ष्या गरेको देखिनु आश्चर्यपूर्ण भएको उसको तर्कपूर्ण विचार रहेको छ । उसको यस विचारमा वन्दना सहमत भएकी देखिए पनि शङ्कर भने आक्रोशित भएको छ । उसले कृष्णलाललाई लक्षित गर्दै कथामा "यस्तो मौखिक आश्वासन देखाएर गरेको तिम्रो सजिलो तर्क र उत्तरले वन्दनाजस्ती कुनै नारीलाई तिमीले आश्वस्त पार्न सक्छौ होउलाऊ, तर यी सबै बुर्जुवाहरूको सफा धुर्त्याइँ मात्र हो" (भिक्षु, २०६३, पृ. ६६) भनेको छ । यस उद्धरणबाट शङ्करले कृष्णलाल र वन्दनाको आत्मसम्मान र प्रतिष्ठामाथि सिधै आक्रमण गर्न चाहेको देखिन्छ । उसले सर्वहारावर्गलाई सम्पन्न बन्ने बाटो नै बुर्जुवाहरूले थुनेका र हजारौँ भाग एक्लैले हत्याइराखेकाले कृष्णलालजस्ता व्यक्तिहरू ठग भएको उद्घोष पनि गरेको छ । शङ्करले वन्दना कम्युनिस्ट पार्टीकी कार्यकर्ता भएर पनि नबुझेर कृष्णलालजस्ताको मोहमा फँसेकी भन्ने सङ्केत पनि गरेको छ । उसले आफूले प्रस्तुत गरेको विचार र तर्कबाट कृष्णलाल र वन्दनालाई होच्याएर उनीहरूको प्रतिष्ठा नीच देखाई आफ्नो प्रतिष्ठा बढाउन अग्रसर देखिएको र कृष्णलाल र वन्दना भने उसको तर्क र विचारमा असहमत भएको देखिँदा यसले कथामा प्रमुख पात्रहरू प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् ।

कथामा शङ्कर पार्टीको पत्र बोकेर वन्दनाको घरमा पुगेको देखिन्छ । यस सन्दर्भमा कथामा "पार्टीको एउटा आदेश सुन कि कृष्णलालको बाबु लक्ष्मीमानको रिभल्भर तिमीले पार्टीको निम्ति ल्याइदिनुपर्ला ! ... लगभग अचेतन अवस्थामा नै वन्दनाले त्यसमा भएको कागत पढेर त्यसलाई च्याती फाली" (भिक्षु, २०६३, पृ. ७०) भनिएको छ । यस उद्धरणमा शङ्करलाई कृष्णलालको बाबु लक्ष्मीमानको रिभल्भर पार्टीको लागि चोरेर ल्याउनको निम्ति सम्झाउन आदेश पत्र लिई वन्दनाको घरमा पुगेको देखाइएको छ । वन्दनाले भने पत्र पढेर त्यसलाई च्यातेर फालेकी छ । यसबाट ऊ त्यस्तो कार्य गर्न अनिच्छुक रहेकी भन्ने देखिएको छ । यति हुँदाहुँदै पनि पार्टीको निर्णयलाई नकार्न नसकेर जिम्मा लगाइएअनुसारको कार्य उसले फत्ते गरेकी छ । अन्ततः त्यही रिभल्बरको दुरूपयोग गरेर शङ्करले कृष्णलालको हत्या गरेको कथामा देखिन्छ । यस घटनाबाट आफूभन्दा फरक विचार राखेर प्रतिष्ठा माथि उचाल्न चाहने कृष्णलालको हत्या नै गरेको र उसप्रति उदार भएर उसका विचार र तर्कमा सहमत देखिएकी वन्दनालाई इच्छाविपरीत हत्यामा प्रयोग गर्ने रिभल्बर चोरीको काममा खटाउन क्रियाशील भएर अरूको प्रतिष्ठा गिराउन र आफ्नो प्रतिष्ठा उच्च पार्ने प्रयत्नमा शङ्कर लागेको देखिन्छ । उल्लिखित कथात्मक सन्दर्भबाट वन्दना, शङ्कर र कृष्णलालसमेत कथाका प्रमुख पात्रहरू प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको चापमा परेको देखिएका छन् ।

'वन्दना' कथामा वन्दनाले आफ्नो विचार र तर्कका माध्यमबाट शङ्करलाई कमजोर देखाई आफ्नो प्रतिष्ठा उठाउन चाहेकी छ । शङ्करले वन्दनालाई दबाब र प्रभावमा राखेर आफ्नो प्रतिष्ठा उच्च बनाउन खोजेको छ । कृष्णलाल र शङ्करले पनि आआफ्ना वैचारिक अडान र तर्कका माध्यमबाट आफूलाई प्रतिष्ठित र उच्च विचारको पक्षमा रहेको देखाउने चेष्टा गरेका छन् । यस किसिमको प्रतिस्पर्धा र विवादलाई देखाएर पात्रहरू प्रतिष्ठाका लागि

सिर्जित द्वन्द्वको चापमा परेका देखाई कथामा यससम्बन्धी द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(११) बन्दोबस्त

'बन्दोबस्त' कथामा पिरतीमाया र उसका बाबु न्यून प्रतिष्ठाका पात्र अनि सिंहदरबारिया कारिन्दा, कारिन्देनी र कर्मचारी हाकिम उच्च प्रतिष्ठाका पात्र भएर देखिएका छन् । यी दुईथरी पात्रका बिचमा सामाजिक प्रतिष्ठाको विषय परस्पर असहमतिको कारण बन्दा द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ । कथामा पिरतीमाया काठामाडौँ सहरमा काम खोज्दै जाँदा सिंहदरबारिया कारिन्दाको घरमा घरेलु काममा लागेकी छ । उसलाई कारिन्देनीले बेसरी कजाउनुका साथै अनेक किसिमका बन्देज पनि लगाएकी छ । यस सन्दर्भमा कथामा "कसैसित कुरा गर्न भएन, कसैकहाँ जानु हुँदैन, कसैसित बस्नु हुँदैन, कसैलाई घरमा बोलाउन त कहाँ पाइन्छ र ? अपराध नगरे पनि थुनुवाको जिन्दगी; उम्केर नजाओस् भन्ने सावधानीका अनेक बन्देज !" (भिक्षु, २०३२, पृ. ९) भनिएको छ । यस उद्धरणमा कारिन्देनीले पिरतीमायालाई पशुवत् रूपमै अपमानपूर्ण व्यवहार गर्न थालेकी देखाइएको छ । उसले कसैसँग कुरा गर्न, कसैकहाँ जान, कसैसँग बस्न र कसैलाई घरमा बोलाउन नपाउने गरी पिरतीमायालाई बन्देज लगाएकी छ । उसको कडा बन्देजको कारणले पिरतीमाया अपराध नै नगरे पनि थुनुवाजस्तै भएर बस्न बाध्य भएकी छ । कारिन्देनीको यस्तो व्यवहारबाट ऊ सारै पिल्सिएर सहनै नसक्ने अवस्थामा पुगेकी छ । यसबाट पिरतीमायाको आत्मसम्मान र प्रतिष्ठामा चोट पुग्न गएर ऊ असन्तुष्ट भएकी छ । यसले गर्दा पिरतीमाया र कारिन्देनी प्रतिष्ठा द्वन्द्वको चापमा पर्न गएका देखिन्छन् ।

कथामा केही समयपछि पिरतीमायाको बाबु छोरी भेट्न आइपुगेको देखाइएको छ । सिंहदरबारिया कारिन्देनीले उसलाई पनि मुर्मुरिएर अपमानपूर्ण दृष्टि लगाई तुच्छ व्यवहार देखाएकी छ । यतिसम्म कि बूढाले छोरीले काम गर्ने घरमा बाससमेत नपाई राति पाटीमा गएर बस्नुपरेको छ । सबै परिबन्द बुझेर बूढाले छोरीलाई लिएर जाने कुरा गरेपछि सिंहदरबारिया कारिन्दा र कारिन्देनी दुवै एकै मुख भएर बूढालाई नराम्रो व्यवहार गरेका छन् । यस सन्दर्भमा कथामा "यो त यस बाहुनीको बाबु हुँदै होइन ... मानिस बेच्ने दलाल भन्न पनि हच्केनन् । यस क्रममा बाबुछोरीले गालीभ्रपार खानुपरेजतिको गन्ती नै छैन, चोरबदमाससमेत नबनाई छोडेनन्" (भिक्षु, २०३२, पृ. १०) भनिएको छ । यस उद्धरणबाट कारिन्दा र उसकी पत्नीले पिरतीमायाको बाबुलाई अपमानजनक व्यवहार गरेका देखिएको छ । उनीहरूले बूढालाई पिरतीमायाको बाबु नै होइन भन्नुका साथै अनेक किसिमको गालीभ्रपार, चोरबदमास अनि मानिस बेच्ने दलाल पनि भनेका छन् । यसबाट कारिन्दाका बूढाबूढीले बाबुछोरीको प्रतिष्ठामाथि अत्यन्त नीचस्तरको हर्कत गरेका देखिएको छ । यसले गर्दा बूढो आफ्नो अपमान गरिएको ठानी क्रुद्ध भएको छ । यस सन्दर्भमा कथामा "छोरीलाई अब त छोडी जाने होइन ! गरिबमाराले यतिञ्जेल चाकरी गराएको पैसा मार्ने जुक्ति पो त" (भिक्षु, २०३२, पृ. १०) भनिएको छ । यस उद्धरणबाट बूढाले छोरी पिरतीमायालाई त्यो घरबाट जसरी पनि लिएर जाने अड्डी कसेको देखिन्छ । कथामा आएको यस घटनासन्दर्भमा पात्रहरूका बिच प्रतिष्ठाको विषय द्वन्द्व सिर्जनाको कारण बनेको छ ।

कथामा कारिन्दाको घरबाट छोरीलाई छुटाई निस्किएको बूढो राम्रो कमाइ हुने देखेर उसलाई काशी पठाउनको लागि राहदानी बनाउन अड्डामा पुगेको देखिन्छ। त्यहाँ सिंहदरबारिया कारिन्दाको नातेदार कर्मचारी हाकिमले झन्झट सिर्जना गर्न खोजेको छ। यस सन्दर्भमा भिक्षु (२०३२) ले कथामा लेखेका छन् :

> राहदानी गराउन बाबु आफै अड्डामा पुग्दा त त्यस सिंहदरबारिया कारिन्दाको नाता पर्ने एक जना राहदानी अड्डामा पनि थियो। उसले त्यहाँ जाल-झेल झिक्यो। बूढोचाहिँ पिरतीमायाको बाबु नै होइन भन्ने त्यहीँ कुरो उठायो। तर साँच्चिकैको बाबुको कुनै आत्मबल पनि हुन्छ; बूढो जङ्गियो। जाल-झेलले अडेस नपाएर केही लागेन। (पृ.१२)

उल्लिखित उद्धरणमा सिंहदरबारिया कारिन्दाको नातेदार हाकिम कर्मचारीले पिरतीमायाका बाबुलाई अपमानजनक व्यवहार गर्न खोजेको देखाइएको छ। उसले बूढो पिरतीमायाको बाबु नै नभएकोले राहदानी बन्न नसक्ने भनेर जालझेलसमेत गरेको छ। राहदानी बनाउनको लागि आफ्नै छोरीलाई साथमा लगेर अड्डामा जाँदा आफूलाई बाबु नै होइन भनेकामा उसको कुराले आफ्नो इज्जत र प्रतिष्ठामाथि धावा बोलेको बुझेपछि बूढो त्यो कर्मचारी हाकिमसँग जङ्गिएको छ। यसपछि जालझेल गर्ने कर्मचारी राहदानी बनाउन बाध्य भएको देखिन्छ। यहाँनेर राहदानी अड्डाको कर्मचारी हाकिम र पिरतीमायाका बाबुका बिचमा प्रतिष्ठासम्बद्ध द्वन्द्वको स्थिति सिर्जना भएको देखापर्छ।

राहदानी बनाएर पिरतीमाया काशी हिँडेकी भन्ने कुरा सिंहदरबारिया कारिन्दाले थाहा पाएर हाकिमको पहुँच पुऱ्याई उसले पिरतीमायालाई फर्काई अड्डाको खोरमा थुन्न लगाएको छ। त्यहाँ काशीमा बिक्रीका लागि जान लागेकी भनेर कबुल गर्न लगाइँदा पिरतीमायाले कथामा "मलाई काटे पनि धर्म छोडेर म यो नभएको कुरा मान्दिनँ" (भिक्षु, २०३२, पृ. १३) भनेकी छ। यस उद्धरणबाट डरधाकका बिच पनि पिरतीमाया आफ्नो अडानमा विचलित भएकी देखिँदैन। काशी जान लागेकी उसलाई थानकोटबाट फर्काएर खोरमा थुनेपछि सिंहदरबारिया कारिन्दा र हाकिमले आफ्नो प्रतिष्ठाको लागि काशीमा बेचिन जान लागेको कुरा कबुल गराउन चाहेका देखिन्छन्। पिरतीमाया भने आफ्नो प्रतिष्ठा र आत्मसम्मानमा चोट पुग्ने झुटो कुरा काटे पनि धर्म छोडेर कबुल नगर्ने अडानमा अडिग रहेकी छ। यस कथात्मक सन्दर्भबाट कारिन्दा र हाकिम अनि पिरतीमायाका बिचमा प्रतिष्ठा द्वन्द्वको स्थिति देखिएको पाइन्छ।

कथामा केही दिन खोरमा बसेर छुटेपछि पिरतीमाया एक दिन छिँडीकी बाहुनीलाई भेट्न गएकी देखिन्छ। बाहुनीसँग कुरा गरेर बसिरहेको बेला त्यहीँ आइपुगेकी कारिन्देनीले यताउति यसरी हल्लिनभन्दा आएर अघिजस्तै काम गरे त भइहाल्छ नि भनेकी छ। उसको कुरा सुनेपछि पिरतीमायाले अलि चर्कंदै कथामा "तिमी पापीहरूकहाँ बस्नुभन्दा त भोकभोकै मर्नुपरे पनि मरुँला" (भिक्षु, २०३२, पृ. १४) भनेकी छ । यस उद्धरणले पिरतीमाया जस्तोसुकै दुःख परे पनि आफूलाई हेप्नेहरूसँग झुक्न नचाहेकी भन्ने देखाएको छ। उसले भोकभोकै मर्नुपरे पनि कारिन्देनीजस्ता पापी मानिसका घरमा काम गरेर नबस्ने जबाफ दिएकी छ। यसो भनेर उसले आफूलाई दुःख दिने कारिन्देनीलाई एक किसिमले झपारेकी नै छ। यहाँनेर

अड्डावाल्नीको तुजुकले आफूलाई निकै ठूली देख्ने उसलाई उसकै घरमा नोकर्नी भएर बसेकी पिरतीमायाले निडर भएर खस्रो कुरा गरेकी देखिएको छ । यसबाट कारिन्देनीले आफ्नो प्रतिष्ठामा चोट पुगेको ठानेकी छ भने पिरतीमायाले निडर भई सत्य कुरा बोलेर त्यसका माध्यमबाट प्रतिष्ठा उठाउन चाहेकी छ । यसबाट दुई पात्रका बिचमा प्रतिष्ठाको विषय द्वन्द्वको कारक बनेको देखिएको छ । उल्लिखित घटनासन्दर्भका माध्यमबाट कथामा पात्रहरू प्रतिष्ठाका द्वन्द्वका चापमा परेका देखिन्छन् ।

'बन्दोबस्त' कथामा कारिन्देनीले पिरतीमायालाई बेसरी कजाउने, दबाबमा राख्ने र अनेक दुःख दिने गरेर आफ्नो प्रभुत्व र प्रतिष्ठालाई प्रस्तुत गरेकीले पिरतीमाया उससँग असन्तुष्ट भई प्रतिरोध गरेर प्रतिष्ठा उठाउन खोजेकी छ । कारिन्दा र उसकी पत्नीका साथै राहदानी अड्डाका हाकिमसँग समेत पिरतीमायाका बाबुको प्रतिष्ठासूचित द्वन्द्वको स्थिति देखिएको छ । परिणामतः दुई पक्षमा विभाजित पात्रहरू प्रतिष्ठा द्वन्द्वका चापमा परेका देखिन्छन् । यसरी कथामा पात्रहरूका बिचमा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वलाई देखाएर यससम्बन्धी द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(१२) रानीसाहेब

'रानीसाहेब' कथामा रानीसाहेब राणापरिवारकी प्रतिनिधि पात्र हो । प्रजातन्त्र आएपछि उसको पारिवारिक प्रतिष्ठा खस्किएको भए पनि आफूलाई यथावत् प्रतिष्ठाशाली देखाउन ऊ अग्रसर भएकी छ । कथाको अर्को पात्र सरकारी अधिकारी दुनियाँदारको प्रतिनिधिका रूपमा देखिएको छ । प्रजातन्त्रको आगमनसँगै ऊ कार्यालयको हाकिम बनेर हाकिमी प्रतिष्ठासहित ठूलो घर, थुप्रै सरसामान र रूपयाँको मुठो बोकेर हिँड्न सक्ने हैसियतमा पुगेको देखिए पनि उसको यो प्रतिष्ठास्तरलाई रानीसाहेबले भने स्वीकार गर्न सकिरहेकी छैन । उसले आफ्नो घरमा आएको सरकारी अधिकारीलाई कथामा "धेरै दिनपछि देखापरिस् ! कहाँ थिइस् ? आज त केही निकै न्यानोजस्तो छस् ! कति पाएको छ हँ ? केही ल्याएको छस् कि ?" (भिक्षु, २०३२, पृ. १०१) भनेकी छ । यस उद्धरणमा रानीसाहेबले सरकारी अधिकारीलाई तँ भनेर सम्बोधन गर्नुका साथै निम्नस्तरको व्यवहार गरेकी छ । जवाफमा सरकारी अधिकारीले "हजूरलाई खालि पैसाको कुरा मात्र सोध्न मनपर्छ, होइन ?" (भिक्षु, २०३२, पृ. १०१) भनेको छ । यस उद्धरणमा सरकारी अधिकारीले रानीसाहेबलाई भने शिष्ट र आदरपूर्ण उत्तर दिएको छ । यसो गरेर उसले रानीसाहेबबाट पनि आफूलाई आदरपूर्ण व्यवहारको अपेक्षा गरेको हुनुपर्छ । रानीसाहेबबाट भने उसले चाहेअनुसारको आदरपूर्ण व्यवहार नगरिँदा दुई पात्र परस्पर प्रतिष्ठाका विषयमा असहमत र विरोधको स्थितिमा देखिएका छन् ।

कथामा रानीसाहेबले होच्याउने व्यवहार गरेपछि सरकारी अधिकारीले पनि उसको प्रतिष्ठामाथि प्रहार गर्ने प्रयास गरेको छ । यससन्दर्भमा सरकारी अधिकारीले "हजुरसित लाज मर्ने डर पनि त केही छैन नि ! रन्डीकोठी भन्ने नाउँ काड्न अलिक नराम्रो उच्चारण मात्रै हो, नत्र भने काम त त्यही हो नै ! पैसा लिइयो र मैयाँहरूमध्ये रुचाएकी आई ! चाहे रातभरिलाई, चाहे छिनभरिलाई !" (भिक्षु, २०३२, पृ. १०१) भनेको छ । यस उद्धरणमा सरकारी अधिकारीले रानीसाहेबको भित्री वास्तविकता खोलेको देखाइएको छ । उसले आफूलाई लाज लाग्ने र डर मान्नुपर्ने कुरा केही पनि नभएको भन्दै रानीसाहेबले आफ्नै दरबारमा छोरीहरूको

उपयोग गरी रन्डीकोठी चलाएकी भनेर टिप्पणी गरेको छ । यसो भनेर उसले रानीसाहेबको फोस्रो र देखावटी प्रतिष्ठामाथि प्रहार गरेको छ । उसको यो प्रयास सरकारी कार्यालयको हाकिम भएर आफ्नो प्रतिष्ठा माथिल्लो तहमा पुगेको र रानीसाहेब भने उपायहीन भएर वेश्यावृत्तिमा लागेकी भन्ने कुरा देखाउनमा लक्षित भएको छ। उसको यस कुराबाट आक्रोशित भएकी रानीसाहेबले "तँ जस्ताले त्यस्तो कुरा भनेको छस् भने सुन् पनि ! ... तेरी बहिनी छोरी अझ अरू जोजति आइमाई होलिन्, ती जम्मै चोखी नै होलिन् ? ... त्यस्तो कुरा पच्चीस आना झुठा हो" (भिक्षु, २०३२, पृ. १०१) भनेकी छ । यस उद्धरणमा रानीसाहेब सरकारी अधिकारीसँग क्रुद्ध भएकी देखाएको छ । उसले त्यस अधिकारीका बहिनी, छोरी र नाता पर्ने जोजति आइमाई छन् ती सबै चोखा छैनन् भन्दै उसको प्रतिष्ठामाथि लाञ्छना लगाएर आफ्नो प्रतिष्ठा होच्याउन खोज्ने उसको कुराको प्रतिवाद गर्न चाहेकी छ । रानीसाहेबले आफ्नो जात नै जे गऱ्यो त्यही ठीक हुने जात भएकाले रन्डीकोठी नै चलाए पनि तँजस्ताले त्यही मनासिब मान्नुपर्ने हुन्छ भनेकी छ । उसले अधिकारीलाई तँ छुसी, पाखे, झुठको भर लिएर इज्जत जोगाउन हिँडेको इत्यादि आरोप लगाएर उसको प्रतिष्ठामाथि आक्रमण गर्दै आफूहरू भने कतिपय कुराहरूलाई मिचमाच पारेर रबाफ जोगाउन सक्षम रहेको पनि भनेकी छ । यसरी कथाका दुई पात्र एकआपसमा वादप्रतिवादमा उत्रिएर आफ्नो प्रतिष्ठा उच्च देखाउने र एकले अर्काको प्रतिष्ठामाथि आक्रमण गर्ने बाटोमा लागेका देखिँदा दुवै प्रतिष्ठाका लागि द्वन्द्वको तानातानीमा परेका देखिन्छन् ।

कथामा सरकारी अधिकारीले रूपैयाँको बाक्लो बिटोबाट एक सयको नोट झिकेर रानीसाहेबको हातमा थमाएको छ । यसपछि उसले "हाँस ख्यालमा पनि रिसाइबक्सनु पर्छ र ? आज रातभरि म यहीं बस्न आएको । केही ड्रिंक-स्रिंक, मासु-सासु होटलबाटै मगाइबक्सियोस्न" (भिक्षु, २०३२, पृ. १०२) भनेको छ । यस उद्धरणमा सकारी अधिकारीले आफूहरूबिच चर्किएको विवादलाई मथ्थर पार्ने प्रयत्न गरेको देखाइएको छ । उसले हाँसख्यालमा नरिसाउन र केही ड्रिङ्कस्रिङ्क र मासुसासु होटलबाटै मगाउन भन्दै आफू रातभरि यहीँ बस्न आएको सुनाएपछि दुई पात्रका बिचको परस्परको द्वन्द्वात्मक स्थिति तत्कालका लागि साम्य भएको देखिन्छ । यसपछि रानीसाहेब र उसका तीनवटी तरुणी छोरी अनि सरकारी अधिकारी सँगै बसेर रक्सीसँगै खानपान र गफगाफमा रमाएका देखिन्छन् । सुत्नका लागि रोजुवा मैयाँको व्यवस्था मिलाइदिएर उसले रात बिताएको र बिहान घर फर्कंदा सुत्ने बेलामा सिरानीमुनि राखेको रूपैयाँको मुठो बिर्सेर आएको कथामा देखाइएको छ । बिर्सेको सम्झेपछि भोलिपल्ट साँझ रूपैयाँ फिर्ता लिन दरबारमा पुगेको सरकारी अधिकारी र रानीसाहेबका बिचमा विवाद बल्झिएर दुई पात्र पुनः प्रतिष्ठासम्बन्धी द्वन्द्वको चापमा परेका देखिन्छन् । छुटेको रूपैयाँको मुठो फिर्ता लिन गएको सरकारी अधिकारीलाई रानीसाहेबले कथामा "आखिर घुसको रूपैयाँ त हो नि ! तलबको होइन, घरको होइन, भने जस्तो तेरो त्यस्तै मेरो" (भिक्षु, २०३२, पृ. १०६) भनेकी छ । यस उद्धरणमा रानीसाहेब सरकारी अधिकारीको रूपैयाँ फिर्ता नगर्ने सोचमा रहेकी देखाइएको छ । उसले त्यो रूपैयाँ सरकारी घुसको भएको र त्यसमा उसको जस्तै आफ्नो पनि हक लाग्ने भनेकी छ । यसो भनेर उसले अधिकारीलाई घुस खाने व्यक्ति ठहऱ्याई उसको प्रतिष्ठा गिराउने प्रयत्नमा लागेकी देखिन्छ ।

रानीसाहेबको लाञ्छनाबाट दुःखित भएको अधिकारीले शिष्टतापूर्वक खण्डन गर्दै भनेको कुरालाई भिक्षु (२०३२) ले चर्चा गर्दै कथामा लेखेका छन् :

> त्यसो भए कदाचिद् म हजूरकहाँ पस्ने पनि थिइनँ । यो 'डिपोजिट मनी' हो, अड्डा बन्द हुने बखत आयो, सेफमा थन्काउन सकिएन, मेरै पकेटमा रहन गयो, र दुर्भाग्यको मारमा पर्ने नै भएर घर नगई म हजूरकहाँ आइपुगें । भोलि कन्ट्रेक्टरलाई यसको भर्पाई लेख्न लगाई एकान्टेन्टलाई यो रुपियाँ नदिए मामला खुलिहान्छ, अनि पछिको कुरा भन्नु के छ र ? (पृ. १०६-१०७)

उल्लिखित उद्धरणमा अधिकारीले घुस खाने व्यक्ति भनेर प्रतिष्ठा गिराउन चाहने रानीसाहेबका कुराको प्रतिवाद गर्न खोजेको देखाइएको छ । उसले त्यो रूपैयाँ सरकारी कोषमा जम्मा गर्नुपर्नेमा एकाउन्टेन्ट नआएर त्यसो हुन नसकेको र भोलि त्यो रूपैयाँ एकाउन्टमा बुझाएर कन्ट्रेक्टरलाई भर्पाई दिनुपर्ने हुन्छ भन्ने तथ्य प्रस्तुत गर्दै रूपैयाँ घुसको नभएको कुरा रानीसाहेबलाई सम्झाउँदै गरेको छ । अधिकारीको कुरा सुनेपछि भित्रबाट रूपैयाँको मुठो ल्याएर हल्लाउँदै यो सबै चोरीको भएकाले फिर्ता नगर्ने बरु अरूलाई नै बकस दिने उद्घोष रानीसाहेबले गरेकी छ । यसो गरेर उसले सरकारी अधिकारीको प्रतिष्ठालाई गिराउने र बकस बाँडेर दानी बनी आफ्नो प्रतिष्ठा माथि उठाउन चाहेकी देखिएको छ । उसको यस्तो कुरा सुनेपछि सरकारी अधिकारीले कथामा "रुपियाँ हजुरकै हातमा छ र त्यो मेरो हो, म पनि हजुरले भनेजस्तै खोसेर लान सक्छु । तर यो गर्दिनँ" (भिक्षु, २०३२, पृ. १०८) भनेको छ । यस उद्धरणमा सरकारी अधिकारीले आफ्नो प्रतिष्ठाको बचाउ गर्न खोजेको देखाइएको छ । उसले रानीसाहेबको हातमा भएको रूपैयाँ आफ्नो भएकाले खोसेर लान सक्ने भए पनि आफ्नो इज्जतले गर्दा त्यस्तो काम भने नगर्ने सङ्केत गरेको छ । यसबाट उसले आफ्नो प्रतिष्ठालाई बचाउँदै शिष्टतापूर्वक रूपैयाँ फिर्ता गर्न रानीसाहेबलाई सम्झाउँदै गरेको देखिन्छ ।

कथामा सरकारी अधिकारीको भनाइ सुनेर रानीसाहेब क्रुद्ध भएकी छ । उसले सरकारी अधिकारीको भनाइप्रति प्रतिक्रया जनाउँदै "तैंले यो रुपियाँ खोसेर लान सक्छस् भनेको होइन ? लौ त खोसेर भाग् ! अहिले नै तँलाई चोर नबनाई छोड्छु र ? 'कामको लागि झिकेर राखेको रुपियाँ लिएर भाग्न थाल्यो' भनी कराइदिए तेरो कुन हविगत हुनेछ, भन्त भन् !" (भिक्षु, २०३२, पृ. १०८) भनेकी छ । यस उद्धरणबाट रानीसाहेबले अधिकारीलाई सजिलै चोर बनाउन सक्ने भनी तर्साएकी छ । उसले रुपैयाँको मुठो खोसेर लान खोजे कामको लागि झिकेर राखेको रूपैयाँ लिएर भाग्न थालेको भनेर कराइदिएपछि चोर भइहाल्ने कुरा सुनाएर अधिकारीलाई निर्बल तुल्याउने प्रयत्न गरेकी छ । यस्तो भयो भने त आफ्नो प्रतिष्ठा झन् डुब्ने र सबै कुरा खुल्दै जाँदा तहबिल मस्यौटमा भ्यालखानामा पनि पर्न सकिने भय अधिकारीले महसुस गरेको देखिन्छ । यसैबिच रानीसाहेबले ब्लाउजको भित्रपट्टिबाट रूपैयाँको मुठो झिकेर खेलाउँदै दिन खोजेजस्तो गरेर नदिँदै अनि अनेक पटक त्यस्तै गरिरहेर सरकारी अधिकारीलाई निरीह तुल्याई उसको प्रतिष्ठालाई चुथ्थो देखाउनमा लागेकी छ । कथामा देखिएको प्रतिष्ठाविषयक यस्तो क्रिया र प्रतिक्रियाले दुई पात्रका बिच प्रतिष्ठासम्बन्धी बाह्य द्वन्द्वको स्थिति उत्कर्षमा पुगेको देखिन्छ । अन्ततः रानीसाहेबले रूपैयाँको मुठो सरकारी अधिकारीको

अनुहारमा जोडसँग फालेर फिर्ता गरेकी छ । यस घटनासँगै रूपैयाँ फिर्ता पाएर त्यस अधिकारीको खतरामा पर्न गएको प्रतिष्ठा जोगिएको र रानीसाहेबले पनि रूपैयाँ फिर्ता गरेर बेइमान बन्नबाट बची यथावत् प्रतिष्ठामा रहन गएकी छ । यसरी विविध घटनासन्दर्भको तारतम्य मिलाएर कथामा प्रमुख दुई पात्रका बिचमा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वलाई देखाइएको छ ।

'रानीसाहेब' कथामा रानीसाहेब तत्कालीन राणा परिवारसम्बद्ध पात्रीय भूमिकामा र सरकारी अधिकारी कार्यालयको माथिल्लो दर्जाको कर्मचारीको भूमिकामा देखिएका छन् । यी दुई पात्र एकापसमा प्रतिष्ठाको विषयलाई लिएर तानातानीमा परी परस्पर असहमत र विरोधको स्थितिमा देखिएका पाइन्छन् । यस क्रममा एकले अर्कोलाई विवादित विषयमा कमजोर देखाउने र आफूलाई सबल देखाउने प्रयत्नमा लागेका देखिन्छन् । परिणामतः परस्पर विरोधमा देखिएका दुई पात्र प्रतिष्ठाकेन्द्रित द्वन्द्वको चापमा परेका छन् । यसरी कथाका मुख्य दुई पात्रलाई प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वका चापमा परेका देखाएर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(१३) भ्रष्टयज्ञ

'भ्रष्टयज्ञ' कथामा भारतको बम्बै सहरस्थित मगज पसल भनिएको साहित्यिक प्रकाशन गृहको म्यानेजर त्यसको सबै व्यवस्थापन गर्ने पात्र बनेर सुरुमै देखिएको छ । उसले कलबेलको टाँक थिचेर पिउनलाई बोलाई बुद्धिज्यामीलाई लिन पठाएको देखिन्छ । बोलावटअनुसार म्यानेजरको कक्षमा आइपुगेको बुद्धिज्यामी र उसका बिचमा पत्रिका समयमै प्रकाशित नभएको विषयमा कुराकानी भएको देखाइएको छ । यस क्रममा म्यानेजरले कथामा "म्याग्जिन आउट भएन । तोकिएकै मितिमा पत्रिका मार्केटमा पुग्दैन भने....! किन्नेहरूका पैसा अर्को पत्रिकाले तान्ने होइन ? बम्बैका बुकस्टलहरूमा पत्रिकाहरूका राशि नै (चाङका चाङ) हेर्नुभएको छैन क्यार !" (भिक्षु, २०३४, पृ. १३) भनेको छ । यस उद्धरणमा म्यानेजरले बुद्धिज्यामीलाई पत्रिका छिटो प्रकाशन गर्न दबाब दिएको देखाइको छ । उसले चाँडो पत्रिका प्रकाशित गर्न नसकेमा तोकिएको समयमा बजारमा पुऱ्याउन नसकिने र किन्नेहरूका पैसा अर्को पत्रिकाले तान्ने भएकाले यसमा गम्भीर हुन बुद्धिज्यामीलाई भनेको छ । पैसालाई आफ्नो पत्रिकातर्फ आकर्षित गरेर खल्तीमा ल्याइपुऱ्याउनुपर्छ भन्ने उसको विचार रहेको देखिन्छ । यस सन्दर्भमा उसले "पैसाको धर्म हो जानु, हाम्रो धर्म हो पैसालाई थुन्नु औ सँगालिएपछि उडाउनु ।" (भिक्षु, २०३४, पृ. १३) भनेको छ । यस उद्धरणमा म्यानेजरले बुद्धिज्यामीलाई पत्रिका किन्नेको पैसा तान्नका लागि जति सक्दो छिटो पत्रिका प्रकाशन गर्नुपर्ने कुरा सम्झाएको छ । पैसाको धर्म जानु र हाम्रो धर्म पैसालाई थुन्नु र सँगालिएपछि उडाउनु नै भएको म्यानेजरको दृष्टिकोण रहेको देखिन्छ । पैसा कमाउने र त्यसलाई फुकेर उडाई समाजमा प्रतिष्ठा आर्जन गर्ने विचार उसले आत्मसात् गरेको छ ।

कथामा पत्रिकाका लागि लेख सम्पादकीय तयार गर्ने बुद्धिज्यामी भने लेखनको गुणस्तरीयतालाई महत्त्व दिन चाहन्छ । उसले "सम्पादकीय लेख पत्रिका सुहाउँदो हुनुपर्छ । विचार....कतिकति थोक छन् कति....साहित्य समस्या....तालमेल....सामञ्जस्य, सन्तुलन राख्नैपर्ने....घतलाग्दा....टिप्पणी । घतिलै ज्ञान....आकर्षण....। श्रीमान्मा अप्रकट के छ र ?"

(भिक्षु, २०३४, पृ. १३) भनेको छ। यस उद्धरणबाट बुद्धिज्यामीले छिटो र हतारो गर्दा पत्रिकाको गुणस्तर बिग्रने हुँदा हतारो गर्न नहुने सङ्केत गरेको देखिन्छ । उसले धेरै विचार र धेरै साहित्यसमस्याका बिच तालमेल, सामञ्जस्य र सन्तुलन मिलाएर घतलाग्दो टिप्पणीसहित घतिलो ज्ञानले आकर्षित तुल्याई सम्पादकीय लेखिएमा मात्र त्यो पत्रिका सुहाउँदो हुने तर्क गरेको छ । बुद्धिज्यामीको कुरा सुनेपछि म्यानेजरले ती सबै कुरा छोड्न र जस्तोत्यस्तो सम्पादकीय लेखेर फालिहाल्न सम्झाएको छ। यस सन्दर्भमा भिक्षु (२०३४) ले कथामा लेखेका छन् :

> साहित्यमा जम्मा तीन कुरा मात्रै छन्–पहिलो पैसा, दोस्रो आराम र मोजमज्जा, आइमाई पनि, तेस्रो चाहिं एउटालाई अर्कोसित जुधाइदिने काम । यत्तिकै हो साहित्य । जम्मा-जम्मी तीन कुरा । सारा थाहा नभए साहित्यको यति ठूलो बिजनेस चलाउथें कसरी ? घुमाइवरी, उचालीओह्राली त्यही नै हुन् तीन तत्त्व । मूल कुरा भने पैसा, पैसाको विचार राख्नै पर्छ । (पृ. १३)

उल्लिखित उद्धरणमा म्यानेजरले साहित्यमा पैसा पहिलो प्राथमिकतामा पर्ने भनेको छ। उसले दोस्रो र तेस्रो प्राथमिकतामा आराम, मोजमज्जा, आइमाई र एउटालाई अर्कोसित जुधाउने काम पर्ने भनेको छ। उसका अनुसार यति नै कुरा भएपछि साहित्य भइहाल्छ। उसले मूल कुरा पैसा नै भएकाले त्यसको विचार राखेर काम गर्नुपर्ने भनी बुद्धिज्यामीलाई सम्झाएको देखिन्छ । कथाका यी दुई पात्रमध्ये म्यानेजर जस्तोत्यस्तो पत्रिका बनाएर छिटो बजारमा पुऱ्याई पैसा कमाउने र त्यसरी कमाएको पैसा फुकेर मोजमज्जा गरी त्यसकै माध्यमबाट प्रतिष्ठा प्राप्त गर्न अग्रसर भएको छ । अर्कोतर्फ बौद्धिक काम गर्ने लेखक बुद्धिज्यामी भने ज्ञानयुक्त गुणस्तरीय पत्रिकाको प्रकाशन गरेर आफूलाई अझ बढी स्तरीय लेखकको रूपमा समाजमा स्थापित गरी सामाजिक प्रतिष्ठालाई माथि उठाउन चाहिरहेको देखिन्छ । कथाका यी दुई पात्र म्यानेजर र बुद्धिज्यामी प्रतिष्ठाका विषयमा फरक विचार र तर्क गरेर एकको कुराप्रति अर्को असहमत भएको देखिँदा दुवै परस्पर प्रतिष्ठाकेन्द्रित बाह्य द्वन्द्वको तानातानीमा परेको देखिएका छन् ।

कथामा प्रकाशन गृहमा लगानी गरेको बोस (मालिक) ले म्यानेजरसँग पत्रिकाको व्यापार चलिरहेको भए पनि ज्ञानको गरुङ्गयाइँ र महिमा घट्दै गएकामा म्यानेजरसँग सोधपुछ गरिरहेको छ। उसले चलिरहेको व्यापार, त्यसको जग, पत्रिकाप्रति पाठक र साहित्यधर्मीहरूको चाख, बुद्धिज्यामीहरूको कार्य गराइ, उनीहरूको सन्तुष्टि, प्रकाशनको स्थिति आदि विषयमा सोधेको र म्यानेजरले उत्तर दिँदै गएको देखिन्छ। पत्रिका पढ्नेहरूको चाखका बारेमा बोसको जिज्ञासामा म्यानेजरले कथामा "किताब धमाधम बिक्दै छन् । पत्रिकाको ग्राहक-संख्या घटेको छैन । चाखै नरहे त ....?" (भिक्षु, २०३४, पृ. १७) भनेको छ । यस उद्धरणमा म्यानेजरले पत्रिकाप्रति चाख बढ्दै गएको भनेको छ । उसले किताब धमाधम बिकिरहेका र पत्रिकाको ग्राहक सङ्ख्या नघटेकाले चाखै नभए त यस्तो कसरी हुन्थ्यो पनि भनेको देखिन्छ । उसले पहिलेभन्दा आम्दानी बढेको, बुद्धिज्यामीहरूलाई पनि बेस्सरी कजाएर काम गराएको र आफूले पनि लेख्न सक्ने अनि आफ्ना पनि कविताका थुप्रै पुस्तक छापिएको कुरा गरेर लेखनसम्पादनमा

आफू पनि स्थापित भइसकेको देखाउन चाहेको छ । उसका कुरा सुनेपछि बोसले कथामा "ढुक्क भएँ । टुङ्गो लाग्यो । थाहा पाएँ नै । रोजगार चलेकै छ । फेरि यस ज्ञानसंस्थाले अपवाद, खिल्ली, अश्रद्धा, उपहास र भएजत्तिकै अनास्था कसरी पायो ? अचम्म लागेको थियो । बल्ल टुङ्गो लाग्यो" (भिक्षु, २०३४, पृ. १८) भनेको छ । यस उद्धरणमा म्यानेजरका कुरा सुनेर बोस असन्तुष्ट र बेचैन भएको देखाइएको छ । उसले आफ्नो ज्ञानसंस्थाप्रति खिल्ली, अश्रद्धा र अपवाद एवम् अनास्था बढ्दै जानुको कारण पहिल्याउन सफल भएको सुनाएको छ । उसले म्यानेजरलाई साहित्य ज्ञानको तेजलाई बुझ्न नसकेको र वाणिक अहङ्कार र ठगी छलको बठ्याइँ आत्मसात् गरेर फोस्रो घमण्ड देखाई उद्देश्यविपरीत अघि बढेको आरोप पनि लगाएको छ । आफूले धेरै राम्रो गरेको भन्ने म्यानेजर र सबै कुरा बिगारेको देख्ने बोसका बिचमा भएका परस्पर विरोधपूर्ण असहमत तर्क एवम् विचारबाट दुई पात्र प्रतिष्ठाविषयक द्वन्द्वको चापमा परेको देखिएका छन् ।

'भ्रष्टयज्ञ' कथामा म्यानेजर, बुद्धिज्यामी र बोस यी तीन पात्रमध्ये म्यानेजर र बुद्धिज्यामी अनि बोस र म्यानेजर प्रतिष्ठाको विषयलाई लिएर परस्पर असहमत देखिएका पाइन्छन् । बुद्धिज्यामीले आफ्नो लेखकीय क्षमताका आधारमा प्रतिष्ठा उठाउन चाहेको छ । म्यानेजर भने बुद्धिज्यामीलाई आफ्नो पदीय हैसियतको दबाबमा पारेर उसको प्रतिष्ठा उठ्न नदिने प्रयत्नमा रहेको छ । म्यानेजर र बोस पनि परस्पर प्रतिष्ठाकेन्द्रित द्वन्द्वको स्थितिमा देखिएका छन् । यस क्रममा तीनै जना पात्रले आफ्नो तर्क, विचार र कार्यलाई ठीक ठान्दै आफ्नो प्रतिष्ठालाई उच्च देखाउने प्रयत्न गरिरहेका छन् । परिणामतः परस्पर विरोधमा देखिएका उल्लिखित पात्र प्रतिष्ठाकेन्द्रित द्वन्द्वको चापमा परेका देखिन्छन् । यसरी पात्रहरूका बिचमा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

(१४) ज्ञात भएजति

'ज्ञात भएजति' कथामा कल्पनादेवी नीलकण्ठकी पत्नीको भूमिकामा देखिएकी छ । ऊ पढेलेखेकी र तार्किक क्षमता भएकी पात्र हो । उसको पतिको भूमिकामा रहेको नीलकण्ठ सम्पन्न भएकाले उसमा मालिक्याइँको गर्व देखिन्छ । पत्नी बौद्धिक ज्ञानले र पति मालिक्याइँले प्रभावित भएर दुई पात्र प्रतिष्ठाको तानातानीमा देखिएका छन् । कथामा पतिपत्नीको भूमिकामा आएका दुई पात्रले एकअर्काप्रति आआफ्नो असहमति र विरोधलाई म पात्रमार्फत व्यक्त गरेका छन् । उसले कथामा मध्यस्थ र समाख्याताको भूमिका निर्वाह गरेको छ । कथाको प्रारम्भमै म पात्र पतिसँग नबसी नजिकैको घर बहालमा लिई बसेकी कल्पनादेवीलाई भेट्न गएको छ । भेटमा उसले परिवारमा झैझगडा भई नै रहने भएकाले सामञ्जस्य र सम्झौता गरी मिलेर अघि बढ्नुपर्ने भनी कल्पनादेवीलाई सम्झाएको छ । म पात्रको कुरा सुनेपछि उसले कथामा "सामञ्जस्य र सम्झौता स्वयम्मा हीन भएरै चलेका हुन् । सम्मान्य हुन् र ?" (भिक्षु, २०३४, पृ. ३६) भनेकी छ । यस उद्धरणले कल्पनादेवीलाई पतिसँग असन्तुष्ट भएकी देखाएको छ । उसका अनुसार पति र पत्नीका बिचमा एकले अर्कालाई सम्मान्य व्यवहार गरेर सामञ्जस्य र सम्झौता गरी जीवन अगाडि बढाउनुपर्नेमा यस सत्यलाई हीन मानी बेवास्था गरेर अघि बढ्दा समस्या आएको भन्ने देखिन्छ । यसबाट उसका पति नीलकण्ठले पत्नीसँग सामञ्जस्य

र सम्झौतामूलक किसिमको व्यवहार नगरी मालिक्याइँ देखाएर उसलाई हीन र अपमानजनक व्यवहार गर्ने गरेको खुलेको छ । पतिबाट पत्नीलाई सम्मान्य हुने व्यवहार नहुँदा त्यसबाट अपमान महसुस गरी असन्तुष्ट भएर उसले पतिको घर छोडी नजिकैको घर बहालमा लिएर बस्न थालेकी छ ।

कथामा अफवाहको पछि नलागी नीलकण्ठज्यूसँग भेटेर कुरा गरौँ भन्ने म पात्रको प्रस्तावमा उसले यतिका दिन पतिपत्नी भएर सँगै बसेको र त्यो सबै व्यर्थ भएको जवाफ फर्काएकी छ । अर्को दिन म पात्र नीलकण्ठलाई भेट्न उसको घरमा पुगेको कथामा देखिन्छ । दुई पात्रबिचको कुराकानीमा नीलकण्ठले कुरा केही पनि नभई पत्नी घर छोडेर नजिकै घर बहालमा लिई बसेकी भनेको छ । म पात्रले थप जिज्ञासा राखेपछि उसले पत्नीसँग आफूले भनेको कुरालाई कथामा "तिमीलाई पाउन्यै गाह्रो पत्नी त्यस्ती कहाँ हुन्छन् ? ... यस्तै छ भने स्वास्नीको लागि कोही अर्कैलाई ल्याउनुपर्छ" (भिक्षु, २०३४, पृ. ३८) भनी प्रस्तुत गरेको छ । यस उद्धरणमा नीलकण्ठले आफ्नी पत्नी कल्पनादेवीलाई अपमान र तिरस्कारपूर्ण व्यवहार गरेको देखाइएको छ । उसले प्रसङ्गवश पत्नीलाई पत्नीजस्तै गरी पाउन गाह्रो हुन थालेकाले अर्की पत्नी विवाह गरेर ल्याउनुपर्ने भएको भनेको छ । उसको यस्तो कुरा सुनेपछि कल्पनादेवी उससँग बोल्न छोडेकी र मौन विरोध केका लागि, यहाँ बस्न मन लागेन कि, गाह्रो पऱ्यो कि भनी सोध्दा उसले हजुरलाई अर्कै स्वास्नी चाहिएको हुँदा म ठाउँ ओगटेर बसेकीले छिट्टै छोड्नुपऱ्यो भन्दै जवाफ फर्काएकी अनि त्यसपछि घर छोडेर निस्किएकी कुरा म पात्रलाई सुनाएको छ । कथामा पति र पत्नीको भूमिकामा आएका पात्र प्रत्यक्ष देखिएर परस्पर विरोध र असहमति व्यक्त नगरी दुवैले आआफ्नो विरोध र असहमति म पात्रलाई सुनाएका देखिन्छन् । यसबाट नीलकण्ठले पत्नीलाई मालिक्याइँको हैकम देखाएर अपमानित गरेको अनि त्यसबाट आफ्नो आदर र प्रतिष्ठाको तिरस्कार भएको ठानी कल्पनादेवीले पतिको कुराप्रति असहमति र विरोध जनाएकी देखिएको छ । कथामा देखिएको यस परिदृश्यबाट कल्पनादेवी र नीलकण्ठ प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेको देखिएका छन् ।

कथामा साता दिनपछि म पात्र पुनः कल्पनादेवीलाई भेट्न गएको देखिन्छ । भेटमा म पात्रले नीलकण्ठज्यू आउनुभएको थियो भनी सोधेकामा उसले "आउनुभएको थियो । घर फर्कने कुरा गर्नुभो । बाहिर गएकै छैन । फर्कने कुरा बुझिनँ । पतित्व पत्नीबाट अस्वीकार भएकै छैन । बाहिर कहाँ छु ?" (भिक्षु, २०३४, पृ. ३९) भनेकी छ । यस उद्धरणमा कल्पनादेवीले नीलकण्ठ आफूलाई भेट्न आएको र त्यस अवसरमा उसले आफूलाई घर फर्कन आग्रह गरेको कुरा खुलाएकी छ । त्यसपछि आफूले बाहिर कतै नगएको र पत्नीबाट पतित्व अस्वीकार पनि नभएको भनेर जवाफ फर्काएको कुरा पनि म पात्रलाई सुनाएकी छ । कुराकानीको क्रममा नीलकण्ठसँग भएको सवाल जवाफका बारेमा म पात्रसँग कल्पनादेवीले "सोधैँ, 'सान्निध्य ? पति युगल होइनन्, दम्पत्ति ?' 'दम्पति, युगल । दुई हौँ, पति र पत्नी पनि । सान्निध्य अनिवार्यता हो र ?' 'हो नै । विवाह शृङ्खला हो । नभए बाबु-आमालाई, माइतघर छोडी आउनुपर्थ्यो?" (भिक्षु, २०३४, पृ. ३९) भनेकी छ । यस उद्धरणमा दुई पति र पत्नीका बिचमा एकले अर्कालाई गर्ने आदर र सम्मानकै विषयमा विवाद र असहमति बढेको भन्ने देखिएको छ । पतिचाहिँले सान्निध्यको कुरा उठाउँदा पत्नीले पति र पत्नी स्वाभाविक रूपमा युगल

दम्पति भएकाले सान्निध्यताको प्रश्न गर्न नमिल्ने भनेकी देखिन्छ । उसले सान्निध्यतालाई अनिवार्य ठानेकी छैन । उसको यस्तो कुरा सुनेपछि पतिचाहिँले सान्निध्यता अनिवार्यतः हुनुपर्छ भन्दै यसकै लागि त विवाह श्रृङ्खलालाई मानेर बाबु-आमालाई माइतघरमै छोडी आउनुपरेको भन्ने तर्क गरेको कुरा कल्पनादेवीले म पात्रलाई सुनाएकी छ । कुराकानीका क्रममा उसले पतिसँगको सान्निध्यतामा सासपर्यन्त उन्मुक्त रहन नपाउने अवस्था देखिएको र त्यो असैह्य भएर अलग्गिन परेको सङ्केत पनि गरेकी छ । उसले विवाह आबन्धन नभएर त्यसपछि कायम हुने सम्बन्ध आबन्धन हुने अनि त्यसमा पति र पत्नी दुवैले कर्तव्य निर्वाह गर्नुपर्ने पनि भनेकी छ । उसको यस कुराबाट पति नीलकण्ठले कर्तव्य निर्वाह नगरेकाले घर, पति र गृहस्थी जरुरी नदेखिई अलग्गिनुपरेको भन्ने देखिन्छ । कथामा देखिएको यस सन्दर्भबाट कल्पनादेवीप्रति उसका पतिको व्यवहार कर्तव्यपूर्ण नभएपछि असन्तुष्ट भई सान्निध्यता तोडेर ऊ छुट्टै बस्न लागेकी देखिन आउँछ । यसले स्पष्टतः पति र पत्नीको भूमिकामा रहेका दुई पात्र प्रतिष्ठाकेन्द्रित द्वन्द्वको चापमा परेको देखिएका छन् ।

कथामा अर्को एक दिन म पात्र पुनः नीलकण्ठको घरमा पुगेको देखाइएको छ । म पात्रसँगको भेटमा नीलकण्ठले पत्नी कल्पनालाई भेटेर सम्झाउँदा फर्केर आउने छाँट नदेखाएकीले केही नलागेर विवाह गर्नैपर्ने देखिएको भनेको छ । उसले अब यसरी आफ्नो घर नचल्ने र यसभन्दा बढी सहन नसक्ने पनि भनेको देखिन्छ । घरमा आएर बसे सहजता आउने म पात्रको कुराको जवाफ दिँदै नीलकण्ठले कथामा "सहजता रे ! सहज हुँदै होइनन् । ज्ञानको घमण्ड नै भन्नुपर्छ । उत्पीडन सहन अब, अहँ, म तयार हुन सक्तिनँ । धेरै सहेँ" (भिक्षु, २०३४, पृ. ४१) भनेको छ । यस उद्धरणमा नीलकण्ठ अर्को विवाह गर्ने तयारीमा रहेको देखाइएको छ । उसले कल्पनादेवीमा ज्ञानको घमण्ड ज्यादै भएकाले आफ्ना लागि पत्नीका रूपमा ऊ सहज नभएकी भनेको छ । आफूले धेरै उत्पीडन सहेको भए पनि अब भने त्यसरी बस्न नसक्ने कुरा उसले म पात्रलाई सुनाएको छ । म पात्रले दुई विवाह कानुनवर्जित हुने सम्झाउँदा आँटेपछि कानुन पनि निरर्थक हुने जवाफ नीलकण्ठले म पात्रलाई दिएको छ । यसपछि म पात्र फेरि कल्पनादेवीलाई भेट्न पुगेको कथामा देखाइएको छ । भेटमा कल्पानाले उसका पति नीलकण्ठले दोस्रो विवाह गर्न लागेको भनेपछि म पात्रले हामीकहाँ अचेल दुई विवाह कानुनवर्जित भएको सङ्केत गर्दा उसले कथामा "मुद्दा गरूँ ? नीलकण्ठसित अदालती झगडा ? आइमाई हुँ नि ! कण्ठज्यूसित, कानुनसित पत्नीत्वको भिक मागूँ ? कल्पनालाई हीन स्वीकार गर्नुहोला ? सक्नुहुन्छ ? ... ओ हो, भनेकै छु भिक्षा माग्दिनँ । पढे-लेखेको काम लाग्छ भने सजिलै छ" (भिक्षु, २०३४, पृ. ४३) भनेकी छ । यस उद्धरणमा कल्पनादेवी आत्मसम्मानमा ठेस पुग्ने गरी पतिसँग झुक्न नचाहेकी भन्ने देखाइएको छ । उसले आइमाई भए पनि अदालती मुद्दामामिला गरेर पतिसित कानुनको सहारा लिई पत्नीत्वको भिक नमाग्ने कुरा खुलाएकी छ । उसले आफू पढेलेखेकी भएकीले त्यसको उपयोग गरी बाँच्न सक्ने सङ्केत पनि गरेकी छ । यी तथ्यबाट कल्पनादेवी र नीलकण्ठ दुवै पतिपत्नी एकापसमा झुक्न नचाहेका भन्ने स्पष्ट देखिन्छ । यी विविध कथात्मक घटनासन्दर्भबाट पतिपत्नीको भूमिकामा रहेका दुई पात्र नीलकण्ठ र कल्पनादेवी प्रतिष्ठाकेन्द्रित द्वन्द्वको तानतानीमा परेको देखिएका छन् ।

'ज्ञात भएजति' कथामा नीलकण्ठले आफू पति भएको अनि सम्पत्तिको मालिक्याइँ पनि आफैमा रहेको हुँदा पत्नीको कुरामा झुक्दा आफ्नो प्रतिष्ठा कमजोर हुने ठानेको छ । अर्कोतर्फ

कल्पनादेवी आफू पढेलेखेकी र ज्ञानको उपयोग गरेर पनि बाँच्न सक्ने हुँदा पतिसँग पत्नीत्वको भिख माग्न कतै नजाने अडानमा रहेकी छ । यसले गर्दा दुवै पात्र आफ्नो सम्मान र प्रतिष्ठाका लागि चुनौतीको सामना गर्न अग्रसर भएका छन् । यसरी प्रमुख दुई पात्रलाई प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वका चापमा परेका देखाएर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

(१५) नयाँ इतिहासको प्रारम्भ

'नयाँ इतिहासको प्रारम्भ' कथामा प्रभा २००७ सालको राजनीतिक क्रान्तिमा सहभागी भएर राजनीतिक प्रतिष्ठा आर्जन गर्न सक्रिय भएकी छ । बा र दाइभाइ भने उसको यस कार्यबाट असन्तुष्ट भएका देखिन्छन् । उनीहरूले कथामा "नेपाल स्वतन्त्र गराउने तैँले गर्दा हाम्रो जागिर खोसियो, इज्जत गयो, मालिकहरू रिसाए । तेरो स्वतन्त्र नेपाल कहाँ छ, तेरो विश्वेश्वर किन आउँदैन, तेरो जिन्दाबाद मुर्दाबाद कसरी भयो ?" (भिक्षु, २०३४, पृ. ६९) भन्ने गरेका छन् । यस उद्धरणमा प्रभाका बा र दाइभाइ उसको राजनीतिक सक्रियताको विपक्षमा उभिएका भन्ने देखाइएको छ । उनीहरूले खाने, बस्ने र सुत्ने बेलामा नेपाल स्वतन्त्र गराउन हिँडेकी प्रभाकै कारणले गर्दा आफ्नो जागिर खोसिएको, इज्जत गएको अनि मालिकहरू रिसाएको भनिरहेका छन् । उनीहरूले स्वतन्त्र नेपाल, विश्वेश्वर, प्रभाको जिन्दाबाद र मुर्दाबादलाई लिएर उसलाई घोचपेच गर्ने गरेका छन् । घरैबाट यसरी विरोध हुँदा पनि प्रभा भने त्यो सबै बिर्सेर अझै श्रद्धाका साथ आफ्नो यात्रामा लम्किरहेकी छ । यस सन्दर्भमा कथामा "उसको दाइ विश्वेश्वर महान् हुन्, उनी देवता हुन्, उनले नेपाल देशलाई मुक्ति दिलाउने पवित्र कार्य उठाएका छन्, उनी यस चेष्टामा जेलमा थुनिएका छन्" (भिक्षु, २०३४, पृ. ६९) भनिएको छ । यस उद्धरणमा प्रभा क्रान्तिका नायकप्रति उच्च आस्थाका साथ समर्पित देखिएकी छ । उसले विश्वेश्वरलाई मुक्ति आन्दोलनका महान् नेता भन्दै यसैका लागि उनी जेलमा थुनिएका हुन् भनेकी छ । उसको राजनीतिक समर्पण प्रजातान्त्रिक क्रान्तिमा लागेर सामाजिक प्रतिष्ठा र उचाइ प्राप्त गर्न केन्द्रित देखिएको छ । उसका बा र दाइभाइ भने उसको त्यस कार्यलाई आफ्नो सामाजिक प्रतिष्ठाका विपरीत ठानेर विरोधमा देखिएकाले कथामा परिवारका सदस्य पात्रहरूका बिचमा प्रतिष्ठा द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

प्रजातान्त्रिक क्रान्ति नटुङ्गिँदै तराईंको एउटा गाउँमा प्रभाको विवाह भएको कथामा देखाइएको छ । विवाहपछि पनि नेपाली काङ्ग्रेस, विश्वेश्वर र प्रजातान्त्रिक क्रान्तिप्रतिको उसको विश्वास र निष्ठामा कुनै कमी आएको देखिँदैन । उसले यसलाई आफ्नो सामाजिक प्रतिष्ठाको रूपमा आत्मसात् गरेकी छ । यसो भए पनि उसको पति भने यसमा सहमत देखिँदैन । एक दिन रातिको समयमा रेडियोमा सुनिने हिन्दी समाचारले वीरगन्ज सहर नेपाली काङ्ग्रेसका सशस्त्र सिपाहीले कब्जा गरेका र त्यहाँ काङ्ग्रेसी शासन सुरु भएको सुनाएपछि प्रभाले कथा "मैले त अघिदेखि नै भनिराखेकी थिएँ- विश्वेश्वर दाइ त्यसै बसिराखेको होओइनन् । उनी नेपाल स्वतन्त्र नगराई छोड्ने होइनन् । जे भए पनि यति दुःख उठाएको त खेर गएनछ !" (भिक्षु, २०३४, पृ. ७०) भनेकी छ । यस उद्धरणमा समाचार सुनेर थाहा पाएको कुराबाट प्रभा फुरुङ्ग भएकी देखाइएको छ । उसले विश्वेश्वर दाइले अघि बढाएको क्रान्तिले

सफलता पाउँदै गएको र अन्ततः नेपाल स्वतन्त्र भएर आफूले गरेको दुःख खेर नजाने भन्दै नेपाली काङ्ग्रेसको जितलाई आफ्नै जित पनि ठानेकी छ । उता उसका पतिले भने त्यो सबैलाई अर्थहीन देखेको छ । उसले कथामा "हुने कुरा तिमीले भन्ठानेजत्तिकै मीठो होइन होला । कुन्नि के के न हुने होला, यसको उग्र जवाफी हमला पनि पर्खी राख है त !" (भिक्षु, २०३४, पृ. ७०) भनेको छ । यस उद्धरणमा प्रभाका पतिलाई क्रान्तिको सफलतासँगै उग्र जवाफी हमला हुने कुराबाट त्रसित भएको देखाइएको छ । उसले क्रान्तिबाट निस्कने परिणाम सोचेजस्तो मीठो नहुने भनी प्रभालाई सम्झाएको छ । यही विषयमा प्रभा र उसका पतिका बिचमा वादविवाद पनि भएको छ । प्रभाले क्रान्तिको सफलतामा आफ्नो प्रतिष्ठा माथि उठ्ने देखेकी र उसका पतिले भने त्यसलाई अर्थहीन देखेबाट दुई पात्रका बिचमा प्रतिष्ठासम्बन्धी बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

समयक्रममा वीरगन्ज, भैरहवा हुँदै देशभर क्रान्ति सफल भएर लडाइँबन्दीको घोषणा भई प्रजातान्त्रिक राज्यको स्थापना र मन्त्रीमण्डल बनेको खबर प्राप्त भएको छ । यसपछि पनि गाउँबस्तीमा भने लडाइँको त्रास रहिरहेकै बेला प्रभाको गाउँमा दुई जना सिपाही पुर्जी लिएर आई कथामा "क्याम्पको आवश्यकताअनुसार १७ बोरा चामल र १० हजार रुपियाँ जम्मै गाउँवालाले तुरुन्त ल्याइपुऱ्याओ, नत्र सख्तीसाथ फौजी कारबाही हुनेछ" (भिक्षु, २०३४, पृ. ७२) भनेका छन् । यस उद्धरणमा सिपाहीले क्याम्पको लागि सत्र बोरा चामल र दसहजार रूपैयाँ सबै गाउँवालाले तुरुन्त ल्याइपुऱ्याओ भन्दै उर्दी दिएको देखाइएको छ । अन्यथा शक्तिसाथ फौजी कारवाही गर्ने धम्की पनि ती सिपाहीले दिएका छन् । प्रजातान्त्रिक क्रान्तिको नेतृत्व गरेका विश्वेश्वरलाई दाइ मान्ने र नेपाली काङ्ग्रेसप्रति अत्यन्त आस्थावान् पात्र प्रभाकै घरमा आएर सिपाहीले उर्दी दिँदा आफ्नो प्रतिष्ठा र सम्मानमाथि धावा बोलेको ठानी प्रभाले ती सिपाहीलाई कथामा "कल्ले मागेको यो चामल, १० हजार रूपैयाँ किन चाहियो ? हामीसित बडो चामल लिने रे ! परासी मालको रुपियाँ कहाँ गयो ? कहाँ गयो, तहविल कहाँ छ ?" (भिक्षु, २०३४, पृ. ७२) भनेकी छ । यस उद्धरणमा सिपाहीको हर्कतप्रति प्रभाले विरोध जनाएकी छ । उसले रूपैयाँ र चामल कसले मागेको भन्दै परासी माल लुटेको रूपैयाँ र तहबिल कहाँ गयो भनेर सिपाहीसँग भनेकी छ । प्रभाको कुरा सुनेपछि धेरै नकरा, कस्ती नकच्चरी ! भन्दै सिपाही झर्किएको छ । यहाँनेर प्रभामा क्रान्तिबाट प्राप्त प्रतिष्ठा र सिपाहीमा बन्दुके शक्ति हातमा भएकाले अनुभूत भएको प्रतिष्ठाका बिचमा द्वन्द्वको स्थिति देखिएको छ ।

कथामा खलबल सुनेर प्रभाको घरमा आइपुगेका गाउँलेहरूले प्रभाको बल पाएर एकै मुख भई "हाम्रो गाउँबाट केही पनि पाउँदैनौ, ए .... हाम्रो उद्धार गर्न आएका कस्तो पो त ....! हामीलाई सुबिस्ता गराउन आएको त काहाँ .... रुपियाँ देऊ, चामल देऊ, नत्र मारिनेछौ, लुटिनेछौ .... मात्र भएको यो क्या हो साहेब ? ....." (भिक्षु, २०३४, पृ. ७३) भनेका छन् । यस उद्धरणबाट गाउँलेहरू सिपाहीलाई चामल र रुपैयाँ दिन इच्छुक छैनन् भन्ने देखिन्छ । गाउँबाट केही पनि नपाइने भएपछि पुर्जी लिएर आएका सिपाही फर्किएर गएका देखिन्छन् । यहाँनेर सिपाहीलाई केही पनि दिन नचाहने गाउँले र पुर्जीअनुसारको रूपैयाँ चामल लिएरै छोड्ने भन्ने सिपाहीको आकाङ्क्षा बन्न जाँदा यही कुराले दुई पक्षका बिचमा प्रतिष्ठा द्वन्द्वको स्थिति सिर्जना भएको देखापर्छ । यसैले गर्दा आफूहरूलाई अपमानित गरिएकाले गुमेको प्रतिष्ठा पुनः प्राप्त गर्न सिपाहीहरू हातहतियार लिएर गाउँ पसेका छन् । यस सन्दर्भमा कथामा "भोलि

पल्ट बिहान हुन लागेकै वेलामा गाउँमा भागाभाग पऱ्यो । हातहतियार लिएका बीस जना पल्टनियाँहरूले गाउँ घेरी मोर्चा बनाएका थिए । कोही भाग्न सकेनन् ।" (भिक्षु, २०३४, पृ. ७३) भनिएको छ । यस उद्धरणमा बीस जना सिपाही गाउँमा प्रवेश गरी आतङ्क मच्चाएका छन् । गाउँमा भागाभाग भएको छ । सिपाहीहरूले प्रभाको पति र अरू गाउँलेको हत्या गरेका छन् । उनीहरूले रूपैयाँ पैसा, अन्नपात लुटपाट गर्नुका साथै गाउँका ठिटी चेलबेटी र बुहारीहरूको लज्जासमेत लुट्ने काम पनि गरेका छन् । सिपाहीहरूको यो हर्कत आफूहरूलाई सहयोग नगरेर अपमानित गर्ने गाउँलेहरूलाई शक्तिको प्रयोगका माध्यमबाट तर्साएर प्रतिष्ठा आर्जनमा केन्द्रित देखापर्छ । यी विविध कथात्मक घटनासन्दर्भबाट प्रभा, उसका बा र दाइभाइ, उसको पतिका साथै ऊ र सिपाही अनि गाउँले र सिपाही पात्रहरू प्रतिष्ठाकेन्द्रित द्वन्द्वको तानतानीमा परेको देखिएका छन् ।

'नयाँ इतिहासको प्रारम्भ' कथामा प्रभा प्रजातान्त्रिक क्रान्तिमा उत्साहका साथ सहभागी भएर प्रतिष्ठा माथि उठाउन चाहेकी छ । बा, दाइभाइ र पति भने उसको राजीतिक सक्रियताप्रति असन्तुष्ट देखिन्छन् । प्रभाले गाउँमा हत्याहिंसा मच्चाउने सिपाहीसँग सशक्त प्रतिरोध गरेर क्रान्तिचेतबाट हासिल भएको प्रतिष्ठा प्रदर्शन गरेकी छ । सिपाहीहरू भने शक्तिका बलमा प्रभा र गाउँलेहरूलाई दबाएर आफ्नो प्रतिष्ठा उच्च देखाउन अग्रसर भएका छन् । यसप्रकार कथामा पात्रहरू प्रतिष्ठा द्वन्द्वको स्थितिमा देखिएका पाइन्छन् । यसरी पात्रहरूलाई प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वका चापमा परेका देखाएर कथामा यससम्बन्धी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

४.५ निष्कर्ष

भवानी भिक्षुका कथामा पात्रहरूका बिचमा प्रतिस्पर्धा, असहमति र विवादलाई कलात्मक रूपमा देखाउनको लागि बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ । उनका कथामा सम्पत्तिका विषयमा केन्द्रित भएर पात्रहरू विवादमा तानिएका देखिन्छन् । कथाका पात्र कोही सम्पन्न छन् र कोही सम्पत्तिको अभावमा अप्ठेरोमा परेका छन् । सम्पत्तिको कारणले गर्दा प्रेमसम्बन्धमा पनि प्रतिकूल स्थिति सिर्जना भएको छ । पहिलेका सम्पन्न पात्र परिस्थिति परिवर्तन हुँदा आर्थिक सङ्कटमा परेका छन् । पतिपत्नीका बिचमा पनि सम्पत्तिको तानातानीले गर्दा विवादको स्थिति उत्कर्षमा पुगेको देखिन्छ । सम्पत्तिका दृष्टिले माथिल्लो हैसियतका पात्रले न्यून क्षमता भएकालाई हेपाहा व्यवहार देखाएका छन् । पारिवारिक सम्पत्तिको बाँडफाँडको विषयलाई लिएर पनि विवाद सिर्जना भएको छ । सम्पत्तिका विषयमा पात्रहरूका बिचमा वैचारिक विवाद पनि बल्झिएको छ । काम गराउने र काम गर्नेका बिचमा पारिश्रमिकको विषयलाई लिएर असन्तुष्टि र विवाद बढेको छ । चन्दा उठाउन अग्रसर पात्र र दिन नचाहने पात्रका बिचमा विवाद देखिएको छ । भिक्षुको 'मानव' कथामा म्याट्रिक पढिरहेको गोविन्दको घरको आर्थिक अवस्था कमजोर भए पनि उसको दाइले आफूले जागिर खाएर भाइलाई पढाइरहेको छ । उसकी भाउजू भने देवरले पढाइ छोडेर आम्दानीको बाटोमा लागोस् भन्ने चाहेकी छ । सम्पत्ति आम्दानी बढाउने विषयमा विवाद हुँदा गोविन्द पढाइ छोडेर जागिर खान जानुपर्दा असन्तुष्ट भएको छ । यसले गर्दा गोविन्दका दाइ र भाउजू अनि गोविन्द र उसको दाइका बिचमा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ ।

'सैतानको सैतानी' कथामा वाहिद र उसकी पत्नी रजिया घरको आर्थिक अवस्था, दैनिक कमाइ, ससुरालीबाट प्राप्त हुने भनिएको सम्पत्ति र प्राप्त नभएको स्थितिका बिच सम्पत्तिका विषयमा परस्पर असन्तुष्ट भएका देखिन्छन् । यसले गर्दा दुई पात्र सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका छन् । भिक्षुका 'रक्सीबाज', 'सैतानको सैतानी', 'साहुको सम्पत्ति', 'मैयाँसाहेब', 'वन्दना', 'बन्दोबस्त', 'रानीसाहेब', र 'नयाँ इतिहासको प्रारम्भ' कथाका पात्र पनि एकापसमा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् । यसरी भिक्षुका कथामा पात्रहरूका बिचमा सम्पत्तिसम्बन्धी विवाद र असन्तुष्टिको स्थिति देखाएर सम्पत्तिका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

भिक्षुका कथाका पात्र शक्तिको विवादमा अल्झिएका देखिन्छन् । एउटै परिवारका कोही सदस्य शक्तिशाली र कोही शक्तिहीन भएको देखिँदा असन्तुष्टि देखिएको छ । हाकिमसँग कारिन्दाको भूमिकामा रहेका पात्र हेपिएको ठानेर ठुस्किएका छन् । घरमा काम गर्न बसेका नोकरचाकरलाई मालिकले हेप्ने गरेका र त्यसलाई तिनले सहन नसकेर विवादको स्थिति देखिएको पाइन्छ । शक्तिको असन्तुलनले गर्दा प्रेमी र प्रेमिकाका बिचमा खटपट भएको छ । समाजमा शक्तिशाली र शक्तिहीन विवादमा अल्झिएका देखिन्छन् । शक्तिसँग अल्झिएर वैचारिक विवाद बढेको छ । शक्तिकै लागि गाउँले र सिपाही एवम् आम नागरिक र सिपाहीका बिचमा तनाव एवम् हिंसात्मक द्वन्द्व भएको छ । भिक्षुको 'मालिकको छोरो' कथामा साहु गणेशमान, उसका जेठी र कान्छी पत्नी शक्तिशाली पात्र र रामे र कृष्णे शक्तिहीन पात्रका बिचमा विवाद र असन्तुष्टि देखिएको छ । यसले गर्दा कथामा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ । 'हारजित' कथामा अलगुवाकी बुहारी सोनवाको मजुरीको विषयमा विवाद चर्किदा पात्रहरू मनोहर एकातिर र अर्कोतिर घुरहू एवम् अरू गाउँले शक्ति एक भएर विवादमा अग्रसर भएका छन् । यसले गर्दा कथामा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको छ । 'वन्दना' कथामा प्रजातान्त्रिक शक्तिको प्रतिनिधित्व गर्ने कृष्णलाल र वामपन्थी शक्तिको प्रतिनिधत्व गर्ने शङ्करका साथै एउटै शक्तिको प्रतिनिधित्व गर्ने शङ्कर र वन्दनाका बिचमा विचार र शक्तिका विषयमा विवाद देखिएको छ । यसले गर्दा कथामा पात्रहरूका बिचमा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ । उनका 'प्रेमको एउटा कथा', 'मानव', 'मैयाँसाहेब', र 'बन्दोबस्त' 'ईश्वर खुदा गाँडका कान' र 'नयाँ इतिहासको प्रारम्भ' कथाका पात्र पनि एकापसमा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् । यसरी भिक्षुका कथामा पात्रहरूका बिचमा शक्तिसम्बन्धी असन्तुष्टि र द्वन्द्व सिर्जना गरेर शक्तिका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

भिक्षुका कथामा प्रतिष्ठालाई विवादको विषय बनाएर पात्रहरू द्वन्द्वको चापमा परेका छन् । घर, परिवार र समाजमा उच्च प्रतिष्ठा भएका पात्रले निम्न प्रतिष्ठाको अवस्थामा रहेका पात्रलाई माथि उठ्न अवरोध पुऱ्याउने गरेका र समान प्रतिष्ठाका पात्रका बिचको प्रतिस्पर्धाले विवाद र असन्तुष्टि सिर्जना भएर द्वन्द्व बढेको छ । उनको 'तपस्या' कथामा गुरुप्रसाद पुरातन विचारमा अनि श्रीनाथ युग र समयअनुसार परिवर्तन भएर अघि बढ्नुपर्ने विचारमा अडिग देखिएका छन् । श्रीनाथ र भामा पनि वैधव्यका विषयमा फरक किसिमको विचारमा अल्झिएर आआफ्नो तर्क र विचारलाई प्रतिष्ठाको विषय बनाई एकअर्काप्रति असहमत भएका छन् ।

यसले गर्दा कथामा पात्रहरूका बिचमा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ । 'मैयाँसाहेब' कथामा मैयाँ उच्च प्रतिष्ठा स्तरकी र अजय सामान्य प्रतिष्ठा स्तरको भएकाले यसैलाई आधार बनाएर मैयाँले गर्ने गरेको हेपाहा व्यवहारप्रति अजय असन्तुष्ट भएको छ । यसपछि उसले राजनीतिक क्रान्तिमा लागेर उचाइ प्राप्त गरेको र मैयाँको प्रतिष्ठा स्तर भने नाजुक बनेको छ । आफ्नो अवस्था यस्तो हुनुमा उसले अजयको राजनीतिक षडयन्त्र कारक भएको ठानेर असन्तुष्ट भएकी छ । दुई पात्रका बिचमा देखिएको परस्परको असन्तुष्टि प्रतिष्ठाकेन्द्रित देखिएको छ । यसले गर्दा कथामा पात्रहरू प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् । 'रानीसाहेब' कथामा रानीसाहेब र सरकारी अधिकारी आआफ्नो प्रतिष्ठालाई उच्च देखाउनको लागि एकले अर्कोलाई विवादित विषयमा कमजोर देखाउने र आफूलाई सबल देखाउने प्रयत्नमा लागेका छन् । यसले गर्दा परस्पर विरोधमा देखिएका दुई पात्र प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् । भिक्षुका 'प्रेमको एउटा कथा', 'रमा', 'रक्सीबाज', 'सैतानको सैतानी', 'मालिकको छोरो', 'वन्दना', 'बन्दोबस्त', 'भ्रष्टयज्ञ', 'ज्ञात भएजति' र 'नयाँ इतिहासको प्रारम्भ' कथाका पात्र पनि एकापसमा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वको चापमा परेका छन् । यसरी भिक्षुका कथामा पात्रहरूका बिचमा प्रतिष्ठासम्बन्धी असन्तुष्टि र द्वन्द्व सिर्जना गरेर प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

भिक्षुका कथामा सम्पत्ति, शक्ति र प्रतिष्ठाका लागि पात्रहरूका बिचमा विवाद र असन्तुष्टि सिर्जना हुँदा द्वन्द्व बढेको देखिन्छ । यस किसिमको द्वन्द्वको प्रभावकारी प्रस्तुतिले गर्दा कथा सामाजिक रूपमा विश्लेषणीय बनेका छन् । समाजमा मानिसहरूका बिचमा विवाद र असन्तुष्टि सिर्जना हुने र त्यसैले गर्दा द्वन्द्वको अवस्था बन्ने यथार्थलाई कथामा देखाइएको छ । सम्पन्न र विपन्न, शक्तिशाली र शक्तिहीन अनि प्रतिष्ठाका दृष्टिले फरक स्तर भएका मानिसहरूका बिचमा असन्तुलन र असन्तुष्टि हुनु स्वाभाविक कुरा हो । यसले गर्दा समाजमा द्वन्द्वको चक्र निरन्तर चलिरहन्छ भन्ने देखाउन कथामा पात्रहरूका बिचको बाह्य द्वन्द्वविधानलाई आधार बनाइएको छ । कौतूहल सिर्जना गर्न, पाठकीय रुचि जगाउन, सामाजिक यथार्थको प्रस्तुति गर्न, सुन्दरता र रोचकता सिर्जना गर्न पनि भिक्षुका कथामा प्रस्तुत बाह्य द्वन्द्वविधान उपयोगी र प्राप्तिपूर्ण देखिएको पाइन्छ ।

पाँचौँ परिच्छेद
भवानी भिक्षुका कथामा द्वन्द्वविधानको प्रयोजन

५.१ विषयप्रवेश

भवानी भिक्षुका कथा द्वन्द्वविधानका दृष्टिले सशक्त छन् । उनका कथामा उचित प्रयोजनका साथ आन्तरिक र बाह्य द्वन्द्वविधानको कलात्मक आयोजन गरिएको छ । त्यसैले यस परिच्छेदमा भिक्षुका कथामा प्रस्तुत आन्तरिक र बाह्य द्वन्द्वविधानको प्रयोजनमा केन्द्रित भएर अध्ययन र विश्लेषण गरिएको छ । यस क्रममा कथामा आन्तरिक र बाह्य द्वन्द्वविधानको प्रयोजनको चर्चा गर्दै दोस्रो परिच्छेदमा प्रस्तुत सिग्मन्ड फ्रायड र उनको मनोवैज्ञानिक मान्यता र त्यसका आधारमा निर्धारित इदम् र अहम्, इदम् र पराहम् एवम् जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्वविधानको विश्लेषण ढाँचालाई आधार बनाएर आन्तरिक द्वन्द्वविधानको प्रयोजनको अध्ययन गरिएको छ । तेस्रो परिच्छेदमा प्रस्तुत अल्फ्रेड एडलर र कार्ल गुस्ताफ युङ्गका मनोवैज्ञानिक द्वन्द्वसम्बन्धी मान्यता र तिनका आधारमा निर्धारित हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपनका साथै अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्वविधानको विश्लेषण ढाँचालाई आधार बनाएर आन्तरिक द्वन्द्वविधानको प्रयोजनको अध्ययन गरिएको छ । त्यसै गरी चौथो परिच्छेदमा प्रस्तुत म्याक्स वेबरको सामाजिक द्वन्द्वसम्बन्धी मान्यता र त्यसका आधारमा निर्धारित सम्पत्तिका लागि सिर्जित, शक्तिका लागि सिर्जित र प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको विश्लेषण ढाँचालाई आधार बनाएर बाह्य द्वन्द्वविधानको प्रयोजनको अध्ययन गरिएको छ । यसरी प्रयोजनको अध्ययन गर्दा कथामा प्रस्तुत तत्सम्बन्धी द्वन्द्वविधानको चर्चा गर्दै कथात्मक कलामूल्य र सौन्दर्यको सिर्जनामा त्यसको उपयोगितालाई देखाएर निष्कर्ष प्रस्तुत गरिएको छ ।

५.२ कथामा द्वन्द्वविधानको प्रयोजन

हरेक कार्य प्रयोजनमा केन्द्रित रहेको हुन्छ । साहित्यको सिर्जना पनि प्रयोजनबाट निर्देशित भएर गरिएको हुन्छ । साहित्यका अरू विधाको जस्तै कथासिर्जनाको पनि प्रयोजन रहेको हुन्छ । प्रयोजन भन्नाले काम, आशय, मनसुवा, उद्देश्य, उपयोग भन्ने बुझिन्छ (पाण्डेय, २०५७, पृ. ८३९) । प्रयोजनको यस तात्पर्यलाई कथाको प्रयोजनसँग सामञ्जस्य गर्दा कथा के काम, आशय, मनसुवा, उपयोग वा उद्देश्यका लागि लेखिएको हो त्यही नै त्यसको प्रयोजन हुने गर्छ भन्ने कुरा स्पष्ट हुन्छ । मोहनराज शर्माले कथाका उपकरणको चर्चाका क्रममा प्रत्येक साहित्यिक रचना कुनै न कुनै प्रयोजनको पूर्तिका लागि लेखिएको हुने र प्रयोजन नै उद्देश्य हुने उल्लेख गरेका छन् (शर्मा, २०५०, पृ. ४३) । यसबाट कथाको उद्देश्य नै खासमा प्रयोजन हो भन्ने देखिन्छ ।

पूर्व र पश्चिमका आचार्यहरूले साहित्यको प्रयोजनका बारेमा प्रशस्त विचारविमर्श गरेका छन् । आचार्य भरत, भामह, वामनदेखि विश्वनाथसम्मका पूर्वीय आचार्यहरूले धर्म, अर्थ, काम, मोक्ष, प्रीति, आनन्द, यश, रसनिस्पत्ति, उपदेश, सुरक्षा, फलप्राप्ति, व्यवहारज्ञान, विश्राम, अन्तश्चमत्कार, बुद्धि, हित, मनोरञ्जन, नयाँ व्यवहारसमेतलाई साहित्यको प्रयोजन

मानेका छन् । उता पश्चिमतिरका चिन्तकहरूले आनन्द, नीतिशिक्षा, मनोरञ्जन, कौतूहल सृष्टि, हास्य, सुधार, समस्याचित्रण, राजनीतिक चित्रण, जीवनदर्शनको प्रकटीकरण, लोकहित र लोकमङ्गल, सौन्दर्यको खोजी, चरमोल्लास आदिलाई साहित्यको प्रयोजन मानेका छन् (शर्मा, २०५०, पृ. ४६) । कथा पनि साहित्यको एउटा प्रमुख विधा भएकाले पूर्व र पश्चिमका आचार्य चिन्तकहरूद्वारा देखाइएको साहित्यको प्रयोजनभित्रै कथाको प्रयोजन पनि समेट्न सकिने देखिन्छ । कथामा कुनै एक सत्यको झलक प्रस्तुत गर्ने, क्षणविशेषको अनुभूतिलाई देखाउने, कुनै व्यक्तिविशेषको चरित्र वा प्रकृतिको उद्घाटन गर्ने, कुनै समाजको चित्रण गर्ने, कुनै समयसापेक्ष वा निरपेक्ष विचार र धारणा व्यक्त गर्ने एवम् यथार्थको प्रकटीकरण गर्ने प्रयोजन वा उद्देश्य राखिएको हुन्छ (गौतम, २०६९, पृ. १८) । कथामा पाइने समसामयिक यथार्थको उद्घाटन र जीवनका कुनै विशेष अवस्थाको चित्रणले यस विधाको प्रयोजनलाई लक्षित गरेको हुन्छ । पात्रका आन्तरिक दशाको यथार्थ उद्घाटन गर्ने उद्देश्य र प्रयोजन मनोवैज्ञानिक कथाले आत्मसात् गरेका हुन्छन् भने सामाजिक यथार्थको उद्घाटन गर्ने उद्देश्य र प्रयोजन सामाजिक कथाले आत्मसात् गरेका हुन्छन् । यी सबैको सामञ्जस्यबाट कौतूहलको सिर्जना गरेर सौन्दर्यको सृष्टि गर्ने उद्देश्यले कथामा प्रयोजनको समुचित उपयोग गरिएको पाइन्छ । कथामा द्वन्द्वविधानको आयोजन गर्नुको प्रयोजन पनि यथार्थको अभिव्यक्ति र सौन्दर्यको सृष्टि नै हो भन्ने देखिन्छ । वास्तवमा कथामा कर्ताका रूपमा विविध भूमिकामा आएका पात्रहरूले निश्चित परिवेशमा आएर देखाउने विरोधी सम्बन्धयुक्त कार्यलाई कलात्मक रूपमा विन्यास गरेर द्वन्द्वविधानको आयोजन गरिएको हुन्छ । यसरी प्रस्तुत गरिने द्वन्द्वविधानले कथाको प्रयोजनलाई थप सबल र प्रभावकारी बनाउन मद्दत गर्दछ ।

द्वन्द्वको उपयुक्त र कलात्मक विधानबाट कथामा समसामयिक यथार्थको उद्घाटन, जीवनका कुनै विशेष अवस्थाको चित्रण, पात्रका आन्तरिक दशाको यथार्थको उद्घाटन, कौतूहलको उचित सृष्टिलगायतका प्रयोजनलाई थप सबल तुल्याएर कथालाई सौन्दर्यपूर्ण बनाउन ठूलो मद्दत पुग्ने गरेको देखिन्छ । यसैले गर्दा अचेलका प्रायः कथामा कुनै न कुनै रूपमा द्वन्द्वविधानको समुचित आयोजन गरिएको पाइन्छ । यसरी द्वन्द्वविधानको आयोजन गर्दा मनोयथार्थलाई देखाउनको लागि आन्तरिक द्वन्द्वविधान र सामाजिक यथार्थलाई देखाउनको लागि बाह्य द्वन्द्वविधानको आयोजन गर्ने गरिन्छ ।

५.३ भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको प्रयोजन

भवानी भिक्षुका कथामा पात्रका मानसिक ऊहापोहलाई प्रस्तुत गर्ने प्रयोजनमा केन्द्रित भई आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ । उनका कथामा विशेष गरी इदम् र अहम्, इदम् र पराहम्, जीवन र मृत्यु मूलप्रवृति, हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपन एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचमा द्वन्द्वको सिर्जना गरेर आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । यसप्रकारसँग भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गर्नुको प्रयोजनका विषयमा यहाँ अध्ययन र विश्लेषण गरिएको छ ।

५.३.१ इदम् र अहम्का बिच द्वन्द्वविधानको प्रयोजन

यौनजन्य इच्छापूर्तिमा लालयित भइरहने इदम् र सामाजिक मूल्यमान्यता बिग्रने देखेर त्यसलाई रोक्न चाहने अहम् मनका बिचमा द्वन्द्व हुने गर्दछ भन्ने मनोवैज्ञानिक मान्यता रहेको छ । भिक्षुका कतिपय कथामा यसको कलात्मक उपयोग भएको पाइन्छ । यसले गर्दा उनका कथाका पात्र इदम् र अहम्का बिचको आन्तरिक द्वन्द्वको चापमा परेका देखिन्छन् ।

भिक्षुको 'मैयाँसाहेब' कथाकी मैयाँ प्रारम्भमै दरबारको कम्पाउन्डभित्र साइकल सिक्दै गरेकी छ । त्यति नै बेला बाहिरबाट आउँदै गरेको अजयको नजिक पुग्दा नपुग्दै उसको साइकल ढल्पलाएर लड्न लाग्दा अजयले उसलाई अँगालो हाली समातेको र लड्नबाट जोगाएको छ । यस सन्दर्भमा कथामा "त्यसै बखत कुन्नि के भएर सहानुभूति, प्रशन्नता र मैयाँलाई बचाउने अचेत पौरुषको गर्वमा अनयास नै उसले मैयाँको म्वाइँ खायो । किन्तु तत्क्षण नै स्वाभाविक सर्तकता आएर ती दुवैले यताउति हेरे" (भिक्षु, २०६३, पृ. २) भनिएको छ । यस उद्धरणमा साइकल सिक्दै गरेकी मैयाँ बाहिरबाट आउँदै गरेको अजयको नजिकमा पुग्दा ढल्पलाएर लड्न लागेको देखी अँगालो हालेर बचाएपछि उसले एकाएक म्वाइँ खाएको छ । साइकलबाट लड्न लागेकी मैयाँलाई बचाउनु स्वाभाविक मानवीय कर्तव्य भए पनि त्यपछि पन्ध्रसोह्र वर्ष उमेरका दुई युवायुवतीका बिचमा भएको जम्काभेटमा अजयले मैयाँलाई अँगालो हालेको र म्वाइँ पनि खाएको घटना स्पष्टतः यौनाकाङ्क्षाकेन्द्रित इदम्को प्रेरणाबाट प्रेरित भएको देखिन्छ । अजयले मैयाँलाई म्वाइँ खाएको र अँगालो हालेको मात्र होइन मैयाँले पनि कुनै प्रतिरोध र आनाकानी केही नगरी अजयलाई म्वाइँ दिएकी र उसको अँगालोमा बेरिएकी कथामा देखाइएको छ । यसले दुवै पात्र एकअर्काप्रति इदम्प्रेरित यौनकामनाबाट आकर्षित भएका भन्ने सहजै बुझ्न सकिन्छ । तत्कालै फेरि त्यस घटनालाई कसैले देखे कि भन्ने भय अजय र मैयाँ दुवै पात्रका मनमा सिर्जना हुन गएर ती दुवैले एकाएक यताउति हेरेर सतर्क भएका देखिन्छन् । यस्तो सतर्कता अहम्को क्रियाशीलताको कारणले गर्दा देखिएको हो । इदम्ले म्वाइँ खाने ख्वाउने र अँगालोमा बेर्ने र बेरिने क्रियालाई प्रोत्साहित गरेको देखिए पनि तत्कालै अहम् क्रियाशील भई सतर्क गराएर इदम्को क्रियालाई अवरोध सिर्जना गर्दा मैयाँ र अजयका अन्तर्मानसिकतामा इदम् र अहम्का बिचमा आन्तरिक द्वन्द्वको आयोजन भएको देखिन्छ ।

कथामा इदम् र अहम्का बिच द्वन्द्वविधानको आयोजन गरेर यी दुईका बिचको परस्पर विरोधी सम्बन्धयुक्त मनोयथार्थलाई देखाई कौतूहलताको सिर्जनाद्वारा कथालाई कलापूर्ण बनाउन खोजिएको छ । पन्ध्रसोह्र वर्षका युवायुवतीको उल्लिखित क्रियाबाट पाठकका मानसिकतामा श्रृङ्गार रसको उद्बोधन गर्नुका साथै आन्तरिक चमत्कार उत्पन्न गरेर कथालाई सुरुचिपूर्ण बनाई पाठकको अभिरुचि जगाउन पनि कथामा प्रस्तुत गरिएको यस किसिमको द्वन्द्वविधानको प्रयोजन देखापर्छ । कथाका दुई पात्र अजय र मैयाँका अन्तर्मानसिकतामा इदम् र अहम्सापेक्ष मनोयथार्थको उद्घाटन गरेर आन्तरिक मनोदशाको सुन्दर प्रस्तुति गर्नु पनि यस किसिमको द्वन्द्वविधानको प्रयोजन देखिन्छ । यस्तो द्वन्द्वात्मक आयोजनका माध्यमबाट पात्रलाई तत्कालीन समाजले छाडा र अराजक ठान्न सक्ने भयबाट जोगाउन खोजिएको र सामाजिक मूल्य र शिष्टतालाई बचाउने प्रयत्न गर्न चाहेको पनि देख्न सकिन्छ । यसले गर्दा कथामा मैयाँ र अजयका मानसिकतामा सिर्जना गरिएको इदम् र

अहम्का बिचको द्वन्द्वविधानको आयोजन प्रयोजनका दृष्टिले कलात्मक र सौन्दर्ययुक्त देखिएको छ ।

'अनि ... ?' कथाको अन्त्यमा रत्नमायाको सबै शास्त्रीय रीति र क्रिया पूरा गरेर विवाह सम्पन्न गरिएको छ । विवाहपछि ऊ पतिगृह पुगेकी छ । उसको इदम्ले युवक गोविन्दलाई नै चाहेको भए पनि अहम्को बाध्यताले गर्दा ऊ विवाह भएर पतिगृह पुगेकी भन्ने देखिन्छ । पतिगृहमा पुगेपछिको पहिलो रातमा पतिको सामीप्यमा रहँदाको उसको मनोदशालाई कथामा "पतिले रत्नमायालाई अङ्कमाल गऱ्यो । रत्नमाया पानीझैँ उसको काखमा ढल्किन गई । पतिले चुम्बन गऱ्यो; रत्नमायाका ओठ जल्न थाले" (भिक्षु, २०५२, पृ. ३४) भन्ने कथांशका माध्यमबाट देखाइएको छ । यसमा विवाह भएर अनि अहम्को निर्देशनबमोजिम पति मानेर पतिगृह प्रवेश गरेपछि पतिले अङ्कमाल गर्दा अहम्बाटै वशीभूत भई पतितर्फ ढल्किएकी भए पनि पतिले चुम्बन गर्दा नगर्दै रत्नमायाका ओठ जल्न थालेका देखिन्छन् । यसबाट उसले विवाहित पतिलाई अस्वीकार गर्न चाहेकी भन्ने देखिन्छ । यसका माध्यमबाट कथामा रत्नमायाका अन्तर्मानसिकतामा इदम् र अहम्का बिचमा सिर्जित आन्तरिक द्वन्द्वलाई प्रस्तुत गरिएको छ । विवाह भएर पतिसँगै रहेका बेलामा पनि रत्नमायाले युवक गोविन्दको जस्तै प्रेमदृष्टिको एउटा झल्को चिन्नलाई स्निग्ध आँखा खोलेकी छ । यसबाट उसका इदम्प्रेरित आँखाले युवक गोविन्दलाई खोजिरहेको देखिन्छ तर अहम्जन्य परिस्थितिले गर्दा ऊ विवाहित पतिसँग रहेकी छ । यस्तो परिस्थितिमा रत्नमायाको इदम्ले प्रेमी गोविन्दलाई खोजिरहेको र अहम्को नियन्त्रण र अनुशासनमा बाधिनुपरेकाले मात्र ऊ विवाहित पतिसँग रहन बाध्य भएकी भन्ने देखिन्छ । यसबाट रत्नमाया इदम् र अहम्का बिचको आन्तरिक द्वन्द्वको चापमा परेकी देखिएको छ । रत्नमायाको अन्तर्मानसिकतामा यस किसिमको द्वन्द्वको सिर्जना गरेर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ ।

कथामा इदम् र अहम्का बिचको द्वन्द्वविधानको आयोजनका माध्यमबाट पाठकका मानसिकतामा रत्नमायाले विवाहित पतिलाई छोडेर प्रेमी युवक गोविन्दसँग आई होली कि विवाहित पतिसँगै बसी होली भन्ने द्विविधा उत्पन्न गरेर कौतूहल सिर्जना गर्न खोजिएको देखिन्छ । रत्नमायाकै इदम्ले गोविन्द युवकलाई खोज्दै गरेको र उसको अहम् भने बाध्य भएर विवाहित पतिसँग रहन विवश देखिँदा यसबाट उसको आन्तरिक मनोदशाको कलात्मक प्रस्तुति पनि हुन गएको छ । रत्नमायाको अन्तर्मानसिकतामा उत्पन्न भएको इदम् र अहम्का बिचको द्वन्द्वको स्थितिले मनोयथार्थको अभिव्यक्तिका साथै शृङ्गारिकतालाई पनि झल्काएको छ । इदम्को चाहनाले प्रेम गरेकी भए पनि अहम्को निर्देशनबमोजिम विवाह भएर पतिगृह प्रवेश गरेकी रत्नमायाको इदम्ले प्रेमी गोविन्दलाई चाहेको र अहम्को अवरोधका कारण ऊ पतिगृहमै रहेकी देखाएर तत्कालीन समयका नारीलाई छाडा भएर आफै पति खोज्दै हिँड्दै गर्नबाट रोकेर सामाजिक नियम र अनुशासनमा रहन निर्देशन गर्न चाहेको पनि देखिन्छ । यी विविध प्रयोजन प्राप्तिका लागि रत्नमायाका अन्तर्मानसिकतामा इदम् र अहम्का बिचमा आन्तरिक द्वन्द्वविधानको प्रयोजन औचित्यपूर्ण र रोमाञ्चक बनेको देखिन्छ ।

भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'व्यर्थता', 'स्वामी', 'त्यो फेरि फर्कला ?', 'टाइपिस्ट' र 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथामा पनि इदम् र अहम्सापेक्ष द्वन्द्वात्मक मनोदशाको उद्घाटन गर्न, पात्रलाई यौनिक दृष्टिले छाडा र अराजक हुनबाट बचाउन, सामाजिक मूल्य र शिष्टतालाई सुरक्षण गर्न, पाठकका मानसिकतामा कौतूहल जगाउन र कथालाई श्रृङ्गारिक तुल्याउन

लगायतका प्रयोजनका लागि पात्रका अन्तर्मानसिकतामा इदम् र अहम्का बिचको आन्तरिक द्वन्द्वविधानको कलात्मक आयोजन गरिएको देखिन्छ ।

५.३.२ इदम् र पराहम्का बिच द्वन्द्वविधानको प्रयोजन

यौनजन्य इच्छापूर्तिमा क्रियाशील भइरहने इदम् र आदर्श, नैतिकता, कर्तव्य एवम् मर्यादालाई आधार बनाएर इदम्का चाहनाहरूलाई प्रकट हुन नदिई रोक्न चाहने पराहम् मनका बिचमा द्वन्द्व हुने गर्दछ भन्ने मनोवैज्ञानिक मान्यता रहेको छ । भिक्षुका कतिपय कथामा यसको कलात्मक उपयोग भएको पाइन्छ । यसले गर्दा उनका कथाका पात्र इदम् र पराहम्का बिचको आन्तरिक द्वन्द्वको चापमा परेका देखिन्छन् ।

भिक्षुको 'व्यर्थता' कथाकी करुणालाई आफ्नै घरमा आइपुगेको कलकत्तामा बी.ए. पढ्दै गरेको सौतेनी आमाको भाइ नाताले मामा पर्ने युवकसँग बसेर कुराकानीमा रमाउँदै गरेकी देखाइएको छ । सधैँ घरमा पतिसँग बस्दा नयाँपनको अनुभव गर्न नपाएकी उसले मामाको सान्निध्यबाट आफूले नयाँपनको अनुभव गर्न पाउने अभिष्ट राखेकी छ । यस सन्दर्भमा कथामा "गत दसबाह्र दिनमा मामासँग निकै कुराकानी भएर निकै सान्निध्य भइसकेको थियो । ... करुणा जम्मै फुर्सदको समय मामासँगै बिताउँदथिन् । र ती कुराहरूले अज्ञात भावको नारित्वको अन्तर्सत्यलाई कहाँसम्म तानिसकेको थियो यो कुरा तिनलाई थाहा पनि थिएन" (भिक्षु, २०५२, पृ. ५४) भनिएको छ । यस उद्धरणमा देखिएको परिदृश्यले करुणाको इदम्ले मामालाई उसका पतिबाट अतृप्त रहेका चाहना तृप्त पार्ने आधारको रूपमा ग्रहण गर्न चाहेको देखिन्छ । उसको इदम्को चाहना यो हदसम्म पुगेको देखेपछि उसैको पराहम्केन्द्रित नैतिकताले दबाब सिर्जना गर्दा उसले एकाएक मामा अब तिमी पढ्न जान्नौ ? भनेकी छ । फेरि करुणाले कथामा "मामा अब तिमी जाऊ । आजपर्यन्त स्वागतसत्कारमा केही कमी भएको छैन, यो कुरामा म निर्विवाद भन्न सक्छु । तर आदरश्रद्धाको धेरै लोभ गर्नाले मनुष्यलाई सर्वनाशतिर धकेलिदिन्छ । यो कुरा मैले पनि थाहा पाइसकेँ" (भिक्षु, २०५२, पृ. २५) भनेकी छ । यस उद्धरणबाट करुणाको इदम्ले युवक मामा अझै त्यहीँ बसोस् भन्ने चाहेको भए पनि उसैको पराहम्ले भने नाताले मामा, घरमा पति भएको स्त्रीको नैतिकता, आदर्श एवम् मर्यादा डुब्न सक्ने देखेर मामालाई छिटोभन्दा छिटो त्यहाँबाट बाहिर पठाउन चाहेको छ । त्यसैले उसले आदरश्रद्धाको धेरै लोभ गर्नाले मनुष्यलाई सर्वनाशतिर धकेल्न सक्ने भन्दै मामालाई अब तिमी जाऊ भनेकी छ । कथामा आएको यस तथ्यबाट करुणाको अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा द्वन्द्वको सिर्जना गरेर यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

कथामा इदम् र पराहम्का बिचको द्वन्द्वविधानको आयोजनका माध्यमबाट कौतूहललाई सम्बर्द्धन गर्नुका साथै करुणाको इदम् र पराहम्सापेक्ष आन्तरिक मनोदशाको द्वन्द्वात्मक स्थितिलाई देखाउन खोजिएको छ । उसको इदम्ले युवक मामासँग नजिकिएर इदम्जन्य यौनचाहनाको पूर्ति गर्न चाहेको देखिए पनि उसैको पराहम्ले मर्यादा, नैतिकता विवाहित नारीको पतिव्रता चरित्र र कर्तव्यलाई सम्झाएर अवरोध सिर्जना गरी नारीलाई पतित हुनबाट रोकेर नारी आदर्श र मर्यादालाई बचाउन चाहेको स्पष्ट हुन्छ । यी विविध प्रयोजनका लागि

कथामा नारी पात्र करुणाका अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

'तपस्या' कथाकी भामा विधवा नारी भएर देखिएकी छ । उसको माइती घरमा उसैको दाइको साथी युवक श्रीनाथ आइपुगेको देखिन्छ । ऊ घरमा पाहुना भएर आएको श्रीनाथसँग आकर्षित भएकी छ । भामाले "जुन सुख मिलिरहेछ, कताबाट आयो त्यो सुख ? सुख हो ? हो त नि ! यस एक्लोमा पनि यस्तो भान हुन लागिरहेछ मानो कोही साथी सँगसँगै बसिरहेछ । कताबाट हो कुन्नि अलिकति तृप्ति पाइयो, केही अलिकति सन्तुष्टि पनि !" (भिक्षु, २०५२, पृ. ७२) भनेकी छ । यस उद्धरणमा भामाले श्रीनाथलाई आफ्नो घरमा पाउँदा सुख, तृप्ति र सन्तुष्टि पाउँदै गरेकी देखाइएको छ । श्रीनाथसँगको निकटताले गर्दा उसले आफ्नो वैधव्यको पीडालाई बिर्सन थालेकी छ । यसबाट उसको इदम्को आकाङ्क्षा श्रीनाथप्रति निकै आकर्षित भएको देखिन आउँछ । फेरि अर्को घटनामा चिया खाँदै कुराकानी गरिरहेको बेला श्रीनाथले भामालाई तिम्रो बिहा कुन सालमा भएको थियो रे ? भनेर सोधेको छ । श्रीनाथको यस प्रश्नबाट भामाले बिर्सिसकेको वैधव्यलाई सम्झिन पुगेकी छ । यस सन्दर्भमा उसले कथामा "वैधव्य मेरो कष्ट होइन, मेरो साधना हो । यसैमा मेरा निमित्त कुनै शाश्वत् वरदान निहित छ । मलाई यसका निमित्त कुनै दुःख छैन" (भिक्षु, २०५२, पृ. ७५) भनेकी छ । यस उद्धरणमा भामाले श्रीनाथसँगको कुराकानीमा वैधव्य आफ्ना लागि साधना भएको उद्घोष गरेकी देखाइएको छ । उसको अभिव्यक्तिमा आएको साधनाले अनुशासन, कर्तव्य, नैतिकता र आदर्शसमेतलाई सङ्केत गरेको देखिन्छ । भामाको इदम् जागरित भएर श्रीनाथप्रति आकर्षित हुँदै कथा अघि बढिरहेका बेला श्रीनाथकै प्रश्नबाट एकाएक भामाको वैधव्यको साधना र अनुशासन क्रियाशील भएर यसैलाई शाश्वत् वरदान ठान्दै पराहम्को रूपमा व्यक्त भएको छ । यसबाट भामा इदम् र पराहम्का बिचको द्वन्द्वको चापमा परेकी देखिएको छ ।

कथामा इदम् र पराहम्का बिचको आन्तरिक द्वन्द्वविधानको आयोजनका माध्यमबाट कथात्मक कौतूहलको सिर्जना गरी अन्तश्चमत्कारको व्युत्पादन गरेर पाठकलाई आनन्दको अनुभूति गराउन खोजिएको छ । त्यस्तै भामाको आन्तरिक मनोदशाको कलात्मक प्रस्तुति गरेर इदम् र पराहम्का बिचको द्वन्द्वका माध्यमबाट यौनजन्य मनोसत्यको उद्घाटन गर्ने कार्य पनि गरिएको छ । नारी यौवनको यौनजन्य चाहनाले पुरुषको खोजी गरे पनि विधवा नारीको सामाजिक नैतिक संस्कार, कर्तव्य र आचरण एवम् पतिव्रता धर्मले त्यो कुरा वर्जित छ भन्ने कुरा देखाएर नैतिक अनुशासन र आचरणको दायरामा विधवा नारी बस्नुपर्छ भन्ने तत्कालीन समयको परिवेश र परिस्थितिसापेक्ष विचारको उद्घाटन पनि कथामा गरिएको छ । यी विविध प्रयोजनका लागि कथामा भामाका मानसिकतामा इदम् र पराहम्का बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि....?', 'रमा', 'स्वामी', 'मैयाँसाहेब', 'टाइपिस्ट' र 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथामा पनि इदम् र पराहम्सापेक्ष द्वन्द्वात्मक मनोदशाको चित्रण गर्न, इदम्को कामनाबाट प्रेरित भएर गरिएका यौनिक कार्यबाट पात्रको मर्यादा, नैतिकता, सच्चरित्रताका साथै कर्तव्यलाई पतित हुनबाट जोगाएर आदर्श र मर्यादालाई सम्बर्धन गर्न, सामाजिक लोकापवादबाट पात्रलाई बचाउन, समयसापेक्ष विचार अभिव्यक्त गर्न, मनोसमस्याको उद्घाटन गर्न, कथामा कौतूहल सिर्जना गरेर पाठकीय रुचि

बढाउन, श्रृङ्गारिक कलाले कथालाई सुन्दर तुल्याउन लगायतका प्रयोजनका लागि पात्रका अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

५.३.३ जीवन र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्वविधानको प्रयोजन

जीवन, प्रेम, अनुराग, आशक्ति, प्रीति अनि रचनात्मक कार्यको रूपमा प्रस्तुत हुने जीवन मूलप्रवृत्ति र घृणा, क्रोध, झैझगडा, पृथकता, दुःख, विनाश आदिको रूपमा प्रस्तुत हुने मृत्यु मूलप्रवृत्तिका बिचमा विरोधी भाव हुने भएकाले यी दुई मूलप्रवृत्ति परस्पर द्वन्द्वात्मक अवस्थामा रहन्छन् भन्ने मनोवैज्ञानिक मान्यता रहेको छ । भिक्षुका कतिपय कथामा यसको कलात्मक उपयोग भएको पाइन्छ । यसले गर्दा उनका कथाका पात्र जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचको आन्तरिक द्वन्द्वको चापमा परेका देखिन्छन् ।

भिक्षुको 'सैतानको सैतानी' कथाकी नारी पात्र रजिया वाहिदकी श्रीमती भएर देखिएकी छ । उसका छओटा छोराछोरी छन् । उसको पति वाहिद सहरमा सुइङ्ग मेसिन राखेर दर्जीको काम गर्दै गरेको देखिन्छ । उसले दिनभरिको आम्दानी साँझमा घरमा आएर पत्नी रजियाको हातमा बुझाउने गरेको छ । त्यसैबाट उसले घर व्यवहार चलाउने गरेकी छ । यस सन्दर्भमा कथामा "व्यवस्तापूर्वक खाने कुरा तयार गर्थी र कसैलाई कुट्दै, कसैमाथि रिसाउँदै तेजीसाथ तलमाथि गर्ने केटाकेटीहरूलाई र लोग्नेलाई ख्वाउने काममा लागिहाल्थी" (भिक्षु, २०५२, पृ. ११०) भनिएको छ । यस उद्धरणबाट रजियाले पति वाहिदले कमाएर ल्याएको पैसाले घर व्यवहार चलाउने, परिवारका सबैलाई ख्वाउने पिवाउने र व्यस्ततापूर्वक घरको काममा लाग्ने अनि बाँकी रहेको पैसा बचाएर आउँदा दिनका लागि जोगाउने गरेकी देखिन्छ । यस तथ्यले ऊ जीवन मूलप्रवृत्तिबाट निर्देशित पात्र हो भन्ने देखाएको छ । पछि बाबुको मृत्यु भएर उसको सम्पत्ति आउने सङ्केत पाएपछि भने उसले पतिको कमाइ र पतिलाई समेत घृणा गर्न थालेकी छ । पतिले दिनभरि कमाएर ल्याएको पैसा हातमा हालिदिँदा उसले त्यो पैसा हुर्च्याउँदै कथामा "यति जाबो पैसा लिएर काम चल्दैन; यसरी कहाँसम्म चिच्याईचिच्याइ मरूँ ! यी यतिका औलाद लिएर अब यस रोजीको कमाइमा गुजारा हुन सक्ने छैन ! म त सफा भनिरहिछु" (भिक्षु, २०५२, पृ. ११२) भनेकी छ । यस उद्धरणमा रजियाले पतिको कमाइलाई घृणा गर्न थालेकी देखाइएको छ । उसले आफ्नो पति र छोराछोरीप्रति पनि घृणात्मक वृत्ति आत्मसात् गरेकी छ । उसले पतिको आकृतिलाई जिउँदो दरिद्रीको रूपमा देख्न थालेकी छ । यसले ऊ प्रेम, अनुराग, आशक्ति र प्रीतिका विपरीत घृणा, क्रोध, झैझगडा र पृथकताजस्ता मनोभावबाट ग्रसित भएकी छ भन्ने देखिन्छ । यसबाट ऊ मृत्यु मूलप्रवृत्तिको मार्गमा अग्रसर भएकी देखिएको छ । यी विविध तथ्यबाट रजियालाई जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वको चापमा परेकी देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ ।

कथामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वविधानको प्रस्तुतिका माध्यमबाट कौतूहलको सिर्जना हुनुका साथै पाठकमा अन्तश्चमत्कारको व्युत्पादन गरेर कथालाई कलापूर्ण बनाउन खोजिएको देखिन्छ । यसका साथै मानवीय जीवनमा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति सँगसँगै रहन्छन् । यस क्रममा परिस्थितिअनुसार यी दुईका बिचमा सामञ्जस्यता

देखिए पनि कतिपय अवस्थामा परस्पर विरोधको स्थिति बन्न पुग्दा एकअर्काका बिचमा द्वन्द्वको अवस्था बन्न जान्छ भन्ने मनोयथार्थलाई देखाउन खोजिएको छ। रजियाका अन्तर्मानसिकतामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचमा द्वन्द्वको सिर्जना गरेर उसको आन्तरिक मनोदशाको कलात्मक उद्घाटन गरिएको पनि देखिन्छ । यसका अतिरिक्त धनसम्पत्तिका कारणले व्यक्तिको मनोदशामा पार्न सक्ने प्रभावलाई मनोवैज्ञानिक रूपमा देखाउने प्रयोजनका लागि पनि कथामा रजियाका अन्तर्मानसिकतामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ। यी विविध प्रयोजनका लागि कथाकी नारी पात्र रजियाका अन्तर्मानसिकतामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथाकी पसल्नी युवती काठमाडौँबाट पाटनतिर जाने बागमती पुलवारिको बाटोमा पसल थापेर बसेकी देखाइएको छ । उसले पसलमा किन्न आउने र त्यतिकै आउने मानिसहरूलाई पनि प्रेमपूर्ण व्यवहार गर्ने गरेकी छ। त्यसैले उसको पसलमा व्यापार पनि राम्रो हुने गरेको देखिन्छ। कथाको म पात्र पाटनतिर काम विशेषले जानेआउने गर्दै गर्दा उसकै पसलमा सिगरेट किनेर खाने गरेको छ । उसले कथामा "कदाचित् मेरोप्रति उसमा सृजित सम्मानकै यो भावना थियो कि उसले मलाई देख्नेबित्तिकै हात जोडी नमस्कार गर्न लागेकी थिई जो अन्य ग्राहकहरूलाई उसले गरेकी मैले कहिल्यै देखेको थिइनँ" (भिक्षु, २०६३, पृ. २५) भनेको छ। यस उद्धरणबाट पसल्नी युवतीको प्रेम र अनुरागपूर्ण आशक्ति म पात्रतर्फ विशेष रूपमा आकर्षित हुँदै गरेको देखिएको छ । यसले त्यो पसल्नी युवती जीवन मूलप्रवृत्तिबाट निर्देशित पात्र हो भन्ने देखिन्छ । चारपाँच महिनापछि कथामा आएको अर्को कथात्मक घटनामा बाटोमा हिँडिरहेका बेला अकस्मात् भेट हुँदा म पात्रले युवतीसँग सोधपुछ र कुराकानी गर्न खोज्दा उसले "के रे, किन चाहियो तपाईंलाई म कहाँ थिएँ, के गरिरहेकी छु ... ?" (भिक्षु, २०६३, पृ. ३०) भनेकी छ । यस उद्धरणबाट पसल्नी युवती म पात्रसँग झर्किएकी र आक्रोशित पनि भएकी देखिएको छ । उसले म पात्रका कुरा र सोधाइलाई घृणात्मक दृष्टिले हेरेकी छ । यसबाट ऊ मृत्यु मूलप्रवृत्तिबाट निर्देशित भएर त्यसै मार्गमा अग्रसर हुँदै गरेकी पाइन्छ । यसरी पसल्नी युवतीलाई जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वको चापमा परेकी देखाएर उसको चरित्रका माध्यमबाट कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ ।

कथामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिच द्वन्द्वविधानको आयोजनका माध्यमबाट कौतूहल बढाई पाठकका मानसिकतामा रोमाञ्चकारी भावको सिर्जना गर्ने उद्देश्य राखिएको छ । मानिस जीवन र मृत्यु दुवै मूलप्रवृत्तिलाई सँगसँगै आत्मसात् गरेर बाँचिरहेको हुन्छ । फरकफरक परिस्थिति र अवस्थामा ऊ जीवन र मृत्यु मूलप्रवृत्तिलाई सामञ्जस्यपूर्ण रूपमा उपयोग गर्दै र फेरि आइलाग्ने फरक परिस्थितिमा ती दुईका बिचमा परस्पर विरोधजन्य मानसिकता आत्मसात् गरेर आन्तरिक द्वन्द्वको चापमा परी बाँच्न बाध्य हुन्छ भन्ने मनोवैज्ञानिक सत्यलाई पसल्नी युवतीको अन्तर्मानसिकतामा निहित मनोदशाको उद्घाटन गरेर देखाउन खोजिएको छ। यिनै विविध प्रयोजनका लागि कथामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि....?', 'त्यही सात दिन', 'रमा', 'व्यर्थता', 'स्वामी, 'तपस्या' र 'रक्सीबाज', कथामा पनि जीवन र मृत्यु मूलप्रवृत्तिका कारणले पात्रको मानसिकता मनोद्वन्द्वको स्थितिमा पुग्छ भन्ने मनोवैज्ञानिक यथार्थलाई देखाउन, पात्रको आन्तरिक मनोदशाको उद्घाटन गर्न, प्रेम, सद्भाव र घृणा, निराशा र तिरस्कारजन्य मनोवृत्तिको उद्घाटन गर्न, दुई विपरीत प्रवृत्तिको द्वन्द्वात्मक चापमा पर्दा पात्रका मनोदशा र व्यवहारमा देखिने स्वभावको चित्रण गर्न, कौतूहल सिर्जना गरी पाठकीय रुचि बढाउन, कथालाई सुन्दर रोचक तुल्याउन लगायतका प्रयोजनका लागि पात्रका अन्तर्मानसिकतामा जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

५.३.४ हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्वविधानको प्रयोजन

प्रत्येक व्यक्तिले उच्चतम् स्थान प्राप्त गर्न चाहने तर चाहेजस्तो उच्चतम् स्थान प्राप्त गर्न नसक्दा व्यक्तिमा हीनत्वको भाव उत्पन्न हुन गई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा व्यक्तिको अन्तर्मानसिकतामा द्वन्द्वको स्थिति सिर्जना हुन्छ भन्ने मनोवैज्ञानिक मान्यता रहेको छ । यही मान्यताबाट निर्देशित भएर भिक्षुले कतिपय आफ्ना कथाका पात्रलाई हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्वको चापमा परेका देखाएका छन् ।

भिक्षुको 'नयाँ इतिहासको प्रारम्भ' कथाकी प्रभा क्रान्तिको अर्थ र सीमा राम्ररी बुझेकी नेपाली काङ्ग्रेसकी अत्यन्त सशक्त र जुझारु महिला नेतृ भएर देखिएकी छ । तत्कालीन समयमा नारीहरू राजनीतिक नेतृत्वमा आउन नसकेकामा प्रभाले २००७ सालको क्रान्तिको समयमा वीर विश्वेश्वर जिन्दावाद, नेपाल देश हो आजाद भन्ने नारा लगाउँदै विश्वेश्वरको विचारलाई आत्मसात् गरेर राजनीतिक उचाइ प्राप्त गरी श्रेष्ठत्व हासिल गर्न चाहेकी देखिन्छ । अर्कोतर्फ तत्कालीन राणाशासन समयका सरकारिया जागिरे उसका बाबु र दाइभाइ भने प्रभाको गतिविधिप्रति क्रुद्ध भएका देखिन्छन् । उनीहरुले प्रभालाई कथामा "नेपाल स्वतन्त्र गराउने तैंले गर्दा हाम्रो जागिर खोसियो, इज्जत गयो, मालिकहरू रिसाए । तेरो स्वतन्त्र नेपाल कहाँ छ, तेरो विश्वेश्वर किन आउँदैन, तेरो जिन्दावाद मुर्दा कसरी भयो ?" (भिक्षु, २०३४, पृ. ६९) भन्ने गरेका देखाइएको छ । यस उद्धरणमा प्रभाका बाबु र दाइभाइ उसको राजनीतिक क्रियाशीलताप्रति असन्तुष्ट देखिएका छन् । उनीहरूले उसलाई खाने, बस्ने, सुत्ने, उठ्ने बेलामा लगातार घोच्ने र चिडाउने गरेका छन् । देशमा प्रजातन्त्र ल्याउन सक्रिय भएर लागेकी प्रभालाई घरपरिवारबाट प्रोत्साहित गर्नुको सट्टा झन् निरुत्साहित गर्ने प्रयत्न भएकाले गर्दा ऊ दुःखी भएकी छ । उसले प्राप्त गर्न खोजेको राजनीतिक उचाइप्रति परिवारका बाबु र दाइभाइ विपरीत देखिएकाले यसबाट उसको अन्तर्मानसिकतामा पीडाबोध हुन पुग्दा ऊ हीनत्वबोधको चापमा परेकी छ । घरपरिवारको निरुत्साहनका बिच पनि त्यसलाई बिर्सेर ऊ श्रेष्ठत्वप्राप्तिका लागि अग्रसर भइरहेकी छ । यस सन्दर्भमा कथामा "कोइराला-परिवारसित उसले कुन्नि कसरी आफ्नो कुनै टाढाको नाता संबन्ध जोरी विश्वेश्वरलाई आफ्नो दाइको नातामा राखेकी थिई, र दाइको यस ख्यातिमा उसको अलिकति पनि सम्बन्ध छ भन्ने कुराले उसको मनमा एउटा अलक्षित गर्व थियो" (भिक्षु, २०३४, पृ. ६९) भनिएको छ । यस उद्धरणमा प्रभा विश्वेश्वरसँग दाइको नाता सम्बन्ध जोडेर उनको ख्यातिमा आफ्नो सफलता आँक्दै मनमा एक प्रकारको गर्व महसुस गरेर अघि बढ्दै गरेकी देखिन्छ । यसरी प्रभाको

अन्तर्मानसिकतामा हीनत्वबोध सिर्जना गरेर अनि श्रेष्ठत्वप्राप्तिको दिशामा उसलाई अग्रसर हुँदै गरेकी देखाएर कथामा उसको मनोदशा आन्तरिक द्वन्द्वको चापमा परेको देखाइएको छ ।

कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्वविधानको आयोजनका माध्यमबाट क्रान्तिमा होमिएकी प्रभाले घरपरिवारको विरोध र असहमतिको कारणले गर्दा आफ्नो राजनीतिक यात्रालाई छोड्ली कि निरन्तरता दिइरहली भन्ने द्विविधा सिर्जना गरेर कौतूहल सिर्जना गर्न खोजिएको छ । तत्कालीन समयमा सामाजिक राजनीतिक क्रियाकलापमा सक्रिय भएर व्यक्तित्व माथि उठाउन चाहने नारीहरूलाई घरपरिवार र समाजले विश्वास नगर्दा र कमजोर ठान्दा अनि नारी भनेका घरमै सीमित हुनुपर्ने क्षमताका हुन् भन्ने धारणा बनाउँदा सक्षम र सशक्त क्षमता प्रदर्शन गरेर सामाजिक राजनीतिक उचाइ बनाउन सक्ने नारी पनि खुम्चिएर बस्नुपरेको सत्यको उद्घाटन गरेर यसकै कारणबाट उनीहरू हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वमा पर्नुपरेको यथार्थलाई देखाउने प्रयोजनको लागि यस प्रकारको आन्तरिक द्वन्द्वविधानको आयोजन कथामा गरिएको देखिन्छ । हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिको मनोभाव व्यक्तित्व विकास गरी जीवनलाई माथि उठाउने प्रमुख ऊर्जा भए पनि यी दुईका बिचको द्वन्द्वले व्यक्तिमा निराशा, दुःख र पीडाको अनुभूति हुन्छ भन्ने कुरा देखाउँदै परिस्थितिअनुरूप यी दुई मनोभावका बिच द्वन्द्वको अवस्था बन्न जाँदा व्यक्तिले यसलाई आत्मसात् गरी आन्तरिक द्वन्द्वको चापमा परेर बाँच्न बाध्य हुन्छ भन्ने मनोवैज्ञानिक सत्यलाई प्रभाको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा मनोद्वन्द्वको आयोजन गरेर देखाउन खोजिएको छ । यस किसिमको द्वन्द्वविधानले कथामा कौतूहल सिर्जना गरी पाठकको रुचि बढाउन पनि सहयोग गर्ने देखिन्छ । यिनै विविध प्रयोजनका लागि कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ ।

'पाइप' कथामा युवती वेश्याको भूमिकामा देखिएकी छ । तत्कालीन समयमा बी.ए. उत्तीर्ण गरेकी ऊ शिक्षित पात्र हो । उसले आफू वेश्या बनेर हिँड्नुपरेको सन्दर्भका बारेमा वेश्यागामी पात्र युवकलाई यथार्थ कुरा बताउँदै गरेकी छ । सम्पर्कमा आएको युवकसँग कामतृप्तिको कार्य सम्पन्न भएपछि युवक र युवतीका बिचमा प्रश्नोत्तरकै शैलीमा कुराकानी हुँदै गर्दा युवकले "तपाईं बिहा गर्नुसट्टा यस्तो काममा कसरी लाग्नुभयो भन्ने कुरा मात्र थाहा पाउन खोजेको हुँ । अरू केही होइन" (भिक्षु, २०३४, पृ. २८) भनेको छ । यस उद्धरणमा आएको युवकको जिज्ञासाबाट पैसा लिएर जीउ सुम्पने आइमाई वेश्या र आवाराका रूपमा समाजमा चिनिने र आफूले गर्दै आएको कार्य पनि वेश्यावृत्ति नै भएकाले गर्दा युवतीको मानसिकतामा हीनत्वबोधको सिर्जना भएको देखिन्छ । युवकसँगको कुराकानीमा कुनै मानिससित शरीर व्यापार चलाएपछि आफूलाई हीन मान्ने कुरा बिर्सिसकेको युवतीले खुलस्त गरेकी छ । उसले "मैले पो तिनीहरूको उपयोग गरी तिनीहरूलाई होच्याएकी छु । यसले गर्दा धेरै सन्तापबाट बाँचें । लोग्ने मानिसहरूमाथि मैले आफूलाई विजयी तुल्याएकी छु" (भिक्षु, २०३४, पृ. २९) भनेकी छ । यस उद्धरणमा वेश्यावृत्तिको कर्म गरेर हिँड्नुपरेकाले हीनत्वबोध गरेकी युवतीले त्यसलाई शमन गरेर श्रेष्ठत्वप्राप्तिको अनुभूति गर्न आफूले वेश्यावृत्तिका माध्यमबाट पुरुषहरूमाथि विजय प्राप्त गर्न सकेको भनेकी छ । उसले पुरुषहरूलाई उपयोग गरेर होच्याउन सकेको र सन्तापबाट बँच्न सफल भएको पनि खुलाएकी छ । यसबाट युवतीको अन्तर्मानसिकतामा श्रेष्ठत्वप्राप्तिको बोध भएको पाइन्छ । एकातिर

वेश्यावृत्तिको कर्म गर्दै हिँड्नुपरेकाले हीनत्वबोध गर्दै गरेकी र अर्कोतर्फ वेश्यावृत्तिको कर्मका क्रममा पुरुषहरूलाई उपयोग गरेर होच्याउन सकेको अनि तिनीहरूमाथि विजय प्राप्त गर्न सकेको महसुस गरेर श्रेष्ठत्व प्राप्त गर्न उत्सुक भइरहेकी युवतीको अन्तर्मानसिकता हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको मनोद्वन्द्वको चापमा परेको देखाएर कथामा यससम्बन्धी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच द्वन्द्वविधानको आयोजनका माध्यमबाट पढेलेखेकी शिक्षित युवती राम्रै जागिर खाएर इज्जतका साथ जीवन अघि नबढाएर किन वेश्यावृत्तिजस्तो हीन र तिरस्कारजन्य पेसामा लागेकी होली भन्ने कौतूहल पाठकका मनोभावमा सिर्जना गर्न खोजिएको छ । हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको विपरीत सम्बन्धका कारणले पात्रको मानसिकता मनोद्वन्द्वको स्थितिमा पुग्छ भन्ने मनोवैज्ञानिक यथार्थलाई यस किसिमको द्वन्द्वविधानको आयोजन गरेर देखाउन खोजिएको छ । आफ्नो कर्मबाट हीनत्वबोध गर्न पुगेकी र कृतिम प्रकृतिको श्रेष्ठत्व प्राप्त गरेको भाव देखाउँदै गरेकी भए पनि खासमा युवती आफूले गर्दै आएको कर्मप्रति सन्तुष्ट नभएकी देखाएर समाजले अस्वीकार गर्ने पेसा र कर्मले मानिसलाई सुख र आनन्द दिन सक्दैन भन्ने कुरा युवतीको मनोदशाको प्रस्तुतिका माध्यमबाट देखाउन खोजिएको पाइन्छ । समाज र संस्कारले तिरस्कार गर्ने कर्ममा लाग्दा त्यस्तो कर्मबाट श्रेष्ठत्वको प्राप्ति गर्न चाहे पनि अन्ततः हीनत्वबोधको चपेटामा पर्नै पर्ने हुन्छ भन्ने कुरालाई देखाएर सामाजिक सचेतना जगाउनका लागि पनि कथामा युवतीको अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा आन्तरिक द्वन्द्वको आयोजन गरिएको छ । यिनै विविध प्रयोजनका लागि यस कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि ....?', 'त्यही सात दिन', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'मानव', 'रक्सीबाज', 'सैतानको सैतानी', 'उधारो सम्मान', 'साहुको सम्पत्ति', 'मालिकको छोरो', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट', 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ', 'हारजित', 'माधुरी नानी', 'माऊजङ बाबुसाहेबको कोट', 'सावित्रीको बाख्रो', 'मीना', 'दुई अनुभूत सत्य', 'मिस्त्री', 'बाबुसाहेबचा', 'रानीसाहेब', 'एक पैसा' र 'भ्रष्टयज्ञ' कथामा पनि हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको तानातानीको कारणले पात्रको मानसिकता मनोद्वन्द्वको स्थितिमा पुग्छ भन्ने मनोवैज्ञानिक यथार्थलाई देखाउन, पात्रको आन्तरिक मनोदशाको उद्घाटन गर्न, यस किसिमको द्वन्द्वको चापमा पर्दा पात्रको व्यवहारमा देखिने स्वभावको चित्रण गर्न, कौतूहल सिर्जना गरी पाठकीय रुचि बढाउन, क्षणविशेषको अनुभूतिलाई देखाउन, व्यक्तिविशेषको चरित्र उद्घाटन गर्न, कथालाई सुन्दर र रोचक तुल्याउन लगायतका प्रयोजनका लागि पात्रका अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिच आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

५.३.५ पुरुषपन र नारीपनका बिच द्वन्द्वविधानको प्रयोजन

प्रत्येक व्यक्ति उभयलिङ्गी हुने भएकाले पुरुषको सामूहिक अचेतनमा नारीपन र नारीको सामूहिक अचेतनमा पुरुषपन लुकेर रहेको हुन्छ र एउटै व्यक्तिमा हुने यी परस्पर विपरीत गुणको प्रभावले गर्दा व्यक्तिको अन्तर्मानसिकतामा द्वन्द्वको स्थिति सिर्जना हुन्छ भन्ने

मनोवैज्ञानिक मान्यता रहेको छ । यही मान्यताबाट निर्देशित भएर भिक्षुले कतिपय आफ्ना कथाका पात्रलाई पुरुषपन र नारीपनका बिचको द्वन्द्वको चापमा परेको देखाएका छन् ।

भिक्षुको 'मैयाँसाहेब' कथाकी मैयाँ दरबारिया राणाकी भित्रिनीपट्टिकी छोरी र अजय उसकै दरबारमा काम गर्ने कारिन्दाको छोराको भूमिकामा देखिएका छन् । यी दुवै समवयका पनि देखिन्छन् । कथामा आएको एउटा घटनामा राम्ररी सिँगारिएर भऱ्याङ ओर्लन लागेकी मैयाँ र तलबाट माथि उक्लन लागेको अजयका बिचमा जम्काभेट भएको देखाइएको छ । यस समयमा अजयको पुरुषपन मैयाँतर्फ आकर्षित भएको छ । मैयाँको सुन्दरताबाट ऊ मोहित भएको छ । मैयाँ पनि उसप्रति आकर्षित भएकी छ । यस सन्दर्भमा कथामा "सिँढीको मध्यमा उभिएर अजयले अनयासै मैयाँको च्यूँडो समाती अलिक उचालेर हेर्न लाग्यो । ... मैयाँसाहेबले कुनै प्रतिरोध गरिनन्, हतपताउन पनि हतपताइनन्, ठिङ्ग उभिई नै रहिन्" (भिक्षु, २०६३, पृ. २-३) भनिएको छ । अजयले भऱ्याङमा भेट हुँदा मैयाँको च्यूँडो समातेर उसलाई हेर्नुको पछाडि मैयाँतर्फ उसको पुरुषपनको आकर्षण नै मूल कारण हो भन्ने यस उद्धरणबाट देखिन्छ । अजयले त्यसो गर्दा मैयाँ पनि अजयकै क्रियामा सहमत भएकी छ । उसले कुनै प्रतिरोध र हतारो नगरी ठिङ्ग उभिएकी छ । यसले मैयाँको चेतनगत नारीपन अजयतर्फ र अजयको चेतनगत पुरुषपन मैयाँतर्फ आकर्षित भएको देखिन्छ । यसपछिका दिनमा पनि दुवैले एकअर्कालाई माया गर्दै गरेका छन् । यसैबिच कथामा आएको अर्को घटनामा मैयाँ बिरामी भएकी थाहा पाएर अजय भेट्न गएको छ । भेटका क्रममा दुई पात्रका बिचमा भएको संवादमा "यहाँलाई सन्चो छैन ? के भयो ?" ... मैयाँसाहेबले भनिन्- "अजय, यसरी सोध्न सुआउँदैन, दरबारको यति आवतजावत भएर कुरा गर्ने ढङ्ग थाहा पाउनैपर्ने थियो । ... अजयले भन्यो- "मलाई माफ गर्नुहोस् हजुरसँग धेरै हेलमेल भएर दरबारी काइदामा चुकेँ । तर ..." (भिक्षु, २०६३, पृ. ३) भनिएको छ । यस उद्धरणमा मैयाँले अजयलाई उसले बोलेको भाषालाई कारण बनाएर अपमानित गरेकी छ र गल्ती महसुस गरेर अजयले बाध्य भई माफी नै माग्नुपरेको देखिन्छ । यहाँनेर मैयाँले अजयले बोलेको भाषालाई लिएर विवाद सिर्जना गरी उसलाई अपमान गर्ने प्रयत्न गरेकीबाट उसको नारीपन निष्क्रिय भई अचेतनगत पुरुषपनको प्रभावमा परेको छ । अजयको पुरुषपन पनि निष्क्रिय भएर अचेतनगत नारीपनको प्रभावमा परेको देखिन्छ । कथामा मैयाँको नारीपन अजयको पुरुषपनतर्फ र अजयको पुरुषपन मैयाँको नारीपनतर्फ आकर्षित हुँदा दुई पात्र एकअर्काप्रति प्रेममय भावमा परेका र मैयाँको अचेतन पुरुषपन र अजयको अचेतन नारीपन सक्रिय हुँदा दुवै पात्र एकअर्काप्रति विकर्षित भएका देखाएर कथामा दुवै पात्रका अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिचमा मनोद्वन्द्वको स्थिति सिर्जना गरी यससम्बन्धी द्वन्द्वविधानको आयोजन गरिएको छ ।

कथामा पुरुषपन र नारीपनका बिच आन्तरिक द्वन्द्वविधानको आयोजनका माध्यमबाट अजय र मैयाँका बिचको प्रेममय सम्बन्ध कुन रूपमा क्रियाशील होला भन्ने कौतूहल सिर्जना गरी कथामा एक प्रकारको कलात्मक चमत्कार र सुन्दरता अभिवृद्धि गर्न खोजिएको देखिन्छ । मैयाँको चेतन नारीपनले र अजयको चेतन पुरुषपनले एकअर्कालाई चाहेको र उनीहरू प्रेममय क्रीडा गर्न आतुर भएका देखिए पनि मैयाँको दरबारिया कुल, मर्यादा, संस्कार, सम्पन्नता, इज्जत र जीवनशैली आदि अजयसँग केही नमिल्ने भएकाले दुई पात्रका अन्तर्मानसिकतामा अचेतनस्थित पुरुषपन र नारीपनलाई सक्रिय गराएर परस्पर विमति र दूरी बढ्न गएको देखाई

पुरुष र महिलाको विवाहपछिको जीवन सफल बन्नको लागि कुल, परम्परा, संस्कार आदि कुरालाई पनि विचार गरेर सम्बन्ध जोड्नुपर्छ । तत्कालको आकर्षणमा परेर स्थापित सम्बन्धले जीवनभर काम नदिन सक्छ भन्ने सचेतना प्रस्तुत गर्न पनि कथामा यस किसिमको द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ । पुरुष र नारी दुवै उभयलिङ्गी हुन्छन् । बाहिर चेतनमा पुरुष भए पनि पुरुषको अचेतनमा नारीपन पनि रहेको हुन्छ । त्यस्तै गरी बाहिर चेतनमा नारी भए पनि नारीको अचेतनमा पुरुषपन पनि रहेको हुन्छ । यसैले गर्दा यी दुई गुणको परस्परको असहमति र विरोधको कारण व्यक्ति मनोद्वन्द्वको चापमा पर्दछ भन्ने मनोवैज्ञानिक यथार्थलाई देखाउन पनि कथामा मैयाँ र अजयका अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिचमा आकर्षण र विकर्षणको स्थिति देखाएर मनोद्वन्द्वको सिर्जना गरिएको छ । यिनै विविध प्रयोजनका लागि कथामा पुरुषपन र नारीपनका बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

'तपस्या' कथाकी भामा बाह्र वर्षको उमेरमा विवाह भएर चौंध वर्षको उमेर हुँदा विधवा भएकी अनि कथामा सत्र वर्ष उमेरकी यौवना भएर देखिएकी छ । विधवा भएपछि ऊ माइतीमा आएर दाइ गुरूप्रसादको संरक्षणमा बस्दै आएकी देखिन्छ । यसैबिच उसको दाइको साथी कलकत्तामा बी.ए. पढ्दै गरेको श्रीनाथ उसको घरमा आइपुगेको कथामा देखाइएको छ । पढेलेखेको सबै कुरा बुझेको श्रीनाथलाई देखेपछि भामा उसप्रति आकर्षित भएकी छ । उसले कथामा "म के सोचिरहिछु ? के मलाई थाहा छैन ! अवश्य छ । परन्तु मुखले बोल्नाको ममा साहस छैन; यस एकान्तमा पनि मेरो मुख सामर्थ्य छैन" (भिक्षु, २०५२, पृ. ७१) भनेकी छ । यस उद्धरणमा आएको भामाको आत्मकथनबाट उसको नारीपनले श्रीनाथसँग नजिक हुन चाहेको देखिन्छ । यति हुँदा पनि उसले आफ्नो चाहना श्रीनाथसँग खुलेर बोल्ने सामर्थ्य देखाउन भने सकेकी छैन । यहाँनेर उसैको अचेतनगत पुरुषपनले मुख फोरेर खुल्नबाट अवरोध पुऱ्याइरहेको छ । यसले गर्दा ऊ पुरुषपन र नारीपनका बिचको द्वन्द्वको चापमा परेकी छ । यस किसिमको मनोद्वन्द्वको सिर्जना गरेर कथामा पुरुषपन र नारीपनका बिच आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

कथामा पुरुषपन र नारीपनका बिच आन्तरिक द्वन्द्वविधानको आयोजनका माध्यमबाट पाठकका मानसिकतामा अब अगाडि बढ्दै गर्दा भामाले के गर्ली भन्ने कौतूहल सिर्जना गर्न खोजिएको छ । यसबाट कथामा साहित्यिक चमत्कार र सुन्दरताको उद्घाटन हुन गएको छ । यौवना उमेरको चाहनाबाट उत्प्रेरित भएर भामाको नारीपनले श्रीनाथलाई रुचाएको भए पनि उसकै अचेतनमा निहित पुरुषपनले अवरोध सिर्जना गर्दा भामाको वैधव्य, मर्यादा र विधवा नारीको सामाजिक मूल्यको संरक्षण भएको छ । यससँगै श्रीनाथका अगाडि उसले आफ्नो वैधव्यअनुरूपको प्रतिष्ठा जोगाउन सफल पनि भएकी छ । तत्कालीन समयअनुकूलको सामाजिक सचेतना प्रदान गर्नु पनि यस किसिमको द्वन्द्वविधान आयोजनको प्रयोजन देखिन्छ । व्यक्ति उभयलिङ्गी हुनेभएकाले एउटै व्यक्ति पुरुषले बाहिर चेतनमा पुरुषपन र अचेतनमा नारीपन अनि व्यक्ति नारीले बाहिर चेतनमा नारीपन र अचेतनमा पुरुषपन आत्मसात् गरेका हुने हुँदा परस्पर विपरीत दुई गुणका बिचमा मनोद्वन्द्वको सिर्जना हुन्छ भन्ने मनोवैज्ञानिक यथार्थलाई देखाउनका लागि पनि कथामा भामाका अन्तर्मानसिकतामा चेतन नारीपन र अचेतन पुरुषपनका बिचमा मनोद्वन्द्वको सिर्जना गरिएको देखिन्छ । यिनै विविध

प्रयोजनका लागि 'तपस्या' कथामा पुरुषपन र नारीपनका बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखापर्छ ।

भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि ...?', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट', अब म त्यस पसलमा सिगरेट किन्दिनँ' र 'मीना' कथामा पनि पुरुषपन र नारीपनका बिचको तानातानीको कारणले गर्दा पात्रको मानसिकता मनोद्वन्द्वको स्थितिमा पुग्छ भन्ने मनोवैज्ञानिक यथार्थलाई देखाउन, पात्रको आन्तरिक मनोदशाको उद्घाटन गर्न, यस्तो द्वन्द्वको चापमा पर्दा पात्रका व्यवहारमा देखिने स्वभावको चित्रण गर्न, कौतूहल सिर्जना गर्न, पाठकीय रुचि बढाउन, कथालाई रोचक र सुन्दर तुल्याउन लगायतका प्रयोजनका लागि पात्रका अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिच आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

५.३.६ अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्वविधानको प्रयोजन

प्रत्येक व्यक्ति चेतनमा देखिँदा अन्तर्मुखी र बहिर्मुखी हुने भए पनि एउटै व्यक्तिमा दुवै व्यक्तित्व एउटा चेतनमा र अर्को अचेतनस्तरमा रहने भएकाले एउटै व्यक्तिमा हुने यी परस्पर विपरीत व्यक्तित्वका कारण व्यक्तिको अन्तर्मानसिकतामा द्वन्द्वको स्थिति सिर्जना हुन्छ भन्ने मनोवैज्ञानिक मान्यता रहेको छ । यही मान्यताबाट निर्देशित भएर भिक्षुले कतिपय आफ्ना कथाका पात्रलाई अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वको चापमा परेको देखाएका छन् ।

भिक्षुको 'व्यर्थता' कथाकी करुणा श्रृङ्गार सज्जाबाट सुसज्जित भएर पशुपतिनाथ र सहरका अन्य देवदेवीको दर्शन गर्ने बहानामा आफूलाई प्रदर्शित गर्न निस्केकी छ । उसले "कसैले त हेरोस् । यो यौवन, यो रूप, यो सौन्दर्य, यो श्रृङ्गार प्रदर्शित भएरै अलि खिइऊन् । मान्छेहरू उनलाई हेर्दथे र सम्मानको प्रेरणाले आँखा तल गर्दथे । मनमनै करुणा रिसाइहाल्दथिन्" (भिक्षु, २०५२, पृ. ५३) भनेकी छ । यस उद्धरणमा करुणाले आफ्नो रूप, सौन्दर्य र यौवन बाहिरी वातावरणमा प्रदर्शन गरेर आनन्द लिन चाहेकी छ । आफूलाई हेर्नेहरूप्रति सङ्केत गर्दै उसले मानिसहरूले उसलाई हेरे पनि विस्फारित नेत्रले टकटकी लगाएर नहेरेकामा असन्तुष्टि दर्साएकी छ । यसबाट उसले आफूलाई मानिसहरूले खुब हेरून् भन्ने चाहेकी देखिन्छ । उसको यो अरूप्रति लक्षित रुचि र स्वभाव बहिर्मुखी व्यक्तित्वबाट निर्देशित भएको देखापर्छ । यहीनेर फेरि उसले सम्मानपूर्वक हेरेका मानिससँग नजिकिएर र खुलस्तसँग बोलेर आत्मीयता बढाउने कुनै किसिमको प्रयत्न नै गरेकी छैन । यसबाट उसको व्यक्तित्व अन्तर्मुखी प्रवृत्तिको देखिएको छ । यी तथ्यलाई हेर्दा करुणा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वको चापमा परेकी देखिन्छ । करुणाको अन्तर्मानसिकतामा यस किसिमको द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिच आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ ।

कथामा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्वविधानको आयोजनका माध्यमबाट पाठकका मानसिकतामा कथा अघि बढ्दै गर्दा नारी पात्र करुणाले केकस्तो गतिविधि देखाउली र कथाले कुन मोड लेला भन्ने कौतूहल सिर्जना गर्न खोजिएको छ । कथाकी पात्र करुणा घरमा पतिसँगको मायाप्रेमबाट सन्तुष्ट हुन नसकेर आफ्नो यौवन र रूप प्रदर्शन गर्नको लागि

सहर घुम्न निस्किएकी भए पनि त्यसरी घुम्दै गर्दा आफूलाई हेर्ने मानिसहरूसँग कुरा गर्ने र बोल्ने अनि सम्पर्क बढाउने कुनै प्रयास गर्न नसकेकी देखाएर उसको सतीत्व र विवाहित नारीको मर्यादा विघटन हुनबाट बचाउने प्रयास पनि गरिएको छ । यस किसिमको द्वन्द्वविधानको आयोजनका माध्यमबाट हाम्रो समाजको मूल्यमान्यता, संस्कार र परम्पराअनुसार विवाहित नारी पतिलाई छोडेर घरबाहिरको सम्पर्कबाट आनन्दको खोजी गर्ने मार्गमा लाग्नु हुँदैन भन्ने सामाजिक सचेतना पनि दिन खोजिएको देखिन्छ । मानिस बहिर्मुखी र अन्तर्मुखी गरी दुई प्रकारका व्यक्तित्वबाट निर्देशित भएको हुन्छ । बाहिर देखिँदा ऊ बहिर्मुखी र अन्तर्मुखीमध्ये एउटा व्यक्तित्वको देखिए पनि भित्र क्षिप्त रूपमा ऊ बाहिर देखिएभन्दा भिन्न व्यक्तित्वलाई पनि सँगै आत्मसात् गरेर बाँचिरहेको हुन्छ । कतिपय अवस्थामा यी दुई व्यक्तित्वका बिचमा पारस्परिक सामञ्जस्यता बन्ने भए पनि परिस्थितिअनुरूप बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्व परस्पर विरोधमा रहँदा व्यक्ति मनोद्वन्द्वको चापमा पर्न जान्छ भन्ने मनोवैज्ञानिक यथार्थलाई देखाउन पनि कथामा करुणाका अन्तर्मानसिकतामा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचमा द्वन्द्वको सिर्जना गरिएको स्पष्ट हुन्छ । पात्रको चरित्र उद्घाटन गर्न, कथात्मक सौन्दर्य वृद्धि गर्न, मनोरञ्जन प्रदान गर्न लगायतका विविध प्रयोजनका लागि कथामा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

'मानव' कथाको प्रमुख पात्र गोविन्द तुङ्गनाथको स्कुले साथी हो । दुवै जना दरबार स्कुलको म्याट्रिकुलेसन क्लासमा सँगै पढ्दै गरेका देखिन्छन् । यस सन्दर्भमा कथामा "दुवै मित्र थिए र उनीहरूको अकपट मेलमिलाप सारा छात्र तथा अध्यापक वर्गलाई पनि थाहा थियो" (भिक्षु, २०५२, पृ. ८३) भनिएको छ । यस उद्धरणले गोविन्द अरूमा रुचि राख्ने मिलनसार व्यक्तित्व हो भन्ने देखाएकाले उसको व्यक्तित्व बहिर्मुखी स्वभावको देखापर्छ । स्कुलमा आयोजित कार्यक्रममा आफ्नो कविता सिर्जना वाचन गरेको गोविन्दले उक्त कवितामा जीवनका बारेमा सबैसँग मिल्ने विचार व्यक्त गरेको छ । उसको अरूमा केन्द्रित विचारले पनि ऊ बहिर्मुखी व्यक्तित्व भएको देखिन आउँछ । अर्कोतिर गोविन्द सङ्कोच मान्ने स्वभावको पनि देखिएको छ । यस सन्दर्भमा कथामा "उसको स्वाभाविक सङ्कोची प्रकृतिलाई सबै जना पोइटिक एक्ट भन्दथे, औ उसको एकान्तप्रियताको खिसी गर्दथे" (भिक्षु, २०५२, पृ. ८४) भनिएको छ । यस उद्धरणमा गोविन्द सङ्कोच मान्ने र एकान्त मन पराउने स्वभावको पात्र हो भन्ने देखाइएको छ । यस्तो स्वभाव अन्तर्मुखी व्यक्तित्वबाट निर्देशित हुने हुँदा ऊ यसबाट प्रभावित चरित्र हो भन्ने देखिन्छ । साथी बनाउन चाहने र एकान्तमा रमाउन पनि चाहने गोविन्दको स्वभाव देखिँदा ऊ बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वको चापमा परेको छ भन्ने स्पष्ट हुन्छ । गोविन्दका अन्तर्मानसिकतामा यस किसिमको द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

कथामा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिच द्वन्द्वविधानको आयोजनका माध्यमबाट कथाको पात्र गोविन्दले कथा अघि बढ्दै गर्दा कस्तो क्रियाकलाप र भूमिका प्रस्तुत गर्दै जाला भन्ने कौतूहल कथाका पाठकमा सिर्जना गर्न खोजिएको छ । यसबाट कथामा रोचकता र सुन्दरता पनि सिर्जना गर्न खोजिएको देखिन्छ । मानिसले बहिर्मुखी र अन्तर्मुखी दुवै व्यक्तित्व

आत्मसात् गरेको हुने र जीवनमार्गका कतिपय क्षणमा परिस्थितिअनुसार यी दुई व्यक्तित्वका बिचमा द्वन्द्व भइरहने कुरा देखाएर कथालाई रोचक र जीवनवादी रूपमा प्रस्तुत गर्ने प्रयोजनका लागि पनि यस किसिमको द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ । बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचमा द्वन्द्व हुँदा व्यक्तिको अन्तर्मानसिकतामा मनोद्वन्द्वको स्थिति बन्न जान्छ र त्यसको प्रभाव उसको बाह्य जीवनमा पनि प्रकट हुने गर्छ भन्ने मनोवैज्ञानिक यथार्थलाई देखाउन पनि गोविन्दका अन्तर्मानसिकतामा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचमा द्वन्द्वको आयोजन गरिएको देखिन्छ । यिनै विविध प्रयोजनका लागि कथामा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन सार्थक बनेको देखिन्छ ।

भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि ...?', 'त्यही सात दिन', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'मानव' र 'त्यो फेरि फर्कला ?' कथामा पनि अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको विमतिको कारणले गर्दा पात्रको मानसिकता मनोद्वन्द्वको स्थितिमा पुग्छ भन्ने मनोवैज्ञानिक यथार्थलाई देखाउन, पात्रको आन्तरिक मनोदशाको उद्घाटन गर्न, पात्रको चारित्रिक विघटन हुनबाट बचाउन, पात्रको व्यवहारमा देखिने स्वभाव र गतिविधिको चित्रण गर्न, कौतूहल सिर्जना गरी कथालाई रोचक र सुन्दर तुल्याउन लगायतका प्रयोजनका लागि पात्रका अन्तर्मानसिकतामा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

५.४ भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधानको प्रयोजन

भवानी भिक्षुका कथा सामाजिक यथार्थको प्रस्तुतिका दृष्टिले पनि सशक्त छन् । समाजको चित्र प्रस्तुत गर्ने क्रममा उनका कथामा पात्रहरूका बिचमा बाह्य द्वन्द्वविधानको आयोजन गरिएको छ । खास गरी भिक्षुले आफ्ना कथामा पात्रहरूका बिचमा सम्पत्ति, शक्ति र प्रतिष्ठाका लागि मतभेद सिर्जना गरी त्यसैमा पात्रहरूलाई एकापसमा तानातानीमा पारेर बाह्य द्वन्द्वविधानको आयोजन गरेका छन् । उनका कथामा पात्रहरूका बिचमा सम्पत्ति, शक्ति र प्रतिष्ठालाई केन्द्रक बनाएर बाह्य द्वन्द्वविधानलाई देखाइएको पाइन्छ । यसप्रकारसँग भिक्षुका कथामा बाह्य द्वन्द्वविधानको आयोजन गर्नुको प्रयोजनका विषयमा यहाँ अध्ययन र विश्लेषण गरिएको छ ।

५.४.१ सम्पत्तिका लागि सिर्जित द्वन्द्वविधानको प्रयोजन

समाजमा सम्पत्ति भएका र व्यावसायिक एवम् सम्पत्ति नभएका सामाजिक वर्गहरू एकै ठाउँमा बस्ने र तिनीहरूका बिचमा सम्पत्तिकै कारणले गर्दा मतभेद सिर्जना भई द्वन्द्वको स्थिति सिर्जना हुने हुँदा सम्पत्ति समाजमा मानिसहरूका बिचमा द्वन्द्व बढाउने प्रमुख आधार हो भन्ने मान्यता रहेको पाइन्छ । यही मान्यताबाट निर्देशित भएर भिक्षुले कतिपय आफ्ना कथाका पात्रहरूका बिचमा सम्पत्तिका लागि सिर्जित द्वन्द्वविधानको कलात्मक आयोजन गरेका छन् ।

भिक्षुको 'रक्सीबाज' कथामा तारानाथको बाबु बूढो भइसकेको र उसकी सौतेनी आमातर्फका दुई भाइ, बहिनी र सौतेनी आमाको पारिवारिक सम्पत्तिमा प्रभाव र वर्चश्व देखिएको अनि तारानाथलाई भने हेला, तिरस्कार र अपमान गरेर पारिवारिक सम्पत्तिको

व्यावहारिक उपयोगमा विमुख गरिएको देखाइएको छ । यसले गर्दा ऊ असन्तुष्ट भएर सौतेनी नालतर्फका परिवार र उसका बिचमा सम्पत्तिका लागि सिर्जित द्वन्द्वको स्थिति सिर्जना भएको छ । यसैबिच रक्सी खाने बानी राम्रो भएन भन्दै गरेकी बहिनी मञ्जेश्वरीसँग उसले "तर हेर, त्यस मूर्ख बूढोलाई मुठ्ठीमा पारेर चाहिएजति धनसम्पत्ति थुत, मलाई त्यसको वास्ता छैन, तर मसँग अनाहकमा कलह बेसाउनु राम्रो हुँदैन है !" (भिक्षु, २०५२, पृ. ९८) भनेको छ । यस उद्धरणमा तारानाथ सौतेनी आमातिरका सबैसित उनीहरूले घरको सबै सम्पत्ति हड्पेर उपयोग गरिरहेका र बूढा बाबुलाई मुठ्ठीमा पारेर आफूलाई घरको सम्पत्तिबाट विमुख बनाएका भनेर असन्तुष्ट भएको देखिन्छ । उसले आफूलाई सम्पत्तिको वास्ता छैन भनेको भए पनि त्यसकै कारणले ऊ क्रोधित भएको छ । मञ्जेश्वरीले यस विषयमा विवाद र झैझगडा गर्ने इच्छा भए आमा र माहिला दाइसँग गए हुने जवाफ फर्काएकी छ । कथाको यस सन्दर्भले तारानाथ र सौतेनी नालतर्फका भाइ, बहिनी र सौतेनी आमाका बिचमा सम्पत्तिका लागि सिर्जित द्वन्द्वको स्थिति सिर्जना भएको देखिन्छ । कथाको अर्को घटनामा बहिनी मञ्जेश्वरीको इयरिङ्ग हराएको विषयमा विवाद भएर त्यसको चोरीको आरोप अप्रत्यक्ष रूपमा तारानाथमाथि लगाउन थालिएपछि उसले कथामा "के देख्लास् ? जम्मै धनसम्पत्ति थुत्ने, नाश पनि पार्ने, अझ देखौंला रे !" (भिक्षु, २०५२, पृ. १००) भनेको छ । यस उद्धरणमा तारानाथ आफूलाई निर्धो देखेर इयरिङ्ग र अन्य सम्पत्ति बर्बाद पार्न थालेको आरोप लगाइएको बुझेर आक्रोशित भएको देखिन्छ । उसले भाइहरू र सौतेनी आमालाई घरको सबै सम्पत्ति थुतेको र नाश पारेको आरोप लगाएको छ । कथामा देखिएको यस्तो विवादले पात्रहरू सम्पत्तिका लागि सिर्जित द्वन्द्वको चापमा परेका स्पष्ट हुन्छ । यसरी कथामा पात्रहरूका बिचमा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

कथामा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजनका माध्यमबाट हाम्रो समाजमा सम्पत्तिका विषयमा हुने तानातानीको कारणले गर्दा मानिसहरूका बिचमा द्वन्द्व भइरहने गरेको र त्यस्तो द्वन्द्वले परिवारका बिचमा पनि मनमुटाव सिर्जना भएर घरायसी अशान्तिको स्थिति बन्ने गरेको समसामयिक यथार्थलाई देखाउन खोजिएको छ । कथामा तारानाथ, उसकी सौतेनी आमा र सौतेनी नालतर्फका दुई भाइ एवम् बहिनीका बिचमा देखिएको सम्पत्तिसम्बन्धी विवादका माध्यमबाट सामाजिक सत्यको झलक प्रस्तुत गर्नुका साथै व्यक्ति विशेषको चरित्रको उद्घाटन गर्दै त्यसका माध्यमबाट समाजको चित्र पनि प्रस्तुत गर्न खोजिएको छ । कथामा पात्रहरूका बिचमा सिर्जना भएको यस्तो विवादले अघि बढ्दै गर्दा कस्तो रूप लेला भनेर पाठकका मनमा कौतूहल जगाउन पनि यस किसिमको द्वन्द्वविधानले सघाएको देखिन्छ । यिनै विविध प्रयोजनका लागि कथामा पात्रहरूका बिचमा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

'सैतानको सैतानी' कथामा गरिब वाहिद सहरको एउटा सानो ठाउँमा सिङ्गर सुइङ्ग मेसिन राखेर दर्जीको काम गर्दै गरेको देखिन्छ । उसले दिनभरिको कमाइ साँझ घरमा आएर पत्नीको हातमा बुझाउने गरेको छ । घरको सबै आर्थिक व्यवस्थापन पत्नी रजियाले मिलाउने गरेकीले वाहिद र उसकी पत्नी रजियाको नातासम्बन्ध रूपयाँ पैसासँग सम्बन्धित व्यवसायजस्तो बनेको कथामा देखाइएको छ । पहिले पतिकै कमाइबाट घरव्यवहार सबै चलाउने र कसकास पारेर त्यसैबाट पछिका लागि केही रूपैयाँ बचत पनि गर्ने गरेकी रजिया

बाबु मरेको खबर पाएपछि सम्पत्तिको हकवाला आफू मात्र भएकीले आफ्नो नाममा बाबुको सम्पत्ति आउने भयो भनेर फुर्किन थालेकी छ । यस सन्दर्भमा कथामा उसले "यति जाबो पैसा लिएर काम चल्दैन; यसरी कहाँसम्म चिच्चाई चिच्चाई मरूँ ! यी यतिका औलाद लिएर अब यो रोजीको कमाइमा गुजारा हुन सक्ने छैन है ! म त सफा भनिरहिछु !" (भिक्षु, २०५२, पृ. ११२) भनेकी छ । साँझमा घरमा आएर दिनभरिको कमाइ पत्नीको हातमा थमाउँदा त्यसलाई एकातिर हुर्च्याएर नाकमुख बङ्ग्याउँदै रजियाले पतिलाई उसको कमाइको बारेमा कटाक्ष गर्दै यस उद्धरणमा देखाएको धम्कीपूर्ण व्यवहारबाट वाहिद र उसकी पत्नी रजियाका बिचको सम्पत्तिका लागि सिर्जित द्वन्द्वले उत्कर्ष रूप लिने सङ्केत देखिएको छ । पछि माइतीबाट बाबु मरेको भए पनि सम्पत्ति ब्यहोर्ने हकवाला बाबुले अर्कैलाई बनाएकाले रजियाका नाममा सम्पत्ति नआाउने भन्ने खबर पाएपछि ऊ पतिसँग आक्रोशित भएकी छ । रजियाले कथामा "तैं बेकूफ, दरिद्रीले गर्दा यस्तो भएको ! मैले त पहिले नै जान खोजेथें" (भिक्षु, २०५२, पृ. ११५) भनेकी छ । यस उद्धरणमा रजियाले पति वाहिदकै कारणले गर्दा पहिले नै नगएर बाबुको सम्पत्ति फुत्किएको भनेर पतिसँग आाक्रोश पोखेकी छ । रजिया बाबुको सम्पत्ति आउने भयो भनेर उन्मत्त भएकीमा त्यो आउँदा परिवार नै विघटन हुने डरले तर्सिरहेको वाहिद भने अब नआउने भएपछि सङ्कट टरेको भनेर ढुक्क भएको कथामा देखाइएको छ । यस्तो विवादले कथाका दुई पात्र रजिया र वाहिद सम्पत्तिको विषयमा केन्द्रित भएर द्वन्द्वको चापमा परेको देखिएका छन् । यस किसिमको द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

कथामा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजनका माध्यमबाट समाजमा कुनै न कुनै विषयमा निरन्तर द्वन्द्व भइरहने सत्यलाई उद्घाटन गर्न खोजिएको छ । अझ अहिलेको समयमा अरू सबै कुराभन्दा मानिसका लागि धनसम्पत्ति महत्त्वको विषय भएकाले यसले माया, प्रेम, परिवार, छोराछोरी र पतिपत्नीको सम्बन्धलाई व्यावसायिक बनाइदिँदा परिवारका सदस्यहरूका बिचमा पनि सम्पत्तिलाई लिएर तानातानी र विवाद हुँदै गरेको सामाजिक यथार्थलाई यस किसिमको द्वन्द्वविधानको आयोजनबाट उद्घाटन गर्न खोजिएको पाइन्छ । कथामा गरिब बाहिद र उसकी पत्नी रजिया धनसम्पत्तिकै विषयलाई लिएर असन्तुष्ट भई परस्पर द्वन्द्वको चक्रमा बल्झिएका छन् । यसले गर्दा अशान्तिको वातावरण बन्नुका साथै सद्भाव र ममता पनि खल्बलिन गएको देखिन्छ । यसै गरी धनसम्पत्तिको विषयमा केन्द्रित भएर हाम्रो समाजका परिवारका सदस्यहरू परस्पर असन्तुष्ट हुँदै जाँदा यसले हाम्रो सामाजिक पद्धति र सद्भावमा कस्तो प्रभाव पार्ला भन्ने विषयमा पाठकका मनमा कौतूहल जगाउन पनि कथामा प्रस्तुत द्वन्द्वविधान प्रभावकारी बनेको छ । आफ्नै परिश्रम र असल कर्मबाट प्राप्त धनसम्पत्तिमा सन्तुष्ट नभएर कर्म नगरिकनै प्राप्त हुने धनसम्पत्तिको मोह र लोभमा लाग्दा त्यसले कतै पनि सुख र आनन्द प्राप्त गर्न सकिँदैन । त्यसैले कर्म गरेर आफ्नै पसिनाको कमाइले सुखी हुने बाटोमा लाग्नुपर्ने विचार पनि यस किसिमको द्वन्द्वका माध्यमबाट प्रस्तुत गर्न खोजिएको देखिन्छ । यिनै विविध प्रयोजनका लागि कथाका पात्र वाहिद र रजियाका बिचमा सम्पत्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको छ ।

भिक्षुका 'मानव', 'साहुको सम्पत्ति', 'मैयाँसाहेब', 'वन्दना', 'बन्दोबस्त', 'रानीसाहेब', र 'नयाँ इतिहासको प्रारम्भ' कथामा पनि परिवार र समाजमा सम्पत्तिको विषयलाई लिएर सिर्जना

हुने तनाव र तानातानीलाई देखाउन, सामाजिक पारिवारिक आर्थिक यथार्थलाई प्रस्तुत गर्न, सम्पन्नता र विपन्नतालाई आधार बनाएर एकले अर्कालाई होच्याउने र सानो अनि छोटो देखाउने प्रवृत्तिले गर्दा समाजमा सिर्जना हुने असन्तुष्टिलाई देखाउन, सम्पत्तिकै कारणले गर्दा समाजमा देखिने वैचारिक मतभिन्नता र द्वन्द्व, गरिबहरूलाई सम्पत्ति भएका धनी मानिसले गर्ने तुच्छ व्यवहार, सम्पत्ति भएकाहरू सुखी भइरहने र सम्पत्तिहीन गरिबहरू माथि उठ्नै नसकेको परिस्थिति, राजनैनिक परिवर्तनको कारणले सम्पन्न मानिस विपन्न र सामान्य आर्थिक हैसियतका मानिस सम्पन्न र पुग्दार बन्दै गरेको समाजको आर्थिक पक्ष, लुटेर र ठगेर भए पनि सम्पत्ति हत्याउन चाहने र त्यसको विरोध गर्ने मानिसहरूका बिचमा सिर्जना भएको विवाद र द्वन्द्वसमेतलाई देखाउन र कथात्मक कौतूहलता सिर्जना गर्न लगायतका प्रयोजनका लागि पात्रहरूका बिचमा सम्पत्तिका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

५.४.२ शक्तिका लागि सिर्जित द्वन्द्वविधानको प्रयोजन

इच्छा लागेमा सहभागी अरू मानिसहरूको प्रतिरोध हुँदाहुँदै पनि कुनै सामाजिक कार्य गर्न सक्ने गरी मानिसलाई प्राप्त अवसरलाई शक्ति मानिएको छ । यस्तो शक्ति समाजका सदस्यहरूलाई सङ्गठित र नियन्त्रण गर्न प्रयोग गरिन्छ । समाजका केही मानिस शक्तिमा हुन्छन् र अरू धेरै मानिस शक्तिहीन हुन्छन् । शक्तिमा रहेका मानिस अनेक किसिमका उपाय अपनाएर शक्तिमा रहिरहन चाहन्छन् भने शक्तिको पहुँचमा नपुगेकाले असन्तुष्ट भएका मानिसहरू भने शक्तिमा रहेको पक्षलाई विस्थापित गर्न खोजिरहन्छन् । यसले समाजमा शक्तिका लागि द्वन्द्वको स्थिति सिर्जना हुने गर्दछ । त्यसैले यो मानिसहरूका बिचमा द्वन्द्व बढाउने प्रमुख आधार हो भन्ने मान्यता रहेको पाइन्छ । यही मान्यताबाट निर्देशित भएर भिक्षुले कतिपय आफ्ना कथामा पात्रहरूका बिचमा शक्तिका लागि द्वन्द्वको स्थिति सिर्जना गरेका छन् ।

भिक्षुको 'ईश्वर, खुदा, गाँडका कान' कथामा बङ्गलादेशको ढाका सहरमा दुस्मन जातिका मानिसलाई मार्नको लागि सिपाही जर्नेलको आदेश भएर सिपाही परिचालन भएका देखिन्छन् । ती सिपाहीले निर्दोष मानिसका घरघर गएर ढोका नै फुटाई हत्या र लुटपाट मच्चाएको कथामा देखाइएको छ । यसैबिच सिपाहीहरू मिस्टर खानको घरमा पुगी उसको हत्या गरेका छन् । उसकी श्रीमती सबनमको हत्या नगरे पनि एउटा सिपाहीले उसलाई समातेको छ । यस सन्दर्भमा कथामा "एउटा अर्को सिपाहीले क्रन्दन, रुदन गर्दै गरेकी श्रीमती सबनमलाई समात्दा उनी भुइँमा लडिन् र डाको छोडेर रुन थालिन्" (भिक्षु, २०३४, पृ. २३) भनिएको छ । यस उद्धरणमा सिपाही शक्तिशाली देखिएका छन् भने सबनम निरीह देखिएकी छ । सिपाहीसँग हातहतियार छन् । उनीहरूले चाहँदासाथ सबनमको पनि उसको पतिको जस्तै गरी हत्या गर्न सक्छन् । यही डरले गर्दा उसले बोलेर प्रतिकार गर्न पनि सकेकी छैन । सैन्यशक्तिको विरोध गर्न ऊ भुइँमा लडी डाको छोडेर रोएकी छ । सबनमले रोएर विरोध जनाएको देखेपछि सिपाही अफिसरले "घिसारेर लगिदे न । हरामजादी बङ्गाल्नी भुइँमा लडेर बाँच्छे ?" (भिक्षु, २०३४, पृ. २३) भनेको छ । यस उद्धरणमा शक्ति हातमा लिएर हत्या, आतङ्क र लुटपाट मच्चाउँदै हिँडेका सिपाहीले सबनमलाई रोएर र चिच्चाएर विरोध जनाउन पनि दिएका छैनन् । सिपाही अफिसरको आदेश भएपछि सबनमलाई घिसारेर बाहिर उभिइरहेको

जिपमा पुऱ्याइएको देखिन्छ । कथामा देखिएको यस दुर्दान्त घटनामा शक्तिमा रहेका हतियारबन्द सिपाही र निहत्था एवम् निर्दोष नागरिकको प्रतिनिधित्व गर्ने शक्तिहीन सबनमका बिचमा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वको हिंसात्मक स्थिति देखिएको छ । यस्तो द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

कथामा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजनका माध्यमबाट समाजमा शक्ति प्राप्त गर्न मानिसहरूका बिच द्वन्द्व हुने गरेको यथार्थलाई देखाउन खोजिएको छ । परिवर्तनका लागि द्वन्द्व हुनु अपरिहार्य भए पनि एउटा जातिले अर्को जातिलाई दुस्मन ठानेर कत्लेआम हत्या गर्नका लागि शक्तिको दुरूपयोग हुनु मानव जातिकै लागि दुर्भाग्य हो भन्ने कुरा देखाएर द्वन्द्वका नाममा मानवले मानवको हत्या गर्नु, लुटपाट एवम् आतङ्क मच्चाउनु निन्दनीय हो भन्ने कुरा कथामा प्रस्तुत गरिएको छ । बङ्गलादेशको ढाकामा सिपाही जर्नेलको आदेशमा परिचालित सिपाहीहरूले मानिसका घरघरमा गएर मच्चाएको आतङ्क र हत्या एवम् महिला र बालबच्चामाथि भएको पशुवत् व्यवहार कतै पनि मानवका लागि सुहाउने कुरा हुन सक्तैन । शक्ति प्राप्त गर्न चाहनेले आम मानिसको अभिमत प्राप्त गर्न सक्नुपर्छ । शक्ति प्राप्त गर्न राज्यशक्तिको दुरूपयोग गर्नु र शक्तिका स्रोत मानिने जनताको तेजोबध गर्नु अहिलेको युगको शक्ति प्राप्त गर्ने आधार हुन सक्तैन भन्ने विचार पनि कथामा प्रस्तुत द्वन्द्वका माध्यमबाट व्यक्त भएको छ । हत्या, हिंसा र आतङ्क मच्चाएर प्राप्त गरेको शक्तिले देशमा अमनचैन र शान्तिको वातावरण खल्बलिन गएर अन्ततः शक्ति प्राप्त गर्न चाहनेहरू पनि प्रतिहिंसाको दलदलमा फस्न सक्छन् । नागरिक सद्भाव खल्बलिँदा देशमा झन् अराजकता बढेर दुःखदायी परिणाम निम्तिन सक्छ भन्ने कुरातर्फ पनि सचेत गराउन खोजिएको छ । यिनै विविध प्रयोजनका लागि कथामा पात्रहरूका बिचमा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

'नयाँ इतिहासको प्रारम्भ' कथामा २००७ सालताका विश्वेश्वरको नेतृत्वमा प्रजातान्त्रिक क्रान्ति सुरु भएको देखाइएको छ । राणा शक्तिद्वारा विश्वेश्वर पक्रिएको भए पनि क्रान्ति निरन्तर जारी रहेर वीरगन्ज, भैरहवा र अरू धेरै ठाउँमा शक्तिपूर्ण द्वन्द्व चलिरहेको देखिन्छ । समयक्रममा क्रान्ति सफल भएर लडाइँबन्दीको घोषणासँगै प्रजातान्त्रिक राज्यको स्थापाना भई नयाँ मन्त्रीमण्डल बनेको सुनिए पनि गाउँगाउँमा लडाइँ नथामिएको र हत्या, लुटपाट र हिंसाका घटना निरन्तर भइरहेका देखिन्छन् । यसैबिच विश्वेश्वरलाई अत्यन्त श्रद्धा गर्ने काङ्गेसप्रति उच्च निष्ठा भएकी नारी पात्र प्रभाको घरगाउँमा पनि लडाइँको त्रास रहिरहँदा उसले गाउँलेहरूलाई क्रान्तिको महत्त्व सम्झाएर आश्वस्त पार्ने प्रयत्न गर्दै गरेकी देखिएको छ । यसैबिच काङ्ग्रेसको नाम लिँदै दुई जना सिपाही प्रभाको घरमा आएर सत्र बोरा चामल र दस हजार रूपैयाँ सबै गाउँले मिलेर दिन र नदिए शक्तिसाथ फौजी कारवाही गर्ने धम्की दिएसँगै कथामा सिपाही र गाउँलेहरूका बिच शक्तिकेन्द्रित बाह्य द्वन्द्वको स्थिति बनेको छ । प्रभाका पतिले सिपाहीद्वारा थमाइएको पुर्जी लिँदै गर्दा बाहिर निस्केर प्रभाले "कल्ले मागेको यो चामल, १० हजार रूपैयाँ किन चाहियो ? हामीसित बडो चामल लिने रे !"(भिक्षु, २०३४, पृ. ७२) भनेकी छ । यस उद्धरणबाट आफू पनि काङ्ग्रेसकी कार्यकर्ता भएकी र क्रान्तिको नेतृत्व गर्ने विश्वेश्वरलाई उसले प्रिय दाइ मानेकीले ती सिपाहीको भन्दा आफ्नो

माथिल्लो शक्तिसँग पहुँच रहेको ठानेकी प्रभाले सिपाहीलाई धम्काएकी छ । प्रभाको कुरा सुनी हतियारधारी सिपाहीले आफ्नो शक्तिलाई चुनौती दिएको ठानेर झर्कदै "धेरै नकरा, कस्ती नकच्चरी ! था छैन र धर्मबहादुर र देवप्रसादको अडार !"(भिक्षु, २०३४, पृ. ७२) भनेको छ । यस उद्धरणमा सिपाहीले प्रभालाई धेरै नकरा नकचरी भन्नुका साथै धर्मबहादुर र देवप्रसादको अर्डर भन्दै झर्किएको छ । खलबल सुनेर प्रभाको घरमा आइपुगेका गाउँलेहरूले पनि एकै मुख भएर हाम्रो गाउँबाट केही पनि पाउँदैनौ भन्दै सबै मिली सिपाहीको कुराको प्रतिरोध गरेका छन् । सशस्त्र शक्तिको प्रतिनिधि बनेर गाउँ पसेका सिपाही गाउँले शक्तिको प्रतिरोध देखेर पछि हट्ने स्थितिमा पुगेका देखिन्छन् । यस सन्दर्भमा कथामा "त्यसो हो भने हामी फर्किजानेछौँ, दिँदैनौ भने के लाग्छ ....?" (भिक्षु, २०३४, पृ. ७३) भनिएको छ । यस उद्धरणमा गाउँलेहरूको प्रतिरोधपछि सिपाही फर्किएका देखाइएको छ । रूपैयाँ र चामल नदिएमा शक्तिका साथ फौजी कारवाही हुने धम्की दिँदै गाउँ पसेका सिपाही र प्रभासमेत गाउँलेहरूका बिचमा देखिएको यस्तो विवाद र विरोधपूर्ण स्थितिलाई हेर्दा दुई पक्ष शक्तिकेन्द्रित द्वन्द्वको चापमा परेको देखिएका छन् । यस किसिमको द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

कथामा शक्तिका लागि सिर्जित द्वन्द्वविधानको आयोजनका माध्यमबाट देशमा कायम रहेको जनविरोधी शक्तिलाई सत्ता र शक्तिबाट बाहिर निकालेर लोकतन्त्रको स्थापना गर्न क्रान्तिको आवश्यकता पर्ने र त्यही क्रान्तिका क्रममा भएको द्वन्द्व देशमा परिवर्तन ल्याउन मुख्य आधार हुने हुँदा क्रान्तिसँगैको द्वन्द्व देशका लागि महत्त्वपूर्ण हुन्छ भन्ने देखाउन खोजिएको छ । यति हुँदाहुँदै पनि क्रान्तिको दुरूपयोग गरेर गाउँगाउँमा हत्या, लुटपाट र हिंसाका घटना हुनु क्रान्तिपछि शान्ति र अमनचैन ल्याएर देशलाई उन्नतिको मार्गमा अघि बढाउने उद्देश्यविपरीत हुने देखाएर राजनीति र क्रान्तिका नाममा हुने कुनै पनि अराजक कार्यले शक्ति प्राप्त हुन नसक्ने कुरा कथामा देखाउन खोजिएको छ । सबै गाउँले र आम नागरिकको अहित र चाहनाविपरीत फौजी शक्ति र हतियारको डर देखाएर सामाजिक अशान्ति मच्चाउनु क्रान्ति हुन नसक्ने भएकाले त्यसका विरुद्धमा प्रभा र गाउँलेहरूले गरेको प्रतिरोध जायज भएको देखाइएको छ । जस्तोसुकै परिस्थितिमा पनि अन्यायका विरुद्धमा सङ्घर्षमा उत्रनुपर्छ । अन्यायविरुद्धको प्रतिरोधबाट नै शक्ति प्राप्त गर्न सकिन्छ भन्ने विचार पनि कथामा आयोजित द्वन्द्वका माध्यमबाट प्रस्तुत गरिएको छ । २००७ सालको क्रान्तिको समयमा क्रान्तिलाई बदनाम गर्नका लागि भएका अराजक गतिविधिहरूलाई देखाएर समसामयिक ऐतिहासिक यथार्थको प्रस्तुति गर्न पनि खोजिएको छ । यिनै विविध प्रयोजनका लागि कथामा पात्रहरूका बिच शक्तिका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

भिक्षुका 'प्रेमको एउटा कथा', 'मानव', 'मालिकको छोरो', 'मैयाँसाहेब', 'हारजित', 'वन्दना' र 'बन्दोबस्त' कथामा पनि परिवारमा कोही शक्तिशाली र कोही निरीह हुँदा देखिने असन्तुष्टि र विद्रोहलाई देखाउन, उच्च पदमा रहेकाले निम्न पदमा रहेको नजिकबाट चिनजानको आफ्नो मान्छेलाई गर्ने बेमतलबबाट सिर्जना हुने वितृष्णा र असन्तुष्टिलाई प्रस्तुत गर्न, आमाबाबु र मालिकले टुहुरा छोराछोरी र नोकरचाकरलाई हेप्दा, तुच्छ व्यवहार गर्दा, शारीरिक कष्ट दिँदा र त्रास देखाउँदा उत्पन्न हुने असन्तुष्टि र विद्रोहलाई देखाउन, शक्तिमा रहेका वर्गले शक्तिहीन वर्गलाई विभेद र अपमान अनि होच्याउने व्यवहार गर्दा सिर्जना हुने

विद्रोह र तनावलाई देखाउन, सामाजिक यथार्थलाई प्रस्तुत गर्न र कथात्मक कौतूहलता सिर्जना गर्ने प्रयोजनका लागि पात्रहरूका बिचमा शक्तिका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

५.४.३ प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको प्रयोजन

प्रतिष्ठालाई समाजमा मानिसहरूका बिच द्वन्द्व बढाउने आधार मानिएको छ । समाजमा उच्च प्रतिष्ठा भएका र न्यून प्रतिष्ठा भएका मानिसहरू सँगसँगै रहने र उच्च प्रतिष्ठा भएका मानिसले न्यून प्रतिष्ठा भएका मानिसलाई माथिल्लो प्रतिष्ठा प्राप्तिमा अवरोध पुऱ्याउँदा न्यून प्रतिष्ठा भएका प्रायः मानिसले उच्च प्रतिष्ठा प्राप्त गर्न सक्दैनन् । यसले गर्दा प्रतिष्ठाबाट वञ्चित मानिसहरू असन्तुष्ट बन्न पुग्दछन् र समाजमा मानिसहरूका बिचमा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वको स्थिति बन्दछ भन्ने मान्यता रहेको छ । यही मान्यताबाट निर्देशित भएर भिक्षुले कतिपय आफ्ना कथाका पात्रहरूका बिचमा प्रतिष्ठाका लागि द्वन्द्वको स्थिति सिर्जना गरेका छन् ।

भिक्षुको 'मानव' कथाको पात्र गोविन्द पारिवारिक परिस्थितिले गर्दा पढाइ छोडेर जागिर खानुपर्ने बाध्यतामा परेपछि नेपालगन्ज अमिनीमा बहिदारको जागिर खाएर बसिरहेको देखाइएको छ । यसैबिच कार्यालयको नयाँ हाकिम भएर उसकै साथी तुङ्गनाथ आइपुगेको छ । साथी नै हाकिम भएकाले उससँगको बसउठ र आत्मीयताले कार्यालयका अरू कर्मचारीहरूका बिचमा आफ्नो प्रतिष्ठा विशेष खालको बन्न जाने गोविन्दले अपेक्षा राखेको देखिन्छ । यही अपेक्षाका साथ आफूले लेखेका कविता लिएर उत्साहका साथ ऊ तुङ्गनाथको डेरामा पुगेको कथामा देखाइएको छ । त्यहाँ पुगेपछि खबर पठाएको आधा घण्टासम्म कुराएर माथि आफ्नो कक्षमा नबोलाई तुङ्गनाथ आफै तल झरेको छ । तल झरेर बिछ्याइएको चकटीमा बस्दै उसले कथामा "एकै छिन पख है, मलाई एउटा चिठी लेख्नु छ, त्यसलाई सिध्याइहालौँ" (भिक्षु, २०५२, पृ. ९४) भनेको छ । यस उद्धरणमा गोविन्दलाई पख्न भन्दै तुङ्गनाथ चिठी लेख्न व्यस्त भएको छ र गोविन्दसँग कुराकानी गर्न र उसका कविता सुन्न उदासीन बनेको छ । तुङ्गनाथको यस्तो व्यवहारबाट गोविन्दले आफू अपमानित भएको ठानेको छ । यसैबिच गोविन्द र तुङ्गनाथका बिचमा भएको संवादमा "तपाईंले अझै धेरै लेख्नु छ क्यारे ? – पट्यार मानेर त्यसले सोध्यो । अब सिद्धियो, केवल दस मिनेट, के कहीँ जानु छ र ?" (भिक्षु, २०५२, पृ. ९४) भनिएको छ । यस उद्धरणमा गोविन्दले पट्यार मानेर तुङ्गनाथलाई तपाईंले अझै धेरै लेख्नु छ क्यारे भनेर सोधेको र जबाफमा तुङ्गले कहीँ जानु छ र भन्दै दस मिनेटमा सकिइहाल्छ भनेको देखिन्छ । यसपछि गोविन्द कुन कविता पहिला सुनाएर गहिरो प्रभाव पार्ने त भनेर आफूले लेखेका कविता रोज्दै गर्दा तुङ्गनाथले कविता सुनाउन भनेपछि सुनाउन प्रारम्भ गर्दासाथ एक्कासी त्यहाँ आइपुगेको कम्पाउन्डरतिर केन्द्रित भएर गोविन्द र उसका कविताप्रति ऊ बेमतलब भएको छ । उसले आफ्नो सामाजिक प्रतिष्ठासँग समानता भएको कम्पाउन्डरलाई महत्त्व दिएर "लौ त गोविन्द तिमी ऐले जाऊ है ! ... कम्पाउन्डर साहेबसित मेरो धेरै दिनमा भेट भएको छ, यहाँसित केही कुरा पनि छ । तिमी त भोलि आए पनि हुन्छ" (भिक्षु, २०५२, पृ. ९५) भनेको छ । यस उद्धरणमा तुङ्गनाथले गोविन्दलाई अहिलेलाई जान भनेर कम्पाउन्डरसँग गफिन थालेको छ । उसले गोविन्दलाई सामान्य स्तरको बनाएर

ऊ त भोलि आए पनि हुने भनेको छ । तुङ्गनाथको यस्तो व्यवहारबाट गोविन्द उससँग झन् असन्तुष्ट भएको कथामा देखिन्छ । उसले साथीबाटै आफ्नो प्रतिष्ठालाई होच्याएको ठानेको छ भने तुङ्गनाथले आफूअनुकूल प्रतिष्ठा भएको कम्पाउन्डरलाई महत्त्व दिएर गोविन्दलाई बेमतलब गरेको छ । यसले गर्दा गोविन्द र तुङ्गनाथ प्रतिष्ठाकेन्द्रित बाह्य द्वन्द्वको चापमा परेका देखिन्छन् । यस्तो द्वन्द्वको स्थिति सिर्जना गरेर कथामा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

कथामा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको आयोजनका माध्यमबाट समाजमा मानिसहरूका बिच प्रतिष्ठाको कारणले गर्दा द्वन्द्वको स्थिति बन्दछ भन्ने कुरा देखाउन खोजिएको छ । पहिले सँगै एउटै कक्षामा पढ्ने मिल्ने साथी भए पनि पछि एउटै कार्यालयमा कथाको पात्र तुङ्गनाथ हाकिम र गोविन्द सामान्य कारिन्दा स्तरको बहिदारको जागिर खाएर बसेको देखिएकाले दुई पात्रका बिचको प्रतिष्ठाको स्तर नमिल्दा उच्च प्रतिष्ठा स्तरमा पुगेको तुङ्गनाथले न्यून प्रतिष्ठा स्तरमा कार्यरत गोविन्दलाई साथीको जस्तो व्यवहार देखाउन रुचाएको पाइँदैन । यसकै कारणबाट गोविन्द असन्तुष्ट भएर कथामा दुई पात्रका बिचमा प्रतिष्ठाकेन्द्रित द्वन्द्वको स्थिति देखिएको छ । सँगैका साथीहरूका बिचको प्रतिष्ठाको स्तर समान नहुन सक्छ । यति मात्र होइन उनीहरूले भविष्यमा आर्जन गर्ने प्रतिष्ठा पनि एक समान नहुन सक्छ । यसो भए पनि साथीका बिचको आत्मीयता भने प्रतिष्ठाको स्तरकै कारणले परिवर्तन हुनुहुँदैन । यदि त्यस्तो भयो भने साथीहरूका बिचको आत्मीयता विच्छिन्न हुन सक्छ भन्ने विचार कथामा आयोजित प्रतिष्ठा द्वन्द्वका माध्यमबाट प्रस्तुत गर्न खोजिएको देखिन्छ । समाजमा मानिसहरूको प्रतिष्ठाको स्तर एउटै हुँदैन । कसैको प्रतिष्ठाको स्तर उच्च हुन्छ र कसैको न्यून हुन्छ । उच्च प्रतिष्ठा स्तरका मानिसले आफूसँग समान स्तरकालाई महत्त्व दिने र न्यून प्रतिष्ठा स्तरको मानिस नजिककै सम्बन्ध भएको भए पनि मतलब गर्न छोड्दा यही कारणले समाजमा मानिसहरूका बिचमा यस किसिमको द्वन्द्वको स्थिति बन्न जान्छ भन्ने कुरा कथामा गोविन्द र तुङ्गनाथका बिच देखिएको प्रतिष्ठा द्वन्द्वका माध्यमबाट देखाउन खोजिएको छ । यस किसिमको द्वन्द्वविधानको आयोजन गरेर पाठकमा कौतूहल जगाउनुका साथै समसामयिक समाजको यथार्थ चित्र पनि प्रस्तुत गर्न खोजिएको छ । यिनै विविध प्रयोजनका लागि कथामा गोविन्द र तुङ्गनाथ दुई पात्रका बिचमा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

'हारजित' कथामा अलगुवाकी बुहारी सोनवा घरपरिवारको अनुमति नलिई भागेर मनोहरको घरमा मजुरी बस्न गएको घटनाले घुरहूलगायत सबै गाउँले एकातिर र मनोहर अर्कोतिर भई सामाजिक प्रतिष्ठाकेन्द्रित द्वन्द्व पेचिलो बनेको देखाइएको छ । यसैबिच कथामा आएको पछिल्लो घटनासन्दर्भमा सोनवा मनोहरको घरमा मजुरी बस्न गएको विषयलाई लिएर उतराहेको घरमा बसेको पञ्चायतमा सबैले मुख नखोले पनि घुरहू, बदरिया र तयफवाले मनोहरले सोनवालाई उसको घरमा फिर्ता गर्नुपर्ने कुरा बोलेका छन् । तोयफवाले कथामा "आज सोनवा मनोहर दाइकहाँ बसी भने भोलि मेरो र यहाँहरूका छोरीबुहारीले पनि बाटो नसमाती कहाँ छोड्छन् र ? यतिका दिन भइसक्यो गाउँले यसको कुनै निधो गरेन पञ्च, यो क्या हो ?" (भिक्षु, २०६३, पृ. ४२) भनेकी छ । यस उद्धरणबाट तोयफवाले सोनवा मनोहरको घरमा मजुरी बसेबाट उब्जेको समस्या समाधान गर्न ढिला हुन जाँदा गाउँ र समाज सबैको

प्रतिष्ठा र सम्मानमा चोट पुगेकाले पञ्चहरूले छिटो समस्याको समाधान गर्नुपर्ने कुराको सङ्केत गरेकी छ । तोयफवापछि बदरियाले पनि बेकारको झन्झटमा नफस्न र सोनवालाई उसकै घरमा फर्काइदिएर टैटन्टाबाट मुक्त हुन मनोहरलाई सम्झाएको छ । तोयफवा र बदरियाले सबै गाउँलेको प्रतिष्ठासँग जोडिएको चिन्ताको आवाज उठाएपछि मनोहरले कसैको मजुर कसैले नछुटाउने भन्ने गाउँको चलन नै भएकाले कटनीको बेला मजुरी बसेकी सोनवालाई कसरी पठाउने भन्दै पठाउन नसक्ने अडान लिएर यसलाई आफ्नो प्रतिष्ठाको विषय बनाएको देखिन्छ । यसैबिच घुरहूले "मनोहर भाइ सोनवा मजुर होइन, तपाईंकी, हाम्री छोरीबेटी हो । अलगुवाको आफ्नै खेत काट्नुपर्नेछ । ... छोरीबुहारी नक्कचरानक्कचरी नभए तपाईंकहाँ सोनवालाई जानैपर्ने थिएन । मेरा र तपाईंका पनि छोराबुहारी छन्, यो विचार राख्नै पऱ्यो । सोनवालाई पठाइदिनुस्" (भिक्षु, २०६३, पृ. ४३) भनेको छ । यस उद्धरणमा घुरहूले कारणसहित सोनवालाई मजुरीबाट फिर्ता पठाउन मनोहरलाई दबाब दिएको देखिन्छ । यसपछि मनोहर र उसको छोरो एकै मुख भएर आफूकहाँ बस्दा सोनवाको इज्जत जाने र तपाईंकहाँ बस्दा नजाने प्रतिप्रश्न घुरहूसँग गर्दै सोनवालाई फिर्ता नगर्ने सङ्केत गरेका छन् । यसबाट सोनवालाई फिर्ता गर्नुपर्छ भन्ने घुरहूसमेत गाउँलेहरू र फिर्ता गर्न नसक्ने भन्ने मनोहर भएर प्रतिष्ठाको विषय बनी विवाद चर्किँदा पात्रहरू सामाजिक प्रतिष्ठाकेन्द्रित द्वन्द्वको चापमा परेका देखिन्छन् । यस किसिमको द्वन्द्वलाई देखाएर कथामा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

कथामा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको आयोजनका माध्यमबाट मानिस समाजमा रहँदा सम्मान र प्रतिष्ठाका साथ बाँच्न चाहन्छ तर पनि समाजका सबै मानिसको प्रतिष्ठाको स्तर समान किसिमको भने हुँदैन । कोही न्यून प्रतिष्ठा र कोही उच्च प्रतिष्ठास्तर भएका मानिस एउटै समाजमा रहेका हुन्छन् । न्यून प्रतिष्ठा भएका मानिसलाई आफ्नो प्रतिष्ठाको स्तर माथि उठाउने इच्छा स्वाभाविक रूपमा हुने गर्छ । फेरि उच्च प्रतिष्ठा भएका मानिसले न्यून प्रतिष्ठा भएका मानिसलाई माथिलो प्रतिष्ठा हासिल गर्न अवरोध पुऱ्याउने गर्छन् । यसले गर्दा परस्पर असहमति र असन्तुष्टि बढ्न गएर समाजमा मानिसहरूका बिचमा प्रतिष्ठा द्वन्द्वको स्थिति सिर्जना हुन जान्छ भन्ने सामाजिक यथार्थलाई कथामा पात्रहरूका बिच प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरेर देखाउन खोजिएको छ । कथामा मनोहर सम्पन्न छ । उसले अलगुवालगायत गाउँका अरू मानिसहरूको प्रतिष्ठा, इज्जत र मानसम्मानलाई प्राथमिकता दिन चाहेको देखिँदैन । यहाँसम्म कि गाउँकै प्रतिष्ठित व्यक्ति घुरहूको प्रतिष्ठालाई समेत उसले मतलब गरेको छैन । यसले गर्दा गाउँका प्रायः मानिस एकातिर र मनोहर अर्कोतिर भएर परस्पर प्रतिष्ठा द्वन्द्वको स्थिति सिर्जना भएको छ । समाजमा सबैको प्रतिष्ठाको स्तर समान हुन सम्भव छैन । फरक प्रतिष्ठास्तर हुँदाहुँदै पनि परस्पर सम्मान र इज्जतपूर्ण व्यवहार गर्न सकेमा यस किसिमको द्वन्द्वको स्थिति आउने अवस्था नै रहँदैन भन्ने विचार कथामा प्रस्तुत गरिएको छ । घुरहूले अघि सारेको विचारको जित होला कि मनोहरको विचारको जित होला भन्ने कौतूहल सिर्जना गरी पाठकीय रुचि बढाउनु र हाम्रो समाजको यथार्थ चित्र प्रस्तुत गर्नु पनि यस किसिमको द्वन्द्वविधानको प्रयोजन रहेको छ । यिनै विविध प्रयोजनका लागि कथामा पात्रहरूका बिचमा प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको देखिन्छ ।

भिक्षुका 'प्रेमको एउटा कथा', 'रमा', 'तपस्या', 'रक्सीबाज', 'सैतानको सैतानी', 'मालिकको छोरो', 'मैयाँसाहेब', 'वन्दना', 'बन्दोबस्त', 'रानीसाहेब', 'भ्रष्टयज्ञ', 'ज्ञात भएजति' र 'नयाँ इतिहासको प्रारम्भ' लगायतका कथामा पारिवारिक हस्तक्षेपको कारणले पुग्न गएको आघात, प्रेमसम्बन्धको विघटन, वैधव्य जीवन र त्यसलाई हेर्ने फरक विचार, परिवारमा अर्घेलो बनाएर अपमान र तिरस्कार गर्दा सिर्जना भएको असन्तुष्टि, पारिवारिक आदर र सम्मानको तह माथि उठाउन र उठ्न नदिने प्रयत्नका कारण सिर्जना भएको विवाद, मालिक र नोकरका बिचमा देखिएको असन्तुष्टि, उच्च र निम्न प्रतिष्ठाका पात्रका बिचको मतभेद, राजनीतिक दाउपेच, सम्पन्नले विपन्न अवस्थाका पात्रलाई हेप्दा सिर्जना भएको असन्तुष्टि, रूपैयाँपैसाको तानातानी र त्यसका माध्यमबाट उच्चता प्राप्त गर्ने प्रयास, पद र जिम्मेवारीको हैकम देखाउने अनि त्यसको दबाबले असन्तुष्ट भएका पात्रका बिचमा देखिएको मतभेद, पतिपत्नीका बिचको असमझदारी, शक्ति र सफलता पाउन गरेका प्रयास र त्यसका बिचमा आइलागेका चुनौतीका कारणले गर्दा सिर्जना भएको मतभेदलाई कलात्मक रूपमा देखाउन, सामाजिक यथार्थको चित्रण गर्न र कौतूहलको सिर्जना गर्ने प्रयोजनमा केन्द्रित भएर पात्रहरूका बिचमा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

५.५ निष्कर्ष

भवानी भिक्षुका कथामा पाइने द्वन्द्वविधानको प्रयोजन उपयोगी र प्राप्तिपूर्ण रहेको छ । उनका कथा आन्तरिक र बाह्य द्वन्द्वविधानका दृष्टिले प्रबल छन् । उनका कथामा पात्रका मानसिकतामा देखिने आन्तरिक द्वन्द्वात्मक मनोदशाको यथार्थ उद्घाटन गर्न आन्तरिक द्वन्द्वविधान र सामाजिक पक्षको द्वन्द्वात्मक यथार्थको उद्घाटन गर्न पात्रहरूका बिचमा बाह्य द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ ।

भिक्षुका कथामा इदम् र अहम्, इदम् र पराहम्, जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति, हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपन एवम् अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचमा विपरीत भावको सिर्जना गरी पात्रका मनोदशामा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । पात्रलाई यौनिक दृष्टिले छाडा र अराजक हुनबाट बचाई सामाजिक मूल्य र शिष्टतालाई संरक्षण गर्न इदम् र अहम्का बिचमा आयोजन गरिएको द्वन्द्वविधान कलात्मक रहेको छ । इदम्को कामनाबाट प्रेरित भएर गरिएका यौनिक कार्यबाट पात्रको मर्यादा र नैतिकता, सच्चरित्रता र कर्तव्यलाई पतित हुनबाट जोगाएर आदर्श र मर्यादालाई सम्बर्द्धन गर्न र सामाजिक लोकापवादबाट पात्रलाई बचाउनका लागि इदम् र पराहम्का बिच द्वन्द्वविधानको आयोजन कथामा गरिएको छ । दुई विपरीत मूलप्रवृत्तिको चापमा पर्दा पात्रका व्यवहारमा देखिने स्वभावको चित्रण गर्न र मनोवैज्ञानिक द्वन्द्वात्मक यथार्थलाई देखाउनका लागि जीवन र मृत्यु मूलप्रवृत्तिका बिचको द्वन्द्वविधानको आयोजन सार्थक देखिएको छ । व्यक्तिको मानसिकतामा हीनभाव र श्रेष्ठत्वभाव विपरीत अवस्थामा रहेर द्वन्द्व सिर्जना गर्दा देखिने मनोवस्थालाई प्रस्तुत गर्न हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वविधानको आयोजनले कथा स्वाभाविक देखिएका छन् । पुरुषपन र नारीपनको प्रभावको कारणले गर्दा व्यक्तिको मानसिकतामा देखिने व्यवहार र मनोदशाको उद्घाटन गर्नको लागि कथामा यी दुईका बिचमा द्वन्द्वविधानको आयोजन गरिएको छ । व्यक्तित्वका दुई विपरीत स्वभावले गर्दा

व्यक्ति द्वन्द्वको चापमा पर्छ भन्ने देखाउनका लागि अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वविधान प्रभावकारी सिद्ध भएको छ । यसरी पात्रका मनोदशामा द्वन्द्वात्मक स्थिति सिर्जना गरेर कथालाई मनोविश्लेषणीय, सौन्दर्यपूर्ण र कौतूहलमय बनाउनु नै भिक्षुका कथामा आयोजित आन्तरिक द्वन्द्वविधानको प्रयोजन देखिन्छ ।

भिक्षुका कथामा सम्पत्ति, शक्ति र प्रतिष्ठाका लागि पात्रका बिचमा मतभेद सिर्जना गरी बाह्य द्वन्द्वविधानको आयोजन गरिएको छ । सम्पत्तिका विषयमा केन्द्रित भएर घर, परिवार, समाजका विभिन्न क्षेत्रका मानिसहरूका बिचमा देखिने असन्तुष्टि र विवादलाई देखाएर सामाजिक यथार्थको उद्घाटन गर्नका लागि उनका कथामा सम्पत्तिका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको छ । शक्तिका कारणले गर्दा कोही हेपिएर र दबिएर बस्नुपरेको र कोही धनी, प्रतिष्ठित र शक्तिशाली भएर रजाइ गरेको परिस्थितिमा शक्तिहीन पक्ष असन्तुष्ट भएर समाजमा द्वन्द्वको सिर्जना हुने सामाजिक यथार्थलाई देखाउन भिक्षुले कथामा शक्तिका लागि सिर्जित द्वन्द्वविधानलाई आधार बनाएका छन् । उच्च वर्गका, धनी र शक्तिशालीहरू प्रतिष्ठित जीवन बिताइरहँदा निम्नवर्गका, गरिब र शक्तिहीनले भने अपमान, तिरस्कार र विभेदको शिकार हुन परिरहेको सामाजिक यथार्थको उद्घाटन गर्न भिक्षुका कथामा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको आयोजन प्रभावकारी देखिएको छ । सामाजिक मतभेद र असन्तुष्टिलाई देखाउनु पनि यस किसिमको द्वन्द्वविधानको प्रयोजन देखिन्छ ।

भिक्षुका कथामा पात्रका मनोदशाको विश्लेषण गर्न, सामाजिक यथार्थको प्रभावकारी रूपमा उद्घाटन गर्न, कथामा कौतूहलको सिर्जना गर्न, पाठकको ध्यान आकर्षित गर्न, कथालाई सुपाठ्य तुल्याउन र कथामा कलात्मक सौन्दर्य अभिवृद्धि गर्न आन्तरिक र बाह्य द्वन्द्वविधानको आयोजन गरिएको छ । यही नै उनका कथामा द्वन्द्वविधानको आयोजन गरिनुको प्रयोजन र प्राप्ति हो ।

छैटौँ परिच्छेद
सारांश तथा निष्कर्ष

६.१ सारांश

भवानी भिक्षुका कथामा द्वन्द्वविधान शीर्षकको प्रस्तुत शोधप्रबन्धको परिच्छेदगत सारांशलाई परिच्छेदको क्रमअनुसार प्रस्तुत गरिएको छ । 'शोधपरिचय' शीर्षकको पहिलो परिच्छेदमा विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधविधि, शोधको सीमाङ्कन र शोधकार्यको रूपरेखा रहेका छन् । यस परिच्छेदको विषयपरिचयमा कथाकार भिक्षु र उनका कथाको परिचय प्रस्तुत गरिएको छ । यसमा द्वन्द्व र द्वन्द्वविधानको चर्चा गरी भिक्षुका कथाको द्वन्द्वविधानका दृष्टिबाट अध्ययन गरिएको नदेखिँदा यस आधारमा उनका कथाको अध्ययन गर्न आवश्यक रहेको कुरा देखाइएको छ । भिक्षुका कथाको द्वन्द्वविधानका दृष्टिबाट अध्ययन गरी समस्या समाधान गर्नका लागि 'भवानी भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधान केकसरी प्रस्तुत गरिएको छ ?', 'भवानी भिक्षुका कथामा बाह्य द्वन्द्वविधान केकसरी प्रस्तुत गरिएको छ ?' र 'भवानी भिक्षुका कथामा द्वन्द्वविधानको प्रयोजन के हो ?' समेत तीनओटा प्राज्ञिक समस्या निर्धारण गरिएको छ । यिनै समस्यामा केन्द्रित रहेर 'भवानी भिक्षुका कथामा पाइने आन्तरिक द्वन्द्वविधानको अध्ययन र विश्लेषण गर्नु', 'भवानी भिक्षुका कथामा पाइने बाह्य द्वन्द्वविधानको अध्ययन र विश्लेषण गर्नु' र 'भवानी भिक्षुका कथामा पाइने द्वन्द्वविधानको प्रयोजनको मूल्याङ्कन गर्नु' समेत तीनओटा उद्देश्य निर्धारण गरी अध्ययन कार्यलाई अघि बढाइएको छ । पूर्वकार्यको समीक्षामा प्रत्यक्ष अप्रत्यक्ष रूपमा भिक्षुका कथामा द्वन्द्वविधानसँग सम्बद्ध रहेका पूर्वकार्यहरूको समीक्षा गरी अध्ययनको रिक्तता र आवश्यकताको खोजी गरिएको छ । शोधकार्यको औचित्य र महत्त्वअन्तर्गत शोधको आवश्यकता, औचित्य र महत्त्वलाई स्पष्ट पारिएको छ । शोधको सीमाङ्कनमा भिक्षुका चारओटा कथासङ्ग्रहमा सङ्गृहीत चवालीसओटा कथामध्ये द्वन्द्वका दृष्टिले अध्ययन गर्न उपयुक्त र सबल देखिएका पैतीसओटा कथालाई सोद्देश्यमूलक नमुना छनोट पद्धतिबाट छनोट गरी शोधसमस्याका आधारमा भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधान, भिक्षुका कथामा बाह्य द्वन्द्वविधान र भिक्षुका कथामा आन्तरिक एवम् बाह्य द्वन्द्वविधानको प्रयोजनको अध्ययन गर्न शोधकार्यको सीमा निर्धारण गरिएको छ । शोधविधिअन्तर्गत फ्रायड, एडलर र युङ्गका मनोद्वन्द्वसम्बन्धी मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधान र वेबरको सामाजिक द्वन्द्वसम्बन्धी मान्यताका आधारमा बाह्य द्वन्द्वविधानको अध्ययन गरिएको कुरा स्पष्ट पारिएको छ । सैद्धान्तिक मान्यता र विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचा र तिनका सूचकलाई तालिकामा प्रस्तुत गरिएको छ । शोधप्रबन्धको रूपरेखाअन्तर्गत निर्धारित छओटा परिच्छेद, तिनका नाम, परिशिष्ट र सन्दर्भ सामग्रीसूचीको उल्लेख गरिएको छ ।

भवानी भिक्षुका कथामा फ्रायडीय मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधान शीर्षकको दोस्रो परिच्छेदमा विषयप्रवेशसँगै सिग्मन्ड फ्रायडको मनोद्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता प्रस्तुत गरी त्यसकै आधारमा इदम् र अहम्, इदम् र पराहम्, एवम् जीवन मूलप्रवृत्ति

र मृत्यु मूलप्रवृत्तिका बिच आन्तरिक द्वन्द्वविश्लेषणको ढाँचा प्रस्तुत गरिएको छ । यसपछि भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि ...?', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट', 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'त्यही सात दिन', 'रक्सीबाज', र 'सैतानको सैतानी' गरी चौधओटा कथाको फ्रायडीय मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधानको अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

भवानी भिक्षुका कथामा फ्रायडोत्तर मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधान शीर्षकको तेस्रो परिच्छेदमा विषयप्रवेशसँगै अल्फ्रेड एडलर र कार्ल गुस्ताफ युङ्गको मनोद्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता प्रस्तुत गरिएको छ । यसपछि एडलरको सैद्धान्तिक मान्यताका आधारमा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको आन्तरिक द्वन्द्वविश्लेषणको ढाँचा अनि युङ्गको सैद्धान्तिक मान्यताका आधारमा पुरुषपन र नारीपन एवम् बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिच आन्तरिक द्वन्द्वविश्लेषणको ढाँचा प्रस्तुत गरिएको छ । यसपछि भिक्षुका 'गुनकेशरी', 'प्रेमको एउटा कथा', 'अनि...?', 'त्यही सात दिन', 'रमा', 'व्यर्थता', 'स्वामी', 'तपस्या', 'मानव', 'रक्सीबाज', 'सैतानको सैतानी', 'उधारो सम्मान', 'साहुको सम्पत्ति', 'मालिकको छोरो', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट', 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ', 'हारजित', 'माधुरी नानी', 'माऊजङ बाबुसाहेबको कोट', 'सावित्रीको बाखो', 'मीना', 'दुई अनुभूत सत्य', 'मिस्त्री', 'बाबु-साहेबचा', 'रानीसाहेब', 'एक पैसा', 'भ्रष्ट-यज्ञ', 'पाइप' र 'नयाँ इतिहासको प्रारम्भ' गरी एकतीसओटा कथाको फ्रायडोत्तर मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधानको अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

भिक्षुका कथामा म्याक्स वेबरका मान्यताका आधारमा बाह्य द्वन्द्वविधान शीर्षकको चौथो परिच्छेदमा विषयप्रवेशसँगै म्याक्स वेबरको बाह्य द्वन्द्वसम्बन्धी सैद्धान्तिक मान्यता प्रस्तुत गरी त्यसकै आधारमा सम्पत्तिका लागि सिर्जित, शक्तिका लागि सिर्जित र प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविश्लेषणको ढाँचा प्रस्तुत गरिएको छ । यसपछि भिक्षुका 'प्रेमको एउटा कथा', 'रमा', 'तपस्या', 'मानव', 'रक्सीबाज', 'सैतानको सैतानी', 'साहुको सम्पत्ति', 'मालिकको छोरो', 'मैयाँसाहेब', 'हारजित', 'वन्दना', 'बन्दोबस्त', 'रानीसाहेब', 'भ्रष्टयज्ञ', 'ईश्वर, खुदा, गाँडका कान', 'ज्ञात भएजति' र 'नयाँ इतिहासको प्रारम्भ' गरी सत्रओटा कथाको म्याक्स वेबरका मान्यताका आधारमा बाह्य द्वन्द्वविधानको अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

भिक्षुका कथामा द्वन्द्वविधानको प्रयोजन शीर्षकको पाँचौँ परिच्छेदमा विषयप्रवेशसँगै कथामा द्वन्द्वविधानको प्रयोजनको चर्चा गरिएको छ । यसपछि विशिष्टीकृत रूपमा केही कथाबाट उद्धरण प्रस्तुत गरी समग्रमा द्वन्द्वविधानको प्रयोजनका विषयमा अध्ययन गरिएको छ । आन्तरिक द्वन्द्वविधानको प्रयोजनअन्तर्गत इदम् र अहम्, इदम् र पराहम्, जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति, हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपन एवम् बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वविधानको प्रयोजनको अध्ययन गरिएको छ । बाह्य द्वन्द्वविधानको प्रयोजनअन्तर्गत सम्पत्तिका लागि सिर्जित, शक्तिका लागि सिर्जित र प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको प्रयोजनको अध्ययन गरी अन्तमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

शोधप्रबन्धको यो छैठौँ परिच्छेद सारांश तथा निष्कर्ष रहेको छ । यसमा विषयप्रवेशसँगै शोधप्रबन्धको परिच्छेदगत सारांश, प्राप्ति र निष्कर्ष प्रस्तुत गरिएको छ । यस परिच्छेदका उपशीर्षकमध्ये सारांशअन्तर्गत शोधप्रबन्धका सबै परिच्छेदको सारांश प्रस्तुत गरिएको छ ।

प्राप्तिअन्तर्गत शोधकार्यका मुख्य प्राप्तिलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी निष्कर्षअन्तर्गत शोधप्रबन्धको निष्कर्षात्मक सारलाई देखाइएको छ । यसपछि भावी अनुसन्धानका लागि सम्भावित शोधशीर्षकहरू दिइएको छ । अन्तमा परिशिष्टअन्तर्गत पारिभाषिक तथा विशिष्ट शब्द र शब्दावलीका नेपाली-अङ्ग्रेजी रूपका साथै शोधप्रबन्धमा प्रयुक्त लेखकका नामका नेपाली-अङ्ग्रेजी रूपको विवरण दिई विधिपूर्वक सन्दर्भ सामग्रीसूची प्रस्तुत गरेर यस शोधप्रबन्धको सङ्गठनलाई पूर्ण गरिएको छ ।

६.२ प्राप्ति

भवानी भिक्षुका कथामा द्वन्द्वविधानको अध्ययनलाई मूल समस्याको रूपमा ग्रहण गरेर यही पक्षको खोजी र मूल्याङ्कन गर्ने उद्देश्यबमोजिम पूर्णता प्रदान गरिएको यस शोधकार्यका प्राप्तिहरूलाई सङ्क्षिप्तमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

(क) इदम् अराजक र पाशविक स्वभावको हुन्छ । अहम् भने सामाजिक मूल्यमान्यता, नियमकानुन र अनुशासनको पक्षधर हुने भएकाले यसले इदम्का इच्छा र कार्यलाई अवरोध पुऱ्याउने गर्दछ । यसले गर्दा यी दुईका बिचमा द्वन्द्वको सिर्जना हुन्छ । भिक्षुका कथामा पात्रका मानसिकतामा यी दुई विपरीत मनोभावका बिचमा द्वन्द्वको सिर्जना गरेर आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । उनका कथामा यस किसिमको द्वन्द्वविधानको आयोजन र प्रयोजनको अध्ययन गर्नु यस शोधकार्यको प्राप्ति हो ।

(ख) इदम्ले समाजको इच्छाभन्दा विपरीत गएर मानिसलाई यौनजन्य र अन्य अवाञ्छित कार्यमा प्रोत्साहन गर्न चाहेको हुन्छ । पराहम्ले भने आदर्श, नैतिकता, मर्यादा र कर्तव्यप्रति सतर्क गराएर इदम्का कार्यमाथि अवरोध पुऱ्याउने गर्दछ । यसले गर्दा यी दुईका बिचमा द्वन्द्व भइरहन्छ । भिक्षुका कथामा पात्रका अन्तर्मानसिकतामा इदम् र पराहम्का बिचमा द्वन्द्वको सिर्जना गरी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । उनका कथामा पाइने यस किसिमको द्वन्द्वविधानको आयोजन र प्रयोजनमा केन्द्रित भई अध्ययन गर्नु यस शोधकार्यको प्राप्ति हो ।

(ग) मानिसको मनोदशामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति गरी दुई प्रकारका मूलप्रवृत्तिहरू क्रियाशील रहेका हुन्छन् । यी दुईमध्ये जीवन मूलप्रवृत्तिले जीवन, प्रेम, आकर्षण, मैत्री र आशक्तिमा रुचि राख्छ । मृत्यु मूलप्रवृत्तिले भने दुःख, घृणा, क्रोध, झैझगडा, पृथकता, विनाश र मृत्युतर्फ प्रेरित गर्दछ । त्यसैले यी दुई विपरीत मनोभावका बिचमा द्वन्द्व भइरहन्छ । भिक्षुका कथामा पात्रका अन्तर्मानसिकतामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचमा द्वन्द्वको सिर्जना गरी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । उनका कथामा पाइने यसप्रकारको द्वन्द्वविधानको आयोजन र प्रयोजनमा आधारित भई अध्ययन गर्नु यस शोधकार्यको प्राप्ति हो ।

(घ) मानिसको मनोदशा हीनत्वभाव र श्रेष्ठत्वभावबाट प्रभावित हुने गर्दछ । चाहेका कुरा प्राप्त नहुँदा हीनत्वको स्थिति देखिन्छ र प्राप्त हुँदा श्रेष्ठत्वको स्थिति सिर्जना हुन्छ । मानिस हीनत्वबाट पूर्णतः मुक्त हुन चाहने र पूर्णतः श्रेष्ठत्व प्राप्त गर्ने दिशामा लागिरहे पनि यो सम्भव हुँदैन । यसले गर्दा यी दुई मनोभावका बिचमा द्वन्द्व भइरहन्छ । भिक्षुका कथामा

पात्रका अन्तर्मानसिकतामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा द्वन्द्वको सिर्जना गरेर आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । उनका कथामा प्रस्तुत यस किसिमको द्वन्द्वविधानको आयोजन र प्रयोजनको अध्ययन गर्नु यस शोधकार्यको प्राप्ति हो ।

(ङ) पुरुषमा नारीपन र नारीमा पुरुषपन लुप्त रूपमा रहेका हुन्छन् । यी दुई विपरीत गुणको प्रभावको कारणले गर्दा मानिसको अन्तर्मानसिकतामा द्वन्द्वको स्थिति सिर्जना हुन्छ । भिक्षुका कथामा पात्रका अन्तर्मानसिकतामा पुरुषपन र नारीपनका बिचको द्वन्द्वको सिर्जना गरी आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । उनका कथामा पाइने यस किसिमको द्वन्द्वविधानको आयोजन र प्रयोजनमा केन्द्रित भई खोजअध्ययन गर्नु यस शोधकार्यको प्राप्ति हो ।

(च) एउटै मानिसमा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्व देखिन्छ । यी दुईमध्ये एउटा चेतनमा देखिँदा अर्को अचेतनमा रहने गर्दछ । यी दुई प्रवृत्तिगत आधारमा परस्पर विपरीत स्वभावका हुन्छन् । त्यसैले मानिसको अन्तर्मानसिकतामा बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचमा द्वन्द्वको स्थिति रहन्छ । भिक्षुका कथामा पात्रका अन्तर्मानसिकतामा बहिर्मुखी र अन्तर्मुखी दुई परस्पर विपरीत व्यक्तित्वका बिचमा द्वन्द्वको स्थिति सिर्जना गरी आन्तरिक द्वन्द्वविधानलाई प्रस्तुत गरिएको छ । उनका कथामा केन्द्रित भई यस किसिमको द्वन्द्वविधानको आयोजन र प्रयोजनको अध्ययन गर्नु यस शोधकार्यको प्राप्ति हो ।

(छ) समाजमा सबैको आर्थिक स्थिति समान किसिमको हुँदैन । कसैसँग सम्पत्ति धेरै हुन्छ भने कसैसँग थोरै हुन्छ । सम्पत्ति थोरै हुने वा नहुने मानिसहरू आर्थिक रूपमा विभेदीकरणमा परेका हुन्छन् । सम्पत्तिका दृष्टिले समान स्तरका मानिसका साथै थोरै वा धेरै कमबेसी हुनेहरूका बिचमा पनि असन्तुष्टि, प्रतिस्पर्धा र द्वन्द्व चलिरहन्छ । भिक्षुका कथामा पात्रहरूका बिचमा यस्तो सम्पत्तिका कारण सिर्जित द्वन्द्वको स्थितिलाई देखाएर सम्पत्तिका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको छ । उनका कथामा प्रस्तुत यस किसिमको द्वन्द्वविधानको आयोजन र प्रयोजनलाई आधार बनाई अध्ययन गर्नु यस शोधकार्यको प्राप्ति हो ।

(ज) समाजमा सबै समान किसिमले शक्तिशाली हुँदैनन् । कोही शक्तिशाली र कोही शक्तिहीन हुन्छन् । एउटै घरमा पनि यस्तो स्थिति रहेको हुन्छ । बराबरी रूपमा शक्तिशाली देखिएका र शक्तिका दृष्टिले थोरै वा धेरै कमबेसी हुनेहरूका बिचमा असन्तुष्टि, प्रतिस्पर्धा र द्वन्द्व भइरहन्छ । भिक्षुका कथामा पात्रहरूका बिचमा शक्तिका कारणले गर्दा सिर्जना भएको यस्तो असन्तुष्टि र प्रतिस्पर्धालाई आधार बनाएर शक्तिका लागि सिर्जित द्वन्द्वविाधानको आयोजन गरिएको छ । उनका कथामा प्रस्तुत यसप्रकारको द्वन्द्वविधानको आयोजन र प्रयोजनमा केन्द्रित भएर शोधमूलक अध्ययन गर्नु यस शोधकार्यको प्राप्ति हो ।

(झ) समाजमा सबैको प्रतिष्ठा समान किसिमको हुँदैन । कसैले धेरै सम्पत्ति कमाएर, शक्ति आर्जन गरेर, नवीन किसिमको क्षमता र सीप प्राप्त गरी प्रतिष्ठा आर्जन गरेका हुन्छन् । कसैको भने प्रतिष्ठाको स्तर न्यून रहेको हुन्छ । एउटै परिवारका सदस्यका बिचमा पनि प्रतिष्ठाको स्तर भिन्न हुन सक्छ । उच्च प्रतिष्ठा हुनेले न्यून प्रतिष्ठा भएका मानिसलाई विभेदपूर्ण व्यवहार गरेका हुन्छन् । यसले गर्दा समाजमा मानिसहरूका बिचमा असन्तुष्टि बढ्दछ । यसकै परिणामस्वरूप मानिसहरूका बिचमा प्रतिष्ठाका लागि प्रतिस्पर्धा र द्वन्द्व

भइरहन्छ । भिक्षुका कथामा पात्रहरूका बिचमा यस किसिमको प्रतिष्ठाकेन्द्रित द्वन्द्वविधानको आयोजन गरिएको छ । उनका कथामा प्रस्तुत यस किसिमको द्वन्द्वविधानको आयोजन र प्रयोजनमा आधारित भई अध्ययन गर्नु यस शोधकार्यको प्राप्ति हो ।

(ञ) अध्ययन गरिएका भिक्षुका कथामध्ये गुनकेशरी', 'प्रेमको एउटा कथा र 'अनि ...?' कथामा आन्तरिक द्वन्द्वविधानको अध्ययनका लागि निर्धारण गरिएका छवटै सूचक र 'रमा', 'स्वामी', 'तपस्या', 'त्यो फेरि फर्कला ?', 'मैयाँसाहेब', 'टाइपिस्ट' र 'अब म त्यस पसलमा सिगरेट किन्दिनँ' कथामा तीनभन्दा बढी सूचकको उपयोग गरेर अध्ययन गर्न सकिएकाले यी कथा आन्तरिक द्वन्द्वविधानका दृष्टिले सबल देखिएका छन् । त्यसैगरी 'मैयाँसाहेब', 'वन्दना', 'बन्दोबस्त' र 'नयाँ इतिहासको प्रारम्भ' कथामा बाह्य द्वन्द्वविधानको अध्ययनका लागि निर्धारण गरिएका तीनवटै सूचक र 'प्रेमको एउटा कथा', 'मानव', 'सैतानको सैतानी', 'मालिकको छोरो', 'मैयाँसाहेब' र 'हारजित' कथामा एकभन्दा बढी सूचकको उपयोग गरेर अध्ययन गर्न सकिएकाले यी कथा बाह्य द्वन्द्वविधानका दृष्टिले सबल देखिएका छन् । द्वन्द्वविधानको अध्ययनका दृष्टिले सबल कथाको निर्धारण गर्नु यस शोधकार्यको प्राप्ति हो ।

(ट) भवानी भिक्षुका कथामा प्रयुक्त आन्तरिक र बाह्य द्वन्द्वविधानमा मुख्यतः केन्द्रित भई अध्ययन र विश्लेषण गर्दा दुवै प्रकारका द्वन्द्वविधानको उपयोग उनका कथामा गरिएको पाइन्छ । यी दुई प्रकृतिका द्वन्द्वविधानको आयोजनका क्रममा भिक्षुले बाह्यभन्दा आन्तरिक द्वन्द्वविधानको आयोजनमा बढी रुचि देखाएका छन् । उनले आन्तरिक द्वन्द्वविधानअन्तर्गत पनि धेरै कथामा हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वविधानको उपयोगमा बढी रुचि देखाएको पाइन्छ । मूलतः भिक्षुका कथामा सामाजिक यथार्थलाई भन्दा मनोवैज्ञानिक यथार्थलाई बढी जोड दिइएको देखिँदा उनका कथामा बाह्य द्वन्द्वविधानको भन्दा आन्तरिक द्वन्द्वविधानकै सशक्त आयोजन गरिएको छ । यसरी भिक्षुका कथामा बाह्य भन्दा आन्तरिक द्वन्द्वविधानको प्रधानता देखिन्छ भन्ने विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नु पनि यस शोधकार्यको प्राप्ति हो ।

भिक्षुका कथामा केन्द्रित भएर विभिन्न दृष्टिबाट समालोचनात्मक र शोधमूलक कार्य भएका देखिए पनि तीमध्ये केहीमा मात्र सामान्य र प्रसङ्गवश द्वन्द्वविषयक चर्चा मात्र गरिएको देखिन्छ । यसप्रकार उनका कथामा केन्द्रित द्वन्द्वविधानको विशिष्ट अध्ययनको अभाव रहेको परिप्रेक्ष्यमा उनका कथामा केन्द्रित भई वस्तुगत र व्यवस्थित किसिमले आन्तरिक र बाह्य द्वन्द्वविधानको आयोजन र प्रयोजनको अध्ययन र विश्लेषण गरिनु नै यस शोधकार्यको निष्कर्षात्मक प्राप्ति रहेको छ ।

६.३ निष्कर्ष

भवानी भिक्षुका कथामा आन्तरिक र बाह्य द्वन्द्वविधानका साथै प्रयोजनको अध्ययन र मूल्याङ्कन गर्नुलाई शोधसमस्या एवम् उद्देश्य निर्धारण गरी पूर्ण गरिएको प्रस्तुत शोधकार्यको निष्कर्ष तल प्रस्तुत गरिएको छ ।

भिक्षुका कथामा फ्रायडका मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधानको अध्ययन इदम् र अहम्, इदम् र पराहम् एवम् जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका बिचमा हुने मनोद्वन्द्वमा केन्द्रित भई गरिएको छ । उनका कथाका पात्रका मानसिकतामा यी जोडी मनोभावका बिचमा विपरीत विचार र इच्छा जागरित गराएर आन्तरिक द्वन्द्वविधानको आयोजन

गरिएको छ । भिक्षुका कथाका पात्र इदम्को यौनजन्य प्रभावमा परेर समाजमा अस्वीकार्य हुने किसिमले प्रस्तुत हुन खोजिरहेकामा तत्काल अहम् क्रियाशील भई सामाजिक शिष्टता र मूल्यलाई बचाउन अग्रसर भएका छन् । यसले गर्दा पात्र इदम् र अहम्का बिचको मनोद्वन्द्वको चापमा परेका पाइन्छन् । इदम्ले समाजको इच्छाभन्दा विपरीत गएर पात्रलाई यौनजन्य क्रियामा प्रेरित गरिरहँदा त्यसका विरुद्धमा आदर्श, नैतिकता, मर्यादालाई उत्साहित गर्ने पराहम्लाई अग्रसर गराएर कथामा इदम् र पराहम्का बिचमा द्वन्द्वविधानको आयोजन गरिएको छ । जीवन, प्रेम, आशक्ति र रचनात्मक कार्यको रूपमा प्रस्तुत हुने जीवन मूलप्रवृत्ति र घृणा, क्रोध, झैझगडा, दुःख र विनाशको रूपमा प्रस्तुत हुने मृत्यु मूलप्रवृत्तिका बिचमा पात्रको अन्तर्मानसिकतामा तानातानीको स्थिति सिर्जना गरेर भिक्षुका कथामा यी दुई मूलप्रवृत्तिका बिचमा द्वन्द्वविधानको आयोजन गरिएको छ । यसले गर्दा भिक्षुका कथा फ्रायडीय मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधानको आयोजनका दृष्टिले सफल बनेका देखिन्छन् ।

भिक्षुका कथामा फ्रायडोत्तर मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधानको अध्ययन हीनत्वबोध र श्रेष्ठत्वप्राप्ति, पुरुषपन र नारीपन एवम् बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्वका बिचमा हुने मनोद्वन्द्वमा केन्द्रित भई गरिएको छ । उनका कथामा आन्तरिक द्वन्द्वविधानको आयोजन गर्नका लागि यी जोडी मनोभावका बिचमा विपरीत इच्छा र विचार सिर्जना गरिएको पाइन्छ । उनका कथामा पात्र उच्चतम् स्थान प्राप्त गर्न अग्रसर भएकामा त्यस्तो स्थान प्राप्त गर्न नसकी हीनत्वबोधको चापमा परेका देखाएर हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचको द्वन्द्वविधानको आयोजन गरिएको छ । भिक्षुका कथामा पात्रका पुरुषपनका कामनालाई नारीपनले र नारीपनका कामनालाई पुरुषपनले अवरोध सिर्जना गरेको देखाइएको छ । यसो गरेर पात्रलाई पुरुषपन र नारीपनका बिचको मनोद्वन्द्वमा परेको देखाई कथामा यस किसिमको द्वन्द्वविधानको आयोजन गरिएको छ । कथामा अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वको तानातानीमा पात्रको मानसिकतालाई अल्झाएर दुई व्यक्तित्वका बिचको मनोद्वन्द्वका माध्यमबाट आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । यसले गर्दा भिक्षुका कथा फ्रायडोत्तर मान्यताका आधारमा आन्तरिक द्वन्द्वविधानको आयोजनका दृष्टिले सशक्त देखिन्छन् ।

भिक्षुका कथामा पात्रहरूका बिचमा विवाद, असहमति र मनमुटावको स्थिति सिर्जना गरेर सम्पत्तिका लागि सिर्जित, शक्तिका लागि सिर्जित र प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरिएको छ । यस किसिमको द्वन्द्वविधान व्यक्ति र व्यक्ति, व्यक्ति र व्यक्ति समूहका बिचमा विवादको स्थिति देखाएर आयोजन गरिएको पाइन्छ । उनका कथामा सम्पत्तिका विषयमा केन्द्रित भएर पात्रहरू विवादमा तानिएका देखिन्छन् । कथाका पात्र कोही सम्पन्न छन् र कोही सम्पत्तिको अभावमा अप्ठेरोमा परेका छन् । सम्पत्तिको कारणले गर्दा प्रेमसम्बन्धमा पनि प्रतिकूल स्थिति सिर्जना भएको छ । पहिलेका सम्पन्न पात्र परिस्थिति परिवर्तन हुँदा आर्थिक सङ्कटमा परेका देखिन्छन् । पतिपत्नीका बिचमा पनि सम्पत्तिको तानातानीले गर्दा विवादको स्थिति देखिएको छ । सम्पत्तिका दृष्टिले माथिल्लो हैसियतका पात्रले न्यून क्षमता भएकालाई हेप्ने गरेका छन् । पारिवारिक सम्पत्तिको बाँडफाँडको विषयलाई लिएर पनि विवाद सिर्जना भएको देखिन्छ । सम्पत्तिका विषयमा पात्रहरूका बिचमा वैचारिक विवाद पनि भएको छ । काम गराउने र काम गर्नेका बिचमा पारिश्रमिकको विषयलाई लिएर असन्तुष्टि र विवाद बढेको छ । चन्दा उठाउन अग्रसर पात्र र दिन नचाहने पात्रका विचमा विवाद

देखिएको छ । कथामा आएका यस्ता घटनासन्दर्भमा पात्रहरूका बिचमा सम्पत्तिसम्बन्धी विवाद र असन्तुष्टिको स्थिति देखाएर सम्पत्तिका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको छ । भिक्षुका कथाका पात्र शक्तिको विवादमा अल्झिएका देखिन्छन् । एउटै परिवारका कोही सदस्य शक्तिशाली र कोही शक्तिहीन भएको देखिँदा असन्तुष्टि देखिएको छ । हाकिमसँग कारिन्दाको भूमिकामा रहेका पात्र हेपिएको ठानेर ठुस्किएका छन् । घरमा काम गर्न बसेका नोकरचाकरलाई घरमालिकले हेप्ने गरेका र त्यसलाई तिनले सहन नसकेर विवादको स्थिति देखिएको छ । शक्तिको असन्तुलनले गर्दा प्रेमी र प्रेमिकाका बिचमा खटपट भएको छ । समाजमा शक्तिशाली र शक्तिहीन विवादमा अल्झिएका देखिन्छन् । शक्तिसँग अल्झिएर वैचारिक विवाद बढेको छ । शक्तिकै लागि गाउँले र सिपाही एवम् आम नागरिक र सिपाहीका बिचमा तनाव एवम् हिंसात्मक द्वन्द्वको स्थिति सिर्जना भएको छ । यी विविध शक्तिका विवादसँग जोडिएका घटनासन्दर्भमा पात्रहरूका बिचमा शक्तिसम्बन्धी असन्तुष्टि र द्वन्द्व सिर्जना गरेर कथामा शक्तिका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको छ । कथामा प्रतिष्ठालाई विवादको विषय बनाएर पात्रहरू द्वन्द्वको चापमा परेका छन् । घर, परिवार र समाजमा उच्च प्रतिष्ठा भएका पात्रले निम्न प्रतिष्ठाको अवस्थामा रहेका पात्रलाई माथि उठ्न अवरोध पुऱ्याउने गरेका र समान प्रतिष्ठाका पात्रका बिचको प्रतिस्पर्धाले विवाद र असन्तुष्टि सिर्जना भएर द्वन्द्व बढेको छ । यस किसिमको द्वन्द्वलाई देखाएर कथामा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको छ । यसप्रकार भिक्षुका कथामा सम्पत्ति, शक्ति र प्रतिष्ठाका लागि सिर्जित बाह्य द्वन्द्वविधानको आयोजन गरेर सामाजिक यथार्थको उद्घाटन गरिएको देखिन्छ ।

भवानी भिक्षुका कथामा द्वन्द्वविधानको अध्ययनको उद्देश्य उनका कथामा पाइने द्वन्द्वविधानको प्रयोजनको मूल्याङ्कन गर्नु पनि रहेको छ । भिक्षुका कथामा पात्रका मानसिकतामा देखिने आन्तरिक द्वन्द्वात्मक मनोदशाको यथार्थ उद्घाटनको प्रयोजनका लागि आन्तरिक द्वन्द्वविधानलाई आधार बनाइएको छ । पात्रलाई यौनिक दृष्टिले छाडा र अराजक हुनबाट बचाई सामाजिक मूल्य र शिष्टतालाई संरक्षण गर्नका लागि इदम् र अहम्का बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । इदम्को कामनाबाट प्रेरित भएर गरिएका यौनिक कार्यबाट पात्रको मर्यादा र नैतिकता, सच्चरित्रता र कर्तव्यलाई पतित हुनबाट जोगाएर आदर्श र मर्यादालाई सम्बर्द्धन गर्न र सामाजिक लोकापवादबाट पात्रलाई बचाउनका लागि कथामा इदम् र पराहम्का बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । दुई विपरीत मूलप्रवृत्तिको चापमा पर्दा पात्रका व्यवहारमा देखिने स्वभावको चित्रण गर्न र मनोवैज्ञानिक द्वन्द्वात्मक यथार्थलाई देखाउनका लागि जीवन र मृत्यु मूलप्रवृत्तिका बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको छ । व्यक्तिको मानसिकतामा हीनभाव र श्रेष्ठत्वभाव विपरीत अवस्थामा रहेर द्वन्द्व सिर्जना गर्दा देखिने मनोवस्था उद्घाटनको प्रयोजनका लागि हीनत्वबोध र श्रेष्ठत्वप्राप्तिका बिचमा आन्तरिक द्वन्द्वविधानको आयोजन गरिएको पाइन्छ । पुरुषपन र नारीपनका प्रभावको कारणले गर्दा व्यक्तिको मानसिकतामा देखिने व्यवहार र मनोदशाको उद्घाटन गर्नका लागि कथामा यी दुईका बिचको आन्तरिक द्वन्द्वविधानलाई आधार बनाइएको छ । व्यक्तित्वका दुई विपरीत स्वभावले गर्दा व्यक्ति द्वन्द्वको चापमा पर्छ भन्ने प्रयोजनलाई देखाउनका लागि अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वका बिचको द्वन्द्वविधानलाई आधार बनाइएको छ । पात्रका मनोदशाको यथार्थ उद्घाटन गर्न, पाठकका मानसिकतामा कौतूहलको सिर्जना

गर्न, पाठकीय रुचि बढाउन र कथालाई सुपाठ्य तुल्याउनका साथै कथामा कलासौन्दर्यलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने प्रयोजनका लागि पनि भिक्षुका कथामा आन्तरिक द्वन्द्वविधानको उपयोग र प्रयोजन प्रभावकारी र अर्थपूर्ण रहेको पाइन्छ ।

भिक्षुका कथामा सामाजिक यथार्थको उद्घाटनको प्रयोजनका लागि पात्रहरूका बिचमा बाह्य द्वन्द्वविधानलाई आधार बनाइएको छ । सम्पत्तिका विषयमा केन्द्रित भएर घर, परिवार, समाजका विभिन्न क्षेत्रका मानिसहरूका बिचमा देखिने असन्तुष्टि र विवादलाई देखाएर सामाजिक यथार्थको उद्घाटन गर्नको लागि भिक्षुका कथामा सम्पत्तिका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको छ । शक्तिका कारणले गर्दा कोही हेपिएर र दबिएर बस्नुपरेको र कोही धनी, प्रतिष्ठित र शक्तिशाली भएर रजाइ गरेको परिस्थितिमा शक्तिहीन पक्ष असन्तुष्ट भएर समाजमा द्वन्द्वको सिर्जना हुने सामाजिक यथार्थलाई देखाउन भिक्षुले कथामा शक्तिका लागि सिर्जित द्वन्द्वविधानलाई आधार बनाएका छन् । उच्चवर्गका, धनी र शक्तिशालीहरू प्रतिष्ठित जीवन बिताइरहँदा निम्नवर्गका, गरिब र शक्तिहीनले भने अपमान, तिरस्कार र विभेदको शिकार हुन परिरहेको सामाजिक यथार्थको उद्घाटनको प्रयोजनका लागि भिक्षुका कथामा प्रतिष्ठाका लागि सिर्जित द्वन्द्वविधानको आयोजन गरिएको छ । सामाजिक मतभेद र असन्तुष्टिलाई देखाउनु पनि यस किसिमको द्वन्द्वविधानको प्रयोजन देखिन्छ । पाठकका मानसिकतामा कौतूहलको सिर्जना गर्न, पाठकीय रुचि बढाउन र कथालाई सुपाठ्य तुल्याउनका साथै कथामा कलासौन्दर्यलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने प्रयोजनका लागि पनि भिक्षुका कथामा बाह्य द्वन्द्वविधानको उपयोग र प्रयोजन महत्त्वपूर्ण देखिन्छ ।

६.४ भावी अनुसन्धानका लागि सम्भावित शोधशीर्षकहरू

भवानी भिक्षुका कथामा थप अनुसन्धान गर्न चाहनेका लागि सम्भावित शोधशीर्षक निम्नअनुसार प्रस्तुत गरिएको छ :

(क) भवानी भिक्षुका कथामा लैङ्गिक द्वन्द्वविधान
(ख) भवानी भिक्षुका कथामा वर्गीय द्वन्द्वविधान
(ग) भवानी भिक्षुका कथामा वैचारिक द्वन्द्वविधान

परिशिष्ट

(क) शोधप्रबन्धमा प्रयुक्त पारिभाषिक तथा विशिष्ट शब्द र शब्दावली

अचेतन मन	Unconscious mind
अन्तरङ्ग स्व	Intimate self
अन्तर्मानसिकता	Introspection
अर्धचेतन मन	Subconscious mind
असङ्गत इच्छा	Inconsistent desire
अचेतन स्तर	Unconscious level
अहम्	Ego
आन्तरिक सङ्घर्ष	Internal struggle
इदम्	Id
इदम्का इच्छा	Desire of id
उभयलिङ्गी	Bisexual
उच्चवर्गीय शक्ति	Elite power
एकाधिकारपूर्ण नियन्त्रण	Monopoly control
एनिमस र एनिमा	Animus and Anima
एरोस	Aeros
कामवृत्तिको प्रकृति	Nature of sex drive
जातिवृत्तीय मन	Racist mind
जीवन मूलप्रवृत्ति	Life instincts
चेतन मन	Conscious mind
जीवित पदार्थ	Living matter
जैविक लिप्सा	Biological desire
थोनाटस	Thonatus
द्वन्द्व	Conflict
द्वन्द्वको प्रयोजन	Propose of conflict
द्वन्द्वात्मक स्थिति	Conflict situation
निरन्तर सङ्घर्ष	Constant struggle
नारीपन	Anima
परम्परित शक्ति	Conservative power
पराहम्	Super ego
पुरुषपन	Animus
प्रतिष्ठा समूह	Prestige group
प्राकृतिक निकास	Natural exit

बहिर्मुखी र अन्तर्मुखी व्यक्तित्व	Extrovert and introvert personality
बाह्य द्वन्द्व	External conflict
मनोदशा	State of mind
मनोद्वन्द्व	Mental conflict
मनोजगत्	Mental world
मनोव्यापार	Mind trading
मानसिक द्वन्द्व	Mental conflict
मानसिक द्विविधा	Mental dilemma
मूल रूप	Archetypes
मृत्यु मूलप्रवृत्ति	Death instincts
यौनजन्य तनाव	Sexual stress
यौनप्रचालन	Sexual intercourse
यौनप्रतीक	Sexual symbol
वर्गभ्रष्ट	Corrupt class
विरोधी भाव	Antipathy
वैयक्तिक अचेतन	Personal unconscious
वैयक्तीकरण प्रक्रिया	Personalization process
व्यावसायिक व्यवस्थापन	Business management
शान्तिपूर्ण द्वन्द्व	Peaceful conflict
श्रेष्ठत्वप्राप्ति	Attainment of superiority
सामाजिक गतिशीलता	Social mobility
सामाजिक द्वन्द्व	Social conflict
सामाजिक प्रतिष्ठा	Social prestige
सामाजिक हीनत्व	Social inferiority
सामूहिक अचेतन	Collective unconscious

(ख) शोधप्रबन्धमा प्रयुक्त लेखकका नामको नेपाली–अङ्ग्रेजी रूप

अल्फ्रेड एडलर	Alfred Adler
आर. एफ. सी. हल	R. F. C. Hull
ए. एम. हन्डर्सन	A. M. Henderson
एच. एच. गर्थ	H. H. Greth
एच. गडवान बायनेज	H. Godwyn Baynes
क्ल्यौज विटिज	Claus Wittich
गोएन्थर रथ	Guenther Roth
जोन रिभाएर	Joan Riviere
जोनाथन एच. टर्नर	Jonathan H. Turner
टाल्कोट पार्सन्स	Talcott Parsons
डेभिड म्याकलिङ्टक	David Mclintock
रोवेना अन्स्वाचर	Rowena Ansbacher
लियोनार्द बेघ्ली	Leonard Beeghley
सिग्मन्ड फ्रायड	Sigmund Freud
सि. जि. युङ्ग	C. G. Jung
सि. राइट मिल्स	C. Wright Mills
हेइन्ज आर. अन्स्वाचर	Heinz R. Ansbacher

सन्दर्भ सामग्रीसूची

अकिञ्चन, भुवन (२०५६), कथाको सैद्धान्तिक परिचय, *हाम्रो पुरुषार्थ, २६*(२), १३१-१४६ ।

अधिकारी, अच्युतरमण (२०३५), कथाकार भिक्षु र उनको व्यक्तित्व, *रूपरेखा, १९*(३), ११-१६ ।

अधिकारी, अच्युतरमण (२०४६), *विवेचनै विवेचना,* काठमाडौँः उन्नयन प्रकाशन ।

अधिकारी, अच्युतरमण (२०५१), भवानी भिक्षु : आफ्नै दर्पणभित्र, *गरिमा, १२*(५), १२९- १२१ ।

अधिकारी, अच्युतरमण (२०६७), भवानी भिक्षुको जीवनीपरक व्यक्तित्व, *समकालीन साहित्य,* भवानी भिक्षु शतवार्षिकी अङ्क, ६०(२), ८१-८४ ।

अधिकारी, लक्ष्मीशरण (२०५८), *भिक्षुका कथामा नारी पात्र : एक अध्ययन* (अप्रकाशित लघुअनुसन्धान पत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

अधीर, किसन थापा (२०६७), त्यो फेरि फर्कला ? कथाको विश्लेषण, *समकालीन साहित्य,* भवानी भिक्षु शतवार्षिकी अङ्क ६०(२), १२९-१३० ।

अर्याल, दुर्गाप्रसाद (२०४९), भवानी भिक्षुको कथात्मक पृष्ठभूमि र मूलप्रवृत्ति, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), १२४-१२७ ।

अर्याल, बिनुबाबा (२०४३), मैयाँसाहेब कथासङ्ग्रहका सामाजिक चित्रकार भवानी भिक्षु, *रत्नश्री, २४*(१), ४६-५३ ।

अवस्थी, देवीशङ्कर (सन् १९९९), *आलोचना का द्वन्द्व,* दिल्लीः वाणी प्रकाशन ।

अवस्थी, महादेव (सम्पा.), (२०६५), *नेपाली कथा* (दोस्रो संस्क., भाग २), ललितपुरः साझा प्रकाशन ।

आचार्य, नरहरि र अन्य (सम्पा.), (२०४६), *नेपाली कथा* (भाग १), ललितपुरः साझा प्रकाशन ।

उपाध्याय, द्रोणकुमार (२०४९), मैयाँसाहेबका भिक्षुलाई खोजी गर्दा, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ८५-९१ ।

उप्रेती, विष्णुराज (२०६२), *द्वन्द्व व्यवस्थापन* (परिमार्जित संस्क.), काठमाडौँः भृकुटी एकेडेमी पब्लिकेसन्स ।

कँडेल, घनश्याम (२०४९), गुनकेशरी नारी-चरित्रका विविध पक्षको अभिव्यक्ति, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), २८२-२८६ ।

कुँवर, उत्तम (२०५०), *स्रष्टा र साहित्य* (चौथो संस्क.), काठमाडौँः साझा प्रकाशन ।

कोइराला, कुमारप्रसाद (२०६७), भवानी भिक्षुको कथाकारिता, *समकालीन साहित्य,* भवानी भिक्षु शतवार्षिकी अङ्क ६०(२), ८५-९६ ।

कोइराला, कुमारप्रसाद (२०६८), *आख्यान विमर्श,* काठमाडौँः अक्षर क्रियसन्स नेपाल ।

कोइराला, कुमारप्रसाद (२०८०), *समका दुःखान्त नाटकमा द्वन्द्वविधान,* काठमाडौँः ओरियन्टल पब्लिकेसन ।

कोइराला, कृष्णप्रसाद (२०७३), *भिक्षुका कथामा सीमान्तीयता* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

कोइराला, प्रयागराज (२०३५), कथाकार भिक्षु र उनको व्यक्तित्वप्रति, *रूपरेखा, १९*(७), २-४ ।

खड्का, ज्योति (२०४९), भवानी भिक्षुको कथाकारिता र माधुरी नानी कथाको सङ्क्षिप्त विवेचना, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), १०१-११२ ।

गिरी, अमर (२०७५), *कवितामा वर्गद्वन्द्व,* काठमाडौँ: भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, कृष्ण (२०४९), भिक्षु : विषमताको जीवनमा एक अभूतपूर्व दृष्टान्त, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ६४-६६ ।

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन,* ललितपुर: साझा प्रकाशन ।

गौतम, रामचन्द्र (२०४९), भिक्षुको सुन्दर कथा-फूलबारीमा डुल्दा, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ९२-१०० ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९), *नेपाली कथाको इतिहास,* काठमाडौँ: नेपाल प्रज्ञाप्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०७०), कृतिविश्लेषणमा सांस्कृतिक समालोचनाका सैद्धान्तिक पर्याधार, *भृकुटी,* भाग (१९), ३६५-३७७ ।

घर्ती, दुर्गाबहादुर (२०६७क), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* काठमाडौँ: साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६७ख), भवानी भिक्षुको टाइपिस्ट कथामा मनोविश्लेषण, *समकालीन साहित्य,* भवानी भिक्षु शतवार्षिकी अङ्क ६०(२), ११९-१२३ ।

घर्ती, दुर्गाबहादुर (२०८०), *अनुसन्धान पद्धति : सिद्धान्त र प्रयोग,* काठमाडौँ: अनुसन्धान विमर्श नेपाल ।

घिमिरे, रघु (२०५१), *सृजना र दृष्टि,* ललितपुर: साझा प्रकाशन ।

चापागाई, नरेन्द्र (२०४९) भिक्षुको कथाकारिता, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ११-२३ ।

चालिसे, विजय (२०३८), भिक्षुलाई सम्झेर त्यो फेरि फर्कला ?, *मधुपर्क, १३*(१२), ८६-९१ ।

जोशी, रत्नध्वज (२०२१), *आधुनिक नेपाली साहित्यको झलक,* काठमाडौँ: रोयल नेपाल एकेडेमी ।

जोशी, कुमारबहादुर (२०४३), *एक व्यक्ति अनेक दृष्टि,* काठमाडौँ: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

जोशी, रत्नध्वज (२०२५), *नेपाली कथाको कथा,* ललितपुर: साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०४९), भवानी भिक्षुको समष्टि कथायात्रा : एक रेखाङ्कन, *उन्नयन,* भिक्षु विशेषाङ्क, (१०), ३४६-४५३ ।

दाहाल, कृष्णप्रसाद (२०६७), कथाकार भवानी भिक्षुको हारजित कथाको अध्ययन र विश्लेषण, *समकालीन साहित्य,* भवानी भिक्षु शतवार्षिकी अङ्क ६०(२), १०६-११० ।

देवकोटा, पद्मप्रसाद (२०४९), दुइटी गुनकेशरीहरू, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), १७०-१७६ ।

निराकार, वनमाली (२०३९), लुम्बिनी अञ्चलका केही कथा र कथाकारहरू, *हाम्रो पुरुषार्थ,* ९(२), ५८-६८ ।

नेउपाने, हरिभक्त (२०४९), कथाकार भवानी भिक्षुको एक मार्मिक दृष्टिकोण, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), १७७-१८१ ।

नेपाल, शैलेन्दुप्रकाश र अधिकारी, शारदा (२०५५), *वाङ्मय समालोचना,* काठमाडौँः नेपाल वाङ्मय प्रतिष्ठान ।

पराजुली, रञ्जुश्री (२०४९), कथाकार भवानी भिक्षुको गुनकेशरी कथा, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ११९-१२३ ।

परिश्रमी, घनश्याम न्यौपाने (२०५५), *साहित्य सन्दर्भ,* वीरगन्जः नारायणी बुक्स एन्ड स्टेसनर्स ।

पाठक, जया (२०४९), भिक्षुको कथाकारिता र हारजित कथामा प्रतिबिम्बित तराई समाज, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ११३-११८ ।

पाण्डे, ज्ञानु (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँः नेपाल प्रज्ञाप्रतिष्ठान ।

पाण्डेय, फणीन्द्रप्रसाद (२०५७), *संस्कृत-नेपाली बृहत् शब्दकोश,* दाङः महेन्द्र संस्कृत विश्वविद्यालय ।

पोखरेल, कृष्णप्रसाद (२०६७), *गोविन्द गोठालेका कथामा द्वन्द्वविधान,* (अप्रकाशित विद्यावारिधि शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पोखरेल, भानुभक्त (२०५९), *सिद्धान्त र साहित्य,* ललितपुरः साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०४९), भिक्षुको भाषा : आवर्तको आधार, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), २५०-२५३ ।

पोखरेल, राजकुमार (२०२६), त्यो फेरि फर्कला ? एउटा दृष्टिकोण, *बिहान,* ३(६), ४१-४६ ।

पौड्याल, परशुराम (२०६६), *कथाको रूपविन्यास सिद्धान्त र विवेचना,* पुनर्मुद्रण, काठमाडौँः बुद्ध एकेडेमिक पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा. लि. ।

पौड्याल, षडानन्द (२०७६), *आधुनिक नेपाली कथामा सामाजिक सम्बन्ध,* काठमाडौँः नेपाल प्रज्ञाप्रतिष्ठान ।

पौडेल, राम (२०६३), *आधुनिक नेपाली कथामा बालमनोविज्ञान,* काठमाडौँः लेखक स्वयम् ।

प्रधान, कृष्ण (२०५३), *समकालीन समालोचना,* विराटनगरः वाणी प्रकाशन सहकारी संस्था लि. ।

प्रधान, कृष्णचन्द्र (सम्पा.), (२०५८), *साझा समालोचना,* ललितपुरः साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्र, (२०६७) कवि उपन्यासकारको तुलनामा कथाकार भिक्षुको श्रेष्ठता, *समकालीन साहित्य,* भवानी भिक्षु शतवार्षिकी अङ्क ६०(२), २२-२५ ।

प्रधान, प्रतापचन्द्र (२०४०), *नेपाली कथावलोकन,* काठमाडौँः दीपा प्रकाशन ।

प्रभात, विष्णु (२०६७), भवानी भिक्षुको कथाकारिता : सङ्क्षिप्त आँकलन, *समकालीन साहित्य,* भवानी भिक्षु शतवार्षिकी अङ्क ६०(२), ४७-५१ ।

प्रसाद, कमला (सन् २००१), *रचना और आलोचना की द्वन्द्वात्मकता,* दिल्लीः वाणी प्रकाशन ।

फ्रायड, सिग्मन्ड (२०६९), *फ्रायडको मनोविश्लेषण* (पुण्यप्रसाद सेढाई, अनु.), काठमाडौँः डिकुरा पब्लिकेसन । (मौलिक ग्रन्थ प्रकाशन मिति सन् १९१७)

बराल, ईश्वर (सम्पा.), (२००६/२०३३), *भ्यालबाट* (तेस्रो संस्क.), ललितपुरः साझा प्रकाशन ।

बराल, ईश्वर (२०४८), भिक्षु कथाकारका रूपमा, *समकालीन साहित्य, १*(३), २६-३५ ।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज,* काठमाडौँः साझा प्रकाशन ।

बराल, ऋषिराज र घिमिरे, कृष्णप्रसाद (सम्पा.), (२०५५), *नेपाली कथा* (भाग ३), ललितपुरः साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६९), *कथा सिद्धान्त,* काठमाडौँः एकता बुक्स डिस्ट्रिब्युटर्स ।

बराल, कृष्णहरि (२०७२), *मनोविश्लेषण र साहित्य* (दोस्रो संस्क.), काठमाडौँः अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

बराल, गुरूप्रसाद (२०६१-०६२), रचनाविधानका आधारमा ईश्वर खुदा गाँडका कान कथाको विश्लेषण, *कुञ्जिनी, १२*(९), १३१-१३४ ।

भट्ट, आनन्ददेव (२०४९), भवानी भिक्षु र त्यो फेरि फर्कला ?, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ६-१० ।

भट्ट, पुष्कर्राज (२०६७), भिक्षुको टाइपिस्ट कथामा द्वन्द्वविधान, *समकालीन साहित्य,* भवानी भिक्षु शतवार्षिकी अङ्क, ६०(२), १३१-१३३ ।

भट्ट, भोजराज (२०५३), भिक्षुको साहित्यिक यात्रा र कथाकारिता, *गरिमा, १४*(१३), ३-८ ।

भट्टराई, गोविन्द (२०३८), कथायात्राका सन्दर्भमा कथाकार भिक्षुका प्रवृत्तिको सिंहावलोकन, *अरूणोदय, १८*(१), २६-३२ ।

भट्टराई, घटराज (२०४०), *प्रतिभै प्रतिभा र नेपाली साहित्य,* काठमाडौँः नेसनल रिसर्च एसोसियट्स ।

भट्टराई, घटराज (२०५१), *नेपाली साहित्यकार परिचय,* काठमाडौँः नेसनल रिसर्च एसोसिएट्स ।

भट्टराई, जयदेव (२०५४), *साहित्यकार परिचय र अभिव्यक्ति,* काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

भट्टराई, बदरीनाथ (२०१९), *नेपाली गद्यसङ्ग्रह* (पहिलो भाग), काठमाडौँः नेपाली भाषा प्रकाशिनी समिति ।

भट्टराई, बदरीनाथ (२०५१), *नेपाली साहित्य परिचय कोश,* काठमाडौँः नेसनल रिसर्च एसोसियट्स ।

भट्टराई, शरदचन्द्र शर्मा (सम्पा.), (२०५६), *छरिएका समीक्षा,* काठमाडौँः साझा प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद (२०४५), *मानसिक अन्तर्द्वन्द्व र कुण्ठा,* काठमाडौँः साझा प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद (२०५८), *फ्रायड र मनोविश्लेषण,* ललितपुरः साझा प्रकाशन ।

भण्डारी, गोपाल (२०५१), *भिक्षुका कथामा मनोविज्ञान* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भण्डारी, गोपाल (२०६१), *समालोचनाका केही बान्कीहरू,* काठमाडौँः साझा प्रकाशन ।

भण्डारी, गोपाल (२०६२), नेपाली औपन्यासिक क्षेत्रमा भवानी भिक्षु, *गरिमा,* २४(१), ३७-४४ ।

भाउपन्थी (सम्पा.), (२०६७), *भवानी भिक्षु : कृतित्व र व्यक्तित्व,* काठमाडौँः नेपाल प्रज्ञाप्रतिष्ठान ।

भिक्षु, भवानी (२०३२), *आवर्त* (दोस्रो संस्क.), काठमाडौँः साझा प्रकाशन ।

भिक्षु, भवानी (२०३४), *अवान्तर,* काठमाडौँः साझा प्रकाशन ।

भिक्षु, भवानी (२०५२), *गुनकेशरी* (चौथो संस्क)., काठमाडौँः साझा प्रकाशन ।

भिक्षु, भवानी (२०६३), *मैयाँसाहेब* (पाँचौँ संस्क.), काठमाडौँः साझा प्रकाशन ।

भिक्टर आफानास्येभ, (२०६७), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान* (राजेन्द्र मास्के, अनु.; दोस्रो संस्क.), काठमाडौँः विविध पुस्तक भण्डार । (मौलिक ग्रन्थ प्रकाशित मिति.सन् १९६३)

यात्री, पूर्णप्रकाश नेपाल (२०४९), कथाकार भवानी भिक्षु र त्यो फेरि फर्कला ? कथामाथि विहङ्गम दृष्टि, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ५९-७४ ।

यात्री, वासु रिमाल (२०४९क), *अठ्ठाइस कथा* (दोस्रो संस्क.), काठमाडौँः साझा प्रकाशन ।

यात्री, वासु रिमाल (२०४९ख), भवानी भिक्षुका केही कथा : एक चिन्तन, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), २०८-२११ ।

राकेश, रामदयाल (२०६७क), *नेपाली समालोचना,* काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

राकेश, रामदयाल (२०६७ख), भवानी भिक्षु, *समकालीन साहित्य,* भवानी भिक्षु शतवार्षिकी अङ्क ६०(२), ४४-४६ ।

रिमाल, डिल्लीराम (२०४९), मानवीय उच्च अहम्को द्वन्द्वको रूपमा हारजित, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), २५४-२५७ ।

रेग्मी, चूडामणि (२०४९), माऊजङ बाबुसाहेबको कोट कथाको छोटो विश्लेषण, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ३८-४२ ।

रेग्मी, चूडामणि (२०५७), *बाईस समालोचना,* झापाः जुही प्रकाशन ।

रेग्मी, मुरारीप्रसाद (२०३८), *मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना कथा खण्ड,* काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

रेग्मी, मुरारीप्रसाद (२०४९), माऊजङ बाबुसाहेबको कोट कथाको छोटो विश्लेषण, *उन्नयन,* भिक्षु विशेषाङ्क, (१०), ३८-४२ ।

रेग्मी, मुरारीप्रसाद (२०५३), *मनोविश्लेषणात्मक समालोचना समसामयिक कथा खण्ड,* ललितपुरः साझा प्रकाशन ।

रेग्मी, शिव (२०६७), भिक्षुको त्यो फेरि फर्कला ?, *समकालीन साहित्य,* भवानी भिक्षु शतवार्षिकी अङ्क ६०(२), ६९-७० ।

लोहनी, पुष्कर (२०४९), त्यो फेरि फर्कला ? यौनमूलक सफल कथा, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), १८७-२०४ ।

वाग्ले, चिरञ्जीवी (२०२६), मैयाँसाहेबका कथाकार, *मधुपर्क,* २(७), ४१-४६ ।

शर्मा, केदारप्रसाद र पौड्याल, राजेन्द्रप्रसाद (२०५४), *चौध नेपाली कथाकारका कथा,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीकृष्ण (२०४९), कथाको नौलो संयोजन : सुभद्रा बज्यै, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), १६६-१६९ ।

शर्मा, तारानाथ (२०३९), *नेपाली साहित्यको इतिहास* (दोस्रो संस्क.), काठमाडौँः सङ्कल्प प्रकाशन ।

शर्मा, तारानाथ (२०६७), साहित्यकार भिक्षुको योगदान, *समकालीन साहित्य,* भवानी भिक्षु शतवार्षिकी अङ्क ६०(२), २८-२९ ।

शर्मा, मोहनराज (२०४९), पाइपमा पात्र बुनोट : समकालीन समालोचना, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), २४१-२४९ ।

शर्मा, मोहनराज (२०५०), *कथाको विकास-प्रक्रिया* (दोस्रो संस्क.), काठमाडौँः साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, हरिप्रसाद (२०४९), कथाकार विश्वेश्वरप्रसाद कोइराला र भवानी भिक्षु, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ३१३-३१६ ।

शर्मा, हरिप्रसाद (२०५९), *कथाको सिद्धान्त र विवेचन,* काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रीवास्तव, रामजी र अन्य (सन् २००१), *आधुनिक असामान्य मनोविज्ञान* (दोस्रो संस्क.), दिल्लीः मोतीलाल बनारसीदास ।

श्रेष्ठ, चन्द्रमान (२०५९), रचना विधानका आधारमा टाइपिस्ट कथाको विश्लेषण, *कुञ्जिनी, १०*(७), ३९-४३ ।

श्रेष्ठ, दयाराम (२०३९), *पच्चीस वर्षका नेपाली कथा,* काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०३९), आधुनिक कथा : पाँच दशकको यात्रा, *गरिमा, १*(१), २७-४० ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०४०), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास* (दोस्रो संस्क.), ललितपुरः साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०४१), *नेपाली साहित्यका केही पृष्ठ,* ललितपुरः साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र आचार्य, व्रतराज (सम्पा), (२०५५), *नेपाली साहित्य सञ्चय* (भाग १), काठमाडौँः रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (सम्पा.), (२०६०), *नेपाली कथा* (भाग ४), ललितपुरः साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७०), *नेपाली कथा र कथाकार,* काठमाडौँः नेपाल प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन,* काठमाडौँः शिखा बुक्स ।

सत्याल, यज्ञराज (२०२९), *नेपाली साहित्यको भूमिका* (तेस्रो संस्क.), काठमाडौँः रत्नपुस्तक भण्डार ।

सिटौला, मोहन (२०४९), माऊजङ बाबुसाहेबको कोट, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), २९७-३१२ ।

सुवेदी, राजेन्द्र (२०४९), *स्रष्टा-सृष्टि द्रष्टा-दृष्टि,* ललितपुरः साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०४९), शाश्वत् यथार्थताको कथा भिक्षुको नयाँ इतिहासको प्रारम्भ, *उन्नयन,* भिक्षु विशेषाङ्क (१०), ३०-३२ ।

सुवेदी, राजेन्द्र (सम्पा.), (२०५१), *स्नातकोत्तर नेपाली कथा,* ललितपुर: साझा प्रकाशन ।

Ansbacher, H. R. & Ansbacher, R. (Eds.). (1956). *Individual psychology of Alfred Adler*. New York: Basic Books.

Freud, S. (1960). *The ego and the id* (Joan Riviere, trans.). New York: W.W. Norton & Company. (orginal work published 1923)

Freud, S. (2002). *Civilization and its discontents* (D. Mclintock, trans.). London: Penguin Books. (orginal work published 1930)

Freud, S. (2018). *The ego and id*. retrived September 8,2019, from http://ebookcentral.proquest.com/lib/jacob/

Jung, C. G. (1976). *Psychological types* (H. G. Baynes, trans.). New York: Princeton University Press. (orginal work published 1921)

Jung, C. G. (1980). *The archetypes and the collective unconscious* (R. F. C. Hull, trans.). New York: Princeton University Press. (orginal work published 1959)

Jung, C. G. (2009). *Essays on contemporary events* (R. F. C. Hull, trans.). New

Roth, G. & Wittich, C. (Eds.). (1978). *Economy and society.* Los Angeles: University of California Press.

Turner, J. H. (1995). *The structure of sociological theory*. Jaipur: Rawat Publications.

Turner, J. H. & Beeghley, L. (2012). *The emergence of sociological theory* (7th ed.). Los Angeles: Sage Publications.

Weber, M. (1946). *Essays in sociology* (H. H. Gerth, & C. W. Mills, , trans.). New York: Oxford University Press. (orginal work published 1949)

Weber, M. (1947). *The theory of social and economic organization* (A. M. Henderson, & T. Parsons, trans.). New York: Oxford University Press. (orginal work published 1920)